# नेपाल

# मानव अधिकार वर्ष पुस्तक २०१९



## मानव अधिकार संरक्षण र प्रवर्धनको अपेक्षा

# नेपाल मानव अधिकार वर्ष पुस्तक २०१९
## (नेपाली संस्करण)

**(२०७४ पुस १७ देखि २०७५ पुस १६ गतेसम्म अर्थात् सन् २०१८ भरिका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्य/तथ्याङ्क सङ्कलन)**


**प्रधान सम्पादक**
मदन पौडेल

**सम्पादन मण्डल**
गोविन्दप्रसाद त्रिपाठी
रमेशप्रसाद तिमल्सिना
गीता माली
राजेश मिश्र
अनुज के.सी.



इन्सेक
insec

मानव अधिकार र सामाजिक न्यायका निम्ति
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
नागार्जुन नपा-१०, स्यूचाटार
पत्र मञ्जुषा २७२६, काठमाडौं, नेपाल
फोन नं. ०१-५२१८७७०, फ्याक्स नं. ०१-५२१८२५१
e-mail: insec@insec.org.np
Web-site: www.insec.org.np; inseconline.org

# नेपाल मानव अधिकार वर्ष पुस्तक २०१९

**प्रकाशन मिति**
२०७५ फागुन ७ गते

**सङ्ख्या**
३ हजार प्रति

**प्रकाशक**
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

**सर्वाधिकार**
इन्सेकमा सुरक्षित

(यस पुस्तकमा प्रकाशित सामग्री इन्सेकको स्रोत उल्लेख गरी पुन:मुद्रण गर्न सकिनेछ।)

**फोटो**
यस पुस्तकमा प्रकाशन गरिएका केही फोटोहरू अन्य स्रोतबाट पनि लिइएको छ ।

**मूल्य**
रु. ६००।-

**आईएसबीएन** : ९७८-९९३७-९२३९-१-०

**मुद्रक**
ड्रिम ग्राफिक्स प्रेस
धापासी, काठमाडौँ

# विषय सूची


पृष्ठ सङ्ख्या

**भूमिका**

**परिच्छेदहरू**

| | | |
|---|---|---|
| परिच्छेद १ | सन् २०१८ को मानव अधिकार स्थिति : समग्र मूल्याङ्कन | १ |
| | सन् २०१८ : मानव अधिकार प्रतिविम्ब | २५ |
| परिच्छेद २ | राज्य र मानव अधिकार | |
| | २.१ न्यायपालिका | ३३ |
| | २.२ कार्यपालिका | ५१ |
| | २.३ व्यवस्थापिका | ६५ |
| परिच्छेद ३ | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | |
| | ३.१ आर्थिक, सामाजिक तथा सांस्कृतिक मापनमा : सङ्खुवासभाका सीमान्तकृत कुमाल | ८० |
| | ३.२ जातैजातको एउटा जात : सरबरियाको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्था | ९० |
| | ३.३ हात्तीपाइले : न निको हुन्छ न त सहज उपचार | ९९ |
| | ३.४ बालविवाह : बागलुङे देहातको पीडा | १०४ |
| | ३.५ राज्यले नदेखेका समुदाय : कपिलवस्तुका अल्पसङ्ख्यक पत्थरकट्टा र नटुवा | ११२ |
| | ३.६ लोपोन्मुख राउटे समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्था | ११९ |
| | ३.७ जारी छ तुइन साम्राज्य : ताङ्लोको शरणमा जिन्दगी | १२६ |
| **अनुसूचीहरू** | | |
| अनुसूची १ | सन् २०१८ र मानव अधिकार उल्लङ्घनका तथ्यहरू | |
| | १. प्रदेश १ | १३३ |
| | २. प्रदेश २ | १८७ |
| | ३. प्रदेश ३ | २३५ |
| | ४. गण्डकी प्रदेश | २८९ |
| | ५. प्रदेश ५ | ३२९ |
| | ६. कर्णाली प्रदेश | ३८१ |
| | ७. सुदूरपश्चिम प्रदेश | ४२५ |
| अनुसूची २ | मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्याङ्क २०१८ | ४६३ |
| अनुसूची ३ | सन् २०१८ को मानव अधिकार अवस्थाबारे राजनीतिक दलका धारणा | ४७३ |
| अनुसूची ४ | सन् २०१८ को मानव अधिकार अवस्थाबारे विभिन्न क्षेत्रको धारणा | ४८० |
| अनुसूची ५ | क्रिया/प्रतिक्रिया | ४८९ |
| अनुसूची ६ | नेपाल मानव अधिकार वर्ष पुस्तक २०१९ तयारीका क्रममा संलग्न व्यक्तिहरू | ५११ |

## हार्दिक आभार

**नेपाल मानव अधिकार वर्ष पुस्तक २०१९**
**तयार गर्ने क्रममा हामीलाई सहयोग गर्ने**

नर्वेजियन दूतावास

ब्रेड फर द वर्ल्ड (BFTW)

गर्भनेन्स फ्यासिलिटी (GF)

इन्सेकका जिल्ला प्रतिनिधि

राजनीतिक दल

आयोगहरू

मन्त्रालयहरू

सुरक्षा निकाय

पेसागत सङ्घसंस्थाहरू

तथा

अन्य सबैप्रति **आभारी छौँ।**

# जिल्लागत विषय सूची


**प्रदेश १**

१.१ ताप्लेजुङ १३५
१.२ सङ्खुवासभा १३८
१.३ सोलुखुम्बु १४१
१.४ ओखलढुङ्गा १४४
१.५ खोटाङ १४७
१.६ भोजपुर १५१
१.७ धनकुटा १५५
१.८ तेह्रथुम १५९
१.९ पाँचथर १६२
१.१० इलाम १६५
१.११ झापा १६९
१.१२ मोरङ १७३
१.१३ सुनसरी १७९
१.१४ उदयपुर १८३

**प्रदेश २**

२.१ सप्तरी १८९
२.२ सिरहा १९८
२.३ धनुषा २०४
२.४ महोत्तरी २११
२.५ सर्लाही २१६
२.६ रौतहट २२०
२.७ बारा २२४
२.८ पर्सा २२९

**प्रदेश ३**

३.१ दोलखा २३७
३.२ सिन्धुपाल्चोक २४०
३.३ रसुवा २४३
३.४ धादिङ २४६
३.५ नुवाकोट २५०
३.६ काठमाडौँ २५४
३.७ भक्तपुर २५९
३.८ ललितपुर २६३
३.९ काभ्रेपलाञ्चोक २६६
३.१० रामेछाप २७१
३.११ सिन्धुली २७७
३.१२ मकवानपुर २८१
३.१३ चितवन २८४

**गण्डकी प्रदेश**

४.१ गोरखा २९१
४.२ मनाङ २९५
४.३ मुस्ताङ २९७
४.४ म्याग्दी २९९
४.५ कास्की ३०२
४.६ लमजुङ ३०८
४.७ तनहुँ ३११
४.८ नवलपरासी पूर्व ३१५
४.९ स्याङ्जा ३१८
४.१० पर्वत ३२१
४.११ बागलुङ ३२५

**प्रदेश ५**

५.१ रूकुम पूर्व ३३१
५.२ रोल्पा ३३४
५.३ प्यूठान ३३८
५.४ गुल्मी ३४२
५.५ अर्घाखाँची ३४५
५.६ पाल्पा ३४८
५.७ नवलपरासी पश्चिम ३५१
५.८ रूपन्देही ३५५
५.९ कपिलवस्तु ३६१
५.१० दाङ ३६६
५.११ बाँके ३७१
५.१२ बर्दिया ३७६

**कर्णाली प्रदेश**

६.१ डोल्पा ३८३
६.२ मुगु ३८६
६.३ हुम्ला ३९०
६.४ जुम्ला ३९४
६.५ कालीकोट ३९९
६.६ दैलेख ४०३
६.७ जाजरकोट ४०८
६.८ रूकुम पश्चिम ४१२
६.९ सल्यान ४१६
६.१० सुर्खेत ४२०

**सुदूरपश्चिम प्रदेश**

७.१ बाजुरा ४२७
७.२ बझाङ ४३०
७.३ दार्चुला ४३३
७.४ बैतडी ४३७
७.५ डडेल्धुरा ४४१
७.६ डोटी ४४४
७.७ अछाम ४४८
७.८ कैलाली ४५२
७.९ कञ्चनपुर ४५६

# अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सन् १९८८ देखि मानव अधिकार तथा सामाजिक न्यायका लागि कार्यरत छ। सात प्रदेश कार्यालय तथा ७७ जिल्लाका प्रतिनिधिहरू मार्फत् इन्सेकका नियमित कार्यक्रम तथा परियोजनाहरू सञ्चालन भइरहेका छन्। मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई अध्ययन/अनुगमन गर्नका लागि यसले देशका सतहत्तरै जिल्लामा प्रतिनिधिहरूको व्यवस्था गरेको छ।

**कार्यकारी निर्देशक तथा निम्नलिखित कार्यक्रमहरूमार्फत इन्सेकको दैनन्दिन कार्य सम्पादन गरिन्छ ।**

**मानव अधिकार प्रलेख तथा प्रसार कार्यक्रम**

यस विभाग अन्तर्गत मानव अधिकार उल्लङ्घन/ज्यादतीसम्बन्धी घटनाहरूको अनुगमन, अध्ययन, अनुसन्धान र प्रलेखीकरण तथा स्थलगत अध्ययनमा आधारित प्रतिवेदन प्रकाशन गर्ने गरिन्छ। *त्रैमासिक स्थितिसूचक, नेपाल मानव अधिकार वर्षपुस्तक, प्राची, इन्फर्मल*लगायतका प्रकाशन यही कार्यक्रमअन्तर्गत गरिँदै आएको छ। यसै कार्यक्रम अन्तर्गत *इन्सेक अनलाइन* कार्यक्रम पनि सञ्चालन गरिँदै आएको छ। पीडितहरूलाई तात्कालिक राहत सहयोग गर्न पहल गर्ने, अर्जेन्ट अपिल जारी गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकार र सरोकारवाला सङ्घ-संस्थासँग समेत समन्वय कायम गर्नेलगायतका काम यस कार्यक्रममार्फत् हुँदै आएको छ।

**मानव अधिकार शिक्षा कार्यक्रम**

यस कार्यक्रमअन्तर्गत इन्सेकले स्थानीय मानव अधिकार संस्थाहरूसँगको सहकार्यमा मानव अधिकार शिक्षाको प्रचार प्रसार गरिँदै आएको छ। संचेतनामार्फत ग्रामीण क्षेत्रमा जागरण फैलाउन यस कार्यक्रममार्फत मानव अधिकारसम्बन्धी तालिम, समूह परिचालन, सरोकारवालाहरूसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम सञ्चालन गरिँदै आएको छ। यस कार्यक्रम अन्तर्गत मानव अधिकारसम्बन्धी पुस्तक तथा तालिम सामग्री पनि प्रकाशन तथा वितरण हुँदै आएको छ। त्यसैगरी विभिन्न सरकारी विद्यालयहरूमा बाल अधिकार सचेतना समूह गठन गरी बाल अधिकारको विषयमा सचेतना तथा बालबालिकाको व्यक्तित्व विकाससम्बन्धी क्रियाकलापहरू यस कार्यक्रमअन्तर्गत सञ्चालन भइरहेका छन्।

**मानव अधिकार शिक्षा रेडियो कार्यक्रम**

मानव अधिकारका विषयमा रेडियो नेपाल तथा स्थानीय एफएमहरूबाट सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको छ। समसामयिक मानव अधिकारका विषयवस्तुहरूलाई साप्ताहिक रूपमा यो कार्यक्रममार्फत् प्रशारण गरिँदै आएको छ। यस कार्यक्रम अन्तर्गत रेडियो श्रोता क्लबसँग समन्वय गरी स्थानीय स्तरमा मानव अधिकारसम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गरिन्छ।

**मानव अधिकार अभियान तथा पैरवी कार्यक्रम**

राज्यलाई अन्तर्राष्ट्रिय मानव अधिकार तथा मानवीय कानुनका आधारमा नीति-नियम बनाउन र सीमान्तकृत समुदायका अधिकार पहिचान गराउन दबावका लागि सिर्जना गर्नु यो कार्यक्रमको प्रमुख उद्देश्य रहेको छ। कानुन पुनरावलोकन, मानव अधिकार सन्धि अनुगमन र मानव अधिकार अभियान कार्यक्रमको सञ्चालन पनि यही कार्यक्रमद्वारा हुँदै आएको छ।

**व्यवस्थापन कार्यक्रम**

यस कार्यक्रम अन्तर्गत इन्सेकको सम्पूर्ण प्रशासन तथा अर्थ व्यवस्थापन पर्दछ। यस कार्यक्रमले मानव संशाधन व्यवस्थापन अन्तर्गत कर्मचारीको वृत्ति विकासका सम्बन्धमा पनि काम गर्दै आएको छ। इन्सेकको संस्थागत योजना, अनुगमन र मूल्याङ्कन गर्ने काम पनि यस विभाग अन्तर्गत हुँदै आएको छ। इन्सेकको वार्षिक प्रतिवेदन, *इन्सेक अभियान*जस्ता नियमित प्रकाशनको व्यवस्थापन पनि यही कार्यक्रम अन्तर्गत हुँदै आएको छ। संस्थाको सूचना व्यवस्थापन गर्ने कार्य अन्तर्गत पुस्तकालय तथा सूचना प्रविधिसम्बन्धी शाखाहरू पनि यस कार्यक्रम अन्तर्गत रहेका छन्।


**२०७३ जेठ २९ गते सम्पन्न साधारण सभाले तीन वर्षका लागि चयन गरेको कार्यसमिति**

**अध्यक्ष** – डा. इन्दिरा श्रेष्ठ

**महासचिव** - रमेशचन्द्र पौडेल

**कोषाध्यक्ष** - गीता बराल

**सदस्यहरू**

- रघुनाथ अधिकारी
- रुद्रबहादुर चर्मकार
- विद्या यादव

**निवर्तमान अध्यक्ष**

- सुबोधराज प्याकुरेल


**इन्सेक कार्यालयहरू :**

- **प्रदेश १ कार्यालय,** जनपथ टोल, विराटनगर, फोन नं. ०२१-४७१०२५, ४७११२७
- **प्रदेश २ कार्यालय,** जनकपुरधाम उपमहानगरपालिका-८, पिडारी चोक, धनुषा
- **प्रदेश ३ कार्यालय,** नागार्जुन नपा-१०, स्यूचाटार, काठमाडौं, फोन नं. ०१- ५२१८७७०
- **गण्डकी प्रदेश कार्यालय,** जनप्रिय मार्ग, पोखरा, फोन नं. ०६१- ४६५५१२
- **प्रदेश ५ कार्यालय,** नेसनल ट्रेडिङ रोड, नेपालगञ्ज, फोन नं. ०८१- ५२४५०४, ५२२०६८
- **कर्णाली प्रदेश कार्यालय,** बीरेन्द्रनगर नगरपालिका-७, इत्राम, सुर्खेत, फोन नं. ०८३-५२१४८९
- **सुदूरपश्चिम प्रदेश कार्यालय,** उत्तरबेहडी, धनगढी, फोन नं. ०९१- ५२२५७६, ५२१४४६

# राजनीतिक स्थिरताको वर्ष

इन्सेकले नेपालको मानव अधिकार अवस्थाको अभिलेख गर्न सुरु गरेको २७ वर्ष पूरा भएको छ। २०४६ सालमा पुनर्स्थापना भएको प्रजातन्त्रसँगै सामाजिक न्याय र मानव अधिकार प्राप्तिका सन्दर्भमा आफ्नो अभियान थालेको इन्सेकले २०४९ सालदेखि मानव अधिकारबारे अभिलेख राख्न सुरु गरेको थियो। बितेका २७ वर्षमा नेपालमा राजनीतिक तथा सामाजिक परिवर्तनका सन्दर्भमा उल्लेख्य काम भए। यी सबै परिवर्तनका दस्तावेजको सङ्ग्रह इन्सेकले नेपाल मानव अधिकार वर्ष पुस्तकमार्फत गर्दै आएको छ। इन्सेकले गरेको अभिलेख सशस्त्र द्वन्द्वपीडितको न्याय र परिपूरणका लागि, जनआन्दोलनका घाइते तथा गिरफ्तार र यातनापीडितका लागि राहत प्राप्त गर्ने माध्यममात्रै बनेनन्, सशस्त्र द्वन्द्वको औपचारिक समाप्तिका १२ वर्षपछिसम्म पनि यससम्बन्धी खोज तथा अनुसन्धान गर्नेका लागि भरपर्दो सन्दर्भ सामग्रीका रूपमा तयार भए। अरु कैयौँ वर्ष यही अवस्था कायम रहने विश्वास हामीले लिएका छौँ।

इन्सेकमा अभिलेखित तथ्य तथ्याङ्का आधारमा भन्नुपर्दा सन् २०१८ मा राज्यपक्ष तथा अन्यपक्षबाट हुने मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा केही कमी आएको देखिए पनि महिलामाथि हुने हिंसा त्यसमध्ये पनि बलात्कारका घटना अघिल्लो वर्षको तुलनामा बढी भए। गत वर्ष ७ सय हाराहारीमा अभिलेख गरिएको बलात्कारका घटनाको सङ्ख्या यस वर्ष १ हजार ४ सयभन्दा बढी छ। अझ चिन्ताको विषय बालिकामाथि हुने बलात्कारका घटना पनि बढे। जसको विस्तृत जिल्ला विवरणमा पढ्न सकिन्छ।

महिलामाथि हुने घरेलु हिंसाका विभत्स घटना अभिलेखन भए। पत्नीको टाउकोमै भात घोप्ट्याइदिने, पन्युँ गाडिदिएर ज्यानै लिएका घटना बाहिर आए। परिवारकै सदस्यबाट मारिने महिला सय नाघे। भनेजति दाइजो नल्याएको आरोपमा महिलाको हत्या तथा कुटपिट भएका घटना पनि उत्तिकै रहे। विगत केही वर्षदेखि भइरहेका इज्जतका नाममा महिलाको हत्या गर्ने घटना यस वर्ष पनि दोहोरियो।

नेपालका कारागारमा क्षमताभन्दा बढी कैदी/बन्दी राखिने समस्या यस वर्ष पनि दोहोरिए। २५ जना राख्न बनाइएको कारागारमा २ सय ३९ जना राखिएको, ३३ कैदी/बन्दीले एउटै शौचालयमा प्रयोग गर्नुपर्नेजस्ता बाध्यता त्यहाँ देखियो। कारागारका नयाँ भवन बनाउने, सुविधा थप्ने विषय चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजनामा समेटिएको भए पनि यसतर्फ खासै प्रगति भएको पाइएन।

वर्षको सुरुमै अदालतमा दर्ता भएका सामान्य कुटपिट, बहुविवाह आदिका मुद्दा पनि वर्षको अन्तिमसम्म टुङ्गो लागेनन्। विद्यार्थी कुट्ने शिक्षकलाई कारबाही गर्ने आदेश दिनसमेत प्रशासनले एक वर्षसम्म भ्याएन। ढिलो न्याय दिनु न्याय नदिनु जस्तै हो भन्ने मान्यतामा विश्वास गर्ने हो भने यस्ता पीडितले न्याय पाएनन् भन्न कुनै हिच्किचाहट हुँदैन। 'सत्य, सेवा सुरक्षा' प्रहरीसँग नङ र मासुको सम्बन्ध राख्ने तीन शब्दको वाक्यांश हो। तर सामान्य चोरीको आरोपमा पक्राउ परेकालाई पनि चर्को कुटपिट गर्ने र यातना दिने कार्यले यही वाक्यांशको बेइज्जती गर्‍यो।

मुलुक तीनै तहको निर्वाचन भई राजनीतिक स्थायित्वको चरणमा प्रवेश गरेको छ। मौलिक हकहरू कार्यान्वयनका लागि १८ ओटा ऐन निर्माण भइसकेका छन्। संविधानले निर्देश गरेअनुसारका विभिन्न आयोग गठन प्रक्रियामा छन्। महासन्धिका प्रावधानहरूलाई सम्बोधन गर्नेगरी संविधान तथा कानुनमा मानव अधिकारका विषयलाई विशेष स्थान दिइएको छ। प्रहरीलाई प्रदान गरिने सबै आधारभूत तथा सेवाकालीन तालिमहरूमा मानव अधिकारको विषय समावेश गरिएको छ। सेनामा सकल दर्जालाई अन्तर्राष्ट्रिय मानवीय कानुन र मानव अधिकारसम्बन्धी प्रशिक्षण दिइँदै आएको छ।

प्रदेश तथा स्थानीय सरकारहरूले बनाउने कानुन मानव अधिकारमैत्री बनाउने तथा दण्डहीनता उन्मूलन गरी भएका कानुनी व्यवस्थाको कार्यान्वयन प्रभावकारी बनाउने काम भने बाँकी छन्। छिटपुट कमजोरी

सच्याउँदै संविधानको भावना र प्रावधानमात्र पछ्याउने हो भने पनि नेपालीको मानव अधिकार दबाब, अभाव र प्रभावबाट मुक्त हुने दिन टाढा देखिँदैन। अपेक्षा कार्यान्वयनको मात्र हो।

यस वर्षको मानव अधिकार अवस्थाको साङ्गोपाङ्गो विश्लेषण गरिएको नेपाल मानव अधिकार वर्ष पुस्तक २०१९ यहाँहरूको हातमा छ। यस पुस्तक तयार गर्ने क्रममा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको प्राथमिक सूचना अभिलेख गर्ने ७७ ओटै जिल्लाका प्रतिनिधि, पुस्तकलाई प्रकाशन चरणसम्म पुऱ्याउने वर्ष पुस्तक टोली, इन्सेकका अन्य कर्मचारी तथा यो पुस्तकलाई ओजिलो बनाउन योगदान गर्ने राजनीतिक दल, प्रशासन, न्यायालय, प्रहरी, नेपाली सेना अनि नागरिक समाजका अगुवाहरूको भूमिका सराहनीय छ। नेपालको मानव अधिकार अभिलेखको पुनित कार्यमा हामीलाई सन् १९९२ देखि सघाउने नर्वेजियन दूतावास, इन्सेकको संस्थागत परियोजनामा सहयोग पुऱ्याउने Bread for the world, गभर्नेन्स फ्यासिलिटी तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय सहयोगी दाताहरू धन्यवादका पात्र छन्। अन्त्यमा मानव अधिकार अभिलेख तथा विश्लेषणमा हामीलाई सघाउने सम्पूर्णप्रति आभार व्यक्त गर्न चाहान्छु।

**डा. इन्दिरा श्रेष्ठ**
अध्यक्ष

२०७५ फागुन ७

परिच्छेद

# सन् २०१८ को मानव अधिकार स्थिति : समग्र मूल्याङ्कन
# मानव अधिकार संरक्षण र प्रवर्धनको अपेक्षा

१

**परिचय**

नेपाल मानव अधिकार वर्ष पुस्तकको २७ औँ संस्करण प्रकाशन गरेका छौँ । मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्य–तथ्याङ्कलगायत कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाले मानव अधिकारको संरक्षण र संवर्द्धनमा खेलेको भूमिका यसपुस्तकमा समावेश छ । प्रकाशित सामग्रीले मानव अधिकारको सूक्ष्म विश्लेषण गर्न सघाउ पुऱ्याउने हामीले अपेक्षा गरेका छौँ। इन्सेकका ७७ जिल्लामा रहेका प्रतिनिधि यस पुस्तकका त्यस्ता आधारस्रोत हुन् जसले यो दस्तावेजलाई प्रत्येक वर्ष थप विश्वसनीय, थप खोजमूलक र थप सङ्ग्रहणीय बनाउँदै आएका छन्।

इन्सेक प्रतिनिधि मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाको थलोमै पुगेर प्राथमिक सूचना त सङ्कलन गर्छन् नै, त्यसपछि घटनाको पुष्टि तथा पुनर्पुष्टिका लागि प्रहरी, स्थानीय प्रशासन, राजनीतिक दल, मानव अधिकारकर्मी तथा सम्बन्धित सङ्घ/संस्थासँग समन्वय र सहकार्य पनि गर्छन्। साते प्रदेशमा स्थापना गरिएका कार्यालयको डाटाबेसमा तथ्य–तथ्याङ्क समाविष्ट गरिन्छ। अर्धवार्षिक सम्पादन भेलाबाट घटनाका अपुग पक्ष केलाइन्छ भने वर्षको अन्तिममा हुने सम्पादन भेलाबाट घटनाहरूलाई अन्तिम रूप दिइन्छ । मानव अधिकार उल्लङ्घनका घटना एउटा पनि नछुटोस् तर निर्दोष एकजना पनि नमुछियोस् भन्नेप्रति गम्भीर हेक्का राखिन्छ। त्यसैले यी विभिन्न चरण पार गर्दै प्रकाशन हुने नेपाल मानव अधिकार वर्ष पुस्तकले प्रचलित अभिलेखीकरण प्रक्रियामार्फत देशको समग्र मानव अधिकार अवस्था उजागर गर्छ।

सन् १९९२ देखि हरेक वर्ष प्रकाशन हुने नेपाल मानव अधिकार वर्ष पुस्तक २०१९ यसको २७ औँ संस्करण हो। नेपालमा सन् १९९० पछि सुरु भएको प्रजातान्त्रिक अभ्यासका क्रममा इन्सेकले प्रजातन्त्र, मानव अधिकार र विधिको शासनप्रति समर्पित रहनेमात्र हैन, यसको सुदृढीकरणमा योगदान पनि पुऱ्याउँदै आएको छ । यो अवधिका राजनीतिक घटनाक्रम नियाल्दा प्रजातान्त्रिक सरकार गठन, माओवादी सशस्त्र द्वन्द्वका १० वर्ष र पुनर्स्थापित प्रजातन्त्रका ११ वर्षे अवधिमा इन्सेकले आफूलाई एक सशक्त मानव अधिकार पहरेदारका रूपमा उभ्याउन सफल भएको छ। सन् १९९२ देखि हामीले विभिन्न कालखण्डमा उठाउँदै आएका मानव अधिकारका सर्वव्यापी सिद्धान्तअनुरूप राज्यले गर्ने व्यवहार र आमनागरिकले प्राप्त गर्ने मानव अधिकारका विषयवस्तुले नै प्राथमिकता पाइरहेका छन् । यिनै विषयवस्तुको निरन्तरताको क्रम यस वर्ष पनि जारी रह्यो।

यो दस्तावेजले हरेक वर्ष विभिन्न निकायले मानव अधिकारका क्षेत्रमा निर्वाह गरेका भूमिका जस्ताको तस्तै पस्कने गर्छ । नेपाल मानव अधिकार वर्ष पुस्तक २०१९ ले पनि बितेको वर्ष अर्थात सन् २०१८ मा कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाले मानव अधिकार संरक्षण र संवर्द्धनमा देखाएका चासो तथा भूमिकाको विश्लेषणात्मक प्रस्तुति समेटेको छ। त्यसबाहेक सातैओटा प्रदेशको प्रतिनिधित्व हुनेगरी आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी आलेखले यो वर्ष पनि निरन्तरता पाएका छन्। जिल्लागत घटनाको प्रवृत्ति र सङ्ख्या समावेश छ । वर्ष पुस्तक एकोहोरो संवादमा विश्वास गर्दैन। त्यसैले यसले प्रतिक्रिया र धारणालाई पनि उत्तिकै महत्त्व दिने गर्छ । त्यसैले दस्तावेजले समेटेका यी र यस्तै सामग्री अनि तथ्याङ्क नेपालको मानव अधिकार अवस्था झल्काउने दर्पणका रूपमा आमजनमानसले स्वीकार गर्ने अपेक्षा गरिएको छ।

**सन् २०१८ र मानव अधिकारका मूलभूत विषय**

नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को सरकार गठन भएको एक वर्ष पूरा हुन लागेको छ। जसलाई नेपालको लोकतान्त्रिक इतिहासमै सबै भन्दा बलियो सरकारका रूपमा अर्थ्याइँदै आएको छ। यो सरकारले 'समृद्ध नेपाल : सुखी नेपाली' को नारा अघि सारेको छ भने नीति तथा कार्यक्रम, बजेट आदि पनि यही नाराको वरिपरि घुमेका दाबी सरकारी पक्षको रहँदै आएको छ। संविधानसभाद्वारा निर्मित

नेपालको संविधान, २०७२ ले व्यवस्था गरेअनुरूप गत वर्ष तीनै तहको निर्वाचन सम्पन्न भयो । त्यसैले सन् २०१८ लाई सङ्घीयताको नौलो अभ्यास सुरु भएको वर्षका रूपमा लिन सकिन्छ । आम कौतुहलताबीच सुरु भएको सङ्घीय अभ्यासबारे मीठामात्र हैन, केही तीता अनुभव पनि सतहमा देखिए । अधिकारको खिचलो, दोहोरो कर, मनपरि सुविधाभोग जस्ता विषयले पनि प्राथमिकता पाए । त्यसैगरी सङ्घीय सरकारले प्रदेश सरकारको अधिकार कटौती गरेको, प्रदेश सरकारहरूको सङ्घीय सरकारसँग अधिकार तथा अन्य मामलामा विवाद भएको, स्थानीय तहले आफूअनुकूल कानुन निर्माण नभएको र अधिकार नदिइएको जस्ता गुनासो गर्न थालेका जस्ता विषय पनि सतहमा आए ।

सानो सरकार, मितव्ययी व्यवहार, सही व्यक्ति सही पद, भ्रष्टाचारप्रति शून्य सहनशीलता, ढिलासुस्तीप्रति कठोर नीति, सुशासन तथा पारदर्शिता जस्ता विषयलाई प्राथमिकतामा राख्ने उद्घोष सरकारले गरेको थियो । गठन भएलगत्तै यातायात क्षेत्रको सिन्डिकेट हटाउन गरेको प्रयत्नले सरकारको लोकप्रियता ह्वात्तै वृद्धि भएको थियो । सर्वोच्च अदालतको आदेश र अन्य कैयौँ ऐनविपरीत यातायात क्षेत्रमा कायम सिन्डिकेट, यही कारण यातायात व्यवसायीको मनपरी, बढ्दो सवारी दुर्घटना, थोत्रा गाडीमा चढ्नुपर्ने बाध्यता भोगेका नेपाली जनताले यो सरकारी निर्णयको स्वागत गरे । सरकारी निर्णयको अवज्ञा गर्दै यातायात बन्दको घोषणा गरेका यातायात व्यवसायीलाई अत्यावश्यक ऐनअन्तर्गत गिरफ्तारसमेत गरियो । सरकारको यो कदमलाई नेपाली जनता र सञ्चार माध्यमले सहर्ष स्वीकार गरे । विडम्बना, त्यो खुसी दीर्घ हुन सकेन । उल्टै व्यवसायीसँग सरकारले सम्झौता गर्दा सरकारसँग जनताको अपेक्षामा ठेस पुग्यो ।

सरकारी विकास बजेट खर्च नहुने, विकास निर्माणका काम ठेक्का लिने तर ठेक्काको प्रारम्भिक रकम लिएपछि बेपत्ता हुने, निर्माण काम वर्षौं अलपत्र पार्ने कार्यले यस वर्ष पनि निरन्तरता पायो । सरकारले यस्ता हर्कतविरुद्ध कठोर हुने सङ्केत केही निर्माण व्यवसायीलाई कानुनी दायरामा ल्याउने प्रयासबाट गरेको थियो । देशभरका विकास निर्माण कार्य र त्यसमा संलग्न निर्माण व्यवसायीको सूची तयार पार्न गृह मन्त्रालयले मातहतका जिल्ला प्रशासन कार्यालयहरूमा पत्राचार पनि गऱ्यो । केही निर्माण व्यवसायीलाई पक्राउसमेत गरी उनीहरूबाट समयमै निर्माण सम्पन्न गर्ने प्रतिबद्धतापछि रिहा गऱ्यो । ठेकेदारप्रति सहानुभूति राख्दै यस्तो गिरफ्तारीलाई गैरकानुनी भन्नेहरू पनि निकै निस्के । तर विकास निर्माणमा भइरहेको ढिलासुस्तीबाट आजित भएका नेपालीले सरकारको यो कार्यको समर्थन नै गरे । तर यो सुरुवाती प्रक्रिया पनि अवरुद्ध भयो । जससँगै जनतामा देखिएको आशाले निराशाको रूप धारण गऱ्यो ।

नेपाली र चिनियाँ अधिकारीबीच २०७५ भदौ ११ गते भएको पारबहन सम्झौताको कार्यविधि (प्रोटोकल) मा हस्ताक्षरले नेपाललाई अन्तर्राष्ट्रिय व्यापारका लागि चिनियाँ बन्दरगाह प्रयोग गर्ने अधिकार सुनिश्चित गऱ्यो ।

सरकारले सुरु गरेको सामाजिक सुरक्षा योजनाले श्रमिकहरूको औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा, दुर्घटना तथा अशक्तता सुरक्षाजस्ता विषय समेटेको छ जसले तल्लो तहका श्रमिकको जीवनमा दूरगामी असर पार्नेछ ।


निर्वाचनका बेला जारी घोषणापत्रमा उल्लिखित कामहरू पूरा गर्ने सम्बन्धमा खासै काम हुन नसक्दा जनतामा असन्तुष्टि बढ्नु स्वाभाविक हो । यही असन्तुष्टिका आधारमा व्यक्त प्रतिक्रियालाई सरकारी नजरबाट षड्यन्त्र देख्ने काम भयो । कञ्चनपुरकी बालिका निर्मला पन्तको बलात्कारपछि हत्या प्रकरणको अनुसन्धानमा देखिएको लापरबाही होस् वा इन्काउन्टरका नाममा मानिस मारिनु जस्ता कार्य सरकारलाई अलोकप्रिय बनाउन पर्याप्त भए । नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपतिको विदेश भ्रमणमा रोक, राष्ट्रिय ट्रमा सेन्टरका चिकित्सकमाथि गरिएको धरपकड, पूर्वमाओवादी बालसैन्य लेनिन बिष्टको विदेश भ्रमणमा रोक तथा राजधानीका विभिन्न ठाउँमा निषेधाज्ञा जारी गर्ने सरकारको निर्णय आलोचनाका विषय बने ।


### सन् २०१८ र मानव अधिकारका सवाल

**सङ्क्रमणकालीन न्याय**

गत वर्षको मन्त्रिपरिषद् बैठकले एक वर्षका लागि थप गरेको सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको समयावधि यही माघ २७ गते सकियो । आयोगहरूको जिम्मेवारी द्वन्द्वपीडितका उजुरीउपर


# हत्या





मानव अधिकारमध्ये सबैभन्दा ठूलो अधिकार जीवनको अधिकार हो। तर विभिन्न बहानामा मानिसहरूको हत्या हुने गरेको छ। राज्यपक्षबाट हुने हत्याका घटनामा गत वर्ष भन्दा कमी आएको भए पनि यस वर्ष मुठभेडका नाममा पाँचजनाको हत्या भयो भने एकजनाको प्रदर्शनका क्रममा प्रहरीको गोली लागेर मृत्यु भयो। कथित मुठभेडका नाममा नागरिकको हत्या हुनु पक्कै सुखद कुरा होइन। कानुनले आत्मरक्षाका लागि गोली चलाउने अधिकार प्रहरीलाई दिएको छ। तर, यस वर्ष भएका मुठभेडका घटना शंकास्पद रहे। प्रहरीले यससम्बन्धमा चित्त बुझ्दो जवाफ दिन सकेन। यस वर्ष अन्यपक्षबाट ३ सय २२ जनाको हत्या भएको इन्सेकमा अभिलेख भयो।

# घाइते









शारीरिक रूपमा घाइते हुनका लागि अन्य कुनै न कुनै घटना कारण बन्छ। शरीरमा घाउचोट लाग्नका लागि घटनास्थल वरिपरी मानिस स्वयम् उपस्थित हुन्छ। बम विष्फोट, गोली लागेर, दोहोरो झडप, कुटपिटलगायतका कारण मानिस घाइते हुन्छन्। सन् २०१८ मा देशभरका १ सय २ जना घाइते भएका घटना इन्सेकमा अभिलेख भयो। दोहोरो झडप, प्रहरीको गोली लागेर घाइते भएकाहरूको उपचार सरकारले निःशुल्क गर्ने भनिए पनि उपचार खर्च लिने प्रक्रिया झञ्झटिलो भएको पीडितहरूले गुनासो गरे। कञ्चनपुरमा प्रहरीको गोली लागेर घाइते भएका अर्जुन भण्डारीको दायाँ गोडा नै काट्नु पर्‍यो। (कञ्चनपुर जिल्लाको विवरण हेर्नुहोस्।)

# सन् २०१८ मा घटना अनुसार पीडित संख्या

| | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| अपहरण | | | | १४ | १४ | २८ | २८ |
| गिरफ्तारी | २ | १०० | १०२ | | | | १०२ |
| कुटपिट | १३ | ६६ | ७९ | ३३ | १२० | १५३ | २३२ |
| बाल अधिकार | | | | ११६२ | ८६ | १२४८ | १२४८ |
| हिरासतमा वा थुनामा मृत्यु | | २ | २ | | | | २ |
| जेलमा मृत्यु | | ४ | ४ | | | | ४ |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | | | | ३ | ७ | १० | १० |
| अमानवीय व्यवहार | १ | ४ | ५ | ६ | २५ | ३१ | ३६ |
| घाइते | ६ | २० | २६ | १९ | ५७ | ७६ | १०२ |
| हत्या | | ६ | ६ | १७३ | १४९ | ३२२ | ३२८ |
| जातीय विभेद | | | | २८ | ३४ | ६२ | ६२ |
| अभिव्यक्ति, भेला तथा संगठित हुने अधिकार | १३ | ६४ | ७७ | | | | ७७ |
| धम्की | | २ | २ | ४ | ३० | ३४ | ३६ |
| यातना | १ | १८ | १९ | | | | १९ |
| महिला अधिकार | | | | २८२४ | | २८२४ | २८२४ |
| कुल जम्मा | ३६ | २८६ | ३२२ | ४२६६ | ५२२ | ४७८८ | ५११० |


# अभिव्यक्ति, भेला तथा संगठित हुने अधिकार





नेपालको संविधानमा अभिव्यक्ति स्वतन्त्रताको हकको सुनिश्चितता गरिएको छ । यसका बाबजुद यस वर्ष सरकारले काठमाडौँका केही ठाउँमा धर्ना, जुलुस तथा आमसभा गर्न नपाइने भनी निषेधाज्ञा जारी गर्‍यो । सरकारका मन्त्रीहरूले सो विषयमा धारणा सार्वजनिक गर्दै भेला, जुलुस कुनै एक ठाउँमा होस् जसका कारण सवारी साधनको आवागमनमा बाधा नपुगोस् भन्ने चाहेको बताएको भए पनि सर्वोच्च अदालतले सो प्रकरणमा सरकारको निर्णय उल्ट्याइदियो । अभिव्यक्ति भेला तथा सङ्गठित हुने अधिकारका घटनामा यस वर्ष ७७ जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो ।

# कुटपिट




हतियार प्रयोग गरी वा नगरी पनि एकले अर्कालाई कुटपिट गरेका घटना सार्वजनिक भइरहेका हुन्छन् । व्यक्तिगत कुटपिटका घटना त हाम्रो समाजमा दिनहुँजसो भइरहेका हुन्छन् । तर, मानव अधिकार रक्षकमाथि गरिएका कुटपिटका घटनामा सन् २०१८ मा ५१ जना पीडित भए । कुटपिटका कारण सामान्य घाइते हुने तथा अङ्गभङ्ग हुनेसम्मका घटना अभिलेख गरिएको छ । मानिसमा तत्काल आउने रिस र आवेगलाई नियन्त्रण गर्न नसक्दा कुटपिटका घटना हुन्छन् । एकले अर्काको कुरा राम्रोसँग सुन्ने गरे यस्ता घटनामा कमी आउँछ । इन्सेकमा अभिलेख भएका यस्ता घटनामा मेलमिलाप गरेर टुङ्ग्याइएको पाइयो ।

छानबिन गरी सत्य निरूपण गर्ने, दोषी पहिचान गरी कारबाहीका लागि सिफारिस गर्ने, पीडितको सुरक्षा तथा परिपूरणको व्यवस्था गर्नेलगायत थियो । तर, यी दुई आयोगका थपिएकोसमेत गरी चार वर्षे म्याद पीडितका उजुरी सङ्कलनमै बित्यो ।

तत्कालीन विद्रोही पार्टी नै सरकारमा भएका बेला न्याय तथा परिपूरणका सवालले खासै महत्त्व पाउँदैनन् कि भन्ने त्रास द्वन्द्वपीडित, अधिकारकर्मी र नागरिक समाजमा कायम रह्यो । म्याद सकिन लागेका आयोगमा परेका उजुरीउपर न्याय हुने कुरामा विश्वस्त हुन सकिएन । आयोगले सङ्कलन गरेका उजुरी र निवेदन त्यसै खेर जान्छ वा अन्य कुनै निकायलाई बुझाइन्छ भन्ने जस्ता प्रश्न सरोकारवालाबाट व्यक्त भइरहे ।

शान्ति सम्झौताको अभिन्न पाटोका रूपमा रहेको सङ्क्रमणकालीन न्यायको निरूपण पीडितलाई केन्द्रमा राखेर मात्रै हुनसक्छ भन्ने विषय विगतदेखिकै सरकारले नजरअन्दाज गरेजस्तो देखियो । पीडितमुखी ऐन कानुन बनाउन, न्याय निरूपणको संयन्त्रमा पीडितलाई केन्द्रमा राख्न मानव अधिकार संस्थालगायतले सरकारलाई गरेको पटक पटकको आग्रहलाई सरकारले बेवास्ता गरिरह्यो । सर्वोच्च अदालतको परमादेश विपरीत तयार पारिएका सङ्क्रमणकालीन ऐन र ऐनमा गरिएको व्यवस्था अनुसार गठन भएका संयन्त्रप्रति पीडितले कहिल्यै पनि सकारात्मक धारणा बनाएनन् ।

सरकारले गणतन्त्र दिवसका अवसरमा कर्तव्य ज्यान मुद्दामा कारागारमा रहेका तत्कालीन नेकपा माओवादीका नेता बालकृष्ण ढुङ्गेलको सजाय माफी गऱ्यो । ओखलढुङ्गाका उज्जनकुमार श्रेष्ठको हत्या अभियोगमा नेता बालकृष्ण ढुङ्गेल कारागारमा थिए । ढुङ्गेलले आममाफी पाएसँगै पीडकहरूले उन्मुक्ति पाउने हुन् की भन्ने आशङ्का व्याप्त भयो ।

सरोकारवालाबीच विश्वासको वातावरण निर्माण गर्न, आपसी सम्वादका माध्यमबाट सत्यको खोजी, अभियोजन र न्याय, मेलमिलाप, परिपूरण, संस्मरण तथा संस्थागत सुधार जस्ता सङ्क्रमणकालीन न्यायका नीतिगत मार्गचित्र तयार पार्न, सम्वाद र सहमतिको माध्यमबाट आवश्यक कानुन बनाउन द्वन्द्वपीडित साझा चौतारीले २०७५ मङ्सिर ५ गते एक बडापत्र प्रकाशन गरी माग गऱ्यो ।


अनुपम मानिएको नेपालको शान्ति प्रकृयाका कतिपय सवालहरू समाधान शानदार तरिकाले सम्पन्न गरी नेपालले उदाहरणीय काम गरेको थियो । तर, शान्ति प्रकृयाको महत्त्वपूर्ण पाटोका रूपमा रहेका न्याय तथा हानिपूरणका सवाल ज्युँका त्युँ रहे । राज्यले द्वन्द्वपीडितको विषयलाई अपनत्त्व गहण नगर्दासम्म यस विषयले निप्टारा पाउन कठिन हुने देखिएको छ ।


**शङ्काको घेरामा 'कथित' मुठभेड**

सन् २०१८ मा भक्तपुरमा दुई, बुटवलमा दुई र सुनसरीमा एक गरी पाँच जनाको प्रहरीसँग भएको मुठभेडमा मृत्यु भएको घटना सार्वजनिक भयो ।

काठमाडौँको काँडाघारीबाट ११ वर्षीय बालक निशान खड्कालाई अपहरण गरी हत्या गर्ने भनिएका दुई युवक मुठभेडमा मारिएको नेपाल प्रहरीले जनायो । तर ती युवकलाई प्रहरीले उनीहरूकै डेराबाट गिरफ्तार गरेको प्रत्यक्षदर्शीले इन्सेकलगायतका मानव अधिकार संस्थालाई बताएका थिए । पीडित युवाका परिवारजनले राष्ट्रिय मानव अधिकार आयोगमा छानबिनका लागि उजुरी पनि दिए । यसैगरी देवदह नपा–५ बस्ने २९ वर्षीय मनोज बुढामगर भनिने मनोज पुन र सिद्धार्थ नपा–६ बस्ने ४२ वर्षीय सोम आले २०७४ फागुन ९ गते प्रहरीको इन्काउन्टरमा मारिएको समाचार सार्वजनिक भयो । उनीहरूका परिवारले आफन्तजनको बाँच्न पाउने अधिकार हनन् भएको बताए । मुठभेडमा मारिएका भनिएका घटनामा अपहरणकारी, गुण्डा नाइके, अनेकौँ अपराधमा संलग्न भनेर प्रहरीले प्रचार/प्रसार गर्ने गरेको छ । दण्डहीनताका कारण निम्तिएका अनेकौँ विकृतिबाट वाक्क भएका तथा अनेकौँ समस्या भोगिरहेका सर्वसाधारणले पनि अपराधीलाई मारेर प्रहरीले ठीकै गऱ्यो भन्ने प्रतिक्रिया व्यक्त गर्ने गरेका पाइन्छ । प्रहरीले आफूले गरेको गल्ती ढाकछोप गर्न यस्ता घटनालाई कथित मुठभेडको सङ्ज्ञा दिने गरेको छ । अपहरणमा संलग्न भएका व्यक्ति नै मारिएपछि थप अनुसन्धानको बाटो पनि बन्द भयो । अपहरित बालकलाई जीवित उद्धार गर्न नसक्ने प्रहरीले आफूबाट भएको यही कमजोरी लुकाउन अर्को ठूलो गल्ती गर्ने गरेको भन्न हिच्किचाउनु पर्दैन । एक त नेपालको कानुनले व्यक्ति हत्या गर्ने छुट कसैलाई दिएको छैन भने अर्कोतिर सस्तो लोकप्रियताका लोभमा गरिने गैरकानुनी कार्यले नेपाल प्रहरीको साख पनि उचो पार्दैन ।


# यातना




गिरफ्तार गरिएका व्यक्तिलाई हिरासतमा यातना दिइने प्रचलन नेपालमा विगतदेखि नै कायम छ। हुन त प्रहरी हिरासतहरू थुनुवामैत्री बनाइएको, प्रहरी अनुसन्धानलाई वैज्ञानिक बनाइएको, प्रहरी कर्मचारीलाई मानव अधिकारका बारेमा तालिम दिइएको प्रहरीले बताउने गरेको छ। हुन पनि यातनाका घटना कमी आएको कारणले हो वा पीडितले सूचना नदिएको कारणले हो यातनाका घटना कमै अभिलेख भएका छन्। यस वर्ष यस्ता यातनाका घटनामा १९जना पीडित भएको अभिलेख भयो। सन् २०१७ मा यातनाका घटनामा ७ जना पीडित भएको अभिलेख गरिएको थियो। नेपालमा यातनालाई फौजदारी कसुर मानिने कानुन अझै लागु भएको छैन। यस वर्ष अभिलेख गरिएका सबै जसो घटनाका आरोपित प्रहरी कर्मचारीलाई विभागीय कारबाही गरिएको जनाइए पनि के कारबाही भयो भन्ने खुल्न सकेन।

# बाल अधिकार









नेपालको जनसङ्ख्याको ठूलो हिस्सा बालबालिकाको छ। राष्ट्रिय जनगणना २०६८ अनुसार ४४ दशमलब ४ प्रतिशत १८ वर्षमुनीका बालबालिका छन्। बालबालिकामाथि विविध किसिमका शोषण विद्यमान छ। शारीरिक रूपमा पनि बालबालिका वयष्क भन्दा कमजोर हुन्छन्। सोच्ने शक्ति पनि क्रमश विकास हुँदै गरेको अवस्थाले गर्दा ठिकबेठिक छुट्याउन पनि बालबालिकालाई गाऱ्हो हुन्छ। जन्मँदै हत्या गर्ने, बेचबिखन तथा ओसारपसार, बालश्रम जस्ता घटना त अझै कति समाजमै लुकाइएको होला। तर हाम्रो अभिलेखमा आएका यस्ता घटनामा १ हजार २ सय ४८ जना पीडित भए। त्यसमध्ये सबैभन्दा बढी ८ सय १८ जना बालिका बलात्कारका घटनाबाट पीडित भए। बलात्कार तथा यौन दुर्व्यवहारका घटनाबाट पीडित बालिकाका आरोपित पनि अधिकांश बालक रहेको पाइयो। बलात्कार तथा यौन दुर्व्यवहारजस्ता संवेदनशील धेरै घटना अदालतमा विचाराधीन हुनुले न्यायिक निकायले न्याय निरूपणमा तत्परता देखाउनु पर्ने आवश्यकता देखिन्छ।

# अपहरण




फिरौतीका लागि होस् वा अन्य रिस साँध्न मानिसहरूको अपहरणका घटना हुने गरेको छ। यस वर्ष पनि अपहरणका यस्ता घटनाहरू सार्वजनिक भए। अपहरण गरेर बलात्कार गरिएको, अपहरणपछि हत्या गरिएको घटनाहरू पनि अभिलेख भए। काठमाडौँमा दुई जना बालकको अपहरणपछि हत्या भएका घटना पनि इन्सेकमा अभिलेख भयो।

**बेवास्तामा सवारी दुर्घटना**

सल्यानबाट तुलसीपुर आउँदै गरेको बस 'राम्री' भन्ने स्थानमा २०७५ पुस ६ गते दुर्घटना हुँदा बसमा सवार २२ जनाको घटनास्थलमै मृत्यु भयो भने एकजनाको उपचारका क्रममा। १४ जना घाइते भए। नेपालमा सवारी दुर्घटनाको कहालीलाग्दो रूप बुझ्न वर्षको अन्तिमतिर भएको यो दुर्घटना नै काफी छ। सडकयात्रा गर्नुअघि सकुशल गन्तव्यमा पुगिन्छ कि पुगिँदैन भन्ने त्रासले सर्वसाधारण सताइने क्रम जारी छ।

नेपाल प्रहरीले सार्वजनिक गरेको तथ्याङ्कअनुसार २०७५ साउनदेखि मङ्सिरसम्म देशभर सवारी दुर्घटनाबाट १ हजार १ सय ७६ जनाको मृत्यु भयो। यसअघि २०७४ साउनदेखि २०७५ असार मसान्तसम्म देशभर १८ हजार ३४ यस्ता दुर्घटनामा जसमा परेर २ हजार ५ सय ४१ जनाले ज्यान गुमाए। प्रहरी भन्छ– सडक दुर्घटनाका कारण हरेक वर्ष दुई हजारको मृत्यु हुने गरेको छ। अझ डरलाग्दो तथ्याङ्क त मृत्यु हुनेको तीन गुणाभन्दा बढी घाइते हुने वास्तविकताले प्रस्तुत गर्छ।

**स्वास्थ्य अधिकार**

आफ्ना माग पूरा गराउने बहानामा स्वास्थ्यकर्मीले स्वास्थ्य संस्थामा पटक–पटक हड्ताल गर्दा बिरामी मर्कामा परे। डा. गोविन्द केसीको मागप्रति समर्थन जनाउन भन्दै देशभरका अस्पताल बन्द गरिए। अत्यावश्यक सेवा सञ्चालन ऐनमा स्वास्थ्य सेवा बन्द गर्न नपाइने व्यवस्था छ। स्वास्थ्य संस्था बन्द गर्ने जस्तो अमानवीय कार्य नेपालको संविधान तथा कानुनको ठाडो उल्लङ्घन हो। तर पनि आफ्ना माग पूरा गराउने नाममा स्वास्थ्य सेवा जस्तो अत्यावश्यक सेवा बन्द गर्दा हजारौँ मानिसको जीवन जोखिममा पर्न सक्नेतर्फ स्वास्थ्यकर्मी सचेत भएको पाइएन। न त ऐन उल्लङ्घन गरी संवेदनशील संस्थामा हड्ताल गर्नेलाई सरकारले कारबाहीको दायरामै ल्याउन सक्यो।

सरकारको नीति तथा कार्यक्रममा हरेक स्वास्थ्य संस्थामा चिकित्सक पुर्‍याउने तथा एक वडा, एक स्वास्थ्य संस्थाको अवधारणा उल्लेख छ। तर ७ सय ५३ स्थानीय तहका अस्पताल, स्वास्थ्य संस्थामध्ये ४ सय ६९ अस्पताल, स्वास्थ्य संस्थामा अझै पनि डाक्टर नभएको स्वास्थ्य मन्त्रालय स्वयंले जनाएको छ। २ सय ८४ स्थानीय तहका अस्पतालमा मात्रै डाक्टर कार्यरत छन्। विशेषज्ञ चिकित्सक दुर्गम क्षेत्रमा जान आनाकानी गर्ने, भएका चिकित्सक पनि काज वा तालिमका नाममा लामो समयसम्म कार्यस्थल नजाने अनि यसरी नजाने र नबस्नेलाई कारबाही पनि नहुने जस्ता समस्याका कारण दुर्गम क्षेत्रका जनता संविधानप्रदत्त स्वास्थ्य सेवाबाट वञ्चित भए।


स्वास्थ्य संस्थामा दरबन्दीअनुसार चिकित्सक व्यवस्था नहुनु, औषधि उपलब्ध नहुनु तथा चेतना अभावका कारण सामान्य रोगबाटै पनि ग्रामीण भेगमा धेरै मानिसको मृत्यु भएका घटना सार्वजनिक भए। सरकारी तयारी अभाव, महामारीको रूप लिन सक्ने रोगबारे चेतना नहुनु तथा नदिइनु जस्ता कारण यसका लागि जिम्मेवार रहे। तराईमा शीतलहरबाट ज्यान गुमाउन नपर्ने व्यवस्था मिलाउन वा जाजरकोटको रुघा, खोकी र ज्वरोले थप ज्यान लिन नपाउने बन्दोबस्त गर्न केन्द्रीय र स्थानीय सरकारका साथै सबै जनप्रतिनिधि र कर्मचारीले प्रयत्न गर्नुपर्थ्यो तर, यस्ता विषय कसैका चासोमा पर्न सकेनन्।


**नेपाल सरकारको अन्तर्राष्ट्रिय प्रतिबद्धता**

यस वर्ष महिलाविरूद्ध हुने सबै प्रकारका विभेद उन्मूलन महासन्धि (सिड)को स्वीजरल्याण्डको जेनेभामा आयोजित ७१ औँ सेसनमा नेपालले प्रस्तुत गरेको छैटौँ प्रतिवेदनमा छलफल भयो। छलफल कार्यक्रममा नेपाल सरकारको तर्फबाट महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री थममाया थापाको नेतृत्वको उच्चस्तरीय प्रतिनिधि मण्डलको सहभागिता रहेको थियो। सिडको कार्यान्वयनका लागि आवश्यक संरचनात्मक विकास, महिला तथा बालिकामाथि हुने कुसंस्कारजन्य व्यवहारहरू, महिलाविरूद्ध हुने हिंसा, महिलाको शिक्षा, स्वास्थ्य, न्यायमा पहुँच, आमाको नाममा नागरिकता, महिला मानव अधिकार रक्षकको सवालबारे कमिटीका सदस्यले सवाल गरेका थिए। त्यसैगरी, नेपालमा विद्यमान बालविवाह, महिलाको कामको आर्थिक गणना, जातीय छुवाछूत, आदिवासी जनजाति महिलाका समस्याबारे सवाल गरिएको थियो। कार्यक्रममा उठेका सवालबारे नेपालको प्रतिनिधिमण्डलले नेपालमा भइरहेको सकारात्मक प्रयासबारे जानकारी दिँदै बाँकी रहेका सवालहरू क्रमशः पूरा गर्दै जाने प्रतिबद्धता गरेका थिए।

महिला हिंसाविरूद्धका गतिविधि अनुगमन गर्ने संयुक्त राष्ट्रसङ्घका विशेष प्रतिवेदक दुभराब्का सिमोनोभिच नेपालको १० दिवसीय भ्रमणमा मङ्सिर ३ गते काठमाडौँ आइन्। भ्रमणका क्रममा उनले

# गिरफ्तारी









यस वर्ष गिरफ्तारीका घटनामा १ सय २ जना पीडित भएको अभिलेख भयो। जसमध्ये महिलाको संख्या दुई थियो। गिरफ्तार गरिएका व्यक्तिलाई पक्राउ पुर्जी नदिइनेजस्ता घटना अभिलेखमा छन्। गिरफ्तारी शीर्षकअन्तर्गत भेला तथा संगठित हुने अधिकार हनन् भएका घटना अभिलेख छन्। गिरफ्तारी, पुन गिरफ्तारी तथा गिरफ्तार गरिएका व्यक्तिलाई पुर्जी नदिइने जस्ता घटनाका पीडितको सङ्ख्या यस शीर्षकअन्तर्गत अभिलेख गरिएका छन्। गिरफ्तारीको कारण स्पष्ट गर्नुपर्ने कानुनका बाबजुद यसप्रकार घटनाका पीडितलाई सो अनुसारको व्यवहार नगरिएको घटना अभिलेख भए।

# सन् २०१८ मा घटना अनुसार पीडित संख्या प्रदेशका आधारमा

| | प्रदेश | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | गण्डकी | ५ | कर्णाली | सुदूर पश्चिम | कुल जम्मा |
| अपहरण | १० | ६ | ४ | | ७ | | १ | २८ |
| गिरफ्तारी | ४३ | | ११ | २० | १४ | ७ | ७ | १०२ |
| कुटपिट | ३६ | १९ | ८ | ५१ | १६ | ६७ | ३५ | २३२ |
| बाल अधिकार | २३९ | २११ | २८३ | १३० | २४८ | ८७ | ५० | १२४८ |
| हिरासतमा वा थुनामा मृत्यु | | | १ | | १ | | | २ |
| जेलमा मृत्यु | | | १ | | ३ | | | ४ |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | २ | १ | ३ | १ | २ | १ | | १० |
| अमानवीय व्यवहार | ५ | ५ | १ | १ | १३ | ४ | ७ | ३६ |
| घाइते | २५ | ३४ | ९ | ५ | १ | १७ | ११ | १०२ |
| हत्या | ५९ | ६९ | ५५ | २४ | ६७ | २७ | २७ | ३२८ |
| जातीय विभेद | ४ | १० | ६ | ४ | १७ | १४ | ७ | ६२ |
| अभिव्यक्ति, भेला तथा संगठित हुने अधिकार | ४ | ४ | ३३ | २७ | | ५ | ४ | ७७ |
| धम्की | १ | ६ | २ | ९ | ७ | ११ | | ३६ |
| यातना | १ | १ | ५ | | ४ | ५ | ३ | १९ |
| महिला अधिकार | ४१९ | २३५ | ३९७ | २६८ | ७३६ | २५७ | ४१२ | २८२४ |
| कुल जम्मा | ८४८ | ६०१ | ८१९ | ६४० | ११३६ | ५०२ | ५६४ | ५११० |

# जातीय विभेद




नेपाल जातीय छुवाछूत मुक्त घोषणा भएको धेरै वर्ष भइसक्दा पनि जातका नाममा गरिने विभेदका घटना अझै पनि व्याप्त छ। मानवलाई मानवीय व्यवहार नहुने गरेका घटनाहरू अहिले पनि छन्। पशुपन्छीलेसमेत सहज पहुँच पाउने गैरदलितका घर, देवताका मन्दिर दलित जातिका मानिसका लागि बिरानै लाग्छ। यसो भन्दैमा जताततै यस्तै समस्या छ भन्ने होइन तर जति घटना अभिलेखित छन् त्यस्ता घटना सोच्नै सकिन्न। कानुनमा जातीय विभेद अपराध मानिन्छ तर, जातीय विभेदका अधिकांश घटना प्रहरीसम्मै पुग्न दिइँदैन। बल्लतल्ल प्रहरीमा पुगेका घटनामा पनि मिलापत्र गर्ने, अर्कै मुद्दामा रूपान्तरण गरी आरोपितमाथिको अनुसन्धान अन्यत्र मोड्ने चलन विद्यमान छ। जातीय विभेदका कारण सन् २०१८ मा ६२ जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। तर, धेरै जसो घटनामा मिलापत्र भयो ।

लिङ्गका आधारमा महिलाविरूद्ध हुने हिंसा, भेदभाव, आदिवासी, शरणार्थी महिला, शारीरिक रूपमा अक्षम महिला, आप्रवासी तथा ग्रामीण एवम् सुदूर क्षेत्रका महिलाका अवस्थाबारे जानकारी लिइन् । राष्ट्रसङ्घीय मानव अधिकार परिषद्बाट पहिलोपटक स्वतन्त्र अध्ययनका निम्ति खटिएकी विशेष प्रतिवेदक सिमोनोभिचले महिला हिंसाविरूद्धका नेपालका ऐन कानुन, नीति नियमबारे जानकारी लिनका साथै वरिष्ठ सरकारी अधिकारीहरूसँग भेटवार्ता गरिन्।

**दिगो विकास लक्ष्य र कार्यान्वयनका चुनौती**

संयुक्त राष्ट्रसङ्घको नेतृत्वमा १७ ओटा लक्ष्यसहित सन् २०१६ देखि २०३० सम्मको समयावधिका लागि दिगो विकास लक्ष्य तय गरिएका छन् । यो विकास लक्ष्यले सहस्राब्दी विकास लक्ष्य झैँ आफैँमा कुनै पनि प्रकारको कानुनी दायित्व सिर्जना गर्दैनन् । नेपाल सरकारले यस लक्ष्यमा तय गरिएका विकास लक्ष्यहरू आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू प्राप्तिका लागि प्रतिबद्धता जनाएको छ जुन यी अधिकार उपभोगका लागि महत्त्वपूर्ण प्रस्थान विन्दु हुन्।

दिगो विकासका लागि विकासको कार्यसूचीका रूपमा राष्ट्रसङ्घ महासभाबाट अनुमोदित यी लक्ष्यले विकासलाई दिगो र विस्तृत बनाउन आवश्यक क्षेत्रहरू सबै समेटेको छ। जसले आधारभूत मानवीय आवश्यकता पूर्तिबाट कोही छुट्नु हुँदैन भन्ने मान्यता अङ्गालेको छ।

नेपाल पनि संयुक्त राष्ट्रसङ्घीय महासभाको यस लक्ष्य निर्धारणमा सहभागी भएको छ र यी विकासका लक्ष्य पूरा गर्ने सन्दर्भमा आन्तरिकरूपमा तयारी पनि गरेको छ । तथापि नेपालसामु थुप्रै चुनौती पनि छन् । जसमध्ये केही सहस्राब्दी विकास लक्ष्य कार्यान्वयनका सन्दर्भमा पनि देखिएका थिए भने मौजुदा अवस्थामा ती दोहोरिने सम्भावना त्यत्तिकै छ। केही नयाँ चुनौती पनि थपिएका छन्। पहिलो चुनौती दिगो विकासका लक्ष्य आवधिक योजना कि वार्षिक विकास कार्यक्रममा गर्ने भन्नेमा देखिएको छ। दोस्रो, स्थानीय तहमा दिगो विकासका लक्ष्यलाई संस्थागत कसरी गर्ने भन्ने सवाल छ । तेस्रो, कार्यान्वयनस्तर कसरी बढाउने भन्ने चिन्ता छ। चौथो, दिगो विकासका लक्ष्य पूरा गर्न आन्तरिक र बाहृय साधन कसरी परिचालन गर्ने भन्ने छ। पाँचौं, राष्ट्रिय तथा उपराष्ट्रिय तहमा क्षमता विकास कसरी गर्ने भन्ने चुनौती छ। करिब चार वर्षअघिको भूकम्पले विपद्पछिको व्यवस्थापन र पुनर्निर्माणलाई कसरी सम्बोधन गर्ने भन्ने चुनौती पनि थपेको छ। साथै राज्यका विभिन्न तहबीचको शासकीय क्षमता विस्तार र सहकार्यसमेत कसरी गर्ने भन्ने चुनौती पनि उत्तिकै दमदाररूपमा खडा भएको छ।

**मानव अधिकार राष्ट्रिय कार्ययोजना**

नेपाल सरकारले चौथो पञ्चवर्षीय मानव अधिकार राष्ट्रिय कार्ययोजना (२०७१/०७२–२०७५/०७६) लागु गरेको समयावधि सकिन लागेको छ । नेपाल सरकारले आफ्नो स्रोत/साधन र आवश्यकतालाई प्राथमिकता दिइ पाँच वर्षका लागि जारी गरेको कार्ययोजनाको आवधिक मूल्याङ्कन र प्रभावकारी अनुगमन हुन सकेन। विकास र मानव अधिकार आवधिक योजनामा समावेश गर्ने उद्देश्यसहित लागु भएको पञ्चवर्षीय कार्ययोजनाले शिक्षा, स्वास्थ्य, पोषण, श्रम, रोजगार, वातावरण र दिगो विकास जस्ता १८ वटा प्राथमिकता क्षेत्र तोकी सबै मन्त्रालयलाई जिम्मेवार बनाएको छ। सङ्घीयता कार्यान्वयनसँगै प्रदेश सरकार र स्थानीय तहबाट समेत कार्यान्वयन हुने प्रकृतिका कार्ययोजनाका विषय जिम्मेवार निकायमा कुनै परिवर्तन, संशोधन हुन नसक्नु र आ.व. २०७६/०७७ पछि जारी हुने अर्को कार्ययोजनाबारे सरोकारवालासँग विस्तृत छलफल, परामर्शसमेत यस वर्ष हुन सकेन।


मानव अधिकार कार्ययोजनाले परिकल्पना गरेका आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसहित सीमान्तकृत वर्गका अधिकारलाई दिगो विकास लक्ष्यले समेत प्राथमिकतामा राखेको छ। यी दुवैको समन्वय गरी प्रभावकारी कार्यान्वयनबाट नै समग्र मानव अधिकार अवस्थामा सुधार ल्याउन सकिन्छ। कार्ययोजनाको आवधिक मूल्याङ्कन नहुनु, जिम्मेवार निकायबीच समन्वयको कमी, अनुगमन समितिको बैठक कार्ययोजनाले परिकल्पना गरेबमोजिम अनिवार्यरूपमा नबस्नु, मानव अधिकारमुखी विकास पद्धति कार्यान्वयन नहुनु नै कार्ययोजना कार्यान्वयनका मुख्य कमजोरी र चुनौती दुवै रहे।


**सम्मानितरूपले बाँच्न पाउने अधिकार**

**सन् २०१८ र मानव अधिकार उल्लङ्घन : तथ्य र तथ्याङ्क**

इन्सेकले गरेको अभिलेखअनुसार सन् २०१८ मा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा ५ हजार १ सय १० जना पीडित भए। सन् २०१७ मा

# आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार




ठ्याक्कै नदेखिने तर धेरै मानिस पीडित हुने घटना आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसँग सम्बन्धित हुन्छन्। तर, त्यस्ता घटना तथ्याङ्कका रूपमा उतार्न कठिन छ। यस्ता अधिकारबाट पीडित हुनेको सङ्ख्या अभिलेखमा उतारिएको भन्दा पक्कै पनि बढी छ भन्ने कुरा घटनाका प्रवृत्तिबाट थाहा हुन्छ। आफ्नो सम्पत्तिमा अरूले नै कब्जा गर्ने, ज्यालाबाट वञ्चित गर्ने र जागिरबाट नै निष्काशन गरिएका १० ओटा घटना सन् २०१८ मा इन्सेकमा अभिलेख गरियो।

मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा ६ हजार ५९ जना पीडित भएको अभिलेख थियो। यस वर्ष मानव अधिकार उल्लङ्घनका घटनामा ३६ महिला र २ सय ८६ पुरुष गरी जम्मा ३ सय २२ जना तथा ज्यादतीका घटनामा ४ हजार २ सय ६६ महिला र ५ सय २२ जना पुरुष गरी जम्मा ४ हजार ७ सय ८८ जना पीडित भएको अभिलेख भयो। गत वर्षको तुलनामा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना इन्सेकमा कम अभिलेख भयो।

यस वर्ष प्रहरीको गोली लागी कञ्चनपुरमा एक बालकको मृत्यु भयो भने कथित मुठभेडमा भक्तपुरमा दुई जना, बुटवलमा दुई जना र सुनसरीमा एक जना गरी जम्मा ६ जनाको मृत्यु भएको अभिलेख भयो। २०१७ मा सुरक्षाकर्मीको गोली प्रहारबाट ११ जनाको मृत्यु भएको थियो। यो वर्ष यातनाका घटनामा १९ जना, गिरफ्तारीका घटनामा १ सय दुई जना, जातीय विभेदका घटनामा ६२ जना, अमानवीय व्यवहारका घटनामा ३६ जना, भेला तथा सङ्गठित हुने अधिकार मा ७७ जना र कुटपिटका घटनामा २ सय ३२ जना र धम्कीका घटनामा ३६ जना पीडित भएको अभिलेख भयो।

**महिलामाथि हुने सबै प्रकारका दुर्व्यवहार**

सन् २०१८ मा विगतका वर्षहरूभैँ महिलामाथि हुने हिंसाका घटनामा २ हजार ८ सय २४ जना पीडित भएको अभिलेख भयो। यस वर्ष बेचविखन तथा ओसारपसारका घटनामा ८२ जना, कथित बोक्सीको आरोपमा ६३ जना, बलात्कारका घटनामा ४ सय ७५ जना, बलात्कार प्रयासका घटनामा १ सय ५५ जना, यौन दुर्व्यवहारका घटनामा ७९ जना र घरेलु हिंसाका घटनामा १ हजार ६ सय ३२ जना, बहुविवाहका घटनामा ३ सय २६ जना महिला पीडित भएको अभिलेख भयो।

यस वर्ष परिवारजनबाट १ सय २० जना महिलाको हत्या भयो। गत वर्ष यो सङ्ख्या ८१ थियो। भनेजति दाइजो नल्याएको आरोपमा तीन जना महिलाको हत्या भयो भने सोही कारणले २२ जना महिला हिंसामा परेको अभिलेख भयो।

*धनुषा जिल्ला शहीदनगर नपा–७ की १९ वर्षीया स्नेहाकुमारी यादवलाई प्रेम गरेको आरोपमा २०७४ फागुन ८ गते घरमै हत्या गरी भारतमा लगेर अन्त्येष्टि गरेको आरोपमा प्रहरीले बाबु ४६ वर्षीय दिलीपकुमार यादव र विदेह नपा–५ गिद्धावेलापट्टीका ४० वर्षीय राधेश्याम गोइतलाई २०७४ फागुन २६ गिरफ्तार गऱ्यो। पीडित काठमाडौँको नासा कलेजमा कक्षा १२ मा अध्ययनरत थिइन्।*

इन्सेकका ७७ जिल्ला प्रतिनिधिले देशका ७७ जिल्लाका प्रहरी कार्यालयमा रहेका महिला तथा बालबालिका सेवा केन्द्र अनुगमन गरेका थिए। यी कार्यालयमा दर्ता भएका अधिकांश घटनामा मिलापत्र भएको इन्सेकले अभिलेख गऱ्यो। घरेलु हिंसा नियन्त्रण तथा सजाय ऐनमा रहेको मेलमिलापसम्बन्धी व्यवस्थाअनुसार घरेलु हिंसाका घटनामा मिलापत्रलाई प्राथमिकता दिनुपरेको प्रहरी कार्यालयहरूले जनाए। यो ऐनको कमजोरीको फाइदा उठाउँदै जघन्यखालका घरेलु हिंसाका घटनामा पनि मेलमिलाप गर्ने परिपाटी यस वर्ष पनि देखियो।

**बाल अधिकार**

देशका कर्णधार वा भविष्य भनिने बालबालिकामध्ये कैयन् वर्तमानमै असुरक्षित छन्। बालश्रम, बालबालिका ओसारपसार, बेचबिखन, यौनजन्य हिंसा, शिक्षा र स्वास्थ्यको अवसरबाट वञ्चिती जस्ता बाल अधिकार हननबाट बालबालिका आक्रान्त रहेको इन्सेकमा रेहको अभिलेखले दर्शाए।


इन्सेक प्रतिनिधिहरूले जिल्लाका विभिन्न विद्यालयहरूको अनुगमन गरेका थिए। धेरैजसो विद्यालयका भवन बालमैत्री थिएनन्। छात्राहरूका लागि उचित शौचालय थिएन। अत्यन्त न्यून सङ्ख्यामा अपाङ्गमैत्री विद्यालय भेटिए। *(हेर्नुहोस् यसै पुस्तकको जिल्लागत विवरणमा शिक्षाको अवस्था)*।

यसबाहेक समाजमा अन्यपक्षबाट पनि बालबालिका उत्तिकै हिंसाको चपेटामा परे *(हेर्नुहोस् तालिका)*।

यस वर्ष बालिकामाथि हुने गरेका यौन दुर्व्यवहारका घटनामा वृद्धि भयो। सन् २०१८ मा ८ सय १८ जना बालिका बलात्कारका घटनामा, यौन दुर्व्यवहार २ सय ४५ जना, विद्यालयमा दिइने शारीरिक सजायका घटनामा ४२, बालबालिका बेचबिखन तथा ओसारपसारका घटनामा ७२ जना पीडित भएको अभिलेख भयो। सन् २०१७ मा ५ सय २७ बालिका बलात्कृत भएका घटना अभिलेख गरिएको थियो। विद्यालयमा दिइने शारीरिक दण्डका सबैजसो घटना मिलापत्रमा टुङ्गिए।

सल्यान जिल्लाको दार्मा गापा–६ किमटाकुराका १२ वर्षीय बालक प्रकाश

# धम्की







आफूले भनेअनुसार नभएको आरोपमा मानिसलाई धम्की दिइएका घटनाहरू अभिलेख भए। यस्ता घटनामा पत्रकार तथा मानव अधिकार रक्षक बढी पीडित भए। तर, यस्ता घटनाका आरोपितले सजिलै उन्मुक्ति पाए। प्रायःजसो घटनामा आरोपितले पीडितसँग माफी मागेपछि मेलमिलाप भएका उदाहरणहरू पाइए। यस वर्ष यस्ता घटनामा ३६ जना पीडित भएको अभिलेख भयो।

बुढाथोकीलाई १५ सय रुपियाँ चोरेको आरोपमा २०७५ असोज १८ गते दुल्लु नपा–३ स्थित सागर होटलकी मालिक ३० वर्षीया शान्ति शाहीले दाउराले हानेर हात भाँचिदिइन् । होटलमा काम गर्न बसेका बालकले गल्लाबाट रकम झिकेर भागेको आरोपमा शान्तिले गरेको कुटपिटका कारण बालकको हात भाँचिएको भन्ने जानकारी आए पनि आरोपित पक्षले उपचार खर्च बेहोरेको र पीडित बालक बाहिरी जिल्लाको भएको कारण मुद्दा चलाउन कसैले अग्रसरता देखाएनन् । राजनीतिक दबाबका कारण मुद्दा चल्न नसकेको अधिकारकर्मीले बताए।

## राज्य र मानव अधिकार

### न्यायपालिका

भेला हुन पाउने अधिकारमा अन्तरिम आदेश, वैदेशिक रोजगार, अध्ययन वा अन्य सिलसिलामा विदेशमा रहेको नेपाली नागरिकले आम निर्वाचन मार्फत राज्य सञ्चालनमा सहभागी हुनका लागि उनीहरूको मताधिकारको सुनिश्चित गर्न, विकासको नाममा अझ खासगरी सडक विस्तारको नाममा नागरिकको सम्पत्तिमाथि उनीहरूको हक च्युत नगर्न जस्ता आदेशहरू दिएर न्यायपालिकाले नेपालको संविधानमा व्यवस्था भएका मौलिक हक कार्यान्वयनका लागि पहरेदारीको भूमिका खेल्यो । यद्यपि न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकाबीचको टक्कर सामने आए।

स्वतन्त्र र सक्षम न्यायपालिकाको स्थापना र यसको निष्पक्ष एवम् अविचलित कार्य सम्पादनले मात्र विधिको शासनलाई सम्भव तुल्याउँछ। नेपालको संविधानमा विधिको शासन वा कानुनी राज्यको प्रवर्धन, मौलिक हक तथा कानुनी हक लगायतका मानव अधिकारको संरक्षण तथा स्वच्छ एवम् निष्पक्ष न्याय सम्पादनका लागि स्वतन्त्र र सक्षम न्यायपालिकाको प्रत्याभूत गरी लोकतान्त्रिक प्रणालीमा नागरिकका अधिकारको संरक्षकको रूपमा न्यायपालिका परिकल्पना गरिएको छ। न्यायपालिकाको सक्षमता र स्वतन्त्रताबाट मात्र नागरिकका हक अधिकार संरक्षित हुन सम्भव छ।

### कार्यपालिका

संविधानले परिकल्पना गरेबमोजिम सङ्घ, प्रदेश र स्थानीय कार्यपालिकाबाट समन्वय र सहकार्यमा नागरिकको मानव अधिकार संरक्षण, प्रवर्द्धन हुनेमा आशा र विश्वास लिन सकिन्छ। संविधानतः सङ्घीय कार्यपालिका, प्रदेश कार्यपालिका र स्थानीय कार्यपालिका (गाउँ कार्यपालिका र नगर कार्यपालिका) बाट नेपालको संविधान र अन्य कानुनको अधीनमा रही नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा मन्त्रिपरिषद्मा, प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा प्रदेश मन्त्रिपरिषद्मा र स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र सङ्घीय कानुनको अधिनमा रही गाउँ कार्यपालिका र नगर कार्यपालिकामा निहित रहने व्यवस्था रहेकाले संविधान कार्यान्वयन गर्दा तीनै तहले आ–आफ्नो क्षेत्राधिकारभित्र रही कार्यकारिणी अधिकार प्रयोग गर्नुपर्ने व्यवस्था छ। नेपालको सङ्घीय लोकतान्त्रिक व्यवस्था कार्यान्वयनका लागि तीनै तहका सरकारको अहम् भूमिका पाइन्छ। निर्वाचित सङ्घ, प्रदेश र स्थानीय तहका कार्यपालिकाले मानव अधिकार संरक्षण, संवर्द्धन र परिपालनाका लागि तीनै तहका निर्वाचित नयाँ नेतृत्त्वबाट जवाफदेही भूमिका निर्वाह हुन सकेमा नै लोकतान्त्रिक सङ्घीय शासन प्रणालीमा संविधान कार्यान्वयन भई नागरिकको मानव अधिकार संरक्षण हुन सक्ने देखिन्छ।

### व्यवस्थापिका

संविधानमा भएका ३१ ओटा मौलिक अधिकारलाई ऐन बनाई लागु पर्ने दायित्व बोकेको संघीय संसदले ती सबै मौलिक हक कार्यान्यनका लागि १६ ओटा कानुन बनाउनु पर्ने थियो। त्यससँग सम्बन्धित सबै विधेयक संसदको दोस्रो अधिवेशनबाट पारित भए। संघीय संसदले संविधानमा व्यवस्था भएको मौलिक हक कार्यान्वयन भई जनताले उपयोग गर्ने अधिकार स्थापित गर्नका लागि नयाँ ऐन, नियम, कानुन बनाएर लागु गर्न स्वतन्त्र हैसियत राख्दछ । यसले नागरिक अधिकारका विषयमा छलफल, बहस, पैरवी गरेर, मानव अधिकार हननका घटनालाई पनि संसदको विषयमा प्रवेश गराई आवश्यक कार्यान्वयनको लागि संसदीय समितिमार्फत सरकारलाई निर्देशन दिने हैसियत राख्दछ। यसले गर्दा सर्वाधिकार जनताको मानव अधिकार संरक्षण तथा संवर्द्धन गर्न संघीय संसद्को महत्वपूर्ण योगदान रहन्छ। यस दिशामा व्यवस्थापिका अगाडि बढेको आभास भयो।

# जातजातिका आधारमा पीडित सङ्ख्या



| जातजाति | पक्ष | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| आदिवासी | राज्यपक्षबाट | ७ | ५ | १२ |
| | अन्यपक्षबाट | १२ | ८७ | ९९ |
| वैश्य | राज्यपक्षबाट | | | |
| | अन्यपक्षबाट | १ | २८ | २९ |
| बनिया | राज्यपक्षबाट | १ | | १ |
| | अन्यपक्षबाट | ५ | १५ | २० |
| ब्राम्हण | राज्यपक्षबाट | ७० | ५ | ७५ |
| | अन्यपक्षबाट | ६८ | ४२९ | ४९७ |
| क्षेत्री | राज्यपक्षबाट | ८६ | ९ | ९५ |
| | अन्यपक्षबाट | १४३ | ८०६ | ९४९ |
| दलित | राज्यपक्षबाट | २८ | ६ | ३४ |
| | अन्यपक्षबाट | ९८ | ९७१ | १०६९ |
| गोडिया | राज्यपक्षबाट | | | |
| | अन्यपक्षबाट | | २ | २ |
| जनजाति | राज्यपक्षबाट | ६२ | ७ | ६९ |
| | अन्यपक्षबाट | १०२ | १२०६ | १३०८ |
| कायस्थ | राज्यपक्षबाट | | | |
| | अन्यपक्षबाट | | १ | १ |
| कोइरी | राज्यपक्षबाट | १ | | १ |
| | अन्यपक्षबाट | १३ | १८ | ३१ |
| मण्डल | राज्यपक्षबाट | | | |
| | अन्यपक्षबाट | ४ | ४४ | ४८ |
| मुस्लिम | राज्यपक्षबाट | १ | २ | ३ |
| | अन्यपक्षबाट | १६ | १७९ | १९५ |
| नेवार | राज्यपक्षबाट | २० | १ | २१ |
| | अन्यपक्षबाट | ६ | ४३ | ४९ |
| सन्यासी | राज्यपक्षबाट | | | |
| | अन्यपक्षबाट | ५ | २४ | २९ |
| तेली | राज्यपक्षबाट | २ | १ | ३ |
| | अन्यपक्षबाट | १३ | ५९ | ७२ |
| यादव | राज्यपक्षबाट | २ | | २ |
| | अन्यपक्षबाट | २१ | १११ | १३२ |
| अन्य | राज्यपक्षबाट | ६ | | ६ |
| | अन्यपक्षबाट | १५ | २४३ | २५८ |

मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा पीडित हुनेहरू कुनै जात, धर्म र वर्ग विशेषका मात्र छैनन् । सबै जातजाति ज्यादती र उल्लङ्घनका घटनामा पीडित भएको अभिलेख भयो । यस वर्ष सबै भन्दा बढी जनजाति र त्यसपछि दलित पीडित भएको अभिलेख छ। यसैगरी पीडित हुनेको तेस्रो सूचीमा क्षेत्री र चौथोमा ब्राम्हण जाति रहे।

**आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार : प्रदेशगत सवालहरू**

गत वर्षजस्तै यस वर्ष पनि हामीले सात ओटै प्रदेशबाट छानिएका सात ओटा आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी आलेखहरू प्रकासन गरेका छौँ । यी आलेखहरू तयार पार्ने क्रममा धेरै जसो प्राथमिक र कतिपय तथ्य तथ्याङ्कहरू द्वितीय स्रोतबाट लिइएका छन्। प्रदेशगत आलेखहरूको विस्तृत विवरण यसै पुस्तकको प्रदेशगत आलेखमा पाउन सकिन्छ।

यस वर्ष प्रदेश १ बाट सङ्खुवासभा जिल्लाको खाँदबारी नगरपालिका–९ तुम्लिङटारमा रहेका कुमाल जातिको आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारका बारेमा अध्ययन गरिएको छ। संखुवासभाको खाँदबारी नगरपालिका–९ तुम्लिङटारमा मात्रै बसोबास गर्ने कुमाल जाति माटाको भाँडो बनाएर जीविकोपार्जन गर्छन्। यो जातिको पुर्ख्यौली पेशा माटोका भाँडाकुँडा बनाउने हो । पशुपालन, माछा मार्ने र कृषि कार्य उनीहरूका सहायक पेशा हुन्। बढ्दो आधुनिकतासँगै बजारमा भित्रिएका प्लास्टिक, आल्मुनियम र स्टिलबाट निर्मित भाँडाकुँडाले माटोका भाँडा बिस्थापित गरेपछि उनीहरूको परम्परागत पेशा सङ्कटमा परेको छ।

प्रदेश २ को धनुषा जिल्लाका सबैला नगरपालिका–१२ मा स्थायी बासोबास गर्ने सरबरिया जातिको सङ्ख्या १ सय हाराहारी मात्रै छ। अल्पसङ्यक तथा दलित समुदायमा पर्ने यो जातिका मानिस गरिबी र अशिक्षामा बाँच्न विवश छन्। दलित भएका कारण उनीहरूमाथि गाउँमा छुवाछूत पनि गरिन्छ। अल्पसङ्ख्यक सरवरिया समुदायमा गरिबी र भूमिहीनताका समस्या छन्। यो समुदायमा बालविवाह, घोङ्घट तथा दाइजो प्रथा विद्यमान छ।

प्रदेश ३ को धादिङ जिल्लाको त्रिपुरासुन्दरी गाउँपालिका–१ सल्यानटारको खुङ्गा गाउँ, जागिर गाउँ, पीपल गाउँ, चाक्सी गाउँ दराई र कुमाल बस्तीका हात्तीपाइले रोग पीडितको अध्ययन गरिएको छ। धेरैजसो घरका मुख्य मानिसको खुट्टा ठूला ठूला देखिन्छन् । मोटो भएका छन् । काम गर्ने महिला वा पुरुष, २५–३० वर्षको उमेरमै उनीहरूको खुट्टा वा हात ठूला हुने र उपचार समेत नभएपछि सोही खुट्टा वा हातमा ठूला घाउ हुन्छन् । त्यसपछि पाक्ने गर्छन् । अनि घरको कामकाजसमेत गर्न नसक्ने अवस्थामा पुग्छन्। हात खुट्टा लुलो हुने र अपाङ्गताको अवस्थामा पुगेका भए पनि उनीहरू अपाङ्गता परिचयपत्रबाट पनि वञ्चित छन्। यस्तो परिचयपत्र नै नभएकै कारण सरकारले अपाङ्गता भएकालाई दिने सहुलियतबाट समेत वञ्चित छन्।


गण्डकी प्रदेशको बाग्लुङ जिल्लाको ग्रामीण भेगमा प्रचलित बालविवाहका कारण सिर्जित समस्याका बारेमा बाग्लुङे देहातको पीडा आलेख तयार पारिएको छ। यस आलेखमा बालविवाह हुनेमा बालकको तुलनामा बालिकाको सङ्ख्या धेरै देखिएको, ग्रामीण भेगमा सामाजिक एवं सांस्कृतिक मान्यता, लैङ्गिक विभेद, गरिबी, अशिक्षा, असुरक्षा जस्ता कारण प्रमुखरूपमा देखिए पनि सदरमुकाम र यस आसपासका क्षेत्रमा वैदेशिक रोजगारी बालविवाहको मुख्य कारण भएको उल्लेख छ।

प्रदेश पाँच अन्तर्गत कपिलवस्तु जिल्लामा बसोबास गर्ने अल्पसङ्ख्यक पत्थरकट्टा र नटुवा जातिको आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी आलेख यसपटकको वर्ष पुस्तकमा समेटिएको छ। नेपालमा ५ सय ५२ जना पत्थरकट्टा छन् भने २ सय ९१ जना नटुवा। सरकारले यहाँका पत्थरकट्टालाई लोपोन्मुख, अल्पसङ्ख्यक जातिमा सूचीकृत गरेको छ तर नटुवा जातिलाई भने राष्ट्रिय जनगणनामा समेत समेटिएन। उनीहरूलाई दलितमा सूचीकृत गरिएको छ।

कर्णाली प्रदेशको दैलेख जिल्लामा अस्थायी बसोबास गरिरहेका राउटेहरूको आर्थिक सामाजिक तथा सांस्कृतिक अवस्थाका बारेमा छोटो अध्ययन गरिएको छ। राउटे दैलेखलगायतका सुर्खेत, अछाम, सल्यान, दाङ तथा यही भेगमा राउटे समुदाय घुम्दै आएका पाइन्छ। गुराँस गाउँपालिकाले त्यतिबेला लिएको तथ्याङ्कअनुसार १ सय ४९ जनामात्र राउटे भएका पुष्टि भएको छ । यसअघि सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गतको भत्ता लैजाँदा पनि मौखिकरूपमा जे नाम बताए, त्यसैका आधारमा प्रत्येक व्यक्तिलाई उनीहरूको बसोबासस्थलमै पुगेर वितरण गरिन्थ्यो । नयाँ परिचयपत्र लिएपछिचाहिँ त्यसकै आधारमा सरकारी र गैरसरकारी सुविधा पाउने गरेका छन्।

सुदूरपश्चिम प्रदेशको दार्चुला जिल्लाका केही भागमा अझै पनि तुइन हटेको छैन। सरकारले २०७२ सालमै देशभरका तुइन बिस्थापन गर्ने नीति लिएको थियो। यसै क्रममा दार्चुलाको महाकाली नदीमा एक र सहायक नदीहरूमा तीन ठाउँका तुइन बिस्थापन भए।

# महिला अधिकार







सरकारी तथा गैरसरकारी संस्थाले महिलामाथि हुने हिंसाका घटनाको न्यूनीकरणका लागि गरेका अनेक प्रयासका बाबजुद नेपालमा नेपालमा महिलामाथि हुने हिंसाका घटनामा कुनै कमी आएको छैन । चाहे त्यो घरेलु हिंसाका नाममा होस् वा बलात्कारका घटना । यसैगरी कथित बोक्सीको आरोपमा महिलामाथि दुर्व्यवहार हुने क्रम रोकिएको छैन । नेपाल प्रहरीको महिला तथा बालबालिका सेवा केन्द्रमा हजारौँको सङ्ख्यामा घरेलु हिंसापीडित महिलाले उजुरी गर्ने गरेका छन् । प्रहरीकै तथ्याङ्कलाई आधार मान्ने हो भने घरेलु हिंसाका अधिकांश घटनामा मिलापत्र हुने गरेको छ। आर्थिक उपार्जनको कुनै बाटो नभएका महिला बाध्य भएर आफूमाथि कुटपिट गर्ने पति र परिवाजनका सदस्यसँग मिलापत्र गर्न बाध्य हुन्छन्। गम्भीर प्रकारका हिंसाका घटनामासमेत मिलापत्र भएका उदाहरण इन्सेकमा प्रशस्तै अभिलेख भए।

मुलुकभर यति धेरै तुइन बिस्थापन हुँदा पनि दार्चुलाको महाकाली नदीको तुइन भने कायमै रह्यो। २०७५/०७६ मा भने बल्लतल्ल महाकाली नदीमा पर्ने लेकम गाउँपालिका-३ लालीमा भोलुङ्गे पूल निर्माण गरिएको छ।

**निष्कर्ष**

'समृद्ध नेपालः सुखी नेपाली' भन्ने सरकारी नारा तथा कार्यक्रमलाई आमनागरिकले आशाको नजरले हेरे। सरकारले केही गर्दैछ भन्ने भाव जनतामा पैदा गराउन सरकार केही हदसम्म सफल भयो। नौलो अभ्यासका रूपमा सञ्चालनमा आएको सङ्घीयता र यसको अङ्ग सङ्घ, प्रदेश र स्थानीय तहले विकास तथा समृद्धिको जनचाहनालाई पूरा गर्ने खालका नीति तथा कार्यक्रम तयार गरी लागु गरिएको बताए। यी सबै सरकारले भौतिक पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, रोजगारलाई प्राथमिकता दिई आय/व्ययको विवरण प्रस्तुत गरे। संविधानत तोकिएका जिम्मेवारी पूरा गर्न सबै सरकारहरू क्रियाशील भएको आभास भयो।

संविधानको मौलिक हक कार्यान्वयनका सन्दर्भमा मौलिक हकसम्बन्धी कानुनको निर्माण गरिनु सुखद पक्षका रूपमा लिन सकिन्छ। निर्मला पन्तको बलात्कारपछि हत्या घटनाका आरोपितलाई कानुनी दायरामा ल्याउन नसक्नु, अदालतले रिहा गर्ने आदेश दिइसकेका व्यक्तिलाई पुन गिरफ्तार गर्नु, इन्काउण्टरका नाममा मानिसहरूको हत्या गरिनु जस्ता घटना यस सरकारको आलोचनाको विषय भयो। जनजीविकाका सवालमा भरपर्दो काम हुन नसकुञ्जेल नीति र नियममा उल्लेख गरिएका कुरालाई कसैले पत्याउँदैनन्। यो सरकारलाई काम नगर्न, परिवर्तनको आभास नदिलाउन, सङ्क्रमण, कानुनी अभावको बाहना देखाएर उम्कने छुट छैन। किनभने लामो अस्थिरताबाट दिक्क भएका नेपाली स्थायित्वका पक्षमा रहेका कारण यो गठबन्धनलाई दुई तिहाइ मत दिएका हुन्। जनताको आशा र भरोसालाई तुसारापात नगरी नीति तथा कार्यक्रम तय गर्नु यो सरकारको मुख्य अभिभारा हो।

**सुझाव**

- संविधानले ग्यारेण्टी गरेका मौलिक हकहरूको प्राप्तीका लागि तदारुकता देखाउने।
- अदालती आदेश कार्यान्वयन गर्न/गराउन सरकार जवाफदेही बन्नुपर्ने।
- मानव अधिकार उल्लङ्घनका गम्भीर घटनामा संलग्नलाई कानुनी दायरमा ल्याउने।
- सङ्क्रमणकालीन न्यायका सवाललाई पीडितमुखी बनाइ राज्यले अपनत्व गर्ने वातावरण तयार गर्नुपर्ने
- भूकम्पपीडितको पुनर्स्थापना कार्य निर्धारित समयमा सम्पन्न गर्ने।
- मानव अधिकार राष्ट्रिय कार्ययोजना प्रभावकारी कार्यान्वयन गर्ने।
- दिगो विकास लक्ष्य हासिल गर्न सोही अनुसारका सरकारी नीति तथा कार्यक्रम तय गर्ने।

**विजयराज गौतम**
कार्यकारी निर्देशक



**रूपन्देही** जिल्ला देवदह नपा–५ बस्ने २९ वर्षीय मनोज बुढामगर भनिने मनोज पुन र सिद्धार्थ नपा–६ बस्ने ४२ वर्षीय सोम आले २०७४ फागुन ९ गते प्रहरीको 'इन्काउन्टर'मा मारिएको समाचार सार्वजनिक भयो। मोस्ट वान्टेडसूचीमा रहेका पुनलाई प्रहरीले खोजिरहेको थियो। फागुन ८ गते मनोज र सोम भारतबाट नेपाल आउँदै गरेको सूचनाका आधारमा नेपाल प्रहरी र केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) को संयुक्त टोलीसँग फागुन ९ गते बिहान साँढे ३ बजे देवदह नपा–४ भवानीपुरमा जम्काभेट हुँदा गिरफ्तार गर्न खोजेको र उल्टै प्रहरीमाथि गोली प्रहार गरेपछि जवाफी कारबाहीमा उनीहरू मारिएको एसपी श्याम ज्ञवालीले बताए। युवा सङ्घ रूपन्देहीका जिल्ला अध्यक्ष दुर्गा तिवारीको २०७३ फागुन ४ गते, रूपन्देही देवदहका वसन्त 'बलु' पौडेलको २०७४ पुस २१ गते भएको हत्या र काठमाडौँका व्यवसायी शरद गौचनको २०७४ असोज २३ गते भएको हत्यामा पनि मनोजको संलग्नता रहेको प्रहरीको आरोप छ। मनोजका अभिभावकले आफ्नो छोराको बाँच्न पाउने अधिकार हनन् भएको र विभिन्न घटनामा उनी संलग्न नरहेको दाबी गरे।

**फोटो** : रीमा विसी, रूपन्देही




**कञ्चनपुर** जिल्ला भीमदत्त नपा–२ उल्टाखामकी १३ वर्षीया बालिका निर्मला पन्त ०७५ साउन १० गते साथीको घर गएदेखि परिवारको सम्पर्क बाहिर थिइन्। खोजी गर्ने क्रममा साउन ११ गते बिहान उनको शव भीमदत्त नपा–१८ निम्बुखेडा नजिकै रहेको उखुबारीमा पानीमा डुबेको अवस्थामा फेला परेको थियो। साथीको घर गएकी निर्मला साँझसम्म पनि घर नफर्किएपछि उनकी आमा दुर्गादेवी पन्त र आफन्तहरू निर्मलाकी साथी रोशनी बमको घरमा पुगी सोधपुछ गर्दा निर्मला दिउँसो २ बजे नै आफ्नो घरबाट निस्किएको जबाफ बमले दिएकी थिइन्। निर्मलाकी आमा दुर्गादेवी र छिमेकीले तत्काल इलाका प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरमा खोजतलासका लागि अनुरोध गरे पनि प्रहरीले तत्काल केही गर्न नसक्ने र भोलिदेखि खोजतास गरौँला भन्ने जबाफ दिएको दुर्गादेवीले बताइन्।

निर्मलाको शव भेटिएपछि आफन्त र स्थानीयहरू आक्रोशित भई घटनाको अनुसन्धान र दोषीलाई कारबाहीको माग गर्दै महेन्द्रनगर बजारमा प्रदर्शन गरेका थिए।

**फोटो** : कोमल निरञ्जन भाट, कञ्चनपुर



**सल्यान** जिल्लाको शारदा नपा-१० मधानामा रहेको बालिका आधारभूत विद्यालयमा कक्षा तीनसम्मको पढाइ हुन्छ। विद्यालय भवन जीर्ण छ। विद्यालयमा अध्ययनरत ३७ जना विद्यार्थीका लागि एक जना सहयोगी शिक्षिका मात्रै छन्। भूकम्पका कारण जीर्ण भएको भवनको पुनर्निर्माण हुन नसक्दा सबै विद्यार्थीलाई एउटै कोठामा पढाउनुपर्ने बाध्यता छ।

**फोटो** : मीना बुढाथोकी,सल्यान




**उदयपुर** जिल्ला त्रियुगा नगरपालिका– १३ का १३ वर्षीय पारस राई २०७४ चैत २८ गते सोही ठाउँको तरकारीलाइन जाने बाटोमा भएको बम बिस्फोटमा परी घाइते भए। घाइते बालकको चैत २८ गते जिल्ला अस्पतालमा उपचार हुन नसकेपछि थप उपचार विराटनगरमा भयो। पीडित पक्षले चैत २९ गते नचिनेका मानिसको समूहले गराएको बम विस्फोटमा बालक घाइते भएको भन्दै जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए।

**फोटो** : भरत खड्का, उदयपुर



**महोत्तरी** जिल्ला औरही नपा–१ की आठ महिनाकी बालिका सोनाली चौधरीको २०७५ भदौ १० गते अपहरण पछि बलात्कार र हत्या भयो। पीडितको बाबु सन्तोषको पसलबाट अपहरित बालिकाको शव भदौ ११ गते भँगाहा नपा–७ मा रहेको आँप बगैँचामा फेला परेको थियो। घटनामा संलग्न भएको आरोपमा प्रहरीले भँगाहा सितापुर नपा–६ का २५ वर्षीय भरत साहलाई कात्तिक ३ गते सप्तकोशी व्यारेजबाट प्रहरीले गिरफ्तार गर्‍यो। आरोपित थुनामा छन्।

**फोटो** : अजय साह, महोत्तरी



**काभ्रेपलाञ्चोक** जिल्ला तेमाल गाउँपालिका–१ सर्स्युखर्कको नौ वर्षीया एलिसा तामाङको २०७५ असार २० गते बारा जिल्ला, बारागढी गाउँपालिका–६ गडहल घर भई सोही स्थानमा मजदुरी गर्ने २३ वर्षीय जोखन मन्सुरी र मृतककी २१ वर्षीया दिदीबीच भएको शारीरिक सम्बन्ध देखेको भनी ढुङ्गाले टाउकोमा प्रहार गरी हत्या गरेर गुम्बा नजिकै फ्याकेको अवस्थामा शव फेला पर्‍यो । मृतकका आफन्त भीमबहादुर तामाङले ०७५ असार २१ गते जिल्ला प्रहरी कार्यालय धुलिखेलमा कर्तव्य ज्यान शीर्षकमा उजुरी दिए । शवको पोष्टमार्टम बनेपास्थित शीर मेमोरियल अस्पतालमा असार २१ गते भयो । प्रहरीले आरोपितलाई असार २० गते गिरफ्तार गरेकोमा जिल्ला सरकारी वकिल कार्यालयले ०७५ साउन १४ गते जिल्ला अदालतमा अभियोग दर्ता गर्‍यो । जिल्ला अदालतले ०७५ मङ्सिर १७ गते आरोपितमध्येका जोखन मन्सुरीलाई तीन वर्ष कैद र अर्की आरोपितलाई सफाइ हुने फैसला सुनायो ।

**फोटो सौजन्य** : जिल्ला प्रहरी कार्यालय, काभ्रे



**सप्तरी** जिल्ला राजविराज नपा–६ का २० वर्षीय विक्की राउतलाई २०७५ कात्तिक ९ गते जिल्ला प्रहरी कार्यालयको हिरासतमा असई मोती महतोले यातना दिएको पीडितले आरोप लगाए । छिमेकी ४५ वर्षीया एकल महिला आशादेवी देवको हत्या गरेको आरोप स्वीकार्न दबाब दिँदै आरोपितले लाठी, लात, मुक्का र पाइपले छाती, पिठ्युँ र पैतालामा कुटपिट गरेको पीडितले जनाए । कात्तिक ८ गते राति नियन्त्रणमा लिइएका राउतले हत्या आरोप नस्वीकारेपछि उनलाई कात्तिक १० गते दिउँसो घाइते अवस्थामा रिहा गरियो । उनको उपचार राजविराजस्थित गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पतालमा कात्तिक १० र ११ गते भयो । एसपी राजेन्द्र बिष्टले यातना दिएकोबारे आफूलाई जानकारी नभएको बताए भने पीडितले कतै उजुरी दिएनन् ।

**फोटो** : मनोहरकुमार पोखरेल, सप्तरी




**पर्सा** जिल्ला छिपहरमाइ नपा– ४ की १८ वर्षीया रविना खातुनलाई २२ वर्षीय पति साविर मियाँ धोवी, ५२ वर्षीय ससुरा फर्जन मियाँ, ५० वर्षीया सासू शोवायवा खातुन र १७ वर्षीया बालिकाले आगो लगाएर हत्या गर्ने प्रयास गरेको भन्दै पीडितले २०७४ चैत २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आफूलाई चैत १३ गते जलाएर कुनै उपचार नगराई घरमै बन्धक बनाएर राखेको रविनाले बताइन्। २१ गते घरबाट भागेर बीरगन्ज मनपा–३ छपकैयास्थित ठूलीआमाको घरमा पुग्न सफल भएपछि मात्र उनले उजुरी दिएकी थिइन्। रविनाको उपचार नारायणी उपक्षेत्रीय अस्पतालमा चैत २१ गते भयो। चैत २३ गते गिरफ्तार भएकी शोवायवालाई जिल्ला अदालतले २०७५ वैशाख २० गते साधारण तारिखमा रिहा गर्ने आदेश दियो। अन्य आरोपित गिरफ्तार भएनन्।

**फोटो** : के. सी. लामिछाने, पर्सा

फोटो : रमेशप्रसाद तिमल्सिना




२.१ राज्य र मानव अधिकार

# न्यायपालिका

परिच्छेद
२

## १. पृष्ठभूमि

संविधान कार्यान्वयनको हिसाब एवम् कार्यविधि तथा सारवान कानुनमा नवीनतम अभ्याससहितको नयाँ मुलुकी देवानी (संहिता) तथा फौजदारी (संहिता) ऐनहरूसमेत जारी भई प्रयोगमा समेत आइसकेको हिसाबले सन् २०१८ नेपालका लागि निकै महत्त्वपूर्ण अवधि रह्यो । यसर्थ पनि नागरिकको हक संरक्षणमा अभिभावकका रूपमा रहेको न्यायपालिकाको भूमिका पनि निसन्देह महत्त्वपूर्ण नै रहन्छ । संविधान सभाद्वारा २०७२ साल असोज ३ गते जारी नेपालको संविधानमा व्यवस्था गरिएका मौलिक हक र संवैधानिक हक तथा अन्य वैधानिक हकलगायतका मानव अधिकार उपभोगमार्फत विधिको शासनमा आधारित शासन पद्धतिको निर्माणमा न्यायपालिका संरक्षकको रूपमा हुन्छ । स्वतन्त्र र सक्षम न्यायपालिकाको स्थापना र यसको निष्पक्ष एवम् अविचलित कार्यसम्पादनले मात्र विधिको शासन सम्भव तुल्याउँछ । नेपालको संविधान (२०७२) मा विधिको शासन वा कानुनी राज्यको प्रवर्धन, मौलिक हक तथा कानुनी हकलगायतका मानव अधिकारको संरक्षण तथा स्वच्छ एवम् निष्पक्ष न्याय सम्पादनका लागि स्वतन्त्र र सक्षम न्यायपालिकाको प्रत्याभूत गरी लोकतान्त्रिक प्रणालीमा नागरिकका अधिकार संरक्षकका रूपमा न्यायपालिका परिकल्पना गरिएको छ । न्यायपालिकाको सक्षमता र स्वतन्त्रताबाट मात्र नागरिकका हक अधिकार संरक्षित हुन सम्भव छ ।

प्रस्तुत आलेखको समीक्षा अवधि सन् २०१८ अर्थात २०७४ पुस १७ देखि २०७५ पुस १६ सम्ममा नेपालको न्यायपालिकाले संविधान, कानुन तथा न्यायका अन्य मान्य सिद्धान्तमा आधारित रहेर गरेको कार्यसम्पादन समाविष्ट छ । प्रतिवेदन अवधिमा नेपालमा जननिर्वाचित दोस्रो संविधान सभाबाट संविधान जारी भएको तेस्रो वर्ष पूरा भएको छ भने न्यायपालिकाको तेस्रो रणनीतिक योजनाको अन्तिम वर्ष हो । नागरिकको मौलिक हकमात्र नभएर जोकसैको अन्य हक अधिकार उल्लङ्घन भएको होस् वा उल्लङ्घन गर्ने या कुण्ठित गर्न लागिएको अवस्थामा त्यस्ता हक अधिकार पुनर्बहाली गराइ हक अधिकार उपभोग गर्ने अवस्था सिर्जना गर्नका लागि स्थापित न्यायपालिका विधिको शासन र कानुनी राजको अन्तिम धरोहर हो । न्यायपालिकाको साख विगतमा दशक लामो सशस्त्र द्वन्द्वको दौरानमा पनि राज्यसत्ताविरुद्ध सशस्त्र विद्रोह गरिरहेका तत्कालीन नेकपा माओवादीका कार्यकर्ताको जीवनप्रतिको हक, यातनाविरुद्धको हक, बलपूर्वक बेपत्ता नबनाइने जस्ता अति आधारभूत हक रक्षाका लागि पनि विश्वासिलो संस्थाका रूपमा नेपालको न्यायपालिकाले प्रतिष्ठा आर्जन गरेको थियो ।[१] नेपालको न्यायपालिकाले नागरिकका अधिकारको संरक्षक (custodian) का रूपमा आफ्नो साख तथा विश्वास कायम गर्दै आएको छ ।


आर्थिक वर्ष २०७४।०७५ मा सर्वोच्च अदालतमा नयाँ पुराना गरी ३२,७१७ मुद्दाको लगत रहेकामा जम्मा १२,४१९ मुद्दाको मात्र अन्तिम सुनुवाइ हुन सक्यो भने २०२९८ को मुद्दा अर्को आर्थिक वर्षको लगतका रूपमा रहन गयो । यसरी जम्मा ३७.९६ प्रतिशतमात्र मुद्दाउपर अन्तिम सुनुवाइ हुन सक्नुले सर्वोच्च अदालतमा मुद्दाको चाप र फछ्र्योटको हिसाबले निकै दबाबपूर्ण रह्यो ।

यो समीक्षा अवधिमा सिङ्गो न्यायपालिकाको प्रमुख सर्वोच्च अदालतका प्रधान न्यायाधीश गोपाल पराजुलीको अस्वाभाविक बहिर्गमन, पराजुलीपछि सर्वोच्च अदालतका नेतृत्व सम्हालेका दीपकराज जोशीलाई संसदीय समितिको सुनुवाइमा अङ्क गणितीय जोड/घटाउका हिसाबमा अस्वीकृत गरिएको, नागरिकको मौलिक हक संरक्षणका लागि सर्वोच्च अदालतद्वारा निरोपित मुद्दाहरू, मुद्दाको चाप, पेशी व्यवस्थापनका साथै मुलुक सङ्घीयतामा प्रवेश गरेपश्चात सरकारका तीनै तहका निर्वाचनपश्चात स्थानीय तह सरकारमा गठित न्यायिक समितिको कार्यसम्पादनसमेतका विषयको समीक्षा यस आलेखमा छ ।

हरेक व्यक्तिको हक अधिकार उपभोग गर्ने अवस्था सिर्जना गर्न न्यायपालिकाको महत्त्वपूर्ण भूमिका हुन्छ । नेपालको न्यायपालिकाले यो भूमिका निर्वाह गर्ने क्रममा यस वर्ष केही सकारात्मक तर बढी निराशाजनक अवस्थाबीच सन् २०१८ व्यतीत भएको छ । यस आलेखमा न्यायपालिकाले यस वर्ष मानव अधिकारका क्षेत्रमा के/कस्ता योगदान पुऱ्याउन सक्यो भन्ने साथै अझ थप के गर्न सक्थ्यो भनेर लेखाजोखा गर्नुका साथै यस क्षेत्रका अन्य विषयको विवेचना गरिएको छ ।

१. तेजमान श्रेष्ठ, न्यायपालिका *नेपाल मानव अधिकार वर्ष पुस्तक, २०१६,* (काठमाडौँ : इन्सेक, २०१६)

**न्यायपालिकाको साङ्गठनिक स्वरूप**




*स्रोत : सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७४/०७५, पृष्ठ ४*

**२. सवैधानिक व्यवस्था**

नेपालको संविधानको भाग ११ मा न्यायपालिकासम्बन्धी व्यवस्था छ। जसअन्तर्गत धारा १२६ मा न्यायसम्बन्धी अधिकार अदालतबाट प्रयोग हुने भन्ने व्यवस्था छ। सोको उपधारा (१) मा नेपालको न्यायसम्बन्धी अधिकार यो संविधान, अन्य कानुन र न्यायका मान्य सिद्धान्तबमोजिम अदालत तथा न्यायिक निकायबाट प्रयोग गरिनेछ भन्ने छ। उपधारा (२) मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णय सबैले पालन गर्नुपर्नेछ। तसर्थ अदालतबाट जारी हुने आदेश व्यक्तिका लागिमात्र नभएर राज्य वा सरकारी अङ्गहरूलाई समेत उत्तिकै बन्धनकारी हुन्छ। धारा १२८ ले सर्वोच्च अदालतलाई संविधान र कानुनको व्याख्याताका रूपमा लिएको छ।

**३. कार्यसम्पादन**

कार्यसम्पादनको मुख्य आधार अदालतमा दर्ता हुने मुद्दाहरूको समयमै फछ्र्योट भएको सङ्ख्या नै हो। हुन त फैसलामात्र नभएर वास्तवमै पीडितले न्याय पाए/पाएनन् भन्ने अझै महत्त्वपूर्ण पक्ष हो तर यस समीक्षामा यसबारे चर्चा सम्भव छैन। यस उपशीर्षकमा गएको आर्थिक वर्षमा सर्वोच्च अदालतमा दर्ता भएका मुद्दा, पहिलेबाट सरिआएका मुद्दाउपरको दायित्व र समग्र न्यायालयमा नै हुन आउने मुद्दाको विषयगत प्रवृत्ति समीक्षा गरिएको छ।

## ३.१ मुद्दाको लगत र फछ्र्योटको अन्तर[२]

न्यायपालिकाअन्तर्गत सर्वोच्च अदालत, मातहतका अदालतहरू अर्थात उच्च अदालत तथा जिल्ला अदालहरू, राजश्व न्यायाधिकरणहरू, प्रशासनिक र श्रम अदालतसमेत पर्छ। यी सबै अदालत तथा न्यायाधिकरणअन्तर्गतका मुद्दाको लगतसमेत न्यायपालिकाको मुद्दाको लगतमा रहन्छन् । यसमा स्थानीय न्यायिक समितिमा परेका उजुरी भने समावेश छैन। आर्थिक वर्ष २०७४/०७५ मा नयाँ र पुराना मुद्दा गरी ३२ हजार ७ सय १७ दर्ता भएकामा त्यसको ३७.९६ प्रतिशत मुद्दामात्र सर्वोच्च अदालतले किनारा लगाउन सक्यो। यसरी मुद्दाको जिम्मेवारी र फछ्र्योटबीचमा ठूलो अन्तर छ । तथापि अघिल्लो आवको तुलनामा यस आवमा मुद्दा फछ्र्योट भने ४.९ प्रतिशतले वृद्धि भएको देखिन्छ। त्यसैगरी अघिल्लो आर्थिक वर्षबाट २१८२९ मुद्दा सरिआएको यो वर्षबाट अर्को आर्थिक वर्ष २०७५।०७६ का लागि २०२९८ मुद्दा सरेको छ। यसरी जिम्मेवारी सर्ने क्रममा भने केही थान मुद्दा आएको छ।

**तालिका १**

| आर्थिक वर्ष | जिम्मेवारी | नयाँ दर्ता | जम्मा | फछ्र्योट सङ्ख्या | फछ्र्योट प्रतिशत | बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २०७४/०७५ | २१८२९ | १०८८८ | ३२,७१७ | १२,४१९ | ३७.९६ | २०२९८ | अघिल्लो आवको तुलनामा ४.९ प्रतिशतले वृद्धि |
| २०७३/०७४ | २३,७१३ | १०६४० | ३४,३५३ | ११३२१ | ३३.०५ | २३०३२ | अघिल्लो आवको तुलनामा १.२७ प्रतिशतले वृद्धि |
| २०७२/०७३ | २३३३४ | ११८३५ | ३५,१६९ | १११७५ | ३१.७८ | २३९९४ | |

सर्वोच्च अदालतमा आर्थिक वर्ष २०७३/७४ को तुलनामा यो वर्षको कुल लगतमा पनि कमी छ । अघिल्लो आर्थिक वर्षमा जम्मा ३४,३५३ मुद्दा रहेकामा यो आर्थिक वर्षमा ३२,७१७ मात्र मुद्दा रहे । त्यस्तै आर्थिक वर्ष २०७२/०७३ मा सर्वोच्च अदालतमा ११,८३५ नयाँ मुद्दा दर्ता भए भने अघिल्लो आर्थिक वर्ष हरूबाट थुप्रिँदै आएका २३,३३४ मुद्दा गरी गरी कुल ३५,१६९ भए। यी मुद्दामध्ये सर्वोच्च अदालतले ३१.७८ प्रतिशतमात्रै अर्थात ११,१७५ मुद्दामात्र फछ्र्योट गर्न सक्यो। यसरी तथ्याङ्कका आधारमा यी तीन आवमा फछ्र्योट ३१.७८ प्रतिशत बाट बढेर ३७.९६ प्रतिशत पुगेको छ।

## ३.२ मुद्दाको चाप बढ्ने क्रम जारी

प्रत्येक आर्थिक वर्षको अन्त्यमा सर्वोच्च अदालतमा मुद्दाको अन्तिम सुनुवाइ हुन नसकी मुद्दाको सङ्ख्या बढ्ने क्रम जारी छ। हुन त उपशीर्षक मुद्दाको लगत र फछ्र्योटको अन्तरको विश्लेषणमा आर्थिक वर्ष २०७२।०७३ देखि आर्थिक वर्ष २०७४।०७५ सम्ममा मुद्दाको फछ्र्योट करिब ३२ (३१.७८) प्रतिशतबाट बढेर झण्डै ३८ (३७.९६) प्रतिशतमा पुगेको देखिँदा फछ्र्योट प्रतिशत बढेको छ। फछ्र्योटको सङ्ख्या भने आव २०७२।०७३ भन्दा आर्थिक वर्ष २०७३।०७४ मा थोरैले कमी आएको थियो भने आर्थिक वर्ष २०७४।०७५ मा बढेको छ। यसर्थ मुद्दाको लगत तथा फछ्र्योट प्रतिशतको अनुपातमा घट्दो रहे पनि हरेक वर्ष जिम्मेवारी सर्ने क्रम भने ठूलो मात्रामा छ। यो अवस्था सर्वोच्च अदालतको मात्र नभएर समग्र न्यायपालिकाकै हो ।

विगत एक दशकको तुलना गर्ने हो भने आर्थिक वर्ष २०६५/०६६ मा न्यायालयमा १,१४,५१८ लगत रहेकामा प्रतिवेदन अवधिको आर्थिक वर्ष २०७४/०७५ मा सो लगत बढेर २,७६,१४७ पुगेको छ ।[३] यसरी एक दशकमा लगतको सङ्ख्या दोब्बरभन्दा बढी भएको छ । यसले स्पष्ट के देखाउँछ भने समयमै मुद्दाको सुनुवाइ गरी अन्तिम किनारा लगाउनु पनि न्यायपालिकाको एक महत्त्वपूर्ण चुनौती हो।

आर्थिक वर्ष २०७४।०७५ मा नयाँ दर्ता, अघिल्लो आवहरूबाट सरिआएका पुराना मुद्दाहरू गरी जम्मा २ लाख ७६ हजार १ सय ४७ लगत पुगेकामा पछ्र्योट भई ९४ हजार ५ सय ३६ मुद्दामा न्याय निरूपण गर्ने देखिन्छ।[४] तसर्थ विद्यमान प्रणाली, मानव तथा अन्य भौतिक संसाधनका आधारमा मुद्दा व्यवस्थापनका हिसाबले निरुत्साहित हुनुपर्ने अवस्था छ।

समग्रमा सर्वोच्च अदालतको मात्र नभएर तिनै तहका गरी सबै अदालतको कार्यसम्पादन बोझ हेर्दा उजुरी वा मुद्दा फछ्र्योट सबैभन्दा ठूलो समस्या हो। लामो समयसम्म मुद्दाको निरूपण नहुनु भनेको न्याय निरूपण

२. सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७४/०७५, सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७३/०७४, वार्षिक प्रतिवेदन २०७२/०७३ का वार्षिक प्रतिवेदनहरू, पृष्ठ ५–७
३. सर्वोच्च अदालत, वार्षिक प्रतिवेदन, २०७४।०७५, पृष्ठ ६
४. सर्वोच्च अदालत, वार्षिक प्रतिवेदन, २०७२/०७३ पृष्ठ ५

नहुनु हो किनकि ढिलो न्याय दिनु भनेको न्याय दिन इन्कार गर्नु हो (Justice delayed is justice denied)। तसर्थ अङ्ग पुगेका मुद्दाको शीघ्रातिशीघ्र अन्तिम सुनुवाइ गरी न्याय निरूपण गर्नु न्यायपालिका लागि अर्को चुनौती हो।

**३.३ मुद्दा व्यवस्थापन**

सर्वोच्च अदालतमा हरेक इजलासमा दैनिक बीसौँको सङ्ख्यामा पेशी चढ्ने गर्छन्। तर ती सबैमा सुनुवाइ हुँदैन जुन सम्भव कुरा पनि होइन। यसो हुनुमा सम्भव हुनेभन्दा बढी सङ्ख्यामा मुद्दा पेशी चढाइनु एउटा महत्त्वपूर्ण कारण हो। आफ्नो मुद्दाको पेशी होला भनेर दिनभर पालो कुरेर बस्ने मुद्दाका पक्षहरूको मात्र नभएर सो मुद्दामा रक्षा/प्रतिरक्षा गर्न बसेका कानुन व्यवसायीको समेत दिन प्रत्युत्पादक बन्छ। यसका लागि बरु कतिओटा मुद्दाको सुनुवाइ गर्न सम्भव छ भनी अदालतभित्र पहिले नै प्रशस्त तयारी गर्ने, सो मुद्दामा प्रतिरक्षाका लागि संलग्न कानुन व्यवसायीसँग पनि विस्तृत परामर्श गरी पेशी तोक्ने कार्य गर्ने हो भनेमात्र यस प्रकारको पेशी चढ्ने तर मुद्दाका पालो नआउने जस्तो गम्भीर समस्याबाट न्यायपालिका मुक्त हुन सक्छ। तसर्थ यसका लागि न्यायाधीश, सरकारी अभियोजनकर्ता, प्रतिरक्षा गर्ने कानुन व्यवसायी तथा मुद्दाको सुनुवाइ भएपछि अन्तिम फैसला तयार गर्ने इजलास अधिकृतबीच समेत सहकार्य हुन जरुरी छ। साथै आवश्यक मानवीय र भौतिक संसाधन थप गर्नसमेत उत्तिकै जरुरी छ।

**४. स्थानीय तहका न्यायिक निकाय**

सविधानको धारा १२७ को उपधारा (१) मा नेपालमा (क) सर्वोच्च अदालत, (ख) उच्च अदालत, र (ग) जिल्ला अदालत रहने भन्ने व्यवस्था भए पनि सोको उपधारा (२) मा उपधारा (१) मा लेखिएदेखि बाहेक कानुनबमोजिम मुद्दा हेर्न स्थानीय स्तरमा न्यायिक निकाय वा विवाद समाधानका वैकल्पिक उपाय अवलम्बन गर्न आवश्यकताअनुसार अन्य निकाय गठन गर्न सकिने उल्लेख छ। तसर्थ सो तीन तहका अदालतबाहेक नेपालमा विभिन्न न्यायाधिकरणका अलावा देश सङ्घीयतामा गएपछि स्थानीय तह सरकार मातहतका स्थानीय स्तरमा न्यायिक समितिसमेत गरी नेपालमा कम्तीमा पाँच प्रकारका निकायले न्यायिक अधिकार प्रयोग गर्छन्।

संविधानले तीन तहका अदालत र विशेष न्यायाधिकरण वा अदालत रहने व्यवस्थाबाहेक कानुनबमोजिम मुद्दा हेर्न स्थानीय तहमा न्यायिक निकाय वा विवाद समाधानका वैकल्पिक उपाय अवलम्बन गर्न आवश्यकताअनुसार अन्य निकाय गठन गर्न सकिनेसमेत व्यवस्था गरेको छ। जसअनुसार संविधानमा नै स्थानीय तहमा न्यायिक समिति रहने व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले न्यायिक समितिलाई १. विवाद वा मुद्दाको सुनुवाइ गरी निरूपण गर्ने अधिकार र २. मेलमिलापको माध्यमबाट मात्रै विवादको निरूपण गर्ने अधिकार गरी न्याय निरूपण गर्ने अधिकार प्रदान गरेको छ। खासगरी दोस्रो अधिकारले यस्तो समितिले विवाद समाधानका वैकल्पिक उपायहरू अवलम्बन गर्न सक्नेगरी न्यायलाई सबै नागरिकको पहुँच, छिटोछरितो र कम खर्चिलो गरी समाधान गर्ने लक्ष्य वा चाहना राखी यो व्यवस्था गरेको हुनुपर्छ। सो समितिले सुनुवाइमार्फत विवादको निरूपण गर्ने विवादमा पनि न्यायिक समितिले सुरुमा मेलमिलाप गराउने प्रयास गनुपर्ने व्यवस्था गरेको छ। यदि मेलमिलापको प्रयास असफल भएमा मात्र सुनुवाइको प्रक्रियाद्वारा न्याय निरूपण गर्नुपर्छ।[५] स्थानीय तहमा गठित न्यायिक समिति स्थानीय समस्याबारे जानकार हुन्छन् तसर्थ उनीहरूले न्याय गर्न सक्छन् तर उनीहरू राजनीतिक दलबाट निर्वाचित भएर आएको हुनाले उनीहरूसँग न्यायिक मनको अभाव हुन सक्छ।

स्थानीय तहमा न्यायिक समिति गठन भई ती समितिबाट न्याय निरूपण गर्ने कार्य भइरहेका छन्।[६] यस क्रममा सातै ओटा प्रदेशका स्थानीय तहका न्यायिक समितिका कार्य सम्पादनसम्बन्धी अवस्थाको अध्ययन गरिएको थियो। प्रदेश नं १ को चार ओटा जिल्लाको ५० ओटा स्थानीय न्यायिक समितिको अवस्था हेर्दा उजुरी छिनिएको सङ्ख्या उत्साहजनक छ। संखुवासभा जिल्लाका ११ ओटा स्थानीय न्यायिक समितिमा १ सय ७१ ओटा उजुरी परेकोमा १ सय ७ ओटा उजुरी छिनिसकेको अवस्था छ। यसरी परेका उजुरीमध्ये ६२.६ प्रतिशत उजुरी छिन्ने काम भइसकेको छ। यस जिल्लाको भोटखोला गाउँपालिका भने कुनै उजुरी परेन। त्यस्तै भोजपुर जिल्ला अर्न्तगतका नौ ओटा स्थानीय न्यायिक समितिमा १ सय ९१ ओटा उजुरी परेकोमा १ सय ४९ ओटा उजुरी छिनिसकेको अवस्था छ। यसरी परेको उजुरीमध्ये ७८ प्रतिशत उजुरी छिनिएको छ। मोरङ जिल्लाअर्न्तगतका १८ ओटा स्थानीय न्यायिक समितिमा १ हजार ८ सय ९ ओटा उजुरी परेकोमा १ हजार २ सय २७ ओटा उजुरी

५. सतीश शर्मा स्थानीय तहको न्यायिक अधिकार र मेलमिलाप, कान्तिपुर राष्ट्रिय दैनिक, प्रकाशित मिति जेठ १, २०७५

६. प्रस्तुत समीक्षा तयार पार्ने क्रममा इन्सेकको आन्तरिक प्रतिवेदनहरुमा आधारमा तथ्याङ्कहरूको विश्लेषण गरिएको छ।

छिनिइसकेको छ ।[७] यी १८ ओटा न्यायिक समितिहरूले आफूकहाँ पर्न आएको परेको उजुरी मध्ये ६७.८ प्रतिशत उजुरी छिन्ने काम गरेका छन्। सुनसरी जिल्लाको १२ ओटा स्थानीय न्यायिक समितिमा ८ सय ८५ ओटा उजुरी परेकोमा ३ सय २२ ओटा उजुरी छिनिसकेको छ जसमध्ये ३६.३८ उजुरी छिन्ने काम भइसकेको छ। यस प्रदेशको अन्य तीन जिल्ला भन्दा सुनसरी जिल्लाका न्यायिक समितिको उजुरी छिन्ने प्रतिशत भने कम छ । उजुरीको विषय भने प्रदेश नं १ का ४ ओटा जिल्लाहरूका ५० ओटा न्यायिक समितिमा यस अवधिमा परेका ३ हजार ५६ उजुरी दर्ता भएकोमा १ हजार ८ सय ५ ओटा उजुरी भने टुङ्गो लागिसकेको छ । अर्थात ५९.०६ प्रतिशत उजुरी छिन्ने काम भइसकेको छ । यसरी हेर्दा स्थानीय न्यायिक समितिबाट समयमा नै न्याय सम्पादन हुने देखिन्छ ।[८] स्थानीय तहमा गठित न्यायिक समिति स्थानीय समस्याको वारेमा जानकार हुन्छन्, तसर्थ उनीहरूले न्याय गर्न सक्दछन् तर माथि नै चर्चा गरेजस्तै उनीहरू राजनीतिक दलबाट निर्वाचित भएर आएको हुनाले उनीहरूसँग न्यायिक मनको अभाव हुन सक्छ । उनीहरूलाई यस सम्बन्धमा अभ्यस्त गराउन र क्षमता अभिवृद्धिको कार्य भने हुन जरुरी छ।

प्रदेश नं. २ का ३ जिल्लाका ४ ओटा न्यायिक निकाय, प्रदेश नं. २ का ४ जिल्लाका १६ ओटा न्यायिक निकाय, गण्डकी प्रदेशको ३ जिल्लाका कावासोती, बागलुङ र गोरखा नगरपालिका र मोदी गाउँपालिका, प्रदेश नं. ५ को ४ ओटा जिल्लाको १६ ओटा न्यायिक समिति, कर्णाली प्रदेशको ३ जिल्लाका ३ ओटा न्यायिक समिति र प्रदेश नं. ७ को ३ जिल्लाको ७ ओटा न्यायिक समिति समेतको अवस्था तालिका २ मा समाविष्ट छ।

## ५. न्यायपालिका नेतृत्त्वको बहिर्गमन : कानुनी एवम् नैतिक प्रश्न

नेपालको न्यायिक इतिहासमा प्रधान न्यायाधीशको नियुक्ति सर्वोच्च अदालतका सबैभन्दा वरिष्ठतम न्यायाधीशबाटै गर्ने प्रचलन छ। यही कारण प्रधान न्यायाधीशको कार्यकाल लामो हुँदैन। प्रतिवेदन वर्ष सुरु हुनुभन्दा अगावै नेपालको सर्वोच्च अदालतका न्यायाधीश गोपाल पराजुली त्यस्तै वरिष्ठतम न्यायाधीशका आधारमा न्यायपरिषद्को

**क्षमता अभिवृद्धिको खाँचो : स्थानीय न्यायिक समिति**

१. गुमादेवी आचार्य, संयोजक, न्यायिक समिति तथा बुटवल उप–महानगरपालिकाका उपप्रमुख, प्रदेश नं. ५[९] स्थानीयस्तरमा न्याय दिलाउने विषय सुरु सुरुमा निकै चुनौतीपूर्ण लाग्थ्यो । झगडियाहरू चिनजानका र वास्तविकता बुझ्नभन्दा पनि गाउँकै छिमेकी त हो भन्ने हुन्थ्यो । आउन अलिक अप्ठ्यारो मानेजस्तो बुझिन्थ्यो । अहिले केही फेरिएको छ । बुटवल उपमहानगरपालिकामा कार्यविधि बन्नुभन्दा अगाडि १ सय ३५ ओटा मुद्दा न्यायिक समितिमा दर्ता भए। आर्थिक वर्ष ०७४/०७५ मा १६ ओटा, आर्थिक वर्ष ०७४/०७५ मा ७ ओटा मुद्दा फछ्र्योट भएको, अघिल्लो वर्षका ९ ओटा चल्दै गरेको, यो वर्षमा १३ ओटा दर्ता भएको र ३ ओटा मुद्दा अदालतमा पठाइएको छ।
हामीलाई खासै तालिम पनि प्राप्त भएको छैन। जिल्ला समन्वय समितिले तीन दिनको तालिम दिएको थियो। अहिलेसम्म त्यत्ति हो । हामीले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद–८ को न्यायिक कार्यसम्बन्धी व्यवस्थाको दफा ४७ (१) अनुरूप विवाद निरूपण गर्ने गरेका छौँ र (२) अनुसार मेलमिलापको माध्यमबाट विवाद निरूपण गर्ने व्यवस्था भएअनुसार अगाडि बढेका छौँ।

२. शान्तादेवी ज्ञवाली, शुद्धोधन गाउँपालिकाकी उपाध्यक्ष दुवै पक्षको कुरा सुनेर न्याय दिने काम असाध्यै चुनौतीपूर्ण रहेको बताउँछिन्। स्थानीयहरूकै समस्या बढी आउने भएकाले दुवै पक्षका कुरा सुनेर सम्झाइबुझाइ गरी मेलमिलाप गरी पठाउने गरेको उनले बताइन्। उनी भन्छिन्– पीडा दिने व्यक्ति बोलाउँदा नआउने समस्या पनि उत्तिकै छ । त्यसका लागि प्रहरीसँग पनि समन्वय गरेर अगाडि बढेको बताइन्। निष्पक्ष न्याय दिनु सबैभन्दा ठूलो काम भएकाले स्थानीय अदालतकै रूपमा काम गरिरहेको पनि उनले बताइन्। न्यायिक समितिमा आली, धुर, बाँध, पैनी, साँध मिचिएको, कुटपिट, गाली बेइज्जती, खान/लगाउन नदिएको, नागरिकता नबनाइदिने जस्ता मुद्दा आउने गरेका छन्।
शुद्धोधन गाउँपालिकाका अनुसार न्यायिक समितिमा अहिलेसम्म १ सय ५ ओटा उजुरी दर्ता भए। जसमध्ये ८० ओटामा मिलापत्र भएको, २० ओटा मुद्दा चालु रहेको र ५ ओटा अदालतमा पठाइएको न्यायिक समितिकी संयोजक शान्तादेवी ज्ञवालीले बताइन्।

७. यसमा केही न्यायिक समितिले जिल्ला अदालतमा पठाएको उजुर समेत गरेको तथ्याङ्क समेत समावेश हुन गएको छ।
८. सतीश शर्मा ''स्थानीय तहको न्यायिक अधिकार र मेलमिलाप'' कान्तिपुर राष्ट्रिय दैनिक, प्रकाशित जेठ १, २०७५
९. इन्सेकको आन्तरिक प्रतिवेदनका आधारमा तयार पारिएको

**तालिका २ : स्थानीय न्यायिक समिति र निर्णयहरू सङ्ख्या**

| क्र.सं. | प्रदेश | अध्ययन गरिएका जिल्लाको सङ्ख्या | अध्ययन गरिएको स्थानीय निकायका सङ्ख्या | उजुरीको सङ्ख्या | छिनिएका उजुरी सङ्ख्या | प्रतिशतमा | |
|---|---|---|---|---|---|---|---|
| १ | १ | ४ | ५० | ३०५६ | १८०५ | ५९।०६ | |
| २ | २ | ३ | ४ | ४२३ | १६१ | ३८।०६ | सबैभन्दा कम |
| ३ | ३ | ४ | १६ | ४४४ | ३०१ | ६७।९२ | |
| ४ | गण्डकी | ४ | ४ | १९६ | १६७ | ८५।२ | सबैभन्दा वढी |
| ५ | ५ | ४ | १६ | १२३१ | ७४० | ६०।१ | |
| ६ | कर्णाली | ३ | ३ | १०४ | ८६ | ८२।६९ | |
| ७ | सुदूरपश्चिम | ३ | ७ | ३७८ | २३७ | ६२।७९ | |
| जम्मा | | २५ | १०० | ५८३२ | ३४९७ | ५९।९६ | |

सिफारिसमा संवैधानिक परिषद्ले गरेको सिफारिसपश्चात संसदीय सुनुवाइ भई प्रधान न्यायाधीशमा नियुक्त हुनुभएको थियो। २०७४ फागुन ३० गते न्यायपरिषद्का सदस्यसचिवले प्रधान न्यायाधीश गोपाल पराजुली उमेरका हिसाबले मिति २०७४ साउन २१ गतेदेखि नै सेवा निवृत्त हुनुभएको भनी पत्र लेखेपछि सोही उमेर विवाद अन्ततः निजको राजीनामामा पुगेरमात्र टुङ्गियो। निजले पेश गरेका नागरिकताको प्रमाणपत्रमा फरक फरक मिति भएको भनी विभिन्न पत्रपत्रिकामा समाचार सम्प्रेषित भइरहेको अवस्थामा सोही विषयलाई लिएर कान्तिपुर पत्रिका र यसका सम्पादक तथा संवाददातामाथि मानहानिको मुद्दा नै चलिरहेको अवस्थामा उनले २०७४ चैत १ गते राष्ट्रपतिसमक्ष पदबाट सोही मितिबाट लागु हुने गरी राजीनामा दिए।[१०]

प्रधान न्यायाधीश गोपालप्रसाद पराजुलीको उमेर विवाद, कीर्ते शैक्षिक प्रमाणपत्र जस्ता समाचार लेखेबापत कान्तिपुर दैनिकलाई अदालतको अपहेलनासम्बन्धी मुद्दा लागेको थियो। सम्पादक, प्रकाशक र संवाददातासहितका विपक्षीलाई पराजुली स्वयम्ले अदालतमा वारेस राख्न नपाउने गरी आफैँ उपस्थित हुन आदेश दिनुभएको थियो।[११] अन्तिम सुनुवाइका लागि पराजुलीसहित पाँचजनाको पूर्ण इजलासमा पेस भएको थियो। दोस्रो दिनको सुनुवाइमा बहस गर्न कानुन व्यवसायीहरू प्रतीक्षारत रहेका बेला इजलासमा एकजना न्यायाधीश आई गोपाल श्रीमान् उमेर हदका कारणले अवकाश भइसकेको प्रमाण आजमात्र फेला परेकाले सेवानिवृत्त भइसकेको व्यक्तिले तोकेको इजलासमा बस्न मलाई कानुन र नैतिकताले दिएन, म इजलास बस्दिन[१२] भनेर न्यायाधीश चोलेन्द्रशमशेर राणाले घोषणा गरेपछि सो इजलास बस्न सकेन। प्राकृतिक न्यायको सिद्धान्तले पनि आफ्नो मुद्दामा आफैँ न्यायाधीश हुनुहुँदैन भन्ने मान्यतालाई नजरअन्दाज गरी आफैँ न्यायाधीश बन्नु उचित होइन।

न्यायपरिषद् र राष्ट्रपति कार्यालयजस्ता दुईओटा महत्त्वपूर्ण सरकारी निकायबीचमै पराजुलीको बहिर्गमनको मिति कुन हो भन्नेमा द्विविधा उत्पन्न भएको छ। न्यायपालिका बलियो र व्यावसायिक भएमात्र नागरिकले शासकविरुद्ध आफ्नो हक हनन भएको अवस्थामा कानुनी उपचार पाउने प्रत्याभूति रहन सक्छ। न्यायपालिकामाथि आग्रहपूर्ण सन्देहले समाजमा नकारात्मक सन्देश प्रवाह हुन गई कानुन उल्लङ्घन गर्नेहरूलाई झन् अराजक बनाउन भूमिका खेल्छ। साथै न्यायपालिका स्वयं पनि कानुनी शासनभित्रै रहनेमात्रै हैन कि उत्तिकै नैतिकवान रहनसमेत जरुरी छ।

स्वतन्त्र न्यायपालिकाको परिकल्पनाअनुसार कार्यपालिका र व्यवस्थापिकाले न्यायपालिकामाथि हस्तक्षेप नगरिने मान्यता हो। प्रधान न्यायाधीश सुशीला कार्कीमाथि पनि संसद्ले महाभियोगको संवैधानिक अभ्यास प्रयोग गरेको थियो जो हतारमा भएको थियो भनी केही संविधानविद् अझै आलोचना गर्दैछन्।[१३] अर्का प्रधान न्यायाधीश गोपाल पराजुली पनि उमेर विवादमा न्यायपरिषद्का सचिवले पत्र थमाएर घर पठाइए। न्यायपरिषद्का सचिवले न्यायाधीशहरूको निवृत्त हुने अवधिको जानकारीसम्म गराउनुपर्ने हो।

१०. अनलाइनखबर, २०७४ चैत १ गते १५ मा प्रकाशित, https://www=onlinekhabar=com/2018/03/665606

११. टीकाराम भट्टराई, चुनौतीको चुलीमा राणा, कान्तिपुर राष्ट्रिय दैनिक, पुस १९, २०७५

१२. ऐजन

१३. तेजमान श्रेष्ठ, कार्यपालिकाको छायाँमा न्यायपालिका, अन्नपूर्ण राष्ट्रिय दैनिक, प्रकाशित मिति १८ साउन २०७५, उक्त दृष्टिकोण यस लेखमा पनि उपलब्ध छ। http://annapurnapost.com/news/104573, last visted Jan 28, 2019

पराजुलीले आचरण विपरित वा गैरकानुनी काम गरेको भए निजलाई कानुनी कारबाही गर्नका लागि विद्यमान संयन्त्रभित्रै रही कारबाही गर्नुपर्थ्यो। अनिमात्र न्यायालय बलियो हुन्थ्यो, लोकतन्त्र सवल हुन्थ्यो ।[१४] निजले गैरकानुनी कार्य गरेको भए निजलाई कानुनी कारबाही गरेको भए वास्तवमै नेपालमा विधिको शासन छ भन्ने अनुभूति हुन्थ्यो । तर त्यसो नभएर केही स्थापित मिडियाले प्राथमिकताका साथ न्यायपरिषद्को सचिवको पत्रले प्रधान न्यायाधीश पदबाट गोपाल पराजुली पद मुक्त भएको भन्ने समाचार अति प्राथमिकता र महत्त्वका साथ संप्रेषण गरे तर निजले २०७४ चैत १ गतेदेखि नै लागु हुनेगरी राष्ट्रपतिसमक्ष दिएको राजीनामा र राष्ट्रप्रमुख राष्ट्रपतिबाट निजको सो राजीनामा स्वीकृत भएको विषयलाई भने खासै महत्त्व दिएनन् । न्यायपरिषद्को पत्रको आधारमा पहिल्यै नै पद मुक्त भएको व्यक्तिले फेरि पुन राजीनामा दिने र राष्ट्र प्रमुखले स्वीकृत गर्नुले न्यायपालिकाको साख जोगिँदैन । या न्यायपरिषद्को पत्रले आधिकारिकता पाउनुपर्थ्यो या त पद मुक्त भइसकेको व्यक्तिले फेरि राजीनामा दिन नमिल्ने हुनुपर्थ्यो। यसले पनि न्यायपालिका र राष्ट्र प्रमुख दुवैको विश्वसनीयतामा क्षयीकरण गराउँछ। विद्यमान कानुनी उपचारको अवलम्वन नगरी न्यायपालिकाभित्रकै गुट/उपगुटका आधारमा न्याय परिषद्का अध्यक्षसमेत रहने न्यायापालिका प्रमुखको लज्जाजनक बहिर्गमनले उब्जाएको कानुनी प्रश्न अनुत्तरित नै रहे भने नैतिक प्रश्न पनि बाँकी नै छ।

**६. प्रधान न्यायाधीश नियुक्तिका लागि संसदीय सुनुवाइ**

गोपाल पराजुलीको बहिर्गमनपछि लामो समयसम्म सर्वोच्चका वरिष्ठतम न्यायाधीश दीपकराज जोशीले कायम मुकायम प्रधान न्यायाधीशका रूपमा न्यायपालिकाको नेतृत्व गरे। प्रस्तावित प्रधान न्यायाधीश सो पदमा नियुक्तिका लागि गरिएको संसदीय सुनुवाइमा समितिले निजलाई ६ ओटा कारण दिइ २०७५ साल साउन १८ गते अस्वीकृत गर्‍यो ।[१५] समितिले निज जोशीको न्यायिक इमान र क्षमताको नै प्रश्न उठाइदियो ।[१६] यसले न्यापालिकाको नेतृत्वको दौडमा रहेका प्रस्तावित प्रधान न्यायाधीशलाई जिम्मेवार तुल्याउनेतर्फ मात्र काम नगरी बलियो सत्तापक्ष र संसद्प्रति जवाफदेही बन्नुपर्ने बाध्यता सिर्जना गरिदियो ।[१७]

शक्ति विभाजन र सन्तुलनले सरकारका तीनै अङ्गलाई कार्यात्मक स्वतन्त्रता प्रदान गरे पनि यस घटनाका आधारमा कार्यपालिकाको छायाँमा न्यायपालिका गुज्रिरहेको अवस्था पनि देखिन गएको छ भन्दा अत्युक्ति नहुने अवस्था सिर्जना भएको छ ।[१८] सुनुवाइ समितिका काम–कारबाही पूर्वाग्रहयुक्त छ र छैन भन्न सकिने अवस्था देखिएन। जसले पर्याप्त छानबिन गरी निष्कर्षमा पुग्नुपर्थ्यो वा पर्याप्त सुनुवाइको मौका दिनुपर्थ्यो। सरकारका तीन अङ्गमध्ये न्यायपालिकाको प्रमुख व्यक्तिमात्र नभएर संस्था पनि हो । न्यायपालिकाका प्रमुख संसदीय समितिमा मुसा मार्न नसकेर निरास रुझेको बिरालोजस्तो लत्राएर उभ्याउनु एवम् उभिनुले न न्यायपालिकाको साख रहन्छ न त लोकतान्त्रिक अभ्यास नै बलियो हुन्छ। त्योभन्दा पनि अझ विडम्बनापूर्ण त सदस्यहरूले निर्णयमा पुग्नुअगावै सोबारेमा नकारात्मक धारणा प्रवाह गर्नु, त्यसमा प्रस्तावित प्रधान न्यायाधीश आफैँले समानान्तर धारणा दिनु पक्कै पनि संसदीय अभ्यासमा हामी अपरिपक्व छौँ, अझै परिपक्व हुन बाँकी नै छ भन्ने हो।

नेपाली संवैधानिक इतिहासमा संसदीय सुनुवाइको अभ्यास शैशवकालमै छ। यसलाई प्रथा वा परम्परा भन्नु हतारो हुन जान्छ। नेपालको अन्तरिम संविधान २०६३ बाट सुरु गरिएको यो अभ्यास सुरुमा संवैधानिक पदका लागिमात्र भनिएको थियो । उक्त अन्तरिम संविधानको दोस्रो संशोधनबाट संवैधानिक परिषद्को सिफारिसमा नियुक्त हुने संवैधानिक पद, सर्वोच्च अदालतका न्यायाधीश र राजदूत भनेर स्पष्ट पारिएपछि सुरुमा भएको अस्पष्ट व्यवहारलाई थप प्रष्ट पारियो ।[१९] नेपालको संविधानको धारा २९२ मा त्यसैलाई निरन्तरता दिइएको छ। समितिबाट नियुक्तिका

१४. तेजमान श्रेष्ठ, कार्यपालिकाको छायाँमा न्यायपालिका, अन्नपूर्ण राष्ट्रिय दैनिक, प्रकाशित १८ साउन २०७५, उक्त दृष्टिकोण यस लेखमा पनि उपलब्ध छ। http://annapurnapost.com/news/104573, last visted Jan 28, 2019

१५. जनक नेपाल, अस्वीकृत श्रीमान्, नेपाल, २७ साउन, २०७५ पृष्ठ २१

१६. ऐजन, पृष्ठ २२

१७. ऐजन

१८. तेजमान श्रेष्ठ, कार्यपालिकाको छायाँमा न्यायपालिका, अन्नपूर्ण राष्ट्रिय दैनिक, प्रकाशित १८ साउन २०७५, उक्त दृष्टिकोण यस लेखमा पनि उपलब्ध छ। http://annapurnapost.com/news/104573, last visted Jan 28, 2019

१९. प्राध्यापक कृष्ण खनाल, कान्तिपुर राष्ट्रिय दैनिक, साउन १९, २०७५

लागि प्रस्ताव भएको नाम अस्वीकृत गर्दा दुईतिहाइ स्पष्ट बहुमत समिति सदस्यहरूको समर्थन चाहिन्छ । प्राविधिकरूपमा भन्दा सरकार पक्षको त्यहाँ सुविधाजनक स्पष्ट बहुमत छ । समितिमा भएका कारबाही विवरणसमेत सम्बन्धित निकायलाई उपलब्ध गराउनुपर्ने व्यवस्थाले हचुवाका भरमा वा कुनै दूराग्रह वा पूर्वाग्रहमा समितिले प्रस्तावित नाम अस्वीकृत नगरोस् भन्ने नै हो। समितिले यो कुरा सुनिश्चित गर्न सकेन भन्ने जमात पनि समाजमा छ। तसर्थ न्यायपालिकामा संसदीय सुनुवाइको प्रयोगमात्र भएन, व्यवस्थापिकाप्रति जवाफदेही बनाउन प्रहार पनि भयो।

दीपकराज जोशीलाई शैक्षिक प्रमाणपत्र नक्कली रहेको भनी संसदीय सुनुवाइ समितिले अस्वीकार गरेको ६ ओटा आधारमध्ये एउटा हो । निसन्देह प्रधान न्यायाधीश संविधानले तोकेको औपचारिक योग्यताबाहेक नैतिक चरित्रवान् र उच्च मनोबल भएको व्यक्ति हुनुपर्छ। समितिले भनेजस्तै र सञ्चारमाध्यममा आएजस्तै उनीबाट त्यो त्रुटि भएको हो भने उनको गलत कार्य कदापि क्षम्य हुन सक्दैन । राज्यकोषबाट उनले लिएको सुविधासमेत फिर्ता गराउनुपर्छ। तर वर्तमान सरकारले यसअघिको सरकारले गरेका राजनीतिक नियुक्ति उल्टाएकामा त्यसको कार्यान्वयनमा यो न्यायिक नेतृत्व बाधक रहेको सरकारले अनुभूत गरेको भन्ने विभिन्न माध्यमबाटै आएकै छ। निजको सम्बन्धमा सोधपुछ नगरी निर्णय गरियो।[३०] संसदीय सुनुवाइ विशेष समितिले पूरा आधार कारणबिना नै प्रधान न्यायाधीशमाथिको निर्णय गरेको छ। सुनुवाइ समिति सङ्ख्याको खेलमा गएको देखिएको छ। आग्रहपूर्वक निर्णय गरेको देखियो। जे/जुन कारणले जोशी अस्वीकृत भएका हुन् त्यसमाथि सोधपुछ गरेको भए राम्रो हुन्थ्यो। त्यसो गरिएन।[३१]

संसदीय सुनुवाइले न्यायाधीशको आचरण र छवि शुद्ध हुनुपर्ने सन्देश पनि दिएको छ । संसदीय सुनुवाइ विशेष समितिले लिएको यो निर्णय अस्वाभाविक होइन । विगतमा न्यायपालिकाको स्वच्छताका विषयमा प्रश्न उठ्ने गरेकामा अब त्यस्ता प्रश्नको जवाफ आउने अवस्था सिर्जना भएको छ। यो भनेको न्यायपालिकाको स्वच्छता कायम गर्ने अवसर हो। सरोकारवाला सबै अब त्यो अवसरलाई सदुपयोग गर्नेगरी अघि बढ्नुपर्छ। अर्को कुरा विशेष दायित्वमा रहेका व्यक्तिले विवादास्पद निर्णय गर्नुहुन्न भन्ने पाठ पनि यो प्रकरणले सिकाएको छ। चुनौती पनि छ। खासगरी न्यायालयको स्वतन्त्रतामाथि सरकार तथा संसद्को हस्तक्षेप हुन्छ कि अथवा ती निकायका मातहत ल्याइयो कि भन्ने शङ्का जन्मिएको भने पक्कै छ। त्यो शङ्कालाई सरकार र संसद् दुवैले भोलिका दिनमा चिर्न सक्नुपर्छ। समग्रमा समितिले गरेको आजको निर्णय सकारात्मक छ।[३२] समग्रमा न्यायालयको स्वतन्त्रतामाथि सरकार तथा संसद्को हस्तक्षेप भविष्मा पनि हुन्छ कि भन्ने त्रास बढेको छ । तसर्थ प्रधान न्यायाधीशमा नियुक्तिका लागि गरिएको संसदीय सुनुवाइमा समितिले वस्तुनिष्ठ आधारमा भन्दा पनि अङ्क गणितीय जोड/घटाउका आधारमा अस्वीकृत गर्न सक्ने देखियो।

संसदीय सुनुवाइ समितिको कार्यविधि २०७५ को नियम १७(१) ले त्यसरी प्रस्तावित व्यक्तिविरुद्ध दिइएका सूचना वा उजुरी गम्भीर प्रकृतिका र थप अनुसन्धान गर्नुपर्ने छन् भन्ने लागेमा समितिले कार्यदल गठन गरी थप अध्ययन वा अनुसन्धान गर्न सक्ने व्यवस्था गरेकै छ। समितिले यसै व्यवस्थाअन्तर्गत वा विद्यमान अन्य कानुनी संयन्त्र प्रयोग गरी त्यसरी उठेका संशययुक्त प्रश्नलाई उचित ढङ्गले सम्बोधन गरेर उसले पनि कानुनी शासनलाई उपेक्षा गरेको छैन भनी सन्देश दिन सक्नुपर्थ्यो ।[३३] उक्त कार्यविधिले प्रस्तावित व्यक्तिको बारेमा केही बुझ्नुपर्ने देखेमा सोका लागि कार्यविधिमा नै उल्लेख गरिएअनुसार बुझ्ने अथवा सो सम्बन्धमा अभिलेख रहने सम्बन्धित निकायबाट बुझ्ने न्यूनतम कार्यसम्म नगरी शङ्काका भरमा नै हठात निर्णय गर्नाले न्यायपालिका वास्तवमै प्रहार अनि प्रयोगको स्थल भएको छ।

### ७. मौलिक हकको रक्षा

संविधानद्वारा प्रत्याभूत गरिएको मौलिक हक हनन् भएको अवस्थामा सिधै सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्र अर्थात रिट निवेदनमार्फत कानुनी उपचार प्राप्त हुने व्यवस्था छ । यो वर्ष न्यायपालिकाले नागरिकका यी हक कार्यान्वयन गर्न जारी गरेका केही आदेशबारे यस खण्डमा समीक्षा गरिएको छ। जसअन्तर्गत सम्पत्तिसम्बन्धी हक, विरोध प्रदर्शन गर्ने हक, स्वास्थ्यसम्बन्धी हकलगायत छन्।

---

३०. ओमप्रकाश अर्याल, नागरिक दैनिक, https://nagariknews.nagariknetwork.com/news/53473/

३१. ऐजन

३२. अधिवक्ता टीकाराम भट्टराई, https://nagariknews.nagariknetwork.com/news/53473/

३३. तेजमान श्रेष्ठ, शासन विधिको कि संसादको ?, अन्नपूर्ण पोष्ट, राष्ट्रिय दैनिक, २०७५

### ७.१ नागरिक स्वतन्त्रताको उपभोग, भारतसँगको पारबहन सुविधा तथा राज्यको दायित्व[२४]

नेपालको संविधान जारी भएपछि तराई मधेसका नागरिकहरू एवम् त्यस क्षेत्रमा बढी प्रभाव रहेका राजनीतिक दलहरूले नेपाल–भारत सीमामा आफ्नो राजनीतिक तथा नागरिक हकअन्तर्गतको नागरिक स्वतन्त्रताको अभ्यास गर्ने क्रममा सीमाबाट आयातलाई नै पूर्णरूपमा अवरोध गरेको भनिएको तथा भारतले त्यसलाई औपचारिकरूपमा नाकाबन्दी वा अन्य यस्तै केही नभने पनि प्रभावका हिसाबले नाकाबन्दी सरहकै अवस्था सिर्जना हुन गई नेपालमा पेट्रोलियम पदार्थ, पकाउने ग्याँस, औषधिलगायत दैनिक जीवनका लागि अत्यावश्यक वस्तुहरूसमेतको अभाव हुन गई जनजीवन नराम्रोसँग प्रभावित हुन गएको विषयमा सर्वोच्च अदालतमा उत्प्रेषणको आदेशसहित दर्ता गरिएको एक रिट निवेदनमा अदालतले एक महत्त्वपूर्ण फैसला गऱ्यो । उक्त रिट जारी नभई खारेज भए पनि अदालतले सरकारलाई नागरिकका हक रक्षार्थ आवश्यक पूर्वतयारी गर्ने आशयसहितका निर्देशनात्मक आदेश जारी गरेको छ । साथै मौलिक हक उपभोग गर्दा अरुको हकको समेत सम्मान गर्न पनि जरुरी रहेको भन्दै आदेशमा भनिएको छ– स्वतन्त्रता कहिल्यै निरपेक्ष हुँदैन, मौलिक हकका रूपमा प्रदत्त उक्त स्वतन्त्रताहरू निरपेक्ष होइनन् भन्ने कुरा तिनै स्वतन्त्रतासम्बन्धी मौलिक हकको प्रावधानका प्रतिबन्धात्मक वाक्यांशहरूले समेत पुष्टि गरेको देखिने ।[२५]

त्यस्तै बन्दका अवाञ्छित क्रियाकलाप रोक्नका लागि हाल कानुनी व्यवस्था भइरहेको देखिएकाले भइरहेका कानुनी प्रावधानहरूको सशक्त कार्यान्वयन गर्नू, बन्दका क्रममा सर्वसाधारणको सामान्य व्यवहारमाथि हुने अवाञ्छित हस्तक्षेप गर्ने व्यक्तिहरूलाई पक्राउ गरी कडाइका साथ कानुनको दायरामा ल्याउन मातहतका निकायहरूलाई निर्देशन दिनू, साथै निवेदकले उठाएको विषयवस्तु नेपाल र भारतसँगको पारबहनसँग समेत सम्बन्धित भएकाले सो विषयको संवेदनशीलतालाई अदालतले नजर अन्दाज गर्न नमिल्ने[२६] भन्नेसमेत छ।

त्यस्तै नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि/सम्झौताद्वारा सिर्जित दायित्व सम्बन्धमा सन्धिको पक्ष भई सहमति जनाएका अन्तर्राष्ट्रिय सन्धि/सम्झौताबाट सिर्जित दायित्व सभ्य मुलुकहरूले पालना र कार्यान्वयन गर्छन् भन्ने अपेक्षा हुनु स्वाभाविक छ । आफूले समेत सहमति जनाएका अन्तर्राष्ट्रिय सन्धि/सम्झौतालाई मुलुकको आवश्यकता, उपलब्ध स्रोत, साधन र क्षमताअनुसार क्रमशः कार्यान्वयन हुनुपर्छ भन्ने कुरामा विवाद हुन नसक्ने[२७]भन्ने छ।

### ७.२ जमिनको खण्डीकरण रोक्ने र पेशा/व्यवसाय गर्न पाउने सम्बन्धमा[२८]

कृषियोग्य जग्गाको खण्डीकरणको नियन्त्रण तथा घर, आवास एवम् सामूहिक आवास र परियोजना निर्माणकाबीच सन्तुलन गर्ने हेतुले जारी यस निर्देशनात्मक आदेशमा सम्पत्तिसम्बन्धी नैसर्गिक हकका साथै कानुनी हकसमेत रहेकाले त्यस्तो हकको उपयोग र प्रचलन प्रचलित कानुनबमोजिम एवम् सोको व्यवस्थाको अधीनमा रहेर गर्नका लागि आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक भए पनि यो पूर्णरूपले, स्वच्छन्द एवम् बिना रोकटोकको खुला, स्वतन्त्र एवम् निरपेक्ष हक हो भनी भन्न नमिल्ने भन्ने छ।

स्थानीय तह र सहरी क्षेत्रमा पनि व्यक्तिका जग्गा खरिद बिक्री गरी तिनको प्लानिङ एवम् प्लटिङबाट भएका घडेरीहरूमा घर, आवास र अग्ला भवन निर्माण गर्न अन्य पूर्वाधारका अवस्थाहरू विकसित गरिएको हुनुपर्ने हुन्छ। त्यसरी बसोबास एवम् आवास, आयोजना, व्यावसायिक, उद्योग एवम् अन्य क्षेत्रका लागि घडेरी बनाउँदा वा जग्गाको वर्गीकरण र क्षेत्र निर्धारण गर्दा त्यस ठाउँमा सडकको चौडा, ढल निकासको स्थिति, भवन निर्माण गर्दा सम्बन्धित एवम् स्थानीय निकायले तोकेका न्यूनतम मापदण्डका आधारमा दीर्घकालीन समयसम्म उपयोगको दृष्टिकोणले

२४. रिट नं. ०७२-WO-०२८७ निर्णय नं. ९९८४ (उत्प्रेषण) ने. का. प. भाग ६०, साल २०७५, महिना असार, अङ्क ३ (फैसला मिति २०७४।१०।१५, सर्वोच्च अदालत, संयुक्त इजलास, न्यायाधीश पुरुषोत्तम भण्डारी र बमकुमार श्रेष्ठ, ख मुद्दा : उत्प्रेषण, रिट निवेदक अ. पारसमणि भट्टराईसमेत विपक्षी र प्रत्यर्थी प्रधानमन्त्री एवम् मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौँसमेत )

२५. रिट नं. ०७२ -WO- ०२८७, प्रकरण नं. ५

२६. रिट नं. ०७२ -WO- ०२८७, प प्रकरण नं. ८

२७. रिट नं. ०७२ -WO- ०२८७, प प्रकरण नं. ८

२८. निर्णय नं. ९९३३, ०७४(WO-००७२, (उत्प्रेषण) अ. जगदीश आचार्य वि. भूमि सुधार तथा व्यवस्था मन्त्री गोपाल दहितसमेत, भाग ६०, साल २०७५, महिना वैशाख, अङ्क १, फैसला २०७४।११।०२, पृष्ठ २७०

*८. रिट निवेदन खारेज भए तापनि निवेदकले उठाएको विषय तर्कसङ्गत तथा नेपाली जनजीवनमा देखिएको समस्या र व्यवस्थित गर्नुपर्ने आवश्यक देखिएको विषय हो। अधिकार (Right) कहिल्यै निरपेक्ष (Absolute) हुँदैन यो सधैँ कर्तव्य (Duty) सँग सापेक्षिक हुन्छ। Right and duty are coincide of a coin भन्ने विधिशास्त्रीय मान्यतालाई नेपालको अन्तरिम संविधान, २०६३ तथा नेपालको संविधानले समेत आत्मसात गरिरहेकै देखिएको छ। नेपालको संविधानको धारा ४८ ले गरेको नागरिक कर्तव्यको व्यवस्थासमेतले यस कुरालाई व्यवस्थित गरेको देखिन्छ। निरङ्कुश प्रकृतिको अथवा अर्काको हकाधिकारमा खलल पुऱ्याउने, बाधा अवरोध गर्ने किसिमले उपभोग गर्न खोजिने अधिकारहरूलाई कानुनद्वारा नियमित र नियन्त्रित गर्न संविधानले रोक लगाएको छैन भन्ने कुरा माथि गरिएको विवेचनाबाट पनि देखिएको छ। संविधानसम्मतरूपमा बन्दविरुद्धको कानुनी दायरा बढाउने गरी थप कानुनी व्यवस्था गर्न तथा भइरहेका कानुनी व्यवस्थाहरूको कडाइका साथ पालना गर्न लगाउनु पनि हालको अवस्थामा वाञ्छित र आवश्यक देखिन्छ। बन्दका अवाञ्छित क्रियाकलाप रोक्नका लागि हाल कानुनी व्यवस्था भइरहेको देखिएकाले भइरहेका कानुनी प्रावधानहरूको सशक्त कार्यान्वयन गर्नु, बन्दका क्रममा सर्वसाधारणको सामान्य व्यवहारमाथि हुने अवाञ्छित हस्तक्षेप गर्ने व्यक्तिहरूलाई पक्राउ गरी कडाइका साथ कानुनको दायरामा ल्याउन मातहतका निकायहरूलाई निर्देशन दिनु साथै निवदेकले उठाएको विषयवस्तु नेपाल र भारतसँगको पारवहनसँग समेत सम्बन्धित भएकाले सो विषयको संवेदनशीलतालाई अदालतले नजरअन्दाज गर्न मिल्दैन। नेपालीको जनजीवन नै अत्यन्तै प्रभावित बनाउनेखालको सन्दर्भमा सोको आवश्यक बन्दोबस्तका लागि राज्यका सरोकारवाला प्रत्येक अङ्ग संवेदनशील हुनैपर्छ। त्यस्तै आफूसमेत पक्ष बनेको अन्तर्राष्ट्रिय महासन्धिहरूले सिर्जना गरेको राष्ट्रिय दायित्वबाट पनि राज्य पछाडि हट्न मिल्दैन। सन्धिको पक्ष भई सहमति जनाएका अन्तर्राष्ट्रिय सन्धि/सम्झौताबाट सिर्जित दायित्व सभ्य मुलुकहरूले पालना र कार्यान्वयन गर्छन् भन्ने अपेक्षा हुनु स्वाभाविक छ। आफूले समेत सहमति जनाएका अन्तर्राष्ट्रिय सन्धि/सम्झौतालाई मुलुकको आवश्यकता, उपलब्ध स्रोत, साधन र क्षमताअनुसार क्रमशः कार्यान्वयन हुनुपर्छ भन्ने कुरामा विवाद हुन सक्दैन। अन्तर्राष्ट्रिय कानुनको प्रावधानलाई कार्यान्वयन गर्दा मुलुकको संवैधानिक व्यवस्था, सम्बन्धित कानुनका व्यवस्थाहरू तथा अन्य अन्तर्राष्ट्रिय कानुनका व्यवस्थाहरू र त्यसबाट पर्ने असरहरूलाई अध्ययन नगरी एकाङ्गीरूपमा कार्यान्वयन हुन गएमा त्यस्तो कार्यान्वयन पूर्ण नहुने सम्भावनासमेत रहन सक्छ। त्यसैले निवेदकहरूले उल्लेख गर्नुभएको अन्तर्राष्ट्रिय कानुनको प्रावधानलगायत तथा त्यसलाई कार्यान्वयन गर्दा मुलुकको संवैधानिक व्यवस्था तथा सम्बन्धित कानुनका व्यवस्थाहरूमा पर्ने असरसमेतको व्यापक अध्ययन हुनका साथै यससँग सम्बन्धित विभिन्न पक्षसँग छलफल तथा विचार विमर्श हुनुपर्ने आवश्यक देखियो। यस्तो अध्ययन, छलफल एवम् विचार विमर्शबाट आवश्यक र उपयुक्त कानुन बनाउने जिम्मेवारी विधायिकाको भएकाले नाकाबन्दीबाट नेपालको संविधानको धारा ४, ५, १६, ४४ प्रदत्त मौलिक हकको उल्लङ्घन हुने हुँदा दुवै पक्ष राष्ट्रहरूले पालना गर्नुपर्ने अन्तर्राष्ट्रिय मान्यताबमोजिम व्यापारसँग सम्बन्धित बहुपक्षीय तथा द्विपक्षीय सम्झौताहरूको परिपालना र पुनरावलोकन सम्बन्धमा आवश्यक व्यवस्था गर्नू भनी विपक्षीहरूको नाममा निर्देशनात्मक आदेश जारी हुने ठहर्छ। यो आदेशको कार्यान्वयनका लागि आदेशको जानकारी विपक्षीहरूलाई दिइ दायरीको लगत कट्टा गरी नियमानुसार मिसिल अभिलेख शाखामा बुझाइदिनू।*

सहज हुनेगरी बन्नुपर्ने हुन्छ। कृषियोग्य जमिनलाई खण्डीकरण (कित्ताकाट) गरी घडेरीका रूपमा आवास, आयोजना, औद्योगिक एवम् अन्य व्यावसायिक क्षेत्रका रूपमा विकसित गर्ने गरिएमा त्यसको वातावरणीय असर एवम् प्रभावहरू त्यहाँका स्थानीय जनतालाई पर्ने हुनुहुँदैन। त्यस्ता क्षेत्रमा आवास, व्यावसायिक, आयोजना एवम् औद्योगिक संरचनाहरू निर्माण गरिँदा स्थानीय जनताको सहमति एवम् त्यसको प्रतिफलको केही हिस्सा त्यहाँका जनतालाई पनि प्राप्त हुनुपर्ने किसिमको नीति बनाउनुपर्ने हुन्छ। कृषियोग्य जमिनको खण्डीकरणबाट बन्ने विशेषतः ठूला भवन, आवास, अपार्टमेन्ट, आयोजना, व्यावसायिक एवम् औद्योगिक संरचनाहरूबाट त्यस स्थानको वातावरणीय स्वच्छता, स्थानीय जनताको कृषि व्यवसाय र सुरक्षित आवासको प्रयोगमा पर्नसक्ने प्रभाव र सुरक्षाको दृष्टिकोणबाट हुनुपर्ने प्रत्याभूति एवम् उनीहरूले त्यसको प्रतिफलको हिस्सा प्राप्त गर्ने सम्बन्धमा स्थानीय जनताको सहभागिता र सहमति नितान्त आवश्यक पर्ने हुन्छ। पर्याप्त पूर्वाधारबिना भावी पुस्तालाई असर पर्ने, स्थानीय जनताको सहमति एवम् सहभागिता नभएको र स्थानीय क्षेत्रमा वातावरणीय स्वच्छता एवम् सुरक्षाको दृष्टिकोणबाट अनुपयुक्त हुने गरी जग्गाको खण्डीकरण गरेर निर्माण गरिने आवास, आयोजना, व्यावसायिक एवम् औद्योगिक संरचनालाई राज्यको नीतिबाट निषेध गर्नुपर्छ। आवास, आयोजना व्यावसायिक एवम् औद्योगिक संरचना निर्माण गर्दा राज्यले तर्जुमा गरी लागु गरेको काठमाडौँ उपत्यकाभित्रका नगरपालिका र नगरोन्मुख गाउँ विकास समितिहरूमा गरिने निर्माणसम्बन्धी मापदण्ड, २०६४ र काठमाडौँ उपत्यकाको दीर्घकालीन विकास अवधारणा, २०५९ का व्यवस्थाहरू पूर्णरूपमा कार्यान्वयन भइरहे/नरहेको सम्बन्धमा पर्याप्त अनुगमन गरी पूर्वाधार र मापदण्डबाहिरका घर जग्गाको प्लानिङ र आवास निर्माण कार्यलाई निषेध र नियन्त्रण गर्न सक्नुपर्छ। यस्ता

मापदण्ड र नीतिहरू बनाएर उपत्यकाबाहिरका प्रदेशभित्रका नगरोन्मुख गाउँपालिका र नगरपालिकाभित्र पनि कार्यान्वयन गर्न सख्त जरुरी भइसकेको छ। सहरभित्रका साना घरका मध्य भागमा बन्ने अग्ला भवन, ठूला अपार्टमेन्ट एवम् हाउजिङले वरिपरिका घरहरूलाई सधैँ असुरक्षित बनाइरहेका छन्।

### ७.३ विदेशमा बस्ने नागरिकको मताधिकारको बारेमा [१९]

ठूलो सङ्ख्यामा नेपाली युवा वैदेशिक रोजगारमा रहेका तर, हालसम्म उनीहरू मतदानको अधिकारबाट वञ्चित भएको अवस्थामा त्यसले निर्वाचनकै निष्पक्षता र पवित्रतामा नै प्रश्न उठ्न सक्ने देखिन्छ भन्दै सर्वोच्च अदालतले ऐतिहासिक फैसला सुनाएको छ। "देशको जनसङ्ख्याको ठूलो हिस्सालाई अलग राखी गरिने निर्वाचनले एकातर्फ ती नागरिकहरूको मताधिकारलाई हनन् गर्छ भने अर्कोतर्फ त्यसरी गरिने निर्वाचनको परिणामले नागरिकहरूको वास्तविक इच्छा र भावनालाई पूर्ण रूपमा प्रतिबिम्बित गर्न सक्दैन, फैसलामा भनिएको छ, यसरी वैदेशिक रोजगारमा रहेका नागरिकहरूलाई मतदानको अधिकारबाट वञ्चित गर्दा त्यसले निर्वाचनकै निष्पक्षता र पवित्रतामा नै प्रश्न उठ्न सक्ने देखिन्छ।

राज्यले गर्ने निर्वाचनहरू स्वच्छ र निष्पक्ष हुनुपर्छ भन्ने विषयमा कुनै विवाद हुन नसक्ने भन्दै सर्वोच्चले भनेको छ, जनसङ्ख्याको ठूलो हिस्सालाई मत खसाल्ने अवसरबाटै विमुख गरी गरिने निर्वाचनलाई पूर्ण रूपमा जनअनुमोदित भनी मान्न पनि सकिँदैन।

सर्वोच्चले ६ ओटा विषयमा सरकारलाई निर्देशन समेत दिएको छ। सर्वोच्चले वैदेशिक रोजगारीको क्रममा विदेशमा रहेका नागरिकहरूलाई मात्र external voting को अधिकार प्रदान गर्दा समान स्थितिका समान नागरिकबीच विभेद हुने अवस्था सृजना हुने भएकोले सबै नागरिकहरूलाई मतदानको अधिकार सुनिश्चित गर्न आवश्यक प्रबन्ध गरी व्यवस्थित गर्नेतर्फ आवश्यक कदम चाल्नु भनी पहिलो निर्देशनात्मक आदेशमा भनेको छ।

१९. प्रेमचन्द्र राई वि नेपाल सरकार, रीट नं ०७३ _WO_ ११४९, दुर्गा दुलाल, "यस्तो छ, विदेश बस्ने नेपालीलाई मतदान अधिकार दिलाउने सर्वोच्चको फैसला", २०७५ प्रकाशित भदौ १७

संविधानको धारा ५१ (ङ) ले निर्दिष्ट गरेको राज्यको नीतिमा वास्तविकरूपमा व्यवहारमै प्राप्त गर्न कृषियोग्य जमिनलाई व्यवस्थित एवम् नियन्त्रण गर्नका लागि वर्तमान कानुनी एवम् नीतिगत व्यवस्थामा देहायका सुधार गर्न यो निर्देशन जारी गरिदिएको छ।

(१) कृषि र भूमि सुधार नीतिलाई कार्यान्वयनमा ल्याउन पनि कानुन आवश्यक हुने भएकाले संविधानमा उल्लिखित उपर्युक्त विषयहरूमा उपर्युक्तानुसारको मन्त्रीस्तरीय निर्णयबाट जारी निर्देशनको बुँदा नं. १ लाई व्यवहारमा ल्याउनका लागि उपर्युक्त प्रकरण नं. २१ मा उल्लेख भएबमोजिम यथाशीघ्र कानुन बनाएरमात्र जमिनको वर्गीकरण गरी कृषियोग्य, औद्योगिक एवम् वन क्षेत्रको जमिन निर्धारण एवम् समुचित व्यवस्थापन, कृषि र भूमि सुधार, व्यवस्थित आवास तथा सहरी विकास, वातावरणीय सन्तुलन एवम् संरक्षण गर्दै प्रत्येक नागरिकको सम्पत्तिसम्बन्धी हकको सुनिश्चितता गर्ने/गराउने।

(ख) त्यसरी कानुन नबनेसम्म नेपाल सरकार मन्त्रीस्तरको मिति २०७४।४।२६ को निर्णयबमोजिम जारी भएको उपर्युक्त निर्देशनको बुँदा नं. २ को (ख) को नीतिमा उल्लिखित व्यवस्थामा प्रस्तुत आदेशको उपर्युक्त प्रकरण नं. २२ मा उल्लेख भएअनुसार व्यक्तिले ससिम कित्ता जग्गा वर्षमा एक पटकभन्दा बढी कित्ताकाट गरी बिक्री गर्न नपाउने व्यवस्थालाई सुविधायुक्त बनाउन यही प्रक्रियामा थप सुविधा प्रदान गर्ने वा अन्य विकल्पको पनि व्यवस्था गर्ने।

(ग) घर जग्गाको प्लानिङ र प्लटिङ र आवास निर्माण गरी बिक्री गर्न स्वीकृति प्राप्त गरेका व्यक्ति, सङ्घ, संस्था, फर्म एवम् कम्पनीले माथिका प्रकरण नं. २३, २४ र २५ मा उल्लेख भएअनुसार व्यवहारोपयोगी एवम् राज्यबाट निर्धारण गरिएका निश्चित नीति, मापदण्ड एवम् सीमा (Limitation) का आधारमा घरजग्गाको प्लटिङ एवम् प्लानिङ र आवास निर्माण गरी बिक्री गर्न चाहेमा सोको औचित्यता हेरेर अनुमति एवम् स्वीकृति प्रदान गर्ने वा त्यसमा गरिसकेको लगानीको वैकल्पिक व्यवस्थासहित सोलाई उपयोग, प्रचलन र व्यवस्थापन गर्न पाउने गरी उपर्युक्त निर्देशनको बुँदा नं. २ को (ग) को नीतिमा परिमार्जन गर्ने/गराउने।

(घ) विकासोन्मुख गाउँ, नगर वा सहरभित्र बनाइने आवास, व्यावसायिक एवम् औद्योगिक संरचनाका अग्ला भवन अपार्टमेन्ट एवम् हाउजिङको जग्गाको क्षेत्रफल एवम् सोको आधारमा निर्धारण हुने भवनको उचाइसहितको मापदण्ड अनिवार्यरूपमा लागु गर्नुपर्ने र निर्धारित मापदण्डभित्र वा बाहिर बनेका त्यस्ता अग्ला भवनबाट त्यससँगै वरिपरि रहेका साना आवासीय घरहरूलाई कुनै पनि प्रकृतिको दुर्घटनाबाट क्षति पुगेमा प्रभावित घर धनीले अनिवार्यतः क्षतिपूर्ति पाउने व्यवस्था गर्ने।

### ७.४ वाक स्वतन्त्रता तथा सभा सम्मेलन गर्न पाउने हकको सम्बन्धमा

काठमाडौँको माइतीघर मण्डलामा नागरिक समाज लगायत अन्य समूह वा नागरिकहरू भेला भई सो स्थानमा सरकारविरुद्ध प्रदर्शन समेत भएपछि काठमाडौं जिल्ला प्रशासन कार्यालयले सो स्थानलाई निषेधित क्षेत्र घोषित गऱ्यो। नागरिकलाई संविधान प्रदत्त सभा सम्मेलन गर्ने, बिना हात हतियार भेला हुन पाउने हकको राज्यले अनुचित तवरले अंकुश लगाएको भनी अधिवक्ता दिनेश त्रिपाठीद्वारा सर्वोच्चमा रीट दायर भएकोमा सो कार्य तत्काललाई लागु नगर्नु भनी सरकारका नाममा अन्तरिम आदेश जारी भएको छ।[30] सो कार्य संविधान प्रदत्त मौलिक हकको मात्र नभएर नेपाल पक्ष राष्ट्र भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, १९६६ को व्यवस्था समेत विपरीत थियो। अन्तरिम आदेश जारी गरेर न्यायलयले राज्यको स्वेच्छाचारी कार्यलाई सीमित तुल्याई नागरिकको मौलिक हकको संरक्षण गर्ने दायित्व निर्वाह गरेको छ।

### ७.५ वाक स्वतन्त्रता तथा सभा सम्मेलन गर्न पाउने हक सम्बन्धमा

विश्वव्यापीकरण वा भूमण्डलीकरणसँगै व्यापार व्यवसाय एक स्थानमा मात्र सीमित रहने अवस्था छैन। नेपालमा पनि विदेशी कम्पनी वा विदेशी व्यक्तिहरूले उत्पादनलगायत अन्य क्षेत्रमा लगानी गरेका छन्। उनीहरूसँगै नेपाली नागरिकले पनि त्यसमा लगानी गरेको अवस्था समेत छ। तर, यी लगानीपश्चात लगानीकर्ताहरूले नेपालमा व्यवसाय गरी आर्जन गरेको नाफा फिर्ता लैजाँदा होस् वा नेपाललाई तिर्नुपर्ने करको सम्बन्धमा होस अथवा यही लगानी गर्न विदेशी लगानी भित्र्याउँदा उनीहरूको सो धन आर्जनको श्रोतको बारेमा कानुनी प्रश्न उठ्ने गरेको छ। उद्योगी तथा व्यापारी अजय सुमार्गीको रोक्का रहेको बैङ्क खाता सर्वोच्च अदालतबाट जारी भएको अन्तरिम आदेश[31] पश्चात केही दिनको लागि फुक्का भयो र सो रकम निजले बैङ्कबाट झिके पनि। पुन सो अन्तरिम आदेशलाई निरन्तरता नदिन फेरि अर्को आदेश समेत जारी भएको छ।

एकातिर व्यक्तिले आफ्नो रकम बैङ्कमा नै फ्रिज भएर बस्दा लगानी गर्न नपाउने अवस्था सिर्जना हुनसक्ने अर्कोतर्फ यदि त्यस्तो रकम गलत ढङ्गले आर्जित भएको रहेछ भने सो अपराध हुने अवस्थामा अन्तरिम आदेशले त्यस्ता व्यक्तिलाई झन सघाउ पुऱ्याउँछ। तसर्थ परम्परागतरूपमा अन्तरिम आदेश जारी नगर्ने प्रवृत्तिले नागरिकको हकमा हुन पुग्ने अपूरणीय क्षति र हतारमा अन्तरिम आदेश जारी गर्दा राज्यलाई पुग्न जाने क्षति दुवै अवस्थामा सन्तुलित न्याय प्रदान गर्नका लागि विज्ञ समूहबाट त्यस्ता फैसलाको अध्ययन गरी आवश्यक उपाय अबलम्वन गर्न जरुरी छ।

### ७.६ चिकित्सा विज्ञानसम्बन्धी अध्ययन, अध्यापनसम्बन्धी पेसा रोजगारीमा वृत्ति विकास तथा कानुन निर्माण र कार्यान्वयन गर्नुपर्ने विषय [32]

विर अस्पताल जस्तो गरिमामय चिकित्सा प्रतिष्ठानमा कार्ययत वरिष्ठ चिकित्सकहरू पनि कानुनमै व्यवस्था भएको वृत्ति विकासको अवसरबाट गलत मनसायका साथ वञ्चित हुनु परेको भनी परेको रीट निवेदनमा अदालतले चिकित्सा विज्ञानलाई पेसा मात्र नभएर यो मानिसको बाँच्न पाउने हकसँग सम्बन्धित विषय भएकोले चिकित्सा विज्ञानसम्बन्धी अध्ययन, अध्यापन गर्दा गराउँदा निश्चित मापदण्ड पूरा गर्नु अनिवार्य देखिन्छ भनी व्याख्या गरेको छ। सरकारले वा उसका अङ्गहरूले निर्माण भइसकेको कानुन कार्यान्वयन कुनै पनि ढङ्गले छली गैरजिम्मेवार बन्न नपाइने भनी यस मुद्दामा अदालतले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका नाममा निर्देशनात्मक आदेश जारी गरेको छ। तर, यसमा पनि अदालतले रीट भने जारी गरेन। सरकारलाई बाध्यकारी तुल्याउन वास्तवमा यस्तो प्रकृतिको मुद्दामा रीट नै जारी हुनुपर्थ्यो।

### ७.७ लैङ्गिक न्याय सम्बन्धमा : विवाह दर्ता नभई जन्मेका सन्तानले वंशजको नागरिकता प्राप्त गर्ने योग्यता पुगेपछि बहाना बनाएर पन्छिन नमिल्ने

बवी थापा वि. नेपाल सरकार [33] मुद्दामा निज बवी थापाले प्रेम विवाह गरी छोरी इभासमेत जन्मेकोमा आमाले मात्र सनाखत खरी नागरिकता प्राप्त गर्नका लागि नगरपालिकाबाट सिफारिस लिई जिल्ला प्रशासन कार्यालयमा निवेदन दिँदा बाबुआमाको विवाह दर्ताका कागज पेश गर्न भनी तोक आदेश लगाई दिएको तर

३०. अ. दिनेश त्रिपाठी वि काठमाडौँ जिल्ला प्रशासन कार्यालय समेत, कान्तिपुर असार २२ २०७५, https://hamrakura.com/news-details/44752/design/;https://www.news24nepal.tv/2018/07/06/358757

३१. श्रीमानको आदेश कसले रोक्ने, नेपाल, माघ १३, २०७५

३२. डा. दीपेन्द्र श्रेष्ठ वि नेपाल सरकार, स्वास्थ्य मन्त्रालय समेत, नि नं ९९६८, ने का प भाग ६०, २०७५ असार, पृष्ठ ४४५

३३. मुद्दा नं ०७४ -WO_०५०८, ने का प भाग ६० २०७५ असार अङ्क ३, पृष्ठ ५४६

**विदेशमा बस्ने नेपाली नागरिकको मताधिकारबारे सर्वोच्चले दिएको ६ ओटा निर्देशन**

१. रिट निवेदकले वैदेशिक रोजगारीमा रहेको नेपाली नागरिकहरूको हकमा external voting को माग गरेको भएतापनि वर्तमान समयमा ठुलो सङ्ख्यामा नेपाली नागरिकहरू विभिन्न देशहरूमा स्थित नेपालको कुटनीतिक नियोग, संयुक्त राष्ट्रसङ्घ तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थामा काम गर्न, विश्वविद्यालयहरूमा अध्ययन गर्न तथा विभिन्न पेसा व्यवसाय गर्ने सिलसिलामा विदेशमा रहेको अवस्थामा वैदेशिक रोजगारीको क्रममा विदेशमा रहेका नागरिकहरूलाई मात्र external voting को अधिकार प्रदान गर्दा समान स्थितिका समान नागरिक बीच विभेद हुने अवस्था सृजना हुने भएकोले विदेशमा रहेका सबै नेपाली नागरिकले निर्वाचनमा भाग लिई प्रजातन्त्रको महायज्ञमा सामेल भई मतदानको हक उपभोग गरी सरकार गठन प्रक्रियामा सहभागी हुने सहज र सरल वातावरण निर्माण गर्नुपर्ने दायित्व नेपाल सरकारमा रहेको छ। तसर्थ वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरूमा मात्र मतदानको अधिकार सीमित नगरी विभिन्न उद्देश्यले विदेशमा रहेका सबै नागरिकहरूलाई मतदानको अधिकार सुनिश्चित गर्न आवश्यक प्रवन्ध गरी व्यवस्थित गर्ने तर्फ आवश्यक कदम चाल्नु।

२. विदेशमा रहेका कस्ता नेपाली नागरिकहरूलाई External voting/ out of country voting rights को सुनिश्चितता गर्ने भन्ने सम्बन्धमा विदेशमा बसेको भएतापनि नेपाली नागरिकता नत्यागेको र अन्य कुनै पनि देशको नागरिकता नलिएको, मतदानको लागि कानुन बमोजिमको उमेर पूरा भई मतदाता परिचय पत्र भएको तथा विदेशमा रहेका नागरिकहरूको सम्बन्धमा कुटनीतिक निकायले तयार गर्ने लगतमा अद्यावधिक भएको व्यक्तिहरूलाई external voting को लागि योग्य मानी सोही अनुसारको व्यवस्था गर्नु।

३. विदेशमा रहेका नागरिकहरूलाई मतदानको अवसर प्रदान गर्नको लागि कस्तो विधि अवलम्वन गर्ने भन्ने सम्बन्धमा विभिन्न विधिहरू अभ्यासमा रहेकोमा निर्वाचन गराउँदा सामना हुन सक्ने चुनौतीको पहिचान गर्दै समस्या समाधानको बाटो सहित निर्वाचन गराउन लाग्ने खर्च, प्रविधि, समयावधि नागरिकहरूको पहुँच,राजनीतिक दलहरूको आवश्यक तयारी लगायतका पक्षहरूलाई समेत विचार गर्दा हाम्रो सन्दर्भमा प्रत्यक्ष रूपमा विदेशस्थित कुटनीतिक निकायहरूमा, प्रतिनिधि मार्फत, हुलाक मार्फत् वा इलेक्ट्रोनिक भोटिङमध्ये कुन विकल्पको प्रयोग गर्दा अधिक से अधिक नागरिकलाई स्वच्छ, निष्पक्ष र धाधँलीरहित र गोप्य तरिकाबाट आर्थिक र व्यवस्थापकीय भार बहन गर्न सक्ने गरी मतदानको अवसर प्रदान गर्न सकिन्छ सो सम्बन्धमा विभिन्न राजनीतिक दलहरू,नागरिक समाज तथा रिट निवेदक संस्था लगायत सम्बन्धित निकायसँग समेतसँग परामर्श गरी आवश्यकता परे Pilot test गरी उपयुक्त व्यवस्था मिलाउनु।

४. नेपाली नागरिकहरू विभिन्न देश (Host) हरूमा छरिएर रहेका र विदेशी नागरिकलाई आफ्नो भूमिभित्रबाट मतदान गर्न दिने सम्बन्धमा अलग अलग देशमा फरक फरक कानून र नीति हुन सक्ने भएकोले विदेशमा रहेका नेपाली नागरिकहरूलाई सो अवसर दिलाउनको लागि विभिन्न देशहरूका सरकार तथा आवश्यकता अनुसार नेपाली कामदारहरू कार्यरत रोजगारदाता कम्पनीहरूसँग आवश्यक कुटनीतिक पहल गर्नु।

५. मतदान गर्ने अधिकार नागरिकको सार्वभौम अधिकार निहित मौलिक एवम् प्रजातान्त्रिक अधिकार भएकोले सो अधिकार उपभोग गर्ने गराउने प्रयोजनार्थ आवश्यक विधि निर्माण गर्ने दायित्व विधायिकाको भएकोले सोको प्रयोजनार्थ जो चाहिने आवश्यक व्यवस्था सहितको कानून निर्माणको लागि अविलम्व संसद् समक्ष विधायिकि प्रक्रिया पूरा गरी विधेयक प्रस्तुत गर्नको लागि नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नाममा आदेश जारी गरिदिएको छ। साथै अब हुने निर्वाचनहरूमा विदेशमा रहेका नेपाली नागरिकले निर्वाचनमा भाग लिन पाउने सार्थक अवस्थाहरू सिर्जना गर्न आवश्यक स्रोत सामग्री, प्रविधि, संरचना तथा व्यवस्थापनको लागि आवश्यक तयारी गरी मतदान गर्न सक्ने सम्मको अवस्थाहरू सुनिश्चतता गर्न आवश्यक र उपयुक्त पहल गर्नु गराउनु।

६. विदेशमा रहेका नेपाली नागरिकहरूलाई मतदानमा भाग लिन सक्ने अवस्थाको सिर्जना गर्ने प्रयोजनार्थ विदेशमा रहेका नागरिकहरूको वास्तविक लगत सङ्कलन गर्न दर्ता प्रक्रिया अविलम्व शुरु गरी आउँदो निर्वाचन सम्ममा विदेशमा रहेका नेपाली नागरिकहरूले मतदानमा सहभागी हुन सक्ने वातावरण मिलाउनु।

निजका पति र निजबीच पतिका कारण विवाह दर्ताको कागज नै बनाउन सकेकोको सो बिना नागरिकता नबन्ने अवस्था श्रृजना भएको भनी नागरिकता प्रदान गर्न इन्कार गरेकाले सो विरुद्ध रीट निवेदन परेकोमा सर्वोच्च अदालतले सरोकारवाला निकायको नाममा परामादेश जारी गरेको छ । साथै सार्वजनिक निकायको जवाफदेहिताको सम्बन्धमा निम्न बमोजिमको आदेश जारी गर्‍यो।

*''कुनै कार्य गर्नका लागि कानुनी कर्तव्य एवम् दायित्व तोकिएको पदाधिकारी वा निकायले प्रचलित कानुन अनुसार सो कार्य गर्नका लागि कानुनले तोकेको सर्तहरू पुरा भई रीत पुगेको अवस्थामा अन्य कुनै पनि बहाना बनाइ सो कार्य गर्न इन्कार गर्नु वा ढिलासुस्ती गर्नु न्यायोचित एवम् कानुन सङ्गत देखिन नआउने।'' भनी आदेश गर्‍यो।*

प्रेमविवाहका कारण पति पत्नीबीच सन्तानको जन्मभएको अवस्थामा निजहरू बीच समभदारी नबनी बिहे दर्ता हुन नसकेको अवस्थामा बिहे दर्ताका कागज खोजी वंशजको नागरिकता प्राप्त गर्न सबै योग्यता पुगेका नागरिकलाई नागरिकता प्राप्त गर्न सक्ने कारण लैङ्गिक न्यायका हिसाबले मात्र नभई जिम्मेवार सरकारी निकायको सेवाग्राहीलाई सेवा दिनबाट पन्छने प्रवृत्तिलाई यो आदेशले बन्द गराउने आशा गर्न सकिन्छ।

### ७.८ पेसा रोजगार गर्न पाउने मौलिक हक तथा संवैधानिक हक अर्न्तगत दोहोरो नागरिकताको विषयमा

गैरआवासीय नेपालीलाई पनि सङ्घीय कानुनबमोजिम आर्थिक, सामाजिक, आर्थिक अधिकार प्रयोग गर्ने गरी गैरआवासीय नेपाली नागरिकता प्रदान गर्न सक्ने व्यवस्था छ। दक्षिण एशियाली मुलुक बाहेक अन्य मुलुकमा बसोबास गरेको गैरआवासीय नेपालीलाई संविधानको धारा १४ मा यस प्रकारको व्यवस्था गरिएको छ। तर लामो समयमम्म पनि यस धारा बमोजिम कानुन निर्माण हुन सकेको अवस्था छैन। सुरेन्द्रबहादुर श्रेष्ठ तथा गोविन्द बेलवासेले नागरिकतासम्बन्धी ऐन, २०६३ को दफा १० को व्यवस्था संविधानको उक्त व्यवस्थासँग बाभिएकाले ऐनको सो दफा बदर घोषित गरी पाउँ भनी परेको रीट निवेदनमा सर्वोच्च अदालको संवैधानिक इजलासले ऐनको उक्त दफा संविधानसँग नबाभिएको भनेको छ।[३४] बरु उक्त फैसलामा WTO का सदस्य मुलुकका नागरिकलाई WTO को नियम भित्रै रही नेपालमा कानुन व्यवसाय गर्न रोक नलगाएको भनी व्याख्यासमेत गरेको छ। तसर्थ अब बन्ने गैरआवासीय नेपालीसम्बन्धी कानुनमा WTO को नियमलाई समेत विचार गर्नुपर्ने वाध्यात्मक अवस्था श्रृजना भएको छ।

### ८. न्याय सम्पादनमा समानताको अभाव

नेपालको संविधानले सर्वोच्च अदालतलाई अभिलेख अदालतका रूपमा राखेको छ। त्यस्तै संविधान तथा कानुनको अन्तिम व्याख्याताका रूपमा यस अदालत छ र यस अदालतबाट प्रतिपादित नजिरहरू सबैलाई बाध्यात्मकरूपमा लागु हुन्छन्। तथापि न्याय निरूपणका क्रममा यस मातहतका अदालतहरूको कारबाही एकै प्रकारको तथ्यमा पनि फरक फरक फैसला आउँदा यसले द्विविधामात्र सिर्जना गर्दैन कि न्यायपालिकाको विश्वासयोग्यता (credibility) मा समेत प्रश्न खडा हुन्छ। नेपालमा चिकित्सा शिक्षा अध्ययन गर्न आउने विदेशी विद्यार्थीले प्रवेश परीक्षा उत्तीर्ण नगरी पढ्न पाउने भन्ने विषयमा पाटन उच्च अदालत र जनकपुर उच्च अदालतको वीरगन्ज इजलासबाट जारी भएको फरक फरक आदेशले यस्तै अवस्था सिर्जना गरेको छ।[३५]

विदेशी विद्यार्थी भर्ना गर्दा त्रिभुवन विश्वविद्यालयको चिकित्साशास्त्र अध्ययन संस्थान (आइओएम) ले लिने प्रवेश परीक्षा अनिवार्यरूपमा पास भएको हुनुपर्छ। आइओएमले २०७३ भदौ २७ गतेको सो निर्णय उल्लेख गर्दै प्रवेश परीक्षामा सामेल नभएका विदेशी विद्यार्थीलाई मेडिकल कलेजहरूले भर्ना गर्न नहुने भनी सूचना निकालेको थियो। भारतमा दिएको प्रवेश परीक्षा (निट) को भरमा मात्रै भर्ना हुन नसक्ने भन्दै आइओएमले प्रवेश परीक्षा पास नगरेकाले वैधता पाउन नसक्ने भनी सूचित गरेको थियो। मेडिकल कलेजहरूले प्रवेश परीक्षामा सामेल नभएका विद्यार्थीलाई पनि भर्ना गर्न पाउनुपर्ने जिकिर गर्दै गत वर्ष प्रवेश परीक्षामा सामेल नभएका विदेशी विद्यार्थीलाई समेत भर्ना गरे। आइओएमले कानुन मिचेर भर्ना गरिएको निष्कर्ष निकाल्दै उनीहरूले विद्यार्थीको हैसियतले कुनै सुविधा नपाउने चेतावनी दियो। आइओएमको सूचनाविरूद्ध नेसनल र जानकी मेडिकल कलेज दुई छुट्टाछुट्टै उच्च अदालतमा पुगे। उच्च अदालत जनकपुरको वीरगन्ज इजलासले विद्यार्थी भर्ना गर्न आदेश दियो भने उच्च अदालत पाटनले गैरकानुनीरूपमा विद्यार्थी भर्ना गर्न नमिल्ने भन्दै त्रिविबाट कलेजलाई उल्टै कारबाही हुन सक्ने औंल्यायो। एउटै सूचना, उही विवादबारे दुई उच्च अदालतले फरक-फरक व्याख्या गरी दुईथरी निर्णय गरे।

उच्च अदालत पाटनले आइओएमले विदेशी विद्यार्थी भर्नामा गरेको कडाइलाई कानुनसम्मत ठहऱ्याएको छ। कुनै पनि विश्वविद्यालयले आफ्ना आङ्गिक र सम्बन्धन प्राप्त शैक्षिक निकायमा भर्ना हुने विद्यार्थीको मापदण्ड लागु गराउन सक्ने भन्दै उच्च अदालतले आइओएमको प्रवेश परीक्षा उत्तीर्ण नगरेका विद्यार्थीलाई भर्नाको हक नहुने व्याख्या गरेको हो।

उच्च अदालत जनकपुरको वीरगन्ज इजलासले भने त्रिविको सूचना र मेडिकल कलजेको भर्ना दुवै कानुनसम्मत भएको ठहर गऱ्यो। वीरगन्जको नेसनल मेडिकल कलेजले भर्ना गरेको विदेशी

३४. सुरेन्द्रबहादुर श्रेष्ठ वि प्रधानमन्त्री तथा म. प. कार्यालय समेत, रीट न) ०७२--WS-00७, फैसला, २०७५ असार २०। गोविन्द वेल्वासे वि प्रधानमन्त्री तथा म. प. कार्यालय समेत, रीट न) ०७२--WS-00८, फैसला, २०७५ असार २०

३५. यो समीक्षा कृष्ण ज्ञवालीद्वारा मुद्दा एउटै, फैसला दुईथरी कान्तिपुर राष्ट्रिय दैनिक, पृष्ठ १३, प्रकाशित माघ १२, २०७५ समाचारका आधारमा गरिएको हो। यसको प्रारम्भिकरूपमै फैसला प्राप्त हुन नसकेकाले द्वितीय स्रोतमा भर पर्नुपरेको हो।

विद्यार्थीको हकमा भने उच्च अदालत जनकपुरको वीरगन्ज इजलासले त्रिविको सूचना कानुनविपरीत भन्न नमिल्ने ठहर गरी त्यसलाई खारेज गर्न नसकिने ठहऱ्याएको छ। नियमविपरीतको विद्यार्थी भर्नालाई समेत कानुनसम्मत ठहर गर्दै भर्ना भइसकेका विद्यार्थीको हकमा अपूरणीय क्षति हुने भनी भर्ना बदर गर्न नहुने फैसला गरेको छ।

फैसलाको आशय हेर्दा त्रिविको सूचना पनि सही छ, विद्यार्थी भर्ना पनि कानुनसम्मत छ भन्ने देखिन्छ, फैसलाबारे जानकार उच्च अदालतका एक न्यायाधीशले भने– यी दुईमा कुनै न कुनै ढङ्गले एउटा गलत हुनैपर्छ। त्रिविको सूचना बदर गर्न नसके पनि अदालतले मेडिकल कलेजका लागि अनुकूल हुने आदेश गरिदियो। भर्ना कानुनविपरीतको नदेखिँदा विद्यार्थीको अपूरणीय क्षति पुग्न जानेसमेतका रोहमा पठनपाठनमा अवरोध नगर्नू/नगराउनू भनी विपक्षीका नाममा आदेश जारी हुने ठहर्छ, इजलासको निर्णयमा भनिएको छ– अनि त्रिविले जारी गरेको सूचना पनि कानुनसम्मत भएकाले बदर गर्न मिल्ने देखिएन। यो व्याख्याले त्रिविको सूचना कानुनसम्मत भएको ठहर गरी प्रवेश परीक्षाबिना भर्ना भएका विद्यार्थीको वैधता अन्त्य गरिदिन्छ तर इजलासले विद्यार्थी भर्नासमेत कानुनविपरीत भन्न नसकिने भन्दै उनीहरूको पठनपाठनलाई निरन्तरता दिन आदेश गरेको छ। त्रिविको सूचना सही ठहऱ्याउनुको अर्थ आइओएमको प्रवेश परीक्षामा उत्तीर्ण नभएका विद्यार्थी भर्ना गर्न नपाउने भन्ने नै हो तर इजलासले भर्नालाई कानुनसम्मत भनेको छ।

तर, माथि उल्लेख गरिएजस्तो अवस्थामा पूर्ण असहमत हुन जरुरी छैन किनकि संविधानको धारा १३३ को उपधारा (२) ले कुनै कानुन कार्यान्वयन भएकोलाई बैध नै कायम गरी भविष्यमा भने बदर हुने गर्न सक्छ। वीरगन्ज इजलासले सूचना पनि खारेज नगर्ने भर्ना पनि अबैध नभन्नका लागि संविधानको यही व्यवस्थाको व्याख्या गरेको हुनुपर्छ। तर, फैसलाको कपी उपलब्ध हुन नसकेकाले सोबारे बोल्न सकिएन। यति हुँदाहुँदै पनि एकै प्रकृतिको मुद्दामा फरक फरक व्याख्या हुनुले शङ्का भने उत्पन्न भएको छ।

**९.नयाँ मुलुकी (संहिता) ऐनहरूको कार्यान्वयन, अस्पष्टता सम्बन्धमा**

रामचन्द्र प्यासी कुशवाहा वि. नेजमा आलमको जाहेरीले नेपाल सरकार मुद्दामा खारेज भइसकेको ऐन लागु नहुने भनी उच्च अदालतबाट भएको आदेश त्रुटिपूर्ण भएको भनी सर्वोच्च अदालतले त्यसलाई सच्याएको छ।[३६] साविक ऐन खारेज भएमा के हुने भन्ने द्विविधा उत्पन्न हुन सक्छ। मुलुकी ऐनको दण्ड सजायको महलको ४१ क बमोजिम "निवेदकले साविक मुलुकी ऐनको व्यवस्थाबमोजिम २० प्रतिशतको सजाय छुटको माग गरेकोमा उक्त मुलुकी ऐन खारेज भइसकेको र हाल के कुन कानुनले निजको कैद र जरिवाना छुट हो भन्ने कुरा निवेदनमा खुलाउन सकेको नदेखिँदा निवेदन माग बमोजिम कैद जरिवाना छुट दिन मिलेन" भनी सर्वोच्च अदालतका सहरजिष्ट्रारबाट २०७५ कात्तिक २६गते भएको आदेशविरुद्ध सर्वोच्च अदालतको एक न्यायाधीसको इजलाशले सो निवेदन पूर्ण इजलाशमा पेश गर्न आदेश भएकोमा पूर्ण इजलाशले सो सहरजिष्ट्रारबाट भएको आदेशलाई बेरीतको भएको ठहर गऱ्यो। कानुन व्याख्या ऐन, को दफा ४ बमोजिम ऐन खारेज भए पनि सो ऐनबमोजिम भएको कारबाहीमा सो ऐन नै लागु हुने व्यवस्था भए बमोजिम निवेदकले सो सुविधा प्राप्त गर्ने भनी आदेश जारी भएको छ। यसरी सर्वोच्च अदालत जस्तो अदालतबाट पनि रीट निवेदनउपर हुने प्रारम्भिक कारबाही तथा उच्च अदालत जस्तो पुनरावलोकीय कार्यक्षेत्र भएको अदालतमा समेत फौजदारी न्यायको कारबाहीको ऋममा हुन गएको कार्यविधिगत त्रुटी सर्वोच्च अदालतबाट सच्याएर नागरिकको फौजदारी न्यायको हक सुनिश्चित गर्ने काम भएको छ।

**१०. निष्कर्ष**

थुप्रै आरोह/अवरोहरूका बीचबाट यो वर्ष न्यायपालिका गुज्रेको छ। तथापि नागरिकका मौलिक हकलगायत अन्य हक संरक्षण गर्ने मामलामा न्यायपालिकाले यो वर्ष पनि आफ्नो साख जोगाउन सकेको छ। बुँदागतरूपमा यसलाई निम्नअनुसार प्रस्तुत गरिएको छ :

१. मौलिक हकहरू जस्तो की भेला हुने नागरिक स्वतन्त्रताको सर्वोच्च अदालतबाट अन्तरिम आदेश जारी, वैदेशिक रोजगार, अध्ययन वा अन्य सिलसिलामा विदेशमा रहेको नेपाली नागरिकले आम निर्वाचनको मार्फत राज्य सञ्चालनमा सहभागी हुनका लागि उनीहरूको मताधिकारको सुनिश्चित गर्न, आमाको तर्फबाट बाबु किटान गरी सन्तानलाई वंशजको नागरिकता प्रदान गर्न गरिएको निवेदन उपरको कारबाहीलाई नपन्छाउन सरकारको निकायहरूलाई आदेश दिएको छ। त्यस्तै चिकित्सकहरूको पेसागत वृत्ति विकासको सम्बन्धमा यसको अध्ययन,अध्यापन मानिसको

३६. ०७५ --RE-- ०१०१, संयुक्त इजलाश, मा. न्या. शारदाप्रसाद घिमिरे र मा. न्या. बमकुमार श्रेष्ठ

जीवनसँग जोडिएको भनी व्याख्या गरेको छ भने मुलुकी ऐनलाई विस्थापित गरी लागु भएको अवस्थामा फौजदारी न्याय सम्पादनमा सर्वोच्चका अदालतका सह रजिष्ट्रार तथा उच्च अदालतबाट हुन गएको वेरीत वा त्रुटीलाई सर्वोच्च अदालतबाट सच्याउन पर्ने काम भएको छ । यस अर्थमा सर्वोच्च अदालत नागरिकको मौलिक हकको संरक्षककोरूपमा रहेको छ।

२. यो अवधि न्यायपालिकाका लागि त्यति सुखद भने रहेन किनकि न्यायपालिका, व्यवस्थापिका र कार्यपालिकाबीच शक्ति सन्तुलनको नाममा कटु टक्करको अवस्था सिर्जना भयो । संसदीय व्यवस्थामा संसदीय समिति भनेको विषयगत विज्ञता भएका सदस्यहरूलाई सानोसानो समितिमा राखी उनीहरूको विज्ञताको भरपूर लाभ लिने हो । सुनुवाइ समितिका कामकारबाही पूर्वाग्रहयुक्त छ र छैन भनेर भन्न सकिने अवस्था देखिएन, जसले पर्याप्त छानबिन गरी निष्कर्षमा पुग्नुपर्थ्यो वा पर्याप्त सुनुवाइको मौका दिनुपर्थ्यो । समितिका सदस्यहरूले निर्णयमा पुग्नुअगावै सोबारे नकारात्मक धारणा प्रवाह गर्नु, कार्यकारी प्रमुखको निर्देशन पर्खनुले स्वतन्त्र न्यायपालिकाको मर्म र सिद्धान्त विपरीतको कार्य भएको छ। प्रस्तावित प्रधान न्यायाधीश सो पदमा नियुक्तिका लागि गरिएको संसदीय सुनुवाइमा समितिले निजलाई वस्तुनिष्ठ आधारमा भन्दा पनि अङ्क गणितीय जोड/घटाउका आधारमा अस्वीकृत गऱ्यो । यसले विधायिकीले न्यायपालिकालाई नियन्त्रण र निर्देशित गरेको देखिन्छ । सरकारका तीन अङ्गमध्ये न्यायपालिकाको प्रमुख व्यक्ति मात्र नभएर संस्था पनि हो । न्यायपालिकाका प्रमुख संसदीय समितिमा सुनुवाइका क्रममा उच्च मनोवलका साथ प्रस्तुत हुन नसक्नु तथा समितिले न्यायपालिकाको प्रमुख व्यक्ति मात्र नभएर संस्था पनि हो भन्ने सामान्य समझ पनि नराखी प्रस्तुत हुनुले न त न्यायपालिकाको साख रहन्छ न त लोकतान्त्रिक अभ्यास नै बलियो हुन्छ।

३. न्यायपालिकामाथि प्रहार सरकारबाट मात्र नभएर स्थापित सञ्चारमाध्यमबाट पनि भयो । स्थापित केही ठूला सञ्चार माध्यमले प्राथमिकताका साथ न्यायपरिषद्को प्रधान न्यायाधीश पदबाट गोपाल पराजुली पदमुक्त भएको भनी प्रेषित पत्रको समाचार बनाए पनि । तर निजले २०७४ चैत १ गते देखि नै लागु हुने गरी दिएको राजीनामा र राष्ट्रप्रमुख राष्ट्रपतिबाट निजको सो राजिनामा स्विकृत भएको विषयलाई खासै महत्त्व दिएनन् । न्यायपरिषद्को पत्रको आधारमा पहिल्यै नै पद मुक्त भएको व्यक्तिले फेरि पुनः राजीनामा दिने र राष्ट्रप्रमुखले स्वीकृत गर्नुले न्यायपालिकाका साख जोगिँदैन । या त न्यायपरिषद्को पत्रले आधिकारिता पाउनु पर्थ्यो या त पदमुक्त भइसकेको व्यक्तिले फेरि राजिनामा दिन मिल्ने नहुनु पर्ने हो । यसले पनि न्यायपालिका र राष्ट्र प्रमुख दुवैको विश्वसनीयता ह्रास गराउँछ।

४. मुलुक सङ्घीयतामा गइसकेको अवस्थामा वालिग मताधिकारको आधारमा निर्वाचित जनप्रतिनिधिद्वारा शासन सञ्चालन गर्न तीनै तहको निर्वाचन भइसकेको अवस्था, स्थानीय समितिमा न्यायिक समिति गठन, सोका लागि आवश्यक कानुन तर्जुमा, संविधानले नै परिकल्पना गरेको समावेशी चरित्रअनुसार स्थानीय न्यायिक समितिमा अधिकांश तहमा महिलाले नेतृत्व गर्नु  पनि न्याय सम्पादनको हिसाबले महत्त्वपूर्ण रहन गयो।

५. अघिल्ला आर्थिक वर्षहरूको तुलनामा प्रत्येक नयाँ आर्थिक वर्षहरूमा मुद्दाको सङ्ख्या थपिँदै जाने, परिणामतः प्रत्येक आर्थिक वर्षको अन्त्यमा सर्वोच्च अदालतमा मुद्दाको अन्तिम सुनुवाइ हुन नसकी मुद्दाको सङ्ख्या बढ्ने क्रम जारी छ । विगत एक दशकको तुलना गर्ने हो भने आव २०६५/०६६ मा न्यायालयमा १ लाख १४ हजार ५ सय १८ लगत रहेकामा प्रतिवेदन अवधिको आव २०७४/०७५ मा सो लगत बढेर २ लाख ७६ हजार १ सय ४७ पुगेको छ।[३८] यसरी एक दशकमा लगतको सङ्ख्या दोब्बरभन्दा बढी भएको छ। यसले के देखाउँछ भने समयमै मुद्दाको सुनुवाइ गरी अन्तिम किनारा लगाउनु पनि न्यायपालिकाको एक महत्त्वपूर्ण चुनौती हो।

६. आव २०७४/०७५ पनि मुद्दा तथा पेशी व्यवस्थापनका हिसाबले निरुत्साहित हुनुपर्ने देखियो। देशभर यो आर्थिक वर्षमा ९४ हजार ५ सय ३६ मुद्दामा न्याय निरूपण गर्नुपर्ने देखिन्छ। न्याय ढिला दिनु भनेको न्याय दिन इन्कार गर्नु नै हो।

७. अध्ययनको क्रममा सात ओटै प्रदेशका २५ ओटा जिल्लाका १ सय ओटा न्यायिक समितिमा पर्न आएका उजुरीको अध्ययन गर्दा झण्डै ६० प्रतिशत

३८. वार्षिक प्रतिवेदन, सर्वोच्च अदालत २०७४/०७५, पृष्ठ ६६

उजुरी फर्स्यौट भएको पाइयो। प्रदेश नं २ बाट नमुनाका रूपमा लिएका न्यायिक समितिको भने कार्य सम्पादन कमजोर पाइएको छ। न्यायिक समिति राजनीतिकरूपमा प्रभावित पनि हुने सक्ने, सो सम्बन्धमा व्यवसायिक दक्षताको समेत अभाव रहेको हुन सक्नेतर्फ भने यस अध्ययनमा केही भन्न सकिने अवस्था आएन। तथापि यसले शीघ्र न्याय पाउने नागरिकको हक उपभोगमा ठूलो योगदान गरेको छ। तर उचित न्यायिक दृष्टिकोणमा क्षमता अभिवृद्धि, समयमै उचित कानुन निर्माणको अभाव, तथा समितिहरूको कार्यविधिगत एकरूपताको अभावले पनि न्याय सम्पादन प्रभावित हुन सक्ने देखिन्छ।

अन्तमा, न्यायपालिकालाई निर्देशित गर्ने गरी कार्यपालिकाको शक्ति अभ्यासले स्वतन्त्र न्यायपालिकाको मर्ममा प्रहार भएको छ। त्यसैगरी वैदेशिक लगानीको रकमको सम्बन्धमा भएको आदेशहरूमा संशय रहने जस्ता नकारात्मक पक्ष रहेता पनि सङ्घीयता कार्यान्वयनसँगै स्थानीय न्यायिक समितिमात्र न्याय सम्पादन, मौलिक हक रक्षाका हिसाबले यो वर्ष न्यायपालिकाका लागि सवल नै रह्यो।

न्यायपालिकालाई निर्देशित गर्नेगरी कार्यपालिकाको शक्ति अभ्यासले स्वतन्त्र न्यायपालिकाको मर्ममा प्रहार भएको छ। प्रधान न्यायधीश नियुक्तिका क्रममा न्यायपालिकामाथि नै प्रहार र प्रयोग दुवै भएको छ। त्यसैगरी वैदेशिक लगानीको रकम सम्बन्धमा भएका आदेशहरूमा संशयजस्ता नकारात्मक पक्षका साथै सङ्घीयता कार्यान्वयन, अख्यितार दुरुपयोग अनुसन्धान आयोगको सवलीकरण र मौलिक हक रक्षाका हिसाबले यो वर्ष न्यायपालिकाका लागि सवल नै रह्यो। तसर्थ, नेपालको न्यायपालिकाको भूमिका यस वर्ष अपेक्षित सफल रहन सकेन भने प्रधान न्यायाधीश नियुक्तिका क्रममा न्यायपालिकामाथि नै प्रहार र प्रयोग भइरह्यो। तथापि मौलिक हक संरक्षण तथा कार्यान्वयनमा भने न्यायपालिकाको भूमिका महत्त्वपूर्ण र सकारात्मक नै रहन पुग्यो।

फोटो : रमेशप्रसाद तिमल्सिना




२.२ राज्य र मानव अधिकार

# कार्यपालिका

परिच्छेद

२

**पृष्ठभूमि**

राजनीतिक अधिकार प्राप्तिको वर्षौंसम्मको त्याग, तपस्या र पटक–पटक भएका आन्दोलनपछि जारी नेपालको संविधान (२०७२) ले सङ्घीय कार्यपालिका,[१] प्रदेश कार्यपालिका[२] र स्थानीय कार्यपालिका[३] गरी तीन तहमा कार्यकारिणी अधिकार विभाजन गरेको छ । संविधानले तोकेको समयसीमाभित्रै स्थानीय तह, प्रदेश सभा र सङ्घीय व्यवस्थापिकाको निर्वाचन सम्पन्न भई तीनै तहका सरकारबाट कार्यकारिणी अधिकार प्रयोग भयो । सङ्घीय व्यवस्थापिका अन्तर्गत प्रतिनिधि सभाको दुईतिहाइ सदस्यको विश्वासको मत प्राप्त प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा गठित मन्त्रिपरिषद्बाट लामो समयसम्म नेपालमा देखिएको राजनीतिक अस्थिरता अन्त्य हुन गई समृद्धि र विकासले फड्को मार्नेछ भन्ने आमजनतामा विश्वास र अभिलाषा रहिआएको छ।

संविधानले परिकल्पना गरेबमोजिम सङ्घ, प्रदेश र स्थानीय कार्यपालिकाबाट समन्वय र सहकार्यमा नागरिकको मानव अधिकार संरक्षण, प्रवर्द्धन हुनेमा आशा र विश्वास लिन सकिन्छ। संविधानतः सङ्घीय कार्यपालिका, प्रदेश कार्यपालिका र स्थानीय कार्यपालिका (गाउँ कार्यपालिका र नगर कार्यपालिका) बाट नेपालको संविधान र अन्य कानुनको अधीनमा रही नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा मन्त्रिपरिषद्मा[४], प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा प्रदेश मन्त्रिपरिषद्मा[५] र स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र सङ्घीय कानुनको अधिनमा रही गाउँ कार्यपालिका र नगर कार्यपालिकामा[६] निहित रहने व्यवस्था रहेकाले संविधान कार्यान्वयन गर्दा तीनै तहले आआफ्नो क्षेत्राधिकारभित्र रही कार्यकारिणी अधिकार प्रयोग गर्नुपर्ने व्यवस्था छ। नेपालको सङ्घीय लोकतान्त्रिक व्यवस्था कार्यान्वयनका लागि तीनै तहका सरकारको अहम् भूमिका पाइन्छ । निर्वाचित सङ्घ, प्रदेश र स्थानीय तहका कार्यपालिकाले मानव अधिकार संरक्षण, संवर्द्धन र परिपालनाका लागि तीनै तहका निर्वाचित नयाँ नेतृत्वबाट जवाफदेही भूमिका निर्वाह हुनसकेमा नागरिकको मानव अधिकार संरक्षण भई संविधानको कार्यान्वयन र मानव अधिकार संरक्षण हुन सक्ने देखिन्छ।

यस वर्षको सुरुमै सङ्घीय सरकार गठन भयो भने सातवटै प्रदेशमा मुख्य मन्त्रीको अध्यक्षतामा प्रदेश मन्त्रिपरिषद् गठन भयो। दुईतिहाइ सांसदको समर्थनमा रहेको नेपाल कम्युनिस्ट पार्टीको सरकारबाट राजनीतिक स्थिरता, विकास र समृद्धि हुनेमा आमनागरिकको मात्र नभई विश्वकै ध्यान नेपालतर्फ केन्द्रित रहन पुग्यो। संविधान संशोधन गर्ने सर्तमा मधेसकेन्द्रित दलले सरकारलाई समर्थन दिएबाट नेपालको इतिहासमै शक्तिशाली सरकार गठन भयो । तीनै तहको निर्वाचनपश्चात गठित कार्यकारिणीबाट आआफ्नो क्षेत्राधिकारभित्र रही विधेयक प्रस्तुत गर्ने, विधायिकाद्वारा निर्मित कानुन कार्यान्वयन गर्ने, दैनिक प्रशासनका अतिरिक्त शान्ति सुरक्षा अमनचयन कायम राख्दै सुशासन, कानुनी राज्यको प्रत्याभूतिसहित विकास कार्यक्रमका लागि नीति, योजना तर्जुमा गरी बजेट विनियोजन र कार्यान्वयन गर्ने दायित्व र जवाफदेहिता रहन्छ। त्यसबाट नै देशभित्र मात्र नभई अन्तर्राष्ट्रिय जगतमा पनि राज्यको छवि सकारात्मक र उच्च रहन जान्छ। जनताप्रति प्रत्यक्षरूपमा सिधा सम्बन्ध रहने संस्था कार्यपालिका नै भएकाले मानव अधिकार संरक्षणमा अन्य निकायको भन्दा कार्यपालिकाको नै विशेष भूमिका रहन्छ।

नेपालको संविधान (२०७२) ले मौलिक हकमा परम्परागतरूपमा समावेश हुने नागरिक र राजनीतिक अधिकारका अतिरिक्त आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारलाई समेत सम्बोधन गरेकामा संविधानको धारा ४७ अन्तर्गत मौलिक हक कार्यान्वयनमा लागि तीन वर्षभित्र कानुन बनाइ कार्यान्वयन गर्ने व्यवस्था छ। जसअन्तर्गत यस वर्ष तीन वर्ष पूरा हुने अघिल्लो दिन मौलिक हक कार्यान्वयनसँग सम्बन्धित सरकारी विधेयक संसद्मा दर्ता भई द्रुत मार्गबाट संसद्बाट मौलिक कार्यान्वयनसँग सम्बन्धित कानुन पारित भए। ती कानुन पारित गर्न प्रमुख प्रतिपक्षी दलले समेत सहयोग गऱ्यो। मौलिक हक कार्यान्वयन गर्ने कानुन तर्जुमा गर्न सरकार सफल भयो। संविधान जारी गर्दा देशको सामर्थ्य, आर्थिक अवस्था, स्रोतसाधनको अभाव रहेकै अवस्थामा जारी भएका कानुनको कार्यान्वयन भने कम चुनौतीपूर्ण छैन।

१. नेपालको संविधान (२०७२) को धारा ७५
२. ऐ.ऐ. धारा १६२
३. ऐ.ऐ. धारा २१४
४. ऐ.ऐ. धारा ७५ को उपधारा २
५. ऐ.ऐ. धारा १६२ को उपधारा २
६. ऐ.ऐ. धारा २१४ को उपधारा (३)

संविधान संशोधनलाई प्रमुख एजेन्डा बनाएका तराई मधेस केन्द्रित राजनीतिक दलसँग समझदारी गरी प्राप्त दुईतिहाइ सदस्यको समर्थन रहेको सङ्घीय सरकार बलियो छ। दुईतिहाइ समर्थन प्राप्त सरकार भएकाले यस वर्ष प्रमुख प्रतिपक्षसहित विपक्षी राजनीतिक दलहरूबाट खासै विरोध प्रदर्शनका घटना भएनन्। तथापि सरकार र मधेसकेन्द्रित राजनीतिक दलबीच भएका समझदारीबमोजिम संविधान संशोधनलगायतका कार्य भने यस वर्ष पूरा हुन सकेनन्। त्यसैगरी गत वर्षको अन्त्यतिर सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरीशचन्द्र लालको संयोजकत्वमा गठित उच्चस्तरीय जाचँबुझ आयोगले तत्कालीन प्रधान मन्त्री शेरबहादुर देउवासमक्ष पेश गरेको प्रतिवेदन यस वर्ष पनि सार्वजनिक हुन सकेन। सप्तरीको राजविराजमा तत्कालीन नेकपा (एमाले) द्वारा २०७३ फागुन २३ गते आयोजित कार्यक्रममा भएको झडपपछि प्रहरीको गोली लागी पाँचजनाको मृत्यु भएको घटना सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले सर्वोच्च अदालतका पूर्वन्यायाधीश ताहिरअली अन्सारीको संयोजकत्वमा गठित समितिको प्रतिवेदन भने सार्वजनिक गर्‍यो[७]।

राष्ट्रिय मानव अधिकार आयोगले गरेको छानबिन प्रतिवेदन यथार्थपरक नभएको र दोषीलाई कानुनी दायरामा नल्याएको भन्दै मधेसकेन्द्रित दलबाट विरोध भइरहेका बेला प्रदेश नं. २ सरकारले छुट्टै छानबिन गर्ने निर्णय गर्‍यो[८]। तर, उक्त प्रतिवेदनसमेत सार्वजनिक भएको छैन। प्रदेश नं. २ को मन्त्रिपरिषद्को पहिलो बैठकबाट मधेस आन्दोलनका शहीद परिवारका एक सदस्यलाई रोजगारी उपलब्ध गराउने निर्णय गर्‍यो। साथै आन्दोलनका क्रममा घाइते भएकाहरूको प्रदेशमा उपलब्ध हुने स्वास्थ्य र शिक्षालगायतका सुविधा एवम् शहीद तथा घाइते परिवारलाई उपचार खर्च उपलब्ध गराउने निर्णय गर्‍यो[९]।

**मानव अधिकार राष्ट्रिय कार्ययोजना**

नेपाल सरकारले चौथो पञ्चवर्षीय मानव अधिकार राष्ट्रिय कार्ययोजना (२०७१।०७२–२०७५।०७६) लागु गरेको समयावधि बित्न लागेको छ। नेपाल सरकारले आफ्नो स्रोत/साधन र आवश्यकतालाई प्राथमिकता दिइ पाँच वर्षका लागि जारी गरेको कार्ययोजनाको आवधिक मूल्याङ्कन र प्रभावकारी अनुगमन हुन सकेन। विकास र मानव अधिकार आवधिक योजनामा समावेश गर्ने उद्देश्यसहित लागु भएको पञ्चवर्षीय कार्ययोजनाले शिक्षा, स्वास्थ्य, पोषण, श्रम रोजगार, वातावरण र दिगो विकास जस्ता १८ वटा प्राथमिकता क्षेत्र तोकी सबै मन्त्रालयलाई जिम्मेवार बनाएको छ। सङ्घीयता कार्यान्वयनसँगै प्रदेश सरकार र स्थानीय तहबाट समेत कार्यान्वयन हुने प्रकृतिका कार्ययोजनाका विषय जिम्मेवार निकायमा कुनै परिवर्तन, संशोधन हुन नसक्नु र आ.व. २०७६।७७ पछि जारी हुने अर्को कार्ययोजनाबारे सरोकारवालासँग विस्तृत छलफल, परामर्शसमेत यस वर्ष हुन सकेन। मानव अधिकार कार्ययोजनाले परिकल्पना गरेका आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसहित सीमान्तकृत वर्गका अधिकारलाई दिगो विकास लक्ष्यले समेत प्राथमिकतामा राखेको छ। यी दुवैको समन्वय गरी प्रभावकारी कार्यान्वयनबाट नै समग्र मानव अधिकार अवस्थामा सुधार ल्याउन सकिन्छ। कार्ययोजनाको आवधिक मूल्याङ्कन नहुनु, जिम्मेवार निकायबीच समन्वयको कमी, अनुगमन समितिको बैठक कार्ययोजनाले परिकल्पना गरेबमोजिम अनिवार्यरूपमा नबस्नु, मानव अधिकारमुखी विकास पद्धति कार्यान्वयन नहुनु नै कार्ययोजना कार्यान्वयनमा मुख्य कमजोरी र चुनौतीका रूपमा पाइएको छ।

**जीवनको अधिकार**

मर्यादितरूपमा बाँच्न पाउनु नै जीवनको अधिकार हो। नेपालको संविधान (२०७२) ले मौलिक हकअन्तर्गत प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक सुनिश्चित गरेको छ[10]। हरेक व्यक्तिलाई सम्मानपूर्वक बाँच्नका लागि शान्ति सुरक्षा, अमनचयनका अतिरिक्त गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगार अनिवार्य सर्त हुन्।

विश्व स्वास्थ्य सङ्गठनको नेपालसम्बन्धी प्रतिवेदन अनुसार प्रतिलाख जीवित बच्चामध्ये २ सय ५८ को गर्भसम्बन्धी विविध समस्याका कारण ज्यान जाने गरेको छ। प्रदूषणका कारण प्रतिवर्ष १ लाखमा १ सय ९३ र सरसफाइको कारण प्रतिलाखमा १९.८ प्रतिशत मानिस मृत्युको मुखमा पुग्ने गरेका छन्। त्यस्तै एचआइभी सङ्क्रमणका कारण प्रतिहजारमा ०.३ प्रतिशत र सडक दुर्घटनाबाट प्रतिलाख १७ जनाको मृत्यु,

---

७. राष्ट्रिय मानव अधिकार आयोग, वार्षिक प्रतिवेदन २०७४/७५ पृ.१३
८. प्रदेश नं. २ मन्त्रिपरिषद्को २०७५ साउन ७ गतेको निर्णय
९. प्रदेश नं. २ मन्त्रिपरिषद्को २०७५ फागुन ३ गतेको निर्णय
१०. नेपालको संविधान (२०७२) को धारा १६(१)

प्रतिलाखमा आत्महत्या ८.८ प्रतिशत र प्राकृतिक विपत्तिका कारण प्रतिलाखमा सातजनाले ज्यान गुमाउने गरेका पाइन्छ[११]।

संविधान र नेपाल पक्षराष्ट्र भएका अन्तर्राष्ट्रिय दायित्वका वावजुद नेपालमा जीवनको अधिकार पूर्णतः सुरक्षित हुन सकेको छैन । नेपाल प्रहरीको तथ्याङ्कअनुसार यस वर्ष ८ सय ५८ वटा आपराधिक प्रकृतिका ज्यानसम्बन्धी घटना भए । व्यक्तिगत रिसइवी, लेनदेन, आफन्तबीच कलह, झैझगडा आदिका कारण यस्ता घटना भएको पाइन्छ। राष्ट्रिय मानव अधिकार आयोगमा जीवन अधिकारसँग सम्बन्धित १९ वटा उजुरी दर्ता भएका छन् ।[१२] कञ्चनपुरकी निर्मला पन्तको हत्या भएको छ महिना बितिसक्दा पनि दोषी पहिचान हुन सकेन। राष्ट्रिय तथा अन्तर्राष्ट्रियरूपमा समेत यस घटनाले सरकारको मात्र नभई नेपाल प्रहरीको भूमिकाप्रति नै प्रश्न चिह्न लाग्न पुग्यो। सरकारले विभिन्न छानविन समिति गठन गरे पनि दोषीलाई कानुनी दायरामा ल्याउन सकेन। राष्ट्रिय मानव अधिकार आयोगले समेत निर्मला पन्तको हत्याको प्रभावकारी अनुसन्धान गरी पीडितको न्यायका लागि नेपाल सरकारलाई सुझाव दिएको छ।

**सङ्क्रमणकालीन न्याय**

दश वर्षे सशस्त्र द्वन्द्वका क्रममा द्वन्द्वरत पक्षबाट भएका मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुन उल्लङ्घनका घटनाको छानविन गरी सत्यतथ्य पत्ता लगाइ पीडितलाई न्याय र परिपूरणका लागि गठित सङ्क्रमणकालीन संयन्त्रले चार वर्षे अवधि पूरा गर्न लाग्दा पनि सन्तोषजनक काम गर्न सकेनन्। सुरुमा दुई वर्षको म्याद तोकिएका आयोगको म्याद पटक–पटक थपेर पुनः दुई वर्ष पूरा हुँदासमेत ती आयोगले गति लिन सकेनन्। विस्तृत शान्ति सम्झौताले परिकल्पना गरेको समयभन्दा धेरै ढिलो गठन भएका आयोगको कार्यादेशमा सुरुदेखि नै प्रश्न उठेका थिए । मूलतः सर्वोच्च अदालतको आदेशबमोजिम गठन हुन नसकेको भनी पीडित र मानव अधिकार क्षेत्रले आवाज उठाउँदै आए। त्यसलाई सम्बोधन गर्ने उद्देश्यले नेपाल सरकार मन्त्रिपरिषद्ले बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग (पहिलो संशोधन) कार्यादेश, २०७५ जारी गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गर्‍यो[१३] । बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगमा उजुरी सङ्ख्या ३ हजार १ सय ९७ रहेको, उजुरी सङ्कलन कार्यमा बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका, महिला तथा यौनजन्य हिंसामा परेका व्यक्तिलाई प्राथमिकता दिइएको, प्रारम्भिक छानविन गरेको, २ हजार ५ सय १२ (७८.५ %) उजुरी विस्तृत अन्वेषण/अनुसन्धानको प्रक्रियामा रहेको, १ सय १९ (३.७%) उजुरी निवेदन दोहोरो परेको, २ सय ८७ (९%) उजुरी तामेलीमा राख्ने निर्णय भएको, ४ सय १४ (१३%) उजुरी क्षेत्राधिकारभित्र नपर्ने भएकाले सत्य निरूपण तथा मेलमिलाप आयोग (टिआरसी) मा पठाइएको, १९ जना जिउँदै रहेका पत्ता लगाइसकिएको भन्दै आयोगले गतिविधि सार्वजनिक गर्‍यो[१४] ।

सत्य निरूपण तथा मेलमिलाप आयोगमा ६१ हजार ६ सय १५ उजुरी प्राप्त भएको, व्यवस्थितरूपमा अभिलेखीकरण गरिएको, गोपनीयता कायम राखी छानविनमा प्राथमिकता दिनुपर्ने/नपर्ने आधारमा वर्गीकरण गरिएको, उजुरी व्यवस्थापन सफ्टवेयर जडान गरिएको, मुकाम कार्यालयको स्थापना सातवटै प्रदेशमा उच्च अदालत रहेको स्थानमा गरिएको, उजुरी छानविन गर्ने सम्बन्धमा उच्च सरकारी वकिल कार्यालयका सह न्यायाधिवक्ताको संयोजकत्वमा एकजना महिलासमेत रहनेगरी तीन सदस्यीय विज्ञ टोलीलाई अनुसन्धान अधिकारी नियुक्त गरिएको, मुकामबाट प्रारम्भिक छानविन सम्पन्न भई सिफारिससहित १,३०० थान उजुरी आयोगमा प्राप्त हुन आएको विवरण सार्वजनिक गर्‍यो[१५] । मुलुकमा दिगो शान्ति र समुचित न्यायसँग सम्बन्धित विषय सल्टाउन ढिलो भइसकेको छ। सत्यको खोजी, आरोपित व्यक्ति पहिचान, पीडित र साक्षीको संरक्षण हानिपूरणसम्बन्धी कानुनी व्यवस्था र त्यसको कार्यान्वयन, मेलमिलाप, दोषीबाट सार्वजनिक माफी र घटनाको पुनरावृत्ति नहुने कुराको सुनिश्चितता आवश्यक छ।[१६]

**कानुनी शासन**

कानुनको शासन, मानव अधिकार, स्वतन्त्रता, निष्पक्ष र प्रभावकारी न्याय प्रणाली एकअर्काका परिपूरकका रूपमा हुन्छन्। मानव अधिकार र कानुनको

११. राष्ट्रिय मानव अधिकार आयोग, वार्षिक प्रतिवेदन २०७४/७५ पृ.१३
१२. ऐ.ऐ. पृ.१३
१३. नेपाल सरकार, मन्त्रीपरिषद्को २०७५ वैशाख ११ गतेको निर्णय
१४. बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको सङ्क्षिप्त जानकारी, २०७५ मङ्सिर १७ गते
१५. सत्य निरूपण तथा मेलमिलाप आयोग नेपालद्वारा जारी विज्ञप्ति, २०७४ माघ २६ गते
१६. राष्ट्रिय मानव अधिकार आयोग, वार्षिक प्रतिवेदन २०७४/७५ पृ.१८

शासनबीच अन्योन्याश्रित सम्बन्ध छ । कानुनको शासनभित्र कानुनभन्दा माथि कोही नहुने र कानुनले सबैलाई समानरूपमा संरक्षण गर्ने सिद्धान्त हुन्छन्। यस वर्ष पनि मुलुकमा विगतझैँ दण्डहीनता नै कानुनी शासनको चुनौतीका रूपमा रहन गयो । मूलतः सङ्क्रमणकालीन संयन्त्रले प्रभावकारीरूपमा कार्य सम्पादन गर्न नसक्दा पीडितले अझैसम्म पनि न्याय अनुभूत गर्न नसक्नु, राष्ट्रिय मानव अधिकार आयोगले कारबाही सिफारिस गरेका दोषीलाई कानुनी दायरामा ल्याउन नसक्नु, फौजदारी मुद्दा जाहेरी लिन इन्कार गरिनु, स्वतन्त्ररूपमा प्रभावकारी अनुसन्धान नहुनु, अदालतमा विचाराधीन फौजदारी मुद्दा पीडितको अनुमतिबिना फिर्ता लिनु, अदालतबाट दोषी ठहर भएका व्यक्तिलाई राजनीतिक दबाब प्रभावका आधारमा कानुनी दायरामा ल्याउन नसक्नु र राष्ट्रिय मानव अधिकार आयोगले कारबाहीका लागि गरेको सिफारिस कार्यान्वयन नहुँदा मानव अधिकार हनन् वा दोषी र अपराधमा संलग्न व्यक्तिले राजनीतिक आवरणमा उन्मुक्ति पाइरहेका छन्।[१७]

कञ्चनपुरकी निर्मला पन्तको हत्यामा संलग्न व्यक्तिलाई पक्राउ गर्न नसक्नु, मुद्दामा असंलग्न भनिएका व्यक्तिलाई प्रहरीले यातना दिइ साविती गराउन खोज्नु, प्रहरीबाट नै प्रमाण नष्ट गरिनु, वैज्ञानिक र विधि विज्ञानका आधारमा अनुसन्धान नहुनुले कानुनी शासनमा चुनौती रही राष्ट्रिय र अन्तर्राष्ट्रियरूपमा चर्चा भए । २०७५ साउन २० गते बेलुका काठमाडौँस्थित काँडाघारीमा ११ वर्षीय बालक निशान खड्काको अपहरण गरी हत्या गरेको आरोपमा गोपाल तामाङ र अजय तामाङ प्रहरी कारबाहीमा मारिएका घटना राष्ट्रिय मानव अधिकार आयोगमा अनुसन्धानका क्रममा छ। नेकपा (विप्लव) समूहका प्रवक्ता खड्गबहादुर विश्वकर्मा (प्रकाण्ड) लगायतका नेता/कार्यकर्तालाई सर्वोच्च अदालतबाट भएको बन्दी प्रत्यक्षीकरणको आदेशविपरित अदालत परिसरबाटै पुनः पक्राउ गरियो। पटक–पटक अदालतबाट भएको आदेश अटेर गर्दै प्रशासनबाट भएको पुनः पक्राउबाट सरकारी निकायले कानुनी शासन पालना गरेको देखिएन।

सङ्क्रमणकाल अन्त्य भएको लामो समय बितिसक्दा पनि नेपालमा यस वर्ष पनि कानुनी शासनको स्थिति समग्रमा कमजोर पाइयो । नेपालमा कानुनी शासनको पूर्ण प्रत्याभूतिका लागि संयुक्त राष्ट्र सङ्घीय सन्धिजनित मानव अधिकार समिति र विश्वव्यापी आवधिक समीक्षामा संयुक्त राष्ट्र सङ्घ, मानव अधिकार परिषद्बाट प्राप्त सुझाव, राष्ट्रिय मानव अधिकार आयोगका सिफारिससहित अदातली निर्णय कार्यान्वयन हुन सकेमा यस क्षेत्रमा सकारात्मक परिवर्तन आउन सक्ने देखिन्छ।

**यातनाविरुद्धको अधिकार र कैदी/बन्दीको अवस्था**

नेपालको संविधान र विद्यमान कानुनले यातनाविरुद्धको अधिकारलाई संरक्षण गरे तापनि साविती गराउने प्रयोजनका लागि अनुसन्धान अधिकारीबाट यातना दिने कार्य रोकिएको छैन । नेपालले यातनाविरुद्धको महासन्धि १९८४ अनुमोदन गरेको भए पनि यसको ऐच्छिक आलेखको पक्ष राष्ट्र भएको छैन। यातनाविरुद्ध परेका उजुरीमा अदालत, राष्ट्रिय मानव अधिकार आयोगबाट अनुसन्धान, जाँचबुझ भइरहेका छन्। तर महासन्धिको समितिको सिफारिसबमोजिम अनुगमन गर्ने स्वतन्त्र निकाय व्यवस्था हुन सकेको छैन। हिरासत कक्षमा क्षमताभन्दा बढी बन्दी राखिनु, कानुन व्यवसायीसँग छुटै कक्षमा भेटघाट गर्न नाता प्रमाणित कागजात देखाउनुपर्ने अवस्था छ। नेपाल प्रहरीको हिरासत विगत वर्षभन्दा सुधारोन्मुख देखिन्छ। जिल्ला प्रहरी कार्यालय अन्तर्गत नयाँ हिरासत भवन बन्ने क्रममा छ । नयाँ हिरासत भवनमा पार्केटिङ, शौचालयसहित बन्दी राख्ने क्षमता पनि बढी छ तर पुरानो संरचनामै रहेका हिरासतको अवस्था भने न्यूनतम मापदण्डभित्र भएका पाइएन।

संयुक्त राष्ट्रसङ्घीय यातनाविरुद्धको समितिमा नेपाल सरकारका तर्फबाट वक्यौता रहेका तेस्रो, चौथो, पाँचौँ, छैठौँ र सातौँ आवधिक प्रतिवेदन एकमुष्टरूपमा प्रस्तुत भयो । राष्ट्रिय मानव अधिकार आयोगले अधिकांश कारागारमा क्षमताभन्दा बढी कैदी/बन्दी रहेका भन्दै आयोगका सिफारिस कार्यान्वयन गर्न, कारागारको वातावरण स्वच्छ राख्न ढल निकासको प्रबन्ध मिलाउन, बन्दीलाई उपलब्ध गराउँदै आएको दैनिक रकम समयानुकूल वृद्धि गर्न, नियमित स्वास्थ्य परीक्षणको व्यवस्था मिलाउन, यातना क्षतिपूर्ति मस्यौदा विधेयकमा आयोगको सुझावबमोजिम कार्यान्वयन गर्न सरकारलाई सुझाव दियो।[१८]

आपराधिक कार्यमा संलग्न ठहरिएका व्यक्तिका लागि राख्ने सुधार गृहका रूपमा कारागारलाई लिइन्छ। आफ्नो अपराध कार्यको पश्चताप गरी चरित्र र आनीबानी सुधार गरी समाजमा पुनर्स्थापित हुन सकून्

१७. राष्ट्रिय मानव अधिकार आयोग, वार्षिक प्रतिवेदन २०७४/७५ पृ.१४
१८. राष्ट्रिय मानव अधिकार आयोग, प्रेस नोट २०७५ असार २१ गते

भनेर कारागारमा राखिन्छ । तर नेपालका अधिकांश कारागार कैदीका लागि सुधारिने भन्दा थप अपराध सिक्ने थलोसरह भएको छ । ललितपुरको नख्खु कारागारमा कैदी अभिषेकराज सिंहले अर्को कैदी भक्तबहादुर सुनारलाई विषादी खुवाएर हत्या गरे । सो घटना सम्बन्धमा गृह मन्त्रालयले छानविन समिति गठन गऱ्यो । राष्ट्रिय मानव अधिकार आयोगले समेत सो घटनाको अनुसन्धान गऱ्यो तर हालसम्म प्रतिवेदन भने सार्वजनिक गरेको छैन ।

कारागार सुधारका लागि विभिन्न आयोग र समिति वि.सं. २००५ सालदेखि नै बन्न सुरु गरे । राणाकाल हुँदै वि.सं. २००८, २०१६, २०४७, २०५३, २०६३, २०६४ र २०६८ सालमा सरकारले गठन गरेका उच्चस्तरीय आयोग/कार्यदलले नेपाल सरकारलाई प्रतिवेदन बुझाए पनि त्यसको कार्यान्वयन हुन सकेन ।

यस वर्ष महान्यायाधिवक्ताको कार्यालयले मुलुकका ३१ वटा कारागार अनुगमन गरी हिरासत तथा कारागारको अनुगमन प्रतिवेदन तयार पाऱ्यो । कारागार बस्दा कैदीमा समाजमा पुनर्स्थापनाका लागि आवश्यक योग्यता, सिप, नैतिकता र आत्मविश्वास विकास हुन जरुरी हुन्छ। अहिलेभैँ कारागारको प्रबन्धका भरमा कैद भुक्तान गरी निस्कँदा कैदीहरू समाजमा पुनर्स्थापित हुन नसक्ने अध्ययन प्रतिवेदनको निचोड छ ।[१९]

कारागार व्यवस्थापन विभागका अनुसार मुलुकभर रहेका कारागारमा १०,४३३ (थप भएको क्षमतासहित) कैदी/बन्दी राख्न सक्ने क्षमता छ। त्यसैगरी तीनवटा बाल सुधार गृहमा १६ वर्षमुनिका १ सय ७५ जना बालकैदी/बन्दी राख्न मिल्ने क्षमता छ। १०,६०८ क्षमता रहेकामा यस वर्ष पुरुष र महिला कैदी/बन्दीको सङ्ख्या क्रमशः १८,०७४ र १,२८६ छ। यसबाहेक ६० जना आश्रीत र १,०८७ जना विदेशीसहित कुल सङ्ख्या २०,५०७ देखिन्छ ।[२०]

जीर्ण कारागारको मर्मत, नयाँ भवन निर्माण, ढल निकास र पानीको व्यवस्था गर्न, कैदी/बन्दीको औषधोपचार र स्वास्थ्य परीक्षण, अध्ययन सामग्री, सिपमूलक तालिम, पुर्पक्षका लागि थुनामा रहेकाका मुद्दालाई प्राथमिकता दिनुपर्ने, फोटोसहितको अभिलेख, सुझाव वा उजुरीपेटिका तथा आचारसंहिता प्रष्ट देखिने ठाउँमा राख्न आयोगले सरकारलाई सुझाव दिएको छ । [२१]

थुनामा रहेका ऊर्जाशील जनशक्ति उपयोग गर्न राज्यले न्यूनतम पारिश्रमिक तोकी विकासमूलक र रोजगारमूलक कार्यमा परिचालन गर्नुपर्ने जसबाट काम नगरी बस्दा उत्पन्न हुने कुण्ठा र नैराश्य अन्त्य हुन्छ । तसर्थ कैदी/बन्दीको सिप, क्षमता र रुचिअनुसार योजना निर्माण गरी आवश्यक तालिम व्यवस्था गरिनुपर्छ । कच्चा पदार्थको आपूर्तिदेखि कारागारमा उत्पादित सामग्री बिक्री वितरणका लागि सरकारले बजारको व्यवस्था मिलाउनुपर्छ । [२२]

### खाद्यान्न अधिकार

पौष्टिक आहारसहितको खाद्यान्नको अधिकार मानिसको स्वास्थ्य र जीवनको अधिकारसँग पनि सम्बन्धित हुन्छ । मौलिक हकका रूपमा रहेको खाद्यान्नको अधिकार कार्यान्वयनका लागि यस वर्ष सरकारले विधेयक प्रस्तुत गरी कानुन तर्जुमा भइसकेको छ । खाद्यान्नको अधिकार परिपूर्तिका लागि उत्पादन, सञ्चय, भण्डारण र आपूर्ति व्यवस्थाका अतिरिक्त गुणस्तरीय खाद्यान्न किन्नका लागि नागरिकमा क्रयशक्ति वृद्धि हुन जरुरी छ। त्यसका लागि रोजगारी पहिलो आवश्यकता हो ।

नेपालमा विगतको तुलनामा भोकमरीको अवस्था घट्दै गएको पाइएको छ । विश्व भोकमरी सूचकाङ्क २०१७ प्रतिवेदन अनुसार विश्वका १ सय १९ मुलुकमध्ये नेपाल ७२ औँ स्थानमा रह्यो । यो तथ्याङ्क दक्षिण एसियाकै उच्च हो । सन् २०१६ मा नेपालमा भोकमरीको अवस्था २२.२ रह्यो भने २०१७ मा २१.९ देखिएको छ। प्रतिवेदनले ४.९ वा सोभन्दा कम अङ्क हासिल गर्ने न्यून, २०.० देखि २९.९ बढ्दो र ३० वा सोभन्दा बढी अति बढ्दो भनी चित्रण गरेको छ। यसबाट भोकमरी अवस्थामा केही सुधार देखिए पनि नेपालको अवस्था गम्भीर नै देखिन्छ । [२३]

कर्णाली प्रदेशका करिब ७ प्रतिशत जनसङ्ख्या खाद्यान्नको उच्च जोखिममा रहेका र आयआर्जन र स्थानीय स्रोतसाधनको अभावले कम्तीमा एक दिन भोकै रहनुपरेको कृषि तथा पशुपन्छी विकास कार्यालय र केन्द्रीय तथ्याङ्क विभागले तयार पारेको प्रतिवेदनमा उल्लेख छ। अध्ययन प्रतिवेदनअनुसार सात प्रतिशत जनसङ्ख्या उच्चतम खाद्य असुरक्षामा छन् ।

---

१९. हिरासत तथा कारागार अनुगमन प्रतिवेदन, महान्यायाधिवक्ताको कार्यालय सिंहदरबार पृ. २४
२०. राष्ट्रिय मानव अधिकार आयोग, वार्षिक प्रतिवेदन २०७४/७५ पृ.२१
२१. राष्ट्रिय मानव अधिकार आयोग, वार्षिक प्रतिवेदन २०७४/७५ पृ.२३
२२. कान्तिपुर राष्ट्रिय दैनिक, जेलको जमानत, सम्पादकीय २०७५ पुस १७
२३. राष्ट्रिय मानव अधिकार आयोग, वार्षिक प्रतिवेदन २०७४/७५ पृ.२९

करिब ३० लाख जनसङ्ख्या रहेको कर्णालीमा २ लाख १० हजार सर्वसाधारण एक दिन भोकै बस्छन् । उक्त सर्वेक्षण कर्णालीका दैलेख, जाजरकोट, रुकुम, सल्यान, सुर्खेत, डोल्पा, हुम्ला, मुगु र कालिकोट जिल्लामा गरिएको थियो। २८ प्रतिशत अर्थात ८ लाख ४० हजार जनसङ्ख्या खाद्य जोखिममा रहेका पाइन्छ। स्थानीय जनतामा पैसा, स्रोत/साधनलगायत अभावका कारण खाद्य असुरक्षा देखिएको प्रतिवेदनमा उल्लेख छ।[24] नेपालभर करिब ३१ प्रतिशत जनता बाध्यात्मकरूपमा एक दिन भोकै बस्छन्। सरकारी क्षेत्रबाट पहिलोपल्ट भएको सर्वेक्षणले समानुपातिक विकास नारामा मात्र सीमित रहेको देखियो। कर्णालीबासीले खाद्य सुरक्षाको मापदण्डअनुसार खान नपाएको कृषि मन्त्रालयको भनाइ छ। [25]

खाद्य असुरक्षाको सिकारमा मूलतः गरिब, चेपाङ, राउटे, मुसहर, दलित, वादी, हलिया, बोटे र भूमिहीन समुदायका नागरिकका लागि राज्यले यस वर्ष पनि दीर्घकालीन योजनासहित प्रभावकारी कार्य गर्न सकेको पाइएन।

**शिक्षाको अधिकार**

सर्वसुलभ गुणस्तरीय शिक्षा पाउनु मानव अधिकारको विषय हो । संविधानको मौलिक हकअन्तर्गत रहेको आधारभूत तहसम्म अनिवार्य र निःशुल्क शिक्षा पाउने हक कानुनीरूपले सुनिश्चित गरेको छ । शिक्षामा पहुँच सुनिश्चित गर्न नेपाल सरकारले विद्यालय भर्ना अभियानअन्तर्गत विद्यालय जाने सबै उमेरका बालबालिकालाई ल्याऔँ, टिकाऔँ र सिकाऔँ अभियान सञ्चालन गर्ने भनी यस वर्षको बजेट वक्तव्यमा नै उल्लेख गर्‍यो । नेपाल सरकारले हामी सबैको इच्छा, अनिवार्य आधारभूत निःशुल्क शिक्षा भन्ने मूल नाराका साथ विद्यालय भर्ना महाभियान सञ्चालन गर्‍यो। [26]

यसै वर्ष नेपाल सरकारले विद्यालय जाने उमेरका ३ लाख १३ हजार २ सय ८ बालबालिकालाई विद्यालय भर्ना गरेको, शैक्षिक सत्रको सुरुमै सहजरूपमा बालबालिकाका हातहातमा पाठ्यपुस्तक पुर्‍याइएको, उच्च शिक्षा अध्ययनका लागि सहुलियतपूर्ण शैक्षिक ऋण कार्यविधि निर्माण गरेको छ भने कक्षा १२ सम्मको शिक्षालाई निःशुल्क गर्न अधिकारमा आधारित बालबालिका शिक्षा ऐनको मस्यौदामा सैद्धान्तिक सहमति भएको र सुरक्षित विद्यालय नीतिको अन्तिम मस्यौदा सरकारले तयार पार्‍यो।[27]

प्रदेश नं. २ सरकारले दलित छात्रवृति निर्देशिका २०७५ तयार गर्‍यो। त्यसैगरी २०७४ चैत १३ गते 'बेटी पढाउ, बेटी बचाउ' अभियान घोषणा गर्‍यो[28]। प्रदेश नं. ३ सरकारले माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क र अनिवार्य बनाउने, शिक्षामा गुणस्तरीयता र पहुँचमा समानता बनाउने, शौक्षिक गुणस्तर सुदृढीकरण गर्ने, विद्यालयका संरचना अपाङ्गमैत्री बनाउने जस्ता महत्त्वपूर्ण नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ [29]। तथापि सामुदायिक विद्यालयमा शिक्षाको गुणस्तरमा उल्लेख्य प्रगति हुन सकेको छैन भन्ने प्रतिवेदन राष्ट्रिय मानव अधिकार आयोगले सार्वजनिक गर्‍यो। [30]

उचित व्यवस्थापन, अनुगमनमा कमी एवं सार्वजनिक निकाय र पदाधिकारीको कमी आदि कारणबाट अभिभावकको आकर्षण निजी विद्यालयतर्फ बढ्दो छ। निजी र सामुदायिक विद्यालयबाट दुईखालका शैक्षिक जनशक्ति उत्पादन भएका कारण शिक्षामा विभेद बढ्दै गरेको छ । सीमान्तकृत वर्गका बालबालिका, द्वन्द्वपीडित, असहाय, सडक बालबालिका, दलित र पिछडिएको वर्गका बालबालिकाको शिक्षाका लागि विशेष पहल गरिनु आवश्यक छ।

**स्वास्थ्य अधिकार**

नेपाल सरकारले स्वास्थ्य क्षेत्र सुधारका लागि विशेष कार्यक्रम सञ्चालन गर्‍यो। यसै वर्ष औषधिको मूल्य र गुणस्तर निर्धारणसम्बन्धी कार्यविधि २०७५ तयार गरेको छ। यसका आधारमा देशका सबै भूभागमा बसोबास गर्ने नागरिकलाई सर्वसुलभ औषधि उपलब्ध गराउन सकिने लक्ष्य लिएको छ। सरकारले नेपालगन्ज र जनकपुरमा शहीद गङ्गालाल हृदय केन्द्रअन्तर्गत मुटु रोगसम्बन्धी सेवा विस्तार गर्‍यो। नागरिकको स्वास्थ्य

२४. कान्तिपुर राष्ट्रिय दैनिक २०७५ पुस १६ पृ. १७
२५. ऐ.ऐ.
२६. आ.व. २०७५/७६ बजेट भाषण, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौँ
२७. प्रधानमन्त्री के.पी. शर्मा ओली नेतृत्वको सरकारले २०७५ साल असारसम्म गरेको महत्त्वपूर्ण कार्यहरू, प्रधानमन्त्री कार्यालय, सिंहदरबार, काठमाडौँ, पृ. ३३
२८. गोरखापत्र राष्ट्रिय दैनिक, २०७४ चैत १४ गते
२९. २०७५ जेठ १८ गते प्रस्तुत आ.व. २०७५/७६ को नीति तथा कार्यक्रम
३०. राष्ट्रिय मानव अधिकार आयोग, वार्षिक प्रतिवेदन २०७४/७५ पृ.२७

बिमाका लागि लक्षित ४२ जिल्लामध्ये ३६ जिल्लामा बिमा कार्यक्रम सञ्चालन भई ९ लाख ५१ हजार ३ सय ३९ जना बिमित भएका छन् । जसमध्ये १ लाख २६ हजार ८ सय ३१ जना अति विपन्न वर्गका नागरिकलाई सरकारद्वारा प्रिमियमको समेत व्यवस्था गरी बिमित गरियो । [३१]

स्वास्थ्यको जिम्मेवारी स्थानीय तहमा पुगेपछि जिल्ला तहमा स्वास्थ्य संरचना हट्न गए । स्वास्थ्य क्षेत्रलाई स्थानीय तहमा राख्दा औषधि खरिद, भण्डारण, आपूर्ति र वितरणमा कठिनाइ उत्पन्न भएकाले पुनः पुरानै संरचनामा जानुपर्ने माग उठ्दै आएका छन् ।

नेपाल सरकारले क्यान्सरलगायत गम्भीर प्रकृतिका रोगीका लागि सरकारी तथा निजी अस्पतालमा १० प्रतिशत निःशुल्क बेडको व्यवस्था, ज्येष्ठ नागरिकका लागि जेरिम्याट्रिक वार्डको व्यवस्था गरेको छ । बाल मृत्युदर र मातृ मृत्युदर घटाउने तथा पोषण, सरसफाइसम्बन्धी चेतना अभिवृद्धिमूलक कार्यक्रम स्वास्थ्य मन्त्रालयअन्तर्गत निकायबाट भएको पाइन्छ ।

बिरामीका लागि अति आवश्यक औषधि उत्पादन, भण्डारण र समयमै आपूर्ति नहुँदा समयमै सेवाग्राहीसम्म पुग्न सकेको भने देखिँदैन । भौगोलिक विकट क्षेत्रमा बिरामीको स्वास्थ्य संस्थासम्म पहुँच पुग्न नसकेको, सघन उपचार कक्ष तथा स्वास्थ्य उपकरण अभावले यस वर्ष पनि निरन्तरता पाएको देखिन्छ ।

यसै वर्ष स्थानीय तहले खरिद गर्ने एम्बुलेन्समा राजश्व छूटसम्बन्धी मापदण्ड, २०७५ नेपाल सरकारले जारी गऱ्यो [३२] । सरकारले जनसङ्ख्यालाई ध्यान दिइ गाउँपालिकामा एक चिकित्सक, नर्ससहित प्राविधिक र वडापिच्छे एक नर्सको व्यवस्था गर्ने, स्वास्थ्य सेवामा एक्सरे सेवा र प्रयोगशाला विस्तार गर्ने लक्ष्य लिएको छ । भौगोलिक र जनसङ्ख्या अनुपातमा बढीमा ३० मिनेटको दूरीमा एक स्वास्थ्य संस्था स्थापना, २० हजार जनसङ्ख्या बराबर एक प्राथमिक स्वास्थ्य केन्द्र, एक लाख जनसङ्ख्याको अनुपातमा कम्तीमा २५ सैयाको अस्पताल स्थापना गर्ने आवधिक योजनामा समावेश गर्ने उल्लेख छ[३३]। तर स्वास्थ्य सेवा आमनागरिकको पहुँच, सर्वसुलभ र विश्वासिलो हुन नसक्दा गरिबीको रेखामुनि रहेका नागरिकले स्वास्थ्यको अधिकार अनुभूत गर्न सकेका छैनन् ।

**आवासको अधिकार**

आवासको अधिकारबाट नै मानिसले सुरक्षासहित स्वस्थकर जीवन निर्वाह गर्न पाउँछन् । आवासको हकलाई नेपालको संविधानले मौलिक हकका रूपमा व्यवस्था गरेको छ[३४] । मौलिक हक कार्यान्वयनका लागि आवासको हकसम्बन्धी कानुनसमेत तर्जुमा भइसकेको छ । राज्यले भूमिहीन दलितलाई कानुनबमोजिम बसोबासको व्यवस्था गर्ने[३५] मौलिक हकमा व्यवस्था छ ।

नेपालमा भूमिको समानुपातिक वितरण नभएको, भूमिहीन किसान जमिनबाट वञ्चित भएका कारण आवासबिहीनहरूको मानव अधिकार हनन भइरहेको छ । सरकारले यस वर्ष पनि देशमा लामो समयदेखि समाधान हुन नसकेको मुक्त कमैया, मुक्त हलिया तथा भूमिहीन सुकुमवासीको आवासको अधिकार सुनिश्चित गर्न प्रभावकारी कार्य गर्न सकेन । सुरक्षित आवासको अभावमा भूकम्पपीडित, दलित, बालबालिका, सुत्केरी महिला बढी प्रभावित भए । तथापि तराइ क्षेत्रमा हरेक वर्ष शीतलहरपछि खाद्य सामग्री, कपडा वितरण गर्ने परम्परा तोड्दै सरकारले पूर्वतयारी गर्न निर्देशन दियो । खर र फुसको छाना भएका नागरिकलाई जस्तापाता लगाउन प्रतिघर ५० हजार रुपियाँका दरले उपलब्ध गराउने सरकारले निर्णय गऱ्यो । सुरक्षित आवासका लागि यो सरकारी निर्णयलाई सकारात्मकरूपमा लिन सकिन्छ । तर यथार्थ लगत र तयारीबिना नगद वितरण गर्ने सरकारी निर्णय प्रभावकारीरूपमा कार्यान्वयन हुन भने कठिनाइ देखिन्छ । त्यसका लागि स्थानीय तहमार्फत जस्तापाता ढुवानी गरी आमनागरीकलाई उपलब्ध गराउन सकेमा बजेटको सदुपयोग हुने देखिन्छ ।

कर्णाली प्रदेश सरकारले एकीकृत बस्ती बसाउन योजना कार्यान्वयन गर्ने कार्यविधि २०७५ जारी गरेको छ । चालु आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम कार्यान्वयनका लागि कार्यविधि तयार भएको छ । कर्णालीका विकट क्षेत्रमा छरिएर रहेका बस्ती, बाढी/पहिरोलगायत प्राकृतिक विपत्को जोखिममा रहेका र घरवार नभएका व्यक्तिलाई सुरक्षित आवास व्यवस्था गरिने योजना रहेको पाइन्छ ।

३१. प्रधानमन्त्री के.पी. शर्मा ओली नेतृत्वको सरकारले २०७५ साल असार मसान्तसम्म गरेका महत्त्वपूर्ण कार्यहरू, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौँ, पृ. ४८
३२. नेपाल सरकार, मन्त्रिपरिषद्को २०७५ असोज २१ गतेको निर्णय
३३. राष्ट्रिय मानव अधिकार आयोग, वार्षिक प्रतिवेदन २०७४/७५ पृ.३२
३४. नेपालको संविधान (२०७२) को धारा ३७(१)
३५. नेपालको संविधान (२०७२) को धारा ४० को उपधारा (६)

कर्णाली प्रदेशका १० ओटा जिल्लामा आवश्यक्ता र औचित्यका आधारमा एकीकृत बस्ती विकास कार्यक्रम सञ्चालन हुनेछ। एकीकृत बस्ती बस्ने स्थान सडक, पिउने पानी, ढल निकास, विद्युतलगायत आधारभूत पूर्वाधारले पायक हुनेछ। सम्बन्धित स्थानीय तहले जग्गा उपलब्ध गराउन निश्चित भएको स्थानमा कार्यक्रम कार्यान्वयन गरिने कार्यविधिमा उल्लेख छ।[३६]

**प्रवासी कामदारको अधिकार**

प्रत्येक व्यक्तिले योग्यता, क्षमता र आफ्नो छनोटअनुसार रोजगारीको अवसर खोजी गरिरहेको हुन्छ। आफ्नो मुलुकभित्र उपयुक्त अवसर नपाएपछि गन्तव्य मुलुकतर्फ लाग्नु स्वाभाविक प्रक्रिया हो। नेपाल सरकारले वैदेशिक रोजगारसम्बन्धी नीति र विद्यमान ऐनले वैदेशिक रोजगारबाट ज्ञान, सिप, प्रविधि र रेमिट्यान्समार्फत देशको विकासमा योगदान पुग्ने नीति लिएको छ। तद्नुरूप कोरिया र जापानसँग इपिएस पद्धतिअन्तर्गत श्रम सम्झौता गरी न्यूनतम मूल्यमा कामदार पठाउँदै आएको छ। नेपालले १ सय १० मुलुकलाई श्रमका लागि खुला गरेकामा हाल इराकमा जान रोक लगाएको छ।[३७] श्रम तथा रोजगार मन्त्रालयको प्रतिवेदनअनुसार सन् २००८ देखि २०१७ सम्म श्रम स्वीकृति लिइ ३५ लाख १२ हजार २ सय ७३ नेपाली नागरिक विभिन्न मुलुकमा आप्रवासी कामदारका रूपमा गएका देखिन्छ। खुला सिमानाका कारण भारत जाने आप्रवासी कामदारको एकीन तथ्याङ्क पाइँदैन। सो सङ्ख्या पनि लाखौँको सेरोफेरोमा छ। यसका अतिरिक्त पर्यटकीय र विद्यार्थी भिसा लिइ बाह्य मुलुकमै रहने नेपाली युवाको सङ्ख्या पनि उल्लेख्य छ।

वैदेशिक रोजगारमा गएका नेपालीको मृत्यु दर पछिल्ला दिन भयाबह देखिएको छ। अस्वस्थ खानपिन दुर्घटना, अनुपयुक्त बसाइँ मृत्युको प्रमुख कारण मानिएका छन्। पेसागत र पारिवारिक तनावले मानसिक समस्या उत्पन्न भई आत्महत्या दर पनि बढ्दै गएको पाइन्छ। सन् २०१८ मा मलेसिया, साउदी अरब, कतार, युएइ, कुवेत, ओमन, बहराइनसहित देशमा ८ सय ७८ जनाको मृत्यु भयो। यीमध्ये ३५ जना महिला थिए[३८]। सोचेजस्तो काम र तलब नपाइनु, ऋणको भार थपिनु जस्ता कारण पारिवारिक मनमुटावले आत्महत्या बढ्दै गएको पाइएको छ।

कामदार छनोट प्रक्रियादेखि अभिमुखीकरण गुणस्तरीय नहुँदा कामदार समस्यामा पर्ने गरेका छन्। हरेक देशको रहनसहन, पेसागत विशिष्टतालाई ध्यान दिई सबैलाई समेट्ने गरी तालिम दिनुपर्नेमा अभिमुखीकरण नाममात्रको भई गुणस्तरीय नहुनु, पर्याप्त सूचना नहुनु आदि कारणले आप्रवासी कामदारका अधिकार हनन् बढ्दै गइरहेको छ।

राष्ट्रिय मानव अधिकार आयोगको अनुगमनबाट प्राप्त तथ्यका आधारमा हेर्दा गन्तव्य मुलुकमा अलपत्र परेका कामदारको उद्धार तथा स्वदेश फिर्ता सहजरूपमा नभएको, भारत जाने लाखौँ नेपालीलाई वैदेशिक रोजगार ऐनले समेट्न नसकेको, भारतका विभिन्न भागबाट घर फर्किँदा सुरक्षाकर्मीबाट लुटिनु, सिमानाका समस्या, श्रमिक भर्ना गर्ने निकाय (म्यानपावर एजेन्सी, स्वास्थ्य परीक्षण संस्था, अभिमुखीकरण संस्था) र एजेन्टका क्रियाकलापको अनुगमन र नियमन प्रभावकारीरूपमा हुन नसकेको, महिला कामदारको विशेष संरक्षणको अभाव रहेको, दोहोरो करार गर्ने प्रचलन, तोकिएभन्दा बढी शुल्क लिने तर रसिद नदिने प्रवृत्ति, वैदेशिक रोजगारबाट पीडित र तीनका परिवारका सदस्यको राज्यबाट सुरक्षा र न्यायमा सहज पहुँच हुन नसकेको, मानव अधिकार आयोगका सिफारिस कार्यान्वयन नभएको आदि कारण नेपालबाट वैदेशिक रोजगार जाने अधिकांश नागरिकको अवस्था अत्यन्त दयनीय छ। यस वर्ष राष्ट्रिय मानव अधिकार आयोगले नेपाल सरकारलाई प्रवासी कामदारको मानव अधिकार सुधारका लागि १६ बुँदे सिफारिस गऱ्यो।[३९]

**बालबालिकाको अधिकार**

नेपालको संविधानको मौलिक हकमा बालबालिकाको हक सुनिश्चित गरिएको छ[४०]। ऐन, नीति/नियमको व्यवस्था उत्कृष्ट भए पनि बालबालिकको अधिकार पूर्णरूपले प्रत्याभूति हुन भने सकेको छैन। गरिबी, अशिक्षा, भौगोलिक विकटता आदिका कारण विद्यालयको पहुँचबाहिर रहने, विद्यालय छाड्ने आदि कारण बालबालिका शिक्षाको अधिकारबाट वञ्चित भए। बाल अधिकार प्रत्याभूतिका दृष्टिकोणले प्रदेश दुई र तीनका प्रदेश सरकारका नीतिलाई सकारात्मकरूपमा हेर्न सकिन्छ। विद्यालयमा हुने विभेद, शारीरिक दण्ड सजाय पनि बाल अधिकार संरक्षणमा चुनौतीका रूपमा रहे। बालबालिकामाथि हुने यौनजन्य हिंसा, अपहरण पछि हत्या, बालविवाह, बालश्रम, घरेलु

३६. कान्तिपुर राष्ट्रिय दैनिक २०७५ पुस १७ गते
३७. श्रम तथा रोजगार मन्त्रालयको प्रतिवेदन, २०१८ पृ. १४
३८. कान्तिपुर राष्ट्रिय दैनिक, २०७५ पुस २६ गते
३९. राष्ट्रिय मानव अधिकार आयोग, वार्षिक प्रतिवेदन २०७४/७५ पृ.५२
४०. नेपालको संविधान (२०७२) को धारा ३९

कामदारका रूपमा बालबालिकाको प्रयोग आदि कारणले नेपालमा बाल अधिकारको अवस्था सन्तोषजनक देखिँदैन।[४१]

**महिला अधिकार**

नेपालको संविधान (२०७२) ले महिलालाई महिला भएकै कारण कुनै पनि विभेद गर्न नपाइने संवैधानिक संरक्षण दिएको छ। महिलाउपर घरेलु हिंसा नियन्त्रणका लागि कानुनी संरचनागत र संस्थागत व्यवस्था गरी आवश्यक संयन्त्रसमेत गठन गरेको छ। यस वर्ष नेपाल सरकारले महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९ को छैठौँ आवधिक प्रतिवेदनमाथि प्राप्त भएको 'लिस्ट अफ इस्यु'को जवाफसहितको प्रतिवेदन संयुक्त राष्ट्र सङ्घीय मानव अधिकार आयोग उच्च आयुक्तको कार्यालयको सिड कमिटीमा पेश गऱ्यो[४२] भने नेपाल सरकारका मन्त्री नेतृत्वको टोलीले बैठकमा भाग लियो। राष्ट्रिय मानव अधिकार आयोगले महिला हिंसा न्यूनीकरणसम्बन्धी राष्ट्रिय अभियान सञ्चालन गऱ्यो। महिला हिंसाका घटना वृद्धि हुँदै गएको सन्दर्भमा घटनाको अनुसन्धान र अभियोजन प्रक्रिया प्रभावकारी बनाउन सरोकारवालाको ध्यानाकर्षण गरायो।[४३]

संविधान, ऐनबमोजिम समावेशिताका आधारमा गाउँपालिका र नगरपालिकाको निर्वाचनमा प्रमुख/उपप्रमुख र अध्यक्ष/उपाध्यक्ष मध्ये एकजना महिला अनिवार्यरूपमा उम्मेदवार बनाउनैपर्ने कानुनी व्यवस्थाका कारण स्थानीय तहमा महिला नेतृत्व उल्लेख्य वृद्धि भएको छ। स्थानीय तह न्यायिक समितिको संयोजक उपाध्यक्ष/उपप्रमुख हुने व्यवस्था भएपछि महिलाले स्थानीय तहसम्म मेलमिलाप र विवाद निरूपणमा महत्त्वपूर्ण योगदान दिएका छन्। संरचनागत सुधारका कारण दक्षिण एसियाली मुलुकमै नेपाली महिलाको राजनीतिक नेतृत्वमा भएको पहुँचलाई उल्लेख्यरूपमा लिन सकिन्छ। तर समाजमा व्याप्त कुरीति र कुसंस्कारका कारण छाउ पडी जस्ता प्रथा, छोरा र छोरीलाई हेर्ने विभेदजन्य व्यवहार आदिका कारण ग्रामीण महिलाको अवस्था भने अझै पनि चुनौतीपूर्ण छ।

**जातीय भेदभावविरुद्धको अधिकार**

नेपालमा जातीय आधारमा गरिने विभेद र छुवाछूतलाई संविधान र कानुनले निषेध गरी दण्डनीय बनाएको छ[४४]। संविधानको मौलिक हक कार्यान्वयनका लागि ऐन तर्जुमा भयो। तथापि अझै पनि पानी पँधेरो, सामाजिक व्यवहार, घर/परिवार र समुदायभित्र जातीय छुवाछूत कायमै छ। विद्यालयस्तरको जनचेतना, स्थानीय तहबाट प्रभावकारी अनुगमन र कानुनबमोजिम दोषीलाई दण्ड सजायको व्यवस्था भई त्यसको व्यापक प्रचारप्रसारले नै जातीय आधारमा हुने विभेद अन्त्य हुन सक्ने देखिन्छ।

**प्राकृतिक प्रकोप**

प्राकृतिक प्रकोपको दृष्टिकोणले नेपालको भूभाग अत्यन्त जोखिममा छ। कालीकोटलगायतका विभिन्न जिल्लामा भएको आगलागीबाट सयौँ परिवारको मानव अधिकार जोखिममा पर्न गयो। बाढी/पहिरो, डुवानबाट प्रभावितहरूका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समन्वयका कार्य भएका छन्। यस वर्ष तराई मधेसमा शीतलहर चल्नुपूर्व नै सावधानी अपनाउने निर्णय सरकारले गऱ्यो। यसका अतिरिक्त प्राविधिक मूल्याङ्कनबिना नै जथाभावी डोजर लगाइ खनिएका ग्रामीण सडकका कारण दुर्घटना बढ्दै गएको, बाढी/पहिरोको जोखिम बढेको र त्यसबाट मानवीय क्षति हुन गएको पाइन्छ। नेपालमा बर्सेनि औसत १० हजार सवारी दुर्घटना हुन्छन् र दुई हजारभन्दा बढीको ज्यान जाने गरेको छ। घाइते हुनेको सङ्ख्या र आर्थिक क्षति निकै ठूलो छ। तर, त्यसलाई न्यूनीकरण गर्नेतर्फ सरकार र सरोकारवालाको गम्भीर ध्यान जान सकेको छैन। आ.व. २०७४/७५ मा सडक दुर्घटनाका कारण २ हजार ३ सय १८ जनाको ज्यान गयो।[४५]

**भूकम्प प्रभावितका सवाल**

भूकम्प प्रभावितहरूको आवासको अधिकार सुनिश्चित गर्न गठित राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा सरकार परिवर्तनसँगै नेतृत्व परिवर्तन भयो। प्रक्रियागत जटिलता, कमजोर आर्थिक अवस्था, दक्ष जनशक्ति अभाव, बढ्दो महँगीलगायतका कारण भूकम्प प्रभावितका काम सन्तोषजनकरूपमा अगाडि बढ्न सकेनन्। कुल लाभग्राही सङ्ख्या ८ लाख १० हजार ६

४१. राष्ट्रिय मानव अधिकार आयोग, वार्षिक प्रतिवेदन २०७५ पृ. ४३
४२. नेपाल सरकार, मन्त्रिपरिषद्को २०७५ असोज २१ गतेको निर्णय
४३. राष्ट्रिय मानव अधिकार आयोग, प्रेस विज्ञप्ति २०७५ भदौ २० गते
४४. नेपालको संविधान (२०७२) को धारा २४
४५. गोरखापत्र राष्ट्रिय दैनिक २०७५ पुस २६, सम्पादकीय

सय ९० रहेकामा अनुदान सम्झौता सम्पन्न सङ्ख्या ७ लाख २२ हजार १ सय १, बन्दै गरेका घर ५ लाख ५७ हजार ४ सय १० रहेका र ३ लाख ५ हजार ५ सय ८४ घर निर्माण भइसकेको देखिन्छ।[४६] उक्त विवरण र तथ्याङ्क हेर्दा लक्ष्यबमोजिम पुनर्निर्माणको काम सन्तोषजनकरूपमा अगाडि बढ्न सकेको छैन । पुनर्स्थापनाको पर्खाइमा रहेका धेरै पीडितको अवस्था दयनीय देखिन्छ। लाभग्राही सूचीमा परेका सङ्ख्या ८ लाख १० हजार ६ सय ९० र निर्माण सम्पन्न भएका घरको सङ्ख्या ३ लाख ५ हजार ५ सय ८४ बीचको अन्तरबाट पनि कामको गति अत्यन्त सुस्त देखिन्छ।

एकमुष्ट अनुदान नहुँदा र निर्माण सामग्रीको मूल्य वृद्धिलगायतका कारणले समेत भूकम्प प्रभावित व्यक्तिले तोकिएको समयमा निर्माण सम्पन्न गर्न सकेनन् । नीतिगत अस्पष्टता, स्थानीय तह र प्राधिकरणबीच समन्वय अभाव, इन्जिनियरहरूबाट समयमै अनुगमन नहुने आदि कारणले प्राधिकरणको भूमिका यस वर्ष पनि प्रभावकारी रहन सकेन।

**ज्येष्ठ नागरिकको अधिकार**

ज्येष्ठ नागरिक समाज र परिवारका ज्ञानको खानी भए पनि वर्षौंसम्मको ज्ञान, सिपलाई राज्यले सदुपयोग गर्न सकेन । नेपालको कूल जनसङ्ख्याको करिब ९ प्रतिशत ज्येष्ठ नागरिक छन्। सरकारले यस वर्ष पनि सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने नीतिलाई निरन्तरता दियो। ज्येष्ठ नागरिक ऐन २०६३ ले ज्येष्ठ नागरिकलाई सार्वजनिक यातायात तथा अन्य सेवामा ५० प्रतिशत छूट दिने व्यवस्था गरको छ। तर, त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेन । ज्येष्ठ नागरिक भत्ता स्थानीय तहले ब्याङ्कमार्फत उपलब्ध गराउने नीति अवलम्बन गरेकाले ज्येष्ठ नागरिक भत्ताको दुरुपयोग हुने कार्यमा कमी आउनु सकारात्मक पक्ष रह्यो। तर ग्रामीण तहमा बैङ्किङ सेवा सर्वसुलभ नहुँदा केही कठिनाइ महसुस भएकाले कतिपय गाउँपालिका/नगरपालिकाले घर/घरमै भत्ता नगदै उपलब्ध गराएका पाइयो।[४७] यसै वर्ष सरकारले ज्येष्ठ नागरिकसम्बन्धी ऐन संशोधन गर्ने विधेयक राष्ट्रिय सभामा दर्ता गरायो। ज्येष्ठ नागरिकको जीवन यापन सहज बनाउने उद्देश्यले छोरा/छोरीको तलबबाट केही प्रतिशत रकम बैङ्क खातामा पठाउनेसमेत व्यवस्थाका लागि ऐन मस्यौदा गरेको कार्यलाई सकारात्मक प्रयासका रूपमा लिन सकिन्छ।

**अपाङ्गता भएका व्यक्तिको अधिकार**

अपाङ्गता भएका व्यक्तिलाई सार्वजानिक सेवामा सहज पहुँच हुन सकेको छैन। अपाङ्गमैत्री भवन, सडक, पूर्वाधार नहुँदा अपाङ्गता भएका व्यक्तिले संविधान, कानुन र महासन्धिले प्रत्याभूत गरेका अधिकार कार्यान्वयनमा समस्या देखियो । अपाङ्गता संरक्षणसम्बन्धी ऐन २०७४ को प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहले भवन निर्माण स्वीकृति दिँदा, नक्शा पास गर्दा अपाङ्गमैत्री संरचनामा विशेष ध्यान दिन सकेको पाइएन। अपाङ्गता भएका व्यक्तिप्रति भेदभाव, सार्वजनिक सवारी साधन र भौतिक संरचना अपाङ्गमैत्री नहुनु, राज्यबाट उपलब्ध गराउनुपर्ने आरक्षण कार्यान्वयन नहुनु, अपाङ्गता भएका महिला/बालबालिकामाथि यौनजन्य हिंसा, भेदभाव दुर्व्यवहार हुनु जस्ता कारण अपाङ्गता भएका व्यक्तिको मानव अधिकार हनन भइरहेको छ। राष्ट्रिय मानव अधिकार आयोगले यस वर्ष सातओटै प्रदेशमा अपाङ्गता भएका व्यक्तिको मानव अधिकारसम्बन्धी सम्मेलन गरी २६ बुँदे घोषणापत्रसमेत जारी गऱ्यो।[४८]

**मानव अधिकार क्षेत्रमा कार्यरत राष्ट्रिय संयन्त्र**

मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्था गठनसम्बन्धी पेरिस सिद्धान्तअनुसार गठित स्वतन्त्र राष्ट्रिय संस्थाका रूपमा राष्ट्रिय मानव अधिकार आयोगले उजुरी ग्रहण गर्ने, अनुसन्धान/अनुगमन कार्य गरिआएको छ। राष्ट्रिय संस्थाका अतिरिक्त विषयगत आयोगहरूलाई समेत संवैधानिक मान्यता दिइयो । संविधान जारी भएको करिब दुई वर्षपछि मात्र विषयगत आयोगहरू गठनसम्बन्धी ऐन जारी भयो। गत वर्ष ऐन जारी भए तापनि यस वर्षसमेत कुनै पनि विषयगत आयोग गठन हुन भने सकेनन्। संविधानअन्तर्गतका राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, आदिवासी जनजाति आयोग, राष्ट्रिय समावेशी आयोग, मधेस आयोग, थारू आयोग, मुस्लिम आयोग गठन गर्ने व्यवस्था भए पनि संविधान जारी भएको तीन वर्ष नाघिसक्दासमेत कुनै पनि आयोग नै गठन भएनन्। संविधानबमोजिम गठन भएका आयोगहरूको सङ्घीय संसद्ले संविधान प्रारम्भ भएको मितिले १० वर्षपछि पुनरावलोकन गर्ने व्यवस्था छ।

४६. http://www.nra.gov.np

४७. गोरखापत्र राष्ट्रिय दैनिक, सम्पादकीय, ज्येष्ठ नागरिकप्रति सम्मान

४८. राष्ट्रिय मानव अधिकार आयोगको काठमाडौँ घोषणापत्र, २०७५ वैशाख २७–२८

**(क) राष्ट्रिय मानव अधिकार आयोग**

स्थापनाकालदेखि नै 'क' श्रेणीमा रहेको राष्ट्रिय मानव अधिकार आयोगले संविधान र कानुन प्रदत्त मानव अधिकारको संरक्षण, सम्बर्धन र परिपालनाको कार्य गरिआएको छ। आयोगले २०७५ असार ८ गते सातवटै प्रदेश मुकाममा प्रादेशिक कार्यालय स्थापना गर्ने निर्णय गऱ्यो। मानव अधिकारसम्बन्धी पेरिस सिद्धान्तबमोजिम गठित राष्ट्रिय मानव अधिकार आयोगलाई अन्य संवैधानिक आयोगभन्दा थप स्वायत्तता दिइएको छ[४९]। आयोगले गरेको काम, कारबाही र भविष्यमा गर्नुपर्ने सुधारसमेतको विस्तृत विवरण समेटेको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष प्रस्तुत गऱ्यो। वार्षिक प्रतिवेदनमा नेपाल सरकारले मानव अधिकारका विषयलाई व्यवहारमा उतार्न विभिन्न संयन्त्र निर्माण गरी ती संयन्त्रमार्फत कार्य भएको, सङ्घ, प्रदेश र स्थानीय तहको निर्वाचनपश्चात देशले विकासमा फड्को मार्न सक्ने विषयका अतिरिक्त संविधानबमोजिम गठन गरिनुपर्ने मानव अधिकारसँग सम्बन्धित विषयगत आयोग गठनका लागि ऐन निर्माण हुनुले सकारात्मक सन्देश दिएको उल्लेख गऱ्यो।

नेपाल सरकारले सन्धिजनिक समितिमा बुझाउनुपर्ने वक्यौता प्रतिवेदन नबुझाएको, आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार कार्यान्वयनमा प्राथमिकता दिन नसकेको, वैदेशिक रोजगारमा गएका नेपाली नागरिकको मानव अधिकार संरक्षण हुन नसकेको, समाजमा अझै पनि विभेद, घरेलु हिंसाका घटना बढ्दै गएकाले मानव अधिकारका क्षेत्रमा अझै चुनौती रहेको प्रतिवेदनमा उल्लेख छ।

दण्डहीनताको अवस्था कायमै रहेकाले कानुनी शासनको अवस्था चुनौतीपूर्ण रहेको, आयोगको सिफारिस १२.५ प्रतिशतमात्र पूर्ण कार्यान्वयन हुनु, सरकारबाट आयोगलाई अपेक्षित सहयोग नहुनु, भूकम्पबाट क्षतिग्रस्त आयोगको भवन निर्माणमा प्राथमिकता नदिँदा मानव अधिकार आयोगकै कार्य सञ्चालनमा कठिनाइ उत्पन्न भएको पनि प्रतिवेदनमा उल्लेख छ।

आयोगको सिफारिस कार्यान्वयन नगर्ने व्यक्ति वा पदाधिकारीको नाम सार्वजनिक गर्नका लागि निर्देशिका तयार गर्ने कार्य प्रारम्भ गरे पनि यस वर्ष पनि संविधान र ऐनबमोजिम मानव अधिकार उल्लङ्घनकर्ताका रूपमा नाम अभिलेखीकरण गरेको पाइएन।

**(ख) राष्ट्रिय महिला आयोग**

समग्र महिला वर्गको हक हित संरक्षण र प्रवर्द्धन गरी विकासको मूल प्रवाहमा ल्याइ लैङ्गिक न्याय कायम गर्ने उद्देश्य रहेको राष्ट्रिय महिला आयोग यस वर्ष पनि पदाधिकारीबिहीन रह्यो। पुराना पदाधिकारीको अवधि समाप्त भएपछि आयोग कर्मचारीको भरमा छ। पदाधिकारीबाट निर्णय/सिफारिस हुनुपर्ने नीतिगत कुनै पनि काम हुन सकेन। संविधान र कानुनबमोजिम महिला हिंसा, घरेलु हिंसा, विभेदका विषयमा उजुरी लिने, पीडितलाई पुनर्स्थापना गर्ने, निःशुल्क कानुनी सहायता उपलब्ध गराउने जस्ता क्रियाकलाप महिला आयोगबाट सम्पादन भए। आयोगले २४ सै घण्टा हटलाइन सेवा प्रदान गऱ्यो। महिला अधिकारका विषयमा अनुगमन गरी आरोपितलाई कारबाहीका लागि वकालत, अन्तरक्रिया जस्ता नियमित कार्य यस वर्ष महिला आयोगले गऱ्यो।

**(ग) राष्ट्रिय दलित आयोग**

दलित समुदायको समग्र स्थिति अध्ययन तथा अन्वेषण गरी तत्सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानुनी र संस्थागत सुधारका लागि विषय पहिचान गरी नेपाल सरकारलाई सिफारिस गर्ने हैसियत प्राप्त संवैधानिक अङ्गका रूपमा राष्ट्रिय दलित आयोग व्यवस्था गरिएको छ। दलित आयोग गठनसम्बन्धी ऐन गत वर्ष नै पारित भए पनि यस वर्ष पनि आयोगका पदाधिकारीको नियुक्ति भने भएन।

दलित आयोगका करार सेवामा कार्यरत कर्मचारीहरूको २०७५ साउन १ देखि म्याद नथपेपछि आयोग पदाधिकारीबिहीन मात्र नभई सचिवबाहेक कर्मचारीबिहीन पनि बन्न पुग्यो। संविधानले राज्यका सबै निकायमा दलितलाई समानुपातिक र समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक प्रत्याभूत गरेको छ। सार्वजनिक सेवालगायत अन्य क्षेत्रमा दलितको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानुनबमोजिम विशेष व्यवस्था गरिने, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षासहित भूमिहीन दलितका लागि जमिनसहित आवासको व्यवस्था गर्ने कानुन बने पनि ती कानुन कार्यान्वयन गराउन पहेरदारी भूमिका (वाचडग) रहेको आयोग पदाधिकारी र कर्मचारीबिहीन हुँदा दलित समुदायको अधिकार प्रत्याभूतिमा प्रत्यक्ष असर पुग्न जाने देखिन्छ। विगतमा दलित आयोगले सञ्चालन गरेका परियोजना र संस्थागत सुधारका लागि भएका प्रयाससमेत पदाधिकारी र कर्मचारी अभावमा ओझेलमा पर्न गए।

४९. नेपालको संविधान २०७२, धारा २९३

### (घ) राष्ट्रिय मुस्लिम आयोग

संवैधानिक हैसियत प्राप्त राष्ट्रिय मुस्लिम आयोग यस वर्ष पनि गठन हुन सकेन । मुस्लिम समुदायको पहिचानका लागि लोक सेवा आयोगलगायत निकायमा सिफारिस गर्ने कार्य यसले गरिआएको छ। केही कर्मचारीको भरमा लामो समयदेखि कार्य सञ्चालन गरेको मुस्लिम आयोगसँग मुस्लिम समुदायको हक, हित र चासोको विषयमा सङ्घ, प्रदेश र स्थानीय तहमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने गहन जिम्मेवारी छ । पदाधिकारी नहुनु, प्रदेश र स्थानीय तहसम्म पहुँच नहुँदा नेपालमा अल्पसङ्ख्यकरूपमा रहेका र मानव विकास सूचकाङ्कमा कमी देखिएका मुस्लिम समुदायको शिक्षा, स्वास्थ्यलगायत समग्र विकासका लागि मुस्लिम आयोगको भूमिका महत्त्वपूर्ण देखिन्छ।

### निष्कर्ष

यस वर्ष जनअभिमतबाट दुईतिहाइ बहुमत प्राप्त सरकार गठन भयो । समृद्धि र विकासलाई मूल नारा बनाएको सरकारले लिएको ‘समृद्ध नेपाल : खुसी नेपाली’ भन्ने नारालाई आमनागरिकले आशा र भरोसाका रूपमा लिए। सङ्घ, प्रदेश र स्थानीय तहका निर्वाचित जनप्रतिनिधिबाट जनअपेक्षाअनुसार शासन व्यवस्था सञ्चालन भई जनआकाङ्क्षा सम्बोधन भएर देशले विकासमा फड्को मार्छ भन्ने आशामा यो वर्ष बित्यो। केन्द्रीय सरकार, प्रदेश सरकार र स्थानीय तहले भौतिक पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, रोजगारलाई प्राथमिकता दिइ आय/व्ययको विवरण प्रस्तुत गरे । त्यसैले सङ्घीयतासहितको गणतन्त्र संस्थागत विकासका लागि यो वर्ष महत्त्वपूर्ण रहयो।

त्यस्तै मौलिक हक कार्यान्वयन गर्न तीन वर्षभित्र तर्जुमा हुनुपर्ने कानुन तर्जुमा गर्न सरकारले प्राथमिकता दिएका कारण तोकिएको समयमै बन्न सके। जसलाई संविधानको मौलिक हक कार्यान्वयनका दृष्टिले भएका महत्त्वपूर्ण र सकारात्मक कार्यका रूपमा लिन सकिन्छ। तथापि कञ्चनपुरकी निर्मला पन्तको बलात्कारपछि हत्या घटनाको अनुसन्धान गरी दोषी पहिचान गरी कानुनी दायरामा ल्याउन नसक्नु, झुठा भनिएकालाई यातना दिइ साविती गराउन खोज्नु, प्रहरीबाट नै प्रमाण नष्ट गर्नु, अदालतबाट छाड्न आदेश दिएका व्यक्तिलाई बारम्बार सर्वोच्च अदालत हाताबाटै पक्राउ गर्नु, विकासलाई मानव अधिकारसँग जोडेर लैजान नसक्नु, वैदेशिक कामदारको हक अधिकारका लागि प्रभावकारी कार्य हुन नसक्नु, मानसिक स्वास्थ्यका लागि खासै बजेटसहित कार्यक्रम नआउनु, अपाङ्गतामैत्री संरचना बन्न नसक्नु, देशका विभिन्न भागमा अझै पनि जातीय, लैङ्गिक र क्षेत्रीयताका आधारमा विभेद कायम रहनु, छुवाछूत, घरेलु हिंसा, छाउ पडी प्रथा आदिका कारण मानव अधिकारको समग्र अवस्था निराशाजनक नै नभए तापनि सन्तोषजनकरूपमा चित्रण गर्न मिल्ने पनि देखिएन।

संविधानको अनुसूचीमा सङ्घ, प्रदेश, स्थानीय तह सबैलाई मानव अधिकार संरक्षणका लागि जिम्मेवार बनाइएको छ। आधारभूत शिक्षा, स्वास्थ्य, अभिलेख व्यवस्थापन, सञ्चार, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तको व्यवस्थापन, बेरोजगारको तथ्याङ्क, विपद् व्यवस्थापनको जिम्मा स्थानीय तहको अधिकार सूचीमा राखिएको छ। त्यसैगरी सङ्घ र प्रदेश तथा सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीसमेत संविधानले व्यवस्था गरेको छ। सङ्घ, प्रदेश र स्थानीय तहबाट समन्वय र सहकार्यमा नै नागरिकको मानव अधिकार संरक्षण हुनेमा विश्वास लिन सकिन्छ। तर संविधानप्रदत्त अधिकार कटौती हुने शङ्का प्रदेश र स्थानीय तहबाट व्यक्त गरिएका छन् । देशको शान्ति सुरक्षासँग सम्बन्धित संवेदनशील विषयमा तीनै तहका सरकारले गम्भीर भएर सोच्नुपर्ने देखिन्छ।

मानव अधिकारसँग सम्बन्धित शिक्षा, स्वास्थ्य, खाद्यान्न, आवास, रोजगारी जस्ता विषय कतिपय प्रदेश सरकारबाट प्रस्तुत नीति तथा कार्यक्रमबाट सम्बोधन भएका छन्। यसले पारस्परिक सहअस्तित्वसहित प्रतिस्पर्धामा आधारित विकासमा योगदान पुग्ने देखिन्छ।

निर्वाचनबाट बनेको सरकारप्रति आमजनतामा ठूलो विश्वास र भरोसा जागृत भएको छ। तर प्रदेश र स्थानीय तहमा पर्याप्त जनशक्ति बन्दोबस्त हुन नसक्नु, भौतिक स्रोतसाधन उपलब्ध नहुनु, क्षमता सवलीकरणका कार्य नहुनु आदि कारणबाट जनतामा एक वर्ष बित्न नपाउँदै नैराश्य बढ्न सुरु भएको छ। यस वर्ष राजनीतिकरूपमा दुईतिहाइको बहुमत सरकार गठन, सातओटै प्रदेशमा संसद् र कार्यपालिकाले बजेटमाथि विस्तृत छलफल गरी बजेटले स्थानीय आवश्यकता सम्बोधन गर्न खोजे पनि आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार र विकासको अधिकारसहित शान्ति सुरक्षाका दृष्टिकोणले मानव अधिकारको पूर्ण परिपालना हुन सकेन।

नेपाल सरकारले उत्साहका साथ लागु गरेको पञ्चवर्षीय मानव अधिकार राष्ट्रिय कार्ययोजना अन्तिम वर्ष पुग्न लाग्दा यसको अनुगमन र मूल्याङ्कन नै हुन सकेन । कार्ययोजनाको मध्यावधि मूल्याङ्कन हुन सकेको भए आगामी वर्ष तयार पार्ने कार्ययोजनाका लागि थप सुझाव प्राप्त हुन सक्थ्यो।

हरेक तीन–तीन महिनामा बस्नुपर्ने कार्ययोजनाको अनुगमन केन्द्रीय समिति र जिल्ला अनुगमन समितिका बैठक नै बसेका छैनन् भने कतिपय जिल्लास्थित कार्यालयहरू, जस्तै– शिक्षा, स्वास्थ्य, बालबालिका आदि स्थानीय तहमा गाभिन पुगेपछि समितिको संरचना नै बदलिन पुग्यो। अदालतबाट भएका फैसला र मानव अधिकार आयोगकै सिफारिस कार्यान्वयनको निराशाजनक अवस्थाले समेत मानव अधिकारको अवस्था सन्तोषजनक देखिएन।

तसर्थ, यस वर्षको समग्र मानव अधिकारलाई मूल्याङ्कन गर्दा नेपालको मानव अधिकारको अवस्था निराशाजनक नै नदेखिए पनि खासै सन्तोषजनक पनि देखिएन। आगामी दिनमा मानव अधिकारको अवस्था सुधारका लागि प्रशस्त ठाउँ भने छ। तीनै तहमा सरकारले शान्ति सुरक्षा, विकास र मानव अधिकारलाई सँगसँगै लिएर जानसके नेपालको निकट भविष्य मानव अधिकारका दृष्टिले उज्यालो छ भन्न सकिन्छ।

**सुझाव**

१. नेपालको संविधान (२०७२) द्वारा प्रदत्त मौलिक हक कार्यान्वयन गर्न यस वर्ष तर्जुमा भएका कानुनको प्राथमिकतासहित प्रचारप्रसार र कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

२. मानव अधिकार राष्ट्रिय कार्ययोजनाको उपलब्धि र चुनौती मूल्याङ्कन गरी आगामी वर्षका लागि तर्जुमा गर्नुपर्ने कार्ययोजनाबारे प्रदेश र स्थानीय तहसम्म व्यापक छलफल प्रारम्भ गरिनुपर्छ।

३. देशको समग्र विकास र समृद्धिका लागि विकासमा मानव अधिकारलाई जोड्दै सीमान्तकृत वर्ग, असहाय, गरिबीको रेखामुनिका नागरिकको मानव अधिकारलाई सङ्घ, प्रदेश र स्थानीय तहले समन्वयात्मकरूपले प्रभावकारी ढङ्गमा अगाडि बढाउन आवश्यक छ।

४. नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा जनाएका प्रतिबद्धताअनुरूप विश्वव्यापी आवधिक समीक्षा, सन्धिजनित समितिका सुझाव, सर्वोच्च अदालत र राष्ट्रिय मानव अधिकार आयोगबाट भएका सिफारिस कार्यान्वयनका लागि स्पष्ट र समयसीमा तोकी कार्ययोजना तर्जुमा गरी बजेट र कार्यक्रम लागु गर्नुपर्छ।

५. देशभरका कारागार र हिरासतको भौतिक अवस्था सुधारसहित पर्याप्त बजेट विनियोजन गरिनुपर्छ।

६. मानव अधिकारको संरक्षण/संवर्द्धन कुनै एक निकायबाट मात्र सम्भव छैन। निर्वाचित जनप्रतिनिधिबाट स्थानीय तहमै नागरिकको मानव अधिकार सम्बोधन गर्न सकिने भएकाले स्थानीय तहका काम/कारबाहीलाई मानव अधिकारमैत्री बनाउन, सेवा सर्वसुलभ गराउन, सुशासन कायम राख्न, मानव अधिकारसम्बन्धी व्यापक प्रचारप्रसार गर्दै ती निकायमा कार्यरत जनशक्तिलाई क्षमता सवलीकरण तालिम कार्यक्रम सञ्चालन गरिनु आवश्यक छ।

७. लैङ्गिक हिंसा, जातीय विभेद, यातना आदिमा संलग्न व्यक्तिलाई शून्य सहिष्णुताको सिद्धान्त अपनाइ कानुनी दायरामा ल्याई दोषीलाई सजाय हुनुपर्छ।

१०. अपाङ्गता भएका व्यक्तिको सहज पहुँचका लागि स्थानीय सरकार, प्रदेश सरकारले समेत पूर्वाधार विकास गर्नुपर्छ।

११. आगजनी, बाढी, पहिरो प्रभावित व्यक्ति र सडक दुर्घटनाबाट पीडित व्यक्तिका लागि प्रदेश स्तरमा राहत कोष स्थापना गर्नुपर्छ।

१२. अपराधपीडितको मानव अधिकार संरक्षणका लागि अपराधपीडित ऐन २०७५ को कार्यान्वयन प्रभावकारीरूपमा गर्नुपर्छ।

फोटो : विमलचन्द्र शर्मा



२.३ राज्य र मानव अधिकार

# व्यवस्थापिका

## परिच्छेद २

## १. भूमिका

सन् २०१८ नेपालमा संविधान सभामार्फत बनेको नेपालको संविधानले प्रत्याभूत गरेको सङ्घीय संरचनाअन्तर्गत संसद्ले पूर्णता प्राप्त भयो। संविधानले व्यवस्था गरेअनुरूपको सङ्घीय संसद् र राष्ट्रिय सभा तथा सातओटा प्रादेशिक संसद् सबैको पहिलो अधिवेशन यसै वर्षबाट सुरु भए। डेढ दशक लामो सङ्क्रमणकाल अन्त्य भई संवैधानिक व्यवस्थाअनुसार सङ्घीयता कार्यान्वयनको अवस्थामा जननिर्वाचित संसद्को ढोका अघिल्लो वर्ष भएको तीनै तहको निर्वाचनले खोलिदिएको थियो । निर्वाचन आयोगको कार्य व्यवस्थाअनुसार भएको निर्वाचनले नेपालमा दुई दर्जनभन्दा बढी राजनीतिक दलको संसद्मा हुने उपस्थिति र सरकार निर्माणमा हुने अस्थिर दाउपेचलाई निस्तेज पार्ने अवस्था सिर्जना भयो। जसबाट सङ्घीय संसद्मा पाँचओटा राजनीतिक दलको मात्र उपस्थिति रह्यो। यसबीचमा तत्कालीन नेकपा एमाले र नेकपा माओवादी केन्द्र पार्टीबीच भएको एकताले सङ्घीय संसद् चारओटा राजनीतिक पार्टीको उपस्थितिमा सीमित रह्यो।

संविधानले व्यवस्था गरेअनुरूपको सङ्घीयता कार्यान्वयनका लागि सङ्घीय संसद्ले २०७५ असोज मसान्तसम्म ऐन, नियम र कानुन बनाइ प्रादेशिक सरकारलाई हस्तान्तरण गरिसक्नुपर्ने थियो। नेपालको गणतान्त्रिक लोकतन्त्रको दिगो र संस्थागत विकासको सुदृढीकरण गर्न नै यो वर्ष संसद्ले आफ्नो महत्त्वपूर्ण भूमिका निर्वाह गर्‍यो। यस अवधिमा सङ्घीय संसद्बाट १ सय ५६ ओटा ऐन पारित भए।

## २. पृष्ठभूमि

विश्वका विभिन्न राजनीतिक व्यवस्था भएका मुलुकमा सरकारले कानुन निर्माण गर्ने गहन जिम्मेवारी बहन गरे तापनि समष्टिरूपमा यस अङ्गको भूमिका विभिन्न राजनीतिक व्यवस्थामा फरक फरक देखिएको छ। संविधान र संसदीय व्यवस्थाकी जननी मानिने ब्रिटिस शैलीको संसदीय व्यवस्था भएका मुलुकमा संसद्को सर्वोच्चता/सार्वभौमिकताको सिद्धान्तलाई सिद्धान्ततः स्वीकारिएको पाइन्छ।

यस क्रममा यसले जनताका लागि कानुन बनाउने, राज्यको वित्तमाथि नियन्त्रण गर्ने आदि कार्य गरेर सर्वोच्च नीति निर्माण गर्ने निकायका रूपमा कार्य गर्छ। संसद्ले आफ्नो शून्य समय, विशेष समय जस्तो विभिन्न छलफलमा जनताका मानव अधिकारसम्बन्धी विषय उठाएर सरकारलाई संसद्प्रति जवाफदेही बनाउने कार्य गर्छ। सांसदहरूले विशेष किसिममा विशेषाधिकार उपभोग गर्ने गर्छन् जसले गर्दा जनताका अधिकार, पिरमर्का, गुनासो, समस्या सदनमा उठाउन उनीहरूलाई सहज हुने गर्छ।

अमेरिकी शैलीको राष्ट्रपतीय व्यवस्थामा पनि व्यवस्थापिका अङ्ग त्यति नै प्रभावशाली हुने गर्छ। फ्रेन्च दार्शनिक मन्टेस्युको शक्ति पृथकीकरणको सिद्धान्त र अमेरिकाले प्रयोगमा ल्याएको अवरोध र सन्तुलनको सिद्धान्तले सरकारका तीनै अङ्गलाई निरङ्कुश हुन दिएको छैन। एउटा अङ्ग निरङ्कुश हुन खोजे अर्को अङ्गले यसलाई रोक्ने परिपाटी संयुक्त राज्य अमेरिकामा व्यावहारिकरूपमा अत्यन्त सशक्तरूपमा विकसित हुन पुगेको छ।

अमेरिकी कांग्रेसका दुवै सदन माथिल्लो सदन सिनेट र तल्लो सदन प्रतिनिधि सभाका सदस्यहरू प्रत्यक्षरूपमा जनताद्वारा निर्वाचित हुने गर्छन्। संयुक्त राष्ट्र अमेरिकाको सिनेट विश्वको अत्यन्तै शक्तिशाली माथिल्लो सदन मानिन्छ भने दुई वर्ष कार्यकाल भएको तल्लो सदन पनि कमजोर छैन । जनताका मानव अधिकार संरक्षण गर्न अमेरिकी कांग्रेसले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने गर्छ। अमेरिकी कांग्रेसका दुवै सदनका सदस्यले सदनभित्र विभिन्न विशेषाधिकार, उन्मुक्ति/छुट प्राप्त गर्ने हुनाले उनीहरूलाई मानव अधिकारलगायत जनताका समस्या सशक्तरूपमा सदनमा उठाउन गाह्रो पर्दैन। सदन र समिति सञ्चालन गर्ने नियम आफैँले बनाउन पाउने हक यसलाई भएकाले यसको प्रभावकारिता झन् बढ्न गएको देखिन्छ। कांग्रेसले जनताका नाममा कानुन बनाउने, कार्यपालिकालाई जिम्मेवार बनाउने, कार्यक्षमतामा खराब आचरणका आधारमा राष्ट्रपति, प्रधान न्यायाधीशलगायत पदाधिकारीविरुद्ध महाभियोग लगाउने, राज्यको ढुकुटीमाथि नियन्त्रण, राष्ट्रपतिले गरेका नियुक्तिको अनुमोदन (सिनेटबाट) आदि गरी सर्वोच्च तहको नीति निर्माण गर्ने निकायका रूपमा कार्य गर्छ।

फ्रेन्च शैलीको मिश्रित राजनीतिक व्यवस्थामा पनि व्यवस्थापिका अङ्ग जनप्रतिनिधिमूलक निकायका रूपमा प्रभावशाली रहने गर्छ। फ्रेन्च व्यवस्थापिकाको माथिल्लो सिनेटभन्दा तल्लो सदन राष्ट्रिय सभा शक्तिशाली हुन गर्छ। जनताका नाममा कानुन बनाउने हुनाले जनताका मानवीय मौलिक अधिकार संरक्षण गर्न फ्रेन्च व्यवस्थापिकाको अहम् भूमिका हुने गर्छ। सदनको शून्य समय, विशेष समय, छलफल आदिमा जनप्रतिनिधिले जनताका मानव अधिकारलगायत विभिन्न समस्या, पिरमर्का र गुनासा उठाउने गर्छन्। व्यवस्थापिका सदस्यले विभिन्न विशेषाधिकार र उन्मुक्ति उपभोग गर्छन्। यसबाट कानुन निर्माण गर्न, वित्तमाथि नियन्त्रण, मन्त्रिमण्डलमाथि नियन्त्रण आदि

कार्य गर्न र जनताका मानव अधिकारका मुद्दा उठाउन व्यवस्थापिकालाई सहज भएको छ।

चिनियाँ शैलीको साम्यवादी व्यवस्था *(व्यवहारमा संविधानले समाजवादी व्यवस्था भनेको छ)* मा व्यवस्थापिकाको अत्यन्तै अहम् र प्रभावकारी भूमिका हुने गर्छ। व्यावहारिकरूपमा चिनिया साम्यवादी दलले राज्यसत्ताको सम्पूर्ण पदमा नियन्त्रण गरे तापनि सिद्धान्ततः संवैधानिकरूपमा चिनिया एक सदनात्मक व्यवस्थापिका राष्ट्रिय जनकांग्रेस विश्वको अत्यन्तै शक्तिशाली व्यवस्थापिकाका रूपमा चिनिने गरिन्छ। वर्तमान चिनिया संविधानको धारा ५७ अनुसार चिनिया राष्ट्रिय जनकांग्रेस चीनको राज्यसत्ताको सबभन्दा माथिल्लो अङ्ग हो। संवैधानिक व्यवस्थाअनुसार पाँच वर्षको कार्यकालका लागि निर्वाचित यस निकायले चिनिया राष्ट्रपति, प्रधानमन्त्री, उपप्रधान र मन्त्रीहरू, सर्वोच्च जनअदालतका सभापति *(प्रधान न्यायाधीश)* संवैधानिक निकायका पदाधिकारी सबैको नियुक्ति र बर्खास्ती गर्ने गर्छ। मन्टेस्क्युले प्रतिपादन गरेको शक्ति पृथकीकरणको सिद्धान्तलाई चिनिया साम्यवादी *(व्यवहारमा/संविधानमा समाजवादी भनिएको)* राजनीतिक व्यवस्थाले आत्मसात *(पश्चिमी शैलीमा प्रयोग भएजस्तै रूपमा प्रयोग भएजस्तै अर्थमा)* नगरेकाले प्रधान न्यायाधीश र अन्य न्यायाधीशको नियुक्ति/बर्खास्तीसमेत व्यवस्थापिकाको अधिकारभित्र पर्ने गर्छ।

सामूहिक कार्यपालिका नेतृत्व स्वीकार्ने र प्रत्यक्ष लोकतन्त्र भएको विश्वको एकमात्र राज्य स्विट्जरल्यान्डको व्यवस्थापिकाको आफ्नै विशिष्ट पहिचान र महत्त्व छ। स्विस सङ्घीय व्यवस्थापिका सङ्घीय सभाको तल्लो सदन राष्ट्रिय परिषद् र राज्य परिषद् माथिल्लो सदन हो। माथिल्लो सदनले स्विस सङ्घीय एकाइ क्यान्टन र अर्धक्यान्टनको प्रतिनिधित्व गर्ने गर्छ भने तल्लो सदनले जनसङ्ख्याको प्रतिनिधित्व गर्ने गर्छ। संसदीय व्यवस्था भएको मुलुकमा व्यवस्थापिकामा प्रतिपक्षीको आधिकारिक उपस्थिति हुने भए तापनि स्विस व्यवस्थापिकामा यस्तो व्यवस्था छैन। राज्य परिषद्का सदस्य डिपुटिज चार वर्षका लागि निर्वाचित भए तापनि यसपूर्व नै उनीहरूलाई फिर्ता बोलाउन सकिने व्यवस्था छ। स्विस प्रत्यक्ष लोकतन्त्रमा केही प्रत्यक्ष लोकतन्त्रका साधन जनमत सङ्ग्रह, प्रारम्भिक सभा, उपक्रम आदिको प्रयोग, विशेषतः जनमत सङ्ग्रहको प्रयोग प्रत्येक वर्ष अत्यधिकरूपमा हुने हुनाले स्विस जनताको मानव अधिकार खतरामा पर्ने सम्भावना कम देखिन्छ।

ब्रिटिस शैलीको संसदीय व्यवस्था भएका भारत, जापान जस्ता मुलुक *(भारतमा संसद, जापानमा डायट)* मा संसदीय सर्वोच्चताको सिद्धान्त स्वीकारिएको हुन्छ। नेपालको संविधान २०७२ घोषणा गरिएपश्चात् रूपान्तरित सङ्घीय संसद्ले पनि यही भूमिका प्राप्त गरेको छ।[1]

### ३. आधुनिक राज्य व्यवस्था र व्यवस्थापिका

फ्रेन्च दार्शनिक मन्टेस्क्युको शक्ति पृथकीकरणको सिद्धान्तमा आधारित आधुनिक राज्य व्यवस्थामा सरकारका तीन अङ्गमध्येको व्यवस्थापिका जनताद्वारा प्रत्यक्षरूपमा निर्वाचित जनप्रतिनिधिमूलक संस्था हो। यसले जनताका लागि कानुन बनाउने, कार्यपालिकामाथि नियन्त्रण गर्न, परराष्ट्र नीति निर्धारण गर्ने, मलुकको मूल नीति निर्धारण गर्ने जस्ता कार्य गर्छ। विश्वमा हाल प्रयोगमा रहेको ब्रिटिस शैलीको संसदीय व्यवस्था, अमेरिकी शैलीको राष्ट्रपतीय व्यवस्था, फ्रेन्च शैलीको मिश्रित व्यवस्था र चिनिया शैलीको साम्यवादी/समाजवादी व्यवस्थामा व्यवस्थापिकाको संरचना आफ्नै किसिमको हुन्छ। तापनि प्रायः व्यवस्थापिकाले गर्ने साझा कार्य भने यिनै हुन्। एक सदनात्मक र दुई सदनात्मक व्यवस्थापिका भएका मुलुकमा पनि प्रायः व्यवस्थापिकाले गर्ने मौलिक कार्य फरक छैनन्। सङ्घीय र एकात्मक व्यवस्थाका आफ्नै विशषता रहे तापनि व्यवस्थापिकाले एक न एक रूपमा प्रायः यिनै कार्य गरेका पाइन्छ।[2]

व्यवस्थापिकाले जनताका मानवीय मौलिक अधिकारको संरक्षण र संवर्द्धन गर्ने कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ। मुलुकको सर्वोच्च नीति निर्माण गर्ने संवैधानिक निकाय र सर्वोच्च जनप्रतिनिधिमूलक निकायसमेत भएकाले यस निकायले निर्माण गरेका कानुनले मानव अधिकारको भूमिका र स्थिति निर्धारण गरेको हुन्छ। सरकार र अन्य विभिन्न निकायबाट बारम्बार हुने मानव अधिकार उल्लङ्घन/हनन् रोक्न सार्वभौम संसद्ले कस्तो कानुन निर्माण गर्छ त्यसैमा जनताको मानव अधिकारको भविष्य निहित हुन्छ। मुलुकको सर्वोच्च सार्वभौम निर्वाचित जनप्रतिनिधिमूलक निकाय भएकाले जनप्रतिनिधिले जनताका मौलिक मानवीय अधिकार संरक्षण गर्ने प्रकृतिका विधेयक प्रस्तुत गरेर, विधेयक पारित गरेर, जनसरोकारका विषयमा छलफल र बहस चलाएर,

१. नेपाल मानव अधिकार वर्ष पुस्तक २०१७, इन्सेक, काठमाडौँ, पृ. ८८

२. नेपाल मानव अधिकार वर्ष पुस्तक २०१८, इन्सेक, काठमाडौँ, पृ. ५४

मानव अधिकार उल्लङ्घन गर्ने सरकारका प्रमुखविरुद्ध अविश्वासको प्रस्ताव पारित गरेर, राष्ट्र प्रमुखविरुद्ध महाभियोग लगाएर संसदीय अवरोधमार्फत दबाब दिएर, शून्य समयमा मानव अधिकार उल्लङ्घनका घटनाबारे छलफल/बहस चलाएर जस्ता विभिन्न कार्य गरी मानव अधिकारको संरक्षण र संवर्द्धनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ।[३]

### ४. सङ्घीय व्यवस्थामा व्यवस्थापिकाको परिकल्पना

कनै पनि देशको राज्य सञ्चालनमा शक्ति सन्तुलनको व्यवस्था अपरिहार्य हुन्छ । यसमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकालाई संविधानद्वारा नै आआफ्नो कार्य गर्ने विशिष्ठ अधिकार प्रत्यायोजन गरिएको हुन्छ । जसमा व्यवस्थापिका–संसद्को मुख्य कार्य कानुन बनाउने हुन्छ। सङ्घीय संसद्को विशिष्ट शक्ति र कार्य त्यस देशले गरेको संवैधानिक व्यवस्थाअनुसार फरक–फरक पनि हुन्छन्। जसलाई सम्बन्धित देशको संविधानमा लिपिबद्ध गरिएको हुन्छ। हाम्रो देशको संवैधानिक व्यवस्थाअनुसार व्यवस्थापिका–संसद्को प्रथम कार्य विधान बनाउने छ। प्रतिनिधिहरूको उच्चतम अङ्ग हुनुको कारण, यो महत्त्वपूर्ण कार्य सुम्पिएको छ। समय, आवश्यकता र जनताको आकाङ्क्षालाई ध्यानमा राखी आवश्यकताअनुसार परिमार्जन गर्दै लैजान सकिने व्यवस्था छ। व्यवस्थापिका–संसद्को अर्को कार्यमा आर्थिक नियन्त्रण पर्छ। यसले देशको आर्थिक बजेट पारित गर्छ। सबै लोकतान्त्रिक देशमा सङ्घीय संसद्ले प्रशासनमाथि पूर्ण नियन्त्रण राख्छ साथै संविधान संशोधन गर्ने[४] अधिकार सम्पन्न हैसियत राख्छ।

संविधानले सङ्घीय, प्रादेशिक र स्थानीय गरी तीन तहको सरकारको व्यवस्था गरेको छ। केन्द्रमा एउटा सङ्घीय संसद्, सातओटा प्रादेशिक संसद् र ७ सय ५३ ओटा स्थानीय तहको कार्यपालिकाको संरचना कायम छ। संवैधानिक व्यवस्थाअनुसार सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको यी संरचनाले सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको राज्य शक्तिको माथिल्लो कानुनसँग नबाझिने गरी ऐन कानुन बनाउने हैसियत राखेको छ। यसले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक सङ्घीय शासन प्रणाली, मानव अधिकार तथा मौलिक हक, कानुनी राज्य, शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलन बहुलता र समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने दायित्व राख्छ।

संविधानले प्रादेशिक व्यवस्थापिकालाई दिएको अधिकारअनुसार प्रदेशको नाम, राजधानी तोक्ने र आफ्नो प्रदेशका लागि आवश्यक ऐन कानुन बनाउन पाउने अधिकारको प्रयोग गर्न पनि तदारुकता देखाउन सकेनन् । संविधानले व्यवस्था गरेको सातओटा प्रदेशमध्ये प्रदेश ४, प्रदेश ६ र प्रदेश ७ भने आफ्नो प्रदेशको राजधानी र नामसमेत तोक्न सफल भए। अन्य चारओटा प्रदेशको प्रदेश सभामा सो विषयले प्रवेश पाए पनि निर्णय गर्ने क्षमता देखिएन।

### ५. नेपालको सङ्घीय संसद्को बनोट

#### ५.१ प्रतिनिधि सभा

संसद् जनताको सार्वभौमसत्ता प्रयोग गर्ने एक महत्त्वपूर्ण संस्था हो। शासन प्रणालीमा नीति निर्धारण तथा कानुन निर्माण गर्ने जस्तो महत्त्वपूर्ण कार्य व्यवस्थापन कार्यविधिका माध्यमबाट यसले सुनिश्चित गर्छ। जनताका प्रतिनिधिको स्वीकृतिबिना कुनै कर नलगाइने भन्ने सिद्धान्त रहेको र करसम्बन्धी जनताद्वारा प्रत्यक्षरूपमा निर्वाचित भइआएका प्रतिनिधिहरू रहेको प्रतिनिधि सभामा प्रस्तुत गर्ने संवैधानिक व्यवस्था गरिएको छ । नेपाललाई जनसङ्ख्या र भौगोलिक अनुकूलता तथा विशिष्टताका आधारमा १ सय ६५ निर्वाचन क्षेत्र कायम गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एकजना रहने गरी पहिलो हुने निर्वाचन प्रणालीबमोजिम निर्वाचित भएका १ सय ६५ जना र सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणालीबमोजिम निर्वाचित भएका १ सय १० जना गरी कूल २ सय ७५ सदस्य रहेको प्रतिनिधि सभा छ।[५]

#### ५.२ राष्ट्रिय सभा

प्रदेशहरूको न्यायोचित प्रतिनिधित्व, व्यस्थापकीय शक्ति सन्तुलन तथा कार्यकौशलता र प्रभावकारिताको सन्तुलनसमेतलाई सम्बोधन गर्न नेपालको संविधानले राष्ट्रिय सभाको व्यवस्था गरेको छ । संविधानले राष्ट्रिय सभालाई स्थायी प्रकृतिको व्यवस्थापकीय अङ्गका रूपमा परिकल्पना गरेको छ। गरिब, सीमान्तकृत, लोपोन्मुख समुदायको पनि राष्ट्रको शासन व्यवस्थामा सहभागिता गराइ समावेशी र लोकतान्त्रिक शासन व्यवस्था स्थापना र विकासका

---

३. नेपाल मानव अधिकार वर्ष पुस्तक २०१७, इन्सेक, काठमाडौं, पृ. ८८

४. http://parliament .gov .np/lpsn/public/en/main-functions-of-legislature-parliament

५. http://hr .parliament .gov .np/np/house-of-representative-nepal

लागि राष्ट्रिय सभा अपरिहार्य छ। प्रदेश सभाका सदस्य, स्थानीय तहका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलद्वारा प्रत्येक प्रदेशबाट कम्तीमा तीनजना महिला, एकजना दलित र एकजना अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यकसहित आठजना गरी निर्वाचित ५६ जना र नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत कम्तीमा एकजना महिलासहित तीनजना गरी राष्ट्रिय सभामा ५९ सदस्य छन्।[६]

### ५.३ संविधान कार्यान्वयनको पक्ष

गणतन्त्रात्मक लोकतान्त्रिक संविधान निर्माणमा मानव अधिकारवादी सङ्घ/संस्था तथा नागरिक समाजको उल्लेख्य योगदान रहेको कुरालाई हृदयङ्गम गर्दै संविधान सभाबाट जारी भएको नेपालको संविधान मानव अधिकारमैत्री रहेको विश्वास गरिन्छ। प्रतिनिधि सभाले तीन वर्षभित्र मौलिक अधिकारको कार्यान्वयनका लागि मानव अधिकारमैत्री कानुन बनाएर, मुलुकको संविधानमा व्यवस्था भएको मौलिक हकलाई कानुनमार्फत थप व्यवस्था गरेर लागु गर्नुपर्ने चुनौती थियो। त्यसमा पहिलो अध्याय मौलिक हक कार्यान्वयनका लागि विधेयक पास भइसकेका छन्। अब यस व्यवस्थापिकाले हालसम्म नेपाल पक्षराष्ट्र भएका अन्तर्राष्ट्रिय मानव अधिकारसँग सम्बन्धित दस्तावेजलाई नेपालको संविधानसँग नबाझिने गरी राष्ट्रिय कानुन निर्माण गरेर लागु गर्न आवश्यक छ।

संविधानमा भएका ३१ ओटा मौलिक अधिकारलाई ऐन बनाइ लागु गर्ने दायित्व बोकेको सङ्घीय संसद्ले ती सबै मौलिक हक कार्यान्वयनका लागि १६ ओटा कानुन बनाउनुपर्ने थियो। त्यससँग सम्बन्धित सबै विधेयक संसद्को दोस्रो अधिवेशनबाट पारित भइसकेका छन्। सङ्घीय संसद्ले संविधानले व्यवस्था गरेको मौलिक हक कार्यान्वयन भई जनताले उपयोग गर्ने अधिकार स्थापित गर्नका लागि नयाँ ऐन, नियम, कानुन बनाएर लागु गर्न स्वतन्त्र हैसियत राख्छ। यसले नागरिक अधिकारका विषयमा छलफल, बहस, पैरवी गरेर, मानव अधिकार हनन्का घटनालाई पनि संसद्को विषयमा प्रवेश गराइ आवश्यक कार्यान्वयनका लागि संसदीय समितिमार्फत सरकारलाई निर्देशन दिने हैसियत राख्छ। यसले गर्दा सर्वाधिकार जनताको मानव अधिकार संरक्षण तथा संवर्द्धन गर्न सङ्घीय संसद्को योगदान महत्त्वपूर्ण रहन्छ।

### ५.४ सभामुख–उपसभामुखको निर्वाचन

संसद् सचिवालयले तय गरेको २०७४ फागुन ६ गते सभामुखको निर्वाचनबाट कृष्णबहादुर महरा सभामुखमा निर्वाचित भए। यसैगरी फागुन ३० गते भएको निर्वाचनबाट राष्ट्रिय सभाका अध्यक्षमा गणेशप्रसाद तिमल्सिना निर्वाचित भए।

### ५.५. राष्ट्रपति–उपराष्ट्रपतिको निर्वाचन

सङ्घीय संसद् र प्रदेश संसद्ले पूर्णता पाएपछि देशको प्रमुख दुई पद राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन यही वर्ष सम्पन्न भयो। २०७४ फागुन २९ गते भएको राष्ट्रपतिको निर्वाचनमा अर्का उमेदवार लक्ष्मी राईलाई पराजित गर्दै विद्यादेवी भण्डारी निर्वाचित भइन्।

संवैधानिक व्यवस्थाअनुसार राष्ट्रपति र उपराष्ट्रपति फरक–फरक लिङ्ग वा समुदायको प्रतिनिधित्व हुनुपर्ने भएकाले उपराष्ट्रपतिको निर्वाचन २०७४ चैत ९ गते तोकिएको भए पनि उपराष्ट्रपतिमा एकल उमेदवार रहेका नन्दबहादुर पुन चैत ४ गते नै निर्विरोध निर्वाचित भए।

राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन सङ्घीय संसद् तथा प्रदेश सभाका सदस्य मतदाता रहेको निर्वाचकमण्डलबाट भएको हो। सङ्घीय प्रतिनिधि सभाका २ सय ७५ र राष्ट्रिय सभाका ५९ जना गरी ३ सय ३४ मतदाता र सातओटै प्रदेश सभाका गरी ५ सय ५० जना प्रदेश सभा सदस्य मतदाता कायम थिए। उनीहरूको मताधिकार भने कानुनले सङ्घीय संसद् सदस्य मतभार ७९ र प्रदेश सभा सदस्यको मतभार ४८ अनुसार निर्वाचन भएको थियो।

राष्ट्रपति तथा उपराष्ट्रपति दुवै दोस्रो कार्यकालका लागि निर्वाचित भएका हुन्। उनीहरू संविधान सभाको दोस्रो निर्वाचनपछि २०७० सालमा पहिलोपल्ट सो पदमा पुगेका थिए।

### ५.६ संसद्को पहिलो अधिवेशन

संविधान सभाबाट जारी भएको नेपालको संविधानअनुसार प्रथमपटक निर्वाचित सङ्घीय संसद्को पहिलो अधिवेशनको पहिलो संयुक्त बैठक २०७४ फागुन २१ गते प्रतिनिधि सभाका ज्येष्ठ सदस्य लक्ष्मणलाल कर्णको अध्यक्षतामा सम्पन्न भयो। पहिलो अधिवेशन २०७४ सालको चैत २० गते अन्त्य हुँदा जम्मा ९ दिनमा ११ ओटा बैठक बसेको थियो। यसबीचमा चैत १५ गते राष्ट्रिय सभा र प्रतिनिधि सभाको संयुक्त बैठक सम्पन्न भएको थियो।

६. http://na .parliament .gov .np/np/national-assembly-nepal

## ५.७ संसद्‌को दोस्रो अधिवेशन

सङ्घीय संसद्‌को दोस्रो अधिवेशन २०७५ साल वैशाख २३ गते सुरु भई २०७५ असोज ११ गतेसम्म रह्यो । जसमध्ये ६९ दिनमा ७९ पटक बैठक बसेको थियो । यो अधिवेशनमा चारपटक सङ्घीय संसद्‌को संयुक्त बैठक बसेको थियो । जम्मा १ सय ९३ घण्टा २५ मिनेट ससंदीय काम कारबाहीमा व्यतीत भयो ।

यस अधिवेशनमा २६ ओटा सरकारी विधेयक दर्ता भएकामा राष्ट्रिय चिकित्सा शिक्षा विधेयक, २०७५ सम्बन्धित मन्त्रालयबाट फिर्ता भएको थियो । दर्ता भएका विधेयकमध्ये ६ ओटा सम्बन्धित समितिमा विचाराधीन रहे भने १९ ओटा विधेयक सङ्घीय संसद्‌को दुवै सदनबाट पारित भए । लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थापछिको पहिलो जननिर्वाचत संसद् भएकाले यसको दायित्वअन्तर्गत विभिन्न समिति गठन गर्नु पनि रहेको थियो ।

लोकतन्त्रमा नागरिक हक, अधिकार र स्वतन्त्रताको सुनिश्चितता हुन्छ । संसदीय प्रणाली अवलम्बन गरेक देशमा संसद्‌ले कानुन निर्माण जस्तो महत्त्वपूर्ण र जिम्मेवारपूर्ण भूमिका निर्वाह गर्छ । संसद्‌को कार्यप्रणालीमा सहयोग पुऱ्याउने एवम् सरकारलाई संसद्‌को कार्यप्रणालीमा सहयोग पुऱ्याउने तथा सरकारलाई संसद्‌प्रति उत्तरदायी र जवाफदेही बनाउने भूमिकाका लागि संसदीय समितिहरू गठन गर्ने व्यवस्था गरिएको हुन्छ । यसरी व्यवस्थापिका–संसद्‌भित्रको मिनी संसद् भनेर चिनिने यी समितिले व्यवस्थापिका–संसद्‌को कामलाई विभिन्न क्षेत्रमा बाँडेर राज्यको काम कारबाहीलाई निर्देशन दिने, अनुगमन गर्ने, ऐन/नियमको मस्यौदा गर्नेलगायत कार्य गर्छन् । किनकि प्रजातान्त्रिक राज्य व्यवस्थामा राज्यशक्तिको स्रोत जनतालाई मानिन्छ र जनतामा निहित सार्वभौमसत्ताको प्रयोग जनप्रतिनिधिहरूद्वारा नै गरिन्छ । संसदीय शासन प्रणालीमा सरकार प्रत्यक्षरूपमा संसद्‌प्रति उत्तरदायी हुने हुनाले उसको गतिविधि तथा कार्यशैलीका सम्बन्धमा संसद्‌मा नियमितरूपमा छलफल हुने गर्छ ।

संसद्‌को कार्यबोझ, आवधिकरूपमा चल्ने अधिवेशन, सीमित समय, हरेक निकायमा गहन ढङ्गले अध्ययन गर्न नसकिने अवस्था आदिलाई मध्यनजर गर्दै संसद्‌को भूमिकामा ओझेल नपर्ने गरी संसद्‌का नियमित तथा आकस्मिक कार्यहरूलाई निरन्तर अगाडि बढाउन संसद्‌ले आफ्ना सदस्यहरू रहनेगरी विभिन्न समिति गठन गर्छ । यसले संसद्‌का कार्य सुसञ्चालन, छिटोछरितोरूपमा होस् र बेलाबेलामा पर्ने समस्याको सहजरूपमा निराकरण गरी सदन सञ्चालनमा सहयोग पुगोस् भनी महत्त्वपूर्ण तथा आवश्यक विषयका लागि समिति गठन गर्न सक्ने सदनको अधिकार संविधानले सुरक्षित गरेको हुन्छ ।

सङ्घीय संसद्‌बाट संयुक्तरूपमा दुईओटा समिति गठन हुने प्रवाधानअनुसार संसदीय सुनुवाइ समिति र राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समिति यसअन्तर्गत गठन भए । यहाँ उल्लेख्य पक्ष भनेको सङ्घीय व्यवस्थापिका–संसद्‌भित्रका १६ ओटा समितिमध्ये नौ ओटा समितिको नेतृत्व महिला सांसदले पाएका छन् ।

प्रतिनिधि सभाको नियमित कार्यमा सहयोग पुऱ्याउन प्रतिनिधि सभाअन्तर्गत विषयगत समिति र विशेष समिति गठन गर्न सकिने प्रतिनिधि सभा नियमावली, २०७५ मा उल्लिखित व्यवस्थाअनुसार नेपाल सरकारलाई प्रतिनिधि सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए/गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन विषयगत समितिहरू गठन गरिएका हुन् ।

यो अधिवेशनमा महिलामाथि हुने सबै प्रकारका विभेदविरुद्धको महासन्धि (CEDAW) लगायत अन्तर्राष्ट्रिय अभिसन्धिहरूले शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक एवं अन्य हिंसाजन्य कार्यलाई दण्डनीय भनेकाले महिलामाथि हुने त्यस्ता अपराधबाट पीडितलाई उपचार र क्षतिपूर्तिको व्यवस्था गर्नुका साथै त्रुटिपूर्ण सामाजिक संस्कारविरुद्ध व्यापक जनचेतना अभियान चलाइ सामाजिक न्याय र समानताका लागि विद्यालय तहका पाठ्यक्रममा नै समावेश गर्न सरकारलाई निर्देशन दिइयोस् भन्ने विषयको सङ्कल्प प्रस्ताव पारित भएको थियो ।[८]

मौलिक हक कार्यान्वयनका लागि आवश्यक पर्ने सबै विधेयकहरू यो अधिवेशनमा पारित भए । तर सरकारले मौलिक हकअन्तर्गतका कानुनअनुसार जनतालाई सेवा/सुविधा दिनलाई कार्यान्वयन कसरी हुन्छ, त्यो हेर्न नै बाँकी छ ।

## ५.८ सङ्घीय संसद्‌बाट पारित विधेयकको अवस्था

नेपालको संविधानले व्यवस्था गरेअनुसार संविधान लागु भएपछिका तीन वर्षमा ३ सय ६६ ओटा विधेयक पारित गरिसक्नुपर्ने थियो । अघिल्लो वर्षसम्म बन्न नसकेको १ सय ५६ ओटा विधेयक यो वर्षमा पारित भए । यसमा प्रत्यक्ष जनतासँग सरोकार राख्ने मौलिक अधिकारसम्बन्धी १६ ओटा विधेयक पारित भए । सदनले पारित गरेका मौलिक हकअन्तर्गत आवश्यक पर्ने विधेयकहरूमा वैयक्तिक गोपनीयतासम्बन्धी विधेयक

८. http://hr .parliament .gov .np/np/committees/Parliamentary-Hearing-Committee

| सङ्घीय संसद्मा गठन भएका विषयगत समितिहरू | | |
|---|---|---|
| क्र.सं. | मिति | सभापति |
| | प्रतिनिधि सभातर्फ | |
| १. | अर्थ समिति | कृष्णप्राद दाहाल |
| २. | अन्तर्राष्ट्रिय सम्बन्ध समिति | पवित्रा निरौला (खरेल) |
| ३. | उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति | विमलप्रसाद श्रीवास्तव |
| ४. | कानुन, न्याय तथा मानव अधिकार समिति | कृष्णभक्त पोखेल |
| ५. | कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति | पूर्णाकुमारी सुवेदी |
| ६. | महिला तथा सामाजिक समिति | निरुदेवी पाल |
| ७. | राज्य व्यवस्था तथा सुशासन समिति | शशी श्रेष्ठ |
| ८. | विकास तथा प्रविधि समिति | कल्याणी खड्का |
| ९. | शिक्षा तथा स्वास्थ्य समिति | जयपुरी घर्ती |
| १०. | सार्वजनिक लेखा समिति | भरतकुमार शाह |
| | राष्ट्रिय सभा | |
| ११. | दिगो विकास तथा सुशासन समिति | तारादेवी भट्ट |
| १२. | विधायन व्यवस्थापन समिति | परशुराम मेघी गुरुङ |
| १३. | प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वान समिति | रामनारायण विडारी |
| १४. | राष्ट्रिय सरोकार तथा समन्वय समिति | दिलकुमारी रावल थापा (पार्वती) |
| | संयुक्त समितिहरू | |
| १५. | संसदीय सुनुवाइ समिति | लक्ष्मणलाल कर्ण |
| १६. | राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समिति | निरादेवी जैरु |

२०७५, जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) पहिलो संशोधन विधेयक २०७५, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी विधेयक २०७५, सामाजिक सुरक्षा विधेयक २०७५, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार विधेयक २०७५, जनस्वास्थ्य विधेयक २०७५, रोजगारीको हकसम्बन्धी विधेयक २०७५, उपभोक्ता संरक्षण विधेयक २०७५, खाद्य अधिकारसम्बन्धी विधेयक २०७५, आवासको अधिकारसम्बन्धी विधेयक २०७५ र भूमिसम्बन्धी सातौँ संशोधन विधेयक २०७५, अपाङ्गता भएको व्यक्तिको अधिकारसम्बन्धी ऐन संशोधन गर्न बनेको विधेयक २०७५, वातावरण संरक्षण ऐनलाई संशोधन गर्न बनेको विधेयक २०७५ र सार्वजानिक सुरक्षासम्बन्धी विधेयक २०७५ छन् ।

### ५.९ संसद्को तेस्रो अधिवेशन

यो वर्षको अन्त्यतिर आइपुग्दा सङ्घीय संसद्को तेस्रो अधिवेशन हिउँदे अधिवेशन पुस ११ गतेबाट सुरु भयो । यो अधिवेशन सुरु भएको छोटो समयभित्रै विगत वर्षहरूदेखि नै सार्वजनिक चासोका रूपमा रहेको राष्ट्रिय चिकित्सा शिक्षा विधेयक २०७५ प्रतिपक्षको अवरोधबीच संसद्बाट पारित भयो ।

### ५.१० सङ्घीय संसद्को शून्य र विशेष समय

समसामयिक विषयमा सांसदहरूलाई आफ्नो निर्वाचन क्षेत्र र राष्ट्रका जनचासो र सरोकारबारे सरकारको ध्यानाकर्षण गराउन र संसद्लाई सुसूचित गर्दै आफ्ना धारणा, माग प्रताव आदि राख्नलाई शून्य समय उपलब्ध गराउने व्यवस्था संसद्मा गरिएको हुछ । यसैगरी सार्वजनिक महत्त्वका विषय, कुनै घटनाविशेष परिस्थिति, राष्ट्रिय सरोकारलगायतका क्षेत्रबारे सरकारको ध्यानाकर्षण गराउन विशेष समयको व्यवस्था गरिएको हुन्छ । विशेष समय राजनीतिक दलको उपस्थितिअनुसारको व्यवस्था हुँदा सबै सांसदले आफ्नो भनाइ राख्न नपाउने हुँदा एक मिनेटकै भए पनि शून्य समयले पक्ष/प्रतिपक्ष सबै सांसदलाई संसद्मा आफ्नो विचार राख्ने फोरम उपलब्ध गराउने माध्यम बनेको हुन्छ ।

स्वास्थ्य अधिकार सुनिश्चितताका लागि धरानस्थित बिपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा स्वास्थ्य

बिमामार्फत उपलब्ध गराइँदै आएको निःशुल्क औषधि बन्द भएको विषयमा समेत ध्यानाकर्षण भएको थियो। यसैगरी खुर्कोट सडक खण्ड वरपरका आवागमनलाई सहज बनाउने गरी पुल निर्माण जस्ता जनताका आवश्यकताका विषय पनि संसद्को शून्य समयमा उठान भयो। काठमाडौँको सडकमा हुने धुलो र वायु प्रदूषण, भुस्याहा कुकुर उल्मूलन, महिला हिंसाका घटनामा संलग्नलाई कारबाही, भू-उपयोग नीतिको व्यवस्था गर्ने विषयमा पनि सांसदले सरकार तथा सदनको ध्यानाकर्षण गराए। कञ्चनपुरकी बालिका निर्मला पन्तको हत्यारा पत्ता लगाइ पीडित परिवारलाई न्याय दिनसमेत सरकारसँग माग गरिएको थियो। शान्ति सुरक्षाका लागि प्रहरी कार्यालय स्थापना, वित्तीय संस्थाहरूको स्थापना, सुकमबासी समस्या, पूर्वाधार विकास गर्न सरकारको ध्यानाकर्षण गराउने मुख्य थलो हो। शून्य समयमा सांसदले उठाएका प्रश्नको जवाफ सम्बन्धित मन्त्रीले पाँच दिनभित्र दिनुपर्ने संसद्को नियमावलीमा व्यवस्था छ।

### ५.१२ राष्ट्रिय सभामा शून्य समय

यसैगरी दोस्रो अधिवेशनबाट सङ्घीय संसद्को राष्ट्रिय सभामा पनि पहिलो पल्ट शून्य समयको व्यवस्था भएको छ। राष्ट्रिय सभा नियमावलीमा शून्य समय र विशेष समयको व्यवस्था भए पनि सांसदहरूले विशेष समयको मात्र प्रयोग गर्दै आएका थिए। राष्ट्रिय सभा सञ्चालन नियमावलीको परिच्छेद ४ को बैठकको कार्यविधिमा सदस्यले आवश्यक महसुस गरेमा समसामयिक विषयमा भनाइ राख्न अध्यक्षले सदनको कार्यबोझलाई विचार गरी शून्य समय र विशेष समय तोक्न सकिने व्यवस्था भएअनुसार २०७४ साउन २८ गतेदेखि शून्य समयको थालनी भयो।

### ५.१३ संसद्को बैठक र सदन अवरोध

नेपाली संसदीय अभ्यासमा विगतदेखि नै संसद् नियमित सुचारु हुन नदिन बेल गर्ने, बहिष्कार गर्ने, नाराबाजी गरी सदन अवरोध गर्ने कार्य एक अभिन्न अङ्गका रूपमा स्थापित हुन पुगेको छ। राष्ट्रिय स्वास्थ्य विधेयक र यसै विधेयकमा जोडिएको बिएन्डसी अस्पताल सञ्चालक दुर्गा प्रसाईको अभिव्यक्तिलाई लिएर मुख्य प्रतिपक्ष दल कांग्रेसले संसद् अवरुद्ध गर्ने प्रयास गरेको थियो।

## ६. सङ्घीय संसद्भित्र समिति र मानव अधिकार

सिद्धान्ततः समिति व्यवस्था आज विश्वभरिका व्यवस्थापिकाको व्यवस्थापकीय प्रक्रियाको एक अभिन्न अङ्गका रूपमा स्वीकारिन्छ। बृहत् व्यवस्थापिकाका नाममा यसभित्र रहेका विभिन्न समितिले कार्य गर्ने प्रचलन बेलायत र अमेरिकालगायत विश्वका विभिन्न लोकतान्त्रिक मुलुकका अभ्यासमा देखिन्छ। सम्बन्धित विषयका विज्ञद्वारा पर्याप्त छलफलपछि मात्र प्रतिवेदन आउने र यसलाई पूर्ण सदनले स्वीकार्ने/पारित गर्ने प्रचलन छ। समितिले प्रत्येक विधेयकलाई विस्तृतरूपमा छलफल र विचार/विमर्शपश्चात मात्र पूर्ण सदनमा प्रस्तुत गर्ने हुनाले पूर्ण सदनको ठूलो सङ्ख्यामा छलफल गर्नुभन्दा सानो समितिमा विस्तृत छलफल गरिनु वैज्ञानिक मानिएको छ। त्यसैले आज व्यवस्थापिकाभित्र यस्ता समितिको ठूलो महत्त्व देखिन्छ। यस्ता समिति विभिन्न मुलुकमा अत्यन्तै शक्तिशालीसमेत देखिन्छन्। अमेरिकी कांग्रेस *(व्यवस्थापिका)* को माथिल्लो सदन सिनेटभित्र वैदेशिक मामलासम्बन्धी समितिले अमेरिकी राष्ट्रपतिको वैदेशिक मामलासम्बन्धी अधिकार र उनको निरङ्कुशतामाथि रोकसमेत लगाउने गर्छ।

सदनभित्रका समितिले आफ्ना काम/कारबाही आफैँ व्यवस्थित गर्न सक्ने भएकाले यी समिति अत्यन्तै शक्तिशाली देखिन्छन् र आफ्ना कार्य गर्न पूर्णरूपमा स्वतन्त्र देखिन्छन्। सार्वभौम संसद्भित्रका समिति भएकाले यिनीहरूले सरकारलाई सार्वभौम संसद्प्रति जिम्मेवार बनाउने कार्यमा अहम् भूमिका निर्वाह गर्छन् भने मुलुकलाई आवश्यक पर्ने ऐन, कानुन तर्जुमा गर्ने भूमिका पनि निर्वाह गर्छन्।

## ७. संसदीय समितिको सक्रियता र गतिविधि

संसदीय समितिहरू मानव अधिकार र समसामयिक विषयलगायत विभिन्न क्षेत्रमा भएका अनियमितता र सार्वजनिक महत्त्वलगायतका जनचासोका विषयलाई अनुगमन गर्न, निर्देशन गर्ने विषयमा सक्रियरूपमा लागिपरे। बजार अनुगमन, मूल्य नियन्त्रण, भ्रष्टाचारका मुद्दामा कारबाहीको सिफारिस गर्ने र मानव अधिकारसँग सरोकार राख्ने विभिन्न विषयमा उपसमिति बनाएर छानबिन गर्ने कार्यमा पनि सक्रियता देखाएको पाइयो।

सिद्धान्ततः सङ्घीय संसद्भित्रका समितिहरूमार्फत सरकारलाई जनउत्तरदायी बनाउने प्रयत्न गरिएको हुन्छ। यस वर्ष संसद्भित्र विद्यमान १६ संसदीय समितिले आफ्ना कार्यमार्फत यस्ता जिम्मेवारी पूरा गरे। प्रतिनिधि सभाका अर्थ समिति, अन्तर्राष्ट्रिय सम्बन्ध समिति, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति, कानुन, न्याय तथा मानव अधिकार समिति, कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति, महिला तथा सामाजिक समिति, राज्य व्यवस्था तथा सुशासन समिति, विकास तथा प्रविधि समिति, शिक्षा तथा स्वास्थ्य समिति, सार्वजनिक लेखा समिति


र राष्ट्रिय सभातर्फका दिगो विकास तथा सुशासन समिति, विधायन व्यवस्थापन समिति, प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति, राष्ट्रिय सरोकार तथा समन्वय समिति तथा सङ्घीय संसद्का संयुक्त समितिहरू संसदीय सुनुवाइ समिति, राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समिति आदिले आआफ्नो जिम्मेवारीभित्रका कार्य सुचारु गरेका छन्। समितिले यस वर्ष गरेका कार्यमध्ये संसदीय सुनुवाइ समिति र सार्वजनिक लेखा समितिले गरेका निर्णयले सार्वजनिक चासोको विषय धारणा गरे।

### ७.१ संसदीय सुनुवाइ समिति

कार्यकारिणीले सार्वजनिक महत्त्वका पदमा नियुक्तिका लागि प्रस्ताव गरेका व्यक्तिहरू तथा पदाधिकारीहरूको दक्षता, क्षमता र इमान्दारिता व्यवस्थापिकाद्वारा परीक्षण गरी कार्यपालिकालाई व्यवस्थापिकाप्रति उत्तरदायी र जवाफदेही तुल्याउने लोकतान्त्रिक प्रक्रिया हो संसदीय सुनुवाइ। नेपालको संविधानको धारा २९२ को उपधारा (१) मा संवैधानिक परिषद्को सिफारिसमा नियुक्त हुने प्रधान न्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, न्यायपरिषद्का सदस्य, संवैधानिक निकायको प्रमुख वा पदाधिकारी र राजदूतको पदमा नियुक्ति हुनुअघि सङ्घीय कानुनबमोजिम संसदीय सुनुवाइ हुनेछ भन्ने व्यवस्था अनुसार समितिले संसदीय सुनुवाइ गर्दै आएको छ। समिति गठन भएपछिको पहिलो संसदीय सुनुवाइ विवादरहित भने हुन सकेन। राष्ट्रिय सभाका तीन र प्रतिनिधि सभाका १२ सदस्य गरी १५ सदस्यीय रहने समितिको नेतृत्व लक्ष्मणलाल कर्णले गरेका छन्।

नेपालको संसदीय इतिहासमा पहिलोपल्ट प्रधान न्यायाधीशमा न्यायपरिषद्ले सिफारिस गरेका व्यक्तिलाई संसदीय सुनुवाइ समितिको बहुमतले अस्वीकृत गरेको छ। संसदीय सुनुवाइ विशेष समितिको दुईतिहाइ बहुमतले प्रधान न्यायाधीशमा सिफारिश दीपकराज जोशीको नाम अस्वीकृत गरेको हो। २०७४ फागुन ३० गते न्यायपरिषद्ले तत्कालीन प्रधान न्यायाधीश गोपालप्रसाद पराजुली प्रधान न्यायाधीश पदमा बहाल नरहेको पत्र थमाएपछि वरिष्ठताका आधारमा जोशीले कायममुकायम प्रधान न्यायाधीशको जिम्मेवारी पाएका थिए।

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका सांसदहरूले बहिष्कार गरेपछि बसेको बैठकले जोशीको नाम दुईतिहाइद्वारा अस्वीकृत गर्ने निर्णय गरेको थियो। संसदीय सुनुवाइ समितिमा मतदान हुँदा स्वीकृतिको पक्षमा शून्य र अस्वीकृतको पक्षमा १० मत परेको थियो। संसदीय सुनुवाइको इतिहासमा नाम अस्वीकृत हुने जोशी पहिलो न्यायाधीश हुन्।[८] १९ सदस्यीय संसदीय सुनुवाइ समितिमा नेकपाका नौ, कांग्रेसका चार, राष्ट्रिय जनता पार्टी र सङ्घीय समाजवादी फोरमका एक-एक सदस्य छन्। बहुमतका आधारमा निर्णय आउने भएपछि प्रमुख प्रतिपक्षी दलका सांसदहरूले संसदीय समितिको बैठक बहिष्कार गरेका थिए। कांग्रेस सांसदहरूले पाँच बुँदे विज्ञप्ति जारी गर्दै बैठक बहिष्कार गर्नुको कारण सार्वजनिक गरेका थिए। यसैगरी सत्ता पक्षबाट पनि संसदीय सुनुवाइ समितिले उनको नाम अस्वीकृत गर्नुका पाँचै कारण दिएको छ।


संसदीय सुनुवाई समितिका देहायका सदस्यहरुले वहिष्कार गर्नुपर्ने आधार तथा कारणहरु

- नेपालको संविधानको धारा २८४ (१) ले संवैधानिक परिषदको व्यवस्था गरेको छ । सोही संवैधानिक परिषदले प्रधान न्यायाधिशको नियुक्तिको लागि सिफारिस गरी नेपालको संविधानको धारा २९२ (१) बमोजिम संसदको संसदीय सुनुवाई समिति समक्ष पठाउने र सो समितिको संघीय कानून बमोजिम सुनुवाई गर्नेछ भन्ने व्यवस्था गरेको छ ।
- संवैधानिक परिषद (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ को दफा ४ मा संवैधानिक परिषदको सचिवालयले संविधान बमोजिम नियुक्त हुन योग्यता पुगेका व्यक्तिहरुको छुट्टाछुट्टै अभिलेख तयार गर्नुपर्ने व्यवस्था छ ।
- सोही ऐनको दफा ५ (१) मा "परिषदले कुनै व्यक्तिलाई संवैधानिक निकायको कुनै पदाधिकारी पदमा नियुक्तिको लागि सिफारिस गर्दा त्यस्तो पदमा नियुक्त हुन संविधान तथा प्रचलित कानूनमा उल्लेख भएको योग्यता तथा उपयुक्तताको कारण र आधार समेत स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ" भन्ने व्यवस्था गरेको छ । त्यस्तै दफा ५ (२) मा "परिषदले उपदफा (१) बमोजिम कुनै व्यक्तिलाई नियुक्तिको लागि सिफारिस गर्दा निजको सामाजिक प्रतिष्ठा, उच्च नैतिक चरित्र, इमान्दारिता, निजप्रतिको जनभावना तथा निजले पहिले गरेको सेवा र पेशागत अनुभव समेतलाई विचार गर्नुपर्नेछ ।" भन्ने उल्लेख गरेको छ ।
- उक्त ऐनको व्यवस्था हेर्दा संवैधानिक परिषदले कानूनमा उल्लेख भएको योग्यता परिक्षण गरि सकेको अवस्था छ । सो योग्यता पुगेको कुरालाई विना कारण र आधार संसदीय सुनुवाई समितिले अन्यथा भन्न सक्ने अवस्था भएन ।
- संवैधानिक परिषदले आफ्नो निर्णय गर्नुपूर्व सिफारिसका लागि पेश भएका व्यक्तिको सामाजिक प्रतिष्ठा, निजको चरित्र, इमान्दारिता, निजप्रतिको जनभावना तथा निजले पहिले गरेको सेवा र पेशागत अनुभव समेतलाई विचार गरी मूल्याङ्कन गरेको मान्नुपर्ने हुन आयो । यस अवस्थमा यो संसदीय सुनुवाई द्वारा संवैधानिक परिषदले सिफारिस गरेको व्यक्ति का.मु. प्रधान न्यायाधिश दिपक राज जोशीलाई अस्विकृत गर्नुपर्ने कारण र आधारको अभावमा नियुक्ति अस्विकृत गर्ने रायसँग हाम्रो गम्भीर असहमति रहेकोले बैठक बहिष्कार गरेका छौं ।

मा. ज्ञानेन्द्र बहादुर कार्की | मा. जितेन्द्र नारायण देव | मा. भीमसेन दास प्रधान

पुष्पा भुपाल गौतम

मिति : २०७५।०४।१८

जोशीको नाम अस्वीकृत भएपछि संवैधानिक परिषद्ले प्रधान न्यायाधीशमा पुनः सिफारिस गरेका ओमप्रकाश मिश्रको नाम भने संसदीय समितिले भदौ २५ गते सर्वसम्मतरूपमा अनुमोदन गर्‍यो। यसअघि प्रधान न्यायाधीशमा सिफारिस दीपकराज जोशीको नाम समितिले अनुमोदन नगरेपछि मिश्र कामु प्रधान न्यायाधीशका रूपमा कार्यरत थिए। यसैबीच मिश्रले उमेर हदका कारण २०७५ पुस १७ गते अवकाश पाउने

८. https://nepalkhabar .com/np/news/politics/42956

**सत्ता पक्षबाट सार्वजनिक गरिएका प्रमुख पाँच अधार**

- प्रस्तावित जोशीले प्रधानन्यायाधीश नियुक्त भएपछि के–कसरी जिम्मेवारी निवाृह गर्ने प्रश्नमा कुनै ठोस अवधारणा र कार्ययोजना प्रस्तुत गर्न नसकेको।
- सुनुवाइका क्रममा आम नागरिकबाट सार्वजनिक रुपमा र उजुरीका रुपमा पेस गरिएका र समितिका सदस्यबाट आचरण, इमान्दारी र कार्यक्षमताका सम्बन्धमा राखिएका कुनै पनि जिज्ञासा र प्रश्नको सन्तोषजनक उत्तर दिन नसकेको।
- प्रस्तावित व्यक्तिले अध्ययन गरेको संस्थाबाट प्राप्त गरेको शैक्षिक प्रमाणपत्रहरू सन्देहपूर्ण रहनुका साथै जन्ममिति समेत भिन्न उल्लेख रहेको, त्यस सम्बन्धमा उहाँबाट यथेष्ट प्रमाण तथा सन्तोषजनक उत्तर आउन नसकेको।
- निजको सार्वजनिक आचरण र विगतको कामका सन्दर्भमा पूर्वन्यायाधीश र न्यायाधीशहरूबाट लिखित टिप्पणी गरेको पाइएको र सर्वोच्च अदालतमा रहेर कार्यसम्पादन गर्दा न्यायप्रणालीलाई योगदान दिन सक्ने कुनै काम गरेको दृष्टान्त पेस गर्न नसकेको।
- साथै निजबाट न्यायालय स्वतन्त्र, सक्षम, प्रभावकारी र विकृतिविहीन हुन सक्छ भन्ने विषयमा समितिका सदस्य सन्तुष्ट हुन नसकेकाले प्रधानन्यायाधीश जस्तो गरिमामय पदमा निजलाई जिम्मेवार्ी दिन हुने कुनै पनि आधार र कारण समितिले पाउन नसकेको।

भएपछि न्यायपरिषद्ले प्रधान न्यायाधीशमा पुनः दीपकराज जोशीसहित अर्का न्यायाधीश चोलेन्द्रशमशेर राणाको नाम सिफारिस गऱ्यो । संवैधानिक व्यवस्थाअनुसार प्रधान न्यायाधीशको अवकाश हुनुभन्दा एक महिनाअघि नै संवैधानिक परिषद्मा भावी प्रधान न्यायाधीशका लागि नाम पठाउनुपर्छ। तर जोशीको नाम पहिले नै संसदीय समितिले अस्वीकृत गरिसकेकाले यसपल्ट संवैधानिक परिषद्ले स्वतः चोलेन्द्रशमशेर राणालाई प्रधान न्यायाधीशमा सिफारिस गरी संसदीय सुनुवाइका लागि पठायो। संसदीय समितिमा राणाविरुद्ध विभिन्न नौओटा उजुरी परे पनि ती उजुरी र उनले समितिमा दिएको कार्ययोजनामाथिको छलफलपछि पुस १७ गते उनको नाम प्रधान न्यायाधीशमा अनुमोदन भइसकेको छ।

यसैगरी २०७५ भदौ २० गते संवैधानिक परिषद्ले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुखमा सिफारिस गरेका नवीनकुमार घिमिरेको असोज ४ गते संसदीय सुनुवाइ भएको थियो । आयोगकै आयुक्तमा रहेका घिमिरेको नाम संसदीय सुनुवाइ समितिबाट सर्वसम्मतरूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुखमा अनुमोदन भएको थियो।

### ७.२ सार्वजनिक लेखा समिति र उपसमितिले गरेका सिफारिस

सार्वजनिक लेखा समिति संसद्को एउटा महत्त्वपूर्ण विषयगत समिति हो। यसको विश्व इतिहास हेर्ने हो भने सार्वजनिक लेखा समितिको गठन बेलायतको संसद्मा सन् १८६१ मा भएको थियो। सदनमा रहेको दलीय उपस्थितिको प्रतिनिधित्व हुनेगरी बढीमा १५ सदस्य रहने उक्त समितिले गैरराजनीतिकरूपमा काम गर्ने अपेक्षा गरिएको थियो। राज्य कोषको खर्च संसद्ले चाहेबमोजिम होस् भनी त्यसको सुनिश्चितता गर्नु र सरकारी कोषको प्रभावकारी र मितव्ययितापूर्वक खर्च भए/नभएको जाँचपड्ताल गर्नु सार्वजनिक लेखा समितिको प्रमुख कार्य हो । बेलायतमा स्थापित परम्पराअनुसार सार्वजनिक लेखा समितिको सभापति संसद्मा विपक्षी दललाई दिने गरिएको छ।

नेपालमा सार्वजनिक लेखा समितिको इतिहास २०१६ सालदेखि नै सुरुवात भएको पाइन्छ। २०१६ सालमा निर्वाचित प्रतिनिधि सभामा सार्वजनिक लेखा समितिको व्यवस्था थियो । नेपाल अधिराज्यको संविधान, २०४७ को धरा ६४ मा सार्वजनिक लेखा समितिको संवैधानिक व्यवस्था नै गरिएको थियो। हाल नेपालको संविधानको धारा ९७ तथा सङ्घीय संसद्, प्रतिनिधि सभा नियमावली २०७५, को नियम १७२ मा १० ओटा विषयगत समिति रहने व्यवस्था छ । सार्वजनिक लेखा समितिमा सभामुखले सभाको सहमति लिई मनोनित गरेका बढीमा २७ जना सदस्य रहने व्यवस्था छ।[९] यो वर्ष २६ सदस्यीय समितिको नेतृत्व प्रमुख प्रतिपक्ष दल कांग्रेसका सांसद भरतकुमार साहको सभापतित्वमा छ। भ्रष्टाचारविरुद्धको शून्य सहनशीलता कार्यान्वयनका लागि सभापति साहको यस भनाइले पनि बल पुग्छ– जहाँ पनि सरकारले मनपरी गर्न खोज्छ, सेना, शक्ति उसैको हुन्छ तर हामी निगरानी र खबरदारी गर्छौं, नेपालमा अहिले ५ खर्बको बेरुजु छ, हामीले मसिनो गरी अध्ययन गर्दैछौं, सरकार गलत बाटोमा हिँडे हामी नियन्त्रण गर्छौं।[१०]

सरकारका गतिविधि निगरानी गरिरहेको भन्दै ठूला आयोजनामा भ्रष्टाचार हुने सम्भावना रहने हुँदा त्यसलाई रोक्न र सरकारले पनि भ्रष्टाचार विरोधी शून्य सहनशीलताको नीति अङ्गीकार गरेको हुनाले त्यसलाई कार्यान्वयन गर्ने पाटोमा यो समितिको महत्त्वपूर्ण योगदान रहन्छ।

९. http://hr .parliament .gov .np/np/committees/Public-Account-Committee
१०. https://www .onlinekhabar .com/2018/10/712159

## ८. नेपालको संविधान २०७२ कार्यान्वयनमा सङ्घीय संसद्को भूमिका

संविधान कार्यान्वयनको महत्त्वपूर्ण पाटो तीनै तहको निर्वाचन भएपछि बनेको सङ्घीय संसद्ले पूर्णता पएपछि बाँकी काम सङ्घीय संसद् मातहत आयो । उसले संसद्ले व्यवस्था गरेको तीन वर्षभित्र बनिसक्नुपर्ने मौलिक हक कार्यान्वयनका लागि आवश्यक विधेयक तथा ऐन समयमै पारित भए। सङ्घीय संसद्ले आर्थिक वर्ष २०७५-२०७६ को वार्षिक बजेट पेस भई पारित गऱ्यो। साथै यसले यसबीचमा आवश्यक पर्ने १ सय ५६ ओटा विधयकसमेत पारित गरिसकेको छ। विषयगत समिति बनेर यी समितिले आफ्नो कार्यक्षेत्रमा रहेर सक्रियरूपमा आफ्नो दायित्व योबीचमा सम्पन्न गरेका छन्।

## ९. प्रदेशस्तरीय संसद्

संवैधानिक व्यवस्थाबाट देश तीन तहको सरकार सञ्चालनको प्रक्रियामा समाहित भयो । सङ्घीय सरकार, सातओटा प्रादेशिक सरकार, ७ सय ५३ ओटा स्थानीय सरकारको चुनाव सम्पन्न भई आफ्नो ठाउँमा स्थापित भए। केन्द्रीय सरकार र स्थानीय तहको सरकारको स्वरूप यसअघि पनि देशमा सीमित अधिकारमात्र भए पनि प्रयोग भएको थियो । तर पहिलोपल्ट प्रादेशिक संरचनामा देश गएको हुँदा यो अधिकारको हिसाबले देशको दोस्रो कार्यकारी शक्ति भएको संसद् भए पनि उत्पत्तिको हिसाबले कान्छो संरचना भएको हुँदा यसको कार्य सञ्चालनका लागि सङ्घीय सरकारले दिएको अधिकार, ऐन कानुन र आफ्ना लागि आफ्नै संसद्ले ऐन कानुन बनाएर कार्यविधि बनाइ चल्नुपर्ने अवस्थामा यो वर्ष बित्यो। यो अवधिमा संविधानले व्यवस्था गरेको प्रदेशको संरचनाअनुसार मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक र अन्य सुविधा, शपथसम्बन्धी ऐन, प्रदेश सरकारको कार्यविभाजन र कार्यसम्पादनसम्बन्धी नियमावली, प्रदेश सभाको कार्यकाल थप गर्ने ऐन, प्रदेश सभाको विशेषाधिकार, प्रदेश सभाको नियमावली, प्रदेश सभाको समिति वा विशेष समिति गठन नियमावली, प्रदेश सभाका सदस्यहरूको शपथसम्बन्धी नियमावली बनाउनुपर्ने थियो। यसैगरी प्रदेशको आकस्मिक कोष, आर्थिक कार्यविधि ऐन, जिल्ला सभा सञ्चालन, जिल्ला समन्वय समितिका सदस्यको सुविधा, प्रदेश सभाको सचिवको योग्यता, काम, कर्तव्य अधिकार र सेवा, प्रदेश सभा सभामुख, उपसभामुख र सदस्यहरूको पारिश्रमिक र सुविधासम्बन्धी, प्रदेश सरकारी सेवाको गठन र सञ्चालन, प्रदेश प्रहरी सङ्गठनसम्बन्धी कानुन पनि प्रदेशले निर्माण गर्नुपर्ने हो। तर, प्रदेश सभा गठन भएको यो एक वर्षमा पनि आफूमातहतका सबै ऐन/कानुन बनाएको छैन। आफ्नो प्रदेशको नाम र राजधानी तोक्न आफैँले पाउने विशेष अधिकार पनि सबै प्रदेशले प्रयोग गर्न सकेका छैनन्।

संविधानको धारा ७ को उपधारा २ अनुसार प्रदेशको सरकारी कामकाजको थप भाषा निर्धारण गर्नेसम्बन्धी कानुन बनाउनुपर्ने प्रावधान छ। संविधानको धारा ६० को उपधारा ५ बमोजिम प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्वलाई मातहतको स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताका आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्ने सम्बन्धी कानुन बनाउनुपर्ने उल्लेख छ। त्यसैगरी, धारा १४८ को उपधारा २ बमोजिम स्थानीय स्तरका न्यायिक निकायसम्बन्धीऱ प्रदेश कानुन पनि प्रदेशले नै बनाउनुपर्छ। संविधानको धारा १६० को उपधारा ७ बमोजिम मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य सर्तसम्बन्धी प्रदेश कानुन प्रदेशको जिम्मामा छ। त्यस्तै संविधानको धारा १६२ को उपधारा ५ बमोजिम र धारा १६६ को उपधारा ३ बमोजिम प्रदेश सरकार र प्रदेश प्रमुखको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणीकरण सम्बन्धी प्रदेश कानुन बनाउने अधिकार पनि प्रदेशमै छ।

### ९.१ प्रदेश १

प्रत्यक्ष निर्वाचित ५६ जना, समानुपातिक निर्वाचन प्रणालीबाट ३७ गरी जम्मा ९३ जना सदस्य रहेको यो प्रदेश सभामार्फत् सरकारले दैनिक कार्य सञ्चालनका लागि आवश्यक पर्ने ३३ ओटा कानुन यो वर्षको अन्त्यसम्ममा पारित गरेको छ। मुख्य मन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक तथा सेवा सुविधासम्बन्धी विधेयक २०७५, प्रदेश संभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक तथा सेवा सुविधासम्बन्धी विधेयक २०७५, गाउँ सभा र नगर सभाका सदस्यहरूको सेवा/सुविधासम्बन्धी विधेयक २०७५, जिल्ला सभाका सदस्यहरूको सेवा/सुविधासम्बन्धी विधेयक २०७५ पारित भइसकेको छ। प्रदेशको नाम र राजधानीको विषयमा संसद्मा उपसमिति बनाएर काम गरेको भए पनि यो वर्षको अन्त्यसम्म प्रदेशको नामाकरण गर्ने र राजधानी तोक्ने निर्णय हुन सकेको छैन।

### ९.२ प्रदेश २

प्रत्यक्ष निर्वाचित ६४ जना, समानुपातिक निर्वाचन प्रणालीबाट ४३ गरी जम्मा १ सय ७ जना सांसद रहेको प्रदेश सभाबाट हालसम्म प्रदेश २ सरकारले बनाएको १३ विधेयक प्रमाणीकरण भइसकेको छ। प्रदेश

सभाबाट पारित भएका तर प्रदेश प्रमुखबाट प्रमाणीकरण हुन बाँकी प्रदेश प्रहरी सेवासम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, प्रादेशिक प्रशासनका लागि आवश्यक कर्मचारीसम्बन्धी विधेयक र प्रशासकीय कार्यविधि नियमित गर्ने विधेयक २०७५ गरी तीन विधेयक छन् । त्यस्तै प्रदेश सभामा टेबल भएका ७ विधेयक छन् । मस्यौदा स्वीकृत भएका एक र सैद्धान्तिक सहमति दिइएका ३० विधेयक छन् । यसैगरी यस प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहयोग निर्देशिका, २०७५ तयार भएको छ। जसमा प्रदेश २ भित्रका पिछडिएको क्षेत्र, वर्ग र समुदाय तथा चरम आर्थिक अभाव भोग्न बाध्य भई कठिन जीवन यापन गरिरहेका अपाङ्ग, असहाय, टुहुरा, बेसहारा, विपन्न नागरिकलाई आर्थिक सहायता उपलब्ध गराई उनीहरूको जीवन रक्षा गरी सामाजिक सुरक्षा प्रदान गर्न प्रदेश सरकारले प्रदान गर्ने आर्थिक सहायतालाई पारदर्शी र व्यवस्थित बनाउने उद्देश्यले प्रदेश सरकार कार्यसम्पादन नियमावली २०७४ बमोजिम प्रदेश मन्त्रिपरिषद्ले यो निर्देशिका बनाएको हो। अपाङ्ग, असहाय, टुहुरा, अशक्त, विपन्न, बेसहारा नागरिकलाई अशक्तताको अवस्था र सोलाई पुष्टि गर्ने र प्रमाण कागजात प्रदान गरिने हेरी १० हजारदेखि १ लाख रुपियाँसम्म उपलब्ध गराउन सकिने उल्लेख छ।

यसैगरी घाइतेलाई राहत तथा शहीद परिवारका सदस्यलाई रोजगार निर्देशिका, २०७५ सामाजिक विकास मन्त्रालयले तयारी गरेको छ। यस निर्देशिकमा प्रदेश सरकारले मधेस आन्दोलनमा घाइते भएकाहरूलाई राहतस्वरूप क्षतिपूर्ति प्रदान गर्ने र सबै मन्त्रालय तथा केही स्थानीय तहमा मधेस आन्दोलनका शहीद परिवारका एकजना सदस्यलाई रोजगारी प्रदान गर्ने उल्लेख छ भने अझ बाँकी रहेका शहीद परिवारलाई २०७५ माघसम्ममा रोजगारीको व्यवस्था गरिने समाजिक विकास मन्त्रालयले जनाएको छ। त्यस्तै दलित छात्रवृति निर्देशिका, २०७५ मा प्रदेश २ का दलित समुदायको उत्थान तथा सशक्तीकरणका लागि शिक्षा, स्वास्थ्य, रोजगारी आदिमा प्रत्यक्ष सहयोग पुग्ने व्यवस्था गरिएको छ। यस प्रदेशले 'बेटी पढाऊ, बेटी बचाऊ'[११] अभियान चलाउने भएको छ। चैत १३ गते जनकपुरस्थित मुख्य मन्त्रीको कार्यालयमा आयोजना गरिएको पत्रकार सम्मेलनमा मुख्य मन्त्री लालबाबु राउतले १ सय दिने कार्ययोजना सार्वजनिक गर्दै 'बेटी पढाऊ, बेटी बचाऊ' अभियान घोषणा गरेका थिए। यो योजनाअन्तर्गत नयाँ जन्मने छोरीहरूको हकमा प्रदेश सरकारले बिमा कम्पनीसँग साझेदारी गरेर छोरीहरूको शिक्षा बिमा नीति ल्याउनेछ।

### ९.३ प्रदेश ३

प्रत्यक्ष निर्वाचित ६६ र समानुपातिक निर्वाचन प्रणालीबाट ४४ जना गरी जम्मा १ सय १० जना सांसद रहेको यो प्रदेश सभाले संवैधानिक अधिकारमा सङ्घीय सरकारले दिएका ऐन/नियमसँग नबाझिने गरी २२ ओटा ऐन, नियम, कानुन बनाएर कार्यान्वयनमा ल्याएको छ। सङ्घीय सरकारको राजधानी समेत भएको प्रदेश ३ को प्रदेश सभाले आफ्नो कार्यसूचीमा चढाए पनि आफ्नो प्रदेशको नाम र राजधानी यो वर्षको अन्त्यसम्म पनि तोक्न सकेको छैन। तर प्रदेश सरकार सञ्चालनका लागि १८ ओटा विधेयक तथा निर्देशिका पारित भइसकेको छ । जसमा सूचनाको हक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५, प्रदेशिक स्वास्थ्य तथा पोषणसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, आर्थिक सहयोग स्वीकृत गर्ने विधेयक २०७५, विपद् व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्न सैद्धातिक स्वीकृतिसम्बन्धी विधेयक २०७५, बालबालिकाको हक अधिकारको संरक्षण गर्नेसम्बन्धी प्रादेशिक विधेयकको सिद्धान्त स्वीकृत गर्नेसम्बन्धी विधेयक २०७५, गाउँपालिकामा कानुनी सहजकर्ता नियुक्तिसम्बन्धी कार्यविधि २०७५, द्वन्द्व प्रभावित परिवारलाई सहायता गर्नेसम्बन्धी कार्यविधि २०७५, प्रदेश प्रविधिक शिक्षा परिषद् स्थापना र सञ्चालन गर्न बनेको विधेयक २०७५, सुरक्षा व्यवस्था योजनासम्बन्धी कार्यविधि २०७५, 'एक विद्यालय, एक नर्स' कार्यक्रम सञ्चालन कार्यविधि २०७५, प्रदेश विकास स्वयम्सेवक परिचालन कार्यविधि २०७५, प्रदेश नीति तथा योजना आयोग गठन तथा कार्य सञ्चालन आदेश २०७५ छन्। यसैगरी जिल्ला समन्वय समिति अन्य काम, कर्तव्य र अधिकारसम्बन्धी नियमावली २०७५, एकीकृत बस्ती विकास कार्यक्रमको अवधारणापत्र सम्बन्धमा २०७५, करारमा चिकित्सक नियुक्ति गर्ने कार्यविधि २०७५, प्रदेश आर्थिक ऐन २०७५, प्रदेशभित्रको अस्पताल सञ्चालन र व्यवस्थापन आदेश २०७५, शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षणसम्बन्धी निर्देशिका २०७५ सम्बन्धी छन्।

### ९.४ गण्डकी प्रदेश

प्रत्यक्ष निर्वाचित ३६ र समानुपातिक निर्वाचन प्रणालीबाट २४ जना गरी जम्मा ६० सदस्य सांसद रहेको गण्डकी प्रदेशको नाम संविधान जारी हुँदा प्रदेश चार रहेको थियो। प्रदेश सभाले आफ्नो अधिकार प्रयोग गर्दै प्रदेश सभाको असार २२ गतेको बैठकबाट दुईतिहाईबाट प्रदेशको नाम गण्डकी र राजधानी पोखरा तोकेको छ। गण्डकी प्रदेश सभाले कूल १९ ओटा ऐन पारित गरेको

११. http://inseconline .org/np/news/ प्रदेश – २ ले ल्यायो 'बेटी पढाउ बेटी बचाउ' नीति

छ। प्रदेश सरकारबाट प्रदेश सरकार *(कार्यविभाजन)* नियमावली, २०७४ र प्रदेश सरकार कार्यसम्पादन नियमावली, २०७४ गरी २ ओटा नियमावली जारी भए। प्रदेश सरकारले २ ओटा गठनादेश जारी गऱ्यो। प्रदेश सभाबाट पारित भएका ऐनमा प्रदेशस्तरका केही सार्वजनिक लिखित प्रमाणीकरण ऐन २०७४, प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सेवा/सुविधासम्बन्धी ऐन २०७४, मन्त्रीको पारिश्रमिक तथा सेवा/सुविधा ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐन २०७४, प्रदेश विनियोजन ऐन २०७५ *(आ.व. २०७४/७५)*, स्थानीय तहको सभा सञ्चालन *(कार्यविधि)* ऐन २०७५, प्रदेश आर्थिक कार्यविधि *(पहिलो संशोधन)* ऐन २०७५, कर तथा गैरकर राजश्वसम्बन्धी ऐन २०७५, प्रदेश वित्त व्यवस्थापन ऐन २०७५ छन्। यसैगरी आर्थिक ऐन २०७५, विनियोजन ऐन, २०७५ *(आ.व ०७५/७६)*, प्रदेश आकस्मिक कोष ऐन २०७५, स्थानीय तहको कानुन निर्माण प्रक्रियासम्बन्धी ऐन २०७५, खोप सेवा *(सञ्चालन तथा व्यवस्थापन)* ऐन २०७५, दुग्ध विकास बोर्ड ऐन २०७५, मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवा सर्तसम्बन्धी ऐन २०७५, केही प्रदेश कानुन संशोधन गर्ने ऐन २०७५, प्रशासकीय कार्यविधि *(नियमित गर्ने)* ऐन २०७५ पनि यसै वर्षमा संसद् सभाबाट पारित भई कार्यान्वयनमा आएको छ। प्रदेश सरकारबाट प्रदेश सरकार *(कार्यविभाजन)* नियामवली, २०७४ र प्रदेश सरकार कार्यसम्पादन नियमावली, २०७४ गरी दुई ओटा नियमावली जारी भए।

### ९.५ प्रदेश ५

प्रत्यक्ष निर्वाचित ५२ र समानुपातिक निर्वाचन प्रणालीबाट ३५ जना गरी जम्मा ८७ जना सदस्य रहेको प्रदेश सभाले प्रदेश सरकारले प्रदेशका लागि आवश्यक कानुन बनाउन प्रदेश कानुन मस्यौदा तथा सुझाव आयोग गठन गरेको छ। प्रदेश सभाले २२ ओटा कानुन तयार पारेपछि मात्रै प्रदेश सरकारले आफ्नो अधिकार प्रयोग गर्न सक्ने संवैधानिक व्यवस्थाअनुसार काम सुरु भएको थियो। तर, प्रदेशको नाम र राजधानी तोक्ने काम यो वर्ष पनि पूरा भएन। प्रदेश कर, प्रदेश सुरक्षा, वित्तीय विनियोजन, मुख्य मन्त्री तथा मन्त्रीको पारिश्रमिक, अन्य सुविधा, प्रदेश सरकारको कार्यविभाजन र कार्यसम्पादनसम्बन्धी नियमावली, प्रदेश सभाको विशेषाधिकारसम्बन्धी प्रदेश कानुन बनाउनेलगायतका आंशिक कार्य सम्पन्न भयो। यो वर्षसम्म १६ ओटा विधेयक पेश भएकामा १५ ओटा विधेयक पास भइसकेको छ। जसमा प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, स्थानीय निकायका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐन् २०७५, सार्वजनिक लिखित प्रमाणीकरण *(कार्यविधि)* ऐन २०७५, गाउँ सभा, नगर सभाको कानुन निर्माण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५, विनियोजन ऐन २०७५, प्रदेश वित्त व्यवस्थापन ऐन २०७५, प्रदेश आर्थिक ऐन २०७५, प्रदेश विनियोजन ऐन २०७५, प्रदेश सभा सचिवालयसम्बन्धी ऐन २०७५, मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधासम्बन्धी ऐन २०७५, मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य सर्तसम्बन्धी ऐन २०७५, प्रदेश सभाका पदाधिकारीहरू तथा सदस्यको पारिश्रमिक र सुविधासम्बन्धी ऐन २०७५, प्रदेश कर तथा गैरकर राजश्वसम्बन्धी ऐन २०७५ लगायत विधेयक तथा ऐन पारित भएका छन्। यसैगरी मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७५ पनि पारित भएको छ।

### ९.६ कर्णाली प्रदेश

प्रत्यक्ष निर्वाचित २४ र समानुपातिक निर्वाचन प्रणालीबाट१६ जना गरी जम्मा ४० सदस्य प्रदेश सभाको संरचना रहेको प्रदेश ६ को नामकरण भएको यो प्रदेशले सातैओटा प्रदेशमा पहिलो भएर आफ्नो प्रदेशको नाम र प्रदेश राजधानी कायम गरेको छ। प्रदेश सभामार्फत नाम राख्न र राजधानी तोक्न पाउने संवैधानिक अधिकार प्रयोग गर्ने यो पहिलो प्रदेश बनेको छ। प्रदेश सभाको २०७४ फागुन १२ गतेको बैठकले प्रदेशको नाम कर्णाली र राजधानी सुर्खेत रहने सर्वसम्मत निर्णय गरेको थियो। यस प्रदेशले १७ ओटा विधेयक पारित गरेको छ। जसमा कर्णाली प्रदेश आर्थिक कार्यविधि विधेयक २०७४, आर्थिक वर्ष २०७४/०७५ को सेवा र कार्यहरूका लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५, कर्णाली प्रदेश आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ पारित भए।

कर्णाली प्रदेश स्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण कार्यविधि विधेयक २०७५, आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरूका लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५, कर्णाली प्रदेश वित्तीय हस्तान्तरण व्यवस्थासम्बन्धी विधेयक २०७५, कर्णाली प्रदेशमा कर तथा गैरकर राजस्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ पारित भए। यसैगरी प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७५, कर्णाली प्रदेश ऋण उठाउने

अधिकार सम्बन्धमा बनेको विधेयक २०७५ पारित भए भने कर्णाली प्रदेशका स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सेवा/सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५, गाउँ सभा र नगर सभाको कानुन निर्माणको प्रक्रिया सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५, कर्णाली प्रदेशका मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवा र सर्तसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक २०७५ पारित भए । त्यस्तै प्रशासकीय कार्यविधि नियमित गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५, गाउँ सभा र नगर सभा सञ्चालन गर्न बनेको विधेयक २०७५, जिल्ला सभा सञ्चालनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक २०७५, प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक तथा सुविधासम्बन्धी विधेयक २०७५, कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक तथा सुविधासम्बन्धी ऐन २०७५ पारित भइसकेका छन् ।

### ९.७ सुदूरपश्चिम प्रदेश

सङ्घीय सरकारबाट प्रदेश ७ नामकरण भई गठन भएको यस प्रदेशमा प्रत्यक्ष निर्वाचित ३२ र समानुपातिक निर्वाचन प्रणालीबाट २१ जना गरी ५३ जना सभासद् छन् । यस प्रदेशले आफ्नो प्रदेशको नाम सुदूरपश्चिम र राजधानी गोदावरी तोक्ने काम २०७५ असोज १२ गतेको संसद्को दुईतिहाइबाट निर्णय गरेको छ। प्रदेश सभाले हालसम्म १७ ओटा विधेयक तथा ऐन पारित गरेको छ। प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक २०७४, सार्वजनिक लिखत प्रमाणीकरण कार्यविधि सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५, विनियोजन विधेयक २०७५ *(अल्पकालीन)*, स्थानीय तहको कानुन निर्माण प्रक्रिया सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५, स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेका विधेयक २०७५, गाउँ सभा र नगर सभाको कार्य सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५, जिल्ला सभा तथा जिल्ला समन्वय समिति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५, अर्थसम्बन्धी प्रस्ताव कार्यान्वयन गर्न बनेको विधेयक २०७५, आ.व.२०७५/०७६ को सेवा र कार्यहरूका लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५, प्रदेश आकस्मिक कोष व्यवस्था गर्न बनेको विधेयक २०७५, प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ पारित भइसकेको छ । यसैगरी मुख्य न्याधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवा सर्तसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक २०७५, स्थानीय तहलाई वित्तीय हस्तान्तरण व्यवस्थापन गर्न बनेको विधेयक २०७५, प्रदेश कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५, मुख्य मन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५, आर्थिक ऐन पहिलो संशोधन २०७५, प्रशासकीय कार्यविधि नियमित गर्न बनेको ऐन २०७५ पनि यो वर्ष यस प्रदेश सभाले पारित गरेर कार्यान्वयनमा ल्याएको छ।

### १०. निष्कर्ष

नेपालको संविधान कार्यान्वयनको मूल सङ्घ, प्रदेश र स्थानीय तहको अद्यावधिक निर्वाचन थियो । जसले यो वर्ष पूर्णता पाई सबै संस्था स्थापित भएका छन्। डेढ दशक लामो जननिर्वाचित संस्थाको रिक्तता, दुई दशकपछिको मताधिकारको प्रयोग गर्ने अवसरले गर्दा जनताको महत्त्वाकाङ्क्षा अत्यधिक थिए। यस संसद्मा दुईतिहाइ बहुमत सांसद सत्तापक्षमा आबद्ध रहेकाले जनताको चाहना र देश विकासका लागि दीर्घकालीन महत्त्वका ऐन/नियम/कानुन बनाउन सक्ने क्षमता राख्छ। अढाई दशक लामो संसदीय इतिहासमा सधैँ अस्थिर सरकार र सरकार निर्माणको दलगत गुटको खिचातानीमा समय बर्बाद हुँदै आएकामा अब यो संसद्ले त्यसबाट मुक्ति पाएको छ।

बुहुदलीय संसद्को सूत्रधार मानिने प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सभापति तथा संसदीय दलका नेतासमेत रहेका पूर्व प्रधानमन्त्री शेरबहादुर देउवासमेत संसद्मा उपस्थित भएर सरकारको आलोचना गर्दै आफ्नो सक्रिय भूमिका निर्वाहमा संलग्न हुनुपर्नेमा आक्कलझुक्कल देखापर्नु दुर्भाग्य नै हो। २ सय ७५ जना सांसद रहेको संसद् चालु रहँदा गणपुरक सङ्ख्यासमेत नपुगेर पटकपटक संसद् स्थगित गर्नुपरेको देखिन्छ। आफ्नो दलगत स्वार्थमा परेको विषयगत मुद्दा संसद्मा प्रवेश गर्दा उपस्थिति हुने र संसदीय ह्विप पनि जारी गर्ने दलले आफ्ना सांसदलाई नियमित संसद्मा उपस्थित भएर जनताका कुरा राख्न अझै प्रेरित तथा प्रशिक्षित गरेको पाइँदैन।

यसैगरी प्रदेश सभाले आफ्नो क्षेत्राधिकारभित्रको कार्यलाई व्यवस्थित, सुसङ्गठितरूपमा अघि बढाउनुपर्नेमा त्यो देखिँदैन। सामान्यतया प्रदेशको नामकरण र राजधानी सबै प्रदेश सभाले समयमै तोक्न नसक्दा जनतामा निराशा छाउँछ। विकास निर्माणका पूर्वाधार, जनताका कामको वर्गीकरण, प्रदेश सरकारले उपलब्ध गराउने सेवा/सुविधा र ऐन/नियम कार्यान्वयनमा पनि त्यसले

असर पारिरहेको हुन्छ। प्रदेशको नाम र राजधानीको विषयमा समयमै निर्णय नहुँदा प्रदेश सांसदको दलगत स्वार्थ, सङ्घीय सरकारको हस्तक्षेप, भूमाफिया तथा दलालको प्रभुत्वले खेल्ने ठाउँ उपलब्ध हुन्छ। जसले गर्दा दीर्घकालीन नकरात्मक असर, एकअर्कामा वैमनश्यता उत्पत्ति हुने अवस्था आउँछ।

**सन्दर्भ सामग्री**


१. व्यवस्थापिका–संसद् सचिवालय, (२०७२) । *संसद् दर्पण ।* वर्ष १, अङ्क ३, माघ २०७२, काठमाडौँ : संसद् भवन, सिंहदरबार

२. व्यवस्थापिका–संसद् सचिवालय, (२०७२) । *व्यवस्थापिका–संसद् र व्यवस्थापिका–संसद् सचिवालयसम्बन्धी परिचय ।* वर्ष १, अङ्क २, माघ २०७२, काठमाडौँ

३. व्यवस्थापिका–संसद् सचिवालय, २०७३। *संसद् दर्पण ।* वर्ष २, अङ्क ५, साउन २०७२, काठमाडौँ : संसद् भवन, सिंहदरबार

४. संविधान सभा सचिवालय, (२०१६)। *नेपालको संविधान, २०७२ ।* काठमाडौँ : संसद् भवन, सिंहदरबार

५. www.election.gov.np

परिच्छेद ३

# ३.१ आर्थिक, सामाजिक तथा सांस्कृतिक मापनमा : सङ्खुवासभाका सीमान्तकृत कुमाल

**१. पृष्ठभूमि**

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त देश हो। आफ्नो देशको परिचय दिँदा हामी नेपाली भएको नाताले यिनै शब्दबाट सुरुवात गर्छौं । विदेशीले पनि यिनै विशेषतालाई नेपालको वर्णनको आधार मानेका छन् । विद्यमान भौगोलिक, सामाजिक, आर्थिक, सांस्कृतिक तथा मानवीय स्रोत, साधन र सम्पदाले यहाँका विभिन्न क्षेत्र, उपक्षेत्र र स्थानबीच मितेरी गाँसेका छन्। साथै विभिन्नता एवम् विषमतापूर्ण स्थिति बोध गराएका छन् भने हरेक क्षेत्र र स्थानविशेषमा अन्तर्निहित अनगिन्ती प्राकृतिक स्रोतले नेपालको महत्त्व परदेशसम्म फैलाएका छन्।

आ–आफ्नो जातिविशेष, धर्मविशेष, भाषाविशेष जस्ता छुट्टै मौलिक पहिचानले सिङ्गारिएको नेपाली समाज यसैमा गौरवान्वित हुनु सकारात्मक पक्ष हो। भौगोलिकरूपले यो मुलुक हिमाल, पहाड र तराईमा विभाजित छ। वास्तवमा यहाँको यही विविधता नै हाम्रो पहिचान एवम् सम्पदाको स्रोत पनि हो।

नेपालमा विभिन्न जातजाति, भाषाभाषी र धर्मावलम्बी बसोबास गर्छन्। यहाँ १ सय २५ जातजाति र १ सय २३ भाषाभाषीको बसोबास छ।[१] नेपालमा बसोबास गर्ने जातजातिमध्ये आदिवासी जनजाति पनि यहाँका मुख्य बासिन्दा हुन्। आदिवासी जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको जाति वा समुदाय हुन्।

नेपाल सरकारले ५९ जातिलाई आदिवासी जनजातिमा सूचीकृत गरेको छ। ती समुदायलाई पनि पनि लोपोन्मुख, अति सीमान्तकृत, सीमान्तकृत, सुविधा वञ्चित र उन्नत गरी पाँच भागमा विभाजन गरिएको छ। यसमध्ये अति सीमान्तकृत समुदायमा सियार, माझी, ल्होमी, थुदाम, धानुक, चेपाङ, सतार (सन्थाल), झाँगड, थामी, बोटे,दनुवार र बरामोलाई समावेश गरिएको छ।[२] यस्तै सीमान्तकृतमा अमात, आठपहरिया, उराव, कार्मारोङ, किरात कोइच, कुर्मी, कुमाल, केवट, केवरत, कोच, खडिया, खाम्पा, गडेरिया, गनगाई, गोंड, घ्याल्सुम्दो नार्पा, ङिस्याङ, चुम्बा, चेपाङ, जिरेल, टहसक्च्युलुङ, ढोक्प्या, ताजपुरिया, तामाङ, थपल्या ब्यासी, थामी, थारू, थुदाम, दराई र दनुवारलाई सिफारिस गरिएको छ।[३]

आदिवासी जनजातिमध्ये आफ्नो छुट्टै भाषा, संस्कार, संस्कृति, परम्परा र धर्म भएका कुमाल जाति पनि यहाँका प्रमुख बासिन्दा हुन्। सङ्खुवासभाको पनि विशेषगरी खाँदबारी नगरपालिका–९ तुम्लिङटारमा यो जातिको बसोबास छ। तुम्लिङटारका कुमाल जातिको पुर्ख्यौली बसोबास लमजुङ रहेको बताउँछन्। त्यसो त यदाकदा तुम्लिङटारका कुमाल पृथ्वीनारायण शाहको सेनामा थिए तर उनीहरू अरुण तरिसकेपछि तुम्लिङटारको माटोमा आँखा गाडी त्यहीँ बसेका हुन् पनि भन्ने सुनिन्छ।[४] यस्तै कुमाल जातिहरू भोजपुरको अरुण गाउँपालिका, लमजुङ, गुल्मी, अर्घाखाँची, पाल्पा, तनहुँ र स्याङ्जालगायतका जिल्लामा पनि बसोबास गरेको पाइन्छ।[५]

यतिमात्रै नभएर विभिन्न ठाउँबाट बसाइँ सराइ गरेर मुलुकका सबैजसो ठाउँमा छरिएका छन् यो जातिका मानिस। यस अध्ययनमा त्यसमध्ये सङ्खुवासभाको खाँदबारी नगरपालिका–९ मा बसोबास गर्ने कुमाल जातिको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्था के/कस्तो छ भनेर केलाउने प्रयास गरिएको छ।

वर्तमान नेपालको भौगोलिक विभाजनअनुसार प्रदेश नं. १ मा र साविकको संरचनाअन्तर्गत पूर्वाञ्चल

१. राष्ट्रिय जनगणना २०६८, केन्द्रीय तथ्याङ्क विभाग
२. नेपाल मानव अधिकार वर्ष पुस्तक २०१८, इन्सेक
३. ३० वैशाख २०६७ को मन्त्रिपरिषद्ले गठन गरेको आदिवासी/जनजाति सूची परिमार्जन गर्न बनेको उच्चस्तरीय कार्यदलको प्रतिवेदन
४. डा. मातृका तिम्सिना, खाँदबारी नगरपालिका स्मारिका २०५६
५. ज्ञवाली दामोदर, जनसङ्ख्या शिक्षा, पृष्ठ नं. १३४

विकास क्षेत्रको कोशी अञ्चलमा पर्ने सङ्खुवासभा समग्र मुलुक जस्तै विविधता बोकेको जिल्ला हो । पछिल्लोपटक राज्य पुनर्संरचना गर्दा यस जिल्लालाई प्रतिनिधि सभाका लागि एक निर्वाचन क्षेत्र र प्रदेश सभाका लागि दुई निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ । सङ्खुवासभा जिल्ला भौगोलिक एवम् जैविक विविधता तथा प्राकृतिक स्रोत र साधनका आधारमा उत्कृष्ट भूगोलका रूपमा परिचित छ।

विश्व प्रसिद्ध हिमशृङ्खलाहरू, प्रसिद्ध नदी,नाला, ताल र पोखरीहरू, सयौँ प्रजातिका जलचर, पशुपक्षी, औषधिजन्य वनस्पतिहरू, विभिन्न फूल, विश्वकै सबैभन्दा गहिरो अरुण उपत्यका एवम् यहाँ बसोबास गर्ने विविध जातजाति अनि उनीहरूको मौलिक कला संस्कृति, भेषभूषा, रहनसहन र सामाजिक रीतिरिवाजका कारण यो जिल्लालाई विलक्षण भूमिका रूपमा चिनिन्छ। प्रकृति र भूगोल विषयका प्रख्यात अनुसन्धानकर्ताहरू यो जिल्लाको उत्तरमा अवस्थित हिमालय पर्वतको काखमा धर्तीको पवित्र स्वर्गभूमि छ भन्ने विश्वास गर्छन्।

यस जिल्लाको सदरमुकाम खाँदबारीबाट १४ किलोमिटर दक्षिणमा विश्वकै होचो अरुण उपत्यकाछ। यस उपत्यकाको पूर्वमा सभाखोला, पश्चिम र दक्षिणमा अरुण नदी तथा उतरतर्फ देउराली वन क्षेत्र छ। पवित्र अरुण नदीको पूर्वी किनारमा अवस्थित यस उपत्यकामा प्रायः सबै जातजातिको बसोबास रहे । कुमालहरू कहाँबाट र कहिले आएर यहाँ बसोबास गरेका हुन् भन्ने एकिन प्रमाण नभए पनि हजारौँ वर्षपहिलेदेखि यो क्षेत्रमा उनीहरूको बसोबास रहेको मानिन्छ।[६]

पूर्वकालमा कुमाल जातिलाई कुम्भकार, कुमहार एवम् कुमाहाल नामले पुकारिन्थ्यो। संस्कृतमा कुम्भ शब्दले माटोको घैला अर्थात भाँडो भन्ने जनाउँछ। यी जातिको पुर्ख्यौली पेशा माटोको भाँडाकुँडा बनाउने भएकाले उनीहरूलाई कुम्भकार, कुमहार एवम् कुमाहाल भनिएको हो। उपरोक्त शब्दहरू अपभ्रंश भएर कुमाल भएको हो भन्ने कुरामा दुईमत छैन।[७]

यस जिल्लाको खाँदबारी नगरपालिका-९ तुम्लिङटारमा मात्रै कुमाल जातिको बसोबास छ । मध्यपहाडी लोकमार्गअन्तर्गत धनकुटाको हिले र सङ्खुवासभाको खाँदबारी सडकखण्ड निर्माण हुनु र दैनिकरूपमा काठमाडौँ-विराटनगर-तुम्लिङटार जहाज चल्न थालेपछि यस बस्तीका कुमाल समुदायको दैनिकी एवम् जीवनशैलीमा ठूलो परिवर्तन आएको छ। यहाँका कुमाल जातिको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्था अध्ययन गरी सीमान्तकृत समुदायभित्र पर्ने यो जातिलाई राज्यको मूलधारमा ल्याउन सरोकारवालाको ध्यानाकर्षण गर्ने प्रयोजनका लागि यो अध्ययन तयार गरिएको छ।

## २. अध्ययनको उद्देश्य

- कुमाल जातिको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्थाबारे जानकारी लिने।
- कुमाल जातिका समस्या पत्ता लगाइ निराकरणका उपाय पहिचान गर्ने।
- आदिवासी जनजाति समुदायका लागि राज्यले बनाएका नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्थाबारे जानकारी लिने।
- सरकारी नीति तथा कार्यक्रम प्रभावकारीरूपमा कार्यान्वयन नहुँदा लक्षित समुदायमा परेको असर थाहा पाउने।
- कुमाल जातिका समस्या प्रकाशमा ल्याई उनीहरूलाई राज्यको मूल प्रवाहमा ल्याउन सरोकारवाला निकायलाई घचघच्याउने।

## ३. अध्ययनको महत्त्व

मानिस स्वभावैले नयाँ कुरा बुझ्न चाहने, नयाँ क्षेत्रमा भ्रमण गर्ने, नयाँनयाँ तथ्य पत्ता लगाउने र नयाँ अनुभव सँगालेर त्यसलाई बहुसङ्ख्यक जनताको हितमा सदुपयोग गर्ने प्रयासमा लाग्ने हुन्छ। त्यसैले महत्त्वपूर्ण विशेषता भएका कुनै पनि स्थान, जाति आदि हरेक व्यक्तिका निम्ति आकर्षणको केन्द्रविन्दु बन्न पुग्ने गर्छन्। कुनै पनि जातिको खास विशेषता के हो भन्ने जान्नु पनि २१ औँ शताब्दीमा महत्त्वपूर्ण हुन जान्छ। कुनै पनि जातिको अध्ययनबाट ऐतिहासिक संयोग, सामाजिक उद्‌विकास, अज्ञानप्रति जिज्ञासाको भावना, आफू स्वयम्‌लाई चिन्नका लागि, वस्तुनिष्ठ र रुचिपूर्ण अध्ययन, तीव्ररूपमा परिवर्तित समाज र सांस्कृतिक सम्पर्कको परिणाम थाहा पाउन यस्तो अध्ययन महत्त्वपूर्ण हुन्छ। यस अध्ययनमा सीमान्तकृत कुमाल जातिको आर्थिक स्थिति, पेसा, भाषा, संस्कार, संस्कृति, स्वास्थ्य, शिक्षा आदिबारे अध्ययन गरिएको छ।

वर्तमान अवस्थामा भूमण्डलीकरणले जीवन र जगतमा पारेका प्रभाव र असरहरूबारे अध्ययन गरी सरोकारवालालाई सचेतीकरण गर्नु आजको आवश्यकता हो । यसले सीमान्तकृत समुदायमा पारेको असर प्राथमिकताका साथ बाहिर ल्याउन अति आवश्यक छ। यसका साथै राज्यले सो समुदायका लागि तयार गरेका नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था अनुगमन तथा मूल्याङ्कनसमेत जल्दोबल्दो विषय हो। मुलुकमा राजनीतिक परिवर्तनसँगै अपनाइएको आर्थिक,

६. नेपाल कुमाल समाज सुधार समितिका अध्यक्ष भुवन हलिदेसँगको कुराकानीमा आधारित

७. खोज अनुसन्धानकर्ता डा. मातृका तिम्सिनासँगको कुराकानीमा आधारित

सामाजिक तथा सांस्कृतिक विकासका लागि भएका प्रयासमा के कठिनाइ छ भनी अध्ययन गर्नु सान्दर्भिक देखिन्छ।

यिनै विषय केन्द्रमा राखेर सङ्खुवासभाको तुम्लिङटारमा बसोबास गर्ने सीमान्तकृत कुमाल जातिसँग सम्बन्धित यो आलेख तयार गरिएको छ। यस अध्ययनले कुमाल जातिको अवस्था बुझ्न जिल्लामात्र नभएर समग्र मुलुककै लागि उपयुक्त सन्दर्भ सामग्री एवम् महत्त्वपूर्ण दस्तावेज तयार हुने देखिएको छ। यसर्थ, यसबाट वर्तमान अवस्थामा कुमाल जातिको अवस्था त झल्कन्छ नै, भविष्यमा ती जातिका बारेमा कुनै नीति, योजना तथा कार्यक्रम बनाउनुपरेमा यो सामग्रीले मद्दत गर्ने हुँदा पनियसको महत्त्व निकै छ।

**४. अध्ययन विधि**

- भ्रमण अवलोकन
- छलफल
- अन्तर्वार्ता
- व्याख्यान
- द्वितीय स्रोत सामग्रीको अध्ययन तथा प्रयोग

**५ . अध्ययनको सीमा**

- यो अध्ययन सङ्खुवासभा जिल्लाको खाँदबारी नगरपालिका–९ तुम्लिङटारमा बसोबास गर्ने आदिवासी जनजाति समुदायअन्तर्गत सीमान्तकृत जाति कुमालसँग मात्र केन्द्रित छ।
- यो अध्ययनमा सीमान्तकृत कुमाल जातिको आर्थिक, सामाजिक तथा सांस्कृतिक पक्षको चर्चा छ।
- अध्ययनमा आदिवासी जनजाति समुदायका लागि राज्यले बनाएका नीति तथा कार्यक्रमको कार्यान्वयनको अवस्था बुझ्ने प्रयास गरिएको छ।
- अध्ययनमा प्रयोग भएकासूचनाहरू प्रारम्भिक र द्वितीय दुवै स्रोतबाट लिइएको छ।
- कुमाल जातिको अवस्था बुझ्न सम्बन्धित समुदाय र अन्य सरोकारवाला निकायहरूको भनाइ पनि समावेश गरिएको छ।

**६. बसोबास र जनसङ्ख्या**

नेपालमा कुमाल जातिको जनसङ्ख्या राष्ट्रिय जनगणना २०५८ अनुसार ९९ हजार ३ सय ८९ थियो।[८] यो सङ्ख्या बढेर वि.सं. २०६८ मा १ लाख २१ हजार १ सय ९६ पुग्यो।[९] भोजपुरको अरुण गाउँपालिका, पाल्पा, नुवाकोट, ओखलढुङ्गा, धनकुटा, रामेछाप, सिन्धुली,प्युठानलगायतका नेपालका ६० भन्दा बढी जिल्लामा यो जाति छरिएर बसोबास गरेका छन्।

सङ्खुवासभामा भने खाँदबारी नगरपालिका –९ तुम्लिङटारमा मात्रै यो जातिको बसोबास छ । तुम्लिङटारमा बस्ने कुमाल जातिको एकिन तथ्याङ्क अद्यावधिक छैन । २०६८ को जनगणनाअनुसार जिल्लामा कुमाल जातिको जनसङ्ख्या महिला ४ सय ९४ र पुरुष ४ सय १ गरी ८ सय ९६ जना छ। २०५८ को जनगणनाअनुसार भने तुम्लिङटारमा सो जातिको जनसङ्ख्या ८ सय ७० जना थियो। यसरी तथ्याङ्क हेर्दा यो जातिको जनसङ्ख्या बढेको देखिन्छ।[१०]

**७. पेसा र आर्थिक अवस्था**

यो जातिको पुर्ख्यौली पेशा माटोका भाँडाकुँडा बनाउने हो । पशुपालन, माछा मार्ने र कृषि कार्य उनीहरूका सहायक पेसा हुन्। बढ्दो आधुनिकतासँगै बजारमा भित्रिएका प्लास्टिक, आल्मुनियम र स्टिलबाट निर्मित भाँडाकुँडाले माटोका भाँडा विस्थापन गरेपछि उनीहरूको परम्परागत पेसा सङ्कटमा परेको छ। त्यसकारण यो जातिको युवा पुस्ता आफ्नो पुर्ख्यौली पेसा/व्यवसायबाट पलायन भएर कृषि, पशुपालन, व्यापार/व्यवसाय, सरकारी नोकरी तथा वैदेशिक रोजगारीतर्फ आकर्षित हुन थालेका छन्।

हाल यहाँका कुमालले आफ्नो जाति, धर्म, कला र सांस्कृतिक सभ्यताको संरक्षण, संवर्द्धन एवम् विकास गर्ने उद्देश्यले माथ्लो टारको मध्य भागमा आफ्नै सामुदायिक भवन निर्माण गरेर सामाजिक विकासको अभियान अगाडि बढाउँदै आएका छन्। यस स्थानमा पानीको चरम अभाव रहेकाले धान खेती गरिँदैन। तर हाल लिफ्टिङ प्रणालीमार्फत सिँचाइका लागि पानी ल्याइएको छ। यहाँको प्रमुख नगदे बाली मास अर्थात कालो दाल, बोडी, गहत, तील, फिलुङ्गे, तोरी, कोदो, मकै आदि हुन्। यिनै उत्पादन बेचेर उनीहरू केही आम्दानी भित्र्याउँछन्।

यता मुलुकले विकासमा फड्को मार्ने क्रममा जब कुमाल जातिको बसोबास भएका स्थानमा पूर्वाधारका योजनाहरू सञ्चालन हुन थाले, उनीहरूको दिनचर्या, पेसा र आम्दानीमा यसले पूरै परिवर्तन ल्याइदियो। अन्तर्राष्ट्रिय श्रम सङ्गठन अभिसन्धि १६९

---

८. राष्ट्रिय जनगणना २०५८ , जातिगत जनसङ्ख्या विवरण

९. राष्ट्रिय जनजणना २०६८, सङ्क्षिप्त नतिजा/तालिका : ४, जनसङ्ख्याको जात/जातिगत विवरण

१०. जिल्ला विकास योजना, सङ्खुवासभा, आव २०७३/७४

ले सरकारले उपयुक्त भएको अवस्थामा सम्बन्धित जनताको सहयोगमा योजनाबद्ध विकासका काम कारबाहीहरूबाट निजमा पर्ने सामाजिक, आध्यात्मिक, सांस्कृतिक र वातावरणीय प्रभाव मूल्याङ्कन गर्न अध्ययनहरू सञ्चालन गर्ने कुरा सुनिश्चित गर्नेछन्। त्यस्ता अध्ययनका निष्कर्षहरूलाई कार्यक्रम कार्यान्वयनका लागि मुख्य आधारका रूपमा लिइनेछ[११] भनी उल्लेख छ। तर कुमाल जातिको बसोबास भएका स्थानमा विकास निर्माणका परियोजनाहरू सञ्चालन गर्दा पूर्णरूपमा यो व्यवस्था पालना भएको देखिँदैन।

परम्परागत पेसाले मात्र जीवनयापन गर्ने कुमाल समुदायका व्यक्ति अहिले यहाँ पाउन सकिन्न। समयकालसँगै परिवर्तन भएका कुमाल जातिको आर्थिक अवस्था सुधारोन्मुख त छ तर गुणस्तरीय जीवन यापनका लागि त्यो पर्याप्त छैन। तुम्लिङटारमा बसोबास गर्ने कुमाल जातिमध्ये कृषि, पशु र परम्परागतबाहेक अन्य पेसामा संलग्नहरूको विवरण तपशीलबमोजिम छ।

| क्र.सं. | रोजगारीको विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १. | शिक्षण | २ | २ | ४ |
| २. | प्रहरी | २ | | २ |
| ३. | सेना | २ | १ | ३ |
| ४. | स्वास्थ्यकर्मी | १ | १ | २ |

**८.सामाजिक तथा सांस्कृतिक अवस्था**

कुमाल जातिभित्र पनि सामाजिक सांस्कृतिक विविधता पाउन सकिन्छ। पूर्वेली कुमालहरूका सात ओटा थर पाइन्छ। अरुण उपत्यकामा हलिदे, दूधपाउ, मुडुला, ढाले, पोखेल, नौला र पाठकसहित सातै थरका कुमालको बसोबास छ। रोमाञ्चक कुरा त के छ भने अन्य स्थानमा सातै थरका कुमाल पाउन सकिँदैन तर तुम्लिङटारमा भने यी सबै थरका कुमालको प्रतिनिधिमूलक बसोबास छ।[१२]भौगोलिक र थरगतरूपमा कुमाल जातिले मान्ने संस्कार, संस्कृतिमा सामान्य भिन्नता भएपनि मुख्यगरी यस जातिले मान्ने संस्कार, संस्कृति यहाँ प्रस्तुत गरिएको छ :

(क) **जन्म संस्कार** : यहाँको कुमाल समाजमा गर्भवती महिलाले गह्रौँ भारी बोक्न नहुने, टाढा टाढासम्म हिँड्न नहुने, पोषिलो खानेकुरा खानुपर्ने जस्ता राम्रा मान्यता रहेपनि नदी पार गर्न नहुने, गाई वस्तु, आदि बाँधेको दाम्लो नाघ्न नहुने जस्ता अन्धविश्वास पनि रहिआएको छ। सुत्केरी भएका बेला घरकै बूढीपाकी महिला र गाउँमा रहेका सुडेनीले सहयोग गर्ने गर्छन्। आजकल गाउँमै स्वास्थ्य केन्द्र तथा स्वास्थ्य स्वयम्सेविका भएका कारण उनीहरूको पनि सहयोग लिन थालेका छन्। बच्चा जन्मिसकेपछि सुत्केरी आमा र बच्चालाई घरभित्र कुनामा राख्छन् भने साललाई बलेसीमा गाडेर सुत्केरीलाई मासु, जाँड/रक्सी खान दिने चलन छ।

(ख) **न्वारन** : अन्य समुदायमा जस्तै कुमाल समुदायमा पनि यो सस्कार अनिवार्य छ। यो समुदायमा बच्चा जन्मिसकेपछि न्वारन पाँच/सात या नौ दिनमा गर्ने गरिन्छ। न्वारन कर्म एकाघरी विवाहित छोरीचेलीले गर्छन्। एकाघरी छोरीचेली नभएमा दाजुभाइतर्फका छोरीचेलीलाई न्वारन कर्मको जिम्मेवारी दिइन्छ। न्वारानको दिन घरभित्र/बाहिर गोबरले लिपपोत गर्ने, सुत्केरीले नुहाउने, आफन्तहरूलाई बोलाउने, छोरा भए भाले र छोरी भए पोथी कुखुरा काट्ने काम हुन्छ। त्यसपछि छोरीचेलीबाट दुबोद्वारा गहुँत चारैतिर छर्कने र शिशुलाई घाम देखाउने गरिन्छ। अन्त्यमा शिशुको दुवै हातगोडा, कम्मर, घाँटी तथा बाबुको दाहिने र आमाको देब्रे हातमा धागो बाँधिन्छ। पहिले पहिले बच्चाको नामाकरण बारअनुसार गरिन्थ्यो। हाल भने यो चलन बिस्तारै हराउँदै गएको छ।

(ग) **पास्नी/छेवर** : कुमालजातिका बच्चा हुर्कने क्रममा पास्नी र छेवर गरिदिने प्रचलन छ। बच्चा जन्मिएपछि पहिलोपटक खाना खुवाउने अर्थात पास्नी गर्दा प्रायः ६ महिनादेखि १ वर्षभित्र गरिन्छ। यसैगरी बच्चाको छेवरमा मामाले कपाल काट्ने चलन छ। मामा नभएको खण्डमा मात्र नजिकैका नाता मामा पर्नेले यो कार्य गर्ने गर्छन्। यी दुवै कार्य गर्दा नातागोताबाट बच्चालाई आशीर्वाद दिने प्रचलन छ। छेवरलाई चुलो चढाउने पनि भनिन्छ। छेवर गर्दा मामाले भान्जाको कपाल काटेर टोपी दिने, सुनचाँदीको गहना दिने चलन पनि छ। आमा बाबुले छोराको छेवर कर्म हेर्न नहुने, सम्बन्धित बालकलाई उसको कपाल देखाउन नहुने मान्यतासमेत छ।

(घ) **विवाह संस्कार** : वैवाहिक जीवनमा मात्र सन्तान प्राप्तिको कर्म हुने हुँदा विवाहलाई सन्तान प्राप्तिको आधार मानिन्छ। परम्परागत धार्मिक मूल्य/मान्यताअनुसार पुत्र सन्तान भएमा मात्र भगवानसम्म पुगिन्छ। अर्को जुनीमा दास हुनुपर्दैन। पितृ ऋण सन्तान जन्माएमात्र सकिन्छ र स्वर्गको बास हुन्छ भन्ने मूल्य/मान्यताका कारणले गर्दा विवाह अपरिहार्य देखिन्छ। जसले सृष्टिको चक्र थामिरहेको छ।

११. आइएलओ अभिसन्धि नं. १६९, धारा ७ को ३

१२. नेपाल कुमाल समाज सुधार समितिका अध्यक्ष भुवन हलिदेसँगको कुराकानीमा आधारित

१. **मागी विवाहः** यस विवाहमा सुरुदेखि अन्त्यसम्मको सम्पूर्ण चाँजोपाँजो मिलाउने मानिस (प्रायः ज्वाइँ) लाई कसलया (लमी) भनिन्छ। केटा पक्षका मानिस केटीको घर साँझमा पुग्नेगरी पोङ *(रक्सी भरेको सानो माटोको भाँडो)* र कुखुरा लिएर जान्छन् । यो क्रम तीन पटकसम्म चलिरहन्छ र अन्तिम पटक पोङ स्वीकार गरी कुरा पक्कापक्की गर्ने चलन छ। विवाह हुने मितिभन्दा दुई दिनअघि रीत बुझाउने चलन छ। विवाहका लागि तोकिएको दिन दौरा सुरुवाल, पटुका, टोपी, फेटा र कम्मरमा खुकुरी भिरेर दुलहा जन्तीसहित दुलहीको घरमा पुग्छन्। केटी पक्षले स्वागत् सत्कारका साथ खाना खुवाएपछि भुरुक्चुक्ने, पितृ निम्त्याउने, झुझुरी चुहाउने र सम्पुवाको कार्य सुरू हुन्छ।

आँगनमा चार ओटा सालको लिङ्गो गाडी टुप्पो एकैठाउँमा जोडेको हुन्छ। यसको वरिपरि दुलहा–दुलही,उनीहरूका आमा बुबा जाँड छर्कदैं ताली बजाउँदै घुम्ने कार्य नै भुरुक्चुक्ने कर्म हो। सालको पातबाट बनेको टपरीमा चामल, दियो, कलश तथा सिन्दुर सुपारी, काँसकुश राख्छन्। केटा तथा केटी पक्षका बूढापाकाहरू वरिपरि बस्छन्। सबैले एक/एक चिज *(काँसकुश, सिन्दूर, सुपारी)* हातमा लिन्छन् । अनि काँसे है वाजु, कुँसे है वाजु, सिन्दूर है वाजु, रन है वान, विन्द्र है वन *(पितृको नाम पुकार्ने)* टिउँ टिउँ भनी केराको पातमा राख्छन्। यसलाई पितृ निम्त्याउने भनिन्छ। त्यस्तै बेहुलीकी आमालाई भिजाउने *(एक प्रकारको हँसाउने कार्य)* पनि गरिरहेका हुन्छन् जसलाई झुझुरी चुहाउने भनिन्छ।

दुलहीले दुलाहाको घर पुगेपछि सासू–ससुराबीच काठ वा माटोको माना जस्तो भाडाँमा दाल र चामल पालैपालो तीनपटक भर्ने चलन छ। यो कार्यलाई नदिया भनिन्छ। यसपछि पीपलको पात टेकाउँदै भित्र्याउने चलन छ। त्यसबेला दुलाहा दुलहीले कुल पितृको पूजा र ढोग गर्ने गर्छन्। अनि दुलहीले सासू र दुलाहाको गोडा धोएर पानी खाने चलन छ। अन्त्यमा आफन्त नातेदारसँग ढोगभेट गरी मागी विवाहको कर्म समाप्त हुन्छ।[१३]

२. **राजीखुसी वा प्रेम विवाह** : हाट बजार, मेलापात, बाटोघाटो र पाहुना आउँदा/जाँदा अचानक बोलीवचन भएर प्रेम बस्न गई सुटुक्क भागेर गर्ने विवाह नै राजीखुसी वा प्रेम विवाह हो । यस प्रकारको विवाह गर्दा कुनै स्थानमा गएर किरिया कसम खाई सिन्दूरपोते लगाउने गर्छन्। समग्रमा हेर्दा प्रेम विवाह कुमाल समुदायमा उदार रहे तापनि दलित वर्ग र हाडनातासँग विवाह गर्नमा भने यो समाज कठोर छ।

३. **चोरी वा जबर्जस्ती विवाह** : यसप्रकारको विवाह गर्न केटाकेटी मनपरापर गर्नु आवश्यक पर्दैन । केटाले केटीलाई मन पराएपछि धारा, पधेरा, मेला, पात, हाटबजार, वनजङ्गल, गोठाला आदि ठाउँहरूबाट जबर्जस्ती बोकेर, घिच्याएर ल्याउने चलन केही वर्ष अघिसम्म व्यापक थियो। केटी बोक्न, घिस्याउन केटाका साथीहरूले मद्दत गर्थे। यसरी ल्याइएकी केटीलाई केटाका घरमा ४/५ दिनसम्म थुनेर राखेपछि राजी, विराजी के छ ? सोध्थे। केटीले राजी भएको स्वीकार गरेमा केटा पक्षका मानिस पोङ लिएर केटीको घरमा जान्छन् र चोरको सोर बुझाएर विवाह गर्ने पक्का गर्ने चलन छ । तर केटी विराजी भएमा भने जिम्मुवाललाई केही पैसा तिरेर केटीलाई माइतीकै जिम्मा लगाउँथे । नेपालमा मुलुकी ऐन लागु भएपछि भने यो विवाह पद्धति स्वतः कम भएर गयो।

४. **विधवा वा विधुर विवाह** : पति वा पत्नीमध्ये कुनै एकको मृत्यु भएमा विधुर वा विधवा हुन्छन्। उमेर छँदै विधुर वा विधवा भएमा पुनः अर्को विवाह गर्न सक्छन् । यस प्रकारको विवाहलाई विधवा वा विधुर विवाह भनिन्छ। यो विवाह विधुर र विधवाबीच तथा अन्य केटा/केटीसँग पनि हुन सक्छ। हाम्रो समाजले सम्पूर्ण विधुरलाई पुनः विवाहमा बन्देज नलगाए तापनि विधवालाई भने यो स्वतन्त्रता छैन। तर यहाँका कुमाल समुदायमा भने विधवा/विधुर विवाहमा कुनै रोकटोक छैन।

६. **जारी विवाह/जारी प्रथा** : यहाँको कुमाल जातिमा जारीप्रथा परापूर्वकालदेखि प्रचलित छ। यदि स्वास्नी मान्छेले उनको पतिलाई विविध कारणले मन पराइन् भने अर्काले विवाह गरेकी स्त्रीलाई फकाएर, झुक्याएर वा अन्य कुनै उपायद्वारा आफ्नी पत्नी वा पति बनाउँछ भने त्यसलाई जारी विवाह भनिन्छ। यसरी विवाह भएमा दोस्रो पतिले पहिलो पत्नीतर्फको गरगहना फिर्ता गर्नुको साथै केही रकमसमेत तिर्नुपर्छ। कुमाल समाजका स्त्रीले जतिसुकै पटक विवाह गरेपनि अन्तिम पतिले जारी तिरिसकेपछि यस्ता महिला घृणाको पात्र बन्नुपर्दैन। तर त्यस्तो केटी अन्य केटाले विवाह गरेमा भने केटीका बाबुआमालाई रीत बुझाउनुपर्छ । हाल यस

१३. तामाङ छविलाल, सङ्खुवासभा जिल्ला, खाँदबारी नगरपालिका तुम्लिङटारका कुमाल जातिहरूको सामाजिक, सांस्कृतिक अवस्था शोधपत्र

प्रकारको विवाह हुने गरेपनि जारी तिर्ने वा लिने/दिने प्रचलन चाहिँ बन्द भइसकेको छ।

(ङ) **मृत्यु संस्कार** : कुमाल जातिको मृत्यु संस्कार पनि आफ्नै खालको छ । यो जातिमा मृत्यु भएपछि सात, नौ या १० दिनमा काजकिरिया गर्ने चलन छ। जसमा उमेर पुगेको मृतक भए नौ या १० दिनमा र बालक भए पाँच दिनमा काजकिरिया सम्पन्न गर्ने गरिन्छ। मृतकको प्रकार हेरी दाहसंस्कार गरिन्छ। खास गरेर कालगति र अकालगति भनेर मृत्युको प्रकार छुट्याइन्छ । उपचारका क्रममा कसैको मृत्यु भएमा त्यसलाई कालगति र प्राकृतिक प्रकोप तथा कुनै पनि घटनाबाट मृत्यु भएमा त्यसलाई अकालगति भनिन्छ।

पहिलापहिला कालगतिले मरेकाको लाश खोला किनारमा गाड्ने चलन थियो । तर अहिले दाँत नसाटिएकाबाहेक सबैलाई डढाउने चलन छ । कुमाल जाति मृतक छोरी मान्छे भए वायु र छोरा मान्छे भए कुल बन्ने कुरामा विश्वास राख्छ । त्यसकारण घरको मूली मान्छेले कुल भए एउटा ढुङ्गा र वायु भए रङ्गीचङ्गी ध्वजा बाँधिएको लिङ्गे स्थापना गरी वर्ष वर्षमा कुललाई भाले र वायुलाई पोथी कुखुराको बली दिन्छन् । यिनै कुल र वायु यहाँका कुमाल समुदायमा पुज्य हुन्छन् । मृत्यु संस्कार कर्म ज्वाइँचेलाबाट गराइन्छ। यो कर्ममा ज्वाइँलाई पुरोहित बनाउने चलन छ। कर्म सकिएको अन्तिम दिन अर्थात् चोखिने दिन दाजुभाइ भेला भई खोलामा गएर नुहाएर आएपछि नून, तेल, माछा, मासु र गहुँत खाएर चोखिने वा शुद्ध हुने गरिन्छ।[१४]

(च) **धर्म** : कुमाल जाति प्राकृतिक धर्म मान्छन्। उनीहरूले मान्ने धर्मलाई वोन धर्म भनिन्छ। उनीहरू प्रकृति पूजक हुन्। गणनाहरूमा भने उनीहरूले मान्ने धर्मको नाम हिन्दू लेख्ने गरिएको छ। हाल कुमाल जातिमध्ये केहीले क्रिस्चियन र किराँत धर्म पनि मान्ने गरेका पाइएको छ।[१५]

(छ) **भाषा** : तुम्लिङटारमा रहेका कुमाल जातिका मानिस आफ्नो भाषा बोल्न जान्दैनन्। यद्यपि उनीहरूलाई आफ्नो पनि भाषा छ भन्ने ज्ञानचाहिँ छ। यो जातिका अधिकांश मानिस राष्ट्रभाषा नेपाली नै बोल्छन्। कुमाल भाषा जान्नेहरू पनि आफ्नो समाजका व्यक्तिहरूसँगमात्र आफ्नो भाषा बोल्छन्। अन्य समाजका व्यक्तिसँग भने नेपाली नै बोल्छन्। यो भाषा जानेका व्यक्तिले पनि आफ्नोभाषाको प्रयोग कमैमात्र गर्ने गरेका छन्। जसको मुख्य कारण अन्य भाषाभाषीका व्यक्तिले आफ्नो भाषा प्रयोग गरे हेप्ने र तल्लो स्तरको सम्झने हुनाले प्रयोग नगरेको भन्ने भनाइ यस जातिका मानिसको छ।

कुमाल जातिको भाषाको केही शब्द र अर्थ निम्नानुसार छ।[१६]

| कुमाल | नेपाली | कुमाल | नेपाली |
|---|---|---|---|
| अँवाई | आमा | तिनमार | नराम्रो |
| मुई | मैले | अंगुरी | औँला |
| करई | गर्नु | कसैन | कस्तो |
| खावर | खानु | माटी | माटो |
| माटारे | गोठालो | तोरेहरन | तिमीहरू |

(ज) **पोशाक** : कुमाल जातिका महिलाले परम्परागतरूपमा लगाउने लुगामा कलेजी रङको चौबन्दी, हलुका कालो कोठा भएको फरिया, रातो/कलेजी रङको घलेक र कम्मरमा खुर्पेटोसमेत हुन्छ। साथै गहनामा पहेँलो र हरियो रङको पोते,नौगेडी माला, मड्वारी, फुली, हातमा चुरा आदि लगाउने गर्छन्। पुरूषले सेतो दौरा, सेतो कछाड, कालो स्टकोट र निलो आकाशे रङको पटुका र कालो रङको भादगाउँले टोपी लगाउने गर्छन्। तर वर्तमान अवस्थामा कुमाल जातिका कमैले मात्र आफ्नो परम्परागत पोशाक, गरगहना प्रयोग गरेका पाउन सकिन्छ।

(झ) **चाड/पर्व** : कुमाल जाति प्रकृतिका पूजक हुन् । उनीहरू खोला, नदीनाला, वनजङ्गल, देवीदेवता, वायु, कुल, सिमेभुमे, नाग नगिनी,देवी आदिको पूजा गर्ने गर्छन्। उनीहरूको मुख्य चाड भनेको नै माघेसङ्क्रान्ति हो । यसैगरी दसैँ, तिहार, वैशाख पूर्णिमा, तीज आदि पनि चाडकै रूपमा विधिपूर्वक मान्ने गर्छन्। कुमाल जाति चाड/पर्वभन्दा बढी पूजाआजा गर्छन्। तुम्लिङटारका कुमालले माथि उल्लिखित सबै चाड/पर्व मनाउने गरेका छन्।

यसैगरी उनीहरू आफ्नो संस्कृतिस्वरूप अन्नधान्यदेउ पूजा, नौलेदेउ वा व्याउनी पूजा, गुरुमुखी पूजा, धुल पूजा, नयाँदेउ वा जङ्गली पूजा, मार हान्ने वा खुँडा पूजा पनि गर्छन्। अन्नधान्यदेउ पूजा भदौ महिनामा मकै पाकिसकेपछि घरमा भित्र्याउनु अगावै दुईओटा पोथी र एउटा भाले कुखुरा लगेर मकैबारीमा नै गरिन्छ। नौलेदेउ वा व्याउनी पूजाचाहिँ घरमा बच्चा उत्पादनका

१४. नेपाल कुमालसमाज सुधार समितिकाअध्यक्ष भुवन हलिदेसँगको कुराकानीमा आधारित

१५. ऐजन

१६. स्थानीय रामबहादुर कुमालसँगको कुराकानीमा आधारित

लागि माउ सुङ्गुर पाल्नेहरूले जतिपटक सुङ्गुर ब्याउँछे त्यति नै पटक एउटा बच्चा नौलेदेउ वा ब्याउनी भाग भनेर छुट्याएर दसैँको अष्टमीको दिन पूजा गर्ने चलन यहाँका कुमाल जातिमा छ।

त्यसैगरी गुरुमुखी पूजा कुमाल जातिका ढाले थर भएका एकै सन्तानका दाजुभाइले गर्छन्। यो पूजा हुने दिन ढाले थर भएका मानिसबाहेक अन्य थर, जाति र विवाहित छोरीचेलीको समेत उपस्थिति हुनुहुँदैन। धुल पूजा कुमाल जातिले वर्षको दुईपटक (कात्तिक र फागुन महिनामा) गर्ने गर्छन्। यो पूजामा गाउँका सबै मानिस जम्मा भएर जङ्गल वा ठूलो रुखको फेदमा कालो पाठी, एकजोर परेवा र एकजोर कुखुराको बलि दिने चलन छ। यसलाई संसारी पूजा पनि भनिन्छ भने मार हान्ने वा खुँडा पूजाचाहिँ कुमाल जातिमा परापूर्वकालदेखि प्रत्येक दसैँको महानवमीका दिन गरिँदै आएको छ।

(ञ) **स्वास्थ्य** : कुमालको जीवनशैली, खानपान, उपचार विधि आदिले गर्दा स्वास्थ्य अवस्था सामान्य पाइएको छ। पढाइलेखाइ गर्ने यो जातिको सङ्ख्या अत्यन्तै न्यून देखिन्छ। जसमा चेतनाको अभाव मुख्य कारण हो। उनीहरू परम्परागतरूपमा सुर्ती, खैनी, रक्सी, सरुवा, निगारका साथै चलानी रक्सीलगायत नशालु पदार्थ सेवन गर्छन्। तुम्लिङटारको कुमाल बस्तीमा स्वच्छ पिउनेपानी अभाव छ। बस्ने ठाउँ र भान्सा अलग नहुँदा बालबालिका र महिलाको स्वास्थ्यमा असर परेको देखिन्छ। कुमालहरू अहिले पनि स्वास्थ्यकर्मीभन्दा धामी झाँक्रीकै बढी विश्वास गर्छन्। जिल्ला अस्पताल खाँदबारीमा कुमाल समुदायका नागरिकहरु कमै मात्रामा आउने गरेका छन्। जिल्ला अस्पताल खाँदबारीमा ०७५ मङ्सिर महिनामा जम्मा १ हजार ३ सय ४८ जनाले स्वास्थ्य परिक्षण गराएकोमा कुमाल समुदायका १४ पुरुष र ९ जना महिलाले स्वास्थ्य परिक्षण गराएका छन्।

(ट) **शिक्षा** : नेपालको संविधान २०७२ ले भाग ३, मौलिक हक र कर्तव्यमा सबैको शिक्षासम्बन्धी हक सुरक्षित गरेको छ। तर पनि कुमाल जातिका मानिस शैक्षिकरूपमा पछाडि छन्। यो जातिको मातृभाषामा पाठ्यक्रम र पाठ्यपुस्तक छैन। त्यसैले आफ्नै मातृभाषामा पठनपाठन गर्ने अवसरबाट उनीहरू वञ्चित छन्। सकभर विद्यालय नै भर्ना नहुने र भइहाले पनि बीचैमा पढाइ छाड्ने रोगबाट यो समुदाय पनि ग्रसित देखिन्छ। अब बढी होस नगरेमा र समयअनुसार पढाइ, सिकाइ गरी सबैको बराबरीमा आउन सक्ने नतुल्याएमा यिनीहरूलाई बाँच्न धेरै गाह्रो पर्न सक्छ[१७]भनी मानवशास्त्री डोरबहादुर बिष्टले पनि औँल्याएका छन्। सङ्खुवासभाको तुम्लिङटारमा बसोबास गर्ने कुमालहरूको शैक्षिक अवस्था यसप्रकार छ :

| क्र.सं. | तह | जम्मा |
|---|---|---|
| १. | एसएलसी/एसइइ | ८० |
| २. | प्रमाणपत्र तह/ +२ | २६ |
| ३. | बि.एड. | १७ |
| ४. | एम.एड. | २ |

तुम्लिङटारमा रहेको मनकामना रत्न अम्बिका उच्च माध्यमिक विद्यालयमा जम्मा ९ सय ९३ विद्यार्थी रहेकामा ५ सय ७ जना कुमाल समुदायका विद्यार्थीहरु रहेका छन्। विद्यालयका प्रधानाध्यापक कुवेदप्रसाद भेटवालका अनुसार कुमाल समुदायका विद्यार्थीहरु बिचैमा विद्यालय छाड्नेको दर भने उच्च रहेको छ। भेटवालका अनुसार कक्षा १ मा भर्ना हुदाँ कूल विद्यार्थी सङ्ख्याको ८० प्रतिशत कुमाल समुदायकै मात्रै भएतापनि कक्षा ५ सम्म पुग्दा ४० प्रतिशत र कक्षा १० सम्म पुग्दा २० प्रतिशत मात्रै हुने गरेका छन्। विद्यालयमा भएका कुमाल समुदायका बालबालिका विद्यालयमा न्यून मात्रै हाजिर हुने गरेका छन्।

(ठ) **सामाजिक सङ्घ/संस्थामा आबद्धता** : कुमाल जातिको संरक्षण सम्वर्द्धनका लागि स्थापना गरिएका विभिन्न सङ्घसंस्था छन्। नेपाल कुमाल उत्थान सङ्घ, नेपाल कुमाल महिला उत्थान सङ्घ, नेपाल कुमाल विद्यार्थी सङ्घ,सामाजिक सङ्घ/संस्थामा कुमाल जाति आबद्ध छन्। नेपाल आदिवासी जनजाति महासङ्घमा पनि यिनै संस्थामार्फत उनीहरू आबद्ध छन्। राज्यले आदिवासी जनजातिका लागि विनियोजन गरेको बजेट यसै संस्थामार्फत कुमाल जातिले उपभोग गर्ने गरेका छन्।

(ड) **मनोरञ्जन** : नेपालको पूर्वोत्तर क्षेत्र तुम्लिङटारमा बसोबास गर्ने कुमाल जातिसँग पनि आफ्नै मौलिक नाचगान र सांस्कृतिक क्रियाकलाप छन्। अन्य जाति र भेगमा प्रचलित मनोरञ्जनात्मक क्रियाकलापको नक्कल पनि गर्छन्। कुमाल जातिको परम्परागत नाच मारुनी नाच हो। जुन बिस्तार लोप हुँदैछ। केही जानेकाले पनि बिर्सिसकेका छन् भने नयाँ पुस्तालाई यसप्रति रुचि देखिन्न। मारुनी नाच तिहारको सुरुदेखि एकादशीसम्म नाच्छन्। यस नाचमा दुईजना केटा मान्छेको महत्त्वपूर्ण भूमिका हुन्छ। दुईमध्ये एकजना केटा र अर्को केटीको भेषभूषामा पहिरिएर मारुनी बन्नुपर्छ। मारुनी सिँगारेर नाच सुरू गर्ने बेलामा गाउँको देवी देउराली घरको कुल देवतालाई पूजा धूपधुँवार गर्ने चलन पनि छ। रेडियो, टेलिभिजन, चलचित्र र इन्टरनेटको विकास र प्रभावले

१७. डोरबहादुर बिष्ट, सबै जातको फूलबारी, पृष्ठ ४८

गर्दा आफ्नो परम्परागत गीत नाच लोप भएको यिनीहरू स्वीकार्छन्। अर्कोतर्फ आफ्नो पुरानो संस्कृति जोगाउनुपर्छ भन्ने चेतनाको कमी पनि महसुस गरिएको छ।[१८]

## ९. मुख्य समस्या

सङ्खुवासभाको खाँदबारी नगरपालिका– ९ तुम्लिङटारमा बसोबास गर्ने सीमान्तकृत कुमाल जाति आर्थिक, सामाजिक तथा सांस्कृतिकरूपमा पछाडि परेका वा पारिएका छन्। यो जातिमा देखिएका मुख्य समस्या निम्न छन् :

(क) **कमजोर आर्थिक अवस्था** : गरिबी समग्र मुलुकको समस्या हो तर पनि यहाँका कुमाल समुदाय एकदमै गरिब छन्। एक त परम्परागत पेसा निर्वाहमुखी र अर्कोतर्फ त्यही पनि क्रमशः सङ्कटमा पर्दै जानुले उनीहरू गरिबीको बन्धनबाट माथि उठ्न सकेका छैनन्। तुरुन्त आम्दानी दिने, दिगो र ठूलो व्यवसाय सञ्चालन गर्ने हैसियत उनीहरूको छैन। पर्व, संस्कार आदिमा गर्नुपर्ने खर्चले पनि उनीहरूलाई गरिबीमै रहिरहन सघाएको छ।

(ख) **शैक्षिकरूपमा पछाडि हुनु** : सङ्खुवासभा जिल्लामा बसोबास गर्ने कुमाल जाति शैक्षिकरूपमा माथि उठ्न सकेका छैनन्। उच्च तहसम्म अध्ययन गर्ने कुमालहरू सीमित मात्रामा छन्। एक त बालबालिका भर्ना नै हुन्नन् भए पनि पढाइ पूरा गर्दैनन्। मातृभाषामा पठनपाठन नहुँदा पनि उनीहरू पढाइतर्फ आकर्षित देखिन्नन्।

(ग) **सङ्कटमा परम्परागत सिप तथा पेसा** : माटोको भाँडा बनाउनु उनीहरूको मुख्य पेसा हो। यो पेसाबारे वैज्ञानिक ढङ्गको सिपमूलक ज्ञान हासिल गर्न नसकेकाले सङ्कटमा पर्दै गएको छ। बढी समय र मेहनत खर्च गर्नुपर्ने तर त्यसअनुसारको आम्दानी भने नहुने भएकाले भाँडा बनाउने काममा नयाँ पुस्ताको आकर्षण देखिन्न। त्यस्तै जहाँतहीँबाट माटो झिक्न नपाउनु र वनजङ्गल विनाशले गर्दा भाँडा पोल्न आवश्यक पर्ने दाउरा आदि इन्धन सजिलै उपलब्ध नहुँदा पनि उनीहरूलाई पेसा धान्न कठिनाइ परेको हो। उनीहरूको पेसा सङ्कटमा पर्नुको मुख्य कारण यसको बढ्दो लागत हो जुन यसप्रकार छ :

### (अ) माटोको भाँडा बनाउन लाग्ने लगानी

- *एकजना मानिसलाई नजिकैको खानीबाट एक बोरा वा ४० के.जी. माटो ल्याइ भाँडो तयार गर्न करिब सात दिन लाग्छ। जसबाट पाँच ओटा पैनी (रक्सी बनाउने भाँडा) वा २० ओटा हाँडी बन्न सक्छ।*
- *खोलाबाट बालुवा र जङ्गलबाट खर आफैँले बोकेर ल्याउँछन्। भाँडा पोल्नको लागि १ हजार रुपियाँको दुई भारी दाउरा लाग्दछ।*
- *यहाँ दिनभरी ज्याल मजदुरी गरेको पारिश्रमिक ५ सयदेखि ८ सय रुपियाँको हिसाबले एउटा पैनीमा (कम्तीमा) रु २ हजार रुपियाँ र हाँडीमा १ हजार रुपियाँ लगानी भएको पाइन्छ। बजारमा यी भाडाँहरुको न्युनतम् बिक्री मूल्य पैनीको २ हजार रुपियाँ र हाँडीको ८ सय रुपियाँ रहेको पाइयो।*

**बजार** : तर आधुनिकतवरबाट बनाइएका तथा चिटिक्क देखिने प्लास्टिकका बनिबनाउ भाँडा तुलनात्मकरूमा टिकाउ हुने, हुने खानेले धातुकै राम्रा र महँगा भाँडा किन्ने भएकाले यस्ता माटोका भाँडाप्रति जनमानसको आकर्षण घट्दो छ। फेरि हिसाबै गरेर हेर्दा पनि माटोका भाडा बनाएर बेच्दा घाटा नै रहेको पाइयो। तर पनि फुर्सदको समयमा बनाइएका भाँडा खाङ्ग्रो (ठूलो डोको) मा बोकेर चैनपुर, बाह्रबीसे, खाँदबारी बजार र भोजपुरको दिङ्ला बजारसम्म पुर्‍याउन सक्दा सजिलै विक्री हुन्छन्। जसबाट घर खर्चमा थोरै भए पनि योगदान पुगेको छ। यस व्यवसायलाई निरन्तरता दिन सकेमा आयआर्जन बढ्न सक्ने विश्वास यो समुदायमा अझै पनि छ।[१९]

(घ) **लोप हुने अवस्थामा मातृभाषा** : कुमाल जातिको मौलिक भाषा भएपनि अहिले बोलचालमा कमी आएकाले यो लोप हुने अवस्थामा पुगेको छ। मातृभाषा लोप हुनुको मुख्य कारण उनीहरूले गाउँघरमा बालबालिकासँग आफ्नै भाषामा कुरा नगर्ने तथा विद्यालयमा पनि यो भाषामा पठनपाठन नहुनु नै हो। साथै कुमाल भाषाको आफ्नो छुट्टै लिपि नुहुनु, भाषाका पाठ्य सामग्री कममात्र प्रकाशन हुनु, सञ्चार माध्यममा पनि कुमाल भाषाका सामग्री नआउनुले यो जातिको भाषा कमजोर भइरहेको छ।

(ङ) **सचेतनाको कमी तथा पुरातनवादी दृष्टिकोण** : कुमाल जाति शैक्षिक क्षेत्रमा पूरै पछाडि परेको छ भन्न नमिलेता पनि उच्च शिक्षा हासिल गर्नेको सङ्ख्या औँला भाँचेर गनिरहनु पर्दैन। लेखपढ गरेका व्यक्तिमा पनि घरायसी सामग्री सदुपयोग गरी आयआर्जन गर्ने सोच पाइँदैन। यतिमात्र नभएर ज्ञान सिप भएकाहरू पनि पलायन हुनाले गाउँका समस्या जहाँको तहीँ छन्। परिर्वतनसँगै हरेक कुराको वैज्ञानिक ढङ्गले योजना बनाएर काम गरेको पाइँदैन। सचेतनाकै कमीका कारण बदलिँदो परिस्थितिसँग समायोजन हुन नसक्दा कुमाल जाति पछि परेका, पारिएका छन्।[२०]

---

१८. खाँदबारी नगरपालिका–९ का वडाध्यक्ष टीकाराम कुमालसँगको कुराकानीमा आधारित

१९. स्थानीय रुद्रबहादुर कुमालसँगको कुराकानीमा आधारित

२०. खाँदबारी नगरपालिका–९ का वडाध्यक्ष टीकाराम कुमालसँगको कुराकानीमा आधारित

(च) **मादक पदार्थ सेवन र खर्चालु बानी** : कुमाल जातिमा खर्चालु बानी पनि आर्थिक अवस्था कमजोर हुने महत्त्वपूर्ण कारणका रूपमा देखिन्छ । परापूर्वकालदेखि नै हरेक चाड/पर्व, संस्कार, संस्कृति तथा अन्य विविध कार्यमा जाँड/रक्सी प्रयोग गर्ने परम्परा छ। घरको कुल देवता, पाहुना र आफ्ना लागि पनि जाँड बनाउन अनिवार्य छ। जसले गर्दा यस समाजमा मादक पदार्थ सेवन गर्नेको सङ्ख्या अत्यधिक छ । कुमाल जातिमा सबै उमेरका महिला पुरुष दुवैलाई मादक पदार्थ सेवन गर्न कुनै रोकटोक छैन।

(छ) **नीतिगत समस्या** : नेपाल सरकारले तय गरेको नीति तथा कार्यक्रमले पनि कुमाल जातिको समस्या सम्बोधन हुन सकेको छैन । स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ ले आदिवासी जनजातिका लागि बजेट तथा कार्यक्रम समावेश गरेको थियो । पछिल्लोपटक आएको बजेट तर्जुमा निर्देशिका २०७५ ले लक्षित वर्ग तथा समुदायका लागि अनिवार्यरूपमा समावेश गर्नैपर्ने गरी कुनै नीति तथा कार्यक्रम समावेश गरेको पाइँदैन । यसले गर्दा पछाडि पारिएका कुमाल जाति राज्यको मूल प्रवाहबाट अझै टाढा पुग्ने सम्भावना देखिन्छ।

## १०. कुमाल जातिको उत्थानका लागि भएका नीति तथा कार्यक्रम

### (क) गैरसरकारी संस्थाले गरेका कार्यक्रम

तुम्लिङटारमा बसोबास गर्ने कुमाल जातिको विकासका लागि कुनै पनि गैरसरकारी संस्थाले सहयोग गरेका पाइएको छैन।

### (ख) स्थानीय सरकारको बजेट, नीति तथा कार्यक्रम

नेपाल सरकारले तय गरेको नीति तथा कार्यक्रमअनुसार लक्षित समूह विकास कार्यक्रमअन्तर्गत अघिल्लो आर्थिक वर्षसम्म महिला र बालबालिकाहरूका लागि न्यूनतम १०–१० प्रतिशत र आदिवासी जनजाति, अपाङ्गता व्यक्ति, पिछडा वर्ग, दलित, ज्येष्ठ नागरिक, मधेसी मुस्लिम आदिका लागि १५ प्रतिशत बजेट विनियोजन गर्नुपर्ने व्यवस्था गरेको थियो ।[३१] तथापि कुमाल समुदायकै लागि भनेर कुनै पनि बजेट विनियोजन नभए पनि कुमाल समुदाय भएको वडामा भने बजेट विनियोजन भएको छ। सो बजेटबाट वडामा सडक विस्तार भएको छ । सो बजेट सडक विस्तार, सरसफाइ, खानेपानी, विभिन्न सिपमुलक तालिम आदिमा खर्च भएको पाइएको छ।

राज्यको पुन:संरचना भएसँगै लागु भएको बजेट तर्जुमा निर्देशिका २०७५ ले लक्षित समुदायका लागि लगानी गर्नुपर्ने नीतिगत व्यवस्था हटाएको छ। खाँदबारी नगरपालिकाको आव २०७५/७६ को वार्षिक बजेट, नीति तथा कार्यक्रममा भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने भनिएको भएता पनि कुमाल जातिकै लागि भनेर तोकिएको भने छैन ।[३२] नेपाल कुमाल सुधार समितिको तुम्लिङटारमा भएको भवन कम्पाउन्डिङ तथा गेट निर्माणका लागि खाँदबारी नगरपालिकाले आव २०७५/२०७६ का लागि १ लाख रुपियाँ बजेट विनियोजन गरेको छ।

## ११. निष्कर्ष

सीमान्तकृत कुमाल जाति आर्थिक, सामाजिक तथा सांस्कृतिकरूपमा सवल हुन सकेका छैनन् । सङ्खुवासभा जिल्लाको खाँदबारी नगरपालिका–९ मा बसोबास गर्ने कुमाल जाति पनि यसबाट पृथक छैन । समाजका हरेक क्षेत्रमा आएको परिवर्तनसँगै उनीहरूको भाषा, संस्कार, संस्कृति, परम्परागत सिप तथा पेसा लोप हुने अवस्थामा पुगेको छ । जीवनयापन गर्ने क्रममा बदलिँदो परिस्थितिअनुसार यो जाति समायोजन हुन सकेको छैन। यसले गर्दा कुमाल राज्यको मूल प्रवाहमा समाहित हुन नसकेको आभास हुन्छ।

पेसा र सिप वा सामाजिक आवश्यकताले कुमाल भएका यस जातिको जातीय इतिहास खोज्ने क्रममा सिन्धु घाँटीको सभ्यातासम्म पुग्न आवश्यक देखिएको छ। किनकि एकथरीको भनाइअनुसार सिन्धु सभ्यताबाटै भारतलगायत अन्य क्षेत्रमा विस्तार भई यस जातिको बसोबास भएको हो। तर, पर्याप्त ऐतिहासिक प्रमाणको अभावमा यही सत्य हो भन्ने ठोस आधार भने छैन। नेपालको विभिन्न भागमा बसोबास गरी माटाका भाँडाकुँडा बनाउने सिप र ज्ञान भएका जाति तराई कुमाल, नेवार कुमाल र जातकुमाल वा माझी कुमाल हुन्। प्राचीनकालमा यी जाति एकै थिए वा छुटाछुट्टै जातीय पहिचान थियो भन्नेबारे पनि एकिन छैन।

जे होस्, यतिबेला कुमालहरू आफ्नो पहिचानबाट बिस्तार किनारीकृत हुँदै गएको कुरामा दुईमत छैन । त्यसैले राज्यले यी समुदायका लागि बनाएका नीति तथा कार्यक्रमलाई कागजमा मात्र सीमित नराखी व्यावहारिकरूपमा समेत प्रभावकारी रूपले कार्यान्वयन गर्नुपर्ने देखिन्छ। यसो भएमात्र उनीहरू बहिष्करण र सीमान्तकृतको बारबाट बाहिर निस्कने सम्भावना रहन्छ।

---

३१. स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९, पृष्ठ १३ र १४

३२. खाँदबारी नगरपालिकाको वार्षिक नगर विकास योजना (नीति, कार्यक्रम तथा बजेट) आव २०७५/२०७६, पृष्ठ ६

## १२. सुझाव

कुमाल जातिको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्था मजबुत बनाउन गर्नुपर्ने क्रियाकलापहरू निम्नानुसार देखिन्छ :

- निर्वाहमुखी पेसालाई आजआर्जनमुखी बनाइ उनीहरूलाई आर्थिकरूपमा सवल बनाउन पहल गर्नुपर्ने।
- मातृभाषालाई संरक्षण संवर्द्धन गर्न स्वयम् कुमाल र राज्यले पनि पहल गर्नुपर्ने।
- शैक्षिक स्तर उठाउन मातृभाषामा पठनपाठनको व्यवस्था गर्नुपर्ने साथै उनीहरूलाई छात्रवृत्तिको व्यवस्था गरी अध्ययन गर्ने वातावरण बनाउनुपर्ने।
- रहनसहन, संस्कार/संस्कृति मान्ने क्रममा हुने अधिक खर्च न्यूनीकरण गर्न कुमाल जाति आफैँ सचेत हुनुपर्ने।
- स्वास्थ्य अवस्था मजबुत बनाउन सरसफाइ एवम् सचेतनाका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने। साथै महिलालाई प्रजनन् स्वास्थ्यबारे पर्याप्त जानकारी गराउनुपर्ने।
- यो जातिको बसोबास भएका स्थानमा पूर्वाधारका परियोजना सञ्चालन गर्दा उनीहरूलाई सुसूचित गरी सहभागी हुने अवसरसमेत प्रदान गर्नुपर्ने।

### सन्दर्भ सामग्री


- राष्ट्रिय जनगणना २०६८
- राष्ट्रिय जनगणना २०५८, जातिगत जनसङ्ख्या विवरण
- इन्सेक, नेपाल मानव अधिकार वर्ष पुस्तक २०१८
- ३० वैशाख २०६७ को मन्त्रिपरिषद्ले गठन गरेको आदिवासी/जनजाति सूची परिमार्जन गर्न बनेको उच्चस्तरीय कार्यदलको प्रतिवेदन
- डा. तिम्सिना मातृका, खाँदबारी नगरपालिका स्मारिका २०५६
- ज्ञवाली दामोदर, जनसङ्ख्या शिक्षा, पृष्ठ नं. १३४
- राष्ट्रिय जनजणना २०६८, सङ्क्षिप्त नतिजा/तालिका : ४, जनसङ्ख्याको जात/जातिगत विवरण
- जिल्ला विकास योजना सङ्खुवासभा, आव २०७३/२०७४
- आइएलओ अभिसन्धि नं. १६९, धारा ७ को ३
- तामाङ छविलाल, सङ्खुवासभा जिल्ला खाँदबारी नगरपालिका तुम्लिङटारका कुमाल जातिहरूको सामाजिक सांस्कृतिक अवस्था शोधपत्र, २०६२
- नेपालको संविधान २०७२, भाग ३, मौलिक हक र कर्तव्य
- डोरबहादुर बिष्ट, सबै जातको फूलबारी, पृष्ठ ४८
- स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९, पृष्ठ १३ र १४
- खाँदबारी नगरपालिकाको वार्षिक नगर विकास योजना (नीति, कार्यक्रम तथा बजेट) आव २०७५/२०७६,पृष्ठ ६

परिच्छेद ३

# ३.२ जातैजातको एउटा जात : सरबरियाको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्था

**पृष्ठभूमि**

राणा शासनकालमा लिखित कानुन थिएन । राणाहरूले जे बोल्थे त्यो नै कानुन बन्थ्यो । समाजको त्यस्तो परिवेशमा पनि युवा/युवती प्रेम विवाह (अन्तर्जातीय विवाह) गर्थे । फलस्वरूप राणाकालीन कानुन र समाजले त्यस्ता विवाहित जोडीलाई सामाजिक, आर्थिक, राजनीतिक तथा कानुनीरूपले बहिष्कार गर्थ्यो ।

जसले गर्दा तिनीहरूलाई दासत्वको जिन्दगी जिउन बाध्य पारिन्थ्यो र समाजबाट अलग्याइन्थ्यो । साथै सजायस्वरूप अछूतको व्यवहार गरिन्थ्यो । पछि आएर ती अन्तर्जातीय विवाहित जोडीहरू सङ्गठित हुन थाले, चाहे जुनसुकै जातका किन नहुन् । यसरी सङ्गठित भएकाहरूको एउटा समुदाय नै सरबरिया जातिका रूपमा चिनिन थाल्यो । तर समाजले भने यो जातिलाई बिलटाउ नामाकरण गरेको पाइन्छ । यो जातिको वास्तविक थर सरबरिया भए पनि हेयका दृष्टिले बिलटाउ भन्न थालियो ।

**अध्ययनको उद्देश्य**

(क) सरबरिया समुदायको उत्पत्ति, आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक तथा सांस्कृतिक अवस्थाबारे जानकारी प्राप्त गर्नु ।
(ख) सरबरिया समुदायको सही पहिचान खोजी गर्नु ।
(ग) राज्यको मूलधारमा ल्याउन सहयोग पुऱ्याउनु ।
(घ) आर्थिक, सामाजिक तथा शैक्षिक अवस्था सुधार गर्न सम्बन्धित निकायलाई घच्घच्याउनु ।
(ङ) समुदायलाई हेला गर्ने कथित उपल्लो जातजातिका दृष्टिकोणमा परिर्वतन ल्याउन प्रयास गर्नु ।
(च) समुदायको सही तथ्याङ्क पत्ता लगाउनु ।

**अध्ययनको महत्त्व**

धनुषाको सवैला नपा–१२ स्थित रघुनाथपुर गाउँमा बाहुन, क्षत्री, यादव, तेली, रौनियार, कायस्थ, दलित, कुमहार, मुस्लिम र दनुवार आदि जातजातिको मिश्रित बसोबास छ । यस गाउँमा एक जति परिवार भने सरबरिया जातिका छन् । यो जाति अल्पसङ्यक तथा दलित समुदायमा पर्छ । गरिबी र अशिक्षाका कारण उनीहरूको आर्थिक अवस्था कमजोर छ । साथै उनीहरूमाथि गाउँमा छुवाछूत पनि गरिन्छ । उनीहरूलाई बिलटाउ भनी हेयका दृष्टिले पनि हेरिन्छ । शिक्षा र जनचेतना अभावका कारण परम्परागत रुढीवादी प्रथा र प्रचलन कायमै छ ।

अल्पसङ्ख्यक सरवरिया समुदायमा गरिबी र भूमिहीनताका समस्या छन् । अति पिछडिएको समुदाय भए पनि यो समुदायमा बालविवाह, घोङ्घट तथा दाइजो प्रथा विद्यमान छ । यस्तो अवस्थामा यो जातिका समस्या राज्य तथा सरोकारवाला निकायलाई जानकारी गराउन तथा राज्यप्रदत सुविधा यस जातिको पहुँचमा पुऱ्याउन यो अध्ययनको महत्त्व छ । तसर्थ यस आलेखमा सरवरिया जातिको उत्पत्ति र उनीहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्था अध्ययन गरिएको छ । यस अध्ययनले सरबरिया जातिको अवस्था चित्रण गरी राज्यले निर्वाह गर्नुपर्ने दायित्वका साथै यस जातिका विशिष्ट पहिचान उजागर गर्नसमेत मद्दत पुऱ्याउने छ ।

**अध्ययन विधि**

यो अध्ययन गर्ने क्रममा धनुषाको रघुनाथपुरमा बस्ने सरबरिया समुदायका अगुवासँग व्यक्तिगत तथा समुदायका मानिससँग समूहगत छलफल गरिएको छ । साथै स्थानीय नागरिक अगुवा र सेवाप्रदायक सङ्घ/संस्थाका प्रतिनिधिहरूसँग पनि यो सुमदायका बारेमा कुराकानी गरिएको छ । यसका साथै यो समुदायका बारेमा लेखिएका पुस्तक, लेख तथा अध्ययन/अनुसन्धानलाई द्वितीय स्रोतका रूपमा प्रयोग गरिएको छ । अध्ययनका क्रममा निम्न तरिका अपनाइएको थियो :

- भ्रमण अवलोकन
- छलफल
- अन्तर्वार्ता
- व्याख्यान
- द्वितीय स्रोत सामग्री अध्ययन

**अध्ययनको सीमा**

यो अध्ययनमा साविकको रघुनाथपुर गाविस (हाल सबैला नपा-१२) स्थित रघुनाथपुरमा बसोबास गर्ने अल्पसङ्ख्यक सरबरिया समुदायलाई केन्द्रमा राखिएको छ। यो समुदायको सामान्य परिचय, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको अवस्था, उनीहरूको संस्कृति, भाषा र विशेषताबारे अधिकारका दृष्टिकोणबाट विश्लेषण गरिएको छ। यसले माथि उल्लिखित सबै क्षेत्रमा बसोबास गर्ने सरबरिया समुदायलाई समेटेको छैन।

**को हुन् सरबरिया ?**

नेपाली शब्दकोशअनुसार सरोवरको अर्थ हुन्छ– समुन्द्र। जसरी एउटा समुन्द्रमा विभिन्न ठाउँका पानी आएर थुप्रन्छ, ठीक त्यस्तै सरबरिया जातिमा पनि विभिन्न वर्ग, समुदाय तथा जातजातिका मानिस पाइन्छन्। जस्तै– यादव, कायस्थ, साह, कुर्मी, मगर, दास, पासवान, सदा, चमार, राजपुत, माली आदि।

यसरी हेर्दा सजिलै भन्न सकिन्छ कि सरबरिया विभिन्न जातजातिको फूलबारी हो। अनि यो जातको उत्पत्ति आधार भनेकै वैवाहिक सम्बन्ध हो। दुर्भाग्य भनौँ या सौभाग्य, सरबरिया धेरै जात मिलेर बनेका भए पनि यिनीहरूको सङ्ख्या भने न्यून छ। अनि बसाइ पनि एकै ठाउँमा छैन। यिनीहरूको बसोबास धनुषा, महोत्तरी, सर्लाही, सिरहा, सप्तरी, सुनसरी, मोरङ र झापा जिल्लामा देखिन्छ। त्यसैगरी सरबरियाको पेशा पनि ठाउँअनुसार फरक छ। रहनसहन रीतिरिवाज, कला, संस्कृति तथा भाषा र धर्म भने अन्य जातजाति अर्थात हिन्दु संस्कृतिसँग मिल्दोजुल्दो छ। पहिलादेखि नै सामाजिक दबाबका कारण पछि पारिएको यो समुदाय अझै पनि आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक तथा कानुनीरूपले पछि नै पारिएको छ।

राष्ट्रिय दलित आयोगको प्रस्तावित अनुसूचीमा सरवरियालाई एक छुट्टै दलित जात भनिएको छ। जनगणनाको पछिल्लो तथ्याङ्कअनुसार सरवरिया जाति ४ हजार ९ सय ६ जनाको सङ्ख्यामा छ। समता फाउन्डेसनको प्रकाशनमा सरवरिया जातिको थर धामी, सरभोर, सरभङ र नट बताइएको छ भने बाँतर सरवरियाको अर्को थर हो भन्ने उल्लेख छ। जबकि बाँतर एक छुट्टै मधेसी दलित जात हो। त्यसैले आयोगले यसबारे स्पष्ट पार्ला नै। सरवरियाको कुल सङ्ख्यामध्ये धनुषाको रघुनाथपुरमा १ सय घर परिवारको बसोबास छ।

धनुषाका राजेन्द्र महतो सरवरियाबारे अध्ययन/अनुसन्धान गर्ने पहिलो व्यक्ति हुन्। सामाजिक समावेशीकरण अनुसन्धान कोष (सिर्फ) मार्फत महतोले सरवरियाबारे अनुसन्धान सन् २०११ मा गरेका थिए। महतोले सरवरिया जातिको उत्पत्तिबारे केही प्रसङ्ग लेखेका छन्। उहिले दुई भिन्न सामाजिक पहिचान भएका जात अर्थात भिन्दा भिन्नै जातबीच प्रेम विवाह भए त्यस्ता जोडीलाई केटा र केटी दुवैका समाजले स्वीकार्दैनथ्यो। त्यसैले उनीहरू नयाँ ठाउँमा गएर बस्न बाध्य हुन्थे। त्यस्तो सबै ठाउँमा हुन्थ्यो। त्यस्ताका सन्तान सरवरियाका रूपमा चिनिन्छन्। सुनसरीमा सरवरियालाई मण्डल पनि भनिन्छ।

**पेसा**

सरबरिया समुदायमा विभिन्न समुदाय, वर्ग र जातजति मिसिएका हुनाले तिनीहरूको पेसा एकिन गर्न सकिँदैन। तैपनि ठाउँअनुसारको पेसा अँगालिएको पाइन्छ। जस्तै– ज्यालादार, मजदुरी, खेती किसानी, हलिया, व्यापारी तथा अरुको घरमा काम गरी जीवकोपार्जन गर्ने आदि। धनुषाका सरबरियाले पहिले डोली बोक्ने काम गरिरहेका भए पनि अहिले भने बिस्तारै त्यो पेसा हराउँदै गएको छ।

डोलीको अर्थ हुन्छ– बेहुला/बेहुलीलाई एक ठाउँबाट अर्को ठाउँसम्म बोकेर पुऱ्याउने साधन। अर्थात बेहुलालाई डोलीमा बोकी बेहुलीको घर पुऱ्याउने र बेहुलीलाई पनि बेहुलाको घरमा पुऱ्याउने काम गर्छन् डोलेले। त्यो काम गरेबापत उनीहरूले ज्याला पाउँथे। धनुषाको रघुनाथपुर गाउँका सरबरिया समुदायले यो पेसा अङ्गाल्नुको एउटा घटना यस्तो छ :

लगभग ५० वर्षपहिले गाउँका धनीमानी सोनेलाल साह भनिने मानिस थिए। उनका छिमेकी श्रवण दुलालको सिरहामा विवाह गर्ने निर्णय गरियो तर बेहुलालाई लाने कुनै साधन थिएन। अन्यत्रबाट सवारी साधन झिकाउन पनि आर्थिक र प्राविधिक दुवै हिसावले सजिलो थिएन। तर पनि दुहलीको घर त जानै पर्थ्यो। के गर्ने के गर्ने भइरहेको थियो। यता सरबरिया समुदाय समाजबाट अलग्याइएको थियो। त्यसपछि सोनेलालले सरबरिया समुदायका पञ्चे सरबरिया र बौका सरबरियालाई बोलाइ समस्या सुनाए। अनि दुईओटा डोली बनाउन आग्रह गरे। सरबरियाले बाँसको डोली बनाए। त्यसपछि उनीहरूले ती कथित उपल्लो जातका बेहुला/बेहुली, बूढापाका, बालबालिका र महिलालाई एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याउन थाले। जसबापत उनीहरूले निश्चित ज्याला पाउँथे। यसरी डोली बोक्नु सरबरियाको पेसा बन्न पुग्यो। यसबाट अलग्याइएका सरबरियालाई समाजमा घुलमिल हुने अवसर मिल्यो भने आयआर्जनको बाटो पनि प्राप्त भयो। अहिले भने यो पेशा खासै छैन। उनीहरू हाल भने खेतीकिसानी, ज्याला मजदुरी, व्यापार तथा वैदेशिक रोजगारमा आबद्ध छन्।

**भाषा तथा संस्कृति**

ठाउँअनुसार सरबरिया समुदायले फरक फरक मातृ भाषा प्रयोग गरेका पाइन्छ। धनुषाको रघुनाथपुरमा बस्ने सरबरियाले मातृभाषाका रूपमा मैथिली बोल्ने गर्छन्। जुन ठाउँमा जुन भाषीको बाहुल्यता छ, त्यो ठाउँमा त्यही भाषा प्रयोग गर्ने गरेका पाइन्छ। तर पनि तराईबासी भएका हुनाले तराईमा बोलिने भाषा मैथिली, भोजपुरी र अवधी बोल्ने गर्छन् प्रायः सरबरिया। राष्ट्रिय भाषाका रूपमा भने सबैले नेपाली भाषा नै प्रयोग गर्छन्।

संस्कृति सरबरिया जातिको एउटा महत्त्वपूर्ण भाग हो। संस्कृति प्रत्येक जातजातिका अत्यन्त व्यक्तिगत सम्पत्ति पनि हो। अरुले जस्तै सरबरियाले पनि आ–आफ्नो धर्म र संस्कृति जीवित राख्न विभिन्न प्रयास गर्दै आएका छन्। धर्म र भाषा समाज र समाजका कार्यलाई सन्तुलन र व्यवस्थित गरेर राख्ने एउटा महत्त्वपूर्ण माध्यम पनि हो। तर सरबरिया जातिको आफ्नो कुनै छुट्टै धर्म छैन। यिनीहरू हिन्दु धर्म नै मान्ने गर्छन्।

**संस्कार**

सरबरिया समुदाय हिन्दु भएकाले हिन्दु समाजको विधिअनुसार नै जन्म, विवाह र मृत्यु संस्कार गर्ने गर्छन्। यिनीहरू खासगरी न्वारन, पास्नी, मुण्डन, विवाह र मृत्यु आदि संस्कार अपनाउने गर्छन्।

**जन्म**

समाजमा प्रचलित नियम र संस्कारअनुसार जब भिन्न दुई महिला र पुरुषको विवाह हुन्छ तब त्यहाँ नाताको विकास हुन्छ। जसरी नाताको विकास हुँदा सामाजिक सम्बन्ध, व्यवहार, बोलीचाली र सहयोग आदिमा परिवर्तन आउँछ। विवाहित दम्पतीबाट बालबच्चा जन्मिन्छ र परिवारको वंश र सामाजिक जीवन अगाडि बढाउँछन्। बच्चा जन्मिसकेपछि छोरा छ भने बच्चाको हजुरबुबा अथवा बुबाले बहियाँ *(बाँसबाट बनेको सरसामान आसार्ने वस्तु)* घरको आँगनबाट घरको पारि पुग्नेगरी फाल्छ अनि पुनः ती बहियाँ ल्याएर सुत्केरी राखेको घरको अगाडि छालाको जुत्ता झुन्डयाएर राख्ने गर्छन्। साथै गुइँठा *(सुकाइएको गाई भैँसीको गोबर)* पनि बाल्ने गर्छन्। उनीहरूको धार्मिक विश्वास छ कि यसो गरेमा बोक्सी, भूत र प्रेत आउँदैन।

**छठिहार (नामाकरण अथवा न्वारन)**

बच्चा जन्मेको छैटौँ दिनमा यो संस्कार गर्ने गरिन्छ। यसै दिन बच्चाको भाग्य ब्रह्माजीले लेख्छन् भन्ने विश्वासका साथ बच्चा र आमालाई नुहाइधुवाइ गरिन्छ। घर तथा आँगन लिपपोत गरी चोख्याइन्छ। आमा र बच्चालाई नङ काटी नयाँ लुगा लगाइन्छ। यो कार्य राति आफ्नो हैसियतअनुसार भोजभतेर गरी सम्पन्न गरिन्छ। छठियारमा पूजा लगाउन आफ्नै जातको हजाम र पुरोहित हुन्छन्। तिनीहरूले परम्पराअनुसार बच्चालाई घरको एउटा कुनामा सात किसिमका अन्न *(जसलाई मैथिलीमा सतन्फा भन्ने गरिन्छ)* सात ठाउँमा राख्ने गर्छन्। त्यसपछि गाजल र सिन्दूरको टीका १०–१० ठाउँमा लगाइन्छ। दसै ठाउँमा धान तथा बेसार पनि लगाइन्छ। त्यसपछि पुरोहितले राशिफल जुराएर नामाकरण गर्ने गर्छन्। राति सुत्ने बेलामा बच्चाको सिरानीमा कापी र कलम राख्छन् किनभने यिनीहरूको विश्वास छ कि ब्रह्माजी आएर राति त्यो बच्चाको भाग्य कोर्छन् भन्ने।

**मुण्डन**

सरबरिया समुदायले पनि धेरै ठाउँमा मुण्डन संस्कार मान्ने गरेको पाइन्छ। यस समुदायका मानिसले आफ्नो कूलदेवता, डिहवार, देवीदेवतालाई भाकल गरेका हुन्छन्। यो संस्कारमा बच्चाको कपाल मुण्डन नगरी *(कपाल नखौरी)* राखेको हुन्छ। कपाल मुण्डन गर्दा भाकल गरेको देवीदेवताको पूजापाठ गरी बच्चाको पहिलो कपाल कटाउने चलन छ। कपाल मुण्डन गर्दा काटिएको कपाल आमाको आँचलमा राख्ने गर्छन्, भुइँमा खस्न दिनुहुँदैन। त्यो कपाल लगेर नदीमा बगाइन्छ, नभए पवित्र ठाउँमा राखिन्छ। भाकलका रूपमा भने पाठी, *(कुमारी बाखी)*, बोका, परेवा आदि बली दिइन्छ। देवतालाई चढाइएको ती बलि प्रसादका रूपमा ग्रहण लिइ भोजभतेर गरी मनाउने गर्छन्।

**विवाह**

विवाह दुई व्यक्तिमध्ये प्रायः एक नर र एक नारीको सामाजिक, धार्मिक अथवा कानुनीरूपबाट एक अर्कासँगै जीवन व्यतीत गर्ने सम्बन्ध हो।[1] विवाह पुरानो र बढी महत्त्वपूर्ण प्रचलन पनि हो। मानवीय समाजलाई सङ्गठित गर्दै स्थायित्व प्रदान गर्न सामाजिक संस्थाका रूपमा विवाहलाई लिन सकिन्छ। समाजमा विवाहको प्रचलन भएदेखि नै मानवीय समाज सङ्गठित र अनुशासित हुँदै अगाडि बढेको छ। विवाह एउटा स्पष्ट उद्देश्य बोकेको प्रचलन भएका कारण तीनै उद्देश्य पूरा गर्नका लागि महिला र पुरुष वा लोग्ने वा स्वास्नी एउटा नियम, पद्धति र संस्कारमा रहेर सामाजिक अधिकार र दायित्व निर्वाह गर्छन्। यौन सम्बन्ध राख्नु, बच्चा जन्माउनु, तिनीहरूको पालनपोषण गर्नु जस्ता आधारभूत

१. https://ne.wikipedia.org/wiki/विवाह

र महत्त्वपूर्ण उद्देश्य विवाहपछि पूरा गर्न सकिन्छ।

सरबरिया जातिको विवाह संस्कारमा केटा पक्ष र केटी पक्षबीच विवाहका लागि सम्बन्ध बढाउने र कुरा चलाउने सम्बन्धमा निश्चित सामाजिक मान्यता छन्। पहिले केटी पक्षबाट दुईदेखि पाँच जनासम्म केटाको घरमा केटा हेर्न जान्छन्। केटा मन परेपछि केटा पक्षले पनि उस्तै प्रक्रिया अपनाइ केटीको घर आउने गर्छन्। केटा/केटी मन परेपछि दुवै पक्षले विवाहको प्रक्रिया अगाडि बढाउँछन्। विवाहको मिति छिनोफानो भइसकेपछि १० दिनअगाडि देखि नै केटाको घरमा गीत गाउन सुरु गर्ने गर्छन् भने केटीको घरमा पाँच दिनअगाडिदेखि विवाहको गीत तथा विवाहको प्रक्रिया सुरु गरिन्छ।

पहिलो दिन कूलदेवता र कुमारीको मात्र गीत गाउँछन्। विवाहसम्म गीत गाउने क्रम जारी नै हुन्छ। त्यसपछि आफ्नो परम्पराअनुसार कूलदेवताको पूजा गर्छन् जसलाई मैथिलीमा मटकोर भन्ने गर्छन्। यो दिनलाई वेरान पनि भन्ने गरिन्छ। यस दिन विधिवत् कूलदेवताको पूजा अराधना गरिन्छ। कूलदेवताको पूजा गर्दा (मटकोर) मा केराको थाम, बाँसको करची, चुलो र तौला (माटोका भाँडो) पूजामा प्रयोग गरिन्छ। केटाका लागि दुईवटा तौला र केटीका लागि एउटा तौला र एउटा चुलो प्रयोग हुन्छ। त्यही दिन राति केटा र केटीलाई अपटन (बेसार, मेथी, दुबो, सरस्युँ र तोरी तेलबाट बनेको हुन्छ) पाँचजना महिला मिलेर परमरा गीत गाइ जीउमा दल्ने गर्छन्। राति बेहुला र बेहुलीलाई गाउँकै नजिकैको पोखरी अथवा इनारमा लगेर नुहाइधुवाइ गरी चोख्याइ कूलदेवताको पूजामा सहभागी गराउने चलन छ। मटकोरको दिन कूलदेवतालाई विशेष गरेर सखरबाट बनेको खिर, पुरी र फलफूल घरभित्र (देवतको पिँढी) र बाहिर (घरदैलो) मा चढाइ पूजाआजा गर्ने गर्छन्। जुन दिन मटकोर हुन्छ, त्यही दिन राति नै बेहुलीको घरमा लैजान धानको लावा भुट्ने गर्छन्। केटामा १० घानी (मुठी) र केटीमा पाँच घानी (मुठी) लावा भुट्ने चलन छ।

त्यसपछि अर्को चरण सुरु हुन्छ। केटा पक्ष जन्तीका लागि प्रस्थान गर्छन्। हिन्दु परम्पराअनुसार बेहुली पक्षका मानिस अर्थात त्यहाँको समाजले जन्तीलाई स्वागत गरी स्वयम्वर गर्ने ठाउँमा लाने गर्छन्। स्वयम्वरमा बेहुला/बेहुलीले एकअर्कालाई वरमाला पहिराउँछन्। त्यसपछि भोजन गर्ने गर्छन्।

तेस्रो चरणमा तिलक चढाउने कार्य हुन्छ। यस संस्कारमा बेहुला पक्षबाट आएको केटीका कपडा र गहना उपहारस्वरूप बेहुलीलाई प्रदान गर्ने गरिन्छ। चौथो चरणको संस्करणमा विवाह कार्य सम्पन्न हुन्छ। केटी पक्षमा मरवा र वेदी (जग्गे) जुनचाहिँ माटोले बनेको हुन्छ, मरवा आकारमा ठूलो हुन्छ भने वेदी सानो हुन्छ। त्यस ठाउँमा बेहुला र बेहुलीलाई घुमाउँछन्। पाँचौ चरणमा कन्यादानको कार्यक्रम हुन्छ। कन्या दान विशेष गरेर मामा र माइजूले गर्ने गर्छन्। मामा माइजू नभए आमा/बुबाले। कन्यादान गर्दा कसैलाई जबर्जस्ती गर्दैनन्। स्वेच्छाले जो पनि कन्या दान गर्न सक्छन्। कन्या दानपछि विवाहमा केटा पक्षले ल्याएको धानको लावा र केटी पक्षको लावा मिसाइ वेदीको परिक्रमा गरी चारैतिर लावा छर्ने गरिन्छ। यो काम बेहुला र बेहुलीद्वारा पण्डितले मन्त्र पढी र महिलाहरूले परम्परागत गीत गाई सम्पन्न गर्ने गर्छन्। छैटौँ चरणमा सिन्दूर दान हुन्छ। सिन्दूर दान गर्दा केटा पक्षले ल्याएको कपडा बेहुलीलाई लगाइदिइन्छ। यतिबेला बेहुलीको सिउँदोमा घिउ र तोरीको तेल लगाइ काइँयोले कोरीबाटी गरी बेहुलाले बेहुलीको सिउँदोमा पाँच चिम्टी सिन्दूर पाँच पटक राख्ने गर्छन्। अन्तमा बेहुला बेहुलीलाई कोहवर गरी विवाह सम्पन्न गर्ने गर्छन्। त्यसपछि भोलिपल्ट विधिपूर्वक बेहुला/बेहुली र जन्तीलाई बिदाइ गरिन्छ।

**मृत्यु (अन्त्येष्टि)**

सरबरिया जातिको दाहसंस्कार हिन्दु परम्पराअनुसार गरिन्छ। जब कुनै व्यक्तिको मृत्यु हुन्छ तब लासलाई नुहाइधुवाइ गरी नदी किनारमा दाहसंस्कार गरिन्छ। यस समुदायका ३० प्रतिशत मानिस लासलाई माटोमुनि गाड्ने गर्छन् भने ७० प्रतिशतचाहिँ जलाउने गर्छन्। हाल भने जलाउने काम बढी भएको देखिन्छ। दाहसंस्कार गर्दा लासलाई कात्रोमा बेरेर बाँसको भऱ्याङ जस्तो बनाइएको हुन्छ। त्यसमा ओछ्यान राखी काँचो डोरीले तीन ठाउँमा बेरी दाहसंस्कारका लागि लगिन्छ। यो संस्कार गर्दा लासलाई उत्तर र दक्षिण दिशातिर फर्काएर खाल्डो खन्ने गर्छन्। त्यस संस्कारमा आफन्त र छिमेकी सहभागी हुन्छन्। लासलाई घरबाट प्रस्थान गराउँदा विशेष गरेर आफन्तले बोक्ने गर्छन्। त्यसमा छोराहरूले विशेष गरेर काँध दिने गर्छन् र दागवत्ती दिने कार्यमा पनि खास गरेर छोरालाई नै सहभागी गराइन्छ। जो दागबत्ती दिन्छ उसले एउटा माटोको भाँडोभित्र पाँचवटा कैडी, तील, जौ र तुलसीका बोट बोक्ने गर्छ। जो कर्ता हुन्छ उसले १२ दिनसम्म नून र माछा मासु खाँदैन। फलफूल, दूध र दही भने खान हुन्छ। तेह्रौँ दिनमा काम समाप्त हुन्छ।

**चौथो दिन** : यस दिनको संस्कारलाई छौरफपी भन्ने गर्छन्। यो दिन दाहसंस्कार गरेको ठाउँ अर्थात लास जलाएको ठाउँलाई छोपी लिपपोत गरी तुलसीको बोट रोप्ने चलन छ।

**सातौँ दिन** : यस दिनलाई सतधन भनिन्छ। यो दिनमा लावा र पण्डितले कर्तालाई पूजा गराउँछन्।

**दसौँ दिन** : यस दिनलाई नैउकेस भन्ने गर्छन्। यस दिनमा कर्ता र आफन्तहरूले केस मुण्डन र नङ काट्ने गर्छन् र यही दिन आफ्ना जातिलाई भोज खुवाउने गर्छन्।

**बाह्रौँ दिन** : यस दिनलाई श्राद्ध भनिन्छ। यो दिनमा पण्डितलाई दान गर्दा दान गरेको वस्तु मरेकै मानिसले प्रयोग गर्न पाउँछन् भन्ने विश्वास गरिन्छ।

**तेह्रौँ दिन** : यस दिनलाई पितृपक्ष भनिन्छ। यसै दिन मरेको व्यक्तिको नाममा २२ ओटा पिण्ड दान गरिन्छ। यो दिन गाईको गोठमा पूजा गर्ने गरिन्छ र दुवोलाई आँगनमा दोसल्ला ओढाइ चुमाउने गरिन्छ।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्था

आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका दृष्टिकोणबाट हेर्ने हो भने सरबरिया समुदाय राज्यले प्रदान गर्ने अधिकारबाट वञ्चित रहेको पाइन्छ। प्रदेश २ को सदरमुकाम नजिकै बसोबास गर्ने भए पनि यस समुदायको विकास, निर्माण र उत्थानका लागि कार्य भएको देखिँदैन। नेपालको संविधान तथा कानुनले शिक्षा, स्वास्थ्य र खाद्य अधिकारलाई मौलिक हकमै व्यवस्था गरेको छ तर यस समुदायले ती अधिकार खासै उपभोग गर्न नपाएको विरु सरबरियाले बताए।

## सामाजिक अवस्था

लक्षित समूह र गैरदलित समूहहरूसँगको छलफलबाट सरबरिया समुदायको सामाजिक अवस्थाबारे कुरा गर्दा सरबरियालाई हेय दृष्टिले हेरे पनि वा व्यवहार गरे पनि वास्तविकरूपमा कथित माथिल्लो जातका मानिसले नम्र व्यवहार गरेको बताउँछन्। तर कथित उपल्लो जातका ज्येष्ठ नागरिक (बूढापाका) ले भने यो जातिका मानिसलाई छुवाछूत तथा विभेद गर्छन्। उनीहरूको भनाइअनुसार सरबरिया अछूत जात हो र सफासुग्घर पनि हुँदैनन्, त्यसैले छुवाछूत गरिएको हो। तर अहिलेका युवा पुस्ताले भने कुनै किसिमको जातीय विभेद र छुवाछूत नगरेको र नरहेको बताउँछन् सरबरियाहरू। सरबरियाहरू स्वयं भने आफूलाई अन्य दलितको तुलनामा उच्च ठान्छन्।

## शैक्षिक अवस्था

मनुस्मृतिमा उल्लेख भएअनुसार शुद्रले लेखपढ गरेमा जिब्रो काट्नुपर्ने र सुनेको खण्डमा कानमा तातो पग्लिएको सिसा वा तेल खन्याइन्थ्यो।[१] राणा प्रधान मन्त्री जङ्गबहादुरले युरोप भ्रमण गरी नेपाल फर्केपछि केही शैक्षिक संस्थाहरू स्थापना गरे तर ती राणाहरूले प्रशासनिक काम गर्न आवश्यक कर्मचारी उत्पादन गर्ने कार्यका लागिमात्र प्रयोग भए। फलतः सन् १९५० सम्म नेपालका कुल जनसङ्ख्याको ९८ प्रतिशत निरक्षर थिए।

अन्य गाउँको तुलनामा सरबरियाको बसोबास भएको यो गाउँमा पहिलेदेखि नै शैक्षिक अवस्था राम्रो छ। यहाँ २०१६ सालमा स्थापित फकिरचन्द्र गामी उच्च मावि छ। त्यस्तै सरबरिया समुदायको बसोबास रहेकै ठाउँमा द्वारका रा. प्रा. वि. पनि छ। तर पनि सरबरिया समुदायको शैक्षिक अवस्था भने एकदमै नाजुक पाइयो। यो समुदायका बालबालिकाहरू अहिले पनि न्यून सङ्ख्यामा मात्र विद्यालय जान्छ। यो समुदायका बालबालिका प्रायः स्कुल जानुभन्दा गाई, भैँसी, बाख्रा चराउने कार्यमा लागेका देखिन्छन्। यस समुदायका हुनेखानेले आफ्ना छोराछोरीलाई निजी स्कुलमा पढाउने गर्छन् भने गरिब तथा विपन्नका बालबालिका सामुदायिक विद्यालयमा पठाउने गर्छन्।

रघुनाथपुर गाउँमा करिब सय घर परिवारमा २३ जनाले मात्र एसएलसी पास गरेका छ भने ६ जना प्लस टु पास गरेका छन्। एकजनाले मात्र स्नातक पास गरेका छन्। एकजना विद्युत् प्राधिकरण कार्यालयमा सरकारी जागिरमा छन् भने एकजना गैरसरकारी संस्थामा कार्यरत छन्। शिक्षाका लागि सरकारबाट कुनै किसिमको विशेष सेवा यस सरबरिया समुदायका लागि उपलब्ध गराइएको छैन।

## स्वास्थ्य अवस्था

गरिबीका कारणले अधिकांश दलित निजी क्षेत्रले दिने स्वास्थ्य सेवा प्रयोग गर्न सक्दैनन्। जातीय छुवाछूत र विभेदका कारण सस्तोमा उपलब्ध हुने सरकारी स्वास्थ्य सेवा पनि उपभोग गर्नबाट वञ्चित रहँदै आएका छन्। धेरैजसो ठाउँहरूमा यी समुदायका मानिस पनि यी सेवाबाट वञ्चित छन् र विभिन्न किसिमका रोगबाट ग्रसित देखिएका छ। तिनीहरूको आर्थिक अवस्था कमजोर भएको हुनाले निजी अस्पतालहरूमा उपचार गराउन नसकेको विन्दा सरबरिया बताउँछिन्। तर, सरकारले यी सामुदायका लागि कुनै किसिमको निःशुल्क स्वास्थ्य सेवाको सुविधा उपलब्ध नगराएको उनले बताइन्। गाउँको हेल्थ पोस्टहरूमा जाँदा त्यति राम्रो उपचार नपाएको गुनासो स्थानीयले सुनाए।

सरवरिया समुदायका महिलालाई प्रजनन् स्वास्थ्यबारे खासै जानकारी छैन। प्रायः गर्भवती महिला घरमै बच्चा जन्माउने गर्छन्। गाउँमा बर्थिङ सेन्टर छैन। गाउँदेखि जनकपुर अञ्चल अस्पताल ३० किलोमिटर दूरीमा पर्छ। त्यहाँका मानिस सवारीसाधन तथा बाटोघाटो राम्रो नभएका कारण झन्झट मानेर

१. शर्मा, १९९३

जनकपुर जाँदैनन्। फलस्वरूप भगवान भरोसामै घरमा बच्चा जन्माउने गरेको उनीहरू बताउँछन्। तर यी समुदायका केही चेतनशील वा हुनेखाने परिवार भने अस्पतालमै गएर प्रसूति गराउने गर्छन्।

**सरसफाइ**

**शौचालय तथा पिउने पानीको प्रयोग**

रघुनाथपुरमा बस्ने सरबरिया समुदायका एक सय घरमा २५ प्रतिशत परिवारले मात्र शौचालय बनाएका छन्। धेरैले चापा कल (ह्यान्ड पाइप) को पानी प्रयोग गर्ने गरेका छन्। यो समुदायका मानिसमध्ये दुई/चार परिवारले मात्र शुद्ध पानी पिउने गर्छन्। धेरैजनालाई आर्सेनिकबारे थाहा नै छैन।

**महिला हिंसा तथा बालश्रम**

हिन्दु समाज पितृसत्तामा आधारित छ। त्यसैले दलित महिलाले गैरदलित महिलाले जस्तै त्रि–भूमिका *(प्रजनन्, उत्पादनशील र सामुदायिक)* निर्वाह गर्नुपर्छ। उनीहरूलाई घर/परिवारको चार भित्ताभित्र बच्चा पाउने, बच्चा स्याहार्ने तथा हुर्काउने, खाना पकाउने, भाँडा माझ्ने, लुगा धुने जस्ता घरधन्दा र चुलोचौकामा सीमित गरिएको छ। उनीहरू विभिन्न किसिमका हिंसा पनि भोगिरहेका अवस्था छ। त्यतिमात्र होइन, दहेज र घुम्टो प्रथाका नाममा समेत शोषण भइरहेको छ। जसले गर्दा महिलाको व्यक्तित्व विकास नहुने, शिक्षा हासिल गर्न नसक्ने, स्वतन्त्रसँग हिँडडुल गर्न नसक्ने र सार्वजनिक जीवनमा भाग लिन नसक्ने आदि अवस्था विद्यमान छ। आर्थिक अवस्था कमजोर भएकै कारण यस समुदायमा बालश्रम पनि छ। सानै उमेरका बालबालिका मजदूरी गर्न बाध्य छन्।

**जीविकोपार्जनको आधार**

सरबरिया समुदायको बाँच्ने मुख्य आधारशीला कृषि, मजदूरी, वैदेशिक रोजगारी र पशुपालन रहेको छ। यो समुदायका मानिसले गाई, भैँसी, गोरु, बाख्रा, कुखुरा, हाँस जस्ता पशुपक्षी पाल्ने गरेका देखिन्छ। यो समुदायबाट१ सय ५० युवा वैदेशिक रोजगारीका लागि कतार, मलेसिया र दुबई जस्ता खाडी मुलुक गएका छन्। गाउँमा रहेका महिला तथा पुरुष भने जनीबुनी गरी जीविकोपार्जन गर्छन्। यो समुदायका केही व्यक्तिसँग मात्र जग्गा छ। जमिन जेथा हुनेले खेतीकिसानी गर्छन् भने नहुनेले ज्यालादारी तथा मजदूरी गर्छन्।

**भोजन (खानपिन)**

सरबरिया समुदायको मुख्य खाने कुरा दाल, भात, रोटी र तरकारी नै हो। यो जातका मानिस विशेष गरेर मांसाहारी नै हुन्छन्। आर्थिक अवस्था कमजोर भएका कारण खानपिन व्यवस्थित भने छैन।

**भूमि अधिकार**

१ सय घर परिवार रहेका सरबरियामध्ये १० प्रतिशतले मात्र आफ्नो जग्गामा घर बनाइ बसेका छन्। बाँकी सबैको बसोबास ऐलानी तथा गाउँ ब्लकको जग्गामा छ।

**नागरिकता पीडा**

विभिन्न जातबाट प्रेम विवाह गरी छुट्टै समुदायका रूपमा पहिचान बनाएका सरबरिया समुदायका केही नेपाली नागरिकता पाउनबाट वञ्चित छन्। धेरैले जन्मसिद्ध नागरिकता पाएका देखिन्छ। नागरिकता टोलीले जन्मका आधारमा नागरिकता प्रदान गरेका कारण उनीहरूका बालबच्चा हाल नागरिकताबाट वञ्चित भएका देखिन्छ। नेपालको संविधानमा जन्मसिद्ध नागरिकबाट जन्मेको सन्तानले वंशजको नागरिकता पाउने प्रावधान छ। तर सरकारले कानुन नबनाएसम्मका लागि भन्दै यस्ता नागरिकलाई नागरिकताको प्रमाणपत्र लिनबाट रोक लगाएको छ।

**आयोगको अनुसूचीमा दलितको अवस्था**

राष्ट्रिय दलित आयोगले जातीय अनुसूची प्रतिवेदनमा उल्लेख गरेअनुसार नेपालमा २६ जात दलितअन्तर्गत पर्छन्। जसमध्ये तराईका समुदायअन्तर्गत पानी नचल्ने, छोइछिटो हाल्ने जातिका रूपमा चिनिनेहरू कलर, ककैहिया, कोरी, खटिक, खत्वे (मण्डल खड्ग), चमार (राम, मोची, हरिजन रविदास), चिडिमार, डोम (मरिक), तत्मा (ताँती, दास), दुसाध (पासवान, हजरा), धोवी (रजक, हिन्दु), पासी, बाँतर, मुसहर, मेस्तर (हलखोर), सरभङ्ग (सरवरिया), नट्टुवा, ढाँडी, धरिकरर धन्कारलगायत पर्छन्। त्यस्तै, पहाडका दलितअन्तर्गत कामी, दमाईं, सार्की, वादी र गाइनेलगायतलाई अनुसूचीमा समावेश गरिएको छ। यसरी दलितको सङ्ख्या उल्लेख्यरूपमा हुँदाहुँदै पनि उनीहरू निरन्तर सामाजिक विभेदका सिकार हुने गर्छन्। नेपालको कुल जनसङ्ख्याको १३ प्रतिशत भाग ओगटेका दलितमध्ये अधिकांश भूमिहीन र सुकुमवासी रहेका विभिन्न अध्ययनले देखाएका छन्।

विभिन्न कुसंस्कार तथा कुसंस्कृतिको सिकार भएका दलित जातिहरू इच्छा र चाहनाले दलित भएका होइनन्। उनीहरूमाथि सदियौँदेखि शोषण, उत्पीडन गर्दै आएका कथित उपल्लो जातिले धर्म र परम्पराका नाममा लादेका प्रथाबाट उनीहरू दलित बनाइएको विभिन्न अध्ययनले देखाउँछन्।

**दृश्य १**

धनुषाको साविक रघुनाथपुर गाविस (हाल सबैला नपा–१२) स्थित रघुनाथपुर गाउँ भौगोलिक हिसाबले महेन्द्र राजमार्ग पोर्ताहा गोदारदेखि ६ किलोमिटर दक्षिण, पूर्वमा कमला नदी, लगभग ४ सय १५ किलोमिटरसम्म काठमाडौँदेखि रघुनाथपुरसम्मको यात्रा तय गर्नुपर्छ भने जनकपुरधामदेखि २४ किलोमिटर पूर्व उत्तरमा पर्छ। नेपालको पर्यटकीय स्थलका रूपमा रहेको धनुषाधाम रघुनाथपुरबाट ५ किलोमिटर पश्चिममा यो गाउँ पर्छ। रघुनाथपुरदेखि दक्षिणमा फकिरचन्द्र गामी उच्च मावि बरकुर्वा पर्छ। दक्षिणमा सबैला गाउँ पर्छ भने उत्तरमा बरमझिया गाउँ पर्छ । रघुनाथपुर गाउँमा अल्पसङ्ख्यक रूपमा रहेका दलित समुदाय भनी चिनिएका सरबरिया समुदायको करिव १ सय परिवारको बसोबास छ।

**दृश्य २**

प्रमोद सरबरियाकी पत्नी सवनम साह सानो खप्रा (टायल) ले छाएको घरको ढोकाअगाडि कपडा सिउने मेसिन चलाएर बसिरहेकी थिइन्। उनको घरमा उभिएरै प्रवेश गर्न सक्ने अवस्था छैन। उनले प्रमोदसँग २०६० सालमा प्रेम विवाह गरेकी थिइन्। १५ वर्षपहिले कुर्मी समुदायको छोरी भएर पनि सरबरियासँग विवाह गरेकाले समाजबाट विभिन्न धम्की आए। यी सब सहँदै अघि बढेकी उनी तीन छोराछोरी हुर्काउँदै बसेकी छिन्। प्रमोद विदेश गएका थिए तर कमाइ राम्रो नभएपछि घर फर्की एउटा गैरसरकारी संस्थामा काम गरिरहेका छन्। सरबरिया भएकै कारण अपहेलित भई विभिन्न अवसरबाट वञ्चित हुनुपरेको उनको गुनासो छ।

**दृश्य ३**

नेपालीको महान् चाड दीपावली र छठ पर्वको समय थियो। सबै मानिस घर आँगन सरसफाइमा व्यस्त थिए। फुर्सद नभए पनि सरबरिया समुदायका माइजन वैजनाथ सरबरिया र समुदायका अगुवा विरु सरबरियालाई तपाईंको समुदायबारे बुझ्न आएको भनेपछि उनीहरू हाम्रो नजिक आएर बसे। उनीहरू खुसी हुँदै आफ्नो समुदायबारे समाचार लेखिदिन आग्रहसमेत गरे। हामी त्यसैका लागि आएको बताएपछि उनीहरूमा खुसीको.सीमा रहेन। किनभने सरबरिया समुदायको खोज, अनुसन्धान र उत्पत्तिबारे खासै प्रकाशमा आएको पाइँदैन। त्यसैले सरबरिया जातको पहिचान र राष्ट्रको नजरमा यो समुदाय पनि नेपालमा रहेछ भनी चिनाउने काम भयो भने यी समुदायको अधिकार स्थापित हुने सरबरिया अगुवाहरूको बुझाइ छ।

नेपालमा थोरै सङ्ख्यामा रहेका यी समुदायको माथि उल्लिखित दृष्य हो, सबैला नपा–१२ रघुनाथपुरस्थित सरबरिया बस्तीको । हो, उनीहरू पुस्तौँदेखि यसरी नै अछूतका रूपमा बाँच्न विवश छन्। विभिन्न जातका मानिस विवाह गरी उसको जातले स्वीकार नगरेपछि ती जोडीलाई सरबरिया जातका रूपमा पहिचान दिइन्छ। तर समाजले उनीहरूलाई दलित भनी अपहेलित गरिरहेको अवस्था छ। अझ पनि राज्यको ध्यान यस समुदायमा गएको देखिँदैन । वैदेशिक रोजगारीमा गएकाको आर्थिक अवस्था केही सुधार भएको पाइए तापनि यो समुदायलाई अहिले पनि सामाजिकरूपमा विभेद गरिन्छ। यी समुदायलाई तल्लो बिलटाउ शब्द प्रयोग गरिरहेका यथेष्ठ प्रमाण भेटिन्छन्। खासमा कुनै एक जातबाट बनेको होइन यो सरवरिया जात। धेरै जातको साझा फूलबारी हो।

**सरबरिया समुदायको शिक्षाको अधिकार**

सरवरिया समुदायका पाँच वर्षदेखिका बालबालिका विद्यालय जाने गरेको पाइयो। आधारभूत तहमा विद्यार्थी भर्ना दर उच्च भए पनि उनीहरूले माध्यमिक तह नपुग्दै विद्यालय छोड्ने गरेको पाइयो। घरदैलो गरेपछि विद्यार्थी सङ्ख्या बढ्छ तर, पुनः केही दिनपछि ती विद्यार्थी आर्थिक गरिवी तथा चेतनाको अभावका कारण छाड्ने गरेका छन्। सरकारले यो समुदायको शिक्षामा ध्यान नदिएकाले बालबालिका विद्यालय नआएको स्थानीय शिक्षकले बताए।

**लैङ्गिक अवस्था**

समाजमा महिला र पुरुषको भूमिका के/कसरी निर्धारण भएको छ भन्ने तथ्यले उनीहरूको जीवन गतिविधिमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ । जसबाट जीवनलाई अति आवश्यकताका अवसर र सुविधामा कसको के कति पहुँच रहन सक्ने वा नसक्ने भन्ने अवस्था सिर्जना हुन्छ वा त्यसैले निर्धारण गर्छ।

समग्रमा मधेसी समुदायमा महिला भएर पढ्न नहुने, घरबाहिरका कार्यमा जान नहुने, पुरुषसँग मुखामुख गर्न नहुनेजस्ता मान्यता विकास भएको पाइन्छ। यसले महिलाको क्षमता, विकास तथा कार्यप्रतिको सामाजिक समर्थनमा नकारात्मक प्रभाव पार्छ । परिणामस्वरूप अवसरबाट महिलाहरू वञ्चित हुने अवस्था सिर्जना हुन सक्छ।

समाजमा नोकरीको अवसर तथा वैदेशिक रोजगारको सम्भावना बढेको छ। तर समाजमा विकास भएको असमान लैङ्गिक सम्बन्धका कारण त्यस्ता अवसरबाट प्रायः महिलाहरू नै बढी वञ्चित भएका देखिन्छ । नेपालको सन्दर्भमा यसलाई पुष्टि गर्ने आधारहरू हेर्‍यौँ भने निजामती, प्रहरी, सिपाही, शिक्षक, गैरसरकारी संस्था, वैदेशिक रोजगार आदीमा महिलाको नगन्य उपस्थिति देखिन्छ। महिलाहरूमा शिक्षा, सिप, आँट आदि विभेदपूर्ण लैङ्गिक सामाजिकीकरणका कारण विकास हुन सकेको छैन।

तर लक्षित समूहसँग छलफल गर्दा सरबरिया समुदायमा लैङ्गिक अवस्था धेरै नै लचिलो देखियो। सर्वेक्षणअनुसार महिला र पुरुषबीच समानता ल्याउन वैदेशिक रोजगारीले ठूलो भूमिका खेलेको छ। पुरुषहरू विदेशिएका हुनाले घरमूलीको नेतृत्व महिलाले लिने गरेका छन्। प्रायः घरले महिला र पुरुष, छोरा र छोरीमा केही फरक नभएको बताए पनि धेरैले छोरालाई नै बढी प्राथमिकता दिएका देखिन्छ।

सरबरिया समुदायका मानिसको कथन छ– आफू अशिक्षित भएको हुनाले लेखापढीको काम वा विदेशबाट आएका चिठीपत्र पनि माथिल्लो जातको शिक्षित व्यक्तिको सहयोग लिनुपरेकाले छोरा वा छोरी जे भए पनि हामीजस्तो दुःख नपाओस् भनेर समान दृष्टिले अध्ययन अध्यापनमा जोड दिएका छौँ । तर गरिबीका कारण छोराछोरीलाई उच्च शिक्षा हासिल गराउन असमर्थ रहेको उनीहरू बताउँछन् । वास्तवमा अरु जातको तुलनामा महिलाहरू अथवा गाउँघरमा कुनै किसिमको प्रौढ शिक्षा, महिला सशक्तीकरण तथा सिपमूलक तालिम आएको खण्डमा छोरी र बुहारीलाई सहभागी गराइरहेका अवस्था छ। यी समुदायका मानिस अन्य मधेसी दलित तथा गैरदलितको भन्दा स्वाभावले नै उदार देखिन्छन्।

### सरबरियाको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार प्राप्तिमा सरकारी निकायको दायित्व

जातीय सूचीमा सरबरिया जाति नरहेकाले र अल्पसङ्ख्यक तथा दलित समुदाय भएकाले वास्तविक लगत तथा यस जातका बारेमा खासै लेख, रचना, उत्पत्ति र इतिहासलगायत कुरा बाहिर आएका छैनन् । यही कारण सरकारको पनि ध्यान गएको छैन। त्यसैले छरिएर रहेका सरबरियाका लागि सरकारले विशेष पहलकदमी लिन ढिला भइसकेको छ।

### गैरसरकारी सङ्घ/संस्थाको दायित्व

यो समुदायको हक अधिकारका लागि गैरसरकारी सङ्घ/संस्थाहरूले खासै ध्यान नदिएको उनीहरूको गुनासो छ। धनुषाको रघुनाथपुर गाउँमा सय परिवार सरबरिया समुदायको बस्ती छ। त्यहाँ काम गर्ने स्थानीय गैरसरकारी संस्थाले सरबरिया समुदायमा काम गरे पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ/संस्थाको ध्यान भने पुगेको छैन।

### राजनीतिमा सहभागिता

समूहगत छलफल गर्दा सरबरिया समुदायका मानिस राजनीतिमा निष्क्रिय रहेको देखिन्छ । यो समुदायबाट एक–दुईजना मात्र राजनीतिमा सक्रिय देखिन्छन् । केही वर्षपहिले रघुनाथपुर गाविसबाट नै तीनजना सरबरिया समुदायबाट वडा सदस्यको चुनावमा सहभागी भएका थिए। यो समुदायले राजनीतिमा लाग्न प्रयास नगरेको होइन तर असफल भएका कारण टाढिएको उनीहरू बताउँछन् । यो ठाउँमा रामविलाल सरबरिया (हाल स्वर्गीय) २०५४ सालको स्थानीय निर्वाचनमा वडा सदस्य पदमा निर्वाचित भएका थिए।

### निष्कर्ष

सरबरिया र सरभङ्ग बिलकुलै फरक प्रकृतिका जाति हुन्। सरबरिया समुदायको आधिकारिक इतिहास र उत्पत्ति छ भने सरभङ्गको आधिकारिक तथ्याङ्क छैन। सरभङ्गलाई मैथिली भाषामा हलखोर शब्दले सम्बोधन गर्ने गरिन्छ। सरबरियालाई बिलटाउ भनेर अपहेलितरूपमा भन्ने गरिएको छ । यो शब्द विशेषगरी वैवाहिक सम्बन्धका कारणले भनिएका थियो । जब अन्तर्जातीय विवाह गरिन्थ्यो त्यतिबेला यिनीहरू विलैट गेल अर्थात भ्रष्ट भइसकेको भन्ने गरिन्थ्यो । तर अहिले यिनीहरू सरबरिया मण्डलका नामले चिनिने गरेका छन्। यस समुदायको यही पेशा हो भनेर एकिन गर्न हालको अवस्थामा गाह्रो छ। किनभने धेरैजसो ठाउँमा दैनिक ज्यालादारी, खेतीयोग्य जमिन भएकाले खेतीकिसानी तथा थोक तथा खुद्रा व्यापार पनि गर्ने गरेका पाइएको छ। जहाँ जेको सुविधा छ, त्यही पेसा अपनाउने गरेका पाइएको छ।

सरबरिया एउटा बहिष्कृत, सीमान्तकृत अन्तर्जातीय विवाहित जोडीहरूको समूह हो । जुन समुदाय पूर्व झापादेखि पश्चिम महोत्तरीसम्म रहेका पाइन्छ। सुनसरीमा सबभन्दा बढी छन्। यस समुदायका मानिस एउटा टोल बनाएर व्यवस्थित तरिकाले बसोबास गर्छन् तर सबै वर्ग र समुदायको हक अधिकारका कुरा उठे पनि यस समुदायको बारेमा भने सबै मौन देखिन्छन्।

नेपालमा नयाँ संविधान जारी भइसकेको छ। समानता र समावेशिताका कुरा उठिरहेका छन्। यस्तो अवस्थामा यिनीहरूलाई राज्यले कहाँ कहाँ कसरी समावेश गर्ने भन्नेबारे सोच्नु जरुरी छ। यिनीहरूको तथ्याङ्क पत्ता लगाउनेदेखि उनीहरूका राजनीतिक, आर्थिक तथा सांस्कृतिक अधिकार उपलब्ध गराउँदै राज्यको मूल धारमा गच्छेअनुसार पहुँच दिलाउन ढिला भइसकेको छ।

**सुझाव**

अध्ययन अध्यापन, जिम्मेवार व्यक्तिहरूको विचारका आधारमा तथा लक्षित समूहसँग अवलोकन र अनुभवका आधारमा सरबरिया समुदायको सामाजिक, आर्थिक तथा सांस्कृतिक अवस्था र तिनीहरूको समावेशी प्रक्रिया अहिलेको नयाँ नेपालको उद्देश्यसँग मिल्दोजुल्दो छ। यस समुदायलाई परिवर्तित परिवेशमा सरकारले मूलधारमा ल्याउन निम्न कार्य गर्नु उपयुक्त हुनेछ :

१. शौचालय निर्माणको व्यवस्था गरिदिनु पर्ने।
२. समय समयमा निःशुल्क स्वास्थ्य सेवा दिइनुपर्ने।
३. १५ देखि ३५ वर्षसम्मका लागि साक्षरता अभियान व्यवस्था गर्नुपर्ने।
४. घरअनुसार पिउने पानी तथा पाइप कलको व्यवस्था गर्नुपर्ने।
५. विशेषगरी बच्चाहरूका लागि शैक्षिक सामग्री उपलब्ध गराउनुपर्ने।
६. एसइइ पास गरेकालाई प्रोत्साहन गरी उच्च शिक्षा हासिल गर्न आर्थिक सहयोग गर्नुपर्ने।
७. व्यापारमा लागेका महिलालाई आर्थिक सहयोग गर्नुपर्ने।
८. आवासको व्यवस्था गर्नुपर्ने।
९. युवाहरूलाई सङ्घ/सङ्गठनमा समावेश गरी उनीहरूको नेतृत्व विकासका लागि तालिम दिलाइ क्षमता अभिवृद्धि गर्नुपर्ने।
१०. शिक्षित युवा/युवतीलाई विशेष रोजगारको मौका दिनुपर्ने।
११. आगामी जनगणनामा यस समुदायको सही तथ्याङ्क लिइनुपर्ने।
१२. स्थानीय, प्रदेश र सङ्घीय सरकारले यो समुदायलाई विशेष आरक्षण दिनुपर्ने।
१४. राष्ट्रिय योजना आयोगले यो समुदायका लागि नीति, योजना र विकासमा प्राथमिकता दिनुपर्ने।
१५. यस समुदायका बारेमा सञ्चारमाध्यमले सूचना सम्प्रेषण गरी प्रचारप्रसार गर्नुपर्ने।
१६. सरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ/संस्थाले यस समुदायको पहिचानका लागि सहयोग गर्नुपर्ने।

**शब्दको अर्थ**

विलटाउ– अन्य जातसँग बिहे गरेपछि समाजबाट बहिस्कृत भई केही नभएको गरिब तथा निमुखा शब्द विलटाउ हो।
घोङ्घट–घुङ्टो
आमाको आचल–महिलाहरूले लगाएको साडीको अगाडि भागको साडी।
कोहवर–विहेपछि दुलहा र दुलहीलाई भित्र्याउने घर

**सन्दर्भ सामग्री**


१. सरबरिया समुदायको एक परिचय, लेखक सन्जु सरबरिया।
२. मधेसी दलितको सरबरिया सामुदायको सामाजिक, आर्थिक र राजनीतिक अवस्थाबारे केस स्टडी, रिसर्च रिपोर्ट– राजेन्द्र महतो।
३. सरबरिया समुदायका बारेमा लेखिएका विभिन्न लेख/रचना आदि (इन्टरनेटमा खोजिएका)।
४. विभिन्न पत्रपत्रिकामा छापिएका सरबरिया र दलितबारेका लेख रचना आदि।

परिच्छेद ३

# ३.३ हात्तीपाइले : न निको हुन्छ न त सहज उपचार

**पृष्ठभूमि**

धादिङको त्रिपुरासुन्दरी गाउँपालिका– १ सल्यानटारको खुड्गा गाउँ, जागिर गाउँ, पीपल गाउँ, चाक्सी गाउँ दराई र कुमाल बस्ती। धेरैजसो घरका मुख्य मानिसको गोडा ठूला ठूला देखिन्छन्। मोटो भएका छन्। काम गर्ने महिला वा पुरुष, २५–३० वर्षको उमेरमै उनीहरूको गोडा वा हात ठूला हुने र उपचारसमेत नभएपछि सोही गोडा वा हातमा ठूला घाउ हुन्छन्। त्यसपछि पाक्ने गर्छन्। अनि घरको कामकाजसमेत गर्न नसक्ने अवस्थामा पुग्छन्। हात खुट्टा लुलो हुने र अपाङ्गताको अवस्थामा पुगेका भए पनि उनीहरू अपाङ्गता परिचयपत्रबाट पनि वञ्चित छन्। यस्तो परिचयपत्र नै नभएकाले सरकारले अपाङ्गत भएकालाई दिने सहुलियतबाट समेत वञ्चित छन्।

सल्यानटार दूरीका हिसाबले जिल्ला सदरमुकामबाट ३० किलोमिटर उत्तरतर्फ पर्छ। माथि उल्लिखित गाउँमा बसोबास गर्ने दराई र कुमाल समुदायका मानिस वर्षभरि नै खेतबारीमा काम गर्छन् तर पनि यति मेहनतको उत्पादनले भने ३ देखि ६ महिनामात्र खान पुग्छ। बाँकी समय ज्याला गरेर परिवार पाल्नुको विकल्प उनीहरूसँग छैन। केही भने मजदूरीकै लागि भारतका विभिन्न सहर पुगेका पनि देखिन्छ।

यो ठाउँमा जहाँ दराई र कुमालको बस्ती छ, त्यहीँभन्दा अलिक माथि प्राथमिक स्वास्थ्य केन्द्र छ। चिकित्सकीय सेवासमेत उपलब्ध हुने उक्त स्वास्थ्य केन्द्रमा हात्तीपाइले उपचार पनि हुन्छ भनिएको छ। तर यो रोग लागेकाहरू हत्तपत्त उक्त स्वास्थ्य चौकी जाँदैनन्। अरु बिरामीलाई डाक्टरले राम्ररी जाँच गरेर औषधि पनि दिन्छन् तर हात्तीपाइले भएर आएको भन्दासाथ परैबाट हेरेर औषधि सिफारिस गर्दिन्छन्, राम्रो व्यवहारसमेत गर्दैनन्– धेरै बिरामीको गुनासो छ।

सरकारले स्वास्थ्य सेवालाई निःशुल्क गर्दै लगे पनि हात्तीपाइले सङ्क्रमण भएकाहरूले यसबाट फाइदा लिन सकेका छैनन्। जबकि धादिङलाई हात्तीपाइले सङ्क्रमण र सर्ने दरका हिसावले स्वास्थ्य मन्त्रालयले मध्यम जिल्लाका रूपमा लिएको छ।

शिक्षाका दृष्टिले पनि नाजुक अवस्था छ यो समुदायको। प्रवेशिका परीक्षा उत्तीर्ण गर्नेको सङ्ख्या औँलामा गन्न सकिन्छ। खानाकै लागि सङ्घर्ष गर्नुपरेकाले पढाइ उनीहरूको प्राथमिकतामा पर्ने कुरै भएन। बस्तीमा पानीसमेत समस्या छ। पिउने पानी नै अभाव भएकाले नुवाइधुवाइ र सरसफाइ निकै टाढाको विषय बनेका छन्। यसले पनि रोगलाई मद्दत पुऱ्याइरहेको छ।

सल्यानटारमात्र होइन, मैदी, केवलपुर, बेनिघाटलगायतका स्थानमा समेत हात्तीपाइले समस्या देखिएको छ। यो रोग लागेकाहरू अरु रोगीभन्दा थप पीडित छन्। कारण– हिँडडुललगायतमा समस्या भएकाले उनीहरू आफ्ना लागि भइरहेका कार्यक्रम तथा राज्यप्रदत्त सेवा/सुविधानबारे समेत अनविज्ञ छन्।

**हात्तीपाइले र नेपालको सन्दर्भ**

सन् २०२० सम्म हात्तीपाइले रोग निवारण गर्ने सरकारी लक्ष्य छ। तर औषधि सेवनमा कम आकर्षण भएको तथ्याङ्क हेर्दा लक्ष्य प्राप्त गर्न कठिन देखिन्छ। काठमाडौँ उपत्यकामै पनि हात्तीपाइलेको औषधि सेवन गर्ने नागरिक ५० प्रतिशत[१] नाघेका छैनन्। पछिल्लो सर्वेक्षणले काठमाडौँ र भक्तपुरमा हात्तीपाइले परजीवी सङ्क्रमणको अनुपात भने कम देखाएको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले जनाएको छ। ललितपुरका ग्रामीण क्षेत्र भने निवारणको अवस्थाभन्दा धेरै माथि छन्। तराईका जिल्लामा त सङ्क्रमणको दर निकै उच्च छ। पश्चिम तराईको बर्दियामा हात्तीपाइले सङ्क्रमणको प्रकोप ४० प्रतिशत देखिएको छ। देशभरमै परजीवी सङ्क्रमण सरदरमा १३ प्रतिशत[२] पाइएको छ। धादिङ भने जोखिमका हिसावले मध्यम छ।

**हात्तीपाइले**

हात्तीपाइले रोग रेशा जस्ता कीटाणु (उच्चेरिया,

१. नयाँ पत्रिका, मार्च १२, २०१६, नेपालमा हात्तीपाइले जोखिम कति ? भिषा काफ्ले।
२. ऐजन

बानक्रोफ्टी, ब्रुगिया र ब्रुगिया टिमोरी) हरूको सङ्क्रमणबाट लाग्छ। यसको वयस्क परजीवी ८ देखि १० सेन्टिमिटरसम्म लामो हुन्छ। यो परजीवी न्याल ग्रन्थी (लिम्फ नोड) मा हुन्छ । क्युलेक्स जातको सङ्क्रमित पोथी लामखुट्टेले स्वस्थ मानिसलाई टोकेमा यो रोग लाग्छ । तीन प्रकारका परजीवीबाट लाग्ने हात्तीपाइले रोग नेपालमा भने उच्चेरिया बानक्रो टी परजीवीको सङ्क्रमणबाटै हुने गरेको पाइएको छ। यो रोग बाहिर नदेखिँदै औषधि खाएमा पूर्ण निको हुन्छ भने लक्षण बाहिर देखिइसकेपछिचाहिँ उपचार नै सम्भव हुँदैन। यो रोग शरीरको कुनै एक भाग वा अङ्गमा लाग्ने गर्छ । त्यसपछि त्यो अङ्ग सुन्निँदै गएर ठूलो हुने भएकाले हात्तीपाइले रोग भनेर चिनिन्छ।[३]

**जोखिममा को ?**

हात्तीपाइले रोग जुनसुकै उमेरका जोसुकैलाई पनि लाग्न सक्छ। लामखुट्टेको टोकाइबाट सर्ने भएकाले केटाकेटी नै बढी जोखिममा हुन्छन् । तर केटाकेटीमा सङ्क्रमण भएको रोगको लक्षण भने जवान (वयस्क) भएपछि मात्र देखिन सक्छ।

**अध्ययनको उद्देश्य**

हात्तीपाइले क्युलेक्स नामको पोथी लामखुट्टेले टोकेका कारण हुने सङ्क्रमण हो । सङ्क्रमण भएको एक व्यक्तिलाई टोकेर अर्को व्यक्तिमा सोही लामखुट्टेले टोक्दामात्र सर्छ । सङ्क्रमण भएको सुरुमा मात्र यो अवस्था नदेखिने भएकाले रगत परीक्षण गरेरमात्र यो रोग पत्ता लाग्छ। जब मानिसमा खुट्टा तथा यौन अङ्गहरू सुनिन थाल्छ त्यसपछि यो निको बनाउन नसकिने र यही अवस्थामा रोकेरमात्र राख्नका लागि उपचार आवश्यक छ। हात्तीपाइले रोगको अध्ययन निम्न उद्देश्यका लागि गरिएको हो :

- जिल्लामा हात्तीपाइले रोगको अवस्था बारे थाहा पाउनु।
- कुन क्षेत्र भूगोलमा यसको समस्या छ भन्ने पत्ता लाउनु।
- जात जाति विशेष वा आर्थिक अवस्था कमजोर भएको ठाउँमा यसको प्रकोप के कस्तो छ भनेर पत्ता लाउनु।
- हात्तीपाइले हुने कारण पत्ता लगाउनु।
- सहज उपचार प्रक्रियामा लैजानु।
- रोग निको नभएर अपाङ्गता भएकालाई अपाङ्गता परिचयपत्र दिलाइ उनीहरूलाई राज्यप्रदत्त सेवा/सुविधाको पहुँचमा ल्याउनु।
- यसबारे चेतना जगाउनु।
- सामाजिकरूपमा पुनर्स्थापनाका लागि पहल गर्नु/गराउनु।
- स्थानीय तहको सरकारबाट उनीहरूलाई विकासको मूल धारमा ल्याउन योजना बनाउन पैरवी गर्नु।
- रोग सार्न सक्ने लामखुट्टे निर्मूल पार्न सहयोग पुऱ्याउनु।

**अध्ययनको महत्व**

राज्यका अवसरहरूबाट वञ्चित पारिएका कुमाल र दराई समुदायको स्वास्थ्य अवस्था दयनीय छ। उपचार खर्च नहुनेले थप समस्या भोग्नुपरिरहेको छ। थोरै जग्गामा बस्नु पनि पर्ने र अर्काको खेती र ज्याला मजदुरी पनि गर्नुपर्ने बाध्यताका कारण उनीहरूको आर्थिक अवस्था पनि नाजुक छ।

स्थानीय सरकारले समेत उनीहरूका लागि केही गर्न सकेको छैन। त्यसैले उनीहरूको अधिकार स्थापित गराउनु, आवश्यक कार्यक्रम सञ्चालन गर्न स्थानीय सरकारलाई दबाब दिनु, गाउँमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नु, स्वास्थ्य सेवामा पहुँच बढाइ सरकारलाई उनीहरूका लागि विशेष कार्यक्रम सञ्चालनमा पहरेदारी गर्नु आवश्यक छ। यही कार्यका लागि सबैको साझेदारी र संयुक्त पहल उपयुक्त हुनेछ। उनीहरूले कुनै एउटा रोग लागेकै कारण अपहेलित भएर बस्नुपर्ने छैन । अपाङ्गता भएर पनि परिचयपत्र नपाएकाले परिचयपत्र पाउनेछन्। र, त्यसैका आधारमा सीमित नै किन नहोस्, सुविधा पाउने वातावरण बन्नेछ।

**अध्ययनको सीमा**

धादिङको त्रिपुरासुन्दरी गाउँपालिका वडा नं. १ सल्यानटारका दराई र कुमाल समुदायमा देखापरेको हात्तीपाइले रोगसँग सम्बन्धितहरूलाई आधार मानेर यो अध्ययन गरिएको छ । अध्ययनका क्रममा टोलमा छलफलसमेत गरिएको छ भने उनीहरूको पारिवारिक अवस्थासमेत विश्लेषण गरिएको छ।

**अध्ययन विधि**

- स्थलगत अध्ययन/अवलोकन
- पीडितहरूसँगको अन्तर्वार्ता/भेटघाट
- स्वास्थ्यकर्मीहरुसँगको अन्तर्वार्ता/भेटघाट

३. https://ne.wikipedia.org/wiki/%E0%A4%B9%E0%A4%BE%E0%A4%A4%E0%A5%8D%E0%A4%A4%E0%A5%80%E0%A4%AA%E0%A4%BE%E0%A4%87%E0%A4%B2%E0%A5%87_%E0%A4%B0%E0%A5%8B%E0%A4%97

- जनप्रतिनिधिहरूसँगको अन्तर्वार्ता/भेटघाट
- स्वास्थ्य मन्त्रालय, रोग नियन्त्रण महाशाखाबाट उपलब्ध प्रतिवेदनहरू अध्ययन
- विज्ञहरूसँगको छलफल
- विभिन्न निकायका प्रतिवेदन अध्ययन
- हात्तीपाइलेसम्बन्धी शोधपत्र अध्ययन

**हात्तीपाइले : असर र लक्षण**

मानिसको शरीरमा हात्तीपाइले रोगको परजीवी प्रवेश गर्नासाथ यो रोग देखापर्दैन। एकपटक मानिसमा लागेपछि जीवनभर निको पनि हुँदैन। यी परजीवी करिब ६ वर्षसम्म मानिसको शरीरमा सुषुप्त अवस्थामा रहन्छन्। परजीवी शरीरमा भित्रिएपछि हात्तीपाइलेको औषधि सेवन गर्दा कसैकसैलाई ज्वरो आउने, वाकवाकी लाग्ने, वान्ता हुने जस्ता सामान्य असर देखा पर्न सक्छ। फाइलेरिया परजीवीले लाखौँको सङ्ख्यामा उत्पादन गर्ने सूक्ष्म फाइलेरिया रगतमा पुगिरहेका हुन्छन्। यी एकदेखि दुई वर्षसम्म जीवित रहन्छन्। यो परजीवी राति न्याल ग्रन्थी *(लिम्फ नोड)* बाट निस्केर रगतमा पुग्छन् र दिउँसो निष्क्रिय भएर त्यहीँ जान्छन्।

हात्तीपाइलेको कीटाणु शरीरमा प्रवेश गरेको केही समयपछि दम बढ्ने, नशाहरू सुन्निने, शरीरमा कम्पन हुने, रगतमा इयोसिनोफिलिया देखिने, हातगोडामा नीला धर्साहरू देखिने, लामो समयसम्म सुक्खा खोकी लाग्ने, महिलाको यौन अङ्ग तथा स्तन सुन्निने वा दुख्ने, पुरुषहरूमा अण्डकोष वरपरका नसा फुल्ने र अण्डकोष वरिपरि पानी जम्ने, महिलामा स्तन दुख्ने र सुन्निने लक्षण देखापर्छ।

मानिसमा फाइलेरियामा तीव्र वा कामज्वरो आउन सक्छ। यसको असर कायम रहेका बेला जीउ वा टाउको दुख्ने, वान्ता हुने हुन्छ। ज्वरोको क्रम दुई र तीन दिनको अन्तरालमा हुन्छ। सुन्निएको ग्रन्थी ज्वरोको आक्रमणसँगै बढ्दै जान्छ। अण्डकोष सुन्निने (हाइड्रोसिल), खुट्टा हात्तीको जस्तै हुने, हात सुन्निने, योनीद्वार वा स्तन सुन्निने यसका लक्षण हुन्। रोगीहरूको पिसाव दूधजस्तै हुन्छ। पिसावमा लिम्फ मिसिनाले यस्तो हुने गरेको जिल्ला स्वास्थ्य अस्पतालका डाले बताए। स्वास्थ्यकर्मीहरूको भनाइ छ। डब्लुएचओका अनुसार यस्तो स्थितिमा भने फोक्सो पनि सुन्निन्छ। खोकी लाग्ने, दम बढ्ने र कहिलेकाहीँ खकारमा रगत देखिने हुन सक्छ। दम बढ्दा रोगी काम गर्न नसकेर हिँडडुल गर्न असमर्थ हुन सक्छ।

**हात्तीपाइले (फाइलेरिया) रोगको लक्षण तथा निह्नहरू**

क. ज्वरो आउनु, जाडो लाग्नु र शरीरमा कम्पन हुनु।
ख. लिम्फ नलीहरू सुन्निनु, रातो भई दुख्नु, हात गोडामा नीला काला धर्साहरू देखिनु।
ग. गिर्खाहरूको आकार बढ्नु, दुख्नु।
घ. पुरुषमा अण्डकोष वरपरका नसाहरू फुल्नु/दुख्नु।
ङ. अण्डकोष ठूलो हुनु/दुख्नु, गिर्खाहरू भेटिनु, पछि हाइड्रोसिल (अण्डकोष वरिपरि पानी भरिएर ठूलो हुनु।
च. महिलामा योनी र स्तन सुन्निनु/दुख्नु, स्तनमा गिर्खा आउनु।
छ. खुट्टा सुन्निएर ठूलो आकारको वा हात्तीपाइले हुनु।
ज. हात सुन्निनु।
झ. पिसाब सेतो वा रातो आउनु।[४]

**नेपालमा हात्तीपाइले (फाइलेरिया) रोगको अवस्था**

नेपालमा हात्तीपाइले (फाइलेरिया) शताब्दिऔँदेखि पाइएको पुरानै रोग हो। यो करिव चार हजार वर्ष पुरानो रोग मानिन्छ। देशमा जनघनत्वको वृद्धि, बसाइँ सराइ, गरिबी, अशिक्षा, वातावरणीय असन्तुलन, स्वास्थ्य सेवामा कमी आदिका कारण यो रोग बिस्तारै फैलँदै गइरहेको र बिरामीको सङ्ख्या पनि वृद्धि हुँदै आइरहेको तथ्याङ्कबाट पुष्टि हुन्छ। यसैगरी देशभर फिँजिएर रहेका विभिन्न स्वास्थ्य संस्थामा यो रोगका बिरामी रोग निदान र उपचारका लागि आएका प्राप्त तथ्याङ्कबाट पुष्टि हुन्छ।

त्यस्तै सन् २००१, २००५/२००६ र २०१२ मा गरिएको इम्मुनोक्रोमाटोग्राफिक इपिडिमियोलोजिकल म्यापिङ अध्ययनबाट र एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त तथ्याङ्कअनुसार ६३ जिल्ला यो रोगबाट प्रभावित पाइएको छ।

नेपालमा हात्तीपाइले (फाइलेरिया) रोग एक प्रमुख जनस्वास्थ्य समस्याका रूपमा देखिएकाले हाल यस रोगबाट प्रभावित इलाकाहरूमा बसोबास गर्ने मानिस देशको कुल जनसङ्ख्याको ९० प्रतिशत (९ प्रतिशत भन्न खोजिएको हो कि जस्तो छ, प्रष्ट भएन) रहेको अनुमान छ।[५] यो रोग भौगोलिक दृष्टिकोणले लामखुट्टे पाइने सबैजसो ठाउँ, जस्तै– तराई, पहाड, गाउँ, सहर, बेसी आदिमा पाइएको छ।

४. ऐजन्
५. हात्तीपाइले (फाईलेरिया) रोग निवारण कार्यक्रम स्वास्थ्यकर्मीहरुको लागि तालिम तथा कार्यक्रम सञ्चालन निर्देशिका २०७५

**हात्तीपाइले रोगको परीक्षण**

हात्तीपाइले रोग निम्न तरिकाबाट पत्ता लगाउन सकिन्छ।

१. रोगका लक्षण तथा चिह्नहरूबाट।
२. रातिको समयमा लिएको रगत जाँच गरी परजीवी (माइक्रोफाइलेरिया) फेला पारेर।
३. हाइड्रोसिल (सुनिएको अण्डकोष) बाट निकालेको झोल पदार्थ या पिसाब जाँच गरी परजीवी (माइक्रोफाइलेरिया) पत्ता लगाएर।
४. रगत वा सेरोलोजिकल परीक्षण (इम्युनोक्रोमाटोग्राफिक टेस्ट) बाट।

हात्तीपाइले रोगका बिरामीलाई दीर्घ रोग, अशक्त र कुरूप हुनबाट बचाउने उपाय निम्न छन् :

१. रोगले असर गरेका अङ्ग/भागलाई दिनको दुईपटक साबुन पानीले धुने र सफा नरम कपडाले सुक्खा हुनेगरी पुछ्ने।
२. राति सुत्दा वा अन्य समयमा रोगले असर गरेका अङ्गहरू खासगरी खुट्टालाई अलि माथि उठ्नेगरी राख्ने।
३. दैनिक साधारण व्यायाम गर्न लगाउने। यसले ऱ्याल ग्रन्थीहरु (लिम्फ नलीहरू) सञ्चालन हुनमा मद्दत मिल्छ।
४. हात गोडाका नङहरू सफा राख्ने।
५. सजिलोखालको जुत्ता वा चप्पल लगाउने।
६. घाउ भएको रहेछ भने सो ठाउँमा एन्टिसेप्टिक या एन्टिबायोटिक मलम लगाउने। तर घाउ ठूलो भएमा स्वास्थ्यकर्मीको सल्लाहअनुसार खाने एन्टिबायोटिक प्रयोग गर्न सकिन्छ।
७. यदि दुखाइ बढी भएमा कम गर्ने औषधि खाने तथा प्रभावित अङ्गलाई चिसो पानीमा डुबाउने।
८. ज्वरो आएमा नजिकको स्वास्थ्य संस्थामा जँचाउन जाने।

**धादिङको सल्यानटारका स्थानीयमा देखिने हात्तीपाइले रोग र नियन्त्रणको प्रयास**

उमेरले ७० पुगेका दलबहादुर दराईलाई हात्तीपाइले भएको ४० वर्ष भयो। खुट्टा सुन्निएको छ। त्यतिखेर स्वास्थ्य चौकी जानुपर्छ भन्ने थाहै थिएन। झाँक्री लगाए। डुलुवा भनेर धेरैले फुकेर पनि निको पार्ने कोसिस गरे तर भएन।

रोग देखापर्दा सल्यानटारमा स्वास्थ्य चौकी पनि थिएन। यता औषधि नपाइने भएपछि गोरखाको आँपपीपल स्वास्थ्य केन्द्रमा गए। औषधि खानू भनेर दिए। औषधिले रोग नबढ्नेमात्र रहेछ, निको हुने होइन रहेछ भन्ने थाहा पाए। पछि धादिङ अस्पताल पनि गए। पछिल्लो समय हरेक वर्ष औषधि पनि खुवाउन आउँछन् तर कमाइ गरेर खानुपर्ने भएकाले नियमित उपचार भएन। कामसँगै उपचार सम्भव नहुँदा उनले दुःख पाए। अहिले पनि दुवै सुन्निएको खुट्टा लिएर हिँड्न बाध्य छन्। उनी काम गर्न सक्दैनन् तर अपाङ्गता परिचयपत्र माग्दासमेत दिएनन्। हामीलाई स्वास्थ्यले त ठग्यो नै, सरकारले नै दिने भनेको सहुलियतसमेत दिएन– उनको गुनासो छ।

५८ वर्षीया सेती दराईलाई १७ वर्षपहिले हात्तीपाइले भएकाले खुट्टा सुन्निएर ठूलो भयो। तर गाउँमा धेरै बच्चा पाएर यस्तो भएको भनेर झारफुक गरे। पाँच वा सात जना छोरोछोरीकी आमा उनलाई सुत्केरी स्याहार नपुगेर यस्तो भएको पनि भनियो। तर उनलाई हात्तीपाइले भएका कारण निको भएन। सुन्निएको बसेन। गाउँमै वर्षैपछि बाँड्ने औषधिसमेत नपाएपछि समस्या बढेर काम गर्नै नसक्ने अवस्थामा पुगेपछि स्वास्थ्य चौकी पुगे तर उनलाई स्वास्थ्य चौकीमा औषधी नभएको बताइयो। अहिले पनि ठूलो खुट्टा लिएर गाउँ चाहार्न बाध्य उनी अपाङ्ग जस्तै भएकी छिन्। गाउँपालिकाले पनि नहेरेको उनको गुनासो छ।

**निष्कर्ष र सुझाव**

धादिङ जिल्ला हिमालय पर्वतदेखि बेसीसम्म उत्तर दक्षिण फैलिएको जिल्ला हो। तेही भौगोलिक बनावट भित्र रहेको सल्यानटार पहाडको फेदमा रहेको तराईको हावापानीसँग मेल खाने नेपालका ठूला टारमध्ये एउटा हो। टार भनेपछि यहाँ खाद्यान्नको राम्रो स्रोत र जमीन छ भन्ने बुझिन्छ। समथर टार भए पनि पानिको स्रोत बस्तीभन्दा दुई चार घण्टाको दुरीमा त्रैसुली वा दरौँदी नदरु पुग्नु पर्छ। त्यसकारण यहाँ पिउने पानीको समस्याका कारण धेरैजसो मानिस पानीका लागि बिहानभर भौतारिनुपर्ने अवस्था छ। खानेकुराको अभाव हुँदा काम गर्न सक्नेहरू ज्याला मजदूरी गर्न घर बाहिर (राजमार्ग क्षेत्र, इटाभट्टा वा कता हो तेता) गएका छन्। गाउँमा वृद्ध धेरै छन्। बालबालिका छन्। अनि हातखुट्टा ठूला भएर सुन्निएका, बाङ्गिएका मानिस अन्यत्र जाँदा हेयको दृष्टिले हेर्ने र काम गर्नसमेत नसक्ने भएकाले गाउँमै भेटिन्छन्। उनीहरूले पाउने सेवा/सुविधामा सरकारले खासै नदिएकाले आफू असहाय बनेको हात्तीपाइले पीडितहरूको गुनासो छ।

सल्यानटारको खुँगा गाउँमा हात्तीको जस्तो खुट्टा बनाएर, हात खुट्टा सुन्निएर बसेकाहरूको सङ्ख्या ४० भन्दा बढी भएको गाउँबासीले बताए। गाउँभरको तथ्याङ्क छैन। त्रिपुरासुन्दरी गाउँपालिका वडा नं. १ र २ सल्यानटार क्षेत्रमा यो रोग देखिएकाले तथ्याङ्क सङ्कलन गर्नुपर्ने भए पनि आफूहरूले यसबारेमा केही नगरेको प्रभावित क्षेत्र त्रिपुरासुन्दरी

गाउँपालिका वडा १ नं. का वडाध्यक्ष भोजबहादुर रिजाल र वडा २ नं. वडाध्यक्ष कृष्ण खत्रीले बताए।

क्युलेक्स जातको लामखुट्टे सजिलै पहिचान गर्न सकिने र हात्तीपाइले सार्ने यही भएकाले रातको समयमा सक्रिय हुन्छ। यसलाई नियन्त्रण गर्न स्थानीय सरकारले पहल गर्नुपर्नेमा त्यसो नभएको, गाउँपालिका स्तरमा भएको स्वास्थ्य समितिले कुनै सल्लाह नमागेपछि आफूहरूले समेत स्वास्थ्य केन्द्रमा आएकालाई उपचार गर्नुबाहेक कुनै काम गर्न नसकिएको सल्यानटार स्वास्थ्य चौकीका डा. ढुण्डी पौडेलको भनाइ छ। लामखुट्टे नियन्त्रण र रोग लागेकालाई सुरक्षित उपचारपछिमात्र यो समस्या समाधान भएर जाने गाउँबासीको दाबी छ।

हात्तीपाइले लागेको रगत परीक्षणबाट मात्र थाहा हुने भएकाले यस रोगको रगत परीक्षण गर्न मानिस निदाएको बेला राति १२ बजेतिरको समयमा निकाल्नुपर्ने हुन्छ। गाउँबासीहरू यस्तो राति यसरी रगत निकाल्न अप्ठेरो मान्ने हुँदा कतिलाई यो रोग लागेको छ भनेर एकिन गर्न गाह्रो छ। त्यसैले अब योजना नै बनाएर सरकारको समेत सहयोग लिइ हात्तीपाइले निर्मूल पार्न लागिपर्ने त्रिपुरासुन्दरी गाउँपालिकाका अध्यक्ष शम्भु थापाले बताए।

सल्यानटार प्राथमिक स्वास्थ्य चौकीका डा. सुनिल रेग्मी जनचेतना र सरसफाइमा ध्यान दिएमा रोग नियन्त्रण गर्न सकिने बताउँछन्। हालका वर्षहरूमा यहाँ नयाँ रोगी देखिएको छैन। यसको परीक्षण पूरा गर्ने औजारसमेत प्राथमिक स्वास्थ्य चौकीमा छैन। जसले गर्दा शङ्का लागेका बिरामीलाई औषधि खुवाउने गरिएको छ। जनचेतनाका लागि गाउँबासीलाई उत्प्रेरित गरिनु आवश्यक छ। खासगरी घर–घरमा पालिने सुङ्गुर र सोही सुङ्गुरको गोठमा आहाराका लागि दिसा गर्ने चलन छ। यसको अन्त्य गर्दै सरसफाइमा ध्यान दिनु जरुरी देखिन्छ।

हात धुने बानी विकास नभएकाले गर्दा मेलापातबाट आउनेबित्तिकै खाना खाने, बालबालिका र ठूला मानिससमेत सरसफाइमा ध्यान नदिँदा समस्या उत्पन्न भएको छ। पिउने पानी समस्याका कारण हात धुने पानीसमेत समस्या छ। यो समस्या स्थानीय तहको सरकारले समाधान गर्नुपर्नेमा धेरै योजना सञ्चालन भएर पनि सम्पन्न भएका छैनन्। तर अब भने स्थानीय तहमा नयाँ सरकार निर्वाचित भएपछि पिउने पानीको समस्या समाधानका लागि पहल भएको गाउँपालिका प्रमुख थापाको भनाइ छ। परम्परागत सचेतनाबाट मात्र नभई समुदायले बुझ्नेगरी सामुदायिक सचेतना जगाउन पनि उत्तिकै जरुरी छ।

हात्तीपाइले भई अपाङ्गता भएकालाई अपाङ्ग परिचयपत्र उपलब्ध गराउनुपर्ने अवस्था छ। उनीहरू काम गर्न सक्दैनन्। शरीरका अङ्गले काम नगरेपछि समाजमा कामसमेत पाउँदैनन्। गरिब भएकाले खान/लाउनसमेत समस्या छ। स्थानीय तहको सरकारले ध्यान दिँदा सहजै सरकारको पहुँचमा पुग्नेछन्। उनीहरूको जीविकोपार्जनका लागिसमेत गाउँपालिकाले योजना निर्माण गरी लागु गर्नुपर्ने हुन्छ।

हात्तीपाइलेसम्बन्धी जिल्ला तह र गाउँ तहमा कुनै उपचारसमेत सहज उपलब्ध नभएकाले सरकारले प्रभावित क्षेत्रमा सहज उपचारका लागि औषधि, दक्ष जनशक्ति र उपकरण उपलब्ध गराउँदा सरकारको पहुँचमा उनीहरू पुग्नेछन्। गाउँ तहको सरकारले स्वास्थ्य क्षेत्रको एकीकृत योजना निर्माण गर्ने र हात्तीपाइले क्षेत्र खासगरी जोखिम क्षेत्र भएकाले यसलाई ध्यानमा राखेर कार्यक्रम गर्नुपर्ने आवश्यकता देखिन्छ।

नेपाल सरकारले आ. व. २०७२/२०७३ देखि धादिङ र कञ्चनपुरबाट सुरु गरेको हात्तीपाइले रोगका कारण सङ्क्रमित अङ्गहरूको बिरामीहरू आफैँले स्याहार गर्ने विधिबारे सञ्चालित कार्यक्रम आ.व. २०७४/२०७५ सम्म १२ जिल्लामा सम्पन्न भइसकेको बताएको छ। सल्यानटारबासी यस किसिमको जानकारी दिन कोही गाउँमा नआएको र प्राथमिक स्वास्थ्य केन्द्र जाँदासमेत टाढैबाट जाँचेर घर पठाउने गरिएको बताउँछन्। त्यसैले यो अभियान हात्तीपाइलेपीडितले अनुभव गर्नेगरी सञ्चालन गरिनुपर्छ। सरकारले हाइड्रोसिल अप्रेसन निःशुल्क गर्ने २०७२ मै घोषणा गरेकाले यो कार्यक्रम उनीहरूको पहुँचमा हुनेगरी सञ्चालन गर्नु आवश्यक छ। हात्तीपाइलेको औषधि खुवाउन समस्या भएको र औषधि खान नमान्ने जस्ता समस्या आएकाले समुदायलाई औषधि खाएपछि हुन सक्ने असर र यसको महत्त्वबारे जानकारी दिनु आवश्यक छ।

**सन्दर्भ सामग्री**


- जिल्ला स्वास्थ्य कार्यालय धादिङका प्रतिवेदनहरू
- नेपाल सरकार रोग नियन्त्रण महाशाखा, हात्तीपाइले रोग नियन्त्रण कार्यक्रमका प्रतिवेदन र तालिम सामग्रीहरू
- त्रिपुरासुन्दरी गाउँपालिका कार्यालयको स्वास्थ्यसम्बन्धी जानकारी विवरण
- सल्यानटार प्राथमिक स्वास्थ्य केन्द्रका जानकारीहरू
- विश्व स्वास्थ्य सङ्गठनको प्रतिवेदन
- Quality of life of people living with lymphoedema: A cross sectional community based study in selected districts of Nepal (Adhikari RK, Sherchand JB, Mishra SR, Ranabhat K and Wagle RR)
- नयाँ पत्रिका, मार्च १२, २०१६, नेपालमा हात्तीपाइले जोखिम कति ?

परिच्छेद ३

# ३.४ बालविवाह : बागलुङ देहातको पीडा

### १. परिभाषा

कानुनले तोकेको उमेरभन्दा कम उमेरमै हुने विवाहलाई बालविवाह भनिन्छ। भूगोल, क्षेत्र, जातजाति र धर्म/संस्कृतिअनुसार बालविवाहको परिभाषामा भने विविधता पाइन्छ। विवाह गर्ने वा नगर्ने भन्ने अधिकार व्यक्तिमा निहित भएपनि कुन उमेरमा विवाह गर्ने भनेर प्रत्येक मुलुकले न्यूनतम उमेर तोकेको हुन्छ। नेपालको मुलुकी ऐनमा विवाहका लागि २० वर्ष उमेर तोकिएको छ।[1] योभन्दा कम उमेरमा विवाह गर्नु निषेधित छ।

नेपालको संवैधानिक इतिहासमै पहिलोपटक २०७२ सालमा जारी संविधानले बालविवाहलाई बाल अधिकार हनन्काररूपमा उल्लेख गरी यसलाई दण्डनीय अपराधका रूपमा स्वीकारसमेत गरेको छ।[2] यो संविधान जारी हुनुभन्दा पहिले विवाहका लागि केटाको उमेर २० र केटीको उमेर १८ वर्ष हुनुपर्ने व्यवस्था थियो। तर संयुक्त राष्ट्र सङ्घ र नेपालको कानुन एकापसमा बाझिएपछि यो सविधानले पुरानो व्यवस्था संशोधन गर्दै केटा र केटी दुवैको हकमा विवाहका लागि २० वर्ष पुग्नैपर्ने व्यवस्था गरेको हो। नेपालको संविधानअनुसार १६ वर्ष पूरा भएपछि नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सकिन्छ भने १८ वर्ष पूरा भएपछि मत दिन पाइन्छ। तर विवाह गर्न भने २० वर्ष पुग्नैपर्छ।

### २. पृष्ठभूमि

बागलुङ गण्डकी प्रदेशको पहाडी जिल्ला हो। २ लाख ६८ हजार ६ सय ५ जनसङ्ख्या रहेको यस जिल्लामा ६१ हजार १ सय ६३ जना गरिबीको रेखामुनि छन्। सामाजिक मूल्य र मान्यता, धार्मिक अन्धविश्वास, गरिबी र अशिक्षाका कारणले जिल्लाका अधिकांश स्थानमा बालविवाह संस्कृति र परम्परा जस्तै बन्न गएको छ।

महिला तथा बालबालिका कार्यालय बागलुङले २०७४ सालको चैत महिनामा जिल्लाका केही स्थानीय तहमा बालविवाहको अवस्थाबारे अध्ययन गरेको थियो। जसमा निसिखोला गाउँपालिकामा बालविवाह गर्नेको सङ्ख्या निकै उच्च देखिएको थियो। तथ्याङ्कअनुसार यो गाउँपालिकामा मात्र १८ वर्ष उमेर नपुगी विवाह गर्ने बालबालिकाको सङ्ख्या १ सय ३८ छ। जसमा ८३ जना बालिका थिए। त्यस्तै जैमिनी नगरपालिका–१ बरेङमा पनि बालविवाह गर्नेको सङ्ख्या उल्लेख्य भेटियो। जसअनुसार ३६ बालक र ५९ बालिकाले बालविवाह गरेका थिए। गाउँपालिका मात्र हैन, बागलुङ नगरपालिकाभित्रै पनि बालविवाह गर्ने गरेका पाइएको छ। यो नगरपालिकाको १, २ र ३ वडामा ८ बालक र १९ बालिकाले यस अवधिमा बालविवाह गरेका पनि उक्त अध्ययनले फेला पारेको छ।

समग्र बागलुङ जिल्लामा बर्सेनि कति बालबालिकाको बालविवाह हुन्छ भन्ने एकिन तथ्याङ्क छैन। सरकारी र सरोकारवाला निकायहरूले पछिल्लो समय यस विषयमा सचेत गराएकालेबालविवाह न्यूनीकरण भएको त देखिन्छ तरपनि उमेर नपुगी विवाह गर्ने क्रमचाहिँ पूरै रोकिएको छैन। बागलुङमा बालविवाह हुनेमा बालकको तुलनामा बालिकाको सङ्ख्या धेरै देखिएको छ। जिल्लाको ग्रामीण भेगमा सामाजिक एवं सांस्कृतिक मान्यता, लैङ्गिक विभेद, गरिबी, अशिक्षा, असुरक्षा जस्ता कारण प्रमुखरूपमा देखिए पनि सदरमुकाम र यस आसपासका क्षेत्रमा वैदेशिक रोजगारी बालविवाहको मुख्य कारण देखिन्छ।

संयुक्त राष्ट्र सङ्घको तथ्याङ्कअनुसार नेपाल विश्वमा सातौँ र एशियामा तेस्रो स्थानमा पर्छ बालविवाहका हिसाबले। युनिसेफले सन् २०१६ मा दक्षिण एशियामा बालविवाहबारे गरेको एक अध्ययनअनुसार प्रत्येक वर्ष १४ मिलियन (अर्थात १ करोड ४० लाख) बालबालिकाको बिहे १८ वर्षभन्दा कम उमेरमा हुन्छ। यस अध्ययनअनुसार नेपाल सबैभन्दा बढी बालविवाह हुने देशहरूको सूचीमा तेस्रो स्थानमा पर्छ। दक्षिण एशियामा सबैभन्दा बढी बालविवाह हुने देशको सूचीमा बङ्गलादेशमा ६५ प्रतिशत, भारतमा ४७ प्रतिशत र त्यसपछि नेपालमा ४१ प्रतिशत हुने तथ्याङ्कले देखाउँछ। यो तथ्याङ्कभित्र पनिनेपालमा

१. http://www.lawcommission.gov.np/np/archives/1532
२. http://www.lawcommission.gov.np/np/archives/6900

हुने ४१ प्रतिशत बालविवाहमध्ये पनि १० देखि १५ वर्ष उमेरका बालबालिका १० प्रतिशतभन्दा बढी छन् ।

### ३. बालविवाहसम्बन्धी कानुन

संयुक्त राष्ट्र सङ्घले विश्वव्यापीरूपमा बालविवाहलाई सहस्राब्दी विकास लक्ष्य प्राप्तिका लागि बाधककारूपमा पहिचान गरेको छ । दिगो विकासका लक्ष्यहरूको कार्यसूची (२०१६–२०३०) मा बालविवाह अन्त्य गर्ने विषयलाई प्राथमिकतामा राखिएको छ । सन् २०१३ सेप्टेम्बरमा संयुक्त राष्ट्र सङ्घीय मानव अधिकार समितिबाट बालविवाह तथा जबर्जस्ती हुने विवाह, रोकथाम तथा उन्मूलनको सवलीकरण, चुनौती, उपलब्धि, उदाहरणीय अभ्यास र कार्यान्वयनमा रहेका समस्या विषयक प्रस्ताव पारित भएको थियो । सोही वर्षको डिसेम्बरमा संयुक्त राष्ट्र सङ्घको ६८ औँ साधारणसभाबाट बालविवाह तथा जबर्जस्ती हुने विवाह विषयक प्रस्ताव पारित गरियो । यसपछि बालविवाहविरुद्धका कार्यक्रमहरू विश्वव्यापीरूपमै उच्च प्राथमिकताका पर्दै आएका छन् ।

यस्तै बालविवाह र मुलुकले तोकेको उमेरभन्दा पहिले नै गरेको विवाहलाई दण्डनीय अपराधका रूपमा लिएर सजाय समेत तोकेको छ । सन् १८५४ (वि. सं. १९१०) को मुलुकी ऐनमा पनि विवाहका लागि केटीको न्यूनतम उमेर पाँच वर्ष तोकिएको थियो ।[३] उक्त ऐनको बिहावारीको महलमा रहेको धारा तत्कालीन समाजको प्रचलन मानिन्छ । सन् १९६३ (वि. सं. २०२०) को मुलुकी ऐनमा विवाह गर्न स्त्रीको १४ र पुरुषको १८ वर्ष उमेर तोकिएको छ । वर्तमान समयमा दुवैको न्यूनतम उमेर २० वर्ष तोकिएको छ । वर्तमान कानुनअनुसार बाल विवाह गराइएमा तीन वर्ष कैद र जरिवानाको नियम बनाइएको छ ।

### ४. बालविवाहसम्बन्धी नेपालको संविधानमा भएको व्यवस्था

- नेपालको संविधान २०७२, भाग ३ धारा ३९ को उपधारा ५ मा कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक बनाइ राख्न पाइने छैन भन्ने व्यवस्था छ ।
- केही नेपाल कानुन संशोधन तथा खारेज गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७२ ले मुलुकी ऐन २०२० मा भएको व्यवस्था संशोधन गरी विवाह गर्ने न्यूनतम उमेर २० वर्ष तोकेको छ । उक्त कानुनी व्यवस्था उल्लङ्घन गरेमा बालबालिकाको उमेरअनुसार बढीमा तीन वर्षसम्म कैद र १० हजार रुपियाँसम्म जरिवाना गर्न सक्ने व्यवस्थासमेत छ ।

### ५. उमेरअनुसार सजाय

- १० वर्ष नपुगेका बालबालिकाको विवाह गरे/गराएमा ६ महिनादेखि तीन वर्षसम्म कैद र १ हजार रुपियाँदेखि १० हजार रुपियाँसम्म जरिवाना हुने ।
- १० वर्षदेखि माथि १४ वर्ष उमेर नपुगेका बालबालिकाको विवाह गरे/गराएमा तीन महिनादेखि एक वर्षसम्म कैद र ५ हजार रुपियाँसम्म जरिवाना हुने ।
- १४ वर्षदेखि माथि १८ वर्ष नपुगेका बालबालिकाको विवाह गरे/गराएमा ६ महिनासम्म कैद वा १० हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुने ।

### ६. राष्ट्रिय नीति

- बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ ले बालविवाहलाई बालबालिकाको हक अधिकार प्रचलनका लागि बाधकका रूपमा पहिचान गरेको छ ।[४]
- नीतिको रणनीति नं.८.९ मा बालविवाह रोक्न सरकारी र विकासका साझेदार सङ्घ/संस्था परिचालन गर्ने, बालविवाहविरुद्धको उजुरी सक्रियताका साथ लिने र कारबाही गर्ने व्यवस्थाका साथै बालविवाह रोक्ने कार्यका लागि स्थानीय तहलाई थप जिम्मेवारी दिइने उल्लेख छ ।
- यसैगरी रणनीति नं. ९.३ मा स्थानीय स्तरसम्म बालबालिकाको बेचबिखन, ओसारपसार र बालविवाहविरुद्ध चेतना जागरण कार्यक्रम सञ्चालन र गाउँस्तरमा बाल संरक्षणको विषयमा चेतना अभिवृद्धि गर्न सञ्चारलगायत अन्य उपयुक्त माध्यम परिचालन गरिने उल्लेख छ ।
- तेह्रौँ योजना (२०७०–२०७१/२०७२–२०७३) मा बालविवाह रोकथामलगायत विभिन्न प्रकारका

३. http://www.wikiwand.com/ne/%E0%A4%AC%E0%A4%BE%E0%A4%B2_%E0%A4%B5%E0%A4%BF%E0%A4%B5%E0%A4%BE%E0%A4%B9#/%E0%A4%95%E0%A4%BE%E0%A4%A8%E0%A5%81%E0%A4%A8%E0%A5%80_%E0%A4%B5%E0%A5%8D%E0%A4%AF%E0%A4%B5%E0%A4%B8%E0%A5%8D%E0%A4%A5%E0%A4%BE

४. http://mowcsw.gov.np//public/files/1316832825-National_Child_Policy_2069.pdf

सामाजिक दुर्व्यवहार अन्त्य गर्ने लक्ष्य लिइएको छ।

- त्यसैगरी किशोर/किशोरीका लागि समग्र राष्ट्रिय कार्ययोजना (२०७०/०७१–२०७४/०७५) ले खासगरी सीमान्तकृत किशोर/किशोरीलाई असर पार्ने हानिकारक सामाजिक परम्परा, विभेद न्यूनीकरणसम्बन्धी नीतिगत व्यवस्था गर्ने र निर्देशिका तयार वा सुधार गरी प्रयोगमा ल्याउने साथै बालविवाहमा परेका किशोर/किशोरी मूलतःकिशोरीलाई औपचारिक शिक्षाको मूलधारमा ल्याउन खुला र वैकल्पिक शिक्षा प्रदान गर्ने उल्लेख छ।

**७. अध्ययनको उद्देश्य**

- बालविवाहको अवस्था र यसको असर प्रभावबारे सरोकारवालालाई सचेत बनाइ बालविवाह रोक्न उत्प्रेरणा प्रदान गर्ने।
- शिक्षा र विकासको मुख्य चुनौतीकारूपमा रहेको बालविवाह रोक्न बाल अधिकार संरक्षण र सम्वर्द्धनमा सबैलाई जिम्मेवार बनाउने।
- बालविवाह र यसको प्रभावले किशोरीहरूको स्वास्थ्यमा पर्ने असर र यसको प्रभावबारे जानकारी दिँदै स्वास्थ्यउपचारसम्बन्धी जानकारी दिने।
- बालविवाहबारे जिल्लाका सरोकारवालाहरूको धारणा बाहिर ल्याउने।
- कानुन कार्यान्वयनका लागि दबाब दिने।
- बालविवाह अन्त्यका लागि सक्रियतापूर्वक काम गरेका सङ्घ/संस्था र व्यक्तिहरूलाई हौसला प्रदान गर्ने।
- स्थानीय तहलाई आफ्नो काम, कर्तव्य र जिम्मेवारीप्रति सजग बनाउने।
- बालविवाहपश्चात बहुविवाह र सम्बन्ध विच्छेदको सिकार बनेका किशोर/किशोरीलाई नयाँ जीवनका लागि उत्प्रेरणा जगाउने।

**८. अध्ययनको महत्व**

नेपालको संविधान २०७२ ले बालविवाहलाई दण्डनीय अपराधकारूपमा परिभाषित गरेको छ। संविधानमा बालविवाह अपराध भनेर परिभाषित गरिएको भएपनि बालविवाह समाजमा संस्कार र संस्कृति जस्तै जरा गाडेर बसेको छ। बालविवाह गैरकानुनी हो, बालविवाह गर्दा गैरकानुनी हुन्छ मात्र होइन, यसले समाजमा र स्वयं विवाह गर्नेहरूमा दीर्घकालीनरूपमा नकारात्मक असर पार्छ भन्ने थाहा हुँदाहुँदै पनि दिन/प्रतिदिन बालविवाह बढ्दै गएको छ। बालविवाहले बालिका र महिलाहरूको अधिकार उल्लङ्घनमात्र नभएर उनीहरूको जीवनचक्रमा थुप्रै अधिकार उल्लङ्घको शृङ्खला नैसिर्जना गर्छ। जसले बालिका र महिलालाई थप हिंसाको सिकार बनाउँछ।

बालविवाहका कारण वैवाहिक जीवन दिगो नहुने, परिपक्व नभई सन्तान जन्माउँदा स्वास्थ्यसम्बन्धी विभिन्न समस्या देखिने, लैङ्गिक हिंसा, यौनजन्य हिंसा, बालश्रम, बेचविखन जस्ता थप हिंसाले बालिका र महिलाहरू थप प्रताडित हुने गरेका छन्। कालान्तरमा समाज विकास प्रक्रियामा महिलाको भूमिका र सहभागितालाई न्यून बनाइ सभ्य, सुसंस्कृत एवं समतामूलक समाज निर्माण गर्न बालविवाह बाधक तत्व बन्ने हुनाले यससम्बन्धी अध्ययन यसको समाधानको माध्यमका हिसावले पनि महत्वपूर्ण छ।

**९. अध्ययन विधि**

बागलुङ जिल्लाको बालविवाहको स्थिति अध्ययन गर्दा जिल्लाका विभिन्न ग्रामीण तथा सहरी बस्तीको स्थलगत अध्ययन गरिएको थियो। जिल्लामा आयोजना गरिने बालविवाहसम्बन्धी कार्यक्रम, अन्तर्क्रिया आदिमा सहभागी भइएको थियो। जिल्लाका सरोकारवाला र सङ्घ/संस्थाहरूसँग भेटघाट र अन्तर्क्रिया गरिएको थियो। बागलुङ जिल्लामा रहेर बालबालिका, महिला तथा किशोरीहरूका अधिकार क्षेत्रमा काम गर्दै आएका तथा मानव अधिकारकर्मी र सञ्चारकर्मीहरूसँग समेत छलफल गरिएको थियो। त्यस्तै बालविवाह गरेका बालबालिकासँग पनि कुराकानी गरिएको थियो। यसबाहेक बालविवाहसँग सम्बन्धित सन्दर्भ सामग्री पनि अध्ययन गरिएको थियो।

**१०. बालविवाहका मुख्य कारण**

**(क) धार्मिक मान्यता/अन्धविश्वास**

छोरीको सानैमा विवाह गरे छोरा जन्मन्छ भन्ने अन्धविश्वासका कारण ग्रामीण भेगमा अझै पनि छोरीको महिनावारी नहुँदै विवाह गरिदिने गरेको पाइन्छ। सहरी क्षेत्रमा यसप्रकारको घारणा हट्दै गएको भए पनि ग्रामीण भेगमा महिनावारी हुनुअघि नै छोरीको विवाह गरिदिए स्वर्ग पुगिन्छ र छोरा जन्मन्छ भन्ने मान्यताका कारण बालिकाको विवाह गरिदिने चलन देखिन्छ।

**(ख) गरिबी र आर्थिक समस्या**

समाजमा आर्थिक अवस्था कमजोर भएका र गरिब परिवारमा गनिएकाहरूमा अधिकांश बालविवाह हुने गरेको पाइएको छ। सन्तानलाई लालनपालन र उचित शिक्षादीक्षा दिन सक्ने आर्थिक अवस्था नभएका कारणले बागलुङ जिल्लाका ग्रामीण भेगमा बालविवाह हुने गरेको

पाइएको छ । नागरिक समाज बागलुङका संयोजक काजी गाउँलेका अनुसार छोरालाई कमाउने र खुवाउने वर्गकारूपमा मानिए तापनि छोरीलाई अर्काको घरमा जाने जात हो भन्ने बुझाइ भएकाले गरिब परिवारमा छोरीलाई बोझकारूपमा मानिन्छ । यही कारण पनि सानैमा विवाह गरिदिने गरेका उनको भनाइ छ।

**(ग) शिक्षा र चेतनाको कमी**

बागलुङ जिल्लाको ग्रामीण भेगमा सानैमा विद्यालय छाड्नेहरूको सङ्ख्या बढी छ। विद्यालय जाने उमेरका बालबालिकाले मेलापात र बाबा आमाको घरायसी काममा सघाउन थाल्ने भएकाले शिक्षाबाट वञ्चित हुने र चेतनाको कमी अनि शिक्षाको कमीका कारण उमेर नपुग्दै विवाह गरिदिने र बालबालिका आफैं पनि विवाह गर्ने गरेको शिक्षिका होममाया अदै बताउँछिन् ।

**(घ) प्रविधिको दुरुपयोग**

सामाजिक सञ्जालको बढ्दो व्यपाकता र प्रयोगमा बढिरहेको दुरुपयोगले पनि पछिल्लो समयमा बालविवाहलाई प्रश्रय दिएको पाइन्छ। फेसबुक, इमो, इन्स्ट्रा, ट्विटर, मोबाइल फोन आदिका कारणले गर्दा टाढा/टाढाका मानिसपनि सजिलै सम्पर्कमा आइपुग्छन्। बालबालिकाले यस्ता प्रविधिको गलत प्रयोग गरेकै कारण पनि बालविवाह हुने गरेका छन् । पारिवारिक सल्लाह बिनै बालबालिकाहरूले सामाजिक सञ्जाल मार्फत चिनजान गर्ने र भेट्ने अनि विवाहसमेत गर्ने गरेका पनि पाइन्छ। र, अभिभावकले पनि छोरा/छोरी गलत बाटोमा लाग्लान् भन्ने डरका कारण सानै उमेरमै विवाह गरिदिने गरेको भेटिन्छ।

**(ङ) लैङ्गिक विभेद**

छोरी अर्काको घरमा जाने जात भएको भन्दै पढाइलेखाइ गराउनु अनि माइतीमा राख्नु बोझ ठानेर सानैमा विवाह गरिदिनेहरूको सङ्ख्या अझै पनि धेरै छ । छोराको आशमा धेरै छोरी जन्माएकालाई छोरी हुर्काउन, बढाउन र पढाउन लाग्ने खर्च जुटाउन गाह्रो हुन्छ। यही कारण पनि छोरीको बिहे छिटै गरिदिनुपर्ने मान्यताधेरै छ। छोरीहरू हुर्के बढे भने दुनियाँले आँखा लगाउँछन् भन्दै त्यो बेला आउनुअघि नै छोरीको बिहे गरिदिने चलन पनि उत्तिकै छ । बागलुङ जिल्लाका ग्रामीण भेगमा बढी उमेर भएका पुरुषले आफ्ना अघिल्ला पत्नीबाट छोरीमात्र जन्मेको भन्दै छोरा पाउने आशमा साना उमेरका बालिकासँग विवाह गर्ने गरेका पनि भेटिन्छ।

**(च) कानुन कार्यान्वयन नहुनु**

जिल्लामा बालविवाह व्यप्त भए पनि अझैसम्म सम्बन्धित निकायमा एउटा पनि उजुरी दर्ता हुन सकेको छैन । पछिल्लो समय जिल्लाका केही स्थानीय तहले बालविवाह रोक्नका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिरहेका छन् । केही स्थानीयतहले बालविवाह बदरसमेत गरेका छन् । तर पनि सम्बन्धित व्यक्तिले सम्बन्धित निकायमा औपचारिक उजुरी भने गराउने चलन छैन । यस कारण पनि कानुन कार्यान्वयनमा समस्या देखिएको छ । समाजका गन्यमान्य र पढे/लेखेकाहरूनै बालविवाहमा संलग्न हुने भएकाले पनि प्रहरीमा उजुरी दर्ता नभएको बागलुङका प्रहरी प्रमुख एसपी दीपक रेग्मीले बताए।

**(छ) शिक्षित व्यक्तिको कमजोरी**

बागलुङ जिल्लाका ग्रामीण भेगमा बालविवाह बढ्दै जानुमा यहाँका शिक्षित व्यक्तिहरूको कमजोरी रहेको नेपाल पत्रकार महासङ्घ, बागलुङका अध्यक्ष दिल शिरिषको बुझाइ छ। उनका अनुसार यहाँ हुने बालविवाहमा स्वयम् समाजका शिक्षित व्यक्ति र समाजसेवीहरूसमेत सहभागी हुन्छन् । बागलुङका सरोकारवाला र शिक्षित व्यक्तिहरूले समेत बालविवाहलाई मौनरूपमा स्वीकार गरेको र यसलाई संस्कारकारूपमा लिएकाले समस्या जटिल बनेको उनको भनाइ छ।

**(ज) वैमनश्यताको भय**

बालविवाह भइरहेको कुरा प्रहरी प्रशासनलाई जानकारी गराएमा एकापसको सम्बन्ध बिग्रन्छ भनेर एकअर्काको मुख ताकेर बसेकै कारण पनि बालविवाह हुने क्रम रोकिएको छैन । एउटै समाजमा बस्नुपर्ने, ऐचो/पैँचो चलाउनुपर्ने र मर्दापर्दा चाहिन्छ भन्ने मान्यता भएकै कारणले सामाजिक प्रतिष्ठा भएका शिक्षित र सचेत व्यक्तिहरूसमेत बालविवाहमा सरिक हुने र समाजमा भएका यस्ता विवाहबारे सम्बन्धित निकायलाई जानकारी नगराउने गरेको समाजसेवी देवबहादुर श्रेष्ठ बताउँछन्।

**(झ) विदेश मोह**

पछिल्लो समय वैदेशिक मोहले गर्दा पनि बालविवाह बढ्दै गएको छ। खासगरी सहरी क्षेत्रका अभिभावकले युरोप/अमेरिका गएको केटा माग्न आएमा आफ्ना उमेर नपुगेका छोरीहरूलाई कागजमा उमेर बढाएरै भए पनि विवाह गरिदिने गरेका पाइन्छ। बढी उमेर भएका पुरुषले पनि कम उमेर भएका युवती/किशोरी विवाहका लागि रोज्ने र अभिभावक पनि अमेरिका, अस्ट्रेलिया जस्ता देशको मोहमा फस्दा उमेर नपुगेका छोरीहरूको विवाह गरिदिने प्रचलन बढ्दै गएको मानव अधिकारकर्मी राम शर्मा औंल्याउँछन्।

### ११. बालविवाहका असर

**(क) पढाइ छुट्ने**

विद्यालय जाने उमेरका बालबालिकाको विवाह हुँदा सबैभन्दा पहिलो समस्या उनीहरूको पढाइ छुट्ने हुन्छ। बुहारीलाई पढाउनुहुँदैन, घर परिवार र जिम्मेवारी सिकाउनुपर्छ र छोराले पनि विवाह गरेपछि घर, परिवार र पत्नीको जिम्मेवारी लिनुपर्छ अनि कमाउन थाल्नुपर्छ भन्ने मान्यताका कारण यहाँका धेरै बालबालिकाको बीचैमा पढाइ छुट्ने गरेको छ । बागलुङ जिल्लामा विद्यालय छाड्ने विद्यार्थी ०.४ प्रतिशत छन् । अन्य जिल्लाको तुलनामा प्रतिशतका हिसावले थोरै देखिएपनि बागलुङ जिल्लामा विद्यार्थीहरू विद्यालयमा भर्ना हुने तर पढ्नचाहिँ नआउनेको सङ्ख्या उल्लेख्य रहेको शिक्षा विकास तथा समन्वय एकाइ बागलुङका सूचना अधिकृत सरितादेवी शर्माले बताइन् । उनका अनुसार चालु शैक्षिक सत्रमा यो जिल्लाका २ सय ५० जना बालबालिकाले बीचैमा विद्यालय छाडे।

**(ख) शिशु मृत्यु**

कम उमेरमा विवाह भएर गर्भवती बनेका बालिका आमाहरूबाट जन्मने बच्चाहरूमा मृत्यु हुने खतरा बढी देखिएको छ । डाक्टरकै सल्लाहमा रहेर गर्भभित्रको बच्चाको रेखदेख गरिए पनि सजिलै प्रसूति हुन नसक्दा शल्यक्रियाको माध्यमबाट बच्चा निकाल्नुपर्ने र जन्मेको बच्चा बचाउन पनि मुस्किल हुने स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा. लक्ष्मी आचार्यको भनाइ छ।

**(ग) गर्भपतन**

कम उमेरमा विवाह भएर गर्भधारण गरेका किशोरी/युवतीहरूको अधिकांश गर्भ आफैँ पतन हुने समस्या छ । समय समयमा स्वास्थ्य परीक्षण गरेर डक्टरको सल्लाह लिएपनि बच्चा जन्माउनका लागि आमालाई समस्या हुने र गर्भमा रहेको बच्चा पनि अस्वस्थ हुने भएकाले बच्चा ९ महिनासम्म गर्भमा बस्न नसक्ने हुन्छ । यही कारणले कम उमेरमा गर्भवती भएकाहरू अधिकांशको गर्भपतन हुने समस्या देखिन्छ।

**(घ) बालिका आमाहरूको स्वास्थ्यमा समस्या**

कम उमेरमा विवाह गरेर आमा बनेकाहरू अधिकांशको पाठेघर खस्ने, पिसाव रोकिने, पुनःगर्भ नरहने जस्ता समस्या देखिन्छन् । उनीहरूमा यौन रोग र अन्य विभिन्न रोगले सङ्क्रमण गर्ने जस्ता समस्या पनि उत्तिकै छन् । सानो उमेरमा आमा बनेकाहरू गर्भावस्थामा आमा र बच्चाको स्वास्थ्यसँग सरोकार राख्ने विषयबारेमा अनविज्ञ हुँदा बच्चाको वृद्धि विकास हुन पाउँदैन भने आफूसमेत शारीरिकरूपमा कमजोर हुने गरेका पाइन्छ।

**(ङ) बहुविवाह**

उमेर नपुगी विवाह गरेका बालिका बहुविवाहको सिकार हुने गरेका छन् । मागेर, भागेर र तानेरै समाजको परम्पराअनुसार सानैमा विवाह गरेका किशोरीहरू उमेर पुगेपछि पतिले दोस्रो विवाह गर्ने र आफूलाई बेवास्ता गर्ने गरेको बताउँछन् । बिहे के हो र जीवन के हो भन्ने जान्न नपाउँदै ललाइफकाइमा परेर सानो उमेरमा विवाह गरेकी तमानखोला गाउँपालिकाकी सुनिता गोतामे विवाह र जीवनको बारेमा जान्ने हुँदा आफू बहुविवाहबाट पीडित भइसकेको बताउँछिन् ।

**(च) सम्बन्ध विच्छेद**

बागलुङ जिल्लामा बालविवाहले निम्त्याएको अर्को असर सम्बन्ध विच्छेद पनि हो । उमेर नपुगी विवाह गरेर परिवारमै पत्नी छाडी कमाउनका लागि विदेशिएका र पढ्नका लागि सदरमुकाम पसेका युवाहरूले विस्तारै पत्नीलाई बेवास्ता गर्ने गरेका पाइएको छ । सानो उमेरमा आफूले अन्जानमा विवाह गरेको भन्दै जान्ने भएपछि त्यसलाई स्वीकार नगर्नेहरूले केही रकम दिएर सम्बन्ध विच्छेद गरेका घटना धेरै पाइएका छन् । कानुनीरूपमा विवाह दर्तासमेत नभएका यस्ता जोडीले समाजकै गन्यमान्यहरूको सरसल्लाहमा स्थानीय स्तरमै सम्बन्ध विच्छेद गर्ने गरेका पाइन्छ।

**(छ) मानसिक विचलन**

बालविवाह गरेका अधिकांश किशोरी/किशोर मानसिकरूपमा समेत कमजोर हुँदै जाने गरेका पाइएको छ । सानो उमेरमा विवाह गर्दा काँधमा आएको पारिवारिक जिम्मेवारी र सामाजिक/सांस्कृतिक बोझ सहजरूपमा स्वीकार गरी सोहीअनुरूप चल्न नसक्दा उनीहरू मानसिकरूपले समेत कमजोर बन्ने गरेका पाइएको छ।

**(ज) बालविवाह गरेकाबाट जन्मेका सन्तान कमजोर हुने**

बालविवाह गरेकाबाट जन्मेका बच्चाहरू अन्य बच्चाभन्दा कमजोर हुने गरेका पाइएको छ। तमानखोला गाउँपालिकाका शिक्षा स्रोतव्यक्ति वेदबहादुर बुढापछिल्लो समय गाउँपालिकाका विद्यालयका विद्यार्थीमा गरिएको सामान्य शैक्षिक सर्वेक्षणमा अन्य बालबालिका भन्दा बालविवाह गरेकाबाट जन्मिएका बच्चाहरू पढाइमा कमजोर, कमजोर स्मरण शक्ति र अन्य बच्चाभन्दा सुस्त अनि अल्छीसमेत भेटिएका बताउँछन् ।

## १२. बढ्दैछ बालिका आमाको तथ्याङ्क

उमेर किताब कापी च्यापेर विद्यालय जाने हो। तर काखकी छोरी र माइतीको चुलोचौको स्याहार्नै फुर्सद छैन उनलाई। प्रेमीको गलत नियत अनि आफ्नो पनि चाहिनेभन्दा बढी चुलबुलेपनका कारण बालपनमै बालिका हुर्काउन बाध्य छिन् उनी। साथीहरूसँगै कपालमा रिबनको फोका पारेर पिठ्युँमा किताबको झोला बोकी विद्यालय जाने रहर नभएको कहाँ हो र ? आमा बुबा गोठ जानुपर्ने बाध्यताका बीच घरमा कोही नभएका बेला गाउँकै मदन सिर्पालीसँग भएको अवैध सम्बन्धले तमानखोला गाउँपालिकाकी माया सिर्पालीलाई अहिलेसम्म तनाव बेहोर्नुपरेको छ।

मदनसँगको अवैध सम्बन्ध धेरै महिनासम्म त जबर्जस्ती लुकाएर राखेकी माया भन्छिन्– यस्तो समय आयो, जतिबेला ९ महिनाको अवस्थामा मैले नभने पनि दुनियाँले स्वतः थाहा पाउने भए, त्यसैले मेरो पेटमा मदनको गर्भ छ भनेपछि गाउँलेले दुवैको बिहे त गराइदिए तर त्यो दिगो भने हुन सकेन। आफ्नो छोरा र परिवारको इज्जतमा समेत दाग लगाएको भन्दै मायालाई दैनिकजसो परिवारबाट मानसिक यातना आउन थाल्यो। बिहेको १७ दिनसम्म सहेर बसेकी मायाको जीवनमा कठिन मोड आयो। घर छाडेर आएको, कहाँ जाने ? जाने ठाउँ थिएन, मर्न पनि सकिन। दुई वर्षकी छोरी मुस्कानलाई मुसार्दै थपिन्– यही बच्चाको मुख हेरेर माइत आइ बसेकी छु, पतिले पनि राम्रो व्यवहार गर्दैनन्, त्यसैले पीडामाथि पीडामा छु।

१३ वर्षको उमेरमा विवाह गरेर १६ वर्षमा सम्बन्धविच्छेद गरेकी तमानखोला गाउँपालिका–२ की सुनिता गोतामेको रङ्गिन सपनाको यात्रामा अहिले पूर्णबिराम लागेको छ। बिहे, जीवन के हो भन्ने थाहै नभएको समयमा आफ्नै फुपूले बुर्तिबाङ बजार जाम् भनेर फकाइफुलाई ल्याएर कक्षा ५ पढ्दै गरेकी सुनिताको सोही ठाउँका किसान बिकसँग बिहे गराइदिइन्। त्यसपछि सुनीताको बालपन पीडा र समस्यामा परिणत भयो। बिहे गरेको तीन वर्षमै पतिले दोस्रो बिहे गरे। सुनिताले ३ लाख रुपियाँ पाइन् यसबापत पतिसँग। ग्रामीण भेगमा पैसा दिएर सम्बन्ध विच्छेदका लागि राजी गराउने चलन व्यापक छ भन्ने सुनिताको घटनाले पनि पुष्टि गर्छ।माइतीमा बस्दै आएकी सुनिता रुँदै भन्छिन्– छिटो बिहे गर्नाले रहर/सपना सबै सकिए। जिन्दगी बिताउने कुरामा खेलवाड गर्न नहुने रहेछ।

बाबाले दिएको वचन राख्नकै लागि १४ वर्षको उमेरमा कोपिल सिर्पालीसँग विवाह गरेकी तमानखोला–५ की नरमा सिर्पाली अहिले माइतीमा बस्दै आएकी छिन्। सासू ससुराको दैनिक गालीगलौज, पतिको बेवास्ता र दुर्व्यवहार सहन नसकेर माइतीमा बस्दै आएकी नरमाका पतिले भर्खरै दोस्रो विवाह गरेका छन्। सानैमा टुहुरी भएकीले घरमा बोझ जस्तो ठानेर जबर्जस्ती बिहे गरिदिए, विवाह गर्दाको समय सम्झँदै भन्छिन्–अहिले माइतीमा बस्दा दुनियाँको कुरा सुन्नुपरेको छ, सबैबाट घृणा र दुर्व्यवहार सहनुपरेको छ, उमेर परिपक्व भएर बिहे गर्न पाएको भए यस्तो नियति भोग्नुपर्थेन भन्ने लाग्छ।

बागलुङ जिल्लाको पश्चिम क्षेत्रमा अझै पनि बालविवाह गर्ने प्रचलन हटेको छैन। छोरीलाई सानै उमेरमै विवाह गरेर पठाउँदा माइतीले बोझ कम भएको, छोरीकै कारणले समाजमा बदनाम हुनुपर्छ कि भन्ने डर हट्ने भन्दै परिवारका सदस्यले कतै समस्या त कतै बाध्यताका नाममा बालिकाको विवाह गर्दै आएका छन्। बालविवाहकै कारण पछिल्लो समय बहुविवाहले समेत प्रश्रय पाउन थालेको देखिन्छ।

बालविवाह सुन्नेहरूका लागि सामान्य लागे पनि भोग्नेहरूका लागि भने निकै पीडादायी र डरलाग्दो समस्या भएको महिला तथा बालबालिका कार्यालय बागलुङकी प्रमुख डिलकुमारी शर्मा बताउँछिन्। आर्थिक, सामाजिक र प्रजनन् स्वास्थ्यका लागि बालविवाह निकै गम्भीर अवरोधक भएकाले यसलाई निर्मूल पार्नका लागि सरकार, सरोकारवाला र परिवार सबै सचेत हुनुपर्ने उनको सुझाव छ।

निसिखोला गाउँपालिकामा बालविवाहको तथ्याङ्क डरलाग्दो देखिए पनि न्यूनीकरणका कार्यक्रम सञ्चालन गर्न छुट्टै बजेट विनियोजन भने गरिएको छैन। गाउँपालिका प्रमुख तारानाथ पौडेलले बालविवाह हुन नदिन विद्यालयमा सचेतनामूलक कार्यक्रम गर्न थालेको बताए। बाबा आमाको सहमतिमा भन्दा पनि विद्यालय जाने उमेरका बालबालिका भागेर विवाह गर्नेको सङ्ख्या ठूलो भएकाले विद्यालयमा चेतनामूलक कार्यक्रम आयोजना गर्न थालिएको उनले बताए।

तमानखोला गाउँपालिकाले भने बालविवाह गर्नेको तथ्याङ्क सङ्कलन गर्न सुरु गरेको छ। बालविवाह, बहुविवाह गाउँपालिकाको ठूलो सामाजिक समस्याकारूपमा देखिएको र यो कानुनी हिसावले मात्र समाधान हुने नदेखिएकाले जागरणमूलक कार्यक्रम गरेर नियन्त्रणका लागि प्रयास सुरु गरेको तमानखोला गाउँपालिकाका प्रमुख जोकलाल बुढाले बताए।

हामी नयाँ सङ्घीय अभ्यासका क्रममा गाउँपालिकामा रूपान्तरित भएपछि यहाँ बालविवाहको समस्या चरमरूपमा रहेको पाइयो, तमानखोला गाउँपालिकाका कार्यकारी अधिकृत खिमबहादुर बिकले भने– यही समस्यालाई बोध गरेर बालविवाह र यससँगै

देखिएको बहुविवाह रोक्न चेतनामूलक कार्यक्रम/अभियान सञ्चालनका लागि बजेट विनियोजन गरिसकेका छौँ।

जिल्लाको दुर्गम र पिछडिएको यस क्षेत्रमा बालविवाह र यसले निम्त्याएको बहुविवाहलगायत समस्या अनगिन्ती छन् । निसीखोला, जैमिनी नगरपालिकासँगै तमानखोला गाउँपालिकाको खुङ्खानी, स्याउलालगायत गाउँमा बालविवाह धेरै हुने गर्छ। तर पनि यसबारे अहिलेसम्म कुनै उजुरी नआएको बुङ्गादोभान प्रहरी चौकीले जनाएको छ। प्रहरीमा मात्र हैन, गाउँपालिकामा पनि उजुरी पर्ने गर्दैन यसबारे । तमानखोला गाउँपालिका उपाध्यक्ष तथा न्यायिक समितिकी संयोजक मानसरी शेरचनले बताइन्– हामीले पनि गाउँघरमा बालविवाह हुने गरेका देखेका छौँ तर यसबारे न्याय चाहियो भनेरचाहिँ अहिलेसम्म कोही आएको छैन।

### १३. बालविवाह रोक्न नाटक र वृत्तचित्र

बागलुङको तमानखोला गाउँपालिका बालविवाह रोक्न र शून्य बनाउन जोडतोडका साथ लागेको छ ।[५] जिल्लाको अति दुर्गम मानिने यस गाउँपालिकाका अधिकांश वडामा बालविवाहले संस्कृति र परम्परा जस्तै जरा गाडेको छ । गाउँपालिकाका खुङखानी, स्याउला, बोङखानी, हिले, खोलेसवाङ र पहिरा जस्ता गाउँमा २० वर्ष पुगेका अविवाहिता भेट्टाउनै मुस्किल पर्छ।

विवाह गर्ने उपयुक्त उमेर २० वर्ष पुगेपछि हो भनेर सम्झाउनु यहाँका लागिबालुवामा पानी खन्याउनु जस्तै हो। २०७५ वैशाखबाट तमानखोला गाउँपालिकाका प्रमुख र उपप्रमुख गाउँ–गाउँमा हुने बालविवाह रोक्नमात्र होइन, भएका बालविवाह बदार गर्नसमेत लागिपरेका छन्। गाउँपालिकाले तमानखोला गाउँपालिकामा भएका बालविवाह र विवाहपछि विवाहिताहरूले भोगेका समस्या र चुनौती समेटेर एउटा वृत्तचित्र नै तयार गरेको छ।

गाउँपालिकाभित्रका वडा/वडामा पुगेर वृत्तचित्र देखाउने र बालविवाह नगरौँ र हुन पनि नदिऔँ भन्ने अभियान चलाएको गाउँपालिकाले पछिल्लो समय विद्यार्थीलाई तालिम दिएर बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा तथा जातीय छुवाछूत न्यूनीकरणका लागि नाटकमार्फत समेत सचेतना फैलाउन थालेको छ । तमानखोला कला समूह नाम दिएर गाउँपालिकाका ६ ओटै वडाबाट प्रतिनिधित्व हुनेगरी ६ बालिका र सात बालक गरी १३ जनालाई तालिम दिएर पछिल्लो समय गाउँपालिकाले वडा वडामा नाटक प्रदर्शन गर्न थालेको छ । बालबालिका आफैँले तयार गरेका नाटकको कथावस्तुमा गरिबीका कारण उमेर नपुगी विवाह गर्नुपरेको, विवाहपछि गर्भवती भई सुत्केरी हुन नसकेर आमा र बच्चाको मृत्यु भएको, छोरा जन्माउनकै लागि दोस्रो विवाह गरेकोलगायत चरित्रहरूसमावेश गरिएका छन्।

हालसम्म कला समूहले तमानखोला गाउँपालिका–१ को पैरा भुमे प्राथामिक विद्यालय, जनजागृति माध्यमिक विद्यालय, वडा नम्बर ५ को शान्ति मावि, वडा नम्बर ४ को हिले, १ को स्याउलालगायतका स्थानमा नाटक प्रदर्शन गरिसकेको न्यायिक समिति संयोजक तथा गाउँपालिकाकी उपाध्यक्ष मानसरी शेरचनले बताइन्। गाउँपालिकाले १६ वर्षका बालबालिकोदखि १९ वर्षसम्मका युवा–युवतीबीच भएका १० ओटा बालविवाह बदर गरेको पनि उनले जानकारी दिइन्।

#### (क) स्थानीय तहलाई समस्या

बागलुङका अधिकांश गाउँपालिकामा बालविवाह मौनरूपमा स्वीकार गरिएकाले यसलाई तत्कालै रोक्न गाह्रो हुने जनप्रतिनिधिको बुझाइ छ। बालविवाह यस क्षेत्रको संस्कार नै हो यसलाई तत्कालै रोक्न सकिँदैन, निसीखोला गाउँपालिकाका प्रमुख तारानाथ पौडेलले भने–भर्खरै सचेतनामूलक कार्यक्रमबाट सुरुवात गरेका छौँ, यसको प्रभाव दीर्घकालमा देखिनेछ।

जिल्लाको तमानखोला, निसीखोला, बढिगाड गाउँपालिका र ढोरपाटन नगरपालिका, जैमिनी नगरपालिका, बागलुङ नगरपालिकामा समेत बालविवाहका घटना सार्वजनिक हुन्छन्। तर पनि कतै उजुरी नपर्नुको यसमा संलग्नहरू कानुनी दायरामा आउन सकेका छैनन् । बालविवाह हुँदै गरेको जानकारी नै आउँदैन, जैमिनी नगरपालिकाका उपमेयर लीला राना भन्छन्– पहिलो कुरा त जानकारी नै आउँदैन, दोस्रो कुरा आइपुगिहाले पनित्यतिबेला आउँछ जतिबेला प्रायः बालिका गर्भवती भइसकेका हुन्छन्।

५. http://inseconline.org/np/news/%E0%A4%AC%E0%A4%BE%E0%A4%B2%E0%A4%B5%E0%A4%BF%E0%A4%B5%E0%A4%BE%E0%A4%B9-%E0%A4%B0%E0%A5%8B%E0%A4%95%E0%A5%8D%E0%A4%A8-%E0%A4%9F%E0%A5%8B%E0%A4%B2%E0%A4%9F%E0%A5%8B%E0%A4%B2%E0%A4%AE%E0%A4%BE

**(ख) प्रशासनको पहल**

यस क्षेत्रमा बढ्दै गएको बालविवाह न्यूनीकरणका लागि स्थानीय प्रहरी र प्रशासनले पनि स्थानीय तह र बालविवाह न्यूनीकरणका लागि अभियान चलाएका सङ्घ/संस्थालाई साथ दिने बताएको छ। बागलुङका प्रहरी प्रमुख दीपक रेग्मीले जिल्लाको कुनै पनि स्थानमा बालविवाह गरे/गराएको सूचना पाउँदासाथ स्थानीयको साथ र सहयोग लिएर काम गर्न जिल्लाका सबै प्रहरी चौकीलाई निर्देशन दिएको बताए।

जिल्लामा बालविवाह व्याप्त छ भन्ने आफूले पनि सुनेको तर प्रहरीमा एउटा पनि उजुरी त के जानकारीसमेत नआएको बताउँदै रेग्मी थप्छन्–यो सामाजिक अपराध हो । बालविवाहले जति बालबालिकामा असर गर्छ त्योभन्दा बढी सामाजिक विकासमा असर पारेको हुन्छ। त्यसैले हामीबालविवाह रोक्न र कानुनी उपचारका लागि एकदमै प्रतिबद्ध छौँ।

**(ग) प्रतिबद्धता**

**१. जनक पौडेल, मेयर– बागलुङ नगरपालिका**

बागलुङ जिल्लाका ग्रामीण भेगमा मात्र होइन, जिल्ला सदरमुकाम र बागलुङ नगरपालिकाभित्रै पनि बालविवाह हुने गरेको पाइएको छ। ग्रामीण भेगमा हुने बालविवाह र सहरी क्षेत्रमा हुने बालविवाहका कारण फरक भएपनि बालविवाह अपराधै हो। हामी आउनुभन्दा पहिले जे भएपनि आगामी दिनमा बालविवाह हुन नदिन हामी सचेत र प्रतिबद्ध छौँ । यो एउटा नगरपालिका र प्रहरी प्रशासनले मात्र रोक्न सक्ने विषय होइन ।त्यसैले सबैको साथ लिएर बालविवाह न्यूनीकरणका लागि काम गरिरहेका छौँ।

**२.रोशन जिसी, अध्यक्ष–आदर्श युवा**

हाम्रोमात्र होइन, हरेक समाज र समुदायमा बालविवाह हुने गरेको छ । फरक यत्ति हो– कुनै समुदायको बाहिर देखिएको छ भने कुनै समुदायमा अझै पनि बाहिर नदेखिने गरी हुने गरेको छ। पछिल्लो समय हामीले आदर्श सञ्चार सहकारीमार्फत आदर्श युवा नामक क्लब गठन गरेर बालविवाह, दुर्व्यसनविरुद्ध अभियान थालेका छौँ । बालविवाह गरिब र ग्रामीण भेगमा बाध्यता बनेको छ भने सहरमा प्रलोभन बनेको छ। यसलाई रोक्न सबै युवा सचेत हुनुपर्छ।

**३.बिना कार्की, निर्देशक–सेतो गुराँस बालविकास सेवा**

बालविवाह रोक्न र न्यूनीकरणका लागि सबैभन्दा पहिले समाज सचेत र शिक्षित हुनुपर्छ। हुन त पछिल्लो समय शिक्षित परिवारमा पनि बालविवाह भएको पाइएको छ तर समाजले त्यसका विरुद्ध बोल्न र आवाज उठाउन अझै पनि सकेको छैन। सबैभन्दा पहिले हामी गलतलाई गलत भन्न सक्ने हुनुपर्छ। सामाजिक जागरण, बालविवाहका असर, समाजमा पर्ने प्रभाव र उमेर पुगेपछि विवाह गर्दा हुने फाइदाबारे सबैलाई सचेत बनाउन सक्ने हो भने बल्ल बालविवाह क्रमशः न्यूनीकरण हुँदै जानेछ।

**(घ) सुझाव**

बालविवाहलाई बागलुङ जिल्लाको ग्रामीण भेगहरूमा परम्परा र संस्कृति जस्तै संरक्षण गरेको पाइन्छ। व्याप्त गरिबी, अशिक्षा, चेतनाको कमी र धार्मीक मूल्य र मान्यताका कारणले बागलुङका ग्रामीण भेगहरूमा उमेर नपुग्दै छोरीको विवाह गरिदिने प्रचलन छ। आफ्ना आमा, दिदी, बहिनी र समाजका अन्य महिलाहरु सानोमा विवाह गरेको देखेर हुर्केका यहाँका नयाँ पुस्ताहरुमा पनि सानो उमेरमा विवाह गरेर घरजम गर्नुपर्छ भन्ने मान्यता उनीहरूसँगै हुर्केको पाइन्छ। बागलुङ पश्चिम ढोरपाटन नगरपालिकाका अधिकाशं विदालयका माध्यामिक तहमा विवाह नभएका किशोरीहरू भेटाउनै गाह्रो पर्छ। बालविवाहले पर्ने शारीरिक, मानसिक, सामाजिक र पारिवारिक असरको बारेमा अनविज्ञ हुँदा वालविवाह दिन प्रतिदिन बढ्दै गएको हो। बालविवाह रोक्न र न्यूनीकरण गर्नका लागि विद्यालय स्तरमै सचेतनामूलक पाठ्यक्रमको विकास गर्नुपर्ने देखिन्छ। दुर्गम र अति विकट यस क्षेत्रमा बालविवाह न्यूनीकरण गर्न र रोक्नको लागि स्थानीय सरकारले प्रभावकारी कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ। तमानखोला गाउँपालिकाले जस्तै बागलुङका अन्य नौ ओटा स्थानीय तहले पनि बालविवाहलाई आफ्नो क्षेत्रको गम्भीर समस्याको रूपमा मानेर प्राथमिकताको साथ जनचेतना मुलक कार्यक्रम, घरदैलो अभियान, विद्यालय निरीक्षण र सडक नाटक, रेडियो नाटक जस्ता कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ।

**सन्दर्भ सामग्री**


१. इन्सेक अनलाइन
२. तमानखोला गाउँपालिकाले निर्माण गरेको बालविवाहसम्बन्धी वृत्तचित्र
३. संयुक्त राष्ट्र सङ्घीय जनसङ्ख्या कोषको तथ्याङ्क
४. नेपालको संविधान २०७२
५. स्थानीय पत्रपत्रिकाहरू

परिच्छेद ३

# ३.५ राज्यले नदेखेका समुदाय : कपिलवस्तुका अल्पसङ्ख्यक पत्थरकट्टा र नटुवा

**पृष्ठभूमि**

नेपाल बहुजाति, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक र भौगालिक एवम् वातावरणीय विविधता भएको मुलुक हो। यहाँ विभिन्न जातजाति, भाषाभाषी र धर्मावलम्बी बसोबास गर्छन् । नेपालमा १ सय २५ जातजाति र १ सय २३ भाषाभाषीको बसोबास पाइन्छ। भौगोलिकरूपले यो मुलुक हिमाल, पहाड र तराईमा विभाजित छ । वास्तवमा यहाँको यही विविधता नै नेपालीको पहिचान एवम् सम्पदाको स्रोत पनि हो। यहाँ बसोबास गर्ने जातजातिमध्ये अल्पसङ्ख्यकमा गणना हुने पत्थरकट्टा र नटुवा समुदाय पनि मुख्य हुन्।

आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, फरक सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको जाति वा समुदाय हुन् यी। नेपालमा ५ सय ५२ जना पत्थरकट्टा छन् भने २ सय ९१ जना नटुवा। सरकारले यहाँका पत्थरकट्टालाई लोपोन्मुख, अल्पसङ्ख्यक जातिमा सूचीकृत गरेको छ तर नटुवा जातिलाई भने राष्ट्रिय जनगणनामा समेत समेटिएन । उनीहरूलाई दलितमा सूचीकृत गरिएको छ। राष्ट्रिय स्तरमा गणना नगरिएका नटुवाको बसोबास कपिलवस्तुमा छ।

यी दुवै जातिको पुर्ख्यौली भारतको उत्तर प्रदेशस्थित बिहार हो । त्यहाँबाट उनीहरू नेपालको तराईका जिल्लामध्ये पनि कपिलवस्तुका जङ्गल, किनार जस्ता सुकुमवासी बस्तीहरूमा बसाइँ सर्दै बस्दै आएका छन्।

दुवै जाति करिब तीन पुस्तापहिले नेपाल आएका पाइन्छ । उनीहरूको आफ्नै घर/जग्गा भने छैन । उनीहरूको घर/जग्गा नहुनुमा घुमन्तेका रूपमा विभिन्न स्थानमा बसाइँ सर्ने प्रवृत्तिलाई कारण मान्न सकिन्छ। यी जाति कपिलवस्तुका आठ स्थानीय तहका विभिन्न गाउँमा बसोबास गर्दै आएका देखिन्छ।

जिल्लाको कपिलवस्तु नपामा ३९ जना, वाणगङ्गा नपामा १२ जना, महाराजगन्ज नपामा २१ जना, शिवराज नपामा २४ जना, कृष्णनगर नपामा १ सय २५ जना, यशोधरा गापामा १९ जना, मायादेवी गापामा ३४ जना र शुद्धोधन गापामा ३२ जना पत्थरकट्टा छन्। नटुवा भने महाराजगन्ज नपामा ३१ जना, शिवराज नपामा २२ जना, कृष्णनगर नपामा ३७ जना, मायादेवी गापामा १ सय २ जना र शुद्धोधन गापामा ५६ जना बस्दै आएका छन्।

**अध्ययनको उद्देश्य**

पत्थरकट्टा र नटुवा जातिको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्थाबारे जानकारी लिनु यो अध्ययनको मुख्य उद्देश्य हो। जसले समस्या उजागर गर्ने र तिनको निराकरणका उपाय पहिचान गर्ने काम गर्छ। अल्पसङ्ख्यक, दलित, जनजाति समुदायका लागि राज्यले बनाएका नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्थाबारे पनि यो अध्ययनले जानकारी प्रदान गर्छ। अनि सरकारी नीति तथा कार्यक्रम प्रभावकारीरूपमा कार्यान्वयन नहुँदा लक्षित समुदाय कसरी प्रताडित बनिरहेको छ भन्ने थाहा पाउनु र दिनु पनि यसको अर्को उद्देश्य हो। ताकि पत्थरकट्टा र नटुवा जातिका समस्या प्रकाशमा ल्याई उनीहरूलाई राज्यको मूल प्रवाहमा ल्याउन सरोकारवाला निकायको ध्यानाकर्षण हुन सकोस्।

**अध्ययनको महत्त्व**

कुनै पनि जातिको अध्ययनबाट ऐतिहासिक संयोग, उनीहरूको सामाजिक रीतिरिवाज, चालचलन, उद्विकास, अज्ञातप्रति जिज्ञासाको भावना, आफू स्वयम्लाई चिन्नका लागि, वस्तुनिष्ठ र रुचिपूर्ण अध्ययन, तीव्ररूपमा परिवर्तित समाज, मानव प्रकृतिको यथार्थ ज्ञान प्राप्त गर्नु र सांस्कृतिक सम्पर्क परिणाम अध्ययन गर्न यस्ता अध्ययन महत्त्वपूर्ण हुन्छ। यस अध्ययनमा अति सीमान्तकृत जातिको आर्थिक स्थिति, पेशा, भाषा, संस्कार, संस्कृति, स्वास्थ्य र शिक्षाको अवस्थाबारे अध्ययन गरिएको छ। वर्तमान अवस्थामा भूमण्डलीकरणले जीवन र जगतमा पारेका प्रभाव र असरबारे अध्ययन गरी सरोकारवालालाई सचेतीकरण गर्नु पनि उत्तिकै आवश्यक छ।

अति सीमान्तकृत समुदायमा पारेको असर प्राथमिकतासाथ बाहिर ल्याउन पनि आवश्यक छ। साथै राज्यले सो समुदायका लागि तयार गरेका नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था अनुगमन तथा

मूल्याङ्कन पनि उत्तिकै खड्केको विषय हो । यिनै विषयमा केन्द्रित रही कपिलवस्तु जिल्लामा बसोबास गर्ने अति सीमान्तकृत पत्थरकट्टा र अल्पसङ्ख्यक नटुवा जातिसँग सम्बन्धित रहेर आलेख तयार गर्ने प्रयास गरिएको छ । यस अध्ययनबाट पत्थरकट्टा र नटुवा जातिको अवस्था बुझ्न जिल्लामात्र नभएर समग्र मुलुककै लागि उपयुक्त सन्दर्भ सामग्री दस्तावेज तयार हुने देखिएको छ। यसबाट वर्तमान अवस्थामा पत्थरकट्टा र नटुवा जातिको अवस्था त झल्कन्छ नै, साथै भविष्यमा ती जातिबारे कुनै नीति, योजना तथा कार्यक्रम बनाउनुपरेमा समेत यो अध्ययन गतिलो सन्दर्भ सामग्री बन्न सक्ने भएकाले यसको महत्त्व निकै वजनदार देखिन्छ।

**अध्ययन विधि**

- भ्रमण अवलोकन
- छलफल
- अन्तर्वार्ता
- व्याख्यान
- द्वितीय स्रोत सामग्री अध्ययन

**अध्ययनको सीमा**

यो अध्ययन कपिलवस्तु जिल्लाको वाणगङ्गा नपा, कपिलवस्तु नपा, शिवराज नपा, कृष्णनगर नपा, महाराजगन्ज नपा, मायादेवी गाउँपालिका, यशोधरा गाउँपालिका र शुद्धोधन गाउँपालिका गरी ८ स्थानीय तहमा रहेका अल्पसङ्ख्यक समुदायअन्तर्गत सूचीकृत अति सीमान्तकृत पत्थरकट्टा र नटुवा जातिसँग केन्द्रित छ। यो अध्ययनमा अति सीमान्तकृत पत्थरकट्टा र नटुवा जातिको आर्थिक, सामाजिक तथा सांस्कृतिक पक्षको चर्चा छ । अध्ययनमा आदिवासी जनजाति समुदायका लागि राज्यले बनाएका नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था केलाउने प्रयास गरिएको छ। अध्ययनमा उल्लिखित सूचना प्रारम्भिक र द्वितीय दुवै स्रोतबाट लिइएको छ। दुवै जातिको अवस्था थप प्रष्ट पार्न सम्बन्धित समुदायको घरमै पुगिएको छ।

**बसोबास र जनसङ्ख्या**

नटुवा जातिलाई राष्ट्रिय जनगणनामा समावेश गरिएको पाइँदैन तर जिल्लागत विवरणमा भने उक्त जातिको ०६८ को जनगणना अनुसार जनसङ्ख्या २ सय ९१ जना देखिन्छ । पत्थरकट्टा जातिका मानिस कपिलवस्तुबाहेक रूपन्देही, नवलपरासी, बाँके, बर्दिया, रौतहट, सिरहा, सप्तरी तथा अन्य जिल्लामा समेत बसोबास गर्ने गरेका पाइएको छ। पश्चिम तराईअन्तर्गत कपिलवस्तुमा ३ सय ७३ जना, रूपन्देहीमा ४९ जना र नवलपरासीमा ९३ जना छन् । वि.सं. २०६८ सालको जनगणनाअनुसार कपिलवस्तुमा मात्र पत्थरकट्टाको जनसङ्ख्या ३ सय ७३ जना छ। जसमा महिला १ सय ८६ छन् भने पुरुष १ सय ८७ जना छन् । उक्त तथ्याङ्कअनुसार वाणगङ्गा नपा-१० को पटना, कपिलवस्तु नपा-२ को तौलिहवा, महाराजगन्ज नपाको महाराजगन्ज, कृष्णनगर नपाको बहादुरगन्ज, शिवराज नपाको चन्द्रौटा, मायादेवी गापाको पकडी, शुद्धोधन गापाको लवनी भैसहवालगायतका स्थानमा उनीहरूको बसोबास छ। नटुवा जाति भने कपिलवस्तुमा २ सय ९१ जना छन्।

**पेसा र आर्थिक अवस्था**

पत्थरकट्टा जाति ढुङ्गाको लोहोरो, सिलौटो बनाएर बिक्री गर्थे र त्यसबाट आएको आम्दानीले जीविकोपार्जन गर्थे । कपितय ठाउँमा उनीहरूले मागेर जीविका चलाएका पनि देखिन्छ। जङ्गल किनाराहरूमा खरका बुकुरा बनाएर तथा कतै पाल टाँगेर बसोबास गर्नेहरूचाहिँ अहिले पनि चुरे क्षेत्रमा गई खोलाका ढुङ्गा जम्मा पार्छन् र त्यसैबाट आकर्षक लोहोरो, सिलौटा बनाउँछन् । अनि घर-घरमा लगी बेच्छन् । प्रतिलोहोरो सिलौटाको ५ सयदेखि १ हजार रुपियाँसम्म लिने गर्छन् । अहिले अल्पसङ्ख्यक सीमान्तकृतका रूपमा सूचीकृत भएपछि भने सरकारले प्रतिमहिना उपलब्ध गराउने २ हजार रुपियाँ उनीहरूको आम्दानीमा थपिएको छ । यसबाट छोराछोरी पढाउन/लेखाउन र स्वास्थ्य उपचार गर्न तथा दैनिक खर्चसमेत धान्न सहज भएको राम देव पत्थरकट्टको भनाइ छ।

नटुवा जातिमा भने पुरुषहरू खेत, जङ्गल र घरहरूबाट विषालु सर्प गोमन, करेट आदि समातेर ल्याउँछन् । अनि ती सर्प गाउँगाउँ, बस्ती र सहरहरूमा लगी नचाउँछन् र रकम सङ्कलन गर्छन् । महिला तथा बालबालिकाचाहिँ मागेर दाल/चामल अनि तरकारी जोहो गर्छन् । कतिपय स्थानमा जङ्गल तथा ऐलानी जग्गामा खरको झुपडी बनाएर बस्ने यिनीहरू कहीँ भने पाल टाँगेर बसेका पनि भेटिन्छन् ।

**आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्था**

नयाँ संरचना अनुसार प्रदेश ५ मा पर्ने कपिलवस्तु जिल्ला समग्र मुलुक जस्तै विविधता बोकेको जिल्ला हो । पछिल्लो पटक राज्य पुनःसंरचना गर्दा यस जिल्लालाई प्रतिनिधि सभाका लागि निर्वाचन क्षेत्र ३ र प्रदेश सभाका लागि ६ निर्वाचन क्षेत्रमा बाँडिएको छ । यहाँ किरात, हिन्दु, क्रिस्चियन, बौद्ध, इस्लाम आदि धर्मावलम्बीको बसोबास छ। यसैगरी यहाँ आदिवासी जनजाति, ब्राह्मण, क्षत्री, दलित, थारू,

मधेसी, आदिवासी जनजाति तथा पछाडि परेका सीमान्तकृत समुदायको बसोबास छ। यस जिल्लामा तेस्रो पुस्तादेखि पत्थरकट्टा र नटुवा जाति भारतका विभिन्न स्थानबाट बसाइँ सरी आएका स्थानीय बताउँछन्। यी जाति चुरेको तल्लो फाँट समथर भू-भागको जङ्गल किनाराहरूमा तथा सदरमुकाममा समेत बसोबास गर्दै आएका छन्। हुलाकी राजमार्ग आसपासमा समेत रहेकाले उनीहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्था पनि सबैको एकैनाशको देखिन्न।

यो जातिको आफ्नै स्वामित्वमा जमिन छैन। त्यसैले जङ्गल किनारा वा सडक किनारामा घर (झुपडी) बनाएर बस्नु यिनीहरूको विशेषता हो। अहिले पनि कतिपय पत्थरकट्टा र नटुवा परिवार परम्परागत पेशाकै आम्दानीले जीविकोपार्जन गर्छन्। तर समय परिस्थितिसँगै हुनुपर्ने परिवर्तन यी जातिमा देखिन्न। आर्थिक अवस्था सुधारोन्मुख त देखिन्छ तर पनि गुणस्तरीय जीवन यापनका लागि आवश्यक पर्ने उपयुक्त आवास, छोराछोरीका नागरिकता, सहज स्वास्थ्योपचार आदिबाट उनीहरू अझै वञ्चित छन्। स्वच्छ पिउने पानी, शिक्षा, प्रोटिनयुक्त खाद्यान्नको अभाव पनि उनीहरूका लागि सामान्य बनेको देखिन्छ।

पत्थरकट्टा जातिभित्रै पनि सामाजिक सांस्कृतिक विविधता पाइन्छ। यो जातिभित्र पनि ७ उपजाति छन्- उटवा, चमार, भैस, भरैया, बधिया, पतरभारिया र बङ्गेरिया। यस जिल्लामा रहेका कुनै पनि पत्थरकट्टाले एसइइ परीक्षा पास गरेका भेटिन्न। सरकारी जागिरमा पनि कोही छैनन्। तर पनि पछिल्लो समय विद्यालय जाने बालबालिकाको सङ्ख्या भने वृद्धि हुन थालेको देखिन्छ। श्री आदर्श निमावि भट्डीहवामा २० जना विद्यार्थी भर्ना भएका छन्।

**संस्कार/संस्कृति**

(**क**) **जन्म संस्कार** : पत्थरकट्टा जातिका महिलाले बच्चा जन्माउने बेला भएपछि अनुभव भएका महिलाले सुडेनीको भूमिका निर्वाह गर्छन्। बच्चा जन्मेपछि गर्नुपर्ने कार्य चमार जातिका महिला चमाइनले नै गर्ने गरका पाइन्छ। तर आजकल भने गर्भवती भएदेखि जँचाउन जाने र सुत्केरी हुन पनि अस्पताल वा स्वास्थ्य केन्द्रहरूमा जाने क्रम बढेको छ। यो जातिमा चमाइनले नाल काट्ने, सुत्केरीको शरीर माडिदिने, बुकुवा लगाइदिने आदि काम गर्छन्। यस समुदायमा पहिले पहिले १ महिनामा नाम राख्ने चलन भए पनि आजकल जन्म दर्ता गर्नुपर्ने भएकाले सात दिनमै नाम राख्न थालिएको छ। तर न्वारन गर्ने चलन भने छैन। बालबच्चाको नामाकरण बाबु, आमा अथवा परिवारको सल्लाहमा आफैँ राखिदिने चलन छ।

यसैगरी नटुवा जातिका महिला भने धेरै समस्या भएमात्र अस्पतालसम्म जान्छन् नत्र प्रायःले घरमै बच्चा जन्माउँछन्। घरमा सुत्केरी गराउँदा चमाइनले विशेष औजारले नाल काट्छन्। सुत्केरीलाई बुकुवा, तेल लगाएर माड्ने पनि उनीहरूले गर्ने गर्छन्। बच्चाको नाम १ महिनामा राख्छन्। यसरी नाम राख्दा कुनै हिरो, हिरोइन वा आफूले सुनेका नाम परिवारमा सल्लाह गरेर राख्ने चलन छ। यसबेला पूजाआजा भने हुँदैन।

(**ख**) **पास्नी/छेवर** : पत्थरकट्टा जातिका बच्चा हुर्कने क्रममा छ महिना पुगेपछि पास्नी (भात खुवाउने) गरिन्छ। आमाको दूधले पुग्ने समयसम्म भात खुवाइँदैन त्यसपछि भने बानी लगाउन भात, पानी र डब्बाको दूध खुवाउने चलन छ। आर्थिक अवस्था कमजोर भएकाले उनीहरू पास्नीमा भोजभतेर गर्दैनन्। नटुवा जातिको पास्नी/छेवरको चलन पनि यस्तै छ।

(**ग**) **मुरहन** : नटुवा जातिका बच्चा अलि ठूलो भएपछि जेठ महिना पारेर मुरहन (मुण्डन) गर्ने चलन छ। मुण्डन गर्दा हजामले कपाल काटिदिन्छन्। नट महिलाले बालकको शिरमा पैसा घुमाइ त्यो हजामलाई नै दिन्छन्। मुण्डनको दिन सुङ्गुरको पाठो पूजा गरी काटेर भोज गरिन्छ।

(**घ**) **विवाह संस्कार**: पत्थरकट्टा जातिमा विवाह गर्ने प्रचलन अन्य जातिको भन्दा फरक छन्। मागी र भागेर जाने, दुवैखाले विवाह हुन्छ। यो जातिको संस्कारअनुसार केटा पक्षले केटी पक्षका बाबु/आमासँग छोरी माग्ने र दुवै पक्ष सहमत भए विवाह गरिदिने चलन छ। केटाको बुबा र केटीको बुबा दुवै बसेर रक्सी र मासु खान्छन्। त्यही क्रममा ल मेरी छोरी तलाई दिएँ भनेपछि विवाह पक्का भएको मानिन्छ। उनीहरूको विवाह भने आफ्नै जातमा मात्र हुने गर्छ। उनीहरूभित्रै सात उपजात रहेकाले एकाघर परिवारबाहेक अन्य पत्थरकट्टासँगै विहेवारी चल्छ।

आफ्नै जातिभित्रको यस प्रकारको विवाहमा केटी माग्न जाने, कुरा छिन्ने, ठेकी लगाउने, जन्ती जाने, सगुन खुवाउने, पर्सिने, साइमुन्द्री बुझाउने, बेहुली अन्माउने जस्ता कार्य गरिन्छ। यसै क्रममा बाटो छेक्ने, लोकन्ते पाहुना बोलाउने, जग्गे बनाउने, बेहुली भित्राउने, सिन्दूर हाल्ने, ठाउँ सार्ने, जुठो खुवाउने, ढोगभेट गर्ने र दुलही बिदा गर्ने चलन पनि छ। यसबाहेक विवाहका क्रममा पाहुना खुवाउने, ढोगभेट फुकाउने वा सम्धीलो पनि गर्छन्।

चोरी विवाह वा भागेर गर्ने विवाहमा भने केटीको अभिभावकलाई कुनै जानकारी नै नदिइ फकाइफुल्याइ वा राजीखुसी पारेर भगाउने प्रचलन छ। तर विवाहपछि भने केटा र केटी दुवै पक्षलाई गाउँ समाजले दण्ड सजाय दिने गर्छन्। यस्तो दण्डबापत

समाजलाई केटा/केटी दुवै पक्षले भोजभतेर खुवाउनुपर्छ । नत्र उनीहरूले छोएको पानी नचल्ने प्रचलन छ।

विवाहमा जङ्गली जनावर (स्याल, खरायो आदि) मारेर भोजभतेर गर्ने गरिन्छ। पत्थरकट्टा जातिको परम्परागत संस्कारअनुसारचाहिँ मागी विवाह हुने गर्छ। उक्त जातिका छोरीलाई पहिले–पहिले सानै उमेरमा बिहे गरिदिने गरे पनि अहिले भने त्यस्तो चलन कम हुँदै जान थालेको छ। अहिले धेरैजसो १८ वर्ष नाघेपछि मात्र बिहे गरिदिने गरिन्छ। केटा र केटीले एकापसमा मन पराएपछि अभिभावकले मागी बिहे गरिदिने गर्छन्। यो जातिमा दाइजोको चलन खासै छैन।

**नटुवा जाति** : यिनीहरूको विवाह बाल्यकालमै हुने गरेको पाइन्छ। तर आजकल भने कमसेकम १८ वर्ष पुगेपछिमात्र विवाह गरिदिने चलन चलेको छ। दाइजोको विकृति यो जातिमा देखिन्न । बरु केटा पक्षले केटी पक्षलाई भने केही रकम दस्तुरका रूपमा दिने गर्छन् । मामा र फुपूको छोरी विवाहका लागि हकदावी नै हुन्छ। विवाहमा पण्डित बोलाएर होम, पूजापाठ गर्ने गर्छन् भने टीका सिन्दुर हाल्ने, गोडा धुने, औँठी दिने, मङ्गलसूत्र दिने चलन पनि छ । विवाह सकेपछि आँपको रुखमा पाँच ओटा धर्का तानिन्छ र धागो बाँधेपछि बेहुला/बेहुलीको टाउको आँपको बुटामा ठोक्काइन्छ। त्यसपछि बल्ल विवाह समापन हुन्छ । विवाह पूरा भएपछि दुलहीसँगै सुङ्गुरको पाठो पनि पठाइन्छ। घर फर्केपछि दाल, चामल, मासु परिवार हेरी बाँडिन्छ। त्यसलाई आआफ्नै चुलोमा पकाएर खान्छन् । तर आजकल भने विवाहमा आएका जन्तीलाई दालभात खुवाउने चलन देखिन्छ। विवाह सकिएपछि केटीलाई बेहुलाको घरमा पठाइन्छ।

(ङ) **मृत्यु संस्कार** : पत्थरकट्टा जातिको मृत्यु संस्कार पनि आफ्नैखालको छ। विवाहित व्यक्तिको मृत्यु भएमा पहिले सम्पूर्ण आफन्तलाई खबर गरी बोलाइन्छ। त्यसपछि बाँसको घारो बनाइ लास कात्रोले बेरेर खोलामा लगी जलाउने गरिन्छ। विवाह नभएको व्यक्तिको मुत्यु भएमा चाहिँ खोला किनारमा लगी एक मान्छे गहिरो खाल्डो खनी गाड्ने चलन छ। दाहसंस्कार गरेपछि मलाम गएकालाई खुवाएर पठाउने चलन छ। गोबरको गुइँठाको आगो बालेर गहुँको पीठोको डल्ला बनाएर आगोमा राखी पोल्ने र मलामीलाई खुवाउने अनि आफूहरूले पनि खाने गर्छन्।

धूप दिने, मट्टी दिने र किरिया बस्ने चलन पनि छ। बाबुको मृत्यु भएमा छोराहरूले कपाल दारी काट्ने, नुहाउने, सात दिनसम्म हर्दी, नून, मासु केही नखाने गर्छन्। धेरै भाइ भए एउटा भाइले किरिया बस्ने, कसैले छोएको नखाने र सादा भात खाने चलन छ। सात दिनसम्म आफूले खाने दाल, भात तरकारी आदि मृतकका नाममा चढाउने र बल्ल आफूले खाने गर्छन्। सात दिनका दिन आफ्नै जातिका मलामी बोलाएर खुवाउने र सोही दिन उम्कने चलन छ। अन्य जातिका मानिसले उनीहरूले छोएको नखाने हुँदा उम्कने बेला बोलाउँदैनन्।

**नटुवा जाति** : कुनै नटको मृत्यु भएमा आफन्त बोलाइ जम्मा भएपछि बाँसको घारामा बाँधेर नदीमा लग्छन् । विवाहित रहेछ भने जलाउँछन् । अविवाहित रहेछ भनेचाहिँ गाड्ने चलन छ। छोराहरू कपाल दारी काटेर किरिया बस्ने गर्छन् । किरिया बस्नेले अरुले छोएको खाँदैनन् भने दिनको एकपटक दिउँसोतिर सादा खाना (मासको दाल र भात) खान्छन्। नून, माछा, मासु किरिया बसेका बेला खाँदैनन्। १६ औँ दिनका दिन नङ, कपाल काटेर नुवाइधुवाइ गरी पण्डित बोलाएर किरिया समाप्त गर्छन्। उक्त दिन आफन्तलाई दानदक्षिणा दिन्छन् भने इस्टमित्र र मलामीलाई भात, रोटी, मासको दाल बनाइ खान दिने चलन छ।

(**च**) **धर्म** : पत्थरकट्टा जाति हिन्दु धर्मावलम्बी हुन्। भोला शङ्करको पूजा गर्छन्। उनीहरू ३ वर्षमा एकपटक सुङ्गुर काटेर चमारिया देवता (कुलन पूजा) को पूजा गर्छन्। नटुवा पनि हिन्दु धर्म मान्छन्।

(छ) **भाषा** : पत्थरकट्टा जातिको आफ्नो छुट्टै मातृभाषा छ । यसलाई गिहारिया भाषा भनिन्छ तर धेरैजसो अवधि संस्कृतिमा हुर्केकाले अवधि भाषा नै बोल्ने गर्छन्। आफूहरूबीच बोल्दा गिहारिया भाषा बोले पनि अरुसँग कुरा गर्दा भने अवधि भाषा प्रयोग गर्ने भएकाले उनीहरूको भाषा बिस्तारै लोप हुने देखिन्छ।

नटुवाको पनि आफ्नै भाषा छ जसलाई खडा भाषा भनिन्छ। तर उनीहरू पनि मैथिली तथा अवधी भाषा नै बोल्ने गर्छन् प्रायः। उनीहरूको भाषा संरक्षण गर्नेतर्फ कुनै पहल नहुँदा यो पनि लोप हुने अवस्थामा छ।

मुलुकमा मातृभाषाको सङ्ख्या बढे पनि मातृभाषीहरूको सङ्ख्या भने घट्दो क्रममा छ। वि.सं. २०५८ सालमा ९२ वटा मातृभाषा रहेकामा मातृभाषा बोल्नेको सङ्ख्या भने ४८.६ प्रतिशत थियो भने २०६८ सालको जनगणनामा १ सय २३ वटा मातृभाषा पुगे पनि मातृभाषा बोल्नेको जनसङ्ख्या ४४.६ प्रतिशतमात्र छ।

(**ज**) **पोशाक/गहना** : पत्थरकट्टा जातिका महिलाले परम्परागतरूपमा धोती, ब्लाउज, समिज लगाउँछन्। साथै गहनामा फुली, बुलाकी, कानमा मुन्द्रा, हातमा चुरा, गलामा पोते, खुट्टामा चाँदीको काँडे कल्ली, पाउजु, बनाइ लगाउने गर्छन्। निधारमा टीका/सिन्दूर लगाउँछन्। यसैगरी पुरुषले लुङ्गी, कछाड, कुर्ता, गञ्जी र पगडी लगाउने गर्छन्। तर हाल यो जातिका कमैले

मात्र आफ्नो परम्परागत पोशाक र गहना प्रयोग गरेका देखिन्छ। बढ्दो आधुनिकतासँगै उनीहरूको पोशाक लवाइमा पनि परिवर्तन देखिन थालेको छ।

नटुवा महिला भने साडी र ब्लाउज लगाउँछन्। गहनामा पायल, विछुवा, हातमा चुरा, नाकमा फुली/बुलाकी र कानमा बाला लगाउने गर्छन्। पुरुषचाहिँ पाइन्ट, सर्ट, बन्डी आदि लगाउने गर्छन्।

(झ) **चाड/पर्व** : पत्थरकट्टा जाति भोला शङ्करको पूजा गर्छन्। कुल पूजा जस्तै पत्थरकट्टाले ३ वर्षमा एकपटक सुङ्गुर बली दिइ चमारिया देउताको पूजा गर्छन्। यतिबेला आफन्त बोलाएर खुवाउने चलन पनि छ। उनीहरूको छुट्टै चाड नभए पनि हिन्दु संस्कारअनुसारका साउने सङ्क्रान्ति, माघे सङ्क्रान्ति, दसैँ, तिहार र चैते दसैँ, होलीलगायतका चाड/पर्व विधिपूर्वक मान्ने गर्छन्। तर उनीहरूको आर्थिक अवस्था कमजोर भएकाले अन्य समुदायले जस्तै ऋण खोजेर खर्च गर्ने काम भने गर्दैनन्।

नटुवा जाति पनि दीपावली, दशहरा, नाग पञ्चमी, होली, फागु पूर्णिमा, श्रीपञ्चमी, रक्षाबन्धन जस्ता चाड मनाउने गर्छन्। उनीहरू वैशाख महिनाको पहिलो आइतबार खिर पुरी खाएर रमाउने गर्छन्। जेठ शुक्ल पूर्णिमाका दिन घरका देवता (कारदेव वागेश्वरी) *र असारमा बरम (ब्रह्मा)* को पूजा गर्छन्।

(ञ) **स्वास्थ्य** : पत्थरकट्टाको आर्थिक अवस्था कमजोर छ। यही कारण उनीहरू पौष्टिक आहार खान पाउँदैनन्। यही कारण यो समुदायका बालबालिका कुपोषित छन्। वयस्क र ज्येष्ठ नागरिकको स्वास्थ्य पनि दयनीय देखिन्छ। स्वच्छ पिउने पानीको अभावले गर्दा उनीहरू विभिन्न रोगबाट ग्रसित देखिन्छन्। सबै घर कच्ची तथा खरले छाएका झुपडी भएकाले छुट्टै भान्सा नहुँदा धुँवा धुलोबाट खासगरी महिलाको स्वास्थ्यमा प्रतिकूल असर परिरहेको देखिन्छ।

तर पनि यो जातिमा बिरामी भइहालेमा आधुनिक औषधोपचार गर्नेभन्दा पनि धामी/झाँक्रीको सहारा लिने प्रचलन छ। पछिल्लो समय अस्पतालसम्म जान थालेका त देखिन्छन् तर आर्थिक समस्याले यहाँ पनि उनीहरूलाई सजिलो छैन। यसैगरी यो समुदायका विवाहित महिला तथा पुरुषमा गर्भनिरोधक साधन प्रयोग गर्ने चलन कमैमात्र देखिन्छ। बढी बच्चा जन्माउने गर्दा आमाको स्वास्थ्य अवस्था कमजोर छ।

यस्तै अवस्था नटुवा जातिको पनि छ। सरसफाइमा कम ध्यान दिने, बासी, सडे/गलेका खानेकुरा खाने गर्दा बालबालिकामा कुपोषणलगायत समस्या देखिन्छ। तर पनि पछिल्लो समयमा सरकारले बालबालिकालाई मासिक ४ सय रुपियाँ पौष्टिक आहारबापत दिन थालेपछि भने कपिलवस्तुको शुद्धोधन–१ मा केही सुधार देखिएको छ। पूरै धामी/झाँक्रीको भर पर्नेहरू बिस्तार बिस्तार स्वास्थ्य निकायहरूमा पनि जान थालेको लक्ष्मी नटुवाले बताइन्।

(ट) **शिक्षा** : प्रत्येक नेपालीले शिक्षा हासिल गर्न पाउने अधिकार राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय कानुनले सुरक्षित गरेका छन्। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रले पनि सबैका लागि समानताका आधारमा प्रत्येक उचित उपायद्वारा खासगरी निःशुल्क शिक्षाको वकालत गरेको छ। त्यसैगरी प्रगतिशील अवलम्बनबाट उच्च शिक्षा समानरूपमा र पहुँचयुक्त बनाइनेछ भनेको छ। यसैगरी नेपालको संविधानले शिक्षालाई मौलिक हकका रूपमा अङ्गीकार गर्दै प्रत्येक नेपालीले मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ भनी उल्लेख गरेको छ।

यी कानुनी आधार हुँदाहुँदै पनि पत्थरकट्टा शैक्षिक रूपमा पछाडि छन्। यो जातिको मातृभाषामा पाठ्यपुस्तक निर्माण नभएकाले आफ्नो मातृभाषामा पठनपाठन गर्न त पाएका छैनन् नै, साथै बालबालिकालाई विद्यालय भर्ना नै नगर्ने र गरे पनि बीचैमा कक्षा छाड्ने चलनले गर्दा पनि उनीहरूको शैक्षिक स्तर उठ्न नसकेको हो। कमजोर आर्थिक अवस्थाले गर्दा पनि यो समुदायका अभिभावकको प्राथमिकता शिक्षातर्फ परेको देखिन्न। यो समुदायबाट एकजनाले पनि एसएलसी (हाल एसइइ) उत्तीर्ण नगर्नु तथा एकजना पनि सरकारी जागिरमा नहुनुले पनि उनीहरूको शैक्षिक अवस्था कति दयनीय छ भन्ने प्रष्टिन्छ।

नटुवा पनि पत्थरकट्टा जाति जस्तै शिक्षा क्षेत्रमा पछाडि परेको समुदाय हो। उनीहरूको समुदायमा बूढापाका र महिला पूरैजसो निरक्षर छन्। पछिल्लो समय बालबालिकालाई विद्यालय पठाउने क्रम बढे पनि त्यो पर्याप्त छैन। बूढापाका नटुवा अहिले पनि सर्प नचाउने पेशामा हिँड्छन् भने महिला तथा बालबालिका माग्न गाउँगाउँ जाने हुँदा विद्यालय जानु उनीहरूको प्राथमिकतामा पर्दैन।

(ट) **सामाजिक सङ्घ/संस्थामा आबद्धता–** पत्थरकट्टा जातिको संरक्षण/संवर्द्धनका लागि भनेरै विभिन्न सङ्घ/संस्था खुलेका छन्। लोपोन्मुख आदिवासी जनजाति कुसवडिया उत्थान सङ्घ छ। यसमा पनि टाठाबाठाले नगरपालिका, गाउँपालिकाबाट बजेट ल्याउँदै खर्च गर्ने गर्छन्। तर अधिकांश पत्थरकट्टालाई भने यसबारे जानकारी नै छैन। कुनै पनि कार्यक्रममा आफूहरूलाई सहभागी नगराइएको उनीहरूको भनाइ छ। पछिल्लो समय भने केही

सङ्घ/संस्था र राज्यले यो समुदायको हक अधिकार प्राप्तिका लागि सघाउन थालेका देखिएको छ।

नटुवा जातिकै संरक्षण/संवर्द्धनका लागि भनेरै छुट्टै कुनै संस्था खुलेको छैन तर यो समुदायका महिला आमा समूहमा आबद्ध भएर थोरथोर बचत भने गर्न थालेका छन्। शुद्धोधन गापा–१ प्रगति टोलकी लक्ष्मी नटुवाले आफूहरू अहिले बचत गर्ने कार्यमा लागेको जानकारी दिइन्।

**मुख्य समस्या**

कपिलवस्तुमा बसोबास गर्ने सीमान्तकृत लोपोन्मुख पत्थरकट्टा र नटुवा जाति आर्थिक, सामाजिक तथा सांस्कृतिकरूपमा पछाडि परेका वा पारिएका छन्। यो जातिमा देखिएका मुख्य समस्या निम्नबमोजिम छ :

(क) **कमजोर आर्थिक अवस्था–** गरिबी समग्र मुलुकको समस्या भए पनि अधिकांश पत्थरकट्टा र नटुवा जाति गरिब हुनु यी जातिको मुख्य समस्या हो। उनीहरूको परम्परागत सिप तथा पेशा राम्रो आम्दानी हुनेखालको नभएकाले यो समस्या सिर्जना भएको हो। त्यही निर्वाहमुखी पेशा पनि यतिबेला सङ्कटमा परेको छ। यसका साथै परिवर्तित समय एवम् परिस्थितिसँग यो जाति समायोजन हुन सकिरहेको छैन।

तुरुन्त आम्दानी दिने, दिगो र ठूलो आकारमा व्यवसाय सञ्चालन गर्न नसक्दा पनि यो जातिको आर्थिक अवस्था कमजोर देखिएको छ। त्यसमाथि नटुवा र पत्थरकट्टा जातिको संस्कार/संस्कृति, साँझ रक्सी/मासु खाने चलनले पनि उनीहरूलाई गरिब हुन सघाइरहेको छ। उनीहरूको आफ्नै कानुनी स्वामित्व भएको जग्गा पनि छैन। ऐलानी तथा जङ्गलको किनाराहरूमा घर बनाएर बसेका हुँदा सुरक्षाको हिसावले पनि सङ्कटमा छन्। केन्द्रीयदेखि स्थानीय सरकारसम्म कुनैमा पनि यी जातिको प्रतिनिधित्व नहुँदा आवाज उठाइदिने पनि खासै देखिएका छैनन्।

(ख) **शैक्षिकरूपमा पछाडि हुनु–** कपिलवस्तुमा बसोबास गर्ने नटुवा र पत्थरकट्टा जाति शैक्षिकरूपमा माथि उठ्न सकेका छैनन्। उच्च तहसम्म अध्ययन गर्ने नटुवा र पत्थरकट्टाका कोही पनि हालसम्म छैनन्। यो जातिका बालबालिकालाई विद्यालय नै भर्ना नगर्ने र गरेकाले पनि बीचैमा कक्षा छाड्ने गरेकाले शैक्षिक स्तर उठ्न नसकेको हो। पछिल्लो समय भने राज्यले सामाजिक सुरक्षा भत्ता दिन थालेपछि पत्थरकट्टा जातिका बालबालिका विद्यालय भर्ना गरेका छन्। तर पनि पढाइप्रति आकर्षित हुन भने सकेका छैनन्। यस्तै नटुवा जातिका बालबालिका अझै गरिब अवस्थामा छन्। उनीहरू विद्यालय भर्ना भए पनि कापी, कलम, झोला आदि किन्नसमेत बिदाका दिन घर/घरमा भिक्षा माग्न जानुपर्ने बाध्यता छ। यस्तो अवस्थाले उनीहरूको शिक्षा आर्जनमा प्रतिगामी भूमिका निर्वाह गरिरहेको छ।

(ग) **सङ्कटमा परम्परागत सिप तथा पेशा–** यहाँका पत्थरकट्टा समुदायको परम्परागत सिप तथा पेशा लोप हुने अवस्थामा पुगेको छ। पत्थरकट्टा जाति चुरे पहाडका खोलामा गई ढुङ्गा खोजी कुँदेर लोहोरो तथा सिलौटो बनाउने र बेच्ने गर्थे। अहिले घर–घरमा आधुनिक मिक्सचर मेसिनहरू तैनाथ हुन थालेपछि लोहोरो सिलौटो नै प्रयोग हुन छाडेको छ। केही बिकिहाले पनि त्यसले जीविका चल्न सक्ने स्थिति छैन।

नटुवा जातिको पेशा पनि बिस्तार हराउँदै जान थालेको छ। पहिले पहिले गाउँमा मनोरञ्जनका साधन खासै नहुनाले नटुवा पुरुषले बोकेर हिँड्ने विषालु सर्पको नाच हेर्ने र रमाएर पैसा दिनेहरू निस्कन्थे। विवाह, व्रतवन्ध, पूजाआजा आदिमा बाजा बजाउने काम पनि पाउँथे। तर मनोरञ्जनका साधनको बढोत्तरीसँग उनीहरूको पेशा सङ्कटमा परेको छ भने माग्ने काम पनि शर्मनाक हुँदै गएकाले क्रमशः घट्दो छ।

(घ) **आफ्नै जमिन नहुनु–** नटुवा र पत्थरकट्टा जातिको मुख्य समस्यामध्ये आफ्नै स्वामित्वमा खेतीयोग्य जमिन नहुनु पनि हो। यही कारण उनीहरू जीविकोपार्जनका लागि पुर्ख्यौली पेशा चल्न छाडेपछि अर्काको जग्गा कमाउन बाध्य छन्। यसरी खेती गर्दा लागतअनुसार उत्पादन हुँदैन। उद्योग, कलकारखाना पनि खासै नहुँदा रोजगारीसमेत पाउँदैनन्। जग्गा नभएकै कारण बसोबासका लागि अत्यावश्यक घर बनाउनसमेत कठिनाइ देखिएको छ यो समुदायलाई। यही कारण अहिले बसोबास गरिरहेको ठाउँबाट पनि कुनबेला उठाइने हो भन्ने त्रासले जतिबेला पनि सताइएका हुन्छन् उनीहरू।

(ङ) **चेतनाको कमी–** नटुवा र पत्थरकट्टा जाति आर्थिक, सामाजिक तथा सांस्कृतिकरूपमा पछाडि पर्नुको प्रमुख कारणमध्ये चेतनाको कमी पनि एक हो। यही कारण बदलिँदो परिस्थितिसँग समायोजन हुन नसक्दा पनि उनीहरू पछि परेका/पारिएका हुन्। आफ्ना लागि राज्यले तय गरेको नीति तथा कार्यक्रमबारे समेत जानकार नहुनु, त्यसैले यी कार्यक्रम उपभोग गर्न नसक्नु जस्ता कारण पनि उनीहरू पछि परेका हुन्। यसैगरी संस्कार/संस्कृतिसहित दैनिक खानपान बढी खर्चालु हुने गरेकाले पनि चेतना स्तर उठ्न नसकेको स्वयम् उनीहरू नै बताउँछन्।

(च) नीतिगत समस्या– नेपाल सरकारले तय गरेको नीति तथा कार्यक्रमले पनि नटुवा र पत्थरकट्टा जातिको समस्या सम्बोधन गर्न सकेको छैन। स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ ले आदिवासी जनजाति तथा लोपन्मुख जातिका

लागि बजेट तथा कार्यक्रम समावेश गरेको थियो । पछिल्लोपटक आएको बजेट तर्जुमा निर्देशिका २०७४ ले लक्षित वर्ग तथा समुदायका लागि अनिवार्यरूपमा समावेश गर्नैपर्ने गरी कुनै नीति तथा कार्यक्रम समावेश गरेको पाइँदैन । यसले गर्दा पछाडि पारिएका नटुवा र पत्थरकट्टा जाति राज्यको मूल प्रवाहबाट अझै टाढिने सम्भावना देखिन्छ ।

**उत्थानका लागि भएका प्रयास**

(**क**) **सामाजिक सुरक्षा भत्ता** : नेपाल सरकारले लोपोन्मुख अल्पसङ्ख्यक जातिका रूपमा सूचीकृत गरेका कारण पत्थरकट्टा जातिको प्रत्येक सदस्यलाई मासिक २ हजार रुपियाँका दरले सामाजिक सुरक्षा भत्ता दिन थालिएको छ । जसबाट उनीहरूका सानातिना घरायसी समस्या समाधान हुन थालेको छ भने बालबालिकालाई स्कुल पठाउन थालेका छन् । तर अल्पसङ्ख्यक लोपोन्मुख सबैभन्दा तल्लो जातिका रूपमा राखिएको नटुवा जातिलाई भने दलितमा सूचीकृत गर्दा उनीहरूले राज्यबाट पाउने सामाजिक सुरक्षा भत्ता पाउन सकेका छैनन् । यही कारण पनि उनीहरूको आर्थिक अवस्था अझ जर्जर बन्दै गएको छ ।

(**ख**) **स्थानीय सरकारको बजेट** : नीति तथा कार्यक्रम– नेपाल सरकारले तय गरेको नीति तथा कार्यक्रमअनुसार लक्षित समूह विकास कार्यक्रमअन्तर्गत अघिल्लो आर्थिक वर्षसम्म महिला र बालबालिकाका लागि न्यूनतम १०–१० प्रतिशत र आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, पिछडा वर्ग, दलित, ज्येष्ठ नागरिक, मधेसी मुस्लिम आदिका लागि १५ प्रतिशत बजेट विनियोजन गर्नुपर्ने व्यवस्था थियो । तर राज्य पुनःसंरचना भएसँगै लागु भएको बजेट तर्जुमा निर्देशिका २०७४ ले लक्षित समुदायका लागि लगानी गर्नुपर्ने नीतिगत व्यवस्था हटाएको छ ।

बुद्धभूमि नगरपालिकाको आव २०७५/७६ को वार्षिक बजेट, नीति तथा कार्यक्रमअन्तर्गत दलित, महिला, जनजाति, मधेसी, मुस्लिम सीमान्तकृत तथा अल्पसङ्ख्यकलाई आयआर्जनमार्फत प्रत्यक्ष प्रतिफल प्राप्त गर्न र गरिबी निवारणसम्बन्धी नीति लिइनेछ भनिएको छ । यस्ता समुदायका लागि जीविकोपार्जनका कार्यक्रम सञ्चालन गरिने पनि उल्लेख छ । यसैगरी महिला, बालबालिका तथा अपाङ्गतासम्बन्धी नीतिमा गरिबी न्यूनीकरणका लागि महिला, बालबालिका, अशक्त अपाङ्गता भएको, दलित, आदिवासी, जनजाति, विपन्न, मुस्लिम, अल्पसङ्ख्यक समुदायलाई प्राथमिकतामा राखी विकास गरिने नीति लिइनेछ भनिएको छ । यस्तै गरिब र विपन्न वर्गसम्म प्रभावकारीरूपमा स्वास्थ्य सेवा प्रदान गरिने पनि उल्लेख छ तर अल्पसङ्ख्यक लोपोन्मुख जातिका लागि भनेर कुनै बजेट विनियोजन भएकोचाहिँ छैन ।

यस्तै कपिलवस्तु नगरपालिकाले पनि आफ्नो नीति तथा कार्यक्रममा महिला, आदिवासी, जनजाति मधेसी, मुस्लिम, पिछडा वर्ग, दलित आदि लक्षित वर्गको कार्यक्रम गर्दा त्यस्ता वर्गका विपन्न जनताको आयआर्जन, सिप विकास र क्षमता अभिवृद्धिमा जोड दिइने भनिएको छ । तर उक्त नगरपालिकाले पनि अल्पसङ्ख्यक लोपोन्मुख जातिका लागि भनेर छुट्टै बजेट विनियोजन गरेको छैन ।

**निष्कर्ष**

नेपालमा बसोबास गर्ने लोपोन्मुख अल्पसङ्ख्यक सीमान्तकृत नटुवा र पत्थरकट्टा जाति आर्थिक, सामाजिक तथा सांस्कृतिकरूपमा सवल हुन नसकेको देखिन्छ । कपिलवस्तुको वाणगङ्गा नगरपालिका गजेहडा, पतेरिया, कपिलवस्तु नपाको तौलिहवा, कुदान, वसन्तपुर, महाराजगन्ज नगरपालिकाको महाराजगन्ज, शिवराज नपाको चन्द्रौटा, चनइ, कृष्णनगर नगरपालिकाको कृष्णनगर, बहादुरगन्ज, मायादेवी गाउँपालिकाको पकडी र शुद्धोधन गाउँपालिकाको प्रतिनगर, भैसयामा नटुवा तथा पत्थरकट्टा जातिको बसोबास छ ।

समाजका हरेक क्षेत्रमा आएको परिवर्तनसँगै उनीहरूको भाषा, संस्कार, संस्कृति, परम्परागत सिप तथा पेशा लोप हुने अवस्थामा पुगेका छन् । जीवन यापन गर्ने क्रममा बदलिँदो परिस्थितिअनुसार यी जाति समायोजन हुन नसक्दा समस्या थपिएका देखिन्छ । जसले गर्दा पत्थरकट्टा र नटुवा जाति राज्यको मूल प्रवाहमा समाहित हुन सकेका छैनन् । राज्यले यी समुदायका लागि बनाएका नीति तथा कार्यक्रम कागजमा मात्र सीमित रहेकाले पनि उनीहरूको जीवन स्तर सुध्रन सकेको छैन ।

**स्रोत** : मानव अधिकार वर्ष पुस्तक, नेपालको संविधान २०७२, अन्तर्राष्ट्रिय कानुनहरू, विभिन्न व्यक्तिको अन्तर्वार्ता, भनाइ, भिडियो तथा एभीन्यूज टेलिभिजन ।

## परिच्छेद ३

# ३.६ लोपोन्मुख राउटे समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्था

**पृष्ठभूमि**

दधीचि ऋषिले तपस्या गरेको भूमि भएकाले उनकै नामबाट दधीचि लेक हुँदै दैलेख नाम रहेको जनश्रुति छ। अर्को एक प्रसङ्गअनुसार सत्य युगका बेला देवताहरूले बास गरेको स्थान भएकाले देवलोक भनिएको र यसैको नाम अपभ्रंश हुँदै दैलेख रहन गएको भन्ने छ। अर्को कथनअनुसार हावापानी र वातावरणीय हिसाबले पनि अनुकूल भएका कारण यहाँ गाईवस्तु पाल्ने गरिएबाट दूध दही प्रशस्त पाइने भएकाले दही लेक भन्दाभन्दै अहिले दैलेख हुन गएको विश्वास गर्नेहरू पनि छन्।

पुरातत्व विभागले समेत पुष्टि गरेको वि.सं. १०३८ मा लेखिएको भनिएको नेपाली भाषाकै सबैभन्दा पुरानो शीलालेख[१] दैलेख पुरानो मानव बस्ती भएको प्रमाण हो। विभिन्न जातजातिको उद्गम थलो भनेजस्तै नेपालमा अहिलेसम्म फिरन्ते जीवन बिताइरहेका राउटे जाति पनि दैलेख र यसकै सेरोफेरोमा घुमिरहनुले पनि दैलेख पुरानो बस्ती थियो भन्न थप बल पुऱ्याएको छ। आफ्ना पुराना चालचलन र रीतिरिवाजलाई समाजले ग्रहण गर्ने भएकै कारण सुरक्षा र समायोजन हुन सजिलो ठानेर राउटे समुदाय दैलेख र आसपासकै जिल्लाहरूमा फिरन्ते जीवन बिताउँदै आएका छन्।

गुजाराका लागि काठका सामग्री बनाउन जङ्गलको पर्याप्तता, गम्भीर स्वास्थ्य समस्याबाहेक सामान्य चोटपटक वा बिरामी पर्दा प्रयोग गर्ने आयुर्वेदिक औषधि अर्थात जडीबुटी पनि प्रशस्त पाउने भएका कारण पनि राउटे समुदायले दैलेखलाई बास स्थान रोजेका हुन सक्छन्।

दैलेखलगायतका सुर्खेत, अछाम, सल्यान, दाङ तथा यही भेगमा राउटे समुदाय घुम्दै आएका पाइन्छ। बसाइँ सर्नुको कुनै खास कारण नपरे बढीमा तीन चार महिनामात्र उनीहरू एक ठाउँमा बस्ने गरेको पाइएको छ। बसाइँ सर्नुपदाचाहिँ तीन चार घण्टा पैदल हिँडेर जान सकिने स्थानमा सर्छन्। यसरी बसाइँ सर्दा दुई तीन दिनमा सबै परिवारले आफैँ बोकेर सामान सार्छन्, साह्रै बृद्धबृद्धा भए उनीहरूका लागि मद्दत गर्नेबाहेक सबैले आफ्नो सामान आफैँ बोकेर लैजान्छन्। बसाईं सर्दा यातायातका साधन प्रयोग गर्दैनन्।

**अध्ययनको उद्देश्य**

- राउटे जातिको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्थाबारे जानकारी लिने।
- यो समुदायको समस्या र समाधानका उपाय पहिचान गर्ने।
- यो जातिलाई सरकारले दिँदै आएको सामाजिक सुरक्षा भत्ता तथा अन्य सेवा/सुविधा वितरण प्रणालीलाई सहज बनाउन भूमिका निर्वाह गर्ने।
- यो समुदायको जीवन यापन कसरी सहज तुल्याउने भन्नेबारे सरोकारवाला निकायको ध्यानाकर्षण गराउने।
- राउटेसँग सम्बन्धित गैरसरकारी संस्था, सरकारी बजेट, कार्यक्रम आदिको खर्च, पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गराउन सघाउने।

**अध्ययनको महत्व**

नेपालको संविधानले मौलिक हक अन्तर्गत धारा १८ मा उल्लेखित समानताको हकसम्बन्धी उपधारा (१) मा सबै नागरिक कानुनको दृष्टिमा समान रहने भनिए पनि उपधारा (३) ले सामाजिक तथा सांस्कृतिक दृष्टिकोणले पिछडिएका जाति, वर्ग, क्षेत्र, लिङ्ग वा अल्पसङ्ख्यकहरूको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानुन बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन[२] भन्ने व्यवस्था भए अनुरुप लोपोन्मुख जातिको सूचीमा रहेका राउटे समुदायको संरक्षण तथा कल्याणका निम्ति थप कार्यक्रम ल्याउन र सरकारले अहिले लागू गरेका कार्यक्रमहरूको प्रभावकारिता विषयमा राज्यको ध्यानाकर्षण गराउन यो विषय उठाइएको हो।

**अध्ययन विधि**

राउटे समुदाय दैलेखकै आसपासमा बस्ने भएकाले उनीहरूका दैनिक जीवनयापन पद्धति,

१. नेपाली भाषाको पहिलो शीलालेख कीर्तिखम्व
२. नेपालको संविधान २०७३

खानपिन, उठबस्, रहनसहन बुझ्न, उनीहरूका समस्या थाहा पाउने उद्देश्यले गरिएको राउटे समुदायसम्बन्धी अध्ययन गर्न पहिले त उनीहरूको बस्तीमा पुगेर अध्ययन गरियो । २०७५ असारदेखि करिव ६ महिनासम्मको निरन्तर अध्ययन चलिरहेको यो क्रममा सुरुमा गुराँस गाउँपालिका–८ स्थित गर्चाखोला, भ्याँजे डाँडा, सोही वडाको पाखापानी, त्यसपछि सुर्खेत जिल्लाको लेकबेसी नपा–९ को गङ्गटेखोला, वडा नं. ३ को रातेखोला र अहिले अध्ययन प्रतिवेदन तयार पार्दा लेकबेसी नपा–१ को पुसको मध्य भागमा चिप्लेको जङ्गल पुगियो ।

यो अध्ययन अघि पनि राउटेहरू बसेको ठाउँमा पुगिरहने भएको कारण राउटेहरूले पत्रकारका हिसावले चिन्ने भएकोले फोटो खिच्न र विवरण लिन वा कुराकानी गर्न सहज भयो । नयाँ व्यक्तिसँग राउटेहरूले कुरा गर्न मान्दैनन् र उनीहरूको फोटो खिच्दा पैसा लाग्छ भन्ने गर्दछन् । राउटे समुदायमा पटकपटक भेट्ने बाहेक राउटे समुदायको विषयमा जानकारी पाएका पुरानाहरू, राउटे समुदायले अस्थायी बास बनाउँदै हिडेका क्षेत्रमा स्थानीयको बुझाइ र राउटेहरूका संस्कार, संस्कृति बुझियो ।

### अध्ययनको सीमा

राउटे समुदायको संस्कार तथा संस्कृति, भाषा, बोली, व्यवहार, चालचलन, खानपिन, धर्मकर्म, रीतिरिवाज बुझ्ने काम प्रमुख विषयमा बस्तु केन्द्रित गरियो । राउटे समुदायले समेत पाउने भनिएको लोपोन्मुख जातिहरूको सामाजिक सुरक्षा कार्यक्रमदेखि उनीहरूका लागि सहयोग गर्न सामाजिक सङ्घ–संस्था, सरकारी निकाय लगायतले पुऱ्याएका सेवा सुविधा तथा त्यसको उपयोगिताको अवस्था विषयलाई पनि खोजीनीति गरिएको छ ।

### जीवन पद्धति

फिरन्ते जीवनशैली भएका राउटे विभिन्न जङ्गलमा बसाइँ सर्दै बस्दै गर्छन् । जङ्गलमा पुगी काठका कोशी मधुस बनाइ त्यसलाई गाउँमा लगेर अन्नसँग साटेर जीविका धान्ने गर्छन् । काठका सामग्री निर्माण गर्नु, बाँदर सिकार गर्नु, माग्नका लागि नजिकका गाउँ पुग्नु उनीहरूको दिनचर्या हो । आफूले बनाएको काठको भाँडा बोकेर अन्नसँग साट्न गाउँमा पुग्ने र फर्केर आउन भ्याउने समय अन्दाज गरेर यिनीहरू बासको प्रबन्ध गर्छन् । आफ्नो बस्तीभन्दा बाहिर बास बस्ने अनुमति यसरी बाहिरफेर जानेलाई हुँदैन । राउटे मुखियाहरू राजधानीमा उच्च तहका पदाधिकारीहरूसँग भेटघाट गर्न गएका बेला र कोही गम्भीर बिरामी परेका बेला उपचारका लागि बाहेक कसैलाई पनि बस्ती बाहिर बास बस्ने अनुमति यो समुदायमा दिइँदैन ।

वनको हरियो स्याउला र घोचाहरूद्वारा गोलाकार र अण्डाकार छाप्रो वरिपरि बनाएर बीचमा केटाकेटी खेल्ने र महिलाले धान कुट्ने, निफन्ने आदि सम्म परेको ठाउँ राख्छन् । छाप्रो बनाउने कार्य भने महिलाले गर्छन् ।

कर तिरो तिरेर, खेतीपाती गरेर गाउँमा बस्नुलाई र अर्काको सित्तैमा खानुलाई अपराध सम्झन्छन् राउटे । बाटो लागेपछि पछाडि फर्केर खोला वा तालको पानी खाँदैनन्, मूलको मात्र खान्छन् । सम्पत्तिका नाममा यिनीहरूसँग पकाउने भाँडा, दाउरा काट्ने र सिकार गर्ने केही हतियारमात्र हुन्छन् । सर्ट, पेन्ट लगाएको मानिस भेट भए सिकार पर्दैन भन्नेमा विश्वास गर्छन् । अनि सिकार नपर्नुलाई ईश्वर रिसाएको ठान्छन् ।

### किन बस्दैनन् एकै ठाउँमा घर बनाएर ?

राउटे समुदायले कुनै एकै ठाउँमा घरजम गरेर नबस्नुका कारण मुख्य ३ वटा छन् ।[3] पहिलो कारण– बसेको ठाउँमा कुनै सदस्यको मृत्यु भएमा तत्काल त्यस ठाउँ छाड्नुपर्ने राउटेको चलन छ । कुनै सदस्यको मृत्यु भए तत्काल त्यही ठाउँमा गाडेर सबैजना रुँदै/कराउँदै अर्को बासको खोजीमा हिँड्नुपर्ने संस्कारले गर्दा उनीहरू एकै ठाउँ बस्न नसकेका हुन् । आफ्नो समुदायको कुनै व्यक्ति मृत्यु हुनेबित्तिकै त्यस ठाउँलाई अशुभ ठानेर उनीहरू नयाँ ठाउँको खोजीमा हिँड्छन् । नयाँ ठाउँमा पुगेर मृत्युको पीडा भुल्ने र अब नयाँ ठाउँमा आइपुगियो, मर्ने मरिहाल्यो, अरु कसैलाई केही हुँदैन भनेर सम्झाइन्छ । त्यसपछि बिस्तारै मृत्युको कुरा बिर्सन थाल्छन् ।

समुदायको सदस्य मरेमात्र बस्ती सर्ने नत्र नसर्नेचाहिँ होइनन् । आफूले बनाउने काठका भाँडाकुँडाको स्रोत कुकाठ पाउन छाडेको खण्डमा पनि अर्को ठाउँमा बस्ती सर्छन् । बस्ती सर्नुको दोस्रो कारण हो यो । करिब १०–१५ वर्षअघिसम्म नयाँ बस्तीमा काठ पाउन सक्ने सम्भावना केलाएरमात्र त्यहाँ जाने गर्थे । अहिले भने काठका भाँडा बिक्रीमा कमी आएको र सरकारले राउटे जातिलाई पनि भत्ता दिन थालेपछिचाहिँ किनमेल गर्न सकिने बजारको निकटतासमेतलाई ध्यानमा राख्न थालेका छन् बस्ती सर्दा ।

राउटे मुखिया र तोकिएका केही पुरुष युवाले सम्भावित नयाँ बस्तीको अध्ययन गरी उपयुक्त ठाउँ छनोट गरेपछि मात्र सर्ने पछिल्लो प्रचलन छ । तर महामुखिया महिनबहादुर शाहीका अनुसार उनले जान्ने बेलासम्म राउटे समुदायले बस्ती छाडेर नयाँ ठाउँमा जाँदा समूहगतरूपमा हिँड्दै जाने जहाँनेर रात पर्छ, त्यसैलाई उपयुक्त बास स्थान ठान्ने गर्थे ।

३. राउटे तथा लोपोन्मुख जाति उत्थान प्रतिष्ठान

राउटे जातिले स्थायी बसोबास गरी नबस्नुको तेस्रो कारणचाहिँ पछिल्लो सामाजिक मनोविज्ञानको प्रभाव पाइन्छ। लामो समयसम्म कसैको मृत्यु नभए पनि त्यस ठाउँमा अन्य मानिसको चहलपहल धेरै बढ्यो र असुरक्षा महसुस भयो भने पनि उनीहरू बास सर्छन्। कतिपय ठाउँमा गाउँका मान्छे आइराख्न थाले भने पनि मानिस नमर्दै वा कुकाठ पाइरहँदाको अवस्थामा पनि बसाइँ सर्नुपर्ने नियम नै बनेको राउटे मुखिया सूर्यनारायण शाहीको भनाइ छ।

**कुरा परिचयपत्रको**

दैलेखकै आसपास बस्ती सर्दै फिरन्ते जीवन बिताउन थालेकै कारण राउटे समुदायका सबैलाई गुराँस गाउँपालिकाले २०७५ साउन ३० गते परिचयपत्र वितरण गरेको छ। गाउँपालिकाले परिचयपत्र वितरण गर्नुको मूलकारण राउटे समुदायको तथ्याङ्क तथ्यपरक बनाउने र उनीहरूलाई सरकारबाट वितरण गरिने सेवा/सुविधा व्यवस्थित गर्नेलगायत छन्।

राउटे समुदायको एउटा समूह डडेलधुराको परशुराम नगरपालिका–१२ आमपानी र वडा नं. ४ को रज्यौडामा ३४ वर्षदेखि स्थायीरूपमा बस्दै आएको छ। आमपानीमा बस्दैआएका राउटेका केही बालबालिका विद्यालय पनि जान थालेका छन्। केही युवा नागरिकताको प्रमाणपत्र लिएर वनपाले, प्रहरी र सेनामा पनि भर्ती भएका छन्। त्यहाँका राउटेको चलन व्यवहार हेर्दा उनीहरू सामान्य जनजीवनमा फर्किएका देखिन्छ।

दैलेखमा हालै परिचयपत्र दिइएको समूहबाहेक फिरन्ते जीवन बिताउँदै आएका राउटे जाति अन्यत्र कतै छैन। गुराँस गाउँपालिकाले त्यतिबेला लिएको तथ्याङ्कअनुसार १ सय ४९ जनामात्र राउटे भएका पुष्टि भएको छ। यसअघि सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गतको भत्ता लैजाँदा पनि मौखिकरूपमा जे नाम बताए, त्यसैका आधारमा प्रत्येक व्यक्तिलाई उनीहरूको बसोबासस्थलमै पुगेर वितरण गरिन्थ्यो। नयाँ परिचयपत्र लिएपछिचाहिँ त्यसकै आधारमा सरकारी र गैरसरकारी सुविधा पाउने गरेका छन्।

**जनसङ्ख्या तथा भूगोल**

तथ्याङ्क विभागले २०६८ मा गरेको जनगणनाअनुसार नेपालमा राउटेको जनसङ्ख्या ६ सय १८ छ।[४] जसअनुसार नेपालमा सबैभन्दा कम कुसुण्डा २ सय ७३ जना, त्यसपछि नुराङ २ सय ७८ जना छन् भने तेस्रो कम जनसङ्ख्या हुनेमा राउटे पाइएको छ। यसमध्ये फिरन्ते राउटेको जनसङ्ख्या भने त्यतिबेला १ सय ३७ जना थियो।

**डडेलधुरामा स्थायी बसोबास**

अहिले दैलेखलगायतका क्षेत्रमा घुम्दै गरेको फिरन्ते जस्तै दार्चुला, बझाङ, बाजुरातिर घुम्दै हिँडेको अर्को एउटा समूहलाई २०४१ सालमा जोगबुढाका प्रधानपञ्च नन्दलाल जोशीको पहलमा स्थायीरूपमा बसालिएको बूढापाकाले बताएका छन्। त्यतिबेला हिमाली क्षेत्रमा अन्न अभावका कारण आफूले बनाएका काठका भाँडा अन्नसित साट्न आइरहने गरेका राउटे मुखियालाई गाउँबस्तीको नजिक जङ्गलको समेत सुविधा पुग्नेगरी आमपानी र रज्यौडामा राखिएको थियो।

उनीहरूलाई त्यहाँ बसालिए पनि पटकपटक आफूहरूलाई अशुभ भएको भन्दै बस्ती छाड्न खोजेका राउटेलाई फकाइफुलाइ गरेर जोशीले रोकेका परशुराम नगरपालिका वडा नं. १२ का वडाध्यक्ष गणेशप्रसाद जोशीले बताए।

स्थानीयबासी लक्ष्मीका अनुसार आमपानी र रज्यौडाका राउटे यहाँ बस्न थालेका ३४ वर्ष नाघे पनि करिब १० वर्षअघिदेखि भने क्षत्रीहरूसँग उनीहरूको बिहेवारी सुरु भयो। बोहोरा, बिष्ट र खत्रीले राउटेका छोरीसँग प्रेम विवाह गरेका छन् भने राउटे युवाले पनि मगरका छोरी विवाह गरी भित्र्याएका छन्। राउटे जातिभित्रकै आफ्नामा मागी विवाह गर्ने यिनीहरू बाहिर भने प्रेम विवाहलाई मात्र स्वीकृति दिन्छन्। उनीहरूले मागी विवाहचाहिँ राउटेबाहेक अन्य जातिमा सुरु गरेका छैनन्।

दैलेख आसपास बस्ने सबै राउटेले शाही थर बताउने गरेका छन्। यिनीहरूमा कलेल, रासकोटी र समाल गरी तीनथरी शाही भएको उनीहरूको व्याख्या छ तर डडेलधुरामा बस्ने सबैले आफ्नो जाति पहिचान राउटे लेखाउने गरेका छन्।

डडेलधुराका राउटेले अहिले बालबालिका जन्मेपछि नै जन्म दर्ता र युवा/युवतीहरू विवाह गर्दासाथ विवाह दर्ता गराउन थालेका छन्। त्यतिमात्र हैन, उमेर पुगेपछि नागरिकताको प्रमाणपत्र पनि लिने गरेका छन्। यिनै सरकारी कागजपत्रका आधारमा सरकारले दिने लोपोन्मुख आदिवासी जनजातिको सामाजिक सुरक्षा भत्ता पाउने भएकाले समयमै कागजात तयार पार्न उनीहरू आफैँ तत्पर हुने गरेका छन्।

**लोपोन्मुख आदिवासी भत्ता**

नेपाल सरकारले[५] २०६८ को जनगणनाअनुसार १० हजारभन्दा कम जनसङ्ख्या भएका १० वटा जातिलाई लोपोन्मुख आदिवासी जनजातिको सूचीमा

४. केन्द्रीय तथ्याङ्क विभाग

५. राष्ट्रिय जनगणना २०६८

राख्दै तिनलाई सामाजिक सुरक्षा भत्तासमेत दिँदै आएको छ। जुन भत्ता राउटे जातिले पनि पाउँछन्।

सङ्घीय मामिला तथा स्थानीय प्रशासन मन्त्रालयले दिँदै आएको सामाजिक सुरक्षा भत्तामा पहिलोपटक[६] आर्थिक वर्ष २०६५/०६६ देखि सामाजिक सुरक्षा सञ्चालन कार्यविधिले नै ती १० ओटा जातिलाई लोपोन्मुख आदिवासी जनजाति सामाजिक सुरक्षा भत्ता दिन थालेको हो। जुन भत्ता ज्येष्ठ नागरिकलाई दिइँदै आएको भन्दा दोब्बर छ। ज्येष्ठ नागरिकलाई त्यतिबेला दिइँदै आएको ५ सय रुपियाँ मासिक भत्ताको दोब्बर प्रतिमहिना एक हजारका दरले लोपोन्मुख आदिवासी जनजाति सामाजिक सुरक्षा भत्ता दिन थालेको हो। आर्थिक वर्ष २०७३/०७४ देखि भने ज्येष्ठ नागरिक तथा एकल महिलासमेतलाई एक हजार गराएपछि त्यही वर्षदेखि लोपोन्मुख आदिवासी जनजाति सामाजिक सुरक्षा भत्ता प्रतिमहिना २ हजारका दरले दिइँदै आएको छ।

१० ओटा लोपोन्मुख आदिवासी जनजातिमा वनकरिया, राउटे, सुरेल, हायु, राजी, किसान, लेप्चा, मेचे, कुशबडिया र कुसुण्डा छन्। यी सबै जातिका नवजात शिशुदेखि सबैजनाले प्रतिमहिना लोपोन्मुख आदिवासी जनजाति सामाजिक सुरक्षा भत्ता पाउँदै आएका छन्।

डडेलधुरामा स्थायीरूपमा बस्दै आएका राउटेलाई परशुराम नगरपालिकाले र दैलेखमा भने जुनजुन गाउँपालिका वा नगरपालिकामा फिरन्ते राउटे पुग्छन् तत्तत् स्थानीय तहले सङ्घीय मामिला तथा स्थानीय प्रशासन मन्त्रालयसँग माग गरी पठाउनुपर्ने भएका कारण फिरन्ते राउटेहरूले समयमा सो भत्ता पाउन सकेका थिएनन्। यही समस्याका कारण एउटा स्थायी बस्ती बसाउनसमेत सकियोस् भन्ने दीर्घकालीन लक्ष्य राखी दैलेखका राउटेलाई सामाजिक सुरक्षा भत्तालगायतका सुविधा उपलब्ध गराउन सङ्घीय मामिला तथा स्थानीय प्रशासन मन्त्रालयकै सहमतिमा दैलेखको[७] गुराँस गाउँपालिकाले २०७५ साउन ३० गते त्यतिबेलाको जनसङ्ख्याअनुसार १ सय ४९ जना राउटेलाई परिचयपत्र दिएको छ। तर दैलेखका राउटे मुखिया सूर्यनारायण शाहीले पछि नागरिकता लिनुपर्छ भनेर करकाप नगर्ने सर्तमा मात्र परिचयपत्र बुझेका थिए।

परिचयपत्र बनाइसकेपछि चाहिँ राउटेहरू जहाँ गए पनि सामाजिक सुरक्षा भत्तालगायतका सेवा/सुविधा दैलेखको गुराँस गाउँपालिकामार्फत नै वितरण गर्ने मन्त्रीस्तरीय निर्णय २०७५ जेठ ३० गते भएको छ।

**राउटेका तीन महासत्रु**

फिरन्ते राउटे जाति पढ्ने, खेती गर्ने र स्थायी बसोबास बस्ने कुरालाई महासत्रु ठान्ने गर्छन्। डडेलधुरामा २०४१ सालदेखि स्थायी बसोबास गर्दै आएका राउटेले पनि लामै समय पढ्न इन्कार गरेबाट यसको पुष्टि हुन्छ।[८] निरन्तरको प्रयासपछि अहिलेको झण्डै छ सय जतिको जनसङ्ख्या रहेको त्यहाँका राउटेमध्ये मुस्किलले पाँच–छजना मात्र एसएलसी उत्तीर्ण गरेका छन्। पछिल्लो १०–१५ वर्षपछिको समयमा बिस्तारै बालबालिकालाई विद्यालय पठाउन थालेका छन्। तर दैलेख आसपासमा फिरन्ते जीवन बिताइरहेका राउटेहरूचाहिँ बाहिरका व्यक्तिले अक्षर सिकाउन खोज्दा पनि राउटेले पढ्न हुँदैन भनेर दिँदैनन्।

आफूहरूले खेतीपाती पनि गर्नुहुँदैन भन्ने फिरन्ते राउटेहरूको भनाइ छ। हामीले पनि खेती गरे त राउटे कहाँ रहन्छौँ ? महामुखिया महिनबहादुर शाहीको प्रश्न छ। खेतीपाती नगरे पनि घुम्दै हिँड्दै जाँदा पाल्न सकिने बाख्रा, खसी भने पाल्ने गरेका छन्। राउटेहरू कूल देउतालाई बलि दिन ल्याउँदाबाहेक सुङ्गुर छुनुहुँदैन भन्छन्। उनीहरू जङ्गलबाट सिकार गरी ल्याएको गुना र बाँदरको मासु अति मीठो मान्छन्। गुना, बाँदरबाहेक उनीहरू बस्तीमा आफैँ पालेका वा गाउँबाट किनेर ल्याएको खसीको मासु पनि खाने गर्छन्। सामाजिक सुरक्षा भत्ता पाउनुअघि आफूले बनाएका काठका भाँडासँग अन्न साट्थे। त्यस्तो अन्न आफैँ कुटी/पिँधी खाने गर्थे। कतिपयले भने नगदमा पनि बेच्थे र त्यसरी आएको पैसाले अनाज किन्थे। भत्ता पाउन थालेयताचाहिँ दाल, चामल आदि बजारबाटै किनेर खाने गर्छन्।

स्थायी बसोबास गर्ने विषयमा फिरन्ते राउटेहरू पूर्णरूपमा असहमत छन्। जाडोको समयमा न्यानोका लागि बेसी र फाँटमा अनि गर्मीको बेला अनुकूलनका लागि लेकाली क्षेत्रमा बस्ती बस्ने गर्छन्। त्यसैले कुन मौसममा कहाँ बस्ती बस्ने भन्ने कुरा अरुलाई भन्दा बढी राउटेलाई ज्ञान भएको उनीहरूको दाबी छ।

**राउटे समुदायका अनौठा प्रचलन**

- फिरन्ते राउटे सिलाएको कपडा लगाउँदैनन्। उनीहरू सिलाउनैपर्ने कपडा आफैँ सियोले तुनेर लगाउँछन्।

---

६. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

७. गुराँस गाउँपालिका, दैलेख

८. राउटे तथा लोपोन्मुख जाति उत्थान प्रतिष्ठान

- बस्तीबाहिर बास बस्न कसैलाई पनि छूट छैन। तर गम्भीर रोगको उपचार, केन्द्र सरकारका अधिकारीहरूसँग भेट्न जाने राउटे मुखिया र उनले तोकेका व्यक्तिलाई चाहिँ कति दिनका लागि कहाँ जाने भन्ने जानकारी हुनुपर्ने केही लचिला अभ्यास भइरहेका छन्।
- राउटेले आफ्नो समुदायमा कतिजना छन् भनी गणना गर्दैनन्, गणना गर्दा सङ्ख्या घट्दै जाने उनीहरूको विश्वास छ।
- मूलको पानी शुद्ध मान्ने भएकाले राउटेले नयाँ बस्ती सर्दा पानीको मूल भएको ठाउँसमेत खोज्छन्। तर पछिल्लो समय नजिकै किनमेल गर्न पायक पर्ने बजारसमेत हेर्ने भएकाले मूलको पानी नपाए बगेको पानी पनि खाने गरेका छन्। पाइपबाट ल्याइएको पानी केही विषाक्त हुन सक्छ भन्ने उनीहरूको बुझाइ छ।
- कपाल कोर्न र राउटे महिलालाई मेकअप गर्न दिँदैनन्। टिकुलीसम्म पनि लगाउन हुँदैन भनी महिलालाई रोक लगाइएको छ।
- राउटेहरूले मासु पोलेरमात्र खान्छन्। पकाउँदा स्वाद बिग्रन्छ भन्ने उनीहरूको भनाइ छ।
- राउटे किशोरी महिनावारी भएपछि इष्टमित्रसँग विवाह गराइदिन्छन्। तर राउटेबाहेक बाहिरका युवा/युवती कसैले विवाह गर्न पाउँदैनन्।
- सोलीडोली चल्ने इष्टमित्र नभए केटा हुर्केर १५ वर्ष ननाघेसम्म राउटे युवतीले पर्खिनुपर्छ। करिब २८ वर्ष पुगिसकेकी गाजली नामकी युवती उनी चल्ने समाल राउटेमा युवा नभएका कारण अहिले १०–११ वर्ष पुगेका बालकहरू हुर्किउन्जेल पर्खिनुपर्ने बाध्यता छ।
- राउटेहरूमा मागी विवाह हुन्छ। पहिले राउटे मुखियाले तोकेको युवा–युवतीबीच विवाह हुन्थ्यो। अहिले भने अभिभावकको सहमति भए पुग्ने लचिलो नियम बनाएका छन्।
- राउटेहरूमा बहुविवाह अहिलेसम्म भएको छैन। विधवा विवाह पनि गर्दैनन्। विधुर विवाह पनि हुँदैन। बहुविवाह नहुने भएकै कारण गाजलीको विवाह नभएको हो।
- विवाह गरेकै दिन उनीहरूका लागि नयाँ टहरा बनाइ छुट्टयाइन्छ। उनीहरू परिवार नियोजनका साधन प्रयोग गर्दैनन्।
- उनीहरू पति–पत्नीबाहेक अरुसँग यौन सहवास गर्दैनन्, परस्त्री गमन गर्दैनन्।
- काम गर्न नसक्ने वृद्धवृद्धा, एकल महिला, अशक्त र बालबालिकाको सहायताका निम्ति सामूहिक सहयोग गर्छन्।
- राउटेहरू आफूलाई चाहिएको कसैसँग छ भने मागेर लिन्छन् तर चोरी गर्दैनन्।
- आफूलाई चाहिएको चीज किन्दा मोलमोलाइ गर्छन् तर मूल्य तिरेरमात्र लिन्छन्। सामूहिकरूपमा खाएको चीज वा वस्तुको मूल्य आ–आफैँ तिर्छन्।
- खाना पाकेपछि सामूहिकरूपमा खान्छन् तर घरमूली वा कोही सदस्यलाई पर्खँदैनन्।
- देउताको पूजा मध्यराति गर्छन्।
- बालबालिकाले गल्ती गरेमा गल्ती नदोहोऱ्याउन सुझाव दिन्छन् तर कुटपिट गर्दैनन्।
- कोही कसैसँग झगडा बेमेल हुँदा हात हालाहाल हुँदैन। मुखियासमक्ष समस्या दर्शाएर सुल्झाउने गरिएकाले हिंसात्मक झगडा हुँदैनन्।
- विधवाको दैलो उल्टो फर्काइन्छ, अरुको पूर्व दैलो भए विधवाको पश्चिम फर्काइन्छ।
- कुनै सदस्यको मृत्यु भएमा बस्ती छाडेर नयाँ ठाउँ खोज्छन्।
- नयाँ बस्ती सर्दा आधा दिन लाग्नेभन्दा टाढा बस्ती सार्दैनन्। बस्ती सरेको दिनमा छाडेको बस्तीबाट लिनुपर्ने सबै सामान लिइसक्छन्।
- कैँचीले कपाल काट्दैनन्, काट्नै पर्दा ब्लेडले खुर्कन्छन्। तर १० वर्षमुनिका बालबालिकाको भने कपाल काट्दैनन्।
- राउटेहरूले महिनावारी वा सुत्केरी जस्ता समयमा घरबाहिर राख्दैनन्, विभेद गर्दैनन्।
- समुदायको व्यक्ति मरेको बस्ती वा ठाउँमा १२ वर्षसम्म जाँदैनन्। त्यसलाई हाड परेको भन्छन्।

**विवाह संस्कार**

फिरन्ते राउटे जातिमा मागी विवाह हुन्छ, आफूखुसी विवाह गर्न पाइँदैन।[९] करिब १६ वर्ष पुगेको किशोरले महिनावारी सुरु भइसकेकी किशोरीलाई चाहेको भए मुखिया वा घरका अभिभावकसँग प्रस्ताव राख्न पाउँछन्। उनीहरूको प्रस्ताव स्वीकृति भएमात्र विवाह गर्न पाइन्छ।

विवाह भएको दिन खसी काट्ने, घरमै बनाएको जाँड खाएर रमाइलो मनाउने गरिन्छ। जाँड महिलासमेत निर्धक्क खान्छन्। रमाइलो गर्ने क्रममा राउटे नाच नाच्नुपर्ने अनिवार्य चलन छ। त्यसबेला विवाह गर्ने केटा र केटीलाई पनि नाच्न लगाइन्छ।

---

९. राउटे तथा लोपोन्मुख जाति उत्थान प्रतिष्ठान

विवाह गरेकै दिन उनीहरूलाई एउटा छुट्टै टहरा बनाइ बसालिन्छ। विवाह भएको दिन सामूहिक भोज गरिन्छ तर भोलिपल्टबाट भने उनीहरूको छुट्टै घर र छुट्टै भान्छा सुरु हुन्छ। उनीहरूलाई परिवारसँग मिसिएर बस्न दिइँदैन।

**गाजली, बाटुली र युवाहरूको विवाह व्यवधान**

राउटेबाहेकका अरु सर्वसाधारणको हकमा लगनशीलरूपमा पढ्दै गर्दा वा सधैँ काममा ब्यस्त हुनुपर्ने युवाहरूले विवाहबारे सोच्न पाएका हुँदैनन्, कतिपय युवाले आफू कमाइमा आत्मनिर्भर नभएसम्म विवाह नगर्ने सोचेका हुन्छन्। बढ्दो आधुनिकतासँगै कतिपयले आफ्नो भावना बुझ्नेसँग मात्र विवाह गर्ने भनेर उमेर पुगिसक्दा पनि बिहे गरेका देखिन्न।

भविष्यप्रतिको चिन्ता वा विशेष कुनै कामले ब्यस्त भएका कारण होइन, आफ्नो चल्ने/मिल्ने इष्टमित्रको युवक नभएका कारण राउटे युवती गाजलीको विवाह हुन पाएको छैन। राउटे बस्तीमा पुगेकामात्र होइन, त्यहाँ जाँदै गरेकाहरू प्रायः पूर्वजानकारी पाएकै हुन्छन्, गाजलीको विवाह भएको छैन।

अहिले करिव २८ वर्ष पुगिसकेकी राउटे युवती गाजलीको विवाह नहुनुको प्रमुख कारण उनी चल्न सक्ने समाल राउटेमा युवाहरू नभएर हो। उनकी आमा रासकोटीकी छोरी हुन् भने उनचाहिँ कलेलकी छोरी हुन्। यी दुवै थरमा हाडनाता पर्ने भएका कारण यिनीहरूबीच विवाह हुन सक्दैन तर विवाह हुन सक्ने समालमा भने युवा हुर्केका छैनन्।

सोलीडोली चल्ने इष्टमीत्र नभएकाले केटा हुर्केर १५ वर्ष ननाघेसम्म राउटे युवतीले पर्खिनुपर्छ, समाल राउटेका अविवाहित किशोर भर्खर ९ वर्ष पुगेका छन्। यी सानै भएका कारण यसैसँग पछि विवाह गर्ने भनी तोकिएको छैन। यदि यी किशोर १५ वर्ष पुगुन्जेल पर्खिनुपऱ्यो भने त्यतिबेला गाजली ३४ वर्षकी भइसक्ने हुनेछिन्।

राउटे युवा–युवतीलाई गैरराउटेसँग विवाह गर्ने अनुमति छैन। त्यसैले पनि गाजली बिहे नगरी बस्न बाध्य भएकी हुन्। गाजली जस्तै विवाह गर्न नपाएको समस्या २६ वर्षकी बाटुलीले पनि भोगेकी छिन्। बाटुली पनि कलेलकी छोरी अनि रासकोटीकी भान्जी हुन्। त्यसैले उनको समस्या पनि गाजलीसँग ठ्याक्कै मिल्छ।

रासकोटी र कलेलका २० वर्ष नाघिसकेका १७ जना केटाले पनि विवाह गर्ने राउटे केटी पाएका छैनन्। राउटे मुखिया महिनबहादुर शाहीकै छोरा शिवराज ३२ वर्षका भए। तर इष्टमित्रमा केटी नभएकाले विवाह भएको छैन। शिवराजका लागि १३ वर्षकी केटी मगनी भएको छ तर उनको महिनावारी सुरु भएपछि मात्र विवाह हुने तय भएको राउटे कार्यक्रम सहजकर्ता लालबहादुर केसीले बताए।

आफूले विवाह गर्न मिल्ने राउटे युवती नभएको अवस्थामा एकैपटक झण्डै २ दर्जन युवाहरू विवाह नभई बसेको बाध्यतालाई गैरराउटे युवतीसँग विवाह गर्न चाहेर पनि बाहिर विवाह गर्न नपाइने नियमले चुनौती दिन सकेको छैन। बाहिरका युवतीहरू राउटेसँग विवाह गर्न नमान्न सक्छन् भन्ने उनीहरूमा अर्को ठूलो डर भएकाले एकैपटक यति ठूलो सामाजिक चुनौती लिने अवस्था देखिँदैन।

**मृत्यु संस्कार**

फिरन्ते राउटेहरूले आफ्नो समुदायमा ६ महिनामुनिको बालबालिका मरेमा बस्ती नजिकै रुखको फेदछेउ बाक्लो कपडाले लपेटेर खुला छाड्छन्। ६ महिनामाथिको मरेमा चाहिँ मरेकै दिन ऊ बस्ने टहराकै अगाडि आँगनमा गाड्ने गर्छन्। मरेको व्यक्ति गाडेको माथिपट्टि माटोमा कुखुरा काटेर रगत चढाउँछन्।

गाडिसकेपछि मासु र रक्सी खान्छन्। मरेको मानिसलाई बिर्सन जाँड/रक्सी खाने गरेको महामुखिया महिनबहादुर शाहीको तर्क छ। मासु र जाँड/रक्सी खाइसकेपछिचाहिँ झट्पट् नयाँ ठाउँमा बस्ती सर्छन्। उनीहरू मरेको व्यक्तिको नाम भने उच्चारण गर्दैनन्।

**राउटे परियोजना**

फिरन्ते राउटेहरूलाई सामान्य जनजीवनमा फर्काउन सिकाइ सहयोग पुऱ्याउन सामाजिक सेवा केन्द्र (सोसेक) ले राउटे परियोजना सञ्चालन गरेको छ। टिडिएच एआइ लक्जेम्बर्गको सहयोगमा गएको साउनदेखि सुरु भएको ४ वर्षे परियोजनामा राउटे बस्तीसँगै सदैं गर्ने गरी तीन जना फिल्डबेस कर्मचारी राखिएको छ।

राउटेहरूलाई स्वास्थ्य शिक्षा सहजीकरणका लागि स्वास्थ्य सहायक अहेव विनोद बिसी, सामाजिक चलन व्यवहार सुधार गर्न जोडी शिक्षकका रूपमा दुर्गा खत्री र लालबहादुर केसी कार्यरत छन्। यी तीनजना राउटेको बस्ती जहाँ सर्छ, उनीहरू सँगसँगै बस्ती हिँड्छन्। तर उनीहरूले आफ्नो बस्ती नजिक बस्न नदिने भएकाले दिनभर राउटेसँग भए पनि साँझचाहिँ राउटे परियोजनाका कर्मचारी नजिकको गाउँमा बस्छन्। पहिले राउटे बस्ती सर्ने थाहा हुँदैनथ्यो, अचेल यी कर्मचारीलाई भन्ने गरेका सामाजिक सेवा केन्द्र (सोसेक) का अध्यक्ष हीरासिंह थापाले बताए।

राउटे परियोजनाले न्यानो कपडा, वर्षामा पानी तर्काउने पाल, स्वस्थ जीवन व्यवहार बदल्न औषधि तथा सामग्री सहयोग गर्छ। राउटे परियोजनाकै अवधारणामा गुराँस गाउँपालिकाले राउटेहरूलाई परिचयपत्र वितरण गरेको गुराँस गाउँपालिकाका अध्यक्ष खेमराज ओलीले प्रष्ट्याए।

राउटे परियोजनाभन्दा पहिले पनि राउटे उत्थान प्रतिष्ठानले उनीहरूलाई खाद्यान्न, कपडा वा अभाव भएका वस्तु उपलब्ध गराउँथ्यो भने समयमै सामाजिक सुरक्षा भत्ता वितरण गराउन पहल गर्दै आएको थियो। राउटे समुदायको जीवनशैली सुधारका निम्ति काम गर्दै आएका कारण राउटे प्रतिष्ठानकी अध्यक्ष सत्यदेवी अधिकारीलाई राउटेकी भान्जी नामले चिनिन्छ।

**निष्कर्ष**

कुनै व्यक्तिको धारणा बदल्न सकिएन वा परिवर्तन भएन भने राउटे ढिपी भएको मान्छे भन्ने गरिन्छ। राउटे नदेखेकाहरूले पनि कण्ठै गरेको यो उखानटुक्का बोल्ने गरेबाट सहजै बुझ्न सकिन्छ कि राउटेको धारणा बदल्नु गाह्रो कुरा हो तर निरन्तर प्रयास गरे सम्भव छ भन्ने कुरा राउटे परियोजना, राउटे प्रतिष्ठान र गुराँस गाउँपालिकाले गरेका निरन्तर प्रयासपछि थोरैमात्र भए पनि सङ्केत देखिएका छन्।

पहिले जस्तोसुकै अवस्थामा पनि औषधि प्रयोग गर्दैनथे, रगत आउने गरी लागेको घाउ चोटमा थोरै टिन्चर र बेटाडिन लगाउने गरेका छन्। पहिले मूलको पानीमात्र पिउँथे, अचेल पाइपको धारामा आएको पानी भाँडा धुन प्रयोग गर्छन्। पहिले बस्तीभन्दा बाहिर बास बस्न अनुमति थिएन, अहिले मुखियालाई जानकारी गराएर आवश्यकताअनुसार बस्न पाइन्छ।

सामान्य जीवनमा फर्कँदैनौ भने पनि राष्ट्रपति, प्रधान मन्त्री, मुख्य मन्त्री, स्थानीय तहका प्रमुखहरू र सिडिओलाई भेट्न जाने, आफ्ना समस्या दर्शाएर न्यानो कपडा, खाद्यान्न जस्ता अत्यावश्यकीय वस्तु व्यवस्थापन गर्ने, रमाइलो गर्न मन पराउने जस्ता सङ्केतले निरन्तरको प्रयासबाट सामान्य जीवनमा फर्कन सक्ने अवस्था छ।

मोबाइल, भिडिओ आदि देखेर राउटेहरू साह्रै रमाउने भएका कारण यी श्रव्य–दृष्य माध्यमबाट उनीहरूलाई बदल्न सकिने राउटे समुदायमा लामो समुदायदेखि काम गर्दै आएका पत्रकार भक्त शाहीको अनुमान छ। दिउँसो बालबालिकालाई अक्षर चिनाउने र साँझ राउटे वयस्कहरूलाई स्वास्थकर बानी र पाकेको खानाको महत्त्व दर्शाउने सामग्री भिडिओमार्फत देखाउँदा प्रभावकारी हुने उनको भनाइ छ।

राउटेहरू आफैँ स्वतः स्फूर्त सामान्य जनजीवनमा फर्किन चाहन्छन् भने मात्र त्यसो गरिनुपर्छ, अन्यथा उनीहरूलाई परिवर्तन गराएको देखाउन चाहने कुनै गैरसरकारी संस्था वा कतिपय सरकारी निकायका हचुवा कार्यक्रमले उनीहरू अभिनय मात्र गर्ने तर दिगो नहुन सक्छ। परियोजना कार्यक्रम सञ्चालन वा तात्कालिक सहायता गर्नेहरूले वर्षातको झरी, हिउँदको जाडो वा यस्तै असहज समयको बेला उनीहरूको आवश्यकताका आधारमा सामग्री सहयोग गर्न जरुरी हुन्छ।

राउटे समुदायको आवश्यकता नबुझेर दिइएको ओढ्याउने पीफम, तयारी कपडा जस्ता सामग्री बजार मूल्य भन्दा धेरै सस्तोमा स्थानीयलाई बेचेको पाइएको छ। आफूसँग खाद्यान्न छ र कसैले ल खाऊ भनी बाँड्यो भने राउटेहरु त्यो पनि सस्तोमा बेच्न गरेका छन्। उनीहरू पाँच–सात छाक भन्दा बढी कहिल्यै राख्दैनन्। आवश्यकता भन्दा बढी हुँदा बेच्ने वा फ्याक्ने चलन भएकोले त्यसो गरेका हुन्।

राउटे जहाँ जान्छन्, राउटेलाई दिइएका सामग्री कसैले नकिन्नू भनी स्थानीय तहले कडाइका साथ स्थानीय बासिन्दाहरूलाई भन्नुपर्दछ। त्यसरी लिए कारबाही गर्ने परिपाटी बसाल्न नसकेको श्रोतको दुरूपयोग हुने जोखिम छ। एकद्वार प्रणालीबाट सहायता वा सुविधा उपलब्ध गराउने पद्धति बसाल्न सके उचित हुने देखिन्छ।

**सन्दर्भ सामग्री**

१. केन्द्रीय तथ्याङ्क विभाग
२. राष्ट्रिय जनगणना २०६८
३. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
४. कर्णाली प्रदेश, सामाजिक विकास मन्त्रालय
५. लेकबेसी नगरपालिका, सुर्खेत
६. गुराँस गाउँपालिका, दैलेख
७. सामाजिक सेवा केन्द्र (सोसेक)
८. राउटे तथा लोपोन्मुख जाति उत्थान प्रतिष्ठान
९. जिल्ला समन्वय समिति, सल्यान
१०. जिल्ला समन्वय समिति, दैलेख
११.परशुराम नगरपालिका, डडेल्धुरा
१२. स्थानीय पत्रपत्रिका र अनलाइन
१३. राउटेसम्बन्धी लेखिएका प्रतिवेदनहरू

परिच्छेद ३

# ३.७ जारी छ तुइन साम्राज्य : ताङ्लोको शरणमा जिन्दगी

**पृष्ठभूमि**

नेपालको संविधानको भाग ३ को धारा ३१ मा शिक्षासम्बन्धी हक धारा ३५ मा स्वास्थ्यसम्बन्धी हक धारा ३६ मा खाद्यसम्बन्धी हक, धारा ३८ मा महिलाको हक, धारा ३९ मा बालबालिकाको हक, धारा ४१ मा ज्येष्ठ नागरिकको हकको व्यवस्था गरिएको छ । नेपालमा छैठौँ पञ्चवर्षीय योजना सुरु हुँदाका बखतबाट तुइन सरकारी अभिलेखमा उल्लेख गरिएको छ। भने सातौ पञ्चवर्षीय योजनामा तुइनको अध्ययन शुरु गरिएको छ। तर त्यसयता तुइन विस्थापन गर्न राज्यले खासै चासो नदिएको देखिन्छ।

संविधानले सुनिश्चित गरेको मौलिक हक अधिकारलाई नागरिकले सहज रूपमा पाउने गरी राज्यले उचित व्यवस्थापन गर्नुपर्ने हुन्छ। मुलुकमा तीन तहको सरकार छ। सङ्घ, प्रदेश र स्थानीय सरकार। तीन सरकार हुँदा पनि व्याँसका नागरिक भने आफ्नो देश जाने बाटो त टाढाको कुरा, महाकाली नदी पार गरेर जान सहज रुपमा पूल छैन्। त्यही लठ्ठामा भिरिएर तुइनको सहारामा वारपार गर्छन्, दैनिकी यही तुइनको साम्राज्यमार्फत।

दार्चुलाको व्यास गाउँपालिकाका नागरिकले भने संविधानले व्यवस्था गरेको यी आधारभूत मानव अधिकारको ग्यारेन्टी पाउन सकेका छैनन् । राज्यले संविधानमा उल्लेख गरेका आधारभूत मौलिक हक अधिकारलाई नागरिकले अनुभूति गर्न नसक्दा यस क्षेत्रका नागरिकले राज्यको अनुभूति गर्न नसकेको देखिन्छ। भौगोलिकरूपमा विकट व्यास गाउँपालिका जहाँ अहिले पनि नागरिकको दैनिक आवतजावत हुने स्थानमा भने अहिले पनि नागरिक तुइनमार्फत आवत जावत गर्न बाध्य छन्। यहाँका करिब ५ हजार ३ सय जनसङ्ख्याले महाकालीको तुइन प्रयोग गर्दै आएको स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (डोलिडार) अन्तर्गत झोलुङ्गे पुल योजनाको तथ्याङ्कले देखाउँछ।

सरकारले २०७२ सालमा देशभरका तुइन विस्थापन गर्ने नीति लिएको छ। २०७२ असोज २५ गते पहिलोपटक केपी शर्मा ओली प्रधानमन्त्री हुँदा देशभरका तुइन दुई वर्षभित्र विस्थापन गर्ने घोषणा गरेका थिए। ओली दोस्रोपटक अहिले देशका शक्तिशाली प्रधानमन्त्री छन्। तर पनि तुइन कहिलेसम्म विस्थापन भइसक्ने हो पत्तो छैन। देशभर १ सय ८७ वटा तुइन रहेकोमा तीन वर्षभित्र ९० ओटा तुइन विस्थापन गरिएको सस्पेन्सन ब्रिज डिभिजन कार्यालयको तथ्याङ्क छ भने ४४ ठाउँमा तुइन विस्थापन अन्तर्गत झोलुङ्गे पुल निर्माण भइरहेको छ। तुइन विस्थापन घोषणा गरिएको ०७२।०७३ मा देशभरबाट ५७ तुइन विस्थापन भएका छन्, भने दार्चुलामा महाकाली नदीमा एक र सहायक नदीहरुमा तीन ठाउँमा तुइन विस्थापन भए। यस्तै ०७३।०७४ मा देशभरबाट २५ ठाउँका तुइन विस्थापन भएको सरकारी तथ्याङ्क छ। दार्चुलाको महाकाली नदीमा भने यो वर्ष तुइन विस्थापन हुन सकेन्। ०७५।०७६ मा भने महाकाली नदीमा पर्ने लेकम गाउँपालिका ३ लालीमा झोलुङ्गे पूल निर्माण गरिएको छ।

राष्ट्रिय जनगणना २०६८ तथा जिल्ला वस्तुगत विवरण २०७४ अनुसार व्यास गाउँपालिकाको जनसङ्ख्या १० हजार ३ सय ४७ छ। जसमा महिला ५ हजार ४ सय ८२ तथा पुरुष ४ हजार ८ सय ६५ जना छन्। १ हजार ९ सय १९ घर रहेको व्यास गाउँपालिका ८ सय ३९ दशमलव २६ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ। यस अध्ययनमा दार्चुलाको उत्तरी क्षेत्र (जहाँका नागरिक अहिले पनि तुइन प्रयोग गर्न बाध्य छन्) मात्रै समेटिएको छ । जसअनुसार व्यास गाउँपालिका वडा नम्बर २ देखि ६ सम्म बसोबास गर्ने नागरिकको समस्या केलाउने प्रयास गरिएको छ। यो गाउँपालिका वडा नम्बर १ का छाङ्गरु र तिङ्करका नागरिक बाटो अभावमा आफ्नै गाउँ जानसमेत भारत हुँदै जानुपर्ने बाध्यतामा छन्। भने अन्य वडाका नागरिक नेपालतिर निर्माणाधीन महाकाली करिडोर अन्तर्गत दार्चुला–तिङ्कर सडक निर्माणले गति नलिदा तुइनको सहारामा छन, यहाँका नागरिक। त्यसैले यस क्षेत्रका नागरिकको आर्थिक, सामाजिक र सांस्कृतिक अवस्था अध्ययन गरी उनीहरूको वास्तविक पीडाबाहिर ल्याउने र समाधानका लागि सरोकारवालाको ध्यानाकर्षण गर्ने प्रयोजनका लागि यो अध्ययन तयार गरिएको छ।

**अध्ययनको उद्देश्य**

- व्यास गाउँपालिकाका नागरिकको तुइन विस्थापन नहुँदा परेको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्थाबारे जानकारी लिनु।
- व्यासका नागरिकको तुइनबाट परेको समस्या पहिचान गर्ने।
- संविधानप्रदत्त अधिकारबारे जानकारी गराउनु।
- सरकारी नीति तथा कार्यक्रम प्रभावकारीरूपमा कार्यान्वयन नहुँदा परेको असर पत्ता लगाउने।
- व्यास गाउँपालिकाका नागरिकको समस्या प्रकाशमा ल्याई उनीहरूलाई राज्यको मूल प्रवाहमा ल्याउन सरोकारवालाको ध्यानाकर्षण गराउने।

**अध्ययनको महत्व**

सरकारको २०७२ को घोषणा अनुसार सस्पेन्सन ब्रिज डिभिजन कार्यालयले देशभर तुइन लगाउन प्रतिबन्ध लगाएको छ। तुइन लगाउन नपाइने नीति अनुसार सरकारले तुइन विस्थापनलाई दुई वर्षभित्रै सक्ने लक्ष्य लिएको थियो। सरकारी तथ्याङ्क अनुसार महाकाली नदीमा लगाइएका पाँच ओटा तुइन भारतीय सहमति बिना विस्थापन गर्न नसकिने उल्लेख छ। यस अध्ययनमा व्यास गाउँपालिकाभित्र तुइनका कारण खाद्य अधिकार, शिक्षा, स्वास्थ्य, ज्येष्ठ नागरिक, महिला तथा बालबालिकाको जीवनशैलीमा परेको प्रभावबारे अध्ययन गरिएको छ। व्यास गाउँपालिका वडा नम्बर २ मालमा पुगेर नागरिकसँग छलफलल गरि समस्या पहिचान गरिएको छ। वर्तमान अवस्थामा सडक पहुँच नहुँदा यहाँका नागरिकले भोग्नुपरेका समस्या यथार्थमा देखाउने प्रयास गरिएको छ। तुइनका कारण यहाँका नागरिकले भोग्नुपरेको पीडा, अकालमै ज्यान गुमाउनुपरेको अवस्था, बिरामी हुँदा समयमै उपचार नपाउनु, गर्भवती र दूधे बालकलेसमेत तुइन प्रयोग गरेर मात्रै सदरमुकाम आउजाउ गर्नुपरेको अवस्थाका साथै उच्च शिक्षा अध्ययन गर्न पनि तुइन नै प्रयोग गर्नुको पीडा यथार्थमा उतार्ने प्रयास गरिएको छ। अझै जिल्लामा रहेका तुइनको विवरण केलाउने प्रयास यो अध्ययनले गरेको छ।

यस अध्ययनले सरोकारवाला नागरिकलाई सचेतीकरण तथा राज्यलाई दायित्त्व बोध गराउन पृष्ठपोषण प्राप्त हुनेछ। राज्यका प्राथमिकताका नीति तथा चालेका कार्यक्रम कार्यान्वयनको अवस्था अनुगमन तथा मूल्याङ्कन पनि हुनेछ। मुलुकमा भएको राजनीतिक परिवर्तनपछि पनि यहाँका नागरिकको सामाजिक, आर्थिक, सांस्कृतिक क्षेत्रका समग्र पाटोमा खोजनीति गरिएकाले राज्यलाई कार्यक्रम बनाउन पनि सहयोग पुग्छ।

यिनै समग्र विषयमा केन्द्रित रहेर तयार पारिएको यो आलेखले व्यास गाउँपालिकाका नागरिकले हालसम्म भोग्नुपरेका समस्याको यथार्थ चित्रण बाहिर ल्याएको छ। त्यसैले यो नीति निर्माताका लागि पनि उपयुक्त सन्दर्भ सामग्री एवं महत्वपूर्ण दस्तावेज हुने देखिन्छ।

**अध्ययन विधि**

- अवलोकन भ्रमण
- स्थानीयसँग छलफल
- अन्तर्वार्ता
- द्वितीय सामग्री अध्ययन
- विभिन्न सञ्चारमाध्यममा प्रकाशित समाचार अध्ययन
- जिल्ला प्रहरी कार्यालयको तथ्याङ्क

**अध्ययनको सीमा**

- यो अध्ययन व्यास गाउँपालिकाको वडा नम्बर २, ३, ४, ५ र ६ मा बसोबास गर्ने बासिन्दासँग सम्बन्धित छ।
- यो अध्ययनमा व्यास गाउँपालिका वडा नम्बर २ का ज्येष्ठ नागरिक, महिला, बालबालिकाको स्वास्थ्य, शिक्षा र खाद्य अधिकार समेटिएको छ।
- यो अध्ययनमा यहाँका नागरिकका लागि राज्यले प्रवाह गरेको नीति कार्यक्रम, संविधानप्रदत्त अधिकार र त्यसको कार्यान्वयन अवस्था केलाउने प्रयास गरिएको छ।
- यो अध्ययनमा प्रारम्भिक र द्वितीय दुवै स्रोत प्रयोग गरिएको छ।

**व्यासीको तुइन कहर**

व्यास गाउँपालिका वडा नम्बर २, ३, ४ र ५ का नागरिक अहिले पनि त्यही ज्यानमारा तुइनको सहारामा महाकाली वारपार गर्छन्। नेपालतिर सडकको कामले गति नलिनुको कारण यस क्षेत्रका नागरिकको दैनिकी त्यही तुइन भएर छ। यस क्षेत्रमा न प्रहरी न भन्सार न त आवत जावत गर्न झोलुङ्गे पुलकै व्यवस्था। पूरै खुला सिमाना। घरायसी सामानदेखि लिएर विकास निर्माणका सामान निर्वाधरूपमा आयात/निर्यात हुने गरेको छ– महाकाली नदीमा झुण्डिएको तुइनमाथि ताङ्लो अड्याएर। सयौँ वर्ष भयो यहाँका मानिस यही तुइनमार्फत आवत जावत र सामान ओसारपसार गर्दै आएका छन्। स्कुले विद्यार्थी हुन् कि गर्भवती महिला, वृद्धवृद्धा होउन् वा अशक्त बिरामी, यही तुइनको शरणमा पर्नुको विकल्प छैन। पुल बन्छ भनेर सुनेका वर्षौँ बितेको छ यहाँका नागरिकले। तर यो सपनाबाट विपनामा

परिणत हुन भने सकेको छैन। डोरीको सहारामा नदी वार/पार गर्नुपर्छ। दैनिक उपभोग्य खाद्य सामग्रीसमेत त्यही डोरी मार्फत ल्याउनुपर्छ। डोरी चुँडियो भने सामान र मान्छे दुवै मिसिन्छन् महाकालीको प्रवाहमा।

फलामे तार खोलावारी/पारी लगाइएको हुन्छ। त्यही तारमाथि डोरी अर्थात स्थानीय भाषामा ताङ्लो प्रयोग गरिएको हुन्छ। कैयौँले यही तुइनमा अड्क्याएको ताङ्लो चुँडिदा ज्यान गुमाए। यस क्षेत्रका हरेकको घर–घरमा व्यक्तिगतरूपमै ताङ्लो बनाइएको हुन्छ। जुन खलङ्गा (जिल्ला सदरमुकाम) आउँदा झोलामा लिएर आउनुपर्छ। आउँदा जाँदा नदी वारपार गर्ने साधन नै ताङ्लो हो यहाँका बासिन्दाको। मुलुक राणा, पञ्चायत, बहुदल हुँदै गणतन्त्रमा प्रवेश गर्‍यो। तर यहाँका जनताको महाकालीमाथि पुलमा आवत जावत गर्ने सपना भने सपनैमा सीमित रह्यो। ठूला नेताले त भनेकै थिए, गत वर्ष स्थानीय र प्रदेश चुनावमा उठ्नेहरूले पनि पुल बनाइदिने गतिलै आश्वासन दिएका थिए। तर जुन जोगी आए पनि कानै चिरेका भन्ने उखान गलत सावित हुन सकेन उनीहरूका लागि। त्यसैले घर/टहरामा प्रयोग हुने जस्तापाता होस् या सिमेन्ट, यही तुइन र ताङ्लोबिना ल्याउनु सम्भवै छैन। हिउँदमा नदीको बहाव कम हुँदा त जेनतेन तुइन तर्न सहज हुन्छ तर बर्खा लागेसँगै भने यो झन् झन् कठिन हुँदै जान्छ। नदीको बहाव कतिखेर बढ्ने हो, पत्तै हुँदैन।

**तुइन जिन्दगी**

तुइन विस्थापन गर्ने नीति लिएको सरकारले दार्चुलाको उत्तरी क्षेत्रमा एउटा तुइन बिस्थापन गरेर झोलुङ्गे पुल त निर्माण गरेको छ तर अझै वडा नम्बर २ को दुम्लिङ रिठान र मालघाट, वडा नम्बर ४ को बर्तीबगर, मालघाट तल्लो र मालघाट मल्लो तथा वडा नम्बर ५ को डोकट र नाजीमा अहिले पनि तुइन यथावतै छन्। व्यास गाउँपालिकाको सीमा क्षेत्रमा मात्रै आधा दर्जन तुइन अहिले पनि सञ्चालनमा छन्। सरकारले तुइनमुक्त घोषणा गर्ने नीति लिएपछि स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग डोलिडारले दार्चुलाको व्यास ६ तिगरममा एक वर्ष अघि र लेकम गाउँपालिका वडा नम्बर ३ लालीमा यो वर्ष झोलुङ्गे पूल निर्माण सम्पन्न भएको भएको छ। भने दत्तु र जौलजीविमा यसअघि नै झोलुङ्गे पूल निर्माण गरिएको थियो।

**खाद्यान्न जहिल्यै अपुग**

व्यास गाउँपालिका र दुहुँ गाउँपालिकाका लागि नेपाल खाद्य संस्थानले व्यास गाउँपालिकाको सुनसेरामा डिपो राखेको छ। दुई गाउँपालिकाका लागि एउटै डिपोबाट चामल वितरण हुँदा नागरिकले खाद्य संस्थानको चामल सहजै पाउने अवस्था छैन। डिपोमा कर्मचारी छैनन्। सुनसेरामा मात्र हैन, जिल्लाका तीनवटै खाद्य डिपोमा कर्मचारी छैनन्। ठेकेदारले नै चामल बिक्री गर्ने हुँदा कुनबेला कहाँ चामल पुग्छ भन्ने स्थानीयले थाहा नै पाउँदैनन्।

यहाँका बासिन्दा खेती त गर्छन् तर दुई खेती लगाउँदा पनि तीनदेखि ६ महिनासम्म मात्रै खान पुग्छ– व्यास गाउँपालिकाका प्रवक्ता धिरनसिंह बुढाथोकीले भने। अधिकांश क्षेत्र पाखो छ। सिँचाइयोग्य खेती छँदै छैन भन्दा पनि हुन्छ। यहाँका बासिन्दाले खाद्यान्न जोहो गर्ने एकमात्र मुख्य उपाय भनेको यार्सागुम्बा र जडीबुटीको बिक्रीबाट आउने आम्दानी नै हो। खेतमा उब्जनी नभएपछि जडीबुटी सङ्कलन गर्ने र नभए भारतीय बजार तथा विदेशमा गएर मजदूरी गरी परिवार पाल्नुपर्ने बाध्यता उनीहरूसमक्ष छ। खाद्य सामग्री भने तुइनमार्फत नै ढुवानी गर्नुपरेको छ। सीमा नदीमा तुइन राख्नु अवैध मानिन्छ। नेपाल भारत सीमा भएर बग्ने महाकालीमा लगाइएका तुइन सबै अवैध हुन्। अवैध तुइनमार्फत प्रतिबन्धित अवैध सामाग्री ओसारपसार हुने आंशकामा भारतीय एसएसबीले छड्के अनुगमा गर्दै बेला बेलामा तुइन काट्ने गर्छ व्यास– २ मालका स्थानीय दानसिह कार्कीले भने। नेपालीले भारतीय एसएसबीलाई छल्दै तुइन लगाउने गरेका छन्। तुइन लगाउन स्थानीयले लठ्ठा पहिले देखि जम्मा पारेका हुन्छन्। कार्की भन्छन्, एसएसबी जाने बित्तिकै उस्तै तुइन लगाए आवत जावत गर्ने गरेका छौ। एसएसबीले तुइन काट्दा महाकाली वारीका माल, राप्ला, सुनसेरा, हुती, धौलाकोट लगायतमा बसोबास गर्ने नागरिकको आवतजावत ठप्प हुन्छ। नेपालतिर निर्माण भइरहेको महाकाली करिडोर अन्तर्गत दार्चुला तिंकर सडकले भर्खर व्यास गाउँपालिकाको सीमा छोएको छ। व्यास गाउँपालिका अध्यक्ष आगामी चैत्रभित्र व्यास गाउँपालिकाको केन्द्र सुनसेरासम्म गाडी गुडाउने गरी निर्माणमा ताकेता भइरहेको छ। १० वर्ष निर्माण शुरु भएको दार्चुला तिङ्कर सडकले कछुवा गतिमा काम गर्दा व्यासका नागरिकले खाद्यान्न समस्या भोग्नुपरेको बुढाथोकी बताउँछन्। उनले भने खच्चडमार्फत खाद्यान्न ढुवानी गर्दा ३० देखि ३५ रुपियाँ प्रतिकिलोग्राम ढुवानी पर्छ।

**स्वास्थ्य अधिकार**

व्यास गाउँपालिकाभरका छवटै वडामा स्वास्थ्य चौकी छन्। तर यी चौकीमा पर्याप्त औषधि र दक्ष जनशक्ति कहिल्यै हुँदैन्। यही कारण स्वास्थ्यकर्मी भए पनि यहाँका बासिन्दा बिरामी हुँदा छिमेकी भारतीय बजार र खलङ्गास्थित जिल्ला अस्पताल आउनुपर्ने अवस्था छ। बिरामी ल्याउँदा पनि जोखिम मोलेर

तुइनमार्फत नै ल्याउनुपर्छ। अझ गर्भवती महिलालाई समेत तुइनमार्फत खलङ्गा ल्याउनुपर्दा आमा र गर्भको शिशु दुवैलाई खतरा हुने गरेको छ। जबकि अहिले पनि गर्भवती महिला सुत्केरी हुन खलङ्गा आउन बाध्य छन्। गाउँमा पनि बर्थिङ सेन्टर त छ तर दक्ष कर्मचारी, उचित उपकरण तथा पर्याप्त औषधि नभएका कारण यस्ता सेन्टर उनीहरूको रोजाइमा पर्ने गर्दैनन्।

सुविधा सम्पन्न र रिफर हुने अवस्थामा पनि भारतको पिथौरागढ नजिक पर्ने भएका कारण गर्भवती महिला खलङ्गा आउने गरेका हुन्। सरकारले हरेक स्थानीय तहमा एउटा अस्पताल खोल्ने नीतिगत त व्यवस्था गरेको छ तर कार्यान्वयन अभावमा यहाँका नागरिक भने अहिले पनि तुइनको सहारामा आवत जावत गरी टाढा टाढा उपचार गराउन बाध्य छन्।

**बालबालिका झनै जोखिममा**

तुइनका कारण यहाँका बालबालिकाले झनै कष्टकर समस्या झेल्नुपर्ने बाध्यता छ। व्यास गाउँपालिका वडा नम्बर २, ३, ४, ५ र ६ का गरी झण्डै ३० प्रतिशत बालबालिका खलङ्गामा अध्ययन गर्न आउने गरेका छन्। खलङ्गा आउने बालबालिकालाई तुइनसम्म ल्याउन र लैजान अभिभावक हुनैपर्ने बाध्यता छ। तुइन तीन तार मिलाएर बनाइएको हुन्छ। तुइनमा आवत जावत गर्न ताङ्लोको सहारा अनिवार्य हुन्छ। त्यसैले तुइन प्रयोग गर्नु बालबालिकाका लागि निकै जोखिमपूर्ण हुने गर्छ। बालबालिका तुइनसम्म तराउन अभिभावक आउनुपर्ने बाध्यता छ।

**अकालमै जान्छ ज्यान**

व्यास गाउँपालिका-२ राप्ला मालका बहादुरसिँह धामी भन्छन्- यो तुइन यहाँका नागरिकका लागि कालसरह नै हो। हरेक वर्ष तुइनबाट आवत जावत गर्ने क्रममा दुई/तीनजनाले ज्यान गुमाउने गरेका छन्। यसरी ज्यान गुमाउनेमा अधिकांश तुइन चुँडिएर नदीमा खस्नेहरू छन्। जिल्ला प्रहरी कार्यालयको तथ्याङ्कअनुसार यस आर्थिक वर्षमा मात्र चार जनाले ज्यान गुमाए। नदी वार/पार गर्ने क्रममा गत वैशाख २४ गते व्यास २ का ३५ वर्षीया सकुन्तला भण्डारी, असार १ गते दुहुँ-३ का १६ वर्षीय कञ्चन लोथ्याल, साउन १७ गते व्यास-५ का १८ वर्षीय रवि धामी र भदौ ११ गते महाकाली नगरपालिका-१ का ४५ वर्षीय जीतबहादुर बमले ज्यान गुमाए। विगतमा तुइनका कारण मृत्यु भएकाको तथ्याङ्क भने प्रहरीसँग छैन। तर स्थानीयका अनुसार हरेक वर्ष २-३ जना तुइनबाट महाकालीमा खसेर ज्यान गुमाउने गरेका छन्।

**सधैँ आश्वासन मात्रै**

व्यास-२ मालका काशीसिंह धामी १०५ वर्षका भए। गत स्थानीय तहको निर्वाचनमा पहिलो नम्बरमा मत हाले र भने- मेरो मत यो अन्तिम हुन सक्छ, खेर नजाओस्, मेरो जीवनमा नेताले भनेको पुलबाट आवत जावत गर्न पाइएन, छोरा/नातिको बेलामा कम्तीमा पनि तुइन बिस्थापन भएर पुल बनोस्।

२०६० सालअघिबाटै सर्भे भयो, अब पुल बन्छ भनेर सरकारीतवरबाट आश्वासन आएको हो। तर अझै पनि बन्ने सुरसार छैन्। २०७२ मा देशभरका तुइन विस्थापन गर्ने अभियानअन्तर्गत व्यास गाउँपालिकाको तिगरमा तुइन बिस्थापन भएर पुल बन्यो पनि। तर सँगै टेन्डर भएका मालघाट, डोकट र बर्तीघाटमा भने पुल बन्न सकेनन्। जसका कारण अहिले पनि यहाँका बासिन्दाले तुइनबाटै जोखिम मोलेर आवत जावत गर्नुपरेको छ। सधैँ आश्वासनमात्रै आउने तर पुल भने कहिल्यै नबन्ने भएपछि स्थानीयले सरकारी भनाइमा विश्वास गर्न छाडेका धेरै समय भइसकेको छ।

**भारतले अवरोध सिर्जना गरेको सरकारी दाबी**

सरकारले देशभरका तुइन बिस्थापन गर्ने नीतिअनुरूप २०७२ सालमै टेन्डर आह्वान गरेको थियो। तर भारतीय पक्षले महाकाली नदीमा एउटै क्षेत्रमा चार पुल बनाउनु सुरक्षाका दृष्टिले नमिल्ने भन्दै बनाउन रोक्यो। नेपालले एकलौटीरूपमा टेन्डरसमेत स्वीकृत गरेपछि भारतले पुल बनाउन नमिल्ने भन्दै रोक लगाएकाले पुलको काम अघि बढ्न नसकेको हो। एक- डेढ किलोमिटर क्षेत्रको फरकमा झोलुङ्गे पुल बनाउँदा सुरक्षा चुनौती हुने भारतीय पक्षको दाबी छ। नेपालले भने व्यास क्षेत्रमा थप दुईवटा पुलका लागि सहमति दिन पटक-पटक माग गर्दै आइरहेको छ।

**स्थानीय सरकारको भूमिका**

तुइन विस्थापनको लागि स्थानीय सरकारले दुईवर्षको अवधिमा कुनै आधिकारीक निर्णय गरेर पहल गरेको भने देखिँदैन्। अन्तर्राष्ट्रिय सीमा नदीमा लगाइएका तुइन विस्थापनको लागि अहिलेसम्म कुनै ठोस निर्णय र ज्ञापन बुझाइएको छैन्, व्यास गाउँपालिका अध्यक्ष दिलिपसिह बुढाथोकीले भने : तर व्यक्तिगत रुपमा सस्पेन्सन ब्रिज डिभिजन कार्यालय र राजनीतिक दलका नेतृत्वसँग पटक पटक झोलुङ्गे पूलको लागि कुरा भएको छ। राजनीतिक नेतृत्वसँग चुनावी प्रतिबद्धताअनुसार पहल गर्न भनिएको छ। ब्रिज डिभिजन कार्यालयले भारतको उत्तराखण्ड सरकारले पहल अगाडि नबढाएको प्रतिक्रिया आइरहेको छ। गत वर्षबाट व्यास गाउँपालिकाले भारतीय नागरिकसँगको

आन्तरिक सहमतिमा व्यास गाउँपालिकाको वडा नम्बर २ दुम्लीङ, घाटिबगरमा अस्थायी काठेपूल लगाएर आवत जावत भइरहेको छ। दुवै क्षेत्रका नागरिकलाई आवतजावत गर्ने गरी दुई ठाउँमा भारतीय पक्ष र दुई ठाउँमा नेपाली पक्ष अर्थात व्यास गाउँपालिकाले अस्थायी काठेपूल लगाएको छ। बर्खामा भने काठेपूल महाकाली नदीले बगाउँदा नागरिकलाई समस्या हुने गरेको बुढाथोकी बताउँछन्।

**समाधानको बाटो**

सरकारले लिएको तुइन बिस्थापन नीति कार्यान्वयनका लागि भारतीय पक्षसँग कूटनीतिकरूपमा सम्वाद थाल्नु बुद्धिमानी हुनेछ । मुलुकबासीको अभिभावक भएकाले यो राज्यको दायित्व पनि हो । अहिले टेन्डर भएका तीन ठाउँमध्ये एक ठाउँमा मात्र झोलुङ्गे पुल निर्माण गर्ने हो भने पनि व्यास गाउँपालिकाका केही वडा तुइनमुक्त हुनेछन् भने सयौँ परिवारको जोखिम न्यूनीकरणमा मद्दत पुग्नेछ। अर्कोतिर नेपाली भूमि भएर निर्माणाधीन महाकाली करिडोर अन्तर्गत दार्चुला तिङ्कर सडक निर्माणमा तीव्रता दिनु आवश्यक छ। पटक पटक विस्फोटक पदार्थ अभावले काम रोकिएको बहाना बनाउनु भन्दा पनि राज्यले यो सडकलाई नेपाली सेनामार्फत जिल्लाको अन्तिम सीमा क्षेत्र तिङ्करसम्म पुऱ्याउनुपर्छ। दार्चुला तिङ्कर सडक खण्डको जिम्मा नेपाली सेनालाई दिने हो भने त्रिदेशीय सीमा क्षेत्रको अन्तिम गाउँ छाङ्गरु तिङ्करमा राज्यको सहज उपस्थित हुनेछ भने अर्कोतिर नागरिकले स्वदेशी भूमि भएर सहज आवत जावत गर्छन् । यो सडक खण्डको सर्भे भइसकेको छ। मात्र यो सडक निर्माणमा राज्यले पहिलो प्राथमिकता साथ ध्यान दिन सक्नुपर्छ।

**नदीले बगाउँछ, तर भेटिँदैनन्**

२०६७ सालमा सुनसेराबाट सदरमुकाम खलंगा आउने क्रममा इन्जिनियर राजेन्द्र न्यौपाने तुइनबाट खसेर महाकालीमा वेपत्ता भए। अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (आइएनजिओ) मा कार्यरत न्यौपाने तुइनको लठ्ठा चुडिएर महाकालीमा बेपत्ता भए । बर्खाको समयमा नदीको बहाव बढेको बेला उनको शव महाकालीमा बेपत्ता भयो । पूरै जिल्लाबासी सरकारी संयन्त्र र आफन्तले शवको खोजी गऱ्यो तर शव कहीँ भेटिएन।

गत असारमा यार्सागुम्बा सङ्कलन गर्न जाने क्रममा महाकाली नदी वारपार गर्ने क्रममा दुहुँ–गाउँपालिका–३ का १६ वर्षीय कञ्चन लोथ्याल, साउन १७ गते व्यास गाउँपालिका –५ का १८ वर्षीय रवि धामी र भदौ ११ गते महाकाली नगरपालिका–१ का ४५ वर्षीय जीतबहादुर बम र वैशाख २४ गते व्यास २ का ३५ वर्षीया सकुन्तला भण्डारीले ज्यान गुमाए।

अभिभावकसँगै महाकाली नदी तर्ने क्रममा उनीहरु नदीमा वेपत्ता भए । उनीहरुको स्थानीय र प्रहरीले संयुक्त रुपमा शवको खोजी गरेपनि भेट्टाउन नसकिएको प्रहरी नायव उपरीक्षक नवराज अधिकारी बताउँछन् । नदीमा पूल छैन् । यार्सागुम्बा संकलन गर्न जाने क्रममा दुम्लीङ क्षेत्रमा नदी वार पार गर्दै गर्दा चिप्लिएर महाकालीमा वेपत्ता भएको बालिकाका बुवा महिमन लोथ्याल सुनाउँछन्। बर्खाको नदी बढ्दै थियो, छिमेकी सुरेन्द्र लोथ्याल र छोरी महाकाली तर्दै थिए, एक्कासी ढुङ्गा चिप्लीएर छोरीको ज्यान गयो।

जिल्लाको उत्तरी क्षेत्रमा एक मात्रै व्यास ६ तिगरममा गत वर्ष झोलुङ्गे पूल निर्माण भएको छ। त्योभन्दा माथिका वस्तीका नागरिकले तुइनमार्फत खोला वारपार गर्नुपर्छ भने राप्ला भन्दा माथिल्लो क्षेत्रमा सामान्य काठको डन्डा लगाएर वारपार गर्नुपर्ने नागरिकको बाध्यता छ।

विगतमा तुइनका कारण मृत्यु भएकाहरूको एकीन तथ्याङ्क जिल्ला प्रहरीसँग छैन। तर स्थानीयका अनुसार हरेक वर्ष २/३ जनाले तुइन र महाकाली वारपार गर्दा ज्यान गुमाउने गरेका छन्।

महाकाली नदीमा बगेका कैयौँ शवहरू हिउँदको समयमा वेवारिसे अवस्थामा भेटिन्छन्। तर उनीहरू पहिचान हुन नसक्दा पोष्टमार्टम गरेर त्यतिकै जलाउने गरिएको छ। हिउँदको समयमा भन्दा पनि बर्खायाममा नदी वार पार गर्नु जोखिम हुन्छ, व्यास २ का वडाध्यक्ष धिरेनसिह बुढाथोकीले भने। नदीको बहाव उच्च हुने तथा लामो तुइन लगाउनुपर्दा वारपार गर्नु जोखिम हुन्छ।

**सन्दर्भ सामग्री**


१. नेपालको संविधान २०७२
२. जिल्ला समन्वय समितिको कार्यालय, दार्चुला
३. जिल्लास्थित सञ्चार माध्यम, पत्रपत्रिका
४. जिल्ला प्रहरी कार्यालय, दार्चुला
५. सस्पेन्सन ब्रिज डिभिजन
६. व्यास गाउँपालिकाका जनप्रतिनिधि

अनुसूची १

# सन् २०१८ र मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्यहरू

## उल्लेख गर्नैपर्ने केही कुरा

१. 'यो वर्ष' भन्नाले सन् २०१८ (२०७४ पुस १७ गतेदेखि २०७५ पुस १६ गतेसम्म) बुझ्नुपर्छ। यदाकदा घटनाले मागेका ठाउँमा बाहेक यस पुस्तकमा यो अवधिको सीमा नाघ्ने प्रयास भएको छैन । यसमा उल्लिखित घटनाहरू सबैजसो कार्यक्षेत्रमै गएर लिइएका जानकारीमा आधारित छन् । जसलाई प्रहरी, पीडित, आरोपित, न्यायिक आदि क्षेत्रद्वारा पुष्टि गर्ने प्रयास भएको छ।

२. नेपालले अनुमोदन गरेका मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूमध्ये ठूला ६ ओटा (ICCPR, ICESCR, CAT, CEDAW, CRC / CERD) का आधारमा शीर्षकहरू विभाजन गरी जिल्लागत रूपमा तथ्याङ्क एवम् विवरण प्रस्तुत गरिएको छ।

३. मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको तथ्य–तथ्याङ्कलाई दुई प्रकारमा वर्गीकरण गरिएको छ :
   (क) राज्यपक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनालाई राज्यपक्षको तर्फबाट भनी समावेश गरिएको छ।
   (ख) राज्यपक्षभन्दा बाहेकबाट भएका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनालाई अन्यपक्षबाट भनी समावेश गरिएको छ। अन्यपक्ष भन्नाले विभिन्न सशस्त्र समूह, अज्ञात समूह, राजनीतिक दल, परिवारजन आदिलाई बुझाउँछ। त्यसको विस्तृत विवरण अनुसूची २ मा रहेको तथ्याङ्कमा दिइएको छ । सामान्यतः व्यक्तिगत हत्याका घटनालाई विवरणमा नदिई तथ्याङ्कमा मात्र समावेश गरिएको छ।

४. राम्रो कि नराम्रो भन्ने विषय तुलनाबाट मात्र प्रष्ट हुन्छ । त्यसैले यो वर्ष जिल्लाको मानव अधिकार उल्लङ्घनका घटना बढे कि घटे भन्ने सहजै थाहा पाउन पृष्ठभूमिमै गत वर्षको सामान्य तथ्याङ्क दिइएको हो।

५. अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकारअन्तर्गतका तथ्याङ्क तत्काल घटनास्थलमा गिरफ्तार गरिएका र सामान्य चोटपटक लागेका पीडितहरूको मात्र तथ्याङ्क हो।

६. न्यायिक/अर्धन्यायिक निकाय, सञ्चारमाध्यम, प्रत्यक्षदर्शी आदिबाट प्राप्त सूचनालाई पुष्टि भएपछिमात्र उल्लेख गरिएको छ। कतिपय घटना इन्सेकको जानकारीमा आए पनि पुष्टि नभएकाले प्रकाशन गर्न सकिएन।

७. कारागारका बन्दी र कैदीको सङ्ख्या वर्षको अन्तिम (२०७५ पुस दोस्रो साता) को हो।

८. शिक्षा, कारागार, स्वास्थ्य, न्यायालय जस्ता जानकारी जिल्लास्थित सम्बन्धित कार्यालयका पदाधिकारीबाट लिइएका हुन्।

९. महिला तथा बालबालिका सेवा केन्द्र भन्नाले जिल्ला प्रहरी कार्यालयमा हुने पृथक निकाय हो।
१०. पुर्पक्षका लागि थुनामा पठाइएको भन्नुको मतलव मुद्दा जारी छ भन्ने हो। तारिखमा वा धरौटीमा रिहा गरिएको भन्नुको मतलव पनि मुद्दा टुङ्गिएको छैन भन्ने हो।
११. बलात्कारको घटनामा महिलाको नाम र ठेगाना उल्लेख गरिएको छैन भने विवरणहरू दिँदा पनि सकभर पीडित नचिनियुन् भन्नेतर्फ सतर्कता अपनाइएको छ।
१२. जिल्लामा मानव अधिकारका दृष्टिले सबैभन्दा बढी खड्किएको विषयलाई उठान गर्ने जमर्को गरिएको छ ताकि सरोकारवालाको त्यसमा ध्यान पुगोस्।
१३. जिल्लामा ज्यादतीका घटनाबाट पीडित भएकाहरू अघिल्लो वर्ष कति रहेछन् र यसपटक घटे वा बढे भनेर तुलनात्मकरूपमा अध्ययन गर्न सहज होस् भन्ने हेतुले समग्रमा, महिला र बालबालिकाको गत वर्षको तथ्याङ्क पनि दिइएको छ।
१४. जिल्लाका न्यायिक र अर्धन्यायिक निकाय तथा इन्सेक प्रतिनिधिको जानकारीमा नआएका मानव अधिकार उल्लङ्घनका घटना यसमा समावेश छैन।
१५. नेपालको बालबालिकासम्बन्धी ऐनले १६ वर्षभन्दा मुनिकालाई बालबालिका भन्नुपर्ने जनाए पनि बाल अधिकार महासन्धिले १८ वर्षभन्दा मुनिकालाई बालबालिका मानेकाले यो पुस्तकले पनि १८ वर्षमुनिकालाई बालबालिका मानेको छ।
१६. स्वास्थ्य संस्था, विद्यालय, न्यायालय आदिमा दरबन्दीअनुसार कार्यरत भएकालाई भन्दा रिक्त अवस्थालाई जोड दिइएको छ किनकि राज्यप्रदत्त यस्तो अवस्थाले मानव अधिकार प्राप्तिमा सोझै अवरोध सिर्जना गर्छ।
१७. सीमान्तकृत दलित समुदायलाई राज्यले उपलब्ध गराउने छात्रवृत्ति र अपाङ्गता भएका व्यक्तिलाई पढ्ने वातावरण उपलब्ध भए/नभएकोलाई विशेष स्थान दिइएको छ ताकि सेवाग्राही र प्रदायक दुवैलाई यस विषयमा मिलेर जान सहज हुन सकोस्।
१८. विस्थापन, संरचना/सम्पत्ति क्षति भएका घटनाहरूलाई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार शीर्षकअन्तर्गत समावेश गरिएको छ।
१९. स्थानीय बोली, भाषा र लय आदि जस्ता कारणले गर्दा कतिपय व्यक्ति र ठाउँको नाममा केही फरक पर्न गएको हुनसक्छ । यस्तो भेटिएको खण्डमा जानकारी दिनु हुन हामी सबैमा हार्दिक अनुरोध गर्दछौँ।
२०. जनसङ्ख्या, महिला, परिवार सङ्ख्या, आश्रित जनसङ्ख्या (केन्द्रीय तथ्याङ्क विभागको अनुमान २०१६), गरिबीको रेखामुनि रहेको सङ्ख्या, कामका लागि बाहिरिएका, अपाङ्गता भएका, पाँच वर्षमाथिको साक्षरता प्रतिशत र सरकारी विद्यालय प्रत्येक जिल्लामा उल्लेख गर्नुको कारण यिनले मानव अधिकार प्राप्तिमा जगको काम गर्ने भएकाले हो। जसको आधार केन्द्रीय तथ्याङ्क विभागको विक्रम संवत् २०६८ को जनगणना हो।
२१. तथ्य तथ्याङ्क समावेश गर्दा त्रुटि नहोस् भनी सजगता अपनाइएको छ। भुलवश कुनै त्रुटि भएमा मूल अभिलेखमा भएको तथ्य तथ्याङ्क नै आधिकारिक हुनेछ।

**तथ्याङ्कका अन्य स्रोत**

१. केन्द्रीय तथ्याङ्क विभागको सङ्क्षिप्त प्रतिवेदन २०१३
२. स्थानीय सामाजिक संस्था र व्यक्तिहरू
३. स्थानीय न्यायिक, अर्धन्यायिक, प्रशासनिक, सञ्चार र सुरक्षासम्बन्धी निकायहरू
४. १९९२ देखि २०१८ सम्मका इन्सेक मानव अधिकार वर्ष पुस्तकहरू
५. वर्ष पुस्तक तयार गर्ने क्रममा इन्सेक पुस्तकालयमा रहेका पुस्तक तथा अभिलेखहरू सन्दर्भ सामग्रीको रूपमा प्रयोग गरिएको छ।
६. शिक्षासम्बन्धी तथ्याङ्क जिल्लाका शिक्षा कार्यालय, स्वास्थ्यसम्बन्धी तथ्याङ्क जिल्ला जनस्वास्थ्य कार्यालयबाट उपलब्ध गराइएका हुन्।
७. प्रदेश र स्थानीय तहको विस्तृत विवरण मदरल्याण्ड पब्लिकेशन प्रा.लि.
८. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय



# प्रदेश १

- क्षेत्रफल : २५,९०५ वर्ग कि.मि.
- जनसङ्ख्या : ४५,३४,९४३
- साक्षरता प्रतिशत : ७१.१७
- जिल्ला : १४
- निर्वाचन क्षेत्र (प्रतिनिधिसभा) : २८
- निर्वाचन क्षेत्र (प्रदेशसभा) : ५६
- महानगरपालिका : १
- उपमहानगरपालिका : २
- नगरपालिका : ४६
- गाउँपालिका : ८८
- कूल वडा सङ्ख्या : १,१५७



# प्रदेश परिचय १

प्रदेश १ मा १४ जिल्ला छन् । यसको जनसङ्ख्या ४५ लाख ३४ हजार ९ सय ४३ छ। यो प्रदेश २५ हजार ९ सय ५ वर्ग किलोमिटरमा फैलिएको छ। यसमा प्रतिनिधि सभा निर्वाचन क्षेत्र २८ ओटा छन् भने प्रदेश सभा निर्वाचन क्षेत्र ५६ ओटा छन्।

प्राकृतिक साधन तथा स्रोतका हिसाबले यो प्रदेशमा सगरमाथा हिमशृङ्खला, कोशी नदी, त्यसका शाखा अनि मकालु र कञ्चनजङ्घा जस्ता हिमाल छन् । जसबाट राम्रो रोयल्टी प्राप्त हुने सम्भावना देखिन्छ । नेपाल मानव विकास प्रतिवेदनअनुसार यो प्रदेशमा १७.१२ प्रतिशत जनसङ्ख्या बस्छन् भने मुलुकको कूल गार्हस्थ्य उत्पादनमा जनसङ्ख्या बराबर नै अर्थात् १७.४६ प्रतिशत योगदान पुऱ्याउँछन् । आर्थिक सर्वेक्षण २०७२/७३ अनुसार कूल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३१ प्रतिशत छ। यसरी कृषिमार्फत सबैभन्दा बढी योगदान दिने जिल्ला चितवन (३.५ प्रतिशत) हो। त्यसपछि दोस्रो मोरङ (२.९१) र तेस्रोमा पर्ने झापा (२.३५ प्रतिशत) यही प्रदेशमा पर्छ।


प्रदेश सरकारले आधारभूत मानव अधिकारको संरक्षण,संवर्द्धन एवम् प्रवर्धन गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्ने, नागरिक स्वतन्त्रताको रक्षालाई आत्मसाथ गरी नागरिक स्वतन्त्रतालाई मजबुत बनाउन अन्तर्राष्ट्रिय सन्धि सम्झौता, नियमका आधारमा प्रभावकारी संयन्त्रको विकास गरी त्यसको उचित कार्यान्वयन गर्ने, पछाडि पारिएको समुदाय, क्षेत्र र वर्गलाई विकासको मूलप्रवाहमा ल्याउने नीति तथा कार्यक्रम तय गरेको छ । यसैगरी, हिंसापीडित महिला तथा बालबालिकालाई एकै स्थानबाट आवश्यक सेवा प्रदान गर्न एकद्वार सङ्कट व्यवस्थापन केन्द्र स्थापना गर्ने, घरेलु हिंसा, लैङ्गिक हिंसा, श्रमशोषण, बालविवाह, बेचबिखन तथा ओसारपसार, शारीरिक तथा मानसिक यातना लगायत सबैखाले हिंसाको अन्त्य गर्ने कार्यक्रमलाई प्राथमिकतामा राखेको छ।

प्रदेश सरकारले सरकारी अस्पतालहरूलाई पहिलो उपचार केन्द्रका रूपमा विकास गर्ने, ग्रामीण क्षेत्रमा चिकित्सक सेवाको उपलब्धतालाई प्राथमिकतामा राख्ने, आधारभूत स्वास्थ्य अधिकारलाई सम्मान गर्ने, उच्च शिक्षासम्म निःशुल्क पठनपाठनको व्यवस्था मिलाउनेलगायतका नीति तथा कार्यक्रम पनि तय गरेको छ। प्रदेशको नामाकारण र राजधानीका बारेमा यो वर्ष कुनै निर्णय हुन सकेन।

**सन् २०१८ र मानव अधिकार अवस्था**

सन् २०१८ मा यो प्रदेशमा मानव अधिकार उल्लङ्घनका घटनामा ६१ जना र ज्यादतीका घटनामा ७ सय ८७ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । महिला अधिकार उल्लङ्घनका घटनामा ४ सय १९ जना, जातीय विभेदका घटनामा चार जना, गिरफ्तारीका घटनामा ४३ जना, बाल अधिकारका घटनामा २ सय ३९ जना पीडित भएको अभिलेख छ।

## सन् २०१८ मा घटनाको प्रकार अनुसार पीडित सङ्ख्या



# १.१ ताप्लेजुङ

**जम्मा जनसङ्ख्या**
१,२४,७१४

**महिला**
६६,२८६

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
१

**प्रदेशसभा निर्वाचन क्षेत्र**
२

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
३४,०६६


**कामका लागि बाहिरिएका**
९,७९३

**अपाङ्गता भएका**
३,७३०

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
७१.३

**आश्रित जनसङ्ख्या**
५५,२५४

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | ८ | | ८ |
| महिला अधिकार | ७ | | ७ |
| जातीय विभेद | | १ | १ |
| हत्या | २ | | २ |
| जम्मा | १७ | १ | १८ |




*सरकारले प्रत्येक स्थानीय तहमा कम्तीमा एउटा बैङ्क हुनैपर्ने नियम जारी गरेको छ तर जिल्लाको मेरिङ्देन र मिक्वाखोला गाउँपालिकामा अझैसम्म यो सरकारी निर्देशन पालना भएको छैन । कहिलेसम्म बैङ्क सञ्चालन हुन्छ भन्नेसमेत टुङ्गो नभएको मेरिङ्देन गाउँपालिकाका प्रमुख गणेश लिम्बूले बताए । उनका अनुसार यहाँ बैङ्क आउन नमान्नुको मुख्य कारण आवश्यक सुविधाको अभाव नै हो । मिक्वाखोला गाउँपालिकामा पनि प्रहरी चौकी र सडक अभाव देखाएर बैङ्कहरू आउन नमानेका गाउँपालिकाका प्रवक्ता दीपेन्द्र लिवाङले बताए। स–सानादेखि लिएर ठूला योजना सञ्चालनका लागिसमेत बैङ्क खाता अनिवार्य गरिएको छ तर बैङ्क भने नहुँदा उपभोक्ता समिति निर्माणदेखि विकासका कामसमेत प्रभावित भएको जनप्रतिनिधिको गुनासो छ।*

*ताप्लेजुङमा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाबाट सन् २०१७ मा १४ जना महिला पीडित भएका थिए । सन् २०१८ मा १७ महिला र एक पुरुष गरी १८ जना पीडित भए। यो वर्ष जातीय भेदभावबाट एक पुरुष पीडित भए भने दुई महिलाको हत्या भयो।*

### कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको भए पनि २० थुनुवा र ९६ कैदी गरी १ सय १६ जना छन् । क्षमताभन्दा पाँच दोब्बर कैदी तथा बन्दी राखिएकाले व्यवस्थापनमा समस्या छ। वि.सं. १९५२ मा निर्माण भएको कारागार भवन पनि जीर्ण छ।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक न्यायाधीश रहेका यस जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ३२ मध्ये ३२ थान फैसला भए भने देवानी मुद्दातर्फ १ सय ३१ मध्ये ५४ थान फैसला भए।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*ताप्लेजुङमा २ सय ९५ आधारभूत र ६१ मावि छन् । जिल्लामा १ हजार १ सय ३८ शिक्षक दरबन्दीमा सबै कार्यरत छन्। शिक्षा विकास तथा समन्वय एकाईले भर्ना भएका विद्यार्थी, छात्रवृत्तिलगायतका तथ्याङ्कलाई उपलब्ध गराउन सकेन।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ५ | ५ |
| नवजात शिशुको हत्या | २ | २ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ८ | ८ |

#### बलात्कार, यौन दुर्व्यवहार

१३ वर्षीया बालिकालाई २०७५ असोज १४ गते बलात्कार गरेको आरोपमा सिरिजङ्गा गापा–४ तेल्लोकका २३ वर्षीय दीपेश भट्टराईलाई प्रहरीले असोज १७ गते गिरफ्तार गर्‍यो । पीडित पक्षले असोज १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। बालिकाको स्वास्थ्य परीक्षण असोज १७ गते नै जिल्ला अस्पतालमा भयो । आरोपितलाई जिल्ला अदालतले कात्तिक १४ गते पुर्पक्षका लागि थुनामा पठायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै २६ जना महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट गरी घर निकाला गरिएका १५, खान/लाउन नदिएको १० र विवाह दर्ता र नागरिकता नबनाएको एक छन् । सबै उजुरीमा प्रहरीले मिलापत्र गरायो।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ५ | ५ |
| बलात्कार प्रयास | २ | २ |
| जम्मा | ७ | ७ |

#### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

३६ वर्षीया महिलाले आफूलाई २०७४ चैत १० गते बलात्कार गरेको भन्दै मैवाखोला गापा–५ फाकुम्बाका १९ वर्षीय सुवास वनेम र १७ वर्षीय बालकविरुद्ध चैत १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। महिलाको स्वास्थ्य परीक्षण चैत १२ गते जिल्ला अस्पतालमा भयो। उजुरी दिएकै दिन गिरफ्तार भएका दुवैजनालाई जिल्ला अदालतले २०७५ जेठ २९ गते १०/१० वर्ष कैद र ७५ हजार रुपियाँका दरले क्षतिपूर्ति भराउनुपर्ने सजाय सुनायो।

### स्वास्थ्य सेवाको अवस्था

ताप्लेजुङमा एक सरकारी र एक निजी अस्पताल छन् । ५३ ओटा स्वास्थ्य चौकी र दुईओटा प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा चार डाक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन् । त्यस्तै अहेवको १ सय ६ दरबन्दी रहेकामा कति कार्यरत छन् भन्ने तथ्याङ्क जिल्ला स्वास्थ्य कार्यालयसँगै छैन।

जिल्ला अस्पतालमा मात्रै ४६ जना कर्मचारी छन् । तीमध्ये सरकारी २८ जना र करार १८ जना छन् । एनएसआइमार्फत दुईजना डाक्टर, एक स्टाफ नर्स, एकजना बायोमेटिकल टेक्निसियन छन् । ती बाहेक ६ जना डाक्टर छन्। त्यसमध्ये दरबन्दीका एकजना छन् भने एनएसआइबाट दुईजना र सरकारी करार अन्तर्गत तीनजना कार्यरत छन्। स्टाफ नर्स तीनजनाको दरबन्दीमा दुईजना कार्यरत छन्। करारअन्तर्गत दुईजना स्टाफ नर्स छन्। अनमी छजना छन् जसमध्ये दुईजना दरबन्दीका हुन् भने एकजना अरु करारअन्तर्गत छन्। दरबन्दीमा एकजना एचए छन्। अहेवको चार दरबन्दीमध्ये दुईजना करारसहित छजना छन्। एकजना एनेस्थेसिया असिस्टेन्ट पनि कार्यरत छन्।

## सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

### बाल अधिकार

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| बलात्कार | १ | ४ | ५ |
| नवजात शिशुको हत्या | १ | | १ |
| यौन दुर्व्यवहार | | १ | १ |
| जम्मा | २ | ५ | ७ |


### महिला अधिकार

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बलात्कार | | २ | ३ | ५ |
| बलात्कार प्रयास | २ | | | २ |
| जम्मा | २ | २ | ३ | ७ |

### मारिएकाको घटना सङ्ख्या

| घटनाको प्रकार | मुद्दा टुङ्गिएको | जम्मा |
|---|---|---|
| हत्या | १ | १ |

## १.२ सङ्खुवासभा




**जम्मा जनसङ्ख्या**
१,५८,७४२

**महिला**
८४,४००

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
१

**प्रदेशसभा निर्वाचन क्षेत्र**
२

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
३३,१४६

**कामका लागि बाहिरिएका**
१४,८६३

**अपाङ्गता भएका**
४,०५४

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
८२

**आश्रित जनसङ्ख्या**
७०,६३०

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| घाइते | १ | | १ |
| बाल अधिकार | १३ | १ | १४ |
| महिला अधिकार | १५ | | १५ |
| कुटपिट | | २ | २ |
| हत्या | १ | ३ | ४ |
| जम्मा | ३० | ६ | ३६ |

*सङ्खुवासभाको ग्रामीण बस्तीमा जातीय छुवाछूत व्याप्त छ। गैरदलितले दलितको घरमा गएर खाँदैनन् । छिमेकी दलित र गैरदलितबीच तरकारी, अन्नपात ऐँचोपैँचो चले पनि पानी र भान्सा भने अझै चल्न सकेको छैन। प्रत्यक्ष/अप्रत्यक्ष जुनरूपमा गरिए पनि विभेद त विभेद नै हो, दलित सङ्घका जिल्ला सचिव कुमाल ल्यावगुनले भने– दलितको सिप, काम र उत्पादित वस्तु चल्छन् तर पकाएको खाना र घरमा भएको पानी भने अझै पनि चल्दैन।*

*गैरदलितको घरमा मीठो मसिनो पाक्दा दलितको र दलितको घरमा मीठोमसिनो पाक्दा गैरदलितको घरसम्म पुग्दैन। कारण हो– दलितमाथि विद्यमान छुवाछूत। खाँदबारी नपा–७ का ज्ञानबहादुर चर्मकारले भने– छुवाछूत कहीँ अन्त्य भएको छ भने कागज र भाषणमा मात्र। कानुनले निषेध गरेकाले गैरदलितहरू दलितलाई सिधै गाली गर्ने र छुवाछूत नगर भन्न त सक्दैनन् तर व्यवहारमा भने छुवाछूत मान्ने प्रवृत्ति दरिलैसँग जरा गाडेर बसेको छ। गैरदलितले दलितलाई हेर्ने दृष्टिकोणमा देखावटी परिवर्तनमात्र आएको भनाइ सभापोखरी गापाका भुवन पोर्तेलको छ।*

*सङ्खुवासभामा सन् २०१८ मा ३० महिला र ६ जना पुरुष गरी ३६ जना पीडित भएको अभिलेख भयो। सन् २०१७ मा १५ महिला र १४ पुरुष गरी २९ जना पीडित भएका थिए।*

### कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता २५

जनाको छ । तर ७७ कैदी र १७ जना थुनुवा गरी ९४ जना छन् । जसमा महिला पाँचजना छन् ।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एकजना न्यायाधीश रहेका यस जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ३ सय १२ मध्ये २ सय ६२ थान फैसला भए भने देवानी मुद्दातर्फ २ सय ५५ मध्ये १ सय ६० थान फैसला भए ।

### बाल अधिकार

**शिक्षाको अवस्था**

*यस जिल्लामा आधारभूततर्फ प्रावि (१-५) सामुदायिक २ सय ४९, सस्थागत १४, गुरुकूल तीन र गुम्बा तीनओटा छन् । निमावि (६-८) सामुदायिक ४४ र संस्थागत ६ ओटा छन् । माध्यमिकतर्फ (९-१०) सामुदायिक ४४ र संस्थागत ६ ओटा छन् । त्यसैगरी उच्च मावि (११-१२) सामुदायिक २० र सस्थागत एक छन् । जिल्लामा १९ ओटा सामुदायिक अध्ययन केन्द्र छन् । प्रावि शिक्षक दरबन्दी १ हजार ५०, राहत दरबन्दी १ सय ३०, निमावितर्फ दरबन्दी १ सय ६९ र राहत दरबन्दी ९० छ । मावितर्फ दरबन्दी १ सय ३७ र राहत दरबन्दी ६४ छ । उच्च मावितर्फ १४ स्वीकृत दरबन्दी र २९ अनुदान कोटा छ । यस वर्ष सरकारले भर्ना अभियान सञ्चालन गरेका बखत १ सय ६० बालबालिका नयाँ भर्ना भए । सामुदायिक विद्यालयमा ३८ हजार ३ सय ४४ र संस्थागत विद्यालयमा ४६ हजार ९८ जना विद्यार्थी छन् । जिल्लामा अपाङ्गता भएका विद्यार्थी पढाइ हुने विद्यालय भए पनि अपाङ्गमैत्री विद्यालय भने छैनन् । ४ सय ४३ दलित बालक र ३ सय ८७ दलित बालिकाले छात्रवृत्ति पाए ।*

*सन् २०१८ मा बालबालिकाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भएको पाइयो । यो वर्ष १३ जना बालिका र एक बालक गरी १४ बालबालिका पीडित भएको अभिलेख भयो । जसमध्ये बलात्कारबाट नौ बालिका, यौन दुर्व्यवहार बाट चार बालिका र एक नवजात शिशुको हत्या भएको अभिलेख भयो । सन् २०१७ मा भने दुई बालिका बलात्कारबाट पीडित भएको अभिलेख थियो ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बलात्कार | ९ | | ९ |
| नवजात शिशुको हत्या | | १ | १ |
| यौन दुर्व्यवहार | ४ | | ४ |
| जम्मा | १३ | १ | १४ |

**बलात्कार, यौन दुर्व्यवहार**

१२ वर्षीया बालिकालाई २०७५ वैशाखदेखि पटक-पटक बलात्कार गरेको भन्दै मकालु गापा-३ पाथिभराका ३० वर्षीय हिरासिं राईविरुद्ध पीडित पक्षले २०७५ साउन १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा साउन १८ गते भयो । साउन १८ गते नै गिरफ्तार परेका आरोपितलाई जिल्ला अदालतले २०७५ साउन २७ गते पुर्पक्षका लागि थुनामा पठायो ।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै २७ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट गरी गाली बेइज्जती गरिएका आठ, खान/लाउन नदिएको पाँच, अर्की श्रीमती ल्याएर हेलाँ गरेको तीन र सामान्य घरायसी झगडाका ११ घटना छन् । यीमध्ये प्रहरीले सबै घटनामा मिलापत्र गरायो ।*

*सन् २०१८ मा महिलाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भएको पाइयो । यो वर्ष १५ जना महिला पीडित भए । जसमध्ये बलात्कारबाट एक, बलात्कार प्रयासबाट सात, यौन दुर्व्यवहारबाट दुई, बहुविवाहबाट तीन र घरेलु हिंसाबाट दुईजना थिए । सन् २०१७ मा ११ महिला पीडित भएका थिए ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १ | १ |
| बलात्कार प्रयास | ७ | ७ |
| बहुविवाह | ३ | ३ |
| घरेलु हिंसा | २ | २ |
| यौन दुर्व्यवहार | २ | २ |
| जम्मा | १५ | १५ |

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

२२ वर्षीया युवतीलाई २०७५ साउन २ गते बलात्कार गरेको भन्दै पीडित पक्षले चैनपुर नपा-३ का ३८ वर्षीय गणेश खत्रीविरुद्ध साउन ४ गते इलाका प्रहरी

कार्यालय, चैनपुरमा उजुरी दिए । युवतीको स्वास्थ्य परीक्षण सोही दिन प्राथमिक स्वास्थ्य केन्द्र चैनपुरमा भयो । साउन ५ गते गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले २०७५ असोज १७ गते २ वर्ष ६ महिना कैद सजाय सुनायो ।

### घरेलु हिंसा

चिचिला गापा–३ घर भई खाँदबारी नपा–७ बस्दै आएकी ५५ वर्षीया धनकुमारी राईलाई २०७५ साउन २ गते आफ्नै पति ५२ वर्षीय डिल्लीमान राईले लठ्ठी प्रहार गरी हत्या प्रयास गरेको भन्दै पीडितले साउन ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन् । धनकुमारीको उपचार साउन २ गते जिल्ला अस्पतालमा भयो । सोही दिन गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले २०७५ असोज २७ गते पुर्पक्षका लागि थुनामा पठायो ।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### भौतिक संरचनामा क्षति

अरुण तेस्रो जलविद्युत् आयोजनाको कार्यालयमा अज्ञात पक्षले २०७५ वैशाख १७ गते राति बम विष्फोट गराउँदा कार्यालयको दक्षिणतर्फको भागमा क्षति भयो । घटनाको जिम्मा कसैले लिएन ।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, चार प्राथमिक स्वास्थ्य केन्द्र, ३४ ओटा स्वास्थ्य चौकी, ६ सहरी स्वास्थ्य केन्द्र र ११ सामुदायिक स्वास्थ्य एकाइ छन् । जिल्ला स्वास्थ्य कार्यालयसँग जिल्लाभरका स्वास्थ्यकर्मीको एकिन तथ्याङ्क नभएको सूचना अधिकारी दिलिप श्रेष्ठले जानकारी दिए ।

**सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बलात्कार | | १ | ८ | ९ |
| नवजात शिशुको हत्या | | | १ | १ |
| यौन दुर्व्यवहार | १ | | ३ | ४ |
| जम्मा | १ | १ | १२ | १४ |

**महिला अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बलात्कार | १ | | | १ |
| बलात्कार प्रयास | २ | | ५ | ७ |
| बहुविवाह | | | ३ | ३ |
| घरेलु हिंसा | | १ | १ | २ |
| यौन दुर्व्यवहार | | | २ | २ |
| जम्मा | ३ | १ | ११ | १५ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | ३ | १ | ४ |

# १.३ सोलुखुम्बु

**जम्मा जनसङ्ख्या**
१,०५,१८७

**महिला**
५४,७५५

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
१

**प्रदेशसभा निर्वाचन क्षेत्र**
२

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
२६,९६४

**कामका लागि बाहिरिएका**
५,६१७

**अपाङ्गता भएका**
२,६०९

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
६७.५४

**आश्रित जनसङ्ख्या**
४५,३१८

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बाल अधिकार | ३ | ३ |
| महिला अधिकार | ४८ | ४८ |
| धम्की | १ | १ |
| जम्मा | ५२ | ५२ |




*वार्षिक २ हजार ५ सय रुपियाँमा पाँचजनाको परिवारलाई ५० हजार रुपियाँको स्वास्थ्य बिमा हुन्छ भनेर सरकारी कागजपत्रसहित स्वास्थ्य अभिकर्ताहरू घरैमा पुग्दा दूधकुण्ड नगरपालिका–५ की ४८ वर्षीया कल्पना बस्नेत दङ्गै परिन् । अझ बिमितले वार्षिक ५० हजार रुपियाँ बराबरको उपचार पाउने भन्दा झनै हौसिइन् ।*

*तर, कल्पना त्यतिबेला स्वास्थ्य बिमाप्रति उदासीन बनिन् जतिबेला उनी पाठेघरको समस्याले थलिएर जिल्ला अस्पताल फाप्लु पुगिन् । अभिकर्ताले दिएको स्वास्थ्य कार्ड बोकेर सेवा लिन अस्पताल पुगेकी उनले अतिरिक्त शुल्क तिर्नुपर्‍यो । कल्पनाले स्वास्थ्य बिमा गराएपछि पैसा तिर्नुपर्दैन भन्दाभन्दै अस्पातलले पैसा लिइछाडेपछि उनी बरु स्वास्थ्य बिमा नगराएको भए त्यही पैसा अस्पतालमा तिर्न त हुन्थ्यो भन्ने निष्कर्षमा पुगिन् ।*

*कल्पनालाई जिल्ला अस्पतालमा सबै सुविधा उपलब्ध नभएकाले पैसा तिर्नुपरेको हो, ठूलो ठाउँमा कार्ड देखाए पुग्छ भनेर सम्झाएका थिए अस्पतालका कर्मचारीले । तर, उनी जब पाठेघरकै समस्याले थापाथलीस्थित प्रसूति गृह पुगिन्, त्यहाँ पनि उनको कार्डले काम गरेन । त्यसपछि त उनलाई बिमा भन्ने शब्दसँग नै एलर्जी हुन थालेको छ । सोलुखुम्बुमा १७ महिनाअघि सरकारले स्वास्थ्य सेवामा आम नागरिकको पहुँच सुनिश्चित गर्न भन्दै सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत स्वास्थ्य बिमा कार्यक्रम लागु*

*गरेको थियो। यस अवधिमा १ हजार ४ सय ८६ जनाले स्वास्थ्य बिमा गराएका पनि छन् । तर नतिजा भने कल्पनाकै उदाहरण काफी छ। जबकि कल्पना त एक प्रतिनिधि पात्रमात्र हुन्।*

*सोलुखुम्बुमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट सन् २०१७ मा ५२ महिला र तीन पुरुष गरी ५५ जना पीडित भएका थिए। सन् २०१८ मा ५२ जना महिला पीडित भए। यो वर्ष धम्कीबाट एक महिला पीडित भइन्।*

## कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर, पुरुष ४८ जना र महिला तीनजना गरी ५१ जना कैदी र १७ जना पुरुष र १ जना महिला गरी १८ जना समेत ६९ जना छन्।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक न्यायाधीश रहेका यस जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ५३ मध्ये १ सय ६ थान फैसला भए भने देवानी मुद्दातर्फ ९३ मुद्दामध्ये ६० थान फैसला भए।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लाका विद्यालय जाने उमेरका २७ हजार १ सय ६९ मध्ये छात्र १२ हजार ८ सय ६६ जना र छात्रा १४ हजार ३ सय ३ जना प्राथमिक तहदेखि मावि तहसम्म भर्ना भए। यसमध्ये दलित छात्रा १ हजार ५ सय २० जना र छात्र १ हजार १ सय ९ जना छन्।*

*सन् २०१८ मा बालबालिकाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भए। यो वर्ष तीन बालिका बलात्कारबाट पीडित भए। सन् २०१७ मा एक बालिका यौन दुर्व्यवहारबाट पीडित भएकी थिइन्।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ३ | ३ |
| जम्मा | ३ | ३ |

### बलात्कार, यौन दुर्व्यवहार

१६ वर्षीया बालिकालाई २०७४ माघ ४ गते बलात्कार गरेको भन्दै भारतको सीतामणिथाना गमरिया–६ का २० वर्षीय उमाशङ्कर यादवविरुद्ध पीडित पक्षले २०७४ माघ ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ ६ गते भयो । माघ ९ गते गिरफ्तार भएका उमाशङ्करलाई जिल्ला अदालतले २०७५ साउन ४ गते ८ वर्ष कैद र ३ लाख रुपियाँ जरिवानाको सजाय सुनायो।

## महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*जिल्लामा यो वर्ष घरेलु हिंसापीडित भन्दै ३७ जना महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका दुई र कुटपिटका ३५ घटना छन्। ती घटनामध्ये २८ ओटामा प्रहरीले मिलापत्र गरायो भने चार उजुरी कानुनी प्रक्रियामा छन्।*

*सन् २०१८ मा महिलाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा कमी भए। यो वर्ष ४८ महिला पीडित भए। जसमध्ये घरेलु हिंसाबाट ४२, बलात्कारबाट चार र बलात्कार प्रयासबाट दुईजना थिए। सन् २०१७ मा ५१ जना महिला पीडित भएका थिए। जसमध्ये घरेलु हिंसाबाट ४५, बलात्कारबाट चार र बलात्कार प्रयासबाट दुईजना थिए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ४ | ४ |
| बलात्कार प्रयास | २ | २ |
| घरेलु हिंसा | ४२ | ४२ |
| जम्मा | ४८ | ४८ |

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

३४ वर्षीया महिलालाई २०७५ साउन ४ गते बलात्कार गरेको भन्दै पीडित पक्षले लिखुपिके गापा–४ का ५५ वर्षीय जयबहादुर थामीविरुद्ध साउन ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। महिलाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा साउन ६ गते भयो। साउन ९ गते गिरफ्तार परेका जयबहादुरलाई जिल्ला अदालतले कात्तिक १६ गते ६ वर्ष कैद र ४० हजार रुपियाँ क्षतिपूर्ति भराउने सजाय सुनायो।

## स्वास्थ्य सेवाको अवस्था

सोलुखुम्बुमा एउटा जिल्ला अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र र ३२ स्वास्थ्य चौकी छन्। जिल्लामा तीन डाक्टरको दरबन्दी रहेकामा एकजना कार्यरत छन्। एकजनाको दरबन्दी रहे पनि स्त्री रोग विशेषज्ञ पद रिक्त छ। चारजनाको दरबन्दी

रहेको स्टाफ नर्समा सबै कार्यरत छन् । एकजनाको दरबन्दी रहेको ल्याब असिस्टेन्ट कार्यरत छन् । अहेव दुई, अनमी दुई, खोप सुपरभाइजर एक, क्षयरोग/कुष्ठरोग सुपरभाइजर एक र हेल्थ असिस्टेन्ट एक दरबन्दी रहेकामा सबै कार्यरत छन् ।

## सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या


**बाल अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | जम्मा |
|---|---|---|---|
| बलात्कार | १ | २ | ३ |
| जम्मा | १ | २ | ३ |

**महिला अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बलात्कार | २ | | २ | ४ |
| बलात्कार प्रयास | १ | | १ | २ |
| घरेलु हिंसा | | ४२ | | ४२ |
| जम्मा | ३ | ४२ | ३ | ४८ |

# १.४ ओखलढुङ्गा




**जम्मा जनसङ्ख्या**
१,४४,६८०

**महिला**
७८,४५४

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
१

**प्रदेशसभा निर्वाचन क्षेत्र**
२

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
३०,०१७

**कामका लागि बाहिरिएका**
१०,५५२

**अपाङ्गता भएका**
३,४९०

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
६४.४२

**आश्रित जनसङ्ख्या**
६५,७५८

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | ४ | | ४ |
| अमानवीय व्यवहार | | १ | १ |
| महिला अधिकार | २४ | | २४ |
| कुटपिट | | १ | १ |
| हत्या | | २ | २ |
| जम्मा | २८ | ४ | ३२ |

*ओखलढुङ्गाका अधिकांश बालबालिका कठ्याङ्ग्रिदै शिक्षा आर्जन गर्न बाध्य छन् । गर्मी मौसममा तातो जस्तामुनी शिक्षा आर्जन गर्न बाध्य भएका बालबालिका भूकम्पपछिको पुन : निर्माण सुस्त हुँदा चिसो मौसममा पनि सोही नियती भोग्न बाध्य भएका हुन् । जिल्लामा भूकम्पपछिको पुनःनिर्माण सुस्त हुँदा धेरै विद्यालय निर्माण भइसकेका छैनन् ।*

*०७२ को भूकम्प र त्यसपछिका पराकम्पका कारण ओखलढुङ्गाका ८४ ओटा विद्यालय पूर्ण क्षति र १ सय ७६ विद्यालय आंशिक क्षति भएका थिए । विद्यालयका ८ सय १० कक्षा कोठा क्षति भए । जिल्ला शिक्षा कार्यालयबाट १ सय ४४ ओटा विद्यालयमा मात्र अस्थायी ट्रष्ट निर्माण भए । तर, जस्ताका टहरामा रहेका कतिपय विद्यालय चिसोमा असहज तरिकाबाटै कक्षा सञ्चालन गरिरहेका छन् । चिसंखुगढी गाउँपालिकामा दुई विद्यालय अझै जस्ताको टहरामा छन् । त्यहाँका १ सय बढी विद्यार्थी चिसोमा जस्ताका टहरामै पठनपाठन गर्न बाध्य छन् ।*

*लिखु गाउँपालिकामा एक माविसहित पाँच विद्यालयका भवन निर्माण भइसकेका छैनन् । ती सबै जस्ता र त्रिपालका टहराबाट चलेका छन् । त्यहाँ ९० जना विद्यार्थी जस्ता र त्रिपालका टहरामा पढ्न बाध्य रहेको लिखु गाउँपालिकाका स्रोत व्यक्ति किशोर कट्वालले बताए । खिजीदेम्वा, चम्पादेवी, सुनकोसी लगायतका गाउँपालिकामा समेत बालबालिका पढ्ने आधारभूत तहका एक दर्जन विद्यालयको अवस्था उस्तै छ ।*

*एसियाली विकास बैङ्क र पुनः निर्माण प्राधिकरणले क्रमशः १९ र ४१ विद्यालय निर्माणको*

*काम धमाधम गरे पनि धेरै जसो आधारभूत तहका साना विद्यालय भवन भने अलपत्र अवस्थामा छन् । साना विद्यालय निर्माण गर्न अभिभावकलाई दिइएको तर उनीहरू आफ्नै घर बनाउन सकसमा रहेकाले योगदान गर्न नसक्दा पुनः निर्माण प्रभावित हुँदै आएको छ।*

*ओखलढुङ्गामा सन् २०१८ मा ज्यादतीका घटनामा २८ महिला र चार पुरुष गरी ३२ जना पीडित भएको अभिलेख भयो। सन् २०१७ मा ३३ महिला र १४ पुरुष गरी ४७ जना पीडित भएका थिए।*

## कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। ४७ कैदी र १५ थुनुवा गरी ६२ जना छन्। जसमा नौ महिला छन्। ६५ वर्षमाथिका ज्येष्ठ नागरिक पाँचजना छन्। क्षमताभन्दा दोब्बर कैदी/बन्दी भएकाले व्यवस्थापनमा समस्या छ। २०४५ सालमा बनेको यो कारागारको एउटा भवन पुरानो र जीर्ण छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक न्यायाधीश रहेका यस जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ८५ मध्ये १ सय २५ थान फैसला भए भने देवानी मुद्दातर्फ १ सय ८१ मध्ये १ सय १० थान फैसला भए।

तीनजना न्यायाधीश रहेका उच्च अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ६ सय ६८ मध्ये २ सय ६४ थान फैसला भए भने देवानी मुद्दातर्फ २ सय ३ मध्ये ८७ थान फैसला भए।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय ५८ आधारभूत र ७१ मावि छन् । १ हजार ५ सय ७५ शिक्षक दरबन्दी रहेकामा ११ रिक्त छ। यस वर्ष १४ हजार ७ सय ९१ बालक र १५ हजार ४ सय ५५ बालिका भर्ना भए। जिल्लामा दुई अपाङ्गमैत्री विद्यालय छन् । ३ हजार ६ सय ८७ दलित बालबालिकालाई छात्रवृत्ति प्रदान गरियो।*

*सन् २०१८ मा बालबालिकाविरुद्ध हुने हिंसाका घटना गत वर्षको जस्तै रह्यो। यो वर्ष चार जना बालिका पीडित भएको अभिलेख भयो। जसमध्ये बलात्कारबाट तीनजना र यौन दुर्व्यवहारबाट एकजना पीडित भएको अभिलेख भयो । सन् २०१७ मा यौन दुर्व्यवहारबाट तीन बालिका पीडित भएका थिए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ३ | ३ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ४ | ४ |

**बलात्कार, यौन दुर्व्यवहार**

१६ वर्षीया बालिकालाई २०७५ साउन ८ गते बलात्कार गरेको भन्दै मोरङको पथरी शनिश्चरे नपा–३ घर भई ओखलढुङ्गाको सिद्धिचरण नपा–११ बस्ने ३३ वर्षीय राजु चेम्जोङविरुद्ध पीडित पक्षले साउन ९ गते जिल्ला प्रहरी कार्यालय उजुरी दिए। उजुरी दिएकै दिन गिरफ्तार भएका राजुलाई जिल्ला अदालतले २०७५ साउन १६ गते पुर्पक्षका लागि थुनामा पठायो। पीडित बालिकाको स्वास्थ्य परीक्षण साउन ९ गते जिल्ला अस्पतालमा गरियो।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै २८ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका ११, खान/लाउन नदिएको तीन, विवाह दर्ता र नागरिकता नबनाएको एक, अर्की श्रीमती ल्याएर हेलाँ गरेको चार र सामान्य घरायसी झगडाका १३ घटना छन्। यीमध्ये प्रहरीले २१ ओटामा मिलापत्र गरायो भने सात उजुरी कानुनी प्रक्रियामा छन्।*

*सन् २०१८ मा महिलाविरुद्ध हुने हिंसाका घटना गत वर्षको जस्तै रह्यो । यो वर्ष २४ जना महिला पीडित भएको अभिलेख भयो। जसमध्ये घरेलु हिंसाबाट १४ जना, बलात्कारबाट चारजना, बलात्कार प्रयासबाट दुईजना, बहुविवाहबाट दुईजना र कथित*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| कथित बोक्सीको आरोप | २ | २ |
| बलात्कार | ४ | ४ |
| बलात्कार प्रयास | २ | २ |
| बहुविवाह | २ | २ |
| घरेलु हिंसा | १४ | १४ |
| जम्मा | २४ | २४ |

*बोक्सीको आरोपबाट दुईजना पीडित भएका थिए। सन् २०१७ मा भने २६ जना महिला पीडित भएका थिए।*

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

२५ वर्षीया महिलालाई २०७५ मङ्सिर १० गते बिहान घाँस काट्न गएका बेला बलात्कार प्रयास गरेको भन्दै मोलुङ गापा–६ का २० वर्षीय तिलबहादुर बिकविरुद्ध पीडितले मङ्सिर ११ गते इलाका प्रहरी कार्यालय रामपुरमा उजुरी दिइन्। महिलाको स्वास्थ्य परीक्षण ११ गते रुम्जाटार अस्पतालमा भयो। मङ्सिर १२ गते गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले पुस ५ गते पुर्पक्षका लागि थुनामा पठायो।

**कथित बोक्सीको आरोप**

मोलुङ गापा–१ की ६४ वर्षीया सुकुमाया बिकलाई सोही ठाउँका ५० वर्षीय दीपक बिकले २०७५ वैशाख ११ गते घरमै बसिरहेका बेला सामान्य विवादका क्रममा गालीगलौज गरी कथित बोक्सीको आरोप लगाएको भन्दै वृद्धाले वैशाख १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपित फरार रहे।

**स्वास्थ्य सेवाको अवस्था**

जिल्लामा एउटा जिल्ला अस्पताल, ५४ ओटा स्वास्थ्य चौकी र एक प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा तीन मेडिकल अधिकृतको दरबन्दी रहेकामा सबै कार्यरत छन्। अहेवको दरबन्दी १ सय ११ रहेकामा १ सय ९ जना कार्यरत छन्।

**सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| बलात्कार | ३ | ३ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ४ | ४ |

**महिला अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| कथित बोक्सीको आरोप | १ | | | १ | २ |
| बलात्कार | | | | ४ | ४ |
| बलात्कार प्रयास | | | | २ | २ |
| बहुविवाह | | | | २ | २ |
| घरेलु हिंसा | | ७ | ७ | | १४ |
| जम्मा | १ | ७ | ७ | ९ | २४ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | १ | १ | २ |

# १.५ खोटाङ




**जम्मा जनसङ्ख्या**
**१,९७,१२५**

**महिला**
**१,०५,६९२**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**१**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**२**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**५१,३१५**

**कामका लागि बाहिरिएका**
**१७,६६२**

**अपाङ्गता भएका**
**१,१५८**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**८७.२**

**आश्रित जनसङ्ख्या**
**९२,२१४**

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| घाइते | | ५ | ५ |
| बाल अधिकार | ५ | | ५ |
| अमानवीय व्यवहार | | २ | २ |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | १ | | १ |
| महिला अधिकार | २७ | | २७ |
| जातीय विभेद | २ | | २ |
| कुटपिट | १ | ५ | ६ |
| हत्या | २ | | २ |
| जम्मा | ३८ | १२ | ५० |

*संविधानको धारा ३४ मा श्रमको हकसम्बन्धी व्यवस्था छ । सोही धाराको उपधारा (१) मा प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुनेछ भनी व्यवस्था गरिएको छ । श्रमिकको परिभाषामा पारिश्रमिक लिई रोजगारदाताका लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार सम्झनु पर्छ। लिङ्गका आधार मा ज्यालामा विभेद गर्न नपाइने भनी व्यवस्था गरिएको छ । संविधानले मौलिक हकका रूपमा श्रमसम्बन्धी व्यवस्था गरेपनि खोटाङमा भने पुरुष र महिलालाई एकै किसिमको ज्याला दिने काम आज पनि भइरहेको छ । जिल्ला प्रशासन कार्यालय खोटाङ आसपासका निर्माणाधीन भवनका लागि महिला तथा पुरुष दुवै श्रमिक ढुङ्गा बोक्छन् । बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म ढुङ्गा, वालुवा, गिटी बोक्ने तथा मुछ्ने लगायतका कार्य गर्ने पुरुष ज्यामीले दैनिक १ हजार रूपियाँ ज्याला पाउँछन् । सोही निर्माणस्थलमा सोही पुरुषहरूसँगै सोही कार्य गर्ने महिला ज्यामीले भने दैनिक ७ सय रुपियाँ पारिश्रमिक स्वरुप ज्याला थाप्छन् ।*

*यो एउटा उदाहरण मात्रै हो । राज्यले एकै प्रकृतिको श्रमिकलाई समान ज्याला दिनुपर्ने प्रावधान बनाए पनि जिल्लामा महिला र पुरुष श्रमिकको ज्यालामा व्यापक विभेद पाइन्छ । श्रम ऐन २०७४ को परिच्छेद ७ दफा २८ मा उल्लेख गरिएको व्यवस्था अनुरुप समान कामको लागि लिङ्गको आधारमा ज्यालामा भेदभाव गर्न नपाइने भए पनि*

*जिल्लाका महिला श्रमिकको लागि कम ज्याला दिने गरिएको छ । अन्तर्राष्ट्रिय महासन्धिमा समेत समान कामको समान ज्याला उल्लेख भए पनि जिल्लाका कृषि श्रमिक र निर्माण श्रमिकको हकमा भने महिला भएकै कारण कम ज्याला दिने गरिएको पाइएको छ।*

*समान समयमा समान काम गरे पनि महिला भएकोले आफूहरूले पुरुष कामदारको तुलनामा कम ज्याला पाउने गरेको महिला कामदारहरू गुनासो गर्छन् । काममा निस्कनका लागि समेत पुरुषलाई भन्दा महिलाको लागि असहज हुने गरेकोमा ज्यालामा समेत विभेद हुँदा अन्यायमा पर्ने गरेको महिला कामदारहरू सुनाउँछन् ।*

*निर्माण कार्यको सन्दर्भमा दैनिक काम गर्ने महिलाहरूले पुरुषको तुलनामा २ देखि ३ सय रुपियाँ कम ज्याला पाउने गरेको पूर्व सभासद् तथा महिला अधिकारकर्मी दुर्गा जयन्ती राईले बताइन् । ठूला कारखाना तथा मध्यमस्तरको होटलहरूमा समेत लिङ्गको आधारमा श्रमको ज्यालामा विभेद हुने गरेकोमा जिल्लाका कृषि मजदुरहरूमा पनि विभेद नै पाइने राईको भनाई छ। कृषि मजदुरको हकमा जिल्लाका बजार क्षेत्रदेखि ग्रामीण भेगसम्म नै पुरुषको तुलनामा महिलालाई कम ज्याला दिने गरेको पाइएको छ । गाउँ–ठाउँ विशेष अनुसार ज्याला निर्धारण गरिने जिल्लाका निर्माण तथा कृषि श्रममा समान समय र काम गरे पनि रोजगारीको लागि पुरुषको भन्दा कम ज्याला लिएर काम गर्न महिलाहरू बाध्य छन् । कृषि कर्ममा मजदुरी गर्दा महिलाहरूले पुरुषले भन्दा २५ देखि ५० प्रतिशतसम्म नै कम ज्याला पाउने गरेको स्थानीय ज्यालादारीमा काम गर्ने कामदारहरू बताउँछन् ।*

*निर्माण कार्यमा पुरुषको तुलनामा महिला कामदारले स्वभाविक रूपमा कम ज्याला पाउने गरेको निर्माण व्यवसायीहरू बताउँछन् । बिहान ८ बजे देखि बेलुकी ५ बजेसम्म काम गर्दा पुरुष ज्यामीले ८ सय रुपियाँ ज्याला पाउने गरेकोमा महिलाले त्यसभन्दा ५० देखि १ सय ५० रुपियाँसम्म कम ज्याला पाउने एक निर्माण व्यवसायी सुनाउँछन् । सिपयुक्त मिस्त्रीले भने ज्यामीको भन्दा २ देखि ३ सय रुपियाँ बढी ज्याला पाउने गरेका छन् ।*

*पछिल्लो पटक जारी श्रम ऐनमा एक जना कामदारले प्रति दिन आठ घण्टा काम गर्नुपर्नेमा प्रति पाँच घण्टामा आधा घण्टा विश्राम दिनुपर्ने व्यवस्था छ।*

*खोटाङमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट सन् २०१७ मा ४९ महिला र १२ पुरुष गरी ६१ जना पीडित भएका थिए । सन् २०१८ मा ३८ महिला र १२ पुरुष गरी ५० जना पीडित भए । यो वर्ष अमानवीय व्यवहारबाट दुई पुरुष, जातीय भेदभावबाट दुई महिला र कुटपिटबाट एक महिला र पाँच पुरुष पीडित भए भने दुई महिलाको हत्या भयो ।*

## कुटपिट/घाइते

रावाबेसी गापा–३ लामीडाँडास्थित विश्व ज्योति माविका प्रधानाध्यापक ५२ वर्षीय चन्द्रनारायण यादवले आफूलाई २०७४ माघ २५ गते सोही वडाका ३० वर्षीय अडिराम राईले कार्यस्थलमै कुटपिट गरेको आरोपमा भोलिपल्ट जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । मिलन राई स्मृति प्रतिष्ठानको कार्यक्रमका लागि विद्यालयको प्राङ्गण उपलब्ध नगराएको बहानामा कुटपिट गरेको र विद्यालयको ढोकासमेत तोडफोड गरिएको यादवले बताए । सोही दिन गिरफ्तार परेका अडिरामलाई जिल्ला प्रशासन कार्यालयले २०७४ फागुन ३ गते ५ हजार रुपियाँ धरौटीमा छाड्ने आदेश दियो । अडिराम तारिखको म्याद गुजारी बसिरहेका जिल्ला प्रशासन कार्यालयले जानकारी दियो ।

## कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता ६६ पुरुष र ३३ महिला गरी ९९ जनाको छ । कारागारमा ८० पुरुष र तीन महिला गरी ८३ जना कैदी र २५ जना पुरुष थुनुवा गरी १ सय ८ जना छन् । तीन र ६ वर्षका आश्रित बालक पनि छन् । २०१० सालमा निर्माण भएको यस कारागार माओवादी द्वन्द्वकालमा ध्वस्त बनाइएपछि २०६८ मा पुनर्निर्माण तथा स्थानान्तरण गरिएको हो । कारागारका भवनहरू भूकम्प र कमजोर जमिनका कारण चिराचिरा परेपछि टालटुल पारिएकाले अवस्था कमजोर छ ।

## अमानवीय व्यवहार

दिक्तेल रूपाकोट मझुवागढी नपा–८ का वडाध्यक्ष ३४ वर्षीय लीला चौहानमाथि २०७४ फागुन २९ गते सोही नपा–७ मा पर्ने दोर्पाको दारुलाडाँडा भन्ने ठाउँमा सोही स्थानका विज्ञान भनिने ३० वर्षीय विज्ञानेन्द्र प्रधान, २९ वर्षीय जोशीचन्द्र राई, २६ वर्षीय विषम राई र २३ वर्षीय बद्री खड्काले आक्रमण गरेको प्रहरीले जनायो । वडा कार्यालय आवतजावत गर्ने बाटो स्काभेटरमार्फत मर्मत गराएर घर फर्कने क्रममा अध्यक्ष

चौहानलाई बाटो छेकेर आक्रमण गरेको जनाइएको छ। आक्रमणपछि फरार विज्ञानेन्द्र २०७५ साउन १५ मा तथा बद्री र जोशीचन्द्र मङ्सिर १ गते अदालतमा हाजिर भएकामा हाजिर भएकै दिन जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको अन्त्यसम्म फरार आरोपित २६ वर्षीय विमष राई गिरफ्तार नभएको प्रहरीले जनायो।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक न्यायाधीश रहेका यस जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ९६ मध्ये ७१ थान फैसला भए भने देवानी मुद्दातर्फ ७१ मध्ये ३४ थान फैसला भए।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*यस जिल्लामा ३ सय ९९ आधारभूत र ९० मावि छन्। २ हजार १ सय ५७ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष २५ हजार १ सय ३० बालक र २७ हजार ६० बालिका भर्ना भए। जिल्लामा तीन ओटा अपाङ्गमैत्री विद्यालय छन्। यो वर्ष शहीद र द्वन्द्वपीडित परिवारका नौ बालबालिकाले छात्रवृत्ति पाए। दलित बालबालिकाको छात्रवृत्तिबारे शिक्षा विकास तथा समन्वय एकाइसँग तथ्याङ्क छैन।*

*सन् २०१८ मा बालबालिकाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा कमी भए। यो वर्ष पाँचजना बालिका पीडित भए। जसमध्ये बलात्कारबाट तीनजना र यौन दुर्व्यवहारबाट दुईजना थिए। सन् २०१७ मा भने १४ जना बलिका पीडित भएका थिए। जसमध्ये बलात्कारबाट नौ, यौन दुर्व्यवहारबाट तीन, नवजात शिशुको हत्याबाट एक र विद्यालयमा शारीरिक सजायबाट एक बालिका पीडित भएका थिए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ३ | ३ |
| यौन दुर्व्यवहार | २ | २ |
| जम्मा | ५ | ५ |

#### बलात्कार, यौन दुर्व्यवहार

१७ वर्षीया शारीरिकरूपमा अशक्त बालिकालाई २०७५ असार २७ गते बारीमा काम गर्न गएका बेला बलात्कार गरेको भन्दै कोपिलासगढी गापा–४ का ३४ वर्षीय तेजबहादुर भट्टराईविरुद्ध पीडित पक्षले साउन ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण साउन ३ गते जिल्ला अस्पतालमा भयो। आरोपित फरार रहे।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै १४ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट दुई, खान/लाउन नदिएको पाँच, विवाह दर्ता र नागरिकता नबनाएको तीन, श्रीमान्ले गालीगलौज गरेको दुई र सासू/ससुरा र बुहारीको झगडा तीन छन्। यीमध्ये प्रहरीले १२ ओटामा मिलापत्र गरायो भने दुई उजुरी कानुनी प्रक्रियामा छन्।*

*सन् २०१८ मा महिलाविरुद्ध हुने हिंसाका घटना गत वर्षको जस्तै रहयो। यो वर्ष २७ जना महिला पीडित भए। जसमध्ये घरेलु हिंसाबाट आठ, बलात्कार बाट नौ, बलात्कार प्रयासबाट सात, बहुविवाहबाट दुई र कथित बोक्सीको आरोपबाट एकजना थिए। सन् २०१७ मा पनि २७ जना महिला पीडित भएका थिए। जसमध्ये घरेलु हिंसाबाट १३, बहुविवाहबाट आठ, बलात्कारबाट दुई, बलात्कार प्रयासबाट दुई र यौन दुर्व्यवहारबाट दुईजना थिए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| कथित बोक्सीको आरोप | १ | १ |
| बलात्कार | ९ | ९ |
| बलात्कार प्रयास | ७ | ७ |
| बहुविवाह | २ | २ |
| घरेलु हिंसा | ८ | ८ |
| जम्मा | २७ | २७ |

#### परिवारजनबाट हत्या

हलेसीतुवाचुङ नपा–१० घर भई रूपाकोट मझुवागढी नपा–३ दिक्तेल ससुराली घरमा बस्दै आएका ६० वर्षीय मकरध्वज राईले ५० वर्षीया पत्नी आइसरी राईलाई २०७४ चैत १२ गते बाँसको भाँटाले हानेर हत्या गरेको भन्दै पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। शवको पोस्टमार्टम जिल्ला अस्पतालमा चैत १३ गते भयो। घटनालगत्तै

सोही दिन गिरफ्तार परेका आरोपितलाई जिल्ला अदालतले २०७५ वैशाख ५ गते पुर्पक्षका लागि थुनामा पठायो।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

४५ वर्षीया महिलालाई २०७५ भदौ १९ गते बलात्कार गरेको भन्दै खोटेहाङ गापा–६ सिम्पानीका ४५ वर्षीय मदन तामाङविरुद्ध पीडित पक्षले भदौ २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। महिलाको स्वास्थ्य परीक्षण उजुरी दर्ता गरेकै दिन जिल्ला अस्पतालमा भयो। यो वर्षको अन्त्यसम्म आरोपित फरार रहे।

**आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार**

**भौतिक संरचना क्षति**

रूपाकोट मझुवागढी नपा–१३ महुरेगढीमा रहेको एनसेल टावरमा २०७४ चैत१५ गते राति आगजनी भयो। अज्ञात पक्षले रातको करिब १० बजेको समयमा टावरस्थित घेराबार तोडेर आगजनी गर्‍यो। आगजनी गर्नेको खोजी भइरहेको प्रहरीले जनायो।

**स्वास्थ्य सेवाको अवस्था**

जिल्लामा एक सरकारी अस्पताल, दुई उपस्वास्थ्य चौकी, ७१ स्वास्थ्य चौकी र २० प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा पाँच डाक्टरको दरबन्दी रहेकामा चारजना कार्यरत छन्। त्यस्तै अहेवको २ सय २८ दरबन्दी रहेकामा १ सय ७७ जना कार्यरत छन्।

**सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| बलात्कार | ३ | ३ |
| यौन दुर्व्यवहर | २ | २ |
| जम्मा | ५ | ५ |

**महिला अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|---|
| कथित बोक्सीको आरोप | | | | १ | | १ |
| बलात्कार | १ | | | | ८ | ९ |
| बलात्कार प्रयास | २ | | | | ५ | ७ |
| बहुविवाह | १ | १ | | | | २ |
| घरेलु हिंसा | | | १ | ६ | १ | ८ |
| जम्मा | ४ | १ | १ | ७ | १४ | २७ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | १ | १ | २ |

# १.६ भोजपुर

**जम्मा जनसङ्ख्या**
१,७४,८५०

**महिला**
९३,०७८

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
१

**प्रदेशसभा निर्वाचन क्षेत्र**
२

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
४४,२६८


**कामका लागि बाहिरिएका**
१२,१९८

**अपाङ्गता भएका**
४,६१८

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
६९.९

**आश्रित जनसङ्ख्या**
७७,१६९

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| घाइते | | २ | २ |
| बाल अधिकार | १७ | | १७ |
| महिला अधिकार | ३७ | | ३७ |
| कुटपिट | १ | ५ | ६ |
| हत्या | ४ | ५ | ९ |
| जम्मा | ५९ | १२ | ७१ |




*भोजपुरमा दुई नगरपालिका र सात गाउँपालिका गरी नौ स्थानीय तह छन् । जसमध्ये अधिकांश पालिकामा पिउने पानीको समस्या छ । जिल्लाको पौवादुङमा, रामप्रसाद राई र अरुण गाउँपालिकामात्र हैन, भोजपुर नगरपालिकामा समेत पानी अभाव छ । धमाधम मुहान सुक्न थालेपछि समस्याको आकार पनि बढ्न थालेको हो । सुक्खा ठाउँमा पानी जोहो गर्न आकाशे पानीलाई पोखरी, ट्याङ्की, खाल्डो बनाएर सञ्चित गर्ने, फारो गरेर चलाउने जस्ता खबर त सबैले सुनेकै हो । तर पानी जोहो गर्नकै लागि कुवामै ताल्चा लगाउनुपर्ने अवस्था भने धेरै का लागि पत्यारिलो नहुन सक्छ । तर मानेभञ्ज्याङस्थित रानागाउँबासीको वास्तविकताचाहिँ यही हो ।*

*सुक्खा र गर्मी मौसम सुरु भएसँगै रामप्रसाद राई गाउँपालिका–५, मानेभञ्ज्याङस्थित रानागाउँ टोलका बासिन्दा पानी समस्याले सताइने गरेका छन् । त्यसैले कुवामा ताल्चा लगाएर पानी जोहो गर्नु र सबैलाई दामासाहीले बाँड्नु यहाँका लागि सामान्य बनेको छ । कुवामा जम्मा भएको पानी १६ परिवारलाई बिहान बेलुका गरी जेनतेन दुई–दुई गाग्री बाँड्ने गरिन्छ । पानी व्यवस्थापनकै लागि यसरी कुवामा ताला लगाउनुपरेको स्थानीय रमिला रानामगरले*

*बताइन्। कुवामा जम्मा भएको पानी बिहान ५ बजे र साँझ ६ बजे सबैलाई बाँड्ने गरिएको छ।*

*स्थानीय जीतबहादुर क्याप्छाकी मगरले सुनाए– पहिला पहिला कुवाको पानीले सबैलाई मनग्गे पुग्थ्यो। तर पछि मुहानको सतह घट्न थालेपछि पानी पुग्न छाड्यो। पानी नै कम भइरहेका बेला वल्लोपल्लो गाउँका मानिस रातिराति आएर पानी चोर्न थाले। बिहान लिन जाँदा त कुवा रित्तै। त्यही भएर ताला लगाउनु परेको हो।*

*एकातिर धेरै मानिसको समय, खासगरी महिलाको पानी जोहो गर्नमै बित्छ। अर्कोतर्फ पशुपन्छीलाई खुवाउन पनि निकै गाह्रो छ। नुवाइधुवाइ र सरसफाइ त कता हो कता ? विशेषगरी मङ्सिरदेखि जेठसम्म रानागाउँमात्रै नभई ५ सय १७ घर रहेका सिङ्गै मानेभञ्ज्याङमा पानीको हाहाकार नै मच्चिने गरेको छ। यस ठाउँका अर्चले, भोर्लेनी, आमबोटे, गडा, अगौटे, रानागाउँ, गुराँसेलगायत स्थान यतिबेला पानीको चर्को मारमा पर्छन्। पानीकै पिरलोका कारण अर्चले, भोर्लेनी र अगौटेका करिब ५६ परिवार विस्थापित भइसकेका छन् भने कतिपय बिस्थापित हुने क्रममा छन्।*

*गाउँमात्र हैन, पिउने पानीको समस्या भएपछि भोजपुर नगरपालिका–११ स्थित आमतेकका बासिन्दासमेत बसाइँ सर्न थालेका छन्। पिउने पानीकै लागि तीन घण्टासम्म लाइन बस्नुपर्ने भएपछि बिस्थापितै हुनुपर्ने बाध्यतामा परेको उनीहरूको भनाइ छ। प्रयोग गर्दै आएको मुहान सुकेपछि यस क्षेत्रका करिव ३५ घर निकै कष्टकर जीवन बिताउन बाध्य छन्।*

*भोजपुरमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट सन् २०१७ मा ३६ महिला र १८ पुरुष गरी ५४ जना पीडित भएका थिए। सन् २०१८ मा ५९ महिला र १२ पुरुष गरी ७१ जना पीडित भए।*

## नागरिक तथा राजनीतिक अधिकार

## सम्मानित रूपले बाँच्न पाउने अधिकार

### हत्या

#### अन्य पक्षबाट

रामप्रसाद गापा–१ खेनास्थित जुनेली आधारभूत विद्यालयका ३५ वर्षीय शिक्षक बोधराज खनाल २०७४ फागुन ३ गते भोजपुर नपा र रामप्रसाद गापाको सिमानामा पर्ने सिक्तेल खोलामा मृत फेला परे। उनी २०७४ माघ २० गते आफू बस्दै आएको कोठाबाट हराएका थिए। उनको टाउको र शरीरमा गहिरो चोट लागेको काका कुमार खनालले बताए। हत्या कसले र किन गरेको भन्ने पत्ता लाग्न सकेन।

### धम्की/कुटपिट

#### अन्यपक्षबाट

टेम्केमैयुङ गापा–४ का एमाले कार्यकर्ता २९ वर्षीय गङ्गाराज राईलाई सोही ठाउँका विप्लव माओवादीका कार्यकर्ता ३० वर्षीय सञ्जय राईले २०७५ वैशाख ११ गते कुटपिट गरे। राजनीतिक विवाद हुँदा सञ्जयले भोजपुर नपा–७ ब्याङ्क रोडमा कुटपिट गरेका थिए। अनुहार र टाउकोमा चोट लागेका गङ्गाको उपचार जिल्ला अस्पतालमा वैशाख ११ गते भयो। गङ्गाले सञ्जयविरुद्ध सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपित फरार रहे।

### कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता ४० जनाको छ। तर ९३ कैदी र १७ थुनुवा गरी १ सय १० जना छन्। जसमा महिला ११ जना छन्। दुई आश्रित बालक छन्। भूकम्पले जीर्ण भएको यो कारागारमा क्षमताभन्दा बढी कैदी/बन्दीका कारण व्यवस्थापनमा समस्या छ। ठाउँ अभावमा पुरुष कैदी भुइँ, भान्सा कोठा तथा त्रिपालमुनि सुत्ने गरेका छन्।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एकजना न्यायाधीश रहेका यस जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ४१ मध्ये ८८ थान फैसला भए भने देवानी मुद्दातर्फ १ सय १७ मध्ये ५९ थान फैसला भए।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*यस जिल्लामा सामुदायिकतर्फ २ सय ५६ आधारभूत र ६६ मावि छन्। १ हजार ८ सय ३४ शिक्षक दरबन्दी रहेकामा १ हजार ६ कार्यरत छन्। यस वर्ष १९ हजार ५ सय ४४ बालक र २० हजार ३६ बालिका भर्ना भए। जिल्लामा ५७ अपाङ्गमैत्री विद्यालय छन्। २ सय ३५ दलित बालक र २ सय ७० दलित बालिकाले छात्रवृत्ति पाए। साथै द्वन्द्वपीडित परिवारका तीन बालबालिकाले पनि छात्रवृत्ति पाए।*

*सन् २०१८ मा बालबालिकाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भए। यो वर्ष*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बेचबिखन तथा ओसारपसार | २ | २ |
| बलात्कार | १४ | १४ |
| नवजात शिशुको हत्या | १ | १ |
| जम्मा | १७ | १७ |

*१७ बालिका पीडित भए। जसमध्ये बलात्कारबाट १४, बेचबिखन तथा ओसारपसारबाट दुई र नवजात शिशुको हत्याबाट एकजना थिए। सन् २०१७ मा भने आठ बालिका पीडित भएका थिए। जसमध्ये बलात्कारबाट सातजना र नवजात शिशुको हत्याबाट एकजना थिए।*

**बलात्कार, यौन दुर्व्यवहार**

सात वर्षीया बालिकालाई २०७४ माघ १५ गते घरमा कोही नभएका बेला बलात्कार गरेको भन्दै षडानन्द नपा–१ नेपालेडाँडाका २८ वर्षीय दिनेश देवकोटाविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा फागुन २ गते उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण फागुन २ गते जिल्ला अस्पतालमा भयो। माघ १६ गते गिरफ्तार भएका षडानन्दलाई जिल्ला अदालतले २०७५ वैशाख ३० गते ९ वर्ष कैद र ५० हजार रुपियाँ क्षतिपूर्तिको सजाय सुनायो।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै २८ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका छ, खान/लाउन नदिएको तीन र सामान्य घरायसी झगडाका १९ घटना छन्। यीमध्ये प्रहरीले २३ ओटामा मिलापत्र गरायो भने पाँच उजुरी कानुनी प्रक्रियामा छन्। त्यसैगरी यस वर्ष ३८ महिला बेपत्ता भएकामा १४ जना सकुशल फेला परे। बाँकीको खोजी भइरहेको छ।*

*सन् २०१८ मा महिलाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भए। यो वर्ष ३७ जना महिला पीडित भए। जसमध्ये घरेलु हिंसाबाट १८, बलात्कारबाट सात, यौन दुर्व्यवहारबाट ६, बलात्कार प्रयासबाट दुई र बहुविवाहबाट चारजना थिए। सन् २०१७ मा भने २२ जना महिला पीडित भएका थिए। जसमध्ये घरेलु हिंसाबाट १२, बहुविवाहबाट चार, यौन दुर्व्यवहारबाट चार र बलात्कारबाट दुईजना थिए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ७ | ७ |
| बलात्कार प्रयास | २ | २ |
| बहुविवाह | ४ | ४ |
| घरेलु हिंसा | १८ | १८ |
| यौन दुर्व्यवहार | ६ | ६ |
| जम्मा | ३७ | ३७ |

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

१९ वर्षीया युवतीलाई २०७४ माघ १२ गते बलात्कार गरेको भन्दै रामप्रसाद गापा–६ आक्टुम्लाका १८ वर्षीय रामकृष्ण राईविरुद्ध पीडित पक्षले २०७४ माघ १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। युवतीको स्वास्थ्य परीक्षण माघ १३ गते जिल्ला अस्पतालमा भयो। उजुरी दिएकै दिन गिरफ्तार भएका रामकृष्णलाई जिल्ला अदालतले २०७५ जेठ ६ गते पाँच वर्ष कैद र ५० हजार रुपियाँ क्षतिपूर्तिको सजाय सुनायो।

## स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, एक उपस्वास्थ्य चौकी, ६० स्वास्थ्य चौकी र तीन प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा ६ डाक्टरको दरबन्दी रहेकामा पाँचजना कार्यरत छन्। त्यस्तै अहेवको १ सय ९४ दरबन्दी रहेकामा १ सय ८९ जना कार्यरत छन्।


## सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बेचबिखन तथा ओसारपसार | | | १ | १ |
| बलात्कार | १ | १ | १२ | १४ |
| नवजात शिशुको हत्या | | | १ | १ |
| जम्मा | १ | १ | १४ | १६ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ३ | | ४ | ७ |
| बलात्कार प्रयास | १ | | १ | २ |
| बहुविवाह | | | ४ | ४ |
| घरेलु हिंसा | | ८ | १० | १८ |
| यौन दुर्व्यवहार | | ५ | १ | ६ |
| जम्मा | ४ | १३ | २० | ३७ |

| मारिएकाको घटना सङ्ख्या | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | ३ | ४ | २ | ९ |

# १.७ धनकुटा




**जम्मा जनसङ्ख्या**
**१,६२,३००**

**महिला**
**८७,८१७**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**१**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**२**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**२५,६७७**

**कामका लागि बाहिरिएका**
**१४,४१५**

**अपाङ्गता भएका**
**४,८८१**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**९५**

**आश्रित जनसङ्ख्या**
**६५,९०९**

| घटनाको प्रकार | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | २ | | २ |
| महिला अधिकार | | | १० | | १० |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | ४ | ४ | | | |
| कुटपिट | ३ | ३ | | | |
| हत्या | | | १ | २ | ३ |
| जम्मा | ७ | ७ | १३ | २ | १५ |

*किसानले उत्पादन गरेको दूध व्यवसायी वा क्रेताले नकिन्दा दूध बढी हुने वा प्रयोगहीन हुने अवस्थालाई मिल्क होलिडे भनिन्छ। धनकुटामा दैनिक ३६ हजार ३ सय २४ लिटर दूध उत्पादन हुने गरेको छ। मासिक १० लाख ८९ हजार ७ सय २० लिटर र वार्षिक १३ हजार २ सय ५८ मेट्रिक टन दूध उत्पादन हुने गरेको तथ्याङ्क जिल्ला कृषि कार्यालयको छ । धनकुटाका महालक्ष्मी, पाख्रीबास र धनकुटा नगरपालिका तथा र छथर जोरपाटी गाउँपालिका जिल्लामै सबैभन्दा बढी दूध उत्पादन हुने क्षेत्र हुन्। नेपाल सरकारले दूधको प्रतिलिटर मूल्य ४१ रुपियाँ तोकेको छ तर धनकुटाका किसानले भने प्रतिलिटर अधिकतम ३१ रुपियाँमात्र पाउने गरेका छन्।*

*पछिल्लो समय धनकुटामा दूध उत्पादक किसान बढ्दै गए पनि दूध कारोबारमा सहजता ल्याउन सरकारले कुनै सहयोग गरेको छैन । कृषि सुपर जोन कार्यक्रममार्फत् पशुपालक किसानलाई आर्थिक प्याकेज उपलब्ध गराउने र किसानले उत्पादन गरेको वस्तु तथा सेवालाई उचित मूल्यमा किनबेचको वातावरण बनाउन प्रदेश सरकारले नीति तथा कार्यक्रममा उद्घोष गरेको छ। तर, व्यावहारिकरूपमा भने त्यसो हुन नसक्दा यस जिल्लामा पछिल्लो समय सातामा तीन पटकसम्म हुने मिल्क होलिडेले किसानलाई मारमा पार्ने गरेको छ।*

धनकुटामा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट सन् २०१७ मा ३५ महिला र दुई पुरुष गरी ३७ जना पीडित भएका थिए। सन् २०१८ मा २३ महिला र नौ पुरुष गरी ३२ जना पीडित भए। यो वर्ष कुटपिटबाट तीन पुरुष पीडित भए भने एक महिला र दुई पुरुषको हत्या भयो।

### धम्की/कुटपिट

**राज्यपक्षबाट**

प्रदेश १ को अस्थायी राजधानी विराटनगर तोकिएको विरोधमा उत्रिएका धनकुटाबासी र प्रहरीबीच २०७४ माघ ४ गते धनकुटा नपा–६ स्थित भीमनारायण चोकमा भएको झडपमा धनकुटा नपा–६ का ३८ वर्षीय दिनेश राई, ४८ वर्षीय सुन्दरबाबु श्रेष्ठ, ४२ वर्षीय उत्तम खड्गी र धनकुटा नपा–७ का २४ वर्षीय रमेश पौडेल घाइते भए । दिनेश राईको टाउको फुट्यो भने अन्यको शरीरका विभिन्न भागमा निलडाम भयो । घाइतेहरूको उपचार जिल्ला अस्पतालमा माघ ४ गते उपचार भयो। आमहड्तालसहित आन्दोलनमा उत्रिएका धनकुटाबासीले विरोध गर्ने क्रममा तोडफोड गर्न थालेपछि त्यसलाई नियन्त्रण गर्ने क्रममा झडप भएको एसपी सुदीप राजभण्डारीले बताए । झडपका क्रममा प्रहरीले तीन राउन्ड अश्रुग्याँससमेत प्रहार गरेको थियो । आन्दोलनकारीले सरकारी कार्यालयमा तोडफोड, आगजनी गर्नुका साथै एम्बुलेन्स, मोटरसाइकल, वारुण यन्त्रसमेत तोडफोड गरी क्षति पुऱ्याएका प्रमुख जिल्ला अधिकारी प्रेमप्रकाश उप्रेतीले बताए।

धनकुटा नपा–५ का ५५ वर्षीय रमेश अमात्यले २०७४ माघ ४ गते प्रहरीले कुटपिट गरेको आरोपमा माघ ७ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए । शारीरिकरूपमा अस्वस्थ रहेका अमात्य 'इभिनिङ वाक' मा देब्रेवासतर्फ जाँदै गर्दा धनकुटा नपा गेटछेउमा प्रहरीले रोकेर कुटपिट गरेको पीडितले बताए। प्रहरीले निषेधित क्षेत्रमा हिँडडुल नगर्न सिठ्ठी बजाएको भए पनि आफूले नसुनेको र त्यही कारण एक्कासि प्रहरीले कुटपिट गरेको रमेशले बताए। कुटपिट भएको उजुरी आएपछि डिएसपी गौतम मिश्रको नेतृत्वमा पाँच सदस्यीय छानबिन समिति गठन भएको र उक्त समितिले दिएको प्रतिवेदनका आधारमा प्रहरी दोषी देखिए कारबाही हुने एसपी सुदीप राजभण्डारीले बताए । पीडितको उपचार माघ ४ गते घरमै डाक्टर बोलाएर भयो । अमात्य धनकुटा बहुमुखी क्याम्पसका शिक्षक हुन् । तर छानबिन समितिले प्रतिवेदन नै सार्वजनिक गरेन।

### कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता ३५ जनाको छ। तर ६६ कैदी र सात थुनुवा गरी ७३ जना छन् । जसमा चारजना महिला छन् । क्षमताभन्दा बढी कैदी/बन्दी भएकाले बस्न समस्या छ । जिल्ला अदालतको पुरानो भवनमा रहेको कारागार पटक–पटकको भूकम्पका कारण जीर्ण छ । ठाउँ साँघुरो भएकाले आयआर्जनका काम गर्न समस्या भएको गुनासो कैदी/बन्दीको छ।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक न्यायाधीश रहेका जिल्ला अदालतबाट यो वर्ष देवानीतर्फ २ सय २ र फौजदारीतर्फ १ सय ८ थान मुद्दा फैसला हुन बाँकी रहे।

तीन न्यायाधीशको दरबन्दीमध्ये तीनैजना कार्यरत उच्च अदालत विराटनगर धनकुटा इजलासबाट यस वष देवानीतर्फ ६४ र फौजदारीतर्फ २ सय ५६ थान मुद्दा फैसला हुन बाँकी रहे।

### बाल अधिकार

**शिक्षाको अवस्था**

*यस जिल्लामा १ सय ८१ आधारभूत र १ सय १० मावि छन् । १ हजार २६ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। राहत दरबन्दी २ सय ९५ मा पनि सबै कार्यरत छन् । यस वर्ष आधारभूत तहमा अध्ययनरत २९ सय ५० जना सीमान्तकृत समुदायका विद्यार्थीले छात्रवृत्ति पाए। मावितर्फ १ सय ४९ जना सीमान्तकृत समुदायका विद्यार्थीले छात्रवृत्ति पाए । जिल्लामा अपाङ्गमैत्री विद्यालय छैनन्।*

*सन् २०१८ मा बालबालिकाविरुद्ध हुने हिंसाका घटना गत वर्षको जस्तै रह्यो । यो वर्ष दुई बालिका बलात्कारबाट पीडित भए। सन् २०१७ मा एक बालिका बलात्कारबाट पीडित भएकी थिइन्।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | २ | २ |
| जम्मा | २ | २ |

**बलात्कार, यौन दुर्व्यवहार**

१४ वर्षीया बालिकालाई २०७५ असार २७ गते बलात्कार गरेको भन्दै चौविसे गापा–५ का २२ वर्षीय विक्रम लिम्बूविरुद्ध पीडित पक्षले असार २९ गते प्रहरीमा उजुरी दिए। बालिकालाई फकाएर बलात्कार गरेको पीडित पक्षको आरोप छ। बालिकाको असार २९ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो।

असार २९ गते नै गिरफ्तार परेका विक्रमलाई जिल्ला अदालतले २०७५ असोज १० गते ६ वर्षको कैद सजाय सुनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ४७ जना महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका १३, खान/लाउन नदिएको १६ र सामान्य घरायसी झगडाका १८ ओटा घटना छन्। यीमध्ये प्रहरीले ४० ओटामा मिलापत्र गरायो भने दुई उजुरी अन्य सरोकारवाला निकायमा पठायो। पाँच उजुरीका उजुरीकर्ता सम्पर्कमा आएनन्।*

*सन् २०१८ मा महिलाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा कमी भए। यो वर्ष २० जना महिला पीडित भए। जसमध्ये घरेलु हिंसाबाट १४, बलात्कारबाट चार र बहुविवाहबाट दुईजना थिए। सन् २०१७ मा ३४ जना महिला पीडित भएका थिए। जसमध्ये घरेलु हिंसाबाट ३१, बहुविवाहबाट दुई र बलात्कारबाट एकजना थिए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ४ | ४ |
| बहुविवाह | २ | २ |
| घरेलु हिंसा | १४ | १४ |
| जम्मा | २० | २० |

#### परिवारजनबाट हत्या

साँगुरीगढी गापा–५ की ४५ वर्षीया गोपीमाया लिम्बूको २०७५ जेठ ३ गते ४५ वर्षीय पति कमलप्रसाद लिम्बूले हत्या गरेको भन्दै पीडितकी छोरी २५ वर्षीया रविना मगर (लिम्बू) ले जेठ ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। मादक पदार्थ सेवन गरी घर आएका लिम्बूले घरायसी विवादका क्रममा गाईको खोले पकाउँदै गरेकी पत्नीको घाँटीमा खुकुरी प्रहार गरी हत्या गरेको प्रहरीले जनायो। उनको खुकुरी प्रहारबाट छुट्याउन गएका छिमेकी ५५ वर्षीय खड्गप्रसाद लिम्बू घाइते भए। चिउँडो र गर्धनमा चोट लागेका खड्गको उपचार बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा भयो। शवको पोस्टमार्टम जिल्ला अस्पतालमा जेठ ४ गते भयो। घटना भएकै दिन गिरफ्तार भएका कमललाई जिल्ला अदालतले असार २५ गते २० वर्ष कैद सजाय सुनायो।

#### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२७ वर्षीया महिला र १५ वर्षीया बालिकालाई २०७४ फागुन ३० गते बलात्कार गरेको भन्दै पीडितहरूले सुनसरीको इटहरी उमनपा–८ का निरञ्जन ठाकुरविरुद्ध चैत १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। किशोरी धनकुटामा डेरा गरेर कक्षा–११ मा पढ्दै थिइन् भने महिला सिप सिक्नका लागि रक्षाले नै बोलाएर धनकुटा आएकी थिइन्। दुवैजनालाई रक्षाले धनकुटाको एक होटलमा बोलाएर निरञ्जनको साथ छाडेर आफू भागेकी थिइन्। पीडितद्वयको स्वास्थ्य परीक्षण चैत १४ गते जिल्ला अस्पतालमा भयो। उजुरी दिएकै दिन गिरफ्तार भएका ठाकुर र सोही घटनामा सहयोगीको भूमिका खेलेको आरोपमा हतुवागढी गापा–१ की २७ वर्षीया रक्षा राईमध्ये जिल्ला अदालतले २०७५ जेठ २१ गते रक्षालाई ४ वर्ष र निरञ्जनलाई ८ वर्षको कैद सजाय सुनायो।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

#### सम्पत्ति क्षति, तोडफोड

धनकुटा नपा–६ आत्मारामा दुग्ध विकास संस्थान विराटनगरको ना ७ ख ४७६०, जिल्ला कारागार कार्यालय विराटनगरको को १ भ ४८३, काठमाडौँबाट भोजपुरतर्फ जाँदै गरेको टाटा सुमो ना १ ज ६४११ र जलउत्पन्न प्रकोप व्यवस्थापन डिभिजन कार्यालय धनकुटाको को १ भ १६९ नम्बरको गाडी बन्दकर्ताहरूले २०७४ पुस १९ गते तोडफोड गरी क्षति पुऱ्याए। प्रदेश १ को राजधानी धनकुटालाई बनाउनुपर्ने माग राख्दै आह्वान गरिएको बन्द अवज्ञा गरेको आरोपमा ती गाडी तोडफोड गरिएको प्रदेश नम्बर १ को राजधानी धनकुटा बनाऔँ आन्दोलन परिचालन समितिका संयोजक सुन्दरबाबु श्रेष्ठले बताए। पीडितले कतै उजुरी दिएनन्।

सरकारले प्रदेश १ को अस्थायी राजधानी विराटनगर तोकेको भन्दै आन्दोलनमा उत्रिएका धनकुटाबासीले २०७४ माघ ४ गते क्षेत्रीय प्रशासन कार्यालय र शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालयमा आगजनी गरे। आन्दोलनकारीले जिल्ला हुलाक कार्यालय, मालपोत कार्यालय, नापी कार्यालय र उच्च अदालत

विराटनगर धनकुटा इजलासको कार्यालयमा पनि तोडफोड गरे । आगजनीबाट क्षेत्रीय प्रशासन कार्यालयको दुई थान कम्प्युटर, एक थान प्रिन्टर र हेलो सरकारको इन्टरनेटको तार जलेर नष्ट भएको प्रमुख जिल्ला अधिकारी प्रेमप्रकाश उप्रेतीले बताए । त्यस्तै आन्दोलनकारीले डिभिजन कार्यालय धनकुटाको को १ ब १०६४ नम्बरको मोटरसाइकलसमेत जलाए । आन्दोलनकारीले डिभिजन कार्यालय, क्षेत्रीय प्रशासन कार्यालय, उच्च अदालत विराटनगर धनकुटा इजलास, जिल्ला हुलाक कार्यालय, मालपोत कार्यालय र नापी शाखाको झ्यालको सम्पूर्ण सिसा फुटाएर नष्ट पारेको पनि प्रजिअ उप्रेतीले बताए । पीडित पक्षले कतै उजुरी दिएनन् ।

## स्वास्थ्य सेवाको अवस्था

यो जिल्लामा एउटा जिल्ला अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र र ३५ स्वास्थ्य चौकी छन् । जिल्लामा पाँच डाक्टरको दरबन्दी रहेकामा चार जना कार्यरत छन् । स्टाफ नर्सको ६ र ल्याब असिस्टेन्टको सात दरबन्दीमा सबै कार्यरत छन् । अहेवको ७४ दरबन्दी रहेकामा सबै कार्यरत छन् । अनमीको ७४ दरबन्दीमा पनि सबै कार्यरत छन् । खोप सुपरभाइजर एक दरबन्दी रहेकामा कार्यरत छन् । क्षयरोग/कुष्ठरोग सुपरभाइजर एक दरबन्दी रहेकामा कार्यरत छन् । हेल्थ असिस्टेन्ट ३७ दरबन्दी रहेकामा सबै कार्यरत छन् ।

## सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | जम्मा |
|---|---|---|
| बलात्कार | २ | २ |
| जम्मा | २ | २ |

**महिला अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बलात्कार | १ | | ३ | ४ |
| बहुविवाह | २ | | | २ |
| घरेलु हिंसा | | १४ | | १४ |
| जम्मा | ३ | १४ | ३ | २० |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | जम्मा |
|---|---|---|---|
| हत्या | १ | २ | ३ |

## १.८ तेह्रथुम

**जम्मा जनसङ्ख्या**
९७,३५०

**महिला**
५२,९९३

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
१

**प्रदेशसभा निर्वाचन क्षेत्र**
२

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
१४,६७७


**कामका लागि बाहिरिएका**
७,९९१

**अपाङ्गता भएका**
२,६२६

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
६८.३

**आश्रित जनसङ्ख्या**
४१,०७९

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | ९ | | ९ |
| अमानवीय व्यवहार | १ | | १ |
| महिला अधिकार | ७ | | ७ |
| कुटपिट | | २ | २ |
| जम्मा | १७ | २ | १९ |




*नागरिकको सुरक्षाका लागि सबै स्थानीय तहमा प्रहरी दरबन्दी मिलान गर्ने कानुनी व्यवस्था छ । तर, तेह्रथुम जिल्लामा भने दरबन्दीभन्दा २५ प्रतिशत कम प्रहरी खटाइएको छ । तथ्याङ्कअनुसार अहिले एकजना प्रहरीले ४ सय ५५ जना नागरिकको सुरक्षा हेर्नुपर्ने अवस्था छ। दरबन्दी ३ सय १६ जनाको रहे पनि २ सय ४४ जनामात्र प्रहरी रहेकाले नागरिकको सुरक्षा गर्ने कार्यमा चुनौती बढ्दै गएको छ।*

*जिल्ला प्रहरी कार्यालयमा १ सय ८९ दरबन्दी भए पनि ८२ जना मात्र कार्यरत छन् । त्यसैगरी इलाका प्रहरी कार्यालय वसन्तपुरमा ५३ जना प्रहरीको दरबन्दी रहे पनि ३७ जनामात्र कार्यरत छन् । इलाका प्रहरी कार्यालय आठराईमा ७४ जनाको दरबन्दी रहेकोमा ४२ जनामात्र कार्यरत छन् । जनशक्ति कम हुँदा शान्ति सुरक्षा कायम गर्न समस्या भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी टेकबहादुर कार्कीले बताए । जिल्लामा प्रहरीको कार्यालय र सङ्ख्या बढाउन विभिन्न पालिकाबाट माग भइरहे पनि सुनुवाइचाहिँ भएको देखिन्न।*

तेह्रथुममा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट सन् २०१७ मा १२ महिला र चार पुरुष गरी १६ जना पीडित भएका थिए। सन् २०१८ मा १७ महिला र दुई पुरुष गरी १९ जना पीडित भए। यो वर्ष अमानवीय व्यवहारबाट एक महिला र कुटपिटबाट दुई पुरुष पीडित भए।

### कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता ३५ जनाको छ। तर ८५ कैदी र आठ थुनुवा गरी ९३ जना

छन् । जसमा पाँचजना महिला छन् । एक वर्षीय आश्रित बालक पनि छन् । क्षमताभन्दा झण्डै तीन गुणा बढी कैदी/बन्दी भएकाले व्यवस्थापनमा समस्या छ । २०२८ सालमा बनेको यो कारागारको भवन पुरानो र जीर्ण छ ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एकजना न्यायाधीश रहेका यस जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ५६ मध्ये ३४ थान फैसला भए भने देवानी मुद्दातर्फ ९५ मध्ये ५७ थान फैसला भए ।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा सामुदायिक आधारभूत विद्यालय २ सय र मावि ५३ ओटा छन् । १ हजार ३ सय २० शिक्षक दरबन्दी रहेकामा ४९ रिक्त छ । यस वर्ष २२ हजार ५ सय ७० बालबालिका भर्ना भए । जसमध्ये ११ हजार १ सय ६९ बालक र ११ हजार ४ सय १ बालिका छन् । जिल्लामा अपाङ्गमैत्री विद्यालय छैनन् । १ हजार १ सय ४२ जना दलित बालक र १ हजार १ सय ८५ जना बालिकाले यो वर्ष छात्रवृत्ति पाए । द्वन्द्वपीडित तीन बालबालिकाले पनि छात्रवृत्ति पाए ।*

*सन् २०१८ मा बालबालिकाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भएको पाइयो । यो वर्ष नौजना बालिका बलात्कारबाट पीडित भए । सन् २०१७ मा सातजना बालिका बलात्कारका घटनामा पीडित भएका थिए ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ९ | ९ |
| जम्मा | ९ | ९ |

### बलात्कार, यौन दुर्व्यवहार

१४ वर्षीया सुस्तमनस्थिति भएकी बालिकालाई २०७४ पुस २८ गते सामूहिक बलात्कार गरेको भन्दै आठराई गाउँपालिका–६, थोक्लुङ ४१ वर्षीय छविलाल लामगादे, सोही ठाउँका ४५ वर्षीय दिलबहादुर भुषाल र सोही ठाउँका ४६ वर्षीय योगेन्द्र भुजेलविरुद्ध पीडित पक्षले आठराई इलाका प्रहरी कार्यालयमा फागुन १७ गते उजुरी दिए । बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन १७ गते भयो । २०७४ फागुन १७ गते गिरफ्तार भएका तीनैजनालाई जिल्ला अदालतले २०७५ पुस २ गते जनही ८ वर्ष ६ महिना कैद र ४० हजार रुपियाँ क्षतिपूर्तिको सजाय सुनायो ।

१५ वर्षीया बालिकालाई २०७५ भदौ २२ गते बलात्कार गरेको आरोपमा सुनसरीको इनरुवा नपा–८ घर भई छथर गापा–१ आङ्दिम स्वास्थ्य केन्द्रमा अहेवका रूपमा कार्यरत २४ वर्षीय सञ्जीवकुमार यादवविरुद्ध पीडित पक्षले भदौ २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । बालिकाको स्वास्थ्य परीक्षण भदौ २३ गते जिल्ला अस्पतालमा भयो । भदौ २३ गते गिरफ्तार परेका सञ्जीवलाई जिल्ला अदातलले २०७५ मङ्सिर १० गते ६ वर्ष कैद र ७० हजार रुपियाँ क्षतिपूर्ति भराउने सजाय सुनायो ।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ३४ जना महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमध्ये २४ ओटामा मेलमिलाप भए भने १० ओटा कानुनी प्रक्रियामा छन् ।*

*सन् २०१८ मा महिलाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भए । यो वर्ष सातजना महिला पीडित भए । जसमध्ये बलात्कारबाट पाँच, यौन दुर्व्यवहारबाट एक र घरेलु हिंसाबाट एकजना थिए । सन् २०१७ मा चार महिला पीडित भएका थिए । जसमध्ये बलात्कारबाट दुई र घरेलु हिंसाबाट दुईजना पीडित भएका थिए ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ५ | ५ |
| घरेलु हिंसा | १ | १ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ७ | ७ |

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यबहार

३६ वर्षीया सुस्तमनस्थितिकी महिलालाई २०७४ माघ १३ गते बलात्कार गरेको भन्दै म्याङलुङ नपा–४ का ६९ वर्षीय टेकबहादुर रम्तेल कार्कीविरुद्ध पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । पीडित महिलाको स्वास्थ्य परीक्षण माघ

१३ गते जिल्ला अस्पतालमा गरियो । माघ १३ गते नै गिरफ्तार भएका टेकबहादुरलाई जिल्ला अदालतले २०७५ असार १९ गते १० वर्ष कैद र ४० हजार रुपियाँ क्षतिपूर्तिको सजाय सुनायो ।

**स्वास्थ्य सेवाको अवस्था**

तेह्रथुममा एउटा जिल्ला अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र र २९ स्वास्थ्य चौकी छन् । जिल्लामा चार डाक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन् । अहेवको ६६ दरबन्दी रहेकामा ३८ जना कार्यरत छन् ।

**सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**


**बाल अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बलात्कार | १ | ५ | ३ | ९ |
| जम्मा | १ | ५ | ३ | ९ |

**महिला अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बलात्कार | ३ | | २ | ५ |
| घरेलु हिंसा | | १ | | १ |
| यौन दुर्व्यवहार | | | १ | १ |
| जम्मा | ३ | १ | ३ | ७ |

# १.९ पाँचथर




**जम्मा जनसङ्ख्या**
१,८७,९५२

**महिला**
१,०१,०८३

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
१

**प्रदेशसभा निर्वाचन क्षेत्र**
२

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
२१,७२४

**कामका लागि बाहिरिएका**
१७,८४२

**अपाङ्गता भएका**
५,०४९

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
७२

**आश्रित जनसङ्ख्या**
७९,३१७

| घटनाको प्रकार | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | | १३ | | १३ |
| महिला अधिकार | | | | २४ | | २४ |
| गिरफ्तारी | १ | ६ | ७ | | | |
| हत्या | | | | २ | १ | ३ |
| जम्मा | १ | ६ | ७ | ३९ | १ | ४० |

*पाँचथरका जनताले राज्यप्रदत्त स्वास्थ्य सेवा प्रभावकारीरूपमा पाउन सकेका छैनन्। त्यसमाथि पनि अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिक सहज तवरको स्वास्थ्य सुविधा नपाउँदा थप प्रताडित बन्न पुगेका छन्। यस्तो सेवा प्रभावकारी नहुनुका विभिन्न कारणमध्ये मुख्यचाहिँ दरबन्दी तोकिएको स्थानमा कर्मचारी नबस्नु पनि हो। विभिन्न समयमा विभिन्न निकायले गर्ने हड्ताल, बन्द, विरोध आदिका कारण पनि सर्वसुलभ र सहजतवरले स्वास्थ्य सुविधा पाउनुपर्ने हक उल्लङ्घन भइरहेको छ।*

*पाँचथरमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट सन् २०१७ मा २१ महिला र सात पुरुष गरी २८ जना पीडित भएका थिए। सन् २०१८ मा ४० महिला र सात पुरुष गरी ४७ जना पीडित भए।*

## कारागार र बन्दी

'ङ' श्रेणीको यस जिल्ला कारागारको क्षमता २० पुरुष र पाँच महिला गरी २५ जनाको छ। तर थुनुवा २४ र कैदी १ सय १९ गरी १ सय ४३ जना छन्। यसमध्ये महिला १८ जना छन्। एक आश्रित बालक पनि छन्। कारागार भवन जीर्ण छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक न्यायाधीश रहेका यस जिल्ला अदालतबाट यो वर्ष देवानीतर्फ २ सय २२ मुद्दामध्ये ८६ थान फैसला भए भने फौजदारीतर्फ २ सय १६ मुद्दामध्ये १ सय १२ थान फैसला भए।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा ३ सय ९ आधारभूत र ८१ मावि*

*छन् । आधारभूत तहमा १ हजार ६ सय ४३ र मावितर्फ २ सय ४८ शिक्षक दरबन्दी रहेकामा १७ रिक्त छन् । यस शैक्षिक सत्रमा २३ हजार २ सय २७ बालक र २४ हजार १० बालिका विद्यालय भर्ना भए । यस जिल्लामा द्वन्द्वपीडित १२ छात्र र ८ छात्रालाई २ लाख ८६ हजार रुपियाँ छात्रवृत्ति प्रदान गरियो । १ सय ५५ आधारभूत र २० मावि गरी १ सय ५५ अपाङ्गमैत्री विद्यालय छन् । यसै शैक्षिक सत्रमा विद्यालय जाने उमेरका सबै बालबालिका विद्यालय भर्ना भएको जिल्ला घोषणा गरियो ।*

*सन् २०१८ मा बालबालिकाविरुद्ध हुने हिंसाका घटना गत वर्षको जस्तै रहयो । यो वर्ष १३ जना बालिका पीडित भए । जसमध्ये बलात्कारबाट ११ जना, यौन दुर्व्यवहारबाट एकजना र बालविवाहबाट एकजना थिए । सन् २०१७ मा नौ बालिका र दुई बालक गरी ११ बालबालिका पीडित भएका थिए । जसमध्ये बलात्कार बाट आठ बालिका, यौन दुर्व्यवहारबाट एक बालिका र एक बालक तथा नवजात शिशुको हत्याबाट एक बालक थिए ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बाल विवाह | १ | १ |
| बलात्कार | ११ | ११ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | १३ | १३ |

**बलात्कार, यौन दुर्व्यवहार**

११ वर्षीया बालिकालाई २०७४ माघ ७ गते बलात्कार गरेको भन्दै याङवरक गापा–४ का २९ वर्षीय कविन्द्र सुन्दासविरुद्ध पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । बालिकाको स्वास्थ्य परीक्षण तथा उपचार पनि माघ ७ गते नै जिल्ला अस्पतालमा भयो । उजुरी दिएकै दिन गिरफ्तार भएका कविन्द्रलाई जिल्ला अदालतले २०७५ जेठ ८ गते आठ वर्ष कैद र ५० हजार रुपियाँ क्षतिपूर्ति भराउने सजाय सुनायो ।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

*सन् २०१८ मा घरेलु हिंसापीडित भएको भन्दै ४४ जना महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दिए । जसमा कुटपिट तथा घर निकाला गरेको २०, शारीरिक तथा मानसिक यातना दिएको १०, आर्थिक यातनका आठ र खान/लाउन नदिएको ६ घटना छन् । यसमध्ये प्रहरीले ३६ ओटामा मेलमिलाप गरायो भने आठओटा कानुनी प्रक्रियामा छन् ।*

*सन् २०१८ मा महिलाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भए । यो वर्ष २४ जना महिला पीडित भए । जसमध्ये बलात्कारबाट १०, बलात्कार प्रयासबाट पाँच, बहुविवाहबाट आठ र बेचबिखन तथा ओसारपसारबाट एकजना छन् । सन् २०१७ मा १० जना महिला पीडित भएका थिए । जसमध्ये बलात्कारबाट एक, कथित बोक्सीको आरोपबाट एक, घरेलु हिंसाबाट एक र बहुविवाहबाट सातजना थिए ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १० | १० |
| बलात्कार प्रयास | ५ | ५ |
| बहुविवाह | ८ | ८ |
| बेचबिखन तथा ओसारपसार | १ | १ |
| जम्मा | २४ | २४ |

**परिवारजनबाट हत्या**

फिदिम नपा–३ की ४२ वर्षीया गङ्गामाया मुखियालाई २०७४ फागुन ५ गते हत्या गरेको आरोपमा पति ६४ वर्षीय डिकबहादुर मुखियाविरुद्ध पीडित पक्षले फागुन २० जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । चिर्पट प्रहारबाट टाउकोमा चोट लागेको अवस्थाको शव फागुन २१ गते घरनजिकै माटोमा गाडिएको अवस्थामा प्रहरीले फेला पारेको थियो । शवको पोस्टमार्टम सोही दिन जिल्ला अस्पतालमा भयो । घटना भएकै दिन गिरफ्तार भएका मुखियालाई जिल्ला अदालतले २०७५ वैशाख ३० गते १० वर्ष कैद सजाय सुनायो ।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

४९ वर्षीया महिलालाई २०७५ कात्तिक १६ गते बलात्कार प्रयास गरेको भन्दै फाल्गुनन्द गापा–२ का २८ वर्षीय देवी भन्ने देवेन्द्र सिवाविरुद्ध पीडितले कात्तिक १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन् । महिलाको स्वास्थ्य परीक्षण कात्तिक १८ गते

जिल्ला अस्पतालमा भयो। उजुरी दिएकै दिन गिरफ्तार परेका देवेन्द्रलाई जिल्ला अदालतले २०७५ मङ्सिर १७ गते पुर्पक्षका लागि थुनामा पठायो।

**स्वास्थ्य सेवाको अवस्था**

जिल्लामा एक अस्पताल, प्राथमिक स्वास्थ्य केन्द दुई, स्वास्थ्य चौकी ४१, सहरी स्वास्थ्य केन्द्र दुई र सामुदायिक स्वास्थ्य केन्द्र ११ ओटा छन्। मेडिकल अधिकृतको पाँच दरबन्दी रहे पनि करारसहित १३ डाक्टर कार्यरत छन्। ६ स्टाफ नर्सको दरबन्दीमध्ये एक रिक्त छ भने ल्याब असिस्टेन्टको दरबन्दी तीन रहेकामा करारसहित आठजना कार्यरत छन्। दरबन्दीअनुसार नै एकजना ल्याब टेक्निसियन कार्यरत छन्। यसैगरी ९८ दरबन्दी रहेको अहेव पदमा ९२ जना कार्यरत छन् भने अनमीको दरबन्दी ९८ रहेकामा ८९ जना कार्यरत छन्।

**सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| बाल विवाह | | १ | १ |
| बलात्कार | ४ | ७ | ११ |
| यौन दुर्व्यवहार | | १ | १ |
| जम्मा | ४ | ९ | १३ |

**महिला अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बलात्कार | ५ | | ५ | १० |
| बलात्कार प्रयास | १ | | ४ | ५ |
| बहुविवाह | | २ | ६ | ८ |
| बेचबिखन तथा ओसारपसार | १ | | | १ |
| जम्मा | ७ | २ | १५ | २४ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | १ | २ | ३ |

# १.१० इलाम




**जम्मा जनसङ्ख्या**
२,९३,३८८

**महिला**
१,५२,७८१

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
२

**प्रदेशसभा निर्वाचन क्षेत्र**
४

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
२१,००५

**कामका लागि बाहिरिएका**
६,६५७

**अपाङ्गता भएका**
७,६३६

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
९७

**आश्रित जनसङ्ख्या**
१,०७,३२४

| घटनाको प्रकार | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | २० | २ | २२ |
| महिला अधिकार | | | १७ | | १७ |
| गिरफ्तारी | ६ | ६ | | | |
| कुटपिट | | | २ | २ | ४ |
| हत्या | | | २ | १ | ३ |
| जम्मा | ६ | ६ | ४१ | ५ | ४६ |

कृषि उत्पादनको क्षेत्रमा इलाम प्रदेश १ मै अग्रणी स्थानमा पर्छ । चिया, अदुवा, अलैँची, दूध, जडीबुटी, तरकारीलगायतका कृषि उत्पादनले गर्दा नागरिकको आर्थिक अवस्था एक हदसम्म राम्रो देखिन्छ । विशेषगरी चिया उत्पादनको मुख्य क्षेत्र रहेको जिल्लामा किसानहरूको आर्थिक पहुँच केही बलियो देखिए पनि चिया क्षेत्रमा काम गर्ने श्रमिकहरू भने आर्थिक अधिकारबाट पीडित भएका छन् । यसो हुनुको पछाडि सरकारले तोकेको दैनिक पारिश्रमिक नपाउनु मुख्य कारण हो ।

सरकारले २०७५ साउन १ गते देखि लागु हुनेगरी नेपाल राजपत्रमा श्रमिकको नयाँ ज्यालादर प्रकाशित गरे पनि उक्त सेवा/सुविधा राजपत्रमै सीमित देखिन्छ । चियाको मौसम कात्तिकसम्म पनि चिया उद्योगी/व्यवसायीले तोकिएको ज्याला दिन अटेर गरेपछि चिया श्रमिक निराश भए ।

सरकारले तोकेअनुसार चिया बगानका श्रमिकको आधारभूत पारिश्रमिक मासिक ६ हजार ४ सय ६९ रुपियाँ, महँगी भत्ता ४ हजार ३ सय १२ रुपियाँ गरी मासिक १० हजार ७ सय ८१ रुपियाँ छ । यस्तै चिया श्रमिकको आधारभूत दैनिक २ सय ३१ र महँगी भत्ता १ सय ५४ गरी ३ सय ८५ रुपियाँ तोकिएको छ । यसैगरी प्रतिघण्टा आधारभूत ज्याला ३१ रुपियाँ र महँगी भत्ता २० रुपियाँ गरी प्रतिघण्टा ५१ रुपियाँ तोकिएको छ । चिया कारखानामा काम गर्ने श्रमिकलाई चाहिँ न्यूनतम ज्यालामा दैनिक थप ४२ रुपियाँ दिनुपर्ने व्यवस्था छ । तर चिया उद्योगहरूले भने अहिले पनि ३ सय ८ रुपियाँ पाउनुपर्नेमा २ सय ७९ रुपियाँ र २ सय ७८ रुपियाँ पाउनुपर्नेमा २ सय ६५ रुपियाँ मात्रै दिइरहेका मजदूरले बताएका छन् ।

२०७५ को दसैँ तिहार जस्ता चाडपर्वमा पनि पेश्की रकम बुझ्न बाध्य पारिएका श्रमिकलाई चाडपर्व

*सकिएपछि चियाको मौसम पनि सकिएको भन्दै पुरानै दरको ज्याला दिएर बिदा गरेको अखिल नेपाल चिया मजदूर सङ्घका केन्द्रीय उपाध्यक्ष उमेश रेग्मीले जानकारी दिए। इलामका ९१ चिया कारखानामा करिब ४० हजार श्रमिक छन्। यसमध्ये सरकारी स्वामित्वमा रहेको निगमअन्तर्गतका बगानमा भने स्थायी र मौसमी श्रमिकका रूपमा करिब ५ हजार श्रमिक छन्।*

*इलाममा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट सन् २०१७ मा ३९ महिला र १९ पुरुष गरी ५८ जना पीडित भएका थिए। सन् २०१८ मा ४१ महिला र ११ पुरुष गरी ५२ जना पीडित भए।*

## धम्की/कुटपिट

### अन्यपक्षबाट

इलाम सदरमुकामस्थित चियाबारी एफएममा कार्यरत प्राविधिक २५ वर्षीय प्रकाश न्यौपाने र बजार व्यवस्थापक २३ वर्षीय कृष्ण पाठकलाई २०७४ फागुन २३ गते राति युवाहरूको एक समूहले कुटपिट गरी घाइते बनाए। एफएमको काम सकेर गोलबस्तीस्थित कोठा फर्कंदै गरेका पाठक र न्यौपानेलाई मदिरा सेवन गरी झगडा गरिरहेका युवाहरूले अचानक कुटपिट गरेको डिएसपी रमेश बस्नेतले बताए। हात, खुट्टा र टाउकोमा चोट लागेका न्यौपानेको उपचार बिर्तामोडस्थित बि एन्ड सी हस्पिटलमा फागुन २४ गते भयो। फागुन २४ गते गिरफ्तार भएका इलाम नपा–९ का १९ वर्षीय रवीन मगर, ६ का २२ वर्षीय मनोज मगर र फाकफोकथुम–६, एकतप्पाका १८ वर्षीय किशोर लिम्बूलाई जिल्ला प्रशासन कार्यालयले चैत २० गते साधारण तारेखमा छाडेको थियो। जिल्ला प्रशासन कार्यालयले आरोपितहरूलाई २०७५ असोज १५ गते जनही ५ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

## कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता १ सय २५ जनाको छ। तर १ सय ८८ कैदी र ५६ जना थुनुवा गरी २ सय ४४ जना छन्। जसमा महिला १६ जना छन्। २०६९ सालमा निर्माण भएको कारागारमा क्षमताभन्दा बढी कैदी/बन्दी भएकाले पानी अभाव छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक न्यायाधीश रहेका यस जिल्ला अदालतबाट यो वर्ष देवानीतर्फ ३ सय ६३ मुद्दामध्ये १ सय ६४ थान फैसला भने फौजदारीतर्फ ४ सय ३८ मध्ये २ सय ९१ थान फैसला भए।

६ न्यायाधीशको दरबन्दी रहेको यस उच्च अदालत विराटनगर इलाम इजलासमा पाँचजना कार्यरत छन्। यो अदालतबाट यस वर्ष फौजदारीतर्फ ९ सय ९१ मुद्दामध्ये ५ सय ७४ थान फैसला भए भने देवानीतर्फ ३ सय ९८ मुद्दामध्ये २ सय ६३ थान फैसला भए।

## बाल अधिकार

### शिक्षाको अवस्था

*इलाममा ३ सय ३० आधारभूत र ८९ मावि छन्। आधारभूत तहमा १ हजार ६ सय ४९ शिक्षक दरबन्दी र राहत कोटातर्फ ३ सय ५७ दरबन्दी छ। आधारभूततर्फ १ सय २८ दरबन्दी रिक्त छ। मावितर्फ १ सय ७७ शिक्षकको स्थायी दरबन्दी र १ सय २ राहत दरबन्दीमध्ये १४ दरबन्दी रिक्त छ। यस वर्ष आधारभूत तहको कक्षा १–८ मा ९ हजार २ सय ८६ बालिका र ९ हजार २ सय ६९ बालक भर्ना भए। जिल्लामा २ सय १ अपाङ्गमैत्री विद्यालय छन्। जेहेन्दार र सीमान्तकृत गरी मावितर्फ ८ सय २९ जना छात्रछात्रा र आधारभूततर्फ ५ सय १२ जनालाई छात्रवृत्ति दिइयो। यो वर्ष दलित बालबालिकाका लागि भने स्थानीय तहमार्फत छात्रवृत्ति वितरण गरियो। द्वन्द्वपीडित १२ जना बालबालिकाले छात्रवृत्ति पाए। दलित छात्रवृत्तिको रकम सोझै स्थानीय तहमै गएकाले जिल्ला शिक्षा समन्वय एकाइमा तथ्याङ्क छैन।*

*सन् २०१८ मा बालबालिकाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भए। यो वर्ष २० बालिका र दुई बालक गरी २२ बालबालिका पीडित भए। जसमध्ये बलात्कारबाट ११ बालिका, यौन दुर्व्यवहारबाट पाँच बालिका, बेचबिखन तथा ओसारपसारबाट चार बालिका र नवजात शिशुको हत्याबाट दुई बालक थिए। सन् २०१७ मा १८ बालिका बलात्कारबाट पीडित भएका थिए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बेचबिखन तथा ओसारपसार | ४ | | ४ |
| बलात्कार | ११ | | ११ |
| नवजात शिशुको हत्या | | २ | २ |
| यौन दुर्व्यवहार | ५ | | ५ |
| जम्मा | २० | २ | २२ |

**बलात्कार, यौन दुर्व्यवहार**

१४ वर्षीया बालिकालाई २०७४ चैत १९ गते राति घरमा एक्लै भएका बेला बलात्कार गरेको भन्दै पीडित पक्षले माइ नपा–१ का ३४ वर्षीय छविलाल मगरविरुद्ध चैत २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण चैत २० गते जिल्ला अस्पतालमा भयो। चैत २० गते गिरफ्तार परेका छविलाललाई जिल्ला अदालतले २०७५ साउन २१ गते ६ वर्ष कैद र ५ हजार रुपियाँ क्षतिपूर्ति भराउने सजाय सुनायो।

**बेचबिखन तथा ओसारपसार**

तीन वर्षीय शिशु साथमा रहेकी १६ वर्षीया बालिकालाई जागिर लगाइदिने भन्दै भारत लाँदै गर्दा कालीकोट सन्नी त्रिवेणी गापा–९ का ३० वर्षीय लोकेन्द्र तिरुवालाई प्रहरीले नेपाल–भारत सीमा क्षेत्र पशुपतिनगरबाट २०७५ असोज १६ गते गिरफ्तार गऱ्यो । तिरुवाले ती बालिकालाई विवाह गरेको र भारतस्थित दार्जिलिङको एक होटलमा छाडेर हिँडेको अवस्थामा शिशुसहित बालिकाको उद्धार गरिएको इन्स्पेक्टर हेमराज ओलीले जानकारी दिए । आरोपितलाई जिल्ला अदालतले २०७५ मङ्सिर १८ गते पुर्पक्षका लागि थुनामा पठायो । पीडितलाई भने असोज २१ गते अभिभावकको जिम्मा लगाइयो।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै १७ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिटका १० र धाकधम्कीका सात घटना छन् । यीमध्ये प्रहरीले ११ ओटामा मिलापत्र गरायो भने ६ ओटा कानुनी प्रक्रियामा छन् ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बेचबिखन तथा ओसारपसार | ३ | ३ |
| बलात्कार | ८ | ८ |
| बलात्कार प्रयास | ३ | ३ |
| बहुविवाह | ३ | ३ |
| जम्मा | १७ | १७ |

*सन् २०१८ मा महिलाविरुद्ध हुने हिंसाका घटना गत वर्षको जस्तै रहृयो। यो वर्ष १७ जना महिला पीडित भए । जसमध्ये बलात्कारबाट आठ, बलात्कार प्रयासबाट तीन, बहुविवाहबाट तीन र बेचबखिन तथा ओसारपसारबाट तीनजना थिए। सन् २०१७ मा पनि १७ जना महिला पीडित भएका थिए। जसमध्ये बलात्कार बाट आठ, घरेलु हिंसाबाट पाँच, बहुविवाहबाट दुई र बेचबिखन प्रयासबाट दुईजना थिए।*

**परिवारजनबाट हत्या**

२६ वर्षीया विमला लिम्बूलाई माइजोगमाई गापा–५ का ३८ वर्षीय पति मदन लिम्बूले २०७५ जेठ १० गते बेलुका खुकुरी प्रहार गरी हत्या गरेको आरोपमा प्रहरीले भोलिपल्ट गिरफ्तार गऱ्यो । विमलाका बाबु चन्द्रमान लिम्बूले जेठ ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपछि आरोपितलाई प्रहरीले गिरफ्तार गऱ्यो। बेलुका ७ बजेतिर घरायसी विवादका क्रममा लिम्बूले खुकुरी प्रहार गर्दा विमला घाइते भएकामा उपचारका क्रममा जिल्ला अस्पतालमा मृत्यु भएको प्रहरीको भनाइ छ। उनीहरू इलाम नपा–९ भञ्ज्याङमा डेरा गरी बस्दै आएका थिए। मदनलाई जिल्ला अदालतले असार १० गते पुर्पक्षका लागि थुनामा पठायो।

६२ वर्षीया यामकुमारी गुरुङलाई सन्दकपुर गापा–४ का ६७ वर्षीय पति भीमदल गुरुङले २०७५ मङ्सिर २ गते बेलुका कुटपिट गरी आगो लगाएर हत्या गरको आरोपमा प्रहरीले मङ्सिर १७ गते गिरफ्तार गऱ्यो। मृतकका भाइ टेकविर गुरूङलले मङ्सिर १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। बेलुका घरायसी विवादका क्रममा भीमले कुटपिट गर्दा घाइते भएकी यामकुमारी भोलिपल्ट बारीमा घसेडा डढाएको स्थानमा मृत फेला परेकी थिइन्। शवको पोस्टमार्टम जिल्ला अस्पतालमा मङ्सिर ३ गते भयो। आरोपितलाई जिल्ला अदालतले पुस ४ गते पुर्पक्षका लागि थुनामा पठायो।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

२८ वर्षीया महिलालाई २०७४ फागुन ३ गते बलात्कार गरेको भन्दै पीडितले माङ्सेबुङ गापा– ३ का ६४ वर्षीय लोकेन्द्र राईविरुद्ध २०७४ फागुन ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन् । महिलाको स्वास्थ्य परीक्षण फागुन ८ गते जिल्ला अस्पतालमा भयो । फागुन ९ गते गिरफ्तार भएका लोकेन्द्रलाई जिल्ला अदालतले २०७५ जेठ १० गते नौ वर्ष कैद र

पीडितलाई १० हजार रुपियाँ क्षतिपूर्ति भराउने सजाय सुनायो।

### बेचबिखन तथा ओसारपसार

१९ वर्षीया युवतीलाई विवाह गर्ने र काम लगाइदिने भन्दै भारत लाँदै गर्दा भारतको दार्जिलिङ राङवाङ बस्ने २२ वर्षीय विवेक राईलाई प्रहरीले नेपाल–भारत सीमा क्षेत्र पशुपतिनगरबाट २०७५ भदौ ३० गते गिरफ्तार गऱ्यो । विवेकले किशोरीलाई फिदिम घुमाइदेऊ भन्दै आफू सवार गाडीमा राखेर विभिन्न बहाना देखाएर फकाउँदै गाडी रोक्न नदिइ पशुपतिनगर पुऱ्याएको इन्स्पेक्टर हेमराज ओलीले जानकारी दिए । आरोपितलाई जिल्ला अदालतले २०७५ असोज २५ गते पुर्पक्षका लागि थुनामा पठायो। किशोरीलाई भने घर पठाइएको प्रहरीले जनायो।

### स्वास्थ्य सेवाको अवस्था

इलाममा एउटा जिल्ला अस्पताल, ४४ स्वास्थ्य चौकी, चार प्राथमिक स्वास्थ्य केन्द्र र सामुदायिक स्वास्थ्य एकाइ चारओटा छन् । जिल्ला अस्पताल र प्राथमिक स्वास्थ्य केन्द्रमा गरी २० जना डाक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन्। जिल्ला अस्पतालमा ६ जना स्थायी र छजना करार गरी १२ जना डाक्टर कार्यरत छन्। प्राथमिक स्वास्थ्य केन्द्रमा चार डाक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन्। अहेवको १ सय ७ दरबन्दी रहेकामा १ सय १ जना कार्यरत छन्।

### सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बेचबिखन तथा ओसारपसार | | २ | २ | ४ |
| बलात्कार | | १ | १० | ११ |
| नवजात शिशुको हत्या | १ | १ | | २ |
| यौन दुर्व्यवहार | | | ५ | ५ |
| जम्मा | १ | ४ | १७ | २२ |


**महिला अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बेचबिखन तथा ओसारपसार | १ | | २ | ३ |
| बलात्कार | १ | ३ | ४ | ८ |
| बलात्कार प्रयास | | १ | २ | ३ |
| बहुविवाह | | १ | २ | ३ |
| जम्मा | २ | ५ | १० | १७ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | १ | २ | ३ |

# १.११ झापा




**जम्मा जनसङ्ख्या**
८,६९,०६४

**महिला**
४,६५,०९२

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
५

**प्रदेशसभा निर्वाचन क्षेत्र**
१०

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
८५,७३६

**कामका लागि बाहिरिएका**
८०,६२५

**अपाङ्गता भएका**
१५,३६७

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
७७.७

**आश्रित जनसङ्ख्या**
३,५२,००६

| घटनाको प्रकार | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | १ | १ | २ |
| बाल अधिकार | | | २० | २ | २२ |
| अपहरण | | | | १ | १ |
| महिला अधिकार | | | १२ | | १२ |
| जातीय विभेद | | | | १ | १ |
| यातना | १ | १ | | | |
| कुटपिट | १ | १ | | | |
| हत्या | | | ३ | १ | ४ |
| जम्मा | २ | २ | ३६ | ६ | ४२ |

*झापा विभिन्न जातजातिको बसोबास भएको जिल्ला हो । यहाँ १० ओटा लोपोन्मुख जातिमध्ये मेचे, किसान र लाप्चा पनि बस्छन् । यी जातिमध्ये बाहुल्यता भने मेचेको छ । वि.सं. २०६८ को जनगणनाअनुसार नेपालमा मेचेको जनसङ्ख्या ४ हजार ८ सय ६७ छ । जुन कुल जनसङ्ख्याको ० दशमलव ०२ प्रतिशत हो । सरकारले देशभरका लोपोन्मुख जातिका सबै उमेरका व्यक्तिलाई दिन थालेको भत्ता मेचेले पनि लिँदै आएका छन् । मासिक १ हजार रुपियाँ भत्ताबाट जीविकोपार्जनमा सहयोग पुगेको भनाइ यो समुदायका अगुवाको छ । तर केहीलाई भने भत्ताले अल्छीसमेत बनाएको देखिन्छ । तर यो सङ्ख्या थोरैमात्र छ ।*

*आर्थिकरूपमा कमजोर मेचेहरूलाई आफ्नो जमिनको उब्जनीले वर्षभर खानै पुग्दैन । त्यसैले अरुको ज्याला मजदूरी गर्नुपर्ने भएकाले पढाइ उनीहरूको प्राथमिकतामा पर्ने कुरै भएन । यस्तो अवस्थामा स्वास्थ्य, मनोरञ्जन त निकै टाढाका सवाल बन्ने नै भइहाले । त्यसैले सरकारले उपलब्ध गराउने भत्ताले भने केही भरथेग गरेको बताउँछन् सन्तलाल मेचे । झापामा मुख्यगरी मेचीनगर नगरपालिका, हल्दिबारी गाउँपालिका, अर्जुनधारा नगरपालिका र बाह्रदशी गाउँपालिकामा बस्ने मेचे जातिको आफ्नै कला, संस्कृति र भाषा छ ।*

*झापामा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट सन् २०१७ मा २९ महिला र १० पुरुष गरी ३९ जना पीडित भए । सन् २०१८ मा ३६ महिला र आठ पुरुष गरी ४४ जना पीडित भए ।*

### गैरकानुनी थुना र यातना

विर्तामोड नपा–४ का १४ वर्षीय सन्दीप प्रसाईलाई इलाका प्रहरी कार्यालय विर्तामोडका प्रहरीहरूले २०७४ माघ ११ गते राति साथीको घरबाट

आई आफ्नो घरको ढोकामा पस्न लाग्दा गिरफ्तार गरी राति ११ बजेसम्म कुटपिट गरेर घाइते बनाइ घर नजिकै बाटोमा ल्याएर छाडिदिएको सन्दीपका बाबु गोपाल प्रसाईले बताए। उनको हात, गोडा र शरीरमा चोट लागेको थियो । कार्यालय इन्चार्ज कृष्णप्रसाद कोइरालाले घटनाबारे अनविज्ञता प्रकट गरे र आफूले बिहानमात्र पीडित परिवारबाट उजुरी आएपछि थाहा पाएको बताए। बालकको उपचार मनमोहन मेमोरियल अस्पताल विर्तामोडमा माघ १२ गते भयो।

## कारागार र बन्दी

'ग' श्रेणीको जिल्ला कारागारको क्षमता ४ सयजनाको छ। तर ४ सय ७२ कैदी र ६ सय ७ थुनुवा गरी १ हजार ७९ जना छन्। जसमा महिला ९१ जना छन्। तीन बालक र दुई बालिका आश्रित छन्। यस वर्ष यो कारागारमा ६ जना कैदी/बन्दीको मृत्यु भयो।

## यातना

कन्काई नपा–४ का ४३ वर्षीय ठाकुप्रसाद सङ्ग्रौलालाई इलाका प्रहरी कार्यालय झिलझिलेको प्रहरी टोलीले माइधारका एक व्यक्तिको मोबाइल चोरी गरेको आरोपमा २०७५ जेठ ५ गते घरैबाट गिरफ्तार गरी दुई दिनसम्म पानी खन्याउँदै कुटपिट गरी घाइते बनाएर २०७५ जेठ ७ गते साँझ छाडिदिएको उनले बताए। उनको जीउभरि निलडाम देखिएको थियो । २०७५ जेठ ८ गते बिर्तामोडको मनमोहन अस्पतालमा उपचारका लागि भर्ना गरिएकामा ४ दिनपछि थप उपचारका लागि विर्तामोडकै विर्ता सिटी अस्पतालमा भर्ना गरिएको थियो। पीडित परिवार तथा स्थानीयले विरोध गरेपछि प्रहरीले नै दुवै अस्पतालको उपचार खर्च बेहोरेको थियो। इलाका प्रहरी कार्यालय झिलझिलेका इन्स्पेक्टर कैलाश राईले प्रहरीबाट गल्ती भएको भन्दै पीडितलाई उपचारमा सहयोग गर्ने बताएपछि पीडित पक्षले कतै उजुरी दिएनन्।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

पाँचजना न्यायाधीश रहेका यस जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ २ हजार ४ सय ७८ मध्ये १ हजार ४ सय ३५ थान फैसला भए भने देवानी मुद्दातर्फ २ हजार ४ सय २२ मध्ये १ हजार १ सय ७५ थान फैसला भए। यो अदालतमा दुई वर्ष नाघेका फौजदारी ४० र देवानी मुद्दा ८० थान रहे।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय ५३ आधारभूत र १ सय १३ मावि छन्। ३ हजार ६ सय ९० शिक्षक दरबन्दी रहेकामा रिक्त छैन। यस वर्ष १ लाख १ हजार ७ सय ७० बालिका र १ लाख ८ सय ९० बालक भर्ना भए। जिल्लामा १६ अपाङ्गमैत्री विद्यालय छन्। शहीद परिवारका ७३ र द्वन्द्वपीडित परिवारका ६२ बालबालिकाले पनि छात्रवृत्ति पाए।*

*सन् २०१८ मा बालबालिकाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भए। यो वर्ष २० बालिका र दुई बालक गरी २२ बालबालिका पीडित भए। जसमध्ये बलात्कारबाट १४ बालिका, यौन दुर्व्यवहारबाट पाँच बालिका र एक बालक, विद्यालयमा शारीरिक सजायबाट एक बालिका र एक बालक थिए। सन् २०१७ मा २० बालिका पीडित भएका थिए। जसमध्ये बलात्कारबाट १७ बालिका र यौन दुर्व्यवहारबाट तीन बालिका थिए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बलात्कार | १४ | | १४ |
| विद्यालयमा शारीरिक सजाय | १ | १ | २ |
| यौन दुर्व्यवहार | ५ | १ | ६ |
| जम्मा | २० | २ | २२ |

### परिवारजनबाट हत्या

अर्जुनधारा नपा–१ की १७ वर्षीया योनिता लिम्बू गहतेलाई पति २३ वर्षीय दिनेश गहतेले घरायसी विवादका कारण २०७४ माघ ६ गते साँझ धारिलो हतियारले घाँटी काटेर हत्या गरेको आरोपमा प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। पीडित पक्षले इलाका प्रहरी कार्यालय, विर्तामोडमा माघ ७ गते उजुरी दियो । प्रेमविवाह भएका उनीहरूबीच सानातिना कुरामा पनि दिनहुँ झगडा हुने गरेको र उक्त दिन योनिताले मोबाइल फोन चलाएको विषयमा विवाद हुँदा दिनेशले दाउले घाँटी काटिदिएका प्रहरीले जनायो । शवको पोस्टमार्टम २०७४ माघ ७ गते मेची अञ्चल अस्पतालमा भयो। दिनेशलाई जिल्ला अदालतले २०७४ फागुन ३ गते पुर्पक्षमा लागि थुनामा पठायो।

**बलात्कार, यौन दुर्व्यवहार**

१५ वर्षीया सुस्तश्रवण भएकी बालिकालाई २०७५ कात्तिक १० गते बलात्कार गरेको भन्दै सोही ठाउँका ५७ वर्षीय खड्ग बराइली तथा उनका छोराहरू २८ वर्षीय प्रवीण बराइली र २४ वर्षीय छत्रमान बराइली र ३० वर्षीय पुरुषोत्तम बराइलीविरुद्ध पीडित पक्षले मङ्सिर ३ गते इलाका प्रहरी कार्यालय, दमकमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण मेची अञ्चल अस्पतालमा मङ्सिर ३ गते भयो । उजुरी दिएकै दिन गिरफ्तार भएका आरोपितहरूलाई जिल्ला अदालतले २०७५ पुस ३ पुर्पक्षका लागि थुनामा पठायो।

**विद्यालयमा शारीरिक सजाय**

मेचीनगर नपा-५ घर भई सोही ठाउँको ग्रिन भिलेज बोर्डिङ स्कुलमा कक्षा १ मा अध्ययनरत ६ वर्षीय दिप्सन राउतलाई सोही विद्यालयका शिक्षक २२ वर्षीय प्रवेश निरौलाले गृहकार्य नगरेको आरोपमा २०७४ चैत ८ गते शरीरभरि निलडाम हुनेगरी कुटपिट गरेको भन्दै अभिभावकले चैत ९ गते इलाका प्रहरी कार्यालय काकरभिट्टामा उजुरी दिए । बालकको उपचार चैत ९ गते स्थानीय स्वास्थ्य केन्द्रमा भयो। चैत ९ गते गिरफ्तार परेका प्रवेशलाई जिल्ला प्रशासन कार्यालयले २०७४ चैत १३ गते ५ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ६८ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका दुई, खान/लाउन नदिएको १०, विवाह दर्ता र नागरिकता नबनाएको दुई, अर्की श्रीमती ल्याएर हेलाँ गरेको एक र सामान्य घरायसी झगडाका ५३ घटना छन्। यीमध्ये प्रहरीले ६१ ओटामा मिलापत्र गरायो भने सातओटा मिलापत्रको प्रक्रियामा छन्।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ९ | ९ |
| बलात्कार प्रयास | ३ | ३ |
| जम्मा | १२ | १२ |

*सन् २०१८ मा महिलाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भए। यो वर्ष १२ जना महिला पीडित भए। जसमध्ये बलात्कारबाट नौ र बलात्कार प्रयासबाट तीनजना थिए । सन् २०१७ मा आठ महिला पीडित भएका थिए । जसमध्ये बलात्कारबाट सात र बलात्कार प्रयासबाट एकजना थिए।*

**परिवारजनबाट हत्या**

गौरीगन्ज गापा-३ दन्तकालीकी २८ वर्षीया निमथोकी शेर्पालाई पति ३० वर्षीय पासाङ शेर्पाले २०७४ चैत १७ गते राति मुढाले टाउकोमा हानेर हत्या गरेको आरोपमा प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। पासाङले मादक पदार्थ सेवन गरी वादविवाद हुँदा मुढाले टाउकोमा हानेपछि उपचारका लागि दमकस्थित लाइफलाइन अस्पताल लगिएकामा त्यहीँ मृत घोषणा गरिएको थियो। पीडित पक्षले इलाका प्रहरी कार्यालय, गौरीगन्जमा चैत १७ गते उजुरी दियो। शवको पोस्टमार्टम मोरङस्थित मङ्गलबारे स्वास्थ्य केन्द्रमा भयो। आरोपितलाई जिल्ला अदालतले २०७५ वैशाख १४ गते पुर्पक्षका लागि थुनामा पठायो।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

२२ वर्षीया युवतीलाई २०७५ मङ्सिर ८ गते राति छिमेकीको विवाहमा गएका बेला बलात्कार गरेको भन्दै पीडितले कचनकवल गापा-२ मागुर माडीका २० वर्षीय भीमबहादुर गुरुङविरुद्ध जिल्ला प्रहरी कार्यालयमा मङ्सिर १० गते उजुरी दिए । युवतीको स्वास्थ्य परीक्षण मङ्सिर ९ गते मेची अञ्चल अस्पतालमा भयो। उजुरी दिएकै दिन गिरफ्तार भएका भीमलाई जिल्ला अदालतले २०७५ पुस ९ गते पुर्पक्षका लागि थुनामा पठायो।

**जातीय विभेद**

इलाम नपा-५ बरबोटे घर भई झापाको विर्तामोड नपा बस्ने तुलसी भट्टराईको संरक्षकत्वमा रहेका विकास कार्की ढोली (दर्जी) लाई भद्रपुर नपा-६ महेशपुरमा रहेको श्रीकृष्ण द्वैपायन वेद विद्याश्रम संस्कृत विद्यालयले तल्लो जातको भएकाले भर्ना गर्न नमानेको भन्दै पीडित पक्षले २०७५ जेठ ११ गते जिल्ला प्रहरी कार्यालयमा विद्यालय सञ्चालक राजेन्द्र चापागाईं र अर्जुनधारा नपा-१ बस्ने लक्ष्मीप्रसाद खतिवडा

विरुद्ध उजुरी दिए । २०७५ जेठ १५ गते गिरफ्तार भएका दुवैजनालाई जिल्ला अदालतले २०७५ जेठ १८ गते जनही २० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो ।

**स्वास्थ्य सेवाको अवस्था**

जिल्लामा एक अञ्चल अस्पताल, ६ ओटा उपस्वास्थ्य चौकी, ४३ स्वास्थ्य चौकी र ६ ओटा प्राथमिक स्वास्थ्य केन्द्र छन् । जिल्लामा ६ जना डाक्टर को दरबन्दी रहेकामा पाँचजना कार्यरत छन् । त्यस्तै अहेवको १ सय ६९ दरबन्दी रहेकामा १ सय ६५ जना कार्यरत छन् ।

**सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बलात्कार | २ | | १२ | १४ |
| विद्यालयमा शारीरिक सजाय | | १ | १ | २ |
| यौन दुर्व्यवहार | | | ६ | ६ |
| जम्मा | २ | १ | १९ | २२ |

**महिला अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| बलात्कार | १ | ८ | ९ |
| बलात्कार प्रयास | | ३ | ३ |
| जम्मा | १ | ११ | १२ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| हत्या | ४ | ४ |

# १.१२ मोरङ

**जम्मा जनसङ्ख्या**
**१०,१९,४२१**

**महिला**
**५,३३,९३७**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**६**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**१२**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**१,५८,२६१**


**कामका लागि बाहिरिएका**
**७०,४६२**

**अपाङ्गता भएका**
**१७,०५३**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**८६**

**आश्रित जनसङ्ख्या**
**३,९८,५१९**

| घटनाको प्रकार | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | ३ | ६ | ९ |
| बाल अधिकार | | | ५८ | १ | ५९ |
| आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार | | | | १ | १ |
| अपहरण | | | | ६ | ६ |
| महिला अधिकार | | | ६० | | ६० |
| गिरफ्तारी | ३० | ३० | | | |
| कुटपिट | २ | २ | १ | २ | ३ |
| हत्या | | | ७ | ५ | १२ |
| जम्मा | ३२ | ३२ | १२९ | २१ | १५० |




*पूर्व क्षेत्रमा लागु औषध प्रयोगकर्ताको सङ्ख्या बढ्दै गएको छ। प्रयोगकर्ता बढेसँगै यो विषय सबैको चिन्ताको विषय बन्दै गएको छ। भारतसँग सिमाना जोडिएका क्षेत्रमा प्रहरीले निगरानी बढाए पनि यसका प्रयोगकर्ता भने घट्न सकेका छैनन्। विराटनगर रानीजोगबनी नाका लागु औषध प्रयोगकर्ताको रोजाइको ठाउँ बन्दै गइरहेको छ। लागु औषध प्रयोगकर्ताहरू भारततर्फ जाने, प्रयोग गर्ने र फर्कने गर्छन्। प्रहरीले दिनैपिच्छे लागु औषध ओसारपसार र प्रयोगकर्तालाई नियन्त्रणमा लिएर कारबाही गरिरहे पनि प्रयोगकर्ता भने घटेका देखिन्न।*

*मोरङ प्रहरीका अनुसार यहाँ इन्जेक्सन मार्फत लागु औषध लिनेभन्दा औषधिजन्य लागु औषध सेवन गर्नेको सङ्ख्या बढी पाइएको छ। यसको मुख्य कारण जोगवनी आउ/जाउ गर्न सजिलो हुनु र त्यहाँ औषधिजन्य लागु पदार्थ सजिलै पाइनु हो। सीमावर्ती बजार जोगवनी लागु औषध प्रयोगकर्ताहरूको मुख्य गन्तव्य हो।*

*मोरङमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट सन् २०१७ मा १ सय २० महिला र १६ पुरुष गरी १ सय ३६ जना पीडित भएका थिए। सन् २०१८ मा १ सय २९ महिला र ५३ पुरुष गरी १ सय ८२ जना पीडित भए। यो वर्ष अपहरणबाट ६ पुरुष, गिरफ्तारबाट ३० पुरुष, कुटपिटबाट चार पुरुष र एक महिला पीडित भए भने सात महिला र पाँच पुरुषको हत्या भयो।*

## बम विष्फोटबाट घाइते

**अन्यपक्षबाट**

ग्रामथान गापा–६ खोरियाटोलमा २०७४ माघ ४ गते बम विष्फोट हुँदा १८ वर्षीय एकराज रोक्का घाइते भए। अनुहार र मुखमा चोट लागेका तथा दुईओटा दाँत भाँच्चिएका उनको नोवेल मेडिकल कलेजमा माघ ४ गते उपचार भयो। खेतमा काम गर्दै गर्दा बम विष्फोट भएको थियो। एसपी अरुणकुमार बिसीले सो स्थानमा यस्तै अन्य दुईओटा बट्टा बमसमेत फेला परेकाले नष्ट गरिएको बताए। बम कसले किन राखेको भन्नेबारे केही पत्तो लागेन।

विराटनगर मनपा–१३ स्थित भारतीय दूतावासको सम्पर्क कार्यालयलाई लक्षित गरेर २०७५ वैशाख ३ गते बेलुका कुकर बम विष्फोट भयो। जसबाट उक्त कार्यालयको पर्खालमा क्षति पुग्यो। प्रहरीले बम विष्फोटमा संलग्न भएको आरोपमा वैशाख ९ गते बेलवारी नपा–४ का ४२ वर्षीय उदय राई (युगेन) र ताप्लेजुङको थुकिमा गापा–७ का ३४ वर्षीय भीम लिम्बुलाई गिरफ्तार गरेकामा जिल्ला अदालतले २०७५ जेठ ४ गते जनही २० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। प्रहरीसमक्ष आफैँ हाजिर भएका बूढीगङ्गा गापा–२ का ६२ वर्षीय सागर भन्ने सुरेशकुमार राई पनि सोही मितिमा सादा तारेखमा रिहा भए।

विराटनगर मनपा भवनभित्र २०७५ साउन २७ गते सकेट बम विष्फोट भयो। अज्ञात पक्षले राखेको बम दिउँसो २ बजे विष्फोट भएको विराटनगर महानगरपालिकाका मेयर भीम पराजुलीले बताए। पराजुलीले बम विष्फोट कसले र किन गराएको भन्नेबारे आफूलाई कुनै जानकारी नभएको बताए। विष्फोटबाट प्यासेजमा राखिएका केही सोफा तथा एउटा स्टिलको दराजमा क्षति पुगेको छ। मेयर पराजुलीको को१ ज ४९४ नम्बरको गाडीको सिसा पनि फुटेको छ। विष्फोटबाट बेहोस भएका कार्यालय सहायक शिवचन्द्र ठाकुरको उपचार कोशी अञ्चल अस्पतालमा साउन २७ गते भयो। प्रहरीले २०७५ भदौ १६ गते जहदा गापा–२ का ५३ वर्षीय मनोजकुमार सिंह, सिरहाको लक्ष्मीपुर गापा–३ का २० वर्षीय अभिमन्यु गिरी र सिरहाकै सुखिपुर नपा–५ का २४ वर्षीय रामरिझन यादवलाई गिरफ्तार गरेकामा जिल्ला अदालतले २०७५ असोज १५ गते जनही ३८ हजार रुपियाँ धरौटीमा छाड्ने आदेश दियो।




*बम विस्फोटबाट क्षति भएको बिराटनगर मनपाको एक कोठा*

## धम्की/कुटपिट

**अन्यपक्षबाट**

बेलवारी नपा–१ का निरन्तरखबरडटकममा कार्यरत ३० वर्षीय पत्रकार दिनेश गिरीमाथि २०७५ जेठ १९ गते राति धारिलो हतियार प्रहार गरी आक्रमण भयो। राति करिब ८ बजेतिर गिरीको घरमै आएको ६/७ जनाको समूहले आक्रमण गरेको पत्रकार भोजराज बस्नेतले जानकारी दिए। टाउको तथा हातमा चोट लागेका गिरीको सोही दिन विराटनगरस्थित नोबेल अस्पतालमा उपचार भयो। घटनामा संलग्न भएको आरोपमा प्रहरीले बेलवारी नपा–३ का ३० वर्षीय चित्र खड्का र १ का ४० वर्षीय विशाल थापालाई सोही दिन राति गिरफ्तार गर्‍यो। केराबारी गापा–१ बेलचौताराका २९ वर्षीय गजे भन्ने सन्दीप गुरुङ, वेलबारी नपा–१ का २३ वर्षीय शुभम गुरुङ र चुच्चे भन्ने २९ वर्षीय सन्दीप गुरुङ भने जेठ २३ गते गिरफ्तार भए। आरोपितलाई जिल्ला अदालतले २०७५ असार १० गते जनही ४० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।



*आक्रमणमा परी घाइते भएका पत्रकार दिनेश गिरी*

## पुनः गिरफ्तारी

उच्च अदालत विराटनगरले रिहा गर्न आदेश दिएलगत्तै विप्लव नेतृत्वको नेकपाका

पोलिटब्युरो सदस्य तथा पूर्वसभासद् किरण राईलगायत चारजनालाई प्रहरीले २०७५ जेठ १५ गते उच्च अदालत विराटनगर परिसरैबाट पुनः गिरफ्तार गरी सोही दिन झापा पुर्‍यायो । न्यायाधीश कुलरत्न भुर्तेलले रिहा गर्न आदेश दिएपछि बाहिरिँदै गरेका उनीहरूलाई प्रहरीले तत्कालै गिरफ्तार गरेको हो । गिरफ्तार पर्नेमा भोजपुरका ४२ वर्षीय किरण राई, काभ्रेका ३५ वर्षीय माधव गौतम, भोजपुरका ३१ वर्षीय नवराज भट्टराई र सुनसरी धरानका ३० वर्षीय दिप्सन लिम्बू छन् । राईले अदालतको आदेशको पालना नगरेर राज्यले आफूहरूलाई फरक विचार र आस्था राखेकै कारण विभेद गरेको प्रतिक्रिया दिए । २०७४ चैत ५ गते धनकुटाको हिलेबाट गिरफ्तार भएका उनीहरूलाई चैत २९ गते जिल्ला अदालतले छाड्न आदेश दिएलगत्तै उदयपुर प्रहरीले लगेको र वैशाख २९ गते पुनः गिरफ्तार गरी मोरङको उर्लाबारी ल्याएको थियो । राष्ट्रिय मानव अधिकार आयोगको एक नम्बर प्रदेश कार्यालय विराटनगरले उनीहरूको अवस्था पत्ता लगाउन झापाका विभिन्न प्रहरी कार्यालयमा अनुगमन गरी भेटेको मानव अधिकार अधिकृत सन्तोष आचार्यले बताए ।

## कारागार र बन्दी

'ख' श्रेणीको जिल्ला कारागारको क्षमता ३ सय जनाको छ । तर ३ सय ९३ कैदी र ४ सय १४ जना थुनुवा गरी ८ सय ७ जना छन् । जसमा महिला ८९ जना छन् । ४ वर्षमुनिका एक बालिका र पाँच बालकसहित ६ जना आश्रित छन् । ६५ वर्षमाथिका १२ जना पुरुष छन् । त्यसैगरी तीन महिलासहित २१ जना मानसिक रोगी छन् । २०४५ सालमा निर्माण गरिएको यस कारागारको भवन जीर्ण छन् । कारागारमा झण्डै तीन गुणा कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

नौ न्यायाधीशको दरबन्दीमध्ये आठ कार्यरत रहेका यहाँको जिल्ला अदालतबाट यो वर्ष देवानीतर्फ ६ हजार ३ मुद्दामध्ये ३ हजार ३ सय ६ थान फैसला हुन बाँकी रहे । त्यस्तै फौजदारी मुद्दातर्फ ४ हजार ७ सय ५ मध्ये फैसला हुन १ हजार ९ सय ७२ थान बाँकी रहे । दुई वर्ष नाघेका फौजदारी मुद्दा ७१ र देवानीमुद्दा १ सय ९२ थान रहे ।

१० न्यायाधीश रहेका उच्च अदालतबाट यस वर्ष २ हजार ३ सय देवानी मुद्दामध्ये १ हजार ३ सय ८० थान फैसला हुन बाँकी रहे । त्यसैगरी ३ हजार ३ सय ५८ थान फौजदारी मुद्दामध्ये १ हजार ६४ थान फैसला हुन बाँकी रहे । यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १६ र देवानीतर्फ ३९ थान बाँकी छन् ।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा ३ सय ७९ आधारभूत र १ सय ५८ मावि छन् । यिनमा ४ हजार ८ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन् । यस वर्ष जिल्लामा ५० हजार ६ सय २७ छात्र र ५६ हजार ८ सय ६९ छात्रा भर्ना भए । जिल्लामा पूर्ण अपाङ्गमैत्री विद्यालय छैनन् । तर नयाँ संरचना भने अपाङ्गमैत्री निर्माण हुने क्रममा छन् । यस वर्ष जिल्लामा ११ हजार ७ सय ६५ दलित समुदायका बालक र १२ हजार ८ सय ५ बालिकाले छात्रवृत्ति पाए । त्यस्तै शहीद, द्वन्द्वपीडित परिवारलगायत लक्षित समूहतर्फ १६ हजार ८ सय ५ बालबालिकाले छात्रवृत्ति पाए ।*

*सन् २०१८ मा बालबालिकाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भए । यो वर्ष ५८ बालिका र एक बालक गरी ५९ जना बालबालिका पीडित भए । जसमध्ये बलात्कारबाट ४२ बालिका, यौन दुर्व्यवहारबाट ११ बालिका र एक बालक, बेचबिखन तथा ओसारपसारबाट चार बालिका र बालविवाहबाट एक बालिका पीडित भए । सन् २०१७ मा भने ४८ बालिका र तीन बालक गरी ५१ बालबालिका पीडित भए । जसमध्ये बलात्कार बाट ३८ बालिका, यौन दुर्व्यवहारबाट नौ बालिका, बेचबिखनबाट तीन बालक र नवजात शिशुको हत्याबाट एक बालिका थिए ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बेचबिखन तथा ओसारपसार | ४ | | ४ |
| बालविवाह | १ | | १ |
| बलात्कार | ४२ | | ४२ |
| यौन दुर्व्यवहार | ११ | १ | १२ |
| जम्मा | ५८ | १ | ५९ |

### बलात्कार, यौन दुर्व्यवहार

१४ वर्षीया बालिकालाई २०७४ माघ १३ गते

दिउँसो बलात्कार गरेको भन्दै कटहरी गापा–३ का २३ वर्षीय राजा भनिने बुधनारायण मलाहविरुद्ध पीडित पक्षले माघ १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । बालिकाको स्वास्थ्य परीक्षण माघ १४ गते कोशी अञ्चल अस्पतालमा  भयो । माघ १४ गते गिरफ्तार भएका बुधनारायणलाई २०७५ भदौ २४ गते जिल्ला अदालतले ६ वर्ष कैद सजाय सुनायो ।

**बेचबिखन तथा ओसारपसार**

१३ वर्षीया बालिकालाई भारततर्फ लगी बेचबिखन गरेको आरोपमा पीडितका आफन्तले भारत अररिया कुर्साककटा–१३ घर भई रङ्गेली नपा–८ बस्ने ३५ वर्षीय मुजफर मियाविरुद्ध २०७५ वैशाख २८ गते उजुरी दिए । वैशाख ७ गते गाउँमै लागेको मेला हेर्न गएकी बालिका बेपत्ता भएपछि अभिभावकले खोजी थालेका थिए । भारतमा रहेको पत्ता लगाएर प्रहरीसहित गएको टोलीले भारत उत्तर प्रदेशको महाराजपुर गाजियवादमा बन्धक बनाएर राखेको अवस्थामा वैशाख २६ गते उद्धार गरी नेपाल फर्काएको थियो । आरोपितलाई वैशाख २६ गते गिरफ्तार गरी मुजफरलाई जिल्ला अदालतले २०७५ साउन ४ गते ६ वर्ष कैद, २५ हजार रुपियाँ जरिवाना र २० हजार रुपियाँ पीडितलाई क्षतिपूर्ति दिनुपर्ने सजाय सुनायो ।

**हत्या**

विराटनगर महानगरपालिका–१७ का १६ वर्षीय बालक मोहम्मद अस्फाकको २०७५ असोज १ गते अपहरणपछि हत्या गरेको आरोपमा प्रहरीले असोज १४ गते विराटनगर मनपा–१७ का २० वर्षीय महोम्मद सद्धिम हुसेन र २१ वर्षीय महोम्मद आरिफ आलमलाई गिरफ्तार गर्‍यो । अपहरणपछि हत्या गरेर ५० लाख रुपियाँ फिरौती मागेको पीडित पक्षको उजुरीमा उल्लेख छ । पीडित पक्षले असोज १८ गते इलाका प्रहरी कार्यालय रानीमा उजुरी दिएको थियो । असोज १ गते साँझ सँगै बसेर खाजा खाएका आरोपितद्वयले अस्फाकको अपहरणपछि सोही रात हत्या गरेको र हत्यापछि अस्फाकका बुबासँग ५० लाख रुपियाँ फिरौती मागेका पीडित पक्षको आरोप छ। अस्फाकको शव विराटनगर–१४ र १५ को सीमामा रहेको सानु पैनीमा कुहिएको र टाउको छुट्टिएको अवस्थामा असोज ७ गते फेला परेको थियो। लुगा र औँठीका आधारमा परिवारले शव पहिचान गरेको थियो । अभियुक्तहरू २०७५ कात्तिक ८ गते मध्यराति थुनुवा कोठाको भेन्टिलेसन काटेर भागेका थिए । प्रहरीको छानबिन टोलीले तत्कालीन इन्स्पेक्टर सन्तोष निरौलासहित पाँच जनालाई विभागीय कारबाहीको सिफारिस गर्‍यो ।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै १२ जना महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा मादक पदार्थ सेवन गरी कुटपिट गरेका र खानलाउन नदिएका छन् । यीमध्ये आठओटा मिलापत्र भएको र चारओटा प्रक्रियामा छन्। यसैगरी सेवा केन्द्रमा सामान्य घर झगडा, कुटपिट गरेका गरी १४१४ ओटा उजुरी परेकामा यीमध्ये प्रहरले ६ सय ६२ ओटामा मिलापत्र गरायो भने ३ सय ८९ उजुरी कानुनी प्रक्रियामा छन् । ३ सय ६३ ओटा मातहतका प्रहरी कार्यालय पठाइएको छ।*

*सन् २०१८ मा महिलाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा कमी भए। यो वर्ष ६० जना महिला पीडित भए। जसमध्ये बलात्कारबाट २० जना, बलात्कार प्रयासबाट १४ जना, घरेलु हिंसाबाट १३ जना, बहुविवाहबाट ६ जना, यौन दुर्व्यवहारबाट पाँचजना, कथित बोक्सीको आरोपबाट एकजना र बेचबिखन तथा ओसारपसारबाट एकजना थिए । सन् २०१७ मा भने ६७ जना महिला पीडित भएका थिए । जसमध्ये बलात्कारबाट १३ जना, बलात्कार प्रयासबाट १३ जना, यौन दुर्व्यवहारबाट एकजना, घरेलु हिंसाबट २२ जना, बहुविवाहबाट १४ जना र बेचबिखन तथा ओसारपसारबाट चारजना थिए ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बेचबिखन तथा ओसारपसार | १ | १ |
| कथित बोक्सीको आरोप | १ | १ |
| बलात्कार | २० | २० |
| बलात्कार प्रयास | १४ | १४ |
| बहुविवाह | ६ | ६ |
| घरेलु हिंसा | १३ | १३ |
| यौन दुर्व्यवहार | ५ | ५ |
| जम्मा | ६० | ६० |

### परिवारजनबाट हत्या

पथरी शनिश्चरे नपा–९ का ३३ वर्षीय चन्द्रबहादुर नाल्वोले ३० वर्षीया श्रीमती तुलसा लिम्बुको खुकुरी प्रहार गरी हत्या गरेर फरार भएकामा प्रहरीले २०७४ फागुन १३ गते गिरफ्तार गऱ्यो । माघ २७ गते साँझ घरायसी विवादका क्रममा उनले श्रीमतीको गर्धन, अनुहार र शरीरका विभिन्न भागमा खुकुरी प्रहार गरेका प्रहरीले बतायो । शवको परीक्षण उर्लावारीस्थित मङ्गलबारे अस्पतालमा भयो । चन्द्रलाई जिल्ला अदालतले २०७५ जेठ ८ गते जन्मकैदको सजाय सुनायो ।

विराटनगर मनपा–१३ की २३ वर्षीया शिखा घिमिरेलाई ३० वर्षीय पति दिनेश भट्टराईले २०७५ भदौ १ गते ग्रामथान गापा–३ स्थित बाटोमा धारिलो हतियार प्रहार गरी हत्या गरेको पीडित पक्षले आरोप लगायो । पारिवारिक सल्लाहअनुसार कानुनीरूपमा विवाह गरेका उनीहरू कामको सिलसिलामा ग्रामथान गएका थिए । हत्या हुँदै गरेको देखेका गाउँलेले बाटो छेकेर दिनेशलाई नियन्त्रणमा लिएर प्रहरीलाई बुझाएका थिए । शवको पोस्टमार्टम कोशी अञ्चल अस्पतालमा भदौ १ गते भयो । आरोपितलाई जिल्ला अदालतले २०७५ भदौ २७ गते पुर्पक्षका लागि थुनामा पठायो ।

### बलात्कारपछि हत्या

मिक्लाजुङ गापा–७ मधुमल्लाकी ४४ वर्षीया शान्तिकला तामाङको २०७४ फागुन २० गते स्थानीय राम्री खोलामा बलात्कारपछि हत्या गरेर फालेको अवस्थामा शव फेला परेको एसपी अरुण बिसीले बताए । फागुन १९ गते राति छिमेकीको गुन्युचोलीमा गएर फर्कँदा उनको बलात्कारपछि ढुङ्गाले किचेर हत्या भएको प्रहरीको भनाइ छ । शवको पोस्टमार्टम मङ्गलबारे अस्पतालमा फागुन २० गते भयो । घटनामा संलग्न भएको आरोपमा २०७५ असार ७ गते गिरफ्तार भएका सोही ठाउँका ३० वर्षीय हिकबहादुर बस्नेतलाई जिल्ला अदालतले २०७५ कात्तिक २८ गते जन्म कैदको सजाय सुनायो ।

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२५ वर्षीया महिलालाई २०७४ माघ १३ गते एक्लै बसेका बेला बलात्कार गरेको भन्दै विराटनगर मनपा–८ का २० वर्षीय करण रायविरुद्ध पीडितले जिल्ला प्रहरी कार्यालयमा माघ १३ गते उजुरी दिइन् । महिलाको स्वास्थ्य परीक्षण माघ १४ गते कोशी अञ्चल अस्पतालमा भयो । माघ १४ गते गिरफ्तार भएका करणलाई जिल्ला अदालतले २०७५ जेठ १५ गते ६ वर्ष कैद र १० हजार रुपियाँ पीडितलाई भराउने फैसला सुनायो ।

१९ वर्षीया युवतीले आफूलाई २०७५ असोज १६ गते अपहरण गरी बलात्कार गरेको आरोपमा युवतीले जहदा गापा–२ की ननविर्खीदेवी राजवंशी, विराटनगर मनपा–१८ की २७ वर्षीया नैनोदेवी राजवंशी, भारतको खवासपुर पञ्चायतका २२ वर्षीय अखलेश विश्वास राजवंशी र सोही ठाउँका २५ वर्षीय रोहित भन्ने विश्वास राजवंशीविरुद्ध २०७५ कात्तिक १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन् । आरोपित महिलाहरूले सामान किन्न भन्दै जोगबनी लगेर आफ्ना भाइहरूलाई बोलाइ अपहरण गरी विवाह गर्न दबाब दिँदै बलात्कार गरेको युवतीको भनाइ छ । युवतीको स्वास्थ्य परीक्षण २०७५ कात्तिक १४ गते कोशी अञ्चल अस्पतालमा भयो । आरोपित सबै फरार रहे ।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### भौतिक संरचना क्षति/तोडफोड

सामान्य विवादको विषयमा एमाले सम्बद्ध विद्यार्थी सङ्गठन अनेरास्ववियुका कार्यकर्ताले २०७४ माघ ३ गते महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पसमा तोडफोड गरेर क्षति पुऱ्याए । तोडफोडका कारण सामान्य प्रशासन शाखामा रहेका कुर्सी, टेबल, सिसा फुटेर पूर्णरूपमा क्षति भएको निमित्त क्याम्पस प्रमुख गोविन्दप्रसाद शर्माले बताए । यसबारे कसैले कहीँ उजुरी दिएनन् ।

### स्वास्थ्य सेवाको अवस्था

मोरङमा एउटा अञ्चल अस्पताल, एउटा जिल्ला अस्पताल र एउटा मङ्गलबारे अस्पताल छ । त्यसैगरी प्राथमिक उपचार केन्द्र छ र स्वास्थ्य चौकी ६० ओटा छन् । जिल्लामा १२ जना मेडिकल अधिकृतको दरबन्दी रहेकामा सबै कार्यरत छन् । अहेवको १ सय ४२ दरबन्दी रहेकामा १ सय ४० जना कार्यरत छन् ।

## सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बेचबिखन तथा ओसारपसार | १ | १ | १ | ३ |
| बाल विवाह | | १ | | १ |
| बलात्कार | ६ | १२ | २३ | ४१ |
| यौन दुर्व्यवहार | ४ | ४ | ४ | १२ |
| जम्मा | ११ | १८ | २८ | ५७ |


**महिला अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|---|
| बेचबिखन तथा ओसारपसार | | | | | १ | १ |
| कथित बोक्सीको आरोप | | | | | १ | १ |
| बलात्कार | ३ | ४ | | | १३ | २० |
| बलात्कार प्रयास | ४ | ४ | | १ | ५ | १४ |
| बहुविवाह | | २ | | | ४ | ६ |
| घरेलु हिंसा | | | ६ | | ७ | १३ |
| यौन दुर्व्यवहार | १ | | | | ४ | ५ |
| जम्मा | ८ | १० | ६ | १ | ३५ | ६० |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| हत्या | २ | २ | ८ | १२ |

# १.१३ सुनसरी




**जम्मा जनसङ्ख्या**
७,६३,४८७

**महिला**
३,८१,५६३

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
४

**प्रदेशसभा निर्वाचन क्षेत्र**
८

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
८९,८८८

**कामका लागि बाहिरिएका**
५०,२८१

**अपाङ्गता भएका**
१०,४०९

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
६४.४६

**आश्रित जनसङ्ख्या**
३,२४,०३६

| घटनाको प्रकार | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | ३ | १ | ४ | | १ | १ |
| बाल अधिकार | | | | ३२ | | ३२ |
| अमानवीय व्यवहार | | | | १ | | १ |
| अपहरण | | | | २ | १ | ३ |
| महिला अधिकार | | | | ७३ | | ७३ |
| कुटपिट | २ | | २ | | | |
| हत्या | | १ | १ | २ | ८ | १० |
| जम्मा | ५ | २ | ७ | ११० | १० | १२० |

*सुनसरीमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट सन् २०१७ मा ४९ महिला र पाँच पुरुष गरी ५४ जना पीडित भएका थिए । सन् २०१८ मा १ सय १५ महिला र १२ पुरुष गरी १ सय २७ जना पीडित भए । यो वर्ष अमानवीय व्यवहारबाट एक महिला, अपहरणबाट दुई महिला र एक पुरुष तथा कुटपिटबाट दुई महिला पीडित भए भने दुई महिला र नौ पुरुषको हत्या भयो ।*

## नागरिक तथा राजनीतिक अधिकार

### सम्मानित रुपले बाँच्न पाउने अधिकार


### राज्य पक्षबाट

#### हत्या

कोशी गापा–७ हरिपुरमा डकैत गर्न आएको आरोपमा २०७५ मङ्सिर २४ गते राति प्रहरीको गोली प्रहारबाट ४० वर्षीय नसरुल मियाको मृत्यु भयो। सप्तरीको हनुमाननगर नपा–८ घर भएका उनको डकैत गर्ने क्रममा प्रहरीसँग भएको मुठभेडमा मारिएको प्रहरीले जनायो। शवको पोस्टमार्टम मङ्सिर २७ गते बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा भयो । अखिल जनतान्त्रिक तराई मुक्ति मोर्चाका विनोदकुमार यादवले मिया आफ्नो कार्यकर्ता रहेका र सरकारी वार्ता टोलीलाई हतियार बुझाउन आउने क्रममा प्रहरीले गोली हानी हत्या गरेको बताए। पीडित पक्षले कतै उजुरी दिएनन्।

**अन्यपक्षबाट**

हरिनगर गापा–२ रामनगर भुटाहा निवासी मुस्लिम गठबन्धन सुनसरीका सदस्य ५९ वर्षीय खुर्सिद आलम अन्सारीलाई नचिनेका मानिसको समूहले २०७५ असोज ४ गते गोली हानी हत्या गऱ्यो। मोटरसाइकलमा आएको हतियारधारी समूहले प्रहार गरेको गोली खुर्सिदको कन्चट, छाती र तिघ्रामा लागेको थियो। हतियारधारीहरू हत्यापछि वासन्तपुर घुस्की हुँदै भारतको सुपौल जिल्लास्थित घुर्ना बजारतर्फ भागेको प्रहरीले जनायो। हत्याराको समूहलाई रोक्ने प्रयासमा नेपाल प्रहरीका जवान ३५ वर्षीय शिवराम पौडेल उनीहरूले प्रहार गरेको गोली लागी घाइते भए। उनको उपचार असोज ४ गते जिल्ला अस्पतालमा भयो। अन्सारीको शव नउठाइ मुस्लिम गठबन्धनले आन्दोलन गरेपछि सरकारले २०७५ असोज ६ गते शहीद घोषणा गऱ्यो। शवको पोस्टमार्टम बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा भयो। असोज १० गते गृहमन्त्री रामबहादुर थापा, प्रदेश नं. १ का मुख्य मन्त्री शेरधन राई, पर्यटन तथा वातावरण मन्त्री जगदीश कुसियैतले खुर्सिदका परिवारलाई सहयोगबापत १० लाख रुपियाँको चेक घरै पुगेर दिएका थिए। घटनामा संलग्नहरूको पहिचान हुन सकेन।



*अज्ञात पक्षको गोली प्रहारबाट मारिएका खुर्सिद आलम*

## धम्की/कुटपिट

**राज्यपक्षबाट**

इटहरी उमनपा–५ की ४२ वर्षीया कमला चौधरीलाई २०७५ असार २८ गते भाण्टाबारी प्रहरी चौकीका जवानहरूले कोशी गापा क्षेत्रमा कुटपिट गरे। सीमापारि भारतबाट घरायसी समान ल्याएको र रकम माग्दा नदिएको भन्दै चौकी कार्यालयमा ल्याई कुटपिट गरेको र थुनेको पीडितले बताइन्। घरका लागि केही सरसमान ल्याउने क्रममा प्रहरीले रकम मागेको र दिन अस्वीकार गरेकाले हातखुट्टा समाती उठाएर लछारपछार गर्दै चौकीमा २४ घण्टा राखेको र कुटपिट गरेको पीडितको भनाइ छ। पीडितले कतै उजुरी दिइनन्।

## कारागार र बन्दी

नेपालको दोस्रो ठूलो क्षेत्रीय कारागार झुम्काको क्षमता १ हजार ६ सय रहेकामा १ हजार ६ सय ५६ जना कैदी/बन्दी छन्। जसमध्ये १ हजार ६ जना कैदी र ६ सय ५० जना बन्दी छन्। यहाँ महिला र बालबालिका छैनन्। यस कारागारमा यस वर्ष दुईजनाको उपचारका क्रममा मृत्यु भयो।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

नौजना न्यायाधीश रहेका यस जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ ८ सय ७६ थान र देवानीमुद्दातर्फ ८ सय १८ थान मुद्दा छन्। दुई वर्ष नाघेका फौजदारी मुद्दा १ सय ४६ र देवानीमुद्दा ३ सय ३ थान फर्स्यौट हुन बाँकी रहे।

## बाल अधिकार

**शिक्षाको अवस्था**

*यस जिल्लामा २ सय ८२ आधारभूत विद्यालय र ९७ ओटा माविं छन्। २ हजार ७ सय ५३ शिक्षक दरबन्दी रहेकामा २७ रिक्त छ। यस वर्ष ८ हजार २ सय ३४ बालक र ९ हजार २३ बालिका भर्ना भए। जिल्लामा ६ ओटा अपाङ्गमैत्री विद्यालय छन्। साथै शहीद २२ र द्वन्द्वपीडित परिवारका ९६ जना बालबालिकाले छात्रवृत्ति पाए।*

*सन् २०१८ मा बाल अधिकार उल्लङ्घनका घटनामा ३२ जना पीडित भएको अभिलेख भयो। जसमध्ये बालविवाहका घटनामा दुई जना, बलात्कारका घटनामा २९ जना र यौन दुर्व्यवहारका घटनामा एकजना बालिका पीडित भएको अभिलेख भयो। सन् २०१७ मा बलात्कारका घटनामा १२ जना र बालविहका घटनामा एक जना पीडित भएको अभिलेख थियो।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बालविवाह | २ | २ |
| बलात्कार | २९ | २९ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ३२ | ३२ |

**बलात्कार, यौन दुर्व्यवहार**

१५ वर्षीया बालिकालाई २०७५ भदौ ५ गते बलात्कार गरेको भन्दै बर्जु गापा–५ का २८ वर्षीय चन्दन भगतविरुद्ध पीडित पक्षले भदौ ६ गते इलाका प्रहरी कार्यालय, चिमडीमा उजुरी दिए। युवतीको

स्वास्थ्य परीक्षण भदौ ६ गते नै जिल्ला अस्पतालमा भयो। आरोपित फरार रहे।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ५ सय २५ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा लेनदेन १९, कुटपिट गरी घर निकाला गरिएका १ सय १५, खान/लाउन नदिएको २ सय ३ र गालीगलौज तथा सामान्य घरायसी झगडाका १ सय ९० घटना छन्। यीमध्ये प्रहरीले ३ सय ९२ ओटामा मिलापत्र गरायो। १० ओटा अदालत पठाएको छ भने १ सय २५ उजुरी कानुनी प्रक्रियामा छन्।*

*सन् २०१८ मा सुनसरी जिल्लामा महिलामाथि हुने हिंसाका घटनामा ७३ जना पीडित भएको अभिलेख भयो। जसमध्ये कथित बोक्सीको आरोपमा दुई जना, बलात्कार घटनामा २६ जना, बलात्कार प्रयासका घटनामा पाँच जना, यौन दुर्व्यवहारका घटनामा एक जना पीडित भए। सन् २०१७ मा ३२ जना महिला पीडित भएको अभिलेख थियो।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| कथित बोक्सीको आरोप | २ | २ |
| बलात्कार | २६ | २६ |
| बलात्कार प्रयास | ५ | ५ |
| बहुविवाह | १ | १ |
| घरेलु हिंसा | ३८ | ३८ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ७३ | ७३ |

### परिवारजनबाट हत्या

धरान उमनपा–८ की ३५ वर्षीया लक्कीमाया शेर्पालाई ३७ वर्षीय पति निम्बा छ्योती शेर्पाले २०७५ कात्तिक २४ गते आफ्नै कोठामा घाँटी थिचेर हत्या गरेको भन्दै पीडित पक्षले आरोपितविरुद्ध कात्तिक २५ गते इलाका प्रहरी कार्यालय धरानमा उजुरी दिए। मदिरा सेवन गरी हत्या गरेको पीडित पक्षको आरोप छ। शवको पोस्टमार्टम कात्तिक २५ गते बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। कात्तिक २५ गते गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले २०७५ मङ्सिर ११ गते पुर्पक्षका लागि थुनामा पठायो।

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

३६ वर्षीया महिलालाई २०७५ जेठ २५ गते बलात्कार गरेको भन्दै धरान उमनपा–१५ का ३० वर्षीय सरोज महराविरुद्ध पीडित पक्षले जेठ २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। घरमा सुतिरहेका बेला बलात्कार भएको महिलाले बताइन्। पीडितको स्वास्थ्य परीक्षण बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा जेठ २६ गते भयो। आरोपित फरार रहे।

१८ वर्षीया युवतीलाई २०७५ असार १३ गते सामूहिक बलात्कार प्रयास गरेको भन्दै पीडित पक्षले रामधुनी नपा–९ का २६ वर्षीय रामप्रसाद ऋषिदेव, २९ वर्षीय नागिन ऋषिदेव र २५ वर्षीय दुर्गा ऋषिदेवविरुद्ध असार ३२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितहरूले पटक–पटक धम्की दिएर बलात्कार प्रयास गरेको युवतीले बताइन्। युवतीको स्वास्थ्य परीक्षण असार ३२ गते जिल्ला अस्पतालमा भयो। आरोपितहरू फरार रहे।

### कथित बोक्सीको आरोप

हरिनगर गापा–१ की ३१ वर्षीया शोभादेवी बहरदारले आफूलाई २०७५ असार २७ गते कथित बोक्सीको आरोपमा कुटपिट गरेको भन्दै वडासदस्य ३५ वर्षीय विनोद बहरदार, ३६ वर्षीय बिहारी बहरदार र ४० वर्षीय जोनन्द बहरदारविरुद्ध भोलिपल्ट जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। कुटपिटबाट घाइते भएकी शोभाको उपचार सोही दिन इनरुवा अस्पतालमा भयो। असार २८ गते नै गिरफ्तार भएका आरोपितहरूलाई जिल्ला अदालतले २०७५ साउन १० गते पुर्पक्षका लागि थुनामा पठायो।

## स्वास्थ्य सेवाको अवस्था

सुनसरीमा जिल्ला अस्पताल एउटा, ४९ ओटा स्वास्थ्य चौकी र पाँचओटा वडा प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा १५ जना डाक्टरको दरबन्दी रहेकामा १४ जना कार्यरत छन्। त्यस्तै अहेवको १ सय ४१ दरबन्दी रहेकामा सबै कार्यरत छन्।

## सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बालविवाह | | १ | १ | २ |
| बलात्कार | ११ | | १८ | २९ |
| यौन दुर्व्यवहार | | | १ | १ |
| जम्मा | ११ | १ | २० | ३२ |

**महिला अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| कथित बोक्सीको आरोप | | | २ | २ |
| बलात्कार | ९ | | १७ | २६ |
| बलात्कार प्रयास | २ | | २ | ४ |
| बहुविवाह | १ | | | १ |
| घरेलु हिंसा | २ | ३५ | १ | ३८ |
| यौन दुर्व्यवहार | १ | | | १ |
| जम्मा | १५ | ३५ | २२ | ७२ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | अनुसन्धान | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| हत्या | २ | १ | ८ | ११ |

# १.१४ उदयपुर




**जम्मा जनसङ्ख्या**
**३,३०,६१३**

**महिला**
**१,७८,४५०**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**२**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**४**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**८१,६१८**

**कामका लागि बाहिरिएका**
**२२,०६०**

**अपाङ्गता भएका**
**७,७८१**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**६५**

**आश्रित जनसङ्ख्या**
**१,४६,६८४**

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| घाइते | | १ | १ |
| बाल अधिकार | २९ | | २९ |
| महिला अधिकार | ४८ | | ४८ |
| कुटपिट | | ४ | ४ |
| हत्या | २ | २ | ४ |
| जम्मा | ७९ | ७ | ८६ |

*उदयपुर सदरमुकाम गाईघाट क्षेत्रका स्थानीयवासी प्रदुषित पानी खान बाध्य छन् । त्रियुगा साना सहरी खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले सदरमुकाम गाईघाटलाई लक्षित गरी आर्थिक वर्ष २०६४/०६५ बाट खानेपानी सुचारु गरेपनि मुहान क्षेत्रलाई व्यवस्थापन गर्न नसक्दा स्थानीय प्रदुषित पानी खान बाध्य भएका हुन् ।*

*स्थानीय त्रियुगा नदीलाई छेकेर १२ वर्षअघि बनाइएको मुहान क्षेत्र अझै फोहोर छ । मुहान नजिकमा रहेका स्थानीयले पालेका सुँगुर, कुखुरा, बाख्रा खुल्ला छोड्दा मुहान नै प्रदुषित भएको छ । आयोजनाले राखे का पालेले नियमित हेरचाह नगर्दा मुहान भित्रै पशुहरू प्रवेश गरेर पानी पिउने र पौडिने गरेका छन् ।*

*मुहान माथिका घरमा शौचालय नहुँदा स्थानीयहरू खुल्ला ठाउँमै शौच गर्ने गर्दछन् । मुख्य इन्टेकको माथिल्लो भाग छोप्नु पर्नेमा त्यतिकै खुल्ला रहँदा चौपायहरू पस्ने गरेका हुन् । अझ नजिकमा जंगलको भाग रहेकको हुँदा जङ्गली बाँदर, ढेडु भित्रै पसेर मरेकोसमेत भेटिएको छ ।*

*एशियाली विकास बैङ्कको सहयोगमा करिब १५ वर्षअघि निर्माण कार्य सुरु गरिएको उक्त आयोजनाबाट दैनिक प्रति मिनेट १६ देखि २० लिटर पानी आपूर्ति हुँदै आएको छ । आयोजनाको सुरुको लक्ष्य प्रति सेकेण्ड ३४ लिटर पानी ल्याई ३ हजार ५ सय उपभोक्तालाई २४ सै घण्टा खानेपानी वितरण गर्ने थियो । लक्ष्यअनुसार काम अघि बढाइएकोमा अघिल्लो वर्ष खोलामा आएको बाढीले पाँच ओटा स्ट्रेन्टर पाइपमध्ये चार ओटा बगाएको र एक ओटाले मात्र काम गर्नु पर्ने अवस्थाका कारण लक्ष्य पूरा गर्न नभएको हो ।*

*उदयपुर जिल्लामा सन् २०१८ मा भएका ज्यादतीका घटनामा ७९ महिला र सात पुरुष गरी ८६ जना पीडित भएको अभिलेख भयो । सन् २०१७ मा ६१ महिला र पाँच पुरुष गरी ६६ जना पीडित भएका थिए ।*

### बम विस्फोटबाट घाइते

**अन्यपक्षबाट**

त्रियुगा नगरपालिका– १३ का १३ वर्षीय बालक पारस राई २०७४ चैत २८ गते सोही ठाउँको तरकारीलाइन जाने बाटोमा भएको बम बिस्फोटमा परी घाइते भए। घाइते बालकको चैत २८ गते जिल्ला अस्पतालमा उपचार हुन नसकेपछि थप विराटनगरमा भयो। पीडित पक्षले चैत २९ गते नचिनेका मानिसको समूहले गराएको बम विस्फोटमा बालक घाइते भएको भन्दै जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए।



*बम विस्फोटमा परी घाइते भएका पारस राई*

### कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता ५० जनाको छ। तर ८९ कैदी र ६८ जना थुनुवा तथा आश्रित गरी १ सय ६० जना। जसमा महिला १० जना छन् भने १८ वर्षमुनिका बालक चारजना छन्। एक वर्षमुनिका तीनजना आश्रित बालबालिका छन्। ६५ वर्ष माथिका पुरुष तीनजना छन्। एक मानसिक रोगी पनि कारागारमा सँगै बस्छन्। २०३७ सालमा निर्माण गरिएको यस कारागारका दुवै भवन जीर्ण छन्। एउटा कोठामा पुरुष राखिएको छ भने कार्यालय रहेको भवनमा कार्यालय अन्यत्र सारी महिलालाई राखिएको छ। क्षमताभन्दा तीन गुणा बढी कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ।

### दुर्व्यवहार

कटारी नपा–२ स्थित सेक्टर वन कार्यालयका उपसचिव नारायण श्रेष्ठलाई २०७४ चैत १० गते कटारी नपा–२ का वडासदस्य ४९ वर्षीय काशीराज पोखरेल, कटारी नपा–२ गुँरासका नारायणी सामुदायिक वन उपभोक्ता समितिका पूर्वअध्यक्ष ३९ वर्षीय शङ्कर सिंह, कटारी नपा–४ का नगर सदस्य ४३ वर्षीय लीला अधिकारी दनुवारले कार्यकक्षमै हातपात गरेको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालयमा २०७४ चैत १२ गते उजुरी दिए। उनीहरूबीच जङ्गलबाट लगिएको सडकमा विवाद भएको थियो। लीलालाई जिल्ला प्रशासन कार्यालयले २०७५ जेठ ११ गते र काशिराजलाई जेठ १५ गते ५/५ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। घटनालगत्तै फरार रहेका काशिराज र लीला धरौटी तोकिएकै दिन प्रशासनमा हाजिर भएका थिए। शङ्कर फरार रहे।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

दुईजना न्यायाधीश रहेका यस जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ४ सय २७ मध्ये २ सय ८० थान फैसला भए भने देवानी मुद्दातर्फ ४ सय ७१ मध्ये २ सय १७ थान फैसला भए।

### बाल अधिकार

**शिक्षाको अवस्था**

*यस जिल्लामा ३ सय ४२ आधारभूत र १ सय १० मावि छन्। २ हजार १ सय ४४ शिक्षक दरबन्दी रहे कामा २७ रिक्त छन्। जिल्लामा नौओटा अपाङ्गमैत्री विद्यालय छन्। यस वर्ष २८ हजार ३ सय ७० बालक र ३९ हजार ४ सय ६१ बालिका गरी कूल ७६ हजार ८ सय ३१ बालबालिका विद्यालय भर्ना भए।*

*सन् २०१८ मा बालबालिकाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा केही वृद्धि भएको पाइयो। यो वर्ष बलात्कारका घटनामा १७, यौन दुर्व्यवहारबाट नौ, बेचबिखन तथा ओसारपसारबाट दुई र बालविवाहबाट एकजना गरी २९ जना पीडित भएको अभिलेख भयो। सन् २०१७ मा भने २२ जना बालिका पीडित भएका थिए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बेचबिखन तथा ओसारपसार | २ | २ |
| बालविवाह | १ | १ |
| बलात्कार | १७ | १७ |
| यौन दुर्व्यवहार | ९ | ९ |
| जम्मा | २९ | २९ |

**बलात्कार, यौन दुर्व्यवहार**

१४ वर्षीया बालिकालाई २०७४ फागुन २५ गते बलात्कार गरेको भन्दै पीडित पक्षले सुनसरीको

बराह नपा–८ पुलाहाका ६२ वर्षीय सुहिलाल चौधरीविरुद्ध इलाका प्रहरी कार्यालय रामपुरमा २०७४ फागुन २६ गते उजुरी दिए । बालिकाको स्वास्थ्य परीक्षण फागुन २६ गते बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा भयो । फागुन २६ गते नै गिरफ्तार भएका सुहिलाललाई जिल्ला अदालतले २०७५ भदौ १८ गते सात वर्ष कैद र पीडितलाई क्षतिपूर्तिबापत ३० हजार रुपियाँ भराउने सजाय सुनायो ।

**हत्या**

रौतामाई गाँउपालिका–३ लाफागाँउकी १३ वर्षीया एल्जीना खड्काको २०७५ कार्तिक २४ गते हत्यापछि बलात्कार गरेको आरोपमा सोही ठाँउका १५ र १७ वर्षीय बालकविरुद्ध पीडित पक्षले कात्तिक २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । आरोपितद्वयले बाख्रा चराउँदै गरेकी बालिकालाई बलात्कार गर्ने क्रममा हत्या गरेको पीडित पक्षको आरोप छ । आरोपितद्वयलाई प्रहरीले कात्तिक २५ गते गिरफ्तार गरी हत्या र जबरजस्तीकरणी शीर्षकमा जिल्ला अदालतमा मङ्सिर २५ गते मुद्दा दर्ता गरी कारबाही अघि बढाएकोमा जिल्ला अदालतको सोही दिनको आदेशले आरोपितद्वयलाई पुर्पक्षका लागि बालसुधार गृह विराटनगर पठायो । शवको पोष्टमार्टमा बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा कात्तिक २७ गते भयो ।



*हत्या गरिएको अवस्था फेला परेकी एल्जिना खड्का*

**बेचबिखन तथा ओसारपसार**

नौ र एघार वर्षीय बालकलाई २०७५ असोज १९ गते बेचबिखनका लागि भारततर्फ लगेको आरोपमा महोत्तरीको बर्दिबास नपा–१० का २५ वर्षीय रमेश बम्जन तामाङविरुद्ध पीडित पक्षले असोज १९ गते इलाका प्रहरी कार्यालय, कटारीमा उजुरी दिए । असोज १९ गते गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले २०७५ कात्तिक १३ गते पुर्पक्षका लागि थुनामा पठायो ।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव तथा दुर्व्यवहार**

*यो वर्ष घरेलु हिंसापीडित भन्दै १ सय ४४ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दिए । जसमा कुटपिट गरी घर निकाला गरेको ४२, खान/लाउन नदिएको १४, विवाह दर्ता र नागरिकता नबनाएको एक छन् । यीमध्ये १ सय २४ ओटामा मिलापत्र भएको छ भने २० उजुरी कानुनी प्रक्रियामा छन् ।*

*सन् २०१८ मा महिलाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा केही वृद्धि भएको अभिलेख भयो । यो वर्ष ४८ जना महिला पीडित भए । जसमध्ये घरेलु हिंसाबाट १७, बलात्कारबाट १२, बलात्कार प्रयासबाट ६, यौन दुर्व्यवहारबाट तीन, बहुविवाहबाट नौ र कथित बोक्सीको आरोपबाट एकजना छन् । सन् २०१७ मा ३६ जना महिला पीडित भएका थिए ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| कथित बोक्सीको आरोप | १ | १ |
| बलात्कार | १२ | १२ |
| बलात्कार प्रयास | ६ | ६ |
| बहुविवाह | ९ | ९ |
| घरेलु हिंसा | १७ | १७ |
| यौन दुर्व्यवहार | ३ | ३ |
| जम्मा | ४८ | ४८ |

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

२५ वर्षीया सुस्तमनस्थितिकी युवतीलाई २०७४ फागुन १६ गते बलात्कार गरेको भन्दै पीडित पक्षले २०७४ फागुन १७ गते कटारी नपा–१२ का ४० वर्षीय जनकराज खत्रीविरुद्ध इलाका प्रहरी कार्यालय कटारीमा उजुरी दिए । युवतीको स्वास्थ्य परीक्षण फागुन १७ गते कटारी अस्पतालमा भयो । उजुरीलगत्तै

गिरफ्तार भएका जनकराजलाई जिल्ला अदालतले २०७५ कात्तिक १४ गते पाँच वर्ष कैद र पीडितलाई ३० हजार क्षतिपूर्ति भराउने फैसला सुनायो।

### कथित बोक्सीको आरोप

उदयपुरगढी गापा–५ मौवासीकी ७५ वर्षीया रेशममाया राईलाई सोही ठाउँका ५६ वर्षीय गर्वी राई र छोरा ३६ वर्षीय देवबहादुर राईले २०७५ कात्तिक ६ गते कथित बोक्सीको आरोप लगाई अभक्ष कोच्याएको भन्दै पीडितले कात्तिक ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । उजुरी दिएलगत्तै गिरफ्तार भएका दुवैजनालाई जिल्ला अदालतले मङ्सिर ३ गते पुर्पक्षका लागि थुनामा पठायो । छाडा पशु चौपायाको विषयमा विवाद हुँदा आरोपितहरूले पीडितलाई अभक्ष कोच्याएको उजुरीमा उल्लेख छ।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई अस्पताल, ४४ स्वास्थ्य चौकी र एक प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा १६ जना डाक्टरको दरबन्दी रहेकामा चारजना कार्यरत छन्। त्यस्तै अहेवको ९१ दरबन्दी रहेकामा सबै कार्यरत छन्। अनमीको ९१ दरबन्दीमा सबै कार्यरत छन्।

**सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| बेचबिखन तथा ओसारपसार | | १ | १ |
| बालविवाह | १ | | १ |
| बलात्कार | ९ | ८ | १७ |
| यौन दुर्व्यवहार | | ८ | ८ |
| जम्मा | १० | १७ | २७ |

**महिला अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| कथित बोक्सीको आरोप | | | | १ | १ |
| बलात्कार | ३ | २ | | ७ | १२ |
| बलात्कार प्रयास | | ३ | | ३ | ६ |
| बहुविवाह | | ४ | | ५ | ९ |
| घरेलु हिंसा | | ३ | ७ | ७ | १७ |
| यौन दुर्व्यवहार | | | | ३ | ३ |
| जम्मा | ३ | १२ | ७ | २६ | ४८ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएको | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | १ | ३ | ४ |



# प्रदेश २

- क्षेत्रफल : ९,६६१ वर्ग कि.मि.
- जनसङ्ख्या : ५४,०४,१४५
- साक्षरता प्रतिशत : ४९.७२
- जिल्ला : ८
- निर्वाचन क्षेत्र (प्रतिनिधिसभा) : ३२
- निर्वाचन क्षेत्र (प्रदेशसभा) : ६४
- महानगरपालिका : १
- उपमहानगरपालिका : ३
- नगरपालिका : ७३
- गाउँपालिका : ५९
- कूल वडा सङ्ख्या : १,२७१



# प्रदेश परिचय २

मधेसका आठ जिल्लाहरू मिलाएर प्रदेश २ बनाइएको छ। यो प्रदेशका ४५.३० प्रतिशतले मैथिली, १८.५८ प्रतिशतले भोजपुरी, १४.६५ प्रतिशतले बज्जिका, ६.६७ प्रतिशतले नेपाली र बाँकी अन्यको उर्दु, थारु, तामाङ, मगर मातृभाषा बोल्छन्। यो प्रदेशमा १४.६२ प्रशित यादव, ११.६२ मुसलमान, ५.२७ प्रतिशत थारु, ५.०९ तेली प्रतिशत, ४.२१ चमार, ३.४६ धानुक, ३.०१ प्रतिशत मुसहर, २.८३ कुर्मी प्रतिशत, २.७९ दुशाध र अन्य जातजातिको सङ्ख्या ४२.५७ प्रतिशत रहेको छ। यस प्रदेशका मानिसहरूको प्रतिव्यक्ति आय ९ सय २२ डलर र औसत आयु ७०.४३ वर्ष रहेको छ।

समथर भूभाग भएका कारण कृषि उत्पादनको प्रचुर सम्भावना यस प्रदेशमा रहेको छ। यस प्रदेशमा रहेका पर्यटकीयस्थल, धार्मिक तथा सांस्कृतिक धरोहरको विकास गर्न सकिए पर्यटकको आगमन वृद्धि भई प्रदेशको अर्थतन्त्रलाई सकारात्मक प्रभाव पार्न सक्छ।

यस प्रदेशको अस्थायी राजधानी जनकपुर तोकिएको छ। प्रदेश सभाको बहुमतले राजधानी कहाँ राख्ने भन्ने निर्णय गर्न सक्ने संवैधाकि व्यवस्था भएकाले हाललाई अस्थायी केन्द्र तोकिएको हो।

प्रदेश २ को मन्त्रिपरिषद्को २०७४ फागुन ३ गते बसेको बैठकले मधेस आन्दोलनका सहिद परिवारका एक जना सदस्यलाई रोजगारी दिने निर्णय गर्‍यो। साथै आन्दोलनका क्रममा भएका घाइतेहरूको उपचार खर्च व्यहोर्ने निर्णय पनि गर्‍यो।


सप्तरीको मलेठमा २०७३ फागुन २३ गते पाँच जनाको ज्यान जाने गरी भएको घटनाको छानविन गर्न आन्तरिक ममिला तथा कानुनमन्त्री ज्ञानेन्द्र यादवको संयोजकत्वमा तीन सदस्यीय मन्त्रीस्तरीय छानबिन समिति गठन गर्‍यो। प्रतिवेदन सार्वजनिक भएन।

अतिविपन्न दलित समुदायका तीन जना दलित विद्यार्थीलाई एमबीबीएस अध्ययनका लागि प्रदेश २ सरकारले छात्रवृत्ति प्रदान गर्ने निर्णय गर्‍यो। प्रदेश सरकारले 'बेटी बचाउ, बेटी पढाउ' तथा बालिका बीमा जस्ता लोकप्रिय कार्यक्रम सञ्चालन गरेको छ।

**सन् २०१८ र मानव अधिकार अवस्था**

यस प्रदेशमा सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ६ सय १ जना पीडित भएको अभिलेख भयो। जातीय विभेदका घटनामा १० जना, अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकारमा चार जना, महिला अधिकार उल्लङ्घनका घटनामा २ सय ३५ जना, बाल अधिकार उल्लङ्घनका घटनामा २ सय ११ जना बालबालिका पीडित भएको अभिलेख छ।

## सन् २०१८ मा घटनाको प्रकार अनुसार पीडित सङ्ख्या



# २.१ सप्तरी




**जम्मा जनसङ्ख्या**
६,६९,४७०

**महिला**
३,४६,१७३

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
४

**प्रदेशसभा निर्वाचन क्षेत्र**
८

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
२,५१,५७९

**कामका लागि बाहिरिएका**
२६,४३३

**अपाङ्गता भएका**
८,०४४

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
६५

**आश्रित जनसङ्ख्या**
२,९६,६५७

| घटनाको प्रकार | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | ५१ | १ | ५२ |
| अमानवीय व्यवहार | | | १ | | १ |
| आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार | | | १ | | १ |
| अपहरण | | | २ | | २ |
| महिला अधिकार | | | ७९ | | ७९ |
| यातना | १ | १ | | | |
| कुटपिट | | | २ | २ | ४ |
| धम्की | | | | १ | १ |
| हत्या | | | ५ | ५ | १० |
| जम्मा | १ | १ | १४१ | ९ | १५० |

*आर्थिक वर्ष २०७३/२०७४ मा जनता आवास कार्यक्रमअन्तर्गत निर्माण सुरु भएका एक हजार घरमध्ये ९ सय ६० घर अधुरै रहेपछि भएको झुप्रोसमेत भत्काएका गरिब र दलित समस्यामा परे। सङ्घीयता कार्यान्वयनसँगै जनता आवास कार्यक्रमको जिम्मेवारी प्रदेश सरकारअन्तर्गत सारिएपछि सहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय राजविराजले हेर्दै आएको उक्त कार्यक्रम हाल सहरी विकास तथा भवन कार्यालयमा सारिएको छ। कार्यालय र कर्मचारी व्यवस्थापनमै अल्मलिएको सहरी विकास तथा भवन कार्यालयले योजनाबारे जानकारी लिने, तथ्याङ्क सङ्कलन गर्ने कार्य गरेपछि मात्र भवन निर्माणको कामलाई गति दिने जनाएको छ। आवासबिहीन दलित र गरिब परिवारलाई आवास उपलब्ध गराउने सरकारी योजनाअनुसार आर्थिक वर्ष २०६६/२०६७ देखि नै सप्तरीमा जनता आवास कार्यक्रम सञ्चालनमा छ। सुरुदेखि हालसम्म जिल्लामा स्वीकृति प्राप्त ३ हजार ५ सय ५७ मध्ये १ हजार ७ सय ५७ घरमात्र निर्माण भएको कार्यालयको तथ्याङ्क छ। आर्थिक वर्ष २०७४/२०७५ का लागि स्वीकृत ८ सय घरको प्रक्रिया नै सुरु भएको छैन।*

*सप्तरीमा सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ९७ महिला र ३६ पुरुष गरी १ सय ३३ जना पीडित भएका थिए। सन् २०१८ मा १ सय ४१ महिला र १० पुरुष गरी १ सय ५१ जना पीडित भए। यो वर्ष अपहरणबाट दुई महिला, कुटपिटबाट दुई महिला, दुई पुरुष, अमानवीय व्यवहार बाट एक महिला, धम्कीबाट एक पुरुष र प्रहरीको यातनाबाट एक पुरुष पीडित भए भने पाँच महिला र पाँच पुरुषको हत्या भयो।*



*आक्रमणमा मृत्यु भएका वाइसीएल नेपालका सप्तरी जिल्ला सहसंयोजक प्रेमकुमार यादवको हत्यामा संलग्नलाई कारबाहीको माग गर्दै स्थानीयबासी*

## नागरिक तथा राजनीतिक अधिकार

### सम्मानितरूपले बाँच्न पाउने अधिकार

### हत्या

**अन्यपक्षबाट**

राजविराज नपा–१ का वाइसिएल नेपाल सहसंयोजक २१ वर्षीय प्रेमकुमार यादवलाई २०७५ असोज २३ गते बिहान नौ बजे राजविराज नपा–१२ का २५ वर्षीय मिथलेशकुमार यादव, ११ का १७ वर्षीय किशोर, २९ वर्षीय जयप्रकाश यादव, २२ वर्षीय ओमप्रकाश यादव, ४४ वर्षीय राजेन्द्रप्रसाद यादव, २० वर्षीय आनन्दकुमार यादव, २३ वर्षीय महानन्द यादव, २ ९ वर्षीय धर्मेन्द्र यादव, २१ वर्षीय सञ्जयकुमार यादव, २४ वर्षीय रघुवा भनिने रघुनाथ यादव, २३ वर्षीय सावन आलम, बिक्की भनिने ओमप्रकाश यादव, २० वर्षीय धर्मु भनिने धर्मदेव यादव, उदित भनिने बुधितनारायण यादव र २ का ३५ वर्षीय नागेश्वर यादवले आक्रमण गरेकामा असोज २४ गते राति मृत्यु भएको भन्दै मृतकका बुबा भन्नालाल यादवले जिल्ला प्रहरी कार्यालयमा असोज २८ गते उजुरी दिए। राजविराज नपा–२ स्थित पिस जोन बोर्डिङ स्कुलअगाडि बाटोमा घेरा हाली आरोपितहरूले धारिलो हतियारले प्रहार गरी हत्या गरेको मृतकका बुबा यादवले बताए । घाइते यादवको उपचारका क्रममा विराटनगरस्थित न्युरो अस्पतालमा मृत्यु भएको थियो । शवको पोस्टमार्टम असोज २५ गते कोशी अञ्चल अस्पतालमा भयो । स्थानीयबासीले असोज २५ गते राजविराजमा शवसहित नगर परिक्रमा गरी हत्याराहरूलाई कारबाहीको माग गरे। रिसइवीका कारण भएको झडपमा यादवको हत्या भएको एसपी राजेन्द्र बिष्टले बताए । प्रहरीले आरोपितमध्ये किशोरलाई असोज २८ गते र मिथिलेशकुमारलाई असोज ३१ गते गिरफ्तार गर्‍यो। आनन्दलाई मङ्सिर २२ गते गिरफ्तार गर्‍यो । मिथिलेशलाई जिल्ला अदालतले मङ्सिर ४ गते र आनन्दलाई मङ्सिर २५ गते पुर्पक्षका लागि थुनामा पठायो भने किशोरलाई आमाको जिम्मामा छाड्यो। अन्य आरोपित यो वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

### गिरफ्तारी र यातना

राजविराज नपा–६ का २० वर्षीय विक्की राउतलाई २०७५ कात्तिक ९ गते जिल्ला प्रहरी कार्यालयको हिरासतमा असई ४० वर्षीय मोती महतोले यातना दिएको पीडितले आरोप लगाए। छिमेकी ४५ वर्षीया एकल महिला आशादेवी देवको हत्या गरेको आरोप स्वीकार्न दबाब दिँदै आरोपितले लाठी, लात, मुक्का र पाइपले छाती, पिठ्युँ, पैतालालगायतमा कुटपिट गरेको पीडितले जनाए । कात्तिक ८ गते राति नियन्त्रणमा लिइएका राउतले हत्या आरोप नस्वीकारेपछि उनलाई कात्तिक १० गते दिउँसो घाइते अवस्थामा रिहा गरियो। उनको उपचार राजविराजस्थित गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पतालमा कात्तिक १० र ११ गते भयो। एसपी राजेन्द्र बिष्टले यातना दिएकोबारे आफूलाई जानकारी नभएको बताए भने पीडितले कतै उजुरी दिएनन्।

### कुटपिट/धम्की/दुर्व्यवहार

**राज्यपक्षबाट**

रूपनी गापा–१ का ३० वर्षीय राजु भनिने किरणकुमार जयसवाललाई २०७५ असोज २१ गते राति रूपनी गापा–१ का वडाध्यक्ष ३२ वर्षीय पिताम्बर यादवले कुटेर देश निकाला गर्ने धम्की दिए। आरोपितले मोबाइलबाट असोज २१ गते राति फोन गरी आफ्नो विरोधमा बोले, लेखे घरमै आएर जे पनि गर्न सक्छु भन्दै अबदेखि आफ्नो विरोधमा नबोल्न, नलेख्न चेतावनी दिएको राजुले बताए । उनले जिल्ला प्रशासन कार्यालयमा असोज २२ गते उजुरी दिए । गाउँपालिकामा भ्रष्टाचार भइरहेको भन्दै पीडितसहितका गाउँलेले त्यसविरुद्ध सङ्घर्ष समिति गठन गरी अभियान सञ्चालन गरिरहेका छन्। राजु सो समितिका सचिव हुन्। पिताम्बरलाई कुनै कारबाही भएन।

**अन्य पक्षबाट**

हनुमाननगर कङ्कालिनी नपा–१ भारदहस्थित बि.पी. स्मारक पब्लिक माविका निमित्त प्रधानाध्यापक उदयपुरको त्रियुगा नपा–१२ प्रतिभा टोल बस्ने ४९ वर्षीय लेखनाथ कोइरालालाई २०७५ वैशाख २१ गते हनुमाननगर कङ्कालिनी नपा–१ भारदहका ३३ वर्षीय शङ्कर भनिने ज्ञानेन्द्रकुमार खड्गाले विद्यालयभित्र कुटपिट गरेको भन्दै पीडित पक्षले वैशाख २१ गते इलाका प्रहरी कार्यालय भारदहमा उजुरी दियो । सोही विद्यालयको एक कक्षामा पढ्ने आफ्नी

छोरीको रुटिन नबनाएको भन्ने विषयमा विवाद हुँदा उनले कोइरालालाई झापड हानेका थिए । कोइरालाको सुरु उपचार भारदहस्थित अस्पतालमा र त्यसपछिको उपचार राजविराजस्थित अञ्चल अस्पतालमा भयो । कुटाइबाट कोइरालाको अनुहारभर चोटपटक लागेको छ । वैशाख २४ गते गिरफ्तार भएका आरोपितलाई जिल्ला प्रशासन कार्यालयले वैशाख ३१ गते २ हजार ५ सय रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो ।

## कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता १ सय २५ जनाको छ । तर १ सय ३१ कैदी र १ सय ८८ थुनुवा गरी ३ सय १९ जना छन् । जसमा महिला १७ जना छन् । २ वर्षकी एक आश्रित बालिका पनि छिन् । ६५ वर्षमाथिका एक महिला र पाँच पुरुष छन्। दुई मानसिक रोगी पनि कारागारमा अरुसँगै बस्छन्। २००२ सालमा निर्माण भएको यस कारागारको तीनमध्ये पुरुष बस्ने दुई भवन जीर्ण छन् । क्षमताभन्दा तीन गुणा कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ । कोठा अभावले बन्दीहरू सुत्न नपुगेर २७ जना वरण्डा र भान्सामा कोचाकोच भएर सुत्छन् ।

यो वर्ष कारागारमा रहेका दुईजनाको मृत्यु भयो । चोरी मुद्दामा नौ लाख धरौटी बुझाउन नसके पछि २०७४ माघ २८ गतेदेखि कारागारमा रहेका छिन्नमस्ता गापा-५, लोखरमका ३८ वर्षीय सन्तोष साहको असोज १४ गते राति ९:१३ बजे उपचारका क्रममा राजविराजस्थित सगरमाथा अञ्चल अस्पतालमा मृत्यु भयो । बाथ रोगका बिरामी साहको पिसाबमा इन्फेक्सनका साथै टाइफाइड भएको थियो ।

यसैगरी नागरिकता कीर्ते प्रकरणमा २०७५ वैशाख २५ गतेदेखि पुर्पक्षका लागि थुनामा रहेका भारतको हरियाणा जिल्ला इशार नपा उगालन ग्राम पञ्चायतका ३९ वर्षीय सतिश अग्रवाललाई २०७५ पुस ६ गते अपराह्न ५:३० बजे उपचारका लागि गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पताल राजविराज ल्याउँदै गर्दा बाटोमै मृत्यु भयो । उनी उच्च रक्तचाप, चिनी र मुटु रोगका बिरामी थिए ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

आठजना न्यायाधीश रहेका यस जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार ३ सय ३६ मध्ये २ सय १६ थान फैसला भए भने देवानी मुद्दातर्फ ४ हजार ३ सय ९७ मध्ये ८ सय २२ थान फैसला भए । यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा २ सय ७१ र देवानी मुद्दा ७ सय ६५ थान बाँकी छन् ।

१० जना न्यायाधीश रहेका यस उच्च अदालत जनकपुर राजविराज इजलाशबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार ४ सय १० मध्ये ५ सय ७७ थान फैसला देवानी मुद्दातर्फ १ हजार ६ सय ६० मध्ये ५ सय ६३ थान फैसला भए । यो अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १ सय १९ र देवानी मुद्दा १ सय ८५ रहे ।

## बाल अधिकार

### शिक्षाको अवस्था

*सप्तरीमा ४ सय ४२ आधारभूत र १ सय २४ मावि छन् । सामुदायिक विद्यालयतर्फ ६ सय ८६ प्रारम्भिक बाल विकास केन्द्र, ३ सय ३५ आधारभूत तह र ७७ मावि तह छन् । संस्थागत विद्यालयतर्फ १ सय ७ आधारभूत तह र ४७ मावि तह छन् । राहत ७ सय २१ सहित जिल्लाको शिक्षक दरबन्दी २ हजार ५ सय २८ रहेकामा राहततर्फ २८ दरबन्दी रिक्त छ । यस वर्ष सामुदायिकतर्फ ६ हजार ५ सय ६७ बालक र ७ हजार ८ सय ४७ बालिका भर्ना भए । संस्थागततर्फ २ हजार ५ सय ७४ बालक र १ हजार ४ सय ६४ बालिका भर्ना भए । जिल्लामा नवनिर्मित विद्यालयहरू पनि अपाङ्गमैत्री छन् । तराईका दलित, मुस्लिम, सीमान्तकृत र पिछडा वर्गका लागि दिइने रामनारायण मिश्र विशेष छात्रवृत्ति ४ सय ६५ जनाले तीन हजारका दरले १३ लाख ९५ हजार रुपियाँ पाए । साथै शहीद परिवारका तीनजनाले ४८ हजार र द्वन्द्वपीडित परिवारका १२ बालबालिकाले १ लाख ६४ हजार रुपियाँ छात्रवृत्ति पाए ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बालविवाह | ३ | | ३ |
| बलात्कार | ३५ | | ३५ |
| विद्यालयमा शारीरिक सजाय | | १ | १ |
| यौन दुर्व्यवहार | १३ | | १३ |
| जम्मा | ५१ | १ | ५२ |

*सन् २०१८ मा बालबालिकाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भए। सन् २०१८ मा ५१ बालिका र एक बालक गरी ५२ बालबालिका पीडित भए। जसमध्ये बलात्कारबाट ३५ बालिका, यौन दुर्व्यवहारबाट १३ बालिका, बालविवाहबाट तीन बालिका र विद्यालयमा शारीरिक सजायबाट एक बालक पीडित भए। सन् २०१७ मा भने १८ बालिका पीडित भएका थिए। जसमध्ये बलात्कारबाट ११ बालिका, यौन दुर्व्यवहारबाट ६ बालिका र बालविवाहबाट एक बालिका पीडित भएका थिए।*

**बलात्कारपछि हत्या**

खडक नपा–९ की ११ वर्षीया पार्वतीकुमारी मण्डललाई २०७४ माघ २५ गते साँझ उनकै दाजु १८ वर्षीय राजदेव मण्डलले बलात्कारपछि हत्या गरेको आरोपमा प्रहरीले गिरफ्तार गऱ्यो। कालगतिले मृत्यु भएकी भनिएकी बालिकाको शव माघ २६ गते पोस्टमार्टम गर्न लहान पुऱ्याइएकामा परीक्षणका क्रममा चिकित्सकले बालिका बलात्कृत भएको भनेपछि प्रहरीले माघ २८ गते आरोपितलाई गिरफ्तार गरेको थियो। मुख थुनेर बलात्कार गरेपछि रुन थालेकी बालिकाको आवाज अन्य मानिसले थाहा नपाउन् भनेर पीडितकै कुर्ताको तुनाले घाँटी कसेर हत्या गरेको एसपी मुकेशकुमार सिंहले बताए। राजदेवलाई जिल्ला अदालतले २०७४ फागुन २५ गते पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

**विद्यालयमा शारीरिक दण्ड**

छिन्नमस्ता गापा–१ बरही वीरपुर घर भई राजविराज नपा–५ स्थित पब्लिक माविमा कक्षा १० मा अध्ययनरत १४ वर्षीय बालक धर्मदेव साहलाई २०७५ असार २ गते राजविराज नपा–६ स्थित होलिक्रस बोर्डिङ स्कुलका प्रिन्सिपल तथा सञ्चालक ३२ वर्षीय विनोद साफीले कुटपिट गरी घाइते बनाएको भन्दै सोही दिन पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। छातीमा गम्भीर चोट लागेका बालकको असार २ गते गनासिं सगरमाथा अञ्चल अस्पतालमा र असार ३ गते विराटनगरस्थित न्युरो अस्पतालमा उपचार भयो। प्रिन्सिपल साफीले विद्यालयभित्र प्रवेश गरेका साहले ३ कक्षाका विद्यार्थी अमितकुमार यादवलाई फलामे झोलुङ्गो पिङबाट खसाली टाउको फुटाइदिएकाले आवेशमा आइ कुटपिट गरेको स्वीकारे। प्रिन्सिपलले पनि बालकविरुद्ध असार २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। साफीले उपचार खर्च दिने र धर्मदेव विद्यालय हातामा प्रवेश नगर्ने भनी २०७५ असार ३ गते सहमति भयो।

**घर निकाला**

१४ वर्षीया बालिकालाई २०७५ साउन २९ गते उनकै बुबा आमाले घर निकाला गरी उनीसँग मिल्ने १७ वर्षीय केटा साथीको घरमा लगेर जबर्जस्ती राखे। एउटै विद्यालयमा पढ्ने छिमेकका बालकसँग प्रेम गरेको आरोप लगाउँदै घरबाट निकालिएकी बालिकाले र बालकका आमाले भदौ १ गते इलाका प्रहरी कार्यालय कल्याणपुर र खड्ग नपाको न्यायिक समितिमा छुट्टाछुट्टै निवेदन दिए पनि ती निकायले आवश्यक पहल नगरेपछि बालिकाले जिल्ला प्रहरी कार्यालयमा असोज २१ गते उजुरी दिइन्। विवाह गर्न दबाब दिँदै बालिकालाई घरमा छाडेर हिँडेपछि किशोरसमेत घर छाडेर बेपत्ता भए। इन्सेक सप्तरीको पहलमा इलाका प्रहरी कार्यालय कल्याणपुरमा असोज २३ गते भएको छलफलपछि बालिकालाई अभिभावकको जिम्मा लगाइयो।

**बलात्कार, यौन दुर्व्यवहार**

तीन वर्षीया बालिकालाई २०७४ माघ २० गते बलात्कार गरेको भन्दै १३ वर्षीय बालकविरुद्ध बालिकाकी हजुरआमाले माघ २१ गते इलाका प्रहरी कार्यालय कञ्चनरूपमा उजुरी दिइन्। माघ २० गते गिरफ्तार भएका बालकलाई जिल्ला अदालतले बालमैत्री वातावरणमा राख्न आदेश दिएकामाजिल्लामा सो व्यवस्था नहुँदा प्रहरी कार्यालय कञ्चनरूपमै सुरक्षाकर्मीसँगै राखियो। उनलाई फागुन १६ गते संरक्षकको जिम्मा लगाइएको थियो। जिल्ला अदालतले २०७५ जेठ २२ गते तीन महिनाको कैद सजाय गरी कैद स्थगन फैसला गऱ्यो। अपराध प्रमाणित भएमात्र यो कैद सजाय गाभिने गरी स्थगनको फैसला गरेको अदालतले बतायो। यसैगरी अदालतले २०७५ जेठ २२ गते आरोपित १८ वर्ष पूरा (साबालक) भएपछि पीडितलाई सात हजार रुपियाँ क्षतिपूर्ति दिनुपर्ने सजाय सुनायो।

१४ वर्षीया बालिकालाई २०७४ फागुन २४ गते राति बलात्कार गरेको भन्दै तिरहुत गापा–२ का १८ वर्षीय रामचन्द्र मुखियाविरुद्ध पीडित पक्षले इलाका

प्रहरी कार्यालय कञ्चनरूपमा २०७४ चैत ५ गते उजुरी दिए । बालिकाको स्वास्थ्य परीक्षण गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पतालमा चैत ६ गते भयो । चैत ९ गते गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले २०७५ भदौ २० गते तीन वर्ष ६ महिना कैद सजाय सुनायो ।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै १ सय ८० महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट गरी घरनिकाला गरिएका ४०, खान/लाउन नदिएको ५०, विवाह दर्ता र नागरिकता नबनाएको १८, अर्की श्रीमती ल्याएर हेलाँ गरेको १०, दाइजो नल्याएको भनी हेला गरेको आठ र सामान्य घरायसी झगडाका ५४ घटना छन् । यीमध्ये प्रहरीले १ सय ४ ओटामा मिलापत्र गरायो भने ७६ उजुरी कारबाही प्रक्रियामा छन् ।*

*सन् २०१८ मा महिलाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भए । यो वर्ष ७९ जना महिला पीडित भए । जसमध्ये घरेलु हिंसाबाट ३०, बहुविवाहबाट २०, बलात्कारबाट १४, बलात्कार प्रयासबाट चार, यौन दुर्व्यवहारबाट दुई, कथित बोक्सीको आरोपबाट आठ र जबरजस्ती गर्भपतनबाट एकजना थिए । सन् २०१७ मा ६७ जना महिला पीडित भएका थिए । जसमध्ये घरेलु हिंसाबाट ३६, बलात्कारबाट १०, बलात्कार प्रयासबाट आठ, यौन दुर्व्यवहारबाट दुई, बहुविवाहबाट सात र कथित बोक्सीको आरोपबाट चारजना थिए ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| कथित बोक्सीको आरोप | ८ | ८ |
| बलात्कार | १४ | १४ |
| बलात्कार प्रयास | ४ | ४ |
| बहुविवाह | २० | २० |
| घरेलु हिंसा | ३० | ३० |
| यौन दुर्व्यवहार | २ | २ |
| जबरजस्ती गर्भपतन | १ | १ |
| जम्मा | ७९ | ७९ |

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२५ वर्षीया महिलालाई २०७४ फागुन २५ गते राति बलात्कार गरेको भन्दै विष्णुपुर गापा–५ का ३५ वर्षीय जिवछ राम र विष्णुपुर गापा–३ का ३० वर्षीय इसराइल मियाविरुद्ध पीडितले जिल्ला प्रहरी कार्यालयमा फागुन २७ गते उजुरी दिइन् । गाउँकै विवाहबाट काकासँग घर फर्किरहेका बेला फागुन २५ गते राति नहरछेउबाट नियन्त्रणमा लिई मोटरसाइकलमा चढाएर गहुँ खेतमा लगी बलात्कार गरेको महिलाले बताइन् । महिलाको स्वास्थ्य परीक्षण गजेन्द्र नारायण सिंह सगरमाथा अञ्चल अस्पतालमा फागुन २७ गते भयो । भारतीय प्रहरीको सहयोगमा भारतस्थित बिहारको अन्धरामण्ठ थाना महथौर ग्राम पञ्चायतबाट चैत ४ गते गिरफ्तार भएका आरोपितद्वयलाई जिल्ला अदालतले २०७५ मङ्सिर ११ गते जनही साढे तीन वर्ष कैद सजाय सुनायो ।

७० वर्षीया वृद्धालाई २०७५ असोज १६ गते राति नौ बजे घरमा सुतिरहेका बेला बलात्कार गरेको भन्दै खडक नपा–८ मुसहर्नियाका ४० वर्षीय रोहित सदाविरुद्ध पीडित पक्षले इलाका प्रहरी कार्यालय कल्याणपुरमा असोज १७ गते उजुरी दिए । घरका सबै जना मेला हेर्न गएका बेला घटना भएको उजुरीमा उल्लेख छ । पीडितको स्वास्थ्य परीक्षण लहानको रामकुमार उमाप्रसाद शारदा स्मारक अस्पतालमा असोज १७ गते भयो । आरोपित फरार रहे ।

### बलात्कारपछि हत्या

राजविराज नपा–६ की ४५ वर्षीया आशादेवी देवलाई २०७५ कात्तिक २ गते अपरिचित व्यक्तिहरूले बलात्कार गरी हत्या गरे । जिल्ला प्रहरी कार्यालय र कार्यालय प्रमुखको निवाससँग जोडिएकै घरमा एक्लै बस्दै आएकी देवको टाउकामा इँटाले प्रहार गरी हत्या भएको रक्ताम्य शव कात्तिक २ गते बिहान उनकै ओछ्यानमा फेला परेको थियो । शवको पोस्टमार्टम कात्तिक ३ गते बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा भयो । पीडित पक्षको उजुरीका आधारमा प्रहरीले सोही ठाउँकी ४० वर्षीया मुन्नी साह, ३० वर्षीया चनरदेवी मेहतर, ३२ वर्षीय शङ्कर राउत र ३० वर्षीय सुरज मेहतरलाई गिरफ्तार गरेकामा जिल्ला अदालतले मङ्सिर १२ गते चनरदेवीलाई ३५ हजार र मुन्नीलाई २५ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो भने शङ्कर र सुरजलाई पुर्पक्षका लागि थुनामा पठायो ।

**कथित बोक्सीको आरोपमा अमानवीय व्यवहार**

डाकनेश्वरी नपा–९ पत्थरगाढाकी ४० वर्षीया बुधनीदेवी खड्गलाई २०७५ जेठ २७ गते सोही ठाउँकी जहरीदेवी खड्ग, ३४ वर्षीय बौना भनिने देवनारायण खड्ग, ३० वर्षीया सवितादेवी खड्ग, २९ वर्षीया फुलोदेवी खड्ग र २५ वर्षीया सरस्वतीदेवी खड्गले कथित बोक्सीको आरोप लगाउँदै कुटपिट गरेको भनी जेठ २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन् । जहरीले आफ्नो पति र छोरालाई बोक्सी तन्त्रमन्त्रद्वारा बिरामी बनाएको भन्दै गालीगलौज गरेपछि सबै आरोपित मिलेर कुटपिट गरेको बुधनीले बताइन् । टाउको र शरीरका विभिन्न भागमा चोटपटक लागेकी उनको उपचार गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पताल र विराटनरस्थित न्युरो अस्पतालमा भयो । असार १२ गते गिरफ्तार भएकी आरोपितलाई जिल्ला अदालतले २०७५ असार ३१ गते पुर्पक्षका लागि थुनामा पठायो । अन्य आरोपित फरार रहे ।

हनुमाननगर कङ्कालिनी गापा–११ की २८ वर्षीया शान्तिदेवी मण्डललाई २०७५ भदौ १३ गते सोही ठाउँका ५० वर्षीय विष्णुदेव पण्डित, उनकी पत्नी ४५ वर्षीया अरहुलियादेवी पण्डित, छोराहरू २८ वर्षीय प्रमोद पण्डित र २४ वर्षीय अमोद पण्डितले कथित बोक्सीको आरोप लगाई अमानवीय व्यवहार गरेको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालयमा भदौ १४ गते उजुरी दिइन् । आफूले टुनामुना लगाएर वृद्धवृद्धा बिरामी पारिदिएको भन्दै कुटपिट गरेका पीडितले बताइन् । घाइते पीडितको धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो । असोज १७ गते गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले कात्तिक ११ गते ६५ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो । अन्य आरोपित यो वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् ।

**परिवारजनबाट हत्या**

राजविराज नपा–१५ मुसहर्नियाकी २४ वर्षीया बेचनीदेवी साहको हत्या गरी फालिएको शव २०७५ जेठ ३१ गते उनकै घरको शौचालयको सेफ्टी ट्याङ्कीमा फेला पर्‍यो । गाउँमा दुर्गन्ध फैलिएपछि स्थानीयबासीले प्रहरीलाई खबर गरेका थिए । शवको पोस्टमार्टम धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा असार १ गते भयो । छिन्नमस्ता गाउँपालिका–६ निवासी मृतकका बुबा ४२ वर्षीय रामकुमार साहले असार ६ गते जिल्ला प्रहरी कार्यालयमा मृतककी सासू ५५ वर्षीया सोमनीदेवी भनिने शोमादेवी साह, देवर ३५ वर्षीय मुर्जा भनिने पञ्चदेव साह, निजकी पत्नी ३१ वर्षीया प्रमिलादेवी साह र १६ वर्षीय बालकविरूद्ध उजुरी दिए ।

जिल्ला प्रहरी कार्यालयले ०७५ असार २९ गते उजुरी दर्ता गरी पञ्चदेव, राजविराज नपा–१५ का २४ वर्षीय धर्मेन्द्र साह र ५० वर्षीय थापा भनिने जिवछ साहलाई साउन ७ गते तथा प्रमीलादेवी साह र निजका दाजु सत्यनारायण साहलाई साउन ९ गते गिरफ्तार गर्‍यो । मृतकका पति सुर्यनारायण साह र निजकी छोरी दुई वर्षीया प्रतिभालाई समेत जेठ २९ गते हत्या गरेर घर नजिकैको कोशी पश्चिमी नहर र खाँडो खोलाको दोभानमा फालेको आशङ्कामा प्रहरीले खोजी गरे पनि शव फेला परेन । गिरफ्तार सबैलाई जिल्ला अदालतले भदौ ६ गते पुर्पक्षका लागि थुनामा पठायो । सुर्यनारायण २४ वर्षपछि ०७२ असार ११ गते भारतबाट फर्केर बेचनीसँग विवाह गरेका थिए । आरोपितहरूले सूर्यनारायणको नाम गरी आएका व्यक्ति नक्कली भएको र उनले नै पत्नी बेचनीदेवीको हत्या गरी दुई वर्षीया छोरी लिएर फरार भएको बताउँदै आएका छन् । यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन ।

बोदे बर्साइन नपा–७ बोगबिराकी २२ वर्षीया आरतीकुमारी यादवलाई २०७५ कात्तिक १४ गते बिहान पति २८ वर्षीय सुरेशकुमार यादव र ससुरा ६७ वर्षीय रामदेव यादवले यातना दिएर विष सेवन गराई हत्या गरेको भन्दै मृतकका दाजु सोही नपा–५ का २६ वर्षीय अनीलकपुर यादवले इलाका प्रहरी कार्यालय कल्याणपुरमा कात्तिक १५ गते उजुरी दिए । विष सेवनबाट गम्भीर बनेकी आरतीको उपचारका लागि सिरहाको लहानस्थित रामकुमार उमाप्रसाद स्मारक अस्पताल लैजाने क्रममा बाटोमै मृत्यु भएको थियो । आरतीसँग विवाह भएको महिना दिन नबित्दै २०७३ जेठमा मलेसिया उडेका सुरेश २०७५ असोज २४ गते घर आएका थिए । १० वर्ष मलेसिया बसेका सुरेशले उतै भारतीय मूलकी युवतीसँग विवाह गरी छोरा/छोरीसमेत जन्मेका भए पनि ढाँटेर आरतीसँग विवाह गरेको विषयमा सुरेश आएकै दिनदेखि पति–पत्नीबीच दैनिक झगडा हुने गरेको स्थानीयले बताए । आरती सन्तानबिहीन थिइन् । प्रहरीले कात्तिक १४ गते नै रामदेव सुरेशलाई गिरफ्तार गर्‍यो । जिल्ला अदालतले मङ्सिर १३ गते सुरेशलाई पुर्पक्षका लागि थुनामा पठायो भने रामदेवलाई १ लाख ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो ।

**घरेलु हिंसा**

तिलाठी कोइलाडी गापा–४ की ७० वर्षीया धोमनीदेवी मलाहिनलाई सोही ठाउँ बस्ने छोरी ज्वाइँ ४२ वर्षीय सुनिल मुखिया, निजका छोराहरू २३ वर्षीय निरज मुखिया र २१ वर्षीय धिरज मुखियाले २०७५ असोज ३ गते बेलुकी कुटपिट गरी हात भाँचिदिए। घरमा बुहारीहरू भएका बेला आएर सुत्ने/बस्ने गरेका आरोपित निरजलाई घरमा नआउन भन्नासाथ निरजले एक्कासि लाठी प्रहार गरी हात भाँचिदिएको पीडितका पति लक्ष्मी मुखियाले बताए । घाइतेको उपचार गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पतालमा हुन नसकेपछि अन्यत्र रिफर गरियो। पीडितका छोरा सरोज मुखियाले जिल्ला प्रहरी कार्यालयमा असोज ४ गते उजुरी दिए। असोज १० गते गिरफ्तार भएका निरजलाई जिल्ला अदालतले कात्तिक १२ गते १ लाख रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। अन्य आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

राजविराज नपा–१५ मुसहर्नियाकी १८ वर्षीया प्रेमकला ठाकुरलाई २०७५ असोज ११ गते राति उनका पति २५ वर्षीय मनोज ठाकुर र निजकी आमा ४५ वर्षीया रजियादेवी ठाकुरले कुटपिट गरी गम्भीर घाइते बनाए । मादक पदार्थ खाएका पतिले चरित्रहीनको आरोप लगाउँदै कपाल घिस्याएर लाठी र मुक्काले कुटपिट गर्दा उनको शरीरभर चोटपटक र निलडाम लाग्यो । २०७४ वैशाख ३ गते विवाह भएकी प्रेमकलालाई पति मनोज २०७४ असार पहिलो साता रोजगारीका लागि मलेसिया गएपछि घरबाट निकालिएको थियो । त्यसपछि उनी रूपनी गापा–१ रायपुरस्थित माइतीमा बस्दै आएकी थिइन् । पति विदेशबाट फर्केपछि उनी भदौ २० गते घर गएकी थिइन् । उनले विवाह दर्ता गर्न र नागरिकता बनाइदिन भन्दा आरोपितहरूले मरणासन्न हुनेगरी कुटपिट गरेपछि घाइते पीडितको उपचार गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पतालमा भयो। पीडितका बुबा मोहन ठाकुरले जिल्ला प्रहरी कार्यालयमा असोज १५ गते उजुरी दिए। प्रहरीले आरोपितमध्ये र जियादेवी र जेठाजु २४ वर्षीय अशोक ठाकुरलाई असोज १६ गते तथा पीडितका काका ससुरा नाता पर्ने राजविराज नपा–११ का ४० वर्षीय सोहना भनिने सुखराम ठाकुरलाई असोज १८ गते गिरफ्तार गऱ्यो । आरोपितमध्ये पीडितका पति मनोज र ससुरा भुवनेश्वर ठाकुर गिरफ्तार भएनन्। जिल्ला अदालतले २०७५ कात्तिक ९ गते रजिया र अशोकलाई जनही २५ हजार रुपियाँ धरौटीमा र सुखरामलाई साधारण तारेखमा रिहा गर्ने आदेश दियो।

राजविराज नपा–९ मलेठकी २२ वर्षीया पूजाकुमारी यादवलाई २०७५ असोज १५ गते राति सुतिरहेका बेला उनका पति २० वर्षीय राजेश यादव, उनका बुबा ५० वर्षीय महेश्वर यादव र निजकी पत्नी ४८ वर्षीया शोभादेवी यादवले लाठी, मुक्काले कुटपिट गरी दाहिने हात भाँचिदिएको भन्दै जिल्ला प्रहरी कार्यालयमा असोज १६ गते उजुरी दिइन् । आरोपितहरूले विद्युतीय आइरनले पोल्न खोज्दा होहल्ला गरेपछि जम्मा भएका छिमेकीले ज्यान जोगाइदिएको पीडितले बताइन् । उनको उपचार राजविराज नपा–९ स्थित प्राथमिक आँखा स्वास्थ्य केन्द्र तथा राजविराज नपा–६ स्थित खुसी मेडिकल हलमा भयो। आरोपितहरू गिरफ्तार परेनन्।

राजविराज नपा–७ की २५ वर्षीया कविताकुमारी साहलाई २०७४ चैत २४ गते उनका पति ३२ वर्षीय छोटु भनिने राजीव दास, सासू ५५ वर्षीय मन्जुदेवी दास र जेठाजु ३५ वर्षीय पङ्कज दासले कुटपिट गरी घर निकाला गरेको भन्दै पीडितले राजविराज नगरपालिकाको न्यायिक समितिमा २०७५ वैशाख २४ गते उजुरी दिइन्। न्यायिक समितिले भदौ ५ गते पीडितलाई घरमा बस्न र कुटपिट नगर्न आदेश दिएपछि सोही साँझ अधिकारकर्मी, जनप्रतिनिधि, प्रहरी र नागरिक समाजको पहलमा घर भित्र्याइयो । प्रेमविवाह गरेका पीडित र राजीवबीच जिल्ला अदालतबाट २०७२ पुस २४ गते पति–पत्नीको नाता कायमसमेत भएको छ । तर पनि परिवारले अस्वीकार गरेपछि पति घर छाडेर सम्पर्कबिहीन भएका छन्। बुहारी माइतमै छिन्। इन्सेक र कानुनी सहायता समितिको सहयोगमा पीडितले असोज ८ गते अंशबन्डाको र असोज २१ गते मानाचामलको उजुरी दिएपछि जिल्ला अदालतले पुस ६ गते पीडितको भरणपोषणवापत आरोपितहरूबाट मासिक सात हजार रुपियाँ खर्च भराउने आदेश गऱ्यो।

बोदेबर्साइन नपा–६ बैरिया टोलकी १९ वर्षीया गर्भवती सङ्गीता सदालाई २०७५ कात्तिक २ ९ गते अलपत्र छाडेर बेपत्ता भएका उनका पति २० वर्षिय शिवदत्त चौधरी कलवारलाई खोज्दै मङ्सिर ८ गते घर गएकी पीडितलाई ससुरा महेन्द्र कलवार चौधरीले घर प्रवेश गर्न नदिई घरबाट निकाले । घर अगाडि रहेको मुसहरी टोलमा आश्रय लिएर बसेकी पीडितलाई प्रसूति व्यथाले च्यापेपछि मङ्सिर



*घर निकाला गरिएकी सङ्गीता सदा*

२२ गते रामकुमार उमाप्रसाद शारदा स्मारक अस्पताल लहान भर्ना गरिएकोमा सोही राति पीडितले शिशु छोरालाई जन्म दिइन् । पीडितका बुवाले इलाका प्रहरी कार्यालय कडरबोनामा र जिल्ला प्रहरी कार्यालयमा मङ्सिर २० गते उजुरी दिए । २०७४ पुस २ गते भागेर अन्तरजातीय प्रेमविवाह गरेका शिवदत्त र सङ्गीता २०७५ वैशाख २० गते घर आएका थिए। घरमा बस्न नदिएपछि दुवै जना बाराको जितपुरमा मजदुरी गरेर बसेका थिए । नागरिकता बनाउन भनी कात्तिक २९ गते घर आएका शिवदत्त सम्पर्कविहिन भएपछि उनलाई खोज्दै मङसिर ८ गते घर आएकी संगीतालाई घरमा बस्न नदिएपछि पीडित हाल सुरुङ्गा नपा–४ मधुपट्टीस्थित माइतको शरणमा बसेकी छिन् । यो वर्षको अन्त्यसम्म मुद्दाको अन्तिम किनारा लागेको छैन।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### भौतिक संरचना, सम्पत्ति क्षति

राजविराज नपा–७ स्थित नोबेल एकेडेमीमा २०७४ फागुन ३० गते राति राजविराज नपा–८ का २२ वर्षीय अजीतकुमार साहलगायतले तोडफोड गरी क्षति पुऱ्याए । प्रहरीले आरोपितलाई फागुन ३० गते राति नै घटनास्थलबाट गिरफ्तार गऱ्यो । प्रिन्सिपल ३८ वर्षीय प्रवीणकुमार ठाकुरले चैत १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका थिए। आरोपितलाई जिल्ला प्रशासन कार्यालयले चैत १३ गते २ हजार ५ सय रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

राजविराज नपा–४ स्थित गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पतालमा २०७५ साउन ३ गते राति विष्णुपुर गापा–६ घर भई राजविराज नपा–५ बस्ने ३५ वर्षीय नन्दकिशोर यादव, तिरहुत गापा–४ का ३० वर्षीय बब्लु भनिने सञ्जय यादव, हनुमाननगर कङ्कालिनी नपा–१४ का २५ वर्षीय सुरेश यादव र नचिनेका तीन जनासहित ६ जनाको समूहले तोडफोड गरेको भन्दै अस्पताल प्रशसनले जिल्ला प्रहरी कार्यालयमा साउन ४ गते उजुरी दियो। आरोपितहरू र अस्पताल प्रशासनबीच साउन ४ गते सहमति भएपछि कारबाही प्रक्रिया अगाडि बढेन।

राजविराज नपा–४ स्थित गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पतालमा २०७५ असोज ६ गते राजविराज नपा–४ का २१ वर्षीय ओमप्रकाश सेठले तोडफोड गरेको भन्दै प्रहरीले असोज १४ गते गिरफ्तार गऱ्यो। रूपनी गापा–६ वीरेन्द्र बजारका अशोक साहका डेढ वर्षीय छोरा सिद्धार्थको मृत्यु भएपछि उनका आफन्तले बालकलाई जिउँदै पोस्टमार्टम गर्न लाग्यो भनी भ्रम सिर्जना गरी होहल्ला गर्दा आरोपितले अस्पतालको झ्याल, टेबुल, कम्प्युटर आदि तोडफोड गरी क्षति पुऱ्याएको उजुरीमा उल्लेख छ । सेठलाई जिल्ला अदालतले कात्तिक ११ गते २५ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

### स्वास्थ्य सेवाको अवस्था

सप्तरीमा एक अञ्चल अस्पताल, एक जिल्ला अस्पताल, १ सय ११ स्वास्थ्य चौकी र चार प्राथमिक स्वास्थ्य केन्द्र छन्। भारदहस्थित अस्पतालमा दुई र चार प्राथमिक स्वास्थ्य केन्द्रमा ४ जना डाक्टर दरबन्दीअनुसार नै कार्यरत छन्। अञ्चल अस्पतालमा २६ डाक्टरको दरबन्दी रहेकामा नौजना कार्यरत छन् । अञ्चल अस्पतालमा नौजना करार र छात्रवृत्तिमा, एकजना अस्पताल विकास समितिमार्फत र चारजना स्थानीय तहमार्फत कार्यरत डाक्टर छन् । त्यस्तै जनस्वास्थ्य कार्यालयमातहत अहेवको ३ सय ४५ दरबन्दी रहेकामा ३ सय ३० जना कार्यरत छन् भने अञ्चल अस्पतालअन्तर्गत अहेवको पाँचजनाको दरबन्दीमा पाँचैजना कार्यरत छन्। त्यसैगरी अस्पताल विकास समितिमातहत १२ जना कार्यरत छन् ।

रूपनी गापा–१ स्थित पूर्व–पश्चिम राजमार्ग खण्डमा २५ शैयाको पूर्व क्षेत्रीय प्रहरी अस्पताल (ठाकोदेवी–जोगेन्द्र भगत) को २०७३ माघ ३ गते नै उद्घाटन भए पनि बिजुलीको अभावमा सेवा सुचारु हुन सकेको छैन । कञ्चनरूप नपा–८ ठेलियास्थित धर्मेश्वर अस्पतालले आकस्मिक सेवा प्रदान गर्दै आएको छ।

## सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बालविवाह | | १ | | २ | ३ |
| बलात्कार | २ | २ | | ३१ | ३५ |
| विद्यालयमा शारीरिक सजाय | | | १ | | १ |
| यौन दुर्व्यवहार | १ | १ | | ११ | १३ |
| जम्मा | ३ | ४ | १ | ४४ | ५२ |

| महिला अधिकार | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| कथित बोक्सीको आरोप | १ | | | | | ५ | ६ |
| बलात्कार | ३ | | १ | | | १० | १४ |
| बलात्कार प्रयास | | | | | | ४ | ४ |
| बहुविवाह | १ | १ | १ | | | १७ | २० |
| घरेलु हिंसा | ६ | | | १२ | २ | १० | ३० |
| यौन दुर्व्यवहार | | | | | | २ | २ |
| जबरजस्ती गर्भपतन | | | | | | १ | १ |
| जम्मा | ११ | १ | २ | १२ | २ | ४९ | ७७ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १० | १० |

# २.२ सिरहा

**जम्मा जनसङ्ख्या**
६,६५,८५८

**महिला**
३,४९,०४४

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
४

**प्रदेशसभा निर्वाचन क्षेत्र**
८


**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
२,१९,३३९

**कामका लागि बाहिरिएका**
४५,७९०

**अपाङ्गता भएका**
६,६६५

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
५८.०५

**आश्रित जनसङ्ख्या**
३,०९,२९१




*सिरहामा सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट ९४ महिला र १७ पुरुष गरी १ सय ११ जना पीडित भएका थिए। सन् २०१८ मा ९३ महिला र ११ पुरुष गरी १ सय ४ जना पीडित भएको अभिलेख भयो।*

| घटनाको प्रकार | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | ५ | ६ | ११ |
| बाल अधिकार | | | ३२ | १ | ३३ |
| महिला अधिकार | | | ४७ | | ४७ |
| कुटपिट | १ | १ | १ | १ | २ |
| हत्या | | | ८ | २ | १० |
| जम्मा | १ | १ | ९३ | १० | १०३ |

## गोली/विष्फोटक पदार्थद्वारा घाइते

### अन्यपक्षबाट

लहान नपा–१ का ४६ वर्षीय अनिल अग्रवाल २०७४ फागुन १० गते लोकतान्त्रिक चोकस्थित उनकै पसल अगाडि प्रेसर कुकर बम विष्फोट हुँदा घाइते भए । पीडितको लहानस्थित जय माता दि पोलिक्लिनिकमा उपचार भयो । घटनास्थलमा जनतान्त्रिक तराई मुक्ति मोर्चाको पर्चा भेटिएको डिएसपी गणेश चन्दले बताए।

लहान नपा–७ स्थित विकास ट्रेडर्स, सुन चाँदी पसलमा २०७४ चैत ९ गते शक्तिशाली कुकर बम विष्फोट हुँदा लहान नपा–७ का विकास ट्रेडर्सका सञ्चालक ३८ वर्षीय विकास सारडा, ३३ वर्षीय राहुल



*बम विस्फोटनमा परी घाइते भएका सतीश यादव*

सारडा, लहान नपा–९ की २१ वर्षीया अस्मिताकुमारी चौधरी, लहान नपा–७ की २१ वर्षीया विनिताकुमारी चौधरी, नवराजपुर गापा–३ की २२ वर्षीया देवकुमारी यादव, उनका छोरा ७ वर्षीय सतिश यादव, लहान नपा–२१ की २० वर्षीया बबिता यादव र सप्तरीको सुरुङ्गा नपा–६ की २३ वर्षीया मनितादेवी राम घाइते भए । घाइतेहरूको उपचार लहानको सप्तऋषि र रामकुमार उमाप्रसाद स्मारक अस्पतालमा भएको थियो। घटनामा संलग्न भएको आरोपमा २०७५ वैशाख ९ गते गिरफ्तार भएका सुखीपुर नपा–५ का २३ वर्षीय इन्द्रदेव कामतीलाई जिल्ला अदालतले असार ५ गते पुर्पक्षका लागि थुनामा पठायो।

भगवानपुर गापा–४ का २८ वर्षीय ओमप्रकाश यादव र २७ वर्षीय सञ्जय यादव २०७५ मङ्सिर २३ गते बम विष्फोट हुँदा घाइते भए। बिहान घुम्न गएका उनीहरूले खाली चौरमा सुन राख्ने खाली बट्टाहरू देखेपछि खोल्ने क्रममा विष्फोट भएको थियो। खुट्टा र छातीमा चोट लागेका उनीहरूको उपचार भारतस्थित लौकहा बजारको ओम अस्पतालमा भएको थियो । कोही गिरफ्तार भएनन्।

## धम्की/कुटपिट

### राज्यपक्षबाट

गोलबजार नपा–१ का ५० वर्षीय नरबहादुर राईलाई २०७५ असार २८ गते प्रहरी चौकी मुक्सारका प्रहरी जवान ३० वर्षीय मनोज चौधरीले कुटपिट गरेको आरोपमा पीडितले इलाका प्रहरी कार्यालय गोलबजारमा असार ३१ गते उजुरी दिए। नरबहादुरका अनुसार गाउँमा असार २६ गते झगडा हुँदा बगहाबाला भन्नेलाई कुटपिट गर्दा उनको हात



*प्रहरीको कुटपिटबाट घाइते भएका नरबहादुर राई*

भाँच्चिएपछि उपचार खर्च तिर्नुपर्ने सहमति भएको थियो । आफूले समयमा रकम जम्मा गर्न नसकेपछि असार २८ गते राति ११ बजे प्रहरी जवानले काम छ भनी चौकीमा बोलाउँदा भाइसहित चौकी जाने क्रममा बाटोमै रहेको पानी ट्याङ्कीमा बोलाएर भाइलाई समान लिन पठाइ आफ्नो हात खुट्टा बाँधी लाठी र बुटले निर्घात कुटपिट गरेको बताए। घाइते राईको उपचार गोलबजारस्थित भुमिजा अस्पतालमा भएको थियो। पीडितलाई उपचार खर्च दिने सहमतिमा साउन २ गते मिलापत्र भयो।

## कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता १ सय ५० जनाको छ। तर १ सय ६६ पुरुष र ९ महिला कैदी तथा २ सय ७ पुरुष र ७ महिला थुनुवा गरी ३ सय ७३ पुरुष र १६ महिला छन्। कारागारमा ३ सय ८९ जना छन्। कारागारमा क्षमताभन्दा झण्डै २ गुणा बढी कैदी/बन्दी भएकाले व्यवस्थापनमा समस्या छ । २०२६ सालमा बनेको यो कारागारको भवन पुरानो र जीर्ण छ। तीनओटामात्र पिउने पानीको कल रहेकाले अपुग छ । महिलातर्फ दुईओटा र पुरुषतर्फ १२ ओटा शौचालय भए पनि अपुग छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

सात न्यायाधीशको दरबन्दी रहेको यहाँको जिल्ला अदालतमा ६ जना कार्यरत छन्। यो अदालतबाट यस वर्ष १५ सय ४५ फौजदारी मुद्दामध्ये ७ सय ७३ थान फैसला भए। देवानीतर्फ ४२ सय ७६ मध्ये २५ सय ७२ थान फैसला भए। यो अदालतमा दुई वर्षभन्दा पुराना मुद्दा देवानी १ सय २० र फौजदारी ४४ थान छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा ४ सय ९ आधारभूत विद्यालय र ७७ मावि छन्। २ हजार २ सय ५७ शिक्षक दरबन्दी रहेकामा १ सय ९ रिक्त छ। यस वर्ष ५६ हजार ७७ बालक र ६४ हजार ६ सय ६१ बालिका भर्ना भए।*

*सन् २०१८ मा बालबालिकाविरुद्ध हुने हिंसाका घटना गत वर्षको जस्तै रह्यो। सन् २०१८ मा ३२ बालिका र एक बालक गरी ३३ बालबालिका पीडित भए । जसमध्ये बलात्कारबाट २६ बालिका, यौन दुर्व्यवहारबाट पाँच बालिका र बालविवाहबाट एक बालक तथा एक बालिका पीडित भए। सन् २०१७ मा भने ३३ बालिका पीडित भएका थिए। जसमध्ये*

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बालविवाह | १ | १ | २ |
| बलात्कार | २६ | | २६ |
| यौन दुर्व्यवहार | ५ | | ५ |
| जम्मा | ३२ | १ | ३३ |

*बलात्कारबाट २२ बालिका र यौन दुर्व्यवहारबाट ११ बालिका पीडित भएका थिए।*

**परिवारजनबाट हत्या**

कर्जन्हा नपा–३ का ९ वर्षीय बालक अभिषेक सदालाई २०७५ साउन २२ गते बुबा ३२ वर्षीय श्रीप्रसाद सदा र सौतेनी आमा ३० वर्षीया कौशिलादेवी सदाले हत्या गरेको आरोपमा प्रहरीले साउन २३ गते गिरफ्तार गर्‍यो। शव जलाइसकेकाले पोस्टमार्टम हुन सकेन। जिल्ला अदालतले भदौ १९ गते श्रीप्रसादलाई १० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो भने कौशिलालाई पुर्पक्षका लागि थुनामा पठायो।

**बलात्कार, यौन दुर्व्यवहार**

१३ वर्षीया बालिकालाई बलात्कार गरी गर्भ बोकाएको आरोपमा सिरहा नपा–७ का १५ वर्षीय बालकविरुद्ध पीडित परिवारले जिल्ला प्रहरी कार्यालयमा २०७५ वैशाख २५ गते उजुरी दिए। पीडित परिवारका अनुसार आरोपित बालकले बालिकालाई फकाइफुल्याइ माघदेखि पटक पटक यौन सम्पर्क गरी गर्भवती भएपछि कारबाहीका लागि उजुरी दिएका थिए। बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा वैशाख २५ गते भयो। वैशाख २५ गते गिरफ्तार भएका बालकलाई जिल्ला अदालतले जेठ १८ गते सुधार गृह विराटनगर पठाएकामा असार ३१ गते ६ महिना कैद सजाय सुनायो।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ५ सय ३८ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका ३ सय १, खान/लाउन नदिएको १ सय २३, विवाह दर्ता र नागरिकता नबनाएको ३३, अर्की श्रीमती ल्याएर हेलाँ गरेको १५ र सामान्य घरायसी झगडाका ६६ घटना छन्। यीमध्ये प्रहरीले ३ सय ५ वटामा मिलापत्र गरायो भने १० उजुरीमा कानुनी प्रक्रिया अघि बढेको छ।*

*सन् २०१८ मा महिलाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा कमी भए। सन् २०१८ मा ४७ महिला पीडित भए। जसमध्ये बुहविवाहबाट १३ जना, बलात्कारबाट १० जना, बलात्कार प्रयासबाट १४ जना, यौन दुर्व्यवहारबाट एकजना, घरेलु हिंसाबाट आठजना र कथित बोक्सीको आरोपबाट एकजना महिला पीडित भए। सन् २०१७ मा भने ५० जना महिला पीडित भएका थिए। जसमध्ये घरेलु हिंसाबाट २७ जना, बहुविवाहबाट नौजना, बलात्कारबाट तीनजना, बलात्कार प्रयासबाट पाँचजना, यौन दुर्व्यवहारबाट पाँचजना र कथित बोक्सीको आरोपबाट एकजना पीडित भएका थिए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| कथित बोक्सीको आरोप | १ | १ |
| बलात्कार | १० | १० |
| बलात्कार प्रयास | १४ | १४ |
| बहुविवाह | १३ | १३ |
| घरेलु हिंसा | ८ | ८ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ४७ | ४७ |

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

२३ वर्षीया युवतीलाई २०७४ चैत २२ गते बलात्कार गरेको भन्दै सप्तरीको खडक नपा–३ का २० वर्षीय मोहमद आलम, २२ वर्षीय मोहमद नसिम र सप्तरीकै सुरुङ्गा नपा–५ का २० वर्षीय मोहमद इम्तियाजविरुद्ध पीडित पक्षले इलाका प्रहरी कार्यालय लहानमा असोज २२ गते उजुरी दिए। युवतीको स्वास्थ्य परीक्षण लहान अस्पतालमा असोज २२ गते भयो। आरोपितहरू फरार रहे।

१९ वर्षीया युवतीलाई २०७५ कात्तिक २ गते बलात्कार गरेको भन्दै लहान नपा–२४ का २४ वर्षीय अर्जुन पासवान र पहिचान नखुलेको एकजनाविरुद्ध पीडित पक्षले इलाका प्रहरी कार्यालय लहानमा कात्तिक ३ गते उजुरी दिए। युवतीको स्वास्थ्य परीक्षण लहान अस्पतालमा कात्तिक ३ गते भयो। आरोपितहरू फरार रहे।

## परिवारजनबाट हत्या

लक्ष्मीपुर पतारी गापा–४ की ४८ वर्षीया ज्ञानीदेवी दासलाई २०७४ फागुन ९ गते घरायसी विवादमा छोरा २६ वर्षीय रामदास तत्माले फलामको रडले प्रहार गर्दा उपचारका क्रममा फागुन १० गते मृत्यु भयो । आक्रमणबाट आमा र १६ वर्षीया बहिनी सुनिताकुमारी दास घाइते भएकामा विराटनगरस्थित नोबेल अस्पतालमा उपचारका क्रममा फागुन १० गते आमाको मृत्यु भएका थियो । पीडित पक्षले इलाका प्रहरी कार्यालय महेशपुर पतारीमा फागुन ११ गते उजुरी दिएका थिए । शवको पोस्टमार्टम विराटनगरस्थित कोशी अञ्चल अस्पतालमा फागुन ११ गते भयो । फागुन ११ गते गिरफ्तार भएका रामदासलाई जिल्ला अदालतले चैत ५ गते पुर्पक्षका लागि थुनामा पठायो ।

गोलबजार नपा–७ की २१ वर्षीया प्रभादेवी शर्मा ठाकुरलाई २०७५ वैशाख १८ गते उनका पति ३२ वर्षीय कृष्ण शर्मा ठाकुरले कुटपिट गरी हत्या गरेको आरोपमा पीडित परिवारले इलाका प्रहरी कार्यालय गोलबजारमा वैशाख १८ गते उजुरी दिए । वैशाख १८ गते घरायसी विवादमा कुटपिट गर्दा बेहोस भएकी प्रभालाई उपचारका लागि अस्पताल लग्दै गर्दा बाटोमै मृत्य भएको मृतकका दाजु प्रमोद ठाकुरले बताए । शवको पोस्टमार्टम जिल्ला अस्पतालमा वैशाख १९ गते भयो । वैशाख १८ गते गिरफ्तार भएका कृष्णलाई जिल्ला अदालतले जेठ १० गते पुर्पक्षका लागि थुनामा पठायो ।

भगवानपुर गापा–१ की ७६ वर्षीया कौशिलादेवी पौडेलको २०७५ वैशाख २८ गते छोरा ३५ वर्षीय धिरज पौडेलले हत्या गरेको भन्दै इलाका प्रहरी कार्यालय लहानमा वैशाख २९ गते पीडित पक्षले उजुरी दिए । घरायसी विवादमा आरोपितले आमालाई ढोकामा लगाउने आग्लोले टाउकोमा हिर्काउँदा घटनास्थलमै मृत्यु भएको मृतकका माइलो छोरा प्रमोद पौडेलले बताए । शवको पोस्टमार्टम लहानस्थित रामकुमार उमाप्रसाद स्मारक अस्पतालमा वैशाख २९ गते भयो । वैशाख २९ गते गिरफ्तार भएका धिरजलाई जिल्ला अदालतले २०७५ असार ३१ गते जन्म कैदको सजाय सुनायो ।

बरियारपट्टी गापा–३ की ३२ वर्षीया सुनितादेवी यादवलाई २०७५ जेठ २४ गते पति ३५ वर्षीय प्रमेश्वर यादवले खुकुरी प्रहार गरी हत्या गरेको भन्दै पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा जेठ २५ गते उजुरी दिए । शवको पोस्टमार्टम जिल्ला अस्पतालमा जेठ २५ गते भयो । साउन ३० गते आफैँ प्रहरीमा हाजिर हुन आएका प्रमेश्वरलाई जिल्ला अदालतले भदौ २४ गते पुपर्पक्षका लागि थुनामा पठायो ।

गोलबजार नपा–१० की ५५ वर्षीया एकल महिला कारीदेवी यादवको २०७५ साउन २५ गते राति हत्या गरी शव गाडिएको अवस्थामा भदौ ९ गते फेला परेको भन्दै पीडित पक्षले भदौ ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । अंशका लागि कारीदेवीका जेठाजु ५५ वर्षीय रामदेव यादव र भतिजा ३२ वर्षीय लक्ष्मण यादवले अपहरण गरी हत्या गरेको उजुरीमा उल्लेख छ । शवको पोस्टमार्टम जिल्ला अस्पतालमा भदौ ९ गते भयो । भदौ ५ गते गिरफ्तार भएका आरोपितहरूलाई जिल्ला अदालतले असोज १२ गते पुर्पक्षका लागि थुनामा पठायो ।

गोलबजार नपा–३ की २१ वर्षीया सिर्जना निरौला दाहाल २०७५ मङ्सिर २९ गते घरमै मृत फेला परिन् । पीडित पक्षले इलाका प्रहरी कार्यालय गोलबजारमा पुस ८ गते मृतकका २२ वर्षीय पति खर्कराज दाहालविरुद्ध उजुरी दियो । शवको पोस्टमार्टम लहानस्थित रामकुमार उमाप्रसाद स्मारक अस्पतालमा पुस १ गते भयो । आरोपित पुस ८ गते गिरफ्तार भए । यो वर्षको अन्त्यसम्म आरोपित प्रहरी हिरासतमा नै छन् ।

## घरेलु हिंसा

लहान नपा–१३ की ३५ वर्षीया रामवती महतोलाई २०७४ पुस २८ गते उनका पति ४० वर्षीय महेश्वर महतोले हत्या प्रयास गरेको भन्दै इलाका प्रहरी कार्यालय लहानमा पीडितले पुस ३० गते उजुरी दिइन् । आरोपितले पटकपटक घरायसी विवादमा यातना दिँदै आएको र पुस २८ गते राति लाठीले कुटपिट गरी घाँटी थिची हत्या प्रयास गरेकामा मृत्यु नभएपछि बन्चरो प्रहार गरी हत्या गर्न लाग्दा स्थानीयले उद्धार गरेका पीडित पक्षले बताए । पीडित महिलाको उपचार पुस २८ गते लहानस्थित रामकुमार उमाप्रसाद अस्तालमा भयो । पुस ३० गते गिरफ्तार भएका महेश्वरलाई आइन्दा कुटपिट नगर्ने सर्तमा प्रहरीले ३० गते रिहा गर्‍यो ।

सखुवानन्कारकट्टी गापा–४ की २५ वर्षीया आशादेवी साहलाई २०७५ वैशाख १४ गते उनका पति ५० वर्षीय रामप्रसाद साहले कोदालो प्रहार गरी हत्या प्रयास गरेको प्रहरीले बतायो । पीडित महिला

घाइते अवस्थामा छटपटाइरहेको स्थानीयले देखेपछि दिउँसो प्रहरीलाई खबर गरेको र महिलाको उद्दार गरी वैशाख १४ गते लहानस्थित रामकुमार उमाप्रसाद स्मारक अस्पतालमा उपचारका लागि प्रहरीले नै भर्ना गराए। थप उपचार धरानस्थित बिपी प्रतिष्ठानमा भएको थियो । आरोपित फरार भए । पीडितले उजुरी भने दिइनन्।

**कथित बोक्सीको आरोपमा अमानवीय व्यवहार**

कर्जन्हा नपा–७ की ८० वर्षीया वृद्धा खजनीदेवी कारकलाई उनकै परिवारले बोक्सीको आरोप लगाई घरबाट विस्थापित गराए। वृद्धालाई उनकै ६ भाइ छोरा/बुहारीले बोक्सीको आरोप लगाएर एक वर्षदेखि घरबाट अलग झुपडी बनाइ राखेका हुन्। १० वर्षअघि पतिको मृत्यु भएपछि छोराहरूले आमालाई पालैपालो पाल्दै आएका थिए। सौतापट्टिको जेठो छोरा ७० वर्षीय धर्मनाथ कारकको बुहारीको १० वर्षअगाडि उपचारमा लग्ने क्रममा मृत्यु भएको थियो। त्यसैगरी उनको आफ्नै छोरा ६० वर्षीय रामपुकार कारकको बुहारीको पनि मृत्यु भएको थियो। त्यसरी नै अर्को छोरा ५६ वर्षीय शिवजी कारकको पनि बुहारीलाई भूत लाग्ने गरेको र यी सबै आमाकै कारण भएको नेपालमात्र नभई भारतसम्मका धामीले बताएपछि छुट्टै राखेको धर्मनाथ कारकले बताए। पीडितलाई छोराहरूले आफ्नो घर, परिवारमा आउन दिँदैनन् भने कसैसँग बोल्न र कतै निस्कन पनि दिँदैनन। घटनाको जानकारी पाएपछि इन्सेक र मानव अधिकार संरक्षण केन्द्र सञ्जालले जेठ २३ गते स्थलगत अनुगमन गरी सरोकारवालालाई कानुनी प्रक्रिया जानकारी गराएका थिए। उनीहरूले इलाका प्रहरी कार्यालयमा पनि जानकारी गराएपछि डिएसपी दीपक खड्काले आरोपित छोराहरूलाई कार्यालयमा बोलाएर सम्झाए। त्यसपछि पीडित महिला घरमै स्थापित भएकी छन्।



*कथित बोक्सीको आरोपमा घर निकाला गरिएकी खजनीदेवी कारक*

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

**सम्पत्ति क्षति**

कर्जन्हा नपा–६ का ३६ वर्षीय मेयर गङ्गा पासवानमाथि २०७५ असोज २३ गते आक्रमण भयो। नपा कार्यालयमा विशेष नगर सभापछि घर फर्किने क्रममा मेयरसहित कार्यपालिका सदस्य र वडा सदस्यहरू चढेको ना.१ झ १६३९ नम्बरको जिपमा ढुङ्गा प्रहार गरी आक्रमण भएको थियो। आक्रमणबाट जिपमा क्षति पुगेको थियो। घटनाबारे पीडित पक्षले इलाका प्रहरी कार्यालय मिर्चैयामा असोज २३ गते उजुरी दिए। घटनामा संलग्न भएको आरोपमा कर्जन्हा नपा–६ का २८ वर्षीय प्रभात महतोलाई कात्तिक ५ गते गिरफ्तार गरिएकामा जिल्ला अदालतले कात्तिक १२ गते ३० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

## स्वास्थ्य सेवाको अवस्था

सिरहामा दुई अस्पताल, १ सय ३ स्वास्थ्य चौकी र चार प्राथमिक स्वास्थ्य केन्द तथा एक उपस्वास्थ्य चौकी छन्। जिल्लामा २८ डाक्टरको दरबन्दी रहेकामा छजना मात्र कार्यरत छन्। हेल्थ असिस्टेन्ट/अहेवको ३ सय ३५ दरबन्दी रहेकामा ३ सय ३३ जना कार्यरत छन्।

## सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| **घटनाको प्रकार** | **अनुसन्धान** | **मुद्दा टुङ्गिएका** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| बालविवाह | | | २ | २ |
| बलात्कार | ४ | १ | १० | १५ |
| यौन दुर्व्यवहार | २ | | ३ | ५ |
| जम्मा | ६ | १ | १५ | २२ |

| महिला अधिकार | | | | | | |
|---|---|---|---|---|---|---|
| **घटनाको प्रकार** | **अनुसन्धान** | **मुद्दा टुङ्गिएका** | **मिलापत्र** | **कारबाही प्रक्रिया अघि नबढेका** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| कथित बोक्सीको आरोप | | | १ | | | १ |
| बलात्कार | ६ | | | | ४ | १० |
| बलात्कार प्रयास | ८ | | | | ६ | १४ |
| बहुविवाह | २ | २ | | | ९ | १३ |
| घरेलु हिंसा | | | ७ | १ | | ८ |
| यौन दुर्व्यवहार | | | | | १ | १ |
| जम्मा | १६ | २ | ८ | १ | २० | ४७ |

| मारिएकाको घटना सङ्ख्या | | | | |
|---|---|---|---|---|
| **घटनाको प्रकार** | **अनुसन्धान** | **मुद्दा टुङ्गिएका** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| हत्या | २ | १ | ७ | १० |

# २.३ धनुषा

**जम्मा जनसङ्ख्या**
**७,५१,२५३**

**महिला**
**३,९०,८५३**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**४**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**८**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**१,७४,०७१**


**कामका लागि बाहिरिएका**
**६०,४००**

**अपाङ्गता भएका**
**८,४१२**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**५०.४४**

**आश्रित जनसङ्ख्या**
**३,४६,८२४**

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| घाइते | १ | १ | २ |
| बाल अधिकार | २२ | | २२ |
| अमानवीय व्यवहार | | १ | १ |
| महिला अधिकार | ४२ | | ४२ |
| कुटपिट | | २ | २ |
| हत्या | ७ | ७ | १४ |
| जम्मा | ७२ | ११ | ८३ |




जनकपुरधाम प्रदेश २ को अस्थायी राजधानी हो । प्रदेश सभाको वैठकले स्थायी राजधानी तोक्ने अधिकार राख्छ । तर, अझै पनि यहाँ पानी नचल्ने, कोठा भाडामा नपाइने, जातका आधार मा विभिन्न पद र शक्तिमा विभेद गरिनेलगायत पक्षपातपूर्ण व्यवहार यहाँ कायमै छ । यहाँका दलित आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिकरूपमा पछाडि पारिनुको मुख्य कारण जातीय विभेद हो । जनकपुरमा बस्न आउने दलित समुदायका व्यक्तिहरूले कोठा भाडामा पाउँदैन । विद्यार्थीले आफ्नो जात लुकाएर बस्नुपर्ने बाध्यता छ। लक्ष्मीनियाँ गापा–२ का सुरेन्द्र रविदासले एलएलबी गरेका छन् । चमार भन्ने थाहा पाएपछि उनलाई दुई वर्षदेखि बस्दै आएको घरबाट मालिकले निकालिदिए।

उनी त सर्वसाधारण भए। प्रदेश सभा सदस्य फुलियादेवी सदाले समेत कोठा भाडामा नपाएको गुनासो एक कार्यक्रममै सार्वजनिक गरे दलित अधिकार परिषद्का अध्यक्ष चन्देश्वर सदाले। जब कोही कोठा भाडामा लिन जान्छ उसलाई एडभान्सका लागि बोलाइन्छ। त्यतिबेला नाम सोधिन्छ। मात्र जात थाहा पाउनका लागि। जब नामको पछाडि रविदास, महरा, राम, हरिजन, पासवान, सदा, दास, खत्वे, मल्लिक, मेस्तरलगायत जोडिन्छन्, बुझे हुन्छ– उसले कोठा पाएन । त्यसैले सहर–बजारमा डेरा गरी बस्नुपरेमा

*आफ्नै जात वा नातेदारको घर खोज्ने बाध्यतामा हुन्छन् यहाँका दलित समुदाय। जुन त्यति सजिलो छैन।*

*धनुषामा सन् २०१८ मा भने ७२ महिला र ११ पुरुष गरी ८३ जना पीडित भएको अभिलेख भयो। सन् २०१७ मा ८४ महिला र ९९ पुरुष गरी १ सय ८३ जना पीडित भएको अभिलेख थियो।*

## गोली/विष्फोटक पदार्थबाट घाइते

**अन्यपक्षबाट**

धनुषाधाम नपा–९ धरापानीकी ७० वर्षीया तिथिमाया तामाङ २०७४ चैत २२ गते बिहान धारापानी आर्मी ब्यारेक नजिकै पानपरागको बट्टामा राखिएको वस्तु विष्फोट हुँदा घाइते भएको डिएसपी प्रवीण धितालले जनाए । उनको स्थानीय स्तरमा उपचार सम्भव नभएपछि थप उपचार जनकपुर अञ्चल अस्पतालमा भयो । उक्त विष्फोट कसले र किन गराएको हो भन्ने खुलेन।

## कुटपिट/दुर्व्यवहार

**अन्यपक्षबाट**

जनकपुर अञ्चल अस्पतालका मेसु ५५ वर्षीय डा. रामपरीक्षण यादवलाई २०७५ जेठ २७ गते कार्यालयमै मोसो दलेको आरोपमा जनकपुर उमनपा–१४ का २६ वर्षीय अखिल मठिकर्मी, १३ का २२ वर्षीय विपिन साह र ८ का २३ वर्षीय अमित ठाकुरलाई प्रहरीले २०७५ जेठ २७ गते र जनकपुर उपमनपा–१९ का २७ वर्षीय रमेश यादव र १ का २२ वर्षीय विजय यादवलाई जेठ २८ गते गिरफ्तार गर्‍यो। अस्पतालमा पटकपटक चिकित्सकको लापरबाहीले सर्वसाधारणको ज्यान गइरहेको भन्दै सेवा सुधारका लागि तरुण दल, नेविसङ्घ, नयाँ शक्ति नेपाल र स्थानीय युवाको समूहले जेठ २७ गते मेसुलाई ज्ञापनपत्र बुझाउन गएका बेला मोसो दलेका थिए। पीडितले उजुरी दिएनन्। आरोपित सबैलाई जिल्ला प्रशासन कार्यालयले २०७५ असार १ गते जनही ५ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। यो घटनाको दुई दिनअघि मात्र सो अस्पतालमा प्रसुती सेवा लिन गएकी जनकपुर उमनपा–१ पुलचोकी २५ वर्षीया सोनिया ठाकुरको चिकित्सकको लापरबाहीका कारण ज्यान गएको आरोप लागेको थियो।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

सातजना न्यायाधीश रहेका जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार २ सय ७० मध्ये १ सय ३० थान फैसला भए भने देवानी मुद्दातर्फ ३ हजार ३ सय २ मध्ये ५ सय २ थान फैसला भए। यो अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा २ सय ६८ र देवानी मुद्दा ३ सय ९४ रहे।

नौजना न्यायाधीश रहेका यस उच्च अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार ३ सय ७८ मध्ये ६ सय ८७ थान फैसला भए भने देवानी मुद्दातर्फ १ हजार ९ सय ८० मध्ये १ हजार १२ थान फैसला भए। यो अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १ सय ४७ र देवानी मुद्दा २ सय १३ रहे।

## बालअधिकार

**शिक्षाको अवस्था**

*यस जिल्लामा ६३ आधारभूत र ८४ मावि छन्। २ हजार ४ सय ४१ शिक्षक दरबन्दी रहेकामा ४३ रिक्त छ। यस वर्ष २ हजार ९ सय ५१ बालक र ३ हजार ६ सय ६ बालिका भर्ना भए। जिल्लामा २ अपाङ्गमैत्री विद्यालय छन्। १३ हजार १ सय ५० दलित बालक र १४ हजार ८३ दलित बालिकाले छात्रवृत्ति पाए। साथै शहीद एक र द्वन्द्वपीडित परिवारका एक बालबालिकाले पनि छात्रवृत्ति पाए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बेचबिखन तथा ओसारपसार | ३ | ३ |
| बालविवाह | १ | १ |
| बलात्कार | १४ | १४ |
| यौन दुर्व्यवहार | ४ | ४ |
| जम्मा | २२ | २२ |

*सन् २०१८ मा बालबालिकाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भए। यो वर्ष २२ बालिका पीडित भए। जसमध्ये बलात्कारबाट १४ बालिका, यौन दुर्व्यवहारबाट चार बालिका, बेचबिखन तथा ओसारपसारबाट तीन बालिका र बालविवाहबाट एक बालिका पीडित भए। सन् २०१७ मा भने १२ बालिका पीडित भएका थिए।*

**हत्या**

कमला नपा–८ बस्ने प्रमोद साहका नौ वर्षीय छोरा रमण साहको २०७४ चैत ४ गते बिहान गाउँनजिकै

कुलोमा हत्या गरेर फालिएको अवस्थामा शव फेला पर्‍यो । अघिल्लो दिन साँझदेखि एकाएक घरबाट हराएका शव चैत ४ गते बिहान स्थानीय बासिन्दाले कुलोको पानीमा तैरिइरहेको देखेपछि प्रहरीलाई खबर गरेका थिए । बालकको शरीरमा घाउ, चोट र डाम भेटिएकाले हत्या गरेर फालिएको हुन सक्ने एसपी चक्रबहादुर सिंहले बताए। शवको पोस्टमार्टम जनकपुर अञ्चल अस्पतालमा चैत ४ गते भयो । पीडित पक्षले २०७४ चैत ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । हत्याको कारण र संलग्न व्यक्ति बारे जानकारी हुन सकेन।

**परिवारजनबाट हत्या**

जनकपुर उमनपा–२४ की १६ वर्षीया सोनीकुमारी मण्डललाई उनकै आमा ४८ वर्षीया राजकुमारी मण्डलले २०७५ मङ्सिर १९ गते घरमै घाँटी थिची हत्या गरेको जिल्ला प्रहरी कार्यालय धनुषाले पत्रकार सम्मेलन गरी जनायो । प्रहरीले हत्याका आरोपित राजकुमारीलाई मङ्सिर २० गते गिरफ्तारपछि सार्वजनिक गरेको थियो । प्रहरी उपरीक्षक गोविन्द थपलियाका अनुसार ८ कक्षामा अध्ययनरत सोनी केही समयदेखि प्रेममा परेकी थिइन् । प्रेमीसँगै बिहे गराइदिनुपर्ने भन्दै आमासँग ढिपी गरिरहँदा विवाद बढेपछि हत्या गरेको बयान आरोपितले प्रहरीलाई दिएकी थिइन्। घरमा छोरीसँग हरेक दिन विवाद र झगडा हुन थालेपछि केही समययता दुवैजना अलग्गै भान्सा बनाएर खाना खाँदै आएका थिए । मङ्सिर १९ गते दिउँसो खाना पकाउने बेला भान्सा कोठामा समेत आमा छोरीको झगडा भएको थियो । शवको पोस्टमार्टम जनकपुर अञ्चल अस्पतालमा मङ्सिर २० गते भयो । यस वर्षको अन्त्यसम्म घटनाको सम्बन्धमा अनुसन्धान जारी छ।

**बलात्कारपछि हत्या**

औरही गापा–२ की १० वर्षीया मनिताकुमारी यादवको सामूहिक बलात्कापछि हत्या भएको अवस्थामा धान खेतमा २०७५ असोज २७ गते शव फेला परेको डिएसपी दीपेन्द्र शाहीले बताए । दुर्गा पूजाको मेला हेर्न गएकी बालिका असोज २६ गते साँझदेखि हराएकी थिइन्। घटनामा संलग्न भएको शङ्कामा प्रहरीले औरही गापा–५ का ३२ वर्षीय विनोद मुखिया र ३ का ३० वर्षीय नथुनी पण्डितलाई असोज २७ गते गिरफ्तार गर्‍यो। अनुसन्धानका क्रममा विनोदले पैसा दिएर बालिकालाई फकाएको खुलेपछि उनलाई गिरफ्तार गरेको डिएसपी शाहीले जनाए । मुखियाको बयानपछि नथुनी पण्डितलाई सोही दिन प्रहरीले गिरफ्तार गर्‍यो। शवको पोस्टमार्टम जनकपुर अञ्चल अस्पतालमा असोज २७ गते भयो। पीडित पक्षले असोज २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितहरूलाई जिल्ला अदालतले २०७५ कात्तिक २६ गते पुपर्क्षका लागि थुनामा पठायो।

**बेचबिखन तथा ओसारपसार**

मिथिला बिहारी नपा–५ मिथिलेश्वर निकासकी १४ वर्षीया जनकदुलारी मण्डललाई सोही ठाउँका ५५ वर्षीय रौदी मुखिया विन र निजका छोरा २१ वर्षीय जनकदुलार मुखियाले २०७५ बैशाख १९ गते भारतको बिहार राज्यको बासोपट्टीमा लगी बेचेको भन्दै पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा वैशाख २७ गते उजुरी दिए। २०७५ वैशाख २६ गते गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले २०७५ जेठ १५ गते थुनामा पठायो।

हंसपुर नपा–५ की १४ र १६ वर्षीया दुई बालिकालाई सोही नपा–५ की ३५ वर्षीया निलमदेवी ठाकुरले ललाइफकाइ २०७५ साउन १७ गते घरबाट बेच्ने उद्देश्यले लगी काठमाडौँमा राखिएको अवस्थामा पीडित बालिकाका बुबाले उद्धार गरी भदौ ६ गते घर फर्काएको पीडित पक्षले बताए। घरमा कोही नभएका बेला विभिन्न प्रलोभनमा पारी देह व्यापारका लागि ती दुई बालिकालाई आरोपित ठाकुरले लगेको जिल्ला प्रहरी कार्यालयले जनायो । पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा २०७५ भदौ ८ गते उजुरी दिए । आरोपितहरू फरार रहे।

**बलात्कार, यौन दुर्व्यवहार**

१४ वर्षीया बालिकालाई २०७४ चैत १४ गते राति सौच गर्न गएका बेला सामूहिक बलात्कार गरेको भन्दै शहीदनगर नपा–८ का ३० वर्षीय मनोजकुमार नरसरिया यादव र ३२ वर्षीय दीपेश विराजी यादवविरुद्ध पीडित पक्षले २०७४ चैत १५ गते इलाका प्रहरी कार्यालय यदुकुहामा उजुरी दिए । बालिकाको स्वास्थ्य परीक्षण २०७४ चैत १५ गते जनकपुर अञ्चल अस्पतालमा भयो। आरोपितहरू फरार रहे।

१२ वर्षीया बालिकालाई २०७५ भदौ ८ गते राति घरमा सुतिरहेका बेला बलात्कार गरेको भन्दै जनकनन्दनी गापा–२ का २३ वर्षीय करण खत्वे

मण्डलविरुद्ध पीडित पक्षले भदौ ९ गते इलाका प्रहरी कार्यालय खजुरीमा उजुरी दिए । बालिकाको स्वास्थ्य परीक्षण जनकपुर अञ्चल अस्पतालमा भदौ ९ गते भयो । त्यहाँको रिपोर्टले बलात्कार नभएको देखाएपछि यसमा चित्त नबुझेको भन्दै प्रहरीले पुनः जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण गराएको थियो । जहाँ बलात्कार भएको पुष्टि भएको थियो। घटनापश्चात भारत भागेका आरोपित खत्वे पैसा लिन घर फर्केका बेला भदौ ९ गते नै गिरफ्तार भए। मेडिकल काउन्सिलका प्रवक्ता डा. कृष्णप्रसाद अधिकारीले अञ्चल अस्पतालका डाक्टरद्वय रम्भा गोइत र विजय सिंहले पीडित बालिकाको शारीरिक जाँच गर्दा न्यूनतम चिकित्सकीय आचरण तथा व्यवहार विपरीत मेडिकल रिपोर्ट दिएको ठहर गर्दै व्यावसायिक प्रमाणपत्र निलम्बन गरी चिकित्सकीय गतिविधिबाट रोक लगाएको जनायो । काउन्सिलका सदस्य डा. कालुसिंह खत्रीको संयोजकत्वमा फरेन्सिक विशेषज्ञ प्रा.डा. हरिहर वस्ती, प्रसूति तथा स्त्री रोग विशेषज्ञ डा. मधु तुम्बाहाम्फे र स्वास्थ्य मन्त्रालयका कानुन उपसचिवसहितको छानबिन समितिले असोज २३ गते बुझाएको प्रतिवेदन तथा व्यावसायिक आचरण समितिको सिफारिसउपर छलफल भएर उक्त निर्णय गरिएको जनाएको थियो । आरोपितलाई जिल्ला अदालतले २०७५ असोज ५ गते पुर्पक्षका लागि थुनामा पठायो ।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ७ सय ४८ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट गरी घर निकाला गरिएका ३ सय ६५, खान/लाउन नदिएको ६६, विवाह दर्ता र नागरिकता नबनाएको २२, अर्को श्रीमती ल्याएर हेलाँ गरेको चार र सामान्य घरायसी झगडाका २ सय घटना छन् । यीमध्ये प्रहरीले ३ सय ९२ ओटामा मिलापत्र गरायो भने ६ उजुरी कानुनी प्रक्रियामा छन् ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| कथित बोक्सीको आरोप | ६ | ६ |
| बलात्कार | ६ | ६ |
| बलात्कार प्रयास | ४ | ४ |
| बहुविवाह | ७ | ७ |
| घरेलु हिंसा | १६ | १६ |
| यौन दुर्व्यवहार | १ | १ |
| जबरजस्ती गर्भपतन | २ | २ |
| जम्मा | ४२ | ४२ |

*सन् २०१८ मा महिलाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भए । यो वर्ष ४२ जना महिला पीडित भए । जसमध्ये घरेलु हिंसाबाट १६, बहुविवाहबाट सात, कथित बोक्सीको आरोपबाट ६, बलात्कारबाट ६, बलात्कार प्रयासबाट चार, जबरजस्ती गर्भपतनबाट दुई र यौन दुर्व्यवहारबाट एकजना महिला पीडित भएको इन्सेकमा अभिलेख भयो । सन् २०१७ मा ३२ जना महिला पीडित भएका थिए । जसमध्ये घरेलु हिंसाबाट २४, बहुविवाहबाट चार, बलात्कार प्रयासबाट तीन र बलात्कारबाट एकजना महिला पीडित भएका थिए ।*

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२५ वर्षीया महिलालाई २०७५ जेठ २० गते सामूहिक बलात्कार गरेको भन्दै जनकपुर उमनपा–९ का २० वर्षीय विवेक मण्डल, गणेशमान चारनाथ नपा–२ का २१ वर्षीय श्रवन यादव र बाराको कलैया नपा–१ का २५ वर्षीय राजुप्रसाद यादवविरुद्ध २०७५ जेठ २१ गते पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । महिलाको स्वास्थ्य परीक्षण जनकपुर अञ्चल अस्पतालमा सोही दिन भयो । २०७५ जेठ २० गते गिरफ्तार भएका तीनैजनामध्ये जिल्ला अदालतले २०७५ असार १८ गते राजु र श्रवनलाई जनही ४० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो भने विवेकलाई पुर्पक्षका लागि थुनामा पठायो ।

१८ वर्षीया अपाङ्गता भएकी युवतीलाई २०७५ जेठ १० गते प्रलोभनमा पारी बलात्कार प्रयास गरेको भन्दै क्षिरेश्वर नपा–९ का ४२ वर्षीय किसुन मुखियाविरुद्ध पीडित पक्षले सोही दिन इलाका प्रहरी कार्यालय, महेन्द्रनगरमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण जनकपुर अञ्चल अस्पतालमा सोही दिन भयो । घटनापछि फरार किसुन २०७५ मङ्सिर ७ गते गिरफ्तार भएकामा जिल्ला अदालतले सोही दिन पुर्पक्षका लागि थुनामा पठायो ।

### इज्जतको नाममा हत्या

शहीदनगर नपा–७ की १९ वर्षीया छोरी स्नेहाकुमारी यादवलाई प्रेम गरेको आरोपमा २०७४

फागुन ८ गते हत्या गरी भारत लगेर अन्त्येष्टि गरेको आरोपमा प्रहरीले बाबु ४६ वर्षीय दिलीपकुमार यादव र विदेह नपा–५ गिद्धावेलापट्टीका ४० वर्षीय राधेश्याम गोइतलाई २०७४ फागुन २६ गिरफ्तार गर्‍यो। आरोपितहरूलाई जिल्ला अदालतले २०७४ चैत २३ गते पुपर्क्षका लागि थुनामा पठायो। घटनामा संलग्न आरोपित स्नेहाकी आमा ४० वर्षीया सरितादेवी यादव, सोही नपा–७ का ४० वर्षीय जित्ला दास, ३५ वर्षीय प्रदीप यादव, २५ वर्षीय अजय मण्डल, ४५ वर्षीय हेमशङ्कर भण्डारी र ३० वर्षीय जमुना मण्डल फरार रहे। पीडित काठमाडौँको नासा कलेजमा कक्षा १२ मा अध्ययनरत थिइन्।

**परिवारजनबाट हत्या**

सबैला नपा–१ खरियानीकी १८ वर्षीया अञ्जली दासलाई पति २२ वर्षीय दीपेन्द्र दासले २०७५ वैशाख ७ गते हत्या गरेको भन्दै पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा २०७५ वैशाख १० गते उजुरी दिए। गर्भ परीक्षण गराउँदा छोरी भएको र भने जति दाइजो पनि नल्याएको आरोपमा हत्या भएको पीडित पक्षको आरोप छ। अञ्जलीलाई मादक पदार्थ सेवन गरी पतिले कुटपिट गरेपछि माइतीमै बस्दै आएकामा ६ गते दीपेन्द्र ससुराली आएर ७ गते बिहान घर लगेका थिए। शवको पोस्टमार्टम जनकपुर अञ्चल अस्पतालमा २०७५ वैशाख ८ गते भयो। दीपेन्द्र फरार रहे।



*परिवारजनका सदस्यद्वारा आगो लगाएर हत्या गरिएकी हजरा खातुन*

क्षिरेश्वरनाथ नपा–८ हार्सरकी २० वर्षीया हजरा खातुनलाई २०७४ माघ २० गते बिहान परिवारकै सदस्यले मट्टितेल छर्केर हत्या गर्ने प्रयास गरेकामा घाइतेलाई उपचारका लागि काठमाडौँको कीर्तिपुर अस्पताल लगिएकामा उपचारका क्रममा २०७४ माघ ३० गते मृत्यु भएको पीडित पक्षले बताए। माइती पक्षले छोरी हजराको सम्बन्ध विच्छेद गर्न नमान्दा परिवारका सम्पूर्ण सदस्यले हत्या गर्ने प्रयास गरेको भन्दै हजराका पति २४ वर्षीय रसिद राइन, ससुरा ५५ वर्षीय अलिशेख कवारी, सासू ५० वर्षीया रामसुनरी खातुन र २० वर्षीया नन्द जहिरा खातुनविरुद्ध माघ २१ गते इलाका प्रहरी कार्यालय, महेन्द्रनगरमा उजुरी दिए। केही महिनादेखि पतिसहित परिवारले हजरालाई नराख्ने र सम्बन्ध विच्छेद गर्न भन्दै यातना दिएपछि २०७४ पुस ३० गते महिला तथा बालबालिका सेवा केन्द्रमा छलफल हुँदा हजराका माइती पक्ष र ससुराली पक्षबीच आउँदा दिनमा यातना नदिने र हजरालाई १२ दिनभित्र नागरिकतासमेत बनाइदिने सहमति भएको थियो। बुबा सकुरका अनुसार २ वर्ष ६ महिनाअघि ३ लाख रुपियाँ नगद, तीन तोला सुन र एक सय तोला चाँदी दाइजो दिएर छोरी हजारको रसिदसँग विवाह गरिएको थियो। विवाहको एक वर्षपछि रसिद वैदेशिक रोजगारमा कतार गएर डेढ वर्षपछि पुसमा घर फर्केपछि छोरी हजारालाई सबैले यातना दिन थालेको हजाराका बुबा सकुरको आरोप छ। २०७४ माघ २० गते गिरफ्तार भएका रसिदलाई जिल्ला अदालतले २०७४ फागुन१६ गते पुर्पक्षका लागि थुनामा पठायो। घटनाका अरु आरोपित यो वर्षको अन्त्यसम्म फरार रहे।

लक्ष्मीनिया गापा–४ सपहीकी २४ वर्षीय रुवी ठाकुरलाई २०७५ कात्तिक ९ गते पति ३० वर्षीय सञ्जय यादवले कुटपिट गरेर बेहोस भएको अवस्थामा छाडेर भागेपछि मृत्यु भएको इलाका प्रहरी कार्यालय धनुषाले जनायो। कुटपिटबाट गम्भीर घाइते भएकी पत्नीलाई छाडेर डाक्टर बोलाउन गएका पति सञ्जय डाक्टरलाई खबर गरेपछि सम्पर्कविहीन भएका थिए। पीडितको उपचारका क्रममा मृत्यु भएको

इन्स्पेक्टर अरुण कुशवाहाले बताए । स्थानीयका अनुसार तीन दिनदेखि पति–पत्नीबीचमा विवाद हुँदै आएको र सोही क्रममा सञ्जयले रुवीलाई कुटपिट गर्दा मृत्यु भएको थियो । रुवीका माइती पक्षले आफ्नो छोरीको छातीमा ढुङ्गा प्रहार गरी हत्या गरेको भन्दै कात्तिक १३ गते इलाका प्रहरी कार्यालय महेन्द्रनगरमा उजुरी दिए । शवको पोस्टमार्टम जनकपुर अञ्चल अस्पतालमा कात्तिक १० गते भयो । आरोपित फरार रहे ।

हंसपुर नपा–८ की २८ वर्षीया सञ्जुदेवी मण्डलको हत्या गरेको आरोपमा मृतककी देवरानी सोही नपा–८ की २४ वर्षीया विकाकुमारी मण्डल र २७ वर्षीय लालबाबु मण्डललाई प्रहरीले २०७५ असोज ११ गते गिरफ्तार गऱ्यो । गिरफ्तार भएका दुवै जनाले अवैध सम्बन्ध लुकाउन सञ्जुदेवीको हत्या गरेको प्रहरीले बताए । असोज ३ गते सञ्जुदेवी आफ्नै कोठामा मृत फेला परेकी थिइन् । मृतक सञ्जुदेवीका पति लक्ष्मी मण्डलले २०७५ असोज ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका थिए । शवको पोस्टमार्टम २०७५ असोज ३ गते जनकपुर अञ्चल अस्पतालमा भयो । आरोपितहरूलाई जिल्ला अदालतले २०७५ कात्तिक १२ गते पुर्पक्षका लागि थुनामा पठायो ।

### दाइजो नल्याएको आरोपमा हत्या प्रयास

धनुषाधाम नपा–७ धारापानीकी १८ वर्षीया कोशिला मण्डललाई सासू ४५ वर्षीया कमलदेवी, ४० वर्षीया काकी सासू किसुनदेवी, ४५ वर्षीय काका ससुरा दिनेश मण्डल, नन्द १७ वर्षीया मनिता मण्डल र १५ वर्षीया शर्मिला मण्डलसमेत मिली २०७५ वैशाख ३ गते राति थप दाइजो नल्याएको भन्दै कुटपिट गरी घाँटी थिची मार्ने प्रयास गरेको भन्दै पीडितले २०७५ वैशाख ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । करिब १० लाख रुपियाँ बराबरको दाइजो दिए पनि ज्वाइँले पटकपटक थप पैसाका लागि दबाब दिँदै आएको पीडितकी आमा लिलमायादेवीले बताइन् । घटना भएको पाँच दिन पहिले सासू र ससुराले कुटपिट गरेकाले भागेर माइत पुगेकी कोशिलालाई मलेसिया रोजगारीमा रहेका पति मनिष मण्डलले माइती पक्षसँग माफी मागेपछि वैशाख ३ गते घर फर्काएका थिए । दिदीलाई पुऱ्याउन गएका सानो भाइले कुटपिट गरिरहेको देखेर आफ्नो घरमा फोन गरी दाजु रामकुमार मण्डललाई बोलाएका थिए । घटना बारे उनले प्रहरीलाई खबर गरेका थिए । प्रहरीले उद्धार गरी स्थानीय ग्रान्डी हेल्थ केयर सेन्टर प्रा.लि.मा उपचार गराएका थिए । उता प्रहरी बोलाएको भन्दै मलेसियाबाटै ज्वाइँ मनिषले धम्क्याएको रामकुमारले बताए । दुवै पक्षबीच २०७५ वैशाख १५ गते मिलापत्र भयो ।

### कथित बोक्सीको आरोपमा दुर्व्यवहार

लक्ष्मीनिया गापा–१ सिनुरजोडाकी ५० वर्षीया जीवनदेवी ठाकुरलाई सोही गापा–२ का ३५ वर्षीय हदिश भनिने भिमा धोवी र निजको पत्नी ३० वर्षीया जुमनी धोवीसमेत मिली २०७५ वैशाख ११ गते बोक्सीको आरोपमा कुटपिट गरेको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालयमा २०७५ वैशाख ११ गते उजुरी दिए । उजुरी दिएकै दिन गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले २०७५ वैशाख ३० गते पुर्पक्षका लागि थुनामा पठायो ।

जनकपुर उमनपा–७ की ५५ वर्षीया गोदावरीदेवी साहलाई २०७५ असोज ६ गते सोही उमनपा–७ का ३७ वर्षीय सञ्जय साह, ३२ वर्षीय विजयकुमार साह, ५८ वर्षीया विणादेवी साह, ३५ वर्षीया शकुन्तलादेवी साह र ३८ वर्षीया भाखा भनिने रामकलीदेवी साहले घरमा प्रवेश गरी कथित बोक्सीको आरोपमा गाली बेइज्जती गरी हातपातसमेत गरेको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालयमा असोज १० गते पाँचजनाविरुद्ध उजुरी दिइन् । आरोपितहरू फरार रहे ।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, १ सय ३ स्वास्थ्य चौकी र पाँच प्राथमिक स्वास्थ्य केन्द्र छन् । जिल्लामा पाँच डाक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन् । त्यस्तै अहेवको ३ सय ९ दरबन्दी रहेकामा २ सय ९४ जना कार्यरत छन् ।

## सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बेचबिखन तथा ओसारपसार | | | २ | २ |
| बालविवाह | १ | | | १ |
| बलात्कार | ५ | १ | ८ | १४ |
| यौन दुर्व्यवहार | १ | | ३ | ४ |
| जम्मा | ७ | १ | १३ | २१ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मिलापत्र | कारबाही प्रक्रिाय अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| कथित बोक्सीको आरोप | २ | २ | १ | १ | ६ |
| बलात्कार | २ | | | ४ | ६ |
| बलात्कार प्रयास | | | | ४ | ४ |
| बहुविवाह | २ | | १ | ४ | ७ |
| घरेलु हिंसा | | १२ | २ | २ | १६ |
| यौन दुर्व्यवहार | | | १ | | १ |
| जबरजस्ती गर्भपतन | | | | २ | २ |
| जम्मा | ६ | १४ | ५ | १७ | ४२ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | ४ | १० | १४ |

# २.४ महोत्तरी

**जम्मा जनसङ्ख्या**
६,६०,३७४

**महिला**
३,३९,६०२

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
४

**प्रदेशसभा निर्वाचन क्षेत्र**
८


**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
१,००,५४४

**कामका लागि बाहिरिएका**
४०,५४१

**अपाङ्गता भएका**
१०,१६६

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
४७

**आश्रित जनसङ्ख्या**
३,१५,७६७




| घटनाको प्रकार | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | १ | ३ | ४ |
| बाल अधिकार | | | १९ | ४ | २३ |
| अपहरण | | | | १ | १ |
| महिला अधिकार | | | ९ | | ९ |
| जातीय विभेद | | | २ | १ | ३ |
| कुटपिट | १ | १ | १ | १ | २ |
| धम्की | | | २ | १ | ३ |
| हत्या | | | ३ | २ | ५ |
| जम्मा | १ | १ | ३७ | १३ | ५० |

सुशासन, अर्थपूर्ण एवम् दिगो विकास, प्रभावकारी सहभागिता, शान्ति सुरक्षा, कानुनी राज्य एवम् दण्डहीनताको अन्त्य अझै हुन सकेको छैन । लैङ्गिक असमानता, दुर्व्यवहार, यातना, मानव बेचबिखन र जातीय विभेद अझै पनि निर्मूल हुन सकेको छैन । भ्रष्टाचार र कालोबजारी मौलाएकाले समाजमा शान्ति र सुरक्षा कायम छैन । समग्रमा मानव अधिकारको अवस्था केलाउँदा यस वर्षमा साङ्गठनिक अपराधमा कमी, चन्दा आतङ्कमा कमी आएको भए पनि जिल्लामा भएका बलात्कार र हत्या जस्ता घटनाले गर्दा प्रहरी प्रशासनले जनतालाई शान्ति सुरक्षाको प्रत्याभूति दिलाउनका लागि अझ सक्रिय हुनुपर्ने आवश्यकता छ।

*महोत्तरीमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट सन् २०१७ मा २ सय ३२ महिला र दुई पुरुष गरी २ सय ३४ जना पीडित भएका थिए। सन् २०१८ मा ३७ महिला र १४ पुरुष गरी ५१ जना पीडित भए। यो वर्ष अपहरणबाट एक पुरुष, कुटपिटबाट एक महिला र दुई पुरुष, जातीय भेदभावबाट दुई महिला र एक पुरुष र धम्कीबाट दुई महिला र एक पुरुष पीडित भए भने तीन महिला र दुई पुरुषको हत्या भयो।*

## धम्की/कुटपिट

### राज्यपक्षबाट

सोनमा गापा–७ सुन्दरपुरका वडाध्यक्ष महेश (महेशी) यादवले स्थानीय ४५ वर्षीय इसराफिल बैठा धोवी र ३८ वर्षीया सैरुल खातुनलाई २०७४ चैत ३ गते हातगोडा बाँधेर कुटपिट गर्दै चरम यातना दिएको भिडियो चैत १२ गते सामाजिक सञ्जालमार्फत सार्वजनिक भएपछि अधिकारकर्मीहरूले सो घटनाको विरोध गरे । राष्ट्रिय मानव अधिकार आयोग जनकपुरका प्रमुख दीपेन्द्र सिंह र अधिकृत इन्द्रजीत सहनीको टोली चैत १४ गते गाउँ पुगेका थिए। पीडितलाई प्रहरीमा उजुरी दर्ता नगराउन गाउँलेहरूले दबाब दिइरहेका पीडितले जनाए । पञ्चायतमा सहभागी भएकाहरू घटना सार्वजनिक भएपछि फरार भएका थिए । उनीहरूबीच शारीरिक सम्बन्ध रहेको भन्दै पञ्चहरूले ढोका बन्द गरेर एक घण्टासम्म शारीरिक तथा मानसिक यातना दिएको गाउँलेले बताए । घटना सार्वजनिक भएपछि वडाध्यक्ष महेश पनि फरार भए। पीडित पक्षले कतै उजुरी दिएनन्।

## दुर्व्यवहार

### राज्यपक्षबाट

नेपाल टेलिभिजनका महोत्तरी संवाददाता ३७ वर्षीय राजीव राय कुर्मीमाथि २०७५ जेठ २१ गते इलाका प्रहरी कार्यालय सम्सीका प्रहरी हवल्दार ४१ वर्षीय राजेन्द्रबहादुर बस्नेतले हातपात गर्दै दुर्व्यवहार गरे । तस्करसँग पैसा लिइरहेको अवस्थामा प्रहरीको फोटो खिचेका कारण आफूमाथि दुर्व्यवहार गरिएको पीडितको आरोप छ । सम्सीका विभिन्न नाका हुँदै दैनिक लाखौँ रकम बराबरको तस्करी प्रहरीकै मिलोमतोमा भइरहेको खबर पाएको र सोबारे वास्तविकता बुझ्न आफू नाकाछेउमै जाँदा प्रहरीले बर्दीमै तस्करहरूसँग पैसा असुली गरेको देखेपछि फोटो खिचेको सञ्चारकमी रायले बताए । घटनाबारे जानकारी पाएका प्रमुख जिल्ला अधिकारी बाबुराम श्रेष्ठले दुवै पक्षलाई जेठ २३ गते बोलाइ दुर्व्यवहार गर्ने प्रहरीलाई सञ्चारकर्मीसँग माफी माग्न लगाई मिलापत्र गराइयो । प्रहरीले विभागीय कारवाहीअन्तर्गत जेठ २३ गते नै नसियत दिएको जनाइएको छ।

## कारागार र बन्दी

'ग' श्रेणीको महोत्तरी जिल्ला कारागारको क्षमता १ सय ३५ जनाको छ। तर १ सय कैदी र ३ सय ७२ जना थुनुवा गरी ४ सय ७२ जना छन्। जसमा महिला ४२ जना छन्। तीन वर्षीया एक आश्रित बालिका छन्। ६५ वर्षमाथिका दुई महिला र २३ पुरुष छन्। चार मानसिक रोगी पनि कारागारमा सँगै बस्छन् । वि.सं. १९५३ सालमा निर्माण भएको यस कारागारका भवन जीर्ण छन् । कारागारमा झण्डै तीन गुणा कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। वर्षातको बेला छतबाट पानी चुहिने गर्छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

पाँचजना न्यायाधीश रहेका यस जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ७ सय ८० मध्ये ३ सय ८८ थान फैसला भए भने देवानी मुद्दातर्फ २ हजार ९ सय ७० मध्ये १ हजार ६ सय ५३ थान फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा ८९ र देवानी मुद्दा २ सय ३६ रहे।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय ६८ आधारभूत र १ सय ८ मावि छन् । विद्यालय जाने उमेरका (५ वर्षदेखि १५ वर्ष उमेरका) २ लाख ११ हजार ३ सय ४८ मध्ये छात्र ८६ हजार ५ सय २६ र छात्रा ८२ हजार १ सय २६ प्राथमिक तहदेखि मावि तहसम्म भर्ना भए । यसमध्ये दलित छात्रा २३ हजार १ सय १० र छात्र २३ हजार ५ सय ६९ छन्। सरकारी र सामुदायिक विद्यालय गरी प्रावि तहमा महिला ४ सय ५२ र पुरुष ९ सय ९५ गरी जम्मा १ हजार ४ सय ४७ शिक्षक कार्यरत छन् । निमावि तहमा महिला २४ र पुरुष २ सय ३८ गरी जम्मा २ सय ६२ शिक्षक कार्यरत छन् । यसैगरी मावि तहमा महिला ११ र पुरुष २ सय ४८ गरी जम्मा २ सय ५९ शिक्षक छन् (यसमा दरबन्दी, राहत र अस्थायी शिक्षक/शिक्षिका दुवै समावेश छन्) ।*

*बालविकास केन्द्रमा बालक ६ हजार ४ र बालिका ६ हजार ४ सय ४० गरी जम्मा १२ हजार ४ सय ४४ जना छन् । वैदेशिक रोजगारपीडित छात्रवृत्तिका लागि १ सय ३३ जनाको सिफारिस गरिएकामा ६९ केन्द्रले छनोट गर्दै ५ लाख ७२ हजार रुपियाँ छात्रवृति वितरण गरिएको छ ।*

*सन् २०१८ मा बालबालिकाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भए । सन् २०१८ मा १९ बालिका र चार बालक गरी २३ बालबालिका पीडित भए । जसमध्ये बलात्कारबाट १३ बालिका, यौन दुर्व्यवहारबाट ६ बालिका र चार बालक गरी १० बालबालिका पीडित भए । सन् २०१७ मा भने पाँच बालिका पीडित भएका थिए । पीडित हुनेमा बलात्कारबाट चार बालिका र यौन दुर्व्यवहारबाट एक बालिका थिए ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | महिला | जम्मा |
| बलात्कार | १३ | | १३ |
| यौन दुर्व्यवहार | ६ | ४ | १० |
| जम्मा | १९ | ४ | २३ |

**बलात्कारपछि हत्या**

औरही नपा–१ स्थित बजारबाट ८ महिने दूधे बालिका सोनाली चौधरीलाई २०७५ भदौ १० गते अपहरण गरी लगेर बलात्कारपश्चात हत्या गरेको आरोपमा भङ्गहा नपा–३ हतिसर्वा बस्ने २६ वर्षीय भरत साहलाई २०७५ कात्तिक ३ गते प्रहरीले गिरफ्तार गर्‍यो । पीडित पक्षले भदौ ११ गते नै जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । भरतलाई जिल्ला अदालतले २०७५ मङ्सिर २ गते पुर्पक्षका लागि थुनामा पठायो । शवको पोस्टमार्टम जिल्ला अस्पताल जलेश्वरमा भयो ।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ३ सय ३४ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट गरी खान लाउन नदिएको ४६, कुटपिट, गाली बेइज्जती तथा धाक धम्की दिएको ७८, मदिरा सेवन गरी गाली बेइज्जती, कुटपिट, धम्की दिएको १४, कुटपिट गरेको ४२, घरमा बस्न नदिएको ७७, विवाह दर्ता, जन्मदर्ता र नागरिकता नबनाइदिएको १२, दाइजोसम्बन्धी आठ, दोस्रो विवाहबाट भएको घरेलु हिंसा १५, शान्ति सुरक्षा कायम गरिपाउँ सात, आर्थिक हिंसा आठ र अन्य २७ छन् । जसमध्ये १ सय ३२ ओटामा मिलापत्र गराइएको छ । ६ ओटा उजुरीलाई मातहतका प्रहरी निकायमा पठाइएको र आठओटा घटना अदालती प्रक्रियामा पठाइएको छ ।*

*सन् २०१८ मा महिलाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा कमी अभिलेख भए । यो वर्ष नौजना महिला पीडित भए । जसमध्ये बलात्कारबाट पाँचजना, बहुविवाहबाट तीनजना र यौन दुर्व्यवहारबाट एकजना महिला पीडित भए । सन् २०१७ मा २ सय २६ जना महिला पीडित भएका थिए । जसमध्ये घरेलु हिंसाबाट २ सय १४ जना, बलात्कारबाट ६ जना, बेचबिखन प्रयासबाट चारजना, बलात्कार प्रयासबाट एकजना र बहुविवाहबाट एकजना थिए ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ५ | ५ |
| बहुविवाह | ३ | ३ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ९ | ९ |

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

२१ वर्षीया युवतीलाई २०७४ फागुन ३ गते बलात्कार गरेको आरोपमा लोहारपट्टी नपा–६ का २२ वर्षीय रहमद नदाफविरूद्ध पीडित पक्षले फागुन ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । पीडितले चार जनाको समूहमा रहेका रहमद नदाफ र असरफ शेषलाई मात्र आफूले चिनेको र बाँकी दुई जनाको भने पहिचान गर्न नसकेको बताइन् । रहमद नदाफले मात्र आफूलाई बलात्कार गरेको र बाँकी तीनजनाले घरभित्र प्रवेश गरी ४ लाख ५० हजार रुपियाँ, मोबाइल र जिन्सी लुटेर लगेको पीडित महिलाले बताइन् । युवतीको स्वास्थ्य परीक्षण फागुन ४ गते जिल्ला अस्पतालमा भयो । आरोपितहरू फरार रहे ।

**परिवारजनबाट हत्या**

मटिहानी नपा–२ की ३० वर्षीया पुनमदेवी दासको २०७४ चैत २१ गते मटिहानी नपा–२ स्थित वरदाहामा हत्या गरी बोरामा हालेर फ्याँकेको अवस्थामा

शव फेला परेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जानकारी दियो। एसपी कुवेर कडायतले शवको प्रकृति हेर्दा कुटपिट गरी घाँटी थिचेर दुई–तीन दिनअघि हत्या भएको हुन सक्ने बताए। पुनमका पति शिवशङ्कर दास वैदेशिक रोजगारीमा साउदीबाट घर फर्केदेखि नै परिवारमा झैझगडा भइरहेको गाउँलेको भनाइ छ। शवको पोस्टमार्टम जिल्ला अस्पतालमा चैत २२ गते भयो। चैत २२ गते गिरफ्तार परेका मृतकका पति ३० वर्षीय शिवशङ्करलाई जिल्ला अदालतले २०७५ जेठ ११ गते पुर्पक्षका लागि थुनामा पठायो।

### जातीय विभेद

बर्दिवास नपा–४ माइस्थान भब्सी हवल्दार टोलका ३२ वर्षीया बुद्धमाया विश्वकर्मा र उनकी १६ वर्षीया छोरी मनीषा विश्वकर्मालाई २०७५ वैशाख १५ गते साँझ सार्वजनिक धारामा पानी छोएको आरोपमा सोही ठाउँ बस्ने ३५ वर्षीया कमला गिरी र उनकी छोरी १६ वर्षीया दीपिका गिरीले कुटपिट गरेको भन्दै पीडित पक्षले आरोपित कमला र एक बालकविरुद्ध वैशाख २९ गते इलाका प्रहरी कार्यालय बर्दिवासमा उजुरी दिए। वैशाख ३० गते गिरफ्तार भएका आरोपितमध्ये जिल्ला अदालतले २०७५ असार २४ गते कमलालाई ६ महिना कैद, १० हजार रुपियाँ जरिवाना र ५० हजार रुपियाँ क्षतिपूर्ति तथा सोही घटनामा संलग्न बालकलाई दुई महिना कैद सजाय सुनायो।

भङ्गहा नपा–९ हरिनमरीका सिकिन्दर मलिक डोमका १२ वर्षीय छोरा मुकेशलाई आफ्नै बस्तीको किशोरी जनता माविले २०७५ असोज १६ गते निष्काशन गर्‍यो। कक्षा ७ का मुकेशले आफूलाई



*पानी छोएको निहुँमा कुटपिट गरिएकी बुद्धमाया बिक*

विद्यालय परिसरमा छरिएको फोहोर सफा नगरेको आरोपमा निष्काशन गरिएको बताए। विद्यालयमा असोज १० गते विद्यालय नै बन्द गरेर लेखापाल राकेश यादवको हजुरआमाको किरियाभोज गरिँदा फ्याँकिएको, छरिएको फोहोर सफा नगरेको भन्दै उनलाई निष्काशन गरिएको थियो। पीडितले असोज २३ गते जिल्ला प्रहरी कार्यालय महोत्तरीमा उजुरी दिए। पीडित पक्ष सम्पर्कमा नआएको प्रहरीले जनायो।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई अस्पताल, ७० स्वास्थ्य चौकी र ५ प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा ११ डाक्टरको दरबन्दी रहेकामा ६ जना कार्यरत छन्। त्यस्तै अहेवको २ सय १४ दरबन्दी रहेकामा सबै कार्यरत छन्।

## सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | २ | १० | १२ |
| यौन दुर्व्यवहार | ४ | ६ | १० |
| जम्मा | ६ | १६ | २२ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | २ | ३ | ५ |
| बहुविवाह | | ३ | ३ |
| यौन दुर्व्यवहार | | १ | १ |
| जम्मा | २ | ७ | ९ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | ४ | ५ |

# २.५ सर्लाही

**जम्मा जनसङ्ख्या**
**८,३१,०६७**

**महिला**
**४,१४,०६७**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**४**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**८**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**१,३५,२६८**


**कामका लागि बाहिरिएका**
**२१,४०१**

**अपाङ्गता भएका**
**९,५८५**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**८९**

**आश्रित जनसङ्ख्या**
**३,८६,९७६**

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| घाइते | | ७ | ७ |
| बाल अधिकार | १३ | | १३ |
| महिला अधिकार | ११ | | ११ |
| जातीय विभेद | | ६ | ६ |
| कुटपिट | | १ | १ |
| हत्या | | ४ | ४ |
| जम्मा | २४ | १८ | ४२ |




*सर्लाहीमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट सन् २०१७ मा २३ महिला र चार पुरुष गरी २७ जना पीडित भएका थिए। सन् २०१८ मा २४ महिला र १८ पुरुष गरी ४२ जना पीडित भए। यो वर्ष कुटपिटबाट एक पुरुष र जातीय भेदभावबाट ६ पुरुष पीडित भए।*

## नागरिक तथा राजनीतिक अधिकार

## सम्मानितरूपले बाँच्न पाउने अधिकार

### हत्या

**अन्यपक्षबाट**

बरहथवा नपा–५ हातीडण्डा निवासी सुपर भिजन बोर्डिङ स्कुलका सञ्चालक ३० वर्षीय मालिक महतोको शव धारिलो हतियार प्रहार गरी हत्या गरेको अवस्थामा २०७५ पुस ७ गते बिहान फेला पऱ्यो। टाउको क्षतविक्षत बनाइएको महतोको शव नयाँ रोड बरहथवा सडकखण्डबाट हातीडण्डा जाने बाटोमा पर्ने सोतीखोला चोरनिया पुलनजिक घोप्टो परेर लडेको



*धारिलो हतियार प्रहार गरी हत्या गरिएको अवस्थामा फेला परेका मालिक महतो*

अवस्थामा फेला परेको थियो। उनी केही साथीहरूको साझेदारीमा ढुङ्ग्रेखोला जिरायतमा सुपर भिजन बोर्डिङ स्कुल सञ्चालन गर्दै आएका थिए। २०७५ पुस ६ गते साँझ फोन गरी बोलाएर हत्या गरेको आरोपमा प्रहरीले बरहथवा नपा–५ का ३० वर्षीय धनेश्वर महतो र बागमती नपा–८ शङ्करपुरका २६ वर्षीय रवीन्द्र महतोलाई २०७५ पुस १० गते गिरफ्तार गऱ्यो। हत्यामा संलग्न एकजना भने फरार रहेका र उनको नाम उल्लेख गर्न नमिल्ने प्रहरीले जनायो।

नेकपा र कांग्रेस कार्यकर्ताबीच २०७५ कात्तिक १३ गते रामनगर गापा–४ बहुवर्बामा भएको झडपमा गोली लागेर सोही ठाउँका ५६ वर्षीय रामविलास महतोको मृत्यु भयो। रामनगर गापा–४ का वडाध्यक्ष रामनरेश महतोमाथि पहिचान नखुलेका व्यक्तिहरूले २०७५ कात्तिक १२ गते कुटपिट गरी घाइते बनाएका थिए। वडाध्यक्ष महतोको टाउको, गोडा र ढाडमा चोट लागेको थियो। सोही घटनाको विषयलाई लिएर ती दुई पक्षबीच भोलिपल्ट बिहान झडप भएको थियो। गोली कुन पक्षबाट चलेको हो एकिन नभएको इन्स्पेक्टर कुन्दन देवले बताए। झडपपछि आक्रोशित समूहले बहुवर्बाका १० वटा घर तोडफोड गरेको थियो। झडपका क्रममा गोलीको छर्रा लागेर रामनगर गापा–४ बहुवर्बाका ५५ वर्षीय श्रीनारायण महतो, ५२ वर्षीय प्रेमनारायण महतो, ४९ वर्षीय भोगेन्द्र महतो, २८ वर्षीय मुकेशप्रसाद कुशवाहा, १८ वर्षीय विवेककुमार महतो, ४२ वर्षीय महादेव राय र ३२ वर्षीय प्रमोद सहनी घाइते भए। उनीहरूको हात, नाक, आँखा, टाउको र खुट्टामा छर्रा लागेको थियो। घाइतेहरूको मलङ्गवा अस्पतालमा उपचारपछि थप उपचार काठमाडौँको वीर अस्पतालमा भयो।



*झडपमा गोली लागी मृत्यु भएका रामविलास महतो*

बलरा नपा–३ स्थित विनोद ट्रेडर्सका सञ्चालक व्यापारी ६० वर्षीय जुगल साह कलवारको २०७५ साउन १६ गते राति हत्या भयो। पीडित पक्षले २०७५ साउन १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। शवको पोस्टमार्टम साउन १७ गते जिल्ला अस्पतालमा भयो।

## कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागार जीर्ण भएपछि पाँच वर्षदेखि यहाँका कैदी/बन्दीलाई अन्य जिल्लाका कारागारमा पठाउने गरिएको छ। कारागारको क्षमता ७५ पुरुष र २५ महिला गरी १ सय जनाको छ। २०६२ चैत २३ गते नेकपा माओवादीको आक्रमणले पर्खाल चर्केको र २०६८ असोज १ गते भूकम्पमा छत चर्किएपछि नयाँ भवन निर्माणको प्रक्रिया सुरु भएको चार वर्ष बिते पनि निर्माण सम्पन्न भएको छैन।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

पाँचजना न्यायाधीश रहेका यस जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ९ सय ६ मध्ये १ सय २३ थान फैसला भए भने देवानी मुद्दातर्फ १ हजार ९ सय ९५ मध्ये ४ सय १७ थान फैसला भए। यो अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा २८ र देवानी मुद्दा १ सय ६४ थान रहे।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा ३ सय ७६ आधारभूत र १ सय १८ मावि छन्। १ हजार ६ सय ४० शिक्षकको दरबन्दी छ। यस वर्ष ६ हजार १ सय १४ बालक र ६ हजार ३ सय ८ बालिका भर्ना भए। जिल्लामा २८ अपाङ्गमैत्री विद्यालय छन्। १३ हजार ५ सय २८ दलित बालक र १३ हजार ३ सय ३७ दलित बालिकाले छात्रवृत्ति पाए।*

*सन् २०१८ मा बालबालिकाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भए। यो वर्ष १३ बालिका पीडित भए। जसमध्ये बलात्कारबाट ११ बालिका र यौन दुर्व्यवहारबाट दुई बालिका पीडित भए। सन् २०१७ मा भने ११ बालिका पीडित भएका थिए। जसमध्ये बलात्कारबाट आठ बालिका र यौन दुर्व्यवहारबाट तीन बालिका पीडित भएका थिए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ११ | ११ |
| यौन दुर्व्यवहार | २ | २ |
| जम्मा | १३ | १३ |

**बलात्कार, यौन दुर्व्यवहार**

१३ वर्षीया बालिकालाई २०७५ वैशाख २९ गते राति बलात्कार गरेको भन्दै ईश्वरपुर नपा–१ का २५ वर्षीय इन्द्रजित सिंहविरुद्ध पीडित पक्षले जेठ २ गते इलाका प्रहरी कार्यालय, ईश्वरपुरमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण जेठ २ गते जिल्ला अस्पतालमा भयो। आरोपित फरार रहे।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ६ सय १५ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका, खान/लाउन नदिएको, विवाह दर्ता र नागरिकता नबनाएको, अर्की श्रीमती ल्याएर हेला गरेको र सामान्य घरायसी झगडाका घटना छन्। यीमध्ये प्रहरीले २ सय ३७ ओटामा मिलापत्र गरायो भने ३ सय ७८ उजुरी कानुनी प्रक्रियामा छन्।*

*सन् २०१८ मा महिलाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भए। यो वर्ष ११ जना महिला पीडित भए। जसमध्ये घरेलु हिंसाबाट चार, बलात्कारबाट चार, बलात्कार प्रयासबाट दुई र बहुविवाहबाट एक महिला पीडित भए। सन् २०१७ मा चार महिला पीडित भएका थिए। जसमध्ये बलात्कारबाट दुई, बलात्कार प्रयासबाट एक र कथित बोक्सीको आरोपबाट एकजना थिए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ४ | ४ |
| बलात्कार प्रयास | २ | २ |
| बहुविवाह | १ | १ |
| घरेलु हिंसा | ४ | ४ |
| जम्मा | ११ | ११ |

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

३४ वर्षीया महिलालाई २०७५ असोज १० गते राति आफ्नो घरमा सुतिरहेका बेला सामूहिक बलात्कार गरेको भन्दै मलगङ्वा नपा–१० बस्ने २२ वर्षीय रोहित कर्ण, २२ वर्षीय दीपक यादव र १ का २१ वर्षीय सुरेन्द्र महतोविरुद्ध पीडितपक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। महिलाको सोही दिन जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो। आरोपितहरू फरार रहे।

४५ वर्षीया महिलालाई २०७५ कात्तिक ८ गते सामूहिक बलात्कार गरेको भन्दै हरिपुर नपा–३ फरहदवाका ३४ वर्षीय शेख मोतिबुन, ३५ वर्षीय गङ्गाधर साह तेली र एक जना परिचय नखुलेका व्यक्तिविरुद्ध पीडित पक्षले कात्तिक १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितहरूले महिलाको मुख थुनी आँखामा पट्टी बाँधेर मार्ने धम्की दिई सामूहिक बलात्कार गरेको उजुरीमा उल्लेख छ। उजुरी दिन आउँदा वडाध्यक्ष हजरद शेखले त्यस्तो घटनाको उजुरी गऱ्यो भने इज्जत जान्छ, गाउँमै मिलाउनुपर्छ भनी रोक्न खोजेको पीडितले बताइन्। घटना गाउँमै २ लाख ५० हजार रुपियाँमा मिलिसकेको पनि थियो तर पछि आरोपितले पैसा नदिएकाले पीडितले उजुरी दिएकी थिइन्। आरोपितहरू फरार रहे।

**जातीय विभेद**

ब्रहमपुरी गापा–८ पिरारीका १८ वर्षीय जयनाथ राम चमारले गैरदलित युवतीसँग प्रेम सम्बन्ध राखेको भन्दै वडाध्यक्ष श्यामबाबु रायसहित गाउँलेले २०७५ पुस १० गते मरणासन्न हुने गरी कुटपिट गरी १४ लाख रुपियाँको कपाली तमसुकसमेत बनाए। पीडितले स्थानीय १७ वर्षीया बालिकासँग एक महिना अगाडिदेखि प्रेम सम्बन्ध कायम राखी भारतको सीतामढी जिल्ला बस्दै आएका थिए। गाउँ फर्केको केही दिनमै वडाध्यक्ष श्यामबाबु भनिने राकेश यादव र रघुवीर रायले अपहरणको शैलीमा युवकलाई घरबाट उठाउन लगाएर एकान्त बाँसघारीमा लगी कुटपिट गरेका थिए। पीडितहरूले नेपाल राष्ट्रिय दलित समाज कल्याण सङ्घ सर्लाहीमा निवेदन दिएसँगै उनीहरूकै सहयोगमा जिल्ला प्रहरी कार्यालयमा पुस १२ गते उजुरी दिए। प्रहरीले आरोपितलाई यादव र रायलाई पुस १५ गते गिरफ्तार गऱ्यो। आरोपितलाई २०७५ पुस १७ गते दलित अधिकारकर्मी राजेश पासवान,

राधेश्याम पासवान र रामनरेश मण्डल र गापा प्रमुख विनोद साहको रोहवरमा २१ हजार रुपियाँ जरिवाना क्षतिपूर्ति भराइ मिलापत्र गराइयो।

**स्वास्थ्य सेवाको अवस्था**

जिल्लामा एक अस्पताल, ९४ स्वास्थ्य चौकी र पाँच प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा १० डाक्टरको दरबन्दी रहेकामा छजना कार्यरत छन्। त्यस्तै अहेवको २ सय ८२ दरबन्दी रहेकामा सबै कार्यरत छन्।

**सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १० | १० |
| यौन दुर्व्यवहार | २ | २ |
| जम्मा | १२ | १२ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ३ | | | १ | ४ |
| बलात्कार प्रयास | | | | २ | २ |
| बहुविवाह | | | | १ | १ |
| घरेलु हिंसा | | २ | १ | १ | ४ |
| जम्मा | ३ | २ | १ | ५ | ११ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | २ | २ | ४ |

# २.६ रौतहट

**जम्मा जनसङ्ख्या**
**७,५३,२०५**

**महिला**
**३,७०,१०२**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**४**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**८**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**२,२७,०००**


**कामका लागि बाहिरिएका**
**९,३३१**

**अपाङ्गता भएका**
**८,६९८**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**४७**

**आश्रित जनसङ्ख्या**
**३,६४,७५१**

| घटनाको प्रकार | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | | १ | २ | ३ |
| बाल अधिकार | | | | २४ | | २४ |
| अमानवीय व्यवहार | | | | | १ | १ |
| अपहरण | | | | ३ | | ३ |
| महिला अधिकार | | | | १५ | | १५ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | | ४ | ४ | | | |
| कुटपिट | २ | | २ | | | |
| धम्की | | | | | १ | १ |
| हत्या | | | | २ | ४ | ६ |
| जम्मा | २ | ४ | ६ | ४५ | ८ | ५३ |




पप्पु कन्सट्रक्सनको लापरबाहीका कारण २०७५ भदौ ९ गते राति गौर नपा-४ स्थित टिकुलिया घाटमा डुङ्गा दुर्घटना हुँदा पाँच जनाको मृत्यु भएको आरोप लगाउँदै सञ्चालकविरुद्ध स्थानीय बासिन्दाले जिल्ला प्रहरी कार्यालय रौतहटमा असोज २२ गते उजुरी दिए। पप्पु कन्सट्रक्सनले ठेक्का लिएको लालबकैया नदीको पुल समयमै निर्माण सम्पन्न नगरेका कारण पुलको पिलरमा ठोक्किएर गौर नपा-४ का ६५ वर्षीया शान्तिदेवी साह, इशानाथ नपा- ५ औरैयाकी ३५ वर्षीय रुनादेवी पटेल, गौर नपा-४ की १० वर्षीया उष्मा पटेल, १९ वर्षीय ओमप्रकाश चन्द्रवंशी र ४५ वर्षीया इन्दुदेवी पटेलको मृत्यु भएको थियो। सञ्चालकविरुद्ध कर्तव्य ज्यान मुद्दाको किटानी जाहेरी दर्ता भए पनि कोही गिरफ्तार भएनन्।

रौतहटमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट सन् २०१७ मा ५३ महिला र १८ पुरुष गरी ७१ जना पीडित भएका थिए। सन् २०१८ मा ४७ महिला र १२ पुरुष गरी ५९ जना पीडित भएको अभिलेख भयो।

### कारागार र बन्दी

'ग' श्रेणीको गौर कारागारको क्षमता १ सय २० जनाको छ। तर १ सय १२ कैदी र १ सय १४ थुनुवा गरी

२ सय २६ जना छन्। जसमा १२ जना महिला छन्। यस कारागारमा आश्रित बालक एकजना छन्। क्षमताभन्दा झण्डै दोब्बर बढी कैदी/बन्दी भएकाले व्यवस्थापनमा समस्या छ। १९९० सालमा बनेको यो कारागारको दुई तले भवन एउटा र महिला बन्दी गृह भवन जीर्ण छ।

सरकारले आफूहरूलाई फागु पर्व (होली) मनाउन सुविधा नदिएको भन्दै यस कारागारका कैदी/बन्दीले २०७४ फागुन १८ गते साँझदेखि कारागारभित्रै आन्दोलन सुरु गरे। विगतका वर्षहरूमा सरकारका तर्फबाट बन्दीका लागि छुट्टै बजेट व्यवस्था गरिएकामा यस वर्ष नदिइएको भन्दै आन्दोलन गरेका थिए। स्थानीय प्रशासनसँग सहमति भएपछि उनीहरूले फागुन १९ गते आन्दोलन फिर्ता लिए।

## अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

वृन्दावन नपा–२ की ३५ वर्षीया लालबिबी राम, २५ वर्षीय रैमल बैठा, ३२ वर्षीय सुकेश्वर पटेल र २८ वर्षीय रइमल बैठा २०७४ फागुन २ गते प्रहरीको लठ्ठी प्रहारबाट घाइते भए। सोही घटनामा सशस्त्र र नेपाल प्रहरीका १६ जना घाइते भएकामा प्रहरीले उनीहरूको नाम दिन अस्वीकार गर्‍यो। वृन्दावन नपाको केन्द्र सार्ने विवादमा स्थानीय र प्रहरीबीच झडप हुँदा उनीहरू घाइते भएका हुन्। केन्द्र सार्ने विषयमा नगर कार्यपालिकाको बैठक बसिरहेकै स्थानमा स्थानीयले आक्रमण गरेपछि झडप भएको थियो। आक्रोशित बासिन्दाले नगरपालिकाको कार्यालय तोडफोड र कागजपत्रमा आगजनीसमेत गरेका थिए।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

६ जना न्यायाधीश रहेका यस जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ६७ मध्ये ७३ थान फैसला भए भने देवानी मुद्दातर्फ ११ सय ८ मध्ये ७ सय ४ थान फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा ३९ र देवानी मुद्दा २ सय ८० थान रहे।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय ९९ प्रावि, ६८ आधारभूत र ६८ मावि छन्। १ हजार ९१ शिक्षक दरबन्दी रहेकामा ४२ दरबन्दी रिक्त छ। जिल्लामा आठवटा अपाङ्गमैत्री विद्यालय छन्। साथै शहीद र द्वन्द्वपीडित परिवारका १ सय ३२ बालबालिकाले छात्रवृत्ति पाए।*

*सन् २०१८ मा बालबालिकाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भयो। यो वर्ष २४ बालिका पीडित भए। जसमध्ये बलात्कार बाट १८ बालिका, यौन दुर्व्यवहारबाट पाँच बालिका र बालविवाहबाट एक बालिका थिए। सन् २०१७ मा भने आठ बालिका पीडित भएका थिए। जसमध्ये बलात्कार बाट पाँच बालिका, यौन दुर्व्यवहारबाट दुई बालिका र बेचबिखनबाट एक बालिका थिए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बालविवाह | १ | १ |
| बलात्कार | १८ | १८ |
| यौन दुर्व्यवहार | ५ | ५ |
| जम्मा | २४ | २४ |

### हत्या

कटहरिया नपा–९ का १२ वर्षीय सुनिल देवल भनिने युवराज साहलाई सोही ठाउँका ४८ वर्षीय रामबालक यादव, ४५ वर्षीय रामाज्ञा राय यादव, ४२ वर्षीय रामईश्वर राय यादव, ३८ वर्षीय होसनारायण यादव, ३५ वर्षीय लालबाबु यादव, २६ वर्षीय भोला राय यादव, ५५ वर्षीय फिरोधन राय, ४२ वर्षीय रामसेवक राय यादव, २२ वर्षीय रितेश राय यादव २५ वर्षीय सुनिल राय यादव, २२ वर्षीय सुधिल राय यादव, २० वर्षीय शक्ति राय यादव, २० वर्षीय प्रवीन राय यादव, २० वर्षीय रज्जिपकुमार यादव भन्ने सुनिल राय यादव, २० वर्षीय रवि पटेल र २१ वर्षीय विनोद पटेलले २०७५ जेठ २६ गते राति घरबाट अपहरण गरी हत्या गरेको आरोपमा बालकका बुबाले जेठ २८ गते इलाका प्रहरी कार्यालय गरुडामा उजुरी दिए। बालकको बुबासँग राजनीतिक रिसिइबी साँध्नका लागि यो घटना गराएको प्रहरीले बतायो। शवको पोस्टमार्टम जेठ २८ गते जिल्ला अस्पतालमा भयो। जेठ २८ गते गिरफ्तार भएका आरोपितहरूलाई जिल्ला अदालतले २०७५ साउन ३ गते पुर्पक्षका लागि थुनामा पठायो।

### एसिड प्रहार गरी हत्या/घाइते

चन्द्रपुर नपा–६ की १८ वर्षीया सम्झनाकुमारी दास र उनकै बहिनी १५ वर्षीया सुस्मिताकुमारी दासलाई सोही ठाउँका ५० वर्षीय रामबाबु पासवानले २०७५ भदौ २७ गते राति १२:१० बजे एसिड प्रहार गरी घाइते बनाएको आरोपमा पीडितहरूका बाबु



*एसिड प्रहारबाट मृत्यु भएकी सम्झना दास*

जादोलाल दासले २०७५ भदौ २८ गते महानगरीय वृत्त कीर्तिपुर, काठमाडौँमा उजुरी दिए । रौतहटको चन्द्रपुर नपा–६ स्थित आफ्नै घरमा सुतिरहेका दिदी/बहिनीलाई पासवानले मुखमा एसिड प्रहार गरी घाइते बनाएको र उनीहरूको उपचारका क्रममा कुरुवा बसेका बेला प्रहरीले २०७५ असोज २ गते आरोपितलाई काठमाडौँबाट गिरफ्तार गर्‍यो। पासवानले सम्झनालाई एकोहोरो प्रेम गर्ने गरेको र उनको भने अर्कै केटासँग सम्बन्ध रहेको थाहा पाएपछि एसिड प्रहार गरेको बयान दिएका प्रहरीले जनायो। सम्झनाको उपचारका क्रममा सोही अस्पतालमा २०७५ असोज ७ गते राति मृत्यु भयो। आरोपितलाई जिल्ला अदालतले २०७५ असोज २३ गते पुर्पक्षका लागि थुनामा पठायो।

**बलात्कार, दुर्व्यवहार**

१५ वर्षीया बालिकालाई २०७४ असार २७ गते बलात्कार गरेको भन्दै गौर नपा–४ का ५२ वर्षीय हजारी साह तेलीविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा २०७५ साउन १८ गते उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण साउन १८ गते गौर अस्पतालमा भयो। आरोपित फरार रहे।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ६ सय २२ जना महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका २ सय ६८, खान/लाउन नदिएको १ सय ७२ र सामान्य घरायसी झगडाका १ सय ८२ घटना छन्। यीमध्ये प्रहरीले २ सय ६ ओटामा मिलापत्र गरायो भने १५ उजुरी कानुनी प्रक्रियामा छन्।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| कथित बोक्सीको आरोप | १ | १ |
| बलात्कार | ५ | ५ |
| बलात्कार प्रयास | ३ | ३ |
| बहुविवाह | ६ | ६ |
| जम्मा | १५ | १५ |

*सन् २०१८ मा महिलाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा कमी भयो। यो वर्ष १५ जना महिला पीडित भए। जसमध्ये बहुविवाहबाट ६, बलात्कारबाट पाँच, बलात्कार प्रयासबाट तीन र कथित बोक्सीको आरोपबाट एक महिला छन्। सन् २०१७ मा २५ जना महिला पीडित भएका थिए। जसमा घरेलु हिंसाबाट १८, बलात्कारबाट चार, बहुविवाहबाट दुई र कथित बोक्सीको आरोपबाट एकजना महिला थिए।*

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

२७ वर्षीया महिलालाई २०७५ असोज २ गते बलात्कार गरेको आरोपमा देवाही गोनाही नपा–५ का ३५ वर्षीय विद्यानन्दप्रसाद यादवविरुद्ध पीडित पक्षले इलाका प्रहरी कार्यालय गरुडामा असोज ३ गते मौखिक र असोज ८ गते लिखित उजुरी दिए। महिलाको स्वास्थ्य परीक्षण असोज ३ गते जिल्ला अस्पतालमा भयो। आरोपित फरार रहे।

**दाइजोका कारण हत्या**

चन्द्रपुर नपा–९ की २२ वर्षीया सानु बुढाथोकीलाई २४ वर्षीय पति रामचन्द्र बुढाथोकी, ५५ वर्षीय ससुरा शिवबहादुर बुढाथोकी र ५० वर्षीया सासू शिवमाया बुढाथोकीले २०७४ चैत २९ गते बिहान दाइजोको कारण हत्या गरेको आरोपमा मृतकका काका रामेछाप जिल्ला लिखु गाउँपालिका–६ का माधव बरुवालले चैत ३० गते इलाका प्रहरी कार्यालय चन्द्रनिगापुरमा उजुरी दिए । पीडितको जातीय परम्परा अनुसार ०६८ सालमा विवाह भई एक छोरीको जायजन्म समेत भएकोमा आरोपितहरूले पटकपटक दाइजो नल्याएको भन्दै मानसिक तथा शारीरिक यातना दिने गरेकोमा माइती पक्षको आरोप छ । यसअघि दुई पटकसम्म छलफल गरी



*दाइजो नल्याएको आरोपमा हत्या गरिएकी सानु बुढाथोकी*

विवाद समाधान गरेकोमा चैत २९ गते बिहान पीडितले विष सेवन गरेको भनी खबर गरेकाले छोरीको मृत्यु स्वभाविक नभई कर्तव्य गरी हत्या गरेको पीडितकी आमा मैँया बरुवालले बताइन्। पीडित पक्षको उजुरीका आधारमा आरोपितहरू मध्ये रामचन्द्र बुढाथोकीलाई चैत ३० गते गिरफ्तार गरी रौतहट जिल्ला अदालतमा पेश गरेकोमा अदालतको २०७५ वैशाख ३१ गतेको आदेशले पुर्पक्षको लागि थुनामा रहेका छन । शवको त्रिवि शिक्षण अस्पताल, महाराजगञ्ज काठमाडौँमा वैशाख २ गते पोष्टमार्टम भयो।

**परिवारजनबाट हत्या**

कटहरिया नपा–५ की ३५ वर्षीया राजकुमारीदेवी साह सोनारलाई पति ३८ वर्षीय विजय साह सोनारले २०७४ चैत ६ गते बिहान कुटपिट गरी हत्या गरेको आरोपमा प्रहरीले गिरफ्तार गऱ्यो । शव जलाउन लागेको अवस्थामा प्रहरीले सोही दिन दिउँसो चिताबाटै बरामद गरेको थियो । शवको पोस्टमार्टम चैत ६ गते जिल्ला अस्पतालमा भयो । त्यस क्रममा प्रहरीले कटहरिया नपा–५ का ४५ वर्षीय भन्टु भनिने कपिलदेव साह सोनार, मृतकको भान्जा नाता पर्ने कटहरिया नपा–३ का २१ वर्षीय रामबालक साह सोनार, कटहरिया नपा–५ का ३६ वर्षीय सुरेश साह सोनार, ४५ वर्षीय भोरी सहनी मलाहा र मृतकका भाइ राजदेवी नपा–५ का ३५ वर्षीय राजकिशोर साहलाई गिरफ्तार गऱ्यो । फरार रहेका आरोपित विजय साह सोनार चैत ११ गते राति गिरफ्तार भए। गिरफ्तार भएकामध्ये जिल्ला अदालतले २०७५ वैशाख ३ गते विजय साह सोनारलाई पुर्पक्षका लागि थुनामा पठाउने र अन्यलाई साधारण तारेखमा छाड्ने आदेश दियो।

**स्वास्थ्य सेवाको अवस्था**

रौतहटमा दुईवटा अस्पताल, चारवटा प्राथमिक स्वास्थ्य केन्द्र, ९२ ओटा हेल्थ पोस्ट, तीनओटा सहरी स्वास्थ्य क्लिनिक र आठओटा सामुदायिक क्लिनिक छन्। जिल्लामा २२ डाक्टरको दरबन्दी रहेकामा ११ जना कार्यरत छन्। त्यस्तै अहेवको २ सय ९१ दरबन्दी रहेकामा २ सय ७२ जना कार्यरत छन्।

**सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बालविवाह | | | १ | १ |
| बलात्कार | ३ | १ | १४ | १८ |
| यौन दुर्व्यवहार | १ | | ४ | ५ |
| जम्मा | ४ | १ | १९ | २४ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| कथित बोक्सीको आरोप | | १ | | १ |
| बलात्कार | १ | | ४ | ५ |
| बलात्कार प्रयास | | | ३ | ३ |
| बहुविवाह | ३ | | ३ | ६ |
| जम्मा | ४ | १ | १० | १५ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | ६ | ६ |

# २.७ बारा




**जम्मा जनसङ्ख्या**
७,४७,१०५

**महिला**
३,६७,५६८

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
४

**प्रदेशसभा निर्वाचन क्षेत्र**
८

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
२,०३,४८४

**कामका लागि बाहिरिएका**
१२,५३०

**अपाङ्गता भएका**
११,६४९

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
५२

**आश्रित जनसङ्ख्या**
३,४३,९५७

| घटनाको प्रकार | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | महिला | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | १ | ३ | ४ |
| बाल अधिकार | | | ३० | १ | ३१ |
| अमानवीय व्यवहार | १ | १ | १ | | १ |
| महिला अधिकार | | | १८ | | १८ |
| जातीय विभेद | | | | १ | १ |
| कुटपिट | | | | ३ | ३ |
| धम्की | | | | १ | १ |
| हत्या | | | ६ | ९ | १५ |
| जम्मा | १ | १ | ४६ | १८ | ६४ |

*आत्महत्या भनेपछि सर्वसाधारण र आफन्तले मात्र हैन, प्रहरीले समेत खासै गम्भीररूपमा लिने गर्दैनथे विगतमा । त्यसैले हत्याका धेरै घटना आत्महत्याको 'ट्याग' लगाइदिएपछि स्वतः सामसुम हुन्थे । अपराधीले उन्मुक्ति पाउँथ्यो । तर अहिले नयाँ कानुनले आत्महत्याका कारकलाई समेत कानुनी दायरामा ल्याई कारबाही अघि बढाउने व्यवस्था गरेसँगै बारा प्रहरीले यो अभ्यास थालेको डिएसपी रञ्जितसिंह राठौरले बताए ।*

*कलैया उमनपा–१ मोतिवागका मुन्ना दासकी पत्नी अनिताले २०७५ भदौ ७ गते आत्महत्या गरेकी थिइन् । त्यसैगरी परवानीपुर गापा–५ बहुअरीका सन्तोष राउतकी पत्नीले भदौ १३ मा आत्महत्या गरेकी थिइन् । त्यसैले आत्महत्या गर्नुपर्नाको कारणसमेत पत्ता लगाइ त्यसमा दोषी देखिए उसलाई कारबाहीको दायरामा ल्याउने उद्देश्यले मुन्ना र सन्तोषलाई प्रहरीले गिरफ्तार गऱ्यो ।*

*अभियुक्त दुवैले पत्नीलाई शारीरिक र मानसिक यातना दिएकाले आत्महत्या गर्नुपर्ने अवस्थामा पुगेको अनुसन्धानमा संलग्न राठौरले बताए । मुन्नाले कान्छी पत्नी ल्याएका र अन्तिमाले ७/८ वर्षसम्म बच्चा नपाएको भन्दै पतिले मानसिक यातना दिने गरेको अनुसन्धानले उल्लेख गरेको छ । कसुर ठहर भएमा अपराधसंहिता २०७४ को दफा ६७ को १८५*

*(२) अनुसार पाँच वर्षसम्म कैद र क्षतिपूर्ति भराउने कानुनी व्यवस्था छ।*

*बारामा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट सन् २०१७ मा २३ महिला र २२ पुरुष गरी ४५ जना पीडित भएका थिए। सन् २०१८ मा ४७ महिला र १८ पुरुष गरी ६५ जना पीडित भएको अभिलेख छ।*

### धम्की/कुटपिट

#### अन्यपक्षबाट

महागढीमाई नपा-१ का नेपाली कांग्रेसका स्थानीय नेता ४५ वर्षीय मोतिलाल कुशवाहामाथि छठ घाट बनाउने विषयलाई लिएर २०७५ कात्तिक १२ गते स्थानीयले आक्रमण गरे। टाउकोमा गम्भीर चोट लागेका उनको उपचार नारायणी उपक्षेत्रीय अस्पताल वीरगन्जमा उपचार भयो। बाँसको भाटाले आक्रमण गरेपछि उनी बेहोस भएका थिए। झडपमा महागढीमाई नपा-१ मठवा टोलका ५५ वर्षीय झगरु महतो, ३२ वर्षीय मुकेश कुशवाहा र गढीमाई मन्दिर विकास तथा सञ्चालन समितिका सचिवसमेत रहेका कांग्रेसका कार्यकर्ता मोतिलाल कुशवाहा घाइते भए। पीडित पक्षले मङ्सिर १७ गते जिल्ला प्रहरी कार्यालयमा ३२ वर्षीय दीपप्रकाश गुप्ता, ४७ वर्षीय मनोजकुमार, ५७ वर्षीय विजय गुप्ता र ५५ वर्षीय गुलजार महतोविरुद्ध उजुरी दिए। यो वर्षको अन्त्यसम्म कोही गिरफ्तार भएनन्।

### दुर्व्यवहार

कलैया उमनपा-४ बेलहिया गाउँ निवासी अन्तरपार्टी सञ्जालकी अध्यक्ष ४७ वर्षीया शीला साहलाई २०७५ मङ्सिर ८ गते दुर्व्यवहार गरेको आरोपमा महिला तथा बालबालिका सेवा केन्द्रमा कार्यरत इन्स्पेक्टर सुरक्षा केसीलाई कारबाहीको माग गर्दै पीडित पक्षले जिल्ला प्रशासन कार्यालयमा २०७५ मङ्सिर ११ गते उजुरी दियो। घरेलु हिंसाका घटनामा छलफल भइरहँदा घरेलु हिंसाका आरोपितले पत्नीलाई गालीगलौज गर्दा आफूले गालीगलौज नगर्न र सम्झाउन खोज्दा इन्स्पेक्टर केसीले हात समातेर मर्काउने कार्य गर्नुका साथै दुर्व्यवहार गरेको साहले बताइन्। घटनामाथि कुनै छानबिन भएन।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

सातजना न्यायाधीश रहेका यस जिल्ला अदालतबाट यो वर्ष देवानी मुद्दा दुनियावादीतर्फ १ हजार ६ सय ९४ मध्ये ४ सय २८ थान फैसला भए। फौजदारी मुद्दातर्फ सरकारवादी १ सय ८२ मध्ये ७६ थान फैसला भए। फौजदारी मुद्दातर्फ दुनियावादी ४ सय ५६ मध्ये ८३ थान फैसला भए। रिट निवेदनतर्फ निषेधाज्ञा ३२ मध्ये सबै फैसला भए।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*यस जिल्लामा ५ सय २३ आधारभूत र ७५ मावि छन्। २ हजार ३ सय ४१ शिक्षक दरबन्दी रहेकामा ८१ रिक्त छ। यस वर्ष ६ हजार ४ सय ६८ बालक र ४ हजार ५ सय ७२ बालिका भर्ना भए। जिल्लामा ६० अपाङ्गमैत्री विद्यालय छन्। सबै दलित बालक र दलित बालिकाले छात्रवृत्ति पाए। साथै शहीद दुई र द्वन्द्वपीडित परिवारका १६ बालबालिकाले पनि छात्रवृत्ति पाए।*

*सन् २०१८ मा बालबालिकाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भए। यो वर्ष २० बालिका र एक बालक गरी २१ बालबालिका पीडित भए। जसमध्ये बलात्कारबाट १४ बालिका, यौन दुर्व्यवहारबाट पाँच बालिका, बालविवाहबाट एक बालिका र विद्यालयमा शारीरिक सजायबाट एक बालक पीडित भए। सन् २०१७ मा भने नौ बालिका पीडित भएका थिए। जसमध्ये बलात्कारबाट पाँच बालिका, यौन दुर्व्यवहारबाट तीन बालिका र बालविवाहबाट एक बालिका थिए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बालविवाह | १ | | १ |
| बलात्कार | १४ | | १४ |
| विद्यालयमा शारीरिक सजाय | | १ | १ |
| यौन दुर्व्यवहार | ५ | | ५ |
| जम्मा | २० | १ | २१ |

#### अपहरणपछि हत्या

सिम्रौनगढ नपा-३ नयका टोलका धनेश्वर यादवका पाँच वर्षीय छोरा गोलु भनिने दीपक यादवको २०७५ असोज २१ गते अपहरण भएकामा असोज २४ गते शव फेला पर्‍यो। घटस्थापनाका दिन रानीवास मठमा मेला हेरेर फर्कँदा उनी अपहरणमा परेका थिए। शवको पोस्टमार्टम असोज २४ गते कलैया अस्पतालमा

भयो । पोस्टमार्टम रिपोर्टले घाँटी थिचेर हत्या गरेको देखाएको थियो । पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा असोज २४ मा उजुरी दिए । असोज २४ गते गिरफ्तार भएका सोही ठाउँका १८ वर्षीय हरेन्द्र कुशवाहा र सोही उमेरका श्यामसुन्दर बैठालाई जिल्ला अदालतले २०७५ कात्तिक २० गते पुर्पक्षका लागि थुनामा पठायो ।

**विद्यालयमा शारीरिक दण्ड**

कलैया उमनपा–१ स्थित डिभाइन इङ्गलिस बोर्डिङ स्कुलको कक्षा ६ मा अध्ययनरत प्रसौनी गापा–५ प्रस्टोका १३ वर्षीय बालक आदित्य गुप्तालाई कुटपिट गरी घाइते बनाएको आरोपमा पीडित पक्षले सोही स्कुलका शिक्षक २६ वर्षीय नुरु अन्सारी र २५ वर्षीय विकास यादवविरूद्ध २०७५ असोज १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । 'बिरामी छु भनेर बिदा माग्दा शिक्षकद्वयले असोज १८ गते बिहान छोरालाई कुटपिट गरी घाइते बनाएछन्'– बालकका बाबु सञ्जय साहले भने । गाला, कान र टाउकोमा चोट लागेको बालकको उपचार नारायणी उपक्षेत्रीय अस्पतालमा असोज १९ गते भयो। बालक उक्त विद्यालयमा जान डराएपछि अभिभावकले अर्को विद्यालयमा भर्ना गरिदिएका छन्। घटनाको अनुसन्धान भइरहेको डिएसपी रञ्जितसिंह राठौरले बताए । घटनाका सम्बन्धमा प्रहरीले चासो नदिएको पीडित पक्षको आरोप छ।

**बलात्कार, यौन दुर्व्यवहार**

१० वर्षीया बालिकालाई २०७४ फागुन ७ गते बलात्कार गरेको आरोपमा आदर्श कोतवाल गापा–३ का ३७ वर्षीय नागेन्द्र भनिने राजेन्द्र साह तेलीविरुद्ध पीडित पक्षले फागुन ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण र उपचार दुवै कलैया अस्पतालमा फागुन ७ गतै नै भयो । सोही दिन गिरफ्तार भएका राजेन्द्रलाई जिल्ला अदालतले २०७४ चैत ४ गते पुर्पक्षका लागि थुनामा पठायो ।

## महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ८ सय २९ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट गरी घर निकाला गरिएका, खान/लाउन नदिएको, विवाह दर्ता र नागरिकता नबनाएको, अर्की श्रीमती ल्याएर हेला गरेको र सामान्य घरायसी झगडाका घटना छन् । यीमध्ये प्रहरीले ५ सय १३ ओटामा मिलापत्र गरायो भने एक उजुरी कानुनी प्रक्रियामा छ। ३ यस १३ ओटा उजुरी केन्द्रमा अनुसन्धानमा नै छन् ।*

*सन् २०१८ मा महिलाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भए। यो वर्ष १८ जना महिला पीडित भए । जसमध्ये बहुविवाहबाट आठ, कथित बोक्सीको आरोपबाट चार, बलात्कारबाट चार र बलात्कार प्रयासबाट एक जना पीडित भएको अभिलेख भयो। सन् २०१७ मा पाँचजना महिला पीडित भएका थिए। जसमध्ये बलात्कार प्रयासबाट एकजना र बहुविवाहबाट चारजना थिए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| कथित बोक्सीको आरोप | ४ | ४ |
| बलात्कार | ४ | ४ |
| बलात्कार प्रयास | १ | १ |
| बहुविवाह | ८ | ८ |
| घरेलु हिंसा | १ | १ |
| जम्मा | १८ | १८ |

**बलात्कार, बलात्कार प्रयास, यौनदुर्व्यवहार**

३५ वर्षीया महिलालाई २०७४ माघ ७ गते बलात्कार गरेको आरोपमा सिम्रौनगढ नपा–८ का ४५ वर्षीय गगनदेव यादवविरुद्ध पीडित पक्षले माघ ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण माघ ८ गते कलैया अस्पतालमा भयो। आरोपित फरार रहे।

**परिवारजनबाट हत्या**

देवताल गापा–६ रौवाही गाउँकी १९ वर्षीया ममतादेवी पण्डितलाई २२ वर्षीय पति अनिल प्रजापतिले २०७५ असार ३ गते राति घाँटी थिचेर हत्या गरेको आरोपमा प्रहरीले असार ४ गते गिरफ्तार गर्‍यो । शवको पोस्टमार्टम कलैया अस्पतालमा असार ४ गते भयो । सामान्य विवादमा पतिले हत्या गरेको प्रहरी अनुसन्धानले देखाएको छ। आरोपितलाई जिल्ला अदालतले असार २९ गते पुर्पक्षका लागि थुनामा पठायो।

जीतपुर सिमरा उमनपा–१० की ६० वर्षीया प्रभावतीदेवी सहनीलाई ३५ वर्षीय छोरा दुखा

सहनीले २०७५ मङ्सिर ६ गते विष खुवाएर हत्या गरेको आरोपमा सोही दिन प्रहरीले गिरफ्तार गऱ्यो । आरोपितले कात्तिक २३ गते उपचार गराउन भनी भारत लगेकामा उतै विष खुवाएर छाडेर आएका थिए । उपचारका क्रममा वीरगन्जस्थित नारायणी उपक्षेत्रीय अस्पतालमा उनको मृत्यु भएको थियो । दुखालाई जिल्ला अदालतले मङ्सिर ६ गते पुर्पक्षका लागि थुनामा पठायो । उनको शंकास्पद गतिविधि देखेर घरपरिवारका सदस्यले जिल्ला प्रहरी कार्यालय बारामा मङ्सिर ५ गते उजुरी दिए। आरोपितले भारतको मोतीहारी जिल्लाको सेमरा रेल्वे स्टेशनमा मुसा मार्ने विष खुवाएको आरोप छ।

**कथित बोक्सीको आरोपमा दुर्व्यवहार**

कलैया उमनपा–१ की ५६ वर्षीया सुम्निमा केशरीलाई २०७५ साउन १८ गते सातजना मिलेर कथित बोक्सीको आरोप लगाउँदै दुर्व्यवहार गर्दै मलमूत्र खुवाउने प्रयास गरेको आरोपमा पीडितले साउन १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन् । सोही ठाउँका ५९ वर्षीय उद्धवप्रसाद केशरी, ५६ वर्षीया निलमदेवी केशरी, ३० वर्षीय अजय साह, ३५ वर्षीय अमित केशरी, ३२ वर्षीय नेहा केशरी र २७ वर्षीय सञ्चित केशरीले बोक्सीको आरोप लागाएर कुटपिट गरी घाइते बनाएका उजुरीमा उल्लेख छ । आरोपितहरू फरार रहे। पीडितको साउन १८ गतेदेखि साउन २१ गतेसम्म कलैया अस्पतालमा उपचार भयो।

**घरेलु हिंसा**

विश्रामपुर गापा–४ की २५ वर्षीया ललितादेवी तुराहालाई पति ३० वर्षीय पारस साह तुराहाले कुटपिट गरेको भन्दै पीडितले २०७४ चैत २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिन् । चैत २९ गते नै गिरफ्तार भएका पारसलाई जिल्ला अदालतले वैशाख २२ गते ३० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। आरोपित यो वर्षको अन्त्यसम्म तारिखमा छन्।

कलैया उमनपा–१ मोतिवागकी ३० वर्षीया अनिता दास बनियाले २०७५ भदौ ७ गते र परवानीपूर गापा– ५ बहुअरीकी २५ वर्षीया अन्तिमा राउत कुर्मीले भदौ १३ गते आत्महत्या गरे। अनिताका ३४ वर्षीय पति मुन्ना दास बनिया र परवानीपुर गापा–५ बहुअरीका २८ वर्षीय सन्तोष राउत कुर्मीलाई आआफ्ना पत्नीलाई हिंसा गरेर आत्महत्या गर्न बाध्य पारेको आरोपमा प्रहरीले भदौ २४ गते गिरफ्तार गऱ्यो । दुवै आरोपितलाई जिल्ला अदालतले असोज २१ गते पुर्पक्षका लागि थुनामा पठायो । अनिताको शवको पोष्टमार्टम कलैया अस्पतालमा भदौ १४ गते र अन्तिमाको शवको पोष्टमार्टम भदौ ८ गते नारायणी उपक्षेत्रीय अस्पताल विरगञ्जमा गरियो।

**जातीय विभेद**

परवानीपुर गापा–३ का १२ वर्षीय राकेश रामले सोही ठाउँमा रहेको राधाकृष्ण मन्दिरको धारा (चापाकल) मा २०७५ भदौ २४ गते पानी खाएको आरोपमा मन्दिरका पुजारी सोही ठाउँका ४५ वर्षीय रामदयाल यादवलगायतले कुटपिट गरेको भन्दै पीडित पक्षले भदौ २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। घटनाबारे बुझ्न जाँदा पुजारी ५५ वर्षीय रामदयाल यादव, ३० वर्षीय दीपक यादव, ५५ वर्षीय किसान यादव, २५ वर्षीय अनिल यादव, २४ वर्षीय अरविन्द यादव, २६ वर्षीय राजेश यादव, २० वर्षीय रमेश यादव, २८ वर्षीय भोला साह रौनियार लगायतले दलितले छोइदिएकाले मन्दिर अशुद्ध भयो भनी बाँसको लाठी, भाँटा, फलामको रड र धारिलो खुकुरीले दलित समुदायका व्यक्तिमाथि सोही दिन आक्रमण गरेको स्थानीय राखी रामले बताइन् । आक्रमणमा परी स्थानीय ३६ वर्षीय सुमन रामको बायाँ हात तथा गोडा भाँच्चिएको र टाउकोमा चोट लागेको थियो । त्यस्तै १६ वर्षीय आकाश रामको टाउकोमा चोट लागेको थियो। उनीहरूलाई प्रहरीले उद्धार गरेको थियो। घाइतेको उपचार हेल्थकेयर अस्पताल गण्डकमा भयो। यो घटना त्यत्तिकै सेलायो।

**स्वास्थ्य सेवाको अवस्था**

जिल्लामा जिल्ला अस्पताल एक, स्वास्थ्य चौकी ९४, प्राथमिक स्वास्थ्य केन्द्र र सहरी स्वास्थ्य केन्द्र १४ वटा छन्। जिल्लामा ७७ डाक्टरको दरबन्दी रहेकामा ४३ जना कार्यरत छन्। त्यस्तै अहेवको ३ सय ३९ दरबन्दीमध्ये ३ सय ३४ जना कार्यरत छन्।

## सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| बालविवाह | | १ | १ |
| बलात्कार | २ | १२ | १४ |
| विद्यालयमा शारीरिक सजाय | | १ | १ |
| यौन दुर्व्यवहार | १ | ४ | ५ |
| जम्मा | ३ | १८ | २१ |

**महिला अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| कथित बोक्सीको आरोप | १ | ३ | ४ |
| बलात्कार | १ | ३ | ४ |
| बलात्कार प्रयास | | १ | १ |
| बहुविवाह | १ | ७ | ८ |
| घरेलु हिंसा | | १ | १ |
| जम्मा | ३ | १५ | १८ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| हत्या | २ | १ | १ | १० | १४ |

# २.८ पर्सा

**जम्मा जनसङ्ख्या**
६,४८,३८१

**महिला**
३,१२,४५०

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
४

**प्रदेशसभा निर्वाचन क्षेत्र**
८

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
१,७२,५९९

**कामका लागि बाहिरिएका**
८,०५३

**अपाङ्गता भएका**
६,२१५

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
८०

**आश्रित जनसङ्ख्या**
२,८७,५७८




| घटनाको प्रकार | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | महिला | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | १ | २ | ३ |
| बाल अधिकार | | | २२ | १ | २३ |
| महिला अधिकार | | | १४ | | १४ |
| कुटपिट | १ | १ | | | |
| हत्या | | | ५ | | ५ |
| जम्मा | १ | १ | ४२ | ३ | ४५ |

*मानव बेचबिखनका निम्ति प्रयोग हुने मार्गमा पर्ने जिल्लामध्ये एक पर्सा पनि हो। पर्सा आयात निर्यात व्यापारको मुख्य नाका पनि हो । नेपालको प्रवेशद्वारका रूपमा रहेको भारत रक्सौलको सीमामा मानव बेचबिखन नियन्त्रण गर्न सामाजिक सङ्घ/संस्थाका प्रतिनिधि र प्रहरीको क्रियाशीलता हरहमेशा छ । जसले गर्दा मानव बेचबिखनमा संलग्न तस्करहरूलाई यो नाका असहज हुँदै गएको छ। तर पनि विभिन्न बाहानामा सीमाना कटाउने तस्करहरूले सीमा पार गर्ने बेलामा बेच्न लगिएका चेलीहरूलाई एक्लै टेम्पो, रिक्सा वा अन्य सवारीमा छाडिदिने र कसैले सोधिहालेमा रक्सौल सामान किन्न जान लागेको वा अन्य कामले रक्सौलसम्म जान लागेको, आफू वीरगन्जकै हुँ भन्न सिकाएर सीमा पार गराउने प्रयास गरिरहेका छन्।*

*राष्ट्रिय मानव अधिकार आयोगले २०७५ भदौ २५ गते सार्वजनिक गरेको राष्ट्रिय मानव अधिकार प्रतिवेदनमा मानव बेचबिखनका दृष्टिकोणले १० जिल्लालाई जोखिमपूर्ण भनेको छ। जसमा पर्सा जिल्लासमेत छ। मानव बेचबिखनमा लागेका व्यक्तिले यो नाका असहज हुँदै गएपछि पर्साको ग्रामीण क्षेत्र ठोरी, सुर्वणपुरका नाका प्रयोग गर्न थालेका छन् । त्यसैले पर्सा भएर हुने मानव बेचबिखन घटना बढ्दो छ। ती सबै घटना जिल्ला प्रहरी कार्यालय पर्सामा दर्ता भएका छन्। तर ती घटनाका पीडित भने कुनै पनि यो जिल्लाका छैनन्। पीडा जहाँ हुन्छ त्यो स्थानमा जोखिममा हुन्छ*

*कि गिरफ्तार गरेर पीडितलाई न्याय दिने प्रक्रिया प्रारम्भ गर्ने भूगोल जोखिममा हुन्छ ? भन्ने कुराको सही निरुपण हुन जरुरी छ।*

*पर्सामा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा सन् २०१७ मा ३० महिला र दुई पुरुष गरी ३२ जना पीडित भएका थिए। सन् २०१८ मा ४३ महिला र तीन पुरुष गरी ४६ जना पीडित भए।*

## धम्की/कुटपिट

### राज्यपक्षबाट

१५ वर्षीया मुनी पासवानको २०७४ माघ ७ गते बिहान ११ बजे इलाका प्रहरी कार्यालय नगवामा कार्यरत २८ वर्षीय प्रहरी जवान दीपेन्द्र झाले प्रहार गरेको लठ्ठी लागेर देब्रे आँखा फुट्यो । वीरगन्ज मनपा–१६ स्थित भुटनदेवी मन्दिरमा बस्ने पासवानको आँखा नै फुटेको उनका बुबा भुषण पासवानले बताए । मुनीका बुबाले उपचारका लागि सोही दिन नारायणी उपक्षेत्रीय अस्पताल पुऱ्याएकामा त्यहाँ उपचार हुन नसकेपछि सोही दिन परवानीपुरस्थित केडिया आँखा अस्पताल पुऱ्याइएको थियो । जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी राजन लिम्बूले प्रहरी जवानलाई आवश्यक कारवाहीका लागि जिल्ला कार्यालय झिकाइएको बताए । भुटनदेवी मन्दिरमा गाँजा खानेहरूको भिड हुन थाल्यो भन्ने सूचना आएका आधारमा पुगेका प्रहरीले गाँजा खानेलाई तर्साउन खोज्दा हातको लठ्ठी उछिट्टिएर गोठमा काम गर्दै गरेकी मुनीलाई चोट लागेको उनले बताए । पीडित पक्षले उजुरी भने दिएनन्।

## कारागार र बन्दी

'ख' श्रेणीको जिल्ला कारागारको क्षमता १२ सय ७० जनाको छ। ५ सय २१ कैदी र ७ सय ४५ थुनुवा गरी १ हजार २ सय ६६ जना छन्। जसमा महिला ९८ जना छन्। तीन बालक र आश्रित एक बालिका छन्।

## दुर्व्यवहार

वीरगन्ज मनपा–१० आदर्शनगर निवासी वाइपास दैनिकका प्रकाशक ४० वर्षीय धिरज दारुकामाथि वीरगन्जमा २०७५ कात्तिक ६ गते साँझ एसिड प्रहार भयो । आफ्नै घरआगाडि उभिएका बेला सञ्चार उद्यमी दारुकामाथि दारुकाकै छिमेक घरमा भाडामा बस्दै आएकी २७ वर्षीया मनिता सिंहले एसिड प्रहार गरेको एसपी रेवती ढकालले जानकारी दिए । दारुकाको उपचार कात्तिक ६ गते नारायणी उपक्षेत्रीय अस्पतालमा भयो । कात्तिक ६ गते नै गिरफ्तार भएकी मनितालाई जिल्ला अदालतले कात्तिक १७ गते पुर्पक्षका लागि थुनामा पठायो।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

आठजना न्यायाधीश रहेका जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ८ सय ८५ मध्ये ४ सय ७५ थान फैसला भए देवानी मुद्दातर्फ १८ सय ८२ मध्ये ९ सय ४८ थान फैसला भए। यो अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा ६० र देवानी मुद्दा १ सय ९ थान रहे।

१३ जना न्यायाधीश रहेका उच्च अदालत वीरगञ्ज इजलासबाट यो वर्ष फौजदारी मुद्दातर्फ ९ सय ८१ मध्ये ३ सय ३३ थान फैसला भए भने देवानी मुद्दातर्फ ११ सय ५८ मध्ये ३ सय ८५ थान फैसला भए। यो अदालतमा दुई वर्ष नाघेका देवानी मुद्दा १८ थान रहे।

## बालअधिकार

### शिक्षाको अवस्था

*पर्सामा ३ सय ४ आधारभूत, ५६ निम्न मावि, ३० मावि र २३ उमावि छन्। राहतसहित २ हजार १३ शिक्षक दरबन्दी रहेकामा १३ रिक्त छ। वाल विकास अर्न्तगत ५ सय ८ शिक्षक शिक्षिका कार्यरत छन्।*

*सन् २०१८ मा बालबालिकाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भए। यो वर्ष २२ बालिका र एक बालक गरी २३ बालबालिका पीडित भए। जसमध्ये बलात्कारबाट १४ बालिका, बेचबिखन तथा ओसारपसारबाट ६ बालिका, यौन दुर्व्यवहारबाट दुई बालिका र एक बालक थिए। सन् २०१७ मा भने १२ बालिका पीडित भएका थिए। जसमध्ये बलात्कारबाट सात, यौन दुर्व्यवहारबाट तीन, बालविवाहबाट एक र बेचबिखनबाट एक बालिका थिए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बेचबिखन तथा ओसारपसार | ६ | | ६ |
| बलात्कार | १४ | | १४ |
| यौन दुर्व्यवहार | २ | १ | ३ |
| जम्मा | २२ | १ | २३ |

**परिवारजनबाट हत्या**

१७ वर्षीया छोरी निदुवा धाँगडको हत्या गरेको आरोपमा प्रहरीले जीराभवानी गापाको महादेवपट्टी गम्हरियाका ५० वर्षीय बुधन धाँगडलाई २०७४ चैत १० गते गिरफ्तार गऱ्यो। फागुन २२ गतेदेखि हराइरहेकी निदुवाको शव राष्ट्रिय निकुञ्जको सुवर्णपुरदेखि १० किलोमिटर उत्तर जङ्गल क्षेत्रमा झुण्डिएको अवस्थामा फेला पारी आरोपितले पासो काटेर गाडेको अवस्थामा २०७४ चैत २ गते शव निकालिएको थियो । फागुन २२ गते दाउरा लिन जङ्गल गएकी निदुवा घर फर्केकी थिइनन्। झुण्डिएकी निदुवालाई गाडेपछि घटना शङ्कास्पद बनेको थियो। बुधनलाई जिल्ला अदालतले २०७४ चैत २० गते पुर्पक्षका लागि थुनामा पठायो।

**बेचबिखन तथा ओसारपसार**

१३ र १६ वर्षीया बालिकालाई बेच्न लागेको आरोपमा प्रहरीले सर्लाहीको हरिवन नपा-१० का ३५ वर्षीय नारायण सहनीलाई २०७४ माघ १९ गते गिरफ्तार गऱ्यो । सहनीले बालिकालाई बेच्ने उद्देश्यले वीरगन्ज नाका भएर भारततर्फ लैजान खोज्दा सीमा नाकामा प्रहरीले रोकेको थियो । पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । नारायणलाई जिल्ला अदालतले फागुन १२ गते पुर्पक्षका लागि थुनामा पठायो।

**बलात्कार, यौन दुर्व्यवहार**

१२ वर्षीया बालिकालाई २०७४ चैत १० गते यौन दुर्व्यवहार गरेको भन्दै पीडित पक्षले वीरगन्ज मनपा-२७ बस्ने उदयपुरको घुर्मीका २३ वर्षीय अर्जुन पासवानविरुद्ध चैत ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । बालिकाको स्वास्थ्य परीक्षण नारायणी उपक्षेत्रीय अस्पतालमा चैत ११ गते भयो। चैत १९ गते गिरफ्तार भएका पासवानलाई जिल्ला अदालतले २०७५ मङ्सिर ३० गते तीन महिना कैद र ३ हजार रुपियाँ जरिवानाको सजाय सुनायो।

१० वर्षीया बालिकालाई २०७४ फागुन १६ गते बलात्कार गरेको भन्दै प्रहरीले पोखरिया नपा-४ सतवरियाका २० वर्षीय सुनिल साह तुराहलाई फागुन २३ गते गिरफ्तार गऱ्यो। फागुन १६ गते सुनिलले गाँजाको नसामा बालिकालाई माछा दिन्छु भनी फकाएर बलात्कार गरेको एसपी डा. गणेश रेग्मीले बताए। बालिकाको स्वास्थ्य परीक्षण फागुन १७ गते नारायणी उपक्षेत्रीय अस्पतालमा भयो । बलात्कारका कारण पाठेघरमा चोट पुगेकाले नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार हुन नसकेपछि बालिकालाई काठमाडौँ रिफर गरिएको थियो । सुनिललाई जिल्ला अदालतले २०७५ कात्तिक १४ गते १५ वर्ष कैद सजाय सुनायो।

**महिलाविरुद्ध हुने सबै प्रकारका दुर्व्यवहार**

*यो वर्ष घरेलु हिंसापीडित भन्दै १ हजार ४ सय महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट गरी घर निकाला गरिएका ४ सय, खान/लाउन नदिएको ६ सय १६, विवाह दर्ता र नागरिकता नबनाएको ९०, अर्की श्रीमती ल्याएर हेलाँ गरेको २० र सामान्य घरायसी झगडाका २ सय ७४ घटना छन् । यीमध्ये प्रहरीले ९ सय ६० ओटामा मिलापत्र गरायो । २७ ओटा उजुरी कानुनी प्रक्रियामा छन् । ४ सय १३ उजुरीकर्ता सम्पर्कमा नै नआएका प्रहरीले जनाएको छ।*

*सन् २०१८ मा महिलाविरुद्ध हुने हिंसाका घटना गत वर्षको जस्तै रह्यो। यो वर्ष १४ जना महिला पीडित भए। जसमध्ये बलात्कारबाट आठ, बलात्कार प्रयासबाट दुई, बेचबिखन तथा ओसारपसारबाट तीन र घरेलु हिंसाबाट एकजना थिए। सन् २०१७ मा भने १४ जना महिला पीडित भए । जसमध्ये बलात्कारबाट पाँच, बलात्कार प्रयासबाट पाँच, कथित बोक्सीको आरोपबाट दुई र बेचबिखन प्रयासबाट दुईजना पीडित भए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बेचबिखन तथा ओसारपसार | ३ | ३ |
| बलात्कार | ८ | ८ |
| बलात्कार प्रयास | २ | २ |
| घरेलु हिंसा | १ | १ |
| जम्मा | १४ | १४ |

**बेचबिखन तथा ओसारपसार**

२२ र २३ वर्षीया युवतीले आफूहरूलाई बेचबिखन गर्न लागेको भन्दै ठोरी गापा-४, निर्मल बस्तीकी ३६ वर्षीया सोमरानी लोप्चन र बाराको जीतपुर सिमरा उमनपा-९ अमलेखगन्जकी २६ वर्षीया तीर्थमाया थिङविरुद्ध असार २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । उनीहरूलाई भारतको

बाटो भएर कुवेत पठाउने र जागिर लगाइदिने भन्दै भारततर्फ लग्दै गरेको अवस्थामा ठोरी नाकाबाट प्रहरीले सोही दिन गिरफ्तार गरेको थियो । गिरफ्तार भएका दुवैजनालाई जिल्ला अदालतले २०७५ मङ्सिर १७ गते जनही १० वर्ष कैद र ५० हजार रुपियाँ जरिवानाको सजाय सुनायो ।

२५ वर्षीया महिलाले आफूलाई बेच्न लागेको भन्दै मकवानपुरको थाहा नपा–७ बस्ने १९ वर्षीय रामचन्द्र खत्री र भीमफेदी गापा–३ बस्ने ३६ वर्षीया सीता बिकविरुद्ध मङ्सिर २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन् । कात्तिक ३० गते गिरफ्तार भएका उनीहरूविरुद्ध सङ्गठित अपराधअन्तर्गत अनुसन्धान भइरहेको प्रहरीले जनायो । यस्तो मुद्दामा ६५ दिनसम्म प्रहरीले अनुसन्धान गरी मुद्दा चलाउन पाउने हुँदा यो घटना वर्षको अन्त्यसम्म अनुसन्धानमा नै रह्यो ।

**परिवारजनबाट हत्या**

धोबिनी गापा–३ का २२ वर्षीया सञ्जुदेवी साह र उनकी ८ महिने छोरी रिया साहलाई २०७५ असार १ गते जलाएको आरोपमा पीडित पक्षले सञ्जुका ससुरा ६० वर्षीय लक्ष्मी साह र १६ वर्षीय बालकविरुद्ध सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । उनीहरूको उपचार नारायणी उपक्षेत्रीय अस्पतालमा हुन नसकेपछि असार १ गते नै काठमाडौँ लगिएको थियो । सञ्जुदेवीको उपचार भयो भने रियाको उपचारकै क्रममा काठमाडौँको कीर्तिपुरस्थित वर्निङ सेन्टरमा असार ३० गते मृत्यु भयो । असार १ गते नै गिरफ्तार भएका आरोपितमध्ये लक्ष्मीलाई जिल्ला अदालतले २०७५ असार २२ गते पुर्पक्षका लागि थुनामा पठायो भने बालकलाई बाल सुधार गृह पठायो ।

सखुवा प्रसौनी गापा–५ बलुवाका २० वर्षीया ज्ञान्तीदेवी यादवको २०७४ चैत २ गते कुटपिट गरी हत्या गरेको आरोपमा पीडित पक्षले ५० वर्षीय ससुरा रामबालकप्रसाद यादवविरुद्ध चैत ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । दिउँसो १२ बजेतिर ज्ञान्तीदेवीलाई परिवारका सदस्यले मिलेर कुटपिट गरी हत्या गरेको पीडित पक्षको आरोप छ । शवको पोस्टमार्टम नारायणी उपक्षेत्रीय अस्पतालमा चैत ३ गते भयो । चैत ३ गते गिरफ्तार भएका रामबालकलाई जिल्ला अदालतले चैत २० गते पुर्पक्षका लागि थुनामा पठायो । मृतकका पति २५ वर्षीय रामबाबु यादव फरार रहे ।



*परिवारजनको कुटपिटबाट मृत्यु भएकी ज्ञान्तीदेवी यादव*

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

१८ वर्षीया युवतीलाई २०७४ फागुन १९ गते घरमा कोही नभएका बेला दिउँसो बलात्कार गरेको भन्दै जगरनाथपुर गापा–५ का २७ वर्षीय भरत ठाकुरविरुद्ध पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । युवतीको स्वास्थ्य परीक्षण सोही दिन नारायणी उपक्षेत्रीय अस्पतालमा भयो । आरोपित फरार रहे ।

**दाइजोको निहुँमा हत्या प्रयास**

१८ वर्षीया रविना खातुनलाई छिपहरमाई गापा–४ तुलसीवर्वाका २२ वर्षीय पति साविर मियाँ धोवी, ५२ वर्षीय ससुरा फर्जन मियाँ, ५० वर्षीया सासू शोवायवा खातुन र १७ वर्षीया बालिकाले




*परिवारजनबाट आगो लगाई घाइते बनाइएकी रविना खातुन*

आगो लगाएर हत्या गर्ने प्रयास गरेको भन्दै पीडितले २०७४ चैत २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन् । आफूलाई चैत १३ गते जलाएर कुनै उपचार नगराई घरमै बन्धक बनाएर राखेको रविनाले बताइन् । २१ गते घरबाट भागेर बीरगन्ज मनपा–३ छपकैयास्थित ठूली आमाको घरमा पुग्न सफल भएपछि मात्र उनले उजुरी दिएकी थिइन् । रविनाको उपचार नारायणी उपक्षेत्रीय अस्पतालमा चैत २१ गते भयो । चैत २३ गते गिरफ्तार परेकी शोवायवालाई जिल्ला अदालतले २०७५ वैशाख २० गते साधारण तारिखमा रिहा गर्ने आदेश दियो । अन्य आरोपित गिरफ्तार भएनन् ।

### स्वास्थ्य सेवाको अवस्था

पर्सामा उपक्षेत्रीय अस्पताल एक, जिल्ला अस्पताल एक, प्राथमिक स्वास्थ्य केन्द्र तीन र स्वास्थ्य चौकी ८४ ओटा छन् । जिल्ला अस्पतालमा सातजना डाक्टरको दरबन्दी रहेकामा एकजना स्थायी र पाँचजना करार गरी ६ जना कार्यरत छन् । त्यस्तै प्राथमिक स्वास्थ्य केन्द्रहरूमा दुईजना डाक्टरको दरबन्दी रहेकामा एक/एकजना कार्यरत छन् । अहेवको १ सय ६९ दरबन्दीमध्ये १ सय २० जना कार्यरत छन् ।

## सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बेचबिखन तथा ओसारपसार | ३ | | १ | ४ |
| बलात्कार | २ | २ | १० | १४ |
| यौन दुर्व्यवहार | | २ | १ | ३ |
| जम्मा | ५ | ४ | १२ | २१ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बेचबिखन तथा ओसारपसार | १ | १ | | २ |
| बलात्कार | ३ | | ५ | ८ |
| बलात्कार प्रयास | १ | | १ | २ |
| घरेलु हिंसा | | | १ | १ |
| जम्मा | ५ | १ | ७ | १३ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | ४ | ५ |



# प्रदेश ३

- क्षेत्रफल : २०,३०० वर्ग कि.मि.
- जनसङ्ख्या : ५५,२९,४५२
- साक्षरता प्रतिशत : ६८.४६
- जिल्ला : १३
- निर्वाचन क्षेत्र (प्रतिनिधिसभा) : ३३
- निर्वाचन क्षेत्र (प्रदेशसभा) : ६६
- महानगरपालिका : ३
- उप-महानगरपालिका : १
- नगरपालिका : ४१
- गाउँपालिका : ७४
- कूल वडा सङ्ख्या : १,१२१



# प्रदेश परिचय

## ३

प्रदेश ३ सिन्धुली, रामेछाप, दोलखा, चितवन, मकवानपुर, ललितपुर, काभ्रेपलाञ्चोक, भक्तपुर, काठमाडौँ, धादिङ, सिन्धुपाल्चोक, नुवाकोट र रसुवा गरी १३ जिल्ला मिलाएर बनेको छ। यस प्रदेशको जनसङ्ख्या ५५ लाख २९ हजार ४ सय ५२ छ। यो प्रदेश २० हजार ३ सय वर्ग किलोमिटरमा फैलिएको छ। यसमा प्रतिनिधि सभा निर्वाचन क्षेत्र ३३ ओटा छन् भने प्रदेश सभा निर्वाचन क्षेत्र ६६ ओटा छन्।


यस प्रदेशमा २०.४५ प्रशित तामाङ, १८.२८ ब्राह्मण, १७.२८ क्षेत्री, १६.९१ नेवार, ४.८९ मगर, २.५ कामी, २.२५ गुरुङ, १.६६ थारु, १.५३ राई, १.३५ दमाइ र अन्य जातजातिको सङ्ख्या १२.९० प्रतिशत बसोबास गर्दछन्। यो प्रदेशमा नेपाली ५७.४२, १८.३२ तामाङ, १२.३० नेवार, १.८२ मगर, १.३४ थारु, १.२१ मैथली, ०.९५ गुरुङ, ०.८४ चेपाङ, ०.७६ भोजपुरी, ०.५१ राई र ४.५२ प्रतिशतले अन्य भाषा बोल्छन्।

यो प्रदेशमा नेपालको कूल जनसङ्ख्याको २०.८७ प्रतिशत बसोबास रहेको छ। यो प्रदेशले मुलुकको कूल गार्हस्थ्य उत्पादनमा १७.४६ प्रतिशत योगदान पुऱ्याउँछ। आर्थिक सर्वेक्षण २०७२/७३ अनुसार कूल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३१ प्रतिशत छ। यसरी कृषिमार्फत सबैभन्दा बढी योगदान दिने जिल्ला चितवन (३.५ प्रतिशत) यही प्रदेशमा पर्छ। सङ्घीय सरकारले यो प्रदेशको अस्थायी राजधानी हेटौँडालाई तोकेको छ। प्रदेश सभाको बहुमतले राजधानी कहाँ राख्ने भन्ने निर्णय गर्न सक्ने व्यवस्था भएकाले हाललाई अस्थायी केन्द्र तोकिएको हो। प्रदेश सभालाई राजधानी तोक्नसक्ने अधिकार भए पनि हालसम्म सो विषयमा निर्णय हुन सकेको छैन।

### सन् २०१८ र मानव अधिकार अवस्था

सन् २०१८ मा यस प्रदेशमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ८ सय १९ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यस अवधिमा महिला अधिकारका ३ सय ९७, यातनाका पाँच, धम्कीका दुई, बाल अधिकारका २ सय ८३ जना, जातीय विभेदका घटनामा ६ जना पीडित भएको अभिलेख भयो।

## सन् २०१८ मा घटनाको प्रकार अनुसार पीडित सङ्ख्या



# ३.१ दोलखा




**जम्मा जनसङ्ख्या**
१,८०,०३२

**महिला**
८२,३०२

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
१

**प्रदेशसभा निर्वाचन क्षेत्र**
२

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
४८,०६४

**कामका लागि बाहिरिएका**
१०,१२१

**अपाङ्गता भएका**
५,५८७

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
९५.४१

**आश्रित जनसङ्ख्या**
८६,७७२

*जिल्लामा सन् २०१८ मा बलात्कार र बलात्कार प्रयासका घटनाको उल्लेख्य वृद्धि भएको पाइयो । पाँच वर्षीया बालिकादेखि ४० वर्षीया महिलासमेत पीडित भएका छन् । बलात्कारका अधिकांश घटनामा १४ वर्षदेखि १९ वर्षका ७ युवती पीडित भएका छन् । बलात्कार र बलात्कार प्रयासका घटनाका आरोपित भने १६ वर्षदेखि ७० वर्षका ज्येष्ठ नागरिक समेत रहेका छन् । सम्बन्धित निकायले यो र यस्ता सवालमा केन्द्रित भई कार्यक्रम गर्नु जरुरी भइसकेको छ। यस्ता जघन्य घटनाका सवालमा कानुनी उपचार त होला नै तथापि कानुनले मात्र घटना न्युन हुनुको साटो बढिरहेका छन्।*

*दोलखामा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट सन् २०१७ मा १९ महिला र २४ पुरुष गरी ४३ जना पीडित भएका थिए। सन् २०१८ मा २३ जना महिला पीडित भए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बाल अधिकार | १३ | १३ |
| अपहरण | १ | १ |
| महिला अधिकार | ८ | ८ |
| हत्या | १ | १ |
| जम्मा | २३ | २३ |

## कारागार र बन्दी

श्रेणीविहीन जिल्ला कारागारको क्षमता १७ जनाको छ। तर ७२ कैदी र १५ थुनुवा गरी ८७ जना छन् । पुरुष कारागार निर्माणाधीन रहेकाले महिला कारागारमै पुरुष कैदी र थुनुवा राख्ने गरिएको छ भने महिला कैदी/बन्दीलाई जिल्ला बाहिरका कारागारमा पठाइने गरिएको छ । ६५ वर्षमाथिका दुईजना पुरुष छन् । झण्डै पाँच गुणा कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्दा सुत्न शौचालय र पिउने पानी प्रयोगमा समस्या छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

दुईजना न्यायाधीश रहेका यस जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ६४ मध्ये ८९ थान फैसला भए भने देवानी मुद्दातर्फ १ सय ९९ मध्ये ६२ थान फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा पाँच र देवानी मुद्दा आठ थान छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय ६८ आधारभूत र ८४ मावि छन्। १ हजार ८ सय ५४ जना शिक्षकको दरबन्दी छ। यस वर्ष २० हजार ५ सय ९१ बालक र २१ हजार ६ सय ८६ बालिका भर्ना भए। जिल्लामा भूकम्पपछि निर्माणाधीन विद्यालयमात्र अपाङ्गमैत्री बन्न लागेका छन्। दलित बालक र बालिकाको छात्रवृत्ति पालिकाहरूले वितरण गर्ने भएकाले जिल्लामा विवरण उपलब्ध हुन सकेन। शहीद र द्वन्द्वपीडित परिवारका २७ जना बालबालिकालाई छात्रवृत्ति प्रदान गरियो।*

*सन् २०१८ मा बालबालिकाविरुद्ध हुने हिंसाका घटना गत वर्षको जस्तै रह्यो। यो वर्ष १३ जना बालिका पीडित भए। जसमध्ये बलात्कारबाट १०, यौन दुर्व्यवहारबाट दुई र बालविवाहबाट एकजना थिए। सन् २०१७ मा १० जना बलिका पीडित भए। जसमध्ये बलात्कारबाट चार, यौन दुर्व्यवहारबाट पाँच र बालविवाहबाट एकजना थिए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बालविवाह | १ | १ |
| बलात्कार | १० | १० |
| यौन दुर्व्यवहार | २ | २ |
| जम्मा | १३ | १३ |

### बलात्कार, यौन दुर्व्यवहार

१६ वर्षीया बालिकालाई २०७५ वैशाख ९ गते बलात्कारपछि बेचबिखनको प्रयास गरेको भन्दै पीडित पक्षले विगु गापा-४ का २७ वर्षीय इराज गिरीविरुद्ध वैशाख १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। बालिकालाई पटक-पटक बलात्कार गरी बेचबिखनको उद्देश्यले भारत लैजान खोज्दा प्रहरीले काकडभिट्टाबाट गिरफ्तार गरेको थियो। बालिका गर्भवती भएको थाहा पाएपछि गर्भ तुहाउन लैजाँदा गिरफ्तार भएको परिवारले बताए। बालिकाको स्वास्थ्य परीक्षण २०७५ वैशाख ९ गते प्राथमिक स्वास्थ्य केन्द्र, चरिकोटमा भयो। वैशाख ९ गते गिरफ्तार भएका इराजलाई जिल्ला अदालतले वैशाख २७ गते ६५ हजार रुपियाँ धरौटी मागेकामा धरौटी बुझाउन नसक्दा सोही दिनदेखि पुर्पक्षका लागि थुनामा छन्

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव तथा दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै १ सय ७ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा मानसिक यातनाका ४२, शारीरिक यातनाका ५९ र आर्थिक यातनाका ६ घटना छन्। जसमध्ये ३९ ओटामा मिलापत्र भयो भने ११ ओटा कानुनी प्रक्रियामा छन्। ५७ ओटा उजुरीउपर कारबाही बाँकी रहे।*

*सन् २०१८ मा महिलाविरुद्ध हुने हिंसाका घटना गत वर्षको जस्तै रह्यो। यो वर्ष आठजना महिला पीडित भए। जसमध्ये बहुविवाहबाट पाँच, बलात्कारबाट दुई र बलात्कार प्रयासबाट एकजना थिए। सन् २०१७ मा ६ जना महिला पीडित भएका थिए। जसमध्ये बलात्कार बाट दुई, बलात्कार प्रयासबाट तीन र बहुविवाहबाट एकजना थिए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | २ | २ |
| बलात्कार प्रयास | १ | १ |
| बहुविवाह | ५ | ५ |
| जम्मा | ८ | ८ |

### परिवारजनबाट हत्या

जिरी नपा-९ की ३३ वर्षीया राममाया तामाङलाई घरमै बसेका बेला २०७५ मङ्सिर १० गते ३५ वर्षीय पति तस्बिर तामाङले काठको मुस्ली (चिर्पट) ले हिर्काइ हत्या गरेको भन्दै प्रहरीले मङ्सिर १२ गते गिरफ्तार गर्‍यो। घरायसी विवादमा मुस्लीले टाउको र अनुहारमा हिर्काइ हत्या गरेको प्रहरीले जनायो। तस्बिरलाई जिल्ला अदालतले पुस ५ गते पुर्पक्षका लागि थुनामा पठायो।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

२१ वर्षीया युवतीलाई २०७५ जेठ ३ गते बलात्कार प्रयास गरेको भन्दै पीडित पक्षले भीमेश्वर नपा–७ का ३५ वर्षीय हरि शाहविरुद्ध साउन ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। घरमै सुतेका बेला मुख थुनी बलात्कार प्रयास गरेकामा हिर्काउँदै भाग्न सफल भएको पीडितले बताइन् । युवतीको स्वास्थ्य परीक्षण साउन ८ गते प्राथमिक स्वास्थ्य केन्द्र चरिकोटमा भयो । साउन २९ गते झापा जिल्लाको चारआलीबाट गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले भदौ १९ गते पुर्पक्षका लागि थुनामा पठाउने आदेश दियो।

**स्वास्थ्य सेवाको अवस्था**

जिल्लामा एक अस्पताल, तीन प्राथमिक स्वास्थ्य केन्द्र र ५२ स्वास्थ्य चौकी छन् । जिल्लामा पाँच डाक्टरको दरबन्दी रहेकामा चारजना कार्यरत छन्। त्यस्तै अहेवको १ सय ६६ दरबन्दी रहेकामा १ सय ३८ जना कार्यरत छन्।

**सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बालविवाह | | | १ | १ |
| बलात्कार | १ | १ | ८ | १० |
| यौन दुर्व्यवहार | | | २ | २ |
| जम्मा | १ | १ | ११ | १३ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | | २ | २ |
| बलात्कार प्रयास | | | १ | १ |
| बहुविवाह | १ | १ | ३ | ५ |
| जम्मा | १ | १ | ६ | ८ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ |

# ३.२ सिन्धुपालचोक




**जम्मा जनसङ्ख्या**
२,८०,९६०

**महिला**
१,४७,७२३

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
२

**प्रदेशसभा निर्वाचन क्षेत्र**
४

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
७२,६१३

**कामका लागि बाहिरिएका**
१९,७१२

**अपाङ्गता भएका**
६,६०८

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
९८.८५

**आश्रित जनसङ्ख्या**
१,२२,७८९

| घटनाको प्रकार | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | २० | | २० |
| महिला अधिकार | | | १८ | | १८ |
| जातीय विभेद | | | | २ | २ |
| यातना | ३ | ३ | | | |
| हत्या | | | २ | ४ | ६ |
| जम्मा | ३ | ३ | ४० | ६ | ४६ |

२०७२ साल वैशाख १२ र २९ गतेको भूकम्पमा परी सिन्धुपाल्चोकका १ हजार ५ सय ६९ जना महिला, १ हजार ४९ जना पुरुष र ९ सय ५२ बालबालिका गरी ३ हजार ५ सय ७० जनाको ज्यान गएको थियो। त्यसैगरी तीनजना महिला र चारजना पुरुष गरी ७ जना बेपत्तै छन्। १ हजार ५ सय ६९ जना अपाङ्ग भए। ८७ हजार एउटा निजी घर घर ध्वस्त भए भने ५ सय २७ ओटा विद्यालय, ७५ ओटा स्वास्थ्य संस्था, ४१ ओटा सरकारी कार्यालय, २५ ओटा प्रहरी कार्यालय र ६ सय ३२ ओटा गुम्बा/मन्दिरसमेत नष्ट भए। १० हजार ३ सय ७३ परिवार आ नो थातथलो छाडेर सुरक्षित स्थानमा बिस्थापित हुनुपर्‍यो।

तर पनि पुनर्निर्माणको काम पूरा हुन सकेन। यही कारण अझै पनि कैयौँ परिवार पालमुनि बसेर जीविकोपार्जन गर्न बाध्य छन्। सबै विद्यालय पुनर्निर्माण भइनसक्दा बालबालिका अस्थायी टहरोमा बसेर पठनपाठन गर्न बाध्य छन्। स्वास्थ्य संस्था तथा प्रहरी चौकीहरू अस्थायीरूपमा सञ्चालन गर्नुपर्दा सेवा दिने र लिने दुवै प्रभावित भएका छन्। यस वर्षको अन्त्यसम्म ५७ हजार ८५ निजी घर पुनर्निर्माण भए पनि २७ हजार १ सय १२ निजी घर पुनर्निर्माणकै अवस्थामा छन्। २ हजार ८ सय ४ ओटा घरको त पुनर्निर्माण कार्य नै सुरु भएका छैनन्। त्यसैगरी २ सय ८० ओटा विद्यालयको पुनर्निर्माण हुनै बाँकी छन्।

सिन्धुपाल्चोकमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा सन् २०१८ मा ४० महिला र नौ पुरुष गरी ४९ जना पीडित भएको अभिलेख

*भयो । सन् २०१७ मा २३ महिला र तीन पुरुष गरी २६ जना पीडित भएको अभिलेख भएको थियो ।*

### कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता सातजना महिलाको छ । तर ८६ कैदी र १८ थुनुवा गरी १ सय ४ जना पुरुष छन् । महिला छैनन् । महिलालाई काभ्रे, काठमाडौँलगायत कारागार पठाउने गरिएको छ । २०७२ सालको भूकम्पमा भत्किएको कारागारको महिला गृह यस वर्षदेखि सञ्चालनमा आएको हो भने पुरुष बन्दी गृह अझै सञ्चालनमा आएको छैन । ६५ वर्षमाथिका २३ पुरुष छन् । क्षमताभन्दा बढी कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ । खेलकुद सामग्री, शौचालय, पुस्तकालय आदि अभाव छ । सिपमूलक तालिमको पनि व्यवस्था छैन ।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एकजना न्यायाधीश रहेका यस जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ २ सय ५२ थान दर्ता भए । अघिल्लो वर्षको जिम्मेवारी सरेर आएकोसहित यस वर्ष ३ सय २५ थान मुद्दा फैसला भए । देवानी मुद्दातर्फ यस वर्ष २ सय ७ थान मुद्दा दर्ता भएकामा अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका मुद्दासमेत गरी २ सय ४९ थान फैसला भए ।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*जिल्लामा ४ सय १४ आधारभूत र १ सय ४८ मावि छन् । २ हजार ५ सय ७६ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन् । यस वर्ष १४ हजार ९ सय ८५ बालक र १५ हजार ७ सय ८९ बालिका विद्यालय भर्ना भए । जिल्लामा १२ अपाङ्गमैत्री विद्यालय छन् । २ हजार ३ सय ७८ दलित बालक र २ हजार ६ सय ५३ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो । साथै शहीद तथा द्वन्द्वपीडित परिवारका १५ जना बालबालिकालाई पनि छात्रवृत्ति दिइयो ।*

*सन् २०१८ मा बालबालिकाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भए । यो वर्ष २० जना बालिका पीडित भए । जसमध्ये बलात्कारबाट १३ र यौन दुर्व्यवहारबाट सातजना थिए । सन् २०१७ मा ११ बालिका पीडित भएका थिए । जसमध्ये बलात्कार बाट सात र यौन दुर्व्यवहारबाट चारजना थिए ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १३ | १३ |
| यौन दुर्व्यवहार | ७ | ७ |
| जम्मा | २० | २० |

**बलात्कार, यौन दुर्व्यवहार**

१५ वर्षीया बालिकालाई २०७४ चैत ८ गते बलात्कार गरेको भन्दै पीडित पक्षले काभ्रेपलान्चोकस्थित चौरीपोखरी गापा-१ का २४ वर्षीय ऋषि प्रधानविरुद्ध चैत ९ गते इलाका प्रहरी कार्यालय बाह्रबीसेमा उजुरी दिए । बालिकाको स्वास्थ्य परीक्षण चैत ९ गते स्वास्थ्य केन्द्र बाह्रबीसेमा भयो । चैत ९ गते गिरफ्तार भएका ऋषिलाई जिल्ला अदालतले २०७५ जेठ २१ गते ६ वर्षको कैद सजाय सुनायो ।

### महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै १ सय ३७ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट गरिएका ७१ घटना छन् भने खान/लाउन नदिएर बेवास्ता गरेको ३१, गालीगलौज गरी घर निकाला गरेको ३३ र धाकधम्की दिएका दुई घटना छन् । यीमध्ये प्रहरीले ८९ ओटामा मिलापत्र गरायो भने ४६ घटनामा आवश्यक कारबाही जारी रहेको तथा दुईओटा उजुरी कानुनी प्रक्रियामा छ ।*

*सन् २०१८ मा महिलाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भए । यो वर्ष १८ जना महिला पीडित भए । जसमध्ये बलात्कारबाट आठ, यौन दुर्व्यवहारबाट चार, बहुविवाहबाट तीन, कथित*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बेचबिखन तथा ओसारपसार | १ | १ |
| कथित बोक्सीको आरोप | १ | १ |
| बलात्कार | ८ | ८ |
| बहुविवाह | ३ | ३ |
| घरेलु हिंसा | १ | १ |
| यौन दुर्व्यवहार | ४ | ४ |
| जम्मा | १८ | १८ |

*बोक्सीको आरोपबाट एक, बेचबिखन तथा ओसारपसारबाट एक र घरेलु हिंसाबाट एकजना थिए। सन् २०१७ मा १२ जना महिला पीडित भए। जसमध्ये घरेलु हिंसाबाट पाँच, बलात्कारबाट चार, बलात्कार प्रयासबाट दुई र कथित बोक्सीको आरोपबाट एकजना थिए।*

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

६५ वर्षीया महिलालाई २०७५ असार ९ गते बलात्कार गरेको भन्दै पीडित पक्षले इन्द्रावती गापा–१ का ४० वर्षीय धनबहादुर भारतीविरुद्ध असार १५ गते इलाका प्रहरी कार्यालय नवलपुरमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण नवलपुर स्वास्थ्य चौकीमा असार १५ गते भयो। असार १५ गते गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले साउन ३ गते पुर्पक्षका लागि थुनामा पठायो।

### घरेलु हिंसा

इन्द्रवती गापा–९ की ३८ वर्षीया मैया तामाङले २०७४ फागुन १३ गते फलामको डण्डी प्रहार गरी टाउको फुटाएको आरोपमा ३० वर्षीय पति रिउले तामाङविरुद्ध इन्सेक प्रतिनिधिको सहयोगमा फागुन १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। महिलाको उपचार फागुन १४ गते जिल्ला अस्पताल, चौतारामा भयो। उनको टाउकोमा १४ टाँका लगाइएको छ भने कोख, ढाडलगायत शरीरका विभिन्न ठाउँमा नीलडाम थियो। १४ गते नै गिरफ्तार भएका रिउलेलाई जिल्ला प्रशासन कार्यालयले २०७४ चैत ४ गते ५ सय रुपियाँ जरिवाना गरी रिहा गर्ने आदेश दियो।



*पतिले फलामको डण्डी टाउकोमा प्रहार गरी घाइते बनाइएकी मैया तामाङ*

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, ७९ ओटा स्वास्थ्य चौकी र तीनओटा प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा छजना डाक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन्। त्यस्तै अहेवको १ सय ६० दरबन्दी रहेकामा १ सय ५४ जना कार्यरत छन्।

**सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बलात्कार | २ | १ | १० | १३ |
| यौन दुर्व्यवहार | | १ | ६ | ७ |
| जम्मा | २ | २ | १६ | २० |

**महिला अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बेचबिखन तथा ओसारपसार | | १ | | १ |
| कथित बोक्सीको आरोप | | १ | | १ |
| बलात्कार | | | ८ | ८ |
| बहुविवाह | | | ३ | ३ |
| घरेलु हिंसा | १ | | | १ |
| यौन दुर्व्यवहार | | | ४ | ४ |
| जम्मा | १ | २ | १५ | १८ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| हत्या | १ | १ | ४ | ६ |

# ३.३ रसुवा




**जम्मा जनसङ्ख्या**
**४२,७७३**

**महिला**
**२२,००७**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**१**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**२**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**१३,३२४**

**कामका लागि बाहिरिएका**
**३,१०८**

**अपाङ्गता भएका**
**१,०१६**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**५९.९**

**आश्रित जनसङ्ख्या**
**१८,७५८**

*२०७२ वैशाख १२ गतेको भूकम्पपछि रसुवाको हाकु, डाँडागाउँ, लाङटाङ र राम्चेबाट बिस्थापित हुन बाध्य परिवारको स्थानान्तरण अझै हुन सकेको छैन । आफ्नो स्वामित्वमा रहेको जग्गा आवास निर्माणका लागि असुरक्षित भएका परिवार लाई राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमार्फत सुरक्षित स्थानमा घडेरी खरिद गर्न २ लाख रुपियाँ अनुदान दिने सरकारी नीतिअनुरूप घडेरीको पुर्जासमेत पाएपछि भने बिस्थापितहरू आवास निर्माण गर्न थालेका छन् । जसमध्ये ३ सय ५ परिवारले आवास निर्माण थालेका छन्। जिल्लाभर १ हजार १ सय ५० भन्दा बढी परिवार जोखिमयुक्त बस्तीमा परेका छन्। जसमध्ये ४ सय १६ परिवारले सरकारी अनुदान २ लाख रुपियाँ लिएर घडेरी खरिद गरेका छन्।*

*बिस्थापितलाई सुरक्षित जग्गा पाउन मुस्किल परेको छ । त्यसैले १ सय ५ परिवारले नुवाकोटमा जग्गा खरिद गरेका छन्। २ लाख रुपियाँ सरकारी अनुदानबाट ४ आना पनि नपाउने भएकाले रसुवामा बासयोग्य जमिन पाउनै मुस्किल छ । जोखिमयुक्त बस्ती स्थानान्तरणका लाभग्राही सूचीमा रहेका ५ सय ९९ परिवारले अझै पुर्जा पाउन बाँकी छ। जिल्लाको उत्तरगया गापा कार्यालय रहेको खाल्टे बगरको क्याम्पमा २ सय ६९ परिवार बिस्थापित अझै जस्ताको छाप्रोमै छन्।*

*रसुवामा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट सन् २०१७ मा ११ महिला र सात पुरुष गरी १८ जना पीडित भएका थिए। सन् २०१८ मा १७ महिला र नौ पुरुष गरी २६ जना पीडित भए।*

| घटनाको प्रकार | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | २ | | २ |
| अपहरण | | | | १ | १ |
| महिला अधिकार | | | १४ | | १४ |
| गिरफ्तारी | ६ | ६ | | | |
| हत्या | | | १ | २ | ३ |
| जम्मा | ६ | ६ | १७ | ३ | २० |

## नागरिक तथा राजनीतिक अधिकार

### सम्मानितरूपले बाँच्न पाउने अधिकार

### हत्या

**अन्यपक्षबाट**

कालिका गापा–५ निवासी डाँडागाउँ माविकी शिक्षिका ३१ वर्षीया चमेली घलेलाई २०७५ साउन ४ गते गोरखा घर बताउने र हाल चितवनमा बस्दै आएका नेपाल प्रहरीका हवलदार ३६ वर्षीय राजेन्द्र तिवारीले हत्या गरेको भन्दै पीडित पक्षले साउन ७ गते काठमाडौँ जिल्ला अदालतमा मुद्दा दर्ता गराए। विवाह गर्ने भन्दै पटक–पटक फोनमा धम्की दिने र भेट्न भनेर बोलाएका तर राजेन्द्र विवाहित भन्ने थाहा पाएपछि चमेलीले विवाह गर्न नमानेकाले मनमैजुस्थित राजेन्द्रको डेरामा लगेर कुटपिट गरी मरणासन्न अवस्थामा राजधानीको महाराजगन्जस्थित त्रिवि शिक्षण अस्पताल पुऱ्याएको पीडितका दाजु मीन पुडासैनीले बताए। आफू चमेलीको पति भएको र उनले विष सेवन गरेका भन्दै साउन ४ गते अस्पताल भर्ना गरेको सूचना पाएपछि चमेलीका आफन्त अस्पताल पुगेका थिए। उपचारकै क्रममा सोही दिन उनको मृत्यु भयो। राजेन्द्रलाई जिल्ला अदालतले भदौ ४ गते पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

### कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर ९६ कैदी र ११ जना थुनुवा गरी १ सय ७ जना छन्। जसमा महिला चारजना छन्। २०३३ सालमा निर्माण भएको यस कारागार भवन जीर्ण छ। कारागारमा झण्डै तीन गुणा कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। पिउने पानी, शौचालय प्रयोग, स्वास्थ्य परीक्षण जस्ता अत्यावश्यक विषयमा समस्या छ।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एकजना न्यायाधीश रहेका यस जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ५९ मध्ये २७ थान फैसला भए भने देवानी मुद्दातर्फ १५ मध्ये तीन थान फैसला भए।

### बाल अधिकार

**शिक्षाको अवस्था**

*यस जिल्लामा आधारभूत १७ र ५५ मावि छन्। ४ सय ७८ शिक्षक दरबन्दी रहेकामा ३१ रिक्त छ। यस वर्ष ६ हजार ९ सय ४९ बालक र ६ हजार २ सय १२ बालिका भर्ना भए। जिल्लामा तीन अपाङ्गमैत्री विद्यालय छन्। १ सय ७ दलित बालक र ९३ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै शहीद एक र द्वन्द्वपीडित परिवारका एक बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १ | १ |
| जम्मा | १ | १ |

*सन् २०१८ मा बालबालिकाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा कमी भए। यो वर्ष दुई बालिका बलात्कारबाट पीडित भए। सन् २०१७ मा चार बालिका पीडित भएका थिए। जसमध्ये बेचबिखनबाट दुई, बलात्कारबाट एक र यौन दुर्व्यवहार बाट एकजना थिए।*

**बलात्कार, यौन दुर्व्यवहार**

१७ वर्षीया बालिकालाई २०७५ असार १६ गते बलात्कार गरेको भन्दै पीडित पक्षले नुवाकोटको विदुर नपा–५ का २२ वर्षीय अमिर तामाङविरुद्ध असार १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। किशोरीको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा असार १७ गते भयो। उजुरी दिएकै दिन गिरफ्तार परेका अमिरलाई जिल्ला अदालतले साउन ७ गते पुर्पक्षका लागि थुनामा पठायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै दुई महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा सामान्य घरायसी झगडाका एक र कुटपिटका एक घटना छन्। दुईओटै उजुरी कानुनी प्रक्रियामा छन्।*

*सन् २०१८ मा महिलाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भए। यो वर्ष १४ जना महिला पीडित भए। जसमध्ये घरेलु हिंसाबाट दुई, बहुविवाहबाट दुई, बलात्काबाट तीन, बलात्कार प्रयासबाट चार, यौन दुर्व्यवहारबाट दुई र बेचबिखन तथा ओसारपसारबाट एकजना थिए। सन् २०१७ मा चारजना महिला पीडित भएका थिए। जसमध्ये घरेलु हिंसाबाट एक, कथित बोक्सीको*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ३ | ३ |
| बलात्कार प्रयास | ४ | ४ |
| बहुविवाह | २ | २ |
| बेचबिखन तथा ओसारपसार | १ | १ |
| घरेलु हिंसा | २ | २ |
| यौन दुर्व्यवहार | २ | २ |
| जम्मा | १४ | १४ |

*आरोपबाट एक, बलात्कार प्रयासबाट एक र प्रसूति सेवाबाट एकजना थिए।*

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

१९ वर्षीया युवतीलाई २०७५ असोज २८ गते बलात्कार गरेको भन्दै पीडित पक्षले सुर्खेतको वीरेन्द्रनगर नपा–४ का ६६ वर्षीय नवीन आचार्यविरुद्ध सोही दिन वेत्रावती प्रहरी चौकीमा उजुरी दिए । युवतीको स्वास्थ्य परीक्षण असोज २९ गते नुवाकोटस्थित त्रिशूली अस्पतालमा भयो । असोज २९ गते गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले कात्तिक १६ गते पुर्पक्षका लागि थुनामा पठायो।

आमाछोदिङ्मो गापा–२ हाकुकी २१ वर्षीया युवतीले आफूलाई २०७५ जेठ १६ गते बेलुकी बलात्कार गरेको भन्दै सोही ठाउँका ३७ वर्षीय सलामबहादुर तामाङविरुद्ध जेठ ३१ गते उजुरी दिइन् । जिल्ला अदालतले असार २६ गते झुठो उजुरी दिएको भन्दै उजुरीकर्तालाई नै १ हजार रुपियाँ जरिबाना र ५ हजार रुपियाँ आरोपित तामाङलाई क्षतिपूर्ति भराउने सजाय सुनायो।

**स्वास्थ्य सेवाको अवस्था**

जिल्लामा एक अस्पताल, एक प्राथमिक स्वास्थ्य केन्द्र र १७ ओटा स्वास्थ्य चौकी छन्। दुई डाक्टरको दरबन्दी रहेकामा एकजना कार्यरत छन् । त्यस्तै अहेवको तीन दरबन्दी रहेकामा सबै कार्यरत छन् । जिल्लाभर १ सय ८० स्वास्थ्यकर्मी दरबन्दी रहेकामा १ सय ५६ जना कार्यरत छन्।


**सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | २ | २ |
| जम्मा | २ | २ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | | ३ | ३ |
| बलात्कार प्रयास | | ४ | | ४ |
| बहुविवाह | १ | | १ | २ |
| बेचबिखन तथा ओसारपसार | | | १ | १ |
| घरेलु हिंसा | | | २ | २ |
| यौन दुर्व्यवहार | | २ | | २ |
| जम्मा | १ | ६ | ७ | १४ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | २ | ३ |

# ३.४ धादिङ




**जम्मा जनसङ्ख्या**
३,३५,१८८

**महिला**
१,८०,४५६

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
२

**प्रदेशसभा निर्वाचन क्षेत्र**
४

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
६२,६२१

**कामका लागि बाहिरिएका**
२२,५३७

**अपाङ्गता भएका**
७,८२७

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
९८

**आश्रित जनसङ्ख्या**
१,४८,७७१

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | १६ | २ | १८ |
| महिला अधिकार | १८ | | १८ |
| हत्या | १ | १ | २ |
| जम्मा | ३५ | ३ | ३८ |

दक्षिणी धादिङको बेनीघाट रोराङ गाउँपालिका–२ चोतेसकी २५ वर्षीया शर्मिला चेपाङका तीन छोरी छन् । उनकी सबैभन्दा ठूली छोरी ११ वर्षकी भइन् । अर्की आठ वर्षकी छिन् । काखमा एक वर्षकी अर्की छिन् । आमासहित तीनै बालिका निकै दुब्लो/पातलो देखिन्छन् । १३ वर्षमै विवाह गरेर बच्चा जन्माएपछि गाउँमै खेतीपाती गरेर बसेकी शर्मिलाका पतिले छोराको आशमा अझै परिवार नियोजन गर्न मानेका छैनन् । त्यसैले उनैलाई थाहा छैन कि अझै कति सन्तान थपिने हुन् । शर्मिलामात्र हैन, सोही स्थानकी २१ वर्षीया सीता चेपाङ पनि दुई बच्चाकी आमा भइसकेकी छिन् । ठूलो बच्चा ६ वर्षको भयो । उनको बिहे पनि १४ वर्षको उमेरमै भएको थियो । चोतेस गाउँका चेपाङ समुदायका यसरी सानै उमेरमा विवाह हुने शर्मिला र सीतामात्रै पनि हैनन्, प्रायः सबैको विवाह १३/१४ वर्षकै उमेरमा भएको देखिन्छ ।

बाल विवाहलाई कानुनले वर्जित गरेको छ तर पनि यो कानुन ती चेपाङ समुदायसम्म भने पुगेको छैन । यही कारण धेरै महिला किशोरी र युवती हुनुअघि नै बच्चा जन्माउँछन् । अनि जीवनभर विभिन्न समस्या बोकेर स्वास्थ्य चौकी धाइरहन्छन् । बेनीघाट रोराङ गाउँपालिकामा २० वर्ष नपुग्दै गर्भवती भएर यस वर्षमात्र २ सय ५८ जना बालिका/किशोरी स्वास्थ्य जाँचका लागि स्वास्थ्य चौकी गए । यसैगरी गजुरी गाउँपालिकाका २ सय ६ जना २० वर्ष नपुग्दै गर्भवती भए । चेपाङ बसोबास क्षेत्र रहेको बेनीघाट रोराङ र गजुरी गाउँपालिकमा बालविवाहको घटना अन्यत्रको

*तुलनामा बढी देखिएको छ।*

*धादिङमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट सन् २०१७ मा ३९ महिला र २७ पुरुष गरी ६६ जना पीडित भए। सन् २०१८ मा ३५ महिला र तीन पुरुष गरी ३८ जना पीडित भए।*

### कारागार र बन्दी

'ख' श्रेणीको जिल्ला कारागारको क्षमता १ सय ५० जनाको छ। तर १ सय ७० कैदी र ५९ थुनुवा गरी २ सय २९ जना छन्। जसमा महिला ११ जना छन्। कारागारमा एक बालक र एक बालिका आश्रित छन्। कारागारमा झण्डै दोब्बर कैदी/बन्दी भएकाले को चिएर बस्नुपर्ने बाध्यता छ। कुहिएको चामल र दूषित पानी खानुपरेको, शौचालय र पुस्तकालय अभाव रहेको, सिपमूलक तालिमको व्यवस्था पनि नभएको गुनासो कैदी/बन्दीले गरे।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक न्यायाधीश रहेका यस जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ २ सय ४८ मध्ये १ सय १३ थान फैसला भए भने देवानी मुद्दातर्फ ३ सय २२ मध्ये १ सय ६ थान फैसला भए। पुनरावेदनका लागि आएका दुई मुद्दामध्ये दुईओटै बाँकी रहे भने निषेधाज्ञातर्फ एक मुद्दा आएकामा त्यो पनि बाँकी रह्यो।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*जिल्लामा ४ सय २३ आधारभूत र १ सय ३१ मावि छन्। माध्यमिक तहमा ३ सय ७१ शिक्षक दरबन्दी रहेकामा ९५ रिक्त छ। यस वर्ष ३२ हजार ५ सय २६ बालक र ३६ हजार ५ सय १५ बालिका विद्यालय भर्ना भए। जिल्लामा तीन अपाङ्गमैत्री विद्यालय छन्। ५ हजार ५७ दलित बालक र ५ हजार ९ सय ६ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै द्वन्द्वपीडित परिवारका ३७ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

*सन् २०१८ मा बालबालिकाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भए। यो वर्ष १६ बालिका र दुई बालक गरी १८ जना बालबालिका पीडित भए। जसमध्ये बलात्कारबाट नौ बालिका, विद्यालयमा शारीरिक सजायबाट ६ बालिका र दुई बालक तथा यौन दुर्व्यवहारबाट एक बालिका थिए। सन् २०१७ मा १४ बालिका पीडित भएका थिए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बलात्कार | ९ | | ९ |
| विद्यालयमा शारीरिक सजाय | ६ | २ | ८ |
| यौन दुर्व्यवहार | १ | | १ |
| जम्मा | १६ | २ | १८ |

### परिवारजनबाट हत्या

बेनीघाट रोराङ गापा–३ रिचोकटारका तीन वर्षीय आयुष सार्कीलाई २०७५ असार १७ गते बेलुका घरमा खेलिरहेका बेला ४८ वर्षीय काका सीताराम सार्कीले खुर्पाले हानेर हत्या गरेको भन्दै पीडित पक्षले असार १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। शवको पोस्टमार्टम प्राथमिक स्वास्थ्य केन्द्र गजुरीमा असार १८ गते भयो। आरोपित फरार रहे।

### विद्यालयमा शारीरिक सजाय

त्रिपुरासुन्दरी गापा–७ स्थित अचने उमाविमा कक्षा ११ मा अध्ययनरत १६ वर्षीय सिजन अधिकारीलाई २०७४ फागुन ३० गते सोही गापा–७ घर भएका सोही विद्यालयका प्रधानाध्यापक ४२ वर्षीय झयराम सिटौलाले हातमा ब्रासलेट लगाएर आएको आरोपमा कुटपिट गरी घाइते बनाए। ढाड तथा गालामा चोट लागेका बालकको फागुन ३० गते खहरेस्थित निजी मेडिकलमा उपचार भयो। चैत ६ गते विद्यालय स्तरमै मिलापत्र भयो।

### बलात्कार, यौन दुर्व्यवहार

अपाङ्गता भएकी १७ वर्षीया बालिकालाई २०७४ माघ १९ गते बलात्कार गरेको भन्दै पीडित पक्षले सप्तरीको राजविराज नपा–१ का १८ वर्षीय सुशीलकुमार यादवविरुद्ध माघ २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ २० गते भयो। माघ १९ गते गिरफ्तार भएका सुशीललाई जिल्ला अदालतले २०७५ जेठ २ गते पाँच वर्ष कैद सजाय सुनायो भने पीडितलाई महिला तथा बालबालिका कार्यालयबाट १ लाख ५० हजार रुपियाँ क्षतिपूर्ति भराउने आदेश दियो।

६ वर्षीया बालिकालाई २०७४ फागुन १९ गते बलात्कार गरेको भन्दै पीडित पक्षले ज्वालामुखी गापा–७ का ४९ वर्षीय बाबुराम शैडीविरुद्ध जिल्ला प्रहरी कार्यालयमा फागुन २७ गते उजुरी दिए । बालिकाको स्वास्थ्य परीक्षण फागुन २७ गते जिल्ला अस्पतालमा भयो । फागुन २६ गते गिरफ्तार भएका बाबुरामलाई जिल्ला अदालतले २०७५ असार १९ गते ५ वर्ष कैद सजाय सुनायो ।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै १ सय ७८ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट र घर निकालाका ६५, पालनपोषण नगरिएका ५८, शारीरिक मानसिक यातनाका २८, घर निकाला र धम्कीका १२ र भैभगडा गालीगलौजका १५ घटना छन् । यीमध्ये प्रहरीले ७१ ओटामा मिलापत्र गरायो भने १९ उजुरी कानुनी प्रक्रियामा छन् । ८८ उजुरीकर्ता भने सम्पर्कमै आएनन् ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| कथित बोक्सीको आरोप | ३ | ३ |
| बलात्कार | ४ | ४ |
| बलात्कार प्रयास | १ | १ |
| बहुविवाह | २ | २ |
| घरेलु हिंसा | ७ | ७ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | १८ | १८ |

*सन् २०१८ मा महिलाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा कमी भए । यो वर्ष १८ जना महिला पीडित भए । जसमध्ये घरेलु हिंसाबाट सात, बलात्कारबाट चार, बलात्कार प्रयासबाट एक, यौन दुर्व्यवहारबाट एक, कथित बोक्सीको आरोपबाट तीन र बहुविवाहबाट दुईजना थिए । सन् २०१७ मा २१ महिला पीडित भएका थिए । जसमध्ये घरेलु हिंसाबाट १०, बहुविवाहबाट चार, बलात्कारबाट ६ र बलात्कार प्रयासबाट एकजना थिए ।*

### परिवारजनबाट हत्या

बेनीघाट रोराङ गापा–५ कामीगाउँकी ५० वर्षीया बालकुमारी बिकलाई २०७५ असार १४ गते ६५ वर्षीय देवर सेते बिक (कामी) ले कुटपिट गरी हत्या गरेको भन्दै पीडित पक्षले असार १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । सेते र उनकै पत्नी सेतीमायाको झगडा भएका बेला छुट्याउन गएकी बालकुमारीलाई सेतेले लठ्ठीले हानेपछि बेहोस भएकी उनलाई असार २४ गते बेनीघाट स्वास्थ्य चौकी लगिएको थियो । त्यहाँबाट गजुरी प्राथमिक स्वास्थ्य चौकी पठाइएकामा उपचारकै क्रममा सोही दिन मृत्यु भएको थियो । शवको पोस्टमार्टम त्रिवि शिक्षण अस्पताल महाराजगन्जमा असार १५ गते भयो । असार १७ गते गिरफ्तार भएका सेतेलाई जिल्ला अदालतले २०७५ पुस १९ गते ६ महिना कैद सजाय सुनायो ।

### बलात्कार, बलात्कार प्रयास, यौनदुर्व्यवहार

२३ वर्षीया युवतीलाई २०७४ फागुन २ गते बलात्कार प्रयास गरेको भन्दै त्रिपुरासुन्दरी गापा–६ का २५ वर्षीय सीताराम नेपाललाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो । पीडित परिवारले आरोपित विरुद्ध ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । युवतीको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन ४ गते भयो । सीतारामलाई जिल्ला अदालतले चैत ८ गते २ वर्ष ६ महिना कैद सजाय सुनायो ।

### कथित बोक्सीको आरोपमा कुटपिट

नीलकण्ठ नपा–९ मुरलीभञ्ज्याङकी ३५ वर्षीया धनकुमारी श्रेष्ठलाई २०७४ माघ ११ गते सोही गाउँका झाँक्री काम गर्ने ५० वर्षीय टीकाबहादुर गुरुङ र सोही ठाउँकी ४५ वर्षीया लक्ष्मी श्रेष्ठले कथित बोक्सीको आरोपमा कुटपिट गर्नुका साथै अपमानित गरेको भन्दै पीडित पक्षले माघ १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । झाँक्री गुरुङले धनकुमारी बोक्सी भएकी र उनैले गर्दा सीताराम श्रेष्ठ बिरामी पर्ने गरेका बताएपछि धनकुमारीमाथि दुर्व्यवहार भएको थियो । वडाध्यक्षले गाउँमै मिलापत्र गर्ने बताएपछि गिरफ्तार गर्न गएको प्रहरी त्यत्तिकै फर्केको थियो । माघ १४ गते मिलापत्र भए पनि आफूमाथि अझै बोक्सीको आरोप लगाउने गरेको उनले बताइन् ।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र र ४९ स्वास्थ्य चौकी छन् । जिल्लामा पाँचजना डाक्टरको दरबन्दी रहेकामा तीनजना कार्यरत छन् । त्यस्तै हेल्थ असिस्टेन्ट ५४ जनाको दरबन्दी रहेकामा ५२ जना र अहेबको १ सय ६ दरबन्दी रहेकामा ९७ जना कार्यरत छन् ।

**सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | | | | |
|---|---|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | ३ | | | ५ | ९ |
| विद्यालयमा शारीरिक सजाय | | १ | १ | १ | | ३ |
| यौन दुर्व्यवहार | १ | | | | | १ |
| जम्मा | २ | ४ | १ | १ | ५ | १३ |

| महिला अधिकार | | | | | | |
|---|---|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| कथित बोक्सीको आरोप | | | २ | | १ | ३ |
| बलात्कार | २ | | | | २ | ४ |
| बलात्कार प्रयास | | १ | | | | १ |
| बहुविवाह | | १ | | | १ | २ |
| घरेलु हिंसा | | | ५ | २ | | ७ |
| यौन दुर्व्यवहार | | | | | १ | १ |
| जम्मा | २ | २ | ७ | २ | ५ | १८ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ | २ |

# ३.५ नुवाकोट




**जम्मा जनसङ्ख्या**
२,७३,२६७

**महिला**
१,४४,२६१

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
२

**प्रदेशसभा निर्वाचन क्षेत्र**
४

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
५५,८९५

**कामका लागि बाहिरिएका**
१४,३११

**अपाङ्गता भएका**
४,६९०

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
९८.१९

**आश्रित जनसङ्ख्या**
१,१३,५८२

| घटनाको प्रकार | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | २४ | २ | २६ |
| महिला अधिकार | | | २४ | | २४ |
| गिरफ्तारी | १ | १ | | | |
| हत्या | | | २ | ३ | ५ |
| जम्मा | १ | १ | ५० | ५ | ५५ |

*वर्षौंदेखि कमाउँदै आएको जग्गासमेत यहाँका हजारौँ किसानको नाममा दर्ता हुन सकेको छैन। गुठी र बिर्ताका कारण किसानको नाममा जग्गा दर्ता नभएको हो । पुस्तौँदेखि गुठी र बिर्ताको जग्गा भोगचलन गर्दै आएका यस्ता किसानको अन्यत्र जग्गा छैन । त्यही कारण जग्गा बेचेर वा वित्तीय संस्थामा राखेर केही गर्न पाएका छैनन्। भूमि अधिकारको क्षेत्रमा काम गर्नेहरूका अनुसार जिल्लामा ६ हजार ७ सय २३ परिवार गुठीपीडित छन् भने १ हजार ५ सय ४९ परिवार बिर्तापीडित छन् । तारुकाको शिवालय, लच्याङ, घ्याङफेदी, शिखरबेसी, दुईपीपल, गेर्खुलगायतमा हजारौँ रोपनी जग्गा गोसाइँ–कुण्ड, भैरवी र रामचन्द्र गुठीको नाममा छ। यस्तै जिल्लामा १ हजार ५ सय ४९ परिवार किसान बिर्तापीडित छन्। सरकारले गुठी, बिर्ता, बेनिस्सा, स्ववासी, ऐलानी वन क्षेत्रको जग्गा दर्ताको प्रक्रिया थाल्न प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा समिति गठन भएकाले समितिले तत्काल काम थाल्नुपर्ने माग यस्ता पीडितको छ।*

*नुवाकोटमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट सन् २०१७ मा २६ महिला र २० पुरुष गरी ४६ जना पीडित भएका थिए। सन् २०१८ मा ५० महिला र ६ पुरुष गरी ५६ जना पीडित भए। यो वर्ष गिरफ्तारबाट एक पुरुष पीडित भए भने दुई महिला र तीन पुरुषको हत्या भयो।*

## कारागार र बन्दी

'ख' श्रेणीको जिल्ला कारागारको क्षमता महिला २० र पुरुष ५० गरी ७० जनाको छ। तर कैदी र थुनुवा गरी १ सय ७५ जना छन्। कैद तोकिएका १ सय १६ र थुनुवा ५९ जना छन्। महिला १९ जना छन्। पुरुष कक्षतर्फ झण्डै तीन गुणा बढी कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक न्यायाधीश रहेका यस जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ २ सय ५० मध्ये १ सय ४६ थान फैसला भए भने देवानी मुद्दातर्फ २ सय ७२ मध्ये १ सय २२ थान फैसला भए।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा ४ सय ७६ बाल विकास केन्द्र, ३ सय ३८ आधारभूत र १ सय ११ मावि छन्। २ हजार २ सय २५ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन् । यस वर्ष २९ हजार २ सय ३ बालक र ३४ हजार ३ सय ५७ बालिका भर्ना भए। जिल्लामा ५७ अपाङ्गमैत्री विद्यालय छन्। २ हजार ४ सय ५५ दलित बालक र २ हजार ७ सय ३९ दलित बालिकाललाई छात्रवृत्ति प्रदान गरियो।*

*सन् २०१८ मा बालबालिकाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भए। यो वर्ष २४ बालिका र दुई बालक गरी २६ जना बालबालिका पीडित भए । जसमध्ये बलात्कारबाट नौ बालिका, यौन दुर्व्यवहारबाट ६ बालिका, बेचबिखन तथा ओसार पसारबाट सात बालिका, बालविवाहबाट दुई बालिका र नवजात शिशुको हत्याबाट दुई बालक थिए। सन् २०१७ मा भने नौ बालिका पीडित भएका थिए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बेचबिखन तथा ओसारपसार | ७ | | ७ |
| बालविवाह | २ | | २ |
| बलात्कार | ९ | | ९ |
| नवजात शिशुको हत्या | | २ | २ |
| यौन दुर्व्यवहार | ६ | | ६ |
| जम्मा | २४ | २ | २६ |

### हत्या

शिवपुरी गापा–३ को जङ्गलमा नवजात शिशु (बालक) जन्माएर हत्या गरी फालेको अवस्थामा प्रहरीले २०७५ मङ्सिर १३ गते शव फेला पार्‍यो । शवको पोस्टमार्टम मङ्सिर १३ गते जिल्ला अस्पतालमा भयो । कसले जन्माएर हत्या गरेको भन्ने पत्तो लाग्न सकेन।

### बेचबिखन तथा ओसारपसार

१७ वर्षीया बालिका र १८ वर्षीया युवतीलाई २०७५ पुस ६ गते ललाइफकाइ बिक्रीका लागि भारत लैजान लागेको भन्दै पीडित पक्षले तादी गापा–१ का २५ वर्षीय कान्छा तामाङ र १९ वर्षीय बुद्धिमान तामाङविरुद्ध सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । उनीहरूलाई भारततर्फ लैजाँदै गरेको अवस्थामा प्रहरीले दोर्खु पुल नजिकको जङ्गलको सडकमा फेला पारी उद्धार गरेको हो। पुस ६ गते नै गिरफ्तार भएका आरोपितहरूले प्रयोग गरेको ट्याक्सीसमेत प्रहरीले नियन्त्रणमा लियो । यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

### बलात्कार, यौन दुर्व्यवहार

१३ वर्षीया बालिकालाई २०७४ माघ २५ गते बलात्कार गरेको भन्दै पीडित पक्षले विदुर नपा–९ का लाटो माइला भनिने ५५ वर्षीय गोपी सुनार विरुद्ध जिल्ला प्रहरी कार्यालयमा माघ २९ गते उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ २९ गते भयो। उजुरी दिएकै दिन गिरफ्तार परेका गोपीलाई जिल्ला अदालतले २०७५ पुस ४ गते आठ वर्ष कैद र ५० हजार रुपियाँ क्षतिपूर्ति भराउने सजाय सुनायो।

आठ वर्षीया बालिकालाई २०७५ वैशाख २ गते बलात्कार गरेको भन्दै पीडित पक्षले धादिङको धुनिबेसी नपा–६ का २० वर्षीय अर्जुन बलामीविरुद्ध जिल्ला प्रहरी कार्यालयमा वैशाख ९ गते उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा वैशाख ९ गते भयो । उजुरी दिएकै दिन गिरफ्तार परेका अर्जुनलाई जिल्ला अदालतको असोज १६ गतेको आदेशले ६ वर्ष कैद र ५० हजार रुपियाँ क्षतिपूर्ति पीडितलाई भराउने सजाय सुनायो।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ९१ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका सात, खान/लाउन नदिएको १३, विवाह दर्ता र नागरिकता नबनाएको एक, अर्की श्रीमती ल्याएर हेलाँ गरेको सात र सामान्य घरायसी झगडाका ६३ घटना छन्। यीमध्ये प्रहरीले ८७ ओटामा मिलापत्र गरायो भने चार उजुरी कानुनी प्रक्रियामा छन्।*

*सन् २०१८ मा महिलाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भए । यो वर्ष २४ जना महिला पीडित भए । जसमध्ये बहुविवाहबाट १०, बलात्कारबाट पाँच, बलात्कार प्रयासबाट एक, यौन दुर्व्यवहारबाट तीन, जबरजस्ती यौन कार्यमा लगाएका दुई, कथित बोक्सीको आरोपबाट एक, बेचबिखन तथा ओसारपसारबाट एक र घरेलु हिंसाबाट एकजना थिए । सन् २०१७ मा १५ जना महिला पीडित भएका थिए । जसमध्ये घरेलु हिंसाबाट ६, बहुविवाहबाट सात, बलात्कारबाट एक र बेचबिखन प्रयासबाट एकजना थिए ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बेचबिखन तथा ओसारपसार | १ | १ |
| जबरजस्ती यौन कार्यमा लगाएको | २ | २ |
| कथित बोक्सीको आरोप | १ | १ |
| बलात्कार | ५ | ५ |
| बलात्कार प्रयास | १ | १ |
| बहुविवाह | १० | १० |
| घरेलु हिंसा | १ | १ |
| यौन दुर्व्यवहार | ३ | ३ |
| जम्मा | २४ | २४ |

**परिवारजनबाट हत्या**

लिखु गापा–६ की ४५ वर्षीया राममाया तामाङलाई २०७४ फागुन २२ गते ५० वर्षीय पति कृष्णबहादुर लामाले घरमा हत्या गरेको आरोपमा प्रहरीले फागुन २३ गते गिरफ्तार गर्‍यो । शवको पोस्टमार्टम जिल्ला अस्पतालमा फागुन २३ गते भयो । आरोपित विरुद्ध फागुन २३ गते जिल्ला प्रहरी कार्यालयमा मुद्दा दर्ता भएको थियो । आरोपितलाई जिल्ला अदालतले २०७५ कात्तिक ११ गते सर्वस्वसहित जन्म कैदको सजाय सुनायो ।

**बेचबिखन तथा ओसारपसार**

२१ र २६ वर्षीया दुई युवती तथा १५ वर्षीया बालिकालाई २०७५ भदौ २९ गते जिल्ला सदरमुकाम विदुरको एक होटेलमा ल्याई यौन व्यवसाय गर्न बाध्य पारेको आरोपमा प्रहरीले २०७५ भदौ २९ गते विदुर नपा–२ की २२ वर्षीया होटेल सञ्चालक मञ्जु बस्नेत, १२ का २५ वर्षीय मधुसुदन रिमाल, २२ वर्षीय रमेश अर्याल, ५ का ४७ वर्षीय सुरेन्द्र कुमाल र धादिङको नेत्रावती डब्जोङ गाउँपालिका –३ की ४० वर्षीया सुवानी लामालाई गिरफ्तार गर्‍यो । पीडित पक्षले भदौ ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकोमा आरोपितहरूलाई जिल्ला अदालतले असोज २४ गते पुर्पक्षका लागि थुनामा पठायो ।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

२७ वर्षीया अपाङ्गता भएकी महिलालाई २०७५ कात्तिक १२ गते घरमा एक्लै भएका बेला बलात्कार गरेको भन्दै पीडित पक्षले पञ्चकन्या गाउँपालिका–२ कविलासका ४० वर्षीय नवराज पण्डितविरुद्ध जिल्ला प्रहरी कार्यालयमा कात्तिक २२ गते उजुरी दिए । महिलाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा कात्तिक २२ गते भयो । कात्तिक २४ गते गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले मङ्सिर ११ गते पुर्पक्षका लागि थुनामा पठायो ।

**कथित बोक्सीको आरोपमा कुटपिट**

विदुर नपा–१३ की ४३ वर्षीया माइलीमाया थापा मगरलाई सोही ठाउँका ५६ वर्षीय अमरबहादुर थापा मगरले २०७५ असोज १४ गते कथित बोक्सी भन्दै लछारछपार पारी गालीगलौज गरेको भन्दै पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा असोज २३ गते उजुरी दिए । आरोपित फरार रहे ।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

**सम्पत्ति क्षति**

बेलकोटगढी नपा–९ देवीस्थानस्थित सडकमा राखिएको बा २ क ४८९३ र बा १ क ६८८८ स्काभेटरमा २०७५ साउन ७ गते राति आगजनी गरी क्षति पुर्‍याएको भन्दै पीडित पक्षले विप्लव नेतृत्वको नेकपाका १५ जना कार्यकर्ताविरुद्ध साउन ८ गते जिल्ला प्रहरी कार्यालय बिदुरमा उजुरी दिए । धमले–निरञ्जना–नलगाउँ–दुईपीपल सडक निर्माणको काम गरिरहेको नागार्जुन कन्स्ट्रक्सनका ठेकेदार रामबाबु जिसीले उजुरी दर्ता गराएका हुन् । उजुरीमा कपिलवस्तु शिवराज नपा–९ शिवगढीका नेत्रविक्रम चन्द विप्लव, कालीकोट मालकोट–४ सल्लारुखका खड्गबहादुर बिक प्रकाण्ड, सुर्खेतको चौकुने गाउँपालिका–९ विद्यापुरका धर्मेन्द्र बास्तोला, रोल्पाको थवाङ गापा– ३ का सन्तोष बूढा मगर, रुकुम त्रिवेणी गापा–१ का हेमन्तप्रकाश ओली, गोरखाको अजीरकोट गापा–३ की उमा भुजेल, कपिलवस्तुको शिवराज नपा– ९ शिवगढीका चन्द्रबहादुर चन्द,

धादिङको नीलकण्ठ नपा –३ का मोहनबहादुर कार्की, सल्यानका मोहनलाल चन्द, रोल्पाको सुनछहरी गापा–६ का अमर झाँक्री, जाजरकोटको छेडागाड नपा–१ का उदय चलाउने, उदयपुर जिल्लाकी सविता तामाङ, काठमाडौँको तारकेश्वर नपा–६ का सागर तिमल्सिना, ककनी गाउँपालिका–१ का विन्तोष सिलवाल र सुर्खेतको वीरेन्द्रनगर नपा–२० का कृष्ण धमला घटनामा संलग्न भएका दाबी गरिएको छ।

## स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, तीन प्राथमिक स्वास्थ्य केन्द्र, ६४ स्वास्थ्य चौकी, पाँच सामुदायिक स्वास्थ्य क्लिनिक, १ सय ८१ ओटा गाउँघर स्वास्थ्य क्लिनिक, चार नगर स्वास्थ्य क्लिनिक, २ सय ४० खोप केन्द्र र एक सामुदायिक आँखा केन्द्र छन् । जिल्ला अस्पतालमा १७ जना डाक्टरको दरबन्दी रहेकामा दुईजनामात्र कार्यरत छन् । चारजना छात्रवृत्ति करारका डाक्टर कार्यरत छन् । तीन प्राथमिक स्वास्थ्य केन्द्रमा तीन डाक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन् । जिल्लाभर स्वास्थ्य सहायकको ७० दरबन्दी रहेकामा ५१, अहेवको १ सय ४० मा ९९, अनमी १ सय ३७ दरबन्दी रहेकामा १ सय ५, स्टाफ नर्स १५ दरबन्दीमा नौ, ल्याब टेक्निसियन पाँच दरबन्दीमा तीनजना कार्यरत छन् । मेडिकल रेकर्डर एक दरबन्दी रहेकामा रिक्त छ । जिल्लाका सबै स्थानीय तहमा गरी यो वर्ष औषधि खरिदका लागि १ करोड ७ लाख रुपियाँ बजेट छ।

### सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बेचबिखन तथा ओसारपसार | | | ३ | ३ |
| बालविवाह | | १ | १ | २ |
| बलात्कार | १ | २ | ६ | ९ |
| नवजात शिशुको हत्या | १ | | १ | २ |
| यौन दुर्व्यवहार | १ | १ | ४ | ६ |
| जम्मा | ३ | ४ | १५ | २२ |


**महिला अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| बेचबिखन तथा ओसारपसार | | | | १ | १ |
| जबरजस्ती यौन कार्यमा लगाएको | | | | १ | १ |
| कथित बोक्सीको आरोप | | | १ | | १ |
| बलात्कार | | | | ५ | ५ |
| बलात्कार प्रयास | | | | १ | १ |
| बहुविवाह | ५ | | | ५ | १० |
| घरेलु हिंसा | | १ | | | १ |
| यौन दुर्व्यवहार | | | | ३ | ३ |
| जम्मा | ५ | १ | १ | १६ | २३ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | १ | ४ | ५ |

# ३.६ काठमाडौँ




**जम्मा जनसङ्ख्या**
२१,११,६५१

**महिला**
१०,१३,९४१

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
१०

**प्रदेशसभा निर्वाचन क्षेत्र**
२०

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
१,२८,९७३

**कामका लागि बाहिरिएका**
९९,८०५

**अपाङ्गता भएका**
१७,१२२

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
७६.४

**आश्रित जनसङ्ख्या**
६,०३,१२१

| घटनाको प्रकार | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | | ५७ | ७ | ६४ |
| महिला अधिकार | | | | ९९ | | ९९ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | १ | २४ | २५ | | | |
| जातीय विभेद | | | | | २ | २ |
| गिरफ्तारी | | २ | २ | | | |
| हिरासत वा थुनामा मृत्यु | | १ | १ | | | |
| हत्या | | | | २ | १ | ३ |
| जम्मा | १ | २७ | २८ | १५८ | १० | १६८ |

*नेपालको सङ्घीय राजधानी काठमाडौँमा सरकारी आँकडाअनुसार स्थायीरूपमा झण्डै ३० लाख र अस्थायीरूपमा करिब २० लाख मानिस बस्छन् । एक महानगरपालिकासहित ११ स्थानीय तह रहेको यो जिल्ला देशका ७७ ओटै जिल्लाका मानिस बस्ने ठाउँ हो । गत वर्षको तुलनामा यस वर्ष महिला तथा बालबालिकाविरुद्ध हिंसाका घटनामा वृद्धि भए । विशेषगरी बलात्कारका घटना सार्वजनिक हुनेमात्र नभई न्यायका लागि प्रहरीसमक्ष आउने क्रम पनि वृद्धि भएको देखियो ।*

*यस वर्ष ९० प्रतिशतभन्दा बढी घटनाका पीडित र आरोपित दुवै काठमाडौँभन्दा बाहिरबाट आएर बसोबास गर्नेहरू रहेका प्रहरीको प्रतिवेदनले देखायो । वैदेशिक रोजगारीले पनि समाजमा महिला हिंसाका घटना बढेका देखिए । अन्यत्रबाट आइ डेरामा बस्ने महिलाहरू यौन शोषणमा मात्र नभएर आर्थिक शोषणमा समेत परेको पाइयो ।*

*काठमाडौँमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट सन् २०१७ मा १ सय ५३ महिला र २१ पुरुष र ३२ नखुलेको गरी २ सय ६ जना पीडित भएका थिए । सन् २०१८ मा १ सय ५९ महिला र ३७ पुरुष गरी १ सय ९६ जना पीडित भए । यो वर्ष जातीय भेदभावबाट दुई पुरुष पीडित भए ।*

## धम्की/कुटपिट

### राज्यपक्षबाट

प्रहरीले काठमाडौँको तारकेश्वर नपा–५ स्थित गोङ्गबुमा एक मानसिक रोगीलाई २०७५ असोज १ गते निर्घात कुटपिट गर्‍यो । गोरखा घर भएका अन्दाजी ३२ वर्षीय उनलाई सोही स्थानमा एक पसलको पेटीमा सुतेका बेला पसलवालाले हटाउन खोज्दा सामान्य धकेलाधकेल भएपछि प्रहरीले कुटेका थिए । घटनाको भिडियो प्रत्यक्षदर्शी दिल निशानी मगरले सामाजिक सञ्जालमा अपलोड गरेपछि भाइरल भएको

थियो । घटनामा संलग्न प्रहरीलाई विभागीय कारबाही गरिएको एसएसपी वसन्त लामाले जानकारी दिए । घटनामा संलग्न प्रहरीको नाम भने खुलाउन नमिल्ने उनको भनाइ रह्यो ।

## कारागार र बन्दी

काठमाडौँको सुन्धारास्थित केन्द्रीय कारागार को क्षमता १ हजार ५ सयजनाको छ । तर केन्द्रीय कारागारमा १ हजार ५ सय ७७ जना कैदी/बन्दी छन् । जसमा ६ सय ३२ कैदी र ८ सय ४६ थुनुवा छन् । त्यसबाहेक ३६ जना कैदी र ६३ जना थुनुवा गरी ९९ जना विदेशी नागरिक छन् । वि.सं. १९७१ सालमा निर्माण गरिएको सो कारागारको भवन जीर्ण छ भने अन्य सुविधा पुऱ्याउन मुस्किल परिरहेको कारागार प्रशासनले जनाएको छ । कारागारमा विभिन्न रोग तथा चिसोका कारण यो आर्थिक वर्षमा १३ जना कैदी तथा थुनुवाको मृत्यु भयो छ ।

यस्तै सुन्धाराकै भद्र बन्दी गृहको क्षमता ५ सय जनाको छ । तर ४ सय ४० कैदी तथा २ सय ६४ जना थुनुवा छन् । त्यसबाहेक ३६ जना कैदी र १५ थुनुवा गरी ५१ जना विदेशी नागरिक छन् । यसरी यो गृहमा ७ सय ५५ जना कैदी/बन्दी छन् । वि.सं. १९७१ सालमा निर्माण गरिएको सो कारागारको भवन जीर्ण छ ।

सुन्धारामै रहेको महिला कारागारको क्षमता ३ सय जनाको छ तर ९७ कैदी र १ सय ९९ जना थुनुवा छन् । सो कारागारमा आश्रितका रुपमा रहेका ५ जना बालक र ३ बालिका छन् । त्यसबाहेक कारागारमा १० कैदी र १६ थुनुवा गरी २६ जना विदेशी नागरिक छन् । यी तीनवटै कारागारमा ७० वर्ष माथिका २०, क्यान्सर पीडित दुई, एचआइभी एड्स सङ्क्रमित ३३, पक्षघात रोगी १८ र गम्भीर प्रकृतिका रोगी कैदी/थुनुवाको सङ्ख्या ४९ छ ।

यसैगरी डिल्लीबजार कारागारको क्षमता ३ सय जनाको छ । तर ३ सय २४ कैदी र २ सय ६२ गरी ५ सय ८६ जना कैदी/थुनुवा छन् । जसमा ८ कैदी र १४ थुनुवा गरी २२ जना विदेशी नागरिक छन् । वि.सं. १९७८ सालमा निर्मित कारागारका सम्पूर्ण भवन जीर्ण छन् । कैदी तथा थुनुवाको सङ्ख्या थपिँदै जाँदा शौचालय र पानीको व्यवस्थापनमा समस्या उत्पन्न हुने गरेको कारागार प्रशासनले जनाएको छ ।

## मृत्यु

चेक बाउन्स भएपछि ब्याङ्किङ कसुरमा गिरफ्तार परेका तारकेश्वर नपा–५ का रवीन्द्र ढुङ्गानाको फागुन १९ गते प्रहरी नियन्त्रणमा रहेका बेला उपचारको क्रममा वीरअस्पतालमा मृत्यु भयो । मृतककी पत्नी अन्नपूर्ण थापाका अनुसार सोही नपास्थित गुम्दा प्रहरी चौकीका असइ सुरेन्द्र कार्कीले ढुङ्गानालाई गिरफ्तार पुर्जीबिना नै २०७५ कात्तिक १८ गते अनुसन्धानका लागि भन्दै गिरफ्तार गरेका थिए । गिरफ्तारको करिब १० घण्टापछि बल्ल गिरफ्तार पुर्जी दिइएको थियो । एसएसपी वसन्त लामाले भने गिरफ्तार गरेको दिन उनलाई अदालतमा पेश गर्ने सम्भावना नरहेको र भोलिपल्टै उनको मृत्यु भएको बताए । असइ कार्कीले आफूलाई फोन गरी पटक–पटक धम्क्याएको मृतककी पत्नी अन्नपूर्णले जनाइन् । यस घटनाको उजुरी प्रहरीले लिन नमानेको मृतक परिवारको भनाइ छ । तर काठमाडौँ प्रहरी प्रमुख लामाले भने आवश्यक प्रमाण नपुगेपछि असइ कार्कीलाई छाडिएको बताए ।

## अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

काठमाडौँको नयाँ बानेश्वरमा प्रहरी र आन्दोलनकारीबीच २०७४ चैत १४ गते झडप भयो । अवैज्ञानिकरूपमा सडक विस्तार गरेको भन्दै काठमाडौँ उपत्यकाव्यापी सडक बिस्तार पीडित सङ्घर्ष समितिले आयोजना गरेको प्रदर्शनमा प्रहरीले पानीको फोहराका साथै अश्रुग्याससमेत प्रहार गरेको थियो । घटनामा घाइते भएका विद्या श्रेष्ठ, राजु मानन्धर, विजय रत्न, वइजु वाइवा, विष्णुभक्त महर्जनको बानेश्वर स्थित एभरेस्ट अस्पतालमा उपचार भयो । सो क्रममा प्रहरीले कृष्ण मानन्धर, गणपतिलाल श्रेष्ठ, श्यामकृष्ण प्रजापति, रवीन पाण्डे, रमेशमान पिया, मोहन बस्नेत, पवित्र कसजू, महेश कारञ्जित, गौतम मानन्धर, जोगबहादुर महर्जन र उत्तमकुमार वज्राचार्यलाई गिरफ्तार गरी महानगरिय प्रहरी वृत बानेश्वरमा राखेकोमा सोही दिन साँझ रिहा भए ।

विप्लव नेतृत्वको नेकपाका प्रवक्ता खड्गबहादुर विश्वकर्मालाई प्रहरीले २०७५ साउन २२ गते काठमाडौँको चाल्नाखेलबाट गिरफ्तार गऱ्यो । देशका विभिन्न जिल्लामा भएका हिंसात्मक घटनामा संलग्न भएको र अवैध चन्दा असुली गरेको आरोपमा गिरफ्तार गरिएको प्रहरीले जनायो । प्रहरीले उनलाई साउन २७ गते बन्दी प्रत्यक्षीकरणको रिटअन्तर्गत सर्वोच्च अदालतमा उपस्थित गराएको थियो । सर्वोच्च अदालतलेबिकलाई रिहा गर्न आदेश दिए पनि प्रहरीले अदालत परिसरबाटै सोही दिन पुनः गिरफ्तार गऱ्यो । गत वर्षको निर्वाचनका बेला बम बिष्फोट गराएको र सार्वजनिक सम्पत्तिमा क्षति पुऱ्याएको आरोपमा प्रहरीले बयानका लागि जिल्ला अदालत काभ्रे, नुवाकोट, भोजपुर र दाङमा उपस्थित गराएको

थियो । विश्वकर्मालाई रिहा गर्न पटक–पटक आदेश दिँदा पनि त्यसको पालना नभएपछि असोज ९ गते सर्वोच्च अदालतले उनलाई गैरकानुनीरूपमा थुनामा नराख्न र सर्वोच्चकै रजिस्टार राजनप्रसाद भट्टराईको रोहवरमा छाड्न आदेश दिएपछि रिहा भए ।

अदालतको अवहेलना गरेको आरोपमा प्रहरीले शिक्षण अस्पताल महाराजगन्जमा कार्यरत डा. गोविन्द केसीलाई २०७४ पुस २४ गते राति गिरफ्तार गऱ्यो । डा. केसीले सोही दिन दिउँसो पत्रकार सम्मेलन गरी प्रधानन्यायाधीशको राजीनामा माग गर्दै अपराह्न ४ बजेबाट अनशन थालेका थिए । सर्वोच्च अदालतले उनलाई गिरफ्तार गरी पुस २५ गते ९ बजेभित्र अदालत पेश गर्न आदेश दिएको थियो । प्रधान न्यायाधीश गोपाल पराजुलीले गरेका फैसला र उनले अदालतमा पेश गरेका शैक्षिक प्रमाणपत्रमाथि छानबिन गर्न केसीले माग गरेका थिए । सर्वोच्च अदालतले पुस २५ गते डा. केसीलाई साधारण तारेखमा छाड्ने आदेश दियो ।

माओवादी सशस्त्र द्वन्द्वका क्रममा बाल सैनिकका रूपमा काम गरेका २८ वर्षीय लेनिन बिष्टलाई सरकारले थाइल्यान्ड जान लाग्दा २०७५ भदौ ८ गते त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा रोक्यो । काभ्रेको बनेपा नपा–१२ स्थायी घर भएका उनलाई युवासम्बन्धी कार्यक्रममा बैङ्कक जान लाग्दा ब्ल्याक लिस्टमा परेको भन्दै विमानस्थलबाटै फिर्ता गरियो । अदालत र प्रहरीमा आफूविरुद्ध कुनै मुद्दा नभएको अवस्थामा पनि गृह मन्त्रीको आदेशमा रोकिएको र यसबाट स्वतन्त्ररूपले आवतजावत गर्ने आफ्नो अधिकार हनन् भएको उनले बताए । अध्यागमन विभागले भने सरकारसँग अनुमति नलिई विदेश जान लागेकाले रोक्नुपरेको बतायो । यसविरुद्ध बिष्टले सर्वोच्च अदालतमा भदौ १७ रिट दायर गरेकामा अदालतले सोही दिन उनलाई रोक्नुको कारण देखाउन सरकारलाई आदेश दिएको थियो ।



*एयरपोर्टबाट फर्काइएका लेनीन बिष्ट*

१७ औं विश्व संस्कृत सम्मेलनमा सहभागी हुन क्यानडा जान लागेका संस्कृत विश्वविद्यालयका उपकूलपति कुलप्रसाद कोइरालालाई सरकारले २०७५ असार २४ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाटै फर्कायो । सिन्धुली रानीचुरी गापा ७ स्थायी घर भई कामनपा–३१ बस्ने उनलाई विमानस्थलबाट प्रहरीको गाडीमा राखेर प्रधान मन्त्री निवास बालुवाटार पुऱ्याइएको थियो । उपकूलपति कोइरालाले आफू विमान चढ्नै लाग्दा प्रहरीले प्रधानमन्त्रीले बोलाएको भन्दै अपहरण शैलीमा बालुवाटार पुऱ्याएको बताए । उनले यसबारे राष्ट्रिय मानव अधिकार आयोगमा असार ९ गते निवेदन दिएका थिए । आयोगले साउन ४ गते सरकारलाई क्षमायाचना गरी आगामी दिनमा यस्ता घटना नदोहोऱ्याउन निर्देशन दियो ।



*एयरपोर्टबाट फर्काइएका कुलप्रसाद कोइराला*

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

३३ जनाको दरबन्दी रहेको जिल्ला अदालतमा यस वर्ष ३३ ओटै दरबन्दीमा न्यायाधिस कार्यरत छन् । यो अदालतमा यस वर्ष देवानीतर्फ ६ हजार ७ सय ६६ र फौजदारीतर्फ ४ हजार ८ सय ५६ तथा सरकारवादी फौजदारीतर्फ २ हजार ७ सय ९९ मुद्दा दर्ता भए । जसमध्ये देवानीतर्फ २ हजार ४ सय २२, फौजदारीतर्फ २ हजार ८ सय ४० र सरकारवादी फौजदारीतर्फ १ हजार ३ सय ५ थान मुद्दा फैसला भए । जिल्ला अदालतको प्रतिवेदन अनुसार दुई वर्ष नाघेका मुद्दा २ सय ४३ रहेका छन् । जिल्ला अदालतका उपसचिव कृष्ण प्रसाद नेपालले महिला तथा बालबालिका विरुद्ध भएका अपराधका घटनालाई जिल्ला अदालतले प्राथमिकता दिएर फर्स्यौट गर्दै आएका बताए ।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा प्रारम्भिक बाल विकास कक्षा ३ सय १८ विद्यालयमा आधारित, समुदायमा आठ आधारित, १ सय १० आधारभूत विद्यालय, १ सय ६२ माध्यमिक विद्यालय र ११ ओटा प्राविधिक शिक्षालय छन् । यस जिल्लामा अपाङ्गमैत्री विद्यालय नौओटा छन् । यो जिल्लामा सबै तहका गरी ४ हजार ३ सय ५२ शिक्षक दरबन्दी छ । यस वर्ष सरकारले सञ्चालन गरे को विद्यार्थी भर्ना अभियानअन्तर्गत १६ हजार ८ सय ३२ जना बालबालिका विद्यालय भर्ना भए ।*

*सन् २०१८ मा बालबालिकाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा कमी भए । यो वर्ष ५७ बालिका र सात बालक गरी ६४ जना बालबालिका*

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बालश्रम | | १ | १ |
| बलात्कार | ५२ | | ५२ |
| यौन दुर्व्यवहार | ५ | ६ | ११ |
| जम्मा | ५७ | ७ | ६४ |

*पीडित भए। जसमध्ये बलात्कारबाट ५२ बालिका, यौन दुर्व्यवहारबाट पाँच बालिका र ६ बालक तथा बलपूर्वक श्रमबाट एक बालक पीडित भए। सन् २०१७ मा ६५ बालिका र एक बालक गरी ६६ बालबालिका पीडित भएका थिए। जसमध्ये बलात्कारबाट ५० बालिका, यौन दुर्व्यवहारबाट १५ बालिका र नवजात शिशुको हत्याबाट एक बालक पीडित भएका थिए।*

**बलात्कार, यौन दुर्व्यवहार**

१५ वर्षीया बालिकालाई २०७४ फागुन १७ गतेदेखि २७ गतेसम्म बन्धक बनाइ पटक–पटक बलात्कार गरेको आरोपमा बसका चालक/मजदूरहरू सन्तोष घिमिरे, दिवस गड्तौला, सुदीप बजगाईं, भोला तामाङ र चन्द्र सापकोटालाई प्रहरीले चैत २७ गते गिरफ्तार गऱ्यो। सार्वजनिक गाडी चढेकी बालिकालाई फागुन १७ गते बल्खुबाट बसुन्धरामा रहेको एउटा ग्यारेजमा लगी बा ४ ख ३८४१ बसका चालक सन्तोष घिमिरे र सहचालक दिवस गड्तौलाले पहिलो पटक बलात्कार गरेका थिए। भोलिपल्ट सन्तोष घिमिरेले ललितपुरको हरिसिद्धी स्थित कोठामा लगेर ६ दिनसम्म बन्धक बनाइ बलात्कार गरेका थिए। प्रहरीले घिमिरेको कोठाबाट महिलाले प्रयोग गर्ने गर्भ निरोधक औषधिको खोल, दुई बोतल पिसाव र कन्डमहरू बरामद गरेको थियो। बालिका फागुन २४ गते घिमिरेको कोठाबाट भागेकी थिइन्। तर उनलाई बाटोमै भेटेका अर्का बसका सहचालक सुदीप बजागाईंले पुनः बलात्कार गरेका थिए। फागुन २५ गते फेरि पहिलेकै बसका सहचालक दिवस गड्तौलाले फेला पारी सन्तोष घिमिरेकै जिम्मा लगाएका थिए। त्यसपछि पनि घिमिरेले बालिकालाई बलात्कार गरेर फागुन २७ गते सातदोबाटोबाट रिङरोड चल्ने बा २ ख ४१९५ नम्बरको गाडीका चालकलाई जिम्मा लगाएका थिए। सो बसका चालक भोला तामाङ र सहचालक चन्द्र सापकोटाले स्वयम्भुस्थित ग्यारेजमा लगी बलात्कार गरेका थिए। फागुन २८ मा बालिकाको स्वास्थ्य बिग्रिएपछि दुवैले गर्भ निरोधक औषधि र २ सय ५० रुपियाँ थमाएर स्वयम्भुमा अलपत्र छाडेका थिए।

छोरी हराएपछि फागुन १७ गते आमाले दिएको उजुरीका आधारमा बालिकाको पहिचान भएपछि उनलाई आमाको जिम्मा लगाइएको थियो। बालिकाको स्वास्थ्य परीक्षण फागुन २८ गते प्रसूति गृह थापाथलीमा भयो। गिरफ्तार परेकालाई जिल्ला अदालतले २०७५ कात्तिक २४ गते पुर्पक्षका लागि थुनामा पठायो।

आठ वर्षीया बालिकालाई २०७४ फागुन १२ गते बलात्कार गरेको भन्दै पीडित पक्षले रसुवाको कालिका गापा–५ का ५० वर्षीय ज्ञानबहादुर गुरुङविरुद्ध फागुन १५ गते महानगरीय प्रहरी परिसर टेकुमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण प्रसूति गृह, थापाथलीमा फागुन १५ गते भयो। उजुरी दिएकै दिन गिरफ्तार भएका ज्ञानबहादुरलाई जिल्ला अदालतले २०७५ कात्तिक २७ गते पाँच वर्ष कैद सजाय सुनायो।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

*यो वर्ष घरेलु हिंसापीडित भन्दै २ हजार ३ सय २४ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा पति तथा घर परिवारबाट घर निकाला गरिएका ३५, कुटपिटका ७ सय २७, खान/लाउन नदिएको ८ सय ४०, विवाह दर्ता गर्न नमानेको र नागरिकता नबनाइदिएको १५, बहुविवाह गरेर हेलाँ गरेको २४, गाली/बेइज्जती ३ सय ८ र सामान्य घरायसी भैंभगडाका ३ सय ७५ घटना छन्। जसमध्ये प्रहरीले १ हजार ५ सय ३ घटनामा मिलापत्र गरायो। बाँकी उजुरीबारे कानुनी प्रकृयामा रहेका छन्।*

*सन् २०१८ मा महिलाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भए। यो वर्ष ९९ जना महिला पीडित भए। जसमध्ये बलात्कार बाट ५३, बहुविवाहबाट ४० र यौन दुर्व्यवहारबाट ६ जना थिए। सन् २०१७ मा ७४ जना महिला पीडित भए। जसमध्ये बहुविवाहबाट ३०, बलात्कारबाट २९, बलात्कार प्रयासबाट ११, कथित बोक्सीको आरोपबाट*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ५३ | ५३ |
| बहुविवाह | ४० | ४० |
| यौन दुर्व्यवहार | ६ | ६ |
| जम्मा | ९९ | ९९ |

*एक, बेचबिखनबाट एक, घरेलु हिंसाबाट एक र यौन दुर्व्यवहारबाट एकजना थिए।*

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

दरबारमार्गस्थित ल्यान्डमार्ग होटलमा २०७४ माघ ७ गते २१ वर्षीया युवतीमाथि भएको बलात्कार काण्डका मुख्य आरोपित रामेछापस्थित साविकको दुरागाउँ गाविस–३ स्थायी घर भई कामनपा–५, धुम्बाराही बस्ने २२ वर्षीय शैलेश कार्कीलाई प्रहरीले चैत ६ गते गिरफ्तार गर्‍यो। युवतीले २०७४ माघ ८ गते प्रहरीमा उजुरी दिएकी थिइन्। युवतीले सुरुमा आफूलाई कार्कीलगायत अन्य २ जनाले सामूहिक बलात्कार गरेको बताए पनि पछि अरु दुईजना निर्दोष रहेको बताएपछि कार्कीलाई मात्र गिरफ्तार गरिएको प्रहरीले जनायो। युवतीको स्वास्थ्य परीक्षण प्रसूति गृह थापाथलीमा माघ ८ गते भयो। कार्कीलाई जिल्ला अदालतको २०७५ जेठ १० गतेको फैसलाले पुर्पक्षका लागि थुनामा पठायो। सो घटनालाई आर्थिक लेनदेनमा मिलाएको आरोपमा महानगरीय प्रहरी वृत्त दरबारमार्गका तत्कालीन डिएसपी तिलक भारती र इन्स्पेक्टर लक्ष्मणसिंह ठकुरीसमेत कारबाहीमा परेका थिए।

### जातीय विभेद

दलित भन्दै काठमाडौँमा दुईजना पत्रकारलाई घर मालिकले घरबाट निकालेका छन्। २०७४ फागुन २२ गते काठमाडौँमा पत्रकार सम्मेलन गर्दै पत्रकार विक्रम सुनार र मिलन विश्वकर्माले घर मालिकबाट दलित भएकै कारण दुर्व्यवहार खेप्नुपरेको बताए। उनीहरूले काठमाडौँको थापागाउँका श्याप्रसाद गौतम र पत्नी कमला गौतमले दलित भएको भन्दै आफूहरूलाई फागुन २० गते निकालेको बताए। पीडितहरूले पत्रकार सम्मेलनमार्फत आफूहरूलाई जातीय विभेद गर्नेविरुद्ध कारबाही हुनुपर्ने माग गरेका थिए। तर उनीहरुले प्रहरीमा उजुरी नदिएकोले आरोपितलाई कुनै कारबाही भएन।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा १३ केन्द्रीय अस्पताल, ५८ स्वास्थ्य चौकी र आठ प्राथमिक स्वास्थ्य केन्द्र छन्। काठमाडौँ जिल्ला जनस्वास्थ्य कार्यालय अन्तर्गत जिल्लामा १३ विशेषज्ञ डाक्टर दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस्तै स्त्री रोग विशेषज्ञको दरबन्दीअनुसार नै दुईजना कार्यरत छन्। जिल्लामा अहेवको १ सय ९९ दरबन्दी रहेकामा १ सय ९० जना कार्यरत छन्।


**सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बालश्रम | | | १ | १ |
| बलात्कार | १८ | १ | ३२ | ५१ |
| यौन दुर्व्यवहार | ३ | | ८ | ११ |
| जम्मा | २१ | १ | ४१ | ६३ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | २२ | ३१ | ५३ |
| बहुविवाह | ७ | ३३ | ४० |
| यौन दुर्व्यवहार | १ | ५ | ६ |
| जम्मा | ३० | ६९ | ९९ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | ३ | ३ |

# ३.७ भक्तपुर




**जम्मा जनसङ्ख्या**
**३,४३,६३३**

**महिला**
**१,६९,०३७**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**२**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**४**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**३६,९९९**

**कामका लागि बाहिरिएका**
**१०,२१५**

**अपाङ्गता भएका**
**३,२०४**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**९६.५**

**आश्रित जनसङ्ख्या**
**१,०४,६८८**

| घटनाको प्रकार | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | | १ | १ |
| बाल अधिकार | | | २० | | २० |
| महिला अधिकार | | | २० | | २० |
| कुटपिट | | | | २ | २ |
| हत्या | २ | २ | १ | ५ | ६ |
| जम्मा | २ | २ | ४१ | ८ | ४९ |

भूकम्प गएको चार वर्ष पुग्न लागिसक्यो तर, पुनर्निर्माणको काम भने निकै सुस्त गतिमा अघि बढेको छ। विशेषगरि आर्थिक अवस्था कमजोर हुने र सरकारले कित्ताकाट र खेती योग्य जमिनको बिक्रीमा रोक लगाएपछि जग्गा बिक्री गरेर घर बनाउँछु भनेर बसेका भूकम्प पीडित भूकम्पले भत्काएको घर पुननिर्माण गर्न सकेका छैनन् । भक्तपुरका चारओटा नगरपालिका भक्तपुर, मध्यपुरथिमि, सूर्यविनायक र चाँगुनारायणमा आवास पुर्ननिर्माणका लागि पहिलो किस्ता सम्झौता गर्नेको तुलनामा तेश्रो किस्ता र कम लैजाने निकै कम छन् । राष्ट्रिय पुनर्निर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन एकाइ अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार (जीएमएएलआई) भक्तपुरको अनुसार सुरुमा २६ हजार ६६ घर लाभग्राही सूचीमा रहे पनि गुनासो फर्स्यौटबाट थपिएका लाभग्राही १ हजार ५ सय ७८ र छुट सर्वे तथा पुन जाँचबाट थपिएका ६ सय ६४ लाभग्राही गरि हाल भक्तपुरमा कूल २८ हजार ३ सय ८ लाभग्राही सूचीमा छन्।

लाभग्राहीको सूचीमा नपरेका र वास्तविक भूकम्पपीडित नछुट्न् भनेर राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले गुनासो फारमका आधारमा पुनःजाँच एवम् सर्वेक्षण गराउँदा थपिएको नामसहित अब २८ हजार ३ सय ८ लाभग्राही सङ्ख्या पुगेको राष्ट्रिय पुनर्निर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन एकाइ अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार भक्तपुरका प्रमुख ध्रुव गैडाले बताए

झन्झटिलो प्रक्रिया, स्थानीय तहले समयमै सूचना प्रवाह नगरेको, बाटो नभएको र गोरेटो बाटो मात्रै भएकालाई नगरपालिकाले नक्सा पास नगरिदिएको, प्राधिकरणबाट खटिएका इञ्जिनियरहरूको असहयोग, गुठी, मोही, तल्छिनको झञझटिलो समस्याका कारण पनि धेरै भूकम्प पीडित अनुदान सम्झौता गर्न नै गएनन्।

भक्तपुरमा सन् २०१८ मा मानव अधिकार

*उल्लङ्घन तथा ज्यादतीमा ४१ महिला र १० पुरुष गरी ५१ जना पीडित भएको अभिलेख भयो। सन् २०१७ मा २० महिला र सात पुरुष गरी २७ जना पीडित भएको अभिलेख थियो।*

## नागरिक तथा राजनीतिक अधिकार


### सम्मानितरूपले बाँच्न पाउने अधिकार

### हत्या

#### राज्यपक्षबाट

सिन्धुपाल्चोक घर भई मध्यपुर थिमी नपा–७ नगदेशमा डेरा गरी बस्ने २४ वर्षीय अजय तामाङ र २३ वर्षीय गोपाल तामाङको सूर्यविनायक नपा–८ स्थित सामुदायिक वनमा २०७५ साउन २१ गते प्रहरीको गोली लागी मृत्यु भयो । काठमाडौँको पेप्सीकोलाबाट साउन २० गते अपहरण गरी हत्या गरिएका ११ वर्षीय बालक निशान खड्काको घटनामा संलग्नको खोजी गर्ने क्रममा मुठभेड हुँदा दुवै जनाको मृत्यु भएको प्रहरीले जनायो । तर ती युवकहरूलाई प्रहरीले नै डेराबाट गिरफ्तार गरेको प्रत्यक्षदर्शीले इन्सेक लगायतका मानव अधिकारकर्मीलाई बताएका थिए । पीडितहरूको साथबाट एक थान पेस्तोल र दुई राउन्ड गोलीसमेत बरामद गरिएको प्रहरीले जनायो । शवको पोस्टमार्टम त्रिवि शिक्षण अस्पताल काठमाडौँमा साउन २१ गते भयो । पीडितका परिवारले राष्ट्रिय मानव अधिकार आयोगमा छानबिनका लागि उजुरी दिए। घटना अनुसन्धान गर्न उच्चस्तरीय समिति बनाएको मानव अधिकार आयोगले जनाएको भए पनि प्रतिवेदन सार्वजनिक भएन । पीडित पक्षले तामाङद्वयलाई गिरफ्तार गरेर सूर्यविनायक लगी हत्या गरेको आरोप लगाए।

फोटो : टेकराज थामी



*प्रहरीको गोली लागी मारिएका अजय तामाङ र गोपाल तामाङ*

### धम्की/कुटपिट

#### अन्यपक्षबाट

मध्यपुर थिमी नपाका प्रमुख ४३ वर्षीय मदनसुन्दर श्रेष्ठमाथि अपरिचित समूहले २०७५ वैशाख ८ गते साँझ ६ बजे फलामको रड प्रहार गरी घाइते बनायो । उनकै निवास मध्यपुर थिमी नपा–३



*अपरिचित व्यक्तिहरूको समूहले फलामको रड प्रहार गरी घाइते बनाइएका मदनसुन्दर श्रेष्ठ*

गट्ठाघरमा आएको उक्त समूहको आक्रमणबाट दाहिने हात र दाहिने गोडामा चोट लाग्यो । मेयर चढ्ने गरेको बा. ८ च ८७२० नम्बरको गाडीसमेत तोडफोड गऱ्यो । श्रेष्ठको उपचार सोही दिन मध्यपुर अस्पतालमा भयो। घटनामा संलग्न भएको आरोपमा २०७५ जेठ १ गते गिरफ्तार परेका विप्लव नेतृत्वको नेकपाका कार्यकर्ता कुशल बोगटी र सविन लामालाई जिल्ला अदालतले जेठ २८ गते पुर्पक्षका लागि थुनामा पठायो । यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन ।

### बाल सुधार गृह

यो जिल्लामा गैरसरकारी संस्थाको सहयोगमा २०५८ सालदेखि बाल सुधार गृह सञ्चालनमा छ। 'ग' श्रेणीको बाल सुधार गृहको क्षमता १ सय १० जनाको छ। जसमा कैद तोकिएका १ सय र थुनुवा ६८ गरी १ सय ६८ बालबालिका छन्। जसमध्ये १६ जना बालिका छन्।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

पाँच जना न्यायाधीश रहेका यस जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ५ सय ३६ मध्ये ३ सय थान फैसला भए भने देवानी मुद्दातर्फ १ हजार ६ सय ४७ मध्ये ७ सय ९८ थान फैसला भए । यो अदालतमा दुई वर्ष नाघेका फौजदारी १२ र देवानी मुद्दा ५४ थान छन् ।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*यस जिल्लामा ८७ आधारभूत र ४२ मावि छन् । १ हजार ४ सय ४ शिक्षक दरबन्दी रहेकामा १ हजार ३ सय २२ जना कार्यरत छन् । यस वर्ष ७ हजार ५ सय ३९ बालक र ८ हजार ६ सय ७ बालिका विद्यालय भर्ना भए। जिल्लामा तीन अपाङ्गमैत्री विद्यालय छन् । १ हजार ६८ दलित बालक र ९ सय ७५ दलित*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १८ | १८ |
| यौन दुर्व्यवहार | २ | २ |
| जम्मा | २० | २० |

*बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै द्वन्द्वपीडित परिवारका १ सय ८ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

*सन् २०१८ मा बालबालिकाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भए। यो वर्ष २० जना बालिका पीडित भए। जसमध्ये बलात्कारबाट १८ र यौन दुर्व्यवहारबाट दुईजना थिए। सन् २०१७ मा आठ बालिका पीडित भएका थिए।*

**अपहरणपछि हत्या**

सिन्धुपाल्चोक घर भई काठमाडौँको पेप्सीकोला बस्दै आएका ११ वर्षीय बालक निशान खड्का काठमाडौँको काँडाघारीबाट २०७५ साउन २० गते अपहरणमा परेको भन्दै पीडित परिवारले साउन २१ गते महानगरीय प्रहरी वृत्त थिमीमा उजुरी दिए। विद्यालयबाट घर आएपछि खेल्न गएका बालक अबेलासम्म घर नफर्केपछि रातको नौ बजे प्रहरीको १०० नम्बरमा फोन गरी पीडित पक्षले छोरा हराएको जानकारी गराएको थियो। प्रहरीले खोजी गर्ने क्रममा साउन २१ गते बिहान बालकको शव मध्यपुर थिमी नपा–७ को निर्माणाधीन एक घरको आडमा पुरेको अवस्थामा फेला पारेको थियो। बालकको अपहरण घटनामा संलग्नको खोजी गरिरहेको अवस्थामा सूर्यविनायकको जङ्गलमा साउन २१ गते प्रहरीसँगको मुठभेडमा सिन्धुपाल्चोक घर भई थिमी नपा–७ बस्ने २४ वर्षीय अजय तामाङ र २३ वर्षीय गोपाल तामाङको गोली लागी मृत्यु भएको प्रहरीले जनायो। बालकको शवको पोस्टमार्टम त्रिवि शिक्षण अस्पताल काठमाडौँमा साउन २१ गते भयो।

**परिवारजनबाट हत्या**

चाँगुनारायण नपा–१० कमलविनायकका १० वर्षीय बालक प्रतीक गिरीलाई २०७५ जेठ २७ गते ३५ वर्षीय बाबु पहलमान गिरीले खुकुरीले प्रहार गरी हत्या गरेको भन्दै पीडित पक्षले जेठ २८ गते महानगरीय प्रहरी वृत्त जगातीमा उजुरी दिए। शवको पोस्टमार्टम त्रिवि शिक्षण अस्पताल काठमाडौँमा जेठ २ गते भयो। उजुरी दिएकै दिन गिरफ्तार भएका पहलमानलाई जिल्ला अदालतले असोज १९ गते २० वर्ष कैद सजाय सुनायो।

**बलात्कार, यौन दुर्व्यवहार**

१४ वर्षीया बालिकालाई २०७५ असार २६ गते बलात्कार गरेको भन्दै चाँगुनारायण नपा–७ खरिपाटी बस्ने ३२ वर्षीय दीपक चाम्लिङ राई र २६ वर्षीय विजय लामाविरुद्ध पीडित पक्षले असार २८ गते महानगरीय प्रहरी परिसरमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण असार २८ गते प्रसुति गृह थापाथलीमा भयो। उजुरी दिएकै दिन गिरफ्तार भएका आरोपितद्वयलाई जिल्ला अदालतले साउन २९ गते पुर्पक्षका लागि थुनामा पठायो।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

*यो वर्ष घरेलु हिंसापीडित भन्दै २ सय ६ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका १ सय ५, खान/लाउन नदिएको ४८, विवाह दर्ता र नागरिकता नबनाएको ५० र यौनजन्य हिंसाका तीन घटना छन्। यीमध्ये प्रहरीले १ सय ९१ ओटामा मिलापत्र गरायो भने एक उजुरी कानुनी प्रक्रियामा छन्। उजुरी दिएकामध्ये १४ ओटाका पीडित सम्पर्कमै आएनन्।*

*सन् २०१८ मा महिलाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भए। यो वर्ष २० जना महिला पीडित भए। जसमध्ये बलात्कारबाट १२, बलात्कार प्रयासबाट एक, बहुविवाहबाट ६ र घरेलु हिंसाबाट एकजना थिए। सन् २०१७ मा १० जना महिला पीडित भएका थिए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १२ | १२ |
| बलात्कार प्रयास | १ | १ |
| बहुविवाह | ६ | ६ |
| घरेलु हिंसा | १ | १ |
| जम्मा | २० | २० |

**परिवारजनबाट हत्या**

भोजपुरको अरुणवेली गापा–४ घर भई चाँगुनारायण नपा–७ खरीपाटी बस्ने ३० वर्षीया एलिना माझीलाई २०७५ जेठ २५ गते घरमै सुतिरहेका बेला ३२ वर्षीय पति उमेशकुमार माझीले टाउकोमा बन्चरो प्रहार गरी हत्या गरेको भन्दै पीडित पक्षले जेठ २९ गते महानगरीय प्रहरी परिसरमा उजुरी दिए। शवको पोस्टमार्टम त्रिवि शिक्षण अस्पतालमा जेठ २६ गते

भयो। जेठ ३० गते गिरफ्तार भएका उमेशलाई जिल्ला अदालतले असार २५ गते सर्वस्वसहित जन्म कैदको सजाय सुनायो।

**परिवारजनबाट हत्या प्रयास**

सूर्यविनायक नपा–२ बालकोटकी ३६ वर्षीया जयन्ती श्रेष्ठलाई पति ३७ वर्षीय सुमन श्रेष्ठले २०७४ पुस २६ गते स्टिलको पाइपले कुटपिट गरी हत्या प्रयास गरेको भन्दै पीडित पक्षले माघ २ गते महानगरीय वृत्त थिमीमा उजुरी दिए। महिलाको उपचार पुस २६ गते काठमाडौँस्थित अन्नपूर्ण न्युरो अस्पतालमा भयो। माघ २ गते गिरफ्तार भएका सुमनलाई जिल्ला अदालतले फागुन २४ गते पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

१८ वर्षीया युवतीलाई २०७४ चैत ११ गते बलात्कार गरेको भन्दै पीडित पक्षले सिन्धुपाल्चोकको बलेफी गापा–१ घर भई मध्यपुर थिमी नपा–८ बस्ने २८ वर्षीय लोकबहादुर श्रेष्ठ र मकवानपुरको भीमफेदी घर भई मध्यपुर थिमी नपा–८ बस्ने २२ वर्षीय विवेक तामाङविरुद्ध चैत १२ गते महानगरीय प्रहरी वृत्त थिमीमा उजुरी दिए। युवतीको स्वास्थ्य परीक्षण काठमाडौँस्थित प्रसूति गृहमा चैत १२ गते भयो। चैत १४ गिरफ्तार भएका दुवैजनालाई जिल्ला अदालतले २०७५ वैशाख ६ गते पुर्पक्षका लागि थुनामा पठायो।

**स्वास्थ्य सेवाको अवस्था**

जिल्लामा तीन अस्पताल, १९ स्वास्थ्य चौकी र दुई प्राथमिक स्वास्थ्य केन्द्र छन्। भक्तपुर जिल्ला अस्पतालमा डाक्टरको दरबन्दी २२ रहेकामा १५ जना कार्यरत र सात दरबन्दी रिक्त छन्, यसैगरी राष्ट्रिय क्षयरोग केन्द्र, भक्तपुरमा डाक्टर दरबन्दी नेपाल सरकारबाट दुई जना, WHO बाट एक जना, ग्लोवल फन्टबाट एक जना, DANIEN फाउण्डेशनबाट एक गरी पाँच जनाको दरबन्दी रहेकोमा सबै कार्यरत छन्। सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा डाक्टर दरबन्दी ५९ जना रहेकोमा कार्यरत ३३ जना र दरबन्दी रिक्त २६ जना रहेका छन्। यस्तै अहेवको ८६ दरबन्दी रहेकामा ८३ जना कार्यरत छन्। स्टाफ नर्सका ४६ दरबन्दी रहेकामा सबै कार्यरत छन्।

**सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | १७ | १८ |
| यौन दुर्व्यवहार | | २ | २ |
| जम्मा | १ | १९ | २० |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ४ | | ८ | १२ |
| बलात्कार प्रयास | | | १ | १ |
| बहुविवाह | | १ | ५ | ६ |
| घरेलु हिंसा | | | १ | १ |
| जम्मा | ४ | १ | १५ | २० |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | ४ | ३ | ७ |

# ३.८ ललितपुर

**जम्मा जनसङ्ख्या**
**५,३३,४१०**

**महिला**
**२,६२,५४९**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**३**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**६**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**३४,५५४**

**कामका लागि बाहिरिएका**
**२४,३८६**

**अपाङ्गता भएका**
**४,९३४**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**९८.४**

**आश्रित जनसङ्ख्या**
**१,६२,४४७**




संविधानले सिंहदरबारको अधिकार गाउँ–गाउँमा पुऱ्याएको भनिए पनि त्यसको कार्यान्वयनका लागि नागरिक सचेतनाको खाँचो छ । संविधानले स्थानीय तहमा न्यायिक समितिको व्यवस्था गरेको छ । तर स्थानीय तहको न्यायिक समितिमा उजुरी गर्न आवश्यक सचेतनाको खाँचो जिल्लामा टड्कारो देखिएको छ । नागरिकलाई स्थानीय तहको न्यायिक समितिको क्षेत्राधिकारबारे जागरण ल्याउनुपर्ने आवश्यकता छ । एकातिर सर्वसाधारण यसबारे जानकार छैनन् भने अर्कोतिर न्याय निरूपणका लागि न्यायिक समिति संयोजकहरूमा समेत कानुनी साक्षरताको अभाव देखिन्छ । नागरिक सचेतना नहुँदा न्यायिक समितिमा घरेलु हिंसाका उजुरी न्यूनरूपमा मात्र दर्ता हुने गरेका छन् ।

ललितपुरमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट सन् २०१७ मा ६४ महिला र सात पुरुष गरी ७१ जना पीडित भए । सन् २०१८ मा ४९ महिला र पाँच पुरुष गरी ५४ जना पीडित भए । यो वर्ष कुटपिटबाट एक पुरुष, गिरफ्तारबाट दुई पुरुष, जातीय भेदभावबाट एक महिला र धम्कीबाट एक पुरुष पीडित भए भने एक महिलाको हत्या भयो ।

| घटनाको प्रकार | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | २९ | १ | ३० |
| महिला अधिकार | | | १८ | | १८ |
| जातीय विभेद | | | १ | | १ |
| गिरफ्तारी | २ | २ | | | |
| कुटपिट | | | | १ | १ |
| धम्की | | | | १ | १ |
| हत्या | | | १ | | १ |
| जम्मा | २ | २ | ४९ | ३ | ५२ |

## गिरफ्तार

खोजतलास डटकमका प्रधान सम्पादक ४६ वर्षीय राजु बस्नेतलाई 'जनप्रतिनिधि कि जग्गा दलाल' शीर्षकमा दृष्टि साप्ताहिकमा २०७५ भदौ १९ गते प्रकाशित समाचारलाई आफ्नो पत्रिका तथा अनलाइनमा 'हरिसिद्धिको जग्गा गैरकानुनीरूपमा बिक्री गर्न सांसदहरूकै दबाब' शीर्षकमा भदौ २१ गते फरक शीर्षक दिएर प्रकाशित गरेकामा सांसदहरूको इज्जत प्रतिष्ठामा आँच आएको भन्दै प्रहरीले २०७५ भदौ २४ गते गिरफ्तार गऱ्यो । बस्नेतलाई काठमाडौँ जिल्ला अदालतले २०७५ भदौ २९ गते साधारण तारेखमा छाड्ने आदेश दियो । नेपाल पत्रकार महासङ्घले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित भएको भन्दै भदौ २५ गते प्रेस विज्ञप्तिमार्फत सरकारको ध्यानाकर्षण गरायो। साथै यही घटनालाई जोडेर दृष्टि न्युज डटकमका सम्पादक शम्भु श्रेष्ठसँग खोजतलास डटकमका प्रधान सम्पादक राजु बस्नेतले समाचार साभार गर्न अनुमति लिए/नलिएको बारे जबाफ लिन भदौ २७ गते पत्राचार गरी जबाफ मागेको थियो । उनले प्रहरी कार्यालय गई अनुमति नलिएको र साभार गर्ने जतिको आफू जबाफदेही नहुने स्पष्टिकरण दिएको बताए।

## कारागार र बन्दी

'क' श्रेणीको कारागारमा जेलको क्षमता ६ सय जनाको रहेको छ। यो वर्षको अन्त्यतिर १ हजार ४५ जना रहेका छन् त्यस मध्ये कैद तोकिएका ४ सय १ र थुनवा ६ सय ४४ छन्। ती मध्ये ८२ जना विदेशी रहेका छन् भने महिला बन्दी छैनन्। कारागारमा टेलिभिजनको साथै टेलिफोनको पनि सुविधा रहेको छ। ४७ रोपनी क्षेत्रफलमा तीन खण्डका भवन रहेका छन्। शौचालय र बिजुलीको व्यवस्था हुनुकासाथै खुला ठाउँ पनि छ। धाराबाट आउने पानीको सुविधा नभए पनि ट्याङ्करमा ल्याउने पानी अपर्याप्त रहेको छ । कारागारमा १ सय ५० जना कैदीबन्दीहरु मानसिक रोगी रहेका छन् भने उनीहरुको १५/१५ दिनमा मानसिक रोग विशेषज्ञ डा. कृष्ण गौतमले स्वास्थ्य परिक्षण गर्दै आएका छन् । बन्दीहरुलाई पढ्न, लेख्नका लागि पुस्तकालयको पनि व्यवस्था छ । स्वास्थ्य उपचारका लागि जेल भित्र नै अहेवसहित क्लिनिक छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

सात जना न्यायाधीश रहेका यस जिल्ला अदालतबाट यो वर्ष १ हजार ३ सय ७४ फौजदारी मुद्दामध्ये ९ सय २५ थान फैसला भयो भने २ हजार १ सय ५८ देवानी मुद्दामध्ये १ हजार २ सय ३९ थान फैसला भयो। यस अदालतमा दुई वर्षभन्दा पुराना ४ सय २१ फौजदारी र ७ सय ३५ थान देवानी मुद्दा छन्।

२८ जना न्यायाधीश रहेका उच्च अदालतबाट यो वर्ष बन्दी प्रत्यक्षीकरणको ४२ ओटा रिट परेका २१ ओटा खारेज भयो। १० ओटा जारी छ। चार थान मुद्दा, चार थान निवेदन र एक थान पुनरावेदन फिर्ता भए भने दुई निवेदन खारेज भए। यस वर्ष उच्च अदालत पाटनमा यस वर्षका लागि ४ हजार ७ सय ५६ ओटा मुद्दा जिम्मेवारी सरेका थिए । २०७४ पुस १७ देखि ०७५ पुस १६ गतेसम्म दर्ता भएका फौजदारी मुद्दाको सरकारवादीतर्फ २ हजार ६ सय ८१ ओटा उजुरी परे भने दुई हजार नौ सय ५० थान मुद्दा फैसला भए। दुनियाँवादीतर्फ ६ सय ६८ ओटा उजुरी परेका छन् भने ९ सय ८४ थान मुद्दा फैसला भए। १८ महिना नाघेका सरकारवादी मुद्दा १ सय ८७ थान रहेका छन् भने २ वर्ष नाघेका सरकारवादी मुद्दा १ सय ८ थान रहेका छन्। फौजदारी दुनियावादी मुद्दातर्फ १८ महिना नाघेका ५९ थान र दुई वर्ष नाघेका ३१ थान रहेका उच्च अदालत पाटनका रजिष्ट्रार बाबुराम दाहालले जानकारी दिए।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा १ सय १५ आधारभूत र ७५ मावि छन् । १ हजार ९ सय २८ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष १९ हजार ९ सय ६९ बालक र १८ हजार ६ सय ६५ जना बालिका भर्ना भए । जसमा अपाङ्गता भएका १ सय १६ बालिका र १ सय ६५ बालक थिए । जिल्लामा अपाङ्गता मैत्री विद्यालय पाटन मावि र आदर्श सौल युवक मावि गरी दुईओटा मात्र छन् । यो वर्ष १ हजार ६८ बालक र ९ सय ७५ बालिका गरी २ हजार ४३ जना दलित बालबालिकाले छात्रवृत्ति पाए।*

*सन् २०१८ मा बालबालिकाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भए । यो वर्ष २९ बालिका र एक बालक गरी ३० बालबालिका पीडित भए । जसमध्ये बलात्कारबाट २३ बालिका, यौन दुर्व्यवहारबाट ६ बालिका र विद्यालयमा शारीरिक सजायबाट एक बालक थिए। सन् २०१७ मा भने नौ*

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बलात्कार | २३ | | २३ |
| विद्यालयमा शारीरिक सजाय | | १ | १ |
| यौन दुर्व्यवहार | ६ | | ६ |
| जम्मा | २९ | १ | ३० |

*बालिका र एक बालक गरी १० जना बालबालिका पीडित भएका थिए।*

**बलात्कार, यौन दुर्व्यवहार**

१५ वर्षीया बालिकालाई २०७५ भदौ १३ गते बलात्कार गरेको भन्दै पीडित पक्षले गोदावरी नपा–३ शान्तिवन बस्ने ४२ वर्षीय आइते रोक्का सार्कीविरुद्ध २०७५ भदौ १४ गते महानगरीय प्रहरी वृत्त सातदोबाटो मा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण भदौ १४ गते पाटन अस्पतालमा भयो। उजुरी दिएकै दिन गिरफ्तार भएका आइतेलाई जिल्ला अदालतले भदौ २७ गते पुर्पक्षका लागि थुनामा पठायो।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

*यस वर्ष घरेलु हिंसा पीडित भन्दै ३ सय ९४ जना महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। घरायसी झैंझगडामा दर्ता भएका उजुरी मध्ये सबैमा मिलापत्र भयो।*

*सन् २०१८ मा महिलाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा कमी भए। यो वर्ष १८ जना महिला पीडित भए। जसमध्ये बलात्कारबाट १२, यौन दुर्व्यवहारबाट चार र घरेलु हिंसाबाट दुईजना थिए। सन् २०१७ मा ५३ जना महिला पीडित भएका थिए। जसमध्ये घरेलु हिंसाबाट ४७, बलात्कारबाट पाँच र बहुविवाहबाट एकजना थिए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १२ | १२ |
| घरेलु हिंसा | २ | २ |
| यौन दुर्व्यवहार | ४ | ४ |
| जम्मा | १८ | १८ |

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

२० वर्षीया युवतीलाई २०७५ असोज १३ गते बलात्कार गरेको भन्दै पीडित पक्षले महालक्ष्मी नगरपालिका–लुभुका ३० वर्षीय असल खुलाल बस्नेतविरुद्ध असोज २३ गते महानगरीय प्रहरी वृत्त सातदोबाटोमा उजुरी दिए। युवतीको स्वास्थ्य परीक्षण सोही दिन पाटन अस्पतालमा भयो। आरोपित फरार रहे।

**स्वास्थ्य सेवाको अवस्था**

ललितपुरमा सरकारी, निजी र सहकारी गरी २४ ओटा अस्पताल छन्। जिल्लामा केन्द्रीय अस्पताल एक, शिक्षण अस्पताल तीन, जिल्ला अस्पताल एक, स्वास्थ्य चौकी ३८, सहरी स्वास्थ्य केन्द्र छ र प्राथमिक स्वास्थ्य केन्द्र तीनओटा छन्। गोदावरी नपा–११ मा २०७४ सालदेखि २५ शैयाको पाटन जिल्ला अस्पताल सञ्चालनमा आएको छ। २८ जना डाक्टरको दरबन्दी रहेकामा तीनजना कार्यरत छन्। अहेवको १ सय २३ दरबन्दी रहेकामा १ सय १६ जना कार्यरत छन्।

**सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बलात्कार | ५ | | १६ | २१ |
| विद्यालयमा शारीरिक शिक्षा | | १ | | १ |
| यौन दुर्व्यवहार | | | ६ | ६ |
| जम्मा | ५ | १ | २२ | २८ |

**महिला अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बलात्कार | १ | | ११ | १२ |
| घरेलु हिंसा | | २ | | २ |
| यौन दुर्व्यवहार | | | ४ | ४ |
| जम्मा | १ | २ | १५ | १८ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| हत्या | १ | १ |

# ३.९ काभ्रेपलाञ्चोक




**जम्मा जनसङ्ख्या**
३,८०,५०४

**महिला**
१,९९,९१९

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
२

**प्रदेशसभा निर्वाचन क्षेत्र**
४

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
५२,०१८

**कामका लागि बाहिरिएका**
१४,५३१

**अपाङ्गता भएका**
६,६७०

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
६९.८

**आश्रित जनसङ्ख्या**
१,४७,२८५

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | २० | १ | २१ |
| अपहरण | २ | | २ |
| महिला अधिकार | ४७ | | ४७ |
| जातीय विभेद | | १ | १ |
| हत्या | ४ | ५ | ९ |
| जम्मा | ७३ | ७ | ८० |

*साँगा नाका भएर राजधानी भित्रिने तरकारीमा विषादीको प्रयोग बढी भएको भन्दै यस वर्ष पत्रपत्रिकामा निकै समाचार आए। काठमाडौँ भित्रने तरकारीमध्ये ६० प्रतिशत काभ्रेपलान्चोकबाट निर्यात हुन्छ। यस क्षेत्रका किराना पसलमा समेत विषादीको बिक्री बढ्दो छ। कानपुरे र नुभानमात्र नभएर कडाखालका विषादीहरू लुकाएर बेच्नुलाई यहाँका खुद्रा व्यापारी बाध्यता भन्छन्। अभाव र निराशाका कारण विषादी प्रयोग गरेर मर्नेको सङ्ख्या पनि यहाँ बढ्दो छ। विषादी विष हो, औषधि होइन भन्ने कुरा सर्वसाधारणलाई बुझाउन नसक्नु मुख्य समस्या हो। धेरै पहिले रैथाने कीरा मार्ने तौरतरिकाअन्तर्गत मेटासिडको प्रयोग हुन्थ्यो तर आज मेटासिडको प्रयोग गरेर मानिस मर्न थालेका छन्। प्रयोग गर्न सजिलो भएका कारण महिलाहरू पोल्टा–पोल्टामा विषादी बोकेर हिँड्ने र रिस उठ्नेबित्तिकै खाइदिएका कारण आत्महत्याको सङ्ख्या बढेको हो।*

*पाँचखाल नपा-१२ कासकोटेमा २०७५ भदौ २२ गते ग्रामीण स्वावलम्बन बहुउद्देश्यीय सहकारी संस्थाले तिजमा दर खाने कार्यक्रम आयोजना गरी सांसद गोमा भुर्तेललाई बोलाएकामा विषाक्त खानाका कारण दर खाएका उनीसहित ५ सय ६८ जना बिरामी भएर विभिन्न ११ ओटा अस्पतालमा उपचार गर्नुपरेको थियो। पछिल्ला पाँच वर्षमा यस जिल्लामा ५ सय ९० जनाले आत्महत्या गरेकामा २ सय ४० जना विष सेवनबाट मरेका देखिन्छ। सन् २०१८ मा मात्र जिल्लामा ३९ जना विष सेवनबाट मरे।*

*काभ्रेपलान्चोक जिल्लामा सन् २०१८ मा ७३ महिला र सात पुरुष गरी ८० जना पीडित भए। मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट सन्*

*२०१७ मा ५७ महिला र २२ पुरुष गरी ७९ जना पीडित भएका थिए।*

### धम्की/कुटपिट

#### अन्य पक्षबाट

बनेपा नपा–८ स्थित सुमार्ग बचत तथा ऋण सहकारी संस्था लिमिटेडकी प्रबन्धक ३१ वर्षीय नानु सुवाललाई २०७४ माघ २३ गते नमोबुद्ध नपा–२ फूलबारीकी ३० वर्षीया सुमित्रा श्रेष्ठ र काठमाडौँ मनपा–२४ का ४३ वर्षीय रमेशकुमार प्रधानले कार्यकक्षमै प्रवेश गरी कपाल समाएर लछारपछार पारी सिसाको गिलासले टाउकोमा हानेको भन्दै पीडितले २०७४ माघ २६ गते इलाका प्रहरी कार्यालय बनेपामा उजुरी दिइन्। उजुरी दिएकै दिन गिरफ्तार भएका आरोपितमध्ये जिल्ला अदालतले २०७४ फागुन १५ गते सुमित्रा श्रेष्ठलाई ३५ हजार र रमेशकुमार प्रधानलाई १५ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

### कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता ७५ जनाको छ। तर १ सय ३८ कैदी र ८२ थुनुवा गरी २ सय २० जना छन्। जसमा १८ जना मानसिक रोगी छन्। क्षमताभन्दा झण्डै तीन गुणा बढी कैदी/बन्दी भएकाले व्यवस्थापनमा समस्या छ। वि.सं. १९६० सालमा बनेको कारागारको भवन पुरानो र जीर्ण छ।

यो कारागारका नाइके र चौकीदारले बन्दीहरूलाई शोषण गरेको भन्दै २०७४ फागुन २१ गते बन्दीहरूले दिनभर नारा–जुलुस गर्दै उनीहरूलाई कारबाही गर्न स्थानीय प्रशासनको ध्यानाकर्षण गराए। खानालगायत आफूहरूले पाउने सुविधामा कैफियत गरेको भन्दै बन्दीहरू आरोपित मूल नाइके र चौकीदारलगायत सात जनालाई गोलघरमा थुनेर आन्दोलनमा उत्रिएपछि स्थानीय प्रशासन, प्रहरी, अधिकारकर्मी र पत्रकार गएर आरोपितका विषयमा छानबिन समिति बनाइ कारबाही हुने आश्वासन दिएपछि कारागारको ढोका खोलिएको थियो। बन्दीले कारागारको आन्तरिक प्रशासनमा भएका कमजोरीलाई २८ ओटा मागका रूपमा प्रस्तुत गरेका थिए। फागुन २२ गते बनेको छानबिन समितिले बन्दीहरूले अनावश्यक माग गरेको भन्दै १४ जना बन्दीहरूलाई अन्यत्रै सरुवा गर्ने निर्णय भयो।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

तीन न्यायाधीश रहेका यस अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ७ सय ९६ मध्ये ४ सय ७१ थान फैसला भए भने देवानी मुद्दातर्फ १ हजार ७४ थानमध्ये ४ सय ८४ थान फैसला भए। दुई वर्ष नाघेका फौजदारी मुद्दा दुई र देवानी मुद्दा २७ थान छन्।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*यस जिल्लामा आधारभूत विद्यालय ३ सय ६५ र माध्यमिक विद्यालय १ सय ४३ ओटा छन्। निजीस्तरका १ सय ३ र प्राविधिक चारओटा विद्यालय छन्। प्रारम्भिक बाल विकास केन्द्र ४ सय ९६ ओटा छन्। यस जिल्लामा सामुदायिक विद्यालयतर्फ ३ हजार २ सय ६६ शिक्षक कार्यरत छन्। प्राथमिक बालविकास केन्द्रमा ४ सय ९६ सहयोगी छन्। यस वर्ष सामुदायिक विद्यालयमा २८ हजार ३ सय ३२ बालक र ३४ हजार ५१ जना बालिका भर्ना भए। जिल्लामा १ सय ६४ अपाङ्गमैत्री विद्यालय छन्। यस वर्ष शहीद परिवार का एकजना, द्वन्द्वपीडित परिवारका १६ जना, अपाङ्गता भएका १ सय ४९ जना र विपन्न वर्गका ४ सय २३ जना बालबालिकालाई छात्रवृत्ति दिइयो।*

*सन् २०१८ मा बालबालिकाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा कमी भए। यो वर्ष २० बालिका र एक बालक गरी २१ बालबालिका पीडित भए। जसमध्ये बलात्कारबाट १६ बालिका, यौन दुर्व्यवहारबाट दुई बालिका र एक बालक गरी तीन र बालविवाहबाट दुई बालिका पीडित भए। सन् २०१७ मा २२ बालिका पीडित भएका थिए। जसमध्ये बलात्कारबाट १२, यौन दुर्व्यवहारबाट नौ र नवजात शिशुको हत्याबाट एकजना थिए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बालविवाह | २ | | २ |
| बलात्कार | १६ | | १६ |
| यौन दुर्व्यवहार | २ | १ | ३ |
| जम्मा | २० | १ | २१ |

**हत्या**

तेमाल गाउँपालिका-१ सर्स्युखर्कको नौ वर्षीया एलिसा तामाङलाई ०७५ असार २० गते बारा जिल्ला, बारागढी गाउँपालिका-६ गडहल घर भई सोही स्थानमा मजदुरी गर्ने २३ वर्षीय जोखन मन्सुरी र मृतककी दिदी २१ वर्षीया मीना तामाङबीच गोठमा भएको शारीरिक सम्बन्ध देखेको भनी ढुङ्गाले टाउकोमा प्रहार गरी हत्या गरेर गुम्बा नजिकै फ्याकेको अवस्थामा शव फेला पऱ्यो । मृतकका आफन्त भीमबहादुर तामाङले ०७५ असार २१ गते जिल्ला प्रहरी कार्यालय धुलिखेलमा कर्तव्य ज्यान शीर्षकमा उजुरी दिए । शवको पोष्टमार्टम बनेपास्थित शीर मेमोरियल अस्पतालमा असार २१ गते भयो । प्रहरीले आरोपितलाई असार २० गते गिरफ्तार गरेकोमा जिल्ला सरकारी वकिल कार्यालयले ०७५ साउन १४ गते जिल्ला अदालतमा अभियोग दर्ता गऱ्यो । जिल्ला अदालतले ०७५ मङ्सिर १७ गते आरोपितमध्येका जोखन मन्सुरीलाई तीन वर्ष कैद र अर्की आरोपितलाई सफाइ हुने फैसला सुनायो ।



*ढुङ्गाले टाउकोमा प्रहार गरी हत्या गरिएकी एलिसा तामाङ*

**अपहरण**

२ वर्ष ८ महिनाकी बालिकालाई २०७५ जेठ २१ गते बनेपास्थित पसलमा आमासँगै खेलिरहेका बेला बिस्कुट किनिदिने प्रलोभन दिएर अपहरण गरेको भन्दै बालिकाकी आमाले धुलिखेल नपा-१ रविओपी बस्ने २८ वर्षीय मनोज भुजेललविरुद्ध २०७५ जेठ २७ गते इलाका प्रहरी कार्यालय बनेपामा उजुरी दिइन् । आरोपितले बालिकाको कानमा लगाएको मुन्द्री फुकालेर बनेपा नपा-६ स्थित गोसाइँ-कुण्डको जङ्गलमा छाडी भागेको उजुरीमा उल्लेख छ । उजुरी दिएकै दिन गिरफ्तार भएका मनोजलाई जिल्ला अदालतले २०७५ असार २० गते पुर्पक्षका लागि थुनामा पठायो

**बलात्कार, यौन दुर्व्यवहार**

१५ वर्षीया बालिकालाई २०७४ पुस १७ गते बलात्कार गरेको भन्दै पीडित पक्षले सिन्धुलीको कमलामाई नपा-२ भद्रकालीका २६ वर्षीय रामकुमार मोक्तानविरुद्ध पुस २३ गते इलाका प्रहरी कार्यालय बनेपामा उजुरी दिए । बालिकाको स्वास्थ्य परीक्षण पुस २३ गते प्रसूति गृह थापाथलीमा भयो । पुस २२ गते गिरफ्तार भएका रामकुमारलाई जिल्ला अदालतले २०७५ असार १८ गते पाँच वर्ष कैद र ४० हजार रुपियाँ क्षतिपूर्ति भराउने सजाय सुनायो ।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

*यो वर्ष घरेलु हिंसापीडित भन्दै २ सय २४ जनाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट गरिएका ८९, कुटपिट गरी घर निकाला गरेको तीन, मार्ने धम्कीका १९ र गालीगलौजका १६ घटना छन् । यसैगरी विवाह दर्ता र नागरिकता नबनाइदिएको १७ र अर्को विवाह गरेका चार, बेवास्ता गरेको तीन, बेवारिसे अवस्थामा छाडी भागेको ६, खान⁄लाउन नदिएको ६७ घटना छन् । यस वर्ष १३ जना पुरुषले पनि घरेलु हिंसा भएको भन्दै पत्नीविरुद्ध सेवा केन्द्रमा उजुरी दिए । यी घटनामध्ये ७६ ओटामा मिलापत्र भयो भने २० घटनाका पीडित अदालत गएका र १ सय २८ घटना प्रक्रियामा रहेका केन्द्रले जनायो ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| कथित बोक्सीको आरोप | १ | १ |
| बलात्कार | ११ | ११ |
| बलात्कार प्रयास | १ | १ |
| बहुविवाह | २३ | २३ |
| घरेलु हिंसा | ४ | ४ |
| यौन दुर्व्यवहार | ७ | ७ |
| जम्मा | ४७ | ४७ |

*सन् २०१८ मा महिलाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भए । यो वर्ष ४७ जना महिला पीडित भए। जसमध्ये बहुविवाहबाट २३, बलात्कारबाट ११, यौन दुर्व्यवहारबाट सात, बलात्कार प्रयासबाट एक, घरेलु हिंसाबाट चार र कथित बोक्सीको आरोपबाट एकजना थिए । सन् २०१७ मा ३२ जना महिला पीडित भएका थिए । जसमध्ये बहुविवाहबाट २०, बलात्कारबाट चार, बलात्कार प्रयासबाट पाँच, कथित बोक्सीको आरोपबाट दुई र यौन दुर्व्यवहारबाट एकजना थिए।*

**परिवारजनबाट हत्या**

चौरीदेउराली गापा–५ गनेटारकी १८ वर्षीया विपना ढकाललाई २०७५ वैशाख १९ गते ५१ वर्षीय ससुरा पद्मलाल चौलागाईं, सासू ४५ वर्षीया जमुना चौलागाईं र १६ वर्षीया बालिकाले चिर्पटले हानी हत्या गरेर नजिकैको सल्लाघारी जङ्गलमा फ्याँकेको भन्दै पीडित पक्षले वैशाख २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । बुहारीले आफ्नो औँला टोकेपछि प्रतिकारमा चिर्पटले हान्दा ज्यान गएको पद्मलालले बयानमा बताएका थिए । शवको पोस्टमार्टम वैशाख २१ गते बनेपास्थित शिर मेमोरियल अस्पतालमा भयो । वैशाख २० गते गिरफ्तार भएका आरोपितमध्ये जिल्ला अदालतले भदौ २४ गते सासू र ससुरालाई पुर्पक्षका लागि थुनामा र बालिकालाई सुधार गृह भक्तपुरमा पठायो ।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

२१ वर्षीया युवतीलाई २०७४ फागुन १ गते अपहरण गरी बलात्कार गरेको आरोपमा दैलेखको चामुण्डा नपा–२ का २१ वर्षीय बमबहादुर बिष्टलाई २०७४ फागुन २ गते प्रहरीले पनौतीबाट गिरफ्तार गर्‍यो । रोशी काठ मिलमा दाउरा लिन गएकी युवती र आरोपित बमबहादुरको प्रेम सम्बन्ध भई महिलाकै आग्रहमा उनीहरू त्यहाँबाट भागेर पनौतीमा आई लुकेका थिए । परिवारले खोजी गर्दै जाँदा पनौतीमा भेट्टाएर आरोपितलाई कुटपिटसमेत गरेका थिए। युवतीले आफूलाई अपहरण र बलात्कार गरेको र भाग्न लाग्दा केटालाई चोट लागेको भन्न लगाइएको बताइन् । युवतीको स्वास्थ्य परीक्षण २०७४ फागुन २ गते प्रसूति गृह थापाथलीमा भयो। आरोपितलाई जिल्ला अदालतले २०७४ फागुन २८ गते पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

**घरेलु हिंसा**

तेमाल गापा–४ बोल्देफेदिचेकी ५५ वर्षीया लालुमाया तामाङले आफूलाई २०७५ असार १२ गते पति ५७ वर्षीय नारायणलाल तामाङले घरमा बसिरहेका बेला एक्कासि कुटपिट गरी कानै छिनालिदिएको भन्दै २०७५ साउन ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। महिलाको स्वास्थ्य परीक्षण २०७५ साउन ३ गते जिल्ला स्वास्थ्य कार्यालयमा भयो । २०७५ साउन ८ गते गिरफ्तार भएका नारायणलाललाई जिल्ला प्रशासन कार्यालयले २०७५ साउन १३ गते ५ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

**जातीय विभेद**

पाँचखाल नपा–६ का ४८ वर्षीय धनबहादुर मिजारलाई २०७४ माघ १ गते सार्वजनिक प्रतीक्षालयमा बसिरहेका बेला दलित भन्दै कुटपिट गरी जुत्ताको माला लगाएको आरोपमा ५५ वर्षीय आशलाल श्रेष्ठ लगायत ११ जनाविरुद्ध पीडित पक्षले माघ २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। विवाहका लागि बाजा बजाउन पेश्की लिएर पनि नआएकाले धोका दिएको भनी गाउँलेले लछारपछार पारेको आरोपितको भनाइ रह्यो । आरोपितमध्ये आशालाल श्रेष्ठलाई प्रहरीले माघ २ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतले २०७५ असोज ८ गते आरोपितमध्येका ४५ वर्षीय रामचन्द्र श्रेष्ठ, २५ वर्षीय रामे भनिने राजकुमार श्रेष्ठ, २८ वर्षीय दीपक श्रेष्ठ र २५ वर्षीय नवीन श्रेष्ठलाई जनही ४ महिना कैद र पाँच हजार जरिवानाको सजाय सुनायो। त्यसैगरी सोही ठाउँका ५५ वर्षीय आशलाल श्रेष्ठ, २४ वर्षीय श्रीकृष्ण श्रेष्ठ, ३५ वर्षीय पूर्णकुमार श्रेष्ठ, ४० वर्षीय भोजबहादुर श्रेष्ठ, ४० वर्षीय चन्द्रमाया श्रेष्ठ र ५० वर्षीय चतुरमान श्रेष्ठलाई भने सफाइ दियो।

**स्वास्थ्य सेवाको अवस्था**

जिल्लामा एउटा अस्पताल, ८६ ओटा स्वास्थ्य चौकी, तीनओटा उपस्वास्थ्य चौकी र चारओटा प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा डाक्टरको चार दरबन्दीमा करारसहित १४ जना कार्यरत छन्। अहेवको १ सय ९० दरबन्दी रहेकामा चार रिक्त छ। अनमीको १ सय ८८ दरबन्दीमा चार रिक्त छ। हेल्थ असिस्टेन्टको ९२ दरबन्दीमा दुई रिक्त छ।


## सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बालविवाह | १ | | १ | २ |
| बलात्कार | १ | ४ | ११ | १६ |
| यौन दुर्व्यवहार | | १ | २ | ३ |
| जम्मा | २ | ५ | १४ | २१ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| कथित बोक्सीको आरोप | | | १ | १ |
| बलात्कार | २ | २ | ७ | ११ |
| बलात्कार प्रयास | | १ | | १ |
| बहुविवाह | १ | ७ | १५ | २३ |
| घरेलु हिंसा | २ | | २ | ४ |
| यौन दुर्व्यवहार | | २ | ५ | ७ |
| जम्मा | ५ | १२ | ३० | ४७ |

| मारिएकाको घटना सङ्ख्या | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | २ | ६ | ९ |

# ३.१० रामेछाप




**जम्मा जनसङ्ख्या**
**१,९८,९१२**

**महिला**
**१,०८,३५५**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**१**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**२**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**५१,४६७**

**कामका लागि बाहिरिएका**
**११,१९९**

**अपाङ्गता भएका**
**४,४१८**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**९७**

**आश्रित जनसङ्ख्या**
**८८,८६१**

| घटनाको प्रकार | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | | १ | १ |
| बाल अधिकार | | | ४ | ३ | ७ |
| अमानवीय व्यवहार | | | १ | | १ |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | | | | ३ | ३ |
| महिला अधिकार | | | ४ | | ४ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | ८ | ८ | | | |
| जेलमा मृत्यु | १ | १ | | | |
| यातना | २ | २ | | | |
| कुटपिट | १ | १ | ३ | १ | ४ |
| धम्की | | | | १ | १ |
| हत्या | | | ३ | २ | ५ |
| जम्मा | १२ | १२ | १५ | ११ | २६ |

*जिल्ला अदालत रामेछापमा गत वर्ष मन्दिरमा प्रवेश गर्दा दण्ड जरिवाना गरी जातीय विभेद गरेको भनी एक उजुरी पर्‍यो । पीडितलाई अदालतले क्षतिपूर्तिसहित पीडकलाई सजायको फैसला सुनायो । यस वर्ष भने जातका आधारमा भएका विभेदबारे उजुरी नै दर्ता भएन । दोरम्बा गाउँपालिकाको टोकरपुरमा लाग्ने कण्ठेश्वर गुफाको मेलामा चिया पकाउँदै गरेको ठाउँमा एक दलित समुदायका युवाले आगो छोइदिएको विषय चर्चामा आयो तर त्यो त्यत्तिकै सेलायो । घटना सार्वजनिक नभए पनि जातका आधारमा हुने विभेद भने जिल्लामा कायमै छ । बहुजातीय बसोबास रहेको यस जिल्लामा खासगरी दलित समुदायका मानिस अहिले पनि कथित उपल्लो समुदायका मानिसबाट विभेदमा परेका छन् । पँधेरोमा पानी थाप्दा अन्य समुदायकालाई नछोइ थाप्नुपर्ने, कतिपय मन्दिरमा प्रवेश नै नपाइने, प्रवेश पाइने स्थानमा पनि अन्य जातिका मानिसले सकेपछि मात्र पूजा गर्न पाइने अवस्था छ । त्यस्तै विवाह, व्रतवन्ध तथा धार्मिक कार्य र अन्य भोजमा दलित समुदायका मानिसले अलग्गै थापेर खानुपर्छ ।*

*रामेछापमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट सन् २०१७ मा १० महिला र ३४ पुरुष गरी ४४ जना पीडित भएका थिए । सन् २०१८ मा १५ महिला र २३ पुरुष गरी ३८ जना पीडित भए । यो वर्ष कुटपिटबाट तीन महिला र दुई पुरुष, अमानवीय व्यवहारबाट एक महिला, धम्कीबाट एक पुरुष र यातनाबाट दुई पुरुष पीडित भए । त्यसैगरी एक कैदी बन्दी कैदीको मृत्यु भयो भने तीन महिला र दुई पुरुषको हत्या भयो ।*

### धम्की/कुटपिट

#### राज्यपक्षबाट

मन्थली नपा–५ सुनारपानी निवासी तामाकोसी ढुवानी सेवा समितिका अध्यक्ष २९ वर्षीय नवीन कार्की, २ का व्यवसायी ३५ वर्षीय उद्धवकुमार श्रेष्ठ, लिखु तामाकोसी गापा–५ नागदह निवासी प्रेस चौतारी नेपाल रामेछापका अध्यक्ष एवम् रेडियो तीनलाल एफएमका निमित्त स्टेसन प्रमुख २८ वर्षीय युनिक विफा घिसिङ र मन्थली नपा–१ का २२ वर्षीय कृष्ण सुवेदी २०७५ जेठ ३० गते मन्थली नपा–२ भैसेसुरमा राति प्रहरीले गरेको लठ्ठी प्रहारबाट घाइते भए। कार्कीको आँखामा, श्रेष्ठको टाउकोमा, सुवेदीको शरीरका विभिन्न भागमा र घिसिङका दुवै तिघ्रामा चोट लाग्यो। घाइतेहरूको उपचार सोही दिन तामाकोसी सहकारी अस्पतालमा भयो। सिन्धुली प्रशासनले रामेछाप चल्ने ढुवानी साधनलाई रोक लगाइ सिन्धुलीका व्यवसायीका ढुवानी साधनलाई मात्र रातिराति छाडेको विरोधमा आन्दोलनमा उत्रिएका रामेछापका व्यवसायीमाथि प्रहरीले लठ्ठी प्रहार गरेको थियो। पीडितले उजुरी दिएनन्।

मन्थली नपा–१० चनखु निवासी नेपाली कांग्रेस रामेछाप क्षेत्र नं. २ का क्षेत्रीय सभापति ३९ वर्षीय विनोद कार्की, रामेछाप नपा–१ गोठगाउँ निवासी नेपाली कांग्रेस रामेछापका सचिव ४५ वर्षीय लेखबहादुर कार्की, मन्थली नपा–३ कठजोरका वडाध्यक्ष ५२ वर्षीय केशव रोक्का, गोकुलगङ्गा गापा–४ निवासी नेविसङ्घका १ नं. क्षेत्रका क्षेत्रीय अध्यक्ष २५ वर्षीय धिरज खत्री, नेविसङ्घका कार्यकर्ता मन्थली नपा–६ का २२ वर्षीय विनोद घिमिरेसमेत नेविसङ्घ र कांग्रेसका कार्यकर्ता २०७५ जेठ ३१ गते साँझ रामेछाप सदरमुकाम मन्थलीमा नेपाल विद्यार्थी सङ्घले निकालेको मसाल जुलुसमाथि प्रहरीले लठ्ठी प्रहार गर्दा घाइते भए। नेविसङ्घले मूल्य वृद्धि तथा सिन्धुली प्रशासनले सिन्धुलीबाट रामेछाप आउने यातायात साधन सञ्चालनमा रोक लगाएको विरोधमा मन्थलीमा मसाल जुलुश निकालेको थियो। घाइतेहरूको उपचार सोही दिन मन्थलीस्थित तामाकोसी सहकारी अस्पतालमा भयो। पीडितले उजुरी दिएनन्।

#### अन्यपक्षबाट

लिखु तामाकोसी गापा–१ दुरागाउँ निवासी त्रिपुरेश्वर मावि दुरागाउँका प्रधानाध्यापक ५२ वर्षीय जनार्दन घिमिरेले आफूलाई २०७५ असार २ गते सोही ठाउँ निवासी जिल्ला समन्वय समिति रामेछापका सदस्य ५० वर्षीय रमेश वाग्लले विद्यालय व्यवस्थापन समितिको बैठकमा बाल क्लबको निर्वाचनको विषयमा विवाद हुँदा कुर्सी प्रहार गरी कुटपिट गरेको भन्दै असार ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। घिमिरेको देब्रे हातको पातोमा चोट लाग्यो। सार्वजनिक अपराधको मुद्दा लागेका रमेशलाई जिल्ला प्रशासन कार्यालयले असार १३ गते ५ हजार रुपियाँ जरिवानाको आदेश दियो।

लिखु तामाकोसी गापा–५ का २४ वर्षीय सुमन खड्कालाई २०७५ भदौ १ गते लिखु तामाकोसी गापाका अध्यक्ष ५४ वर्षीय गोविन्द खड्काले कुटपिट गरेको भन्दै पीडितले सोही दिन गापाको न्यायिक समितिमा उजुरी दिए। भदौ २ गते न्यायिक समितिमा छलफल भए पनि विवाद टुङ्गिएन। गापाले आयोजना गरेको सार्वजनिक सुनुवाइमा गापा अध्यक्षविरुद्ध कुरा उठाएको भन्दै आफूलाई कुटपिट गरिएको पीडितले बताए।

रामेछाप नपा–१ गोठगाउँकी महिला वडा सदस्य ४६ वर्षीय सिर्जना श्रेष्ठले आफूलाई २०७५ जेठ २९ गते सोही ठाउँका ४८ वर्षीय ठेटकुमार श्रेष्ठ, ४९ वर्षीय युद्धबहादुर कार्की, ४२ वर्षीय सत्यनारायण श्रेष्ठलगायतले हातपात गरी लछारपछार गरेको भन्दै सोही दिन प्रहरी चौकी साँघुटारमा उजुरी दिइन्। फागुनमा सो स्थानको गैरीपाखा सामुदायिक वनको पँधेरामाथिको रुख काटेपछि ठेटकुमारलाई कारबाही गर्न सामुदायिक वन उपभोक्ता समितिले जिल्ला वन कार्यालयमा सिफारिस गरेको थियो। त्यसपछि श्रेष्ठ फरार थिए। जिल्ला वन अधिकृत शम्भुप्रसाद तिवारीले विवाद मिलाउने जिम्मा उपभोक्ता समितिलाई दिएका थिए। उपभोक्ता समितिको बैठक बस्ने क्रममा श्रेष्ठले वडा सदस्यलाई वन कार्यालयलाई सिफारिस गरेको फाइल च्यात्न भनेपछि विवाद सिर्जना भएको थियो। आरोपितमाथि कारबाही भएन।

प्राथमिक स्वास्थ्य केन्द्र मन्थलीका २७ वर्षीय डाक्टर राकेशकुमार दासलाई २०७५ कात्तिक २१ गतेदेखि लिखु तामाकोसी गापा अध्यक्ष ५० वर्षीय गोविन्दबहादुर खड्काले बारम्बार टेलिफोन गरी मार्ने धम्की दिएको भन्दै २०७५ मङ्सिर ७ गते प्राथमिक स्वास्थ्य केन्द्र रामेछापले प्रेस विज्ञप्ति सार्वजनिक गर्‍यो। आफूले २०७५ मङ्सिर ४ गते व्यवस्थापन समितिको निर्णयसहित जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला स्वास्थ्य कार्यालय, मन्थली नपा, स्वास्थ्य सेवा विभाग र

नेपाल मेडिकल एसोसिएसनमा यसबारे जानकारी गराए पनि कुनै कारबाही नभएको राकेशले बताए। उनलाई कारबाही नभए स्वास्थ्य संस्थाबाट दिइरहेको २४ घण्टे प्रसूति सेवा तथा आकस्मिक सेवाबाहेक सम्पूर्ण सेवा अनिश्चितकालीनरूपमा बन्द गरिने चेतावनी पनि विज्ञप्तिमा थियो। तामाकोसी गापा–३ निवासी ३९ वर्षीया झलमायाँ श्रेष्ठको शवको पोस्टमार्टम रिपोर्ट आफूले भनेअनुसार दिन अध्यक्षले बारम्बार फोनबाट दबाब दिएकामा त्यो नमानेपछि धम्क्याउन थालेका विज्ञप्तिमा उल्लेख छ। खड्काले भने प्रहरी र डाक्टरले मिलेमतोमा हत्याको घटनालाई आत्महत्या भनी गलत रिपोर्ट दिएको बताए। पुनः पोस्टमार्टमका लागि शव त्रिवि शिक्षण अस्पताल पुऱ्याएको पनि उनले बताए।

मन्थली नपा–१ घर भई जिल्ला समन्वय समिति रामेछापका कार्यक्रम अधिकृत ५२ वर्षीय नारायण सुवेदीमाथि २०७५ भदौ ६ गते राति करिब साँढे आठ बजे अपरिचित व्यक्तिले छुरा प्रहार गरी हत्या प्रयास गरेको भन्दै पीडित पक्षले भदौ १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। घरमा सुतिरहेका बेला मुखमा मास्क लगाएर आएको व्यक्तिले छुरा प्रहार गरी भागेको पीडितले बताए। उपचारका लागि मन्थलीस्थित तामाकोशी सहकारी अस्पतालमा लगिएका पीडितको त्यहाँ उपचार हुन नसकेपछि थप उपचार धुलिखेल अस्पतालमा भयो। उपचारपछि पीडित गाउँबाट विस्थापित भए। अनुसन्धानको क्रममा ढिलासुस्ती गरेको पीडित पक्षको गुनासो छ। आरोपितहरूको पहिचान हुन नसकेको तथा घटनाको अनुसन्धान जारी रहेको डिएसपी अमरेन्द्र सिंहले बताए।

## अमानवीय व्यवहार

लिखु तामाकोसी गापा–१ दुरागाउँका ४० वर्षीय खेटराज घिमिरेले २०७५ जेठ २० गते सोही गापा–२ सैपुका ६५ वर्षीय मेघनाथ पौडेल र ५१ वर्षीय केवल पौडेलले मेघनाथको घरबाट किनेर लगेको गाई फिर्ता गरेको भन्दै नाङ्गेझार बनाएको आरोपमा जेठ २१ गते जिल्ला प्रहरी कार्यालयमा भोलिपल्ट उजुरी दिए। घिमिरेले २०७४ चैतमा १५ हजार रुपियाँ तिर्नेगरी उधारोमा गाई लगेका थिए। अनि भूकम्पको लाभग्राहीको दोस्रो किस्ता आएपछि पैसा तिर्छु भनेकामा पैसा निकाशामा ढिलाइ हुँदा तिर्न सकेका थिएनन्। त्यही कारण घिमिरेले गाई फिर्ता लगेका थिए। २०७५ जेठ २६ गते गिरफ्तार भएका दुवैलाई प्रमुख जिल्ला अधिकारीको निर्णयबाट असोज १९ गते १०/१० हजार रुपियाँ जरिवानाको फैसला सुनाइयो।

## गिरफ्तारी र यातना

सिन्धुली घर भई मन्थलीमा डोजर चलाउने चालक २० वर्षीय गणेश खड्का र रामेछाप नपा–३ साँघुटार निवासी सहचालक १९ वर्षीय होमबहादुर प्रधानलाई २०७५ जेठ ३० गते मन्थली नपा–१ भैँसेसुरबाट प्रहरीले नियन्त्रणमा लिई कुटपिट गरी एक रात थुनामा राखी भोलिपल्ट बिहान कागज गराइ छाडिदियो। मन्थलीका व्यवसायीले गरेको सडक आन्दोलनमा सहभागी भएको भन्दै नियन्त्रणमा लिएर सार्वजनिकस्थलमै कुटपिट गरेको पीडितले आरोप लगाए। न्याय पाउने आश नभएकाले उजुरी नगरेको पीडितले बताए।

## कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता १ सय जनाको छ। तर २ सय ६० कैदी र २७ थुनुवा गरी २ सय ८७ जना छन्। महिला छैनन्। महिला बन्दी राख्ने भवन २०७२ सालको भूकम्पमा भत्किएपछि यहाँका महिलालाई अन्य कारागारमा सारिएको थियो। क्षमताभन्दा बढी कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ भने पानी पनि अभाव छ।

रामेछाप कारागारमा कैद जीवन बिताइरहेका रूपन्देहीको साविक टिकुलीगढ गाविस–९ निवासी ३९ वर्षीय सुशील श्रेष्ठको २०७५ असोज २१ गते मृत्यु भयो। उनी लागु औषध मुद्दामा ६ वर्षको कारागार सजाय भोगिरहेका थिए र ५ वर्ष ६ महिना पूरा भइसकेको थियो। हृदयघातका कारण मृत्यु भएको मेडिकल रिपोर्ट उद्धृत गर्दै कारागार प्रशासनले बतायो। पानी पिउने क्रममा सर्किएका उनलाई उपचारका लागि रामेछाप अस्पताल लगिएकामा सोही दिन अस्पतालमै उनको मृत्यु भएको कारागार प्रशासनको भनाइ छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एकजना न्यायाधीश रहेका यस जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ सय १७ मध्ये ४७ थान फैसला भए भने देवानी मुद्दातर्फ १ सय १४ मध्ये ४० थान फैसला भए।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा ३ सय ८ आधारभूत, ९२ सामुदायिक र तीन संस्थागत मावि छन् । १ हजार ९ सय १० शिक्षक दरबन्दी रहेकामा ३ सय ८५ रिक्त छ। यस वर्ष २३ हजार बालक र २५ हजार बालिका भर्ना भए । जिल्लामा १२ ओटा विद्यालय अपाङ्गमैत्री छन् । भर्ना भएका १२ हजार छात्रा र १ हजार ३ सय २३ जना दलित बालकललाई छात्रवृत्ति प्रदान गरियो । साथै द्वन्द्वपीडित परिवारका १६ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो ।*

*सन् २०१८ मा बालबालिकाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भए । यो वर्ष चार बालिका र तीन बालक गरी सात बालबालिका पीडित भए । जसमध्ये बलात्कारबाट दुई बालिका, यौन दुर्व्यवहारबाट एक बालिका र विद्यालयमा शारीरिक सजायबाट एक बालिका र तीन बालक गरी चार बालबालिका थिए । सन् २०१७ मा एक बालिका बलात्कारबाट पीडित भएकी थिइन् ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बलात्कार | २ | | २ |
| विद्यालयमा शारीरिक सजाय | १ | ३ | ४ |
| यौन दुर्व्यवहार | १ | | १ |
| जम्मा | ४ | ३ | ७ |

### परिवारजनबाट हत्या

खाँडादेवी गापा–६ का चार वर्षीय विपिन खत्री र दुई वर्षीया रमिता खत्रीलाई पति र सौताको रिसमा २०७४ चैत ४ गते राति घरभित्र थुनी बाहिरबाट आगो लगाइ हत्या गरेको आरोपमा उनीहरूकी आमा २५ वर्षीया तारा केसीलाई प्रहरीले सोही दिन राति गिरफ्तार गऱ्यो । पतिले कान्छी पत्नी ल्याएपछि तारा छुट्टै बस्दै आएकी थिइन् । शवको पोस्टमार्टम प्राथमिक स्वास्थ्य केन्द्र मन्थलीमा चैत ५ गते भयो । तारालाई जिल्ला अदालतले २०७५ भदौ २८ गते २० वर्ष कैद सजाय सुनायो ।

### प्रतिकारमा मृत्यु

१३ वर्षीया बालिकालाई यौन दुर्व्यवहार गरेको आरोपमा पीडित बालिकाले प्रतिकारस्वरूप २०७५ भदौ २८ गते टाउकोमा रड प्रहार गर्दा ६१ वर्षीय पूर्णबहादुर श्रेष्ठको घटनास्थलमै मृत्यु भयो । प्रहरीका अनुसार बालिकालाई आरोपितले भदौ २८ गते बिहान जङ्गलमा घाँस काट्न जाने बेलामा यौन दुर्व्यवहार गरेपछि फुत्केकी थिइन् । त्यसपछि घरमा गई फलामको रड ल्याएर हिर्काउँदा आरोपितको मृत्यु भएको थियो । घटनालगत्तै बालिका प्रहरीसमक्ष आत्मसमर्पण गर्न पुगेकी थिइन् । शवको पोस्टमार्टम जिल्ला अस्पतालमा भदौ २८ गते भयो । बालिकालाई जिल्ला अदालतले २०७५ असोज १० गते सुधार गृह पठायो ।

### विद्यालयमा शारीरिक सजाय

लिखु तामाकोसी गापा–५ स्थित झटेश्वर माविका कक्षा ७ मा अध्ययनरत छात्र १३ वर्षीय बुद्ध तामाङ र १३ वर्षीय लाक्पा तामाङलाई २०७५ जेठ १ गते पिसाव खुवाइ कुटपिटसमेत गरेको भन्दै पीडित पक्षले सोही विद्यालयका प्रधानाध्यापक लिखु तामाकोसी गापा–४ निवासी ४७ वर्षीय केवलबहादुर तिमिल्सिनाविरुद्ध जेठ ४ गते इलाका प्रहरी कार्यालय धोवीमा उजुरी दिए । सोही दिन कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरू बुद्ध तामाङ, लाक्पा तामाङ र गणेश बुढाथोकीले आफ्नै साथी १३ वर्षीय साङवीर तामाङलाई मिनरल वाटरको बोतलमा पिसाव र थुक मिसाएर खुवाएको खबर विद्यालय प्रशासनमा पुगेपछि पिसाव खुवाउने विद्यार्थीलाई पनि पिसावै खुवाइ कुटपिट गरेका थिए । पिसाव खान नमानेपछि पाइपको टुक्राले कुटपिट गरेको प्रधानाध्यापक तिमिल्सिनाले स्वीकारे । उनलाई विद्यालय व्यवस्थापन समितिको २०७५ जेठ ४ गतेको बैठकले प्रधानाध्यापकको जिम्मेवारीबाट हटायो । उनलाई सार्वजनिक अपराधको मुद्दा लागेकोमा घटना स्वीकार गरेकोले प्रमुख जिल्ला अधिकारीको इजालसले २०७५ असार १० गते सचेत गराइ छाडिदिने निर्णय भयो ।

लिखु तामाकोसी गापा–५ स्थित झटेश्वर माविकी कक्षा ९ की छात्रा १६ वर्षीया ममिता तामाङलाई २०७५ जेठ २ गते सोही विद्यालयका प्रधानाध्यापक ४७ वर्षीय केवलबहादुर तिमिल्सिनाले आफ्नै साथीसँग झगडा गरेको भन्दै निर्घात कुटपिट गरेको आरोपमा पीडित पक्षले जेठ ४ गते इलाका प्रहरी कार्यालय धोवीमा उजुरी दिए । तिमिल्सिनाले गालामा पाँच थप्पड हानेको स्वीकार गरे । उनलाई सार्वजनिक अपराधको मुद्दा लागेकोमा प्रमुख जिल्ला अधिकारीको इजालसले २०७५ असार १० गते सचेत गराइ छाडिदिने निर्णय सुनायो ।

### महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित शीर्षकमा ३१ जना महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए । तीमध्ये १८ ओटामा मिलापत्र भए भने एउटा कानुनी प्रक्रियामा छ । अन्य उजुरी छलफलका क्रममा छन् ।*

*सन् २०१८ मा महिलाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा कमी भए । यो वर्ष चारजना महिला पीडित भए । जसमध्ये घरेलु हिंसाबाट एक, कथित बोक्सीको आरोपबाट एक, बहुविवाहबाट एक र यौन दुर्व्यवहारबाट एकजना थिए । सन् २०१७ मा ६ जना महिला पीडित भएका थिए । जसमध्ये घरेलु हिंसाबाट पाँच र बलात्कारबाट एकजना थिए ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| कथित बोक्सीको आरोप | १ | १ |
| बहुविवाह | १ | १ |
| घरेलु हिंसा | १ | १ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ४ | ४ |

### परिवारजनबाट हत्या

उमाकुण्ड गापा–४ प्रीति रारागाउँकी ४४ वर्षीया सूर्यकला सुनुवारलाई २०७४ फागुन २२ गते राति ५३ वर्षीय पति ताराबहादुर सुनुवारले पिर्काले हिर्काएर हत्या गरेको आरोपमा प्रहरीले फागुन २३ गते गिरफ्तार गर्‍यो । शवको पोस्टमार्टम जिरी अस्पतालमा फागुन २३ गते भयो । तारालाई जिल्ला अदालतले २०७५ असार २५ गते १० वर्ष कैद सजाय सुनायो ।

### कथित बोक्सीको आरोप

लिखु तामाकोसी गापा–१ दुरागाउँकी २६ वर्षीया सरिता दर्जीलाई २०७५ जेठ २४ गते ओखलढुङ्गाको लिखु गापा–२ रगनीका ३५ वर्षीय रवीन्द्र नेवारले बोक्सी बनी दुःख दिएको भन्दै बोक्सी निकाल्ने बहानामा सिस्नो पानी लगाउनुका साथै तातो फलामले गालामा डामिदिए । पेटको रोगको उपचारका लागि काठमाडौँ गएका बेला नन्देभाइ नाता पर्ने रविन्द्रले यो धामीले निको पार्ने रोग हो भन्दै धामी बसी डामेका थिए । धामी बस्ने र सो काममा सघाउने विरुद्ध २०७५ असार ५ गते जिल्ला प्रहरी कार्यालय रामेछापमा पीडित पक्षले उजुरी दिएका थिए । रवीन्द्रलाई प्रहरीले असार ५ गते काठमाडौँबाट घटनामा सहयोग गरेको आरोपमा उनकी पत्नी ३३ वर्षीया जानुका दर्जी, स्थानीय ३५ वर्षीय दीपक दर्जी, राजन पौडेल र गोहित सार्कीलाई असार ४ गते गिरफ्तार गर्‍यो । जिल्ला अदालतले असार २० गते रवीन्द्रलाई ५० हजार र अन्य आरोपितलाई २०/२० हजार रुपियाँ धरौटीमा छाड्ने आदेश दियो ।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक जिल्ला अस्पताल, तीनओटा प्राथमिक स्वास्थ्य केन्द्र, ५१ स्वास्थ्य चौकी, एक उपस्वास्थ्य चौकी, १३ ओटा सहरी स्वास्थ्य केन्द्र र १४ ओटा सामुदायिक स्वास्थ्य एकाइ छन् । जिल्लामा एक मेडिकल सुपरिटेन्डेन्टसहित पाँच जना दरबन्दी रहेकोमा चार जना दरबन्दीका र ७ जना करारका गरी ११ जना डाक्टर कार्यरत छन् । यसैगरी एक जनस्वास्थ्य अधिकृत, एक लेखा अधिकृत, एक तथ्याङ्क अधिकृत, एक खोप सुपरभाइजर, एक परिवार नियोजन सुपरभाइजर, एक पब्लिक हेल्थ नर्स, एक क्षयकुष्ठ अधिकृत, एक रेडियो ग्राफर र छ स्टाफ नर्सको दरबन्दी रहेकामा सबै कार्यरत छन् । त्यस्तै हेल्थ असिस्टेन्ट ५७ जनाको दरबन्दी रहेकामा ५४ जना र १ सय १५ जना अहेवको दरबन्दी रहेकामा १ सय १२ जना कार्यरत छन् । १ सय १४ अनमीमा १ सय १२ कार्यरत छन् । जिल्लामा एक कोल्ड चेन्ज असिस्टेन्ट, दुई ल्याब टेक्निसियन, तीन ल्याब असिस्टेन्टको दरबन्दी रहेकामा सबै कार्यरत छन् ।

## सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कारबाही प्रक्रिया अघि नबढेका | जम्मा |
| बलात्कार | २ | | २ |
| विद्यालयमा शारीरिक सजाय | २ | | २ |
| यौन दुर्व्यवहार | | १ | १ |
| जम्मा | ४ | १ | ५ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| कथित बोक्सीको आरोप | | १ | १ |
| बहुविवाह | १ | | १ |
| घरेलु हिंसा | | १ | १ |
| यौन दुर्व्यवहार | १ | | १ |
| जम्मा | २ | २ | ४ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | २ | २ | ४ |

# ३.११ सिन्धुली




**जम्मा जनसङ्ख्या**
**३,०३,११४**

**महिला**
**१,५९,८३८**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**२**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**४**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**१,१२,३०२**

**कामका लागि बाहिरिएका**
**१५,२८७**

**अपाङ्गता भएका**
**६,४६६**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**७५**

**आश्रित जनसङ्ख्या**
**१,४१,८७०**

२०७२ सालको भूकम्पका कारण अतिप्रभावित १४ जिल्लामध्ये पर्ने सिन्धुलीमा सुकुमबासी (तीन पुस्तासम्म लालपुर्जा नभएका), भूमिहीन (पहिले जमिन भएका हाल नभएका) र अव्यवस्थित बसोबासी (नम्बरी जग्गा भएका तर नेपाल सरकारको जग्गा अर्थात ऐलानीमा बसोबास गरेका) भएका कारण १ हजार ५ सय ३४ जनाले भूकम्पपछिको पुनर्निर्माण गर्न पाएका छैनन्। राष्ट्रिय पुनर्निर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन एकाइले दिएको जानकारीअनुसार तीमध्ये २२ परिवारले मात्र २ लाख रुपियाँ लिएर जग्गा किनी अन्यत्रै घर बनाउन चाहेका छन् भने बाँकीले पहिले कै स्थानमा घर बनाउन चाहेका छन्। जिल्लामा भूमि अधिकार नपाएर पुस्ताँदेखि सम्पत्तिबिहीन भएका नागरिकको सङ्ख्या ८ हजारभन्दा धेरै छ। तर त्यसको एकीन सङ्ख्या भने कुनै निकायसँग छैन। २०७१ सालमा सुकुमबासी समस्या समाधान जिल्ला समिति सिन्धुलीले लिएको आवेदन हेर्दा १ हजार ५ सय ५८ परिवार सुकुमबासी/भूमिहीन रहेका पाइन्छ भने ७ हजार ८ सय ९२ अव्यवस्थित बसोबासी परिवारको निवेदन परेको देखिन्छ।

सिन्धुलीमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट सन् २०१७ मा ७६ महिला र चार पुरुष गरी ८० जना पीडित भएका थिए। सन् २०१८ मा १ सय ९ महिला र दुई पुरुष गरी १ सय ११ जना पीडित भए। यो वर्ष तीन महिला र एक पुरुषको हत्या भयो।

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | १३ | १ | १४ |
| महिला अधिकार | ९३ | | ९३ |
| हत्या | ३ | १ | ४ |
| जम्मा | १०९ | २ | १११ |

## कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता ३५ जनाको छ। तर कैद तोकिएका १ सय १० र नतोकिएका २९ जना गरी १ सय ३९ जना कैदी/बन्दी छन्। जसमा नौजना महिला बन्दी छन्। कारागारमा एकजना बालिका आश्रित छन्। क्षमताभन्दा चार गुणा बढी कैदी/बन्दी हुँदा शौचालय प्रयोग, पानीको प्रयोग तथा सुत्न र बस्न समस्या देखिएको छ। दुईजनासम्म

बस्न मिल्ने एउटा कोठामा १० जना महिला बस्न बाध्य छन्।

### सुगम तथा निष्पक्ष न्यायीक अधिकार

एकजना न्यायाधीश रहेका यस जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ३ सय ५९ मध्ये २ सय ५३ थान फैसला भए भने देवानी मुद्दातर्फ ३ सय ३५ मध्ये २ सय २३ थान फैसला भए।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*यस जिल्लामा ८ सय ७३ आधारभूत र १ सय २१ मावि छन्। १ हजार २ सय ९० शिक्षक दरबन्दी रहेकामा ४० रिक्त छ। यस वर्ष ३६ हजार ९ सय ४९ बालक र ४० हजार ८ सय ३३ बालिका विद्यालय भर्ना भए। जिल्लामा दुई अपाङ्गमैत्री विद्यालय छन। ५ हजार ३ सय २४ जना दलित बालक र ६ हजार ६ दलित बालिकालाई यो वर्ष छात्रवृत्ति प्रदान गरियो। यो वर्ष वैदेशिक रोजगार छात्रवृति ४२ जना, द्वन्द्वपीडित परिवारका १९ जना बालबालिकालाई पनि छात्रवृत्ति दिइयो। यसैगरी ५ सय ४४ जना बालिका र ६ सय ७० बालकलाई अपाङ्गता छात्रवृत्ति प्रदान गरियो।*

*सन् २०१८ मा बालबालिकाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भए। यो वर्ष १३ बालिका र एक बालक गरी १४ जना बालबालिका पीडित भए। जसमध्ये बलात्कारबाट १० बालिका, यौन दुर्व्यवहारबाट एक बालिका, बालविवाहबाट दुई बालिका र बेचबिखन तथा ओसारपसारबाट एक बालक पीडित भए। सन् २०१७ मा ६ बालिका पीडित भएका थिए। जसमध्ये बलात्कारबाट पाँच र यौन दुर्व्यवहारबाट एकजना थिए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बेचबिखन तथा ओसारपसार | | १ | १ |
| बालविवाह | २ | | २ |
| बलात्कार | १० | | १० |
| यौन दुर्व्यवहार | १ | | १ |
| जम्मा | १३ | १ | १४ |

#### बलात्कार, यौन दुर्व्यवहार

११ वर्षीया बालिकालाई २०७४ चैत २ गते बलात्कार गरेको भन्दै पीडित पक्षले हरिहरपुरगढी गापा–२ का २८ वर्षीय दिलबहादुर बिकविरुद्ध चैत ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितले बलात्कार गरी बेचबिखनको उद्देश्यले मकवानपुरको वाग्मती गापाको रामपुरमा लगी तीन दिनसम्म बलात्कार गरेको प्रहरीले बतायो। परिवारले घटनाबारे थाहा पाएपछि बालिकालाई चैत ५ गते आरोपितको काकाको घरबाट प्रहरीले उद्धार गरेका थिए। बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल चैत ५ गते भयो। उजुरी दिएकै दिन गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले २०७५ जेठ १० गते आठ वर्ष कैद सजाय सुनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ६४ जना महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका २७, खान/लाउन नदिएको २०, विवाह दर्ता तथा नागरिकता नबनाएको एक र मार्ने धम्की दिएका १६ घटना छन्। ४१ घटनामा प्रहरीले मिलापत्र गरायो भने २० उजुरी कानुनी प्रक्रियामा छन्। तीन उजुरीका भने पीडित नै सम्पर्कमा आएनन्।*

*सन् २०१८ मा महिलाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भए। यो वर्ष ९३ जना महिला पीडित भए। जसमध्ये घरेलु हिंसाबाट ७५, बहुविवाहबाट सात, बलात्कारबाट सात, बलात्कार प्रयासबाट एक, यौन दुर्व्यवहारबाट एक, कथित बोक्सीको आरोपबाट एक र बेचबिखन तथा ओसारपसारबाट एकजना थिए। सन् २०१७ मा ६८ जना महिला पीडित भएका थिए। जसमध्ये घरेलु हिंसाबाट ५८, बहुविवाहबाट चार, बलात्कारबाट चार र बलात्कार प्रयासबाट दुईजना थिए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बेचबिखन तथा ओसारपसार | १ | १ |
| कथित बोक्सीको आरोप | १ | १ |
| बलात्कार | ७ | ७ |
| बलात्कार प्रयास | १ | १ |
| बहुविवाह | ७ | ७ |
| घरेलु हिंसा | ७५ | ७५ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ९३ | ९३ |

**परिवारजनबाट हत्या**

घ्याङलेख गापा–३ की ४२ वर्षीया सुकरानी गोलेलाई २०७५ जेठ ४ गते ४५ वर्षीय पति एकिम गोलेले पन्युँले हानेर हत्या गरेको आरोपमा प्रहरीले जेठ ५ गते गिरफ्तार गर्‍यो । गोलेले मदिरा सेवन गर्न २ सय रुपियाँ माग्दा नदिएको रिसमा खाना पस्कने पन्युँले हिर्काएका थिए । पन्युँ सुपरानीको टाउकोमा गाडिएपछि घटनास्थलमै मृत्यु भएको प्रहरीले बतायो। शवको पोस्टमार्टम जेठ ५ गते जिल्ला अस्पतालमा भयो। एकिमलाई जिल्ला अदालतले भदौ १८ गते जन्म कैदको सजाय सुनायो।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

३० वर्षीया सुस्तमनस्थितिकी महिलालाई २०७५ कात्तिक १ गते बलात्कार गरेको भन्दै पीडित पक्षले तीनपाटन गापा–१ का २५ वर्षीय इन्द्रबहादुर भुजेलविरुद्ध कात्तिक ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । महिलाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा कात्तिक ५ गते भयो। उजुरी दिएकै दिन गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले कात्तिक २८ गते पुर्पक्षका लागि थुनामा पठायो।

१८ वर्षीया युवतीलाई २०७५ साउन २४ गते बलात्कार गरेको भन्दै पीडित पक्षले ओखलढुङ्गास्थित सुनकोसी गापा–१ का ३६ वर्षीय नवराज राईविरुद्ध साउन २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। युवतीको स्वास्थ्य परीक्षण साउन २७ गते जिल्ला अस्पतालमा भयो । साउन २५ गते गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले भदौ १८ गते पुर्पक्षका लागि थुनामा पठायो।

**अपमानजनक तथा अमानवीय व्यवहार**

पिचास लागेको उपचार गर्ने भन्दै कमलामाई नपा–१२ रानीचुरीकी ३५ वर्षीया पूर्णमाया गुर्मछाने मगरलाई तीनपाटन गापा–३ का धामी ५२ वर्षीय दुर्गाबहादुर आले मगरले २०७५ कात्तिक १५ गते तातो पन्युँले डामेर घाइते बनाएको भन्दै पीडित पक्षले कात्तिक २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पूर्णमायाको अनुहार पूर्णरूपले डढ्यो भने जीउमा समेत चोट लाग्यो । सामान्य काम्ने तथा अनावश्यक बोल्ने जस्तो रोग देखिएपछि उनलाई झारफुक गर्न धामीको घरमा लगिएको थियो । परिवारले उपचार मा ध्यान नदिएपछि पीडितका बुबाले कात्तिक २० गते उपचारका लागि सिन्धुली अस्पताल लगेका थिए। कात्तिक २१ गते गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले मङ्सिर १३ गते पुर्पक्षका लागि थुनामा पठायो।

**स्वास्थ्य सेवाको अवस्था**

जिल्लामा एक सरकारी, पाँच निजी तथा एक सामुदायिक गरी सातओटा अस्पताल सञ्चालनमा छन् । ५१ स्वास्थ्य चौकी, चार प्राथमिक स्वास्थ्य केन्द्र, २५ ओटा बर्थिङ सेन्टर र छओटा सहरी स्वास्थ्य केन्द्र तथा सामुदायिक स्वास्थ्य केन्द्र छन्। जिल्लाका नौओटा स्थानीय तहका स्वास्थ्य संस्थाका लागि सङ्घीय सरकारबाट निःशुल्क स्वास्थ्य सेवाका लागि औषधि खरिद गर्न १ करोड ३१ लाख रुपियाँ विनियोजन भएको छ भने जिल्ला अस्पतालमा १० लाख रुपियाँ औषधि खरिदको बजेट छ। जिल्लाका चार प्राथमिक स्वास्थ्य केन्द्रका लागि चारजना डाक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन् । जिल्ला अस्पतालमा सातजना विशेषज्ञ डाक्टरसहित १५ डाक्टरको दरबन्दी रहेकामा स्त्री रोग विशेषज्ञसहित सातजनामात्र कार्यरत छन्। त्यस्तै जिल्लामा अहेवको ८५ दरबन्दी रहेकामा ५९ जना कार्यरत छन्।


## सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बेचबिखन तथा ओसारपसार | | १ | १ |
| बालविवाह | | २ | २ |
| बलात्कार | ५ | ५ | १० |
| यौन दुर्व्यवहार | १ | | १ |
| जम्मा | ६ | ८ | १४ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बेचबिखन तथा ओसारपसार | | | | १ | १ |
| कथित बोक्सीको आरोप | | | | १ | १ |
| बलात्कार | | | | ७ | ७ |
| बलात्कार प्रयास | | | | १ | १ |
| बहुविवाह | २ | १ | | ४ | ७ |
| घरेलु हिंसा | १५ | ३० | ८ | २२ | ७५ |
| यौन दुर्व्यवहार | | | | १ | १ |
| जम्मा | १७ | ३१ | ८ | ३७ | ९३ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | ३ | १ | ४ |

# ३.१२ मकवानपुर




**जम्मा जनसङ्ख्या**
**४,३२,२९२**

**महिला**
**२,२२,५१२**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**२**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**४**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**१,१५,४७३**

**कामका लागि बाहिरिएका**
**१६,५४७**

**अपाङ्गता भएका**
**८,४६७**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**९८**

**आश्रित जनसङ्ख्या**
**१,७५,७३७**

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | १0 | | १0 |
| महिला अधिकार | ६ | | ६ |
| हत्या | २ | १ | ३ |
| जम्मा | १८ | १ | १९ |

*यो वर्ष विभिन्न ठाउँमा आएको बाढी/पहिरोले मकवानपुरमा १ सय १० जनालाई सुकुमबासी बनायो । गत वर्षको बाढी/पहिरोका कारण मनहरि मा ४ सय ७५ जना सुकमबासी थपिएका थिए । चार वर्षअघि सुकुमबासी समस्या समाधान आयोगको हेटौँडास्थित कार्यालयमा जग्गा माग गर्दै करिब २८ हजारले निवेदन दिएका थिए । आयोगले भूमिहीन, सुकुमबासी र अव्यवस्थित बसोबासीको निवदेन माग गरेको थियो ।*

*दैवी प्रकोपका कारण यो जिल्लामा बर्सेनि ३ सयको हाराहारीमा सुकुमबासी थपिने गरेका छन् । आठ वर्षअघि सरकारले गरेको एक सर्वेक्षणअनुसार जिल्लाको ९४ प्रतिशत भूभाग जोखिममा थियो । त्यसैले पनि आठ वर्षअघि २ हजार ८ सय परिवार सुकुमबासी रहेकामा यो सङ्ख्या बढेर अहिले करिब साढे पाँच हजार पुगेको अनुमान छ ।*

*मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट सन् २०१७ मा २२ महिला र तीन पुरुष गरी २५ जना पीडित भएका थिए । सन् २०१८ मा १८ महिला र एक पुरुष गरी १९ जना पीडित भए । यो वर्ष जिल्लामा दुई महिला र एक पुरुषको हत्या भयो ।*

### कारागार र बन्दी

'ख' श्रेणीको जिल्ला कारागारको क्षमता १ हजार २ सय जनाको छ । तर कैदी र बन्दी गरी ९ सय २७ जना छन् । महिला छैनन् । क्षेत्रीय कारागार भीमफेदीको महिला वार्डमा पनि पुरुष नै राखिएका छन् । अहिले भने महिला वार्ड र पुरुष वार्डको दुवै भवन बनेका छन् । तर पनि दुवैमा पुरुषमात्र छन् ।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

तीनजना न्यायाधीश रहेका यस जिल्ला अदालतमा यो वर्ष २ सय १२ थान मुद्दामध्ये फैसला हुन बाँकी मुद्दा देवानीतर्फ ९७ र फौजदारीतर्फ १ सय १५ थान छन् ।

सात न्यायाधीश रहेका यस उच्च अदालतमा यस वर्ष ९ सय ५० थान फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ७ सय ३० र फौजदारीतर्फ २ सय २० थान छन् । १८ महिना नाघेका तनि थान देवानी मुद्दा छन् ।

## बाल अधिकार

### शिक्षाको अवस्था

*मकवानपुरका पढ्ने उमेरका करिब तीन दशमलव चार प्रतिशत बालबालिकाले अझै पनि विद्यालय देखेका छैनन् । गरिबी, अशिक्षा र स्कुल पहुँचमा नभएकाले जिल्लाका करिब ३ हजारभन्दा बढी बालबालिका पढ्ने अवसरबाट वञ्चित रहँदै आएका छन् । जिल्ला शिक्षा कार्यालयका अनुसार पाँचदेखि नौ वर्ष उमेरसम्मका ७१ हजार ३ सय ७४ बालबालिका छन्। तीमध्ये ६८ हजार १ सय ५० जना बालबालिका मात्रै विद्यालय भर्ना भएका छन् । मकवानपुरका ३ दशमलव ४ प्रतिशत बालबालिका विद्यालय नआएकामात्र होइनन्, एक कक्षामा भर्ना भएका विद्यार्थीमध्ये २१ प्रतिशतले एक वर्षभित्रै स्कुल छाड्ने गर्छन् । एक कक्षामा भर्ना भएका विद्यार्थीमध्ये २३ प्रतिशतमात्र १० कक्षामा पुग्छन् । यो जिल्लामा सामुदायिक र संस्थागत गरेर ५ सय ९२ विद्यालय छन् । जिल्लामा ३ सय ७५ अपाङ्ग मैत्री विद्यालय र ५ सय ९३ प्रारम्भिक बाल विकास केन्द्र छन् । यो वर्ष १ हजार ६ सय ६३ दलित बालक र १ हजार ७ सय ५७ जना दलित बालिकालाई छात्रावृत्ति स्थानीय तहबाटै प्रदान गरियो ।*

*सन् २०१८ मा बालबालिकाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा कमी भए । यो वर्ष १० जना बालिका पीडित भए । जसमध्ये बलात्कारबाट नौ र नवजात शिशुको हत्याबाट एकजना थिए । सन् २०१७ मा १३ बालिका पीडित भएका थिए । जसमध्ये बलात्कारबाट १२ र यौन दुर्व्यवहारबाट एकजना थिए ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ९ | ९ |
| नवजात शिशुको हत्या | १ | १ |
| जम्मा | १० | १० |

### बलात्कार, यौन दुर्व्यवहार

१४ वर्षीया बालिकालाई २०७४ फागुन २ गते बलात्कार गरेको भन्दै पीडित पक्षले थाहा नपा–१ का ७१ वर्षीय नन्दलाल गोपालीविरुद्ध फागुन ३ गते इलाका प्रहरी कार्यालय, दामनमा मा उजुरी दिए । बालिकाको स्वास्थ्य परीक्षण फागुन ३ गते हेटौँडा अस्पतालमा भयो । उजुरी दिएकै दिन गिरफ्तार परेका वृद्धलाई जिल्ला अदालतले चैत ५ गते पुर्पक्षका लागि थुनामा पठाएकोमा जिल्ला अदालत हेटौँडाको आदेशले १० वर्ष कैद र पीडितलाई एक लाख रुपैयाँ क्षतिपूर्ति दिने फैसला सुनायो ।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव तथा दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै महिला तथा बालबालिका सेवा केन्द्रमा ३ सय ४१ उजुरी परे । जसमा मादक पदार्थ सेवन गरेर घरेलु हिंसा भएका १ सय ७९ उजुरीमा १ सय १ उजुरी मिलामत्र भए भने ७८ ओटा उजुरी कानुनी प्रक्रियामा रहेका छन् । । बहुविवाहका ६५ उजुरीमा ४१ ओटा मिलापत्र भयो भने २४ ओटा कानुनी प्रकृयामा रहेका छन् । आपसी झगडा भएको, खान/लाउन नदिएकोलगायतका ८४ घटना मध्ये ४३ ओटा उजुरीमा मिलापत्र भयो भने ४१ ओटा मुद्दा कानुनी प्रकृयमामा रहेका छन् ।*

*सन् २०१८ मा महिलाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा कमी भए । यो वर्ष ६ जना महिला पीडित भए । जसमध्ये बलात्कारबाट पाँच र बहुविवाहबाट एकजना थिए । सन् २०१७ मा नौजना पीडित भएका थिए । जसमध्ये बहुविवाहबाट चार, बलात्कारबाट चार र बेचबिखन प्रयासबाट एकजना थिए ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ५ | ५ |
| बहुविवाह | १ | १ |
| जम्मा | ६ | ६ |

### परिवारजनबाट हत्या

हटौँडा उमनपा–४ की ४२ वर्षीया मिना लामालाई २०७४ पुस २२ गते ५८ वर्षीय पति रामबहादुर लामाले गजवारले हिर्काएर हत्या गरेको भन्दै पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालय हेटौँडामा उजुरी दिए । शवको पोस्टमार्टम हेटौँडा अस्पतालमा पुस २३ गते भयो । सोही दिन गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले २०७४ माघ २८ गते पुर्पक्षका लागि थुनामा पठायो ।

थाहा नपा-५ की ४९ वर्षीया सावित्री तामाङलाई २०७५ कात्तिक ९ गते ४५ वर्षीय पति देवबहादुर लामाले काठको गजबारले हिर्काएर हत्या गरको भन्दै मृतकका माइती पक्षले कात्तिक १० गते जिल्ला प्रहरी कार्यालय हेटौँडामा उजुरी दिए। शवको पोस्टमार्टम हेटौँडा अस्पतालमा कात्तिक ११ गते भयो। सोही दिन गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले कात्तिक २८ गते पुर्पक्षका लागि थुनामा पठायो।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

१८ वर्षीया सुस्तमनस्थितिकी युवतीलाई २०७४ फागुन १९ गते बलात्कार गरेको भन्दै पीडित पक्षले हेटौँडा उमनपा-१ का २५ वर्षीय नवराज सुनारविरुद्ध जिल्ला प्रहरी कार्यालय हेटौँडा उजुरी दिए। युवतीको स्वास्थ्य परीक्षण फागुन २० गते हेटौँडा अस्पतालमा भयो। घटना भएकै दिन गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले चैत २१ गते पुर्पक्षका लागि थुनामा पठायो।

**स्वास्थ्य सेवाको अवस्था**

मकवानपुरमा सरकारी, निजी र सहकारी गरी पाँचओटा अस्पताल छन्। हेटौँडा अस्पतालमा दरबन्दी र करारका गरेर २९ जना डाक्टर छन। जिल्लामा चारटा प्राथमिक स्वास्थ्य केन्द्र छन्। सबैमा करारका डाक्टर छन्। ४० ओटा स्वास्थ्य चौकी छन्। सबैमा दरबन्दीअनुसार नै अहेव छन्। यो जिल्लामा गर्भवती भएका महिलामध्ये नियमित परीक्षण गर्न आउने को प्रतिशत ६० छ। जनस्वास्थ्य कार्यालय हेटौँडाका अनुसार मकवानपुरको मातृ मृत्युदर प्रतिलाख २ सय ८ छ। जिल्लाका मनहरी, इन्द्रसरोवर र मकवानपुर गढी गाउँपालिकामा आउने गर्भवती महिलालाई दैनिक एक अण्डा दिने, स्वास्थ्य संस्थामा सुत्केरी हुन आउने लाई २ हजार रुपियाँसम्म सुत्केरी भत्ता दिने र सुत्केरी हुन स्वास्थ्य संस्था आउँदाको एम्बुलेन्स खर्च पनि दिने व्यवस्था गरिएको छ।

**सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| बलात्कार | १ | ८ | ९ |
| नवजात शिशुको हत्या | | १ | १ |
| जम्मा | १ | ९ | १० |

**महिला अधिकार**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| बलात्कार | ५ | ५ |
| बहुविवाह | १ | १ |
| जम्मा | ६ | ६ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | १ | २ | ३ |

# ३.१३ चितवन




**जम्मा जनसङ्ख्या**
६,२९,९७८

**महिला**
३,३१,०६४

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
३

**प्रदेशसभा निर्वाचन क्षेत्र**
६

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
५०,४९४

**कामका लागि बाहिरिएका**
५०,४२१

**अपाङ्गता भएका**
१२,९३७

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
९७.५

**आश्रित जनसङ्ख्या**
२,३०,३७३

चितवन राष्ट्रिय निकुञ्ज आसपासका बासिन्दा निकुञ्जबाट पीडित बन्दै आएका छन्। घाँस दाउरा गर्दा र गाईवस्तु चराउँदासमेत निकुञ्ज सुरक्षार्थ खटिएका सेनाको कुटाइ खान बाध्य मध्यवर्ती आसपासका बासिन्दा देशमा जनताको शासन आउँदा पनि सुखले जीवन काट्न नपाएको गुनासो गर्छन् । नयाँ व्यवस्थाअनुसार थप सेवा/सुविधा पाउनु त कहाँ हो कहाँ ? उल्टै नयाँ नियम लगाएर निकुञ्जले प्रताडित बनाउने गरेको पूर्वसांसद राजाराम स्याङ्तानले बताए।

निकुञ्जले मध्यवर्ती क्षेत्रभित्रकै ढुङ्गा/माटो ओसार–पसार गर्न निषेध गरेकाले स्थानीय सामुदायिक वनका अगुवा, नागरिक समाज विरोधमा उत्रिएका छन्। सङ्घीय सरकार मातहत रहेकाले प्रदेश मुख्य मन्त्रीका कुरा पनि यहाँको सेना र प्रशासनले नटेर्ने यस क्षेत्रका अधिकारकर्मी बताउँछन् । मध्यवर्ती आसपासका जनतालाई जीविकोपार्जनमा समेत समस्या छ । अरु त अरु एउटा सामान्य किराना पसल सञ्चालन गर्न पनि निकुञ्जको अनुमति चाहिन्छ । आदिवासीलाई परम्परागत पेशा गर्न गाह्रो छ। बोटे समुदाय माछा मार्न जाँदा गिरफ्तार परेका र वल्छी, जाल खोसिएका घटना थुप्रै रहेका अधिकारकर्मी छविलाल न्यौपानेले बताए। आफ्नै बारीमा लगाएको साग सब्जी टिप्न पनि गाह्रो भएको उनीहरूको भनाइ छ । न्यौपानेले भने– यहाँ मानव र वन्यजन्तुबीच हैन, मानव–मानवबीच द्वन्द्व छ।

चितवनमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट सन् २०१७ मा ६५ महिला र १५ पुरुष सहित ८१ जना पीडित भएका थिए। सन् २०१८ मा ६७ महिला र ११ पुरुष गरी ७८ जना पीडित भए।

| घटनाको प्रकार | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | ३७ | १ | ३८ |
| महिला अधिकार | | | २८ | | २८ |
| हत्या | | | २ | ३ | ५ |
| घाइते | २ | २ | | ५ | ५ |
| जम्मा | २ | २ | ६७ | ९ | ७६ |

## गोली/विस्फोटक पदार्थद्वारा घाइते

### राज्यपक्षबाट

भरतपुर महानगरपालिका–१० स्थित भरतपुर केन्द्रीय बसपार्कमा २०७५ साउन ९ गते प्रहरी



*गोली लागी घाइते भएका महेन्द्र सुनार*

र अटो रिक्सा मजदुरबीच झडप हुँदा दुई जना आटो रिक्सा मजदुर र दुई जना प्रहरी इन्स्पेक्टर सहित १८ जना प्रहरी पनि घाइते भए । सो घटनामा प्रहरीको गोली लागी भिमाद नगरपालिका–७ घर भई रोजगारीको सिलसिलामा हाल नवलपरासी सुस्ता पूर्व जिल्ला गैंडाकोट नगरपालिका–४ डेरा गरी बस्ने ३५ का महेन्द्र सुनार घाइते भए। प्रहरीले गरेको लाठी लागी मकवानपुर जिल्ला हेटौँडा उपमहानगरपालिका–४ का ठाकुरसिंह गोले घाइते भए । घाइतेद्वयलाई भरतपुर अस्पताल भर्ना गरिएकोमा गोले सोही दिन उपचारपछि घर फर्किए भने सुनारलाई थप उपचारका लागि एलाई हस्पिटल एण्ड ट्रमा सेन्टर भरतपुरमा रिफर गरिएकोमा ८१ दिनको उपचार पछि उनी डिस्चार्ज भए। यसैगरी जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक ४५ वर्षीय धजेन्द्र कार्की र सशस्त्र प्रहरी गणका प्रहरी निरीक्षक ३८ वर्षीय देवेन्द्र रोक्का, प्रहरी जवानहरू इच्छाकामाना गाउँपालिका–७ दाहाखानीका ३५ वर्षीय हर्कबहादुर दराई, धादिङ जिल्ला सिद्धलेख गाउँपालिका–७ का ४१ वर्षीय नेत्र बुढाथोकी, मकवानपुर जिल्ला मनहरी–७ का ४२ वर्षीय केशव पाण्डे, बाग्लुङ जिल्ला ढोरपाटन नपा–२, का २५ वर्षीय सुरज विक र खैरहनी नपा–१ का २९ वर्षीय गोपाल पाठक पनि आन्दोलनकारीको ढुङ्गा प्रहारबाट घाइते भएका थिए । उनीहरूको भरतपुरका विभिन्न अस्पतालमा उपचार भएको थियो। अन्य प्रहरी जवानहरू सामान्य घाइते भएका थिए।

भरतपुर महानगरपालिकाले तीनपाङ्ग्रे सवारी साधनलाई मुख्य राजमार्गमा गुड्न रोक लगाएपछि आन्दोलनमा उत्रिएका ओटो रिक्सा मजदुर र प्रहरीबीच भरतपुर केन्द्रीय बसपार्कमा झडप हुँदा प्रहरीले १ सय सेल अश्रुग्यास र १० राउण्ड हवाइ फायर गरेको थियो भने आन्दोलनकारीले इँटा, ढुङ्गालगायतका वस्तु प्रहार गरेका थिए। प्रर्दशनमा उत्रिएका अटो रिक्सा चालक र व्यवसायीले ना १६ प ९४०६ नम्बरको मोटरसाइकल, ना १ ज ४९७५ नम्बरको म्याजिकमा आगजनी गर्नुका साथै बा १६ च १९३८ नम्बर निजी कारमा तोडफोड गरेका थिए।

## कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता २ सय ५५ जनाको छ। तर ४ सय १८ कैदी र २ सय ४९ जना थुनुवा गरी ६ सय ६७ जना छन् । जसमा महिला ३९ जना छन् । बालक दुई र बालिका दुई गरी चारजना आश्रित बालबालिका छन्। २०२५ सालमा निर्माण गरिएको यस कारागारको दुई भवनमध्ये एक जीर्ण छ । क्षमताभन्दा झण्डै तीन गुणा कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

६ न्यायाधीश रहेका यहाँको जिल्ला अदालतमा यस वर्ष फौजदारी ५ सय ४५ र देवानी ८ सय २६ थान मुद्दा दर्ता भए। फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ३ सय १० र फौजदारीतर्फ १ सय ७८ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा देवानी चार र फौजदारी तीन थान छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा ३ सय ३६ आधारभूत र १ सय ९८ मावि छन्। २ हजार ३ सय ८९ शिक्षक दरबन्दी रहेकामा ४० रिक्त छ। यस वर्ष ५३ हजार ७ सय २० बालक र ६ हजार २५ बालिका विद्यालय भर्ना भए। जिल्लामा ११ अपाङ्गमैत्री विद्यालय छन् । २ हजार २ सय दलित बालक र ४ हजार दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो । साथै शहीद परिवारका दुई र द्वन्द्वपीडित परिवारका ५० बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बेचबिखन तथा ओसापसार | ३ | | ३ |
| बालविवाह | १ | | १ |
| बलात्कार | २९ | | २९ |
| यौन दुर्व्यवहार | ५ | १ | ६ |
| जम्मा | ३७ | १ | ३८ |

*सन् २०१८ मा बालबालिकाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भए । यो वर्ष ३७ बालिका र एक बालक गरी ३८ जना बालबालिका पीडित भए । जसमध्ये बलात्कारबाट २९ बालिका, यौन दुर्व्यवहारबाट पाँच बालिका र एक बालक, बेचबिखन तथा ओसारपसारबाट दुई बालिका र बालविवाहबाट एक बालिका थिए । सन् २०१७ मा ३३ बालिका र दुई बालक गरी ३५ जना बालबालिका पीडित भएका थिए । जसमध्ये बलात्कारबाट २२ बालिका र यौन दुर्व्यवहारबाट ११ बालबालिका र दुई बालक गरी १३ जना थिए ।*

**बलात्कार, यौनदुर्व्यवहार**

नौ र सात वर्षीया बालिकालाई २०७४ फागुन १२ गते बलात्कार गरेको भन्दै पीडित पक्षले भरतपुर मनपा–१४ का ७१ वर्षीय कुलप्रसाद पौडेलविरुद्ध फागुन १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । दुवै बालिकाको स्वास्थ्य परीक्षण भरतपुर अस्पतालमा फागुन १३ गते भयो । उजुरी दिएकै दिन गिरफ्तार भएका कुलप्रसादलाई जिल्ला अदालतले २०७५ असार ४ गते १० वर्ष कैद र २५ हजार रुपियाँ क्षतिपूर्तिको सजाय सुनायो ।

**बेचबिखन तथा ओसारपसार**

१५ वर्षीया बालिकालाई ललाइफकाइ घुम्न जाने भन्दै २०७५ वैशाख २४ गते भरतपुरबाट माडी ठोरी हुँदै भारत लैजाने क्रममा सीमामा माइती नेपालको सहयोगमा नियन्त्रणमा लिइ सोधपुछ गर्दा भारत नरकटिया घर भई भरतपुरमा ठेक्काको काम गरी बसेका ३५ वर्षीय कमलेश आलमले बेच्ने उद्देश्यले लगेको भन्दै पीडित पक्षले जेठ १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । वैशाख ३१ गते गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले जेठ १७ गते पुर्पक्षका लागि थुनामा पठायो ।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ३ सय ८० महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट गरी घर निकाला गरिएका ९८, खान/लाउन नदिएको ५५, विवाह दर्ता र नागरिकता नबनाएको ४५, अर्की श्रीमती ल्याएर हेलाँ गरेको २५ र सामान्य घरायसी झगडाका १ सय*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बेचबिखन तथा ओसारपसार | १ | १ |
| बलात्कार | ९ | ९ |
| बलात्कार प्रयास | ४ | ४ |
| बहुविवाह | ११ | ११ |
| यौन दुर्व्यवहार | ३ | ३ |
| जम्मा | २८ | २८ |

*५७ घटना छन् । जसमध्ये प्रहरीले ३ सय १० ओटामा मिलापत्र गरायो भने १५ उजुरी कानुनी प्रक्रियामा छन् ।*

*सन् २०१८ मा महिलाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भए । यो वर्ष २८ महिला पीडित भए । जसमध्ये बहुविवाहबाट ११, बलात्कारबाट नौ, बलात्कार प्रयासबाट चार, यौन दुर्व्यवहारबाट तीन र बेचबिखन तथा ओसारपसार बाट एकजना थिए । सन् २०१७ मा २५ महिला पीडित भएका थिए । जसमध्ये बहुविवाहबाट ६, बलात्कारबाट ६, यौन दुर्व्यवहारबाट पाँच, बलात्कार प्रयासबाट दुई, बेचबिखनबाट तीन, कथित बोक्सीको आरोपबाट दुई र बेचबिखन प्रयासबाट एकजना थिए ।*

**परिवारजनबाट हत्या**

भरतपुर मनपा–२७ की २७ वर्षीया सुनमाया श्रेष्ठलाई २०७५ भदौ १४ गते ३४ वर्षीय पति गोपाल भन्ने थमबहादुर श्रेष्ठले जबर्जस्ती विष खुवाइ हत्या गरेको भन्दै मृतकका माइती पक्षले भदौ १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । शवको पोस्टमार्टम भरतपुर अस्पतालमा भदौ १६ गते भयो । भदौ १७ गते गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले असोज ६ गते पुर्पक्षका लागि थुनामा पठायो ।

७० वर्षीया महिलालाई २०७५ असोज ४ गते राति घरबाहिरको शौचालय जाने क्रममा बलात्कार गरेको भन्दै माडी नपा–३ का ६५ वर्षीय विश्राम महतोविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा असोज ५ गते उजुरी दिए । वृद्धाको स्वास्थ्य परीक्षण असोज ६ गते भरतपुर अस्पतालमा भयो । उजुरी दिएकै दिन गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले असोज २१ गते पुर्पक्षका लागि थुनामा पठायो ।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

**भौतिक संरचना क्षति**

पूर्वाधारबिना निजी कलेजलाई भर्नाका लागि

अनुमति दिएको भन्दै विद्यार्थीले चितवनको कृषि तथा वन विश्वविद्यालयमा २०७५ कात्तिक २७ गते साँझ तोडफोड तथा आगजनी गरे । उक्त घटनामा संलग्न रहेको आरोपमा प्रहरीले बडिगाड गाउँपालिका खरवाङ–६,बागलुङका २३ वर्षीय सुदर्शन खराल, हेटौँडा नपा–८ का २३ वर्षीय मुक्ति भण्डारी, षडानन्द नपा भोजपुरका २४ वर्षीय ज्ञानेन्द्र राई, भरतपुर मनपा–१० का २४ वर्षीय प्रवेश आचार्य, टीकापुर नपा–९ कैलालीका २२ वर्षीय अरुण चपाई, ढोरपाटन नगरपालिका बांगादोभाने–४ बागलुङका २२ वर्षीय किरण रोकामगर, ललितपुर मनपा–२३ का २५ वर्षीय चन्दन केसी र भानु नपा–१३ तनहुँका २३ वर्षीय उमेश थापालाई सोही दिन राति गिरफ्तार गरेकामा विश्वविद्यालय प्रशासकहरूको रोहवरमा भएको छलफलमा त्यस्ता घटना नदोहोर्‍याउने सर्तमा कात्तिक २८ गते प्रहरीले रिहा गर्‍यो ।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा चार जिल्लास्तरीय अस्पताल, ३६ स्वास्थ्य चौकी र तीन प्राथमिक स्वास्थ्य केन्द्र छन् । जिल्लामा ३५ डाक्टरको दरबन्दी रहेकामा २६ जना कार्यरत छन् । त्यस्तै अहेवको ४२ दरबन्दी रहेकामा ३५ जना कार्यरत छन् । यो जिल्लामा बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल राष्ट्रिय स्तरको र क्षेत्रीय अस्पतालसरह भरतपुर अस्पतालले सेवा दिइरहेको छ । सरकारी स्वामित्वको रत्ननगर अस्पताल र बघौडा अस्पताल सञ्चालनमा छन् ।

**सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बेचबिखन तथा ओसारपसार | | | २ | २ |
| बालविवाह | | | १ | १ |
| बलात्कार | ३ | ४ | २० | २७ |
| यौन दुर्व्यवहार | | १ | ४ | ५ |
| जम्मा | ३ | ५ | २७ | ३५ |

**महिला अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| बेचबिखन तथा ओसारपसार | | १ | १ |
| बलात्कार | १ | ७ | ८ |
| बलात्कार प्रयास | २ | २ | ४ |
| बहुविवाह | २ | ९ | ११ |
| यौन दुर्व्यवहार | | ३ | ३ |
| जम्मा | ५ | २२ | २७ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | १ | ४ | ५ |



# गण्डकी प्रदेश

- क्षेत्रफल : २१,८२८ वर्ग कि.मि.
- जनसङ्ख्या : २४,१३,९०८
- साक्षरता प्रतिशत : ७३.३३
- जिल्ला : ११
- निर्वाचन क्षेत्र (प्रतिनिधिसभा) : १८
- निर्वाचन क्षेत्र (प्रदेशसभा) : ३६
- महानगरपालिका : १
- नगरपालिका : २६
- गाउँपालिका : ५८
- कूल वडा सङ्ख्या : ७५९



# गण्डकी प्रदेश परिचय ४


गण्डकी प्रदेशको जनसङ्ख्यामध्ये ७०.६८ ले नेपाली, ८.५५ ले मगर मगर, ८.५५ ले गुरुङ, ४.७९ ले भोजपुरी, १.६४ प्रतिशतले नेवारी र बाँकीले अन्य मातृभाषा बोल्छन्। यस प्रदेशका मानिसहरूको प्रतिव्यक्ति आय १ हजार १ सय ६९ अमेरिकी डलर र औसत आयु ६८.८० वर्ष रहेको छ।

यस प्रदेशमा रहेका पर्यटकीयस्थल, धार्मिक तथा सांस्कृतिक धरोहरको विकास गर्न सकिए पर्यटकको आगमन बृद्धि भई प्रदेशको अर्थतन्त्रलाई सकारात्मक प्रभाव पार्न सक्छ। यस प्रदेशको राजधानी पोखरा तोकिएको छ। प्रदेश सरकारले मानव अधिकारको सम्मान एवम् सम्बोधन गर्ने, दिगो शान्ति, सुशासन, विकास र समृद्धिका जनअपेक्षा सम्बोधन गर्ने, सबै प्रकारका विभेद बञ्चितीकरण र असहिष्णुताको अन्त्य गरी समन्यायिक रूपमा समृद्ध समाज निर्माण गर्ने, पछाडी पारिएका समुदाय, क्षेत्र र वर्गलाई विकासको मूल प्रवाहमा ल्याउने, हिंसा पीडित महिला तथा बालबालिकालाई एकै स्थानबाट आवश्यक सेवा प्रदान गर्न एकद्वार सङ्कट व्यवस्थापन केन्द्र स्थापना गर्ने, घरेलु हिंसा, लैङ्गिक हिंसा, श्रम शोषण, बालविवाह, बेचबिखन तथा ओसारपसार, शारीरिक तथा मानसिक यातना लगायत सबै खाले हिंसाको अन्त्य गर्ने, हिंसा पीडितका लागि निःशुल्क कानुनी सेवा, मनोसामाजिक परामर्श, स्वास्थ उपचार उपलब्ध गराउँदै लैजाने व्यवस्था मिलाउने, शहीद, बेपत्ता, योद्धा परिवार तथा घाइते अपाङ्गता भएका व्यक्ति र परिवारलाई सामाजिक संरक्षणका कार्यक्रममा प्राथमिकता दिने, शहीदका नाममा निर्माण भएका सार्वजनिक संरचनाको संरक्षण र विकास गर्ने, आधारभूत स्वास्थ्य सेवामा नागरिकको पहुँच पुऱ्याउन गाउँपालिकामा २५ शैया र नगरपालिकामा ५० शैयाका अस्पताल निर्माण, स्वास्थ्य बिमा कार्यक्रम बिस्तार, मातृ शिशु स्वास्थ्यमा सुधार तथा बाल मृत्युदर घटाउने, बिशिष्टिकृत सेवा सहितको मुटु, मृगौला तथा क्यान्सर रोगको उपचारका लागि अस्पताल निर्माण गर्न विस्तृत आयोजना प्रतिवेदन तयार गर्नेलगायतका नीति तथा कार्यक्रम तय गरेको छ।

**सन् २०१८ र मानव अधिकार अवस्था**

यस प्रदेशमा सन् २०१८ मा अन्यपक्षबाट २४ जनाको हत्या भएको अभिलेख भयो। धम्की तथा कुटपिटका घटनामा राज्यपक्षबाट २६ जना र अन्य पक्षबाट ३४ जना पीडित भए। जातीय विभेदका घटनामा चार जना, महिला अधिकार उल्लङ्घनका घटनामा ३ सय ६८ जना, बाल अधिकार उल्लङ्घनका घटनामा १ सय ३० जना बालबालिका पीडित भएको अभिलेख छ।

**सन् २०१८ मा घटनाको प्रकार अनुसार पीडित सङ्ख्या**



# ४.१ गोरखा

**जम्मा जनसङ्ख्या**
२,६४,६३७

**महिला**
१,४८,५६२

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
२

**प्रदेशसभा निर्वाचन क्षेत्र**
४

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
५४,८७५


**कामका लागि बाहिरिएका**
२८,१०४

**अपाङ्गता भएका**
१२,९३७

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
६६.०३

**आश्रित जनसङ्ख्या**
१,१९,३३४

| घटनाको प्रकार | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | १५ | १ | १६ |
| महिला अधिकार | | | १८ | | १८ |
| गिरफ्तारी | ३ | ३ | | | |
| कुटपिट | | | | १ | १ |
| धम्की | १ | १ | | | |
| हत्या | | | ४ | | ४ |
| जम्मा | ४ | ४ | ३७ | २ | ३९ |




*२०७२ वैशाख १२ को भूकम्पले जिल्लाका सबैजसो संरचनामा क्षति पुग्यो । राष्ट्रिय पुनर्निर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन एकाइ (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) का अनुसार जिल्लामा झण्डै ७० हजार व्यक्तिगत घर पूर्ण तथा आंशिक क्षति भए । भूकम्पको ४३ महिना बितिसक्दा यसमध्ये ४२ हजार ४ सय ४७ निजी घर मात्र निर्माण भएका छन् । ६५ हजार ६ सय ६७ घर पुनर्निर्माण तथा पाँच हजार २ सय ६ लाभग्राही प्रवलीकरण सूचीमा समावेश छन् । ६२ हजार ७ सय ७७ पीडितको खातामा पहिलो किस्ताको रकम निकासा भएको छ। घर मर्मत गर्नुपर्ने सूचीमा नाम समावेश भएका अधिकांश पीडितले चर्किएको घरमा बस्न नसक्ने भन्दै पुनर्निर्माणकै लाभग्राही सूचीमा नाम समावेश गर्न माग गर्दै पुनरावेदन गरेका छन्।*

*भूमिहीन भूकम्पपीडितले लाभग्राही सूचीमा नाम समावेश भए पनि लालपुर्जा नभएकै कारण अनुदान सम्झौता नै गर्न सकेका छैनन् । यस्ता पीडितको सङ्ख्या सम्बन्धित कार्यालयसँगै छैन । एकाइ कार्यालय १ हजारको हाराहारीमा यस्ता पीडित भएको अनुमान गर्छ । भूमिहीन भूकम्पपीडित पहिचानको जिम्मा स्थानीय तहलाई दिइएको एकाइ प्रमुख रामशरण आचार्यले बताए।*



*भूकम्पका कारण विस्थापित भएका नागरिक लालपूर्जा पाएपछि*

*जोखिम बस्तीका भूकम्पपीडितलाई स्थानान्तरण गर्ने प्रक्रिया पनि निकै सुस्त देखिएको छ । ४३ महिनाको अवधिमा धार्चे गाउँपालिका–२ केरौजाका १ सय ९३ पीडितलाई स्थानान्तरणका लागि बल्ल लालपुर्जा वितरण भएको छ। मुच्चोकका आठ पीडितलाई पनि लालपुर्जा वितरण गर्ने अन्तिम तयारी भएको आचार्यले बताए । केरौजाका ३ सय ४७, बारपाकका ५५, मुच्चोकका ३४, सिर्दिवासका २४, उहियाका ९ र मान्बुका १ घर स्थानान्तरण गर्नुपर्ने भूगर्वविद्को अध्ययनले देखाएको छ । धार्चे गाउँपालिका–४ लाप्राकका बासिन्दालाई लाप्राककै गुम्सीपाखामा स्थानान्तरणका लागि गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) ले एकीकृत बस्ती निर्माण गरिरहेको छ।*

*सन् २०१८ मा राज्यपक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनामा चार जना पुरुष र ज्यादतीका घटनामा ३७ जना महिला, दुई जना पुरुष गरी ३९ जना पीडित भएको अभिलेख भयो । गत वर्ष राज्यपक्षबाट १७ जना पुरुष र ज्यादतीका घटनामा २७ महिला, ९ पुरुष गरी ३६ जना पीडित भएका थिए।*

## धम्की/कुटपिट

### अन्यपक्षबाट

सिरानचोक गाउँपालिका–५ छोप्राकका युवाहरूको कुटपिटबाट २०७४ चैत २२ गते छोप्राक प्रहरी चौकीमा कार्यरत प्रहरी २७ वर्षीय नवराज केसी घाइते भए। टाउकोमा चोट लागेका केसीको सोही दिन गोरखा अस्पतालमा उपचार भएको प्रहरीले जनायो । राति करिब १० बजेतिर छोप्राकको पहिचान ग्रिल उद्योगमा ढुङ्गामुढा भएको सूचना प्राप्त भएपछि घटनास्थल पुगेको प्रहरी टोलीलाई युवाहरूले कुटपिट गरेका एसपी प्रकाश अधिकारीले जानकारी दिए । आक्रमणमा संलग्न भन्दै सिरानचोक गापा–५ का २६ वर्षीय सुरेश बानियाँ र २६ वर्षीय सुमन बिकलाई प्रहरीले २२ गते नै गिरफ्तार गरी सार्वजनिक अपराध ऐन अन्तर्गत मुद्दा दर्ता गरेको थियो। दुवै जना २०७५ वैशाख ११ गते रिहा भए।

## कारागार र बन्दी

'घ' श्रेणीको गोरखा कारागारको क्षमता ३५ पुरुष र २० महिला गरी ५५ जनाको छ। तर ६३ जना कैदी र २० जना थुनुवा गरी ८३ जना छन्। ७३ जना पुरुष कोचिएर बस्न बाध्य छन् । क्षमताभन्दा बढी कैदी/बन्दी हुँदा सुत्न, बस्न र पिउने पानीको समस्या रहेको जेलर शशिधर सुवेदीले बताए । २०७२ को भूकम्पले कारागारको गारो चर्किए पनि पुनर्निर्माण हुन सकेको छैन।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा एउटा जिल्ला अदालत छ। एकजना न्यायाधीशको दरबन्दी रहेकामा कार्यरत छन्। यस वर्ष दुई सय ९४ मध्ये एक सय २५ मुद्दा फैसला भएको छ। १ सय १४ देवानी र ५५ फौजदारी मुद्दा फैसला हुन बाँकी छन्। ३६ सरकारवादी फौजदारी र १९ मुद्दा दुनियावादी फौजदारीतर्फ फैसला हुन बाँकी छ। जसमध्ये दुई वर्ष नाघेका फौजदारी र देवानी मुद्दा भने छैनन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा ४ सय ३४ सामुदायिक र ४६ ओटा संस्थागत गरी ४ सय ८० विद्यालय छन् । बालविकास केन्द्र तीन सय ९३, १–५ चलेका २ सय ९२, १–८ चलेका ६६, १–१० चलेका ६४ र १–१२ चलेका ५८ विद्यालय छन्। जसमा प्रावि २ सय ९२, निमावि ६६, मावि ५४, उमावि ५६ ओटा छन्। जिल्लामा ३ सय अपाङ्गमैत्री विद्यालय छन्।*

*जिल्लामा २ हजार ६ सय २५ जना शिक्षकको दरवन्दी रहेकामा सबै कार्यरत छन्। ६७ हजार २ सय ४३ विद्यार्थी अध्ययनरत छन्। यस वर्ष प्राविमा ९९.०२, निमाविमा ८३.०४ र माविमा ६२.०६ खुद भर्नादर रहेको छ । द्वन्द्वपीडित परिवारका ८५ जना बालबालिकालाई छात्रवृत्ति दिइएको छ । जिल्लाका सबैजसो विद्यालय २०७३ वैशाख १२ को भूकम्पले भत्किएका छन्। ३ हजार ५२ कक्षा कोठा पूर्ण ध्वस्त छन् भने १ हजार १ सय ८५ कक्षाकोठामा आंशिक क्षति पुगेको थियो। पुनर्निर्माणका क्रममा सबै विद्यालयलाई अपाङ्गमैत्री बनाउने योजना शिक्षा कार्यालयको छ। पुनर्निर्माण नहुँदा कतिपय विद्यालयको पढाइ टहरोमा भइरहेको छ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बलात्कार | ९ | | ९ |
| विद्यालयमा शारीरिक सजाय | | १ | १ |
| यौन दुर्व्यवहार | ६ | | ६ |
| जम्मा | १५ | १ | १६ |

*सन् २०१८ मा विद्यालयमा शारीरिक सजायबाट एक, बलात्कारबाट नौ र यौन दुर्व्यवहारबाट ६ जना गरी १६ जना पीडित भएको अभिलेख भयो। सन् २०१७ मा बालबालिकामाथि हुने हिंसाका घटनाबाट १२ जना बालिका पीडित भएको अभिलेख थियो।*

**विद्यालयमा शारीरिक दण्ड**

आरुघाट गापा–२ मान्वुस्थित भवानी माध्यमिक विद्यालयमा कक्षा ७ मा अध्ययन गर्ने सुपारे कार्कीलाई प्रधानाध्यापक काजीराम कार्कीले विद्यालय नआएको भन्दै २०७४ माघ १८ गते कुटपिट गरे। कुटाइबाट सुपारेको हातको औँला सुन्निएको र रगत जमेको उनका काका पर्ने सूर्यबहादुर कार्कीले जानकारी दिए। उनको काठमाडौँको कलङ्कीस्थित शहीद मेमोरियल अस्पतालमा शल्यक्रिया गरियो। प्रधानाध्यापक काजीरामले घटना बाहिर नल्याउन दबाब दिएको पनि सूर्यबहादुरले बताए। पीडित पक्षले माघ २७ गते काठमाडौँको कालीमाटी प्रहरी वृत्तमा उजुरी दिएको थियो। गोरखाका डिएसपी भेषराज रिजालले कालीमाटी वृत्तबाट घटनाको जानकारी आएको बताए। पीडित पक्षले काठमाडौँमा फागुन ५ गते पत्रकार बोलाएर घटनाबारे जानकारी गराएको थियो। अस्पतालको उपचार खर्च प्रधानाध्यापकले बेहोरे पनि सबै औषधीको बिल भने नबेहोरेको पीडित पक्षले बतायो।

**बलात्कार, यौन दुर्व्यवहार**

१५ वर्षीया बालिकालाई यौन दुर्व्यवहार गरेको आरोपमा प्रहरीले भीमसेन गापा–८ बोर्लाङका १८ वर्षीय रविन दराईलाई २०७४ माघ १९ गते गिरफ्तार गऱ्यो। रविनले बालिकालाई माघ १८ गते विद्यालयबाट घरतर्फ आउँदै गर्दा यौन दुवर्यवहार गरेको भन्दै पीडित पक्षले सोही दिन प्रहरीलाई जानकारी गराइ माघ २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएको थियो। बालिकाको स्वास्थ्य परीक्षण माघ १९ गते जिल्ला अस्पतालमा भयो। जिल्ला अदालत गोरखाले दराईलाई दोषी ठहर गर्दै २०७५ वैशाख २४ गते तीन वर्ष कैद सजाय सुनायो।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव तथा दुर्व्यवहार**

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ६९ जना महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरेको २२, खान/लाउन नदिएको र हेरविचार नगरेको २८, नागरिकता नबनाएको भन्दै आठ र अर्को श्रीमती ल्याएर हेलाँ गरेको भन्दै आठ तथा सामान्य घरायसी झगडाका तीन उजुरी छन्। जसमध्ये २६ उजुरीमा मिलापत्र भएको, २४ कानुनी प्रक्रियामा रहेको र १९ जना उजुरी दर्ता गरेर सम्पर्कमै नआएको पाइयो।*

*यो वर्ष घरेलु हिंसाका कारण दुईजना, कथित बोक्सीको आरोपबाट तीनजना, बहुविवाहबाट ६ जना, बलात्कारबाट दुईजना, बलात्कार प्रयासबाट पाँचजना गरी १८ जना महिला पीडित भए। गत वर्ष महिलामाथि हुने हिंसाका घटनाबाट १४ जना पीडित भएका थिए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| कथित बोक्सीको आरोप | ३ | ३ |
| बलात्कार | २ | २ |
| बलात्कार प्रयास | ५ | ५ |
| बहुविवाह | ६ | ६ |
| घरेलु हिंसा | २ | २ |
| जम्मा | १८ | १८ |

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

२७ वर्षीया महिलालाई बलात्कार गरेको आरोपमा प्रहरीले लमजुङ घर भई तनहुँस्थित भानु नपा–९ बस्ने पृतम भनिने २६ वर्षीय नवराज लामालाई २०७४ पुस २२ गते गिरफ्तार गऱ्यो। आरोपितले पुस २१ गते बलात्कार गरेको भन्दै पीडितले पुस २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गराएकी थिइन्। महिलाको स्वास्थ्य परीक्षण पुस २२ गते जिल्ला अस्पताल, गोरखामा भयो। जिल्ला अदालतले २०७५ वैशाख २ गते लामालाई दोषी ठहर गर्दै पाँच वर्ष कैद र २५ हजार रुपियाँ जरिवानाको फैसला सुनायो।

### परिवारजनबाट हत्या

बारपाक सुलिकोट गापा–४ सौरपानीस्थित रन्चोकका ३७ वर्षीय टेकबहादुर बिकले ३३ वर्षीया पत्नी कुमारी बिकलाई रन्दा प्रहार गरी २०७५ भदौ २७ गते हत्या गरेको आरोपमा प्रहरीले सोही दिन गिरफ्तार गर्‍यो। बङ्गुरलाई दाना दिन लाग्दा टेकले पछाडिबाट प्रहार गरेपछि घाइते भएकी कुमारीलाई मेडिकल उपचारका लागि लैजाँदै गर्दा बाटैमा मृत्यु भएको थियो । शवको पोस्टमार्टम भदौ २७ गते नै गोरखा अस्पतालमा भएको थियो। जिल्ला अदालत गोरखाको कात्तिक १९ गतेको आदेशअनुसार आरोपित पुर्पक्षका लागि थुनामा छन्। मुद्दा फैसला भएको छैन।

### कथित बोक्सीको आरोप

बोक्सी बकाउने भन्दै शहीद लखन गापा–६ घैरुङस्थित बास्कोटकी १५ वर्षीया जानुका श्रेष्ठमाथि २०७४ फागुन २३ गते कुटपिट भयो । हिमालय माविमा कक्षा ८ मा अध्ययन गर्ने जानुका बिरामी परेपछि उनकी आमा पार्वती श्रेष्ठले बोक्सी बकाउने भन्दै कुटपिट गरेको प्रत्यक्षदर्शीले बताए । प्रधानाध्यापक सीताराम ढकालका अनुसार फागुन २३ गते बिहान करिब ११ बजेतिर जानुका बिरामी परेकी थिइन्। दोस्रो कक्षा चलिरहेको समयमा जानुका बिरामी परिन्, किताबले साथीहरूलाई हिर्काउने, बर्बराउने गरेपछि हामीले उनकी आमालाई खबर गर्‍यौँ, प्रधानाध्यापक ढकालले भने– विद्यालयमा आमा आएपछि कुटपिट गर्न थालिन् । आमा पार्वतीले विद्यालयमै बोक्सी बकाउने भन्दै बालिकालाई कुटपिट गर्न थालेको प्रत्यक्षदर्शीको भनाइ छ । कुटपिटका क्रममा बालिकाले छिमेकी ६५ वर्षीया मखना श्रेष्ठको नाम लिएकी थिइन् । त्यसपछि गाउँलेको भेला पनि बसेको थियो । उता आफूलाई बोक्सीको आरोप लगाएको भन्दै मखनाले २०७४ फागुन २७ गते गापामा उजुरी दिएकी थिइन् । बालिकाको स्वास्थ्य परीक्षण फागुन ३० गते घैरुङ स्वास्थ्य चौकीमा भयो । पार्वतीलाई प्रहरीले चैत ४ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतको २०७५ कात्तिक ७ गतेको फैसलाअनुसार पार्वतीलाई ६ महिना कैद र ५ हजार जरिवानाको रुपियाँ सजाय सुनाइएको छ।

### स्वास्थ्य सेवा

जिल्लामा दुई अस्पताल, ६६ स्वास्थ्य चौकी र ३ प्राथमिक स्वास्थ्य केन्द्र छन् । जिल्ला स्वास्थ्य कार्यालयमा चालु आर्थिक वर्षका लागि औषधि खरिद गर्न बजेट विनियोजन भएको छैन । गोरखामा दुई नपा र नौ गाउँपालिका गरी ११ स्थानीय तह छन्। ती सबै तहमा चालु आर्थिक वर्षमा औषधि खरिदका लागि २ करोड ५४ लाख रुपियाँ छुट्टाइएको छ। १ सय ४५ अहेवको दरबन्दी रहेकामा २५ पद रिक्त छन् । १ सय ३५ अनमीको दरबन्दी रहेकामा १८ पद रिक्त छ भने ६८ हेल्थ असिस्टेन्टको दरबन्दी रहेकामा आठ पद रिक्त छ। प्राथमिक स्वास्थ्य केन्द्रमा तीन डाक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन्।

**सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| बलात्कार | २ | | ३ | ४ | ९ |
| विद्यालयमा शारीरिक सजाय | | १ | | | १ |
| यौन दुर्व्यवहार | १ | | १ | ४ | ६ |
| जम्मा | ३ | १ | ४ | ८ | १६ |

**महिला अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| कथित बोक्सीको आरोप | | १ | | १ | २ |
| बलात्कार | | १ | | १ | २ |
| बलात्कार प्रयास | १ | २ | | २ | ५ |
| बहुविवाह | | ४ | | २ | ६ |
| घरेलु हिंसा | | | २ | | २ |
| जम्मा | १ | ८ | २ | ६ | १७ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | १ | ३ | ४ |

# ४.२ मनाङ

**जम्मा जनसङ्ख्या**
५,६१८

**महिला**
२,३९४

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
१

**प्रदेशसभा निर्वाचन क्षेत्र**
२


**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
२,१५०

**कामका लागि बाहिरिएका**
२७९

**अपाङ्गता भएका**
२०४

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
७४.८

**आश्रित जनसङ्ख्या**
१,७४७




## कारागार र बन्दी

श्रेणी नतोकिएको जिल्ला कारागारको क्षमता २० जनाको छ। कारागारमा कैद तोकिएका १० जना र कैद नतोकिएका चार जना थुनुवा रहेका छन् । जिल्ला कारागारमा महिला तथा आश्रित बालबालिका छैनन् । चारओटा कोठामा रहेको जिल्ला कारागारको भवन निर्माण प्रक्रियामा रहेको छ। कैदी बन्दी फुर्सदको समयमा मुडा, स्वेटर बुन्ने जस्ता कार्य गर्छन् तर कच्चा पदार्थको अभाव र बजार व्यवस्थापन हुन नसकेको उनीहरूको गुनासो छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश दरबन्दी रहेको यस जिल्ला अदालतमा सात थान मुद्दा दर्ता भएकोमा फौजदारी मुद्दातर्फ चार मध्ये एक थान मुद्दा फैसला भयो भने तीन फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ तीन मध्ये एक फैसला भयो भने दुई फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका पुराना मुद्दा नरहेको जिल्ला अदालतले जनाएको छ।

## बाल अधिकार

### शिक्षाको अवस्था

*जिल्लामा २२ आधारभूत र चार माध्यमिक विद्यालय छन् । जिल्लामा २ सय शिक्षक दरबन्दी रहेकामा कार्यरत् रहेको जिल्ला शिक्षा विकास तथा समन्वय इकाइले जनाएको छ। इकाइका अनुसार ७ सय ८५ विद्यार्थी अध्ययनरत् रहेकोमा यस वर्ष २ सय ८ जना विद्यार्थी भर्ना भए। अपाङ्ग मैत्री विद्यालय छैनन्। हिमाली छात्रवृत्तिअर्न्तगत यस वर्ष जिल्लाका २० जना बालबालिकाले आवासीय सेवामा पढ्ने सुविधा पाए।*

### महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

*जिल्ला प्रहरी कार्यालय, मनाङमा महिला तथा बालबालिका सेवा केन्द्र रहेको भए पनि यो वर्ष घरेलु हिंसा पीडितका उजुरी परेनन् । जिल्लामा घरायसी विवाद तथा झैझगडाका स्थानीय स्तरमै टुंगिने गरेका कारण प्रहरीमा अन्यन्तै न्यून मात्रामा उजुरी पर्ने गरेको जिल्ला प्रहरी कार्यालयले जनायो ।*

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक जिल्ला अस्पताल, तीन स्वास्थ्य चौकी र तीन सामुदायिक स्वास्थ्य इकाइ छन् । जिल्लामा दुई जना डाक्टरको दरबन्दी रहेकामा कार्यरत छन् । त्यस्तै अहेव दरबन्दी २८ रहेकोमा सबैजना कार्यरत रहेका छन् । स्वास्थ्यको बजेट स्थानीय निकायमा पठाइएको हुनाले जिल्ला स्वास्थ्य कार्यालयमा सो नरहेको जानकारी प्राप्त भयो ।

# ४.३ मुस्ताङ




**जम्मा जनसङ्ख्या**
**१२,८९०**

**महिला**
**६,१९०**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**१**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**२**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**४,६३२**

**कामका लागि बाहिरिएका**
**१,४२५**

**अपाङ्गता भएका**
**२०४**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**६६.२**

**आश्रित जनसङ्ख्या**
**४,३४२**

*गम्भीर प्रकृतिका मानव अधिकार हननका घटना कम हुने गरेको भए पनि यस जिल्लाका जनता स्वास्थ, शिक्षा, रोजगार जस्ता मौलिक अधिकारको उपभोग गर्ने सुविधाबाट भने बञ्चित रहेका छन् । अहिले पनि जिल्लामा मुखियाप्रथा यथावत् नै रहेकोले कतिपय सवालहरू गाउँमै छिनोफानो हुने गरेको पाइन्छ। अन्य जिल्लामा जस्तो मानव अधिकार उल्लङ्घन तथा ज्यादतीसम्बन्धी घटना सहजै न्यायिक निकायसम्म आइपुग्दैनन् । बजार अनुगमन फितलो हुने गरेको, यातायातको भरपर्दो व्यवस्था नहुँदा जिल्लामा उपचार सम्भव नभई अन्यत्र रेफर गर्नुपर्ने बिरामीलाई पठाउन असहज हुने गरेको, स्थानीय उत्पादनलाई सहजै निर्यात गर्न नसकिएको, विमान कम्पनीहरूको मनोमानीका कारण हवाइसेवा महँगो भएको स्थानीयको गुनासो रहेको छ।*

*मुस्ताङमा सन् २०१८ मा एक बालिका र एक महिला गरी दुई जना पीडित भएको अभिलेख भयो । सन् २०१७ मा कुटपिटको घटनामा एक जना पीडित भएको अभिलेख थियो।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बाल अधिकार | १ | १ |
| महिला अधिकार | १ | १ |
| जम्मा | २ | २ |

### कारागार र बन्दी

मुस्ताङ जिल्ला कारागारको क्षमता २५ जनाको छ। अहिले भने १० जना कैदी छन्। एकजना महिला कैदी पनि रहेकामा म्याग्दी जिल्ला कारागार पठाइएको छ। कारागारमा पर्खालको व्यवस्था नहुँदा कैदी/बन्दीले कोठामै बस्नुपर्ने बाध्यता छ भने सुरक्षाको दृष्टिकोणले समेत कारागारको संरचना अनुपयुक्त छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एकजना न्यायाधीशको दरबन्दी रहेको यहाँको जिल्ला अदालतमा आठ थान देवानी र ६ थान फौजदारी गरी १४ थान मुद्दा दर्ता भएकामा दुई थान मुद्दा फैसला हुन बाँकी रहे। जिल्लामा दुई वर्ष नाघेका पुराना मुद्दा छैनन्। जिल्ला अदालतमा दर्ता भएका मुद्दामा अधिकांश अभद्र व्यवहार, जुवा/तास र सम्बन्ध विच्छेदका रहने गरेका छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा सामुदायिक ५५ वटा, कम्पनी विद्यालय चार ओटा र गुम्बा विद्यालय आठ ओटा गरी ६७ ओटा विद्यालय छन्। १ हजार ७ सय ८७ विद्यार्थी छन्। ३ सय ३५ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत् छन्।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १ | १ |
| जम्मा | १ | १ |

### बलात्कार, यौन दुर्व्यवहार

२८ महिने बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले मुस्ताङको थासाङ गापा–३ लेते बस्ने ६८ वर्षीय लालप्रसाद शेरचनलाई २०७५ वैशाख ८ गते गिरफ्तार गऱ्यो। पीडित पक्षले इलाका प्रहरी कार्यालय, लेतेमा उजुरी दिएका थिए। बालिकाको स्वास्थ्य परीक्षण वैशाख ८ गते जिल्ला अस्पतालमा भयो। जिल्ला अदालतले २०७५ साउन १४ गते लालप्रसादलाई १० वर्ष कैद तथा ३० हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला सुनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

*जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका सेवा केन्द्रमा यो वर्ष घरेलु हिंसापीडितका उजुरी नै परेनन्। जिल्लामा घरायसी विवाद तथा झैझगडाका विषय स्थानीय स्तरमै टुङ्गिने गरेका कारण प्रहरीमा उजुरी कम मात्रामा पर्ने गर्छ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १ | १ |
| जम्मा | १ | १ |

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

६९ वर्षीया वृद्ध महिलालाई बलात्कार गरेको आरोपमा प्रहरीले घोरपभोङ गापा–१ चिमाङ बस्ने ३५ वर्षीय सुनबहादुर बिकलाई २०७४ माघ २२ गते बेलुकी गिरफ्तार गऱ्यो। सुनबहादुरले माघ २२ गते दिउँसो मादक पदार्थ सेवन गरी बलात्कार गरेको भन्दै स्थानीयबासीले नियन्त्रणमा लिई प्रहरीलाई खबर गरेका थिए। पीडितको स्वास्थ्य परीक्षण माघ २३ गते जिल्ला अस्पतालमा भयो। जिल्ला अदालतले फागुन १४ गते आरोपितलाई १० वर्ष कैद सजाय सुनायो।

## स्वास्थ्य सेवाको अवस्था


जिल्लामा एक जिल्ला अस्पताल, एक प्राथमिक स्वास्थ्य केन्द्र र १५ स्वास्थ चौकी छन्। दुई डाक्टर र एक मेडिकल सुपरिटेन्डेन्टको दरबन्दी रहेकामा दुवै कार्यरत् छन्। जिल्लामा ३५ अहेवको दरबन्दी रहेकामा तीन रिक्त छ। स्वास्थ्य बजेट स्थानीय तहमा पठाएकाले जिल्ला स्वास्थ्य कार्यालयबाट प्राप्त हुन सकेन। जिल्ला अस्पतालमा मौसमी ज्वरो, रुघा/खोकी, उच्च उचाइमा लेक लाग्ने जस्ता समस्या लिएर बिरामी आउने गरेका छन्। गम्भीर प्रकारका बिरामीलाई थप उपचारका लागि पोखरा तथा काठमाडौँमा पठाइने गरिएको जिल्ला स्वास्थ्य कार्यालयले जनायो।

**सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | जम्मा |
| बलात्कार | १ | १ |
| जम्मा | १ | १ |

| महिला अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | जम्मा |
| बलात्कार | १ | १ |
| जम्मा | १ | १ |

# ४.४ म्याग्दी




**जम्मा जनसङ्ख्या**
१,१३,३४०

**महिला**
६२,६४१

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
१

**प्रदेशसभा निर्वाचन क्षेत्र**
२

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
३१,३२३

**कामका लागि बाहिरिएका**
१४,३१४

**अपाङ्गता भएका**
६,१२२

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
७१.९

**आश्रित जनसङ्ख्या**
५२,१५७

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बाल अधिकार | ७ | ७ |
| महिला अधिकार | १८ | १८ |
| जम्मा | २५ | २५ |

म्याग्दीमा स्वास्थ्य बिमा कार्यक्रम २०७३ पुसदेखि लागु भए पनि सो कार्यक्रमको पहुँचमा ग्रामीण भेगका बासिन्दा अझै पुग्न सकेका छैनन् । स्वास्थ्य बिमा अहिले जिल्ला सदरमुकाम र नपामा मात्रै सीमित हो कि जस्तो देखिएको छ।

कूल बिमाकर्तामध्ये ५२ प्रतिशत बेनी नपाका रहेका र बाँकी ४८ प्रतिशत मात्रै अन्य पाँच गापाका रहेको स्वास्थ्य बिमा बोर्ड, म्याग्दीले जनाएको छ । बोर्डका म्याग्दी जिल्ला प्रमुख उपेन्द्र बराल जनचेतना तथा पहुँचको अभावका कारण ग्रामीण भेगका नागरिकलाई स्वास्थ्य बिमाले समेट्न नसकेको स्वीकार गर्छन् ।

राष्ट्रिय जनगणना २०६८ अनुसार म्याग्दी जिल्लामा २७ हजार ७ सय ६२ परिवार रहेका भए पनि हालसम्म १० प्रतिशत परिवारमा पनि बिमा कार्यक्रम पुग्न सकेको छैन । २ हजार ७ सय ७७ परिवारका १२ हजार २ सय २७ जनाले मात्रै यस्तो बिमा गरेका छन् । नयाँ बिमा र पुरानाले गरेको नवीकरणले गर्दा सो सङ्ख्या पुगेको हो । ६ हजार ६ सय २ जना महिला तथा ५ हजार ६ सय २५ जना पुरुष म्याग्दीमा बिमित छन् । हाल देशभरका ४० जिल्लामा स्वास्थ्य बिमा योजना सञ्चालन भइरहेको छ । स्वास्थ्य बिमा ऐन २०७४ को परिच्छेद २ को दफा ३ को उपदफा १ मा प्रत्येक नेपाली नागरिक स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध हुनुपर्ने उल्लेख छ । वृद्धाश्रम, अनाथालय, बाल सुधार गृहलगायतका संस्थामा आश्रित व्यक्तिलाई स्वास्थ्य बिमा गराउनु संस्थाको व्यवस्थापकको कर्तव्य हुने पनि स्वास्थ्य बिमा ऐनमा उल्लेख छ। तर ऐनको यो प्रावधान लागु भएको देखिन्न।

म्याग्दी जिल्लामा सन् २०१८ मा ज्यादतीका घटनामा २५ जना पीडित भएकामा सात जना

*बालबालिका र १८ जना महिला छन् । सन् २०१७ मा ज्यादतीका घटनामा ३८ महिला र दुई पुरुष गरी ४० जना पीडित भएको अभिलेख थियो ।*

### कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता ३२ जनाको छ। २५ पुरुष र सात महिलाको क्षमता रहेको यो कारागारमा ६६ कैदी र २० थुनुवा गरी ८६ जना छन्। जसमा ६ महिला छन्। दुई जना बालक आश्रित छन्। ६५ वर्षमाथिका दुई जना वृद्ध पनि कैद भुक्तान गरिरहेका छन् । क्षमताभन्दा बढी कैदी/बन्दी भएकाले व्यवस्थापनमा समस्या छ । पुस्तकालय, टेलिभिजन, खेलकुद सामग्रीलगायत सुविधा भने छ।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यो जिल्लामा एउटा जिल्ला अदालत छ। एक न्यायाधीशको दरबन्दी रहेकामा कार्यरत छन् । यो वर्ष सरकारवादी फौजदारी ४६, दुनियावादी फौजदारी ४५, देवानी १ सय १७ र एउटा रिट परेको थियो । जसमा सरकारवादी फौजदारी १६, दुनियावादी फौजदारी २७ र देवानी ५२ थान फछ्र्यौट भइसकेका छन्। दुई वर्षभन्दा पुराना मुद्दा बाँकी छैनन्।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*यस जिल्लामा १ सय ७४ आधारभूत र ५९ माध्यमिक विद्यालय छन् । १ हजार २ सय ८० शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन् । यस वर्ष २ हजार ५ सय ७७ जना बालक र २ हजार ४ सय ७८ जना बालिका कक्षा एकमा नयाँ भर्ना भए। अहिले जिल्लामा माध्यमिक तहमा १० हजार ७ सय ३२ छात्र र ११ हजार ५ सय ९० छात्रा अध्ययनरत छन् । अपाङ्गमैत्री विद्यालय तीनओटा छन् । कक्षा १० सम्मका ७ हजार २ सय ५४ जना दलित बालबालिकालाई छात्रवृत्ति प्रदान गरियो ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ४ | ४ |
| यौन दुर्व्यवहार | ३ | ३ |
| जम्मा | ७ | ७ |

*सन् २०१८ मा बलात्कारका घटनामा चार र यौन दुर्व्यवहारका घटनामा तीनजना गरी सात बालिका पीडित भए । यो सङ्ख्या सन् २०१७ मा एक मात्र थियो ।*

### बलात्कार, यौन दुर्व्यवहार

६ वर्षीया बालिकालाई २०७४ चैत ४ गते बलात्कार गरेको आरोपमा प्रहरीले चैत ८ गते म्याग्दे गापा–१ तनहुँका २० वर्षीय नवीन सुनारलाई गिरफ्तार गऱ्यो । पीडितका आफन्तले प्रहरीमा चैत ८ गते उजुरी दिएका थिए । बालिकाको स्वास्थ्य परीक्षण चैत ८ गते नै बेनी अस्पतालमा भयो । जिल्ला अदालतले २०७५ असोज १ गते नवीनलाई १० वर्ष कैद र २५ हजार रुपियाँ क्षतिपूर्ति तिराउने फैसला सुनायो ।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव तथा दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ४२ जना महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए । खान/लाउन नदिएको तथा हेरचाह नगरेको १९, कुटपिट गरेको सात, सामान्य झै–झगडा गरेको १६ गरी ४२ उजुरी दर्ता भएकामा ३७ ओटामा मिलापत्र भयो । पाँच ओटा भने कानुनी कारबाहीको प्रक्रियामा छ ।*

*गत वर्ष घरेलु हिंसा तथा यौनजन्य हिंसामा ३७ जना महिला पीडित भएको अभिलेख थियो । यस वर्ष घरेलु हिंसामा १३, बहुविवाहमा तीन र बलात्कारमा दुई गरी १८ महिला पीडित भए ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | २ | २ |
| बहुविवाह | ३ | ३ |
| घरेलु हिंसा | १३ | १३ |
| जम्मा | १८ | १८ |

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

मालिका गापा–१ निस्कोटका २१ वर्षीय गोविन्द पुनले २०७५ असोज १४ गते ५१ वर्षीया महिलालाई बलात्कार गरेको आरोपमा पीडित पक्षले असोज १४ गते प्रहरीमा उजुरी दिए। महिलाको स्वास्थ्य परीक्षण असोज १५ गते बेनी अस्पतालमा भयो ।

असोज १५ गते गिरफ्तार भएका गोविन्द जिल्ला अदालतको २०७५ कात्तिक ९ गतेको आदेशअनुसार पुर्पक्षका लागि थुनामा पठाइएका छन्। मुद्दाको फैसला भएको छैन।

**स्वास्थ्य सेवा**

म्याग्दीमा एउटा जिल्ला अस्पताल, ४० स्वास्थ्य चौकी र एक प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा १८ डाक्टरको दरबन्दी भए पनि चार जनामात्र कार्यरत छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी रहेको भए पनि रिक्त छ।

**सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | १ | ३ | ४ |
| यौन दुर्व्यवहार | १ | | १ | २ |
| जम्मा | १ | १ | ४ | ६ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | | | २ | २ |
| बहुविवाह | १ | | १ | १ | ३ |
| घरेलु हिंसा | १ | १२ | | | १३ |
| जम्मा | २ | १२ | १ | ३ | १८ |

# ४.५ कास्की




**जम्मा जनसङ्ख्या**
**५,४५,४२४**

**महिला**
**२,८४,६८६**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**३**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**६**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**१९,३३०**

**कामका लागि बाहिरिएका**
**५७,३०५**

**अपाङ्गता भएका**
**९,२१९**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**८२.०४**

**आश्रित जनसङ्ख्या**
**१,९६,५१९**

| घटनाको प्रकार | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | | १ | २ | ३ |
| बाल अधिकार | | | | १५ | ३ | १८ |
| अमानवीय व्यवहार | | | | | १ | १ |
| महिला अधिकार | | | | १३० | | १३० |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | ९ | १८ | २७ | | | |
| गिरफ्तारी | | १२ | १२ | | | |
| कुटपिट | ३ | २२ | २५ | ३ | १२ | १५ |
| धम्की | | | | | ४ | ४ |
| हत्या | | | | ६ | २ | ८ |
| जम्मा | १२ | ५२ | ६४ | १५५ | २४ | १७९ |

*कास्कीमा सन् २०१८ मा राज्यपक्षबाट १२ महिला र ५२ पुरुष गरी ६४ जना र अन्य पक्षबाट १ सय ५५ महिला २४ पुरुष गरी १ सय ७९ जना पीडित भएको अभिलेख भयो । गत वर्ष राज्यपक्षबाट दुई महिला र ५६ पुरुष गरी ५८ जना र अन्य पक्षबाट २ सय २८ महिला ३ पुरुष गरी २ सय ३१ जना पीडित भएको अभिलेख थियो ।*

### गोली/बम/विस्फोटक पदार्थबाट घाइते

**अन्यपक्षबाट**

विप्लव नेतृत्वको नेकपाले २०७४ फागुन ८ गते घोषणा गरेको नेपाल बन्दका क्रममा पोखरा मनपा–१४ स्थित विजयपुरमा बेवारिसे बम बिष्फोट हुँदा ड्युटीमा रहेका वडा प्रहरी कार्यालय रामबजारमा कार्यरत प्रहरी जवान कुलबहादुर खत्री र रिपोर्टिङमा गएका पोखरास्थित गण्डकी टिभीका रिपोर्टर ३५ वर्षीय घनश्याम पाण्डे बमको छर्रा लागेर घाइते भए । घाइते दुवैजनाको सोही दिन गण्डकी मेडिकल कलेजमा उपचार भयो । विष्फोटको घटनामा संलग्न रहेको आरोपमा प्रहरीले सोही दिन अखिल नेपाल क्रान्तिकारी किसान सङ्घ कास्कीका जिल्ला अध्यक्ष ४२ वर्षीय पुष्प कार्की र अखिल नेपाल क्रान्तिकारी निर्माण मजदूर सङ्घका ४५ वर्षीय खड्कबहादुर राईलाई गिरफ्तार गऱ्यो । पुष्प कार्की ३५ हजार र खड्कबहादुर राई २० हजार रुपियाँ धरौटी राखी २०७४ चैत २ गते रिहा भए ।



**बम विस्फोटनमा परी घाइते भएका प्रहरी जवान कुलबहादुर खत्री र पत्रकार घनश्याम पाण्डे**

## कारागार र बन्दी

'घ' श्रेणीको यहाँको कारागारमा ७ सय ६५ जना कैदी/बन्दी छन् । जसमध्ये कैद तोकिएका पुरुष ५ सय ८३ र महिला ४४ जना छन् । कैद नतोकिएका पुरुष १ सय २९ जना र महिला नौ जना छन्। कारागारको क्षमता भने २ सय ५० जनाको हो । क्षमताभन्दा कैदी/बन्दी बढी भएकै कारण खान, बस्न, स्वास्थ्य उपचारसँगै सिप तथा ज्ञानका लागि आवश्यक पूर्वाधार अभाव छ।

पोखरा मनपा–२६ स्थित सराङकोटमा रहेको बाल सुधार गृह ५० जना क्षमताको छ। तर २२ जिल्लाका ६२ जना बालक छन् । कर्तव्य ज्यानका १५ जनामध्ये ११ जनाको फैसला भइसकेको छ भने चार जना पुर्पक्षमा छन्। त्यसैगरी बलात्कारका ३५ जनामध्ये १८ जनाको फैसला भइसकेको छ भने १७ जना पुर्पक्षमा छन् । लागुऔषधका ६ जनामध्ये दुई जनाको फैसला भइसकेको छ। यसैगरी सवारी ज्यानअन्तर्गत एक जना बालक पुर्पक्षमा छन्।

## अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

अस्थायी कर्मचारीलाई स्थायी गर्नुपर्ने, १ सय ८० दिन सञ्चित बिदा पाउनुपर्ने, युनियन र कर्मचारीबीच विगतमा भएका सम्झौता कार्यान्वयन हुनुपर्नेलगायतका पाँच बुँदे माग राखी धर्नामा रहेका कर्मचारीविरुद्ध उपचार गर्न आएका बिरामीका आफन्तले विरोध गरेपछि पोखरा मनपा–११ स्थित मणिपाल शिक्षण अस्पतालका कर्मचारी र प्रहरीबीच २०७४ चैत १९ गते झडप भयो । झडपमा सात जना प्रहरी र पाँच जना अस्पतालका कर्मचारी घाइते भए । घाइते हुनेमा जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान विपिन थापा मगर, गोविन्द राजकोटी, गमबहादुर थापा, रूपलाल थापा, यमुना राजकोटी, अञ्जना घर्ती मगर र तुलसा पोखरेल छन् । घाइते प्रहरीको सोही दिन फिस्टेल अस्पताल र गण्डकी मेडिकल कलेजमा सामान्य उपचार भयो। कर्मचारीतर्फ भने राजबहादुर घर्ती, कर्णबहादुर केसी, पार्वती प्रधान, पार्वती गुरुङ र अमर गुरुङ घाइते भए । उनीहरूको उपचार सोही दिन मणिपाल शिक्षण अस्पतालमै भयो। झडपमा संलग्न रहेको आरोपमा प्रहरीले चैत १९ गते नवराज भण्डारी, अमृत पौडेल, रमेश बोहोरा, नारायण बास्तोला, जीवन थापा, सुजनकुमार ठाकुर, जनार्दन बास्तोला, रामकृष्ण गायक, राजेश तण्डुकार, इन्द्रबहादुर थापा, अमृतबहादुर गुरुङ, सोभितबहादुर गुरुङ, राजेन्द्र पौडेल, कालीबहादुर बिक, राधा नेपाली, आइतकुमारी परियार, देवी थापा र सुस्मिता गुरुङलाई प्रहरीले गिरफ्तार गर्‍यो। सबैजना सोही दिन रिहा भए। २०७४ चैत १९ गतेको वार्तामा प्रशासनले आन्दोलनरत् कर्मचारीसँग माफी माग्नुका साथै झडपका क्रममा घाइते कर्मचारीलाई अस्पतालले निःशुल्क उपचार गर्ने बताएको थियो।

अस्पताल फार्मेसीमा अनियमितता भएको भन्दै फार्मेसीमा कार्यरत चार जना कर्मचारीलाई अस्पताल प्रशासनले पत्र काटी सेवाबाट हटाएको घटनाको विरोधमा मणिपाल शिक्षण अस्पताल बन्द हुँदा अस्पतालको सेवा ११ दिनसम्म अवरुद्ध भयो । अस्पताल प्रशासनले कर्मचारी हटाएको जानकारी दिएपछि अस्पताल प्रशासनसँग बिनासर्त कर्मचारी रिहाइ र विगतमा भएका सम्झौता कार्यान्वयनको माग गरी मणिपाल कर्मचारी समन्वय समिति, अखिल नेपाल स्वास्थ्य श्रमिक सङ्घ, मणिपाल स्वतन्त्र कर्मचारी युनियन, नेपाल स्वास्थ्यकर्मी तथा कर्मचारी युनियनले संयुक्त विज्ञप्ति प्रकाशन गर्दै २०७५ जेठ ८ गतेबाट आन्दोलन थालेका थिए। कर्मचारी युनियनको आन्दोलनका कारण आकस्मिकबाहेकका सबै सेवा ११ दिनसम्म ठप्प हुँदा सेवाग्राही प्रभावित भए । बन्द रहेको मणिपाल अस्पतालका आन्दोलनरत् कर्मचारीहरू न्यायका लागि अदालत जान तयार भएपछि जेठ १८ गतेबाट सेवा सुचारु भयो। मानव अधिकारकर्मी, नागरिक समाज सञ्चारकर्मी तथा सरोकारवाला सबैको पहलमा पटकपटक अस्पताल प्रशासन र आन्दोलनरत् कर्मचारीबीच बैठक बसी अन्त्यमा सहमति जुटेको थियो।

पेट्रोलियम पदार्थ र इन्टरनेटमा भएको मूल्य वृद्धिको विरोधमा नेपाल विद्यार्थी सङ्घले २०७५

जेठ २९ गते निकालेको मसाल जुलुसलाई प्रहरीले नियन्त्रणमा लिन खोज्दा झडप भयो। त्यस क्रममा जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान २६ वर्षीय अजय नेपाली र २४ वर्षीय रविशरण बस्नेत घाइते भए। विद्यार्थीतर्फ पृथ्वीनारायण क्याम्पसमा अध्ययनरत २३ वर्षीया जमुना नेपाली, २६ वर्षीय मीनराज शाही, २४ वर्षीय सागर रानाभाट, २३ वर्षीय फिरोज सुवेदी, २९ वर्षीय कमल पौडेल, २५ वर्षीय दीपेन्द्र गौतम, २७ वर्षीय निरज राना, २२ वर्षीय अञ्जित पौडेल र ३० वर्षीय गोविन्द शाही घाइते भएका नेविसङ्घ कास्कीका जिल्ला अध्यक्ष विकास थापाले बताए। घाइते सबैको सोही दिन पोखराको विभिन्न अस्पतालमा सामान्य उपचार भएको थियो। प्रहरीले भिड नियन्त्रणका लागि भन्दै एक राउन्ड हवाई फायर र १६ सेल अश्रु ग्याससमेत प्रहार गरेको प्रहरीले बतायो।

विद्यार्थी नेताको मृत्युको विषयलाई लिएर पोखरा मनपा–१ को पृथ्वीनारायण क्याम्पस अगाडि विद्यार्थी र प्रहरीबीच २०७४ माघ २३ गते झडप भयो। झडपमा परी विद्यार्थीतर्फ ११ जना र प्रहरीतर्फ पाँच जना घाइते भए। घाइते हुनेमा नेविसङ्घ केन्द्रीय सदस्य ३१ वर्षीय गोपाल गुरुङ, नेविसङ्घ पृथ्वीनारायण क्याम्पस एकाइ समितिका अध्यक्ष २४ वर्षीय दीपक वाग्ले, एकाइ समितिका सदस्यहरू २४ वर्षीय सतिश बास्तोला, २४ वर्षीय अनिष पाण्डे, २५ वर्षीय विकास खत्री, २३ वर्षीय समिप केसी, २५ वर्षीय गोविन्द नेपाली, २१ वर्षीय ओम सुवेदी, २६ वर्षीय शिवराज गिरी, २२ वर्षीय स्वीकार पोखरेल र नयाँ शक्ति विद्यार्थी सङ्गठनका २९ वर्षीय रेशम सापकोटा रहेका नेविसङ्घका स्थानीय नेता दीपक वाग्लेले जानकारी दिए। घाइते सबै स्थानीय मेडिकलमा उपचारपछि सोही दिन घर फर्किए। सोही झडपमा परी प्रहरीतर्फ वडा प्रहरी कार्यालय बैदाममा कार्यरत् इन्सपेक्टर ३१ वर्षीय वसन्त शर्मा, हवल्दार २७ वर्षीय यामप्रसाद तिवारी, जवानहरू २६ वर्षीय हरिप्रसाद शर्मा, २५ वर्षीय बलराम वली र २३ वर्षीय चन्द्रबहादुर वली घाइते भए। घाइते सबै फिस्टेल अस्पताल पोखरामा उपचारपछि फर्किए।

पुनर्बहालीको माग राख्दै आन्दोलनरत् सामाजिक परिचालकहरूमाथि प्रहरीले २०७५ भदौ १३ गते पोखरामा लाठी प्रहार गऱ्यो। जिल्ला प्रशासन कार्यालयअगाडि प्रदर्शन गरिरहेका उनीहरूमाथि लाठी प्रहार हुँदा चारजना सामाजिक परिचालक घाइते भएका थिए। घाइते हुनेमा पोखरा मनपा–९ की २५ वर्षीया भावना श्रेष्ठ, अन्नपूर्ण गापाकी २९ वर्षीया सङ्गीता भण्डारी, पर्वतको कुश्मा नपा–२ की ३० वर्षीया सचिनाकुमारी शर्मा र स्याङ्जास्थित वालिङ नपाकी २८ वर्षीया अमृता नेपाली थिए। टाउकोमा चोट लागेका घाइतेहरूको उपचार पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भएको थियो।

नेपाल विद्यार्थी सङ्घ, पृथ्वीनारायण क्याम्पस एकाइले २०७५ कात्तिक २६ गते साँझ प्रधान मन्त्री केपी शर्मा ओलीको पुत्ला दहन गर्ने क्रममा भएको झडपमा नवलपरासी घर भई पोखरा मनपा–४ चिप्लेढुङ्गा बस्ने २४ वर्षीय अनिश पाण्डे, स्याङ्जा घर भई पोखरा मनपा–१ बगर बस्ने २५ वर्षीय विकास खत्री, पोखरा मनपा–१९ पुरन्चौर बस्ने २४ वर्षीय सतिश बास्तोला, पर्वत घर भई पोखरा मनपा–१ बगर बस्ने २४ वर्षीय रेशम हमाल र पोखरा मनपा–१ बगर बस्ने गोपाल गुरुङ घाइते भए। सबैको उपचार स्थानीय मेडिकलमा भयो।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा सरकारवादी फौजदारीमा १ हजार ४ सय ५२ मुद्दातर्फ ४ सय ६१ फैसला भए भने ९ सय ९१ बाँकी रहे। यस्तै देवानीतर्फ १ हजार ६६ मुद्दातर्फ ९ सय ९९ फैसला भए भने ६७ बाँकी रहे। देवानी फौजदारीतर्फ १ हजार ७९ मुद्दा दर्ता भए भने १ हजार १ सय १४ फैसला भए। दुई वर्षभन्दा पुराना मुद्दा ११ देवानी र १ सरकारवादी फौजदारी बाँकी छन्।

उच्च अदालतमा आठ न्यायाधीशको दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस अदालतबाट ९ सय ८६ फौजदारी मुद्दातर्फ ८ सय २४ फैसला भयो। यस्तै ५ सय ८५ देवानी मुद्दातर्फ ३ सय १७ फैसला भए।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*कास्कीमा ३ सय ४५ आधारभूत र २ सय ८७ मावि छन्। २ हजार ७ सय २६ शिक्षक दरबन्दी रहेकामा १ सय ३५ रिक्त छ। यस वर्ष ७६ हजार १ सय १७ बालक र ६५ हजार ८ सय ७३ बालिका भर्ना भए। जिल्लामा ४० प्रतिशत विद्यालय अपाङ्गमैत्री छन्। यस वर्ष शहीद परिवार एक र २ सय ६७ द्वन्द्वपीडित बालबालिकाले छात्रवृत्ति प्राप्त गरे।*

*सन् २०१८ मा बालविवाहबाट एक, बेचबिखन तथा ओसारपसारबाट एक, विद्यालयमा शारीरिक सजायबाट एक, यौन दुर्व्यवहारबाट दुई बालकसहित सात गरी १८ जना पीडित*

*भएको अभिलेख भएकोमा सन् २०१७ मा बेचबिखनबाट दुई, बलात्कारबाट १० र यौन दुर्व्यवहार बाट दुई बालकसहित तीन गरी १५ जना पीडित भएको अभिलेख भएको थियो।*

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बेचबिखन तथा ओसारपसार | १ | | १ |
| बाल विवाह | १ | | १ |
| बलात्कार | ८ | | ८ |
| विद्यालय शारीरिक सजाय | | १ | १ |
| यौन दुर्व्यवहार | ५ | २ | ७ |
| जम्मा | १५ | ३ | १८ |

**बलात्कारपछि हत्या**

पोखरा मनपा–२२ पुम्दीभुम्दीकी १० वर्षीया बालिका श्रेया बिक (सुनार) को २०७५ असोज ९ गते बलात्कारपछि हत्या गरेको आरोपमा प्रहरीले सोही ठाउँका २७ वर्षीय कुसुम पौडेललाई गिरफ्तार गर्‍यो। मामाघर बस्दै आएकी ती बालिकाको शव असोज ९ गते घरभन्दा करिब ५० मिटरको दूरीमा झाडीमा फेला परेको थियो। पीडितका आफन्तले असोज ९ गते प्रहरीमा उजुरी दिएका थिए। बालिकाको पोस्टमार्टम असोज १० गते पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। जिल्ला अदालतले २०७५ पुस ४ गते कुसुमलाई जन्मकैदको फैसला सुनायो।

**बलात्कार र यौन दुर्व्यवहार**

१२ वर्षीया बालिकालाई २०७४ माघ १६ गते बलात्कार गरेको भन्दै पीडित पक्षले माघ १७ गते पोखरा मनपा–२३ बस्ने ३८ वर्षीय प्रेमप्रसाद अधिकारीविरूद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण माघ १७ गते पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। उजुरी दिएकै दिन गिरफ्तार भएका प्रेमलाई जिल्ला अदालतले २०७५ जेठ ७ गते ४ वर्ष कैद सजाय सुनायो।

**बेचबिखन तथा ओसारपसार**

१३ वर्षीया बालिकालाई २०७४ पुस २९ गते बेचबिखन तथा ओसारपसार र बलात्कारको उद्देश्यले पोखरा मनपा–६ को होटलमा राखेको आरोपमा प्रहरीले पोखरा मनपा–२७ रिठेपानीका २१ वर्षीय सन्दीप परियार र सोही ठाउँका ४२ वर्षीय चन्द्रबहादुर गोलेलाई माघ १० गते गिरफ्तार गर्‍यो। बालिकाको स्वास्थ्य परीक्षण माघ १० गते पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। अर्का आरोपित १९ वर्षीय उमेश गोले भने फरार रहे। जिल्ला अदालतको २०७४ फागुन २ गतेको आदेशअनुसार आरोपित पुर्पक्षका लागि थुनामा छन्।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव तथा दुर्व्यवहार**

*यो वर्ष घरेलु हिंसापीडित भन्दै २ सय ४२ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका १७, खान/लाउन नदिएको ९६, विवाह दर्ता र नागरिकता नबनाएको १६, अर्की पत्नी ल्याएर हेला गरेको नौ र सामान्य घरायसी झगडाका १ सय ४ घटना छन्। यीमध्ये प्रहरीले १ सय २९ ओटा मिलापत्र गरायो भने २२ वटामा कानुनी प्रक्रिया अघि बढेको छ। ९१ उजुरीकर्ता भने सम्पर्कमै आएनन्।*

*सन् २०१८ मा घरेलु हिंसाबाट १ सय १३ जना, बहुविवाहबाट सात जना, बलात्कारबाट सात जना, बलात्कार प्रयासबाट एक जना, बेचबिखन तथा ओसार पसारबाट एक जना र कथित बोक्सीको आरोपबाट एक गरी १ सय ३० जना पीडित भएको अभिलेख भयो। सन् २०१७ मा घरेलु हिंसाबाट २ सय ४ जना, बलात्कार बाट चार जना, बहुविवाहबाट तीन जना, बलात्कार प्रयासबाट एक जना, बेचबिखनबाट एक जना र यौन दुर्व्यवहारबाट १ जना गरी २ सय १४ जना पीडित भएका थिए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बेचबिखन तथा ओसारपसार | १ | १ |
| कथित बोक्सीको आरोप | १ | १ |
| बलात्कार | ७ | ७ |
| बलात्कार प्रयास | १ | १ |
| बहुविवाह | ७ | ७ |
| घरेलु हिंसा | ११३ | ११३ |
| जम्मा | १३० | १३० |

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

५३ वर्षीया महिलालाई २०७४ फागुन २५ गते बलात्कार प्रयास गरेको आरोपमा

प्रहरीले अन्नपूर्ण गापा–८ वीरेठाँटी बस्ने २२ वर्षीय वीरबहादुर कुँवरलाई फागुन २६ गते गिरफ्तार गऱ्यो । पीडित पक्षले फागुन २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका थिए । महिलाको स्वास्थ्य परीक्षण २०७४ फागुन २६ गते पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो । जिल्ला अदालतले २०७५ जेठ २२ गते आरोपितलाई २ वर्ष ६ महिना कैद सजाय सुनायो ।

**कथित बोक्सीको आरोप**

अन्नपूर्ण गापा–१ की २० वर्षीया पूजा परियारलाई २०७५ वैशाख २० गते कथित बोक्सीको आरोपमा कुटपिट गरेको कसुरमा सोही ठाउँका २४ वर्षीय सन्तोष परियारलाई जिल्ला अदालत कास्कीले कात्तिक २८ गते ६ महिना कैद र ५ हजार रुपियाँ जरिवानाको फैसला सुनाएको छ । सोही घटनाका आरोपित २० वर्षीया राजकुमारी परियार, ३४ वर्षीया माया परियार, ५२ वर्षीया उमाया परियार र २८ वर्षीय राजु परियारले भने सफाइ पाए । घटनाको बारेमा पीडित पक्षले जेठ ९ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरेको थियो । आरोपितहरूले आफूलाई कथित बोक्सीको आरोपमा कुटपिट गरेको भन्दै पीडितले वैशाख २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकी थिइन् । आरोपितहरू २०७५ वैशाख २३ गते गिरफ्तार भएका थिए । पीडितको स्वास्थ्य परीक्षण र उपचार वैशाख २३ गते पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो ।

**परिवाजनबाट हत्या**

मादी गापा–५ का ४३ वर्षीय एकबहादुर बिकलाई पत्नी ४७ वर्षीया गौमाया बिकको २०७४ माघ २९ गते राति चिर्पट दाउरा टाउकोमा प्रहार गरी हत्या गरेको आरोपमा प्रहरीले फागुन १ गते गिरफ्तार गऱ्यो । मादक पदार्थ सेवन गरी हत्या गरेको भन्दै मृतकका आफन्तले फागुन १ गते प्रहरीमा उजुरी दिएका थिए । शवको पोस्टमार्टम फागुन २ गते पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा भयो । जिल्ला अदालतले २०७५ असार ३ गते एकबहादुरलाई सर्वस्वसहित जन्मकैदको फैसला सुनायो ।

पोखरा मनपा–३२ सुकुमबासी बस्तीकी ६० वर्षीया श्रीमाया गुरुङलाई पति ५५ वर्षीय यानबहादुर गुरुङले २०७५ असोज १० गते राति लोहोरो प्रहार गरी हत्या गरेको भन्दै मृतकका आफन्तले असोज ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । श्रीमायाको पोस्टमार्टम असोज ११ गते पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो । उजुरी दिएकै दिन गिरफ्तार भएका आरोपित जिल्ला अदालतको २०७५ कात्तिक ९ गतेको आदेशले पुर्पक्षका लागि थुनामा छन् ।

पोखरा मनपा–२७ रिट्टेपानीका २८ वर्षीय दुर्गाबहादुर घर्तीलाई ३२ वर्षीया पत्नी शर्मिला घर्तीमगरको हत्या गरेको आरोपमा प्रहरीले २०७५ कात्तिक २६ गते गिरफ्तार गऱ्यो । शर्मिला कात्तिक २२ गते राति आफ्नै घरमा मृत भेटिएकी थिइन् । शवको पोस्टमार्टम कात्तिक २३ गते पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा भयो । घटनाबारे पीडित पक्षले २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका थिए । जिल्ला अदालतको मङ्सिर १८ गतेको आदेशअनुसार आरोपित पुर्पक्षका लागि थुनामा छन् ।

**स्वास्थ्य सेवाको अवस्था**

कास्की जिल्लामा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, शिशुवा अस्पताल, मातृशिशु अस्पताल गरी दुई वटा अस्पताल रहेका छन् । ५८ स्वास्थ्य चौकी, चार प्राथमिक स्वास्थ्य केन्द्र, १५ शहरी स्वास्थ्य केन्द्र, १३ सामुदायिक स्वास्थ्य एकाइ र २ सय १७ वटा खोप केन्द्र छन् ।

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा अहेवको १२ दरबन्दी रहेकोमा १२ जना नै कार्यरत रहेका छन् । १ सय जना नर्सको दरबन्दी रहेको यस प्रतिष्ठानमा ७७ जना कार्यरत छन् भने २३ जना रिक्त छन् । जिल्ला जनस्वास्थ्य कार्यालयको १ करोड ४४ लाख ५६ हजार रुपियाँ वार्षिक बजेट रहेकामा औषधिका लागि १० लाख रुपियाँ छ जिल्लाका २१ हजार ५ सय ४१ परिवारका ९७ हजार ६ सय ६८ जनाले स्वास्थ्य बिमा गरेका छन् ।

## सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

### बाल अधिकार

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएको | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| बेचबिखन तथा ओसारपसार | | | | १ | १ |
| बालविवाह | | १ | | | १ |
| बलात्कार | | २ | | ६ | ८ |
| विद्यालयमा शारीरिक सजाय | | | १ | | १ |
| यौन दुर्व्यवहार | १ | | | ४ | ५ |
| जम्मा | १ | ३ | १ | ११ | १६ |

### महिला अधिकार

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|---|
| बेचबिखन तथा ओसारपसार | | | | | १ | १ |
| कथित बोक्सीको आरोप | | १ | | | | १ |
| बलात्कार | १ | १ | | | ५ | ७ |
| बलात्कार प्रयास | | १ | | | | १ |
| बहुविवाह | | | | | ७ | ७ |
| घरेलु हिंसा | | | ६८ | २० | २५ | ११३ |
| जम्मा | १ | ३ | ६८ | २० | ३८ | १३० |

### मारिएकाको घटना सङ्ख्या

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| हत्या | १ | २ | ५ | ८ |

# ४.६ लमजुङ




**जम्मा जनसङ्ख्या**
१,६४,१५७

**महिला**
९१,०४९

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
१

**प्रदेशसभा निर्वाचन क्षेत्र**
२

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
२७,८९५

**कामका लागि बाहिरिएका**
२१,१६१

**अपाङ्गता भएका**
४,७४५

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
७१.१

**आश्रित जनसङ्ख्या**
७१,८९९

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | ११ | १ | १२ |
| महिला अधिकार | २३ | | २३ |
| जातीय विभेद | १ | १ | २ |
| कुटपिट | | २ | २ |
| हत्या | १ | | १ |
| जम्मा | ३६ | ४ | ४० |

*यो जिल्लामा कुल जनसङ्ख्याको करिब २० प्रतिशत दलितको सङ्ख्या रहेको छ। जिल्लामा भएका ज्यादतीका घटनामा ५० प्रतिशत भन्दा बढी दलितहरू पीडित भएको जिल्ला प्रहरी कार्यालयको तथ्याङ्कमा देखिन्छ। जसमध्ये १० प्रतिशत घटना मात्र अदालती प्रकृयामा जाने र त्यही पनि बिचैमा टुङ्गिने गरेको छ। डर, त्रास र आर्थिक अभावका कारण जिल्लाका दलित अन्यायमा परेको सरोकारवाला बताउँछन्।*

*सन् २०१८ मा ज्यादतीका घटनामा ३६ महिला र चार पुरुष गरी ४० जना पीडित भएको अभिलेख भयो । सन् २०१७ मा राज्यपक्षबाट पाँचजना पुरुष र ज्यादतीका घटनामा ३० महिला तथा सात पुरुष गरी ३७ जना पीडित भएको अभिलेख भएको थियो।*

## कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता ३५ जनाको छ । ५१ कैदी र २७ थुनुवा गरी ७८ जना छन्। जसमा महिला ११ जना छन्। तीनजना पुरुष साठी वर्षमाथिका छन्। एक वर्ष ६ महिनाकी एक आश्रित बालिका छन्। २०२८ सालमा निर्माण गरिएको यस कारागारका भवन जीर्ण छन्। क्षमताभन्दा झण्डै तीन गुणा कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ । खेलकुद सामग्री, पिउने पानी, शौचालय, पुस्तकालय तथा सिपमूलक तालिम अभाव भएको जेलरले बताए। दीर्घरोगी बन्दीहरूको उपचारका लागि समस्या देखिएको छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा एकैजना कार्यरत छन् । यस अदालतबाट फौजदारी मुद्दातर्फ ९५ मध्ये ४८ फैसला भए भने देवानीतर्फ १ सय ५२ मध्ये ५९ फैसला भए। दुई वर्ष नाघेका मुद्दा छैनन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय ६८ आधारभूत र १ सय २३ मावि छन्। २ हजार १ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष १३ हजार ९ सय ५४ बालक र १४ हजार ५ सय ९८ बालिका भर्ना भए। जिल्लामा ४५ अपाङ्गमैत्री विद्यालय छन्। ८ हजार ८ सय ५२ दलित बालबालिकाले छात्रवृत्ति पाए । साथै शहीद १६ र द्वन्द्वपीडित परिवारका १८ बालबालिकाले पनि छात्रवृत्ति पाए।*

*सन् २०१८ मा बलात्कारबाट पाँचजना, यौन दुर्व्यवहारबाट चारजना, बालविवाहबाट एकजना, बेचबिखन तथा ओसारपसारबाट एकजना सहित १२ जना बालबालिका पीडित भएको अभिलेख भयो। गत वर्ष यो सङ्ख्या दुई थियो।*

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बेचबिखन तथा ओसारपसार | १ | | १ |
| बालविवाह | १ | | १ |
| बलात्कार | ५ | | ५ |
| नवजात शिशुको हत्या | | १ | १ |
| यौन दुर्व्यवहार | ४ | | ४ |
| जम्मा | ११ | १ | १२ |

### बलात्कार, यौन दुर्व्यवहार

११ वर्षीया मनोसामाजिक अपाङ्गता भएकी बालिकालाई २०७४ फागुन १ गते बलात्कार गरेको आरोपमा प्रहरीले राइनस नपा–६ बस्ने ६५ वर्षीय ज्ञानबहादुर लामालाई फागुन २ गते गिरफ्तार गऱ्यो । पीडित पक्षले प्रहरीमा फागुन २ गते उजुरी दिएका थिए। बालिकाको स्वास्थ्य परीक्षण फागुन २ गते जिल्ला सामुदायिक अस्पतालमा भयो । जिल्ला अदालतले ज्ञानबहादुरलाई २०७५ जेठ २२ गते चार वर्ष कैद सजाय हुने फैसला सुनायो।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव तथा दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ६२ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका नौ, खान/लाउन नदिएको २३, विवाह दर्ता र नागरिकता नबनाएको १३, अर्को श्रीमती ल्याएर हेला गरेको पाँच र सामान्य घरायसी झगडाका १२ घटना छन्। यीमध्ये प्रहरीले ५७ ओटामा मिलापत्र गरायो भने पाँच उजुरी कानुनी प्रक्रियामा छन्।*

*सन् २०१८ मा घरेलु हिंसाबाट १९ जना, बलात्कारबाट एकजना, बलात्कार प्रयासबाट एकजना, बहुविवाहबाट एकजना र कथित बोक्सीको आरोपबाट एकजना गरी २३ जना महिला पीडित भएको अभिलेख भएकोमा गत वर्ष बहुविवाह र घरेलु हिंसाका घटनामा २७ जना पीडित भएको अभिलेख थियो।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| कथित बोक्सीको आरोप | १ | १ |
| बलात्कार | १ | १ |
| बलात्कार प्रयास | १ | १ |
| बहुविवाह | १ | १ |
| घरेलु हिंसा | १९ | १९ |
| जम्मा | २३ | २३ |

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

६५ वर्षीया महिलालाई बलात्कार प्रयास गरेको आरोपमा बेसीसहर नपा–३ का ३५ वर्षीय खुशु भुजेलविरुद्ध पीडितले प्रहरी कार्यालयमा २०७५ असार १५ गते उजुरी दिइन्। प्रतिकार गर्न खोज्दा कुटपिट समेत गरेकाले महिलाको शरीरभर निलडाम रहेको प्रहरीले जनाएको छ । महिलाको स्वास्थ्य परीक्षण जिल्ला सामुदायिक अस्पतालमा असार १५ गते भयो। आरोपित फरार रहे।

### कथित बोक्सीको आरोप

बेसीसहर नपा–३ बस्ने ६५ वर्षीया विष्णुमायाँ दुलालले आफूलाई सोही ठाउँ बस्ने २४ वर्षीय किरण धौलाकोटीले कथित बोक्सीको आरोप लगाएको भनी २०७५ असोज ४ गते प्रहरीमा उजुरी दिइन्। असोज ३ गते बोक्सीको आरोप लगाउनुका साथै कुटपिटसमेत गरेको पीडितकी बुहारीले बताइन्। दुलाल असोज ४ गते जिल्ला सामुदायिक

अस्पतालबाट सामान्य उपचारपछि घर फर्किएकी थिइन् । आरोपित किरण प्रहरी कार्यालयमा असोज ८ गते आफैँ पुगेका थिए। असोज ९ गते प्रहरी कार्यालयमा भएको छलफलमा किरणले आइन्दा गल्ती नगर्ने र अस्पतालको उपचार खर्च आरोपितलाई भराउने भने पछि सहमति भयो।

### जातीय विभेद

राइनास नपा–६ स्थित स्वास्थ्य चौकीका इन्चार्ज (हेल्थ असिसटेन्ट) २९ वर्षीय राजेश दुलाल र अनमी २२ वर्षीया वर्षा सुनारले आफूहरूमाथि जातीय भेदभाव भएको भनी बेसीसहरमा २०७५ वैशाख ९ गते पत्रकार सम्मेलन गरे । पीडितद्वयलाई २०७४ चैत ३० गते कार्यालयको सार्वजनिक कार्यक्रमको खाजा खाँदा अन्य कर्मचारीले दलितले छोएको भन्दै खाजा बहिष्कार गरेको राजेश र वर्षाको भनाइ छ । दलितले खाजा छोएको भनी स्वास्थ्य चौकीमा कार्यरत अनमी ४५ वर्षीया सरस्वती चिलुवाललगायत ६ जनाले सामूहिकरूपमा खाजा बहिष्कार गरेको पीडित पक्षले पत्रकार सम्मेलनमा जानकारी गराए । यसबारे राइनास नपा कार्यालयमा २०७५ वैशाख २ गते निवेदन दिँदा प्रमुख प्रशासकीय अधिकृत ४४ वर्षीय देवबहादुर अधिकारीले दर्ता नगरेको र उल्टै दुलाललाई धम्क्याएको प्रेस विज्ञप्तिमा उल्लेख छ। वैशाख १६ गते राइनास नपामा प्रमुख तथा उपप्रमुखको रोहवरमा दुवै पक्षबीच मेलमिलाप भयो।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, ५७ स्वास्थ्य चौकी र दुईओटा प्राथमिक स्वास्थ्य केन्द्र छन् । जिल्लामा दुई जना डाक्टरको दरबन्दी रहेकामा दुवैजना कार्यरत छन् भने एचएको ६४ दरबन्दीमध्ये ६० जना कार्यरत छन् । त्यस्तै अहेवको १ सय १९ दरबन्दी रहेकामा ९९ जना कार्यरत छन् । जिल्लामा १ करोड ४७ लाख ५० हजार रुपियाँ वार्षिक बजेट रहेकामा औषधि खर्चस्वरूप २३ लाख विनियोजन भएको जिल्ला स्वास्थ्य कार्यालयले बताएको छ।

**सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बेचबिखन तथा ओसारपसार | | | १ | १ |
| बालविवाह | | | १ | १ |
| बलात्कार | १ | ३ | १ | ५ |
| नवजात शिशुको हत्या | | | १ | १ |
| यौन दुर्व्यवहार | | १ | ३ | ४ |
| जम्मा | १ | ४ | ७ | १२ |


**महिला अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| कथित बोक्सीको आरोप | | १ | | | १ |
| बलात्कार | | | | १ | १ |
| बलात्कार प्रयास | १ | | | | १ |
| बहुविवाह | | | | १ | १ |
| घरेलु हिंसा | | १२ | ४ | ३ | १९ |
| जम्मा | १ | १३ | ४ | ५ | २३ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| हत्या | १ | १ |

# ४.७ तनहुँ




**जम्मा जनसङ्ख्या**
३,२६,७४५

**महिला**
१,८४,६६४

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
२

**प्रदेशसभा निर्वाचन क्षेत्र**
४

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
४७,५३५

**कामका लागि बाहिरिएका**
४६,३८७

**अपाङ्गता भएका**
६,६६८

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
७४.०८

**आश्रित जनसङ्ख्या**
१,४१,३००

| घटनाको प्रकार | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | | १ | १ |
| बाल अधिकार | | | ८ | १ | ९ |
| आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार | | | | १ | १ |
| महिला अधिकार | | | ६० | | ६० |
| जातीय विभेद | | | १ | | १ |
| गिरफ्तारी | १ | १ | | | |
| कुटपिट | | | | ३ | ३ |
| धम्की | | | | ३ | ३ |
| हत्या | | | | १ | १ |
| जम्मा | १ | १ | ६९ | ८ | ७७ |

*नेपालको संविधान २०७२ को धारा ३६ मा खाद्य अधिकारलाई मौलिक हकका रूपमा समेटिएको छ। जसअनुसार प्रत्येक नागरिकलाई खाद्यसम्बन्धी हक हुनेछ। त्यसैगरी सो धारामा प्रत्येक नागरिकलाई खाद्य वस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुने पनि उल्लेख छ।*

*तर घिरिङ गापा-१ का कुमाल समुदायका बासिन्दा भने खाद्य अधिकाबाट वञ्चित हुनुपर्ने अवस्था आएको छ। यो गापा-१ को खुड्लिलङटार, जगौलीटार तथा वडा नं. ४ को गड्यौलीटार र नयाँटारमा झण्डै ५ सय ५० घर कुमाल परिवारका साथै आसपासका करुवाटार, पीपलटार, रूपटार र पट्टाटारका अधिकांश बासिन्दाको मुख्य खाद्यान्न मकै हो। तर खडेरी र सिँचाई नहुँदा उत्पादन घट्दै गएको छ। घिरिङ गापाका अध्यक्ष रनबहादुर रानाले खेतीयोग्य फाँटमा सिँचाइको व्यवस्था गर्न सके कृषिमा आत्मनिर्भर बनाउन सकिने हुँदा त्यसका लागि पहल भइरहेको बताए। कालीगण्डकी नदीको पानी लिफ्टिङ प्रविधिमार्फत फाँटमा सिँचाइ गर्न सक्ने हो भने स्थानीय कृषकको आर्थिक उन्नतिका साथै सरकारको समृद्ध नेपाल, सुखी नेपाली अभियान सार्थक हुने अध्यक्ष रानाको दाबी छ।*

*तनहुँमा सन् २०१८ मा राज्यपक्षबाट एक जना पुरुष पीडित भए भने अन्य पक्षबाट ६९ महिला र आठ पुरुष गरी ७७ जना पीडित भएको अभिलेख भयो। गत वर्ष राज्यपक्षबाट दुई महिला र पाँच पुरुष गरी सातजना तथा अन्य पक्षबाट २ सय ३ महिला र १३ पुरुष गरी २ सय १६ जना पीडित भएको अभिलेख थियो।*

## धम्की/कुटपिट

गोरखा नपा-१३ घर भएका कान्तिपुर दैनिकका गोरखा संवाददाता २८ वर्षीय सुदीप कैनीलाई समाचार

सङ्कलनका क्रममा २०७४ माघ १ गते आँबुखैरेनी गापा–३ मा स्थानीय ३५ वर्षीय रघुपति केसी, ३५ वर्षीय शिवजी केसी, ३६ वर्षी रामकृष्ण केसी, ३८ वर्षीय सुवास केसी र ४० वर्षीय रञ्जित श्रेष्ठले कुटपिट तथा दुर्व्यवहार गरे । तनहुँ र गोरखा जिल्लाको सिमानामा पर्ने आँबुखैरेनी गापा–३ स्थित मर्स्याङ्दी नदीमा अवैध बालुवा निकालेकोबारे समाचार सङ्कलन गर्न गएका कैनीको क्यामेरा र मोबाइल फोनसमेत फुटाइदिएका थिए । कैनीले यसबारे इलाका प्रहरी कार्यालय आँबुखैरेनीमा सोही दिन मौखिक तथा माघ २ गते लिखित उजुरी दिएका थिए । प्रहरीले कुटपिटमा संलग्न युवाहरूलाई माघ १ गते नै गिरफ्तार गरी सार्वजनिक मुद्दा दर्ता गरेकामा आरोपित सबै माघ ५ गते जनही ५ हजार रुपियाँ धरौटी बुझाइ तारिखमा रिहा भए । साथै माघ ५ गते कैनीसँग माफी मागी क्यामेराको क्षतिपूर्तिस्वरूप ५ हजार रुपियाँ उपलब्ध गराएको पीडित पक्षले जनायो ।

शुक्लागण्डकी नपा–८ का वडाध्यक्ष कृष्ण रेग्मीलाई २०७५ कात्तिक १६ गते राति अज्ञात व्यक्तिहरूले कुटपिट गरे । कुटपिटबाट वडाध्यक्ष रेग्मी घाइते भए । उनलाई सोही राति नै उपचारका लागि फिस्टेल अस्पताल पोखरा लगियो । कुटपिटबाट उनको आँखामा गहिरो चोट लागेको थियो । प्राकृतिक स्रोतको अवैध उत्खनन भइरहेको सूचना पाएपछि त्यसबारे जानकारी लिन जाँदा आफूमाथि एक्कासि आक्रमण भएको रेग्मीले बताए । उनले उजुरी भने कतै दिएनन् ।

रिसिङ गापा–४ भिर्कोट गुम्लेक घर भएका सोही वडाका सहवीर प्राविका शिक्षक ४० वर्षीय गमबहादुर बिकमाथि २०७५ भदौ १९ गते बिहान अज्ञात पक्षले खुकुरी प्रहार गरी घाइते बनायो । बिहान घरबाट विद्यालय जान हिँडेका शिक्षक बिकमाथि जङ्गलमा पर्ने बाटोमा सो समूहले आक्रमण गरेको थियो । खुकुरी प्रहारबाट गम्भीर घाइते भएका बिकलाई स्थानीय स्वास्थ्य संस्थामा सामान्य उपचारपछि थप उपचारका लागि पोखरा पठाइएको थियो । उनको टाउकोमा चोट लागेको थियो । सो घटनामा संलग्न भएको शङ्कामा प्रहरीले भदौ २१ गते व्यास नपा–१३ का नेकपा (विप्लव समूह) का कार्यकर्ता ३० वर्षीय लक्ष्मण पाण्डेलाई भीरकोटबाट गिरफ्तार गऱ्यो । जिल्ला अदालतको असोज २६ गतेको आदेशअनुसार पाण्डे २० हजार रुपियाँ धरौटीमा रिहा भए ।

## कारागार र बन्दी

'ग' श्रेणीको तनहुँ जिल्ला कारागारको क्षमता २५ जनाको छ । तर ५६ कैदी र ५४ थुनुवा गरी १ सय १० जना छन् । कैदी/बन्दी सबै पुरुष छन् । ३ वर्ष ६ महिनाका एक बालक र ६ महिनाकी एक आश्रित बालिका छन् । ६५ वर्षमाथिका दुई पुरुष छन् । २०२५ सालमा निर्माण गरिएको यस कारागारको मुख्य भवन जीर्ण छ । आगामी वर्षदेखि महिला बन्दीसमेत राख्नेगरी नयाँ पक्की भवन निर्माण भइरहेको छ । कारागारमा झण्डै तीन गुणा कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

दुई न्यायाधीशको दरबन्दी रहेको यहाँको जिल्ला अदालतमा दुवैजना कार्यरत छन् । यस अदालतबाट फौजदारी मुद्दातर्फ ७ सय १३ मध्ये ४ सय ८६ थान फैसला भए भने देवानी मुद्दातर्फ ५ सय १७ मध्ये १ सय ६६ थान फैसला भए । दुई वर्ष नाघेका फौजदारी मुद्दा छैनन् ।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा ३ सय ८ प्रावि, ७३ आधारभूत र १ सय ८ मावि छन् । ३ हजार १ सय २० शिक्षक दरबन्दी छ । यस वर्ष सामुदायिक विद्यालयमा ३२ हजार ३ सय १५ बालक र ३५ हजार १ सय २१ बालिका भर्ना भए । जिल्लामा रहेका अपाङ्गमैत्री विद्यालयको तथ्याङ्क उपलब्ध छैन । छात्रवृत्ति पाउने दलित बालबालिकाको तथ्याङ्क शिक्षा विकास तथा समन्वय एकाइ कार्यालयसँगै छैन । छात्रवृत्तिको रकम सबै स्थानीय तहमा गएको हुँदा उक्त तथ्याङ्क उपलब्ध हुन सकेन । शहीद र द्वन्द्वपीडित परिवारका १२ जना बालबालिकाले पनि छात्रवृत्ति पाए ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बलात्कार | ३ | | ३ |
| नवजात शिशुको हत्या | | १ | १ |
| विद्यालयमा शारीरिक सजाय | ३ | | ३ |
| यौन दुर्व्यवहार | २ | | २ |
| जम्मा | ८ | १ | ९ |

*सन् २०१८ मा बलात्कारबाट तीनजना, विद्यालयमा शारीरिक सजायबाट तीनजना, यौन दुर्व्यवहारबाट दुईजना, नवजात शिशुको हत्याबाट एकजना गरी नौ जना पीडित भएको अभिलेख भयो। सन् २०१७ मा बालबालिकामाथि हुने हिंसाका घटनामा चारजना बलात्कारबाट पीडित भएको अभिलेख थियो।*

**बलात्कार, यौन दुर्व्यवहार**

१३ वर्षीया बालिकालाई २०७४ फागुन १७ गते बलात्कार गरेको आरोपमा प्रहरीले व्यास नपा–१२ घर भई सोही ठाउँमा रहेको देउराली प्राविका अस्थायी शिक्षक ४८ वर्षीय रामु लोहनीलाई चैत २७ गते गिरफ्तार गऱ्यो। घटनाबारे बालिकाकी आमाले चैत २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकी थिइन्। घटनाको धेरै समयपछि उजुरी परेकाले बालिकाको स्वास्थ्य परीक्षण भने नभएको प्रहरीले जनायो। जिल्ला अदालतले २०७५ जेठ २७ गते रामुलाई १० वर्ष कैद सजाय सुनायो।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव तथा दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै २ सय २७ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका ७१, खान/लाउन नदिएको ३८, विवाह दर्ता र नागरिकता नबनाएको १०, अर्की श्रीमती ल्याएर हेला गरेको ९ र सामान्य घरायसी झगडाका ९९ वटा घटना छन्। यीमध्ये प्रहरीले ९२ वटामा मिलापत्र गरायो भने ५२ उजुरी कानुनी प्रक्रियामा छन्। ८३ वटा घटना छलफलकै प्रक्रियामा छ।*

*सन् २०१८ मा घरेलु हिंसाबाट ५३, बलात्कार बाट तीन, बलात्कार प्रयासबाट तीन र कथित बोक्सीको आरोपबाट एक गरी ६० जना पीडित भएको अभिलेख भयो। गत वर्ष महिलामाथि भएका हिंसाका घटनामा घरेलु हिंसाबाट १ सय ९२ जना, बलात्कारबाट तीन जना, बहुविवाहबाट दुई जना गरी १ सय ९७ जना पीडित भएको अभिलेख थियो।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| कथित बोक्सीको आरोप | १ | १ |
| बलात्कार | ३ | ३ |
| बलात्कार प्रयास | ३ | ३ |
| घरेलु हिंसा | ५३ | ५३ |
| जम्मा | ६० | ६० |

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

२५ वर्षीया महिलालाई शुक्लागण्डकी नपा–८ का वडाध्यक्ष ३० वर्षीय कृष्णप्रसाद रेग्मीले २०७५ कात्तिक १६ गते बलात्कार गरेको भन्दै पीडितले मङ्सिर ६ गते प्रहरीमा उजुरी दिइन्। महिलाको स्वास्थ्य परीक्षण मङ्सिर ६ गते नै दमौलीमा भयो। आरोपित यो वर्षको अन्त्यसम्म फरार रहे।

**कथित बोक्सीको आरोप**

घिरिङ गापा–१ की ४० वर्षीया महिलालाई २०७४ फागुन १३ गते कथित बोक्सीको आरोपमा दुर्व्यवहार गरेको भन्दै प्रहरीले सोही ठाउँका ३७ वर्षीय सन्तबहादुर श्रेष्ठ, पाल्पाको निस्दी गापा–२ की २६ वर्षीया ङनी बाकावल, सोही ठाउँका २० वर्षीय विष्णु बिक, रामपुर नपा–१ की १७ वर्षीया बालिका, सोही ठाउँकी २४ वर्षीया लक्ष्मी बिक र २० वर्षीय सूर्यवंशी ठकुरीलाई फागुन १७ गते गिरफ्तार गऱ्यो। आरोपितहरूले पीडितलाई बोक्सी भन्दै कुटपिटसमेत गरेका पीडितका भाइ ओमबहादुर सिजालीले प्रहरी चौकी गजरकोटमा फागुन १७ गते दिएका उजुरीमा उल्लेख छ। गिरफ्तार भएका आरोपितमध्ये जिल्ला अदालतले २०७४ चैत ७ गते सन्तबहादुर श्रेष्ठलाई पुर्पक्षका लागि थुनामा पठाउने र अन्यलाई सामान्य तारेखमा रिहा गर्ने आदेश दियो।

## सामाजिक, सांस्कृतिक तथा आर्थिक अधिकार

**सम्पत्ति कब्जा**

बन्दीपुर गापा–१ डुम्रेका ५० वर्षीय ऋषिराम अधिकारीको सोही ठाउँमा रहेको १२ रोपनी जग्गा विप्लव नेतृत्वको नेकपाका कार्यकर्ताले २०७५ पुस ९ गते कब्जा गरेको घोषणा गरे। यो जग्गा कुनै पनि व्यक्तिले हडप्न पाइँदैन अन्यथा जनपरिषद्ले कडा कारबाही गर्नेछ भन्ने ब्यानर राखी जग्गा कब्जाको घोषणा गरिएको थियो। सोही दिन दिउँसो प्रहरीले सो झन्डा र ब्यानर हटायो। सर्वसाधारणको जग्गा कब्जा गर्नु गैरकानुनी कार्य भएको हुँदा प्रहरीले त्यस्तो कार्यमा रोक लगाउने एसपी सिद्धिविक्रम शाहले बताए।

## स्वास्थ्य सेवाको अवस्था

तनहुँ जिल्लामा दुई अस्पताल, ४६ स्वास्थ्य चौकी र दुई ओटा प्राथमिक स्वास्थ्य केन्द्र छन् । जिल्लामा सात डाक्टरको दरबन्दी रहेकामा सबै जना कार्यरत छन् । त्यस्तै अहेवको १ सय ५ दरबन्दी रहेकामा सबै जना कार्यरत छन् । त्यसैगरी हेल्थ असिस्टेन्ट ४६ दरबन्दी रहेकोमा सबै जना कार्यरत छन् । तनहुँमा हालसम्म ११ हजार २ सय ३ परिवार का ४६ हजार ९३ जनाले स्वास्थ्य बिमा गरेका छन् । ती मध्ये ३७ हजार ७ सय २४ जनाले स्वास्थ्य संस्थाबाट उपचार सेवा लिएको स्वास्थ्य बिमा कार्यालयले जनाएको छ । तनहुँ जिल्लाको स्वास्थ्य सेवाको बजेट सबै स्थानीय तहहरूमा गरी ४ करोड २५ लाख ६५ हजार रहेको छ। औषधि खर्चबापत २० लाख रुपियाँ रहेको छ।

**सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| बलात्कार | | २ | | १ | ३ |
| नवजात शिशुको हत्या | १ | | | | १ |
| विद्यालयमा शारीरिक सजाय | | | १ | | १ |
| यौन दुर्व्यवहार | | | | २ | २ |
| जम्मा | १ | २ | १ | ३ | ७ |

**महिला अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| कथित बोक्सीको आरोप | | | | १ | १ |
| बलात्कार | १ | | | २ | ३ |
| बलात्कार प्रयास | | | | ३ | ३ |
| घरेलु हिंसा | | ४० | ६ | ७ | ५३ |
| जम्मा | १ | ४० | ६ | १३ | ६० |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| हत्या | १ | १ |

# ४.८ नवलपरासी पूर्व




**जम्मा जनसङ्ख्या**
३,२१,७५५

**महिला**
१,६५,९१७

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
२

**प्रदेशसभा निर्वाचन क्षेत्र**
४

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
उपलब्ध नभएको

**कामका लागि बाहिरिएका**
उपलब्ध नभएको

**अपाङ्गता भएका**
उपलब्ध नभएको

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
७०.७६

**आश्रित जनसङ्ख्या**
उपलब्ध नभएको

| घटनाको प्रकार | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | १ | | १ |
| बाल अधिकार | | | २३ | २ | २५ |
| महिला अधिकार | | | २६ | | २६ |
| गिरफ्तारी | ३ | ३ | | | |
| कुटपिट | | | १ | १ | २ |
| हत्या | | | १ | ४ | ५ |
| जम्मा | ३ | ३ | ५२ | ७ | ५९ |

*नवलपरासी सङ्घीय संरचनाअनुसार दुई जिल्लामा विभाजन भएको दुई वर्ष हुन लाग्दासमेत पूर्वी नवलपरासीमा जिल्ला अस्पताल छैन । त्यसैले यहाँका सर्वसाधारण सामान्यबाहेकको उपचारका लागि छिमेकी जिल्ला चितवन पुग्न बाध्य छन् ।*

*कावासोती नपामा अवस्थित ५५ शैयाको नेपाल मध्यविन्दु सामुदायिक स्मृति अस्पताल विकास केन्द्रलाई सरकारीकरण गरी जिल्ला अस्पताल सञ्चालन गर्ने गण्डकी प्रदेश मन्त्रिपरिषद्ले २०७५ भदौ १३ गते निर्णय गरेको थियो । तर प्रदेश सरकारले जिल्ला अस्पताल बनाउनका लागि सङ्घीय सरकारलाई सिफारिस गर्ने निर्णय गरेको चार महिना हुँदासमेत अस्पताल बन्न सकेको छैन । जिल्ला अस्पताल स्थापनाको फाइल अहिले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय पुगेको मध्यविन्दु सामुदायिक स्मृति अस्पताल विकास समितिका अध्यक्ष चेतनाथ पोखेलले बताए । जिल्लामा आइसियुसहितको अस्पताल पनि छैन जसका कारण स्वास्थ्य उपचारका लागि छिमेकी जिल्ला पुग्नुपर्ने बाध्यता छ । हाल जिल्लामा चारवटा प्राथमिक स्वास्थ्य चौकी र ३४ ओटा स्वास्थ्य चौकी छन् ।*

*नवलपरासी पूर्वमा सन् २०१८ मा मानव अधिकार उल्लङ्घनाका घटनामा तीन पुरुष र ज्यादतीका घटनामा ५२ महिला, सात पुरुष गरी ५९ जना पीडित भए । सन् २०१७ मा मानव अधिकार उल्लङ्घनका घटनामा १० पुरुष र ज्यादतीका घटनामा ३३ महिला, १३ पुरुष गरी ४६ जना पीडित भएको अभिलेख थियो ।*

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यहाँको जिल्ला अदालतमा तीन जना न्यायाधीशको दरबन्दी रहेकोमा दुई जना कार्यरतमात्र छन् । दुई ओटा इजलास सञ्चालनमा छन् । यस वर्ष

स्थानान्तरण भई आएकोसहित फौजदारी मुद्दातर्फ ७ सय ६१ मध्ये ३ सय ७० थान फैसला भए। देवानी मुद्दातर्फ भने ९ सय ३१ मध्ये ७ सय ६ फैसला भए। दुई वर्ष नाघेका देवानी मुद्दा १७ थान बाँकी छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा सामुदायिकतर्फ ३ सय ४९ पूर्वप्राथमिक, २ सय ४५ आधारभूत र ७७ मावि छन् भने संस्थागततर्फ २ सय १९ पूर्वप्राथमिक, ४१ आधारभूत र ५१ मावि छन्। १ हजार ७ सय ६४ जना शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष सामुदायिक विद्यालयमा २९ हजार ४ सय ४ जना बालक र ३१ हजार ४ सय ४४ जना बालिका भर्ना भए। जसमध्ये ४ हजार ३ सय ५३ जना दलित बालिका र ४ हजार २१ जना दलित बालिका भर्ना भए। त्यस्तै संस्थागत विद्यालयमा २२ हजार १ सय ७४ जना बालक र १७ हजार ६ सय ७ जना बालिका भर्ना भए। जसमध्ये ९ सय ६९ दलित बालिका र १ हजार २ सय ७३ जना दलित बालक भर्ना भए। जिल्लामा १ सय २० वटा अपाङ्गमैत्री विद्यालय भवन छन्। जिल्लामा कति दलित बालबालिकालाई छात्रवृत्ति वितरण भयो भन्ने तथ्याङ्क जिल्ला शिक्षा विकास तथा समन्वय एकाइसँग छैन्। शहीद तथा द्वन्द्वपीडित परिवारका ४८ जना बालबालिकाले पनि छात्रवृत्ति पाए।*

*यस वर्ष बलात्कारबाट १६, यौन दुर्व्यवहारबाट ६ , विद्यालयमा शारीरिक सजायबाट दुई, बेचबिखन तथा ओसारपसारबाट एक गरी २५ बालबालिका पीडित भए। गत वर्ष बलात्कारका घटनामा ११, यौन दुर्व्यवहारमा एक पुरुष र तीन महिला गरी १६ जना बालबालिका पीडित भएको अभिलेख भएको थियो।*

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बेचबिखन तथा ओसारपसार | १ | | १ |
| बलात्कार | १६ | | १६ |
| विद्यालयमा शारीरिक सजाय | | २ | २ |
| यौन दुर्व्यवहार | ६ | | ६ |
| जम्मा | २३ | २ | २५ |

### बलात्कार, यौन दुर्व्यवहार

११ वर्षीया बालिकालाई गैँडाकोट नपा–८ बस्ने ३५ वर्षीय पुरुषले २०७४ फागुन ७ गते बलात्कार गरेको भन्दै पीडित पक्षले फागुन ११ गते इलाका प्रहरी कार्यालय गैँडाकोटमा उजुरी दिए। बालिकाको फागुन ११ गते भरतपुर अस्पतालमा स्वास्थ्य परीक्षण भयो। उजुरी दिएकै दिन गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले २०७५ वैशाख २० गते १२ वर्ष कैद सजाय सुनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहारसमेत

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ६२ जना महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट तथा शारीरिक यातनाको १८, गालीगलौज तथा मानसिक यातनाका २२, विवाह दर्ता र नागरिकता नबनाएको एक, बहुविवाहको पाँच र सामान्य घरायसी झगडाका १६ घटना छन्। यीमध्ये प्रहरीले ४५ ओटामा मिलापत्र गरायो भने १७ उजुरी कानुनी प्रक्रियामा छन्।*

*सन् २०१८ मा घरेलु हिंसाका घटनामा १४, बलात्कारका घटनामा आठ, बहुविवाहमा तीन, बलात्कार प्रयासबाट एक गरी २६ महिला पीडित भएको अभिलेख भयो। अघिल्ला वर्ष बहुविवाहका घटनामा चार, यौन दुर्व्यवहारमा चार, घरेलु हिंसाबाट तीन र बलात्कार प्रयासबाट एकजना पीडित भएको अभिलेख थियो।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ८ | ८ |
| बलात्कार प्रयास | १ | १ |
| बहुविवाह | ३ | ३ |
| घरेलु हिंसा | १३ | १४ |
| जम्मा | २६ | २६ |

### एसिड प्रहार

कावासोती नपा–१६ हरबासेकी ३० वर्षीया बसन्ती परियारलाई २०७५ असोज ८ गते एसिड र चक्कु प्रहार गरेको आरोपमा प्रहरीले उनकै छिमेकी ३७ वर्षीय विमल सिर्पालीलाई असोज ८ गते गिरफ्तार गर्‍यो। घाइते बसन्तीलाई तत्काल उपचारका लागि मध्य विन्दु सामुदायिक अस्पताल लगिएको थियो। उनको थप उपचार काठमाडौँस्थित त्रिवि शिक्षण अस्पतालमा भयो। बसन्तीको अनुहार र शरीर जलेको भरतपुरका डा. सुरेश प्रधानले जानकारी दिए। आफूसँग बिहे गर्न नमानेपछि एसिड प्रहार गरेको प्रहरीले जनायो। सिर्पालीलाई जिल्ला अदालतले २०७५ कात्तिक ९ गते पुर्पक्षका लागि थुनामा पठायो।

### परिवारजनबाट हत्या आरोप

बुलिङटार गापा–४ बस्ने १८ वर्षीया गौमती गोदामीलाई ससुरा ४१ वर्षीय चेतबहादुर गोदामी, सासू ४४ वर्षीया पदमा गोदामी, नन्द १६ वर्षीया सुमित्रा गोदामी र पति २० वर्षीय तुलाराम गोदामीले २०७५ जेठ २० गते हत्या गरी घरनजिकै जङ्गलमा झुण्ड्याएको भन्दै माइती पक्षले जेठ २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गर्न जाँदा प्रहरीले घटना आत्महत्या भनेर आएकाले दर्ता गर्न नमानेको मृतककी आमाले बताइन् । घटनालगत्तै पोस्टमार्टम नगरी शव जलाएको पीडित पक्षको आरोप छ । जिल्ला प्रशासन कार्यालयले समेत निवेदन नलिएपछि हुलाकमार्फत असार २४ गते बुझाएको गौमतीका बुबा गिरन गोदामीले जानकारी दिए । यस विषयमा २०७५ साउन ३१ गते उजुरी दर्ता गराएपछि उच्च अदालत पोखराले २०७५ कात्तिक १४ गते घटनाको अनुसन्धान गर्न आदेश दिएको छ।

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२२ वर्षीया युवतीलाई भारतको उत्तर प्रदेश महराजगन्ज जिल्ला घर भई कावासोती नपा–१२ पिठौलीमा माछापालन व्यवसाय गर्दै आएका ३२ वर्षीय अर्जुन साह कानुले माछालाई दाना, पानी र स्याहारका लागि राखेकामा २०७४ चैत १ गते बलात्कार गरेको भन्दै पीडितले चैत ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन् । पीडितको स्वास्थ्य परीक्षण जिल्ला सरकारी अस्पताल भरतपुरमा चैत ३ गते भयो । चैत ३ गते गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले २०७५ जेठ १४ गते ५ वर्ष कैद सजाय सुनायो।

### बेचविखन तथा ओसारपसार

१६ वर्षीया बालिकालाई सिन्धुपाल्चोकको सुनकोसी नपा–३ बस्ने २६ वर्षीय शमशेरबहादुर कार्कीले २०७५ जेठ ११ गते विवाह गरी सँगै लैजाने क्रममा विनयी त्रिवेणी गापा–७ नेपाल–भारत सीमा ब्यारेज पुलबाट प्रहरीले उद्दार गऱ्यो । साथै आरोपितलाई गिरफ्तार गऱ्यो । प्रहरीले जेठ ११ गते बालिकालाई आफन्तको जिम्मा लगायो । आरोपितलाई जिल्ला अदालतले असार ८ गते पुर्पक्षका लागि थुनामा पठाएको छ।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### भौतिक सम्पत्ति क्षति

गैंडाकोट नपा–२ भृकुटी चोकमा २०७५ साउन २९ गते बिहान १ बजे रोकिराखेको दुईओटा ट्रकमा अज्ञात पक्षले आगजनी गऱ्यो । पराल बोकेर पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको ना २ ख ८४८७ र ना २ ख २५४८ नम्बरको ट्रकमा आगलागी भएको हो । आगलागीपश्चात इलाका प्रहरी कार्यालय गैंडाकोटले चितवनको भरतपुर मनपाको दमकलको सहयोगमा आगो नियन्त्रणमा लियो । सो दिन विप्लव माओवादीले बन्द आह्वान गरेको थियो।

### स्वास्थ्य सेवाको अवस्था

यो जिल्लामा सरकारीतवरको जिल्ला अस्पताल छैन । त्यसैले उपचारका लागि छिमेकी जिल्ला धाउनुपर्ने बाध्यता छ। जिल्लामा ३४ स्वास्थ्य चौकी र ४ प्राथमिक स्वास्थ्य केन्द्र छन् । जिल्लामा चार जना डाक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन् । त्यस्तै अहेवको १ सय १४ दरबन्दीमध्ये १३ रिक्त छ।

**सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बेचबिखन तथा ओसारपसार | | | १ | १ |
| बलात्कार | २ | २ | १२ | १६ |
| विद्यालयमा शारीरिक सजाय | | १ | १ | २ |
| यौन दुर्व्यवहार | | २ | १ | ३ |
| जम्मा | २ | ५ | १५ | २२ |

**महिला अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| बलात्कार | १ | २ | | ५ | ८ |
| बलात्कार प्रयास | | | | १ | १ |
| बहुविवाह | | | | ३ | ३ |
| घरेलु हिंसा | | | १३ | १ | १४ |
| जम्मा | १ | २ | १३ | १० | २६ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | १ | ४ | ५ |

# ४.९ स्याङ्जा




**जम्मा जनसङ्ख्या**
२,७८,६८८

**महिला**
१,५९,३३७

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
२

**प्रदेशसभा निर्वाचन क्षेत्र**
४

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
३३,९०९

**कामका लागि बाहिरिएका**
५०,४७६

**अपाङ्गता भएका**
४,४५१

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
७६.६

**आश्रित जनसङ्ख्या**
१,२१,८२३

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | १७ | | १७ |
| महिला अधिकार | २७ | | २७ |
| कुटपिट | | ३ | ३ |
| धम्की | | १ | १ |
| हत्या | | १ | १ |
| जम्मा | ४४ | ५ | ४९ |

*स्याङ्जा जिल्ला अस्पताल प्रदेशकै नमूना अस्पतालका रूपमा विकास हुन थालेको छ। जिल्ला अस्पतालको क्षमता १५ शैयाको क्षमता भए पनि आन्तरिक स्रोतबाट २५ शैया सञ्चालन गरिएको छ । जिल्ला अस्पतालमा एक जना मेडिकल सुपरिटेन्डेन्ट र दुई जना मेडिकल अधिकृतको दरबन्दी भए पनि नौ जना डाक्टर कार्यरत रहेको जिल्ला अस्पतालका प्रमुख अमृत पोखेलले जानकारी दिए । अस्पतालले बालरोग विशेषज्ञ सेवा, स्त्रीरोग विशेषज्ञ सेवाका साथै दन्तरोग विशेषज्ञ सेवा प्रदान गर्दै आएको छ। अस्पतालले शरीरको लवण,सोडियम, पोटासियम, ब्याक्टेरियाको कल्चर, थाइराइड परीक्षण, महिलाको पाठेघरको क्यान्सर परीक्षण सेवा दिँदै आएको पोखरेलले बताए । यो अस्पतालले गण्डकी प्रदेश भित्रका अन्य जिल्ला अस्पताल भन्दा उत्कृष्ट सेवा दिन सफल भएको छ। नवजात शिशु सघन उपचार कक्षका साथै महिला रोगको शल्यकृयासमेत सञ्चालनमा रहेको छ। यस वर्ष अस्पतालमा ४० जना नवजात शिशुको सघन उपचार कक्षमा राखेर उपचार गरिएको छ। गत वर्ष दैनिक ६०–७० जना उपचारको लागि आउने गरेको यस अस्पतालमा यस वर्ष दैनिक १ सय ९० जना भन्दा बढी बिरामी आएको प्रमुख पोखरेलले बताए।*

### कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता ५० जनाको छ तर कारागारमा १ सय २४ जना छन्। जसमा कैद तोकिएका ६८ जना पुरुष र महिला पाँच जना छन्। थुनुवा ५६ जनामध्ये पुरुष ५५ जना छन्। यसमध्ये एकजना विदेशी छन्। ६५ वर्षमाथिका तीन जना पुरुष

कैदी छन् । क्षमताभन्दा बढी कैदी/बन्दी भएकाले व्यवस्थापनमा समस्या छ। साँघुरो कोठाभित्र दाउरामा खाना पकाउनुपर्दा समस्या हुने गरेको छ।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यो जिल्लामा एक जिल्ला अदालत छ। दुई न्यायाधीशको दरबन्दी रहेकामा दुवैजना कार्यरत छन्। यस वर्ष दर्ता भएका ९ सय ३५ मुद्दामध्ये ५ सय ६१ थान फैसला भए। दुई वर्ष नाघेका मुद्दा छिनिन बाँकी छैनन्। देवानी २ सय ९५, फौजदारी ३ सय ७७ र अन्य २१ रहेको जिल्ला अदालत स्याङ्जाले जनाएको छ।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*यस जिल्लामा ३ सय ५६ प्रावि, ६७ निमावि, ८३ मावि, ८९ उच्चमावि छन्। २ हजार ५ सय ९९ शिक्षक दरबन्दी रहेकामा ३ सय ९५ अनुदान कोटा छ। यस वर्ष २६ हजार ८ सय ८५ बालक र २६ हजार ६ सय ४५ बालिका भर्ना भए। जिल्लामा अपाङ्गमैत्री विद्यालय छैन।*

*सन् २०१८ मा बलात्कारका घटनामा १३ जना र यौन दुर्व्यवहारबाट चारजना गरी १७ बालिका पीडित भएको अभिलेख भयो। सन् २०१७ मा यस जिल्लामा बालबालिकामाथि हुने हिंसाका घटनामा बलात्कारबाट तीन बालिका पीडित भएको अभिलेख थियो।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १३ | १३ |
| यौन दुर्व्यवहार | ४ | ४ |
| जम्मा | १७ | १७ |

#### बलात्कार, यौन दुर्व्यवहार

नौ वर्षीया बालिकालाई २०७४ फागुन ४ गते १७ वर्षीय बालकले बलात्कार गरेको भनी बालिकाका आफन्तले चैत ११ गते जिल्ला प्रहरी कार्यालय कास्कीमा उजुरी दिए। प्रहरीले चैत १३ गते उक्त उजुरी जिल्ला प्रहरी कार्यालय, स्याङ्जा पठाएको थियो । आरोपित फरार रहे । बालिकाको स्वास्थ्य परीक्षण २०७४ चैत ११ गते पोखरामा भयो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव तथा दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसा पीडित भन्दै २१ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरिएका ११ खान/लाउन नदिएको, घरेलु झगडा गालीगलौज नौ र मानसिक यातना एक उजुरी छन्। यीमध्ये १३ ओटामा मिलापत्र गराएको र बाँकी उजुरीकर्ता सम्पर्कमा नआएको महिला सेलले जनायो।*

*गत वर्ष स्याङ्जामा घरेलु हिंसाबाट २३ महिला पीडित भएका थिए। यस वर्ष घरेलु हिंसाबाट १९, बलात्कारबाट ६, बलात्कार प्रयासबाट एक र कथित बोक्सीको आरोपबाट एक गरी २७ महिला पीडित भए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| कथित बोक्सीको आरोप | १ | १ |
| बलात्कार | ६ | ६ |
| बलात्कार प्रयास | १ | १ |
| घरेलु हिंसा | १९ | १९ |
| जम्मा | २७ | २७ |

#### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२० वर्षीया युवतीलाई २०७५ जेठ १४ गते चापाकोट नपा–८ बस्ने २८ वर्षीय लक्ष्मण नेपालीले बलात्कार गरेको भन्दै पीडित पक्षले जेठ १५ गते वडा प्रहरी कार्यालय वालिङमा उजुरी दिए । युवतीको स्वास्थ्य परीक्षण जेठ १५ गते वालिङ प्राथमिक स्वास्थ्य केन्द्रमा भयो । उजुरी दिएकै दिन गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले २०७५ असार १० गते पुर्पक्षका लागि थुनामा पठायो।

### स्वास्थ्य सेवाको अवस्था

स्याङ्जामा दुईओटा अस्पताल (जिल्ला अस्पताल र चापाकोट अस्पताल) छन्। तीन प्राथमिक स्वास्थ्य केन्द्र छन्। ६३ वटा स्वास्थ्य चौकी र एक उपस्वास्थ्य चौकी छ । ६ जना डाक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन्। अहेवको १ सय ३६ दरबन्दी रहेकामा १ सय २२ जना कार्यरत छन्। स्टाफ नर्सको सात दरबन्दी रहेकामा पाँच जना कार्यरत छन् । त्यसैगरी अनमीको १ सय ३८ दरबन्दी रहेकामा १ सय २७ कार्यरत छन्। एचएको दरबन्दी ६९ रहेकोमा पाँच पद रिक्त छ।

सङ्घीयता स्थापनासँगै स्वास्थ्य क्षेत्रको नेतृत्व गरेको जिल्ला जनस्वास्थ्य कार्यालय आफैँ अन्योलमा परेको छ भने जिल्लाको समग्र स्वास्थ्य जानकारी लिन पनि समस्या देखिएको छ । जनस्वास्थ्य कार्यालयले केन्द्रबाट आएको औषधि वितरण र नियमितरूपमा सञ्चालन हुने खोपका साथै सरकारले उल्लेख गरेअनुसारका औषधिका लागि आर्थिक अवस्था कमजोर भएकालाई सिफारिस गर्नेबाहेक अन्य काम नभएको र अन्योलको अवस्था रहेको जनायो ।

**सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | २ | ११ | १३ |
| यौन दुर्व्यवहार | | ४ | ४ |
| जम्मा | २ | १५ | १७ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| कथित बोक्सीको आरोप | | | १ | | १ |
| बलात्कार | १ | | | ५ | ६ |
| बलात्कार प्रयास | | | | १ | १ |
| घरेलु हिंसा | | १५ | ३ | १ | १९ |
| जम्मा | १ | १५ | ४ | ७ | २७ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ |

# ४.१० पर्वत

**जम्मा जनसङ्ख्या**
१,४२,३७४

**महिला**
७९,८९४

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
१

**प्रदेशसभा निर्वाचन क्षेत्र**
२


**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
१८,४२६

**कामका लागि बाहिरिएका**
२१,७३५

**अपाङ्गता भएका**
३,६५३

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
७३.८

**आश्रित जनसङ्ख्या**
६२,४८८




| घटनाको प्रकार | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | १५ | | १५ |
| महिला अधिकार | | | १३ | | १३ |
| जातीय विभेद | | | १ | | १ |
| गिरफ्तारी | १ | १ | | | |
| कुटपिट | | | १ | | १ |
| धम्की | | | | १ | १ |
| हत्या | | | १ | १ | २ |
| जम्मा | १ | १ | ३१ | २ | ३३ |

*नदी किनारमा नै बस्ती भए पनि कुश्मा नपा–१ स्थित मालढुङ्गाबासीले स्वच्छ पिउने पानीको चरम अभाव भोग्दै आएका छन् । बस्तीमा ल्याइएको पानी थोरै भएकाले यो अपुग छ। कालीगण्डकी नदी किनारको बस्ती भएर पनि पानीकै लागि दिनहुँ झगडासमेत गर्न बाध्य छन् यहाँका बासिन्दा।*

*पर्वत र बागलुङको सिमानास्थित यो बजारमा व्यवसायका लागि साना/ठूला गरी करिब तीन दर्जन घर/टहरा छन् । नजिकै १ सय २३ परिवारको माझी बस्ती पनि छ। बस्तीका लागि २० एमएमको पाइपमा पानी ल्याइएको छ। त्यतिले पुग्दैन, त्यसैले पानीका लागि झगडा परिरहनु यहाँका लागि सामान्य भएको छ । बस्तीदेखि करिब ४ सय मिटरको दूरीमा पानीको मुहान छ । त्यही पानी पनि वितरण व्यवस्थित नहुँदा समस्या थपिएको हो । बिहानदेखि साँझसम्म कुनै बेला पानी सजिलै थाप्नै पाइँदैन, स्थानीय सुमित्रा थापा मगरले भनिन्– यत्रो बजारलाई एउटा धारा छ। राति २ बजे उठेर भाँडा नभरे घाँटी भिजाउने पानी पनि पाइँदैन । चिसो मौसममा पानी थाप्नकै लागि रातको २ बजे उठ्नुपर्दा गोडा सुन्निने र पेट फुल्नेलगायतका समस्या झेलेका यहाँ थुप्रै गृहिणी भेटिन्छिन् ।*

*मालढुङ्गा भएर दैनिक हजार भन्दा बढी*

*सवारीसाधन ओहोरदोहोर गर्छन् । धौलागिरीका सबैजसो जिल्ला सदरमुकाम पुग्ने सवारीसाधनका यात्रु र कर्मचारीको चिया/नास्ता खाने ठाउँ पनि हो यो। त्यसैले बिहानदेखि बेलुकासम्म सयौँ यात्रु यहाँ विश्राम लिन्छन् । तर विडम्बना, सार्वजनिक धारा एउटामात्रै भएकाले पानीको भने ठूलै समस्या छ।*

*ठूलो आकारको पाइपमा पानी ल्याएर वितरण गर्न र धारा थप गर्न स्थानीयले ६ वर्षअघि गाविससमक्ष आग्रह गरेका थिए। त्यसका लागि कृष्ण सुवेदी अध्यक्ष रहेको एक उपभोक्ता समिति पनि गठन भयो । तर उपभोक्ताको गुनासो भने सुनिएको छैन । त्यसयता दुईवटा निर्वाचन भए । तत्कालीन पाङ गाविस कुश्मा नपामा गाभियो । नपाभित्र परेको पनि ४ वर्ष पुगिसक्यो तर पनि पानीको पत्तो छैन। नपा बनिसकेपछि पनि हामीले धेरैपटक समस्या सुनायौँ, उपभोक्ता समितिका सचिव होमनाथ सुवेदीले भने– हामीलाई पाइप मात्रै देऊ भन्दा पनि दिएनन् । नजिकैको भैँसे ओढारमा रहेको मूलमा व्यवस्थित ट्याङ्की बनाउन सके मालढुङ्गा बजार र नजिकैको माभी बस्तीलाई समेत पानीको सुविस्ता हुने उनको दाबी छ।*

*पर्वतको जनसङ्ख्या १ लाख ४६ हजार ५ सय ९० मध्ये १ लाख ३६ हजार १० जना स्वच्छ पिउने पानीको सुविधा पाउनेमा समावेश भएका छन् । जसमध्ये ७ प्रतिशत जनता अझै पनि स्वच्छ पिउने पानी प्रयोग गर्नबाट वञ्चितिमा परेका छन् । पर्वतमा रहेका ७७ प्रतिशत आयोजना पूर्णरूपमा सञ्चालनमा रहेको र ७ प्रतिशत आयोजना आंशिक सञ्चालन भएको जिल्लागत तथ्याङ्क छ। जिल्लाका ३३ हजार ८ सय ७८ घरमध्ये २५ हजार ७ सय ६८ घरले सार्वजनिक धाराको पानी पिइरहेका छन् भने ५ हजार ६७ घर निजी धारा प्रयोग गर्छन्।*

*पर्वतमा सन् २०१८ मा मानव अधिकार उल्लङ्घनका घटनामा एक पुरुष र ज्यादतीका घटनामा ३१ महिला, दुई पुरुष गरी ३३ जना पीडित भएको अभिलेख भयो। सन् २०१७ दुवैपक्षबाट गरी ८१ जना पीडित भएको अभिलेख थियो।*

## धम्की तथा कुटपिट

### अन्यपक्षबाट

कुश्मा नपा–१० कटुवा चौपारी घर भई कुश्मा बजारमा अन्तरपार्टी महिला मानव अधिकार सञ्जालकी अध्यक्ष ३८ वर्षीया मनरूपा शर्मालाई कुश्मा नपा–१ बस्ने ३० वर्षीय गणेश अर्यालले २०७५ भदौ १२ गते छलफलका क्रममा प्रहरी कार्यालय परिसरमा नै हातपात गरे । घटनामा आफ्नो हातमा सामान्य चोट लाग्नुका साथै मोबाइलसमेत फुटेको पीडितले बताइन्। शर्मालि भदौ १३ गते विज्ञप्तिमार्फत आपत्ति जनाए पनि कतै उजुरी भने गरिनन्। घटनाका आरोपित भने भदौ २१ गतेदेखि बहुविवाह मुद्दामा पुर्पक्षका लागि थुनामा छन्।

## कारागार र बन्दी

'ङ' श्रेणीको पर्वत कारागारको क्षमता २५ जनाको छ। तर ७७ कैदी र आठ थुनुवा गरी ८५ जना कैदी/बन्दी छन् । जसमध्ये महिला पाँच जना छन् । पर्वत कारागारमा महिला बन्दी गृह निर्माणका लागि १० वर्षअघि (२०६६ साल माघबाट) बजेट विनियो जन हुँदै आए पनि पर्याप्त बजेट निकासा नहुँदा अलपत्र अवस्थामा छ। कारागारमा पर्याप्त भवन नहुँदा महिला र पुरुषलाई एउटै भवनभित्र बारेर राख्ने गरिएको छ। क्षमताभन्दा तीन गुणा कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता त छ नै, शौचालयमा समेत समस्या भएको चौकिदार ज्ञानबहादुर पाइजाले बताए । यो कारागारमा ख र ग वर्गका अपाङ्गता भएका पाँच जना कैदी/बन्दी छन्।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक न्यायाधीशको दरबन्दी रहेको पर्वत जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ दर्ता भएका १ सय ३२ मध्ये ५५ थान फैसला भए। त्यसैगरी देवानी मुद्दातर्फ २ सय ४ दर्ता भएकामा ८४ थान फैसला भए। दुई वर्ष नाघेका फौजदारी र देवानी दुवै प्रकृतिका मुद्दा यो अदालतमा छैनन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

यस जिल्लामा २ सय ३२ आधारभूत र ९३ मावि छन्। आ*धारभूत तहमा १ हजार ६ सय ७२ शिक्षक दरबन्दी छ भने मावि तहमा ३ सय ७५ जनाको दरबन्दी छ। कुनै पनि तहमा दरबन्दी रिक्त छैन। यस वर्ष १ हजार ३ सय ९२ बालक र १ हजार २ सय ४० बालिका नयाँ भर्ना भए। जिल्लामा ३३ हजार २ सय ६५ विद्यार्थी छन्। जसमध्ये छात्रा १६ हजार २ सय ४३ छन्। जिल्लामा ८० अपाङ्गमैत्री विद्यालय छन्। ४ हजार ५ सय ३८ दलित बालक र ४ हजार १ सय ३१ दलित बालिकाले छात्रवृत्ति पाए। साथै दुई द्वन्द्वपीडित परिवारका बालबालिकाले पनि छात्रवृत्ति पाए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ५ | ५ |
| नवजात शिशुको हत्या | १ | १ |
| यौन दुर्व्यवहार | ९ | ९ |
| जम्मा | १५ | १५ |

*सन् २०१८ मा यौन दुर्व्यवहारबाट नौ, बलात्कारबाट पाँच र नवजात शिशुको हत्या एक गरी १५ बालिका पीडित भएकोमा सन् २०१७ मा पाँच बालिका पीडित भएको अभिलेख छ।*

**बलात्कार, यौन दुर्व्यवहार**

१५ वर्षीया बालिकालाई २०७५ जेठ १८ गते बलात्कार गरेको आरोपमा प्रहरीले म्याग्दीको धौलागिरी गापा–५ घर भई कुश्मा नपा–१ सहस्रधारा बस्ने २६ वर्षीय मङ्गले भन्ने अनिल बिकलाई सोही दिन गिरफ्तार गऱ्यो । बालिकाका आफन्तले घटनालगत्तै प्रहरीसमक्ष जेठ १८ गते नै उजुरी दिएका थिए । बालिकाको स्वास्थ्य परीक्षण जेठ १८ गते पर्वत जिल्ला अस्पतालमा भयो । अनिललाई जिल्ला अदालतले २०७५ असार १७ गते आठ वर्ष कैद सजाय सुनायो।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव तथा दुर्व्यवहार

*यो वर्ष हिंसापीडित भन्दै ४२ जना महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए । मदिरा सेवन गर्ने र पत्नीलाई मानसिक तथा शारीरिक यातना दिएको भन्दै २१ महिलाले उजुरी दर्ता गराए भने दुई महिलाले अर्को पत्नी ल्याएर पतिले हेला गरेको भन्दै उजुरी दिए । एक महिलाले आफूलाई जातीय विभेद गरेको भन्दै छिमेकीविरुद्ध उजुरी दिइन् भने एक महिलाले पतिले विवाह दर्ता र नागरिकता नबनाइदिएको भन्दै उजुरी दिए । अन्य १७ महिलाले भने विविध कारण देखाउँदै उजुरी दिएका थिए। यीमध्ये प्रहरीले ३१ ओटामा मिलापत्र गरायो भने पाँच जना उजुरीकर्ता सम्पर्कमै आएनन् । ६ थान उजुरी भने कानुनी प्रक्रियामा छन् ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | २ | २ |
| बहुविवाह | १ | १ |
| घरेलु हिंसा | १० | १० |
| जम्मा | १३ | १३ |

*अघिल्लो वर्ष महिलाविरुद्ध हुने हिंसाका घटनाबाट ६५ महिला पीडित भएका थिए । यस वर्ष भने यस्ता घटनाबाट १३ महिला पीडित भए । गत वर्ष घरेलु हिंसाबाट ६१ महिला पीडित भएका थिए । यस वर्ष १० जना पीडित भए । बलात्कारबाट गत वर्ष तीनजना पीडित भएका थिए । यस वर्ष दुईजना पीडित भए । त्यसैगरी बहुविवाहबाट गत वर्ष जस्तै यस वर्ष पनि एकजना पीडित भए ।*

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

१८ वर्षीया किशोरीलाई बलात्कार गरेको आरोपमा प्रहरीले २०७५ जेठ १७ गते कुश्मा नपा–८ चुवाका दुर्गाबहादुर क्षेत्रीलाई गिरफ्तार गऱ्यो । क्षेत्रीले जेठ १६ गते बिहान बलात्कार गरेको भन्दै पीडित पक्षले जेठ १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । किशोरीको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा जेठ १७ गते भयो । दुर्गाबहादुरलाई जिल्ला अदालतले २०७५ असोज ९ गते ५ वर्ष कैद र ५० हजार क्षतिपूर्ति भराउने फैसला सुनायो ।

**परिवाजनबाट हत्या**

मोदी गापा–२ देउपुर बस्ने २२ वर्षीया छोरी शान्ति नेपालीलाई २०७५ भदौ १० गते ज्वाइँ ३० वर्षीय राजन नेपालीले झुण्ड्याएर हत्या गरेको भन्दै मृतककी आमा ५२ वर्षीय रूपा नेपालीले भदौ ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन् । भदौ २८ गते गिरफ्तार भएका राजन र उनकी आमा ५१ वर्षीया फूलमति नेपालीमध्ये जिल्ला अदालतले असोज ८ गते राजनलाई पुर्पक्षका लागि थुनामा पठायो भने फूलमतिलाई तारिखमा छाड्ने आदेश दियो । शवको पोस्टमार्टम भदौ ११ गते जिल्ला स्वास्थ्य कार्यालयमा भयो ।

## स्वास्थ्य सेवाको अवस्था

पर्वतमा एक जिल्ला अस्पताल, ५२ स्वास्थ्य चौकी र दुई प्राथमिक स्वास्थ्य केन्द्र छन् । जिल्लामा चार डाक्टरको दरबन्दी रहेकामा दरबन्दीअन्तर्गतका तीन र करार सेवामा नौ गरी १२ जना डाक्टर (मेडिकल

अधिकृत) कार्यरत छन्। त्यस्तै अहेवको १ सय १२ जना दरबन्दी रहेकामा १ सय ९ जना कार्यरत छन्। १ सय १३ जना अनमी दरबन्दी रहेकामा सबै कार्यरत छन्। चालु आर्थिक वर्षका लागि जिल्ला स्वास्थ्य कार्यालय अन्तर्गत औषधि खरिदका लागि बजेट विनियोजन भएको छैन। जिल्ला स्वास्थ्य कार्यालयले कुश्मा नपासँगको समन्वयमा बिरामीलाई औषधि दिने गरेको छ। जिल्लाका दुई नपासहित पाँच गापा गरी सात स्थानीय तहमा भने औषधि खरिदका लागि १ करोड २१ लाख ५० हजार रुपियाँ विनियोजन भएको छ। जसअन्तर्गत कुश्मा नपामा ३१ लाख ५० हजार, फलेवास नपामा १९ लाख ५० हजार, मोदी गापामा १८ लाख ५० हजार, विहादी गापामा १७ लाख ५० हजार, पैयुँ गापामा ९ लाख, महाशीला गापामा १३ लाख ५० हजार र जलजला गापामा १२ लाख रुपियाँ विनियोजन भएको छ। यो जिल्लामा स्वास्थ्य बिमा कार्यक्रम भने सुरु भएको छैन।

**सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | २ | २ | १ | ५ |
| नवजात शिशुको हत्या | | | १ | १ |
| यौन दुर्व्यवहार | २ | १ | ३ | ६ |
| जम्मा | ४ | ३ | ५ | १२ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | २ | | | | २ |
| बहुविवाह | | | | १ | १ |
| घरेलु हिंसा | २ | ६ | २ | | १० |
| जम्मा | ४ | ६ | २ | १ | १३ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएको | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ | २ |

# ४.११ बागलुङ

**जम्मा जनसङ्ख्या**
२,६८,६०५

**महिला**
१,५२,७५१

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
२

**प्रदेशसभा निर्वाचन क्षेत्र**
४


**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
६१,१६३

**कामका लागि बाहिरिएका**
४२,६२३

**अपाङ्गता भएका**
६,१७९

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
७१.९

**आश्रित जनसङ्ख्या**
१,२१,९३५




मानव जीवनका लागि अति संवेदनशील स्वास्थ्य क्षेत्रको विषयमा बागलुङका सरोकारवाला भने खासै संवेदनशील भएको पाइँदैन । निर्माण सुरु भएको १५ महिनामा सक्नुपर्ने प्रावधान भए पनि यहाँका २० वटा स्वास्थ्य संस्थाका भवन निर्माणको काम पाँच वर्षदेखि अलपत्र छ। जिल्लामा निर्माण सुरु भएका २४ वटा अस्पताल तथा स्वास्थ्य चौकी भवन सम्झौता अवधि सकिएको वर्षौं भए पनि अलपत्र छन् । भवन डिभिजन कार्यालय बागलुङबाट सञ्चालन भएका ४८ आयोजनामध्ये २० वटा ५ वर्षदेखि अलपत्र छन् भने धौलागिरि अञ्चल अस्पतालको भवन १० वर्षदेखि अलपत्र छ । बागलुङमा रहेको धौलागिरि अञ्चल अस्पतालको तीन तले ६६ कोठे भवन निर्माण अवधि सकिएर सात पटक म्याद थप गर्दासमेत बन्न सकेको छैन ।

ठेकेदार कम्पनी आशीष/मिलेनियम/ भीमज्योति/ जयबाबा/ नयाँ बाटो जेभी काठमाडौँले दुई वर्षमा काम सक्नेगरी २०६६ सालमा ७ करोड ३१ लाख रुपियाँमा काम सुरु गरेको थियो । अस्पतालकै अर्को भवन २०७० सालमा निर्माण सुरु भए पनि ठेकेदारले एक वर्षदेखि काम गर्न छाडेकाले अलपत्र छ। तोकिएको समयावधिमा भवन निर्माण सम्पन्न नहुँदा विशेषज्ञ सेवा सञ्चालन गर्न समस्या भएको अस्पतालका अध्यक्ष केवी राना मगर बताउँछन् । त्यस्तै ७ करोड रुपियाँमा निर्माण गर्नेगरी सम्झौता भएको बुर्तिबाङ जिल्ला अस्पताल भवनको काम पनि पाँच वर्षमा ४० प्रतिशतमात्र पूरा भएको छ । यस्तै १ करोड ७० लाख रुपियाँमा निर्माण गर्नेगरी भकुण्डे स्वास्थ्य चौकीको काम थालिए पनि ३३ प्रतिशत काममात्र भएको छ । १ करोड ७० लाख रुपियाँमा निर्माण गर्ने सम्झौता भएको पाण्डवखानी स्वास्थ्य चौकीको

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बाल अधिकार | १० | १० |
| महिला अधिकार | ५३ | ५३ |
| हत्या | १ | १ |
| जम्मा | ६४ | ६४ |

*काम पनि झण्डै पाँच वर्षमा ३३ प्रतिशतमात्र भएको छ।*

*यसरी बागलुङमा साना/ठूला गरी झण्डै दुई दर्जन योजना ठेकेदार कम्पनीले अलपत्र गराएका छन्। अहिले बागलुङमा निर्माणाधीन भवनमा ७६ करोड २७ लाखभन्दा बढी रुपियाँ लगानी भए पनि समयमा ठेकेदारले काम नगर्दा योजना अलपत्र अवस्थामा पुगेका हुन् । जसबाट सर्वसाधारणले सहजतवरले पाउनुपर्ने स्वास्थ्य सेवा प्रभावित बन्न पुगेको छ।*

*बागलुङमा सन् २०१८ मा ६४ महिला पीडित भएको अभिलेख भएकोमा गत वर्ष राज्य पक्षबाट एक पुरुष र ज्यादतीका घटनामा ७४ जना महिला पीडित भएको अभिलेख थियो।*

## कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ । कारागारमा कैद तोकिएका ६३ र ३१ नतोकिएका गरी ९४ जना कैदी/बन्दी छन् । जसमध्ये ९ जना महिला कैदी र चार जना बन्दी, ५४ जना पुरुष कैदी र २७ जना बन्दी छन्। कारागारमा दुई महिनाकी एक बालिका पनि छिन्। क्षमताभन्दा बढी कैदी/बन्दी एकै ठाउँ राख्दा खाने र सुत्ने ठाउँमात्र नभई स्वच्छ पिउने पानी, शौचालय र पुस्तकालयको समेत अभाव छ । कैदी/बन्दीको क्षमताअनुसारको मात्र स्वास्थ्य उपचार खर्च आउने भएकाले सबैका लागि औषधोपचारमा समेत समस्या देखिन्छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीशको दरबन्दी रहेको यहाँको जिल्ला अदालतमा एकैजना न्यायाधीश कार्यरत छन् । यस वर्ष यो अदालतबाट फौजदारी मुद्दातर्फ १ सय ५९ मध्ये ७५ थान फैसला भए भने देवानी मुद्दातर्फ १ सय ७८ मध्ये ७८ थान फैसला भए। दुई वर्ष नाघेका फौजदारी र देवानी मुद्दा छैनन्।

चार जना न्यायाधीशको दरबन्दी रहेको यस पुनरावेदन अदालतमा ३ जना कार्यरत छन् । यो अदालतमा परेका फौजदारी मुद्दातर्फ १ सय ५७ मध्ये ७० फैसला भए भने देवानी मुद्दातर्फ ३८ मध्ये ८ थान फैसला भए। दुई वर्ष नाघेका फौजदारी र देवानी मुद्दा छैनन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा ४ सय २० आधारभूत र १ सय ५ मावि छन् । १ हजार ९ सय ३ जना शिक्षक दरबन्दी रहेकामा अस्थायी र करारका गरी २ हजार ६ सय शिक्षक कार्यरत छन् । यस वर्ष ३८ हजार ८ सय ८३ जना बालबालिका विद्यालयमा भर्ना भए । तीनवटा अपाङ्गमैत्री विद्यालय रहेको यस जिल्लामा १० वटा धार्मिक विद्यालय छन् । शिक्षासँग सम्बन्धित कार्यालयहरूलाई मिलाएर जिल्ला शिक्षा समन्वय समिति बनाइएकाले विद्यार्थी र शहीद, द्वन्द्वपीडित परिवारका बालबालिकाले पाउने गरेका छात्रवृत्ति स्थानीय तहमार्फत वितरण गरिन्छ।*

*अघिल्लो वर्ष बालबालिकामथि हुने हिंसाका घटनामा बलात्कारबाट चार बालिका पीडित भएका थिए । यो वर्ष बलात्कारबाट नौ र यौन दुर्व्यवहारबाट एक गरी १० बालिका पीडित भए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ९ | ९ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | १० | १० |

### बलात्कार, यौन दुर्व्यवहार

१४ वर्षीया बालिकालाई २०७४ फागुन ५ गते बलात्कार गरेको भन्दै काठेखोला गाउँपालिका–२ भीमपोखरा घर भई काठे खोला गाउँपालिका–९ कर्लिम बस्ने ४४ वर्षीय टेकबहादुर शाही भन्ने पदमबहादुर शाहीविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा फागुन ६ गते उजुरी दिए । बालिकाको स्वास्थ्य परीक्षण फागुन ६ गते धौलागिरि अञ्चल अस्पतालमा भयो। उजुरी दिएकै दिन गिरफ्तार भएका पदमबहादुर लाई जिल्ला अदालतले २०७५ वैशाख २५ गते सात वर्ष कैद सजाय सुनायो।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव तथा दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ५८ जना महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। अधिकांश महिलाले पति वैदेशिक रोजगारीमा गएपछि घर परिवारसँगै श्रीमान्ले पनि बेवास्ता गरेको, खान/लाउन नदिएको, कुटपिट गरेको, घर निकाला गरेको, अन्य केटी लिएर हिँडेको*

*र दोस्री श्रीमती ल्याएको जस्ता विषयमा उजुरी दिएका थिए। ३३ ओटा घटनामा प्रहरीले मिलापत्र गरायो। २० वटा उजुरीका पीडितले घर परिवार र श्रीमान्को यातना सहन नसकेको भन्दै मिलापत्र गर्न नमानेकाले कानुनी प्रक्रिया अघि बढेको छ। पाँच घटनाका भने उजुरीकर्ता नै सम्पर्कमा आएनन्।*

*सन् २०१८ मा बलात्कारबाट दुई, बलात्कार प्रयासबाट चार, बहुविवाहबाट चार र घरेलु हिंसाबाट ४२ गरी ५२ जना पीडित भएको अभिलेख भयो। सन् २०१७ मा महिलामाथि भएका हिंसाका घटनामा बलात्कारबाट दुई, बलात्कार प्रयासबाट चार, बहुविवाहबाट एक र घरेलु हिंसाबाट ६३ गरी ७० जना पीडित भएको अभिलेख भएको थियो।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | २ | २ |
| बलात्कार प्रयास | ४ | ४ |
| बहुविवाह | ४ | ४ |
| घरेलु हिंसा | ४२ | ४२ |
| जम्मा | ५२ | ५२ |

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

३७ वर्षीया महिलाले २०७४ चैत २४ गते आफूलाई ढोरपाटन नपा–७ का ४३ वर्षीय ज्ञाने भन्ने यामबहादुर बिकले बलात्कार प्रयास गरेको भन्दै चैत २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। महिलाको स्वास्थ्य परीक्षण चैत २७ गते धौलागिरी अञ्चल अस्पतालमा भयो। चैत २६ गते गिरफ्तार परेका यामबहादुरलाई जिल्ला अदालतले २०७५ साउन २९ गते दुई वर्षको कैद सजाय सुनायो।

### परिवारजनबाट हत्या

ताराखोला गापा–२ मूलपानी बस्ने ६७ वर्षीया तुलमाया छन्त्याललाई ६६ वर्षीय पति देउप्रसाद छन्त्यालले २०७५ असोज ६ गते लठ्ठीले हान्दा घाइते भएकी र उपचारका लागि प्राथमिक स्वास्थ्य केन्द्र हरिचौर ल्याइएकामा मृत्यु भएको भन्दै तुलमायाका भदा चित्रबहादुर पाइजाले २०७५ असोज ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। शवको पोस्टमार्टम असोज ६ गते धौलागिरि अञ्चल अस्पतालमा भयो। असोज ६ गते नै गिरफ्तार परेका देउप्रसादलाई जिल्ला अदालतले २०७५ असोज २३ गते पुर्पक्षका लागि थुनामा पठायो।

जैमिनी नपा–१० राङखानीका ६० वर्षीय कर्णबहादुर श्रीषलाई आमा ९० वर्षीया हरिकला श्रीषको २०७५ मङ्सिर ५ गते सामान्य विवादको क्रममा टाउकोमा बन्चरोले हानी हत्या गरेको भन्दै प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। शवको पोस्टमार्टम मङ्सिर ५ गते धौलागिरी अञ्चल अस्पतालमा भयो। कर्णलाई जिल्ला अदालतले २०७५ मङ्सिर २८ गते २५ वर्ष कैद सजाय सुनायो।

### स्वास्थ्य सेवाको अवस्था

बागलुङमा एक जिल्ला अस्पताल, ५८ स्वास्थ्य चौकी, तीन प्राथमिक स्वास्थ्य केन्द्र, चार सहरी स्वास्थ्य केन्द्र, १४ सामुदायिक स्वास्थ्य एकाइ र १ सय ८६ ओटा खोप केन्द्र छन्। जिल्लामा २६ डाक्टरको दरबन्दी रहेकामा ११ जना स्थायी र १४ जना करारमा कार्यरत छन्। त्यस्तै एचए र अहेवको १ सय ८६ दरबन्दी रहेकामा १ सय ६३ स्थायी र ११ जना करारमा कार्यरत छन्। १ सय ४९ जना नर्सिङ स्टाफको दरबन्दी रहेको यस जिल्लामा १ सय ४३ जना स्थायी र २९ जना करारमा कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको १ करोड २३ लाख ५४ हजार रुपियाँ वार्षिक बजेट रहेकामा औषधि खरिदबापत ५ लाख रुपियाँ छ। बागलुङमा स्वास्थ्य बिमा कार्यक्रम लागु भएको छ। जसअनुसार जिल्लाका ८ हजार २ सय ४ घरका ३८ हजार २ सय ७३ परिवारले स्वास्थ्य बिमा गरेका छन्।

## सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | २ | ३ | ४ | ९ |
| यौन दुर्व्यवहार | | १ | | १ |
| जम्मा | २ | ४ | ४ | १० |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | मिलापत्र | मुद्दा टुङ्गिएका | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | | | २ | २ |
| बलात्कार प्रयास | | १ | | ३ | ४ |
| बहुविवाह | | २ | | २ | ४ |
| घरेलु हिंसा | २९ | | ५ | ८ | ४२ |
| जम्मा | २९ | ३ | ५ | १५ | ५२ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएको | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ | २ |



# प्रदेश ५

- क्षेत्रफल : १९,७३७ वर्ग कि.मि.
- जनसङ्ख्या : ४४,८८,९५५
- साक्षरता प्रतिशत : ६७.६७
- जिल्ला : १२
- निर्वाचन क्षेत्र (प्रतिनिधिसभा) : २६
- निर्वाचन क्षेत्र (प्रदेशसभा) : ५२
- उपमहानगरपालिका : ४
- नगरपालिका : ३२
- गाउँपालिका : ७३
- कूल वडा सङ्ख्या : ९८३



# प्रदेश परिचय ५

प्रदेश ५ मा १२ जिल्ला रहेका छन् । त्यसमध्ये साबिकको नवलपरासी जिल्लाबाट टुक्र्याइएको पूर्वी नवलपरासी, रुकुम जिल्लाबाट टुक्रयाइएको पूर्वी रुकुमसहित गुल्मी, पाल्पा, रुपन्देही, कपिलवस्तु, अर्घाखाँची, प्यूठान, रोल्पा, बाँके र बर्दिया जिल्ला छन् । यस प्रदेशको जनसङ्ख्या ४४ लाख ८८ हजार ९ सय ५५ छ। यो प्रदेश १९ हजार ७ सय ३७ किलोमिटरमा फैलिएको छ। जुन नेपालको कूल क्षेत्रफलको १३.४१ प्रतिशत हो।


यस प्रदेशमा प्रतिनिधि सभा निर्वाचन क्षेत्र २६ ओटा छन् भने प्रदेश सभा निर्वाचन क्षेत्र ५२ ओटा छन् । यस प्रदेशको कूल जनसङ्ख्यामध्ये ५३.०५ प्रतिशतको नेपाली, १३.२६ प्रतिशतको थारु, ११.१३ प्रतिशतको अवधि, ८.९६ प्रतिशतको भोजपुरी, ५.११ प्रतिशतको उर्दू, ४.९५ प्रतिशतको मगर, १.०९ प्रतिशतको मैथली र बाँकीको मातृभाषा अन्य रहेको छ।

यस प्रदेशमा बुद्धजन्मस्थल लुम्बिनीका साथै अन्य कैयौँ धार्मिक तथा पर्यटकीय स्थलहरू रहेका छन् । जलविद्युत, जडिबुटी तथा अन्य प्राकृतिक स्रोतहरूको उपयोग, कृषि तथा औद्योगिकरण गर्न सकिए यस प्रदेशको आर्थिक समृद्धि हुन धेरै समय लाग्दैन। यस प्रदेशका मानिसको औसत आयु ६७.५५ र प्रतिव्यक्ति आय ९ सय ४७ अमेरिकी डलर रहेको छ। यस प्रदेशमा तिनाउ खोला, रिडी खोला, माथिल्लो हुड्दी, झिमरुक खोला, रुकुमगढ, साना जुम्दी खोला जलविद्युत परियोजना सञ्चालनमा छन् । प्रदेश सरकारले विकास तथा समृद्धिका लागि बृहत् कार्यक्रमहरू सञ्चालन गरेको छ। जसमध्ये मुख्यमन्त्री ग्रामीण कार्यक्रम एक हो।

### सन् २०१८ र मानव अधिकार अवस्था

यस प्रदेशमा सन् २०१८ मा राज्यपक्षबाट दुई जनाको र अन्य पक्षबाट ६५ जनाको हत्या भएको अभिलेख भयो। राज्यपक्षबाट भएका यातनाका घटनामा चार जना पीडित भए । अन्य पक्षबाट भएका धम्की तथा कुटपिटका घटनामा २३ जना पीडित भए। जातीय विभेदका घटनामा १७ जना, महिला अधिकार उल्लङ्घनका घटनामा ७ सय ३६ जना, अपहरण घटनामा सात जना, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका घटनामा दुई जना, बाल अधिकार उल्लङ्घनका घटनामा २ सय ४८ जना, अमानवीय व्यवहारका घटनामा १३ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

## सन् २०१८ मा घटनाको प्रकार अनुसार पीडित सङ्ख्या



# ५.१ रुकुम पूर्व




**जम्मा जनसङ्ख्या**
**५३,०१८**

**महिला**
**२७,८१२**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**१**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**२**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**उपलब्ध नभएको**

**कामका लागि बाहिरिएका**
**उपलब्ध नभएको**

**अपाङ्गता भएका**
**उपलब्ध नभएको**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**६२.०५**

**आश्रित जनसङ्ख्या**
**उपलब्ध नभएको**

*सङ्घीय सङ्रचनाका बखत रुकुमबाट टुक्रिएर रुकुम पूर्वी बनाइएको जिल्लामा सबैभन्दा कम तीन गाउँपालिका मात्र छन्। नयाँ जिल्ला भएका कारणले यहाँ सरकारी कार्यालयहरू तत्कालीन सेवा केन्द्रका भवनमा सञ्चालन भएका छन्। जिल्लामा अस्पताल र कारागार छैनन्। अस्पताल नभएका कारणले बलात्कार घटनाको स्वास्थ्य परीक्षण र शवको पोष्टमार्टम समेत रुकुम पश्चिम जानुपर्ने बाध्यता रहेको छ। त्यसैगरी कारागार नहुँदा कैदी बन्दीहरूलाई पनि रुकुम पश्चिममा पुऱ्याउनु पर्ने छ भने कैदी बन्दीहरूका आफन्तहरूलाई समेत भेट घाट गर्न रुकुम पश्चिम नै पुग्नु पर्ने अवस्था रहेको छ।*

*रुकुम (पूर्व) मा गत वर्ष मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा पाँच महिला र चार पुरुष गरी नौजना पीडित भएका थिए। जसमध्ये अपहरणबाट एक र कुटपिटबाट तीन पुरुष पीडित भएका थिए। सन् २०१८ मा नौ महिला र चार पुरुष गरी १३ जना पीडित भए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | ५ | | ५ |
| अपहरण | | १ | १ |
| महिला अधिकार | ४ | | ४ |
| कुटपिट | | ३ | ३ |
| जम्मा | ९ | ४ | १३ |

## धम्की/कुटपिट

### अन्यपक्षबाट

सिस्ने गाउँपालिकाका उपाध्यक्ष ४२ वर्षीय गोवर्धन बुढा, सोही गाउँपालिका–५ का अध्यक्ष ४६ वर्षीय शान्तेबहादुर बिक र वडा नम्बर ६ का अध्यक्ष ४० वर्षीय सुधन रेग्मीमाथि २०७५ साउन १३ गते सिस्ने गाउँपालिका–८ को वडा कार्यालयमा जामाखोला लघु जलविद्युत् आयोजनालाई गाउँपालिका मातहत ल्याउने विषयमा छलफल भइरहेका बेला मुसीकोट नपा–१ छिङका ३५ वर्षीय विष्णु ओली, ३० वर्षीय कृष्ण शाही, ३४ वर्षीय प्रकाश मल्ल, २७ वर्षीय वीरबहादुर मल्ल र ३२ वर्षीय जङ्गबहादुर केसीले कुर्सीले हानी आक्रमण गरेको पीडितहरूले आरोप लगाए। घटनाबारे मौखिक जानकारी आए पनि लिखित उजुरी आएपछि

अनुसन्धान थालिने जिल्ला प्रहरी कार्यालयका डिएसपी प्रवीणलाल श्रेष्ठले बताए। यो वर्षको अन्त्यसम्म उजुरी नै परेन।

### बेपत्ता

पुथा उत्तरगङ्गा गाउँपालिका–२ स्थित पेल्मा आधारभूत विद्यालयका शिक्षक सिस्ने गाउँपालिका-६ का ५१ वर्षीय मखनकुमार केसीलाई पुथा उत्तरगङ्गा गाउँपालिका-१० का १९ वर्षीय खिन्टे भनिने विकास बुढा, २२ वर्षीय धर्मसुर बुढा, २१ वर्षीय थकान पुन, २ हिमका १९ वर्षीय रामराज भनिने रामकृष्ण झाँक्री, २२ वर्षीय विनोद खत्री, वडाध्यक्ष ४८ वर्षीय सतसिङ बुढा र विद्यालय व्यवस्थापान समितिका अध्यक्ष ४० वर्षीय जसबहादुर कामीसहितका व्यक्तिले २०७५ साउन ३१ गते कुटपिट गरी बेपत्ता पारेको आरोपमा २०७५ भदौ २९ गते पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले विकास बुढालाई भदौ १७ गते र रामराज भनिने रामकृष्ण, विनोद, सतसिङ र जसबहादुर लाई भदौ ३१ गते गिरफ्तार गर्‍यो। धर्मसुर र थकान फरार रहे। गिरफ्तार गरिएका पाँच जनालाई जिल्ला अदालतले २०७५ कात्तिक ९ गते पुर्पक्षका लागि थुनामा पठायो।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक न्यायाधीश कार्यरत यहाँको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ २८ मध्ये सात थान फैसला भए भने देवानी मुद्दातर्फ ४८ मध्ये १७ थान फैसला भए। अदालत स्थापना भएको एक वर्षमात्र भएकाले दुई वर्षभन्दा पुराना मुद्दा बाँकी छैनन्।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*यस जिल्लामा आधारभूत ९३ र मावि २२ ओटा छन्। ४ सय ८० शिक्षक दरबन्दी रहेकामा १३ रिक्त छ। अपाङ्गमैत्री विद्यालय र दलित बालबालिकालाई उपलब्ध गराइएको छात्रवृत्तिको तथ्याङ्क शिक्षा विकास तथा समन्वय एकाइसँग छैन। द्वन्द्वपीडित परिवारका सातजना बालबालिकाको नाम सिफारिस गरिएको भए पनि छात्रवृत्ति पाएका छैनन्। तथ्याङ्क सङ्कलनको प्रक्रियामा रहेको शिक्षा एकाइका तिलक गौतमले बताए।*

*सन् २०१८ मा बालबालिकाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भए। यो वर्ष पाँच बालिका पीडित भए। जसमध्ये बलात्कारबाट दुई र यौन दुर्व्यवहारबाट तीनजना बालिका पीडित भए। सन् २०१७ मा भने बलात्कारबाट एक बालिका पीडित भएकी थिइन्।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | २ | २ |
| यौन दुर्व्यवहार | ३ | ३ |
| जम्मा | ५ | ५ |

### बलात्कार, यौन दुर्व्यवहार

१७ वर्षीया बालिकालाई २०७४ माघ १६ गते बलात्कार गरेको भन्दै सिस्ने गाँउपालिका–४ का २६ वर्षीय सज्जन बिकविरूद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा २०७५ भदौ १५ गते उजुरी दियो। बालिकाको स्वास्थ्य परीक्षण २०७५ भदौ १६ गते जिल्ला अस्पतालमा भयो। उजुरी दिएकै दिन गिरफ्तार परेका सज्जनलाई जिल्ला अदालतले भदौ २५ गते पुर्पक्षका लागि थुनामा पठायो। पीडित बालिका गर्भवति भएकाले घटनापछि मात्रै खुल्न आएको भन्दै पीडित पक्षले ढिलो उजुरी गरेको जनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै आठजना महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट र गालीगलौज गरेको ६ र नागरिकता नबनाएको दुई घटना छन्। प्रहरीले सबै घटनामा मिलापत्र गरायो।*

*यो वर्ष महिलाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भयो। यो वर्ष चार महिला पीडित भए। जसमध्ये बलात्कारबाट दुईजना, बलात्कार प्रयासबाट एकजना र जबरजस्ती*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | २ | २ |
| बलात्कार प्रयास | १ | १ |
| जबरजस्ती गर्भपतन | १ | १ |
| जम्मा | ४ | ४ |

*गर्भपतनबाट एकजना छन् । सन् २०१७ मा भने दुई महिला बहुविवाहबाट पीडित भएका थिए ।*

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

२४ वर्षीया महिलालाई २०७५ भदौ २ गते बलात्कार गरेको भन्दै भुमे गाउँपालिका–२ कात्री बस्ने ३६ वर्षीय फर्कु पुन भनिने फर्कमान पुनविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा २०७५ असोज ४ गते उजुरी दिए । महिलाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा २०७५ असोज ४ गते भयो । उजुरी दिएकै दिन गिरफ्तार परेका फर्कमानलाई जिल्ला अदालतले २०७५ असोज २३ गते पुर्पक्षका लागि थुनामा पठायो ।

**स्वास्थ्य सेवाको अवस्था**


रुकुम (पूर्व) जिल्लामा जिल्ला अस्पताल छैन । १५ स्वास्थ्य चौकी र एक प्राथमिक स्वास्थ्य केन्द्र छन् । जिल्लामा एक डाक्टरको दरबन्दी रहेकामा तीनजना कार्यरत छन् । दुई डाक्टर काजमा आएकाले तीनजना कार्यरत रहेका जिल्ला जनस्वास्थ्य कार्यालयले जनायो । अहेवको ३२ दरबन्दी रहेकामा २८ जना कार्यरत छन् ।

**सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | २ | २ |
| यौन दुर्व्यवहार | १ | २ | ३ |
| जम्मा | १ | ४ | ५ |

| महिला अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | २ | २ |
| बलात्कार प्रयास | १ | १ |
| जबरजस्ती गर्भपतन | १ | १ |
| जम्मा | ४ | ४ |

# ५.१ रोल्पा




**जम्मा जनसङ्ख्या**
२,३०,७३९

**महिला**
१,२७,०३०

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
१

**प्रदेशसभा निर्वाचन क्षेत्र**
२

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
५७,५०४

**कामका लागि बाहिरिएका**
२३,५९७

**अपाङ्गता भएका**
७,४५८

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
९८.३

**आश्रित जनसङ्ख्या**
१,१३,९०३

| घटनाको प्रकार | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | १ | १ | २ |
| आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार | | | | १ | १ |
| महिला अधिकार | | | १४ | | १४ |
| गिरफ्तारी | १ | १ | | | |
| हत्या | | | ४ | ३ | ७ |
| जम्मा | १ | १ | १९ | ५ | २४ |

*सरकारले जनपक्षीय काम नगरेको भन्दै रोल्पा जिल्लामा पछिल्लो समय विप्लव नेतृत्वको नेकपाले आफ्नो गतिविधि बढाएको छ । गत वर्ष सम्पन्न स्थानीय निर्वाचनपश्चात स्थानीय सरकारले विकास निर्माणका काम पारदर्शीरूपले नगरेको भन्दै त्यसको विकल्पमा आफ्नो छुट्टै जनसत्ता समेत चलाएको सो पार्टीले दावी गर्दै आएको छ । गत वर्ष थवाङ गाउँपालिका अध्यक्ष वीरबहादुर घर्तीले आफूहरूको सल्लाह नगरी प्रथम गाउँ सभामा माओवादी अध्यक्ष प्रचण्डलाई बोलाउन लागेको भन्दै विप्लव नेतृत्वको नेकपाले थवाङ गाउँपालिका अध्यक्ष वीरबहादुर घर्तीलाई अपहरण गरेका थिए । यस वर्ष सो पार्टीले जिल्लाका एक नपा र नौ गाउँपालिकाका ७२ ओटै वडाका ३ सय ८० जना जनप्रतिनिधिलाई पत्रमार्फत राजीनामा दिन दबाब दियो । माडी गाउँपालिका–१ का वडा सदस्य हरिप्रसाद घर्तीले वडामा सञ्चालित योजनामा अनियमितता गरेको भन्दै सो पार्टीले घर्तीको घरमा ताला लगाइ झण्डा गाडेर कब्जा गरेको घोषणा गर्‍यो । स्थानीय प्रशासनले उक्त ताला फोडेर घर कब्जा मुक्त गरी घटनामा संलग्न भएको आरोपमा सो पार्टीका पाँच कार्यकर्तालाई गिरफ्तार गर्‍यो । सबै जनप्रतिनिधिको शान्ति सुरक्षाप्रति स्थानीय प्रशासनले प्रतिबद्ध रहेको जनाए पनि जनप्रतिनिधिले भने त्रासकै बीच काम गर्नुपरेको बताउँदै आएका छन् ।*

*रोल्पामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाबाट सन् २०१७ मा ३३ महिला र ३७ पुरुष गरी ७० जना पीडित भएका थिए । यो वर्ष १९ महिला र ६ पुरुष गरी २५ जना पीडित भए ।*

### नागरिक तथा राजनीतिक अधिकार
### सम्मानितरूपले बाँच्ने अधिकार
### हत्या
**अन्यपक्षबाट**

सुनिल स्मृति गाउँपालिका–४ सुलीचौर बजारमा २०७५ भदौ २४ गते नेपाल तरुण दल, रोल्पा नगर कार्यसमितिका अध्यक्ष २९ वर्षीय रोहित पुनको गोली हानेर हत्या भएको प्रहरीले जनायो । घटनामा संलग्न रहेको आरोपमा प्रहरीले रोल्पा नपा–१० का ३० वर्षीय देवबहादुर घर्तीलाई घटनास्थलबाटै गिरफ्तार गर्‍यो । यस्तै भदौ २५ गते रोल्पा नपा–१० का २७ वर्षिय दीपक पुन, २ का ३१ वर्षीय निरज श्रेष्ठ, २५ वर्षीय बादल डाँगी र २८ वर्षीय प्रकाश डाँगीलाई पनि प्रहरीले गिरफ्तार गर्‍यो। घर्तीको साथबाट पेस्तोल र उनले प्रयोग गरेको बा१२ च ७३५२ नम्बरको कार पनि नियन्त्रणमा लिएको प्रहरीले जनायो। पुनको छातीमा तीन गोली लागेको प्रहरीको भनाइ छ। शवको पोस्टमार्टम भदौ २६ गते जिल्ला अस्पतालमा भयो । आरोपितहरूलाई जिल्ला अदालतले असोज १८ गते पुर्पक्षका लागि थुनामा पठायो । रोल्पा नपा–२ का ३२ वर्षीय दुर्गा पुन र सुनिल स्मृति गाउँपालिका–६ का ३१ वर्षीय गोपाल महरालाई वारेन्ट जारी गरिएको छ।

### कारागार र बन्दी
'घ' श्रेणीको जिल्ला कारागारको क्षमता ५० जनाको छ । जसमा कैद तोकिएका ६९ जना छन् । जसमध्ये आठजना महिला छन् । यस्तै दुई महिलासहित कैद नतोकिएका १० जना छन् । यो कारागारको वि.सं. २०२९ सालमा निर्माण भएको हो। त्यसैले भवन जीर्ण छ भनेर क्षमताभन्दा बढी कैदी/बन्दी भएकाले व्यवस्थापनमा समस्या छ।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार
एकजना न्यायाधीश रहेका यहाँको जिल्ला अदालतबाट यो वर्ष २ सय ७३ मुद्दामध्ये २ सय१९ थान फैसला भए। फैसला भएकामध्ये१ सय २७ देवानी छन् भने ९२ फौजदारी छन्। यस्तै फैसला हुन बाँकी ५४ मुद्दामध्ये देवानीतर्फ ३८ र फौजदारीतर्फ १६ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा बाँकी छैनन्।

### बाल अधिकार
**शिक्षाको अवस्था**

*यस जिल्लामा आधारभूत ३ सय ६० र ७७ मावि छन्। १ हजार ३ सय ५८ शिक्षक दरबन्दी रहेकामा १२ रिक्त छन् । यस वर्ष ३३ हजार ४ सय २३ बालक र ३९ हजार २ सय २३ बालिका भर्ना भए । जिल्लामा १ सय ६५ अपाङ्गमैत्री विद्यालय छन् । ४ हजार १ सय २३ दलित बालबालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै द्वन्द्वपीडित परिवारका ३ सय १४ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

*सन् २०१८ मा बालबालिकाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा केही कमी भए। यो वर्ष दुई बालबालिका पीडित भए। जसमध्ये बलात्कार बाट एक बालिका र बालविवाहबाट एक बालक पीडित भए। सन् २०१७ मा भने चार बालिका बलात्कारबाट पीडित भएका थिए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बालविवाह | | १ | १ |
| बलात्कार | १ | | १ |
| जम्मा | १ | १ | २ |

**परिवारजनबाट हत्या**

त्रिवेणी गाउँपालिका–२ का पाँच वर्षीय प्रेम बिक र तीन वर्षीया वसन्ती बिकलाई २०७४ चैत १९ गते २१ वर्षीय काका खड्कबहादुर बिकले बन्चरो प्रहार गरी हत्या गरेको प्रहरीले जनायो। पीडित पक्षले चैत १९ गते प्रहरी चौकी नुवागाउँमा उजुरी गरेका थिए । शवको पोस्टमार्टम जिल्ला अस्पतालमा चैत २१ गते भयो। उजुरी दिएकै दिन गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले २०७४ चैत ३० गते पुर्पक्षका लागि थुनामा पठाएकामा २०७५ भदौ १५ गते सर्वस्वसहित जन्म कैदको फैसला सुनायो।

**बलात्कार, यौन दुर्व्यवहार**

६ वर्षीया बालिकालाई २०७५ भदौ ४ गते बलात्कार गरेको भन्दै १५ वर्षीय बालकविरुद्ध पीडित पक्षले भदौ १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। भदौ १५ गते छोरी धेरै बिरामी भएपछि उनकी आमाले उपचारका लागि प्युठानको भिङ्ग्री स्वास्थ्य केन्द्र लगेपछि घटनाबारेमा जानकारी पाएकी थिइन् । बालिकाको स्वास्थ्य परीक्षण भदौ १६ गते जिल्ला अस्पतालमा भएपछि उपचारका लागि बुटवल पठाइयो। उजुरी दिएकै दिन गिरफ्तार परेका बालकलाई जिल्ला अदालतले २०७५ असोज ९ गते बाल सुधार गृह बाँके पठाएको छ।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ४८ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट गरेको २५, खान/लाउन नदिएको पाँच र सामान्य घरायसी झगडाका १८ घटना छन् । यीमध्ये प्रहरीले २९ ओटामा मिलापत्र गरायो भने १९ उजुरीमा कानुनी प्रक्रिया अघि बढेको छ ।*

*सन् २०१८ मा महिलाविरुद्ध हुने हिंसाका घटना गत वर्षको जस्तै रह्यो । यो वर्ष १४ जना महिला पीडित भए । जसमध्ये घरेलु हिंसाबाट नौजना, बलात्कारबाट तीनजना, बलात्कार प्रयासबाट एकजना र बहुविवाहबाट एकजना महिला पीडित भए । सन् २०१७ मा १६ जना महिला पीडित भएका थिए । जसमध्ये घरेलु हिंसाबाट १३, बलात्कारबाट दुई र बलात्कार प्रयासबाट एकजना पीडित भएका थिए ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ३ | ३ |
| बलात्कार प्रयास | १ | १ |
| बहुविवाह | १ | १ |
| घरेलु हिंसा | ९ | ९ |
| जम्मा | १४ | १४ |

**परिवारजनबाट हत्या**

गङ्गादेव गाउँपालिका–५ की ३९ वर्षीया देविसरा सार्कीलाई २०७५ कात्तिक ७ गते घरायसी विवाद हुँदा खुकुरी प्रहार गरी ४३ वर्षीय पति सुकलाल सार्कीले हत्या गरेको आरोपमा प्रहरीले कात्तिक ८ गते गिरफ्तार ग¥यो । पीडित पक्षले कात्तिक ७ गते उजुरी गरेपछि प्रहरी घटनास्थल पुगेको थियो । शवको पोस्टमार्टम जिल्ला अस्पतालमा कात्तिक ९ गते भयो । आरोपितलाई जिल्ला अदालतले २०७५ मङ्सिर २३ गते पुर्पक्षका लागि थुनामा पठायो ।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

६४ वर्षीया वृद्धालाई २०७५ भदौ ७ गते बलात्कार गरेको भन्दै माडी गाउँपालिका–१ का ४८ वर्षीय वीरबल बुढा मगरविरुद्ध पीडित पक्षले भदौ ९ गते इलाका प्रहरी घर्ती गाँउमा उजुरी दियो । वृद्धाको स्वास्थ्य परीक्षण भदौ ११ गते जिल्ला अस्पतालमा भयो । भदौ १० गते गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले भदौ २२ गते पुर्पक्षका लागि थुनामा पठायो ।

**आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार**

**सम्पति कब्जा**

विप्लव नेतृत्वको नेकपाले माडी गाउँपालिका–१ का वडा सदस्य (नेकपा माओवादी केन्द्रबाट निर्वाचित) ३५ वर्षीय हरिप्रसाद घर्तीको फेदीखोलामा रहेको घर २०७५ भदौ १४ गते झण्डा गाडेर कब्जा गरेको घोषणा ग¥यो । वडा सदस्य घर्तीले वडामा सञ्चालित विभिन्न योजनामा आर्थिक हिनामिना गरेको भन्दै घर कब्जा गरेको नेकपा माडी गाउँपालिकाका जनसत्ता प्रमुख सूर्य खड्काले बताए । वडा सदस्य घर्तीले इलाका प्रहरी कार्यालय घर्तीगाउँमा यसबारे भदौ १४ गते नै उजुरी दिएपछि प्रहरीलेतालाखोलेकोरधुरीमागाडिएकोझण्डाफालिएको इन्स्पेक्टर राजकुमार पहाडीले बताए । यो घटनामा संलग्न भएको आरोपमा प्रहरीले भदौ १५ गते ४६ वर्षीय देवबहादुर वली (दिनेश) लाई गिरफ्तार ग¥यो । भदौ २७ गते सूर्यबहादुर खड्का, हर्कबहादुर घर्ती, झक्कुप्रसाद केसी र कुशल वलीलाई पनि गिरफ्तार ग¥यो । भदौ २९ गते देवबहादुरले ९ हजार ५ सय र अरुले एकमुष्टरूपमा ७५ हजार रुपियाँ धरौटी राखी रिहा भएको प्रहरीले जनायो । धरौटी रकम पीडित हरिप्रसाद घर्तीले बुझाएको देवबहादुरले बताए । अबदेखि आर्थिक हिनामिना गरेको आरोप नलगाउने र आफूले उजुरी दिए पनि धरौटी रकम आफूले तिर्ने सहमति भए पश्चात उक्त रकम पीडितले बुझाएका थिए ।



*नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्ताहरूले झण्डा गाडेर कब्जा गरेको घर*

## स्वास्थ्य सेवाको अवस्था

रोल्पामा एउटा जिल्ला अस्पताल, ४९ स्वास्थ्य चौकी र दुई प्राथमिक स्वास्थ्य केन्द्र छन् । जिल्लामा चार डाक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन् । हेल्थ असिस्टेन्टको २४ दरबन्दीमध्ये २० कार्यरत छन् । अहेवको १ सय ५ दरबन्दी रहेकामा १ सय जना कार्यरत छन् । सबै स्थानीय तहमा १५ शैयाको अस्पताल खोल्ने भनिए तापनि रोल्पाका १० ओटै स्थानीय तहमा यो कार्यान्वयन हुन सकेको छैन । जिल्लाका स्वास्थ्य संस्थाहरूमा सम्बन्धित स्थानीय तहले औषधि खरिद गर्ने व्यवस्था गरिएपछि यस वर्षको सुरुमा स्थानीय तहले समयमै औषधि खरिद नगर्दा केही समय स्वास्थ्य संस्थाहरूमा औषधि अभाव भयो ।

### सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | जम्मा |
| बालविवाह | १ | १ |
| बलात्कार | १ | १ |
| जम्मा | २ | २ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | | ३ | ३ |
| बलात्कार प्रयास | | | १ | १ |
| बहुविवाह | | | १ | १ |
| घरेलु हिंसा | ३ | ६ | | ९ |
| जम्मा | ३ | ६ | ५ | १४ |

| मारिएकाको घटना सङ्ख्या | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ | ४ | ६ |

# ५.३ प्यूठान




**जम्मा जनसङ्ख्या**
२,३४,८२४

**महिला**
१,३४,०९८

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
१

**प्रदेशसभा निर्वाचन क्षेत्र**
२

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
७२,७९१

**कामका लागि बाहिरिएका**
३६,८५८

**अपाङ्गता भएका**
५,९३०

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
९७.७७

**आश्रित जनसङ्ख्या**
१,१९,३६१

*प्रभावकारी अनुगमन नहुँदा जिल्लाबासीहरू म्याद नाघेका खाद्यवस्तु उपभोग गर्न बाध्य भएका छन् । स्थानीय तहले कार्यविधि बनाई सेवा तथा वस्तुको अनुगमन गर्नुपर्ने हुन्छ । स्थानीय तहले उपभोक्ता हित संरक्षण समिति बनाए पनि काम हुन सकेको छैन । प्रभावकारी अनुगमन नहुँदा व्यवसायीहरूले इजाजत बिना नै पसलहरू सञ्चालन गर्ने गरेको, म्याद नाघेका वस्तुहरू बिक्री वितरण समेत हुने गरेको छ । सिमापारीबाट आएका म्याद नाघेका वस्तुहरू फिर्ता गर्न झञ्झट हुने र नष्ट गर्दा व्यापारीलाई घाटा लाग्ने भएका कारणले पनि बिक्री गर्ने गरेका छन् । चाँडपर्वको बेलामा बजार अनुगमन हुने गरे पनि दुरदराजका गाँउहरूमा त्यो पनि हुँदैन । अनुगमन भए पनि प्राविधिक नभएका कारण गुणस्तर मापन गर्न समस्या रहेको सरुमारानी गाँउपालिका कानुनी सल्लाहकार यादव खनाल बताउँछन् । स्थानीय तह, प्रशासन, प्रहरी, नागरिक समाजले सर्वसधारणमा सचेतना जगाउनु आवश्यक छ ।*

प्यूठानमा सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट ३३ महिला र २२ पुरुष गरी ५५ जना पीडित भएका थिए । यो वर्ष ३५ महिला र १० पुरुष गरी ४५ जना पीडित भए । यस वर्ष जिल्लामा कुटपिटबाट एक पुरुष, गिरफ्तारबाट दुई पुरुष, जातीय भेदभावबाट एक महिला र धम्कीबाट दुई पुरुष पीडित भएको अभिलेख भयो ।

| घटनाको प्रकार | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | ७ | १ | ८ |
| महिला अधिकार | | | २५ | | २५ |
| जातीय विभेद | | | १ | | १ |
| गिरफ्तारी | २ | २ | | | |
| कुटपिट | | | | १ | १ |
| धम्की | | | | २ | २ |
| हत्या | | | २ | ४ | ६ |
| जम्मा | २ | २ | ३५ | ८ | ४३ |

### धम्की/कुटपिट

**अन्यपक्षबाट**

नौ बहिनी गापा–६ निवासी सोही गाउँपालिकाका अध्यक्ष ४० वर्षीय शिव रिजाल र झिमरुक गाउँपालिका–२ का अध्यक्ष ४४ वर्षीय तिलक जिसीलाई २०७५ जेठ १८ गते विप्लव नेतृत्वको नेकपा सम्बद्ध जनपरिषद् नेपाल जिल्ला कमिटीको नाममा पदबाट राजीनामा दिन भन्दै नदिए जनकारबाही गर्ने धम्की दिइयो। पीडितहरूले जेठ २२ गते जिल्ला प्रशासन कार्यालयमा यसको जानकारी गराए । पत्रमा जनपरिषद् नेपाल, जिल्ला समिति प्यूठानका अध्यक्ष राजेन्द्र रावत क्षत्रीको हस्ताक्षर थियो। यो वर्षको अन्तयसम्म कोही गिरफ्तार परेनन्।

### कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर, कैद तोकिएका ३० पुरुष र ११ महिला गरी ४१ जना छन् भने कैद नतोकिएका २९ पुरुष र तीन महिला गरी ३२ जना छन् । जम्मा कैदी/बन्दी सङ्ख्या ७३ छ । एक बालक र दुई बालिका गरी तीनजना आश्रित बालबालिका पनि छन् । क्षमताभन्दा बढी बन्दी रहेकाले व्यवस्थापनमा समस्या छ। भवन पुरानो र जीर्ण छ।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक न्यायाधीश रहेका यस जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ २ सय ५३ मध्ये १ सय ९७ थान फैसला भए भने देवानी मुद्दातर्फ १ सय ७२ मध्ये १ सय २२ थान फैसला भए। दुई वर्ष नाघेका मुद्दा बाँकी छैन।

### बाल अधिकार

**शिक्षाको अवस्था**

*यस जिल्लामा ३ सय २३ आधारभूत र ७२ मावि छन्। १ हजार ५ सय २४ शिक्षक दरबन्दी रहेकामा ३८ रिक्त छ। यस वर्ष ३१ हजार १ सय १९ बालक र ३१ हजार ९ सय २१ बालिका भर्ना भए। जिल्लामा २ सय ७० अपाङ्गमैत्री विद्यालय छन् । ४ हजार ७ सय ८ दलित बालक र ४ हजार ९ सय १ दलित बालिकाले छात्रवृत्ति पाए। साथै शहीद तथा द्वन्द्वपीडित परिवारका १३ जना बालबालिकाले पनि छात्रवृत्ति पाए।*

*सन् २०१८ मा बालबालिकाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा केही वृद्धि भयो। यो वर्ष आठजना बालबालिका पीडित भए। जसमध्ये बलात्कारबाट ६ बालिका, विद्यालयमा शारीरिक सजायबाट एक बालिका र नवजात शिशुको हत्याबाट एक बालक पीडित भए। सन् २०१७ मा भने ६ बालिका पीडित भएका थिए। जसमध्ये बलात्कारबाट दुई र यौन दुर्व्यवहारबाट चार बालिका पीडित भएका थिए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बलात्कार | ६ | | ६ |
| नवजात शिशुको हत्या | | १ | १ |
| विद्यालयमा शारीरिक सजाय | १ | | १ |
| जम्मा | ७ | १ | ८ |

**बलात्कार, यौन दुर्व्यवहार**

ऐरावती गाउँपालिका–४ की ६ वर्षीया बालिकालाई २०७५ असोज २३ गते बलात्कार गरेको भन्दै सोही ठाउँका १९ वर्षीय मीनबहादुर रोका मगर विरुद्ध पीडितका आफन्तले असोज २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । बालिकाको स्वास्थ्य परीक्षण असोज २३ गते जिल्ला अस्पतालमा भयो । असोज २३ गते गिरफ्तार परेका मीनलाई जिल्ला अदालतले २०७५ कात्तिक १२ गते पुर्पक्षका लागि थुनामा पठायो।

**विद्यालयमा शारीरिक सजाय**

मल्लरानी गापा–२ स्थित अमर मावि चुजामा शिक्षक ५२ वर्षीय वसन्त केसीले २०७५ भदौ ७ गते सोही विद्यालयमा कक्षा दुईमा अध्ययनरत छात्रा आठ वर्षीया वर्षा घर्तीलाई यातना दिएको भन्दै पीडितका आफन्तले २०७५ भदौ १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । आरोपित शिक्षकले छात्रालाई गृहकार्य नगरेको तथा कक्षामा राम्रोसँग नपढेको भन्दै चक्कुले छात्राको गालामा घोच्दा छात्रा घाइते भएकामा भोलिपल्ट शिक्षक आफैँले उपचारका लागि जिल्ला अस्पताल लगेका थिए। थप उपचार भने भैरहवा मेडिकल कलेज रूपन्देहीमा भयो । भदौ १७ गते गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले २०७५ असोज ६ गते पुपर्क्षका लागि थुनामा पठायो।

### महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव र यौन दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ३८ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट गरी घर निकाला गरिएका १९, खान/लाउन नदिएको पाँच र सामान्य घरायसी झगडाका १४ घटना छन् । यीमध्ये प्रहरीले ३५ ओटामा मिलापत्र गरायो, दुई उजुरी कानुनी प्रक्रियामा छन् भने एक जना उजुरीपछि सम्पर्कमा नै आएनन् ।*

*सन् २०१८ मा महिलाविरुद्ध हुने हिंसाका घटना गत वर्ष जस्तै रह्यो । यो वर्ष २५ जना महिला पीडित भए । जसमध्ये घरेलु हिंसाबाट १४, बलात्कार बाट आठ र बलात्कार प्रयासबाट तीनजना महिला पीडित भए । सन् २०१७ मा २६ महिला पीडित भएका थिए । जसमध्ये घरेलु हिंसाबाट १२, बलात्कारबाट आठ, बलात्कार प्रयासबाट तीन, बहुविवाहबाट दुई र बेचबिखनबाट एक महिला पीडित भए ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ८ | ८ |
| बलात्कार प्रयास | ३ | ३ |
| घरेलु हिंसा | १४ | १४ |
| जम्मा | २५ | २५ |

#### परिवारजनबाट हत्या

प्यूठान नपा–१ की २३ वर्षीया वागेश्वरी सार्कीलाई २०७४ फागुन ६ गते राति २६ वर्षीय पति गिरबहादुर सार्कीले कुटपिट गरी हत्या गरेको भन्दै पीडित पक्षले २०७४ फागुन ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । शवको पोस्टमार्टम २०७४ फागुन ७ गते जिल्ला अस्पतालमा भयो । भाग्दै गरेको अवस्थामा २०७४ फागुन ७ गते प्यूठान नपाको चेरेनेटाबाट गिरफ्तार परेका गिरबहादुरलाई जिल्ला अदालतले २०७५ वैशाख १३ गते जन्म कैद सजाय सुनायो ।

झिमरुक गाउँपालिका–२ की ४२ वर्षीया लक्ष्मी सार्कीलाई २०७५ असोज ३१ गते ४७ वर्षीय पति कालबहादुर सार्कीले कुटपिट गरी हत्या गरेको भन्दै पीडित पक्षले २०७५ असोज ३१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । शवको पोस्टमार्टम २०७५ असोज ३१ गते जिल्ला अस्पतालमा भयो । असोज ३१ गते नै गिरफ्तार परेका कालबहादुरलाई जिल्ला अदालतले २०७५ कात्तिक २७ गते पुर्पक्षका लागि थुनामा पठायो ।

#### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

नौ बहिनी गाउँपालिका–४ की ५२ वर्षीया महिलालाई २०७४ फागुन २० गते राति घरैमा गई धम्क्याएर सामूहिक बलात्कार गरेको भन्दै सोही ठाउँका १८ वर्षीय सुरेश पुन, १६ वर्षीय र १७ वर्षीय दुईजना बालकविरुद्ध पीडितका आफन्तले २०७४ फागुन २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । महिलाको स्वास्थ्य परीक्षण २०७४ फागुन २१ गते जिल्ला अस्पतालमा भयो । २०७४ फागुन २१ गते गिरफ्तार परेका तीनैजनालाई जिल्ला अदालतले २०७५ वैशाख २३ गते जनही १० वर्ष कैद र ४० हजार रुपियाँ क्षतिपूर्ति भराउने सजाय सुनायो ।

### जातीय विभेद

झिमरुक गाउँपालिका–७ का ६० वर्षीय दुजमान रोकाले २०७५ साउन १० गते दाङको घोराही उमनपा–१४ की २३ वर्षीया सोनी बिकलाई झिमरुक गाउँपालिका–७ को सार्वजनिक स्थलमा अपशब्द प्रयोग गरी गाली बेइज्जती गरेको आरोपमा पीडितले २०७५ साउन १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन् । साउन २३ गते गिरफ्तार परेका दुजमानलाई जिल्ला अदालतले २०७५ मङ्सिर १० गते ५ हजार रुपियाँ जरिबानाको सजाय सुनायो ।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा अस्पताल, ४६ ओटा स्वास्थ्य चौकी र दुई प्राथमिक स्वास्थ्य केन्द्र छन् । जिल्लामा १६ डाक्टरको दरबन्दी रहेकामा १२ जना कार्यरत छन् । त्यस्तै अहेवको ९८ दरबन्दी रहेकामा ९० जना कार्यरत छन् ।

## सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ६ | ६ |
| नवजात शिशुको हत्या | १ | १ |
| विद्यालयमा शारीरिक सजाय | १ | १ |
| जम्मा | ८ | ८ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ४ | | ४ | ८ |
| बलात्कार प्रयास | १ | | २ | ३ |
| घरेलु हिंसा | | १३ | १ | १४ |
| जम्मा | ५ | १३ | ७ | २५ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | ५ | ६ |

# ५.४ गुल्मी




**जम्मा जनसङ्ख्या**
२,७३,९३५

**महिला**
१,५७,७०२

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
२

**प्रदेशसभा निर्वाचन क्षेत्र**
४

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
७१,३६९

**कामका लागि बाहिरिएका**
५८,५६१

**अपाङ्गता भएका**
७,६७१

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
७२.६

**आश्रित जनसङ्ख्या**
१,२९,२२४

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | ६ | २ | ८ |
| महिला अधिकार | ४७ | | ४७ |
| हत्या | ३ | | ३ |
| जम्मा | ५६ | २ | ५८ |

*गुल्मीका पूर्व र पश्चिम भेगमा विद्यालय जान विद्यार्थीलाई घण्टौँ हिँड्नुपर्ने बाध्यता छ। राज्यले बालबालिकालाई मावि तहसम्मको शिक्षा निःशुल्क भने पनि जिल्लाको साक्षरता दर ७२.२ प्रतिशत रहनुले अझै जिल्लाबासी निरक्षर रहेका देखिन्छ। विभिन्न ऐन र नियमले बालबालिकालाई बालमैत्री वातावरणमा अध्यापन गराउनुपर्ने उल्लेख गरे पनि गुल्मीका हकमा त्यो अभ्यास भएको पाइँदैन। विद्यालयभित्र हुने शारीरिक र मानसिक सजायमा कमी आए पनि निमिट्यान्नै भने हुन सकेको छैन। अधिकांश विद्यालय बालमैत्री छैनन्। अभिभावकले शिक्षालाई भन्दा घरायसी कामलाई प्राथमिकता दिँदा विद्यार्थी नियमित विद्यालय नआउने समस्या पनि उत्तिकै छ। बालमैत्री स्थानीय शासनको न्यूनतम पाँच सूचकहरू पनि सबै विद्यालयले पालना गरेका छैनन्। सङ्घीय संरचनाअनुसार प्रत्येक स्थानीय तहमा एकजना स्रोत व्यक्ति र एकजना विद्यालय निरीक्षकको व्यवस्था गरिएको छ। तर जिल्लाका मदाने, मालिका, रुरु इश्मा र सत्यवतीमा विद्यालय निरीक्षक नै छैनन्। यिनै विभिन्न कारणले गर्दा जिल्लाभर तीन प्रतिशत बालबालिका विद्यालयबाहिर छन्।*

*गुल्मीमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट सन् २०१७ मा ५२ महिला र पाँच पुरुष गरी ५७ जना पीडित भएका थिए। सन् २०१८ मा ५६ महिला र दुई पुरुष गरी ५८ जना पीडित भएको अभिलेख भयो।*

## कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर ४६ कैदी र १४ बन्दी पुरुष तथा चार

कैदी र एक बन्दी महिला तथा दुई नाबालिका गरी ६७ जना छन्। क्षमताभन्दा ४२ जना बढी रहेकाले शौचालय, सुत्न, खान र बस्नसमेत समस्या हुने गरेको छ। उसै त पुरानो त्यसमाथि २०७२ सालको भूकम्पले चर्किएको कारागार कुन बेला भत्कने हो ? भन्ने अवस्थामा छ। पिउने पानीको चरम अभाव छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एकजना न्यायाधीश रहेको यहाँको जिल्ला अदालतबाट यो वर्ष २ सय १० मुद्दामध्ये फैसला हुन बाँकी देवानी मुद्दाको सङ्ख्या १ सय ९ थान छ भने सरकारवादी ७५ थान र फौजदारी ५३ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा बाँकी छैनन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा ४ सय ३० आधारभूत र १ सय २० मावि छन्। जिल्लामा आधारभूततर्फ २ हजार २ सय ८ र मावितर्फ ५ सय ३२ शिक्षक दरबन्दी छ। जिल्लामा यो वर्षको भर्ना दर प्राविमा ९६, निमाविमा ९२ र माविमा ५५ प्रतिशत रह्यो।*

*सन् २०१८ मा बालबालिकाविरुद्ध हुने हिंसाका घटना गत वर्षको जस्तै रह्यो। यो वर्ष आठजना बालबालिका पीडित भए । जसमध्ये बलात्कारबाट पाँच बालिका, यौन दुर्व्यवहारबाट एक बालिका र विद्यालयमा शारीरिक सजायबाट दुई बालक पीडित भए । सन् २०१७ मा आठ बालिका पीडित भएका थिए । जसमध्ये बलात्कारबाट पाँच, यौन दुर्व्यवहार बाट एक र बालविवाहबाट दुई बालिका पीडित भएका थिए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बलात्कार | ५ | | ५ |
| विद्यालयमा शारीरिक सजाय | | २ | २ |
| यौन दुर्व्यवहार | १ | | १ |
| जम्मा | ६ | २ | ८ |

### बलात्कार, यौन दुर्व्यवहार

१५ वर्षीया बालिकालाई २०७४ चैत ८ गते बलात्कार गरेको भन्दै मालिका गाउँपालिका–५ छापहिलेका २६ वर्षीय शेषबहादुर कार्कीविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा २०७४ चैत १२ गते उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण चैत ८ गते जिल्ला अस्पतालमा भयो। चैत १० गते गिरफ्तार भएका शेषबहादुरलाई जिल्ला अदालतले २०७५ भदौ २० गते ६ वर्ष कैद र २५ हजार रुपियाँ जरिबानाको सजाय सुनायो।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव तथा दुर्व्यवहार

*यो वर्ष हिंसापीडित भन्दै महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा १ सय १५ ओटा घरेलु हिंसाका उजुरी दर्ता भए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका ३३, खान लगाउन नदिएको २७, गाली गलौज तथा धाक धम्की दिएको ४० र अन्य समान्य झैझगडाका १५ घटना दर्ता भए । जसमा ९७ ओटा मिलापत्र, १० ओटा अदालत र आठ ओटा उजुरीपछि सम्पर्कमा आएका छैनन्। यो बिचमा १५ जना पुरुषले पनि आफू पीडित भएको भन्दै उजुरी दर्ता गरेको जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका सेवा केन्द्रले जनायो।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ५ | ५ |
| बहुविवाह | १ | १ |
| घरेलु हिंसा | ४१ | ४१ |
| जम्मा | ४७ | ४७ |

*सन् २०१८ मा महिलाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भयो। यो वर्ष ४७ जना महिला पीडित भए। जसमध्ये घरेलु हिंसाबाट ४१ जना, बलात्कारबाट पाँचजना र बहुविवाहबाट एकजना रहे । सन् २०१७ मा ४३ महिला पीडित भएका थिए। जसमध्ये घरेलु हिंसाबाट ३९ जना, बहुविवाहबाट दुईजना, बलात्कारबाट एकजना र कथित बोक्सीको आरोपबाट एकजना थिए।*

### परिवारजनबाट हत्या

मदाने गापा–६ पुर्कोट दह पनाहका ३२ वर्षीय दुर्गाबहादुर नेपालीले २०७५ कात्तिक १५ गते राति पत्नी ३१ वर्षीया सीता नेपालीलाई मान्छे नबस्ने स्थानीय एक घरमा लगेर हत्या गरेको आरोपमा प्रहरीले कात्तिक

१८ गते गिरफ्तार गऱ्यो । सीताका आफन्तले घटनाबारे सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका थिए । शवको पोस्टमार्टम कात्तिक १६ गते जिल्ला अस्पतालमा भयो । आरोपितलाई जिल्ला अदालतले २०७५ मङ्सिर १० गते पुर्पक्षका लागि थुनामा पठायो ।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

३५ वर्षीया सुस्तमनस्थिति भएकी महिलालाई २०७५ भदौ ७ गते बलात्कार गरेको भन्दै इस्मा गापा–५ का ५६ वर्षीय धनबहादुर चुँदाराविरुद्ध पीडित पक्षले भदौ ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । महिलाको स्वास्थ्य परीक्षण भदौ ८ गते जिल्ला अस्पतालमा भयो । उजुरी दिएकै दिन गिरफ्तार परेका धनबहादुरलाई जिल्ला अदालतले २०७५ असोज १ गते पुर्पक्षका लागि थुनामा पठायो ।

**स्वास्थ्य सेवाको अवस्था**

जिल्लामा एउटा जिल्ला अस्पताल, चारओटा प्राथमिक स्वास्थ्य केन्द्र र ७६ ओटा स्वास्थ्य चौकी छन् । जिल्ला अस्पतालले उपलब्ध गराएको तथ्याङ्कअनुसार जिल्लामा १९ डाक्टरको दरबन्दी भए पनि १३ रिक्त छ । एकजना स्त्री रोग विशेषज्ञको दरबन्दी भए पनि रिक्त रह्यो । जिल्लामा १ सय ६५ अहेवको दरबन्दी रहेकामा १ सय ५४ कार्यरत छन् । सदरमुकाममा ५० शैयाको जिल्ला अस्पताल छ । १५ जनाको दरबन्दी रहेको अस्पतालमा दुईजनामात्र डाक्टर छन् । जिल्ला अस्पतालको भौतिक पूर्वाधार पनि कमजोर छ । गाउँका कतिपय स्वास्थ्य संस्थाका आफ्नै भवन नहुँदा सेवा प्रवाह प्रभावित बनेको छ ।

**सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बलात्कार | २ | | ३ | ५ |
| विद्यालयमा शारीरिक सजाय | | २ | | २ |
| यौन दुर्व्यवहार | | | १ | १ |
| जम्मा | २ | २ | ४ | ८ |


**महिला अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| बलात्कार | १ | | | ४ | ५ |
| बहुविवाह | | | | १ | १ |
| घरेलु हिंसा | | ३७ | १ | ३ | ४१ |
| जम्मा | १ | ३७ | १ | ८ | ४७ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| हत्या | ३ | ३ |

# ५.५ अर्घाखाँची




**जम्मा जनसङ्ख्या**
**१,९३,६३१**

**महिला**
**१,११,०९७**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**१**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**२**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**५६,७३९**

**कामका लागि बाहिरिएका**
**३९,९२९**

**अपाङ्गता भएका**
**५,१६५**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**७२.६**

**आश्रित जनसङ्ख्या**
**९१,८२४**

*कुनै अपराध गरेको पुष्टि भएबापत कारागारमा राखिनु आफैँमा सजाय हो । त्यसैले सजायमाथि सजायलाई कुनै पनि कानुनले स्वीकृति दिएका छैनन् । तर अर्घाखाँचीस्थित कारागारका खासगरी पुरुष कैदी/बन्दी भने यस्तै कानुनले वर्जित गरेको सजायमाथि सजाय भोग्न बाध्य छन् । उनीहरू कैद तोकिएका र नतोकिएका गरी ३७ जना छन् । ती सबैका लागि शौचालय भने मात्र एउटा छ । कल्पना नै पीडादायी हुन्छ कि यति धेरै मानिसले एउटा शौचालयमात्र प्रयोग गर्नुपर्दा कति अप्ठेरो पर्ला । तर जतिसुकै अप्ठेरो परे पनि उनीहरू सहन बाध्य छन् । क्षमताभन्दा धेरै कैदी/बन्दी बस्नुपर्दा हुने बाँडचुँड र नपुगको सामना त गर्नुपरेकै छ ।*

*अर्घाखाँचीमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा सन् २०१७ मा ९३ महिला र २० पुरुष गरी १ सय १३ जना पीडित भएका थिए । सन् २०१८ मा ७४ महिला र तीन पुरुष गरी ७७ जना पीडित भएको इन्सेकमा अभिलेख भयो ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | ११ | | ११ |
| महिला अधिकार | ६० | | ६० |
| हत्या | ३ | ३ | ६ |
| जम्मा | ७४ | ३ | ७७ |

### कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ । तर कैद तोकिएका २२ र कैद नतोकिएका १५ जना गरी ३७ जना कैदी/बन्दी छन् । जसमा चार जना महिला छन् । कारागारमा ६० वर्षभन्दा माथिका एकजना छन् । क्षमताभन्दा धेरै कैदी/बन्दी हुँदा हरेक कुराको व्यवस्थापनमा समस्या छ ।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एकजना न्यायाधीश रहेका यहाँको जिल्ला अदालतबाट यो वर्ष १ सय २९ फौजदारी मुद्दामध्ये ८६ थान फैसला भए भने १ सय ७२ देवानी मुद्दामध्ये ८८

थान फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका मुद्दा बाँकी छैनन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा ३ सय १६ आधारभूत र ७१ माध्यमिक विद्यालय गरी ३ सय ८७ विद्यालय छन्। शिक्षक दरबन्दी १ हजार १ सय ३१ रहेकामा ३१ रिक्त छन्। यस वर्ष ३९ हजार ८ सय १ जना बालबालिका भर्ना भए। जिल्लामा १ सय ६ अपाङ्गमैत्री विद्यालय छन्। दलित बालबालिकालाई छात्रवृत्ति वितरण नगरिएको शिक्षा विकास तथा समन्वय एकाइले जनायो।*

*सन् २०१८ मा बालबालिकाविरुद्ध हुने हिंसाका घटना गत वर्षका तुलनामा वृद्धि भए। यो वर्ष ११ जना बालिका पीडित भए। जसमध्ये बलात्कारबाट आठजना, बालविवाहबाट एकजना, बेचबिखन तथा ओसारपसारबाट एकजना र नवजात शिशुको हत्याबाट एकजना बालिका पीडित भए। सन् २०१७ मा भने तीन बालिका बलात्कारबाट पीडित भएका थिए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बेचबिखन तथा ओसारपसार | १ | १ |
| बालविवाह | १ | १ |
| बलात्कार | ८ | ८ |
| नवजात शिशुको हत्या | १ | १ |
| जम्मा | ११ | ११ |

### बलात्कार, यौन दुर्व्यवहार

१७ वर्षीया बालिकालाई २०७४ माघ १७ गते बलात्कार गरेको भन्दै पीडित पक्षले मालारानी गाउँपालिका–५ का २३ वर्षीय प्रकाश कुँवरविरुद्ध २०७५ माघ १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण माघ १९ गते जिल्ला अस्पतालमा भयो। उजुरी दिएकै दिन गिरफ्तार भएका प्रकाशलाई जिल्ला अदालतले २०७५ जेठ २३ गते ६ वर्ष कैद र ५० हजार रुपियाँ जरिबानाको सजाय सुनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ५९ जना महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा घर निकाला पाँच, खान/लाउन नदिएको सात, कुटपिट, अर्को पत्नी विवाह गरेर हेला गरेका तीन र घरायसी सामान्य झैझगडा तथा कुटपिटका ४४ घटना थिए।*

*सन् २०१८ मा महिलाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा कमी भए। यो वर्ष ६० जना महिला पीडित भए। जसमध्ये घरेलु हिंसाबाट ५२, बलात्कारबाट पाँच र बहुविवाहबाट तीनजना महिला पीडित भए। सन् २०१७ मा ८८ जना महिला पीडित भएका थिए। जसमध्ये घरेलु हिंसाबाट ८४, बलात्कार बाट एक, बलात्कार प्रयासबाट दुई र बहुविवाहबाट एकजना पीडित भएका थिए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ५ | ५ |
| बहुविवाह | ३ | ३ |
| घरेलु हिंसा | ५२ | ५२ |
| जम्मा | ६० | ६० |

### परिवारजनबाट हत्या

सन्धिखर्क नपा–११ की ३२ वर्षीया मीना सेजवाललाई २०७५ कात्तिक २२ गते कुटपिट गरी उपचारका क्रममा मङ्सिर २४ गते मृत्यु भएपछि हत्या गरेको आरोपमा प्रहरीले ४१ वर्षीय पति कृष्ण सेजवाललाई पुस ९ गते गिरफ्तार गऱ्यो। पतिको कुटपिटबाट घाइते भएकी मीनाको भैरहवा मेडिकल कलेजमा उपचारको क्रममा मङ्सिर २४ गते मृत्यु भएको थियो। कृष्णको कुटपिटबाट मीनाको मृत्यु भएको भन्दै २०७५ पुस ८ गते पीडितकी दिदी कमला भुसालले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकी थिइन्। शवको पोस्टमार्टम मङ्सिर २६ गते जिल्ला अस्पतालमा भयो। यो वर्षको अन्त्यसम्म आरोपित प्रहरी हिरासतमा नै रहे।

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

३२ वर्षीया महिलालाई २०७४ चैत ९ गते बलात्कार गरेको भन्दै भुमिकास्थान नपा–३ का ५६

वर्षीय प्रेमप्रसाद बञ्जाडेविरूद्ध पीडित पक्षले २०७४ चैत १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। महिलाको स्वास्थ्य परीक्षण २०७४ चैत १२ गते जिल्ला अस्पतालमा भयो। आरोपित फरार रहेकामा मङ्सिर २७ गते झुण्डिएर आत्महत्या गरेकाले मुद्दा अगाडि बढेन।

**घरेलु हिंसा**

सन्धिखर्क नपा–२ की ४८ वर्षीया पत्नी जानका दर्जीलाई ५० वर्षीय पति सेते दर्जीले २०७४ भदौ ३१ गते साँझ बन्चरो प्रहार गर्दा जानका घाइते भएको प्रहरीले जनायो। घरायसी सामान्य विवादका कारण पतिले बन्चरो प्रहार गर्दा पत्नीको टाउकोमा गम्भीर चोट लागेपछि असोज १ गते जिल्ला अस्पतालबाट बुटवल रिफर गऱ्यो। पीडितको बुटलल अस्पतालमा उपचार भयो। पीडित पक्षले उजुरी नदिएकाले कारबाहीको प्रक्रिया अघि बढेन।

**स्वास्थ्य सेवा**

जिल्लामा एक जिल्ला अस्पताल छ। दुई प्राथमिक स्वास्थ्य केन्द्र। ३९ स्वास्थ्य चौकी छन्। जिल्लाभर आठ डाक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन्। अहेव र अन्य स्वास्थ्यकर्मीको दरबन्दी तथा कार्यरतको विवरण जिल्ला स्वास्थ्य कार्यालयबाट प्राप्त हुन सकेन।

**सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बेचबिखन तथा ओसारपसार | | | १ | १ |
| बालविवाह | | १ | | १ |
| बलात्कार | ५ | | ३ | ८ |
| नवजात शिशुको हत्या | १ | | | १ |
| जम्मा | ६ | १ | ४ | ११ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | २ | | १ | २ | ५ |
| बहुविवाह | २ | | | १ | ३ |
| घरेलु हिंसा | | ५१ | १ | | ५२ |
| जम्मा | ४ | ५१ | २ | ३ | ६० |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | २ | ४ | ६ |

# ५.६ पाल्पा




**जम्मा जनसङ्ख्या**
२,५८,४२९

**महिला**
१,४६,०८७

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
२

**प्रदेशसभा निर्वाचन क्षेत्र**
४

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
५५,९१०

**कामका लागि बाहिरिएका**
३८,५०४

**अपाङ्गता भएका**
६,५३७

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
७६.२

**आश्रित जनसङ्ख्या**
१,१०,५९७

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | ६ | | ६ |
| महिला अधिकार | १६ | | १६ |
| कुटपिट | १ | २ | ३ |
| हत्या | २ | | २ |
| जम्मा | २५ | २ | २७ |

*पाल्पाको कारागार १९८३ सालमा निर्माण भएको हो । त्यसैले यो कारागारका भवन पुरानामात्र छैनन्, अधिकांश जीर्ण शरीरका र भत्कने साइत कुरेर बसेका छन् । २०७२ सालको भूकम्पका कारण भत्किएका दुईओटा भवनमा सामान्य मर्मत गरी कैदी/बन्दीलाई राखिएको छ । अन्य भवनसमेत निकै जीर्ण भएकाले जतिबेला पनि भत्कने अवस्थामा छन् । त्यसैले यहाँका कैदी/बन्दी सजायमाथि पनि त्रासको जिन्दगी बाँच्न विवश छन् ।*

*पाल्पामा सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट ५१ महिला र चार पुरुष गरी ५५ जना पीडित भएका थिए । सन् २०१८ मा २५ महिला र दुई पुरुष गरी २७ जना पीडित भएको इन्सेकमा अभिलेख भयो ।*

## कारागार र बन्दी

'ग' श्रेणीको पाल्पा कारागारको क्षमता ३ सय जनाको छ। यो कारागारमा २ सय ३९ पुरुष र ५६ जना महिला छन्। कारागारमा तीन वर्षीय दुई बालक आश्रित छन्। पुरुष तथा महिला दुवै बन्दी गृहमा निमावि तहको शिक्षालय सञ्चालन भए पनि व्यावहारिक शिक्षाको अभावमा विद्यार्थीको आकर्षण छैन।

पाल्पा कारागारमा २०७५ साउन ३० गते बिहान कारागारका चौकीदार (बन्दी नाइके) समूह र अन्य पक्षबीच झडप हुँदा कैदी सन्तोष नेपाली र अर्जुन घिमिरे घाइते भए । घाइतेको उपचार जिल्ला अस्पतालमा भयो। आन्दोलनमा उत्रेका कैदी/बन्दीले चौकीदार समूह विश्वास गुरुङ, मूल नाइके लक्ष्मण चौधरी र स्वास्थ्य नाइके देवनारायण ढुङ्गानाले दैनिक पाउने ४५ रुपियाँ चौकीदारले आफूहरूलाई खाली भौचरमा हस्ताक्षर गराई कर्मचारीसँगको मिलेमतोमा प्रशासनबाट लिएर आफैं लिने गरेको, घरबाट मगाएको पैसासमेत गेटमै एक दुई दिनका लागि भन्दै रोकिदिने र पछि नदिने गरेको, आफूहरूले सिफारिस गरे राज्यले जेल सजाय मिनाहा गरिदिने भन्दै चौकीदारले पैसा खाने

गरेको जस्ता आरोप लगाए । उनीहरूले कर्मचारी समेत मिलेर आफूहरूलाई गुणस्तरहीन खाना खुवाउने गरेकोसमेत गुनासो गरे। घटना सम्बन्धमा भदौ १ गते जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत हुमबहादुर पाण्डेको संयोजकत्वमा छानबिन समिति बनाइ अध्ययन टोली बनाइयो। अध्ययन प्रतिवेदनका आधारमा विश्वास गुरुङ, मूल नाइके लक्ष्मण चौधरी र स्वास्थ्य नाइके देवनारायण ढुङ्गाना, सन्तोष नेपाली र लोकबहादुर खाँणलाई २०७५ भदौ ८ गते अन्य कारागारमा सरुवा गरियो।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एकजना न्यायाधीश रहेका यहाँको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ५२ मध्ये ७६ थान फैसला भए भने देवानी मुद्दातर्फ १ सय ७९ मध्ये ७२ थान फैसला भए। दुई वर्ष नाघेका मुद्दा यस अदालतमा बाँकी छैनन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*जिल्लामा ३ सय ५९ आधारभूत र १ सय ३८ माध्यमिक विद्यालय छन्। २ हजार ७ सय ९७ शिक्षक दरबन्दी रहेकामा रिक्त छैन। यस वर्ष ५ हजार ७ सय ६६ बालक र ४ हजार ८ सय ४६ बालिका भर्ना भए। त्यस्तै १० ओटै स्थानीय तहबाट ४ हजार ४ सय २२ दलित बालिका र ४ हजार ३ सय ६ दलित बालकलाई छात्रवृत्ति वितरण गरियो। ३ सय ४५ ओटा विद्यालयका नवनिर्मित भवनमात्रै अपाङ्गमैत्री छन्। पाल्पा पूर्ण साक्षर जिल्ला घोषणा भइसके पनि यहाँका बोटे तथा कुमाल समुदायका अधिकांश बालबालिका विद्यालय नियमित जाँदैनन्। बोटे समुदायका बालबालिकाका लागि सरकारले दिवा खाजा खर्चसमेत उपलब्ध गराउँदै आएको छ तर पनि यो व्यवस्था खासै प्रभावकारी भएको छैन। सरकारले प्रति विद्यार्थी प्रति दिन (विद्यालय लागेको दिन) १५ रुपियाँका दरले खाजा खर्च उपलब्ध गराउँदै आएको छ। तर, उक्त रकम एकमुष्ट रूपमा उपलब्ध गराउने भएकाले रुपियाँ बुझ्न मात्रै विद्यालयमा आउने गरेका बालबालिका पढ्न भने नियमित आउँदैनन्।*

*सन् २०१८ मा बालबालिकाविरुद्ध हुने हिंसाका घटना गत वर्षको जस्तै रह्यो। सन् २०१८ मा ६ जना बालिका बलात्कारबाट पीडित भए। सन् २०१७ मा भने बलात्कारबाट चारजना, यौन दुर्व्यवहारबाट तीनजना र विद्यालयमा शारीरिक सजायबाट एकजना गरी आठजना पीडित भएका थिए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ६ | ६ |
| जम्मा | ६ | ६ |

### बलात्कार, यौन दुर्व्यवहार

१५ वर्षीया बालिकालाई २०७५ वैशाख २१ गते बलात्कार गरेको भन्दै बगनासकाली गापा-६ यम्घाका ३४ वर्षीय सुरेश नेपालीविरुद्ध पीडित पक्षले वैशाख २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण वैशाख २१ गते जिल्ला अस्पतालमा भयो। वैशाख २८ गते गिरफ्तार भएका सुरेशलाई जिल्ला अदालतले साउन ३१ गते ६ वर्ष कैद र २० हजार रुपियाँ क्षतिपूर्ति तिर्नुपर्ने सजाय सुनायो।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ५८ जना महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट ३२, खान/लाउन नदिएको र शङ्का गरेको २२, अर्को पत्नी ल्याएर हेला गरेको चार ओटा छन्। यीमध्ये प्रहरीले ५४ ओटा मिलापत्र गरायो भने ४ उजुरी कानुनी प्रक्रियामा छन्।*

*सन् २०१८ मा महिलाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा कमी भएको देखियो। सन्*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| कथित बोक्सीको आरोप | १ | १ |
| बलात्कार | ५ | ५ |
| बलात्कार प्रयास | १ | १ |
| बहुविवाह | ३ | ३ |
| घरेलु हिंसा | ४ | ४ |
| यौन दुर्व्यवहार | २ | २ |
| जम्मा | १६ | १६ |

*२०१८ मा १६ जना महिला पीडित भए। जसमध्ये घरेलु हिंसाबाट चार, बहुविवाहबाट तीन, बलात्कारबाट पाँच, बलात्कार प्रयासबाट एक, यौन दुर्व्यवहारबाट दुई र कथित बोक्सीको आरोपबाट एकजना पीडित भए। सन् २०१७ मा ४१ जना महिला पीडित भएका थिए।*

**कथित बोक्सीको आरोपमा दुर्व्यवहार**

निस्दी गापा–४ मित्यालकी स्थानीय ६० वर्षीया महिलालाई २०७५ साउन १२ गते नवलपरासी (सुस्तापूर्व) स्थित विनय त्रिवेणी गापा–३ धारादीकी १६ वर्षीया तमसरी सिञ्जाली र सोही जिल्ला मध्यविन्दु नपा–१४ सारुडाँडाकी १८ वर्षीया गीता काम्मुले आफूहरू विश्वासी धर्मका समर्थक भएको बताउँदै कथित बोक्सीको आरोप लगाई कुटपिट गरेको आरोपमा पीडितले साउन २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन् । साउन २८ गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले २०७५ भदौ १२ गते जनही २ हजार ५ सय रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

**बलात्कार, बलात्कार प्रयास, यौनदुर्व्यवहार**

३२ वर्षीया मानसिक अवस्था ठीक नभएकी महिलालाई २०७५ साउन २९ गते यौन दुर्व्यवहार गरेको भन्दै तानसेन नपा–१३ बौघागुम्हाका २१ वर्षीय भक्तबहादुर माभीविरुद्ध पीडित पक्षले साउन ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । महिलाको स्वास्थ्य परीक्षण साउन ३० गते जिल्ला अस्पतालमा भयो । उजुरी दिएकै दिन गिरफ्तार भएका भक्तलाई जिल्ला अदालतले कात्तिक १५ गते ८ वर्ष कैद सजाय सुनायो।

**स्वास्थ्य सेवाको अवस्था**

यस जिल्लामा एक आयुर्वेद स्वास्थ्य केन्द्र र दुई सरकारी अस्पताल छन्। स्वास्थ्य चौकी ६२ ओटा छ। जिल्ला जनस्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार जिल्लामा पाँच डाक्टरको दरबन्दी रहेकामा दुईजना मात्र कार्यरत छन् । यस जिल्लामा स्टाफ नर्सको दरबन्दी १२ रहेकामा आठजना मात्र कार्यरत छन्।

**सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ३ | ३ | ६ |
| जम्मा | ३ | ३ | ६ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| कथित बोक्सीको आरोप | | | १ | १ |
| बलात्कार | २ | | ३ | ५ |
| बलात्कार प्रयास | | | १ | १ |
| बहुविवाह | २ | | १ | ३ |
| घरेलु हिंसा | | ४ | | ४ |
| यौन दुर्व्यवहार | १ | १ | | २ |
| जम्मा | ५ | ५ | ६ | १६ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ | २ |

# ५.७ नवलपरासी पश्चिम




**जम्मा जनसङ्ख्या**
३,२१,७५३

**महिला**
१,६९,९२६

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
२

**प्रदेशसभा निर्वाचन क्षेत्र**
४

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
उपलब्ध नभएको

**कामका लागि बाहिरिएका**
उपलब्ध नभएको

**अपाङ्गता भएका**
उपलब्ध नभएको

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
७०.७६

**आश्रित जनसङ्ख्या**
उपलब्ध नभएको

| घटनाको प्रकार | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | २९ | ३ | ३२ |
| आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार | | | १ | | १ |
| अपहरण | | | २ | | २ |
| महिला अधिकार | | | ८४ | | ८४ |
| जेलमा मृत्यु | ३ | ३ | | | |
| कुटपिट | | | १ | | १ |
| धम्की | | | | २ | २ |
| हत्या | | | ८ | ३ | ११ |
| जम्मा | ३ | ३ | १२५ | ८ | १३३ |

*तत्कालीन नवलपरासी जिल्ला अहिले दुई जिल्लामा मात्र होइन, दुईओटा प्रदेशमा विभाजित भएको छ । यो जिल्लाको मानव अधिकार अवस्था सन्तोषजनक पाइँदैन । भारतीय सीमासँग जोडिएका स्थानीय तहमा गम्भीर घटना हुने गरेका छन् । जिल्लामा उखु कृषकको अवस्था दिन/प्रतिदिन नाजुक बन्दै गएको छ । किसानले गत वर्षकै ६ करोड रुपियाँभन्दा बढी भुक्तानी पाउन बाँकी छ भने यो वर्ष उखुको मूल्य नै निर्धारण हुन सकेन । चिनी मिलहरू नै सञ्चालनमा नआएकाले कृषकलाई दैनिकी टार्न कठिन भएको छ । जिल्लामा तीनओटा इन्दिरा, बागमती र लुम्बिनी चिनी मिलबाट उखुको रकम भुक्तानी पाउन बाँकी रहेको किसानले बताएका छन् ।*

*नवलपरासी (सुस्ता पश्चिम) मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट सन् २०१७ मा ७४ महिला र ६९ पुरुष गरी १ सय ४३ जना पीडित भएका थिए । सन् २०१८ मा गत वर्षको तुलनामा यस्ता घटनामा केही कमी भयो । यो वर्ष १ सय २५ महिला र ११ पुरुष गरी १ सय ३६ जना पीडित भएको इन्सेकमा अभिलेख भयो ।*

## कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता १ सय ५० जनाको छ । तर, १ सय ७२ कैदी र १ सय ५८ थुनुवा गरी ३ सय ३ जना छन् । जसमा महिला ६० जना छन् । ६ महिनादेखि ४ वर्षसम्मका चार जना आश्रित बालक छन् । ६५ वर्षमाथिका १७ जना ज्येष्ठ नागरिक छन् । एक मानसिक रोगी पनि छन् । सात वर्षीया बालिका अपहरण गरेको आरोपमा २०७४ चैत ६ गते गिरफ्तार परेका

भारतको उत्तर प्रदेश निचलौल थाना बस्ने ४० वर्षीय धुरुप भारतीलाई जिल्ला अदलतले चैत २८ गते पुर्पक्षका लागि थुनामा पठाएकामा २०७५ वैशाख ८ गते बिरामी भई मृत्यु भएको कारागारले जनायो। सुस्ता गापा–२ घर भई बालक बलि (हत्या) को आरोपमा २०७४ चैत २९ गते पुर्पक्षका लागि थुनामा रहेका कुडियाका ७२ वर्षीय गङ्गा चमार बिरामी भई उपचारको क्रममा २०७५ वैशाख ३ गते पृथ्वीचन्द्र अस्पतालमा मृत्यु भयो।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

पाँचजना न्यायाधीश रहेका यहाँको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ३० मध्ये १ सय ९ थान फैसला भए भने देवानी मुद्दातर्फ १ हजार ३ मध्ये ४ सय २५ थान फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका देवानी मुद्दा २० थान बाँकी छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा ३ सय २३ आधारभूत र १ सय ८ मावि छन्। १ हजार २ सय ३५ शिक्षक दर बन्दी रहेकामा २९ रिक्त छ। यस वर्ष ४७ हजार ३ सय ४१ बालक र ४३ हजार ९ सय ६४ बालिका भर्ना भए। जिल्लामा अपाङ्गमैत्री विद्यालय छैनन्। १० हजार १ सय २६ दलित बालक र ९ हजार ३ सय ८३ दलित बालिकाले छात्रवृत्ति पाए। साथै शहीद परिवारका तीन र द्वन्द्वपीडित परिवारका ४२ बालबालिकाले पनि छात्रवृत्ति पाए।*

*सन् २०१८ मा बालबालिकाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भयो। यो वर्ष ३२ जना बालबालिका पीडित भए। पीडित हुनेमा बलात्कारबाट २३ बालिका, यौन दुर्व्यवहारबाट ६ बालिका, विद्यालयमा शारीरिक सजायबाट दुई बालक र नवजात शिशुको हत्याबाट एक बालक छन्। सन् २०१७ मा भने १३ जना बालबालिका पीडित भएका थिए। पीडित हुनेमा बलात्कारबाट नौ बालिका, यौन दुर्व्यवहारबाट दुई बालक, बालविवाहबाट एक बालिका र हत्या प्रयासबाट एक बालिका थिए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बलात्कार | २३ | | २३ |
| नवजात शिशुको हत्या | | १ | १ |
| विद्यालयमा शारीरिक सजाय | | २ | २ |
| यौन दुर्व्यवहार | ६ | | ६ |
| जम्मा | २९ | ३ | ३२ |

### विद्यालयमा शारीरिक सजाय

बर्दघाट नपा–९ भुतहा घर भई राजा महात्मा पूर्णभद्र माविमा कक्षा ९ मा अध्ययनरत १६ वर्षीय राम सुनारलाई २०७४ फागुन १४ गते अपशब्द प्रयोग गरेको आरोपमा सुनवल नपा– १ घर भई सोही विद्यालयका शिक्षक हुमराज खनालले कुटपिट गरे। कुटपिटबाट सामान्य घाइते भएका रामको उपचार स्थानीय मेडिकलमा भयो। उल्टै शिक्षकमाथि हातपात गरेको आरोपमा विद्यार्थीलाई विद्यालयलयबाट निष्काशन गरियो। पीडितले कहीँ उजुरी दिएनन्। त्यसपछि पीडित अर्को विद्यालयमा पढ्छन्।

पाल्हीनन्दन गापा–९ पिपरहिया घर भई महाकवि देवकोटा माविमा कक्षा १० मा अध्ययनरत विद्यार्थी प्रदीप कहाँरलाई प्रधानाध्यापक बाबुराम पाण्डे र शिक्षक कौशलराज तिवारीले २०७५ भदौ १९ गते कुटपिट गरेको भन्दै पीडित पक्षले २०७५ भदौ २० गते सुनवल नपाको कार्यालयमा उजुरी दिए। आरोपित दुवै लाई नगर शिक्षा एकाइले २०७५ भदौ २२ गतेदेखि १० दिनका लागि निलम्बन गऱ्यो। नगरपालिकाले असोज २ गते बाबुरामलाई छिमेकी विद्यालय भगवती माविमा सरुवा गऱ्यो।

### अपहरण

सुस्ता गापा–५ की सात वर्षीया नब्या जयसवाललाई भारतको उत्तर प्रदेश निचलौल थाना बस्ने ४० वर्षीय धुरूप भारतीले २०७४ चैत ६ गते अपहरण गरी भारततर्फ लैजाने प्रयास गरेको भन्दै पीडित पक्षले चैत ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। उजुरी दिएकै दिन गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले २०७४ चैत २८ गते पुर्पक्षका लागि थुनामा पठायो।

### बलात्कार, यौन दुर्व्यवहार

६ वर्षीया बालिकालाई २०७४ माघ १३ गते बलात्कार गरेको भन्दै जनकपुरको सरावल गाउँपालिका–३ जनकपुर बस्ने ५० वर्षीय कानर चौधरीविरुद्ध पीडित पक्षले माघ १५ गते जिल्ला प्रहरी

कार्यालयमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण माघ १५ गते पृथ्वीचन्द्र अस्पतालमा भयो। घटनापछि फरार रहेका कानर चैत २६ गते गिरफ्तार परेकामा सोही दिन राति हिरासतको शौचालयमा झुण्डिएर आत्महत्या गरे।

### महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै १ सय ७२ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका २१, खान/लाउन नदिएको १ सय २०, विवाह दर्ता र नागरिकता नबनाएको २६, अर्की पत्नी ल्याएर हेलाँ गरेको पाँच र सामान्य घरायसी झगडाका १ सय ७२ घटना छन्। यीमध्ये प्रहरीले १ सय ५८ ओटामा मिलापत्र गरायो भने १४ उजुरी कानुनी प्रक्रियामा छन्।*

*सन् २०१८ मा महिलाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भए। यो वर्ष ८४ जना महिला पीडित भए। पीडित हुनेमा घरेलु हिंसाबाट ५९ जना, बेचबिखन तथा ओसारपसारबाट११ जना, बहुविवाहबाट चारजना, बलात्कारबाट तीनजना, बलात्कार प्रयासबाट तीनजना, र यौन दुर्व्यवहारबाट एकजना छन्। सन् २०१७ मा ५१ जना महिला पीडित भएका थिए। यसरी पीडित हुनेमा घरेलु हिंसाबाट ३३ जना, बेचबिखन प्रयासबाट ६ जना, बलात्कारबाट पाँचजना, कथित बोक्सीको आरोपबाट तीनजना, बहुविवाहबाट दुईजना, बलात्कार प्रयासबाट एकजना र बेचबिखनबाट एकजना थिए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बेचबिखन तथा ओसारपसार | ११ | ११ |
| जबरजस्ती यौनकार्यमा लगाएको | ३ | ३ |
| बलात्कार | ३ | ३ |
| बलात्कारको प्रयास | ३ | ३ |
| बहुविवाह | ४ | ४ |
| घरेलु हिंसा | ५९ | ५९ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ८४ | ८४ |

**बलात्कार,बलात्कार प्रयास, यौन दुर्व्यवहार**

२५ वर्षीया युवतीलाई २०७४ चैत २३ गते बलात्कार प्रयास गरेको भन्दै रामग्राम नपा–१७ फूलबरिया बस्ने २० वर्षीय विजय केवटविरुद्ध पीडित पक्षले चैत २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। युवतीको स्वास्थ्य परीक्षण २०७४ चैत्र २४ गते पृथ्वी चन्द्र जिल्ला अस्पतालमा भयो। उजुरी दिएकै दिन गिरफ्तार परेका विजयलाई जिल्ला अदालतले २०७५ कात्तिक २६ गते २ वर्ष ६ महिना कैद सजाय र २० हजार रुपियाँ क्षतिपूर्ति भराउने सजाय सुनायो।

**बेचबिखन तथा ओसारपसार**

२०, २२ र २३ वर्षीया युवतीलाई सुनवल नपा–२ घर भई सुनवल नपा–१२ भुमहीमा त्रिदेव होटल सञ्चालन गरी बस्ने ४६ वर्षीय देवबहादुर थापा मगरले रोजगारी दिने भन्दै होटलमा राखी काम लगाएको र यौन व्यवसायमा लगाएको भन्दै पीडितहरूले २०७५ वैशाख ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। युवतीहरूलाई प्रहरीले आफन्तको जिम्मा लगायो। वैशाख ११ गते गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले जेठ ४ गते पुर्पक्षका लागि थुनामा पठायो। घटनामा संलग्न रहेको आरोप लागेकी देवबहादुरकी पत्नी ४२ वर्षीय यमुना गुरुङ भने फरार रहिन्।

**परिवारजनबाट हत्या**

पाल्हीनन्दन गापा–५ गेरमी बस्ने २० वर्षीया अञ्जली नाउलाई २०७५ असार २६ गते २२ वर्षीय पति विजय ठाकुर र अञ्जलीका ससुरा ४५ वर्षीय नसिङ ठाकुरले हत्या गरी आत्महत्या गरेको भनी अञ्जलीका बाबु दिनेश ठाकुरले साउन १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। उजुरी दिएकै दिन गिरफ्तार भएका दुवैजनालाई भदौ १२ गते जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। शवको पोष्टमार्टम पृथ्वीचन्द्र जिल्ला अस्पतालमा असार २७ गते गरियो।

सुनवल नपा–१२ प्रतापपुर बस्ने २८ वर्षीया शोभा हरिजनलाई २०७५ साउन ५ गते ३५ वर्षीय पति अशोक चमार, शोभाकी ६२ वर्षीया सासू बेचनी हरिजन र नन्द २२ वर्षीया इन्दु चमारले उपचारका क्रममा हत्या गरेको भन्दै शोभाका बाबुले असोज ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। शवको पोस्टमार्टम असोज ७ गते जिल्ला अस्पतालमा भयो। आरोपित असोज ७ गते गिरफ्तार भए। अशोकलाई जिल्ला अदालतले असोज २३ गते पुर्पक्षका लागि थुनामा पठायो। बेचनी र इन्दु फरार रहे।

रामग्राम नपा–४ केरवानी बस्ने २० वर्षीया अनीता यादवलाई २८ वर्षीय पति ऋषिकेश यादव र जेठाजु ३४ वर्षीय पदुम यादवले २०७५ पुस ६ गते घरमै हत्या गरेको भन्दै अनीताका बाबु राजेन्द्र अहिरले २०७५ पुस ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । शवको पोस्टमार्टम पुस ८ गते जिल्ला अस्पतालमा भयो । दुवै आरोपित पुस ८ गते गिरफ्तार भए । यो वर्षको अन्त्यसम्म आरोपित प्रहरी अनुसन्धानमै रहे ।

**परिवारजनबाट बन्धक**

सरावल गापा–६ पुसौली बस्ने २१ वर्षीया सकिना खातुन गुजरलाई ४७ वर्षीया आमा अर्बुन खातुन गुजरले स्थानीय युवकसँग प्रेम विवाह गरेको आरोपमा २०७४ पुस २१ गतेदेखि २८ गतेसम्म फलामे साङ्लाले गोडामा बाँधेर बन्धक बनाइन् । स्थानीयको सहयोगमा मुक्त भएकी सकिनाले माघ २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन् । उजुरी दिएकै दिन गिरफ्तार भएकी अर्बुनलाई जिल्ला अदालतले २०७५ जेठ २९ गते ६ वर्ष कैद सजाय सुनायो ।

**स्वास्थ्य सेवाको अवस्था**

जिल्लामा दुई अस्पताल, दुई उपस्वास्थ्य चौकी, ३४ स्वास्थ्य चौकी र दुई प्राथमिक स्वास्थ्य केन्द्र छन् । जिल्लामा २० डाक्टरको दरबन्दी रहेकामा १० जना कार्यरत छन् । त्यस्तै अहेवको १ सय १७ दरबन्दी रहेकामा १ सय १ जना कार्यरत छन् ।

**सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | | | | |
|---|---|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मुद्दा टुङ्गिएका | कारबाही प्रक्रियामा अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | १ | ७ | | १४ | २२ |
| नवजात शिशुको हत्या | १ | | | | | १ |
| विद्यालयमा शारीरिक सजाय | | | १ | १ | | २ |
| यौन दुर्व्यवहार | | | | १ | ५ | ६ |
| जम्मा | १ | १ | ८ | २ | १९ | ३१ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बेचबिखन तथा ओसारपसार | | | | ५ | ५ |
| जबरजस्ती यौनकार्यमा लगाएको | | | | १ | १ |
| बलात्कार | | १ | | २ | ३ |
| बलात्कार प्रयास | | | | ३ | ३ |
| बहुविवाह | | | | ४ | ४ |
| घरेलु हिंसा | १ | १ | ५४ | ३ | ५९ |
| यौन दुर्व्यवहार | | | | १ | १ |
| जम्मा | १ | २ | ५४ | १९ | ७६ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १० | ११ |

# ५.८ रूपन्देही




**जम्मा जनसङ्ख्या**
९,६०,४११

**महिला**
४,९५,८३६

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
५

**प्रदेशसभा निर्वाचन क्षेत्र**
१०

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
१,५१,१७१

**कामका लागि बाहिरिएका**
६२,९०४

**अपाङ्गता भएका**
९,८९०

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
६९.८

**आश्रित जनसङ्ख्या**
३,८४,६४३

| घटनाको प्रकार | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | ४५ | २ | ४७ |
| अमानवीय व्यवहार | | | | १ | १ |
| महिला अधिकार | | | १३६ | | १३६ |
| गिरफ्तारी | १ | १ | | | |
| कुटपिट | | | | २ | २ |
| धम्की | | | | १ | १ |
| हत्या | २ | २ | ५ | १ | ६ |
| जम्मा | ३ | ३ | १८६ | ७ | १९३ |

*अचम्मको छ रूपन्देहीको कारागार। क्षमता हो १ सयजनाको। तर राखिएको छ ३ सय ९७ जना। क्षमताभन्दा बढी कैदी/बन्दी भएपछि बस्न, खान, पानी र शौचालय आदि सबै पक्षमा समस्या हुने नै भयो। न बसेर खान पाइन्छ न त अरु सुविधाको प्रयोग नै निर्वाध गर्न पाइन्छ। हुँदा हुँदा सुत्नसमेत पालो आउनुपर्छ किनकि सबैलाई एकैचोटि सुत्न यो कारागारमा ठाउँ नै पुग्दैन। यो कारागार अर्को दृष्टिबाट पनि पृथक छ किनकि यहाँ सबैभन्दा बढी लागु औषध ओसारपसारसम्बन्धी मुद्दासँग सम्बन्धित १ सय २३ जना छन्। त्यतिमात्र कहाँ हो र ? बलात्कारको घटनासँग सम्बन्धित ६३ जना पनि छन् यहाँ। यी सबैको हालत भने उस्तै छ।*

*रूपन्देहीमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट सन् २०१७ मा ५ सय ३९ महिला र २६ पुरुष गरी ५ सय ६५ जना पीडित भएका थिए। सन् २०१८ मा यस्ता घटना गत वर्षको तुलनामा कम भए। यो वर्ष १ सय ८६ महिला र १० पुरुष गरी १ सय ९६ जना पीडित भएको इन्सेकमा अभिलेख भयो।*

## नागरिक तथा राजनीतिक अधिकार

### सम्मानितरूपले बाँच्ने अधिकार

### हत्या

#### राज्यपक्षबाट

देवदह नपा–५ बस्ने २९ वर्षीय मनोज बुढामगर भनिने मनोज पुन र सिद्धार्थ नपा–६ बस्ने ४२ वर्षीय




*प्रहरीसँगको मुठभेडमा मारिएका  मनोज पुन र सोम आले*

सोम आले २०७४ फागुन ९ गते प्रहरीको 'इन्काउन्टर'मा मारिएको समाचार सार्वजनिक भयो । मोस्ट वान्टेड सूचीमा रहेका पुनलाई प्रहरीले खोजिरहेको थियो । फागुन ८ गते मनोज र सोम भारतबाट नेपाल आउँदै गरेको सूचनाका आधारमा खोजीमा रहेका नेपाल प्रहरी र केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) को संयुक्त टोलीसँग फागुन ९ गते बिहान साँढे ३ बजे देवदह नपा–४ भवानीपुरमा जम्काभेट हुँदा गिरफ्तार गर्न खोजेको र उल्टै प्रहरीमाथि गोली प्रहार गरेपछि जवाफी कारबाहीमा उनीहरू मारिएको एसपी श्याम ज्ञवालीले बताए । युवा सङ्घ रूपन्देहीका जिल्ला अध्यक्ष दुर्गा तिवारीको २०७३ फागुन ४ गते र रूपन्देही देवदहका वसन्त बलु' पौडेलको २०७४ पुस २१ गते भएको हत्या घटनामा पुनले आफू संलग्न रहेको स्वीकारेको प्रहरीले जनायो । काठमाडौँका व्यवसायी शरद गौचनको २०७४ असोज २३ गते भएको हत्यामा पनि मनोजको संलग्नता रहेको प्रहरीको आरोप छ । मनोजका अभिभावकले उनको बाँच्न पाउने अधिकार हनन् भएको र विभिन्न घटनामा उनी  संलग्न नरहेको दाबी गरे । मृतकद्वयको पोस्टमार्टम २०७४ फागुन १० गते लुम्बिनी अञ्चल अस्पतालमा भयो ।

**अन्य पक्षबाट**

देवदह नपा–२ का व्यवसायी तथा युवा सङ्घ नेपालका पूर्वक्षेत्रीय कोषाध्यक्ष ४१ वर्षीय बलु भन्ने वसन्त पौडेललाई २०७४ पुस २१ गते आफ्नै उज्ज्वल स–मिलमा बसेको अवस्थामा मोटरसाइकलमा आएका दुई अपरिचित व्यक्तिले गोली प्रहार गरेकामा उपचारका लागि लुम्बिनी अञ्चल अस्पताल लैजाने क्रममा बाटोमा मृत्यु भएको प्रहरीले जनायो । घटना आफ्नो समूहले गराएको भन्दै मनोज पुनले जिम्मेवारी लिएको समाचार सार्वजनिक भए ।  पीडितपक्षले पुस २२ गते इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दियो ।

आफ्ना कार्यकर्ता हत्या गरेको विरोधमा युवा सङ्घ नेपाल रूपन्देहीले पुस २१ गते देखि २४ गतेसम्म रूपन्देही बन्दको घोषणा गर्‍यो । मृतकलाई शहीद घोषणा, राहत तथा क्षतिपूर्ति दिनेलगायत विषयमा २०७४ पुस २४ गते सहमति भएपछि शवको पोस्टमार्टम पुस २५ गते भयो । घटनामा संलग्न रहेको आरोपमा प्रहरीले बुटवल उमनपा–७ शिवनगर का ३५ वर्षीय उत्तम आचार्य, देवदह नपा–५ का ४२ वर्षीय तुल्सीराम न्यौपाने, ४ का ४६ वर्षीय लेखनाथ न्यौपाने, ६ का ३२ वर्षीय रोशन खड्का, स्याङ्जाको पुतलीबजार नपा–४ घर भई बुटवल उमनपा–४ बस्ने ३९ वर्षीय हरिप्रसाद श्रेष्ठ र ७ का ४१ वर्षीय सुजु मल्ल, लमजुङको बाद्रे गापा–५ भोर्लेटार घर भई कास्कीको पोखरा मनपा–१० राम बजारका २१ वर्षीय विवेक भनिने सुवास गुरुङ र सिद्धार्थनगर नपा–३ घर भई नवलपरासीको सुनवल नपा–१० बस्ने ३४ वर्षीय राम गुरुङलाई प्रहरीले २०७५ जेठ १० गते गिरफ्तार गर्‍यो । गिरफ्तार भएका सबैलाई जिल्ला अदालतले जेठ २५ गते पुपर्क्षका लागि थुनामा पठायो ।

## कारागार र बन्दी

'ग' श्रेणीको जिल्ला कारागारको क्षमता १

सयजना भए पनि कैदी १ सय २० र बन्दी २ सय ७७ गरी ३ सय ९७ जना कैदी/बन्दी छन् । महिला छैनन् । क्षमताभन्दा बढी कैदी/बन्दी हुँदा हरेक कुरामा समस्या छ। यो कारागारमा महिला भने छैनन्।

### अमानवीय व्यवहार

शुद्धोधन गापाका अध्यक्ष ४७ वर्षीय किशुनचन्द चौधरीलाई २०७५ जेठ २० गते सोही गापा–४ जुगेडियामा तीनओटा मोटरसाइकलमा आएका आफूलाई नेत्रविक्रम (विप्लव) नेतृत्वको नेकपा जिल्ला परिषद्का कार्यकर्ता बताउने ६ जनाको समूहले मोबिल छ्यापेर दुर्व्यवहार गरे। गाउँपालिकाले जेठ २१ गते विज्ञप्ती प्रकाशित गरेर घटनाको निन्दा गर्दै कारबाहीको माग गर्‍यो । आरोपितहरूले उनलाई दिएको पत्रमा विकास निर्माणको नाममा भ्रष्टाचार गरेको र कमिसन खाएको उल्लेख थियो । उनले जेठ २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि कोही गिरफ्तार भएनन्।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

सातजना न्यायाधीश रहेको जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ५ सय ९५ थान मुद्दा मध्ये २ सय ४ फैसला भएभने ३ सय ९१ फैसला हुन बाँकी रहे । देवानी मुद्दातर्फ २ हजार ८९ थान मुद्दामध्ये ५ सय ४० फैसला भए भने १ हजार ५ सय ४९ थान मुद्दा फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा ५५ थान छन्। देवानी मुद्दा मुद्दा भने दुई वर्ष नाघेका छैनन्।

उच्च अदालत तुलसीपुरको बुटवल इजलासमा १२ न्यायाधीशको दरबन्दी रहेकामा ११ जना कार्यरत छन् । यो अदालतमा यस वर्ष फौजदारी मुद्दातर्फ ९७ दर्ता भएकामा आठ थान फैसला भए। देवानी मुद्दातर्फ ५ सय ५२ मध्ये १ सय २९ थान फैसला भए। त्यसैगरी यस अवधिमा परेका १ सय ६ रिटमध्ये ५२ थान टुङ्गो लागे। यो इजलासमा दुई वर्ष नाघेका मुद्दा छैनन्।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*रूपन्देहीमा ३ सय २२ आधारभूत र १ सय ४२ मावि छन्। धार्मिक विद्यालयमा प्राविस्तरका १ सय १६, निमावि स्तरका चार र माविस्तरका दुई ओटा विद्यालय छन्। यि विद्यालयमा ३ हजार १५ जना शिक्षकको दर बन्दी रहेकामा कुनै दरबन्दी पनि रित्त छैन। यस वर्ष ६५ हजार ४ सय ९२ बालिका र ५९ हजार ६ सय १७ बालक भर्ना भर्ना भए। जिल्लामा ७४ वटा अपाङ्गमैत्री विद्यालय छन्। ९ हजार दलित बालक र ११ हजार ७ सय दलित बालिकाले छात्रवृत्ति पाए। साथै शहीद परिवारका दुईजना र द्वन्द्वपीडित परिवारका ३९ जना बालबालिकाले छात्रवृत्ति पाए।*

*सन् २०१८ मा बालबालिकाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भयो । यो वर्ष ४७ जना बालबालिका पीडित भए । जसमा बलात्कारबाट ३१ बालिका, यौन दुर्व्यवहारबाट नौ बालिका र दुई बालक गरी ११ जना र बेचबिखन तथा ओसारपसारबाट पाँच बालिका पीडित भए । सन् २०१७ मा भने ४३ बालबालिका पीडित भएका थिए । जसमा बलात्कारबाट २५ बालिका, यौन दुर्व्यवहारबाट सात बालिका र एक बालक गरी आठजना, बेचबिखनबाट चार बालिका र चार बालक गरी आठजना र बालविवाहबाट दुई बालिका पीडित भएका थिए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बेचबिखन तथा ओसारपसार | ५ | | ५ |
| बलात्कार | ३१ | | ३१ |
| यौन दुर्व्यवहार | ९ | २ | ११ |
| जम्मा | ४५ | २ | ४७ |

#### परिवारजनबाट हत्या

कञ्चन गापा–५ पिपरिचापाकी १६ वर्षीया समीक्षा मल्ललाई २०७५ असार १० गते ३६ वर्षीय बुबा तेजबहादुर ठकुरी, हजुरआमा ६० वर्षीया हरिकलामाया ठकुरी, फुपूहरू ४० वर्षीया मधु ठकुरी र ३४ वर्षीया अमृता ठकुरीले मध्यरातमा मट्टितेल छर्केर आगो लगाइ हत्या गरेको भन्दै असार २२ गते मृतककी आमा माया थापाले इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दिइन् । उपचारका लागि लुम्बिनी अञ्चल अस्पतालमा पुर्‍याइएकामा उक्त अस्पतालले पाल्पा अस्पताल रेफर गरेको थियो । पाल्पामा पनि उपचार सम्भव नभएपछि सोही दिन काठमाडौँको कीर्तिपुर अस्पताल लगिएको थियो । उपचारकै क्रममा उनको असार २० गते मृत्यु भएको थियो। प्रहरीले आरोपित तेजबहादुरलाई साउन १५ गते हरिकलामायालाई असार २७ गते र कान्छी फुपू अमृतालाई असार २३ गते गिरफ्तार गर्‍यो। समीक्षालाई

जन्मेको नौ महिनादेखि वास्ता नगरेकाले घरमा बस्न नसकेर मावलीमा बस्दै आएकामा २०७४ को तिहारदेखि घरमै बसेर पढ्ने र आफ्नो हक जसरी पनि लिएरै छाड्ने अडानका साथ बसेकी आफ्नी भान्जीलाई योजनाबद्धरूपमा हत्या गरेको उनका मामा बोमबहादुर दर्लामीले बताए। आमा माया छोरीलाई माइतीमा छाडेर वैदेशिक रोजगारीका लागि ओमन गएकी थिइन् । घटनापछि असार २२ गते फर्किन्। समीक्षाका बाबु तेजबहादुर घटनाको विषयमा निष्पक्ष छानविन गरी दोषीलाई कारबाही गरिपाउँ भनी असार २० गते काठमाडौँ प्रहरीमा उजुरी दिएका थिए। सो उजुरी इलाका प्रहरी कार्यालय बुटवलमा पठाइएको प्रहरीले जनायो। शवको पोस्टमार्टम शिक्षण अस्पताल काठमाडौँ असार २० गते भयो। आरोपित तीनै जनालाई जिल्ला अदालतले ०७५ साउन ५ गते पुपर्क्षका लागि थुनामा पठायो।

**बलात्कारपछि हत्या**

कोटहिमाई गापा–३ की १२ वर्षीया सीमा धोवीलाई २०७४ माघ २२ गते सोही ठाउँका २१ वर्षीय सन्दीपकुमार धोवीले बलात्कार गरी हत्या गरेको भन्दै मृतकका आफन्तले जिल्ला प्रहरी कार्यालयमा माघ २२ गते उजुरी दिए। खेतमा घाँस काट्न गएकी बालिका अबेरसम्म घर नफर्केपछि खोज्दै जाँदा घाँटीमा सल कसिएको अवस्थामा मृत फेला परेकी थिइन्। शवको पोस्टमार्टम फागुन २२ गते भीम अस्पतालमा भयो। उजुरी दिएकै दिन गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले फागुन २७ गते पुपर्क्षका लागि थुनामा पठायो।

**बलात्कार, यौन दुर्व्यवहार**

१६ वर्षीया बालिकालाई २०७५ भदौ १४ गते बलात्कार गरेको आरोपमा प्रहरीले गैडहवा गापा–५ का २० वर्षीय जलालउद्दिन मुसलमानलाई असोज १६ गते गिरफ्तार गर्‍यो। आरोपितले बालिकालाई विवाह गर्ने प्रलोभन देखाएर ललाइफकाइ बलात्कार गरेको भन्दै पीडित पक्षले असोज १६ गते इलाका प्रहरी कार्यालय लुम्बिनीमा उजुरी दिएको थियो। बालिकाको स्वास्थ्य परीक्षण असोज १६ गते भीम अस्पतालमा भयो। आरोपितलाई जिल्ला अदालतले २०७५ कात्तिक ११ गते पुपर्क्षका लागि थुनामा पठायो।

१५ वर्षीया बालिकालाई २०७५ कात्तिक २२ गते विद्यालयबाट घर फर्कँदै गर्दा लतारेर जङ्गलमा लगी बलात्कार गरेको आरोपमा प्रहरीले सैनामैना नपा–७ देवपारका २८ वर्षीय केशव बिकलाई कात्तिक २३ गते गिरफ्तार गर्‍यो। बलात्कारपछि केशवले कसैलाई भनेमा जे पनि हुन सक्छ भन्दै धम्क्याएर ३० रुपियाँ दिइ हिँडेको बालिकाका अभिभावकले कात्तिक २३ गते इलाका प्रहरी कार्यालय, सालझण्डीमा दिएको उजुरीमा उल्लेख छ । बालिकाको स्वास्थ्य परीक्षण कात्तिक २३ गते लुम्बिनी अञ्चल अस्पतालमा भयो। आरोपितलाई जिल्ला अदालतले २०७५ मङ्सिर ६ गते पुर्पक्षका लागि थुनामा पठायो।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव तथा दुर्व्यवहार**

*यो वर्ष घरेलु हिंसापीडित भन्दै १ सय ९३ जना महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका ३८, खान/लाउन नदिएको ६०, विवाह दर्ता र नागरिकता नबनाएको सात, अर्की श्रीमती ल्याएर हेलाँ गरेको ३० र सामान्य घरायसी झगडाका ५८ घटना छन्। यीमध्ये प्रहरीले १ सय ८१ ओटामा मिलापत्र गरायो भने १२ उजुरी कानुनी प्रक्रियामा छन्।*

*सन् २०१८ मा महिलाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा घट्यो। यो वर्ष १ सय ३६ जना महिला पीडित भए। जसमध्ये घरेलु हिंसाबाट ५६, बेचबिखन तथा ओसारपसारबाट २८, बहुविवाहबाट २५, बलात्कारबाट १५, यौन दुर्व्यवहार बाट आठ, कथित बोक्सीको आरोपबाट तीन र जबरजस्ती यौन कार्यमा लगाएको एकजना छन्। सन् २०१७ मा भने ४ सय ९२ महिला पीडित भएका थिए। जसमध्ये घरेलु हिंसाबाट ४ सय २३,*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बेचबिखन तथा ओसारपसार | २८ | २८ |
| जबरजस्ती यौनकार्यमा लगाएको | १ | १ |
| कथित बोक्सीको आरोप | ३ | ३ |
| बलात्कार | १५ | १५ |
| बहुविवाह | २५ | २५ |
| घरेलु हिंसा | ५६ | ५६ |
| यौन दुर्व्यवहार | ८ | ८ |
| जम्मा | १३६ | १३६ |

*बेचबिखन प्रयासबाट ४३, बहुविवाहबाट १०, बलात्कारबाट सात, यौन दुर्व्यवहारबाट पाँच, कथित बोक्सीको आरोपबाट दुई, बलात्कार प्रयासबाट एक र बेचबिखनबाट एक महिला पीडित भए।*

**परिवारजनबाट हत्या**

३६ वर्षीया हुमा खत्रीलाई रड प्रहार गरी घाइते बनाएको आरोपमा प्रहरीले देवदह नपाा–६ घर भई सशस्त्र प्रहरी बल नेपाल, बोर्डर आउट पोस्ट मतिअर्वा बारामा कार्यरत असइ ३९ वर्षीय केहरसिंह खत्रीलाई २०७४ पुस २६ गते घरैबाट गिरफ्तार गर्‍यो। केहरले पुस २६ गते घरको छतमा लुगा सुकाउँदै गरेकी पत्नीलाई पछाडिबाट फलामको रडले हिर्काएर घाइते बनाएकामा उनको क्रिमसन अस्पताल मणिग्राममा उपचारका क्रममा २०७४ माघ २५ गते राति २९ औँ दिनका दिन मृत्यु भयो। मृतककी छोरीले पुस २६ गते बाबुविरुद्ध इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दिइन्। आरोपितको मानसिक सन्तुलन ठीक नभएको र थप उपचारका लागि लैजान भन्दै मङ्सिर २२ गते निज कार्यरत सशस्त्र प्रहरी बल बाराले पत्नीलाई बोलाएर मङ्सिर २३ गते घर पठाएको थियो। शवको पोस्टमार्टम पुस २६ गते नै लुम्बिनी अञ्चल अस्पतालमा भयो। आरोपितलाई जिल्ला अदालतले फागुन १८ गते पुर्पक्षका लागि थुनामा पठायो।

**दाइजो नल्याएको आरोपमा कुटपिट**

लुम्बिनी सांस्कृतिक नपा–७ भैसहियाकी २३ वर्षीया अमरावती तेलीलाई दाइजो नल्याएको भन्दै चरम यातना दिने पीडितका २४ वर्षीय पति गोविन्द तेली र ६५ वर्षीय ससुरा मेघा तेलीलाई प्रहरीले २०७५ असोज १२ गते गिरफ्तार गर्‍यो। एक वर्षअगाडि विवाह भएकामा दाइजो नल्याएको निहुँमा रातदिन शारीरिक तथा मानसिक यातना दिँदै आइरहेको र भदौ ३० गते फलामको डाडुले पीडितको संवेदनशील अङ्गमा डामेर घाइते बनाएकामा भैरहवा मेडिकल कलेजमा उपचार भएको प्रहरीले बतायो। गोविन्द र मेघालाई जिल्ला अदालतले २०७५ असोज २१ गते पुर्पक्षका लागि थुनामा पठायो। ५५ वर्षीय सासू बडौली तेली फरार रहिन्।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

२६ वर्षीया महिलालाई २०७५ कात्तिक १० गते यौन दुर्व्यवहार गरेको आरोपमा प्रहरीले सिद्धार्थनगर नपा–३ का २८ वर्षीय सुनिल कहाँर, सोही नपा–५ का १९ वर्षीय आकाश कहाँर र सोही नपा–६ का २८ वर्षीय मुर्तजा राइनलाई सोही दिन गिरफ्तार गर्‍यो। बिरामी आमालाई भेट्न भैरहवा मेडिकल जाँदा इ–रिक्सा चालक र रिक्सामा सवारव्यक्तिले यौन दुर्व्यवहार गरेको भन्दै पीडितले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकी थिइन्। महिलाको स्वाथ्य परीक्षण कात्तिक १० गते नै भीम अस्पतालमा भयो। आरोपितहरूलाई जिल्ला अदालतले कात्तिक २६ गते पुर्पक्षका लागि थुनामा पठायो।

**कथित बोक्सीको आरोप**

५२ वर्षीया दुई महिलालाई २०७५ कात्तिक २२ गते तिलोत्तमा नपा–४ घर भई सोही नपा–५ मा कार्यरत वडा सचिव ५४ वर्षीय टीकाराम आचार्य, उनकी पत्नी ४८ वर्षीया कमला आचार्य र छोरी २३ वर्षीया प्रतिज्ञा आचार्यले कथित बोक्सीको आरोप लगाएर दुर्व्यवहार गरेको भन्दै ती महिलाले इलाका प्रहरी कार्यालय बुटवलमा कात्तिक २२ गते उजुरी दिइन्। टीकारामले आफूहरूलाई आफ्नो घरमा बोलाएको र छोरी प्रतिज्ञाले 'मलाई बिरामी पार्ने बोक्सीहरू आए' भन्दै गोडामा ढोग्न लगाएर दुर्व्यवहार गरेको अनि आमा कमलाले मेरो छोरीलाई यी बोक्सीले खाने भए भन्दै लछारपछार गरेको उनीहरूको उजुरीमा उल्लेख छ। उजुरी दिएकै दिन गिरफ्तार परेका तीनैजनालाई जिल्ला अदालतले मङ्सिर २ गते जनही २० हजार रुपैँया धरौटीमा रिहा गर्ने आदेश दियो।

४० वर्षीया महिलालाई २०७५ कात्तिक ३० गते सैनामैना नपा–१ का ६५ वर्षीय खेतु मल्लाह र ४५ वर्षीय प्रकाश मल्लाहले कथित बोक्सीको आरोप लगाएर दुर्व्यवहार गरेको भन्दै मङ्सिर १ गते इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दिइन्। आरोपितद्वयले 'बोक्सी लगाएर परिवारमा कहिल्यै राम्रो नहुने भो' भनी दुर्व्यवहार गरेको पीडितले आरोप लगाइन्। आरोपितलाई प्रहरीले मङ्सिर १ गते गिरफ्तार गर्‍यो। आरोपितलाई जिल्ला अदालतले २०७५ पुस ९ गते जनही ५० हजार रुपैँया धरौटीमा रिहा गर्ने आदेश दियो।

**बेचबिखन तथा ओसारपसार**

२१ वर्षीया महिलालाई राम्रो जागिर लगाइदिने प्रलोभन देखाएर भारत लैजाँदै गरे को अवस्थामा साना हात र प्रहरीको सहकार्यमा

बेलहिया नाकाबाट २०७५ साउन ८ गते दिउँसो उद्धार गरियो। घटनामा संलग्न भएको आरोपमा प्रहरीले लुम्बिनी सांस्कृतिक नपा–१ का २३ वर्षीय सर्वेश कहाँर, २० वर्षीय टेगाने भन्ने सन्दीप कहाँर र २६ वर्षीय राजमन लोधलाई साउन ८ गते गिरफ्तार गऱ्यो। आरोपितहरूलाई जिल्ला अदालतले साउन १८ गते पुर्पक्षका लागि थुनामा पठायो।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा जिल्ला अस्पताल १ (भिम अस्पताल भैरहवा) र प्रादेशिक अस्पताल १ (लुम्बिनी अञ्चल) छन्। ६४ हेल्थ पोस्ट, पाँच प्राथमिक स्वास्थ्य केन्द्र, ११ नगर स्वास्थ्य केन्द्र, दुईओटा सामुदायिक स्वास्थ्य केन्द्र, २ सय २९ ओटा गाउँघर क्लिनिक, २ सय ७१ ओटा खोप क्लिनिक छन् भने १ हजार ५ सय ११ जना स्वास्थ्य स्वयंसेविका छन्। जिल्लामा पाँच जना डाक्टरको दरबन्दी रहेकामा चार जना कार्यरत छन्। त्यस्तै लुम्बिनी अञ्चल अस्पताल बुटवलमा ९८ जना डाक्टरको दरबन्दी रहेकामा ७७ जना डाक्टर कार्यरत छन्।


**सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बेचबिखन तथा ओसारपसार | ५ | ५ |
| बलात्कार | ३१ | ३१ |
| यौन दुर्व्यवहार | ११ | ११ |
| जम्मा | ४७ | ४७ |

| महिला अधिकार | | | | | | |
|---|---|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएको | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बेचबिखन तथा ओसारपसार | | १ | | | १४ | १५ |
| जबरजस्ती यौन कार्यमा लगाएको | | | | | १ | १ |
| कथित बोक्सीको आरोप | | | | | २ | २ |
| बलात्कार | | | | | १४ | १४ |
| बहुविवाह | १ | १३ | | | ११ | २५ |
| घरेलु हिंसा | | | ५२ | १ | ३ | ५६ |
| यौन दुर्व्यवहार | १ | | १ | | ६ | ८ |
| जम्मा | २ | १४ | ५३ | १ | ५१ | १२१ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | ६ | ७ |

# ५.९ कपिलवस्तु




**जम्मा जनसङ्ख्या**
**६,२२,९५५**

**महिला**
**३,१०,३६१**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**३**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**६**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**२,०१,७७२**

**कामका लागि बाहिरिएका**
**२९,७९२**

**अपाङ्गता भएका**
**७,३३३**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**५४.९**

**आश्रित जनसङ्ख्या**
**२,७७,८३४**

| घटनाको प्रकार | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | १ | | १ |
| बाल अधिकार | | | ८ | | ८ |
| अमानवीय व्यवहार | १ | १ | | | |
| अपहरण | | | | १ | १ |
| महिला अधिकार | | | १५२ | | १५२ |
| जातीय विभेद | | | १ | १ | २ |
| गिरफ्तारी | १ | १ | | | |
| कुटपिट | | | १ | १ | २ |
| हत्या | | | ३ | ७ | १० |
| जम्मा | २ | २ | १६६ | १० | १७६ |

*२०६४ भदौ ३० गतेका दिन अज्ञात पक्षको गोली प्रहारबाट स्थानीय समाजसेवी अब्दुल मोइद खानको हत्या भएपछि चन्द्रौटा, कृष्णनगर, गणेशपुर, बहादुरगन्जलगायतका क्षेत्रमा साम्प्रदायिक हिंसा भड्किएको थियो। घटनाले गम्भीर रुप लिँदा भदौ ३१ असोज १ र २ गते सम्म हिंसा भएको थियो।*

*उक्त घटनामा १४ जनाको हत्या, ७ सय बढी पसल, घरटहरा लुटपाट र आगजनी भएको थियो भने १ सय ६० भन्दा बढि सवारी साधनमा आगजनी गरिएको थियो। उक्त घटनाबाट १० औँ हजार नागरिक विस्थापित बनेका थिए। घटना अनुसन्धान गर्न सरकारले पूर्व न्यायधीश लोकेन्द्र मल्लिकको संयोजकत्वमा उच्च स्तरीय छानविन आयोग गठन गरेको थियो।*

*मल्लिक आयोगले कपिलवस्तु घटनाको छानविन गरी प्रतिवेदन सरकारलाई बुझाएको भएपनि सरकारले भने उक्त प्रतिवेदन सार्वजनिक गरेको छैन। घटनाका पीडितले सूचना आयोगमा उजुरी गरेपछि केही आंशिक प्रतिवेदन भने सार्वजनिक भएको थियो। प्रतिवेदनलाई आधार मान्दै साविकका आठ गाविसका ३ हजार बढी घटना पीडितले क्षतिपूर्ति माग गर्दै आएका छन्। घटनाको ११ वर्ष पुगिसक्दा पनि पीडितहरूले क्षतिपूर्ति पाउन सकेका छैनन् भने घटनाका दोषी को थिए सार्वजनिक भएको छैनन। पीडितहरूले न क्षतिपुर्ति पाए न हाल सम्म न्याय पाए।*

*कपिलवस्तु घटना पीडित सङ्घर्ष समितिले मल्लिक आयोगको प्रतिवेदनलाई आधार मानी २०६८ सालमा सर्वोच्च अदालतमा क्षतिपूर्ति तथा दोषी सार्वजनिक गरी कारवाहीको माग सहित सरकार विरुद्ध मुद्दा दायर गरेका थिए। तर, उक्त मुद्दाको हालसम्म*

*कुनै सुनुवाइ नभएको कपिलवस्तु घटना पीडित सङ्घर्ष समितिका संयोजक महादेव पोखरेल बताउँछन्।*

*कपिलवस्तुमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट सन् २०१७ मा २ सय २६ महिला र ६० पुरुष गरी २ सय ८६ जना पीडित भएका थिए। सन् २०१८ मा १ सय ६६ महिला र १२ पुरुष गरी १ सय ७८ जना पीडित भए। यो वर्ष अपहरणबाट एक पुरुष, गिरफ्तारबाट एक पुरुष, कुटपिटबाट एक महिला र एक पुरुष गरी दुई, जातीय भेदभावबाट एक महिला र एक पुरुष गरी दुई जना तथा अमानवीय व्यवहारबाट एक पुरुष पीडित भए। तीन महिला र सात पुरुषको हत्या भएको इन्सेकमा अभिलेख भयो।*

## नागरिक तथा राजनीतिक अधिकार

## सम्मानितरूपले बाँच्न पाउने अधिकार

### हत्या

#### अन्यपक्षबाट

शुद्धोधन गापा–४ मोतिभारीका दीपेन्द्रकुमार चौधरी (राजा बाबु) २०७५ मङ्सिर ७ गते राति अज्ञात पक्षको गोली प्रहारबाट गम्भीर घाइते भएकामा उपचार गर्न भैरहवा मेडिकल कलेज लैजाने क्रममा बाटोमै मृत्यु भयो। उनी प्रदेश सभा सदस्य निर्वाचनमा कपिलवस्तु क्षेत्र नं. १ 'ख' बाट स्वतन्त्र उम्मेदवार थिए। मृतकका आफन्तले मङ्सिर ९ गते जिल्ला प्रहरी कार्यालयमा अजीत पाण्डे, रमाकान्त पाण्डेलगायत सात जनाविरुद्ध उजुरी दिएका थिए। घटनामा संलग्न भएको आरोपमा प्रहरीले शुद्धोधन गापा–४ का ४० वर्षीय अजीत पाण्डे र ६० वर्षीय रमाकान्त पाण्डेलाई मङ्सिर ७ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतले २०७५ पुस ३ गते पुर्पक्षका लागि थुनामा पठायो।

मृतकका आफन्तले मङ्सिर ८ गते भैरहवा मेडिकल कलेजबाट पोस्टमार्टम गरी शव ल्याएर लवनी चोकमा राखी दिनभर प्रदर्शन गरेका थिए। सुरक्षाकर्मी र स्थानीयबीच दिनभरजसो मुठभेड भएको थियो। प्रहरीले भिड नियन्त्रण गर्न ४७ राउन्ड अश्रुग्यास र १२ राउन्ड हवाइफायर गरेको जनायो। दीपेन्द्रको हत्या भएकै दिन राति करिव ९ बजे घटनाबाट आक्रोशितहरूले अजित पाण्डे र रमाकान्त पाण्डेको घर र कम्पाइन मेसिन, ट्रयाक्टर, मोटरसाइकललगायतमा आगजनी गरेका थिए। उनीहरूले लवनीस्थित पेट्रोल पम्प तथा गापाको कार्यालयमा समेत आगजनीको प्रयास गरेकामा सुरक्षाकर्मीले रोकेका थिए। स्थानीय र प्रशासनबीचमा मङ्सिर ९ गते भएको सहमतिअनुसार मृतकलाई शहीद घोषणा गर्ने र १० लाख रुपियाँ क्षतिपूर्तिका लागि सिफारिस गरेपछि मङ्सिर ९ गते दाहसंस्कार भएको थियो।



***अज्ञात पक्षबाट हत्या गरिएका राजाबाबु भनिने दिपेन्द्र चौधरी***

### कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता २ सय ८० जनाको छ। तर २ सय १० कैदी र ९७ थुनुवा गरी ३ सय ७ जना छन्। जसमा महिला दुईजना छन्। ६० वर्षमाथिका ६ जना पुरुष छन्। १९९५ सालमा निर्माण गरिएको यो कारागारका केही कोठा जीर्ण छन्। थपिएको नयाँ कारागार तथा नयाँ कोठाले कैदी/बन्दीलाई केही सहज भएको छ।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

चार न्यायाधीश रहेका यहाँको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ५ सय ८२ मध्ये ३ सय १० थान फैसला भए भने देवानी मुद्दातर्फ १ हजार १ सय २३ मध्ये ३ सय ५३ थान फैसला भए। यो अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा ६ र देवानी मुद्दा ११ थान छन्।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*कपिलवस्तुमा ३ सय ४ आधारभूत र १ सय २७ मावि छन्। १ हजार ८ सय ३ शिक्षक दरबन्दी रहेकामा ३३ रिक्त छ। यस वर्ष ५५ हजार ८ सय १३ बालक र ५७ हजार ७४ जना बालिका भर्ना भए। जिल्लाका सबै विद्यालय अपाङ्गमैत्री रहेको शिक्षा विकास तथा समन्वय एकाइले जनायो। १० हजार ८ दलित बालक र १० हजार १ सय ६५ दलित बालिकाले छात्रवृत्ति पाए। द्वन्द्वपीडित परिवारका ४० जना बालबालिकाले छात्रवृत्ति पाए। जिल्लामा शहीद परिवार भनेर*

*कहिँबाट हालसम्म सिफारिस नभएका कारण छात्रवृत्ति नछुट्याइएको शिक्षा विकास तथा समन्वय एकाईले जनायो।*

*सन् २०१८ मा बालबालिकाविरुद्ध हुने हिंसाका घटनामा गत वर्षको तुलनामा केही कमी भयो। यो वर्ष आठ जना बालिका पीडित भए। जसमध्ये बेचबिखन तथा ओसारपसारबाट चार जना, बलात्कारबाट तीनजना र यौन दुर्व्यवहारबाट एकजना छन्। सन् २०१७ मा भने १४ बालिका र एक बालक गरी १५ जना पीडित भए। जसमध्ये बलात्कारबाट १० बालिका, यौन दुर्व्यवहारबाट दुई बालिका र एक बालक गरी तीन, नवजात शिशुको हत्याबाट एक बालिका र बेचबिखनबाट एक बालिका पीडित भए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बेचबिखन तथा ओसारपसार | ४ | ४ |
| बलात्कार | ३ | ३ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ८ | ८ |

**बलात्कार, यौन दुर्व्यवहार_**

पाँच वर्षीया बालिकालाई २०७४ फागुन १४ गते बलात्कार गरेको भन्दै मायादेवी गापा-५ बलुहवाका ३० वर्षीय रामचन्द्र चमारविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा फागुन १५ गते उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण फागुन १५ गते जिल्ला अस्पतालमा भयो। आरोपित फरार रहे।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव तथा दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै १ सय ४२ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका ४५, खान/लाउन नदिएको ४०, विवाह दर्ता र नागरिकता नबनाएको ११, अर्की श्रीमती ल्याएर हेला गरेको एक र सामान्य घरायसी झगडाका ४५ घटना छन्। यीमध्ये प्रहरीले १ सय ३० ओटामा मिलापत्र गरायो भने दुई उजुरी कानुनी प्रक्रियामा छन्। १० ओटाको सुनुवाइ नै भएको छैन। निवेदन दिएर सम्पर्कमा नआएको भएर सुनवाइ नभएको प्रहरीले जनायो।*

*सन् २०१८ मा महिलाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा कमी देखियो। यो वर्ष १ सय ५२ जना महिला पीडित भए। जसमध्ये घरेलु हिंसाबाट १ सय ३८, बेचबिखन तथा ओसार पसारबाट ६, बलात्कारबाट पाँच, कथित बोक्सीको आरोपबाट दुई र बलात्कार प्रयासबाट एकजना पीडित भए। सन् २०१७ मा १ सय ९८ जना महिला पीडित भएका थिए। जसमध्ये घरेलु हिंसाबाट १ सय ८३, बलात्कारबाट पाँच, बलात्कार प्रयासबाट चार, बेचबिखन प्रयासबाट तीन, बहुविवाहबाट दुई र बेचबिखनबाट एकजना थिए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बेचबिखन तथा ओसारपसार | ६ | ६ |
| कथित बोक्सीको आरोप | २ | २ |
| बलात्कार | ५ | ५ |
| बलात्कार प्रयास | १ | १ |
| घरेलु हिंसा | १३८ | १३८ |
| जम्मा | १५२ | १५२ |

**परिवारजनबाट हत्या**

वाणगङ्गा नपा-४ झुङ्गाकी ३१ वर्षीया जोगकुमारी मगरलाई ३८ वर्षीय पति नरबहादुर मगरले २०७५ असार २२ गते राति शरीरमा मट्टितेल खन्याइ आगो लगाएर हत्या गरेको आरोपमा असार २३ गते मगरलाई प्रहरीले गिरफ्तार गऱ्यो। मादक पदार्थ खाएर घरमा आइ सो घटना गराएको जिल्ला प्रहरी कार्यालयले जनायो। आगोले डढेर घाइते भएकी जोगकुमारीलाई प्रहरी चौकी जहदीबाट गएको टोलीले राति नै सामुदायिक अस्पताल ४ नं. मा उपचारका लागि लगेकामा त्यहाँ सामान्य उपचारपछि पाल्पा मिसन अस्पताल रिफर गरिएको थियो। पाल्पा लैजाने क्रममा उनको बाटोमै मुत्यु भएको थियो। शवको पोस्टमार्टम जिल्ला अस्पतालमा २०७५ असार २३ गते भयो। आरोपितलाई जिल्ला अदालतले २०७५ साउन १५ गते पुर्पक्षका लागि थुनामा पठायो।

शिवराज नपा-१ वनकट्टाकी ३५ वर्षीया सुमित्रा परियारलाई ४० वर्षीय पति बसन्त परियारले २०७५ कात्तिक ११ गते बन्चरो प्रहार गरी हत्या गरेको वडा प्रहरी कार्यालय चन्द्रौटाले जनायो। शवको पोस्टमार्टम

२०७५ कात्तिक १२ गते शिवराज अस्पतालमा भयो । बसन्त फरार रहे ।

यशोधरा गापा–२ की ३० वर्षीया शकुन्तला यादवले २०७५ साउन ६ गते शरीरमा मट्टितेल खन्याइ छोरा/छोरीसहित आत्महत्या प्रयास गरेको भनिए उक्त घटना आत्महत्या नभई हत्या भएको दाबी गर्दै पीडितका आफन्तले २०७५ साउन २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । शकुन्तलाले नाबालक छोरा/छोरीलाई समेत आफ्नो शरीरमा बाँधेर शरीरमा आगो लगाएको प्रचार गरिएको थियो । पीडितका पिता राजकिशोर यादवले ज्वाइँ रामकिशुन यादवविरुद्ध उजुरी दिएका थिए । शकुन्तलाको साउन ८ गते भैरहवा मेडिकल कलेजमा र आर्यनको साउन २२ गते उपचारकै क्रममा पाल्पा मिसन अस्पतालमा मृत्यु भयो । शकुन्तलाको पोस्टमार्टम साउन ९ गते भैरहवा मेडिकल कलेजमा र आर्यनको साउन २३ गते पाल्पा मिसन अस्पतालमा भयो । साउन २३ गते गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले भदौ १३ गते पुर्पक्षका लागि थुनामा पठायो । घटनालगत्तै रामकिशुनका बुबा ६० वर्षीय बाहाउ यादव, आमा ५० वर्षीया पार्वती, ३० वर्षीया भाउजू घिरौनी फरार छन् । घटनामा बाँचेकी बालिका आर्या भने मावलीमा छन् ।

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२० वर्षीया युवतीलाई २०७५ असोज २७ गते राति शिवराज नपा–१० का ५१ वर्षीय जयफउल्ला गद्दी र २१ वर्षीय रहेमान गद्दीले सामूहिक बलात्कार गरेको वडा प्रहरी कार्यालय चन्द्रौटाले जनायो । युवतीलाई राति ९ बजेतिर घरपछाडिको नल्कामा हात धुन गएका बेला उनीहरूले मुख छोपेर घरपछाडिको खेतमा लगी बलात्कार गरेको पीडित पक्षले जनायो । युवतीको स्वास्थ्य परीक्षण शिवराज अस्पतालमा असोज २८ गते भयो । आरोपितहरू फरार रहे ।

### बेचबिखन तथा ओसारपसार

२२ वर्षीया युवतीलाई विवाह गर्ने बहानामा सिमाना पार गराउन लागेको अवस्थामा २०७४ पुस २५ गते इलाका प्रहरी कार्यालय कृष्णनगरले उद्धार गर्नुका साथै घटनास्थलबाट बेचबिखन तथा ओसारपसारमा संलग्न रहेको हुन सक्ने शङ्कामा वाणगङ्गा नपा–२ की ३० वर्षीया पार्वती भट्टराईलाई गिरफ्तार गर्‍यो । युवतीलाई परिवारको जिम्मा लगाइएको इन्स्पेक्टर सुवास गैरेले जानकारी दिए । पार्वतीलाई जिल्ला अदालतले २०७४ माघ १८ गते पुर्पक्षका लागि थुनामा पठाएकामा २०७५ असार १६ गते दुई वर्षको कैद सजाय सुनायो ।

### कथित बोक्सीको आरोप

बुद्धभूमि नपा–९ बरकलपुरकी ४४ वर्षीया नोनिया थारूलाई सोही ठाउँका ४५ वर्षीया लोहरी थारूले २०७४ चैत २९ गते कथित बोक्सीको आरोपमा गाली बेइज्जती गरेको भन्दै इलाका प्रहरी कार्यालय गोरुसिङ्गेमा चैत ३० गते उजुरी दिइन् । चैत ३० गते गिरफ्तार परेकी लोहरीलाई जिल्ला अदालतले २०७५ वैशाख २२ गते ३५ हजार रुपियाँ धरौटीमा छाड्ने आदेश दिएकामा साउन २२ गते ५ हजार रुपियाँ जरिबाना र ६ महिनाको कैद सजाय सुनायो ।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### आगजनी, तोडफोड, सम्पत्ति क्षति

विप्लव नेतृत्वको नेकपाले २०७४ फागुन ९ गते आह्वान गरेको नेपाल बन्दका क्रममा शिवराज नपा र बुद्धभूमि नपा सिमाना तथा महेन्द्र राजमार्गमा पर्ने बेलनदी नजिकै अज्ञात पक्षले पेट्रोल बम प्रहार गर्दा काठमाडौँबाट दाङका लागि गुडेको ना ६ ख ७९१० नम्बरको यात्रुबाहक बसमा क्षति हुनुका साथै बसमा यात्रा गरिरहेका यात्रु सामान्य घाइते भए । दिउँसो करिब २ बजेको समयमा प्रहरीले स्कर्टिङ गर्दै लगेको अवस्थामा पछाडि रहेको बसमा अज्ञात पक्षले पेट्रोल बम प्रहार गरेको डिएसपी नरेन्द्र कार्कीले जानकारी दिए । घाइतेको उपचार चन्द्रौटास्थित सामुदायिक अस्पतालमा भयो । उक्त बस आफूहरूको स्कर्टिङमा गन्तव्यतर्फ पठाइएको प्रहरीले जनायो ।

## स्वास्थ्य सेवाको अवस्था

कपिलवस्तुमा तीन अस्पताल, ७३ स्वास्थ्य चौकी र तीन प्राथमिक स्वास्थ्य केन्द्र छन् । जिल्लामा ११ डाक्टरको दरबन्दी रहेकामा पाँचजना कार्यरत छन् । त्यस्तै अहेवको २ सय ३३ दरबन्दी रहेकामा २ सय १० जना कार्यरत छन् । अनमीको १ सय ६४ दरबन्दी रहेकामा १ सय ५० जना कार्यरत छन् ।

## सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

### बाल अधिकार

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बेचबिखन तथा ओसारपसार | | १ | ३ | ४ |
| बलात्कार | १ | | २ | ३ |
| यौन दुर्व्यवहार | | | १ | १ |
| जम्मा | १ | १ | ६ | ८ |


### महिला अधिकार

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएको | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|---|
| बेचबिखन तथा ओसारपसार | २ | १ | | | ३ | ६ |
| कथित बोक्सीको आरोप | | १ | १ | | | २ |
| बलात्कार | | | | | ५ | ५ |
| बलात्कार प्रयास | | | | | १ | १ |
| घरेलु हिंसा | | १ | १३० | १५ | २ | १३८ |
| जम्मा | २ | ३ | १३१ | १५ | ११ | १५२ |

### मारिएकाको घटना सङ्ख्या

| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | २ | ८ | १० |

# ५.१० दाङ




**जम्मा जनसङ्ख्या**
५,९३,७५७

**महिला**
३,१८,६३०

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
३

**प्रदेशसभा निर्वाचन क्षेत्र**
६

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
१,३७,२५५

**कामका लागि बाहिरिएका**
४३,१६०

**अपाङ्गता भएका**
१२,८८१

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
९६.८

**आश्रित जनसङ्ख्या**
२,४७,३६८

| घटनाको प्रकार | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | | ४७ | १ | ४८ |
| अमानवीय व्यवहार | | ३ | ३ | | ५ | ५ |
| महिला अधिकार | | | | ७९ | | ७९ |
| जातीय विभेद | | | | ८ | १ | ९ |
| गिरफ्तारी | १ | ७ | ८ | | | |
| यातना | | २ | २ | | | |
| कुटपिट | | | | १ | २ | ३ |
| धम्की | | | | १ | | १ |
| हत्या | | | | ४ | २ | ६ |
| जम्मा | १ | १२ | १३ | १४० | ११ | १५१ |

*प्रदेश पाँचको मध्यभागमा पर्ने दाङ जिल्लामा पछिल्ला वर्ष सवारी दुर्घटनाका कारण सर्वसाधारणले ज्यान गुमाउने क्रम बढेको छ । स्वतन्त्र हिँडडुल र सुरक्षित आवतजावतको प्रत्याभूति दाङवासीले गर्न पाएका छैनन् । पूर्व पश्चिम महेन्द्र राजमार्ग, हुलाकी मार्ग, दामोदर मार्ग, शहीद मार्ग, राप्ती राजमार्ग र मदन भण्डारी राजमार्गका केही भाग दाङमा पर्छन। जिल्लाका १० ओटै तहले गाउँ–गाउँसम्म पक्की, कच्ची मार्ग निर्माण गरेपछि सबै पालिकामा सवारी साधन पुग्छन् । तर जति सवारी साधनले सुगमताको महसुस गराएका छन, जीर्ण र साँघुरा सडक, मापदण्ड विपरीतका सवारी साधन र ट्राफिक नियम पालना हुन नसक्दा यिनै सवारी साधन नागरिकका लागि मृत्युका कारण बनिरहेका तथ्याङ्कले देखाएका छन् ।*

*चालु आर्थिक वर्ष २०७५/७६ को साढे पाँच महिनामा दाङमा सवारी दुर्घटनामा परी ६३ जनाले ज्यान गुमाइसकेका छन् भने १ सय ७८ जना घाइते भए। २०७५ पुसको १ देखि १२ गतेसम्म भएका सवारी दुर्घटनामा मात्र २७ जनाको मृत्यु भयो भने १८ जना घाइते भए। साढे पाँच महिनामा भएका ९७ दुर्घटनामा १ सय २९ सवारी साधन परे । यीमध्ये सबैभन्दा धेरै ७० ओटा मोटरसाइकल र १८ ओटा बस दुर्घटनामा परे । यो वर्षमात्रै होइन, सवारी दुर्घटनाका सन्दर्भमा दाङको विगत पनि राम्रो देखिँदैन । जिल्ला ट्राफिक कार्यालय दाङका अनुसार बितेका चार वर्षमा २ सय ८१ जनाले सवारी दुर्घटनामा ज्यान गुमाएका छन् भने ९ सय २८ जना घाइते भएका छन् । आव २०७१/७२ देखि २०७४/७५ मा ५ सय ५३ सवारी दुर्घटनामा ७ सय १३ सवारी साधन क्षतिग्रस्त भए । जसमा सबै भन्दा धेरै ३ सय १९ मोटरसाइकल दुर्घटना भए ।*

*आव २०७१/७२ मा १ सय ३० दुर्घटनामा ५४, आव २०७२/७३ मा १ सय १२ दुर्घटनामा ७१, आव २०७३/७४ मा १ सय ४० दुर्घटनामा ७७, आव २०७४/७५ मा १ सय ७१ दुर्घटनामा ७९ र आव २०७५/७६ को साढे ५ महिनामा ९७ दुर्घटनामा ६३ जनाको मृत्यु भएको छ । ६ लाखभन्दा बढी जनसङ्ख्या रहेको दाङमा ६० हजारभन्दा बढी सवारी साधन छन् भने त्यसको नियमन गर्ने ट्राफिक प्रहरीको दरबन्दी दुई कार्यालय सहयोगीसहित ३१ जनामात्र छन्। त्यसैले अकालमा ज्यान जानबाट नागरिकलाई बचाउन सडक, सवारी साधन मापदण्डअनुसार सञ्चालन गरी ट्राफिक प्रहरीको दरबन्दी बढाउन जरुरी छ।*

*दाङमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट सन् २०१७ मा १ सय महिला र ४९ पुरुष गरी १ सय ४९ जना पीडित भएका थिए। सन् २०१८ मा १ सय ४१ महिला र २३ पुरुष गरी १ सय ६४ जना पीडित भएको इन्सेकमा अभिलेख भयो।*

### कारागार र बन्दी

जिल्लामा 'ग' श्रेणीका दुईओटा कारागार सञ्चालनमा छन्। ५० जना क्षमताको घोराही कारागार मा १ सय ३८ कैदी र १ सय १८ थुनुवा गरी २ सय ५६ कैदी/बन्दी छन्। पुरुषमात्रै रहेका यो कारागारमा ६२ देखि ७२ वर्षसम्मका पाँचजना वृद्ध कैदी/बन्दी छन्। क्षमताभन्दा पाँच गुणा बढी कैदी/बन्दी रहेकाले सुत्न ठाउँ नभएर बरण्डामै पाल टाँगेर काम चलाइएको छ । २०६२ सालमा बनेको कारागारको प्रशासन र बन्दी/थुनुवा घर गरी दुई ओटा भवन छन्।

४ सय ५० क्षमताको तुलसीपुर कारागारमा ३३ महिला, ३ सय ८२ पुरुष गरी ४ सय १५ कैदी/बन्दी छन्। जहाँ ४ सय ३ कैदी र १२ जना बन्दी छन्। पाँच वर्षमुनिका चार बालिका, एक बालक गरी पाँचजना आश्रित बालबालिका छन्।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

तीन न्यायाधीश रहेका यहाँको जिल्ला अदालत घोराहीबाट यो वर्ष १ हजार ८ सय ४९ मुद्दा परेकामा फौजदारी मुद्दातर्फ ९ सय ५८ मध्ये ५ सय २० फैसला भए। देवानी मुद्दातर्फ ८ सय ९१ मध्ये ३ सय ५५ फैसला भए। यो अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा छैन भने देवानी मुद्दा एउटामात्रै छ।

आठ न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत तुलसीपुरमा चारजनामात्र कार्यरत छन्। यस वर्ष यो अदालतमा ४ सय ८७ मुद्दा परेकामा फौजदारी मुद्दातर्फ २ सय ८४ मध्ये ७२ थान फैसला भए भने देवानी मुद्दातर्फ १ सय ४२ मध्ये ४८ थान फैसला भए। दुई वर्ष नाघेका फौजदारी मुद्दा ५ ओटा रहे। त्यसै गरी यो वर्ष ५३ रिट परेकामा २७ फैसला भए।

### यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड सजाय

घोराही उमनपा-१४ का ३७ वर्षीय कुम्वीर बुढालाई २०७५ भदौ १८ गते प्रहरीले हिरासतमा चरम यातना दिएको भन्दै पीडित परिवारले भदौ २९ गते पत्रकार सम्मेलन गरी यातना रोक्न माग गरे। ज्यान मारे को अभियोगमा भदौ १६ गते गिरफ्तार परेका बुढालाई जिल्ला प्रहरी कार्यालयमा जबर्जस्ती आरोप स्वीकार गराउन चरम यातना दिएको भेटेपछि पीडितकी आमा ७४ वर्षीया हरिकला बुढाले पत्रकार सम्मेलनमा यस्तो माग गरेकी हुन्। हिरासतमा भेट्दा कुम्वीरको दाहिने कान र दुवै गोडाका पैताला सुन्निएको, चोटले निलडाम भएको र शरीरका विभिन्न भागमा निलडाम देखिएको भन्दै हरिकलाले छोराको जीवन रक्षाको माग गरिन् । यातनाले घाइते कुम्वीरलाई प्रहरी आफैँले भदौ २८ गते राप्ती उपक्षेत्रीय अस्पतालमा उपचार गराएको पीडित परिवारले बताए। तर, पीडित परिवारले उजुरी भने दिएनन्। प्रहरीले पनि यातना नदिएको बतायो।

राप्ती गापा-७ का २९ वर्षीय केशव सुवेदीलाई २०७४ फागुन २ गते अस्थायी प्रहरी पोस्ट सिसहनियामा कार्यरत असइ ४० वर्षीय मीनबहादुर खातीले चौकीभित्र लगेर कुटपिट गर्नुका साथै यातना दिएको भन्दै जिल्ला प्रहरी कार्यालयमा फागुन ३ गते उजुरी दिए। फागुन २ गते आफ्नै काकासँग विवाद भएपछि प्रहरीले सोही दिन चौकीमा यातना दिएको र यस विषयमा बाहिर भन्ने काम गरे गोली हान्ने र परिवार नै मारिदिने धम्की दिएर सोही दिन छाडेको पीडितले बताए। पीडितको लमही अस्पतालमा फागुन २ गते उपचार भयो। एसपी दुर्गा सिंहले फागुन ३ गते नै असइ खातीलाई विभागीय कारबाही गर्ने प्रतिबद्धता जनाए पनि कारबाही भने भएन।

### अमानवीय व्यवहार

शीतगङ्गा नपा-९ अर्घाखाँचीकी ३९ वर्षीया दिलमाया पुनलाई २०७५ जेठ २५ गते राप्ती गापा-१ की ३९ वर्षीया रेखा गुप्ता र २९ वर्षीया अनीता गुप्ताले सार्वजनिक स्थलमै अर्धनग्न

बनाएर कुटपिट गरेको भन्दै पीडित पक्षले जेठ २८ गते इलाका प्रहरी कार्यालयका भालुबाङमा उजुरी दिए । आफूले भनेको मूल्यमा घडेरी बिक्री नगरेको भन्दै दुर्व्यवहार तथा कुटपिट गरेको पीडितले बताइन् । पीडितको उपचार बुटवलमा भयो । सामान्य घटना भन्दै जेठ २५ गते नै प्रहरीले मिलापत्र गराएर पठाए पनि घटनाबारे सामाजिक सञ्जालमा आएपछि प्रहरीले उजुरी दर्ता गरी आरोपितहरूलाई जेठ २८ गते गिरफ्तार गर्‍यो । जिल्ला प्रशासन कार्यालयले २०७५ असार १३ गते दुवैजनालाई ६/६ महिना कैद र १५ हजार रुपियाँ उपचार खर्च उपलब्ध गराउने सजाय सुनायो ।

**दुर्व्यवहार**

नयाँ युगबोध दैनिकका सहसम्पादक घोराही उमनपा–१८ का ३५ वर्षीय नरेन्द्र केसी, युगबोध दैनिककै फोटो पत्रकार घोराही उमनपा–१५ का ३७ वर्षीय कुलदीप न्यौपाने, सोही ठाउँकै नौलो जनउभार साप्ताहिकका कार्यकारी सम्पादक ३० वर्षीय डिल्ली मल्ल र खबर टोकरी अनलाइनका प्रकाशक/सम्पादक डिल्लीराज खड्कालाई २०७४ माघ ६ गते आन्दोलनकारीले दुर्व्यवहार गरे । पाँच नम्बर प्रदेशको अस्थायी राजधानी दाङ हुनुपर्ने माग गर्दै गरिएको आमहड्ताल र विरोध सभाको समाचार सङ्कलन गर्न रा१ ब ४३३ नम्बरको स्कारपियोमा लमही पुगेका पत्रकारलाई बन्दमा पनि गाडी चलाएको भन्दै प्रेस लेखिएको ब्यानर च्यातिदिएर आन्दोलनकारीले दुर्व्यवहार गरेका थिए । प्रेस सेन्टर दाङका सचिव पाण्डव शर्माले माघ ६ गते नै विज्ञप्ति निकालेर घटनाको भर्त्सना गरे । तर पीडितहरूले उजुरी भने दिएनन् ।

## बाल अधिकार

### शिक्षाको अवस्था

*जिल्लामा ३ सय २३ आधारभूत र ९५ मावि छन् । २ हजार ३ सय ८५ शिक्षक दरबन्दी रहेकामा १८ रिक्त छ । यस वर्ष ४८ हजार ५ सय ७७ बालिका र ४२ हजार ९ सय ११ बालक भर्ना भए । जिल्लामा १ सय ४५ अपाङ्गमैत्री विद्यालय छन् । ९ हजार २७ दलित बालक र ८ हजार १ सय ५३ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो । साथै द्वन्द्वपीडित परिवारका ८३ बालबालिकालाई छात्रवृत्ति दिइयो भने ६ सय २५ जना मुक्त कमलरीलाई पनि छात्रवृत्ति दिइयो ।*

*सन् २०१८ मा बालबालिकाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भयो । यो वर्ष ४७ बालिका र एक बालक गरी ४८ जना बालबालिका पीडित भए । जसमध्ये बलात्कारबाट ३१ बालिका, यौन दुर्व्यवहारबाट १६ बालिका र विद्यालयमा शारीरिक सजायबाट एक बालक पीडित भए । सन् २०१७ मा भने १९ बालिका र एक बालक गरी २० जना पीडित भएका थिए । जसमध्ये बलात्कारबाट १४ बालिका, यौन दुर्व्यवहारबाट पाँच बालिका र विद्यालयमा शारीरिक सजायबाट एक बालक पीडित भए ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बलात्कार | ३१ | | ३१ |
| विद्यालयमा शारीरिक सजाय | | १ | १ |
| यौन दुर्व्यवहार | १६ | | १६ |
| जम्मा | ४७ | १ | ४८ |

**दुर्व्यवहार**

जनज्योति मावि घोराही–१५ मा कक्षा १० मा अध्ययनरत विद्यार्थी १६ वर्षीय अजीत केसीलाई २०७५ साउन ८ गते अनुशासन विपरित काम गरेको भन्दै विद्यालय प्रशासनले दुई महिना विद्यालय प्रवेशमा रोक लगायो । घाँटीको अप्रेसन गरेका केसीलाई कक्षामा नोट लेख्न खोज्दा ३८ वर्षीय नेपाली शिक्षक मदन रेग्मीले अप्रेसन गरेकै ठाउँमा हानेपछि घाउ भएको ठाउँमा नहान्न आग्रह गर्दासमेत पटकपटक त्यही ठाउँमा हानेपछि विद्यार्थीले शिक्षकमाथि दुर्व्यवहार गरेका थिए । तर पीडित पक्षले शिक्षकमाथि दुर्व्यवहार गरेकामा साउन ८ गते नै माफी मागेपछि भने रोक लगाएको ९ दिनपछि साउन १७ गतेबाट सुचारु भयो ।

**बलात्कार, यौन दुर्व्यवहार**

१४ वर्षीया बालिकालाई २०७४ फागुन १ गते बलात्कार गरेको भन्दै राप्ती गापा–७ का २० वर्षीय दिनेश भनिने अमित चौधरीविरुद्ध पीडित पक्षले २०७४ फागुन ७ गते इलाका प्रहरी कार्यालय गढवामा उजुरी दिए । बिहे गर्छु भन्दै लगेर जबर्जस्ती गरेको बालिकाले बताइन् । बालिकाको स्वास्थ्य परीक्षण राप्ती उपक्षेत्रीय अस्पतालमा फागुन ७ गते भयो । फागुन ७ गते गिरफ्तार परेका अमितलाई जिल्ला अदालतले चैत २२ गते आठ वर्ष कैद सजाय सुनायो ।

**महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार**

*यस वर्ष घरेलु हिंसापीडित भन्दै १ सय ८३ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिटका ९६, घर निकाला ४६ र*

*खान/लाउन नदिएको ३८ ओटा छन् । तीमध्ये १ सय १५ घटनामा प्रहरीले मिलापत्र गरायो भने ६८ घटना प्रक्रियामै छन् ।*

*सन् २०१८ मा महिलाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भयो । यो वर्ष ७९ जना महिला पीडित भए । जसमध्ये घरेलु हिंसाबाट ६३, बलात्कारबाट पाँच, यौन दुर्व्यवहारबाट पाँच, कथित बोक्सीको आरोपबाट चार, जरबजस्ती गर्भपतनबाट एक र बलात्कार प्रयासबाट एक महिला पीडित भए । सन् २०१७ मा ७१ जना महिला पीडित भएका थिए । जसमा घरेलु हिंसाबाट ५३, बलात्कारबाट १३, बलात्कार प्रयासबाट दुई, यौन दुर्व्यवहारबाट दुई र कथित बोक्सीको आरोपबाट एकजना पीडित भएका थिए ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| कथित बोक्सीको आरोप | ४ | ४ |
| बलात्कार | ५ | ५ |
| बलात्कार प्रयास | १ | १ |
| घरेलु हिंसा | ६३ | ६३ |
| यौन दुर्व्यवहार | ५ | ५ |
| जबरजस्ती गर्भपतन | १ | १ |
| जम्मा | ७९ | ७९ |

**परिवारजनबाट हत्या**

५६ वर्षीया दिलकुमारी बुढाको २०७५ असार ६ गते हत्या गरेको भन्दै घोराही उमनपा–८ की ३२ वर्षीया बुहारी लालसरी बुढाविरुद्ध पीडित पक्षले असार ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । उनी बस्दै आएको झुपडीमा वृद्धाको शव असार ६ गते भेटिएको थियो । शवको पोस्टमार्टम असार ७ गते राप्ती उपक्षेत्रीय अस्पतालमा भयो। असार ७ गते गिरफ्तार परेकी लालसरीलाई जिल्ला अदालतले असार २९ गते पुर्पक्षका लागि थुनामा पठायो ।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

४८ वर्षीया महिलालाई २०७४ माघ १२ गते बलात्कार गरेको भन्दै १७ वर्षीय बालकविरुद्ध पीडित पक्षले २०७४ माघ १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । तरकारी बिक्रीका लागि घोराहीतर्फ आउँदै गरेकी महिलालाई तरकारी किन्ने भन्दै महेन्द्र बहुमुखी क्याम्पसको पर्खाल नजिकै लगेर बलात्कार गरेको पीडितले बताइन् । महिलाको स्वास्थ्य परीक्षण माघ १२ गते राप्ती उपक्षेत्रीय अस्पतालमा भयो । माघ १५ गते गिरफ्तार भएका अमरलाई जिल्ला अदालतले २०७४ फागुन ८ गते ५ वर्ष कैद र ५० हजार पीडितलाई क्षतिपूर्ति भराउने सजाय सुनायो। आरोपित नाबालक भएकाले ०७५ भदौ १० गते बालसुधार गृह डोटी पठाइयो ।

**कथित बोक्सीको आरोप**

२७ र ३० वर्षीया दुई महिलालाई २०७५ वैशाख १९ गते बर्दघाट नपा–१० नवलपरासी पश्चिमकी ४५ वर्षीया माता भन्ने तुलसा कोइरालाले कथित बोक्सी भन्दै कुटपिट तथा अमानवीय व्यवहार गरेको आरोपमा पीडित परिवारले वैशाख २० गते वडा प्रहरी कार्यालय लमहीमा उजुरी दिए । स्थानीय ४० वर्षीय धनीराम कुमाललाई बोक्सी लागेर बिरामी पारेको भन्दै तुलसाले कुटपिट गर्दै ५/६ ओटा खुर्सानी जबर्जस्ती खुवाएको पीडितहरूले बताए । पीडितहरूको उपचार लमही अस्पतालमा वैशाख १९ गते भयो । वैशाख २१ गते गिरफ्तार भएकी तुलसालाई जिल्ला अदालतले २०७५ असार ६ गते ६ महिना कैद सजाय सुनायो ।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

**सद्‍गतमा अवरोध**

घोराही उमनपा–४ का ७४ वर्षीय रामबहादुर सार्कीको २०७५ कात्तिक ३० गते मृत्यु भएपछि संस्कारअनुसार सद्गत गर्न स्थानीयले नदिएकाले वातावरण बनाइपाउँ भन्दै पीडित पक्षले कात्तिक ३० गते वडा कार्यालयमा मौखिक आग्रह गरे । क्रिस्चियन धर्मावलम्वी सार्कीले मरेपछि शरीर गाडिदिनु भनेकाले परिवारले नजिकैको सुनपुर सामुदायिक वनमा गाड्ने तयारी गर्दा सामुदायिक वनका अध्यक्ष गोवर्धन थापासहित गाउँलेले गाड्न दिएनन् । गाउँलेले कतै पनि गाड्न नदिएपछि बालिमखोलाको बीच भागमा डोजर लगाएर मङ्सिर १ गते साँझ सद्गत भयो ।

**संरचना, सम्पत्ति क्षति, आगजनी**

लमहीबाट राजपुर जाँदै गरेका सातओटा मोटरसाइकलमा २०७५ मङ्सिर १६ गते राजपुर गापा–३ स्थित भैसहवामा नचिनेका मान्छेले आगजनी गरे । गोरु खरिदका लागि गएकी लमही नपा–४ की ३४ वर्षीया नसिवुन निसालाई स्थानीयले कुटपिट गरेको भन्ने खबर

आएपछि लमहीबाट उद्धारका लागि गएका रा ४ प ४१७१, रा ४ प १२१६, रा ४ प २८४९, रा ४ प ३२८८, को ३१ प २५७२, रा २ प ४९३९ र रा ४ प ८०१० नम्बरका मोटरसाइकलमा आगजनी गरिएको प्रहरीले बतायो । राजपुर जाँदै गर्दा नचिनेका मान्छेहरूको ठूलो समूहले चोर चोर भन्दै आइलाग्दा मोटरसाइकल छाडेर भागेपछि आगजनी भएको पीडितमध्येका सन्दीप कुवरले बताए । पीडितहरूले २०७५ मङ्सिर २१ गते इलाका प्रहरी कार्यालय, गढवामा उजुरी दर्ता गरे पनि कसैलाई कारबाही भएन ।

**स्वास्थ्य सेवाको अवस्था**

जिल्लामा एउटा स्वास्थ्य विज्ञान प्रतिष्ठान, एउटा आयुर्वेद क्षेत्रीय अस्पताल, एउटा अञ्चल अस्पताल र एउटा जिल्ला अस्पताल छन् । ३६ स्वास्थ्य चौकी र दुई प्राथमिक स्वास्थ्य केन्द्र छन् । जिल्ला जनस्वास्थ्य मातहत तीन डाक्टरको दरबन्दी रहेकामा दुईजना कार्यरत छन् । हेल्थ असिस्टेन्टको १ सय १४ दरबन्दी रहेकामा १ सय २ कार्यरत छन् । दाङका दस स्थानीय तहमा २४ नगर स्वास्थ्य तथा गाउँ स्वास्थ्य केन्द्र सञ्चालित छन् ।

**सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|---|
| बलात्कार | २ | ६ | ३ | | १८ | २९ |
| विद्यालयमा शारीरिक सजाय | | १ | | | | १ |
| यौन दुर्व्यवहार | २ | | ३ | १ | ९ | १५ |
| जम्मा | ४ | ७ | ६ | १ | २७ | ४५ |


**महिला अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएको | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| कथित बोक्सीको आरोप | १ | १ | | १ | ३ |
| बलात्कार | १ | १ | | ३ | ५ |
| बलात्कार प्रयास | | | | १ | १ |
| घरेलु हिंसा | १ | ५९ | १ | २ | ६३ |
| यौन दुर्व्यवहार | | २ | | ३ | ५ |
| जबरजस्ती गर्भपतन | १ | | | | १ |
| जम्मा | ४ | ६३ | १ | १० | ७८ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | १ | ५ | ६ |

# ५.११ बाँके




**जम्मा जनसङ्ख्या**
५,४१,३४४

**महिला**
२,७५,८१४

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
३

**प्रदेशसभा निर्वाचन क्षेत्र**
६

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
१,२७,६९०

**कामका लागि बाहिरिएका**
२१,३५९

**अपाङ्गता भएका**
७,४६८

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
९१

**आश्रित जनसङ्ख्या**
२,२४,८३९

| घटनाको प्रकार | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | ३३ | १ | ३४ |
| अमानवीय व्यवहार | | | १ | | १ |
| अपहरण | | | २ | १ | ३ |
| महिला अधिकार | | | ७२ | | ७२ |
| यातना | २ | २ | | | |
| धम्की | | | | १ | १ |
| हत्या | | | ४ | | ४ |
| जम्मा | २ | २ | ११२ | ३ | ११५ |

*आजभोलि सबै मानिसको हातमा मोबाइल देखिन्छ । अधिकांश युवायुवती मोबाइलमै व्यस्त देखिन्छन् । नेपाली बजारमा प्रविधिले आफूलाई स्थापित गरिरहेको छ । प्रविधिले कतिपय कामलाई निकै सहज बनाएको छ । तर प्रविधिकै कारण नेपाली महिला र बालबालिका बेचबिखनको उच्च जोखिममा पर्ने गरेका छन् । प्रविधिका कारण हिजोआज मानव बेचबिखनमा बिचौलियाको भूमिकासमेत कम हुँदै गएको छ । महिला सिधै दलालको पोल्टोमा पर्न थालेका छन् । चेलीबेटी बेचबिखनविरुद्ध सरकारी र गैरसरकारी निकाय सक्रिय भएसँगै दलालले आफ्नो शैली पनि फेरेका छन् । विगतमा भौतिक उपस्थितिमै ललाइफकाइ महिला बेच्ने गिरोह अहिले मोबाइल फोनबाटै महिलालाई लोभ्याएर विदेश पुऱ्याउने गरेको पाइन्छ । दलालले फोनमा देखाएको प्रलोभनले ग्रामीण सोझा, अशिक्षित महिलामात्रै नभई सचेत महिला पनि फस्ने गरेका छन् । फेसबुक, म्यासेन्जर हुँदै इमो चलाउने ग्रामीण क्षेत्रका महिलाको सङ्ख्या उच्च देखिएको छ । ग्रामीण क्षेत्रका अधिकांश महिलाले फेसबुकभन्दा इमो बढी चलाउने गरेका छन् । फेसबुक र म्यासेन्जरभन्दा इमो मार्फत कुराकानी गर्न सहज हुन्छ । माइती नेपाल नेपालगञ्जले उद्धार गरेका धैरै महिलाले इमोमार्फत सम्पर्क भएको बताउने गरेका छन् । माइती नेपाल नेपालगन्जका संयोजक केशव कोइरालाले दलालले इमोमार्फत महिलालाई ललाइफकाइ गर्ने शैली अपनाएपछि यसको रोकथाममा पनि चुनौती थपिएको बताए ।*

*सन् २०१८ जनवरीदेखि डिसेम्बरसम्म नेपालगञ्ज नाका भएर खाडी मुलुकबाट चार जना र भारतबाट ७८ जना उद्धार गरियो । जसमा १८ वर्ष*

*मुनिका १९ जना बालिका, ४ जना बालक थिए भने १८ वर्ष माथिका ५९ जना महिला रहेका थिए । यस अवधिमा ८ सय ७५ जना हराएका छन् । जसम्धे १८ वर्ष मुनिका ३ सय ३२ जना बालिका, १ सय २८ बालक र १८ वर्ष माथिका ४ सय १५ जना महिला रहेका छन् । हराएका मध्ये १ सय ४० जना फेला पारेर परिवारसँग पुर्नमिलन गराइएको छ । त्यसैगरी सिमा नाकाबाट यस अवधिमा ९ सय २० जनालाई उद्धार गरिएको छ। ती मध्ये १८ वर्ष मुनका ४ सय १२ बालिका, ३१ बालक, १८ वर्ष माथिका ४ सय ७७ महिला रहेका छन् ।*

*विदेशबाट उद्धार गरिएकामध्ये जनजाति / आदिवासी ४८, दलित १८ र ब्राहमण/क्षेत्री १६ रहेका छन् । त्यसै गरी हराएकामध्ये सबैभन्दा बढी ब्राहमण/क्षेत्री ३ सय ९७ जना, दलित २ सय ७३ जना र जनजाति / आदिवासी २ सय ५ जना रहेका छन् । सिमानाकाबाट उद्धार गरिएकामध्ये सबैभन्दा बढी ब्राहमण/क्षेत्री नै रहेका छन् । जसमा ब्राहमण/ क्षेत्री ३ सय ५६ जना, जनजाति / आदिवासी ३ सय २२ र दलित २ सय ४२ रहेको माइती नेपालको तथ्याङ्कले देखाएको छ । हराउने र सिमा नकाबाट उद्धार गरिनेहरू उच्च घरानाका समेत रहेको तथ्याङ्कले देखाएको छ। विगतका वर्षहरूमा पूर्वी पहाडी जिल्लाका महिला बालबालिका रहने गरेको भएपनि यस वर्ष भने साविकको मध्य पहाडी जिल्लाका महिला बालबालिकाहरू रहेका छन् ।*

*छोटो समयमा अपरिचित मान्छेले फोन गर्ने, नाता जोड्ने, भेटघाट गर्ने र राम्रो जागीर लगाइदिने, प्रेम तथा विवाह गर्ने बाहनामा युवतीलाई सीमा कटाउने क्रम बढेकाले पनि मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा चुनौती रहेको छ। अहिले भारतमा मात्रै नभई तेस्रो मुलुकमा समेत महिला तथा किशोरीलाई मानव तस्करले पुर्‍याउँदै आएका छन् । बिलासिताप्रतिको बढ्दो आकर्षण, पारिवारिक समस्या, बेरोजगार लगायतका कारण महिला–बालबालिका जोखिममा छन् ।*

*बाँकेमा मानव अधिकार उल्लङ्घन् तथा ज्यादतीका घटनाबाट सन् २०१७ मा ९६ महिला र ३९ पुरुष गरी १ सय ३५ जना पीडित भएका थिए । सन् २०१८ मा १ सय १२ महिला र पाँच पुरुष गरी १ सय १७ जना यस्ता घटनामा पीडित भएको इन्सेकमा अभिलेख भयो ।*

## कारागार र बन्दी

'ग' श्रेणीको जिल्ला कारागारको क्षमता ३ सय जनाको छ । तर ३ सय ९६ कैदी र ३ सय २१ थुनुवा गरी ७ सय १७ जना छन् । महिला ५९ जना मध्ये २३ जना थुनुवा र ३६ कैदी रहेका छन् । कारागारमा दुई वर्षीय एक र चार वर्षीय दुई जना आश्रित बालक र एक वर्षीया एक जना बालिका गरी तीन जना आश्रित छन् । कारागारमा क्षमताभन्दा झण्डै चार गुणा कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ । दूषित पानी पिउनुपरेको, शौचालय र पुस्तकालय अभाव रहेको, सिपमूलक तालिमको राम्रो व्यवस्था नभएको जस्ता गुनासा कैदी/बन्दीको छ । वि.सं. २००० मा स्थापना भएको कारागार आफैँ जीर्ण छ ।

बाँकेमा २०७५ भदौ ३ गतेबाट जय इन्दु बाल सुधार गृह सञ्चालनमा आएको छ । ७५ जनाको क्षमता भएको यो गृहमा ५४ जना बालक छन् । जसमध्ये कैद तोकिएका १६ जना र नतोकिएका ३८ जना छन् ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

६ जना न्यायाधीश रहेका यस जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ २ हजार १ सय ३ मध्ये ११ सय ६० थान फैसला भए भने देवानी मुद्दातर्फ २ हजार ७ सय २० मध्ये १ हजार १ सय ९५ थान फैसला भए । यो अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा ४३ र देवानी मुद्दा ९० थान छन् ।

पाँचजना न्यायाधीश रहेका उच्च अदालत तुल्सीपुर, नेपालगन्ज इजलासबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार १ सय ११ मध्ये ६ सय ६८ थान फैसला भए भने देवानी मुद्दातर्फ ६ सय १९ मध्ये ३ सय २१ थान फैसला भए । यस अदालतमा दुई वर्ष नाघेका मुद्दा बाँकी छैनन् ।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा ८६ आधारभूत र ३४ मावि छन् । ५ सय ९ शिक्षक दरबन्दी र राहत शिक्षक ५५ रहे कामा दरबन्दी रिक्त छैन । यस वर्ष ५ हजार ९ सय २ ९ बालक र ६ हजार ३ सय १३ बालिका विद्यालय भर्ना भए । जिल्लामा पाँच अपाङ्गमैत्री विद्यालय छन् । १ हजार २ सय ७६ दलित बालक र १ हजार २ सय ८३ दलित बालिकाले छात्रवृत्ति पाए । साथै शहीद र द्वन्द्वपीडित परिवारका बालबालिकाले छात्रवृत्ति पाएको*

*भए पनि कति जनाले पाए भन्ने स्थानीय तहबाट तथ्याङ्क उपलब्ध नभएका कारणले एकिन भन्न नसकिने शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख गोर्खबहादुर थापाले बताए।*

*सन् २०१८ मा बालबालिकाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भयो। यो वर्ष २३ बालिका र एक बालक गरी २४ बालबालिका पीडित भए। जसमा बलात्कारबाट १८ बालिका, यौन दुर्व्यवहारबाट चार बालिका, बेचबिखन तथा ओसारपसारबाट एक बालिका र बालविवाहबाट एक बालक पीडित भए। सन् २०१७ मा भने १२ बालिका र एक बालक गरी १३ बालबालिका पीडित भएका थिए। जसमध्ये बलात्कारबाट नौ बालिका र विद्यालयमा शारीरिक सजायबाट तीन बालिका र एक बालक गरी चार बालबालिका पीडित भए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बेचबिखन तथा ओसारपसार | १ | | १ |
| बालविवाह | | १ | १ |
| बलात्कार | १८ | | १८ |
| यौन दुर्व्यवहार | ४ | | ४ |
| जम्मा | २३ | १ | २४ |

**बलात्कार, यौन दुर्व्यवहार**

१२ वर्षीया बालिकालाई २०७५ असार १५ गते बलात्कार गरेको भन्दै ३५ वर्षीय बुबाविरुद्ध पीडित पक्षले असार १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण असार १५ गते भेरी अञ्चल अस्पतालमा भयो। उजुरी दिएकै दिन गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले साउन ८ गते पुर्पक्षका लागि थुनामा पठायो।

१३ वर्षीया बालिकालाई २०७५ कात्तिक २८ गते यौन दुर्व्यवहार गरेको भन्दै नेपालगन्जको त्रिवेणी मोडस्थित ज्योति फोटो स्टुडियोका सञ्चालक २८ वर्षीय श्याम गुप्ताविरुद्ध पीडित पक्षले कात्तिक २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। फोटो खिच्न स्टुडियो गएकी बालिकाको कपडा मिलाउने नाममा यौन दुर्व्यवहार गरेको र बालिका चिच्याएको सुनेर बाहिर बसेका बालिकाका बुबा भित्र पसे पछि घटनाबारे जानकारी पाएलगत्तै उजुरी दिएका थिए। बालिकाको स्वास्थ्य परीक्षण कात्तिक २८ गते भेरी अञ्चल अस्पतालमा भयो। कात्तिक २८ गते गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले २०७५ मङ्सिर २० गते ६० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

१३ वर्षीया बालिकालाई २०७५ भदौ १० गते बलात्कार गरेको भन्दै नेपालगन्ज उमनपा–२१ का २१ वर्षीय श्यामसुन्दर पासीविरुद्ध पीडित पक्षले भदौ १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण भदौ १० गते भेरी अञ्चल अस्पतालमा भयो। उजुरी दिएकै दिन गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले २०७५ असोज ४ गते पुर्पक्षका लागि थुनामा पठायो।

११ वर्षीया बालिकालाई २०७५ भदौ २१ गते बलात्कार गरेको भन्दै नेपालगन्ज उमनपा–४ बस्ने ५४ वर्षीय टेकप्रसाद अधिकारीविरुद्ध पीडित पक्षले भदौ २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण भदौ २१ गते भेरी अञ्चल अस्पतालमा भयो। उजुरी दिएकै दिन गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले २०७५ असोज १२ गते पुर्पक्षका लागि थुनामा पठायो।

**बेचबिखन तथा ओसारपसार**

१४ वर्षीया बालिकालाई २०७४ चैत ११ गते भारतीय नागरिक २२ वर्षीय सत्नाम ठाकुरसँग विवाह गराइदिने भन्दै ललाइफकाइ कोहलपुर नपा–१२ की २८ वर्षीया शीतली नेपाली र भारत पिलिभितका ३२ वर्षीय सूर्यजीत सिंहले बेचबिखन गर्ने प्रयास गरेको भन्दै पीडित पक्षले इलाका प्रहरी कार्यालय कोहलपुरमा सोही दिन उजुरी दिए। चैत १२ गते गिरफ्तार भएका आरोपितहरूलाई जिल्ला अदालतले २०७५ वैशाख ९ गते पुर्पक्षका लागि थुनामा पठायो।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै २ सय ७५ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका ५३, खान/लाउन नदिएको ४३, विवाह दर्ता र नागरिकता नबनाएको ५३, अर्की श्रीमती ल्याएर हेला गरेको २३ र सामान्य घरायसी झगडाका १ सय ३ घटना छन्। यीमध्ये प्रहरीले १ सय ३ ओटामा मिलापत्र गरायो। २६ ओटा सम्बन्धित निकायमा सिफारिस गरी पठायो।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बेचबिखन तथा ओसारपसार | ६ | ६ |
| कथित बोक्सीको आरोप | १ | १ |
| बलात्कार | १४ | १४ |
| बहुविवाह | २ | २ |
| घरेलु हिंसा | ५७ | ५७ |
| यौन दुर्व्यवहार | २ | २ |
| जम्मा | ८२ | ८२ |

*सन् २०१८ मा महिलाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भयो । यो वर्ष ८२ जना महिला पीडित भए । जसमध्ये घरेलु हिंसाबाट ५७, बलात्कारबाट १४, यौन दुर्व्यवहारबाट दुई, बेचबिखन तथा ओसारपसारबाट ६, बहुविवाहबाट दुई र कथित बोक्सीको आरोपबाट एकजना पीडित भए । सन् २०१७ मा ७७ जना जना महिला पीडित भएका थिए। जसमध्ये घरेलु हिंसाबाट ५०, बेचबिखन प्रयासबाट सात, बहुविवाहबाट चार, बलात्कारबाट १३ जना, यौन दुर्व्यवहारबाट दुई र बलात्कार प्रयासबाट एकजना महिला पीडित भएका थिए।*

**परिवारजनबाट हत्या**

डुडुवा गापा–३ वनकट्टीकी ३० वर्षीया शान्तिदेवी बर्मालाई २०७४ चैत १५ गते राति सुतेका बेला पति ३० वर्षीय सञ्जयकुमार बर्माले बारबोरले कोखामा दुई राउन्ड गोली प्रहार गरी हत्या गरेको भन्दै पीडित पक्षले चैत १५ गते नै जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । शवको पोस्टमार्टम चैत १६ गते भेरी अञ्चल अस्पतालमा भयो। उजुरी दिएकै दिन गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले २०७५ वैशाख १२ गते पुर्पक्षका लागि थुनामा पठायो।

**बेचबिखन तथा ओसारपसार**

२१ वर्षीया युवतीलाई २०७४ चैत ६ गते नेपालगन्ज उमनपा–१ बस्ने यमबहादुर अधिकारी र बढैया गापा–५ बर्दियाका बुद्धराम लुहारले प्रेम गर्ने प्रलोभनमा बेचबिखन गरेको भन्दै पीडित पक्षले चैत ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । सोही दिन गिरफ्तार भएका आरोपितद्वयलाई जिल्ला अदालतले २०७५ वैशाख ९ गते जनही ५ वर्ष कैद र ५ हजार जरिवानाको सजाय सुनायो।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

३२ वर्षीया महिलालाई पति ३८ वर्षीय निखिल नागले २०७५ असोज २२ गते बलात्कार गरेको भन्दै पीडित पक्षले असोज २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । महिलाको स्वास्थ्य परीक्षण असोज २३ गते भेरी अञ्चल अस्पतालमा भयो। असोज २४ गते गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले कात्तिक १९ गते ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

## स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, ४४ स्वास्थ्य चौकी र तीनओटा प्राथमिक स्वास्थ्य केन्द्र छन् । जिल्लामा तीन डाक्टरको दरबन्दी रहेकामा दुईजना कार्यरत छन्। त्यस्तै अहेवको १ सय ६५ दरबन्दी रहेकामा सबै कार्यरत छन्।

## सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बेचबिखन तथा ओसारपसार | | | १ | १ |
| बालविवाह | | १ | | १ |
| बलात्कार | १ | | १७ | १८ |
| यौन दुर्व्यवहार | | | ४ | ४ |
| जम्मा | १ | १ | २२ | २४ |

**महिला अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएको | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बेचबिखन तथा ओसारपसार | १ | | २ | ३ |
| कथित बोक्सीको आरोप | | | १ | १ |
| बलात्कार | | | १४ | १४ |
| बहुविवाह | | | २ | २ |
| घरेलु हिंसा | | ५७ | | ५७ |
| यौन दुर्व्यवहार | | | २ | २ |
| जम्मा | १ | ५७ | २१ | ७९ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| हत्या | ४ | ४ |

# ५.१२ बर्दिया

**जम्मा जनसङ्ख्या**
४,४५,७८५

**महिला**
२,३५,५१४

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
२

**प्रदेशसभा निर्वाचन क्षेत्र**
४

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
१,२१,१७८

**कामका लागि बाहिरिएका**
२५,०४४

**अपाङ्गता भएका**
८,१९७

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
९८

**आश्रित जनसङ्ख्या**
१,७८,००५




| घटनाको प्रकार | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | ४१ | ६ | ४७ |
| अमानवीय व्यवहार | | | | २ | २ |
| महिला अधिकार | | | ३० | | ३० |
| जातीय विभेद | | | १ | | १ |
| हिरासत वा थुनामा मृत्यु | १ | १ | | | |
| कुटपिट | | | | १ | १ |
| हत्या | | | ३ | १ | ४ |
| जम्मा | १ | १ | ७५ | १० | ८५ |

*बर्दिया कारागारको क्षमता छ १ सय २५ जनाको। तर छन् २ सय ७२ जना। त्यसैले यी २ सय ७२ जनाले पाउने सुविधा भनेको तिनै १ सय २५ जनाका लागि तयार पारिएकोबाट बाँडचुँड गर्ने हो। किनकि औषधोपचार खर्चदेखि खेलकुद र अन्य सामग्री पनि क्षमताका आधारमा विनियोजन हुने गर्छ। त्यसैले यति धेरै सुत्ने पनि ती थोरै मानिसका लागि छुट्याएको ठाउँमै हो। यसरी पनि सुत्न त सुत्छन् यहाँका कैदी/बन्दी तर कोल्टे फेर्न भने निषेध छ। कारण– ठाउँ साँघुरो भएकाले जोडिएर सुत्नुपर्छ र कोल्टे फेऱ्यो कि अर्कोको जिउमा ठाँस्सिन पुग्छ। त्यसैले कष्टकर सुताइ भोग्न बाध्य छन् यो कारागारका बासिन्दा।*

*बर्दियामा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट सन् २०१७ मा ८३ महिला र ३१ पुरुष गरी १ सय १४ जना पीडित भएका थिए। सन् २०१८ मा ७५ महिला र ११ पुरुष गरी ८६ जना पीडित भए। यो वर्ष कुटपिटबाट एक पुरुष, अमानवीय व्यवहार बाट दुई पुरुष र जातीय भेदभावबाट एक महिला पीडित भएको इन्सेकमा अभिलेख भयो।*

## धम्की/कुटपिट

### अन्यपक्षबाट

थारू पत्रकार सङ्घ बर्दियाका अध्यक्ष तथा प्राइम टेलिभिजनका संवाददाता बारबर्दिया नपा–५ धोबियाका ३५ वर्षीय सन्जु चौधरी (सरम) लाई २०७५ भदौ २८ गते बारबर्दिया नपा–५ का ४० वर्षीय जङ्गबहादुर थारू, ३५ वर्षीय सुरमान थारू र ४१ वर्षीय तिलक थारूले जब्दहवाको काठेपुलमा कुटपिट गरी घाइते बनाए। मादक पदार्थ सेवन

गरेका आरोपितहरूले पत्रकार थारुलाई हाम्रो बाटोमा मोटरसाइकल राखेर बाटो अवरोध गर्ने भन्दै कुटपिट गरेको र क्यामरा समेत तोडफोड गरेको पीडितले आरोप लगाए। पीडित समाचार सङ्कलन गरी घर फर्किंदै गर्दा कच्चीबाटोमा मोटर साइकल हिलोमा डोऱ्याउन नसकेपछि मोटरसाइकल रोकेर बसेका थिए। पीडितले तीनै जनाविरुद्ध २०७५ भदौ २९ गते इलाका प्रहरी कार्यालय रामपुरमा उजुरी दिए। भदौ २९ गते गिरफ्तार भएका सबै आरोपितलाई जिल्ला प्रशासन कार्यालयले असोज २२ गते जनही १० हजार रुपियाँ धरौटीमा छाड्ने आदेश दियो। अगाडिको एउटा दाँत भाँच्चिएका पत्रकार चौधरीको प्रारम्भिक उपचार जिल्ला अस्पतालमा भयो भने थप उपचार काठमाडौँस्थित ओम अस्पतालमा भयो । नेपाल पत्रकार महासङ्घ, बर्दियाका अध्यक्ष राजेन्द्रप्रसाद धिताललगायत सञ्चारकर्मी आबद्ध संस्थाले विज्ञप्तिमार्फत घटनाको भर्त्सना गरे।

## कारागार र बन्दी

'ग' श्रेणीको जिल्ला कारागारको क्षमता १ सय २५ जनाको छ। तर कैद तोकिएका पुरुष १ सय ४२ र महिला ६८ जना गरी २ सय १० जना कैदी तथा पुरुष ६१ र महिला एकजना गरी ६२ जना बन्दी छन्। जसमा आश्रित बालक एकजना छन्। ६५ वर्षमाथिका एक महिला र दुई पुरुष छन्। महिला भवनतर्फ पानी, शौचालय, विद्युत्, स्वास्थ्य तथा पत्रपत्रिका, रेडियो, टिभी, खेलकुद, विद्यालय सामग्री आदिको समस्या नभए पनि पुरुष भवनतर्फ भने यी सुविधाका लागि लाइनमा बस्नुपर्ने अवस्था छ । शौचालयसँग जोडेर निर्मित गोबर ग्याँस बन्द हुँदा त्यसबाट निस्कने मिथेन ग्यासले कैदी/बन्दीलाई आँखा पोल्ने समस्या सिर्जना गरेको छ।

जानकी गाउँपालिका–२ का ३० वर्षीय राममनोहर यादवको जिल्ला प्रहरी कार्यालय, बर्दियाको हिरासतमा बिरामी भई उपचारका क्रममा भदौ १६ गते त्रिवि शिक्षण अस्पताल, काठमाडौँमा मृत्यु भयो। उपप्रधान तथा स्वास्थ्य मन्त्री उपेन्द्र यादव अतिथि रहेको कार्यक्रम बिथोल्न लागेको आरोपमा प्रहरीले २०७५ भदौ ७ गते बर्दिया सदरमुकाम गुलरियाबाट गिरफ्तार गरेको थियो। पीडितले भदौ १४ गते बिहान टाउकोमा अप्ठ्यारो भएको भनेपछि उनलाई बर्दिया जिल्ला अस्पताल, भेरी अञ्चल अस्पताल, नेपालगञ्ज हुँदै थप उपचारका लागि काठमाडौँ लगिएको थियो। घटनाको अनुसन्धानको माग गर्दै परिवारजनले यो वर्षको अन्त्यसम्म शव बुझेनन्।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

दुईजना न्यायाधीश रहेका यहाँको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ८ सय ११ मध्ये २ सय ९२ थान फैसला भए भने देवानी मुद्दातर्फ ८ सय ६३ मध्ये ४ सय ३ थान फैसला भए। यो अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा ४३ र देवानी मुद्दा ५२ थान बाँकी छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय ८९ आधारभूत र १ सय ६ मावि छन्। १ हजार ९ सय ८४ शिक्षक दरबन्दी रहेकामा १९ रिक्त छ। यस वर्ष ५० हजार ५ सय ५७ बालक र ५२ हजार २ सय ३४ बालिका भर्ना भए। जिल्लामा अपाङ्गमैत्री विद्यालयको तथ्याङ्क नभएको जिल्ला शिक्षा समन्वय एकाईका शेरबहादुर रोकायाले बताए। जिल्लामा द्वन्द्वपीडित परिवारका २ सय ३३ बालबालिकाले छात्रवृत्ति पाए।*

*सन् २०१८ मा बालबालिकाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा वृद्धि भए। यो वर्ष ४१ बालिका र ६ बालक गरी ४७ जना बालबालिका पीडित भए। जसमध्ये बलात्कारबाट २१ बालिका, यौन दुर्व्यवहारबाट तीन बालिका, बालविवाहबाट १३ बालिका र दुई बालक गरी १५ बालबालिका र विद्यालयमा शारीरिक सजायबाट चार बालिका र चार बालक गरी आठ बालबालिका पीडित भए। सन् २०१७ मा भने २४ बालिका पीडित भएका थिए। जसमध्ये बलात्कारबाट ११ बालिका, यौन दुर्व्यवहारबाट नौ बालिका, बालविवाहबाट तीन बालिका र नवजात शिशुको हत्याबाट एक बालिका पीडित भएका थिए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बालविवाह | १३ | २ | १५ |
| बलात्कार | २१ | | २१ |
| विद्यालयमा शारीरिक सजाय | ४ | ४ | ८ |
| यौन दुर्व्यवहार | ३ | | ३ |
| जम्मा | ४१ | ६ | ४७ |

**हत्या**

बारबर्दिया नपा–३ बेलवाबज्जाकी १४ वर्षीया सावित्रीकुमारी थारूलाई २०७४ फागुन ११ गते १७ वर्षीय बालकले फरुवा प्रहार गरी हत्या गरेको भन्दै पीडित पक्षले फागुन १३ गते इलाका प्रहरी कार्यालय बनियाभारमा उजुरी दिए । शवको पोस्टमार्टम भेरी अस्पतालमा २०७४ फागुन ११ गते भयो । फागुन १३ गते गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले २०७४ चैत १ गते पुर्पक्षका लागि थुनामा पठाएकामा २०७५ असार १३ गते सर्वश्वसहित जन्म कैदको सजाय सुनायो ।

**विद्यालयमा शारीरिक दण्ड सजाय**

मधुवन नपा–९ स्थित धर्मज्योति माविका लेखापाल तथा कम्प्युटर शिक्षक २१ वर्षीय सुदर्शन सिग्देलले कक्षा ७ मा अध्ययनरत १३ वर्षीया स्वस्तिका कार्की, १२ वर्षीय मानव बिष्ट, १३ वर्षीया सोनाम तामाङ, १४ वर्षीय सागर नेपाली, १४ वर्षीय सन्तोष विक, १३ वर्षीय भुवन खत्री, १३ वर्षीया होमकुमारी भुसाल, १२ वर्षीया करुणा तामाङ गरी आठ विद्यार्थीलाई २०७५ जेठ १ गते कान समातेर उठ्–बस् गर्न लगाई यातना दिए । पीडित बालबालिकाले कम्प्युटर विषयमा सोधिएको प्रश्न भन्न नजानेपछि उनीहरूलाई १२ देखि २० पटकसम्म कान समातेर उठ्–बस् गर्न लगाएको पीडितले बताए । सो घटनापछि स्वस्तिका कार्की बिरामी परेकाले अस्पतालै भर्ना गर्नुपरेको थियो । यही कारण घटना बाहिर आएको थियो । बालिकाकी हजुरबुबा भीमबहादुर कार्कीले आरोपित शिक्षकलाई कारबाही र बालिकाको उपचार गरिदिन जेठ ७ गते विद्यालयमा निवेदन दिए । विद्यालयले बालिकालाई उपचार खर्चबापत जेठ ८ गते १ लाख रुपियाँ उपलब्ध गरायो । यो घटनाको छानबिन गर्न जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत डिल्लीराम आचार्यको संयोजकत्वमा एउटा समिति नै बनाइयो । अनुगमन समितिले पीडित, आरोपित तथा सरोकारवालाहरूको भनाइका आधारमा जानीजानी गरेको नदेखिएको कुरा उल्लेख गर्दै कुनै निष्कर्ष दिएन । जिल्ला शिक्षा समन्वय इकाईले शिक्षकलाई जेठ १६ गते लिखित स्पष्टिकरण माग्यो । आरोपितले जेठ १७ गते नियतवस नभएर अज्ञानमा हुन गएको भन्दै गल्ती स्वीकार गरे । उनले गल्ती स्वीकार गरिसके पछि कुनै कारबाही भएन ।

**बलात्कार, यौन दुर्व्यवहार**

नौ वर्षीया बालिकालाई २०७४ चैत ७ गते बलात्कार गरेको भन्दै बारबर्दिया नपा–१ का ४८ वर्षीय नरबहादुर घिमिरेविरुद्ध पीडित पक्षले चैत ९ गते इलाका प्रहरी कार्यालय बनियाभारमा उजुरी दिए । बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा चैत ८ गते भयो । चैत ८ गते गिरफ्तार परेका नरबहादुरलाई जिल्ला अदालतले चैत २६ गते पुर्पक्षका लागि थुनामा पठाएकामा २०७५ असार ३२ गते १० वर्ष कैद सजाय सुनायो ।

**महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार**

*यो वर्ष घरेलु हिंसापीडित भन्दै १ सय २ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट गरी शारीरिक र मानसिक यातना दिएको ६१, खान/लाउन नदिएको २३, आर्थिक हिंसाबाट पीडित चार र मादक पदार्थ सेवन गरी हिंसा गरेको १४ घटना छन् । यीमध्ये प्रहरीले ९५ ओटामा मिलापत्र गरायो भने सात उजुरी कानुनी प्रक्रियामा छन् ।*

*सन् २०१८ मा महिलाविरुद्ध हुने हिंसाका घटना गत वर्षको तुलनामा कमी भए । सन् २०१८ मा ३० जना महिला पीडित भए । जसमध्ये घरेलु हिंसाबाट १०, बलात्कारबाट १२, बलात्कार प्रयासबाट दुई, यौन दुर्व्यवहारबाट एक, बहुविवाहबाट तीन र बेचबिखन तथा ओसारपसारबाट दुईजना थिए । सन् २०१७ मा ५१ जना महिला पीडित भएका थिए । जसमध्ये घरेलु हिंसाबाट सात, बलात्कारबाट ११, बलात्कार प्रयासबाट तीन, यौन दुर्व्यवहारबाट एक, बेचबिखनबाट २०, कथित बोक्सीको आरोपबाट ६ र बहुविवाहबाट तीनजना थिए ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बेचबिखन तथा ओसारपसार | २ | २ |
| बलात्कार | १२ | १२ |
| बलात्कार प्रयास | २ | २ |
| बहुविवाह | ३ | ३ |
| घरेलु हिंसा | १० | १० |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ३० | ३० |

**परिवारजनबाट हत्या**

बाँसगढी नपा–७ बभनपुरुवाकी छोटकनी भन्ने ३३ वर्षीया निर्मला अहिरलाई २०७५ जेठ ७ गते पति ३३ वर्षीय दशरथ अहिरले धाराको टुटीले टाउकामा प्रहार गर्दा गम्भीर घाइते अवस्थामा बाँकेस्थित मेडिकल कलेज कोहलपुरमा उपचारका क्रममा जेठ १४ गते मृत्यु भयो । शवको पोस्टमार्टम जेठ १४ गते नै भेरी अस्पतालमा भयो । पीडित पक्षले पति दशरथ अहिर, ५० वर्षीय ससुरा मिहिलाल अहिर र २९ वर्षीय देवर नागेश्वर अहिरविरुद्ध जेठ १७ गते इलाका प्रहरी कार्यालय बाँसगढीमा उजुरी दिए । १५ गते गिरफ्तार भएका आरोपितहरूलाई जिल्ला अदालतले २०७५ असार १० गते पुर्पक्षका लागि थुनामा पठायो ।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

२५ वर्षीया महिलालाई २०७५ कात्तिक २३ गते बलात्कार गरेको भन्दै मधुवन नपा–९ का ३७ वर्षीय नरेश कामीविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा कात्तिक २५ गते उजुरी दिए । पीडित महिलाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा कात्तिक २५ गते भयो । आरोपित फरार रहे ।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

**भौतिक संचरना/सम्पत्ति क्षति**

मधुवन नपा–३ खातामा रहेको एनसेल टावरमा २०७४ फागुन १ गते राति अज्ञात पक्षले आगजनी गरे । आगजनीबाट टावरको तार जलेर क्षति भयो । न पीडित पक्षले कतै उजुरी दिए न त घटनाको जिम्मेवारी नै कसैले लिए ।



*आगजनीबाट क्षतिग्रस्त भएको एनसेल टावर*

मधुवन नपा–६ स्थित मधुवन नपाको कार्यालय रहेको भवनमा २०७४ फागुन १३ गते अज्ञात पक्षद्वारा बम बिष्फोट गराउँदा भवनको झ्यालका सिसा फुटे । अनटेस्ट लेखिएको मोटरसाइकलमा आएका दुईजनाले झोला राखेर गएलगत्तै बम बिष्फोट भएको थियो । पीडित पक्षले कतै उजुरी दिएनन् ।

**स्वास्थ्य सेवाको अवस्था**

बर्दियामा अस्पताल एक, प्राथमिक स्वास्थ्य केन्द्र तीन र स्वास्थ्य चौकी ३० ओटा छन् । १८ डाक्टरको दरबन्दी रहेकामा १० जनामात्र कार्यरत छन् । स्टाफ नर्सको १२ दरबन्दी रहेकामा १२ जना कार्यरत, ल्याब असिस्टेन्टको सात दरबन्दी रहेकामा एक जना करारसहित आठ जना कार्यरत, अहेबको १ सय दरबन्दी रहेकामा करारसहित १ सय २ जना कार्यरत छन् । त्यसैगरी अनमी ७७ दरबन्दी रहेकामा ७४ कार्यरत छन् भने एक्सरे असिस्टेन्टको एक दरबन्दी रहेकामा कार्यरत छन् ।

## सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | | | | |
|---|---|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बालविवाह | | १ | | ११ | १ | १३ |
| बलात्कार | १ | ४ | ३ | | १३ | २१ |
| विद्यालयमा शारीरिक साजय | | | | | १ | १ |
| यौन दुर्व्यवहार | | २ | | | १ | ३ |
| जम्मा | १ | ७ | ३ | ११ | १६ | ३८ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बेचबिखन तथा ओसारपसार | | | | १ | १ |
| बलात्कार | | | | १२ | १२ |
| बलात्कार प्रयास | | १ | | १ | २ |
| बहुविवाह | १ | | १ | १ | ३ |
| घरेलु हिंसा | १ | ४ | २ | ३ | १० |
| यौन दुर्व्यवहार | | | | १ | १ |
| जम्मा | २ | ५ | ३ | १९ | २९ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | २ | २ | ४ |



# कर्णाली प्रदेश

- क्षेत्रफल : ३०,२११ वर्ग कि.मि.
- जनसङ्ख्या : १५,७०,५८४
- साक्षरता प्रतिशत : ५८.४९
- जिल्ला : १०
- निर्वाचन क्षेत्र (प्रतिनिधिसभा) : १२
- निर्वाचन क्षेत्र (प्रदेशसभा) : २४
- नगरपालिका : २५
- गाउँपालिका : ५४
- कूल वडा सङ्ख्या : ७१८



# ६ कर्णाली प्रदेश परिचय

कर्णाली प्रदेशमा साबिकको कर्णाली अञ्चलका पाँच जिल्ला हुम्ला, डोल्पा, जुम्ला, कालीकोट र मुगु तथा रुकुम जिल्लालाई टुक्रयाएर बनाइएको रुकुम पश्चिम, जाजरकोट, दैलेख, सुर्खेत, सल्यान गरी १० जिल्लाहरू रहेका छन् । यो प्रदेशको जनसङ्ख्या १५ लाख ७० हजार ५ सय ८४ छ। यो प्रदेशको कूल क्षेत्रफल ३० हजार २ सय ११ वर्गकिलोमिटर रहेको छ जुन नेपालको कूल क्षेत्रफलको २०.५३ प्रतिशत हो। यस प्रदेशमा प्रतिनिधि सभा निर्वाचन क्षेत्र १२ र प्रदेश सभा निर्वाचन क्षेत्र २४ वटा छन्। सुर्खेत र दैलेखमा दुई दुई निर्वाचन क्षेत्र रहेका छन् भने बाँकी सबै जिल्लामा एक एक निर्वाचन क्षेत्र कायम गरिएको छ।

यो प्रदेशका ९४.९० प्रतिशत जनसङ्ख्याको मातृभाषा नेपाली रहेको छ भने बाँकी प्रतिशतका मानिसहरू मगर, थारु, तामाङ, खाम, गुरुङ र शेर्पा भाषा बोल्छन् । यस प्रदेशका मानिसको प्रतिव्यक्ति आय ८ सय ६ अमेरिकी डलर र औसत आयु ६५.६७ वर्ष रहेको छ।


यस प्रदेशको हुम्ला र डोल्पा जिल्ला अझैसम्म पनि सडक सञ्जालमा जोडिएका छैनन्। सडक सञ्जाल जोडिएका अन्य हिमाली जिल्लाको सडक गुणस्तरीय नभएका कारण बाह्रै महिना यातायातको सुविधा उपलब्ध हुँदैन । पर्यटन र जलविद्युतको प्रचुर सम्भावना रहेका यस प्रदेशको प्राकृतिक स्रोत र साधनको उपयोग गर्न सकिए प्रशस्त आर्थिक उपार्जन हुनसक्ने देखिन्छ। कर्णाली प्रदेश सरकारले गठन गरेको विज्ञ समूले चालु आर्थिक वर्षको बजेट कार्यान्वयनका चुनौतीहरू, समाधानका उपायहरू र प्रदेश सरकारले तत्काल निमार्ण गर्नुपर्ने कानुनहरूको बारेमा काम शुरु गरेको छ।

प्रदेश योजना आयोगले कर्णाली प्रदेशको दीर्घकालीन विकास मार्गदर्शनको रूपमा प्रथम पञ्चवर्षीय योजनाको आधारपत्र तयार पार्ने बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन अनुगमन मूल्याङ्कन निर्देशिका तयार गरी प्रभावकारी अनुगमन व्यवस्था मिलाउने, आयोगको कामलाई प्रभावकारी बनाउन आवश्यक कार्ययोजना र कार्यतालिका निर्माण गर्ने, परियोजना बैङ्क तयार गर्ने, कर्णाली प्रदेशको दीर्घकालीन गुरुयोजना बनाउने प्रदेशको वास्तविक अवस्था पहिचान सहितको तथ्याङ्क, सूचकाङ्क र प्रारुप तयार पार्ने लगायतका निर्णय गरेको छ।

**सन् २०१८ र मानव अधिकार अवस्था**

कर्णाली प्रदेशमा सन् २०१८ मा धम्की तथा कुटपिटका घटनामा ७८ जना, जातीय विभेदका घटनामा १४ जना, भेला तथा सङ्गठित हुने अधिकारबाट पाँच जना, महिला अधिकार उल्लङ्घनका घटनामा २ सय ५७ जना, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका घटनामा एक जना, बाल अधिकारका घटनामा ८७ जना, १४ महिला र १३ पुरुषको हत्या भएको इन्सेकले अभिलेख गऱ्यो।

**सन् २०१८ मा घटनाको प्रकार अनुसार पीडित सङ्ख्या**



# ६.१ डोल्पा




**जम्मा जनसङ्ख्या**
**३६,७००**

**महिला**
**१८,४६२**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**१**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**२**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**१५,४५५**

**कामका लागि बाहिरिएका**
**४४७**

**अपाङ्गता भएका**
**७४५८**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**५४.१५**

**आश्रित जनसङ्ख्या**
**२१,०३५**

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| घाइते | | १ | १ |
| बाल अधिकार | २ | | २ |
| अमानवीय व्यवहार | | १ | १ |
| महिला अधिकार | १४ | | १४ |
| जातीय विभेद | १ | १ | २ |
| कुटपिट | २ | ६ | ८ |
| जम्मा | १९ | ९ | २८ |

*खाद्यान्न अभाव भइरहने हिमाली जिल्ला डोल्पाले यो वर्ष विगतका जस्तो अभावको भोग्नुपरेन । ढुवानी अनुदानमा उपलब्ध हुँदै आएको खाद्यान्नमा परनिर्भर बन्दै आएको डोल्पामा २०७५ मङ्सिर ४ गते सडक सञ्जालमा जोडिएसँगै खाद्यान्न अभाव कम भएको छ । सडक सञ्जालमा जोडिएसँगै ढुवानीका साधनबाट आएको चामल नेपाल खाद्य संस्थानले उपलब्ध गराउने चामलको मूल्यभन्दा सस्तोमा पसलमा पाउन थालेपछि खाद्य संस्थानमाथिको परनिर्भरता बिस्तारै हट्दै गएको हो । जसले गर्दा चामलका लागि कुपनको झन्झटबाट समेत डोल्पाबासी मुक्त भएका छन् । चामल लिन सूचना प्रकाशित गर्दा पनि स्थानीयबासी खाद्य संस्थानमा चामल लिन गएनन् । जिल्ला खाद्य व्यवस्था सुरक्षा समितिको बैठकले चामलको मूल्य घटाएर पठाइदिन बारम्बार अनुरोध गरे पनि सुनुवाइ नभएको जिल्ला समन्वय समितिका संयोजक शेरबहादुर बुढाले बताए ।*

*डोल्पामा सन् २०१८ मा ज्यादतीका घटनामा अन्यपक्षबाट २८ जना पीडित भएको अभिलेख भयो । अघिल्लो वर्ष यो सङ्ख्या १९ थियो ।*

## धम्की/कुटपिट

### अन्यपक्षबाट

मुडकेचुला गापा–९ निवासी नेकपाका जिल्ला सदस्य ३६ वर्षीय सागर शाहीलाई त्रिपुराकोट प्रहरी चौकीबाट प्रहरीले जिल्ला प्रहरी कार्यालय दुनै लैजाँदै गरेका बेला नेकपाका जिल्ला इन्चार्ज अजित बिष्टको नेतृत्वमा आएका १०/१२ जनाको समूहले २०७५ वैशाख ३० गते ठूली भेरी नपा–९

भेत्तीडाँडोमा प्रहरीमाथि ढुङ्गा प्रहार गरी आक्रमण गरे। आफ्ना कार्यकर्तालाई छुटाउन नेकपाका कार्यकर्ताले गरेको ढुङ्गा प्रहारबाट प्रहरी हवलदार ३८ वर्षीय धनसिं कठायत, प्रहरी जवान ३५ वर्षीय जयलाल बस्नेत घाइते भए । आक्रमणपछि नेकपाका कार्यकर्ता शाहीलाई प्रहरीको नियन्त्रणबाट छुटाएर लगेको डिएसपी हरिप्रसाद शर्माले बताए। घटनामा संलग्न कोही पनि गिरफ्तार परेनन् । सागर शाहीसहित गिरफ्तार भएका नेकपाका कार्यकर्ता विवश शाही र दिनेश सिंह जिल्ला प्रशासन कार्यालयको आदेशमा पाँच–पाँच हजार रुपियाँ धरौटी राखी रिहा भए।

### कारागार र बन्दी

'ङ' श्रेणीको डोल्पा कारागारको बन्दी क्षमता २५ जनाको छ। तर २० जना कैद तोकिएका र ६ जना कैद नतोकिएका गरी २६ जना छन्। कारागारमा महिला छैनन्। आश्रित बालबालिका पनि छैनन्। २०३२ सालमा निर्माण गरिएको यस कारागारका तीनवटै भवन जीर्ण छन्। त्यसैले वर्षामा पानी चुहिन्छ। सिपमूलक तालिमको व्यवस्था नभएको गुनासो कैदी/बन्दीको छ।

### यातना तथा अन्य क्रुर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

बर्दिया घर भई से फोक्सुन्डो राष्ट्रिय निकुञ्ज कार्यालय सुलिगाडमा कार्यरत संरक्षण अधिकृत ४३ वर्षीय रामदेव चौधरीलाई २०७४ पुस २२ गते कार्यालयमा रहेको अवस्थामा नेकपा विप्लवका जिल्ला सचिव राजेश बुढाको नेतृत्वमा आएको १०/१२ जनाको एक समूहले मोसो दले। यार्सागुम्बाबाट उठेको रकम अनियमितता गरेको र महिला कर्मचारीमाथि यौनशोषण गरेको आरोप उनीमाथि लगाइएको थियो। पीडितले कहीं उजुरी दिएनन्।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एकजना न्यायाधीश रहेका यस जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ २८ मध्ये नौ थान फैसला भए भने देवानी मुद्दातर्फ १४ मध्ये ४ थान फैसला भए। दुई वर्षभन्दा पुराना मुद्दा बाँकी छैनन्।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*यस जिल्लामा ८७ आधारभूत र १५ मावि छन्। ५ सय ६५ शिक्षक दरबन्दी रहेकामा १ सय ६ रिक्त छ। यस वर्ष ४ हजार ९ सय ९५ बालक र ५ हजार ३ सय ४५ बालिका भर्ना भए। जिल्लामा अपाङ्ग मैत्री विद्यालय छैनन्। १ हजार ३९ दलित बालबालिका रहेकामा ६ सय ३ दलित बालक र ४ सय ३६ दलित बालिकाले छात्रवृत्ति पाए। साथै शहीद र द्वन्द्वपीडित परिवारका ३३ जना बालबालिकाले पनि छात्रवृत्ति पाए।*

*यो वर्ष बाल अधिकार उल्लङ्घनका घटनाबाट दुईजना पीडित भए। गत वर्ष पनि दुईजना पीडित भएका थिए। यस वर्ष एक बालिका बलात्कार घटनामा परिन् भने एक बालिका बालविवाहबाट पीडित भएको अभिलेख भयो।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बालविवाह | १ | १ |
| बलात्कार | १ | १ |
| जम्मा | २ | २ |

#### बलात्कार, यौन दुर्व्यवहार

१४ वर्षीया बालिकालाई २०७५ असार ३१ गते बलात्कार गरेको भन्दै त्रिपुरासुन्दरी नपा–७ का २५ वर्षीय जीतबहादुर शाहीविरुद्ध पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण असार ३२ गते जिल्ला अस्पतालमा भयो। उजुरी दिएकै दिन गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले असोज १६ गते पुर्पक्षका लागि थुनामा पठायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै सात महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका दुई, खान/लाउन नदिएको एक, अर्की श्रीमती ल्याएर हेलाँ गरेको एक र सामान्य घरायसी झगडाका तीन*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| कथित बोक्सीको आरोप | २ | २ |
| बलात्कार प्रयास | ३ | ३ |
| घरेलु हिंसा | ९ | ९ |
| जम्मा | १४ | १४ |

*घटना छन् । जसमध्ये छ घटनामा मिलापत्र भयो भने एउटा कानुनी प्रक्रियामा छ।*

*यो वर्ष घरेलु हिंसाका घटनामा नौ जना पीडित भएको अभिलेख भयो । गत वर्ष तीनजना पीडित भएको अभिलेख भयो । यस वर्ष कथित बोक्सीको आरोपमा दुईजना र बलात्कार प्रयास घटनामा तीनजना महिला पीडित भए । गत वर्ष कथित बोक्सीको आरोपमा एक, बलात्कार घटनामा एक र बहुविवाह घटनामा एकजना महिला पीडित भएको अभिलेख भयो।*

### घरेलु हिंसा

ठूली भेरी नपा–७ की ३२ वर्षीया बिसरा रोकायालाई छोरा नजन्माएको आरोपमा २०७५ वैशाख २१ गते ४१ वर्षीय पति कुमार शाहीले धारिलो हतियार (दावे) ले हिर्काउँदा गम्भीर घाइते भइन् । कन्चटमा चोट लागेकी घाइतेको छिमेकीको सहयोगमा जुफालस्थित मेडिकलमा उपचार भयो। दायाँ आँखामाथि चोट लागेकाले तीन टाँका लगाइएको थियो । पीडित पक्षले विमानस्थल प्रहरी चौकी जुफालमा वैशाख २१ गते उजुरी दिए । आफूलाई यसअघि पनि दुईपटक मार्ने उद्देश्यले बियरको बोतल र चिर्पट दाउराले कुटपिट गरेको उनको उजुरीमा उल्लेख छ। यसअघि सबैको दबाबमा मिलापत्र गरे पनि पतिको बानी बेहोरामा सुधार नआएको उनले बताइन्। वैशाख २१ गते पुनः दुवै पक्षबीच मिलापत्र भयो।

### स्वास्थ्य सेवाको अवस्था


जिल्लामा एउटा अस्पताल र २३ स्वास्थ्य चौकी छन् । यस जिल्लामा प्राथमिक स्वास्थ्य केन्द्र छैन। जिल्लामा दुई डाक्टरको दरबन्दी रहेकामा एकजना कार्यरत छन्। त्यस्तै अहेवको ४९ दरबन्दी रहेकामा ३५ जना कार्यरत छन्।

**सन् २०१८ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बालविवाह | १ | | १ |
| बलात्कार | | १ | १ |
| जम्मा | १ | १ | २ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| कथित बोक्सीको आरोप | | | १ | १ | २ |
| बलात्कार प्रयास | १ | | १ | १ | ३ |
| घरेलु हिंसा | २ | १ | ५ | १ | ९ |
| जम्मा | ३ | १ | ७ | ३ | १४ |

# ६.२ मुगु




**जम्मा जनसङ्ख्या**
५५,२८६

**महिला**
२७,२६१

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
१

**प्रदेशसभा निर्वाचन क्षेत्र**
२

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
२५,७८४

**कामका लागि बाहिरिएका**
६९९

**अपाङ्गता भएका**
१,९१७

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
५१.२५

**आश्रित जनसङ्ख्या**
३५,४०१

| घटनाको प्रकार | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | ४ | | ४ |
| अमानवीय व्यवहार | | | | १ | १ |
| महिला अधिकार | | | १० | | १० |
| जातीय विभेद | | | १ | २ | ३ |
| गिरफ्तारी | ६ | ६ | | | |
| कुटपिट | १ | १ | | ३ | ३ |
| हत्या | | | | १ | १ |
| जम्मा | ७ | ७ | १५ | ७ | २२ |

*खत्याड गाउँपालिकाका ८, ९, १० र ११ वडामा यस वर्ष खाद्यान्न अभाव भयो । खत्याड गाउँपालिका–९ रातापानीस्थित नेपाल खाद्य संस्थानको खाद्य बिक्री केन्द्रमा सोही गाउँपालिका–८, ९, १० र ११ वडाका लागि आर्थिक वर्ष २०७४/०७५ मा स्थानीयबासीलाई वितरण गरिने खाद्यान्न कोटा २०७५ जेठ ५ गतेदेखि सकिएपछि त्यस गाउँपालिकाका चार वडाका लागि खाद्य संस्थानले थप खाद्यान्न व्यवस्था नगर्दा सर्वसाधारण खाद्य संस्थानबाट सहुलियत दरमा वितरण गरिने खाद्यान्न पाउनबाट वञ्चित भए । खाद्य संस्थानले रातापानी खाद्य बिक्री केन्द्रका लागि आर्थिक वर्ष २०७४/०७५ मा ६ सय १० केजीमात्र खाद्यान्न छुट्याएको थियो। उक्त गाउँपालिकाको चार वडाबासीका लागि २ हजार क्विन्टल खाद्यान्न आवश्यक रहेको स्थानीयबासीले बताए ।*

*मुगुमा सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा २९ जना पीडित भएको अभिलेख भयो । सन् २०१७ मा यस्तै घटनामा २९ जना पीडित भएको अभिलेख थियो ।*

## धम्की/कुटपिट

### राज्यपक्षबाट

छायाँनाथ रारा नपा–११ का ४८ वर्षीय सिंह बिक २०७४ चैत १२ गते प्रहरीले प्रहार गरेको लाठी चार्ज र अश्रुग्यासबाट घाइते भए । एसइइ परीक्षा चलिरहेको समयमा चिट चोर्न नदिएको आरोपमा स्थानीयबासीले प्रहरीमाथि ढुङ्गा प्रहार गरेपछि प्रहरीले भिड नियन्त्रण गर्न एक राउन्ड अश्रुग्यास र पाँच राउन्ड हवाइफायर गरेको थियो । टाउकोमा चोट

लागेका बिकको चैत १३ गते स्थानीय मेडिकलमा उपचार भयो।

#### अन्यपक्षबाट

छायाँनाथ रारा नपा–११ मा रहेको प्रभात मावि रोवा परीक्षा केन्द्रमा २०७४ चैत १२ गते सञ्चालन भएको एसइइ परीक्षाको गणित विषयमा चिट चोर्न नदिएको आरोपमा प्रभात मावि रोवा केन्द्रको परीक्षा सुरक्षार्थ खटिएका प्रहरीमाथि राति ८ बजे सुतिरहेका बेला परीक्षामा सामेल विद्यार्थी र स्थानीयबासीले आक्रमण गरे । सोही दिन ८ बजे केही परीक्षार्थी र स्थानीयबासीले प्रहरी पोस्टमा ढुङ्गा प्रहार गरेका थिए । प्रहरी हवल्दार ३३ वर्षीय अर्जुनकुमार डाँगीको टाउकोमा ढुङ्गा लागी घाइते भए। घाइतेको चैत १३ गते जिल्ला अस्पतालमा उपचार भयो। प्रहरीमाथि स्थानीय व्यक्ति र विद्यार्थीले ढुङ्गा प्रहार गरी आक्रमण गर्न खोजेपछि भिड नियन्त्रण गर्न प्रहरीले एक राउन्ड अश्रुग्यास र पाँच राउन्ड हवाइ फायर गरेको थियो।

नेकपा विप्लव समूहका कार्यकर्ताले २०७५ साउन २२ गते सदरमुकाम गमगढीको कृष्णा चोकमा आयोजना गरेको आमसभामा प्रहरीले हस्तक्षेप गरेको आरोपमा ढुङ्गा प्रहार गर्दा सुरक्षार्थ खटिएका जिल्ला प्रहरी कार्यालय मुगुमा कार्यरत असइ ४६ वर्षीय देविन्द्रसिंह धामी घाइते भए । उनको टाउकोमा चोट लागेकाले ६ टाँका लगाउनुपरेको थियो। ढुङ्गा लागेर सशस्त्र प्रहरीका हवल्दार ४० वर्षीय सुरेन्द्र सिंह पनि घाइते भएका थिए। घाइते दुवैको उपचार साउन २२ गते जिल्ला अस्पतालमा भयो।

### कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता १५ जनाको भए पनि भवन पुरानो भई निर्माणको प्रक्रियामा रहेकाले जिल्ला अदालतले कैद तोकिएका र थुनुवालाई अन्य जिल्लाका कारागार पठाउने गरेको छ। यो वर्ष कैद तोकिएका एकजना पुरुष र थुनाका लागि १० पुरुष तथा एक महिलालाई जुम्ला कारागार पठाउने आदेश दियो।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एकजना न्यायाधीश रहेका यस जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ५१ मध्ये ३५ थान फैसला भए भने देवानी मुद्दातर्फ १६ मध्ये १० थान फैसला भए। दुई वर्ष नाघेका मुद्दा बाँकी छैनन्।

### यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

जुम्लाको चन्दननाथ नपा–५ घर भई छायाँनाथ रारा नपाको कार्यालयमा कार्यरत इन्जिनियर ३८ वर्षीय महेश कठायतलाई २०७५ पुस ८ गते दिउँसो आफ्नै कोठामा बसिरहेका बेला मास्क लगाएर आएका दुईजनाले मुखमा मोसो दले । नपाभित्रका योजनामा उपभोक्ता समितिबाट घूस लिएको आरोपमा यसो गरिएको नेकपा माओवादी, विप्लव समूह मुगुले जनायो। पीडितले जिल्ला प्रहरी कार्यालयमा पुस ९ गते उजुरी दिए पनि कोही गिरफ्तार परेन।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*यस जिल्लामा १ सय १७ आधारभूत र २४ मावि छन्। ४ सय ४८ शिक्षक दरबन्दी रहेकामा चार रिक्त छ। यस वर्ष ९ सय ५७ बालक र ८ सय ४५ बालिका भर्ना भए। जिल्लामा अपाङ्गमैत्री विद्यालय छैनन्। ३ सय ५० दलित बालक र ४ सय ४५ दलित बालिकाले छात्रवृत्ति पाए । साथै शहीद परिवारका आठजना बालबालिकालाई यस वर्ष छात्रवृत्ति दिइयो।*

*यो वर्ष बाल अधिकार उल्लङ्घनका घटनामा चारजना बालिका पीडित भए। सबै बालिका यौन दुर्व्यवहार घटनाबाट पीडित भएका हुन्। गत वर्ष यस जिल्लाबाट बाल अधिकारका घटनामा कोही पनि पीडित भएका थिएनन्।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| यौन दुर्व्यवहार | ४ | ४ |
| जम्मा | ४ | ४ |

#### बलात्कार, यौन दुर्व्यवहार

१६ वर्षीया बालिकालाई २०७४ माघ २५ गते घरमा काम गरिरहेको अवस्थामा यौन दुर्व्यवहार गरेको भन्दै छायाँनाथ रारा नपा–११ का १७ वर्षीय प्रेम बुढाविरुद्ध पीडित पक्षले माघ २६ गते महिला तथा बालबालिका कार्यालयमा निवेदन दिए। बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ २६ गते भयो। आरोपित फरार रहे।

**महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार**

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ६ जना महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट गरी घर निकाला गरिएका चार र खान/लाउन नदिएको दुई घटना छन् । यीमध्ये प्रहरीले तीनवटामा मिलापत्र गरायो भने तीन उजुरी कानुनी प्रक्रियामा छन् ।*

*गत वर्ष महिलामाथि भएका हिंसाका घटनामा नौजना पीडित भएको अभिलेख भयो । यो वर्ष भने १० जना पीडित भए । सन् २०१७ मा बहुविवाहबाट दुई, घरेलु हिंसाबाट ६ र यौन दुर्व्यवहारबाट एकजना पीडित भएका थिए । यो वर्ष घरेलु हिंसाबाट पाँच, बलात्कारबाट दुई र बलात्कार प्रयासबाट तीनजना महिला पीडित भएको अभिलेख भयो ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | २ | २ |
| बलात्कार प्रयास | ३ | ३ |
| घरेलु हिंसा | ५ | ५ |
| जम्मा | १० | १० |

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

१९ वर्षीया युवतीलाई २०७५ जेठ ८ गते राति बलात्कार प्रयास गरेको भन्दै छायाँनाथ रारा नपा–१० का २१ वर्षीय राजेन्द्र बुढाविरुद्ध २०७५ जेठ ९ गते पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन् । युवतीको स्वास्थ्य परीक्षण सोही दिन जिल्ला अस्पतालमा भयो । प्रहरीले जिल्ला अदालतमा मङ्सिर १८ गते मुद्दा दर्ता गराएको भए पनि आरोपित फरार रहे ।

**घरेलु हिंसा**

सोरु गाउँपालिका–८ की २१ वर्षीया विष्णुमाया कार्कीले २०७४ चैत ३ गते २२ वर्षीय पति महेशविक्रम कार्कीले आफूलाई कुटपिट गरी घरनिकाला गरेको भन्दै चैत ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन् । प्रहरीले आरोपितलाई छलफलका लागि प्रहरी कार्यालयमा बोलाए पनि आएका छैनन् । विष्णुमाया भने माइतीमा बस्दै आएकी छिन् ।

**जातीय विभेद**

मुगुम कार्मारोङ गाउँपालिका–७ का ३८ वर्षीय छिरिङवाङ्चुक कामीले आफ्नो काकाको बुहारीसँग विवाद भएपछि मिलाइदेऊ भनेर आग्रह गर्न वडाध्यक्ष च्यावा लामाको घर गएका बेला २०७५ साउन १९ गते लामाले दलित भन्दै गाली बेइज्जति गरी आफूलाई कुटपिटसमेत गरेको बताए । यसबारे २०७५ साउन २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गराउन खोज्दा अध्यक्ष लामाले मुद्दा दर्ता गराए वडाबाट पाउने सेवा/सुविधा कटौती गरिदिने धम्की दिएपछि पीडित दर्ता नगरी फर्किए ।

जिल्लाका विभिन्न क्षेत्रमा अन्तरजातीय विवाह गरेका महिला आफ्नै माइतीबाट तिरस्कृत भएका छन् । जिल्लाको खत्याड गाउँपालिका र छायाँनाथ रारा नपाका केही गाउँमा आफ्नै मन मिलेर अन्तरजातीय विवाह गरेका महिला अन्तरजातीय विवाह गरेकै कारण आफ्नो समुदायबाट समेत तिरस्कृत नभए पनि स्वयम् आफ्नै माइती पक्षबाट तिरस्कृत हुनुपर्दा विरक्तिने गर्छन् । खत्याड गाउँपालिका–४ पैखुकी २२ वर्षीया लक्ष्मी थापाले सोही ठाउँका पुरन बिकसँग, यसैगरी पैखु गाउँकी ३० वर्षीया सुशीला थापाले हिगोटी गाउँकै धनमान बिकसँग अन्तरजातीय विवाह गरेका थिए । यही कारण उनीहरूका अभिभावकले नागरिकता बनाउन आवश्यक कागजपत्रसमेत नदिएकाले नागरिकता नै बन्न सकेको छैन ।

**स्वास्थ्य सेवाको अवस्था**

जिल्लामा एक अस्पताल, २४ स्वास्थ्य चौकी र एक प्राथमिक स्वास्थ्य केन्द्र छन् । जिल्लामा तीन डाक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन् । जिल्लामा ४ जना डाक्टर करारमा कार्यरत छन् । त्यस्तै अहेवको ५४ दरबन्दी रहेकामा ५४ जना कार्यरत छन् ।

मुगुम कार्मारोङ गाउँपालिका–१ डोल्पुस्थित स्वास्थ्य चौकीमा कार्यरत इन्चार्ज ४५ वर्षीय रतन मल्ल, अहेव ४८ वर्षीय लालबहादुर भाम र कार्यालय सहयोगी ५० वर्षीय सोनाम लामा २०७५ जेठ १५ गते देखि स्वास्थ्य चौकीमा बिनाजानकारी अनुपस्थित हुँदा जेठ १५ गतेदेखि असार १ गतेसम्म डोल्पु स्वास्थ्य चौकी स्वास्थ्यकर्मीबिहीन भयो । स्वास्थ्य चौकी स्वास्थ्यकर्मीबिहीन हुँदा डोल्पु गाउँका स्थानीयबासी यो चौकीबाट प्रदान हुने सेवा लिनबाट वञ्चित हुन पुगे । सामान्य बिरामी हुँदा पनि त्यहाँका बासिन्दा एक दिन हिँडेर मुगुम कार्मारोङ गाउँपालिका–६ पुलमा

रहेको स्वास्थ्य चौकी र मेडिकल जान बाध्य भए।

मुगुम कार्मारोङ गाउँपालिका–२ मुगु गाउँमा रहेको स्वास्थ्य चौकीका इन्चार्ज ४६ वर्षीय हिमा कामी, अनमी २९ वर्षीया सोनाम लामा र ४८ वर्षीय कार्यालय सहयोगी दानजानबहादुर हितान २०७५ जेठ १० गतेदेखि आफू कार्यरत स्वास्थ्य चौकीमा बिना जानकारी जेठ २६ गतेसम्म नगई आफ्ना घरमै बस्दै आएपछि मुगुम कार्मारोङ गाउँपालिका–२ मुगु गाउँका बासिन्दा स्वास्थ्य सेवाबाट वञ्चित भए। २०७५ जेठ २४ गते वडाध्यक्ष कार्मा तामाङले बिनाजानकारी स्वास्थ्य चौकीमा अनुपस्थित रहेका तीनैजना कर्मचारीको तलव रोक्न गाउँपालिकालाई सिफारिस गर्ने चेतावनी दिएपछि तीनैजना जेठ २७ गते आफू कार्यरत स्वास्थ्य चौकीमा उपस्थित भए।

## सन् २०१८ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**महिला अधिकार**

| घटनाको प्रकार | अपूर्ण | मिलापत्र | जम्मा |
|---|---|---|---|
| यौन दुर्व्यवहार | ३ | १ | ४ |
| जम्मा | ३ | १ | ४ |

**महिला अधिकार**

| घटनाको प्रकार | अपूर्ण | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| बलात्कार | | | | २ | २ |
| बलात्कार प्रयास | १ | १ | | १ | ३ |
| घरेलु हिंसा | १ | २ | १ | १ | ५ |
| जम्मा | २ | ३ | १ | ४ | १० |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| हत्या | १ | १ |

# ६.३ हुम्ला




**जम्मा जनसङ्ख्या**
**५०,८५८**

**महिला**
**२५,०२५**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**१**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**२**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**२७,९६२**

**कामका लागि बाहिरिएका**
**६८२**

**अपाङ्गता भएका**
**२,४११**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**४७.८२**

**आश्रित जनसङ्ख्या**
**२७,०१६**

*हुम्लाको दक्षिणी भेगका सर्केगाड गाउँपालिका र चङ्खेली गाउँपालिकाका खाद्यान्न डिपोमा चालु आर्थिक वर्ष सुरु भएको पाँच महिनादेखि ढुवानी हुन नसक्दा खाद्य डिपो खाली भयो। सर्केगाड डिपोका लागि २ हजार २ सय क्विन्टल, देउलीका लागि ८ सय क्विन्टल र छप्रेलाका लागि ६ सय क्विन्टल सुर्खेत र गमगढीबाट ढुवानी हुन सकेन । त्यस्तै सरकारले खाद्य संस्थानमार्फत ढुवानी अनुदानमा उपलब्ध गराउँदै आएको खाद्यान्न आर्थिक वर्षको पहिलो चौमासिक सकिँदासम्म पनि ढुवानीको व्यवस्था नहुँदा हुम्लाबासी मर्कामा परे। चालु आर्थिक वर्षमा नेपाल खाद्य संस्थानले हुम्लाका लागि ढुवानी अनुदानमा बिक्री वितरण गर्ने खाद्यान्न समयमा ढुवानी गर्ने प्रयास गरे पनि सम्भव नभएको खाद्य संस्थान शाखाले जनायो। दसैँअघि संस्थानको शाखा कार्यालयबाट दुई केजी खाद्यान्न लिएर राम्रोसँग दसैँ मनाउन नपाएका स्थानीयले तिहारमा पाउने आशा गरेकामा त्यो पनि पूरा हुन सकेन। साउनयता पाँचपटक संस्थानको खाद्यान्न पाउनुपर्नेमा जम्मा दुई पटक, त्यो पनि दुई केजीका दरले मात्र पाएको स्थानीयबासीले बताए। नेपाल खाद्य संस्थानले चालु आर्थिक वर्षका लागि समयमै खाद्यान्न ढुवानी गर्न तीनपटक टेन्डर आह्वान गरे पनि टेन्डर असफल भएकाले समस्या आएको नेपाल खाद्य संस्थान प्रधान कार्यालयका खरिद शाखाका प्रमुख डिल्लीराज लम्सालले बताए।*

*हुम्लामा गत वर्ष मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा राज्य पक्षबाट दुई जनासहित ४३ जना पीडित भएका थिए। यो वर्ष राज्य पक्षबाट एक जनासहित १८ जना पीडित भए। यस वर्ष सबै भन्दा बढी धम्की र कुटपिटबाट ११ जना पीडित भए।*

| घटनाको प्रकार | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| महिला अधिकार | | | ४ | | ४ |
| जातीय विभेद | | | १ | १ | २ |
| कुटपिट | | | २ | ७ | ९ |
| धम्की | १ | १ | | १ | १ |
| हत्या | | | १ | | १ |
| जम्मा | १ | १ | ८ | ९ | १७ |

### धम्की/कुटपिट

#### राज्यपक्षबाट

सीमकोट गाउँपालिका–२ निवासी राजधानी दैनिकका संवाददाता ३६ वर्षीय मिमसिंह नेपालीलाई दसैँ तिहारका लागि पाँच केजी चामल माग्न जाँदा २०७५ असोज २६ गते प्रहरीले तँलाई जेलमा हालिदिन्छु भन्दै धम्क्याए । हुम्लामा खाद्यान्न अभाव भएको अवस्थामा सो दिन पाँच केजीका दरले चामल वितरण गरिएको थियो । चामल वितरणका क्रममा स्थानीयले खाद्यान्न पाउनुपर्छ, हामी पनि यो देशका नागरिक हौँ भनेपछि खाद्य संस्थान कार्यालयमा खटिएका नाम नखुलेका नेपाल प्रहरीका असइले आफूलाई धरपकड गरेको नेपालीले बताए । डिएसपी रवीन श्रेष्ठले प्रहरीबाट गल्ती भएको पाइएमा सम्झाउने बताएका थिए । ती प्रहरीको सरुवा भएपछि घटना सामसुम भयो ।

#### अन्यपक्षबाट

सीमकोट गाउँपालिका–२ का राजधानी दैनिकका जिल्ला सम्वाददाता ३६ वर्षीय मिमसिंह नेपालीलाई समाचार प्रकाशन र प्रशारण गरेको आरोपमा अपरिचित व्यक्तिले मोबाइलमार्फत २०७५ जेठ ८ गते मार्ने धम्की दिए । सीमकोट गाउँपालिका–४ बुराउँसे गाउँका सचिव २७ वर्षीय गोपालचन्द्र लामाले साविकका मैला र मदना गाविस तथा हालको ताजाकोट गाउँपालिका–५ को सामाजिक सुरक्षा भत्तासमेत हिनामिना गरेको भन्दै प्रहरीले लामालाई गिरफ्तार गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगेको थियो । यही विषयमा समाचार लेखेको आरोपमा रेडियो कर्णाली आवाजका समाचार संयोजक एवम् नेपाल पत्रकार महासङ्घ हुम्लाका उपाध्यक्षसमेत रहेका नेपालीलाई मोबाइलबाट अपरिचित व्यक्तिले धम्की दिएको पत्रकार महासङ्घले जनायो । यो समाचार आएपछि नेपालीलाई लामाका आफन्तले फोनबाट 'तँ डुम जातिको मान्छे होस्, आफ्नो औकातमा बसेर काम गर नत्र तेरो हातगोडा भाँचेर मारिदिन्छौँ' भन्ने धम्की दिएको नेपालीले बताए । नेपालीले जिल्ला प्रशासन कार्यालयमा जेठ ९ गते उजुरी दिए । तर आरोपितलाई कुनै कारबाही भएन ।

सीमकोट बजारमा खटिएका २५ वर्षीय प्रहरी जवान ललित वलीमाथि २०७५ कात्तिक २५ गते हातपात गरेको आरोपमा चङ्खेली गाउँपालिका–३ मेखालाका १९ वर्षीय अजय रोकाया र सर्केगाड गाउँपालिका–६ का २० वर्षीय कमल शाहीलाई सोही दिन प्रहरीले गिरफ्तार गर्‍यो । प्रहरीले सार्वजनिक ठाउँमा चुरोट नपिउन आग्रह गर्दा तिम्रो बाउको सम्पत्ति खाएको हैन भन्दै आफूमाथि हातपात भएको वलीले आरोप लगाए । कात्तिक २६ गते गिरफ्तार भएका दुवै जनालाई जिल्ला प्रशासन कार्यालयले मङ्सिर ९ गते जनही १०/१० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो ।

### कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ । जिल्लामा कारागार भवन नभएको हुँदा दुईजना कैदी र चारजना थुनुवा गरी ६ जना जिल्ला प्रहरी कार्यालयको हिरासत कक्षमा छन् । जसमा सबै पुरुषमात्र छन् । नयाँ बन्दै गरेको कारागार भवनको निर्माण कार्य यस वर्ष पनि सकिएको छैन । यही कारण प्रहरीको हिरासत कक्षमा रहेको शौचालय प्रयोग गर्न र नुहाउन समस्या हुने गरेको कैदी/बन्दीले गुनासो गरे ।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एकजना न्यायाधीश रहेका यस जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ३७ मध्ये ११ थान फैसला भए भने देवानी मुद्दातर्फ ९३ मध्ये ३७ थान फैसला भए । यो अदालतमा दुई वर्ष नाघेका मुद्दा छैनन् ।

### बाल अधिकार

#### शिक्षाको अधिकार

*यस जिल्लामा १ सय १८ आधारभूत र २५ मावि छन् । ४ सय १८ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन् । यस वर्ष १० हजार १ सय ४ बालक र १३ हजार २२ बालिका भर्ना भए । जिल्लामा एक अपाङ्गमैत्री विद्यालय छ । १ हजार ५ दलित बालक र १ हजार १ सय ४१ दलित बालिकाले छात्रवृत्ति पाए भने यो वर्ष १ सय दलित बालबालिकाले छात्रवृत्ति पाएनन् । आर्थिक वर्ष २०७४/०७५ मा छुट्याइएको बजेटबाट चङ्खेली गाउँपालिकाका महादेव मावि, जनज्योति प्रावि, चिप्लेढुङ्गा आधारभूत विद्यालय र बालज्योति प्राविका १ सय जना दलित बालबालिकाले छात्रवृत्ति पाएनन् । गाउँपालिकाका अध्यक्ष धलनलाल चौँलागाइँले गाउँपालिकाका लेखापालले हिनामिना गरेकाले उक्त रकम नपाएको बताए । साथै शहीद परिवारका ५३ र द्वन्द्वपीडित परिवारका ४८*

*बालबालिकाले पनि छात्रवृत्ति पाए।*

*यो वर्ष एक बालिकाको हत्या गरेको घटनामा नाम्खा गाउँपालिकास्थित महाबौद्ध विद्यालयका प्रधानाध्यापक धनलाल रोकायलाई प्रहरीले गिरफ्तार गऱ्यो । यसैगरी जिल्ला प्रहरी कार्यालयमा उमेर पुगेका थुनुवासँग १३ वर्षीय एक बालकलाई राखियो भने सीमकोट गाउँपालिका–७ मा छाउ गोठमा बसेकी १७ वर्षीया लक्ष्मी शाही लडेर घाइते भइन्। खार्पुनाथ गाउँपालिका–५ स्थित मान्धारा माविमा कक्षा ९ र १० को गणित र अङ्ग्रेजी विषयको पठनपाठन नभएको भन्दै अभिभावकले २०७४ चैत ३० गतेदेखि वैशाख ७ गतेसम्म विद्यालयमा ताला बन्द गर्दा पठनपाठन प्रभावित भयो। २०७५ वैशाख ३० गते भएको कक्षा ११ को परीक्षा मानसरोवर माध्यमिक विद्यालयको लापरबाहीले गर्दा दिन नपाएको आरोप तीन परीक्षार्थीले लगाए । गत वर्ष शिक्षकको कुटपिटबाट तीनजना बालक पीडित भएका थिए।*

### उमेर पुगेका थुनुवासँग बालक

१३ वर्षीय बालकलाई २०७५ भदौ २० गतेदेखि जिल्ला प्रहरी कार्यालयको हिरासतमा प्रहरीले उमेर पुगेका थुनुवासँग राखेको बालकका बुबाले गुनासो गरे। स्थानीय व्यापारी ग्वामसिंह भण्डारी र मुगा बोहोराले दिएको उजुरीपछि बालकलाई दुईवटा चोरी घटनाको अनुसन्धानका क्रममा गिरफ्तार गरिएको प्रहरीले जनायो। बालबालिकासम्बन्धी ऐन २०४८ को धारा १५ मा बालबालिकालाई नेल हत्कडी लगाउन, एकान्त कारावासमा राख्न वा कुनै अपराध गरेबापत कैदको सजाय पाएमा उमेर पुगेका कैदीको साथमा राख्न नहुने व्यवस्था छ। बालकलाई जिल्ला अदालतले २०७५ असोज ८ गते खोजेका बेला उपस्थित गराउने भन्दै अभिभावकको जिम्मा लगाउने आदेश दियो।

### छाउ गोठमा बस्दा लडेर घाइते

सीमकोट गाउँपालिका–७ मा छाउ गोठमा बसेकी १७ वर्षीया लक्ष्मी शाही २०७४ फागुन २० गते लडेर घाइते भइन्। पानी परेका बेला छाउ गोठ बाहिर निस्कँदा लडेकी हुन्। महिनावारी भएका बेला छाउ गोठमा बस्दा लडेकी लक्ष्मीको दायाँ खुट्टाको माथिल्लो भाग नचल्ने भयो। घरभन्दा टाढा रहेको छाउ गोठमा छोरी लडेको खबर आमा बुबाले भोलिपल्ट मात्रै थाहा पाएका थिए। शाहीलाई सुरुमा गाउँमै धामीझाँक्री लगाएर उपचार गराउँदा ठीक नभएपछि चैत ९ गते जिल्ला अस्पताल ल्याएको आमा धनकौरा शाहीले बताइन्। धनकौराले भनिन्– गाउँमा महिनावारी भएका बेला घोडालाई छोएकाले देवता रिसाएर यस्तो भएको भनेपछि दुई ओटा खसी देवताको नाममा बलि पनि चढाइयो तर छोरीलाई सन्चो भएन। जिल्ला अस्पतालले यहाँ उपचार सम्भव नभएको भन्दै चैत ११ गते नेपालगन्ज रिफर गरेको प्रमुख डाक्टर रञ्जितकुमार यादवले बताए।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ३८ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा खान/लाउन नदिएको ११, अर्की श्रीमती ल्याएर हेला गरेको तीन र सामान्य घरायसी झगडाका २४ घटना छन्। यीमध्ये प्रहरीले ३८ वटामा मिलापत्र गरायो।*

*यस वर्ष महिला अधिकार उल्लङ्घनका घटनामा चारजना महिला घरेलु हिंसाबाट पीडित भए। गत वर्ष घरेलु हिंसाका सात र बहुविवाहका घटनामा दुईजना पीडित भएका थिए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| घरेलु हिंसा | ४ | ४ |
| जम्मा | ४ | ४ |

### घरेलु हिंसा

सीमकोट गाउँपालिका–६ की ३८ वर्षीया जुनकला कामीलाई आफ्नै देवर ३४ वर्षीय परमलसिंह कामीले २०७५ असार १२ गते कुटपिट गरेको आरोपमा प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। मदिराले लट्ठिएका देवरले ढोका फुटाउन खोजेपछि सम्झाउन खोज्दा भाउजूलाई नै कुटेका थिए। छलफलका क्रममा परमलले माफी मागेपछि असार १३ गते उनलाई प्रहरीले रिहा गऱ्यो। कुटपिटबाट छाती र मुखमा चोट लागेर घाइते भएकी जुनकलाको उपचार जिल्ला अस्पतालमा भयो।

### जातीय विभेद

ताँजाकोट गाउँपालिका–३ रामागाउँमा दलित समुदायलाई कथित माथिल्लो समुदायले पिउने

पानीको धारो छुन नदिएपछि उत्तिसेनी गाउँका २५ दलित परिवार पानी पिउनबाट वञ्चित भए। सानो मन्दिरसहित सिमेन्टले बनाएको कालो पाइपको धाराको अघिल्तिर 'दलित र महिनावारी भएका महिलालाई धारो छुन मनाही छ' भन्ने लेखेरै धारो छुन र पानी पिउनबाट वञ्चित गरिएको स्थानीय दलित समुदायले बताए। गाउँकै छेउमा भएको मूलपानीको उक्त धारोमा दलित र छुइ भएका महिलाले छोएमा देवता रिसाएर पानीको मूल सुक्ने भन्दै गाउँलेले उक्त धारो छुन नदिएका ताँजाकोट–३ उत्तिसेनी खोलाकी प्यारु लुवारले बताइन्। मैला गाविसका पूर्वअध्यक्ष वृषबहादुर शाहीले 'दलितले धारो छोएमा' पानी सुक्ने प्रतिक्रिया दिए। यो वर्षको अन्त्यसम्म कसैले पनि घटनाका सम्बन्धमा कहिँकतै उजुरी दिएनन्।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

हुम्ला र मुगुका लागि पठाइएको खाद्यान्नमा दोहोरो कर उठाइएको भन्दै विप्लव नेतृत्वको नेकपाका कार्यकर्ताले खाद्यान्न सामग्री बीच बाटोमै कब्जा गरे। हुम्ला र मुगु दुवै जिल्लाका स्थानीय तहले कर उठाएको भन्दै उनीहरूले २०७४ पुस २७ गतेबाट नून, तेल र चामललगायतका खाद्यान्न बोकेका ३ सय खच्चड रोकेको सर्केगाड गाउँपालिका अध्यक्ष कृष्ण रोकायाले बताए। हुम्ला र मुगुको सिमाना क्षेत्र बाउँ भन्ने ठाउँमा खाद्यान्न रोकेपछि हुम्ला र मुगुमा खाद्यान्न अभाव भयो। मिमीको प्रहरी चौकी र जनप्रतिनिधिले माघ १५ गते उक्त खाद्यान्न फिर्ता गरेको अध्यक्ष रोकायाले बताए।

## स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल र २६ स्वास्थ्य चौकी छन्। जिल्लामा दुई डाक्टरको दरबन्दी रहेकामा एकमात्र कार्यरत छन्। त्यस्तै अहेवको ५५ दरबन्दी रहेकामा ५४ जना कार्यरत छन्।

## सन् २०१८ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या


**महिला अधिकार**

| घटनाको प्रकार | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| घरेलु हिंसा | ३ | १ | ४ |
| जम्मा | ३ | १ | ४ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| हत्या | १ | १ |

# ६.४ जुम्ला




**जम्मा जनसङ्ख्या**
**१,०८,९२१**

**महिला**
**५४,०२३**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**१**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**२**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**५२,६०२**

**कामका लागि बाहिरिएका**
**१,४६३**

**अपाङ्गता भएका**
**३,२४८**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**५४.६६**

**आश्रित जनसङ्ख्या**
**६१,९१६**

| घटनाको प्रकार | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | ३ | ८ | ११ | | २ | २ |
| बाल अधिकार | | | | ३ | ३१ | ३४ |
| महिला अधिकार | | | | ८ | | ८ |
| कुटपिट | | | | १ | १ | २ |
| धम्की | | | | | ३ | ३ |
| हत्या | | | | १ | १ | २ |
| जम्मा | ३ | ८ | ११ | १३ | २८ | ४१ |

*चिकित्सा शिक्षामा सुधारलगायत विभिन्न माग राख्दै २०७५ असार १६ गतेदेखि साउन ३ गतेसम्म डा. गोविन्द केसी जुम्लामा अनशन बसे। कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा अनशन बस्न डा. केसी असार १५ गते बेलुका जुम्ला पुगेका थिए। उनी अनशन बस्न जुम्ला पुगेको जानकारी पाएपछि प्रशासनले असार १५ गते बेलुका नै कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रशासन र जिल्ला प्रहरी कार्यालयदेखि २ सय मिटर वरपर अनशन, धर्ना जुलुस कुनै पनि गतिविधि गर्न नपाइने भन्दै निषेधित क्षेत्र घोषणा गरेको थियो। निषेधित क्षेत्रमा धर्ना दिएपछि प्रहरीले उनलाई गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय लगेको थियो। केसीले प्रहरी कार्यालयभित्रै अनशनको घोषणा गरेपछि सोही दिन अपराहन ४ बजे प्रहरीले उनलाई जिल्ला खेलकुद विकास समितिको कभर्ड हलमा लगेर राख्यो।*

*असार १६ गतेदेखि अनशन सुरु गरेका डाक्टर केसीले चार दिनसम्म कभर्ड हलमै बिताए। उनको स्वास्थ्य अवस्था नाजुक बन्दै गएपछि असार २१ गते कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान लगियो। स्वास्थ्य अवस्था दिन/प्रतिदिन कमजोर हुँदै गएपछि र उपचारका लागि जुम्लामा आइसियु जस्ता व्यवस्था नहुँदा चिकित्सक सङ्घले जुम्लामा केसीलाई उपचार गर्न नसकिने जनायो। यसैबीच सरकारले उनलाई उपचारका लागि काठमाडौँ लैजाने तयारी गर्‍यो। त्यसपछि २०७५ साउन ३ गते बिहान १० बजे कर्णालीका मुख्य मन्त्री महेन्द्रबहादुर शाही, कानुन मन्त्री नरेश भण्डारी, सरकारी वार्ता टोलीका संयोजक खगराज बरालसहित प्रतिष्ठान हाता प्रवेश गरे। विद्यार्थीले अवरोध गरेपछि उनीहरू डा. केसीलाई नभेटी फर्किए। बिहान १०:३० बजे प्रतिष्ठानका उपकुलपति राजेन्द्र राज वाग्ले र सरकारी टोलीबीच आधा घण्टा छलफल*

*भयो । तर पनि केसीलाई काठमाडौँ लैजाने सहमति बनेन । त्यसपछि बिहान ११:३० बजे प्रहरी बल प्रयोग गर्दै अस्पतालभित्र छिर्‍यो ।*

*डा. केसीलाई काठमाडौँ लैजाने निर्णयको विरोधमा उत्रिएका विद्यार्थी र स्वास्थ्यकर्मीसँग प्रहरीको करिब एक घण्टा झडप भयो । प्रहरी जवान कमल उपाध्याय गम्भीर घाइते भए । झडपका क्रममा प्रतिष्ठानका झ्यालढोकाका सिसा र फर्निचर तोडफोड भए । यसैबीच दिउँसो १:३० बजे डा. केसीले पत्रकार सम्मेलन गरेर जुम्लामा बसिरहँदा धनजनको ठूलो क्षति हुने देखिएकाले आफू काठमाडौँ जान तयार भएको बताए । यसरी अपराह्न ४ बजे डा. केसीलाई सेनाको हेलिकोप्टरबाट काठमाडौँ लगियो । केसीले भने जाँदाजाँदै आफूलाई बल प्रयोग गरेर सरकारले काठमाडौँ जान बाध्य पारेको बताए ।*

*जुम्लामा गत वर्ष मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा राज्य पक्षबाट १६ सहित ३४ जना पीडित भएका थिए । सन् २०१८ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ५२ जना पीडित भएको अभिलेख भयो ।*

## नागरिक तथा राजनीतिक अधिकार

### सम्मानितरूपले बाँच्न पाउने अधिकार

### हत्या

#### अन्य पक्षबाट

चन्दननाथ नपा–२ खोलीकोट निवासी नयाँ शक्ति पार्टी जुम्लाका पूर्वजिल्ला संयोजक तथा केन्द्रीय सदस्य ४३ वर्षीय राधाकृष्ण बुढथापाको २०७५ साउन २० गते हत्या गरेको आरोपमा सोही नपा–६ छिनागाउँका २९ वर्षीय खड्गजित रोकाया र ४२ वर्षीय एङ्गल लामालाई प्रहरीले सोही दिन सोही नपा–५ स्थित जुगाड खोलाबाट गिरफ्तार गर्‍यो । शवको पोस्टमार्टम कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पतालमा साउन २१ गते भयो । आरोपितद्वयलाई जिल्ला अदालतले भदौ १७ गते पुर्पक्षका लागि थुनामा पठायो ।



*हत्या गरिएका नयाँ शक्ति पार्टी जुम्लाका पूर्वजिल्ला संयोजक तथा केन्द्रीय सदस्य राधाकृष्ण बुढथापा*

### धम्की/कुटपिट

#### अन्यपक्षबाट

पातारासी गाउँपालिका–२ लल्फीगाउँका वडाध्यक्ष ४६ वर्षीय पुन्नबहादुर बोहोरालाई २०७५ भदौ १० गते सोही वडाका ४२ वर्षीय पूर्णसिंह बोहोरा, २५ वर्षीय बुद्धि बोहोरा र २३ वर्षीय राजेन्द्र बोहोराले धारिलो हतियार प्रहार गरी आक्रमण गरे । घटनाका आरोपितलाई कारबाहीको माग गर्दै पीडितका आफन्तले भदौ ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । दुवै पक्षबीच कात्तिक २० गते वडा कार्यालयमा छलफल भई मिलापत्र भयो ।



*कुटपिटबाट घाइते भएका वडाध्यक्ष पुन्नबहादुर बोहोरा*

### कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २ सय जनाको छ । तर ५९ कैदी र २० जना थुनुवा गरी ७९ जना छन् । जसमा महिला तीनजना छन् । आश्रित बालबालिका छैनन् ।

### अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

कञ्चन गाउँपालिका–३ रुपन्देही घर भई जिल्ला प्रहरी कार्यालय जुम्लामा कार्यरत प्रहरी जवान २५ वर्षीय कमल आचार्य २०७५ साउन ३ गते अनशनरत डाक्टर गोविन्द केसीलाई काठमाडौँ लैजाने क्रममा भएको झडपमा परी घाइते भए । घाइतेलाई कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट थप उपचारका लागि साउन ३ गते नेपालगन्ज लगिएको थियो । त्यहाँबाट पनि साउन ४ गते काठमाडौँ लगिएको थियो । घाइते आचार्यलाई गोली लागेको भनिए पनि सिसा लागेको प्रहरीले जनायो । सो क्रममा प्रहरीसँग भएको झडपमा परी चन्दननाथ नपा–७ खलङ्गाका २० वर्षीय सचिन थापा,

सोही नपा–३ का २१ वर्षीय रुपेश तिमिल्सना, २० वर्षीय राधाकृष्ण उपाध्याय, १९ वर्षीय नवराज भण्डारी, सोही नपा–५ का १९ वर्षीय नीराजन देवकोटा, तातोपानी गाउँपालिका–५ का २१ वर्षीय गणेश जैसी, प्रतिष्ठानमा अध्ययनरत १८ वर्षीया सन्ध्या श्रेष्ठ, प्रतिष्ठानमा कार्यरत ३७ वर्षीय डा. सिद्धार्थध्वज खाती, ३५ वर्षीय डा. सन्दीप श्रेष्ठ, २५ वर्षीया नर्स शीतला रोकाया र ३८ वर्षीय मुना दाहाल घाइते भए । उनीहरूको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल जुम्लामा उपचार भएको थियो । राष्ट्रिय योजना आयोगका पूर्वसदस्य तथा प्राध्यापक डा. गीताभक्त जोशीको संयोजकत्वमा सात सदस्यीय उच्चस्तरीय छानबिन समितिले डा. केसीलाई काठमाडौँ लैजाने क्रममा झडप हुँदा प्रतिष्ठानमा ७ लाख रुपियाँ बराबरको क्षति भएको प्रतिवेदन साउन ११ गते सार्वजनिक गऱ्यो ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

तीनजना न्यायाधीश रहेका यहाँको उच्च अदालत सुर्खेत–जुम्ला इजलासबाट यो वर्ष फौजदारी मुद्दातर्फ ५० मध्ये १९ थान फैसला भए भने देवानी मुद्दातर्फ १५ मध्ये दुई थान फैसला भए । यो इजलासमा दुई वर्ष नाघेका मुद्दा बाँकी छैनन् ।

एकजना न्यायाधीश रहेका यस जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ सय २२ मध्ये ६६ थान फैसला भए भने देवानी मुद्दातर्फ ४७ मध्ये २३ थान फैसला भए । यो अदालतमा दुई वर्ष नाघेको एक मुद्दा बाँकी छ ।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा १ सय २३ आधारभूत र ४७ मावि छन् । ८ सय ५७ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन् । यस वर्ष १७ हजार ८ सय २२ बालक र १८ हजार ५ सय ९२ बालिका भर्ना भए । जिल्लामा ९१ विद्यालय आंशिक अपाङ्गमैत्री छन् । आंशिक भन्नाले विद्यालय र वरपर अपाङ्गमैत्री भएपनि विद्यालयसम्म जाने बाटो अपाङ्गमैत्री नभएको बुझ्नुपर्ने शिक्षा विकास तथा समन्वय इकाईले जनायो । ६ हजार ३ सय ९७ जना दलित बालबालिकाले छात्रवृत्ति पाए । साथै शहीद र द्वन्द्वपीडित परिवारका २ सय २१ जना बालबालिकाले पनि छात्रवृत्ति पाए ।*

*यो जिल्लामा सन् २०१७ मा बालबालिकामाथि हुने हिंसाका घटना अभिलेख भएनन् । सन् २०१८ मा तीन बालिका र २१ बालक पीडित भए । जसमध्ये बालविवाहबाट एक, बेचबिखन तथा ओसारपसारबाट २० र बलात्कारका घटनाबाट तीनजना पीडित भए ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बेचबिखन तथा ओसारपसार | | २० | २० |
| बालविवाह | | १ | १ |
| बलात्कार | ३ | | ३ |
| जम्मा | ३ | २१ | २४ |

### बलात्कार, यौन दुर्व्यवहार

१३ वर्षीया बालिकालाई २०७५ मङ्सिर ९ गते बलात्कार गरेको भन्दै चन्दननाथ नपा–८ धरालबाडाका ४८ वर्षीय लक्ष्मण रोकायाविरुद्ध पीडित पक्षले मङ्सिर १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । आरोपित सोही दिन गिरफ्तार भए । बालिकाको स्वास्थ्य परीक्षण मङ्सिर १३ गते कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल, जुम्लामा भयो । जिल्ला अदालतले पुस ३ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो ।

### बेचबिखन तथा ओसारपसार

पातारासी गाउँपालिका–३ का नौ वर्षीय महेश बुढा, ११ वर्षीय सन्देश बुढा, ११ वर्षीय विकास बुढा, नौ वर्षीय दीपक बुढा, आठ वर्षीय सर्जन महतारा, ११ वर्षीय मङ्गल बुढा, १४ वर्षीय सन्तल बुढा, १४ वर्षीय बम ऐडी, आठ वर्षीय सन्तोष बोहोरा, नौ वर्षीय पृथी बुढा, ११ वर्षीय कृष्ण बुढा, १० वर्षीय मुस्कान बुढा, आठ वर्षीय पुन्न बोहोरा, ९ वर्षीय अङ्गद बुढा र सोही गाउँपालिका–२ का १० वर्षीय हरिराज कामी, ११ वर्षीय रामचन्द्र कामी, १२ वर्षीय रमेश कामी, १४ वर्षीय सागर कामी र ९ वर्षीय अनिल कामीलाई २०७४ पुस २५ गते पातासारी गाउँपालिका–२ का २९ वर्षीय छिरिङतङडुप तामाङ र ३२ वर्षीय कार्मा तामाङले बौद्ध भाषा पढाउने भन्दै भारततर्फ लैजादै गरेको अवस्थामा कुडारी प्रहरी चौकीले नियन्त्रणमा लियो । उद्धार गरिएका बालबालिकालाई पुस २७ गते अभिभावकको जिम्मा लगाएर आरोपित दुवै जनाविरुद्ध प्रहरीले बालबालिका ओसारपसार तथा बेचबिखन मुद्दा

चलाएकामा जिल्ला अदालतले माघ १७ गते जनही १/१ लाख रुपियाँ धरौटीमा छाड्ने आदेश दियो । अदालतले २०७५ वैशाख २० गते गरेको पुनर्विचार आदेशअनुसार कार्मा तामाङ थुनामा छन् भने छिरिङ फरार रहे ।

### महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ४१ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट गरी घर निकाला गरिएका एक, खान/लाउन नदिएको दुई, विवाह दर्ता र नागरिकता नबनाएको तीन, अर्की श्रीमती ल्याएर हेला गरेको एक र सामान्य घरायसी झगडाका ३४ घटना छन् । यीमध्ये प्रहरीले आठवटामा मिलापत्र गरायो भने ३३ उजुरी कानुनी प्रक्रियामा छन् ।*

*गत वर्ष घरेलु हिंसाबाट ६ जना, बहुविवाहबाट दुईजना, बलात्कार र बलात्कार प्रयासका घटनामा एक/एक जना महिला पीडित भएको अभिलेख भयो। यस वर्ष परिवारबाट एक महिलाको हत्या भयो। त्यसबाहेक महिलाविरुद्ध हुने हिंसाका घटनाबाट आठजना पीडित भए। यस वर्ष घरेलु हिंसाका घटनाबाट दुईजना, बहुविवाहबाट एकजना, बलात्कारका घटनामा चार र बलात्कार प्रयासका घटनाबाट एकजना महिला पीडित भए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ४ | ४ |
| बलात्कार प्रयास | १ | १ |
| बहुविवाह | १ | १ |
| घरेलु हिंसा | २ | २ |
| जम्मा | ८ | ८ |

#### परिवारजनबाट हत्या

चन्दननाथ नपा– १० गैरागाउँकी १७ वर्षीया दुर्गा शाहीलाई उनकै पति २१ वर्षीय दीपक न्यौपानेले २०७५ असार १७ गते कुटपिट गरी हत्या गरेको आरोपमा पीडित पक्षले असार १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । शवको पोस्टमार्टम असार १८ गते कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पतालमा भयो । उजुरी दिएकै दिन गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले साउन ११ गते पुर्पक्षका लागि थुनामा पठायो ।

#### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२७ वर्षीया महिलालाई २०७५ वैशाख १५ गते कनकासुन्दरी गाउँपालिका–७ का २४ वर्षीय बिर्ख कामीले बलात्कार प्रयास गरेको आरोपमा पीडितले इलाका प्रहरी चौकी हाडसिँजामा वैशाख २१ गते उजुरी दिइन् । महिलाको स्वास्थ्य परीक्षण वैशाख २१ गते कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो । आरोपित फरार रहे ।

#### घरेलु हिंसा

कनकासुन्दरी गाउँपालिका–५ की २६ वर्षीया झनमाया रोकायालाई उनका पति २८ वर्षीय गङ्गाराम रोकायाले २०७५ कात्तिकमा छोरी जन्माएको आरोपमा घर निकाला गरे । सानै उमेरमा बिहे गरेकी उनले ६ सन्तान जन्माएकामा तीनजना मात्रै जीवित छन् । पहिलो सन्तान मृत छोरी जन्मिएको र त्यसपछिको गर्भ परीक्षण गर्दा छोरी देखिएपछि दुईपटक पतिको दबाबमा गर्भ पतनसमेत गरेको उनले बताइन्। पति अहिले सम्पर्कमा नरहेका झनमायाको भनाइ छ। पीडितले कतै उजुरी गरेकी छैनन् । उनी माइतीघरमै बस्दै आएकी छन् ।

चन्दननाथ नपा–३ डाँडाकोटका २५ वर्षीय राजबहादुर सुनारले ४८ वर्षीया आमा गङ्गादेवी सुनारलाई २०७५ वैशाख १३ गते कुटपिट गरी घर निकाला गरे । गङ्गादेवीले कारबाहीका लागि वैशाख २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन् । पीडित सम्पर्कमा नआएकाले घटनाका सम्बन्धमा प्रहरीले थप चासो देखाएन ।

### आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार

#### सम्पत्ति/संरचना क्षति

चन्दननाथ नपाको कार्यालय परिसरमा पार्किङ गरी राखिएको क १ झ नम्बरको गाडी अज्ञात पक्षले २०७५ मङ्सिर १ गते राति आगजनी गरी क्षति गर्‍यो । त्यसैगरी सोही दिन गोठीचौर गाउँपालिकाको कार्यालय तोडफोड गरी कम्प्युटर र इलेक्ट्रोनिक सामग्रीहरू नष्ट गरियो । गाउँपालिकाका केही कागज पनि जलाइएको थियो । गाउँपालिकामा जडान गरिएको सिसी क्यामेरासमेत तोडफोड गरियो । घटनामा संलग्न भएको आरोपमा प्रहरीले मुगुको सोरु गाउँपालिका–६ भामवाडाका ३६ वर्षीय रामबहादुर भाम (उदय) र तिला गाउँपालिका–१ जुम्लाका ३१ वर्षीय लक्ष्मणनाथ योगी (सङ्ग्राम) लाई मङ्सिर २ गते गिरफ्तार

गऱ्यो। उनीहरूसँग ३५ हजार ६ सय ३५ रुपियाँ नगदसहित चन्दा सङ्कलनका लागि रसिद, लेटरप्याड पनि प्रहरीले सोही दिन बरामद गरेको जनायो । विप्लव नेतृत्वको नेकपाका जिल्ला सेक्रेटरी बिर्खबहादुर शाहीले मङ्सिर ३ गते प्रेस विज्ञप्ति जारी गर्दै चन्दननाथ नपाको कार्यालय परिसरमा पार्किङ गरिएको गाडी आगजनीमा संलग्नता नभएको भन्दै आफ्ना कार्यकर्ता रिहाइको माग गरे। आरोपित दुवै जनालाई जिल्ला अदालतले मङ्सिर २४ गते जनही एक/एक लाख रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो । धरौटी तिर्न नसकेपछि दुवैजना मङ्सिर २४ गते कारागार पठाइए।

**स्वास्थ्य सेवाको अवस्था**

जिल्लामा २९ स्वास्थ्य चौकी र एक प्राथमिक स्वास्थ्य केन्द्र छन् । जिल्लामा एक डाक्टरको दरबन्दी रहेकामा कार्यरत छन्। त्यस्तै अहेवको ६१ दरबन्दी रहेकामा ६१ जना कार्यरत छन् । सरकारी अनुदानमा सञ्चालित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पतालमा ४६ जना डाक्टर, १२ जना नर्सिङ अफिसर, १२ जना अहेव र आठ जना अनमी छन्।

**सन् २०१८ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| बेचबिखन तथा ओसारपसार | | १ | १ |
| बालविवाह | १ | | १ |
| बलात्कार | | ३ | ३ |
| जम्मा | १ | ४ | ५ |

**महिला अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| बलात्कार | १ | १ | | २ | ४ |
| बलात्कार प्रयास | १ | | | | १ |
| बहुविवाह | १ | | | | १ |
| घरेलु हिंसा | | १ | १ | | २ |
| जम्मा | ३ | २ | १ | २ | ८ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| हत्या | २ | २ |

# ६.५ कालीकोट

**जम्मा जनसङ्ख्या**
**१,३६,९४८**

**महिला**
**६८,११५**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**१**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**२**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**७८,७४९**

**कामका लागि बाहिरिएका**
**२,०९६**

**अपाङ्गता भएका**
**५,२६२**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**५६.८३**

**आश्रित जनसङ्ख्या**
**२०,९१२**




*जिल्लाको सुक्खा क्षेत्र मानिने पलाता गाउँपालिकामा यस वर्ष खाद्यान्न सङ्कट भयो । यस वर्षको गहुँ र जौ बाली खडेरी र असिनापानीले सखाप पारेपछि स्थानीयबासी खाद्यान्न सङ्कटमा परेका हुन् । पलाता क्षेत्रका १ हजार ९ सय ४३ घरका ११ हजार ७ सय व्यक्ति खाद्यान्न सङ्कटबाट प्रभावित भएका हुन्। पलाता, धौलागोह, खिन, थिर्पुलगायतका गाउँमा खाद्यान्न सङ्कट भएपछि पेट पाल्नका लागि २५ घरका परिवारसहित भारतमा मजदूरी गर्न गएको पलाता–५ का पूर्ण उपाध्यायले बताए । यो क्षेत्रमा पाकेर काट्ने बेला भएको गहुँ २०७४ चैत २७ गतेको असिना पानीले सोत्तर पारेपछि खाद्यान्न सङ्कट भएको हो। असिना पानीले रास्कोट नपामा ६५ लाख ३५ हजार, खाँडाचक्र नपामा ४३ लाख ७८ हजार, नरहरिनाथ गापामा ३२ लाख २ हजार, शुभकालिकामा १२ लाख १२ हजार र सान्नी त्रिवेणी गापामा १ करोड ११ लाख ३९ हजार रुपियाँ बराबरको क्षति भएको विवरण अनुगमन टोलीबाट आएको थियो। यस्तै रास्कोट नपामा ९ करोडको तरकारी र फलफूल, ३ करोडको खाद्यबाली गरी १२ करोडको क्षति पुऱ्याएको विवरण आएको थियो। असिना पानीले ५८ लाख ४७ हजार मूल्यको तरकारी, ६६ लाख ९ हजार मूल्यको फलफूल, १ करोड ३० लाख बराबरको गहुँ र ३५ लाख १२ हजार रुपियाँको जौ बाली नष्ट भएको जिल्ला प्रशासन कार्यालयले जनायो।*

*कालीकोटमा गत वर्ष मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा राज्य पक्षबाट १३ जनासहित ३९ जना पीडित भएका थिए। प्रहरीको गोली प्रहारबाट दुईजनाको मृत्यु भएको थियो। सन् २०१८ मा भने २६ जना पीडित भएको अभिलेख भयो।*

| घटनाको प्रकार | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | ३ | | ३ |
| अमानवीय व्यवहार | | | | १ | १ |
| महिला अधिकार | | | ११ | | ११ |
| जातीय विभेद | | | | २ | २ |
| कुटपिट | २ | २ | १ | १ | २ |
| धम्की | | | | ४ | ४ |
| हत्या | | | १ | | १ |
| जम्मा | २ | २ | १६ | ८ | २४ |

## नागरिक तथा राजनीतिक अधिकार

### सम्मानितरूपले बाँच्न पाउने अधिकार

### हत्या

**अन्यपक्षबाट**

नरहरिनाथ गापा–९ घर भई सोही वडामा दलित महिलातर्फबाट निर्वाचित वडा सदस्य ४२ वर्षीया मना सार्कीको २०७५ जेठ १९ गते सोही ठाउँ निवासी २२ वर्षीया राजिन्दा शाही, १९ वर्षीया सिर्जना शाही र १८ वर्षीया दुर्गा शाहीले कुटपिट गर्दा मृत्यु भयो। मृतकका छोरा पदम नेपालीले जेठ गते २१ जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिएपछि प्रहरीले तीनै जनालाई जेठ २२ गते गिरफ्तार गर्‍यो । दुर्गालाई सोधपुछपछि जेठ २३ गते रिहा गर्‍यो । शवको पोस्टमार्टम जिल्ला अस्पतालमा जेठ २४ गते भयो । दलित गैरसरकारी संस्था, अधिकारकर्मी र पत्रकारले जेठ २३ गते विज्ञप्तिमार्फत घटनाको निन्दा गरेका थिए। आरोपितहरू सिर्जना र राजिन्दालाई जिल्ला अदालतले असार २१ गते पुर्पक्षका लागि थुनामा पठाएको छ।



*कुटपिटबाट मृत्यु भएकी महिला वडा सदस्य मना सार्की*

### कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर ४७ कैदी र २३ जना थुनुवा गरी ७० जना छन्। जसमा महिला चारजना छन्। आश्रित बालबालिका छैनन्। क्षमताभन्दा झण्डै तीन गुणा बढी कैदी/बन्दी भएकाले बस्न समस्या छ।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एकजना न्यायाधीश रहेका यस जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ८४ मध्ये ५० थान फैसला भए भने देवानी मुद्दातर्फ ६९ मध्ये २४ थान फैसला भए। दुई वर्ष नाघेको देवानी मुद्दा एक थान बाँकी छ।

### अमानवीय व्यवहार

जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख ४३ वर्षीय डा. कौशल अलीले भ्रष्टाचार गरेको आरोपमा २०७४ माघ १९ गते विप्लव नेतृत्वको नेकपाका कार्यकर्ताले मोसो दले। बिरामीले उपचार गर्न रास्कोट नपा पुगेका अलीलाई दुर्व्यवहार गरिए पनि उनले कतै उजुरी दिएनन्।

## बाल अधिकार

**शिक्षाको अवस्था**

*यस जिल्लामा २ सय ३४ आधारभूत र ६० मावि छन्। ९ सय ३९ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष २७ हजार ३ सय ३० बालक र २९ हजार १ सय ५८ बालिका भर्ना भए। जिल्लामा अपाङ्गमैत्री विद्यालय छैनन्। ४ हजार ९ सय ९८ दलित बालक र ५ हजार ६ सय ५८ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै शहीद १ सय ४१ र द्वन्द्वपीडित परिवारका १ सय ८२ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

*यस वर्ष बाल अधिकार उल्लङ्घनका घटनामा तीनजना बालिका पीडित भए। गत वर्ष पनि तीनजना बालिका पीडित भएका थिए। यस वर्ष दुईजना बलात्कारबाट र एकजना यौन दुर्व्यवहारको घटनामा पीडित भए। अघिल्लो वर्ष बालविवाहबाट दुई र बलात्कारबाट एकजना पीडित भएका थिए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | २ | २ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ३ | ३ |

**बलात्कार, यौन दुर्व्यवहार**

१६ वर्षीया किशोरीलाई २०७५ भदौ ८ गते यौन दुर्व्यवहार गरेको आरोपमा खाँडाचक्र नपा–१० का २८ वर्षीय धनराज शाहीलाई प्रहरीले भदौ ९ गते गिरफ्तार गर्‍यो। किशोरीको स्वास्थ्य परीक्षण भदौ ९ गते जिल्ला अस्पतालमा भयो। आरोपितलाई जिल्ला अदालतले भदौ २३ गते पुर्पक्षका लागि थुनामा पठायो। घटनाका अर्का आरोपित शुभकालिका गापा–६ का २४ वर्षीय हेमराज शाही फरार रहे।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ८८ महिलाले*

*महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका एक, खान/लाउन नदिएको तीन, अर्की श्रीमती ल्याएर हेला गरेको एक र सामान्य घरायसी झगडाका ८३ घटना छन्। यीमध्ये प्रहरीले ८५ ओटामा मिलापत्र गरायो भने तीन उजुरी कानुनी प्रक्रियामा छन्।*

*महिला अधिकार उल्लङ्घनका घटनामा यस वर्ष ११ जना पीडित भए। गत वर्ष यस्ता घटनाबाट १२ जना पीडित भएका थिए। यस वर्ष घरेलु हिंसाबाट दुई, कथित बोक्सीको आरोपमा तीन, बहुविवाहबाट तीन, बलात्कारबाट दुई र यौन दुर्व्यवहार घटनामा एकजना पीडित भएको अभिलेख भयो।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| कथित बोक्सीको आरोप | ३ | ३ |
| बलात्कार | २ | २ |
| बहुविवाह | ३ | ३ |
| घरेलु हिंसा | २ | २ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ११ | ११ |

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१९ वर्षीया युवतीलाई २०७५ असोज ९ गते सामूहिक बलात्कार गरेको आरोपमा खाँडाचक्र नपा-१० का २० वर्षीय पर्व बिक, १८ वर्षीय गोर्ख बिक, १८ वर्षीय सर्जन बिक, ९ का २२ वर्षीय जीवन बिक, २० वर्षीय नवीन बिक, १८ वर्षीय डिले परियार, २१ वर्षीय सुवास बिक र २० वर्षीय हर्ष बिकलाई २०७५ असोज ११ गते प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतले असोज २८ गते गोर्ख, सर्जन र डिलेलाई रिहा गर्ने आदेश दियो भने बाँकीलाई पुर्पक्षका लागि थुनामा पठायो।

### कथित बोक्सीको आरोप

खाँडाचक्र नपा-२ की ३२ वर्षीया जना पाण्डेलाई २०७४ माघ २ गते सोही ठाउँकी ३२ वर्षीया मोति पाण्डेले कथित बोक्सीको आरोपमा कुटपिट गरिन्। कुटपिटबाट घाइते भएकी पीडितको जिल्ला अस्पतालमा उपचार भयो। पीडितले माघ ३ गते जिल्ला प्रहरी कार्यलयमा उजुरी दिए पनि आरोपित फरार रहे।

### घरेलु हिंसा

महावै गापा-३ की २९ वर्षीया महिलालाई २०७४ पुस १७ गते ३४ वर्षीय पति हस्तबहादुर शाहीले परपुरुषसँग अनैतिक सम्बन्ध राखेको आरोपमा कुटपिट गरे। छातीमा चोट लागेकी जयन्तीको उपचार स्थानीय मेडिकलमा पुस १८ गते भयो। पीडितले जिल्ला प्रहरी कार्यालय कालिकोटमा पुस १८ गते उजुरी दिए पनि आरोपित फरार रहे।

### जातीय विभेद

तिलागुफा नपा-७ का २५ वर्षीय मानबहादुर सार्कीलाई २०७५ असोज २९ गते सोही ठाउँका २८ वर्षीय रवीन्द्र शाही र २७ वर्षीय राकेश शाहीले जातीय विभेद गरी कुटपिट गरेको भन्दै पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा कात्तिक ३० गते उजुरी दिए। प्रहरीले आरोपित दुवैलाई कात्तिक ३० गते गिरफ्तार गऱ्यो। शाहीकी बहिनी नाता पर्नेसँग आरोपित बोलेको आरोपमा कुटपिट गरेको पीडितले जनाए। छाती र गर्धनमा चोट लागेका घाइतेको जिल्ला अस्पतालमा उपचार भयो। दुवै पक्षबीच छलफल भई जिल्ला प्रहरी कार्यालयमा मङ्सिर ५ गते मिलापत्र भयो।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, २८ स्वास्थ्य चौकी र एक प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा दुई डाक्टरको दरबन्दी रहेकामा एकजना कार्यरत छन्। त्यस्तै अहेवको ६१ दरबन्दी रहेकामा ५६ जना कार्यरत छन्।

जिल्ला अस्पताल कालीकोटमा तीन महिनासम्म विशेषज्ञ डाक्टर नहुँदा उपचार गर्न आउने बिरामी मर्कामा परे। जिल्ला अस्पतालका प्रमुख डाक्टर कौशल अलीलाई नेकपा विप्लव समूहका कार्यकर्ताले २०७४ माघ १९ गते अमानवीय व्यवहार गरेपछि असुरक्षाको कारण देखाउँदै पीडित डाक्टर अस्पतालमा नबसेपछि जिल्ला अस्पताल तीन महिना डाक्टरबिहीन भएको थियो। जिल्ला अस्पताल कालीकोटमा पाँच महिनासम्म शल्यक्रिया, एक्सरेलगायतका सेवा बन्द भएपछि सामान्य बिरामी पनि सुर्खेत र नेपालगन्ज जानुपरेको थियो।

## सन् २०१८ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| बलात्कार | २ | २ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ३ | ३ |


**महिला अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| कथित बोक्सीको आरोप | | १ | १ | १ | ३ |
| बलात्कार | | | | २ | २ |
| बहुविवाह | | | | ३ | ३ |
| घरेलु हिंसा | १ | | १ | | २ |
| यौन दुर्व्यवहार | | | | १ | १ |
| जम्मा | १ | १ | २ | ७ | ११ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| हत्या | १ | १ |

# ६.६ दैलेख




**जम्मा जनसङ्ख्या**
२,६१,७७०

**महिला**
१,३४,७८०

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
२

**प्रदेशसभा निर्वाचन क्षेत्र**
४

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
९३,४२८

**कामका लागि बाहिरिएका**
११,२२१

**अपाङ्गता भएका**
७,६०७

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
६२.४७

**आश्रित जनसङ्ख्या**
१,३७,४०९

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | ११ | ४ | १५ |
| महिला अधिकार | ४३ | | ४३ |
| जातीय विभेद | ३ | २ | ५ |
| कुटपिट | ३ | ५ | ८ |
| हत्या | ३ | ४ | ७ |
| जम्मा | ६३ | १५ | ७८ |

*विभिन्न जातजातिको उद्गम थलो भनेजस्तै नेपालमा अहिलेसम्म फिरन्ते जीवन बिताइरहेका राउटे जाति पनि दैलेख र यसकै सेरोफेरोमा घुमिरहनुले पनि दैलेख पुरानो बस्ती थियो भन्न थप बल पुऱ्याएको छ। आफ्ना पुराना चालचलन र रीतिरिवाजलाई समाजले ग्रहण गर्ने भएकै कारण सुरक्षा र समायोजन हुन सजिलो ठानेर राउटे समुदाय दैलेख र आसपासकै जिल्लाहरूमा फिरन्ते जीवन बिताउँदै आएका छन्।*

*गुजाराका लागि काठका सामग्री बनाउन जङ्गलको पर्याप्तता, गम्भीर स्वास्थ्य समस्या बाहेक सामान्य चोटपटक वा बिरामी पर्दा प्रयोग गर्ने आयुर्वेदिक औषधि अर्थात जडीबुटी पनि प्रशस्त पाउने भएका कारण पनि राउटे समुदायले दैलेखलाई बास स्थान रोजेका हुन सक्छन्।*

*दैलेखलगायतका सुर्खेत, अछाम, सल्यान, दाङ तथा यही भेगमा राउटे समुदाय घुम्दै आएका पाइन्छ। बसाइँ सर्नुको कुनै खास कारण नपरे बढीमा तीन चार महिनामात्र उनीहरू एक ठाउँमा बस्ने गर्छन् । बसाइँ सर्नुपर्दाचाहिँ तीन चार घण्टा पैदल हिँडेर जान सकिने स्थानमा सर्छन् । यसरी बसाइँ सर्दा सबै परिवारले आफैँ बोकेर सामान सार्छन्, साह्रै वृद्धवृद्धा भए उनीहरूका लागि मद्दत गर्नेबाहेक सबैले आफ्नो सामान आफैँ बोकेर लैजान्छन् । बसाईं सर्दा यातायातका साधन प्रयोग गर्दैनन्।*

*दैलेख जिल्लामा सन् २०१८ मा ज्यादतीका घटनामा ७८ जना पीडित भएको अभिलेख भयो । गत वर्ष मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा राज्य पक्षबाट पाँचजना र अन्यबाट ५८ जना पीडित भएका थिए।*

## कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता ८० जनाको छ। तर ९१ कैदी र १९ जना थुनुवा गरी १ सय १० जना छन्। जसमा महिला १४ जना छन्। दुई वर्षका दुईजना आश्रित बालक छन्। दुई मानसिक रोगी पनि कारागारमा सँगै बस्छन्। २०७१ सालमा निर्माण गरिएको यस कारागारको तीनमध्ये पुरुष बस्ने दुई भवन जीर्ण छन्। क्षमताभन्दा झण्डै एकतिहाइ बढी कैदी/बन्दी भएकाले कोच्चिएर बस्नुपर्ने बाध्यता छ। शौचालय र पुस्तकालय पर्याप्त छैनन्। सिपमूलक तालिमको व्यवस्था पनि छैन। दीर्घ रोगी बन्दीहरूको उपचारमा बढी रकम खर्च हुने गरेकाले आर्थिक अभाव सिर्जना हुने गरेको छ।

## सुगम र निष्पक्ष न्यायिक अधिकार

एकजना न्यायाधीश रहेका यहाँको जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १ सय ५ मध्ये ८१ थान फैसला भए भने देवानी मुद्दातर्फ १ सय २९ मध्ये १ सय ८ थान फैसला भए। दुई वर्ष नाघेका मुद्दा बाँकी छैनन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा ४ सय २६ आधारभूत र ८७ मावि छन्। २ हजार ३ सय ६७ शिक्षक दरबन्दी रहेकामा १३ दरबन्दी रिक्त छ। यस वर्ष ४८ हजार १ सय १६ बालक र ४९ हजार ४ सय १३ बालिका विद्यालय भर्ना भए। जिल्लामा दुई अपाङ्गमैत्री विद्यालय छन्। १२ हजार ३५ दलित बालक र १३ हजार ८ सय ३ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै शहीद छ र द्वन्द्वपीडित परिवारका ९१ बालबालिकाले पनि छात्रवृत्ति पाए।*

*गत वर्षको तुलनामा यो वर्ष बालबालिकाविरुद्ध हुने घटना बढेको पाइयो। सन् २०१७ मा चार बालिकासहित पाँचजना पीडित भएकामा सन् २०१८ मा ११ बालिकासहित १५ जना पीडित भए। जसमध्ये बालविवाहका ६, बालश्रमिक एक, बेचबिखन तथा ओसारपसार एक, विद्यालयमा शारीरिक सजाय एक, नवजात शिशुको हत्या एक, बलात्कारबाट तीन र यौन दुर्व्यवहारका घटनामा दुईजना पीडित भए। यो वर्ष एकजना बालक र दुईजना बालिकालाई आमाले विष सेवन गराइ हत्या गरेको भन्दै प्रहरी कार्यालयमा उजुरी पर्‍यो। यसैगरी एक बालकलाई अत्यधिक मदिरा खुवाएपछि मृत्यु भयो। यो वर्ष एक बालक विद्यालयको पानी ट्याङ्कीमा मृत अवस्था फेला परे भने एक बालश्रमिकलाई होटल मालिक्नीले हात भाँचिदिइन्।*

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बालश्रम | | १ | १ |
| बेचबिखन तथा ओसारपसार | | १ | १ |
| बालविवाह | ६ | | ६ |
| बलात्कार | ३ | | ३ |
| नवजात शिशुको हत्या | | १ | १ |
| विद्यालयमा शारीरिक सजाय | | १ | १ |
| यौन दुर्व्यवहार | २ | | २ |
| जम्मा | ११ | ४ | १५ |

### परिवारजनबाट हत्या

महाबु गापा–४ काशिकाँधकी नौ वर्षीया भावना बुढालाई २०७५ असार ९ गते २९ वर्षीया आमा जौकला भनिने शर्मिला बुढाले घरमा बिहानको खाजा भनी दिएको चाउमिनमा विष घोलेर खुवाएपछि उपचारका लागि सदरमुकाम ल्याउँदै गर्दा बाटोमै मृत्यु भयो। शवको पोस्टमार्टम असार ९ गते जिल्ला अस्पतालमा भयो। सोही बेला यसैगरी विष खुवाएकी १३ वर्षीय छोरा भूपेन्द्र बुढालाई भने नेपालगन्ज पुर्‍याएर उपचार गरियो। असार २६ गते गिरफ्तार भएकी जौकलालाई जिल्ला अदालतले साउन १४ गते पुर्पक्षका लागि थुनामा पठायो।

### विद्यालयमा मृत्यु

सदरमुकामस्थित सनराइज स्कुलमा युकेजीमा अध्ययनरत ६ वर्षीय बालक हिक्मत शाही विद्यालयबाटै हराएको भोलिपल्ट २०७५ पुस ४ गते विद्यालयको पानी ट्याङ्कीमा मृत अवस्थामा फेला परे। ठाँटीकाँध गापा–३ बिसला घर भएका हिक्मत पढ्नकै लागि सदरमुकाममा आमा हेमा शाहीसँग बस्दै आएका थिए। उनका बुबा तपेन्द्र शाही वैदेशिक रोजगारीमा थिए। शवको पोस्टमार्टम पुस ५ गते जिल्ला अस्पतालमा भयो। घटनाको अनुसन्धान भइरहेको प्रहरीले जनायो।

### बलात्कार, यौन दुर्व्यवहार

१७ वर्षीया बालिकालाई २०७५ मङ्सिर

३० गते यौन दुर्व्यवहार गरेको भन्दै दुल्लु नपा–१० का २४ वर्षीय जीवन बस्नेतविरुद्ध पीडित पक्षले पुस १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो । यही विषयमा ५ महिनाअघि पनि गिरफ्तार भएका बस्नेतलाई प्रहरीले गिरफ्तार गरेकोमा अब उप्रान्त गल्ती नदोहोऱ्याउने सर्तमा साउन २३ गते मिलापत्र भएको थियो । पछिल्लो घटनाको उजुरीपछि आरोपितलाई प्रहरीले पुस १ गते गिरफ्तार गऱ्यो। घटनाबारे यो वर्षको अन्त्यसम्म अनुसन्धान भइरहेको प्रहरीले जनायो।

**बालश्रमिकमाथि कुटपिट**

सल्यान जिल्लाको दार्मा गापा–६ किमटाकुराका १२ वर्षीय बालक प्रकाश बुढाथोकीलाई १५ सय रुपियाँ चोरेको आरोपमा २०७५ असोज १८ गते दुल्लु नपा–३ स्थित सागर होटलकी मालिक्नी ३० वर्षीया शान्ति शाहीले दाउराले हानेर हात नै भाँचिदिइन्। होटलमा काम गर्न बसेका बालकले गल्लाबाट रकम झिकेर भागेको आरोपमा शान्तिले गरेको कुटपिटका कारण बालकको हात भाँचिएको भन्ने जानकारी आए पनि आरोपित पक्षले उपचार खर्च बेहोरेको र पीडित बालक बाहिरी जिल्लाको भएको कारण मुद्दा चलाउन कसैले अग्रसरता देखाएनन् । राजनीतिक दबाबका कारण मुद्दा चल्न नसकेको अधिकारकर्मीले बताए।


*चोरीको आरोपमा कुटपिट गरी घाइते पारिएका बालक प्रकाश बुढाथोकी*

**विद्यालयमा शारीरिक दण्ड**

दुल्लु नपाले नाभिस्थानमा सञ्चालन गरेको पञ्चकोशी वेद विद्याश्रम गुरुकूल विद्यापीठमा अध्ययनरत १३ वर्षीय बालक सुरेश हमाललाई २०७५ मङ्सिर २६ गते साही विद्यापीठमा कार्यरत शिक्षक ३६ वर्षीय खगेन्द्र बजगाईंले कुटपिट गर्दा घाइते भए । हिन्दु धर्म संस्कार, शास्त्रीय कर्मकाण्डबारे अध्यापन गराइने यो विद्यापीठमा संस्कृत श्लोक कण्ठ गर्न नसकेको भनी गरेको कुटपिटबाट उनको देब्रे खुट्टाको तीघ्रा र साप्राको हड्डी चर्केको दुल्लु अस्पतालले जनायो। बालकहरूमाथि पटकपटक कुटपिट हुने गरेका कारण विद्यार्थी घट्दै गएका छन्। शैक्षिक सत्र सुरु हुँदा आठजना भर्ना भएकामा दसैँअघि दुईजनाले छाडेका र सुरेशमाथि कुटपिट भएको घटनापछि बाँकी ६ जना पनि भागेर आ–आफ्नो घर गएका छन्। गुरुकूल व्यवस्थापन समिति र राजनीतिक हस्तक्षेपका कारण पीडित पक्षलाई उजुरी गर्न दिइएन।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै १ सय ६ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट गरी घर निकाला गरिएका ३७, खान/लाउन नदिएको १७, विवाह दर्ता र नागरिकता नबनाएको ११, अर्की श्रीमती ल्याएर हेला गरेको २३ र सामान्य घरायसी झगडाका १८ घटना छन्। यीमध्ये प्रहरीले ९७ ओटामा मिलापत्र गरायो भने नौ उजुरी कानुनी प्रक्रियामा छन्।*

*गत वर्षको तुलनामा सन् २०१८ मा महिलाविरुद्धका घटना वृद्धि भयो । यस वर्ष बलात्कार घटनामा तीन, बलात्कार प्रयासबाट दुई, यौन दुर्व्यवहारबाट एक, कथित बोक्सीको आरोपमा दुई, बेचबिखन तथा ओसारपसार घटनामा एक, बहुविवाहबाट १७ र घरेलु हिंसाबाट १६ जना पीडित भएको अभिलेख छ। सन् २०१७ मा यस्ता घटनाबाट ३० जना पीडित भएकामा यस वर्ष ४३ जना पीडित भए। यस वर्ष परिवारबाट तीन महिलाको हत्या भएको थियो।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| कथित बोक्सीको आरोप | २ | २ |
| बलात्कार | ३ | ३ |
| बलात्कार प्रयास | २ | २ |
| बहुविवाह | १७ | १७ |
| बेचबिखन तथा ओसारपसार | १ | १ |
| घरेलु हिंसा | १६ | १६ |
| यौन दुर्व्यवहार | १ | १ |
| जबरजस्ती गर्भपतन | १ | १ |
| जम्मा | ४३ | ४३ |

**बेचबिखन तथा ओसारपसार**

भैरवी गापा–४ की १९ वर्षीया एक युवती र तीन वर्षीय उनका छोरालाई २०७४ माघ १८ गते २४ वर्षीय पति टेकराज पुरीले भारतको बैङ्गलोरमा २

लाख २० हजार भारतीय रुपियाँमा बेचेको भन्दै पीडित पक्षले २०७५ वैशाख २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो । आरोपितलाई प्रहरीले साउन १७ गते गिरफ्तार गर्‍यो । घटनाका विषयमा प्राप्त सूचनाका आधारमा शक्ति नेपाल र सामाजिक सेवा केन्द्र (सोसेक) को पहलमा बैङ्गलोरबाट उद्धार गरी नेपालगन्ज हुँदै काठमाडौँ पुर्‍याएर पीडित आमा–छोरालाई आश्रय दियो । शक्ति नेपालकै पहलमा भदौ ३ गते जिल्ला अदालतमा मानव बेचबिखनसम्बन्धी मुद्दा दर्ता भयो । जिल्ला अदालतले भदौ ३ गते नै आरोपितलाई पुर्पक्षका लागि कारागार पठाउने आदेश दिएको छ। वर्षको अन्त्यसम्म मुद्दा फैसला भएको छैन।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

२३ वर्षीया युवतीलाई २०७४ माघ २५ गते बलात्कार प्रयास गरेको भन्दै जाजरकोटको साल्म गाउँपालिका–१ का ४१ वर्षीय कृष्णबहादुर रावतविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा माघ २६ गते उजुरी दियो । आरोपित सोही दिन गिरफ्तार भए। युवतीको स्वास्थ्य परीक्षण उजुरी दिएकै दिन जाजरकोट जिल्ला अस्पतालमा भयो। जाजरकोट जिल्ला अदालतमा दर्ता भएको यो मुद्दा घटनास्थल दैलेखको भगवतीमाई गाउँपालिका–४ मनघरचौरको जङ्गल भएकाले दैलेख जिल्ला अदालतमा आयो । आरोपितलाई जिल्ला अदालतले २०७५ असार १५ गते २ वर्ष ६ महिना कैद सजाय सुनायो।

**परिवारजनबाट हत्या**

नौमुले गापा–४ कालिकाकी ५३ वर्षीया शान्ति पुन मगरलाई २०७५ कात्तिक १ गते राति ५० वर्षीय पति शेरबहादुर पुन मगरले सोही वडाको दुम्लाटोलको बारीमा ढुङ्गा प्रहार गरी हत्या गरेको भन्दै पीडित पक्षले कात्तिक ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। शवको पोस्टमार्टम कात्तिक ३ गते जिल्ला अस्पतालमा भयो । कात्तिक २ गते गिरफ्तार भएका शेरबहादुरलाई जिल्ला अदालतले कात्तिक २८ गते पुर्पक्षका लागि थुनामा पठायो।

**कथित बोक्सीको आरोप**

नारायण नपा–३ कालिमाटीकी ५२ वर्षीया राजकुमारी जैसीलाई २०७४ चैत २२ गते सोही ठाउँका २० वर्षीय रामचन्द्र बोगटीले बोक्सीको आरोप लगाएको भन्दै प्रहरीले चैत २३ गते गिरफ्तार गर्‍यो । बोक्सी लगाएर २२ वर्षीया आफ्नी बहिनी बिरामी पारेको भन्दै चैत २२ गते साँझ आफ्नै घरमा बोलाएर वृद्धाको पेट र पाखुरामा टोकेर घाउ बनाएको भनी पीडित पक्षले चैत २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। जिल्ला अदालतले २०७५ असार १९ गते आरोपितलाई ३ वर्ष कैद र ३० हजार रुपियाँ जरिबानाको फैसला गर्‍यो।

**घरेलु हिंसा**

गुराँस गाउँपालिका–६ पिलाडीकी १९ वर्षीया शान्ति बस्नेतलाई उनकी सासू ३८ वर्षीया सुशीला बस्नेतले 'बुहारी भएर पनि प्रतिवाद गरे की' भन्दै २०७४ माघ ६ गते साँझ घरकै चुलोमा बल्दै गरेको अगुल्टो मुखमा कोच्याइदिएको पीडित पक्षले बतायो। गत वर्ष पारिवारिक सहमतिमा विवाह भएलगत्तै बालविवाहको मुद्दा लाग्छ भन्ने सुनेर शान्तिका पति २१ वर्षीय रोशन बस्नेत शान्तिलाई घरमै छाडेर भारत गएका र ११ दिनअघि मात्र घर आएपछि रोशनले बालविवाह लाग्छ भनेर बहानामात्र बनाएको हुँ, तँ पोइल गइसक्नुपर्ने, किन बसेको ? पीडित पक्षको आरोप छ । आफूले सासूलाई छोरालाई सम्झाउनूस् भन्दा उल्टै अगुल्टो कोचिदिएको शान्तिको भनाइ छ। यसबारे पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा माघ १२ गते उजुरी दिए। स्थानीय जनप्रतिनिधिको रोहवरमा अब उप्रान्त मिलेर बस्ने सहमति भएपछि माघ १५ गते दुवै पक्षबीच मिलापत्र भयो ।

## स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई अस्पताल, ५६ स्वास्थ्य चौकी र दुई प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा सात डाक्टरको दरबन्दी रहेकामा छजना कार्यरत छन्। त्यस्तै अहेवको १ सय २४ दरबन्दी रहेकामा १ सय १७ जना कार्यरत छन्।

## सन् २०१८ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बालश्रम | | १ | | १ |
| बेचबिखन तथा ओसारपसार | | | १ | १ |
| बालविवाह | ३ | | ३ | ६ |
| बलात्कार | | | ३ | ३ |
| नवजात शिशुको हत्या | १ | | | १ |
| विद्यालयमा शारीरिक सजाय | | १ | | १ |
| यौन दुर्व्यवहार | | | २ | २ |
| जम्मा | ४ | २ | ९ | १५ |


**महिला अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|---|
| कथित बोक्सीको आरोप | | | | | २ | २ |
| बलात्कार | १ | | | | २ | ३ |
| बलात्कार प्रयास | | | | | २ | २ |
| बहुविवाह | | ५ | २ | १ | ९ | १७ |
| बेचबिखन तथा ओसारपसार | | | | | १ | १ |
| घरेलु हिंसा | | १ | २ | २ | ११ | १६ |
| यौन दुर्व्यवहार | | १ | | | | १ |
| जबरजस्ती गर्भपतन | | | १ | | | १ |
| जम्मा | १ | ७ | ५ | ३ | २७ | ४३ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| हत्या | ५ | ५ |

# ६.७ जाजरकोट




**जम्मा जनसङ्ख्या**
१,७१,३०४

**महिला**
८५,७६७

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
१

**प्रदेशसभा निर्वाचन क्षेत्र**
२

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
६४,१७५

**कामका लागि बाहिरिएका**
४,१७४

**अपाङ्गता भएका**
६,८४८

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
५७.२७

**आश्रित जनसङ्ख्या**
९८,५१२

*सुन्दै अचम्म लाग्छ, जिल्लामा नौ जना वरिष्ठ डाक्टरको दरबन्दी छ तर सबै रिक्त। मानौँ, यस जिल्लामा वरिष्ठहरू बस्नै हुँदैन। यसबाट पनि थाहा हुन्छ कि जाजरकोटका जनताले कुन स्तरको स्वास्थ्य सेवा पाइरहेका छन् भन्ने। अस्पताललगायतका स्वास्थ्य संस्थामा औषधिसमेत अभाव हुने गरेको छ। यस्तो सरकारी कमजोरीको फाइदा उठाउँदै निजी औषधि पसलले मनोमानी गरिरहेका प्रमाण प्रशस्तै भेटिन्छन्। स्थानीय प्रशासनले मापदण्ड पूरा नगरी सञ्चालित औषधि पसल तत्काल बन्द गर्न निर्देशन नै दिनुपर्ने अवस्थासमेत यहाँ छ। अर्कोतर्फ उपचारमा लापरबाही गरेको आरोपमा प्रहरीलेसमेत स्वास्थ्यकर्मीलाई गिरफ्तार गर्नुपर्ने जिल्ला बन्यो जाजरकोट।*

*जाजरकोटमा सन् २०१७ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीको घटनामा राज्यपक्षबाट सात जनासहित ३७ जना पीडित भएका थिए। सन् २०१८ मा भने २५ जना पीडित भएको अभिलेख भयो।*

## कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता १० जनाको छ। तर ४४ कैदी र १५ थुनुवा गरी ५९ जना छन्। जसमा महिला एकजना छन्। ६५ वर्षमाथिका एकजना पुरुष छन्। २०४५ सालमा निर्माण गरिएको यस कारागारको एउटा भवन जीर्ण छ। कारागार मा भण्डै ६ गुणा बढी कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। शौचालय, पिउने पानी आदि पनि अभाव छ।

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | ७ | १ | ८ |
| महिला अधिकार | १४ | | १४ |
| धम्की | | १ | १ |
| हत्या | २ | | २ |
| जम्मा | २३ | २ | २५ |

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एकजना न्यायाधीश रहेका यस जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ४३ मध्ये २९ थान फैसला भए भने देवानी मुद्दातर्फ १ सय ९६ मध्ये १ सय २२ थान फैसला भए । दुई वर्ष नाघेका मुद्दा बाँकी छैनन् ।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा ३ सय ६९ आधारभूत र ६४ मावि छन् । एक हजार ३ सय ५१ शिक्षक दरबन्दी रहेकामा १७ दरबन्दी रिक्त छ । यस वर्ष ३२ हजार ६ सय १० बालक र ३४ हजार ७ सय ६३ बालिका भर्ना भए । जिल्लामा दुईओटा अपाङ्गमैत्री विद्यालय छन् । १० हजार ३ सय ५७ दलित बालक र ११ हजार एक सय ५१ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो । साथै शहीद र द्वन्द्वपीडित परिवारका २ सय ५ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो ।*

*यो वर्ष बाल अधिकार उल्लङ्घनका घटनामा एक बालकसहित आठजना पीडित भए । गत वर्ष चार बालिकासहित ६ जना पीडित भएका थिए । यस वर्ष बलात्कार घटनामा तीनजना, यौन दुर्व्यवहारमा दुईजना, बालविवाहमा एकजना, विद्यालयमा शारीरिक दण्ड सजायमा एकजना र एक नवजात शिशुको हत्या भएको अभिलेख छ । बलात्कार भएको भन्दै पीडित पक्षले यस वर्ष दिएका दुईओटा उजुरीमा जिल्ला अदालतले उजुरीकर्ताको पक्षमा फैसला सुनाएका दुवै मुद्दामा उच्च अदालत सुर्खेतले आरोपितलाई सफाइ दियो ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बालविवाह | १ | | १ |
| बलात्कार | ३ | | ३ |
| नवजात शिशुको हत्या | १ | | १ |
| विद्यालयमा शारीरिक सजाय | | १ | १ |
| यौन दुर्व्यवहार | २ | | २ |
| जम्मा | ७ | १ | ८ |

### विद्यालयमा शारीरिक यातना

छेडागाड नपा–११ घर भई बाल मावि भ्काप्रामा नौ कक्षामा अध्ययनरत १५ वर्षीय शेरबहादुर बस्नेतलाई २०७५ मङ्सिर ९ गते सोही विद्यालयमा कार्यरत शिक्षक ३५ वर्षीय पृथीबहादुर सिंहले विद्यालयमा रजिस्ट्रेसन फाराम भर्ने विषयमा सामान्य विवाद भएपछि कुटपिट गरे । पीडित पक्षले मङ्सिर १० गते इलाका प्रहरी कार्यालय, बडावनमा उजुरी दियो । मिलापत्रको प्रयास असफल भएपछि पीडितले मङ्सिर २७ गते जिल्ला अदालतमा कुटपिटसम्बन्धी मुद्दा दर्ता गराए । शिक्षक सिंहले पुस १६ गते जिल्ला अदालतमा लिखित रूपमा आफ्नो कुरा राखेका छन् । मुद्दाको फैसला भएको छैन ।

### बलात्कार, यौन दुर्व्यवहार

१२ र १७ वर्षीया बालिकालाई २०७५ साउन ७ गते बलात्कार गरेको भन्दै भेरी नपा–४ का २८ वर्षीय सविन चन्द र २१ वर्षीय रूपक चन्दविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा साउन १५ गते उजुरी दियो । प्रहरीले सविनलाई साउन १५ गते नै गिरफ्तार गऱ्यो भने रूपक मङ्सिर १२ गते प्रहरीको सम्पर्कमा पुगे । दुवैको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा साउन १५ गते भयो । आरोपितमध्ये जिल्ला अदालतले सचिनलाई भदौ ११ गते र रूपकलाई मङ्सिर १२ गते पुर्पक्षका लागि थुनामा पठायो ।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ६७ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट गरी घर निकाला गरिएका तीन, खान/लाउन नदिएको १४, अर्को श्रीमती ल्याएर हेला गरेको पाँच र सामान्य घरायसी भ्कगडाका ४५ घटना छन् । यीमध्ये प्रहरीले ४७ वटामा मिलापत्र गरायो भने २० उजुरी कानुनी प्रक्रियामा छन् ।*

*यो वर्ष घरेलु हिंसाका घटनामा १० जना पीडित भए । गत वर्ष पाँचजना पीडित भएका थिए । यस वर्ष बहुविवाह र बलात्कार प्रयासका घटनामा दुई/दुईजना महिला पीडित भए । गत वर्ष बलात्कार र बलात्कार प्रयासमा दुई/दुई जना र बहुविवाह घटनामा पाँचजना महिला पीडित भएका थिए । यो वर्ष परिवारजनबाट एक महिलाको हत्या भयो ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार प्रयास | २ | २ |
| बहुविवाह | २ | २ |
| घरेलु हिंसा | १० | १० |
| जम्मा | १४ | १४ |

**परिवारजनबाट हत्या**

भेरी नपा–६ की २८ वर्षीया विमला थापालाई २०७५ साउन १० गते २५ वर्षीय पति रत्नबहादुर थापाले घाँटीमा पासो लगाई हत्या गरेको भन्दै मृतकका माइती पक्षले जिल्ला प्रहरी कार्यालयमा साउन १५ गते उजुरी दिए । शवको पोस्टमार्टम जिल्ला अस्पतालमा साउन ११ गते भयो। उजुरी दिएकै दिन गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले भदौ ११ गते पुर्पक्षका लागि थुनामा पठायो।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

२८ वर्षीया महिलालाई २०७५ जेठ ९ गते बलात्कार प्रयास गरेको भन्दै छेडागाड नपा–१० का ४५ वर्षीय रत्न रोकायविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा जेठ १३ गते उजुरी दियो। महिलाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा जेठ १० गते भयो। केही समय फरार रहेर मङ्सिर १ गते अदालतमा हाजिर भएका आरोपितलाई जिल्ला अदालतले मङ्सिर २ गते पुर्पक्षका लागि थुनामा पठायो।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### खाद्यान्न सङ्कट

यस वर्ष पनि वारेकोट गाउँपालिकामा खाद्यान्न सङ्कट भयो । असिना पानीले हिउँदेबाली नष्ट गरिदिएको, खाद्य डिपोमा चामल नभएको र बाटो बिग्रिएकाले खाद्यान्न ढुवानी समयमा हुन नसकेपछि खाद्यान्न सङ्कट भएको हो।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, ३१ स्वास्थ्य चौकी र तीनवटा प्राथमिक स्वास्थ्य केन्द्र छन्। नौ वरिष्ठ डाक्टरको दरबन्दी रहेकामा नौ ओटै रिक्त छ भने सात डाक्टरको दरबन्दी रहेकामा सातैजना कार्यरत छन् । त्यस्तै सिअहेव र अहेवको १ सय ५ दरबन्दी रहेकामा ९४ जना कार्यरत छन्।

पाँच महिनादेखि तलव नपाएको भन्दै जिल्ला अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीले २०७५ असार २७ गते भेरी नगरपालिकाको कार्यालयमा धर्ना दिए। उनीहरूले जिल्ला अस्पतालको सम्पूर्ण सेवा ठप्प गरेर नगरपालिकामा धर्नामा सहभागी भएपछि सेवाग्राही प्रभावित भए। जिल्ला अस्पतालमा कार्यरत ५७ जना स्वास्थ्यकर्मी तथा अन्य कर्मचारी र भेरी नगरपालिकामा कार्यरत ३४ जना स्वास्थ्यकर्मीले समयमा तलब भत्ता पाउन नसकेका हुन्।

छेडागाड नपा–१० की ३६ वर्षीया पञ्चकलानाथ योगीलाई ज्वरो आउने समस्या भई २०७५ भदौ २८ गते कुमाख गाउँपालिका–७ सल्यान घर भई छेडागाड नपा–५ मा जयलक्ष्मी मेडिकल सञ्चालन गर्दै आएका ४० वर्षीय तिलकबहादुर बोहोराले उपचारका क्रममा गलत सुइ प्रयोग गर्दा पञ्चकलाको मृत्यु भएको भन्दै पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा भदौ ३१ गते उजुरी दिए । शवको पोस्टमार्टम जिल्ला अस्पतालमा भदौ ३१ गते भयो। ३१ गते नै गिरफ्तार परेका तिलकलाई जिल्ला अदालतले असोज २३ गते पुर्पक्षका लागि थुनामा पठायो।

## सन् २०१८ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| बालविवाह | १ | | १ |
| बलात्कार | | २ | २ |
| नवजात शिशुको हत्या | | १ | १ |
| विद्यालयमा शारीरिक सजाय | | १ | १ |
| यौन दुर्व्यवहार | | २ | २ |
| जम्मा | १ | ६ | ७ |

**महिला अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| बलात्कार प्रयास | | | | २ | २ |
| बहुविवाह | २ | | | | २ |
| घरेलु हिंसा | | ९ | १ | | १० |
| जम्मा | २ | ९ | १ | २ | १४ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| हत्या | २ | २ |

# ६.८ रुकुम पश्चिम




**जम्मा जनसङ्ख्या**
१,५५,५४९

**महिला**
८१,५९६

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
१

**प्रदेशसभा निर्वाचन क्षेत्र**
२

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
उपलब्ध नभएको

**कामका लागि बाहिरिएका**
उपलब्ध नभएको

**अपाङ्गता भएका**
उपलब्ध नभएको

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
६२.०९

**आश्रित जनसङ्ख्या**
उपलब्ध नभएको

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| घाइते | | ३ | ३ |
| बाल अधिकार | १० | १ | ११ |
| आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार | | १ | १ |
| महिला अधिकार | ३० | | ३० |
| कुटपिट | २ | ११ | १३ |
| धम्की | | १ | १ |
| हत्या | २ | ५ | ७ |
| जम्मा | ४४ | २२ | ६६ |

*यो वर्ष स्थानीय तहका निर्वाचित जनप्रतिनिधिले असुरक्षित भएको भन्दै स्थानीय प्रशासनसँग सुरक्षाको माग गरे। रुकुम पश्चिममा यो वर्ष बाँफीकोट गाउँपालिकाका अध्यक्ष धर्मबहादुर केसी, चौरजहारी नपा-१३ का वडाध्यक्ष टङ्कप्रसाद ओली, बाँफीकोट गाउँपालिका-२ का वडाध्यक्ष धनबहादुर खत्री, त्रिवेणी गाउँपालिका-२ का वडाध्यक्ष शोभाराम बर्मा, आठबीसकोट नपा-२ का वडाध्यक्ष देवबहादुर घर्ती र मुसीकोट नपा-११ का महिला सदस्य तीलसरा बोहरा फरकफरक घटनामा कुटपिटबाट पीडित भए।*

*स्थानीय जनप्रतिनिधि र कर्मचारीबीच मनमुटाव भएका घटना यस वर्ष देखा परे। आठबीसकोट नपामा कार्यरत इन्जिनियर ठगेन्द्र चन्दलाई सोही नपा-८ का वडाध्यक्ष मानबहादुर चनाराले कुटपिट गरे।*

*रुकुम पश्चिममा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा गत वर्ष राज्य पक्षबाट २२ जनासहित ६० जना पीडित भएका थिए। यो वर्ष अन्यबाट भएका घटनामा ४४ जना महिलासहित ६६ जना पीडित भए।*

### धम्की/कुटपिट

**अन्यबाट**

आठबीसकोट नपा-२ का वडाध्यक्ष ४० वर्षीय देवबहादुर ऐरीलाई २०७५ पुस ९ गते सोही नपा-२ तिल्कीचौर निवासी ३० वर्षीय देवबहादुर बिकले लछारपछार पारी कुटपिट गरे। आठबीसकोट नपाको ठूलोखालस्थित गाउँघरको विवाद मिलाउन छलफल गराइरहेका बेला आफूमाथि

हातपात भएको भन्दै पीडितले इलाका प्रहरी कार्यालय आठबीसकोटमा २०७५ पुस ९ गते उजुरी दिए । आरोपित पुस १० गते गिरफ्तार परे । अनुसन्धान अघि बढाइएको प्रहरीले बतायो।

## कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर ४४ कैदी र ४९ थुनुवा गरी ९३ जना छन्। जसमा पाँचजना महिला छन्। चार वर्षीय एकजना आश्रित बालक पनि छन् । ६५ वर्षमाथिका एकजना छन् । क्षमताभन्दा झण्डै चार गुणा बढी कैदी/बन्दी भएकाले व्यवस्थापनमा समस्या छ । २०४१ सालमा बनेको यो कारागारको एक भवन पुरानो र जीर्ण छ। कारागारमा पिउने पानी, टेलिभिजन, खेलकुद सामग्री र पुस्तकालय अभाव छ भने सिपमूलक तालिमको व्यवस्था पर्याप्त छैन।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एकजना न्यायाधीश रहेका यस जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ३९ मध्ये २३ थान फैसला भए भने देवानी मुद्दातर्फ १ सय ५४ मध्ये ४४ थान फैसला भए । यो अदालतमा दुई वर्ष नाघेका मुद्दा बाँकी छैनन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय २० आधारभूत र ६८ मावि छन् । १ हजार शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष २४ हजार ६ सय बालक र २५ हजार ३ सय ३५ बालिका भर्ना भए। जिल्लामा चार अपाङ्गमैत्री विद्यालय छन्। ४ हजार ७ सय ७० दलित बालक र ५ हजार ७ सय ८३ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै शहीद तीन र द्वन्द्वपीडित परिवारका १५ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

*सन् २०१७ मा बालबालिकामाथि हुने हिंसाका घटनामा ६ जना पीडित भएका थिए । यो वर्ष १० जना बालिका र एकजना बालक पीडित भएको अभिलेख भयो। जसमध्ये बालविवाहका एक, विद्यालयमा शारीरिक दण्डसजायबाटएक, बलात्कारका घटनामा सात र यौन दुर्व्यवहारका घटनामा दुईजना पीडित भए। यो वर्ष परिवारबाट दुई बालकको हत्या भयो भने दुईजना घाइते भए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बालविवाह | १ | | १ |
| बलात्कार | ७ | | ७ |
| विद्यालयमा शारीरिक सजाय | | १ | १ |
| यौन दुर्व्यवहार | २ | | २ |
| जम्मा | १० | १ | ११ |

### बलात्कार, यौन दुर्व्यवहार

१४ वर्षीया बालिकालाई २०७४ माघ १० गते बलात्कार गरेको भन्दै बाँफीकोट गाउँपालिका–८ का ३० वर्षीय लालसिंह पुन मगरविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा माघ २० गते उजुरी दियो । बालिकाको स्वास्थ्य परीक्षण माघ २१ गते जिल्ला अस्पतालमा भयो । माघ २२ गते दाङबाट गिरफ्तार भएका लालसिंहलाई जिल्ला अदालतले २०७५ वैशाख २७ गते २५ हजार रुपियाँ क्षतिपूर्तिसहित ६ वर्षको कैद सजाय सुनायो।

### परिवारजनबाट हत्या

मुसीकोट नपा–१४ का ६ वर्षीय छोरा सुदर्शन बिष्ट र १७ वर्षीय भाइ गोकर्ण बिष्टलाई २०७५ साउन २० गते ३६ वर्षीय शङ्कर बिष्टले खुकुरी प्रहार गरी हत्या गरे । खुकुरी प्रहारबाट अन्य दुई छोरा १३ वर्षीय प्रकाशसिंह बिष्ट र नौ वर्षीय दिनेश बिष्ट घाइते भए। घाइते दुई छोराको जिल्ला अस्पतालमा प्राथमिक उपचार भयो भने थप उपचार नेपालगन्जमा भयो । आरोपित आफैँमाथि पनि खुकरी प्रहार गरी आत्महत्याको प्रयास गर्दा घाइते भएपछि जिल्ला अस्पताल सल्लेमा उपचार भयो । आरोपितलाई प्रहरीले साउन २० गते नै गिरफ्तार गऱ्यो। दुवै शवको पोस्टमार्टम साउन २१ गते जिल्ला अस्पतालमा भयो। आरोपितलाई जिल्ला अदालतले २०७५ भदौ २४ गते पुर्पक्षका लागि थुनामा पठायो।

### विद्यालयमा शारीरिक सजाय

आठबीसकोट नपा–९ राडीबजारस्थित शैक्षिक सुधार केन्द्रमा ट्युसन पढ्दै आएका आठबीसकोट नपा–१० का १६ वर्षीय पवन सिंहलाई २०७४ फागुन ३० गते सोही ठाउँका ३८ वर्षीय शिक्षक टोपबहादुर ओलीले कुटपिट गरेको पीडित पक्षले आरोप लगायो । बालकलाई शिक्षकले पाइपको

लट्ठीले कुटपिट गर्दा घाइते भएपछि स्थानीय स्वास्थ्य चौकीमा उपचार गरिएको परिवारले जनायो। कक्षा १० मा अध्ययनरत विद्यार्थी सिंहलाई यातना दिएको भन्दै पीडित पक्षले शिक्षकलाई कारबाहीको माग गऱ्यो। सिंहलाई एक महिनासम्म घाउ बल्भिएमा उपचार गर्ने सर्तमा चैत १२ गते इलाका प्रहरी कार्यालय आठबीसकोटको रोहवरमा मिलापत्र भयो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ७४ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका २९, खान/लाउन नदिएको ३२, विवाह दर्ता र नागरिकता नबनाएको एक, अर्की श्रीमती ल्याएर हेलाँ गरेको दुई र सामान्य घरायसी भ्रगडाका १० घटना छन्। यीमध्ये प्रहरीले ५० वटामा मिलापत्र गरायो भने ७ उजुरी कानुनी प्रक्रियामा छन्। १७ उजुरीउपर केन्द्रमा छलफल हुन बाँकी छ।*

*यो वर्ष महिलाविरुद्ध हुने हिंसाका घटनामा ३० जना पीडित भएको अभिलेख भयो। गत वर्ष आठजना पीडित भएका थिए। यस वर्ष घरेलु हिंसाका घटनामा १९ जना, बहुविवाहबाट चारजना, बलात्कारका घटनामा तीन, बलात्कार प्रयासका घटनामा तीन र यौन दुर्व्यवहार घटनामा एकजना महिला पीडित भए। गत वर्ष कथित बोक्सीको आरोपमा एक, बहुविवाहमा पाँच र बलात्कारका घटनामा दुई महिला पीडित भएका थिए। यस वर्ष परिवारबाट एक र अन्य पक्षबाट एक महिलाको हत्या भयो। गत वर्ष परिवारबाट दुई र अन्य पक्षबाट एक महिलाको हत्या भएको थियो।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ३ | ३ |
| बलात्कार प्रयास | ३ | ३ |
| बहुविवाह | ४ | ४ |
| घरेलु हिंसा | १९ | १९ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ३० | ३० |

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

२४ वर्षीया महिलालाई २०७५ मङ्सिर ४ गते बलात्कार गरेको भन्दै सानीभेरी गाउँपालिका–११ का ४२ वर्षीय डण्डवीर डाँगीविरुद्ध पीडित पक्षले मङ्सिर ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। महिलाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा मङ्सिर ६ गते भयो। उजुरी दिएकै दिन गिरफ्तार परेका डण्डवीरलाई जिल्ला अदालतले मङ्सिर २६ गते पुर्पक्षका लागि थुनामा पठायो।

**परिवारजनबाट हत्या**

त्रिवेणी गाउँपालिका–१ की ४२ वर्षीया इन्द्रकला बुढा र उनका ११ वर्षीय छोरा स्वयमप्रकाश बुढाको २०७५ मङ्सिर १ गते ४९ वर्षीय शक्तबहादुर बुढाले राति खुकुरी प्रहार गरी हत्या गरे। पत्नी र छोराको हत्यापछि आफूले आत्महत्याको प्रयास गर्दा सामान्य घाइते भएकाले उनलाई जिल्ला अस्पतालमा सामान्य उपचार गरी थप उपचार नेपालगन्जमा भयो। दुवै शवको पोस्टमार्टम जिल्ला अस्पतालमा मङ्सिर २ गते भयो। आरोपितलाई जिल्ला अदालतले पुस ३ गते पुर्पक्षका लागि थुनामा पठायो।

**घरेलु हिंसा**

मुसीकोट नपा–८ की ३२ वर्षीया रीता रोका मगरलाई कुटपिट गरेको आरोपमा प्रहरीले ३४ वर्षीय पति वीरबहादुर रोका मगरलाई २०७५ कात्तिक ६ गते गिरफ्तार गऱ्यो। रीतालाई वीरबहादुरले कात्तिक ४ गते टिम्मुरको लट्ठीले हिर्काउँदा टाउकोमा गम्भीर चोट लागेको थियो। पीडितको जिल्ला अस्पतालमा उपचार हुन नसकेपछि नेपालगन्ज रिफर गरियो। रीताकी आमाले कात्तिक ४ गते जिल्ला प्रहरी कार्यालयमा यसबारे उजुरी दिइन्। उजुरी दिएकै दिन गिरफ्तार परेका वीर बहादुरलाई जिल्ला अदालतले मङ्सिर ४ गते १ लाख ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दिएकामा उक्त रकम बुझाउन नसकेपछि थुनामा पठाइए।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

**सम्पत्ति क्षति**

त्रिवेणी गाउँपालिका सल्यानका जेसिबी चालक ३२ वर्षीय हुमबहादुर केसी र भारत उत्तर प्रदेशका मिनीट्रक सहचालक २५ वर्षीय सुशील चौहानलाई २०७५ पुस ८ गते राति मुसीकोट नपा–१ का २४ वर्षीय सुनिल दमाईं, ५ का २० वर्षीय रोशन

बिक र प्रेम परियार, ११ का १९ वर्षीय सन्तोष सार्की र ४ का १९ वर्षीय जेरी भन्ने इन्द्रबहादुर बिसीले अश्लील शब्द बोल्दै गालीगलौज र कुटपिट गरे । मुसीकोट नपा-५ बागबजारस्थित राप्ती लोकमार्गमा रोकिराखेको जेसिबी र मिनिट्रकका चालकलाई मदिरा सेवन गरी उनीहरूमाथि हातपात गरेको, अनटेस्ट जेसिबी र मिनिट्रक पनि तोडफोड गरेको प्रहरीले बतायो । घटनालगत्तै उनीहरूलाई सोही स्थानबाट गिरफ्तार गरी २०७५ पुस ९ गते मुद्दा दर्ता गरिएको प्रहरीले जनायो ।

**स्वास्थ्य सेवाको अवस्था**

जिल्लामा एक अस्पताल, २९ स्वास्थ्य चौकी र एक प्राथमिक स्वास्थ्य केन्द्र छन् । जिल्लामा दुई डाक्टरको दरबन्दी रहेकामा दुवैजना कार्यरत छन् । त्यस्तै अहेवको ६५ दरबन्दी रहेकामा सबै कार्यरत छन् । जिल्ला अस्पतालका अनुसार रुकुम पश्चिममा यस वर्ष २ सय २८ बालबालिकामा कडा शीघ्र कुपोषणको समस्या देखा पर्‍यो ।

## सन् २०१८ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बालविवाह | | | १ | १ |
| बलात्कार | २ | | ५ | ७ |
| विद्यालयमा शारीरिक सजाय | | १ | | १ |
| यौन दुर्व्यवहार | १ | | १ | २ |
| जम्मा | ३ | १ | ७ | ११ |


**महिला अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| बलात्कार | | | | ३ | ३ |
| बलात्कार प्रयास | १ | | | २ | ३ |
| बहुविवाह | | १ | | ३ | ४ |
| घरेलु हिंसा | | | १४ | ५ | १९ |
| यौन दुर्व्यवहार | | | | १ | १ |
| जम्मा | १ | १ | १४ | १४ | ३० |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | १ | ४ | ५ |

# ६.९ सल्यान




**जम्मा जनसङ्ख्या**
२,४२,४४४

**महिला**
१,२६,४७५

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
१

**प्रदेशसभा निर्वाचन क्षेत्र**
२

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
६९,६०५

**कामका लागि बाहिरिएका**
१४,२१३

**अपाङ्गता भएका**
६,२३३

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
६४.०४

**आश्रित जनसङ्ख्या**
२०,१७४

| घटनाको प्रकार | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | ७ | | ७ |
| महिला अधिकार | | | २० | | २० |
| गिरफ्तारी | १ | १ | | | |
| हत्या | | | ३ | २ | ५ |
| जम्मा | १ | १ | ३० | २ | ३२ |

बागचौर नपा–४ का गर्भवती र सुत्केरी महिला यो वर्षको सुरुतिर आधारभूत औषधि सेवनबाट वञ्चित भए । यस्तै ग्रामीण क्षेत्रमा अत्यधिक प्रयोग हुँदै आएको गर्भ निरोधकको अस्थायी साधन पिल्स पनि अभाव भयो । जिल्ला अस्पतालमा चिकित्सक नहुँदा करिब डेढ महिनासम्म सबै प्रकारका शल्यक्रिया सेवा अवरुद्ध भए । अस्पतालमा चिकित्सक अभावका कारण २०७५ कात्तिक १४ गतेदेखि पुस ५ गतेसम्म पनि सेवा अवरुद्ध हुँदा सेवाग्राही मर्कामा परे । अस्पतालमा सुरक्षित मातृत्व गराउन निक साइमन नामक संस्थाले पठाएका डा. प्रदीप शर्माले शल्यक्रिया सेवा दिँदै आएकामा कात्तिक १४ गतेदेखि उनको समयावधि सकिएको र यस समयावधिमा नयाँ चिकित्सक नआएकाले सेवा प्रभावित भएको अस्पतालले जनायो । यस अवधिमा अस्पतालमा सेवा लिन आएकामध्ये विभिन्न प्रकारका शल्यक्रिया गर्नुपर्ने अवस्थाका २५ जना बिरामीलाई दाङ रेफर गरिएको जिल्ला स्वास्थ्य कार्यालय सल्यानका प्रमुख निमित्त मेडिकल सुपरिटेन्डेन्ट अर्जुन बुढाले बताए । निक साइमनले सेवा अवधि थप गरेपछि भने २०७५ पुस ५ गतेदेखि डा. प्रदीप शर्माले काम थालेका छन् ।

सल्यानमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट गत वर्ष राज्य पक्षबाट ११ जना र गैरराज्य पक्षबाट ३३ जना पीडित भएका थिए । यो वर्ष मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ३० महिला र तीन पुरुष गरी ३३ जना पीडित भएको अभिलेख भयो ।

### कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ । तर ५४ कैदी र ४१ थुनुवा गरी ९५

जना छन् । जसमा महिला २० जना छन् । दुई वर्ष र नौ महिनाका दुई आश्रित बालक छन् । ६५ वर्षमाथिका एकजना महिला छिन् । कारागारमा झण्डै चार गुणा बढी कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ ।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एकजना न्यायाधीशको दरबन्दीसहित जिल्लामा एक जिल्ला अदालत छ । यो अदालतबाट यस वर्ष फौजदारी मुद्दातर्फ १ सय १६ मध्ये ४४ थान फैसला भए भने देवानी मुद्दातर्फ १ सय ४४ मध्ये ३९ थान फैसला भए । यो अदालतमा दुई वर्षभन्दा पुराना मुद्दा बाँकी छैनन् ।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*जिल्लामा ४ सय २७ आधारभूत र ७७ मावि छन् । ५ सय ६८ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन् । यस वर्ष ३१ हजार ३ सय ४२ बालक र ३४ हजार ३ सय ८७ बालिका भर्ना भए । जिल्ला शिक्षा तथा विकास समन्वय एकाइसँग जिल्लामा रहेका अपाङ्गमैत्री विद्यालय तथा शहीद र द्वन्द्वपीडित बालबालिकालाई प्रदान गरिएको छात्तवृत्तिको तथ्याङ्क छैन । ५ हजार ९ सय ३३ दलित बालक र ६ हजार ५ सय ३१ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो ।*

*यो वर्ष बाल अधिकार उल्लङ्घनका घटनामा सातजना बालिका पीडित भएको अभिलेख भयो । गत वर्ष तीनजना बालिका पीडित भएका थिए । यस वर्ष पाँच जना बालिका बलात्कार घटनामा पीडित भए भने एक बालिका यौन दुर्व्यवहारको घटनामा पीडित भइन् । यसैगरी एक बालिका बेचबिखन तथा ओसार पसार घटनामा परिन् । बलात्कारका घटनामा बालिका परिवारबाटै असुरक्षित भएको पाइयो । यो वर्ष भएका बलात्कारका दुई घटनामा बाबु र दाजु संलग्न रहेको भन्दै पीडितले प्रहरी कार्यालयमा उजुरी दिए ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बेचबिखन तथा ओसारपसार | १ | १ |
| बलात्कार | ५ | ५ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ७ | ७ |

छत्रेश्वरी गाउँपालिका जयचौरका अभिभावकले २०७४ फागुन १७ गते लक्ष्मी माविको मुख्य ढोका र कार्यालयमा ताला लगाएपछि फागुन २१ गतेसम्म पठनपाठन अवरुद्ध भयो । विद्यालय व्यवस्थापन समितिको अध्यक्ष चयन गर्ने विषयमा विवाद भएपछि तालाबन्दी हुँदा पठनपाठनमा समस्या आएको विद्यार्थीले गुनासो गरे । जिल्ला प्रशासनको पहलमा फागुन २१ गते ताला खोलिए पनि विवाद भने वर्षको अन्त्यसम्म पनि समाधान हुन सकेन ।

#### बेचबिखन तथा ओसारपसार

कालीमाटी गाउँपालिका–७ की १२ वर्षीया बालिकालाई सोही ठाउँकी २० वर्षीया चन्दा बिकले २०७५ जेठ ७ गते बेचबिखन गर्न खोजेको भन्दै बालिकाका आफन्तले जिल्ला प्रहरी कार्यालयमा जेठ १६ गते उजुरी दिए । जेठ १९ गते गिरफ्तार भएकी आरोपितलाई जिल्ला अदालतले असार ३२ गते पुर्पक्षका लागि थुनामा पठायो ।

#### बलात्कार, यौन दुर्व्यवहार

१३ वर्षीया बालिकालाई २०७५ कात्तिक २१ गते बलात्कार गरेको भन्दै कालीमाटी गाउँपालिका–७ का १९ वर्षीय जीवन भनिने जिउपाल दमाईंविरुद्ध पीडित पक्षले कात्तिक २५ गते प्रहरीमा उजुरी दियो । बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा कात्तिक २५ गते भयो । कात्तिक २४ गते गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले मङ्सिर १८ गते पुर्पक्षका लागि थुनामा पठायो ।

### महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ५४ जना महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट गरी घर निकाला गरिएका २६, खान/लाउन नदिएको दुई, आफूलाई हेला गरेर अर्को विवाह गरेका एक र सामान्य घरायसी झगडाका २५ घटना छन् । यीमध्ये प्रहरीले ५२ ओटामा मिलापत्र गरायो भने दुई उजुरी कानुनी प्रक्रियामा छन् ।*

*सन् २०१७ मा घरेलु हिंसाका घटनामा १० जना पीडित भएकोमा यस वर्ष चार जना पीडित भए । त्यसैगरी बलात्कारका घटनाबाट गत वर्ष ११ जना पीडित भएकामा यस वर्ष चार जना पीडित*

*भए । त्यसैगरी यो वर्ष बहुविवाहका कारण नौ जना, महिला बेचबिखन तथा ओसारपसारका कारण एक र बलात्कार प्रयासबाट दुईजना पीडित भए । बलात्कारका घटनामा महिला परिवारबाटै असुरक्षित भएको पाइयो । यो वर्ष देवर, ससुरा र छोराबाट महिला बलात्कार भएका तीन घटना सार्वजनिक भए । गत वर्ष परिवारबाट एक महिलाको हत्या भएकामा यो वर्ष दुई महिलाको परिवारबाटै हत्या भयो ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बेचबिखन तथा ओसारपसार | १ | १ |
| बलात्कार | ४ | ४ |
| बलात्कार प्रयास | २ | २ |
| बहुविवाह | ९ | ९ |
| घरेलु हिंसा | ४ | ४ |
| जम्मा | २० | २० |

**परिवारजनबाट हत्या**

दार्मा गाउँपालिका–३ की ३० वर्षीया रूपा खत्रीलाई २०७४ पुस २६ गते बन्चरो प्रहार गरी हत्या गरेको भन्दै पीडित पक्षले पुस २८ गते मृतकका पति ३४ वर्षीय कालुराम खत्री र सौता २५ वर्षीया कल्पना चन्दविरुद्ध प्रहरीमा उजुरी दिए । शवको पोस्टमार्टम जिल्ला अस्पतालमा पुस २७ गते भयो । आरोपितद्वय पुस २७ गते गिरफ्तार भएका थिए । जिल्ला अदालतले २०७५ मङ्सिर १२ गते कल्पनालाई सर्वश्वसहित जन्मकैद र कालुरामलाई सफाइ दिने फैसला गऱ्यो ।

**कथित बोक्सीको आरोपमा हत्या**

दाङको तुलसीपुर उमनपा–९ बेलुवा निवासी ६९ वर्षीया खोपी रावतलाई बोक्सीको आरोपमा हत्या गरेको घटनामा संलग्न रहेको भन्दै खोपी रावतकी साइँली बुहारी दङ्गीशरण गाउँपालिका–३ हेकुली निवासी ४० वर्षीया टङ्की रावत र ३५ वर्षीया पवित्रा गिरीलाई प्रहरीले २०७५ भदौ १६ गते गिरफ्तार गऱ्यो । भदौ ३ गते बुहारीले सासूलाई झारफुक गर्न जाउँ भन्दै सल्यानको कपुरकोट ल्याएको र झारफुक गरी भदौ ५ गते फर्कने क्रममा कपुरकोट गाउँपालिका–२ स्थित शिवमन्दिर सामुदायिक वनको जङ्गलमा हत्या गरी फालेको प्रहरीले बतायो । पीडित पक्षले जिल्ला प्रहरी कार्यालय दाङमा उजुरी दिएपछि आरोपितलाई दाङको प्रहरीले गिरफ्तार गरी सल्यान पठाएको थियो । झारफुक गर्न जाने भन्दै घरबाट निस्केको नौ दिनसम्म घरमा नफर्केपछि बुहारीले नै हत्या गरेको भन्दै छोरीले भदौ १२ गते इलाका प्रहरी कार्यालय तुलसीपुरमा उजुरी दिइन् । शवको पोस्टमार्टम जिल्ला अस्पतालमा भदौ १७ गते भयो । आरोपित दुवै जनालाई जिल्ला अदालतले असोज ५ गते पुर्पक्षका लागि थुनामा पठायो ।

**बेचबिखन तथा ओसारपसार**

त्रिवेणी गाउँपालिका–२ घर भई शारदा नपा–१ बस्दै आएकी २८ वर्षीया महिलालाई २०७५ साउन ६ गते बागचौर नपा–१० घर भई क्षत्रेश्वरी गाउँपालिका–२ बस्ने २६ वर्षीया नीता बस्नेत पुनले बेचबिखन गर्न खोजेको आरोपमा प्रहरीले आरोपितलाई साउन ६ गते गिरफ्तार गऱ्यो । पीडितलाई एक पैसा नलाग्ने गरी विदेश पठाइदिने भन्दै राहदानी बनाउन जिल्ला प्रशासन कार्यालयमा लगेका बेला पीडितलेभनेपछि त्यहाँबाट प्रहरीले आरोपितलाई गिरफ्तार गरेको थियो । आरोपितलाई जिल्ला अदालतले साउन ३० गते पुर्पक्षका लागि थुनामा पठायो ।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

वर्ल्ड लिङ्क कम्युनिकेसनद्वारा सञ्चालित इन्टरनेट सेवाको कपुरकोटस्थित रिपिटर टावरमा २०७५ कात्तिक ५ गते अपरिचित समूहले तोडफोड गरेको भन्दै वर्ल्ड लिङ्कका सल्यान प्रतिनिधि सनतकुमार शर्माले जिल्ला प्रहरी कार्यालयमा कात्तिक ६ गते उजुरी दिए । कपुरकोट गाउँपालिका–३ मुलाबारीस्थित रिपिटर टावरमा तोडफोड गरी अज्ञात पक्षले महत्वपूर्ण सामानसमेत चोरी गरेको शर्माले बताए । यो तोडफोडबाट सल्यान, दाङ, रुकुम, रोल्पा, अर्घाखाँची, जाजरकोटलगायतका जिल्लामा करिब दुई हप्ता इन्टरनेट सेवा अवरुद्ध भयो । अपरिचित समूहले टावरभित्र छिर्ने ढोका फोडेको र करिब ७२ हजार रुपियाँ बराबरको सामान चोरी गरेको जिल्ला प्रहरी कार्यालयले जनायो । घटनामा संलग्नको पहिचान भएन ।

**स्वास्थ्य सेवाको अवस्था**

सल्यानमा एउटा जिल्ला अस्पताल, ४५ स्वास्थ्य चौकी र दुई प्राथमिक स्वास्थ्य केन्द्र छन् ।

जिल्लामा तीन डाक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन्। अहेवको ९७ दरबन्दी रहेकामा ७० जना कार्यरत छन्।

बागचौर नपा–४ का गर्भवती र सुत्केरी महिला वर्षको सुरुमा आधारभूत औषधि सेवनबाट बन्चित भए । उनीहरूले डेढ महिनासम्म आइरन चक्कीसमेत सेवन गर्न नपाएको स्थानीय स्वास्थ्य स्वयम्सेविका रमादेवी वलीले बताइन् । स्थानीय शिवरथ स्वास्थ्य चौकीका निमित्त इन्चार्ज अनमी मिश्रा पुनले स्वास्थ्य चौकीमा यी औषधि नभएको स्वीकार गरिन्। उनले नपासँग औषधि माग गरे पनि नपठाइदिँदा समस्या आएको बताइन्।

## सन् २०१८ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | अपूर्ण | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| बेचबिखन तथा ओसारपसार | | १ | १ |
| बलात्कार | | ५ | ५ |
| यौन दुर्व्यवहार | १ | | १ |
| जम्मा | १ | ६ | ७ |

**महिला अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| बेचबिखन तथा ओसारपसार | | | | १ | १ |
| बलात्कार | १ | | | ३ | ४ |
| बलात्कार प्रयास | | | | २ | २ |
| बहुविवाह | १ | ३ | १ | ४ | ९ |
| घरेलु हिंसा | | | ४ | | ४ |
| जम्मा | २ | ३ | ५ | १० | २० |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| हत्या | ५ | ५ |

# ६.१० सुर्खेत




**जम्मा जनसङ्ख्या**
३,५०,८०४

**महिला**
१,८१,३८३

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
२

**प्रदेशसभा निर्वाचन क्षेत्र**
४

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
१,०४,४९२

**कामका लागि बाहिरिएका**
२३,१९७

**अपाङ्गता भएका**
१०,२९१

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
७३.१२

**आश्रित जनसङ्ख्या**
१,७३,२५८

| घटनाको प्रकार | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | | १३ | | १३ |
| अमानवीय व्यवहार | | | | | १ | १ |
| महिला अधिकार | | | | १०३ | | १०३ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | २ | ३ | ५ | | | |
| यातना | | ५ | ५ | | | |
| कुटपिट | | १७ | १७ | | २ | २ |
| हत्या | | | | १ | | १ |
| जम्मा | २ | २५ | २७ | ११७ | ३ | १२० |

*मानव अधिकार उल्लङ्घनका घटनामध्ये सबैभन्दा बढी घरेलु हिंसाका घटनामा ८८ जना महिला पीडित भए। गत वर्षको तुलनामा यस वर्ष बलात्कार तथा यौन दुर्व्यवहारका घटना बढे। यो वर्ष २४ ओटा बलात्कार तथा यौन दुर्व्यवहारको घटना भए। जसमध्ये १३ ओटा अदालतमा विचाराधीन छन् भने ६ ओटाका आरोपित फरार रहे। पाँचवटामा कैद सजाय तोकियो। यो वर्ष भएका बलात्कारका पाँच वटा घटनामा आरोपितले सफाइ पाए। गत वर्ष पाँचजना बलात्कार र बलात्कार प्रयासका घटनामा पीडित भएका थिए।*

*यस वर्ष एसइइ परीक्षा दिइरहेकी पञ्चपुरी नपा–३ की १८ वर्षीया गोरीकला रोकायको प्रहरीकै संलग्नतामा बलात्कारपछि हत्या भयो। सो हत्यामा संलग्न ट्राफिक प्रहरी जवान हरिप्रसाद कोइराला, पञ्चपुरी नपा–८ का खुमप्रसाद बास्तोला र लक्ष्मी बास्तोलालाई दोषी ठहर गरी जिल्ला अदालतले ३२ वर्ष कैदको फैसला सुनायो।*

*सुर्खेतमा गत वर्ष मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा राज्य पक्षबाट दुईजना र गैरराज्य पक्षबाट १ सय ४४ जना पीडित भएका थिए। यो वर्ष राज्यपक्षबाट २७ जना र अन्यपक्षबाट १ सय २० जना पीडित भएको अभिलेख भयो।*

## कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर १ सय ७० कैदी र ८८ थुनुवा गरी २ सय ५८ जना छन्। जसमा १९ जना महिला छन्। कारागारमा आश्रित एक बालक र एक बालिका छन्। क्षमताभन्दा दश गुणा बढी कैदी/बन्दी भएकाले व्यवस्थापनमा समस्या छ। २०२९ सालमा बनेको यो कारागारको भवन जीर्ण छ। खानेपानी, टेलिभिजन, खेलकुद सामग्री, पत्रपत्रिका अपर्याप्त छ।

**धम्की/कुटपिट**

**राज्यपक्षबाट**

वीरेन्द्रनगर नपा–६ की व्यापारी ४० वर्षीया चन्द्रा धामी, ३५ वर्षीया बालकुमारी थापा, ४६ वर्षीय डम्मर तिवारी, ४० वर्षीय केदार शर्मा र ५० वर्षीय विष्णु शाही २०७५ वैशाख १५ गते उद्योग वाणिज्य सङ्घ सुर्खेतले एकलौटीरूपमा सङ्घको विधान संशोधन गरेको विरोधमा आन्दोलनमा उत्रेको आरोपमा प्रहरीले प्रहार गरेको लठ्ठीबाट घाइते भए। सबैजनाको उपचार देउती नर्सिङ होममा भयो। शान्तिपूर्णरूपमा भएको कार्यक्रममा प्रहरीले हस्तक्षेप गरेको आरोप पीडितले लगाए। यता प्रहरीले भने सामान्य धरपकडमात्र भएको जनायो। पीडितले कहीँ उजुरी गरेनन्।

**सुगम तथा निष्पक्ष न्यायिक अधिकार**

दुईजना न्यायाधीश रहेका यहाँको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ३ सय ४४ मध्ये २ सय ३१ थान फैसला भए भने देवानी मुद्दातर्फ १ सय ६६ मध्ये ८९ थान फैसला भए। दुई वर्ष नाघेका मुद्दा बाँकी छैनन्।

आठजना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालतमा चारजना कार्यरत छन्। यस अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ २ सय ९० मध्ये १ सय ४९ थान फैसला भए भने देवानी मुद्दातर्फ ७१ मध्ये २० थान फैसला भए। दुई वर्ष नाघेका मुद्दा बाँकी छैनन्।

**बाल अधिकार**

**शिक्षाको अवस्था**

*यस जिल्लामा ५ सय ६० आधारभूत र १ सय ४० मावि छन्। ३ हजार ५ सय ७८ शिक्षक दरबन्दी रहेकामा ९० रिक्त छ। यस वर्ष ५ हजार २ सय १ बालक र ५ हजार ३ सय २५ बालिका भर्ना भए। जिल्लामा ४१ अपाङ्गमैत्री विद्यालय छन्। १ हजार ८ सय १३ दलित बालक र १ हजार ९ सय ४२ दलित बालिकालाई छात्रावृत्ति प्रदान गरियो। साथै शहीद परिवारका ३ सय १२ र द्वन्द्वपीडित परिवारका ३ सय १८ बालबालिकालाई पनि छात्रावृत्ति दिइयो।*

*यस वर्ष बाल अधिकार उल्लङ्घनका घटनामा १३ जना बालिका पीडित भएको अभिलेख भयो। जसमध्ये १२ जना बलात्कार घटनामा र एकजना यौन दुर्व्यवहारको घटनाबाट पीडित भए। यो वर्ष १५ वर्षीया बालिकालाई दुईजनाले सामूहिक बलात्कार गरेको घटना सार्वजनिक भयो। अघिल्लो वर्ष दुई बालिका बलात्कार घटनाबाट पीडित भएका थिए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १२ | १२ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | १३ | १३ |

**कुटपिट**

चिङ्गाड गाउँपालिका–१ का नौ वर्षीय कमल गुरुङ र १२ वर्षीय विशाल ठाडा मगरलाई चोरी गरेको आरोपमा २०७५ जेठ १ गते सोही ठाउँका ३२ वर्षीय सशस्त्र प्रहरी जवान यामबहादुर गुरुङ र ३३ वर्षीय भारतीय सेना अशोक गुरुङले कुटपिट गरे। अनाहकमा चोरीको आरोप लगाइ मुखमा कपडा कोचेर लाठीले जथाभावी कुटपिट गरेको भन्दै पीडित पक्षले २०७५ जेठ २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले जेठ २ गते नै गिरफ्तार गऱ्यो। कुटपिटबाट दुवैजनाको शरीरमा निलडाम बसेको थियो। पीडित दुवैको क्षेत्रीय अस्पतालमा उपचार भयो। उजुरी दिएकै दिन गिरफ्तार भएका दुवै आरोपितलाई पीडित दुवैको उपचार खर्च बेहोर्ने सर्तमा जेठ १६ गते हिरासत मुक्त गरियो। तर पीडितले सर्तअनुसारको उपचार खर्च भने पाएनन्।

**बलात्कारपछि हत्या**

पञ्चपुरी नपा–५ स्थित विद्याज्योति माविमा एसइइ परीक्षा दिइरहेकी सोही नपा–३ की १८ वर्षीया गोरीकला रोकायलाई २०७४ चैत १२ गते राति इलाका प्रहरी कार्यालय बाबियाचौरमा कार्यरत २९ वर्षीय ट्राफिक प्रहरी जवान हरिप्रसाद कोइराला, पञ्चपुरी नपा–८ का २० वर्षीय लक्ष्मी बास्तोला र २८ वर्षीय खुमप्रसाद बास्तोलाले इलाका प्रहरी कार्यालय नजिकैको जङ्गलमा बलात्कारपछि हत्या गरेको भन्दै पीडित पक्षले चैत १३ गते इलाका प्रहरी कार्यालय, बाबियाचौरमा उजुरी दियो। टाउको र खुट्टामा गहिरो चोट लागेकी रोकायलाई बलात्कारपछि हत्या गरेलगत्तै उनको शव लक्ष्मी र खुमप्रसादले बाबियाचौर–५ स्थित गोरीकला डेरा गरी बस्ने कोठामा ल्याएर छाडेको मृतकका बुबा काले रोकायले बताए। शवको पोस्टमार्टम २०७४ चैत १४ गते सुर्खेत अस्पतालमा भयो। चैत १३ गते

गिरफ्तार भएका तीनैजना आरोपितलाई जिल्ला अदालतले २०७५ मङ्सिर २३ गते कर्तव्य ज्यानमा प्रतिव्यक्ति २० वर्ष तथा जबरजस्ती करणीमा प्रतिव्यक्ति ७ वर्ष र सामूहिक करणीमा थप ५ वर्ष गरी ३२ वर्ष जन्म कैदको सजाय सुनायो।

**बलात्कार, यौन दुर्व्यवहार**

नौ वर्षीया बालिकालाई २०७४ माघ १६ गते चाउचाउ किनिदिने बहानामा घरनजिकैको जङ्गलमा यौन दुर्व्यवहार गरेको भन्दै पञ्चपुरी नपा–८ का २८ वर्षीय निरक थापाविरुद्ध पीडित पक्षले माघ १७ गते इलाका प्रहरी कार्यालय बाबियाचौरमा उजुरी दियो। बालिकाको स्वास्थ्य परीक्षण क्षेत्रीय अस्पतालमा माघ १७ गते भयो। उजुरी दिएकै दिन गिरफ्तार भएका निरकलाई जिल्ला अदालतले २०७५ जेठ २१ गते ५ वर्ष कैद सजाय सुनायो।

## महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ३ सय ४४ जना महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गरे। जसमा कुटपिट गरी घर निकाला गरेको ४३, खान/लाउन नदिएको ४२, विवाह दर्ता र नागरिकता नबनाइदिएको २१, बहुविवाह गरी हेला गरेको ६६ तथा सामान्य घरायसी झगडाका १ सय ७२ घटना छन्। यीमध्ये प्रहरीले २ सय १२ वटामा मिलापत्र गरायो भने १ सय ३२ घटना कानुनी प्रक्रियामा छन्।*

*यस वर्ष बलात्कारबाट ११, कथित बोक्सीको आरोपमा कुटपिट भएको घटनामा एक, बहुविवाहका घटनामा तीन र घरेलु हिंसाबाट ८८ जना महिला पीडित भएको अभिलेख भयो। अघिल्लो वर्ष बलात्कारबाट दुई, बलात्कार प्रयासमा एक, बहुविवाहका घटनामा तीन, घरेलु हिंसाबाट १ सय १७ र यौन दुर्व्यवहारको घटनामा एकजना महिला पीडित भएको अभिलेख भयो।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| कथित बोक्सीको आरोप | १ | १ |
| बलात्कार | ११ | ११ |
| बहुविवाह | ३ | ३ |
| घरेलु हिंसा | ८८ | ८८ |
| जम्मा | १०३ | १०३ |

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

७५ वर्षीया वृद्धालाई २०७४ चैत १२ गते घरनजिकैको जङ्गलमा बलात्कार गरेको भन्दै वीरेन्द्रनगर नपा–१४ का ४५ वर्षीया यामप्रसाद चालिसेविरुद्ध पीडित पक्षले चैत १३ गते प्रहरी पोस्ट गढीमा उजुरी दिए। वृद्धाको स्वास्थ्य परीक्षण क्षेत्रीय अस्पतालमा भयो। उजुरी दिएकै दिन गिरफ्तार भएका यामप्रसादलाई जिल्ला अदालतले २०७५ जेठ २० गते पाँच वर्ष कैद सजाय सुनायो।

१९ वर्षीया युवतीलाई २०७५ जेठ ६ गते आफ्नै घरमा बोलाई विवाह गर्ने बहानामा बलात्कार गरेको भन्दै वीरेन्द्रनगर नपा–६ का २२ वर्षीय रमेश सुनारविरुद्ध पीडित पक्षले जेठ ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। घटनाबारे कसैलाई भनेमा मार्ने धम्की दिएको पनि पीडितले जनाइन्। युवतीको स्वास्थ्य परीक्षण क्षेत्रीय अस्पताल, सुर्खेतमा जेठ ७ गते भयो। आरोपित फरार रहे।

**न्यायको हक**

वीरेन्द्रनगर नपा–२ की ३२ वर्षीया विमला बुढाले बहुविवाह गरेका पति गोपालबहादुर वलीविरुद्ध २०७५ असार १० गते दिएको उजुरीका विषयमा सोधपुछ गर्न जाँदा प्रहरीले २०७५ साउन १८ गते उजुरीउपर सुनुवाइ नगरेको आरोप लगाइन्। भवानी बक्स गण अछाममा कार्यरत पति गोपालविरुद्ध प्रहरीमा उजुरी दिए पनि प्रहरीले नेपाली सेनाविरुद्ध कारबाही गर्न नसक्ने भनी फिर्ता पठाएको पीडितले बताइन्। प्रहरीले तपाईं जहाँसुकै जानुहोस्, हामी यो मुद्दा अघि बढाउन सक्दैनौँ भनी दुर्व्यवहारसमेत गरेको पीडितको भनाइ छ। आरोपित वलीले कञ्चनपुरस्थित वेदकोट नपाकी २८ वर्षीया लीला कठायतसँग एक वर्षअघि बहुविवाह गरेका थिए।

**घरेलु हिंसा**

वीरेन्द्रनगर नपा–६ की ३६ वर्षीया कल्पना शाहीलाई परपुरुषसँग लागेको आरोपमा २०७४ पुस १९ गते ४० वर्षीय पति हस्त शाहीले कुटपिट गरे। कल्पनाको उपचार स्थानीय देउती नर्सिङ होममा भयो। घरायसी विवादको सुनुवाइ नहुने भनी कहीँ उजुरी नगरेको पीडितले बताइन्। उनी माइतीको संरक्षणमा बसेकी छन्।

**कथित बोक्सीको आरोपमा कुटपिट**

वीरेन्द्रनगर नपा–२ की १८ वर्षीया अमृता बुढालाई २०७५ पुस ८ गते वीरेन्द्रनगर नपा–७ की २७ वर्षीया सानीआमा कृष्णा काफ्लेले बोक्सीको आरोपमा घरमै तातो पन्युँले डामेर घाइते बनाइन् । आफ्नी दुई वर्षीया छोरीमाथि बोक्सी लागेको आरोपमा कृष्णाले अमृताकी आमा टीका बुढाकै अगाडि मसान चढेको निहुँमा तातो पन्युँले डामेको पीडितले बताइन् । पन्युले डाम्दा अमृताको अनुहार, मुख, खुट्टा र ढाडमा गम्भीर चोट लागेको थियो । उनको उपचार सुर्खेत अस्पतालमा भयो । आफन्तबीचको भन्दै घटना लुकाउन खोजेको जानकारीपछि प्रहरीले पुस १३ गते कृष्णा र उनका पति ३० वर्षीय कृष्णप्रसाद काफ्लेलाई गिरफ्तार गरी अनुसन्धान गरिरहेको प्रहरीले जनायो ।



*कथित बोक्सीको आरोपमा कुटपिट गरिएकी अमृता बुढा*

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### भौतिक संरचना/सम्पत्ति क्षति

**अन्यपक्षबाट**

गुर्भाकोट नपा–४ का वडाध्यक्ष ४९ वर्षीय प्रशन्नकुमार शाहको कार्यकक्षमा २०७४ चैत ३० गते राति अज्ञात समूहले आगजनी गर्‍यो । आगजनीबाट वडाध्यक्ष शाहको कार्यकक्षमा रहेको इन्भर्टर, एलसिडी कम्प्युटर, फोटोकपी मेसिन, कुर्सी टेबल, आवश्यक कागजात र दराज जलेर नष्ट भयो । आगजनी कसले र किने गरेको हो भन्नेबारे केही खुल्न सकेन । एक तलाको तीन कोठे भवनमा अज्ञात समूहले वडाध्यक्ष शाहको कोठामा मात्र आगजनी गरेका थिए ।

### स्वास्थ्य सेवाको अवस्था

यस जिल्लामा अस्पताल दुई, स्वास्थ्य चौकी ४७ र प्राथमिक स्वास्थ्य केन्द्र तीनओटा छन् । जिल्लामा ४५ डाक्टरको दरबन्दी रहेकामा २२ जना कार्यरत छन् । त्यस्तै अहेबको १ सय ६० दरबन्दी रहेकामा १ सय ५१ जना कार्यरत छन् ।

## सन् २०१८ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| बलात्कार | | १२ | १२ |
| यौन दुर्व्यवहार | १ | | १ |
| जम्मा | १ | १२ | १३ |

**महिला अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|---|
| कथित बोक्सीको आरोप | | | | | १ | १ |
| बलात्कार | | ३ | | | ८ | ११ |
| बहुविवाह | १ | | १ | १ | | ३ |
| घरेलु हिंसा | | | २६ | ६२ | | ८८ |
| जम्मा | १ | ३ | २७ | ६३ | ९ | १०३ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| हत्या | १ | १ |



# सुदूरपश्चिम प्रदेश

- क्षेत्रफल : १९,५३९ वर्ग कि.मि.
- जनसङ्ख्या : २५,५२,५१७
- साक्षरता प्रतिशत : ६१.५४
- जिल्ला : ९
- निर्वाचन क्षेत्र (प्रतिनिधिसभा) : १६
- निर्वाचन क्षेत्र (प्रदेशसभा) : ३२
- उपमहानगरपालिका : १
- नगरपालिका : ३३
- गाउँपालिका : ५४
- कूल वडा सङ्ख्या : ७३४



# सुदूरपश्चिम प्रदेश परिचय ७

यस प्रदेशमा कैलाली, कञ्चनपुर, डडेल्धुरा, डोटी, बाजुरा, बैतडी, बझाङ र दार्चुला गरी नौ जिल्लाहरू रहेका छन् । कैलाली जिल्लामा सबैभन्दा बढी पाँच, कञ्चनपुरमा तीन, अछाममा दुई र अन्य जिल्लामा एक/एक निर्वाचन क्षेत्र कायम गरिएको छ । यस प्रदेशको जनसङ्ख्या २५ लाख ५२ हजार ५ सय १७ रहेको छ । यो प्रदेशको क्षेत्रफल १९ हजार ५ सय ३९ वर्गकिलोमिटर रहेको छ जुन नेपालको कूल क्षेत्रफलको १३.२७ प्रतिशत हो ।

यस प्रदेशको कूल जनसङ्ख्यामध्ये ३०.४५ प्रतिशतको डोटेली, ३०.१७ प्रतिशतको नेपाली, १७.०१ प्रतिशतको थारु, १०.६४ प्रतिशतको बैतडेली, ५.५८ प्रतिशतको अछामी, २.६४ प्रतिशतको बझाङी र बाँकीको मातृभाषा अन्य रहेको छ ।


कृषि, पर्यटन, जडिबुटी तथा जलविद्युतको प्रचुर सम्भावना यस प्रदेशमा रहेको छ । सबै जिल्ला सदरमुकामहरू सडक सञ्जालमा जोडिएको भए पनि विकासका दृष्टिले अझै पनि पछाडि रहेका छन् । यस प्रदेशका मानिसको औसत आयु ६६.९३ र प्रतिव्यक्ति आय ६ सय ८५ अमेरिकी डलर रहेको छ । खाद्यान्न अभाव, रोजगारी नपाइनुजस्ता कारणले यस प्रदेशका मानिसहरू कठिन कामका लागि भारततिर जाने प्रचलन कायम छ ।

सरकारले यो प्रदेशको राजधानी कैलालीको गोदावरीलाई तोकेको छ । समाजमा व्याप्त लैङ्गिक विभेदको अन्त्य गर्दै महिलाहरूको समानुपातिक समावेशी सिद्धान्तका आधारमा उनीहरूको क्षमता विकास गर्ने र छुवाछूत, छाउपडी, बोक्सी, लैंगिक, हिंसा जस्ता कुरीति र कानुनले बर्जित गरेका कुप्रथाको अन्त्य गर्ने, मुक्त कमैया, दलित, हलिया, हरूवाचरुवा, भूमिहीन, विपन्नवर्ग, किसान एवंम् वादी समुदाय, राजी, राउटे, आदिलाई नेपाल सरकारले गरेको प्रमाणीकरण र वर्गीकरणको आधारमा व्यवस्थित गर्ने, विपन्न नागरिकलाई स्वास्थ्य सेवामा सहज पहुँच पुऱ्याउन मौजुदा स्वास्थ्य संस्थाहरूको सुदृढिकरण एवं स्तर वृद्धि गरी "एक गाउँ, एक स्वास्थ्य चौकी, एक स्थानीय तह, एक अस्पताल" का लागि नीतिगत/संरचनागत प्रबन्धको थालनी गर्ने, आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने । सामाजिक सुरक्षा–स्वास्थ्य बिमा कार्यक्रम क्रमशः सबै जिल्लामा लागु गर्ने जस्ता कार्यक्रम प्रदेश सरकारले तयार गरेको छ ।

**सन् २०१८ र मानव अधिकार अवस्था**

यस प्रदेशमा सन् २०१८ मा अन्यपक्षबाट १४ जना महिलासहित २७ जनाको हत्या भयो । धम्की तथा कुटपिटका घटनामा ३५ जना पीडित भए । जसमध्ये राज्यपक्षबाट २० जना रहेका थिए । जातीय विभेदका घटनामा सात जना, महिला अधिकार उल्लङ्घनका घटनामा ४ सय १२ जना, बाल अधिकार उल्लङ्घनका घटनामा ५० जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो ।

## सन् २०१८ मा घटनाको प्रकार अनुसार पीडित सङ्ख्या



# ७.१ बाजुरा




**जम्मा जनसङ्ख्या**
**१,४७,०५३**

**महिला**
**७५,७४३**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**१**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**२**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**८५,८६७**

**कामका लागि बाहिरिएका**
**८,०५४**

**अपाङ्गता भएका**
**५,८५५**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**५५.७**

**आश्रित जनसङ्ख्या**
**७९,६९९**

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | ४ | | ४ |
| महिला अधिकार | ३० | | ३० |
| हत्या | १ | १ | २ |
| जम्मा | ३५ | १ | ३६ |

लामो खडेरीले आजित बनेपछि बाजुराका पुरुष कामको खोजीमा भारततिर हिँडेका छन्। पुरुष जति सबै भारत हिँडेपछि गाउँ नै पुरुषविहीन बन्दै गएका छन्। ४१ वर्षपछिको लामो खडेरीका कारण बाजुराको पूर्वउत्तरी क्षेत्र, हिमाली, स्वामी कार्तिक खापर, जगन्नाथ गापा र बूढीनन्दा नपाका गाउँ खाद्य सङ्कट भोग्न बाध्य छन्।

लगातारको खडेरीका कारण खेतीयोग्य जमिन पूरै बाँझो छ। पाँच वर्षदेखिको लामो खडेरीका कारण बाजुराको उत्तरी क्षेत्रका चार ओटा स्थानीय तह निकै पीडा बेहोर्न बाध्य भएका हिमाली गापाका अध्यक्ष गोविन्दबहादुर मल्लले बताएका छन्।

हिमाली गापा–४ बोर्ताका डेढ सयभन्दा बढी परिवार, वडा नं. ३ रुगिनका २ सयभन्दा बढी परिवार, स्वामीकार्तिक खापर गापाका एक र दुई साप्पाटा चार वाइ सुइज्युलामा पाँच वर्षदेखि कसैले खेती लगाउन पाएको छैन। पढ्दै गरेका विद्यार्थी र काम गर्न सक्ने उमेर समूहका बालबालिकासमेत कामका लागि धमाधम भारत छिरेका छन्। कतिपयका त परिवारै बिस्थापित भएका छन्।

हिमाली गापा–४ बोर्ताका खड्के सार्कीको १३ जनाकै परिवार पालिन धौ धौ भएपछि काम गर्न भारत गएका छन्। उनको गाउँमा कम्तीमा पनि एकजना भारत नपुगेको त घरै छैन। त्यसैले गाउँमा अहिले वृद्धवृद्धा, महिला र बालबालिका मात्र रहेका बोर्ताकी नन्दकला कार्कीले बताइन्। त्यसैगरी स्वामीकार्तिक खापर गापा–१ साप्पाटा गाउँमा मलामीसमेत भेट्न मुस्किल भएको स्थानीय शिक्षक मनबहादुर रोकायाले बताए। बाजुरामा हरेक वर्ष ११ हजार मेट्रिक टन खाद्यान्न अभाव हुने

*गरेको छ । अर्कोतर्फ खडेरीका कारण कुला सुकेका छन् । मुहानै सुकेकाले पिउने पानीसमेत समस्या भएको छ ।*

*जिल्लामा यतिखेर डाव कृषि सडक, मौरै–तोली–छतारा कृषि सडक, मौरै–नाटेश्वरी पर्यटन सडक, आटिचौर–थामलेख सडक, मार्तडी–कोल्टी कवाडी सडक, मार्तडी–अम्लिस कृषि सडक, मार्तडी–मालिका पर्यटन सडक, बल्दे–ब्रह्मतोला–आँटीचौर पर्यटन सडकलगायत दुई दर्जन कृषि तथा पर्यटन सडक धमाधम निर्माण भइरहेका छन् । तर गाउँहरू पुरुषबिहीन भएकै कारण यस्ता विकास निर्माणका कार्यमा महिलाको बाहुल्यता देखिनु सामान्य भएको छ ।*

*बाजुरा जिल्लामा सन् २०१८ मा ३५ महिला र एक पुरुष गरी ३६ जना मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडित भएको इन्सेकमा अभिलेख भयो । सन् २०१७ मा १३ महिला र १७ पुरुष गरी ३० जना पीडित भएका घटना अभिलेख गरिएको थियो ।*

## धम्की / कुटपिट

### अन्यपक्षबाट

जगन्नाथ गापा– ६ का ४५ वर्षीय मनबहादुर बिष्टलाई २०७४ चैत १३ गते सोही वडाका वडाध्यक्ष ४० वर्षीय कटकबहादुर बिष्टले कुटपिट गरेको आरोपमा पीडितले जिल्ला प्रहरी कार्यालयमा चैत १७ गते उजुरी दिए । घाइते मनबहादुरको आँखा र शरीरमा नीलडाम देखिएको उपचारमा संलग्न चिकित्सकले बताए। उनको उपचार जिल्ला अस्पतालमा चैत १५ गते भयो। पीडित पक्षले भुकाखोला विद्युत् आयो जनामा काम गरेको ज्याला माग्दा कुटपिट गरेको उजुरीमा उल्लेख छ । आरोपितलाई प्रहरीले गिरफ्तार गरेन। पीडितले उल्टै २०७५ वैशाख १६ गते उजुरी फिर्ता लिए।

## कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर २० कैदी र १५ थुनुवा गरी ३५ जना छन्। महिला छैनन्। २०३९ सालमा निर्माण भएको यस कारागारको भवन जीर्ण छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एकजना न्यायाधीशको दरबन्दीसहित एक जिल्ला अदालत छ । यस वर्ष फौजदारी मुद्दा १८ मध्ये १२ थान फैसला भए भने देवानी मुद्दा ५० मध्ये १४ थान फैसला भए । दुई वर्ष नाघेका मुद्दा बाँकी छैनन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*नौओटा स्थानीय तह रहेको यस जिल्लामा सामुदायिक एकाइ केन्द्र २७, प्रारम्भिक बालविकास केन्द्र २ सय २३, आधारभूत विद्यालय १ सय ८६, माध्यमिक विद्यालय ५८ र निजी ३० गरी ५ सय २४ शिक्षण संस्था छन् ।*

*जिल्लामा आधारभूततर्फ ५ सय पाँच, निम्न माध्यमिकतर्फ १ सय ३३ र माध्यमिकतर्फ ७२ तथा उच्च माध्यमिकतर्फ २१ दरबन्दी छन् । त्यसैगरी राहततर्फ प्राथमिकमा १ सय ६३, निम्न माध्यमिकमा ४७, माध्यमिकमा ४१ र उच्च माध्यमिकमा ४४ शिक्षक कार्यरत छन् । जिल्लामा आधारभूतमा ८ सय ४७ र माध्यमिकमा १ सय ७८ जना शिक्षक कार्यरत छन् ।*

*यो वर्ष कक्षा १ देखि ५ सम्म १२ हजार ३ सय ६० जना बालिका र ११ हजार ४ सय २७ जना बालक, कक्षा ६ देखि ८ सम्म ६ हजार १ सय ९ बालिका र ५ हजार ४ सय १० जना बालक तथा कक्षा ९ देखि १२ सम्म ४ सय ३७ बालिका र ३ सय ९६ बालक गरी ३६ हजार १ सय ३९ जना बालबालिका विद्यालय भर्ना भए ।*

*दलित बालबालिकातर्फ ५ हजार ५ सय ६६ बालिका र ५ हजार ३ सय ९३ बालक भर्ना भए । जनजाति बालबालिकातर्फ २ सय ४६ बालिका र २ सय ७२ जना बालक भर्ना भए ।*

*सन् २०१८ मा चार जना बालिका पीडित भएको इन्सेकमा अभिलेख भयो । सन् २०१७ मा तीन बालिका पीडित भएको अभिलेख थियो ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ३ | ३ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ४ | ४ |

### बलात्कार, यौन दुर्व्यवहार

१३ वर्षीया बालिकालाई २०७५ वैशाख २६ गते बलात्कार गरेको भन्दै बूढीगङ्गा नपा–६ का ४५ वर्षीय विष्णुभक्त जोशीविरुद्ध पीडित पक्षले वैशाख २७ गते प्रहरीमा उजुरी दियो । बालिकाको स्वास्थ्य परीक्षण २०७५ वैशाख २७ गते जिल्ला स्वास्थ्य कार्यालयमा भयो। आरोपित फरार रहे।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ५३ जना महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा अर्की श्रीमती ल्याएर हेला गरेको ३, गालीगलौज गरी कुटपिट गरेका ३५, घर निकाला गरेका ५ र लैङ्गिक हिंसाका २० ओटा थिए। घरेलु हिंसाका ४० ओटै घटना मिलापत्र भए भने लैङ्गिक हिंसाका २० घटनामध्ये १९ मा मिलापत्र भयो। एकचाहिँ कानुनी प्रक्रियामा छ।*

*सन् २०१८ मा ३० जना महिला पीडित भएको इन्सेकमा अभिलेख भयो। सन् २०१७ मा नौ जना महिला पीडित भएको अभिलेख थियो।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार प्रयास | १ | १ |
| घरेलु हिंसा | २९ | २९ |
| जम्मा | ३० | ३० |

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

३५ वर्षीया महिलालाई २०७५ साउन ५ गते बलात्कार प्रयास गरेको भन्दै बूढीगङ्गा नपा–७ का ४० वर्षीय दीर्घबहादुर खड्काविरुद्ध पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। महिलाको स्वास्थ्य परीक्षण २०७५ साउन ५ गते जिल्ला अस्पतालमा भयो। उजुरी दिएकै दिन गिरफ्तार परेका दीर्घबहादुरलाई जिल्ला अदालतले साउन २० गते पुर्पक्षका लागि थुनामा पठायो।

**परिवारजनबाट हत्या**

त्रिवेणी नपा–७ दगडाका ४५ वर्षीय धनबहादुर अएडीलाई २०७५ भदौ १८ गते ५ वर्षीया छोरी रोजिना अएडीको हत्या गरी ८ दिनसम्म ढुङ्गाले च्यापेर लुकाएको अवस्थामा शव फेला परेको आरोपमा भदौ २६ गते प्रहरीले गिरफ्तार गर्‍यो। आरोपित भाग्दै गरेको अवस्थामा गिरफ्तार गरेको इन्स्पेक्टर प्रकाशसिंह भण्डारीले बताए। शवको पोस्टमार्टम भदौ २७ गते जिल्ला अस्पतालमा भयो। आरोपितलाई जिल्ला अदालतले असोज १५ गते पुर्पक्षका लागि थुनामा पठायो।

**स्वास्थ्य सेवाको अवस्था**

एक जिल्ला अस्पताल रहेको बाजुरामा तीनजना डाक्टरको दरबन्दी छ। जसमध्ये एकजनामात्र कार्यरत छन्। यसबाहेक जिल्लामा २६ स्वास्थ्य चौकी र एक प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा अहेवको दरबन्दी ५८ रहेकामा ५३ जना कार्यरत छन्।

**सन् २०१८ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| बलात्कार | १ | २ | ३ |
| यौन दुर्व्यवहार | | १ | १ |
| जम्मा | १ | ३ | ४ |

**महिला अधिकार**

| घटनाको प्रकार | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| बलात्कार प्रयास | | १ | १ |
| घरेलु हिंसा | २७ | २ | २९ |
| जम्मा | २७ | ३ | ३० |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| हत्या | २ | २ |

# ७.२ बझाङ

**जम्मा जनसङ्ख्या**
२,०७,७१०

**महिला**
१,०९,५७४

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
१

**प्रदेशसभा निर्वाचन क्षेत्र**
२


**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
१,१०,४६५

**कामका लागि बाहिरिएका**
२२,८४५

**अपाङ्गता भएका**
४,९७६

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
५५.६

**आश्रित जनसङ्ख्या**
१,१०,४०६




| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | १ | | १ |
| अमानवीय व्यवहार | | ३ | ३ |
| महिला अधिकार | १६ | | १६ |
| कुटपिट | | ३ | ३ |
| जम्मा | १७ | ६ | २३ |

बझाङमा घरेलु हिंसाका घटना बढ्दै गएको पाइन्छ । विशेष गरेर मदिराका कारण दिन/प्रतिदिन महिला हिंसा बढ्दै गएको विभिन्न तथ्याङ्कले देखाउँछन् । पुरुषहरू मदिरा सेवन गरी घर गएर पत्नीसँग झगडा गर्ने र कुटपिटसमेत गर्ने भएकाले घरेलु हिंसा बढ्दै गएको डिएसपी प्रवीण धिताल बताउँछन् । उनका अनुसार यो जिल्लामा ५० प्रतिशत घटनाको कारण मदिरा नै हुने गरेको छ । मदिराले त महिला हिंसालाई सघाएकै छ, त्यसमाथि सामाजिक विभेद र रुढिवादी परम्पराले पनि यसलाई गतिलै साथ दिएका छन् । गत वर्षको तुलनामा यो जिल्लामा महिलामाथि हुने हिंसाका घटना ५० प्रतिशत बढेको महिला अधिकार मञ्चकी सहायक प्रशासकीय अधिकृत सीता सिंहले बताइन् ।

महिला हिंसामा परेकाले सहजै न्याय पाउँदैनन् । यस्तो हिंसामा परेकालाई महिला अधिकार मञ्चले एक हप्तासम्म बस्न/खान र उपचारको व्यवस्था त गर्छ तर त्योभन्दा बढी समय सदरमुकाम बस्नुपर्ने भएमा चाहिँ समस्या निम्तने गरेको छ । अझ कतिपयले त प्रक्रिया थाहा नभएकाले उजुरीसमेत दिँदैनन् । विशेषगरी महिलाले मदिरा बन्द गर्नका लागि पटकपटक जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाउने गरेका छन् । गत वर्ष जिल्ला समन्वय परिषद्को बैठकले जिल्लाभर मदिरा बन्द गर्ने निर्णय पनि गऱ्यो । तर कार्यान्वयन भने हुन सकेन ।

बझाङमा सन् २०१८ मा १७ महिला र ६ पुरुष गरी २३ जना मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडित भएको इन्सेकमा अभिलेख भयो । सन् २०१७ मा १३ महिला र २३ पुरुष गरी ३६ जना पीडित भएका घटना अभिलेख गरिएको थियो ।

## कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर थुनुवा १४ र बन्दी ४४ गरी ५८ जना छन्। महिला छैनन्। कारागार जीर्ण रहेकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। एकजना अहेवको दरबन्दी भए पनि दुई वर्षदेखि रिक्त छ। त्यसैले सामान्य उपचारका लागि पनि कैदी/बन्दीलाई जिल्ला अस्पताल र अन्य निजी मेडिकलहरूमा लैजानुपर्ने बाध्यता छ। महिला बन्दी भवन भने दुई वर्षदेखि निर्माणाधीन अवस्थामा छ।

## अमानवीय व्यवहार

बुङ्गल नपा–९ का वडाध्यक्ष ६० वर्षीय देउमल धामीलाई कृषिका लागि विनियोजन भएको ३ लाख ५० हजार रुपियाँ हिनामिना गरेको आरोपमा २०७५ असोज १६ गते स्थानीय किसान खगेन्द्रबहादुर सिंह, वीरबहादुर बोहरा र मानबहादुर बिष्टले वडा कार्यालय देउलीकोटमा मोसो दलेर दुर्व्यवहार गरे। धामीले ५० हजारको मात्र बीउ खरिद गरेको आरोप किसानले लगाए। वडाध्यक्षले भने उक्त रकम किसानलाई नै दिएको बताए । वडाध्यक्षले असोज १९ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए। असोज २१ गते गिरफ्तार भएका तीनैजनालाई जिल्ला प्रशासन कार्यालयले कात्तिक १६ गते जनही ८ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

मष्टा गाउँपालिका–२ निवासी सोही गाउँपालिकाका अध्यक्ष ४० वर्षीय कर्णबहादुर कठायतलाई योजनाको रकमबाट कमिसन खाने गरेको, आफन्त र कार्यकर्तालाई योजना दिएको र विभिन्न कार्यक्रममा भ्रष्टाचार गरेको आरोपमा २०७५ असार १५ गते विप्लव नेतृत्वको नेकपाका कार्यकर्ताले गाउँपालिका नजिकै मोसो दलेर दुर्व्यवहार गरे। घटनामा संलग्न भएको आरोपमा प्रहरीले मष्टा गाउँपालिका–१ निवासी उक्त पार्टीका कार्यकर्ता २५ वर्षीय विनोद थापा, २१ वर्षीय विकास थापा, २६ वर्षीय सुरज भण्डारी, २८ वर्षीय झरेन्द द्राल, २५ वर्षीय सत्यराज द्राल, २३ वर्षीय राजेश थापा, २८ वर्षीय जोकबहादुर कठायत, ३८ वर्षीय ज्ञानबहादुर चौहान र जयपृथ्वी नपा–१ का ३८ वर्षीय बाजीलाल शाहीविरुद्ध असार २१ गते सार्वजनिक मुद्दा दर्ता गर्‍यो। आरोपितमध्ये जोकबहादुर कठायत र ज्ञानबहादुर चौहानलाई असार १८ गते प्रहरीले गिरफ्तार गरेकामा जिल्ला प्रशासन कार्यालयले साउन ७ गते जनही १० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। अरु फरार रहे।

जयपृथ्वी नपा–८ निवासी साइपाल गाउँपालिकाका कार्यकारी अधिकृत ३६ वर्षीय राधाकृष्ण जोशीलाई भ्रष्टाचार गरेको र राहतमा आएको चामल यार्सागुम्बा टिप्ने व्यक्तिहरूलाई बिक्री गरेको आरोपमा २०७५ असार १३ गते विप्लव नेतृत्वको नेकपाका कार्यकर्ता २३ वर्षीय सत्यराज द्राल, ३० वर्षीय बाजिलाल शाही र ५७ वर्षीय जगतबहादुर सिंहले तल्कोट गाउँपालिका–४ पनाल्तमा मोसो दलेर दुर्व्यवहार गरे । घटनामा संलग्न भएको आरोपमा प्रहरीले जगतबहादुर सिंह र राजेश थापालाई असार २४ गते गिरफ्तार गरेकामा जिल्ला प्रशासन कार्यालयले भदौ १३ गते १० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतबाट यस वर्ष देवानी ६५ मध्ये ११ थान मुद्दा फैसला भयो । फौजदारीतर्फ भने ५६ मध्ये १२ थान फैसला भए। जसमध्ये व्यक्तिवादी फौजदारीतर्फ ३१ मुद्दामध्ये दुईओटा मात्र फैसला भए। यस अदालतमा दुई वर्ष नाघेको देवानी मुद्दा एक थान छ भने फौजदारी मुद्दा बाँकी छैन।

## बाल अधिकार

### शिक्षाको अवस्था

*बझाङमा ३ सय ८० आधारभूत र ८० ओटा मावि छन्। शिक्षक दरबन्दी १ हजार २ सय १३ रहेकामा सबैमा कार्यरत छन्। यस वर्ष २ हजार ८ सय ८ बालक र २ हजार ८ सय ४७ बालिका भर्ना भए। जिल्लाभर अपाङ्गमैत्री विद्यालय छैनन् । ५ सय ७ दलित बालक र ५ सय ४७ दलित बालिकाले छात्रवृत्ति पाए। साथै द्वन्द्वपीडित परिवारका ४७ बालबालिकाले छात्रवृत्ति पाए।*

*सन् २०१८ एक जना बालिका बलात्कारबाट पीडित भएको इन्सेकमा अभिलेख भयो।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १ | १ |
| जम्मा | १ | १ |

**बलात्कार, यौन दुर्व्यवहार**

१३ वर्षीया बालिकालाई २०७५ मङ्सिर ७ गते बलात्कार गरेको भन्दै तल्कोट गाउँपालिका–४ का २६ वर्षीय जनकबहादुर शाहीविरुद्ध पीडित पक्षले २०७५ मङ्सिर १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो । बालिकाको स्वास्थ्य परीक्षण मङ्सिर ९ गते जिल्ला अस्पतालमा भयो । मङ्सिर ८ गते गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले २०७५ पुस ६ गते पुर्पक्षका लागि थुनामा पठायो ।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

यो वर्ष घरेलु हिंसापीडित भन्दै ३६ जना महिलाले महिला बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट १८, बलात्कार दुई, बहुविवाह नौ र मानसिक यातनाका नौ घटना छन् । यीमध्ये ३० ओटामा मिलापत्र भयो भने ६ उजुरी कानुनी प्रक्रियामा छन् ।

सन् २०१८ मा घरेलु हिंसाबाट १२ जना, बहुविवाहबाट तीन जना र बेचबिखन तथा

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| घरेलु हिंसा | १२ | १२ |
| बहुविवाह | ३ | ३ |
| बेचबिखन तथा ओसारपसार | १ | १ |
| जम्मा | १६ | १६ |

ओसारपसारबाट एक जना गरी १६ जना महिला पीडित भएको इन्सेकमा अभिलेख भयो । सन् २०१७ मा भने घरेलु हिंसाबाट सात महिला पीडित भएको अभिलेख थियो ।

**स्वास्थ्य सेवाको अवस्था**

बभाङमा एउटा जिल्ला अस्पताल, ४५ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र र आठ ओटा सामुदायिक स्वास्थ्य एकाइ छन् । जिल्लामा दुई डाक्टरको दरबन्दी रहे पनि एकमात्र कार्यरत छन् । त्यस्तै अहेवको ९२ जनाको दरबन्दीमध्ये १२ रिक्त छ ।

**सन् २०१८ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | १ |
| जम्मा | १ | १ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बहुविवाह | २ | १ | | ३ |
| बेचबिखन तथा ओसारपसार | १ | | | १ |
| घरेलु हिंसा | ११ | | १ | १२ |
| जम्मा | १४ | १ | १ | १६ |

# ७.३ दार्चुला




**जम्मा जनसङ्ख्या**
**१,३८,०९७**

**महिला**
**७२,९००**

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
**१**

**प्रदेशसभा निर्वाचन क्षेत्र**
**२**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**७०,००३**

**कामका लागि बाहिरिएका**
**६,८६४**

**अपाङ्गता भएका**
**३,६६९**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**६५.४**

**आश्रित जनसङ्ख्या**
**६६,४०५**

| घटनाको प्रकार | राज्य पक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | ३ | | ३ |
| महिला अधिकार | | | ३४ | | ३४ |
| जातीय विभेद | | | १ | | १ |
| गिरफ्तारी | १ | १ | | | |
| कुटपिट | | | १ | | १ |
| हत्या | | | | १ | १ |
| जम्मा | १ | १ | ३९ | १ | ३० |

दार्चुलाका अपी हिमाल गाउँपालिका, व्यास गाउँपालिका, दुहुँ गाउँपालिका, नौगाड गाउँपालिकाका अधिकांश बालबालिका वैशाख अन्तिम सातादेखि असारसम्म जोखिमपूर्ण तवरले यार्सागुम्बा संकलन गर्ने कार्य गर्छन् । यहाँका बालबालिकालाई यार्सागुम्बा खोज्न पाटन जाँदा राज्यले नै विद्यालय बन्द गराएर सङ्कलन गर्न पठाउँदा उनीहरू जोखिम पूर्ण कामका साथै पढ्न पाउने अधिकारबाट बञ्चित हुने गरेका छन् ।

जिल्लाका उच्च हिमाली क्षेत्रका तीन दर्जन बढी विद्यालयका सयौँ बालबालिका दुई महिना आफ्नो खर्च जोहो गर्न भन्दै लेकतिर जाने गरेका छन् । यार्सागुम्बा सङ्कलन गरेबापत भएको आम्दानीबाट विद्यालय जान पोशाक, कापी कलम र खाद्यान्न जोहो गर्ने गरेका छन् । हिमाली क्षेत्रमा खेतमा लगाइएको खाद्यान्न बालीले तीन महिनादेखि ६ महिनासम्म मात्रै खान पुग्ने गरेको छ ।

यार्सागुम्बा सङ्कलनको लागि विद्यालय बन्द गर्न नहुने बहस पनि गत वर्षबाट शुरु गरिएको छ । तर अभिभावकको आग्रह र सो क्षेत्रका शिक्षकहरू नै यार्सा संकलनमा जाने गरेका कारण कार्यान्वियन हुन सकेको छैन । बालबालिकालाई यार्सागुम्बा सङ्कलनमा प्रयोग नगर्ने भने अभिभावकले खाद्यान्नको लागि लिएको ऋण तिर्न तथा बालबालिकालाई उच्च शिक्षासम्म पढाउन सक्ने अवस्था छैन ।

ग्रामीण क्षेत्रका विद्यालयमा वर्षमा डेढ सय दिनको हाराहारीमा पढाइ हुने गरेको छ । यहाँ यार्सागुम्बा सङ्कलनका लागि महिनौँ बिदा हुन्छ । वैशाखमा भर्ना अभियानले शुरु हुन्छ । जेठ, असार यार्सागुम्बा टिप्न जाँदा र साउन भदौ वर्षाका कारण विद्यालयको पढाइ

बन्द हुन्छ। भदौमा गौरा पर्व लगायतका स्थानीय बिदा, असोज कात्तिकमा दशैँ तिहार, पुष माघमा हिउँदे चिसो बिदा गर्दा गर्दै विद्यालयको पठन पाठन हुने समय हुँदैन् । विद्यार्थीले छोटो समयममा पढेर परीक्षा दिनुपर्ने हुन्छ, जसको कारण माथिल्लो शिक्षा अध्ययनमा उनीहरूको पढाइको स्तर कमजोर देखिने गरेको शिक्षा क्षेत्रका जानकारहरू बताउँछन् ।

यस्तै प्रहरीको तथ्याङ्कअनुसार हरेक वर्ष दुई तीन जना बालबालिकाले यार्सागुम्बा सङ्कलनको समयमा ज्यान गुमाउने गरेका छन् । आर्थिक वर्ष ०७३।०७४ मा यार्सागुम्बा सङ्कलनको क्रममा पाँच जना बालबालिकाले ज्यान गुमाएका छन् । जसमा अपी हिमाल क्षेत्रमा यार्सागुबा संकलनको क्रममा तीन जना तथा व्यास गाउँपालिका क्षेत्रमा दुई जना बालबालिकाले ज्यान गुमाएका थिए । यस्तै गत आर्थिक ०७४।०७५ मा एक जना तथा अपीहिमाल क्षेत्रमा एक जनाले ज्यान गुमाएका छन् । यार्सागुम्बा संकलनको क्रममा नदी तर्ने क्रममा, उच्च हिमाली क्षेत्रमा चिप्लीएर तथा हिउँपहिरोमा परि बालबालिकाले ज्यान गुमाउने गरेका छन् ।

दार्चुलामा सन् २०१८ मा मानव अधिकार उल्लङ्घन्, ज्यादती तथा महिला विरुद्ध हुने हिंसाका घटना गत वर्षको जस्तै रह्यो । सन् २०१८ मा २ ९ महिला र दुई पुरुष गरी ३१ जना मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडित भएको इन्सेकमा अभिलेख भयो । सन् २०१७ मा २० महिला ११ पुरुष गरी ३१ जना पीडित भएका घटना अभिलेख गरिएको थियो । यस वर्ष गिरफ्तारबाट एक पुरुष, कुटपिटबाट एक पुरुष, जातीय भेदभावबाट एक महिला पीडित भए भने एक पुरुषको हत्या भयो ।

दार्चुलामा सन् २०१८ मा २९ महिला र दुई पुरुष गरी ३१ जना मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडित भएको अभिलेख भएको मा सन् २०१७ मा २० महिला र ११ पुरुष गरी ३१ जना पीडित भएको अभिलेख थियो ।

## कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता ४० जनाको छ– पुरुष २५ र महिला १५ जनाको । तर यो कारागारको पुरुष कक्षमा ४३ कैदी/बन्दी छन् । महिलातर्फ भने दुईजनामात्र छन् । एक आश्रित बालक छन् । २०२२ सालमा निर्माण गरिएको भवन जीर्ण छ । कैदी/बन्दी चिसोमा बस्नुपर्दा समस्या हुने गरेको चौकीदार पदम ठगुन्नाले बताए । पाँचओटा कोठा रहेको भवनमा चार कोठामा कैदी/बन्दी छन् भने एक कोठामा सुरक्षा गार्ड बस्दै आएका छन् । पुरुष कैदी/बन्दीलाई बस्न र सुताउन समस्या भएको जेलर मानबहादुर खडायतले बताए । गत साउनदेखि अहेवको दरबन्दी कायम भए पनि कारागारमा स्वास्थ्यकर्मी भने आएका छैनन् ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

२०७४ पुस १७ देखि २०७५ पुस १६ सम्मको एक वर्षे अवधिमा यस जिल्लाको अदालतमा तीनजना न्यायाधीश परिवर्तन भए । यस जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ५८ मध्ये २६ फैसला भए भने देवानी मुद्दातर्फ २६ मध्ये १३ फैसला भए । दुई वर्ष नाघेका फौजदारी मुद्दा छैनन ।

## बाल अधिकार

### शिक्षाको अवस्था

यस जिल्लामा २ सय ९१ आधारभूत र ७२ मावि छन् । १ हजार ३ सय ७४ शिक्षक दरबन्दी छ । यस वर्ष १७ हजार ७ सय बालक र १९ हजार १ सय ५७ बालिका भर्ना भए । जिल्लामा अपाङ्गमैत्री विद्यालय छैन । १ हजार ७ सय ४६ दलित बालक र १ हजार ७ सय २५ दलित बालिकाले छात्रवृत्ति पाए ।

सन् २०१८ मा तीन जना बालिका पीडित भएको इन्सेकमा अभिलेख भयो । सन् २०१७ मा पनि बलात्कारबाट दुई जना र यौन दुर्व्यवहारबाट एका जना बालिका पीडित भएको अभिलेख थियो ।

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | २ | २ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ३ | ३ |

### बलात्कार, यौन दुर्व्यवहार

१४ वर्षीया बालिकालाई २०७५ चैत १६ गते बलात्कार गरेको भन्दै महाकाली नपा–४ का २८ वर्षीय ललित पन्तविरुद्ध पीडित पक्षले २०७४ चैत १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो । बालिकाको स्वास्थ्य परीक्षण चैत १७ गते जिल्ला अस्पताल दार्चुलामा भयो । उजुरी दिएकै दिन गिरफ्तार भएका

आरोपितलाई जिल्ला अदालतले २०७५ वैशाख १३ गते पुर्पक्षका लागि थुनामा पठायो ।

१७ वर्षीया बालिकालाई २०७५ असोज १५ गते राति बलात्कार गरेको भन्दै शैल्यशिखर नपा–४ का ३५ वर्षीय जयसिंह बोहराविरुद्ध पीडित पक्षले २०७५ असोज १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो । बालिकाको स्वास्थ्य परीक्षण असोज १७ गते गोकुलेश्वर अस्पतालमा भयो । असोज १५ गते गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले २०७५ कात्तिक ८ गते पुर्पक्षका लागि थुनामा पठायो ।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ३६ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट गरेका १९, खान/लाउन नदिएको ११ र सामान्य घरायसी झगडाका ६ घटना छन् । यीमध्ये प्रहरीले ३३ ओटामा मिलापत्र गरायो भने बाँकी कानुनी प्रक्रियामा छन् ।*

*सन् २०१८ मा २४ जना महिला पीडित भएको इन्सेकमा अभिलेख भयो । सन् २०१७ मा १७ जना महिला पीडित भएको अभिलेख थियो ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १ | १ |
| बहुविवाह | ३ | ३ |
| घरेलु हिंसा | २० | २० |
| जम्मा | २४ | २४ |

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२१ वर्षीया महिलालाई २०७५ जेठ १३ गते राति बलात्कार गरेको भन्दै नौगाड गापा–३ का ३५ वर्षीय विक्रमसिंह ठगुन्ना, ४३ वर्षीय पुने धामी र ४५ वर्षीय सागर धामीविरुद्ध पीडितले २०७५ जेठ १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन् । महिलाको स्वास्थ्य परीक्षण २०७५ जेठ १६ गते जिल्ला स्वास्थ्य कार्यालयमा भयो । जेठ १६ गते गिरफ्तार भएका तीनैजनालाई जिल्ला अदालतले २०७५ जेठ २९ गते पुर्पक्षका लागि थुनामा पठायो ।

## जातीय विभेद

शैल्यशिखर नपा–१ का २३ वर्षीया रेखा महरले आफूलाई जातीय विभेद गरेको भन्दै सोही ठाउँका २५ वर्षीय माधवसिंह बोहराविरुद्ध २०७५ वैशाख १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन् । पानी भर्ने क्रममा आफूमाथि गालीगलौज र कुटपिट गरी जातीय विभेद गरेको उजुरीमा उल्लेख छ । २०७५ वैशाख ११ गते घरनजिकै पानी भर्ने क्रममा पानी भर्न पाइँदैन, काम नगर्ने, पानीचाहिँ खाने तँ डुम भन्दै गालीगलौज गरेको रेखाले बताइन् । बोहराले आफूलाई कुटपिट गरी कपडासमेत च्यातिदिएको रेखाको आरोप छ । कुटपिटका क्रममा आफूले लगाएको तिलहरी, नथिया समेत हराएको उजुरीमा उल्लेख छ । रेखाका पति बासुदेव महर कामका लागि भारतमा छन् । रेखाको स्वास्थ्य परीक्षण वैशाख १३ गते जिल्ला अस्पतालमा भयो । वैशाख १५ गते प्रहरी कार्यालयमा भएको छलफलपछि दुवै पक्षबीच मिलापत्र भयो ।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### सम्पत्तिमा क्षति

गोकुलेश्वर अस्पतालको वा २ ब ५५३५ नम्बर को मोटरसाइकलमा २०७४ फागुन ८ गते शैल्यशिखर नपा–९ निवासी नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको ने कपाका कार्यकर्ता २६ वर्षीय विमल भनिने विष्णु ले खकले आगजनी गरको आरोपमा २०७४ चैत १३ गते प्रहरीले सदरमुकाम खलङ्गाबाट गिरफ्तार गऱ्यो । विष्णुलाई जिल्ला अदालतले २०७५ वैशाख ७ गते १६ हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो ।

## स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई अस्पताल र ४० स्वास्थ्य चौकी छन् । जिल्लामा दुई डाक्टरको दरबन्दी रहेकामा एकजना कार्यरत छन् । त्यस्तै अहेवको ८० दरबन्दी रहेकामा ६३ जना कार्यरत छन् ।

## सन् २०१८ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | २ | २ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ३ | ३ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | | | १ | १ |
| बहुविवाह | १ | २ | | | ३ |
| घरेलु हिंसा | | | १८ | २ | २० |
| जम्मा | १ | २ | १८ | ३ | २४ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | जम्मा |
| हत्या | १ | १ |

# ७.४ बैतडी




**जम्मा जनसङ्ख्या**
२,५७,८८८

**महिला**
१,३८,८९६

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
१

**प्रदेशसभा निर्वाचन क्षेत्र**
२

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
१,१४,३५५

**कामका लागि बाहिरिएका**
२१,०३९

**अपाङ्गता भएका**
७,७८८

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
६३

**आश्रित जनसङ्ख्या**
१,२७,८२६

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | ७ | | ७ |
| अमानवीय व्यवहार | | २ | २ |
| महिला अधिकार | ७६ | | ७६ |
| कुटपिट | | २ | २ |
| हत्या | ३ | २ | ५ |
| जम्मा | ८६ | ६ | ९२ |

*बढ्दो आधुनिकीकरण, सामाजिक सञ्जालको गलत प्रयोग, ग्रामीण क्षेत्रमा भएको सडक पहुँचलगायतका कारणले पनि बलात्कारका घटना बढेका विश्लेषण गर्नेहरू यहाँ छन् । कमै उमेरमा भागेर विवाह गरी पछि परिवारको असहमति देखिएपछि बलात्कारका रूपमा उजुरी दर्ता गर्नेहरू पनि बढेका छन् । बढ्दो सामाजिक सञ्जालको दुरुपयोगका कारण भेट्ने, डेटिङ जाने र शारीरिक सम्बन्धसमेत राख्ने क्रम पनि बढेको छ। जब परिवारले यस्तो सम्बन्धबारे थाहा पाउँछन्, विशेषगरी अन्तरजातीय भएमा त्यसलाई स्वीकार गर्दैनन् । यस्तो अवस्थामा बलात्कार गरेको आरोपमा उजुरी दर्ता गर्ने क्रम दिनानुदिन वृद्धि हुँदो छ।*

*एकातर्फ महिला हिंसाविरुद्धका थुप्रै कार्यक्रम सञ्चालनमा छन् । बालबालिकाको हितका क्षेत्रमा पनि थुप्रै निकायले कार्यक्रम सञ्चालन गरिरहेका छन् । तर महिलाको कार्यक्रममा पुरुष सहभागी नहुनु तथा बालिकाहरूको कार्यक्रममा बालकहरू सहभागी नहुनुलगायत कारणले चेतना समानरूपमा विकसित हुन सकेको छैन । अझ कतिपय बालविवाह, बालश्रमलगायतका घटना तर आधिकारिकरूपमा प्रहरीसम्म पनि पुग्दैनन्। त्यसैले जिल्लामा हुने यस्ता घटनाको आकार पनि अनुमानमै आधारित हुने गरेको छ।*

*बैतडीमा सन् २०१८ मा ८६ महिला र ६ पुरुष गरी ९२ जना मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडित भएको इन्सेकमा अभिलेख भयो। सन् २०१७ मा ५४ महिला र नौ पुरुष गरी ६३ जना पीडित भएका घटना अभिलेख गरिएको थियो।*

## धम्की/कुटपिट

### अन्यपक्षबाट

सिगास गापा–६ थलाकाँडाका वडाध्यक्ष ५५ वर्षीय डम्बरसिंह धामीलाई २०७५ भदौ ९ गते सोही ठाउँका ३६

वर्षीय गजेन्द्र बिकले कुटपिट गरी दुर्व्यवहार गरेको भन्दै पीडित पक्षले भदौ १० गते गाँजरी प्रहरी चौकीमा उजुरी दिए । घरबाट वडा कार्यालय जाँदै गर्दा बाटोमा आफूमाथि एक्कासि हातपात गरेको वडाध्यक्षको उजुरीमा उल्लेख छ । १२ गते गिरफ्तार भएका गजेन्द्रलाई जिल्ला अदालतले २०७५ कात्तिक २५ गते २० हजार रुपियाँ धरौटीमा रिहा गर्न आदेश दिएको थियो तर उनले धरौटी रकम दिन नसकेपछि कारागार पठाइयो ।

### कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ । तर ३३ कैदी र १७ थुनुवा गरी ५० जना छन् । कारागारमा पर्याप्त पानीको व्यवस्था नहुँदा समस्या छ। २०४० सालमा स्थापना भएको कारागारको व्यवस्थित मर्मतसम्भार नहुँदा कुनै पनि बेला भत्कने खतरा छ । महिला राख्ने व्यवस्था नहुँदा उनीहरूलाई अन्यत्रै जिल्ला पठाउनुपर्ने बाध्यता छ ।

### अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

दशरथचन्द नपा-४ गडीस्थित जिल्ला प्रशासन कार्यालयमा सडकसम्बन्धी छलफल चलिरहेका बेला दशरथचन्द नपा-५ निवासी ओभरसियर पद (तत्कालीन जिल्ला विकास समितिमा) मा कार्यरत ५० वर्षीय भक्तराज भट्टलाई २०७५ असार २६ गते पाटन नपा-९ सिद्धेश्वरका निर्माण व्यवसायी रामशरण भट्टले कन्चटमा थप्पड हानी दुर्व्यवहार गरेको भन्दै पीडित पक्षले असार २७ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए । घटनालगत्तै गिरफ्तार गरिएका आरोपितलाई जिल्ला प्रशासन कार्यालयले २०७५ असार ३२ गते १० हजार रुपियाँ धरौटीमा रिहा गरेकामा २०७५ असोज १५ गते ५ हजार रुपियाँ क्षतिपूर्ति तिर्नुपर्ने फैसला सुनायो ।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यहाँको जिल्ला अदालतमा एक न्यायाधीशको दरबन्दी छ । यस वर्ष यो अदालतमा सरकारवादी फौजदारी ४९, दुनियावादी फौजदारी १८ र दुनियाँवादी देवानी ४२ थान मुद्दा दर्ता भए । यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये सरकारवादी फौजदारी ३१, दुनियाँवादी फौजदारी नौ र दुनियाँवादी देवानी २० थान छन् । दुई वर्ष नाघेका मुद्दा बाँकी छैनन् ।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*जिल्लामा ४ सय ४१ आधारभुत र १ सय २३ मावि छन् । १ हजार ३ सय ५५ शिक्षकको दरबन्दी रहेकामा सबै कार्यरत छन् । यस वर्ष ७६ हजार ४ सय ४४ बालक र १ लाख ४८ हजार बालिका विद्यालयमा भर्ना भए । अपाङ्गमैत्री विद्यालय नहुँदा यहाँका अपाङ्गता भएका विद्यार्थीहरूले सास्ती भोग्नुपरेको छ। यस शैक्षिक सत्रमा १६ हजार ८ सय दलित बालक र २७ हजार ९४ दलित बालिकाले छात्रवृत्ति पाए । द्वन्द्वपीडितको कोटाबाट जम्मा ३० जना विद्यार्थीले र १ सय ३५ जना अपाङ्गता भएका विद्यार्थीले छात्रवृत्ति पाएको जिल्ला शिक्षा तथा समन्वय एकाइको तथ्याङ्क छ।*

*सन् २०१८ सात जना बालिका पीडित भएको इन्सेकमा अभिलेख भयो। सन् २०१७ मा चार बालिका पीडित भएका थिए।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ५ | ५ |
| यौन दुर्व्यवहार | २ | २ |
| जम्मा | ७ | ७ |

#### बलात्कार, यौन दुर्व्यवहार

१३ वर्षीया बालिकालाई २०७४ चैत ७ गते बलात्कार गरेको भन्दै मेलौली नपा-२ सलेनाका २९ वर्षीय किशोरराम वडविरुद्ध पीडित पक्षले २०७५ असार २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो । बालिकाको स्वास्थ्य परीक्षण असार २५ गते जिल्ला अस्पतालमा भयो । उजुरी दिएकै दिन गिरफ्तार परेका किशोररामलाई जिल्ला अदालतले असोज १९ गते आठ वर्ष कैद र ४० हजार रुपियाँ क्षतिपूर्तिको फैसला सुनायो ।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ८० महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट गरिएका ५८, खान/लाउन नदिएको दुई र सामान्य घरायसी झगडाका २० घटना*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बेचबिखन तथा ओसारपसार | १ | १ |
| बलात्कार | ५ | ५ |
| बलात्कार प्रयास | १ | १ |
| बहुविवाह | २ | २ |
| घरेलु हिंसा | ६७ | ६७ |
| जम्मा | ७६ | ७६ |

*छन् । यीमध्ये प्रहरीले ७८ ओटामा मिलापत्र गरायो भने दुई घटना कानुनी प्रक्रियामा छन् ।*

*सन् २०१८ मा ७६ जना महिला पीडित भएको इन्सेकमा अभिलेख भएकोमा सन् २०१७ मा ४७ जना महिला पीडित भएको अभिलेख भएको थियो ।*

**बलात्कार, बलात्कारको प्रयास, यौन दुर्व्यवहार**

१८ वर्षीया युवतीलाई २०७५ मङ्सिर ७ र ८ गते बलात्कार गरेको भन्दै डिलासैनी गापा-६ का २२ वर्षीय नरेन्द्र धामी र दार्चुलाको मालिकार्जुन गापा-७ अरिछिनाका २१ वर्षीय प्रकाश धामीविरुद्ध पीडित पक्षले २०७५ मङ्सिर २० गते जिल्ला प्रहरी कार्यालय उजुरी दियो । युवतीको स्वास्थ्य परीक्षण मङ्सिर २० गते जिल्ला अस्पतालमा भयो । दुवै आरोपित फरार रहे ।

**परिवारजनबाट हत्या**

पुचौँडी नपा-१० गोरागाउँकी ४२ वर्षीया भुरी बिष्टको २०७५ साउन १० गते ५३ वर्षीय पति जनकसिंह बिष्ट र ४० वर्षीया सौता लक्ष्मी बिष्टले हत्या गरेको भन्दै भुरीको माइती पक्षले २०७५ साउन १३ गते इलाका प्रहरी कार्यालय, पाटनमा उजुरी दियो । आरोपित सोही साउन ११ गते गिरफ्तार भए । शवको पोस्टमार्टम साउन १३ गते प्राथमिक स्वास्थ्य केन्द्र, पाटनमा भयो । आरोपितद्वयलाई जिल्ला अदालतले भदौ १५ गते पुर्पक्षका लागि थुनामा पठायो ।

**बेचबिखन तथा ओसारपसार**

२८ वर्षीया महिलालाई २०७५ असार २५ गते सिगास गापा-२ गाँजरीकी २५ वर्षीया देवकी ढाँट, डडेल्धुरा जिल्ला आलिताल गापा-८ सिस्नेका ४५ वर्षीय गणेश बिष्ट, सोही ठाउँका ५० वर्षीय शङ्कर अवस्थी र २८ वर्षीय ललित बिकले ललाइफकाइ भारतको बैङ्लोरमा लगी बेच्न खोजेको भन्दै पीडित पक्षले असोज ६ गते इलाका प्रहरी कार्यालय, पाटनमा उजुरी दिए । गणेश बिष्ट असोज ८ गते र देवकी ढाँट असोज १२ गते गिरफ्तार भए । दुवै जनालाई जिल्ला अदालतले कात्तिक ९ गते पुर्पक्षका लागि थुनामा पठायो । शङ्कर र ललित भने फरार रहे ।

**घरेलु हिंसा**

शिवनाथ गापा-३, महाकालीकी ४० वर्षीया नन्दादेवी साउदलाई २०७४ फागुन ३ गते ४० वर्षीय पति वीरसिंह साउदले कुटपिट गरी गर्भसमेत पतन गराएको भन्दै पीडित पक्षले फागुन ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । उजुरी दएकै दिन गिरफ्तार गरिएका आरोपितलाई जिल्ला अदालतले २०७५ वैशाख २४ गते दुई वर्ष कैद फैसला सुनायो ।

## स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र र ६८ स्वास्थ्य चौकी छन् । ५ जना डाक्टरको दरबन्दी रहेकामा ३ जना कार्यरत छन् । ६ जना स्टाफ नर्सको दरबन्दी रहेकामा सबै रिक्त छ । जसका कारण प्रसूति सेवा नै प्रभावित बनेको छ । १ सय ३६ अहेव र १ सय ३९ अनमीको दरबन्दी भए पनि १ सय १० अहेव र एक सय ३० अनमीमात्र कार्यरत छन् । जिल्लाका ८४ वडामध्ये १९ वडामा स्वास्थ्य चौकी नै छैन ।

## सन् २०१८ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| बलात्कार | १ | ४ | ५ |
| यौन दुर्व्यवहार | | २ | २ |
| जम्मा | १ | ६ | ७ |

**महिला अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|---|
| बेचबिखन तथा ओसारपसार | १ | | | | | १ |
| बलात्कार | २ | | | | ३ | ५ |
| बलात्कार प्रयास | | १ | | | | १ |
| बहुविवाह | | | २ | | | २ |
| घरेलु हिंसा | | | १ | ६५ | १ | ६७ |
| जम्मा | ३ | १ | ३ | ६५ | ४ | ७६ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | ३ | १ | ४ |

# ७.५ डडेल्धुरा




**जम्मा जनसङ्ख्या**
१,४९,०५३

**महिला**
८०,१२०

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
१

**प्रदेशसभा निर्वाचन क्षेत्र**
२

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
६०,९१५

**कामका लागि बाहिरिएका**
११,६७०

**अपाङ्गता भएका**
५,१५०

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
६५.३

**आश्रित जनसङ्ख्या**
७१,८२७

डडेल्धुराको भित्री मधेस क्षेत्रका बाढीपीडित विस्थापित भएका वर्षौं बितिसक्दा पनि पुनर्स्थापना हुन सकेको छैन। १३ वर्षअघि आएको पहिरोमा एकै परिवारका आठ सदस्यसहित ३२ जनाको मृत्यु भएको थियो । ३५ परिवार पहिरोका कारण बिस्थापित जीवन बिताउँदै आएका छन्। बाढीले घर जमिन पूरै बगाएपछि ३५ परिवारको पुनर्स्थापना नहुँदा विगत आठ वर्षदेखि जङ्गलमा बसिरहेका छन् । सरकारले पुनर्स्थापना नगर्दा भित्री मधेसको परशुराम नगरपालिका नजिकैको जङ्गलमा आफूहरू प्रतिकूल मौसममा कष्टकर जीवन भोगिरहेको बाढीपीडितको दुखेसो छ।

२०६५ सालमा जिल्लाको भित्री मधेसमा पर्ने परशुराम नगरपालिकाको वडा नम्बर २ र ३ लाई रङ्गन नदीले बगाउँदा एउटा सिङ्गो गाउँ नै बगरमा परिणत भएको स्थानीय बाढीपीडित भानबहादुर साउदले बताए। परशुराम नगरपालिकाका बाढी/पहिरोपीडितका लागि भनेर ४६ रोपनी जग्गा खरिद पनि गरिएको छ तर पनि हस्तान्तरणको प्रक्रिया भने अगाडि बढ्न सकेको छैन।

विस्थापितहरूको पुनर्स्थापनाका लागि खरिद गरिएको जग्गा प्लटिङ गरी इस्टिमेट तयार हुँदासमेत काम अगाडि नबढेको भन्दै पीडितहरूले १२७ औँ पटक ज्ञापनपत्र बुझाएका छन्। उनीहरूले यस्तो ज्ञापनपत्र जिल्ला प्रशासन कार्यालय, सुदूरपश्चिम प्रदेशको मुख्य मन्त्रालय र भौतिक पूर्वाधार मन्त्रालयमा समेत बुझाएका छन्।

साविकको सहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालयले आफ्नै नाममा राखेको जग्गामा अहिलेसम्म कुनै काम अगाडि नबढेपछि प्रदेश सरकारलाई निकासा रकम दिएर पुनर्स्थापनाको

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | १ | १ | २ |
| महिला अधिकार | ४७ | | ४७ |
| जम्मा | ४८ | १ | ४९ |

*काम अगाडि बढाउन ज्ञापन बुझाइएको शीर्ष पहिरो पीडित सङ्घर्ष समितिका संयोजक प्रजापति नाथले बताए । अब पनि समस्या समाधान नभए आन्दोलन गर्ने उनले चेतावनी दिएका छन् । बाढीग्रस्त क्षेत्रमा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल र शेरबहादुर देउवा आए तापनि कुनै पहल नगरेको उनीहरूको आरोप छ। डोटीस्थित सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालयले आवास तथा अन्य पूर्वाधार निर्माणका लागि जग्गा प्लटिङ गर्दै २ करोड ६५ लाखको इस्टिमेटसमेत मन्त्रालयमा पेस गरेको थियो।*

डडेल्धुरामा *सन् २०१८ मा ४८ महिला र एक पुरुष गरी ४९ जना मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडित भएको इन्सेकमा अभिलेख भयो। सन् २०१७ मा १२ महिला र एक पुरुष गरी १३ जना पीडित भएका घटना अभिलेख गरिएको थियो।*

### कारागार र बन्दी

'ख' श्रेणीको जिल्ला कारागारको क्षमता १ सय २५ जनाको छ। तर ५३ कैदी र ६ जना थुनुवा गरी ५९ जना छन्। जसमा महिला चारजना छन्। दुई वर्षका एक बालक र चार–पाँच वर्षका तीन बालिका आश्रित छन्।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक न्यायाधीशको दरबन्दी रहेको डडेल्धुरा जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ३१ मध्ये १६ थान फैसला भए भने देवानी मुद्दातर्फ ३१ मध्ये १५ थान फैसला भए। यो अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा छ थान र देवानी मुद्दा चार थान छन्।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*यस जिल्लामा ५५ आधारभूत र ५९ मावि छन्। ३ सय ९७ शिक्षक दरबन्दी रहेकामा शिक्षा विकास तथा समन्वय एकाइसँग रिक्त दरबन्दीबारे तथ्याङ्क छैन । यस वर्ष २३ हजार ८ सय ९ बालक र २५ हजार ३ सय ३१ बालिका भर्ना भए । जिल्लामा ६ अपाङ्गमैत्री विद्यालय छन्।*

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बलात्कार | १ | | १ |
| विद्यालयमा शारीरिक सजाय | | १ | १ |
| जम्मा | १ | १ | २ |

*सन् २०१८ मा दुई जना बालबालिका पीडित भएको इन्सेकमा अभिलेख भयो । सन् २०१७ मा बालबालिका विरूद्धका कुनै पनि घटना अभिलेख थिएन।*

#### बलात्कार, यौन दुर्व्यवहार

१६ वर्षीया युवतीलाई २०७५ असोज १० गते बलात्कार गरेको भन्दै परशुराम नपा–४ का २८ वर्षीय वीरबहादुर बोहरा र सोही ठाउँका २३ वर्षीय शिवशङ्कर जोशीविरुद्ध पीडितले असोज १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन् । युवतीको स्वास्थ्य परीक्षण असोज १२ गते जोगबूढा अस्पतालमा भयो । असोज १२ गते गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले असोज २२ गते पुर्पक्षका लागि थुनामा पठायो। शिवशङ्कर भने फरार रहे।

#### विद्यालयमा शारीरिक सजाय

परशुराम नपा–२ निवासी भागेश्वर माविमा कक्षा ६ मा अध्ययनरत १२ वर्षीय राम कामीलाई २०७५ जेठ ४ गते सोही विद्यालयका शिक्षक गजेन्द्र अवस्थीले कुटपिट गरे । कुटपिटबाट बालकको टाउकोमा गम्भीर चोट लाग्यो। गृहकार्य नगरेको भन्दै शिक्षक अवस्थीले विद्यार्थीको टाउकोमा स्केलले पिट्दा गम्भीर चोट लागेको इलाका प्रहरी कार्यालय जोगबूढाले जानकारी दियो । आरोपित शिक्षक अवस्थीले उपचार खर्च जेठ ६ गते पीडित बालकका परिवारलाई उपलब्ध गराएपछि पीडित पक्षले कतै उजुरी दिएनन्। बालकको उपचार जोगबूढा अस्पतालमा हुन नसकेपछि जेठ ४ गते सेती अञ्चल अस्पतालमा रिफर गरिएको अस्पतालले जनायो । उपचारपछि उनी जेठ ६ गते अस्पतालबाट फर्के।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ६० महि( लाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट र घरायसी झैझगडाका ५७, महिला बेचबिखन प्रयासका एक र बलात्कारका दुई घटना छन् । यीमध्ये प्रहरीले कुटपिट र घरायसी झैझगडाका सबै मुद्दामा मिलापत्र गरायो ।*

*सन् २०१८ मा ४७ जना महिला पीडित भएको इन्सेकमा अभिलेख भयो । सन् २०१७ मा ११ जना महिला घरेलु हिंसाबाट पीडित भएको अभिलेख थियो।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बेचबिखन तथा ओसारपसार | १ | १ |
| बलात्कार | १ | १ |
| घरेलु हिंसा | ४५ | ४५ |
| जम्मा | ४७ | ४७ |

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

६२ वर्षीया वृद्धालाई २०७४ फागुन २५ गते बलात्कार गरेको भन्दै गन्यापधुरा गापा–२ का ३२ वर्षीय केशव लुहारविरुद्ध पीडितले जिल्ला प्रहरी कार्यालयमा फागुन २६ गते पीडितका आफन्तले उजुरी दिए । वृद्धाको स्वास्थ्य परीक्षण उपक्षेत्रीय अस्पताल डडेल्धुरामा फागुन २६ गते भयो । सोही दिन गिरफ्तार भएका लुहारलाई जिल्ला अदालतले २०७५ जेठ २३ गते ६ वर्ष कैद र ३० हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला सुनायो ।

**स्वास्थ्य सेवाको अवस्था**

जिल्लामा २ अस्पताल, स्वास्थ्य चौकी २४, नगर स्वास्थ्य क्लिनिक तीन र सामुदायिक स्वास्थ्य केन्द्र तीन छन् । जिल्लामा २१ विशेषज्ञ डाक्टरको दरबन्दी रहेकामा सबै रिक्त छन् । त्यस्तै २१ जना डाक्टर को दरबन्दी रहेकामा दुई रिक्त छन् । अहेवको ५२ दरबन्दी रहेकामा ४९ जना कार्यरत छन् । हेल्थ असिस्टेन्टको ३० दरबन्दी रहेकामा सबै कार्यरत छन् । स्टाफ नर्सको ३२ दरबन्दी रहेकामा १५ जना कार्यरत छन् । अनमीको ५३ दरबन्दी रहेकामा सबै कार्यरत छन् ।

## सन् २०१८ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| बलात्कार | | १ | १ |
| विद्यालयमा शारीरिक सजाय | १ | | १ |
| जम्मा | १ | १ | २ |

**महिला अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बेचबिखन तथा ओसारपसार | | | १ | १ |
| बलात्कार | १ | | | १ |
| घरेलु हिंसा | | ४५ | | ४५ |
| जम्मा | १ | ४५ | १ | ४७ |

# ७.६ डोटी




**जम्मा जनसङ्ख्या**
२,१४,०४३

**महिला**
१,१५,१९१

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
१

**प्रदेशसभा निर्वाचन क्षेत्र**
२

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
१,०१,०००

**कामका लागि बाहिरिएका**
२३,५४४

**अपाङ्गता भएका**
७,३०२

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
५६.३

**आश्रित जनसङ्ख्या**
१,१२,७५०

| घटनाको प्रकार | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | ५ | ५ | | | |
| बाल अधिकार | | | | ४ | | ४ |
| महिला अधिकार | | | | ११ | | ११ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | १ | ३ | ४ | | | |
| कुटपिट | | ५ | ५ | | १ | १ |
| हत्या | | | | १ | १ | २ |
| जम्मा | १ | १३ | १४ | १६ | २ | १८ |

डोटी धेरै वर्ष सुदूरपश्चिमको क्षेत्रीय सदरमुकाम रहे पनि जनस्वास्थ्यका दृष्टिले निकै पछि छ। जिल्लामा एउटा जिल्ला अस्पताल र दुई प्राथमिक स्वास्थ्य केन्द्र (चवरा चौतारा र जोरायल) छन् । त्यसैगरी ४९ ओटा स्वास्थ्य चौकी छन्। तर पनि स्वास्थ्य चौकीमा पूरा जनशक्ति नहुनु, समयमा औषधि पूर्ति नहुनु र भौगोलिक विकटताले उपचार सहज नहुनुले गर्दा यी स्वास्थ्य सेवा सन्तोषप्रद् हुन सकेको छैन। यस जिल्लामा ३ सय ७३ स्वास्थ्य कर्मचारीको दरबन्दी छ तर पनि ३ सय ६ जनामात्रै कार्यरत छन्। एकातिर यसरी स्वास्थ्यकर्मीको दरबन्दी नै कम परे भने अर्कोतर्फ भएकै दरबन्दी पनि रिक्त छ।

डोटीमा दुई नपासहित नौ ओटा स्थानीय तह छन् । तीमध्ये आदर्श गापाले ४५ लाख, सायल गापाले ५२ लाख, पूर्वी चौकी गापाले ३४ लाख, जोरायल गापाले ६० लाख, केआइ सिंह गापाले ४४ लाख ९९ हजार, बोगटान गापाले ३६ लाख, बड्डी केदार गापाले ३३ लाख ५० हजार, दीपायल सिलगढी नपाले ४० लाख र शिखर नपाले ८५ लाख ७९ हजार ५ सय रुपियाँ स्वास्थ्य सेवामा विनियोजन गरेका छन्।

बोगटान, बड्डी केदार, सायल र जोरायल गापा यस्ता ठाउँ हुन् जहाँका बिरामीलाई भौगोलिक विकटताका कारण आफ्नै गापाको स्वास्थ्य चौकीमा पनि उपचार गराउन निकै कठिन हुन्छ । जिल्ला अस्पताल पुऱ्याउनु त झन् अर्को महाभारत हुने गर्छ। त्यसमाथि भौगोलिक विकटताकै कारण यस्ता स्वास्थ्य चौकीमा औषधिसमेत समयमै नपुग्दा सेवाग्राही थप मारमा पर्ने गरेका गगुडा स्वास्थ्य चौकीका सिनियर अहेव प्रेम बोगटीले बताए।

डोटी जिल्लामा सन् २०१८ मा १७ महिला र

*१५ पुरुष गरी ३२ जना मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडित भएको इन्सेकमा अभिलेख भयो। सन् २०१७ मा ३८ महिला र एक पुरुष गरी ३९ जना पीडित भएका घटना अभिलेख गरिएको थियो।*

## धम्की/कुटपिट

### अन्यपक्षबाट

जिल्ला अस्पताल डोटीमा कार्यरत मेडिकल अधिकृत २८ वर्षीय डाक्टर जितेन्द्रकुमार सिंहलाई बिरामीसँग वादविवाद गरेको आरोपमा २०७४ फागुन ६ गते दीपायल सिलगडी नपा– ६ का ४९ वर्षीय अरूण महत, सोही नपा–७ का ४० वर्षीय हिक्मत बिष्ट, ३५ वर्षीय विजय बिष्ट र ३१ वर्षीय टेकबहादुर बिष्टले कुटपिट गरे। सिंहले फागुन ६ गते नै जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। डाक्टर सिंहमाथि भएको कुटपिटको विषयलाई लिएर स्वास्थ्यकर्मीहरूले फागुन ८ गतेदेखि आकस्मिकबाहेकका सम्पूर्ण सेवा बहिष्कार गरेपछि उपचारका लागि आएका बिरामी मर्कामा परेका थिए। फागुन ६ गतेदेखि बन्द रहेको जिल्ला अस्पताल फागुन १२ गते सञ्चालन भयो। उजुरी दिएकै दिन गिरफ्तार भएका आरोपितमध्ये जिल्ला अदालतको २०७४ फागुन २५ गते को आदेशले विजय विष्ट१ लाख, अरुण महत ९० हजार, टेक विष्ट१५ हजार र हिक्मत विष्ट१० हजार धरौटी राखी तारिखमा छुटे। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

## कारागार र बन्दी

'ख' श्रेणीको डोटी कारागारको क्षमता ३० जनाको छ। जसमा कैद तोकिएका ३१ पुरुष, दुई महिला गरी ३३ जना र कैद नतोकिएका १४ पुरुष, तीनमहिला गरी १७ जना छन्। आश्रित बालिका एकजना छिन्। क्षमताभन्दा बढी कैदी/बन्दी रहेकाले कारागार मा विद्युत्, पानी र शौचालयको समस्या छ। खेलकुद सामग्री पनि अभाव छ। कारागारमा एचए एकजना रहेकामा साउन महिनादेखि हटाइएको छ। सिएमएको दरबन्दी भए पनि रिक्त छ।

## अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

प्रदेशको राजधानी दीपायलमा राख्नुपर्ने माग गर्दै डोटीबासीले २०७४ माघ ५ गते गरेको आन्दोलनका क्रममा प्रहरी र प्रदर्शनकारीबीच झडप भयो। त्यस क्रममा आदर्श गापा–३ महादेवस्थान निवासी नेकपा (एमाले) का जिल्ला अध्यक्ष ३९ वर्षीय चक्र मल्ल, दीपायल सिलगढी नपा–६ निवासी सोही नपाका प्रमुख ४८ वर्षीया मञ्जु मलासी, सोही नपा–६ निवासी नेपाली कांग्रेसका नेता ४५ वर्षीय सुशील घर्ती र दीपायल सिलगडी नपा–६ सिलगढीका ४५ वर्षीय सूर्य केसी घाइते भए। घाइतेहरूको उपचार जिल्ला अस्पताल डोटीमा भयो भने गम्भीर घाइते भएका केसीको उपचार माघ ६ गते कोहलपुर मेडिकल कलेज, नेपालगन्जमा भयो। जिल्ला प्रशासन कार्यालयअघि कोणसभाका क्रममा आक्रोशित युवाले कार्यालय र प्रहरीमाथि ढुङ्गामुढा प्रहार गरेपछि प्रहर ीले प्रदर्शनकारीमाथि २० भन्दा बढी सेल अश्रुग्यास प्रहार गरेको थियो। सोही क्रममा प्रहरीले लाठी पनि प्रहार गरेको थियो। झडपका क्रममा समाचार सङ्कलन गर्न पुगेका पत्रकार बडीकेदार गाउँपालिका–४ मान्नाकापणी निवासी नेपाल पत्रकार महासङ्घ, डोटीका सचिव २८ वर्षीय गणेश मौनी, शिखर नपा–५ तिजाली निवासी पत्रकार ३२ वर्षीय खगेन्द्र सिंह, दीपायल सिलगडी नपा–६ सिलगढी निवासी पत्रकार ३१ वर्षीय रोजेन्द्र जोशी, पूर्वी चौकी गापा–५ निवासी पत्रकार ४५ वर्षीय चक्रबहादुर कठायत र जोरायल गाउँपालिका–४ निवासी प्रेस चौतारी नेपाल, डोटीका अध्यक्ष ३३ वर्षीय झलक पाली प्रहरीको लाठीबाट सामान्य घाइते भए। घाइते पत्रकारको उपचार माघ ५ गते नै जिल्ला अस्पतालमा भयो।

सरकारले प्रदेश ७ को अस्थायी राजधानी धनगढी तोकेपछि डोटीका आन्दोलनकारीले २०७४ माघ ४ गते क्षेत्रीय प्रशासन कार्यालय, दीपायल लगायत अन्य क्षेत्रीय कार्यालयमा ढुङ्गामुढा, तोडफोड र आगजनी गर्न थालेपछि प्रदर्शनकारी र प्रहरीबीच झडप भयो। झडपमा केआइसिंह गापा–७ का ३४ वर्षीय करी भण्डारी, दीपायल सिलगढी नपा–१ का ३८ वर्षीय नारायण खड्का, २९ वर्षीय पुष्कर द्वारियार, दीपायल सिलगढी नपा–४ का २६ वर्षीय भरत बिक र दीपायल सिलगढी नपा–२ का घनश्यामदत्त पाठक घाइते भए। भरतको अवस्था गम्भीर भएकाले उनको उपचार सेती अञ्चल अस्पताल, धनगढीमा भयो भने अन्यको उपचार दीपायलस्थित सुजङ्ग अस्पतालमा भयो। आन्दोलनकारीले दीपायल सिलगढी नपा–४ स्थित राजपुर प्रहरी बिट, सोही ठाउँस्थित कुलपाते प्रहरी बिट र दीपायल प्रहरी बिट तथा सडक कार्यालयको बा १ ग २९०९ नम्बरको टिपरमा समेत माघ ४ गते तोडफोड गरेका थिए।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक न्यायाधीशको दरबन्दी रहेको डोटी जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ३६ मुद्दामध्ये २३ थान मुद्दा फैसला भए भने देवानीतर्फ २२ मुद्दामध्ये १३ थान फैसला । यो अदालतमा दुई वर्ष नाघेका मुद्दा छिनिन बाँकी छैनन् ।

पाँच जना न्यायाधीशको दरबन्दी रहेको यस उच्च अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ २ सय ८९ मध्ये ६१ थान फैसला भयो भने देवानी मुद्दातर्फ ७८ मध्ये १० थानमात्र फैसला भए । दुई वर्ष नाघेका फौजदारी मुद्दा तीन र देवानी मुद्दा तीन गरी ६ ओटा छन् ।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा ३ सय ८५ ओटा प्रारम्भिक बालविकास केन्द्र, ३ सय १३ ओटा आधारभूत विद्यालय र ८६ ओटा माध्यमिक विद्यालय छन् । ६ सय १९ जना स्थायी शिक्षक, ५ सय ९८ जना राहत शिक्षक र ३ सय ५८ जना अस्थायी शिक्षक दरबन्दी छ । यस वर्ष २९ हजार १ सय ५० जना छात्र र ३१ हजार १ सय ९ जना छात्रा, १६ हजार ६ सय ६२ जना दलित बालबालिका, २ सय ८ जना अपाङ्ग बालबालिका, १४ जना द्वन्द्वपीडित बालबालिका भर्ना भए । ८ हजार ४ सय ७० बालबालिका प्रारम्भिक बाल विकासमा भर्ना भए । त्यसैगरी प्राविधिकतर्फ चारओटा विद्यालय र सातओटा क्याम्पस छन् ।*

*सन् २०१८ मा चार जना बालिका पीडित भएको इन्सेकमा अभिलेख भयो । जसमध्ये बलात्कारबाट तीन बालिका र यौन दुर्व्यवहारबाट एक बालिका पीडित भए । सन् २०१७ मा भने एक बालिका बलात्कारबाट पीडित भएका थिए ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ३ | ३ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ४ | ४ |

### बलात्कार, यौन दुर्व्यवहार

१७ वर्षीया बालिकालाई २०७५ असोज १३ गते बलात्कार गरेको भन्दै शिखर नपा–६ का २८ वर्षीय योगेन्द्र बलायरविरुद्ध पीडित पक्षले असोज १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो । बालिकाको स्वास्थ्य परीक्षण जिल्ला स्वास्थ्य कार्यालयमा असोज १३ गते भयो । असोज १३ गते गिरफ्तार परेका आरोपितलाई जिल्ला अदालतले २०७५ असोज २३ गते पुर्पक्षका लागि थुनामा पठायो ।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ५९ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा घरेलु हिंसाका ३५, लैङ्गिक हिंसाका १४, बहुविवाहका दुई, बलात्कारका सात र महिला बेचबिखनका एउटा छन् । यीमध्ये एउटा कानुनी प्रक्रियामा छ भने बाँकी सबै मिलापत्र भए ।*

*सन् २०१८ मा ११ जना महिला पीडित भएको इन्सेकमा अभिलेख भयो । सन् २०१७ मा ३७ जना महिला पीडित भएको अभिलेख थियो ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बेचबिखन तथा ओसारपसार | १ | १ |
| बलात्कार | २ | २ |
| बलात्कार प्रयास | १ | १ |
| बहुविवाह | २ | २ |
| घरेलु हिंसा | ५ | ५ |
| जम्मा | ११ | ११ |

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

७४ वर्षीया वृद्धालाई २०७५ असोज १५ गते बलात्कार गरेको भन्दै बोगटान गापा–१ सीमचौरका २२ वर्षीय गणेश धामीविरुद्ध पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो । वृद्धाको स्वास्थ्य परीक्षण जिल्ला स्वास्थ्य कार्यालयमा असोज १६ गते भयो । असोज १५ गते नै गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले २०७५ कात्तिक ८ गते पुर्पक्षका लागि थुनामा पठायो ।

### परिवारजनबाट हत्या

केआइसिंह गापा–६ की २९ वर्षीया गीता नेपालीलाई ३० वर्षीय पति तारा नेपालीले २०७५ साउन १० गते कुटपिट गरी दोपट्टाले झुण्ड्याएर हत्या

गरेको आरोपमा गीताका आफन्तले साउन ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । शवको पोस्टमार्टम जिल्ला अस्पतालमा साउन १२ गते भयो। उजुरी दिएकै दिन गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले २०७५ भदौ ६ गते १ लाख रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दिएकामा २०७५ मङ्सिर २८ गते पुनः गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा पठायो।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा अस्पताल, ४९ स्वास्थ्य चौकी र दुई प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा चार डाक्टरको दरबन्दी रहेकामा तीन जना कार्यरत छन्। त्यस्तै मेसु १ दरबन्दी रिक्त छ। ६ नर्सको दरबन्दी रहेकामा दुईमात्र कार्यरत छन् । अहेवको १ सय ६ दरबन्दी रहेकामा ९८ जना कार्यरत छन्। खोप सुपर भाइजर एक कार्यरत छन् । हेल्थ असिस्टेन्टको ५४ दरबन्दी रहेकामा ५१ जना कार्यरत छन् । त्यसैगरी अनमी १ सय ८ जनाको दरबन्दी रहेकामा १ सय ३ जना कार्यरत छन्। ल्याब असिस्टेन्टको पाँच दरबन्दी रहेकामा चार जना कार्यरत छन्  ल्याब टेक्निसियनको एक दरबन्दी रहेकामा कार्यरत छन्।

## सन् २०१८ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बलात्कार | १ | १ | १ | ३ |
| यौन दुर्व्यवहार | | | १ | १ |
| जम्मा | १ | १ | २ | ४ |

**महिला अधिकार**

| घटनाको प्रकार | अपूर्ण | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बेचबिखन तथा ओसारपसार | | | १ | १ |
| बलात्कार | | | २ | २ |
| बलात्कार प्रयास | | | १ | १ |
| बहुविवाह | | | २ | २ |
| घरेलु हिंसा | १ | ४ | | ५ |
| जम्मा | १ | ४ | ६ | ११ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| हत्या | २ | २ |

# ७.७ अछाम




**जम्मा जनसङ्ख्या**
२,६८,७७४

**महिला**
१,४४,०५७

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
२

**प्रदेशसभा निर्वाचन क्षेत्र**
४

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
१,२०,९३१

**कामका लागि बाहिरिएका**
३१,०१५

**अपाङ्गता भएका**
८,६०२

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
५५.७

**आश्रित जनसङ्ख्या**
१,४४,५६५

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | ४ | | ४ |
| अमानवीय व्यवहार | | १ | १ |
| महिला अधिकार | १० | | १० |
| हत्या | | १ | १ |
| जम्मा | १४ | २ | १६ |

घरेलु हिंसाको मुख्य कारक अछाम जिल्लामा मदिरालाई मानिएको छ । मदिरा सेवनले शारीरिक, मानसिक, आर्थिक, यौनिक र भावनात्मक दुर्व्यवहार जस्ता अन्याय वा अत्याचारपूर्ण व्यवहार भइरहेका छन् । यसबाट सबैभन्दा बढी महिला तथा बालबालिका प्रताडित छन् । मदिराकै कारण महिला तथा बालबालिकासहित सेवनकर्तामा समेत अल्पकालीन अथवा दीर्घकालीन दुवै प्रकारले असर गरिरहेको छ ।

मदिरा सेवनपछि गालीगलौज र कुटपिटलाई सहने र मिलाउने प्रवृत्तिले हिंसालाई बढावा दिइरहेको छ । रक्सी खाएर गाली गरेको त हो नि, रक्सी खाएर हानेको त हो नि भनेर गहनरूपमा नलिँदा घर/परिवार र समाजमा हिंसा र अपराधलाई प्रश्रय पुगेकाले मानव अधिकार र स्वतन्त्रता गम्भीररूपमा उल्लङ्घन भइरहेको हुन्छ । मदिरा बिक्री र सेवनको व्यवस्थापनमा कमजोरी हुँदा समाजमा हिंसा र आपराधिक घटना नियन्त्रण हुन मुस्किल परिरहेको छ । कोही त बिहानैदेखि बेलुकासम्म मदिरा सेवनमा भुल्दा त्यस्ता परिवारमा हिंसासँगै आर्थिक, मानसिक र सामाजिक कुप्रभाव पनि बढ्दो छ ।

मदिरा सेवनका कारण महिलामा आत्मविश्वासको कमी हुने, एक्लो वा असुरक्षित महसुस गर्ने, तनाव, खान र निन्द्रा नलाग्ने, आर्थिक कमजोरी, अवसरबाट वञ्चित, हिंसा, हत्या, आत्महत्या जस्ता असर जिल्लामा भेटिन्छन् । मदिराका कारण

*तुलनात्मकरूपमा महिला र बालबालिका बढी पीडित छन् । महिलामा घरेलु हिंसाका साथै बालबालिकाको स्वास्थ्य, शिक्षा, पोषणमा चरम समस्या छ । मदिरा सेवन गर्ने व्यक्तिको परिवारमा आवश्यक स्वास्थ्य उपचार र शिक्षा, खानपानलगायतका आधारभुत अधिकारहरूबाट बालाबालिका वञ्चित हुन परिरहेको छ। २५ वर्षसम्म प्रतिबन्ध रहेको जिल्लामा २०६८ मा खुल्दा मदिराले घरेलु हिंसालाई प्रश्रय दिएको छ।*

*महिला तथा बालबालिका सेवा केन्द्र र स्थानीय तहमा महिलाहरूले दिएका उजुरीहरूमा मदिराकै कारण घरेलु हिंसामा परेको जनप्रतिनिधिको भनाइ छ । तुर्माखाँद गापाका अध्यक्ष पुष्पराज शर्मा गाउँमा पुग्दा विकासभन्दा मदिरा नियन्त्रण गर्नुपर्ने आफूकहाँ माग रहेको बताउँछन् । अछाममा ७५ प्रतिशतभन्दा बढी घटना मदिराकै कारण हुने गरेको अछाम प्रहरीको तथ्याङ्क छ। प्रहरी र स्थानीय तहमा पुग्ने अधिकांश अपराध र हिंसाका घटनामा मदिरा नै जोडिएर आउने गरेपछि यसबारे ठूलै चिन्ता निम्तिएको छ। हत्या, आत्महत्या, कुटपिट, गालीगलौजलगायतका घटनाको कारण खोज्दै जाँदा अन्तिममा मदिरा नै जोडिने गरेको प्रहरीको समेत दाबी छ । मदिरा नियन्त्रणमा प्रहरी, प्रशासनसँगै स्थानीय तहले सक्रियता त देखाएका छन् तर पनि त्यो पर्याप्त र प्रभावकारी देखिएको छैन।*

*अछाममा सन् २०१८ मा १४ महिला र दुई पुरुष गरी १६ जना मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडित भएको इन्सेकमा अभिलेख भयो। सन् २०१७ मा १४ महिला र १७ पुरुष गरी ३१ जना पीडित भएका घटना अभिलेख गरिएको थियो।*

## कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता ८० जनाको छ । यो कारागारमा ५१ जना कैदी/बन्दी छन्। नौ थुनुवा र ४२ कैदीमध्ये तीन महिला र ४८ पुरुष छन्। कारागारमा दुई वर्षीय एक आश्रित बालक छन् । टेलिभिजन, खेलकुद सामग्री, पुस्तकालय लगायतका सुविधा छ।

## अमानवीय व्यवहार

कमलबजार नपा–६ विपरथ निवासी विद्यामन्दिर मावि विनायकका प्रधानाध्यापक ५० वर्षीय वीरबहादुर शाहीलाई विद्यालयको शुल्क वृद्धि गरेको आरोपमा २०७५ जेठ २२ गते नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेकपाको भातृसंस्था अनेरास्ववियु क्रान्तिकारीका नाम नखुलेका कार्यकर्ताहरूले विद्यालयमै गएर मोसो दली दुर्व्यवहार गरे। प्रधानाध्यापक शाहीले यसबारे कतै उजुरी गरेनन्।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत अछाममा एकजना न्यायाधीशको दरबन्दीमा एकैजना कार्यरत छन् । यो वर्ष फौजदारीअन्तर्गत ३५ र देवानीअन्तर्गत १५ मुद्दा जिल्ला अदालतमा दर्ता भए। जसमध्ये फौजदारी १९ र देवानीतर्फ सात थान मुद्दा फैसला भए। दुई वर्ष पुराना मुद्दा बाँकी छैनन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा सामुदायिक र संस्थागत गरी ५ सय १८ विद्यालय छन् । जिल्लामा ९ सय ९३ जना शिक्षक दरबन्दी रहेकामा प्राविमा १४ जना, निमावि र माविमा दुई/दुई जना दरबन्दी खाली छ। यस शैक्षिक सत्रमा आधारभूत तहमा २८ हजार पाँच सय नौ जना बालक र ३२ हजार एकजना बालिका विद्यालय भर्ना भए। यस्तै माध्यमिक तहमा ४ हजार नौ सय ५२ बालक र ५ हजार चार सय ४२ बालिका विद्यालय भर्ना भए । यस शैक्षिक सत्रमा प्राप्त गर्नुपर्ने दलित, द्वन्द्वपीडित, शहीद छात्रवृत्ति विद्यार्थीले पाएनन् । षोडशा मावि मङ्गलसेनमा दृष्टिबिहीन, जनता मावि वयलपाटामा बोल्न नसक्ने र विद्यामन्दिर मावि विनायकमा सुस्तमनस्थितिका बालबालिका कक्षा सञ्चालित छन्। जिल्लामा अन्यत्र कुनै पनि विद्यालय अपाङ्गमैत्री छैनन्।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ३ | ३ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ४ | ४ |

*सन् २०१८ मा चार जना बालिका पीडित भएको इन्सेकमा अभिलेख भएकोमा सन् २०१७ मा भने ६ जना बालिका पीडित भएको अभिलेख थियो।*

### हत्या

तुर्माखाँद गापा–४ चिसी निवासी ६ महिनाका

बालक मुस्कान वयकलाई एसिड खुवाएर मारेको आरोपमा सोही वडा निवासी मृतककी कान्छी आमा २५ वर्षीया जानकी वयकलाई प्रहरीले २०७५ असोज ३ गते गिरफ्तार गर्‍यो। असोज २ गते ११ बजेतिर घरमा एक्लै सुताइरहेका बेला आरोपितले एसिड खुवाएपछि गम्भीर घाइते भएका बालकको जिल्लामा उपचार हुन नसकेको र नेपालगन्ज लैजादै गर्दा बर्दिया राष्ट्रिय निकुञ्ज नजिक असोज २ गते राति मृत्यु भएको उजुरीमा उल्लेख छ। शवको पोस्टमार्टम असोज ३ गते जिल्ला अस्पतालमा भयो। आरोपितलाई जिल्ला अदालतले असोज ४ गते पुर्पक्षका लागि थुनामा पठायो।

**बलात्कार, यौन दुर्व्यवहार**

१७ वर्षीया बालिकालाई २०७५ भदौ १९ गते बलात्कार गरेको भन्दै रामारोशन गापा–६ रोल्तेका २२ वर्षीय हर्कबहादुर साउदविरुद्ध पीडित पक्षले २०७५ असोज ३ गते प्रहरीमा उजुरी दिए। गाउँनजिक मष्टामाण्डु मेला हेर्न गएका बेला आरोपितले जबर्जस्ती गरी बिहे गर्ने उद्देश्यले घरमा लगेर नजरबन्द गरी बलात्कार गरेको पीडितको आरोप छ। आरोपित पक्षले भने बिहे गरी आएकी र माइती पक्षको उक्साहटमा बलात्कारको उजुरी दिएको दाबी गरे। बालिकाको स्वास्थ्य परीक्षण असोज ३ गते जिल्ला अस्पतालमा भयो। आरोपित फरार रहे।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव तथा दुर्व्यवहार

*यस वर्ष घरेलु हिंसापीडित भन्दै महिला तथा बालबालिका सेवा केन्द्रमा ३५ थान उजुरी दर्ता भए। जसमा कुटपिट र गालीगलौजका १७ ओटा, घर बस्न नदिएको आठ ओटा, मादक पदार्थ सेवन गरी कुटपिट र गालीगलौज गरेको आठ ओटा र मानसिक यातनाका दुई घटना दर्ता भए। सबै घटनामा छलफलमार्फत मिलापत्र भयो।*

*सन् २०१८ मा १० जना महिला पीडित भएको इन्सेकमा अभिलेख भएकोमा सन् २०१७ मा ६ जना महिला पीडित भएको अभिलेख थियो।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ५ | ५ |
| बलात्कार प्रयास | १ | १ |
| बहुविवाह | १ | १ |
| घरेलु हिंसा | २ | २ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | १० | १० |

**घरेलु हिंसा**

पञ्चदेवल–विनायक नपा–५ लयाँटी निवासी २० वर्षीया सरिता शाहीले पति २६ वर्षीय तिलक शाहीविरुद्ध घरेलु हिंसामा इलाका प्रहरी कार्यालय विनायकमा २०७४ माघ ३ गते उजुरी दिइन्। पुस १५ गतेबाट आफूहरूलाई कुटपिट गर्ने, खान/लाउन नदिएको र मानसिक यातनासमेत दिएको भन्दै उजुरी दिएकी हुन्। माइती घरमा बसिरहेकी सरिताले माघ १४ गते महिला तथा बालबालिका कार्यालयमा पनि उजुरी दिइन्। पीडितले सम्बन्धबिच्छेद र अंशबन्डाको मुद्दा चैत १८ जिल्ला अदालतमा दिइन्। आरोपित फरार रहेकाले मुद्दा छिनोफानो भएको छैन।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

२५ वर्षीया युवतीलाई २०७५ जेठ २ गते बलात्कार गरेको भन्दै तुर्माखाँद गापा–४ निवासी ३५ वर्षीय नम भनिने लोकेन्द्रबहादुर बिसीविरुद्ध पीडित पक्षले जेठ ९ गते प्रहरीमा उजुरी दिए। युवतीको स्वास्थ्य परीक्षण जेठ १० गते जिल्ला अस्पतालमा भयो। उजुरी दिएकै दिन गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले असार २७ गते १५ हजार क्षतिपूर्ति र पाँच वर्ष कैद सजाय सुनायो।

**छाउ गोठमा मृत्यु**

तुर्माखाँद गापा–४ की १८ वर्षीया पार्वती बुढाको छाउ गोठमा सुतिरहेका बेला २०७५ जेठ २६ गते राति सर्पले टोकेर मृत्यु भयो। सर्पले टोकेर पार्वतीको मृत्यु भएको खबर बाहिर आए आफ्नो बदनाम हुने भन्दै स्थानीय मिलेर पोस्टमार्टम नै नगरी जेठ २७ गते कर्णाली नदीछेउ गाडेका थिए। यो समाचार आमसञ्चार माध्यममा आएपछि जेठ ३० गते शव निकालेर ३१ गते जिल्ला अस्पतालमा परीक्षणपछि आफन्तले बुझेका थिए। सन् २००७ यता छाउगोठमा बसेकै कारण र अवस्थामा अछाम जिल्लामामात्रै १३ जना महिला तथा युवतीको मृत्यु भएको छ।

**स्वास्थ्य सेवाको अवस्था**

जिल्लामा एक सरकारी अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र र एक सामुदायिक अस्पताल छन् । ७२ स्वास्थ्य चौकी छन् । चारजना डाक्टरको दरबन्दी रहेकामा जिल्ला अस्पतालमा एक मेडिकल सुपरिटेन्डेन्टको पद खाली छ। जिल्लाको कमलबजार र चौरपाटीस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा एक/एक डाक्टरको दरबन्दी छ जसमा कार्यरत छन्। स्टाफ नर्स र ल्याब टेक्निसियन दुई/दुई जना, बेहोस गराउने व्यक्ति र एक्सरे, स्वास्थ्य सहायक, एक/एक जना खाली छ। बजेट भाषणमा सुत्केरी, गर्भवती महिलालाई सेवा लिएबापत दिइने रकम दोब्बर गरिएको उल्लेख भए पनि रकम आएन । स्वास्थ्यकर्मीहरू चाँडो/चाँडो सरुवा हुने कारण स्वास्थ्य सेवा प्रभावित भएको पाइयो।


## सन् २०१८ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | १ | १ | ३ |
| यौन दुर्व्यवहार | | | १ | १ |
| जम्मा | १ | १ | २ | ४ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | २ | | २ | ५ |
| बलात्कार प्रयास | १ | | | | १ |
| बहुविवाह | | | | १ | १ |
| घरेलु हिंसा | | | १ | १ | २ |
| यौन दुर्व्यवहार | | | १ | | १ |
| जम्मा | २ | २ | २ | ४ | १० |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ |

# ७.८ कैलाली




**जम्मा जनसङ्ख्या**
८,५०,५८५

**महिला**
४,४१,९६१

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
५

**प्रदेशसभा निर्वाचन क्षेत्र**
१०

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
२,५६,८२१

**कामका लागि बाहिरिएका**
६२,६४४

**अपाङ्गता भएका**
१५,३७८

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
६६.३

**आश्रित जनसङ्ख्या**
३,५२,६६०

| घटनाको प्रकार | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | | १ | १ |
| बाल अधिकार | | | १० | | १० |
| अमानवीय व्यवहार | | | | १ | १ |
| अपहरण | | | | १ | १ |
| महिला अधिकार | | | १६० | | १६० |
| जातीय विभेद | | | | ३ | ३ |
| गिरफ्तारी | १ | १ | | | |
| कुटपिट | | | | १ | १ |
| हत्या | | | २ | ५ | ७ |
| जम्मा | १ | १ | १७२ | १२ | १८४ |

सामाजिक कुसंस्कारको अर्को रूप बोक्सी प्रथा सुदूरपश्चिम प्रदेशको तराई क्षेत्रमा कायमै छ । आजको आधुनिक विश्व विज्ञान र प्रविधिको युगमा भौतिकवादी चिन्तन भनौँ वा विज्ञानमा विश्वास गर्नेहरूले अन्धविश्वास कुरीतिलाई स्वीकार नगरे तापनि जुन समाजमा बढी गरिबी र शैक्षिक स्तर तल छ, त्यो समाजमा अझ बढी बोक्सी प्रथा फष्टाएको छ।

परम्परागत मूल्य/मान्यता र अन्धविश्वासले गर्दा समाजमा बोक्सी/बोक्सो रहेको र तिनीहरूले दुःख दिने गरेको जनविश्वास रहँदै आएको पाइन्छ । यस प्रथाबाट प्रायः महिला पीडित रहे तापनि यस वर्ष कैलालीमा एकजना पुरुषलाई पनि बोक्सोको आरोप लगाउँदै कुटपिट गरियो । कैलालीमा यस वर्ष योसँग सम्बन्धित धेरै घटना भए तर गाउँघरमै मिलाउने नाममा खासै सार्वजनिक गरिन्न।

परम्परागत मूल्य तथा मान्यताका नाममा महिलाहरू अमानवीय व्यवहार, शारीरिक तथा मानसिक यातना दिने बोक्सी प्रथाबाट पीडित छन् । खासमा बोक्सी भनेको शून्य चेतनाको उपज हो। यस्ता घटनाको मुख्य कारण परम्परागत मूल्य तथा मान्यता, धर्म/सस्कृति, गरिबी, चेतनाको अभाव, महिलाको कमजोर आर्थिक पक्ष देखिएका छन्।

नेपालका ग्रामीण समाजमा अझै पनि बोक्सी प्रथाको नामबाट निर्दोष महिलालाई क्रूर यातना दिने, अमानवीय व्यवहार, कुटपिट तथा हत्यासम्म गरेका उदाहरण पाइन्छन् । तसर्थ पराम्परागत मूल्य मान्यता, अन्धविश्वास र रूढीवादी जस्ता कुरीतिविद्ध चेतना फैलाउन पुगेको छैन । यस्ता कुप्रथाविरुद्ध स्थानीय सरकारले पनि नीति/नियम बनाई निराकरणका अभियानमा थाल्नुपर्ने देखिन्छ । साथै बोक्सीको

*आरोपसम्बन्धी कसुर तथा सजाय सम्बन्धमा बनेका ऐन/कानुनको प्रभावकारी कार्यान्वयन पनि उत्तिकै जरुरी छ।*

*कैलाली जिल्लामा सन् २०१८ मा १ सय ७२ जना महिला र १३ पुरुष गरी १ सय ८५ जना मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडित भएको इन्सेकमा अभिलेख भयो। सन् २०१७ मा २ सय २४ महिला र १४ पुरुष गरी २ सय ३८ जना पीडित भएका घटना अभिलेख गरिएको थियो।*

### गोली/विष्फोटक पदार्थबाट घाइते

घोडाघोडी नपा–१ निवासी घोडाघोडी नपाका प्रमुख ममताप्रसाद चौधरीलाई २०७४ फागुन २८ गते चारजनाको समूहमा आएका अपरिचित व्यक्तिले टाउकोमा खुकुरी र तिघ्रामुनि गोली प्रहार गरी घाइते बनाए । पीडितको उपचार स्थानीय घोडाघोडी अस्पतालमा हुन नसकेपछि थप उपचार नेपालगन्ज र काठमाडौँस्थित शिक्षण अस्पताल महाराजगन्जमा भयो । घटनामा संलग्न भएको शङ्कामा प्रहरीले चैत २९ गते घोडाघोडी नपा–१ लक्ष्मीपुरका ४० वर्षीय कमल क्षत्री, सोही नपा–९ का ३६ वर्षीय भरतबहादुर साह, धनगढी उमनपा–८ का ३० वर्षीय पूर्णप्रसाद खनाल र टीकापुर नपा–१ का ३० वर्षीय हृदयराज बोगटीलाई गिरफ्तार गरेकामा २०७५ वैशाख २४ गते छाडियो। घटनामा संलग्नको खोजी भइरहेको प्रहरीले जनायो।

### कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता १ सय ५० जनाको छ। तर २ सय ९५ जना कैदी र १ सय १४ थुनुवा गरी ४ सय ९ जना छन्। जसमा महिला २७ जना छन्। १० महिनाका एक बालक र दुई वर्षकी दुई बालिका गरी तीनजना आश्रित बालबालिका छन्। १९९७ सालमा निर्माण गरिएको यस कारागारको तीन भवनमध्ये पुरुष बस्ने एक भवन जीर्ण छ। कारागारमा झण्डै तीन गुणा बढी कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ।

### अमानवीय व्यवहार

धनगढी उमनपा–१६ रामपुरका ७० वर्षीय वृद्ध जोखन चौधरीलाई २०७५ असोज २ गते सोही ठाउँका ४५ वर्षीय भिखु चौधरीले बोक्सो भन्दै कुटपिट गरेको आरोपमा पीडितका छोरा पदम चौधरीले असोज ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। वृद्धको उपचार असोज ३ गते सेती अञ्चल अस्पतालमा भयो। उनीमाथि बोक्सो लागेर खेतको धान बिगारेको आरोप लगाउँदै खोलामा डुबाएको र कुटपिटसमेत गरेको पदमले बताए । गाउँको घटना हो भन्दै मिलापत्र गराउन चौतर्फी दबाब आए पनि आफू कानुनी प्रक्रियामै जाने उनले बताए। असोज ४ गते गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले २०७५ असोज १८ गते २० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा तीन न्यायाधीशको दरबन्दी रहेकामा दुईजना कार्यरत छन्। यो वर्ष यस अदालतबाट फौजदारी मुद्दातर्फ ८ सय ४३ मध्ये ४ सय ७० थान फैसला भए भने देवानी मुद्दातर्फ ५ सय ४५ मध्ये १ सय ६६ थान फैसला भए। दुई वर्ष नाघेका फौजदारी मुद्दा दुई र देवानी मुद्दा आठ थान छन्।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय ३० आधारभूत र ७८ मावि छन्। २ हजार ८ सय ३७ शिक्षक दरबन्दी रहेकामा ११ दरबन्दी रिक्त छ। यस वर्ष ५९ हजार २ सय ७९ बालक र ७५ हजार ३ सय २१ बालिका गरी १ लाख ३४ हजार ६ सय भर्ना भए। मुक्त कमलरी छात्रवृत्ति १ सय ८२ जनालाई दिइयो भने २२ जना दलित बालबालिकाले पनि छात्रवृत्ति पाए। साथै शहीद परिवारका ४० जना र द्वन्द्वपीडित परिवारका ५२ जना बालबालिकाले पनि छात्रवृत्ति पाए।*

*सन् २०१८ मा १० जना बालिका पीडित भएको इन्सेकमा अभिलेख भयो । जसमध्ये बलात्कारबाट सात जना, यौन दुर्व्यवहारबाट दुई जना र बालबालिक बेचबिखन तथा ओसारपसारबाट एक जना बालिका पीडित भए। सन् २०१७ मा भने १८ जना बालिका पीडित भएको अभिलेख गरिएको थियो।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बेचबिखन तथा ओसारपसार | १ | १ |
| बलात्कार | ७ | ७ |
| यौन दुर्व्यवहार | २ | २ |
| जम्मा | १० | १० |

**बलात्कार, यौन दुर्व्यवहार**

पाँच वर्षीया बालिकालाई २०७५ कात्तिक २४ गते बलात्कार गरेको भन्दै उदयपुरको गाईघाट नपा–४ घर भई धनगढी उमनपा–४ बस्दै आएका ६८ वर्षीय स्पन्दन राईविरुद्ध बालिकाका आफन्तले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । बालिकाको स्वास्थ्य परीक्षण कात्तिक २५ गते सेती अञ्चल अस्पतालमा भयो । कात्तिक २५ गते गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले २०७५ मङ्सिर १८ गते पुर्पक्षका लागि थुनामा पठायो ।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

*यो वर्ष घरेलु हिंसापीडित भन्दै १ सय ४८ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट गरी घर निकाला गरिएका ११, खान/लाउन नदिएको २२, विवाह दर्ता र नागरिकता नबनाएको पाँच , अर्की श्रीमती ल्याएर हेलाँ गरेको छ र सामान्य घरायसी झगडाका १ सय ४ घटना छन् । यीमध्ये प्रहरीले १ सय ४३ ओटामा मिलापत्र गरायो भने छओटा उजुरी कानुनी प्रक्रियामा छन् । आठओटा घटनाका उजुरीकर्ता भने सम्पर्कमै आएनन् ।*

*सन् २०१८ मा १ सय ६० जना महिला पीडित भएको इन्सेकमा अभिलेख भयो । सन् २०१७ मा भने २ सय १ महिला पीडित भएको अभिलेख थियो ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बेचबिखन तथा ओसारपसार | २ | २ |
| कथित बोक्सीको आरोप | २ | २ |
| बलात्कार | ४ | ४ |
| बलात्कार प्रयास | ४ | ४ |
| घरेलु हिंसा | १४८ | १४८ |
| जम्मा | १६० | १६० |

**बलात्कारपछि हत्या**

गौरीगङ्गा नपा–११ की २१ वर्षीया माया बिकलाई असार १२ गते बलात्कार गरी हत्यासमेत गरेको आरोपमा प्रहरीले सोही ठाउँका ३० वर्षीय गणेश बडुवाल, २७ वर्षीय मनोज बोगटी, २१ वर्षीय सुरज चौधरी, २० वर्षीय भुवन खाती र १९ वर्षीय तपेन्द्र बोगटीलाई असार १४ गते गिरफ्तार गरी असार २२ गते सार्वजनिक गर्‍यो । गौरीगङ्गा नपाअन्तर्गत वडा कार्यालयमा तथ्याङ्क सर्वेक्षणमा करारमा कार्यरत माया असार १२ गते काममा निस्केकामा तीन दिनपछि असार १५ गते नजिकैको जङ्गलमा मृत भेटिएकी थिइन् । शव भेटिएपछि उनका आफन्तले बलात्कार गरेर हत्या भएको शङ्कामा जिल्ला प्रहरी कार्यालयमा उजुरी गरेका थिए । शवको पोस्टमार्टम असार १५ गते सेती अञ्चल अस्पतालमा भयो । गिरफ्तार परेका पाँचै जनालाई जिल्ला अदालतले २०७५ साउन २१ गते पुर्पक्षका लागि थुनामा पठायो ।

**बेचबिखन तथा ओसारपसार**

३१ वर्षीया र २१ वर्षीया दुई महिलालाई २०७५ वैशाख १९ गते धनगढी उमनपा–१९ की खेमा डमैले धनगढीको त्रिनगर नाका हुँदै भारततर्फ बेचबिखनका लागि लैजाँदै गर्दा माइती नेपालले सोही दिन उद्दार गर्‍यो । चेकजाँच गर्ने क्रममा सोधपुछ गर्दा बेचबिखनका लागि लैजाँदै गरेको खुल्न गएपछि डमैलाई प्रहरीको जिम्मा लगाइएको माइती नेपाल धनगढीका संयोजक शिवचरण चौधरीले बताए । वैशाख २४ गते पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । खेमालाई जिल्ला अलालतले २०७५ जेठ २५ गते २५ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो ।

**कथित बोक्सीको आरोप**

घोडाघोडी नपा–५ देहुकुलियाकी १८ वर्षीया राधा चौधरीलाई २०७४ फागुन २४ गते सोही ठाउँका २३ वर्षीय गुरुवा रामबहादुर चौधरी, १८ वर्षीया किसमती चौधरी र घोडाघोडी नपा–३ बस्ने २४ वर्षीया स्मारिका चौधरीले बोक्सीको आरोपमा कुटपिट गरे । राधा घरमा बसिरहेका बेला सार्वजनिक स्थलमा ल्याइ करिब दुई घण्टासम्म कुटपिट गरेको पीडितकी आमा फुलकेसी चौधरीले जानकारी दिइन् । सुख्खडस्थित प्रहरी कार्यालयले यसबारे उजुरी दर्ता नगरी मिलापत्र गर्न दबाब दिएको पीडित परिवारले बताए । कुटपिटबाट घाइते राधाको उपचार घोडाघोडी अस्पतालमा हुन नसकेपछि फागुन २५ गते थप उपचार सेती अञ्चल अस्पतालमा भयो । इन्सेक, राष्ट्रिय मानव अधिकार आयोग र धनगढीस्थित विभिन्न सङ्घ/सस्थाको दबाबपश्चात फागुन २५ गते पीडित परिवारले जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गराए । उजुरी दिएकै दिन गिरफ्तार भएका

आरोपितमध्ये जिल्ला अदालतले २०७५ जेठ १७ गते रामबहादुरलाई पाँच वर्षको कैद र एक लाख रुपियाँ जरिवाना भराउने फैसला सुनायो भने किस्मतीलाई एक वर्ष र स्मारिकालाई ६ महिना कैद सजाय सुनायो।

**परिवारजनबाट हत्या**

लम्कीचुहा नपा–९ दुर्गौलीकी ३२ वर्षीया गरिबी चौधरीलाई २०७५ असार २० गते ३५ वर्षीय पति इन्द्रबहादुर चौधरीले धरिलो हतियार प्रहार गरी हत्या गरेको आरोपमा प्रहरीले असार २१ गते गिरफ्तार गऱ्यो। शवको पोस्टमार्टम असार २१ गते टीकापुर अस्पतालमा भयो। आरोपितलाई जिल्ला अदालतले साउन ११ गते पुर्पक्षका लागि थुनामा पठायो।

**जातीय भेदभाव**

गोदावरी नपा–११ बस्ने ३८ वर्षीय कृष्ण नेपाली दमाईंलाई २०७५ असोज १४ गते गोदावरी नपा–४ का ४२ वर्षीय खगेन्द्र भण्डारीले डुम जस्ता अपशब्द प्रयोग गरी गालीगलौज गर्दै जातीय विभेद गरेको र एक दिनभर बन्धक बनाइ मानसिक यातना दिएको आरोपमा कृष्णले असोज १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिँदा लिन नमानेपछि इन्सेक सुदूर पश्चिम प्रदेश संयोजक खडकराज जोशीको पहलमा सोही दिन उजुरी दर्ता भएको कृष्ण नेपालीले बताए। कृष्ण जनप्रभात माविका प्रधानाध्यापक हुन् भने खगेन्द्र सोही विद्यालयका शिक्षक हुन्। कृष्णले आफूलाई खगेन्द्रले पहिले पहिले पनि यस्तो व्यवहार गर्ने गरेको बताए। असोज १७ गते गिरफ्तार परेका आरोपितलाई जिल्ला अदालतले कात्तिक १२ गते पुर्पक्षका लागि थुनामा पठायो।

**स्वास्थ्य सेवाको अवस्था**

जिल्लामा तीन अस्पताल, ३७ स्वास्थ्य चौकी र तीन प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा ५२ डाक्टरको दरबन्दी रहेकामा ३३ जना कार्यरत छन्। त्यस्तै अहेवको २१ दरबन्दी रहेकामा १९ जना कार्यरत छन्।

**सन् २०१८ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बेचबिखन तथा ओसारपसार | १ | | | १ |
| बलात्कार | | १ | ६ | ७ |
| यौन दुर्व्यवहार | | | २ | २ |
| जम्मा | १ | १ | ८ | १० |

**महिला अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| बेचबिखन तथा ओसारपसार | | | | १ | १ |
| कथित बोक्सीको आरोप | १ | | | १ | २ |
| बलात्कार | | | | ४ | ४ |
| बलात्कार प्रयास | | १ | | ३ | ४ |
| घरेलु हिंसा | २ | १४१ | ३ | २ | १४८ |
| जम्मा | ३ | १४२ | ३ | ११ | १५९ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| हत्या | ६ | ६ |

# ७.९ कञ्चनपुर




**जम्मा जनसङ्ख्या**
४,८४,८८९

**महिला**
२,५८,३६५

**प्रतिनिधिसभा निर्वाचन क्षेत्र**
३

**प्रदेशसभा निर्वाचन क्षेत्र**
६

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
१,४०,३८१

**कामका लागि बाहिरिएका**
३८,३९८

**अपाङ्गता भएका**
९,०७२

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
७०.७

**आश्रित जनसङ्ख्या**
२,०८,२२२

| घटनाको प्रकार | राज्य पक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | ४ | ४ | १ | | १ |
| बाल अधिकार | | | | १४ | १ | १५ |
| महिला अधिकार | | | | ३८ | | ३८ |
| जातीय विभेद | | | | | ३ | ३ |
| गिरफ्तारी | | ५ | ५ | | | |
| यातना | १ | २ | ३ | | | |
| कुटपिट | ५ | १० | १५ | | ७ | ७ |
| हत्या | | १ | १ | ७ | १ | ८ |
| जम्मा | ६ | २२ | २८ | ६० | १२ | ७२ |

कञ्चनपुरको सदरमुकाम महेन्द्रनगरमा रहेको महाकाली अञ्चल अस्पतालमा दरबन्दीअनुसार चिकित्सक नहुँदा नागरिकको स्वास्थ्य अधिकार प्रभावित भएको छ । यही कारण सामान्य उपचारका लागिसमेत छिमेकी मुलुक भारतका विभिन्न ठाउँ जान बाध्य छन् । यो जिल्लामा स्वास्थ्य सेवा प्रवाह गर्नका लागि एक अस्पताल, तीनओटा प्राथमिक स्वास्थ्य सेवा केन्द्र । १८ ओटा स्वास्थ्य चौकी छन् । महेन्द्रनगर स्थित महाकाली अञ्चल अस्पताल २०४३ सालमा स्थापना भए पनि हालसम्म दरबन्दीअनुसार चिकित्सक आएका छैनन् । विशेषज्ञसहित २८ चिकित्सकहरूको दरबन्दी रहेको यो अस्पतालमा दरबन्दीका दुईजना मात्र चिकित्सक रहेका निर्देशक डा. हरि श्रेष्ठले बताए । सामान्य उपचारका लागि अस्पताल व्यवस्थापन समितिले तीनजना र चिकित्सक परिचालनबाट दुईजना गरी पाँचजना चिकित्सक कार्यरत छन् ।

यही कारण विशेषज्ञ सेवा प्रदान गर्ने उद्देश्यले स्थापना गरिएको अञ्चल अस्पताल रिफर अस्पतालका रूपमा परिणत भएको छ । अस्पतालमा आइसियु सेवा सञ्चालन गर्ने भनेर आवश्यक सामग्री ल्याइएको दुई वर्ष भए पनि विशेषज्ञ चिकित्सकको अभावमा सुचारु हुन सकेको छैन । यो सेवाको अभावमा गर्मी समयम सर्पदंशका बिरामी र दुर्घटनामा परेका धेरै नागरिकले अकालमै ज्यान गुमाउनुपरेको छ । चिकित्सकमात्र हैन, नर्सिङ स्टाफसमेत दरबन्दीभन्दा आठजना कम छन् । साथै समयमा बजेट नआउनु र आएको बजेट पनि न्यून हुनुले समग्र अस्पतालको सेवा

## बलात्कारपछि हत्या

भीमदत्त नपा–२ उल्टाखामकी १३ वर्षीय बालिका निर्मला पन्त ०७५ साउन १० गते साथीको घर गएदेखि परिवारको सम्पर्क बाहिर थिइन् । खोजी गर्ने क्रममा साउन ११ गते बिहान उनको शव भीमदत्त नपा–१८ निम्बुखेडा नजिकै रहेको उखुबारीमा पानीमा डुबेको अवस्थामा फेला परेको थियो। साथीको घर गएकी निर्मला साँझसम्म पनि घर नफर्किएपछि उनकी आमा दुर्गादेवी पन्त र आफन्तहरू निर्मलाकी साथी रोशनी बमको घरमा पुगी सोधपुछ गर्दा निर्मला दिउँसो २ बजे नै आफ्नो घरबाट निस्किएको जबाफ बमले दिएकी थिइन् । निर्मलाकी आमा दुर्गादेवी र छिमेकीले तत्काल इलाका प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरमा खोजतलासका लागि अनुरोध गरे पनि प्रहरीले तत्काल केही गर्न नसक्ने र भोलिदेखि खोजतास गरौँला भन्ने जबाफ दिएको दुर्गादेवीले बताइन्।

निर्मलाको शव भेटिएपछि साउन ११ गते आफन्त र स्थानीयहरू आक्रोशित भई प्रहरी प्रशासनविरूद्ध नाराजुलुस गर्दै महेन्द्रनगर बजारमा प्रदर्शन गरेका थिए। प्रदर्शनका क्रममा प्रहरीले भिड तितरबितर गर्दा स्थानीय र प्रहरीबीच झडप भएको थियो।

निर्मला पन्तको शवलाई साउन ११ गते नै महाकाली अञ्चल अस्पतालमा पोष्टमार्टमको लागि लगिएको भए पनि शवको पोष्टमार्टम साउन १२ गते मात्रै गरिएको थियो । पोष्टमार्टम रिपोर्टमा उनको हत्या बलात्कार पश्चात घाँटीको कड थिचेर गरिएको उल्लेख छ । पोष्टमार्टम रिपोर्टमा बलात्कारपश्चात हत्या गरिएको सूचना सार्वजनिक भएपछि प्रहरी प्रशासनले शवको दाहसंस्कार गर्न दबाब दिएको पीडित पक्षको आरोप छ । शवको दाहसंस्कार साउन १४ गते गरियो।

घटनाको प्रारम्भिक चरणदेखि नै प्रहरी प्रशासनले लापारबाही गरी घटनाका मुख्य अभियुक्तलाई जोगाउन खोजेको र आन्दोलनका क्रममा अत्याधिक बल प्रयोग गरी आन्दोलनकारी र स्थानीयमाथि गोली हानी हत्या र घाइते बनाएको आरोप व्यापक रूपमा आउन थाल्यो । सरकारले जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरका तत्कालीन प्रहरी प्रमुख एसपी डिल्लीराज विष्टलाई निलम्बन गरी एसपी कुवेर कडायतलाई जिल्ला प्रहरी कार्यालयको प्रमुखको जिम्मेवारी दियो । घटनाको अनुसन्धानमा संलग्न केन्द्रीय अनुसन्धान विभागका डिएसपी अङ्गुर जिसी, जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरका डिएसपी ज्ञानबहादुर सेटी, अनुसन्धान अधिकृत प्रहरी इन्स्पेक्टर एकेन्द्र खड्का र असई रामसिंह धामीलाई पनि निलम्बन गरिएको थियो। गृह मन्त्रालयले २०७५ कात्तिक ८ गते कञ्चनपुरका तत्कालीन प्रहरी प्रमुख रहेका निलम्बित एसपी दिल्लीराज बिष्ट र इन्स्पेक्टर जगदीशप्रसाद भट्टलाई सेवाबाटै बर्खास्त गऱ्यो।

निर्मला पन्तको बलात्कारपछि हत्या घटनाको छानबिन गर्न भदौ ७ गते गृह मन्त्रालयका सहसचिव हरिप्रसाद मैनालीको नेतृत्वमा गठित उच्चस्तरीय छानबिन समितले भदौ ३० गते प्रारम्भिक र असोज ९ गते गृहमन्त्रीलाई पूर्ण प्रतिवेदन बुझायो। घटनाको अनुसन्धानमा प्रहरीबाट लापारवाही भएको भन्दै संलग्नलाई कारबाहीको दायरामा ल्याउन उक्त समितिले सरकार लाई सुझाव दिएको छ। उक्त प्रतिवेदनमा निर्मला पन्त हराएको प्रहरीमा जानकारी गराउँदा तत्काल खोजतलासका लागि प्रहरी उदासिन रहेको निष्कर्ष छ।

निर्मलाका परिवारले न्यायको माग गर्दै कात्तिक २५ गतेदेखि यो वर्षको अन्त्यसम्म जिल्ला प्रशासन कार्यालयको मुलगेटमा अनिश्चितकालीन धर्ना दिइरहेका छन् । धर्नामा बसिरहेकै अवस्थामा ०७५ मङ्सिर ८ गते मानसिक सन्तुलन गुमाउन पुगेका निर्मलाका बुवा यज्ञराज पन्तको उपचार त्रिविवि शिक्षण अस्पताल, काठमाडौँमा भयो।



उच्चस्तरीय समितले उक्त घटनाको अनुन्धानमा प्रहरीले लापारवाही गरेको प्रतिवेदनमा उल्लेख गरेपछि अनुसन्धनमा संलग्न प्रहरीको छानविन तथा घटनाको अनुसन्धान गर्न सरकारले भदौ ३१ गते एआइजी धिरू बस्नेतको संयोजकत्वमा चार सदस्यीय छानबिन समिति गठन गऱ्यो । यो वर्षको अन्त्यसम्म प्रहरीले घटनाका आरोपित पत्ता लगाउन सकेन। पीडित परिवारलाई तत्कालका लागि राहतस्वरूप भीमदत्त नगरपालिकाले ३ लाख रुपियाँ, सुदूरपश्चिम सरकारले ५ लाख रुपियाँ र सङ्घीय सरकारले १० लाख रुपियाँ रकम दिने घोषणा गरे। यो वर्षको अन्त्यसम्म पीडित परिवारले सो रकम बुझेन।

जिल्ला प्रहरी कार्यालयका एसपी दिल्लीराज विष्टले अपराध अनुसन्धानको सुरुवातदेखि नै व्यवस्थित रूपमा सबै प्रमाण नष्ट गर्ने काममा सहभागी भई कार्य गरेको र उनको कार्यलाई तत्कालीन डिएसपी ज्ञानबहादुर सेठ्ठी, इन्स्पेक्टर एकिन्द्र खड्का, सई हरिसिंह धामी, असई रामसिंह धामी, प्रहरी हवल्दार चाँदनी साउद, इन्स्पेक्टर जगदीश भट्ट, केन्द्रीय अनुसन्धान ब्यूरोका डिएसपी अङ्गुर जिसीले नक्कली प्रमाण खडा गर्ने, निर्दोष व्यक्तिलाई जबरजस्ती अपराध कबुल गराउने समेतका काममा संलग्न रहेको भन्दै उनीहरूका विरूद्ध २०७५ पुस २ गते निर्मलाकी आमा दुर्गादेवी पन्तले जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गराइन् । प्रहरीले दिलिपसिंह विष्टलाई जबरजस्ती अपराधी बनाउन यातना दिएको भन्दै उनका दाजु खड्गसिंह विष्टले यातना कसुर अर्न्तगत तत्कालीन एसपी विष्ट, केन्द्रीय अनुसन्धान ब्यूरोका डिएसपी जिसी, जिल्ला प्रहरी कार्यालयका डिएसपी सेठ्ठी र इन्स्पेक्टर एकिन्द्र खड्कालाई प्रतिवादी बनाएर उजुरी गरे।

*प्रभावित बनेको डा. श्रेष्ठले बताए ।*

*कञ्चनपुर जिल्लामा सन् २०१८ मा ६६ महिला र ३४ पुरुष गरी १ सय जना मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडित भएको इन्सेकमा अभिलेख भयो । सन् २०१७ मा ५७ महिला र ७ पुरुष गरी ६४ जना पीडित भएका घटना अभिलेख गरिएको थियो ।*

## नागरिक तथा राजनीतिक अधिकार

## सम्मानितरूपले बाँच्ने अधिकार

### हत्या

#### राज्यबाट

निर्मला पन्तको बलात्कारपछि हत्या घटनामा संलग्नलाई सार्वजनिक गरी कारबाही गर्नुपर्ने माग राख्दै ०७५ भदौ ८ गते कञ्चनपुरको महेन्द्रनगर बजारका ठाउँ ठाउँमा प्रदर्शन भयो । निर्मलाको शव बलात्कार पछि हत्या गरेको अवस्थामा ०७५ साउन ११ गते फेला परेको थियो । भदौ ८ गते गरिएको प्रदर्शनका क्रममा जिल्ला प्रशासन कार्यालय अगाडि जाने क्रममा जिल्ला अदालत नजिकै प्रहरीले आन्दोलनकारीमाथि अश्रुग्यास प्रहार गर्नुको साथै गोलीसमेत चलाएको थियो। प्रहरीले चलाएको गोली लागेर भीमदत्त नपा–१८ भगतपुरका १७ वर्षीय सन्नी खुनाको घटनास्थलमै



***निर्मला पन्तका हत्यारा सार्वजनिक गर्न माग राख्दै भएको आन्दोलनमा प्रहरीको गोली लागी मृत्यु भएका सन्नी खुना***

मृत्यु भयो । शवको पोष्टमार्टम महाकाली अञ्चल अस्पतालमा भदौ ९ गते गरियो । प्रहरीले चलाएको गोली लाग्दा मृत्यु भएका सन्नी खुनालाई नेपाल सरकारले सहिद घोषण गरी उनको परिवारलाई १० लाख रुपियाँ राहत रकमसमेत उपलब्ध गरायो ।

प्रदर्शनका क्रममा प्रहरीले आन्दोलनकारीमाथि चलाएको गोली लागेर भदौ ८ गते भीमदत्त नपा–१ का १६ वर्षीय उमेश देउवा, भीमदत्त नपा–१८ का १३ वर्षीय चेतन भट्ट, भीमदत्त नपा–४ का २२ वर्षीय मनोज खडका र भीमदत्त नपा–१८ का ४६ वर्षीय शुरेस चटौत घाइते भए । घाइतेहरूको उपचार सोही दिन महाकाली अञ्चल अस्पतालमा गरियो । आन्दोलनका क्रममा घाइते भएकाहरूको निःशुल्क उपचार भइरहेको पाइयो । घाइतेहरूको उपचार महाकाली अञ्चल अस्पतालमा भयो । घाइतेमध्ये देउवा र भट्टको थप उपचार काठमाडौँस्थित त्रिविवि शिक्षण अस्पताल, महाराजगञ्जमा भयो । घाइतेहरूको निःशुल्क उपचारको व्यवस्था मिलाएको सरकारले जनायो ।



***निर्मला पन्तका हत्यारा सार्वजनिक गर्न माग राख्दै भएको आन्दोलनमा प्रहरीको गोली लागी घाइते भएका चेतन भट्ट***

#### झडपमा घाइते

निर्मला पन्तको बलात्कारपछि हत्या गरिएको घटनामा संलग्न भएकाहरूलाई सार्वजनिक नगर्दासम्म दाहसंस्कार नगर्ने अडान राखी पीडितका आफन्त र स्थानीयहरूले महेन्द्रनगर बजारमा आन्दोलन चर्काउँदै आएका थिए । आन्दोलनका क्रममा साउन ११ गते भीमदत्त नपा–१८ का ३७ वर्षीय सुरेन्द्र देउवा, भीमदत्त नपा–३ की ४१ वर्षीया रमिता देउवा, भीमदत्त नपा–४ की ३३ वर्षीया लक्ष्मी मल्ल, भीमदत्त नपा–१८ की ३९ वर्षीया गोमा लामा, भीमदत्त नपा–१९ की सन्तोषी ऐरी प्रहरीसँगको झडपमा परी घाइते भए । स्थानीयहरूले सञ्चालन गरेको आन्दोलनको दोस्रो दिन प्रहरीसँग भएको झडपमा परी भीमदत्त नपा–२ का गोविन्द जोशी पनि घाइते भए । घटनामा घाइतेहरूको उपचार महाकाली अञ्चल अस्पताल र सेती अञ्चल अस्पतालमा भयो ।

आन्दोलनकै क्रममा ०७५ भदौ ६ गते प्रहरीसँगको झडपमा परी भीमदत्त नपा–१८ की ३२ वर्षीया मञ्जु गिरी घाइते भइन् । प्रहरीको कुटाइबाट उनको हात, गोडा र छातीमा चोट लागेको थियो । उनको उपचार सोही दिन सेती अञ्चल अस्पतालमा भयो । आन्दोलनकारी र प्रहरीबीच भदौ ७ गते भएको झडपका क्रममा भीमदत्त नपा–६ का १८ वर्षीय अर्जुन भण्डारा, सोही नपा–३ का ३९ वर्षीय तेज भट्ट र कैलाली जिल्ला कैलारी गाउँपालिका–३ का २१ वर्षीय सन्तोष कडरिया घाइते भए । घाइतेमध्ये अर्जुन भण्डाराको उपचार काठमाडौँस्थित शिक्षण अस्पतालमा भयो भने भट्ट र कडरियाको उपचार महाकाली अञ्चल अस्पतालमा भयो । प्रहरीको गोली लागेका अर्जुन भण्डाराको बायाँ गोडा काटिएको छ । यो वर्षको अन्त्यसम्म नै उनी कोमामा रहेका छन् । उनको उपचार काठमाडौँस्थित त्रिविवि शिक्षण अस्पतलमा भइरहेको छ ।

भदौ ८ गते प्रहरी र आन्दोलनकारीबीच भएको झडपमा जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरमा कार्यरत प्रहरी हबल्दार ३८ वर्षीय हर्कबहादुर पाल, प्रहरी जवान २५ वर्षीय विनोद राना, प्रहरी जवान ३३ वर्षीय बलदेव नाथ, प्रहरी जवान २७ वर्षीय बसन्त चौधरी, प्रहरी जवान २६ वर्षीया निर्मला कुँवर, प्रहरी जवान



*निर्मला पन्तका हत्यारा सार्वजनिक गर्न माग राख्दै भएको आन्दोलनमा घाइते भएका अर्जुन भण्डारा*

२६ वर्षीया सोना चौधरी, प्रहरी जवान २७ वर्षीय पुरन बोहरा घाइते भए । दोहोरो झडपमा घाइते भएका आन्दोलनकारी र प्रहरीहरूको उपचार महाकाली अञ्चल अस्पतालमा भदौ ८ गते भयो । आन्दोलनका क्रममा घाइते भएकाहरूको निःशुल्क उपचार भयो ।

## गिरफ्तारी र यातना

निर्मला पन्तको बलात्कारपछि हत्या गरिएको घटनामा संलग्न भएको आशङ्कामा प्रहरीले भीमदत्त नपा–१८ का २३ वर्षीय चक्रदेव वडुलाई ०७५ साउन २१ गते, सोही नपा–२ की १९ वर्षीया हेमन्ती भट्टलाई साउन १८ गते र सोही नपा–१८ का दिलिप विष्टलाई ०७५ भदौ १ गते गिरफ्तार गरी शारीरिक तथा मानसिक यातना समेत दिएको पीडितहरूले आरोप लगाए । अनुसन्धानका क्रममा कुनै प्रमाणहरू नपाएपछि गिरफ्तार गरिएका बडुलाई साउन ३१ गते, भट्टलाई साउन २७ गते जिल्ला प्रहरी कार्यालयले रिहा गऱ्यो भने विष्टको डिएनए परीक्षण गरेपछि उनको रिपोर्ट नेगेटिभ आएको भन्दै भदौ २६ गते रिहा भए । गृह मन्त्रालयका सहसचिव हरिप्रसाद मैनालीको नेतृत्वको छानविन समितिको निष्कर्ष तथा सुझाव खण्डमा समितिका सदस्य विरेन्द्रबहादुर केसीले फरक मत राख्दै प्रहरीद्वारा दिलिपसिंह विष्टलाई गिरफ्तारपछि चरम यातना दिएको उल्लेख गरिएको छ ।

निर्मला हत्या घटनामा संलग्न भएको हुनसक्ने आशङ्कामा भीमदत्त नपा – १८ की २२ वर्षीया बविता बम र १४ वर्षीया रोशनी बमलाई भदौ ८ गते जिल्ला प्रहरी कार्यालयले गिर्फतार गऱ्यो । गिरफ्तार गरिएकी बबिता भदौ २६ गते ३० हजार रुपियाँमा घरौटीमा रिहा भइन् भने रोशनी भदौ २६ गते साधारण तारेखमा रिहा भइन् । प्रहरीले अनुसन्धानका क्रममा हिरासतमा राखेका कारण बबिता बमले बीबीएस दोस्रो वर्षको परीक्षा दिन नपाएको उनका बुवा दीपेन्द्रबहादुर बमले बताए । कक्षा नौ मा अध्ययनरत रोशनीलाई प्रहरीले गिरफ्तार गरी हिरासतमा राखेपछि पठनपाठन नै रोकिएको दीपेन्द्रले बताए । प्रहरीले २०७५ मंसिर १७ गते काठमाडौंबाट भीमदत्त नपा– १८ सालघारीका प्रदीप रावललाई गिरफ्तार गऱ्यो भने रावलका साथी १६ वर्षीय विशाल चौधरी र १७ वर्षीय दिनेश चौधरीलाई जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरले मंसिर १९ गते गिरफ्तार गरी २० गते काठमाडौँ लग्यो । दिनेश दुई दिनपछि रिहा भए । यसैगरी विशाल पुस ६ गते र प्रदीप पुस ११ गते साधारण तारेखमा रिहा भए । अनुसन्धानका क्रममा आफूहरूलाई मानसिक यातना दिइएको पीडितहरूले आरोप लगाए ।

## कारागार र बन्दी

'ग' श्रेणीको जिल्ला कारागारको क्षमता ७५ जना पुरुष र २० जना महिला गरी ९५ जनाको छ । तर २ सय ५८ कैदी र २४ थुनुवा गरी २ सय ८२ जना छन् । जसमा १६ जना महिला छन् । २०२३ सालमा बनेको यो कारागारमा दुईओटा भवन छन् जसमध्ये एउटा पुरानो र जीर्ण छ । क्षमताभन्दा बढी कैदी/बन्दी भएका कारण कारागारमा पिउने पानी, औषधि, शौचालय आदिको समस्या छ ।

### अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

वेदकोट नपा–७ का २७ वर्षीय पवन नेपाली, भीमदत्त नपा–१८ का २२ वर्षीय लालबहादुर बिक, २१ वर्षीय रूपेश बिक, २० वर्षीय शङ्कर टमटा र २१ वर्षीय अमराज बिकलाई २०७४ फागुन १० गते प्रहरीले मुख्य मन्त्री त्रिलोचन भट्टलाई मदनचोकमा कालो भण्डा देखाएको आरोपमा प्रहरीले गिरफ्तार गर्‍यो । साझा दलित विद्यार्थी मञ्च आबद्ध विद्यार्थीले सरकारमा दलित समुदायको प्रतिनिधित्व गराउनुपर्ने माग राखी मुख्य मन्त्री भट्टलाई कालो भण्डा देखाएका थिए । उनीहरूलाई भोलिपल्ट छाडिएको थियो । लोकतन्त्रमा विरोध गर्न पाउने अधिकार विपरित विद्यार्थीलाई गिरफ्तार गरिएको भन्दै फागुन १० गते नेपाल उत्पीडित जातीय मुक्ति समाज, नेपाल दलित सङ्घ र नेपाल दलित मुक्ति मोर्चाले संयुक्त विज्ञप्ति प्रकाशित गरी घटनाको विरोध गरेका थिए ।

१३ वर्षीया बालिका निर्मला पन्तको हत्यारा सार्वजनिक गर्न माग राख्दै नेपाल विद्यार्थी सङ्घका कार्यकर्ताले २०७५ असोज १६ गते आह्वान गरेको बन्दको अवज्ञा गरेको आरोपमा जिल्ला सरकारी वकिल कार्यालय तोडफोड गर्नुका साथै कर्मचारीमाथि दुर्व्यवहार गरे । उनीहरूले कार्यालयमा रहेको बा २ झ २७१५ नम्बरको जिप, दुईओटा कम्प्युटर र दुईओटा ढोका तोडफोड गर्नुका साथै कार्यालयमा काम गरिरहेका कर्मचारीमाथि समेत दुर्व्यवहार गरेका जिल्ला न्यायाधिवक्ता खेमराज भट्टले बताए । उनीहरूले तोडफोडको भिडियो लिइरहेका सगरमाथा टेलिभिजनका कञ्चनपुर संवाददाता चन्द्र जोशीमाथि पनि हातपात गरेका थिए । भिडियो मेटाउन दबाब दिँदै क्यामेरासमेत तोडफोड गरे । घटनामा संलग्नको खोजी भइरहेको प्रहरीले बतायो ।

निर्मला पन्तको बलात्कारपछि हत्या घटनाका सम्बन्धमा गरिएको आन्दोलनका क्रममा भदौ ८ गते भीमदत्त नपा–८ निवासी जनता टिभीका जिल्ला सम्वादाता ३३ वर्षीय धर्मबहादुर कठायत, कञ्चनपुर एफएममा कार्यरत पत्रकार ३४ वर्षीय कुन्दन पाण्डे, नेपाल टेलिभिजनका सम्वादाता ३९ वर्षीय पदम बोहरा, माउन्टेन टिभीका सम्वादाता ३७ वर्षीय पुष्कर भट्ट, कान्तिपुर टिभीका सम्वादाता ३७ वर्षीय तेजसिंह मुस्कान र पत्रकार ४० वर्षीय महेश प्रसाद जोशीलाई प्रहरी र अन्दोलनकारीले दुरर्व्यहार गरे । उनीहरूले कतै पनि उजुरी दिएनन् ।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

कञ्चनपुरमा जिल्ला र उच्च गरी दुई अदालत छन् । जिल्ला अदालतमा दुई न्यायाधीशको दरबन्दी रहेकामा दुवैजना कार्यरत छन् । जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ६ सय ५ मध्ये ५ सय १२ थान फैसला भए भने देवानी मुद्दातर्फ ३ सय ५६ मध्ये २ सय ५३ थान फैसला भए ।

यसैगरी चार न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत महेन्द्रनगर इजलासमा चारैजना न्यायाधीश कार्यरत छन् । यस वर्ष फैसला हुन बाँकी देवानी मुद्दातर्फ १८ र फौजदारी मुद्दातर्फ ३४ थान छन् । फैसला भएकाचाहिँ खोइ त तथ्याङ्क ?

### बाल अधिकार

#### शिक्षाको अवस्था

*जिल्लामा आधारभूत विद्यालय १ सय ५४ ओटा र माध्यामिक विद्यालय १ सय ७ ओटा छन् । १ हजार ८ सय ९८ शिक्षक दरबन्दी रहेकामा २९ दरबन्दी रिक्त छ । यस वर्ष ७१ हजार ८ सय ८६ बालक र ७२ हजार ९ सय ४३ बालिका भर्ना भए । जिल्लामा ५० अपाङ्गमैत्री विद्यालय छन् । ८ हजार ७ सय ५४ दलित बालक र ११ हजार ३ सय ३ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो । साथै द्वन्द्वपीडित परिवारका ५५ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो ।*

*सन् २०१८ मा १४ बालिक र एक बालक गरी १५ जना बालबालिका पीडित भएको इन्सेकमा अभिलेख भयो । सन् २०१७ मा ६ जना बालिका बलात्कारबाट पीडित भएको अभिलेख थियो ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बेचबिखन तथा ओसारपसार | २ | | २ |
| बलात्कार | १० | | १० |
| नवजात शिशुको हत्या | | १ | १ |
| यौन दुर्व्यवहार | २ | | २ |
| जम्मा | १४ | १ | १५ |

#### बलात्कारपछि हत्या

कृष्णपुर नपा–२ की १७ वर्षीया किशोरी कविता बिष्टलाई २०७५ असार २६ गते बलात्कार गरी हत्या गरेको भन्दै कृष्णपुर नपा–२ का २१ वर्षीय मदन गिरी र २० वर्षीय भरत बोहराविरुद्ध पीडित पक्षले असार २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो । शवको पोस्टमार्टम २०७५ असार ३२ गते महाकाली अञ्चल अस्पतालमा भयो । साउन १ गते गिरफ्तार परेका दुवैजनालाई जिल्ला अदालतले साउन २८ गते पुर्पक्षका लागि थुनामा पठायो ।

**बलात्कार, यौन दुर्व्यवहार**

१३ वर्षीया बालिकालाई २०७४ फागुन ३ गते विद्यालय जाँदै गर्दा बाटोमा पर्ने नवदुर्गा सामुदायिक जङ्गलमा बलात्कार गरेको भन्दै कृष्णपुर नपा–४ का विनोद चौधरीविरुद्ध पीडित पक्षले फागुन ३ गते प्रहरीमा उजुरी दिए । बालिकाको स्वास्थ्य परीक्षण फागुन ३ गते सेती अञ्चल अस्पतालमा भयो । विनोदलाई जिल्ला अदालतले २०७५ वैशाख १६ गते ८ वर्ष कैद र १ लाख २५ हजार रुपियाँ क्षतिपूर्ति तिर्नुपर्ने सजाय सुनायो ।

**बेचबिखन तथा ओसारपसार**

१५ वर्षीया बालिकालाई २०७५ जेठ ७ गते भारतको पिलिभितजानदवाका २४ वर्षीय इन्तजाल अहमद र २० वर्षीय अफजल सोहिब अहमदले बेचबिखन गर्ने उद्देश्यले बन्धक बनाएर राखेको आरोपमा पीडित पक्षले जेठ १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो । बालिकालाई ललाइफकाइ भारतको टनकपुर लगेर बन्धक बनाएको अवस्थामा प्रहरीले जेठ ७ गते उद्धार गरेको थियो । भीमदत्त नपा–१० बाट जेठ १२ गते गिरफ्तार परेका दुवैमध्ये जिल्ला अदालतले २०७५ असार २२ गते इन्तजाललाई चार वर्ष र अफजलसोहिबलाई आठ वर्ष कैद सजाय सुनायो ।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ८५ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट गरी घर निकाला गरिएका दुई, खान/लाउन नदिएको दुई, अर्की श्रीमती ल्याएर हेला गरेको एक र सामान्य घरायसी झगडाका ८० घटना छन् । यीमध्ये प्रहरीले ७४ ओटामा मिलापत्र गरायो भने ११ उजुरी कानुनी प्रक्रियामा छन् ।*

*सन् २०१८ मा ३८ जना महिला पीडित भएको इन्सेकमा अभिलेख भयो । सन् २०१७ मा ५१ जना महिला पीडित भएको अभिलेख थियो ।*

| घटनाको प्रकार | अन्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १ | १ |
| घरेलु हिंसा | ३६ | ३६ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ३८ | ३८ |

**बलात्कार, बलात्कारको प्रयास, यौन दुर्व्यवहार**

२१ वर्षीया युवतीलाई २४ वर्षीय उनकै पतिले वैवाहिक बलात्कार गरेको आरोपमा २०७५ कात्तिक १२ गते प्रहरीले गिरफ्तार गर्‍यो । एक हप्ताअगाडि मात्र गर्भपतन गराएको अवस्थामा पतिले आफ्नो इच्छाविपरित बलात्कार गरेको भन्दै कात्तिक १२ गते ती युवतीले पतिविरुद्ध उजुरी दिएकी थिइन् । युवतीको स्वास्थ्य परीक्षण कात्तिक १२ गते महाकाली अञ्चल अस्पतालमा भयो । आरोपितलाई जिल्ला अदालतले साउन १५ गते १ वर्ष ६ महिना कैद र पीडितलाई १० लाख रुपियाँ क्षतिपूर्ति तिर्नुपर्ने सजाय सुनायो ।

**परिवारजनबाट हत्या**

कृष्णपुर नपा–४ का ४० वर्षीया लाहु डगौरालाई २०७४ फागुन २ गते राति ४२ वर्षीय पति विरु डगौराले घरायसी झगडाका क्रममा हत्या गरेको आरोपमा प्रहरीले फागुन ३ गते गिरफ्तार गर्‍यो । पीडित पक्षले आरोपितविरुद्ध फागुन ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । शवको पोस्टमार्टम फागुन ३ गते महाकाली अञ्चल अस्पतालमा भयो । आरोपितलाई जिल्ला अदालतले फागुन २१ गते जन्म कैदको सजाय सुनायो ।

भीमदत्त नपा–८ तिलाचौरकी २६ वर्षीया सरस्वती कार्कीलाई हत्या गरेको आरोपमा उनका पति ३५ वर्षीय केशव कार्कीलाई प्रहरीले २०७५ असार १२ गते गिरफ्तार गर्‍यो । सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय लमही, दाङमा कार्यरत केशवले बिदामा घर आएका बेला पत्नीसँग विवाद भएपछि फरुवाले हानेर हत्या गरेको प्रहरीले जनायो । शवको पोस्टमार्टम असार १३ गते महाकाली अञ्चल अस्पतालमा भयो । केशवलाई जिल्ला अदालतले असार २८ गते जन्म कैदको सजाय सुनायो ।

**जातीय विभेद**

पुनर्वास नपा–६ का ४५ वर्षीय टेकबहादुर बिक र ४५ वर्षीय पूर्णबहादुर बिकलाई २०७४ फागुन १ गते पुनर्वास नपा–६ स्थित मन्दिरका पुजारी ५५ वर्षीय बलराम भट्टराई र पुजारीका सहयोगी ४९ वर्षीय श्रीकृष्ण नेपालले शिवरात्रिका दिन मन्दिर परिसरभित्रै जातीय विभेद गरेको आरोपमा पीडितद्वयले फागुन १५ गते इलाका प्रहरी कार्यालय त्रिभुवनबस्तीमा उजुरी दिए । चैत १२ गते गिरफ्तार परेका आरोपितलाई जिल्ला अदालतले चैत १९ गते जनही ५ हजार रुपियाँ धरौटीमा छाड्ने आदेश दियो ।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### भौतिक संरचना/सम्पत्ति क्षति

भीमदत्त नपा–४ का ४३ वर्षीय कैलाश सुनारको नाममा रहेको देवस्वामी फर्निचर उद्योगको निर्माणाधीन भवनमा २०७५ जेठ १३ गते बिहान ३ बजे अज्ञात समूहले बम बिष्फोट गराउँदा भवन क्षति भयो । बिष्फोटबाट भवनको पर्खालमा क्षति पुग्यो । कोही गिरफ्तार भएन ।

निर्मला पन्तको बलात्कारपछि हत्या भएको २५औँ दिन ०७५ भदौ ८ गते भीमदत्त नपा–१८ का ४१ वर्षीय दिलिप विष्ट घटनाको मुख्य अभियुक्त भएको भन्दै प्रहरीले सार्वजनिक ग¥यो । मानसिक सन्तुलन ठिक नभएकाः विष्ट मुख्य अभियुक्त हुन नसक्ने र प्रहरीले घटनाका मुख्य अभियुक्तहरूलाई उम्काउन खोजेको भन्दै आक्रोशित स्थानीयहरू थप आन्दोलित बने । उनीहरूले मालपोत कार्यालय, नापी कार्यालय, जिल्ला सरकारी वकिल कार्यालय, आन्तरिक राजस्व कार्यालय, जिल्ला प्रावधिक कार्यालय, जिल्ला समन्वय समितिको कार्यालय, जिल्ला अदालत, उच्च अदालत महेन्द्रनगर इजलास, जिल्ला ट्राफिक प्रहरी कार्यालय, नेपाल टेलिकम, गण्डकी विकास बैङ्क, हाम्रो भोजनालयलगायतमा तोडफोड र जिल्ला सरकारी वकिलको कार्यालयमा राखेको बा २ भ्क २७१५ नम्बरको गाडीमा तोडफोड गरेका थिए । आन्दोलनकारीले ०७५ भदौ ६ गते रोशनी बमको घरमा ढुङ्गा प्रहार गरेर झ्यालका सिसा तोडफोड गरे । यसैगरी ०७५ भदौ ७ गते भीमदत्त नगरपालिकाका प्रमुख सुरेन्द्र विष्टको घरमा ढुङ्गा प्रहार गरेर झ्यालका सिसा तोडफोड गरे ।

### स्वास्थ्य सेवाको अवस्था

कञ्चनपुरमा एक अस्पताल, १८ स्वास्थ्य चौकी र तीन प्राथमिक स्वास्थ्य केन्द्र छन् । जिल्लामा ३० डाक्टरको दरबन्दी रहेकामा ५ जनामात्र कार्यरत छन् । त्यस्तै अहेवको ६९ दरबन्दी रहेकामा ६९ जना कार्यरत छन् । अरु स्वास्थ्यकर्मीको पनि दरबन्दी र कार्यरत सङ्ख्या उल्लेख गर्न पाए हुन्थ्यो ।

**सन् २०१८ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बेचबिखन तथा ओसारपसार | | १ | १ | २ |
| बलात्कार | | ५ | ३ | ८ |
| नवजात शिशुको हत्या | १ | | | १ |
| यौन दुर्व्यवहार | | २ | | २ |
| जम्मा | १ | ८ | ४ | १३ |

**महिला अधिकार**

| घटनाको प्रकार | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| बलात्कार | | १ | १ |
| घरेलु हिंसा | ३६ | | ३६ |
| यौन दुर्व्यवहार | १ | | १ |
| जम्मा | ३७ | १ | ३८ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| हत्या | २ | ३ | ४ | ९ |

अनुसूची

# मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्याङ्क २०१८ २

परिशिष्ट १

## नेपाल– घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

| घटनाको प्रकार | मानव अधिकार उल्लङ्घन राज्यपक्षबाट | | | मानव अधिकार ज्यादती अन्यपक्षबाट | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| **घाइते** | | | | | | | |
| बम विष्फोटबाट | | | | ७ | ११ | १८ | १८ |
| दोहोरो भिडपमा | ६ | १५ | २१ | | ९ | ९ | ३० |
| आगो लगाएर | | | | ३ | | ३ | ३ |
| एसिड छर्केर | | | | २ | २ | ४ | ४ |
| गोली लागेर | | ५ | ५ | | १२ | १२ | १७ |
| धारिलो हतियारबाट | | | | ७ | २३ | ३० | ३० |
| **जम्मा** | ६ | २० | २६ | १९ | ५७ | ७६ | १०२ |
| **बाल अधिकार** | | | | | | | |
| बालश्रम | | | | | २ | २ | २ |
| बेचबिखन तथा ओसारपसार | | | | ५० | २२ | ७२ | ७२ |
| बालविवाह | | | | ४५ | ६ | ५१ | ५१ |
| बलात्कार | | | | ८१८ | | ८१८ | ८१८ |
| नवजात शिशुको हत्या | | | | ७ | ११ | १८ | १८ |
| विद्यालयमा शारीरिक सजाय | | | | १६ | २६ | ४२ | ४२ |
| यौन दुर्व्यवहार | | | | २२६ | १९ | २४५ | २४५ |
| **जम्मा** | | | | ११६२ | ८६ | १२४८ | १२४८ |
| **अमानवीय व्यवहार** | | | | | | | |
| कथित बोक्सोको आरोप | | | | | ५ | ५ | ५ |
| अन्य | १ | ४ | ५ | ४ | ११ | १५ | २० |
| अनुहारमा मोसो लगाएको | | | | | ९ | ९ | ९ |
| कपाल खौरिएको | | | | २ | | २ | २ |
| **जम्मा** | १ | ४ | ५ | ६ | २५ | ३१ | ३६ |
| **आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार** | | | | | | | |
| आफ्नो सम्पत्तिको अधिकार | | | | २ | ५ | ७ | ७ |
| जागिरबाट निष्काशन | | | | १ | | १ | १ |
| ज्यालाबाट वञ्चित | | | | | २ | २ | २ |
| **जम्मा** | | | | ३ | ७ | १० | १० |
| **अपहरण** | | | | | | | |
| अपहरण | | | | १४ | १४ | २८ | २८ |

| घटनाको प्रकार | मानव अधिकार उल्लङ्घन राज्यपक्षबाट | | | मानव अधिकार ज्यादती अन्यपक्षबाट | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| **महिला अधिकार** | | | | | | | |
| बेचबिखन तथा ओसारपसार | | | | ८२ | | ८२ | ८२ |
| जबरजस्ती यौन कार्यमा लगाएको | | | | ६ | | ६ | ६ |
| कथित बोक्सीको आरोप | | | | ६३ | | ६३ | ६३ |
| बलात्कार | | | | ४७५ | | ४७५ | ४७५ |
| बलात्कार प्रयास | | | | १५५ | | १५५ | १५५ |
| बहुविवाह | | | | ३२६ | | ३२६ | ३२६ |
| घरेलु हिंसा | | | | १६३२ | | १६३२ | १६३२ |
| यौन दुर्व्यवहार | | | | ७९ | | ७९ | ७९ |
| जबरजस्ती गर्भपतन | | | | ६ | | ६ | ६ |
| **जम्मा** | | | | २८२४ | | २८२४ | २८२४ |
| **अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार** | | | | | | | |
| भेला/सङ्गठित हुने अधिकार | ५ | ३२ | ३७ | | | | ३७ |
| लाठी चार्ज | ८ | ३२ | ४० | | | | ४० |
| **जम्मा** | १३ | ६४ | ७७ | | | | ७७ |
| **जातीय विभेद** | | | | | | | |
| सार्वजनिक स्थलमा प्रवेशबाट वञ्चित | | | | ३ | ४ | ७ | ७ |
| जातीय छुवाछूत | | | | ३४ | १७ | ५१ | ५१ |
| विभिन्न अवसरबाट वञ्चित | | | | १ | ३ | ४ | ४ |
| **जम्मा** | | | | २८ | ३४ | ६२ | ६२ |
| **गिरफ्तारी** | | | | | | | |
| **जम्मा** | २ | १०० | १०२ | | | | १०२ |
| **हिरासत वा थुनामा मृत्यु** | | | | | | | |
| **जम्मा** | | २ | २ | | | | २ |
| **यातना** | | | | | | | |
| **जम्मा** | १ | १८ | १९ | | | | १९ |
| **कुटपिट** | | | | | | | |
| **जम्मा** | १३ | ६६ | ७९ | ३३ | १२० | १५३ | २३२ |
| **धम्की** | | | | | | | |
| जम्मा | | २ | २ | ४ | ३० | ३४ | ३६ |
| **जेलमा मृत्यु** | | | | | | | |
| जम्मा | | ४ | ४ | | | | ४ |

| घटनाको प्रकार | मानव अधिकार उल्लङ्घन राज्यपक्षबाट | | | मानव अधिकार ज्यादती अन्यपक्षबाट | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| **हत्या** | | | | | | | |
| घाँटी रेटेर | | | | २ | | २ | २ |
| घाँटी थिचेर | | | | १ | १ | २ | २ |
| घाँटी काटेर | | | | ५ | ६ | ११ | ११ |
| घन प्रहारबाट | | | | १ | २ | ३ | ३ |
| ढुङ्गाले किचेर | | | | | २ | २ | २ |
| बलात्कारपछि | | | | १९ | | १९ | १९ |
| आगो लगाएर | | | | ७ | १ | ८ | ८ |
| भीर वा डाँडाबाट खसालिएको | | | | १ | १ | २ | २ |
| झुण्ड्याएर | | | | ५ | | ५ | ५ |
| विष खुवाएर | | | | ६ | ४ | १० | १० |
| लाठी प्रहारबाट | | | | ८ | ११ | १९ | १९ |
| कुटपिट गरी | | | | ६७ | ५७ | १२४ | १२४ |
| गोली हानी | | ६ | ६ | ४ | १२ | १६ | २२ |
| खुकुरी प्रहारबाट | | | | | ४ | ४ | ४ |
| धारिलो हतियार प्रहारबाट | | | | ४५ | ४५ | ९० | ९० |
| हत्याको प्रकृति नखुलेको | | | | २ | ३ | ५ | ५ |
| **जम्मा** | | ६ | ६ | १७३ | १४९ | ३२२ | ३२८ |
| **कूल जम्मा** | ३६ | २८६ | ३२२ | ४२६६ | ५२२ | ४७८८ | ५११० |

परिशिष्ट २

# पेसागत आधारमा पीडित सङ्ख्या

| पेशा | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| राजनीतिक कार्यकर्ता | ६ | ९८ | १०४ | ४ | ४० | ४४ |
| स्वास्थ्य कार्यकर्ता | ६ | १७ | २३ | १७ | ९ | २६ |
| स्वास्थ्यकर्मी | | | | ४ | | ४ |
| प्रहरी | | ३ | ३ | ७ | ३८ | ४५ |
| सामाजिक कार्यकर्ता | ५ | ३ | ८ | ५ | ४ | ९ |
| मानव अधिकारकर्मी | १ | | १ | ३ | | ३ |
| मजदुर | | १८ | १८ | ६३ | ३५ | ९८ |
| नाबालक | | | | ५२ | ८ | ६० |
| ज्येष्ठ नागरिक | | | | १६ | २ | १८ |
| जागिरे/कर्मचारी | ३ | ५ | ८ | १० | २१ | ३१ |
| पत्रकार | | १६ | १६ | ३ | ४४ | ४७ |
| विद्यार्थी | ४ | ७० | ७४ | १११० | ११६ | १२२६ |
| शिक्षक | | १ | १ | ८ | १८ | २६ |
| इन्जिनियर | | | | | ५ | ५ |
| उद्योग व्यवसायी | २ | १७ | १९ | ४५ | १५ | ६० |
| कृषक | ३ | ३६ | ३९ | ११३४ | १४२ | १२७६ |
| कानुन व्यवसायी | | | | | १ | १ |
| गृहिणी | ६ | | ६ | १६८३ | ४ | १६८७ |
| नखुलेको | | २ | २ | १०२ | २० | १२२ |
| जम्मा | ३६ | २८६ | ३२२ | ४२६६ | ५२२ | ४७८८ |

## परिशिष्ट ३ प्रदेश १ : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

| घटनाको प्रकार | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | ३ | १ | ४ | ५ | १६ | २१ |
| बाल अधिकार | | | | २३३ | ६ | २३९ |
| अमानवीय व्यवहार | | | | २ | ३ | ५ |
| आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार | | | | १ | १ | २ |
| अपहरण | | | | २ | ८ | १० |
| महिला अधिकार | | | | ४१९ | | ४१९ |
| अभिव्यक्ति भेला तथा सङ्गठित हुने अधिकार | | ४ | ४ | | | |
| जातीय विभेद | | | | २ | २ | ४ |
| गिरफ्तारी | १ | ४२ | ४३ | | | |
| यातना | | १ | १ | | | |
| कुटपिट | २ | ६ | ८ | ५ | २३ | २८ |
| धम्की | | | | १ | | १ |
| हत्या | | १ | १ | २८ | ३० | ५८ |
| जम्मा | ६ | ५५ | ६१ | ६९८ | ८९ | ७८७ |

## परिशिष्ट ४ प्रदेश २ : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

| घटनाको प्रकार | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | | १० | २४ | ३४ |
| बाल अधिकार | | | | २०३ | ८ | २११ |
| अमानवीय व्यवहार | १ | | १ | २ | २ | ४ |
| आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार | | | | १ | | १ |
| अपहरण | | | | ५ | १ | ६ |
| महिला अधिकार | | | | २३५ | | २३५ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | | ४ | ४ | | | |
| जातीय विभेद | | | | २ | ८ | १० |
| यातना | | १ | १ | | | |
| कुटपिट | ३ | २ | ५ | ४ | १० | १४ |
| धम्की | | | | २ | ४ | ६ |
| हत्या | | | | ३६ | ३३ | ६९ |
| जम्मा | ४ | ७ | ११ | ५०० | ९० | ५९० |

## परिशिष्ट ५ प्रदेश ३ : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

| घटनाको प्रकार | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | २ | २ | | ७ | ७ |
| बाल अधिकार | | | | २६५ | १८ | २८३ |
| अमानवीय व्यवहार | | | | १ | | १ |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | | | | | ३ | ३ |
| अपहरण | | | | ३ | १ | ४ |
| महिला अधिकार | | | | ३९७ | | ३९७ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | १ | ३२ | ३३ | | | |
| जेलमा मृत्यु | | १ | १ | | | |
| जातीय विभेद | | | | १ | ५ | ६ |
| गिरफ्तारी | | ११ | ११ | | | |
| हिरासतमा वा थुनामा मृत्यु | | १ | १ | | | |
| यातना | | ५ | ५ | | | |
| कुटपिट | | १ | १ | ३ | ४ | ७ |
| धम्की | | | | | २ | २ |
| हत्या | | २ | २ | २५ | २८ | ५३ |
| जम्मा | १ | ५५ | ५६ | ६९५ | ६८ | ७६३ |

## परिशिष्ट ६ प्रदेश ४ : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

| घटनाको प्रकार | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | | २ | ३ | ५ |
| बाल अधिकार | | | | १२२ | ८ | १३० |
| अमानवीय व्यवहार | | | | | १ | १ |
| आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार | | | | | १ | १ |
| महिला अधिकार | | | | ३६८ | | ३६८ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | ९ | १८ | २७ | | | |
| जातीय विभेद | | | | ३ | १ | ४ |
| गिरफ्तारी | | २० | २० | | | |
| कुटपिट | ३ | २२ | २५ | ५ | २१ | २६ |
| धम्की | | १ | १ | | ८ | ८ |
| हत्या | | | | १५ | ९ | २४ |
| जम्मा | १२ | ६१ | ७३ | ५१५ | ५२ | ५६७ |

## परिशिष्ट ७ प्रदेश ५ : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

| घटनाको प्रकार | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | | १ | | १ |
| बाल अधिकार | | | | २३१ | १७ | २४८ |
| अमानवीय व्यवहार | | ४ | ४ | १ | ८ | ९ |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | | | | १ | १ | २ |
| अपहरण | | | | ४ | ३ | ७ |
| महिला अधिकार | | | | ७३६ | | ७३६ |
| जेलमा मृत्यु | | ३ | ३ | | | |
| जातीय विभेद | | | | १३ | ४ | १७ |
| गिरफ्तारी | १ | १३ | १४ | | | |
| हिरासतमा वा थुनामा मृत्यु | | १ | १ | | | |
| यातना | | ४ | ४ | | | |
| कुटपिट | | | | ४ | १२ | १६ |
| धम्की | | | | १ | ६ | ७ |
| हत्या | | २ | २ | ४१ | २४ | ६५ |
| जम्मा | १ | २७ | २८ | १०३३ | ७५ | ११०८ |

## परिशिष्ट ८ प्रदेश ६ : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

| घटनाको प्रकार | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | ३ | ८ | ११ | | ६ | ६ |
| बाल अधिकार | | | | ६० | २७ | ८७ |
| अमानवीय व्यवहार | | | | | ४ | ४ |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | | | | | १ | १ |
| महिला अधिकार | | | | २५७ | | २५७ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | २ | ३ | ५ | | | |
| जातीय विभेद | | | | ६ | ८ | १४ |
| गिरफ्तारी | | ७ | ७ | | | |
| यातना | | ५ | ५ | | | |
| कुटपिट | | २० | २० | ११ | ३६ | ४७ |
| धम्की | | १ | १ | | १० | १० |
| हत्या | | | | १४ | १३ | २७ |
| जम्मा | ५ | ४४ | ४९ | ३४८ | १०५ | ४५३ |

## परिशिष्ट ९ प्रदेश ७ : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

| घटनाको प्रकार | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | ९ | ९ | १ | १ | २ |
| बाल अधिकार | | | | ४८ | २ | ५0 |
| अमानवीय व्यवहार | | | | | ७ | ७ |
| अपहरण | | | | | १ | १ |
| महिला अधिकार | | | | ४१२ | | ४१२ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | १ | ३ | ४ | | | |
| जातीय विभेद | | | | १ | ६ | ७ |
| गिरफ्तारी | | ७ | ७ | | | |
| यातना | १ | २ | ३ | | | |
| कुटपिट | ५ | १५ | २0 | १ | १४ | १५ |
| हत्या | | १ | १ | १४ | १२ | २६ |
| जम्मा | ७ | ३७ | ४४ | ४७७ | ४३ | ५२0 |

## परिशिष्ट १० पीडित हुनेहरूको सङ्ख्या : घटनाको प्रकार र महिना

| घटनाको प्रकार | Jan | Feb | Mar | Apr | May | Jun | Jul | Aug | Sep | Oct | Nov | Dec | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अपहरण | १ | ८ | १ | १ | २ | ५ | १ | ७ | | १ | | १ | २८ |
| गिरफ्तारी | १ | ३६ | ६ | ६ | १९ | ७ | ७ | २ | ९ | | ९ | | १0२ |
| कुटपिट | १८ | २६ | २३ | २२ | १६ | ३५ | २५ | २१ | ६ | १२ | १४ | १४ | २३२ |
| बाल अधिकार | ८६ | ९७ | ११९ | ९७ | १0९ | ९६ | १0८ | १२६ | १३९ | ११३ | ९२ | ६६ | १२४८ |
| हिरासत वा थुनामा मृत्यु | | | | | | | | | १ | | १ | | २ |
| जेलमा मृत्यु | | | | २ | | १ | | | | १ | | | ४ |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | | १ | | १ | ३ | | | १ | | | | ४ | १0 |
| अमानवीय व्यवहार | ५ | ५ | १ | १ | २ | ६ | ५ | | २ | ३ | १ | ५ | ३६ |
| घाइते | ८ | ४ | १५ | ८ | ३ | ८ | २२ | ११ | ४ | १६ | १ | २ | १0२ |
| हत्या | २४ | २९ | २७ | १0 | २३ | ३२ | ३५ | ३५ | २९ | २९ | २९ | २६ | ३२८ |
| जातीय विभेद | ६ | ७ | ३ | ८ | ११ | ८ | ५ | ४ | ३ | ३ | १ | ३ | ६२ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | ८ | ४ | १७ | २९ | | ८ | १ | ५ | | | ५ | | ७७ |
| धम्की | १ | ५ | ४ | ३ | ४ | २ | २ | ५ | १ | ३ | ५ | १ | ३६ |
| यातना | | २ | | १ | ४ | ७ | २ | १ | १ | १ | | | १९ |
| महिला अधिकार | ३४२ | २९९ | २८५ | २२६ | २७२ | २१५ | २५२ | २५१ | २0५ | २२४ | १७३ | ८0 | २८२४ |
| जम्मा | ५00 | ५२३ | ५0१ | ४१५ | ४६८ | ४३0 | ४६५ | ४६९ | ४00 | ४0६ | ३३१ | २0२ | ५११0 |

## परिशिष्ट ११ जातजातिका आधारमा पीडित सङ्ख्या

| जातजाति | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| सन्यासी | | | | २४ | ५ | २९ |
| ब्राम्हण | ५ | ७० | ७५ | ४२९ | ६८ | ४९७ |
| बैश्य | | | | २८ | १ | २९ |
| बनिया | | १ | १ | १५ | ५ | २० |
| दलित | ६ | २८ | ३४ | ९७१ | ९८ | १०६९ |
| आदिवासी | ५ | ७ | १२ | ८७ | १२ | ९९ |
| मण्डल | | | | ४४ | ४ | ४८ |
| मुस्लिम | २ | १ | ३ | १७९ | १६ | १९५ |
| नेवार | १ | २० | २१ | ४३ | ६ | ४९ |
| जनजाति | ७ | ६२ | ६९ | १२०६ | १०२ | १३०८ |
| क्षेत्री | ९ | ८६ | ९५ | ८०६ | १४३ | ९४९ |
| कोइरी | | १ | १ | १८ | १३ | ३१ |
| कायस्थ | | | | १ | | १ |
| तेली | १ | २ | ३ | ५९ | १३ | ७२ |
| गोडिया | | | | २ | | २ |
| यादव | | २ | २ | १११ | २१ | १३२ |
| नखुलेको | | ६ | ६ | २४३ | १५ | २५८ |
| जम्मा | ३६ | २८६ | ३२२ | ४२६६ | ५२२ | ४७८८ |

## परिशिष्ट १२ भौतिक संरचनामा क्षति

| घटनाको प्रकार | जम्मा |
|---|---|
| स्वास्थ्य केन्द्र | २ |
| सरकारी सवारी साधानहरू | १३ |
| सरकारी कार्यालयहरू | १८ |
| सञ्चार क्षेत्र | ३ |
| दूरसञ्चार टावर | ४ |
| निजी सवारीसाधन | २३ |
| निजी घर | ३ |
| निजी कार्यालयहरू | २ |
| नगरपालिका भवन | ११ |
| जलविद्युत आयोजना | १ |
| प्रहरी चौकी | २ |
| निजी सम्पत्ति | ३ |
| जिल्ला शिक्षा कार्यालय | १ |
| विद्यालय | ४ |
| विद्युतसँग सम्बन्धित क्षेत्र | १ |
| विश्वविद्यालय | १ |
| उद्योग | १ |
| क्याम्पस | ३ |
| हुलाक कार्यालय | १ |
| जम्मा | ९७ |

परिशिष्ट ११

# सन् २०१८ मा जेलमा रहेका कैदी बन्दीहरूको सङ्ख्या

| प्रदेश | क्रसं | जिल्ला | श्रेणी | कारागार को क्षमता | सन् २०१८ को अन्त्यमा जेलमा रहेकाहरूको सङ्ख्या | | | | | आश्रित | | जेलमा मृत्यु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | थुनुवा | कैदी | जम्मा | पुरुष | महिला | बालक | बालिका | |
| १ | १ | ताप्लेजुङ | ङ | २५ | २० | ९६ | ११६ | ११६ | | | | |
| | २ | सङ्खुवासभा | घ | २५ | १७ | ७७ | ९४ | ८९ | ५ | | | |
| | ३ | सोलुखुम्बु | ङ | २५ | १८ | ५१ | ६९ | ६५ | ४ | | | |
| | ४ | ओखलढुङ्गा | घ | २५ | १५ | ४७ | ६२ | ५३ | ९ | | | |
| | ५ | खोटाङ | ङ | ९९ | २५ | ८३ | १०८ | १०५ | ३ | २ | | |
| | ६ | भोजपुर | घ | ४० | १७ | ९३ | ११० | ९९ | ११ | २ | | |
| | ७ | धनकुटा | ङ | ३५ | ७ | ६६ | ७३ | ६९ | ४ | | | |
| | ८ | तेह्रथुम | ङ | ३५ | ८ | ८५ | ९३ | ८८ | ५ | १ | | |
| | ९ | पाँचथर | ङ | २५ | २४ | ११९ | १४३ | १२५ | १८ | १ | | |
| | १० | इलाम | घ | १२५ | ५६ | १८८ | २४४ | २२८ | १६ | | | |
| | ११ | झापा | ग | ४०० | ६०७ | ४७२ | १०७९ | ९८८ | ९१ | ३ | २ | ६ |
| | १२ | मोरङ | ख | ३०० | ४१४ | ३९३ | ८०७ | ७१८ | ८९ | ५ | १ | १३ |
| | १३ | मोरङ (बाल सुधार गृह) | | | | | ९० | ९० | | | | |
| | १४ | सुनसरी | ख | १६०० | ६५० | १००६ | १६५६ | १६५६ | | | | २ |
| | १५ | उदयपुर | ङ | ५० | ६८ | ८९ | १५७ | १४७ | १० | | ३ | |
| २ | १ | सप्तरी | घ | १२५ | १८८ | १३१ | ३१९ | ३०२ | १७ | | १ | २ |
| | २ | सिरहा | घ | १५० | २१४ | १७५ | ३८९ | ३७३ | १६ | | | १ |
| | ३ | महोत्तरी | ग | १३५ | ३७२ | १०० | ४७२ | ४३० | ४२ | | १ | |
| | ४ | रौतहट | ग | १२० | ११४ | ११२ | २२६ | २१४ | १२ | १ | | |
| | ५ | पर्सा | ख | १२७० | ७४५ | ५२१ | १२६६ | ११६८ | ९८ | | | |
| ३ | १ | दोलखा | श्रेणी विहीन | १७ | १५ | ७२ | ८७ | ८७ | | | | |
| | २ | सिन्धुपाल्चोक | घ | ७ | १८ | ८६ | १०४ | १०४ | | | | |
| | ३ | रसुवा | ङ | २५ | ११ | ९६ | १०७ | १०३ | ४ | | | |
| | ४ | धादिङ | ख | १५० | ५९ | १७० | २२९ | २१८ | ११ | १ | १ | |
| | ५ | नुवाकोट | ख | ७० | ५९ | ११६ | १७५ | १५६ | १९ | | | |
| | ६ | काठमाडौँ (केन्द्रीय) | क | १५०० | ९०९ | ६६८ | १५७७ | १५७७ | | | | १३ |
| | ७ | काठमाडौँ (भद्रबन्दी गृह) | क | ५०० | २७९ | ४७६ | ७५५ | ७५५ | | | | |
| | ८ | काठमाडौँ (डिल्लीबजार) | क | ३०० | २६२ | ३२४ | ५८६ | ५८६ | | | | |
| | ९ | काठमाडौँ (महिला) | क | ३०० | २१५ | १०७ | ३२२ | | ३२२ | ५ | ३ | |
| | १० | भक्तपुर(बाल सुधार गृह) | ग | ११० | ६८ | १०० | १६८ | १५२ | १६ | | | |
| | ११ | ललितपुर | क | ६०० | ६४४ | ४०१ | १०४५ | १०४५ | | | | |
| | १२ | काभ्रेपलाञ्चोक | ङ | ७५ | ८२ | १३८ | २२० | २२० | | | | |
| | १३ | रामेछाप | घ | १०० | २७ | २६० | २८७ | २८७ | | | | १ |
| | १४ | सिन्धुली | घ | ३५ | २९ | ११० | १३९ | १३० | ९ | | १ | |
| | १५ | मकवानपुर | ख | १२०० | १६६ | ७६१ | ९२७ | ९२७ | | | | |
| | १६ | चितवन | घ | २५५ | २४९ | ४१८ | ६६७ | ६२८ | ३९ | २ | २ | |

| प्रदेश | क्र.सं. | जिल्ला | श्रेणी | जेलको क्षमता | सन् २०१८ को अन्त्यमा जेलमा रहेकाहरूको सङ्ख्या | | | | | आश्रित | | जेलमा मृत्यु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | थुनुवा | कैदी | जम्मा | पुरुष | महिला | बालक | बालिका | |
| ४ | १ | गोरखा | घ | ५५ | २० | ६३ | ८३ | ७६ | ७ | | | |
| | २ | मनाङ | श्रेणी विहीन | २० | ४ | १० | १४ | १४ | | | | |
| | ३ | मुस्ताङ | ङ | २५ | | १० | १० | १० | | | | |
| | ४ | म्याग्दी | घ | ३२ | २० | ६६ | ८६ | ८० | ६ | २ | | |
| | ५ | कास्की | घ | २५० | १३८ | ६२७ | ७६५ | ७१२ | ५३ | | | |
| | ६ | कास्की (बाल सुधार गृह) | | ५० | | | ६२ | ६२ | | | | |
| | ७ | लमजुङ | ङ | ३५ | २७ | ५१ | ७८ | ६७ | ११ | | १ | |
| | ८ | तनहुँ | ग | २५ | ५४ | ५६ | ११० | ११० | | १ | १ | |
| | ९ | स्याङजा | ङ | ५० | ५६ | ६८ | १२४ | ११८ | ६ | | | |
| | १० | पर्वत | ङ | २५ | ८ | ७७ | ८५ | ८० | ५ | | | |
| | ११ | बागलुङ | ङ | २५ | ३१ | ६३ | ९४ | ८१ | १३ | | १ | |
| ५ | १ | रुकुम (पूर्व) | जेल छैन | | | | | | | | | |
| | २ | रोल्पा | घ | ५० | १० | ६९ | ७९ | ६९ | १० | | | |
| | ३ | प्यूठान | घ | २५ | ३२ | ४१ | ७३ | ५९ | १४ | | | |
| | ४ | गुल्मी | घ | २५ | १५ | ५० | ६५ | ६० | ५ | | २ | |
| | ५ | अर्घाखाँची | ङ | २५ | १५ | २२ | ३७ | ३३ | ४ | | | |
| | ६ | पाल्पा | ग | ३०० | ५१ | २४४ | २९५ | २३९ | ५६ | २ | | |
| | ७ | नवलपरासी (पश्चिम) | घ | १५० | १५८ | १७२ | ३३० | २७० | ६० | ४ | | ३ |
| | ८ | रुपन्देही | ग | १०० | २७७ | १२० | ३९७ | ३९७ | | | | |
| | ९ | कपिलवस्तु | घ | २८० | ९७ | २१० | ३०७ | ३०५ | २ | | | |
| | १० | दाङ (घोराही) | ग | ५० | ११८ | १३८ | २५६ | २५६ | | | | |
| | ११ | दाङ (तुलसीपुर) | ग | ४५० | १२ | ४०३ | ४१५ | ३८२ | ३३ | १ | ४ | |
| | १२ | बाँके | ग | ३०० | ३२१ | ३९६ | ७१७ | ६५८ | ५९ | २ | १ | |
| | १३ | बर्दिया | ग | १२५ | ६२ | २१० | २७२ | २०३ | ६९ | १ | | |
| ६ | १ | डोल्पा | ङ | २५ | ६ | २० | २६ | २६ | | | | |
| | २ | मुगु | घ | १५ | कारागार भवन निर्माण प्रक्रियामा रहेकाले कैदी बन्दी अन्यत्र पठाउने गरिएको छ। | | | | | | | |
| | ३ | हुम्ला | घ | २५ | ४ | २ | ६ | ६ | | | | |
| | ४ | जुम्ला | ङ | २०० | २० | ५९ | ७९ | ७६ | ३ | | | |
| | ५ | कालिकोट | घ | २५ | २३ | ४७ | ७० | ६६ | ४ | | | |
| | ६ | दैलेख | घ | ८० | १९ | ९१ | ११० | ९६ | १४ | २ | | |
| | ७ | जाजरकोट | घ | १० | १५ | ४४ | ५९ | ५८ | १ | | | |
| | ८ | रुकुम (पश्चिम) | घ | २५ | ४९ | ४४ | ९३ | ८८ | ५ | १ | | |
| | ९ | सल्यान | घ | २५ | ४१ | ५४ | ९५ | ७५ | २० | २ | | |
| | १० | सुर्खेत | ङ | २५ | ८८ | १७० | २५८ | २३९ | १९ | १ | १ | |
| ७ | १ | बाजुरा | घ | २५ | १५ | २० | ३५ | ३५ | | | | |
| | २ | बझाङ | ङ | २५ | १४ | ४४ | ५८ | ५८ | | | | |
| | ३ | दार्चुला | घ | ४० | १३ | ३२ | ४५ | ४३ | २ | १ | | |
| | ४ | बैतडी | घ | २५ | १७ | ३३ | ५० | ५० | | | | |
| | ५ | डडेलधुरा | ख | १२५ | ६ | ५३ | ५९ | ५५ | ४ | १ | ३ | |
| | ६ | डोटी | ख | ३० | १७ | ३३ | ५० | ४५ | ५ | | १ | |
| | ७ | अछाम | ङ | ८० | ९ | ४२ | ५१ | ४८ | ३ | १ | | |
| | ८ | कैलाली | घ | १५० | ११४ | २९५ | ४०९ | ३८२ | २७ | १ | २ | |
| | ९ | कञ्चनपुर | ग | ९५ | २४ | २५८ | २८२ | २६६ | १६ | | | |
| | | | जम्मा | १३४७५ | ८६९१ | १२७१४ | २१५५७ | २०१५१ | १४०६ | ४६ | ३२ | २७ |

अनुसूची ३

# सन् २०१८ को मानव अधिकार स्थितिबारे राजनीतिक दलका धारणा

## नेपाल कम्युनिस्ट पार्टी (नेकपा)

सन् २०१८ नेपालको मानव अधिकारका दृष्टिले मिश्रितखालको रह्यो। कतिपय पक्षमा हामीले उल्लेखनीय उपलब्धि हासिल गरेका छौँ भने कतिपय सन्दर्भमा मानव अधिकारको स्थिति निकै चुनौतीपूर्ण देखिएको छ। नेकपाको दृष्टिमा सन् २०१८ मा नेपालको मानव अधिकारको स्थितिका प्रतिनिधिमूलक प्रवृत्तिहरूलाई सङ्क्षेपमा प्रस्तुत गरिएको छ :

१. नेपालको संविधानमा समानताको प्रत्याभूति, मानव सम्मान, पहिचान र अवसरको प्रवर्द्धन गरिएको छ। सबै खालका विभेद र असमानता अन्त्य गर्दै बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक तथा विविधतापूर्ण भौगोलिक विशेषताहरू आत्मसात गरिएको छ। नेपाल आफूले अनुमोदन गरेका तथा सम्मिलन जनाएका मानव अधिकारसम्बन्धी प्रावधानहरूको कार्यान्वयन गर्न प्रतिबद्ध रहेको छ। यसै सिलसिलामा मौलिक हकहरूको कार्यान्वयनका लागि १८ वटा ऐन निर्माण गरी लागु भइसकेका छन्। संविधानको मर्मबमोजिम मानव अधिकारको प्रवर्द्धन र संरक्षण गर्ने विभिन्न आयोगको गठन प्रक्रिया सुरु भएको छ। साथै मानव अधिकार तथा सामाजिक न्यायका क्षेत्रमा प्रत्यक्ष सरोकार राख्ने सरकारी निकायहरूमा एकाइहरू स्थापना गरी प्रभावकारी कार्यान्वयन अगाडि बढाइएको छ।

२. अहिले नेपालमा जनताको अभूतपूर्व सहभागिताद्वारा निर्वाचित दुईतिहाइ बहुमतको नेकपाको सरकार बनेको छ। यसैगरी अधिकांश प्रदेश र स्थानीय तहमा नेकपाकै निर्वाचित सरकार क्रियाशील छन्। नागरिकप्रति उत्तरदायी भएर तिनै तहमा क्रियाशील यो सरकारले सम्पूर्ण जनतामा नागरिक तथा राजनीतिक अधिकार अनुभूत गराउन आफ्ना सम्पूर्ण संयन्त्र परिचालित गरिआएको छ।

३. शान्तिपूर्ण प्रक्रियाबाट देश महत्त्वपूर्ण राजनीतिक र नागरिक अधिकार प्राप्तिमा आइपुगेको भए तापनि केही सशस्त्र आन्दोलनका छिटपुट घटना जारी रहेको देखिन्छ। जसलाई हाम्रो पार्टीले शान्तिवार्ताकै माध्यमबाट समाधान गर्न आवश्यक ठानी सरकारमार्फत वार्ता कमिटी गठन गरी त्यसमा केही प्रगतिसमेत हासिल गरेको छ। यद्यपि मुलुकमा बेलाबेलामा साना हतियारको प्रयोग, बिष्फोट, व्यक्तिको अपहरण, हत्याका घटना भइरहेका देखिन्छ। यस्ता घटना हुन नदिन सरकार हरसम्भव प्रयत्नशील छ।

४. नेपालको संविधानमा स्वतन्त्रतापूर्वक पेशा/व्यवसाय गर्ने, देशभित्र र बाहिर आवत–जावत गर्ने, बसोबास गर्ने, सङ्घ/संस्था खोल्ने र त्यसमा आबद्ध हुने, बिनाहातहतियार शान्तिपूर्वक भेला हुने तथा प्रदर्शन गर्ने, अभिव्यक्तिलगायतका विभिन्न स्वतन्त्रता प्रदान गरिएको छ। नागरिकले स्वतन्त्रताको अनुभूति गर्ने अवसर प्राप्त गरेका छन्। यसलाई थप व्यवस्थित र मर्यादित बनाइ लोकतान्त्रिक अभ्यास प्रयोग गर्दा अन्य नागरिकको आवागमनको अधिकार कुण्ठित नहोस् भन्ने अभिप्रायले विरोध प्रदर्शन गर्ने निश्चित स्थानहरू निर्धारणलाई हाम्रो पार्टीले प्राथमिकतामा राखेको छ। यसको कार्यान्वयनका क्रममा सरकारले केही कदम चालेको देखिन्छ।

५. सशस्त्र द्वन्द्वका क्रममा हत्या, अङ्गभङ्ग, बलपूर्वक बेपत्ता, अपहरण, यातना तथा कुटपिट, यौनजन्य हिंसा, सम्पत्ति कब्जा एवम् नष्ट तथा बलपूर्वक बिस्थापनलगायतका घटनाबाट पीडित व्यक्तिहरूले न्याय एवम् परिपूरण प्राप्त गर्न सकेका छैनन्। सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता व्यक्तिहरूको छानबिन आयोग गठन भएको लामो समय व्यतीत भइसक्दा पनि पीडितले न्याय महसुस हुनेगरी प्रगति गर्न नसकेकोतर्फ पार्टी गम्भीर छ। यसै सन्दर्भमा सरकारले हालैमात्र यी आयोगलाई कायमै राखी थप सङ्क्रमणकालीन न्याय व्यवस्थापनमा तीब्रता ल्याउन प्रयत्न गरिरहेको छ। हाम्रो पार्टी सङ्क्रमणकालीन न्याय व्यवस्थापनमा हामीले हालसम्म हासिल गरेका सिकाइ र अनुभवलाई अन्तर्राष्ट्रिय अनुभवहरूका सन्दर्भमा राख्दै पूर्णरूपमा उपयोग गर्ने कुरामा दृढ छ।

६. मौलिक हकका रूपमा राजनीतिक दलहरू र

सङ्घसंस्था खोल्ने हक संविधानतः सुनिश्चित भएको सन्दर्भमा नागरिक सङ्गठनको व्यवस्थापन महत्त्वपूर्ण विषय रहेको छ। नागरिक सङ्घ/संस्थाहरूको सहज गठन र स्वतः परिचालन हुने मौलिक हकलाई प्रभावकारी कार्यान्वयनका लागि यस वर्ष पार्टीको पहलमा एक न्यायिक आयोग गठन गरी सो आयोगबाट आवश्यक सुझावहरूसहितको प्रतिवेदन सरकारलाई प्राप्त भइसकेको छ। यस सन्दर्भमा नागरिक सङ्गठनहरूको व्यवस्थापन गर्ने पुराना ऐनहरू विस्थापन गर्दै नयाँ ऐन यथाशक्य चाँडो निर्माण गर्न पार्टीको पहल जारी छ।

७. नेपालमा धनी र गरिबबीच असमानता रहेको तथ्य तथ्याङ्कहरूले पुष्टि गरिरहेका सन्दर्भलाई हाम्रो पार्टीले गम्भीररूपमा लिँदै आगामी दिनमा असमानता न्यूनीकरण गर्ने हरउपायहरू अवलम्बन गर्न प्रयत्नशील रहेको छ। मुलुकमा विद्यमान गरिबी र असमानताको अन्त्य नै विकासको न्यूनतम् सर्त हुनुपर्छ भन्नेमा पार्टी विश्वस्त छ। यसै सन्दर्भमा गरिबी र असमानता कम गर्नेतर्फ तीनवटै तहका सरकारहरू प्रयत्नशील हुनुपर्छ भन्नेमा पार्टीको जोड छ। विश्व भोकमरी सूचकाङ्कबमोजिम नेपाल ७२ औँ स्थानमा रहेको सन्दर्भमा खाद्यान्नको अधिकार आधारभूत अधिकारका रूपमा प्रत्याभूत गर्न हाम्रो पार्टी क्रियाशील छ। नेपालमा अझै पनि एक चौथाइभन्दा बढी गरिबहरू न्यूनतम् आवश्यकताको खोजीमा भौतारिनुपरेको विडम्बनापूर्ण परिस्थितिलाई ध्यानमा राखेर हाम्रो पार्टी खासगरी दलित, सीमान्तकृत, जोखिममा रहेका समुदाय, पिछडिएको वर्ग र कर्णाली तथा सुदूरपश्चिम क्षेत्रको गरिबी न्यूनीकरणमा आक्रामकरूपमा लाग्नुपर्ने निष्कर्षमा पुगेको छ।

८. प्रत्येक नागरिकलाई आधारभूत तहसम्म अनिवार्य तथा निःशुल्क, माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने संवैधानिक हकलाई दृष्टिगत गरी पार्टीले शिक्षा क्षेत्रको नीति तथा कार्यक्रमलाई परिमार्जन गरी नयाँ व्यवस्था लागु गर्न शिक्षा आयोगको महसुस गरी सरकारलाई सुझाव दिएको थियो। यसै आधारमा सरकारमार्फत गठित शिक्षा आयोगको प्रतिवेदन हालैमात्र प्राप्त भएको सन्दर्भमा सो प्रतिवेदनमा समेटिएका सुझावहरूलाई कार्यान्वयन गर्न पार्टी क्रियाशील छ। यस सन्दर्भमा निजी तथा सामुदायिक विद्यालयबीच, हुने र नहुनेबीच शिक्षामा विभेद र असमानता कम गर्न, सहरी क्षेत्र र ग्रामीण क्षेत्र, निजी र सामुदायिक विद्यालयको फरकपनले आमनागरिकले शिक्षामा समान पहुँच हासिल गर्न परेको जटिलतालाई न्यूनीकरण गर्न पार्टी प्रयत्नशील छ।

९. विपन्न नागरिकलाई कडा रोग लागेको अवस्थामा उपचार खर्च तथा आर्थिक सहायता कोष, २०६९ लागु गरी बढीमा एक लाख रुपियाँसम्म औषधि उपचार गर्ने व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्न पार्टी क्रियाशील छ। सरकारबाट परिवार नियोजन, गर्भपतन सेवा, बाँझोपन निवारण, सुरक्षित मातृत्व, नवजात शिशुको सुरक्षा, यौनजन्य सरुवा रोग, बालबालिका र ज्येष्ठ नागरिकको स्वास्थ्य उपचारमा विशेष जोड दिइएको छ। स्वास्थ्य सेवामा नागरिकको पहुँच पुऱ्याउन आधारभूत खोप तथा औषधिहरू निःशुल्क वितरण गर्ने सुरक्षित प्रसूति सेवालाई देशव्यापी विस्तार गर्ने कार्यक्रमलाई प्रभावकारी बनाइएको छ। सबैका लागि सहज चिकित्सा शिक्षा हासिल हुन सकोस् भन्ने मनसायबाट नेपालको संसद्ले भरखरै विधेयक पारित गरेको छ। यस ऐनलाई जनभावनाअनुरूप कार्यान्वयन गराउन पार्टीको विशेष पहल रहनेछ।

१०. मुलुकको विभिन्न क्षेत्रमा रहेका अव्यवस्थित बसोबासीहरू सुकुमबासीका नाममा छन्। भूमिहीन नागरिकहरूका समस्या यथावत छन्। गत २०७२ वैशाख १२ गते गएको भूकम्प र त्यसपछिका पराकम्पबाट घरवारबिहीन नागरिकहरूको सङ्ख्या एकैपटक बढ्न गएको थियो। अघिल्लो असार महिनासम्ममा ४५ प्रतिशत मात्र निजी आवास निर्माण भएको तथ्याङ्कले पुनर्निर्माणको अवस्था नाजुक भएको देखाएको सन्दर्भमा यस वर्ष पार्टीले पुनर्निर्माणलाई प्राथमिकतामा राखेकै कारण ठूलो प्रगति भएको पाइएको छ। हालसम्म अनुदान सम्झौता भएका ७ लाख ८८ हजार ९ सय ९० मध्ये आधाभन्दा बढीले निजी आवास निर्माण सम्पन्न गरेबाट सो कुराको पुष्टि हुन्छ। पुनर्निर्माण कार्यलाई तीव्रता दिन सङ्घले पुनर्निर्माणको कार्य स्थानीय सरकारलाई दिने निर्णय गरिसकेको छ।

११. गत वर्षहरूको तुलनामा यो वर्ष वैदेशिक रोजगारीमा जाने युवाको सङ्ख्या घटेको देखिन्छ। यसका कारण विविध हुन सक्छन्। नेपालमा नै रोजगारको वातावरण निर्माण गर्नका लागि योगदानमा आधारित सामाजिक सुरक्षा प्रणाली लागु गर्नु, श्रम स्वीकृतिका लागि प्रदेश स्तरमा कार्यालयहरू खोलिनु सकारात्मक थालनी

हुन्। विप्रेषणले मुलुकको अर्थतन्त्रलाई महत्त्वपूर्ण योगदान गरिरहेको छ। विप्रेषणको मुख्य स्रोतको रूपमा रहेको वैदेशिक रोजगारमा गएका कामदारहरूको सुरक्षाका लागि, स्वदेश फर्केपछिको जीविकोपार्जन, परिवारको सुरक्षा, उनीहरूका बालबालिकाको सुरक्षाको अवस्था प्रभावकारी बनाउन पार्टी गम्भीर छ।

१२. यस वर्ष महिला हिंसाका घटनामा भएको बढोत्तरीप्रति पार्टी संवेदनशील बनेको छ । महिलामाथि हुने शारीरिक तथा मानसिक शोषण, सांस्कृतिक शोषण, बेचबिखन, छाउपडी, यौन शोषण, यौन हिसा, कार्यस्थलमा हुने हिंसा, भ्रुण हत्या जस्ता घटनाबाट महिलाहरू उत्पीडित भएका देखिन्छ। परिणामतः कमजोर स्वास्थ्य, मातृ मृत्यु दर बढ्ने, साक्षरता दरमा कमी, विद्यालय छाड्ने, उच्च शिक्षासम्म पुग्न कठिनाइ हुने, रोजगारीमा अवसर प्राप्त गर्न नसक्ने, सेवा प्रवेश गर्न नसक्ने, घरधन्दामा समय बिताउनु परिरहेको जस्ता परिणाम देखिएका छन्। यस्तो अवस्थाले महिलामा सामाजिक न्याय र समानताको हकको अनुभूति हुन सक्दैन । महिलाका मानव अधिकारलाई पार्टीले विशेष चासोका रूपमा राख्दै आवश्यक पहल गरिरहेको छ।

१३. एकतिहाइ बालबालिका बालश्रममा र ६ लाखभन्दा बढी बालबालिका जोखिमयुक्त श्रममा रहेको विद्यमान अवस्थामा बालबालिकाको अधिकार सुनिश्चित गर्न पार्टी क्रियाशील छ। सहरी तथा तराई–मधेसको क्षेत्रमा घरेलु, औद्योगिक क्षेत्रमा, यातायात क्षेत्रमा, होटल आदि व्यवसाय र मनोरञ्जनका क्षेत्रमा बाल श्रमिकहरू अझै पनि संलग्न छन् भने पहाडी र हिमाली क्षेत्रमा बालबालिकाहरू भरियाका रूपमा समेत संलग्न भएका देखिन्छ।

१४. हत्या, हिंसा र छाउपडी जस्ता घटनाबाट खासगरी किशोरीहरू पीडित भएका देखिन्छ । किशोरीहरूको अधिकारका लागि पार्टी गम्भीर छ। संविधानतः महिला अधिकारको व्यवस्था सकारात्मक छ । राजनीतिमा सहभागिता, सम्पत्तिमा समान हक, अंश र वंशमा समान हक, सेवा प्रवेशमा विशेष व्यवस्था, सेवाको सुरक्षा जस्ता प्रावधान कानुनीरूपमा लागु गरिएका छन् । संविधानप्रदत्त यी हकलाई व्यवहारमा लागु गर्न पार्टी क्रियाशील छ।

१५. संविधानतः कुनै पनि आधारमा कुनै पनि नागरिकप्रति असमानतापूर्ण व्यवहार तथा भेदभाव नगरिने व्यवस्था रहेको र दलितसम्बन्धी विशेष हकको समेत व्यवस्था गरिएको सन्दर्भमा यसको प्रभावकारी कार्यान्वयनमा पार्टीले जोड दिएको छ । ४२ प्रतिशतभन्दा दलित समुदाय गरिबीको रेखामुनि रहेका र दलित समुदायको मानव सूचकाङ्कमा ०.४३४ रहेको सन्दर्भमा संविधानप्रदत्त हकलाई कार्यान्वयनमा ल्याउनु सरकार तथा सबै राजनीतिक दलहरूको प्रमुख जिम्मेवारी भएको स्पष्ट हुन्छ । दलित समुदायलाई सामाजिक न्यायको हक, निजामती सेवामा दलितलगायत सीमान्तकृत समुदायको समावेशी प्रतिनिधित्व रहेको सन्दर्भमा नेपाली समाजमा विद्यमान जातीय छुवाछूत, सामाजिक भेदभाव र पेशागत विभेदलाई पूर्णरूपमा अन्त्य गर्न पार्टी क्रियाशील छ।

१६. समानता र अविभेदको सिद्धान्तअनुरूप अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकारको सम्बन्धमा मौलिक हकमा विशेष व्यवस्था छ। अपाङ्ग बालबालिकाका लागि विशेष शिक्षाको व्यवस्था गरेको देखिन्छ । राजनीतिक प्रतिनिधित्व प्रणालीमा राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट एकजना अपाङ्गता भएको व्यक्ति वा अल्पसङ्ख्यकको तर्फबाट अनिवार्य सहभागिता हुनुपर्ने व्यवस्थाले अपाङ्गता क्षेत्रको राजनीतिक सहभागिता सुनिश्चित गर्न खोजेको छ। यद्यपि, परिवार, समुदाय र राष्ट्रले अपाङ्गता भएका व्यक्तिहरूको विषयलाई अधिकारमुखी अवधारणाबाट हेरेको देखिँदैन। यस सन्दर्भमा अपाङ्गता भएका व्यक्तिहरूका लागि अपाङ्गमैत्री भौतिक संरचना, भौतिक साधन र विशेष शिक्षा, सुविधा तथा अवसर सिर्जना गर्न पार्टी प्रयत्नशील छ।

१७. मुलुकमा बढ्दो भ्रष्टाचार न्यूनीकरण गर्न पार्टी प्रतिबद्ध रहेको छ । भ्रष्टाचारसम्बन्धी सूचकाङ्कमा नेपाल गत वर्षभन्दा कमजोर देखिएको सन्दर्भमा पार्टीले यसलाई मुख्य चुनौतीका रूपमा लिएको छ। यस सन्दर्भमा नागरिकलाई सरकारले दिनैपर्ने सेवा नदिने, झुलाउने, घूस लिने, कमिसन लिने, कमजोर भौतिक पूर्वाधार निर्माण गर्ने जस्ता कार्यहरूलाई निरुत्साहित गर्न केही सकारात्मक पहलहरू भएका छन्। खासगरी मालपोत क्षेत्रको भ्रष्टाचार र ढिलासुस्ती अन्त्य गर्न सरकारले प्रक्रियागत सुधारहरू गरेको छ । भ्रष्टाचारलाई शून्य सहनशीलताका रूपमा लिँदै पार्टीले सबै तहका सरकारहरूलाई पारदर्शी, जवाफदेही र जिम्मेवार

ढङ्गबाट आमनागरिकको पक्षमा काम गर्न निर्देशित गरेको छ । सार्वजनिक यातायातलगायतका सार्वजनिक सेवालाई जनमुखी बनाउन पार्टी लागिरहेको छ । राज्यकोषबाट बिनामापदण्ड रकम वितरण गर्ने प्रवृत्तिलाई निरुत्साहित गरिएको छ। विधिको शासनमार्फत जनतालाई सुशासन प्रत्याभूत गराउन पार्टी प्रयत्नशील छ। संविधानसँग बाझिने र नयाँ आवश्यक नियमहरू बनाउने कार्यलाई पार्टीले तीव्रता दिएको छ।

१८. अदालतका फैसला कार्यान्वयन गर्न कठिनाइ, मानव अधिकार आयोगका सिफारिसहरू कार्यान्वयन नभएको अवस्था विद्यमान छ । यसप्रकारको दण्डहीनताको अवस्था अन्त्य गर्न पार्टी प्रयत्नशील छ। मानव अधिकार उल्लङ्घन गर्ने वा अपराध गर्नेलाई राजनीतिक संरक्षण नदिन पार्टीले निर्देशन गरेको छ।

१९. सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता नागरिक छानबिन आयोगको प्रभावकारिता नदेखिएको सन्दर्भमा यी आयोगलाई सङ्क्रमणकालीन न्यायको व्यवस्थापन गर्न सक्ने बनाउन पार्टी प्रयत्नशील छ।

२०. नेपाली समाजमा बोक्सी, छाउ पडी प्रथा, दहेज जस्ता कुप्रथा विद्यमान छन्। बोक्सीको आरोपमा अहिले पनि कतिपय महिला र पुरुष अमानवीय व्यवहारको सिकार बन्न पुगेका छन् । दिशा खुवाउने, कपाल मुड्ने र ज्यान लिनेसम्मका कार्य भइरहेका छन्। दहेज नल्याएको वा कम ल्याएको जस्ता बहानामा महिलालाई जिउँदै जलाइने गरेको छ। छाउपडी प्रथाका कारण कतिपय महिलाले ज्यानसमेत गुमाउनुपरेको छ। छुवाछूतको उत्पीडन कायमै छ । अन्तरजातीय विवाहका कारण विवाहित जोडीहरू विभेदको सिकार भइरहेका छन्। यो प्रथा अन्त्य गरेरमात्र लैङ्गिक समानता तथा सामाजिक न्याय स्थापना हुन सक्छ भन्नेमा पार्टी दृढ छ।

२१. मानव अधिकारसँगै मानव कर्तव्य पनि जोडिन आउँछ । हरेक निकाय र व्यक्तिले मानव अधिकारका सिद्धान्तहरूलाई व्यवहारिकरूपमा स्वीकार गरेको हुनुपर्छ । मानव अधिकारका सवालहरू निरूपणको विषय मूलतः राज्यबाट सम्बोधन हुनुपर्ने विषय भए तापनि मानव अधिकारको संरक्षण, प्रवर्द्धन र अनुगमनमा नागरिक सङ्गठनहरूको भूमिका महत्त्वपूर्ण रहेको छ। यसर्थ माथि उल्लिखित चुनौतीहरू सामना गर्न राज्य, राजनीतिक दलहरू, नागरिक सङ्गठन, निजी क्षेत्र र सञ्चार क्षेत्रको प्रभावकारी समन्वय तथा साझेदारी हुन जरुरी छ। यसका लागि राज्यले उपयुक्त वातावरण निर्माण गर्नुपर्छ भन्नेमा पार्टीले जोड दिएको छ।

**कृष्णगोपाल श्रेष्ठ**
केन्द्रीय कार्यालय

## नेपाली कांग्रेस

सन् २०१८ को नेपालको मानव अधिकार अवस्थाबारे टिप्पणी गर्दा वि.सं. २०४६ सालमा नेपालमा प्रजातन्त्र पुनर्स्थापना भएपश्चातका विगत ३० वर्षको अवधिमा, माओवादी हिंसात्मक द्वन्द्वकालका १० वर्षको अवधिलाई छाडेर बाँकी २० वर्षको अवधिमा भएका मानव अधिकार उल्लङ्घनका कैयन् घटनालाई समेत ओझेलमा पार्नेगरी मुलुकमा कम्युनिस्ट सरकार स्थापनासँगै मानव अधिकार उल्लङ्घनका जघन्य घटनाहरू एकपछि अर्को निरन्तर जारी नै रहे। राज्यका तीनवटै अङ्गबीचको शक्ति सन्तुलनलाई भत्काएर स्वतन्त्र न्यायपालिका तथा अन्य संवैधानिक निकायहरूमाथि ठाडो हस्तक्षेप प्रारम्भ गरियो । कार्यपालिकाको निर्देशन र नियन्त्रणमा चल्नुपर्ने गरी राज्यको चौथो अङ्गका रूपमा रहेको सञ्चार जगतलाई समेत त्रसित बनाउने कार्य प्रारम्भ गरियो।

प्रधानमन्त्रीले सर्वोच्च अदालतका प्रधान न्यायाधीश नियुक्तिको आफैँ सिफारिस गर्ने, आफैँ अस्वीकृत गर्न लगाउने जस्ता समग्र न्यायपालिकाको गरिमामा आँच र न्यायाधीशहरूको आत्मबलमा चोट पुऱ्याउने गतिविधि भए। संविधानप्रदत्त प्रेस स्वतन्त्रताको हक विपरीत कुनै समाचार प्रशारण वा साभार गरिएको विषयवस्तु र प्रस्तुतिप्रति अहिष्णु बन्दै पत्रकार राजु बस्नेतलाई फक्राउ गरी सञ्चार क्षेत्रलाई नै त्रसित बनाउने कार्य गरियो। शान्तिपूर्ण प्रदर्शन निषेध गर्ने, चिकित्सा क्षेत्रको समग्र सुधारको मागसहित भद्र अवज्ञा आन्दोलन र भोक हड्तालमा रहेका डा. गोविन्द केसीमाथि धरपकड गरी अपहरण शैलीमा स्थानान्तरण गर्ने, अत्यन्त पूर्वाग्रही र बदनियतपूर्ण तरिकाले अघिल्लो सरकारले गरेका सबै वैधानिक राजनीतिक नियुक्तिहरू खारेज गर्ने, महेन्द्र संस्कृत विश्वविद्यालयका उपकूलपति जस्तो गरिमामय पदमा सेवारत प्रा.डा. कुलप्रसाद कोइरालालाई अपहरण शैलीमा विमानस्थलबाट सिधै प्रधान मन्त्री निवासमा ल्याएर घण्टौँ बन्धक बनाउने कार्यमा राज्य नै सक्रिय रह्यो। नेपाली कांग्रेस र यसका समर्थक, शुभेच्छुक सबैप्रति कम्युनिस्ट सरकार र सरकार नियन्त्रित संरचना अत्यन्त पूर्वाग्रही र प्रतिशोधपूर्ण रहे। देशव्यापी मूल्य वृद्धिको विरोधमा शान्तिपूर्ण प्रदर्शनमा

रहेका विद्यार्थीमाथि सुर्खेतमा नेपाली कांग्रेसकै पार्टी कार्यालयभित्र प्रवेश गरी नेपाल विद्यार्थी सङ्घसम्बद्ध विद्यार्थी तथा पार्टी कार्यकर्तामाथि निर्घात कुटपिट गरियो । पञ्चायतकालीन सत्ताभन्दा पनि बढी निरङ्कुशता प्रदर्शन गर्दै लोकतन्त्रका आधारभूत मूल्य, मान्यता र नागरिक अधिकारमाथि चरम दमन गरियो । सरकारको जनविरोधी र सर्वसत्तावादी क्रियाकलापका विरुद्ध नेपाली कांग्रेसले साउन १५ गते ७७ वटै जिल्लामा विरोध प्रदर्शन आयोजनासमेत गर्नुपऱ्यो । अधिनायकवादी सरकारको दमन झन्झन् बढ्दै गयो । नुवाकोटको विदुरमा शान्तिपूर्ण प्रदर्शनमा प्रहरीद्वारा निर्घात कुटपिट गरी पार्टीका नुवाकोट जिल्लाका निवर्तमान सभापति ध्रुव अधिकारीलगायत दर्जनौँ नेता तथा कार्यकर्तालाई गम्भीर घाइते बनायो ।

यसैगरी, नेपाल तरुण दलको नेतृत्वमा साउन ५ गते बानेश्वरमा गरिएको शान्तिपूर्ण प्रदर्शनमा प्रहरी हस्तक्षेप गराई नेपाल तरुण दलका अध्यक्ष जीतजङ्ग बस्नेत, नेपाली कांग्रेस ललितपुरका सभापति मदनबहादुर अमात्य, नेपाल प्रेस युनियनका महासचिव अजयबाबु शिवाकोटीसहित चार दर्जन नेता तथा कार्यकर्तालाई सख्त घाइते बनायो । त्यसरी नै नेपाल विद्यार्थी सङ्घद्वारा साउन १ गते राजधानीमा गरिएको विरोध प्रदर्शनमा समेत नाङ्गो प्रहरी हस्तक्षेप गरी दर्जनौँ विद्यार्थीलाई गम्भीर घाइते बनाइयो ।

यस अवधिमा,. मुलुकको सार्वभौमसत्ता, स्वाधीनता, अखण्डता र राष्ट्रिय स्वाभिमान र प्रतिष्ठामा नै ठाडो प्रहार हुनेगरी भारतीय सांसद कीर्ति आजादबाट त्यहाँका प्रधान मन्त्री नेपाल भ्रमणमै रहेको समयमा अभिव्यक्ति दिनु, अस्ट्रेलियाका लागि नेपाली राजदूत स्वयम् मानव तस्करीमा संलग्न रहेको समाचार सार्वजनिक हुनु जस्ता घटनाले मुलुकको राष्ट्रिय स्वाभिमान र प्रतिष्ठामा अन्तर्राष्ट्रिय स्तरमै आँच पुऱ्याउने गतिविधि भए ।

अत्यन्त गम्भीर र जिम्मेवारपूर्ण विषय र स्थानमा समेत कार्यकारिणी प्रमुखबाट नै उत्ताउलो र गैरजिम्मेवार अभिव्यक्ति दिँदै गर्दा, बङ्गलादेशमा चिकित्सा शिक्षा अध्ययनरत नेपाली चेलीहरूकै अस्मिता र मानप्रतिष्ठा तथा पारिपारिक मनोभावमा समेत चोट पुग्नेगरी सरकार निकट एकजना व्यापारी र स्वयम् सरकारका मन्त्रीबाट समेत अत्यन्त निन्दाजनक अभिव्यक्ति प्रकट भए ।

यस अवधिमा मुलुकमा हत्या, हिंसा र बम आक्रमणका कैयन् घटनासमेत हुन पुगे । नेपाली कांग्रेसबाट निर्वाचित विराटनगर महानगरपालिका मेयर भीम पराजुलीलाई लक्षित गरी साउन २७ गते उहाँकै कार्यकक्षनजिक बम आक्रमण गरियो । नेपाल तरुण दल रोल्पा लिवाङ नगरसमितका अध्यक्ष रोहित पुनमाथि भदौ २४ गते तत्कालीन नेकपा (माओवादी केन्द्र) का देवबहादुर घर्तीमगरलगायतले गोली हानी नृशंस हत्या गरे । यसैगरी मङ्सिर ५ गते बिहान सुनसरी, दुहवी नगरपालिका–९, निवासी फिदा हुसेन मियाँको गोली हानी हत्या गरियो ।

कञ्चनपुरकी १३ वर्षीया अबोध किशोरीको बर्बर र पासविक बलात्कार र हत्याको घटनाको राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतमा समेत निन्दा र भर्त्सना भई अपराधीलाई तत्काल पक्राउ र कारबाहीको माग गर्दा सरकार स्वयम् अपराधीको संरक्षक बनेर अपराधीलाई जोगाउन एकपछि अर्को अपराध र निन्दनीय कुकर्ममा निरन्तर उद्यत रहिरहेको छ । घटनामा संलग्न अपराधीलाई कारबाहीको माग गर्दा अर्को अबोध बालक सन्नी खुनाको प्रहरीद्वारा हत्या गरिन्छ । अपराधीलाई दण्डित गर्न माग गर्दै कञ्चनपुरमा स्वतःस्फूर्त निस्किएको जनसागरमाथि गोलीको वर्षा हुन्छ । कैयौँ नागरिक घाइते बनाइन्छ । कर्फ्युको आदेश जारी गरिन्छ । एकपछि अर्को किशोरहरूलाई अपहरणको शैलीमा रातारात पक्राउ गरेर चरम शारीरिक र मानसिक यातना दिई जबर्जस्ती अपराध कबुल गराउने कुकर्म पनि गरिँदै रह्यो । अपराधमा संलग्न व्यक्तिलाई सरकारी संरक्षणमा नै लुकाउने कार्य भयो । यो घटनाले पञ्चायतकालीन नमीता/सुनीता काण्डलाई समेत ओझेलमा पाऱ्यो ।

विमान खरिद प्रकरणमा भएको ठूलो भ्रष्टाचार काण्डमा सरकारका सम्बन्धित मन्त्री सञ्चारकर्मीको प्रश्नमा सार्वजनिकरूपमा नै अत्तालिएर पसिनै पसिना भई आफ्नो संलग्नताको साविति प्रमाणित गरिदिन्छन् । बालिका हत्या र बलात्कारका अपराधी, भ्रष्टाचारी, तस्करलाई जोगाउने काम गरिन्छ । ३३ किलो सुनकाण्डमा मन्त्रीकै अभिव्यक्तिअनुसारका ठूला माछा समात्ने प्रयत्न कहिल्यै हुँदैन, उल्टै जोगाउने काम हुन्छ ।

आपराधिक र हिंसात्मक पृष्ठभूमि र आदतबाट सत्तासीन हुन पुगेका र जनमतको उन्मादबाट अधिनायकवादतर्फ उन्मुख कम्युनिस्ट सत्ताबाट कानुनी राज्य, मानव अधिकारको संरक्षण, प्रेस स्वतन्त्रता, न्यायिक स्वतन्त्रता, नागरिक अधिकारको प्रत्याभूतिलगायतका लोकतान्त्रिक पद्धतिका आधारभूत मूल्य/मान्यताको संरक्षण र संवर्द्धनको अपेक्षा राख्नु किमार्थ भूलमात्र हुने भएकाले मुलुकको मानव अधिकार अवस्थाको टिप्पणी र विश्लेषण गरिनु अब कुनै सान्दर्भिक कार्य नरहेको जस्तो भान हुन थालेको छ ।

हत्या, हिंसा, बलात्कार, चोरी, डकैती, लुटपाटका घटनाका अलावा बालबालिकाको अपहरण, बलात्कार, यौन शोषण, हत्या निरन्तर बढ्दो छ । दैनिक

सञ्चार माध्यमबाट प्रकाशित प्रसारित समाचारहरूबाट समेत मुलुकमा आपराधिक घटनाको वृद्धि डरलाग्दो तरिकाले भइरहेको छ । मानव अधिकार संरक्षणको क्षेत्रमा कार्यरत अधिकांश सङ्घ/संस्थाहरू पनि त्रास र दलीय आग्रह–पूर्वाग्रहको भरमा मानव अधिकार उल्लङ्घनका जघन्य घटनाहरूमा समेत मौनता साँध्ने वा बोल्ने गरेका अवस्था अत्यन्त दुःखद् छ ।

समग्रमा नेपालमा कम्युनिस्ट सरकार गठनपश्चात् नेपाली जनताको त्याग र बलिदानबाट प्राप्त नेपालको संविधानप्रदत्त नेपाली नागरिकका मौलिक हक र अधिकार कुण्ठित पार्दै संवैधानिक निकायको स्वतन्त्रता र निष्पक्षतामाथि नियन्त्रण र निर्देशन गर्दै, नेपालले प्रतिबद्धता जनाएका नेपाल पक्ष रहेका मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, सन्धि, अभिसन्धि र सम्झौताका प्रावधानहरूको ठाडो उल्लङ्घन गर्दै एक दलीय अधिनायकतर्फ उन्मुख कम्युनिस्ट सरकारले मुलुकको मानव अधिकार अवस्थाको अहिलेसम्मकै सर्वाधिक नकारात्मक सूचकाङ्क खडा गरेको छ ।

कृष्णप्रसाद पौडेल
मुख्य सचिव

## सङ्घीय समाजवादी फोरम, नेपाल

सन् २०१८ नेपालको मानव अधिकारका दृष्टिकोणले भन्नुपर्दा कुनै खास उल्लेखनीय प्रगति भएको अवस्था देखिँदैन । यो वर्ष पनि हत्या, हिंसा, बलात्कारजस्ता थुप्रै घटना भएका छन् । मानव अधिकारको रक्षा र यसलाई सुदृढ एवम् बलियो बनाउने पहिलो दायित्व राज्य पक्षको हो । राज्य पक्षबाट यथोचित मानव अधिकारका पालना र यसको संवर्द्धन गर्न कुनै पनि दह्रो कदमहरू चालेको पाइएन । बरु स्वयम् राज्य पक्षबाट पनि दर्जनौँ घटना गराइएको स्थिति छ । खासगरी राज्यको सुरक्षा निकाय कतिपय अवस्थामा मानव अधिकार संरक्षणका लागि निष्पक्ष र सक्रिय भएर कार्यहरू सम्पादन गर्नुपर्नेमा नगरी उनीहरूबाट भइरहेको पक्षपातपूर्ण व्यवहार एवम् कामकारबाही र निष्क्रियताका कारण दण्डहीनताको स्थिति बढ्दो अवस्थामा पाइएको छ । वास्तविक दोषीले कानुनी कारबाही भोग्नुपर्नेहरू सत्ता र शासनको आडमा खुला र चयनका साथ अनेकौँ असामाजिक क्रियाकलापमा संलग्न भइरहेका छन् । दण्डहीनता बढ्दो स्थितिमा छ । राज्यका सुरक्षा निकाय र अङ्गहरूबाट आफैँमा मानव अधिकारको सिद्धान्तका आधारलाई प्राथमिकतामा राखी कार्यहरू गर्ने गर्दामात्र मानव अधिकारको वास्तविक अनुभूति आमजनताले गर्न पाउँछन् । तर ती निकायमा कमजोरी नै रहेको पाइन्छ । मानव अधिकार उल्लङ्घन गर्नेलाई राजनीतिक संरक्षणको क्रम यथावत छ । मानव अधिकार आयोग पनि प्रायः निष्प्रभावी जस्तो छ ।

मुलुकमा सङ्घीयता लागु भए पनि सङ्घीयतालाई बलियो बनाउनुको सट्टा कमजोर कानुनहरू बनाउने काम भइरहेको स्थिति छ । राजनीतिक सङ्घीयतालाई प्रशासनिकरूपमा प्रयोग गर्न खोजिँदैछ । देशबाट शोषण, उत्पीडन र भेदभाव अन्त्य नभएसम्म समान हक उपभोग गर्न पाउने अवस्था हुँदैन । जबसम्म कानुन र राज्यले हक अधिकारहरू समाजका सबै पक्षमा समानरूपमा लागु गर्ने नीति लिँदैन तबसम्म कानुनी राज्य प्रत्याभूति हुन्न र मानव अधिकार ओठे भक्तिमात्र हुने गर्छ । यसै सन्दर्भमा नेपालको वर्तमान संविधानमा दर्जनौँ धाराहरूमा रहेका असमानता र विभेदको अवस्थाले समाजमा असमानता, शोषण, उत्पीडन र विभेदजस्ता पक्ष विद्यमान छन् । यसको अन्त्यका लागि सङ्घीय समाजवादी फोरम, नेपालले संविधानका ती विभेदकारी धाराहरू संशोधन गरी परिमार्जन गरिनुपर्ने माग उठाउँदै आएको हो । संविधान संशोधनको पक्षमा नेपालका प्रमुख राजनीतिक दलहरू गम्भीर नहुने र संशोधन नगर्ने हो भने आगामी दिनमा मानव अधिकारका दृष्टिले झन् खतरा स्थिति उत्पन्न हुन सक्ने अवस्था पनि हुन सक्छ । मानव अधिकारका क्षेत्रमा लामो समयदेखि कार्यरत इन्सेकका कार्यहरू अझ सराहनीय र सबल बन्नुपर्ने हाम्रो अपेक्षा र शुभकामना छ ।

**प्रकाश अधिकारी**
उपमहासचिव तथा केन्द्रीय कार्यालय प्रमुख
सङ्घीय समाजवादी फोरम, नेपाल

## राष्ट्रिय जनता पार्टी नेपाल

मानव अधिकार लोकतन्त्रको आधार स्तम्भ भएको सबै जातजाति, भाषा, धर्म, संस्कृति, वर्ण, लिङ्गको आधारमा मानिसहरूलाई भेदभाव गर्न पाइँदैन । मानिसहरू जन्मँदा समान रूपले जन्मेका हुन्छन् । हरेक व्यक्तिलाई स्वतन्त्रतापूर्वक बाँच्ने अधिकार सुरक्षित रहेको हुन्छ । मानव अधिकार मानवको नैसर्गिक र र प्राकृतिक अधिकार भएको हुँदा यसको अपरिहार्यतालाई बुझेर संयुक्त राष्ट्रसङ्घको १ सय ३१ औँ महासभाले सन् १९४८ को डिसेम्बरमा मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र जारी गरेको सर्वविदितै छ । यो कसैले दिएको अधिकार नभई स्वतः प्राप्त हुने अधिकार हो । राज्यले गरेका सबै खाले भाषा, धर्म, संस्कृति, लिङ्ग, जातजाति, भूगोल, लैङ्गिग अल्पसङ्ख्यक तथा अपाङ्गता आदिको आधारमा

समान अधिकारको प्रयोगबाट वञ्चित गरिनु मानव अधिकार उल्लङ्घन हो । सरकारले राज्यको हरेक अङ्ग, संयन्त्र तथा विकासको हरेक गतिविधिमा जनताको समान सहभागितालाई सम्मान गरिनु पर्दछ भन्ने विश्व मानव अधिकारको मूल्य मान्यता भए पनि मधेसी, महिला जनजाति, थारु, दलित, खसआर्य, अल्पसङ्ख्यक, मुस्लिम, पिछडा वर्ग, तथा उपेक्षित र उत्पीडनमा परेका समुदायहरूले सोको अनुभव गरेको पाइँदैन। मानव अधिकार कसैले दिएको अधिकार होइन त्यसैले यसलाई हरण गर्ने अधिकार पनि कसैलाई छैन। अन्तर्राष्ट्रिय मानव अधिकारको घोषणापत्रको धारा २ अनुसार भेदभाव विरुद्धको अधिकारको पूर्ण रूपमा उल्लङ्घन भएको देखिन्छ । मधेसी जनतलाई सदियौँदेखि दोस्रो दर्जाको नागरिकसरह गरिने व्यवहारमा परिवर्तन भएको पाइएन। कैलाली जिल्लाका माननीय रशेम चौधरी नेपालका सर्वाधिक मत ल्याई प्रतिनिधि सभामा निर्वाचित भए पनि थारु भएकै कारण जनमतको कदर नगरी राज्यले निजलाई झुठा मुद्दा लगाई हालसम्म जेलमा राखिएको छ। मधेश आन्दोलनका बेला दर्जनौं राजपाका नेता तथा कार्यकताहरूलाई मधेशी/थारु भएकै कारण झुठा मुद्दा लगाई जेल जीवन बताउन बाध्य पारिएको छ। मानव अधिकारको प्रत्याभूतिका लागि सूचनाको हक अपरिहार्य भए पनि नेपाली जनताले त्यसको महसुस गर्न पाएका छैनन् । मधेसका आन्दोलनकारीहरूलाई झुठा मुद्दा लगाई बन्दी जीवन जिउन बाध्य पारिएको छ । मधेश आन्दोलन तथा पहिचान र अधिकारको लडाइँका निम्ति विभिन्न समुदायहरूद्वारा गरिएको आन्दोलनमा अङ्गभङ्ग भएका आन्दोलनकारीहरूलाई राज्यद्वारा उपेक्षा गरिएको छ। मधेश तथा थरुहट आन्दोलनको बेला बनेको लाल आयोगले दिएको प्रतिवेदन सार्वजनिक नगरी सरकारले मधेश र मेधशी जनताप्रति देखाइएको व्यवहार निन्दनीय छ र मेधशी जनतालाई सूचनाको हकबाट समेत वञ्चित गरिएको अवस्थामा विद्यमान छ।

आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक अधिकारका साथै शिक्षा, स्वास्थ्य र रोजगार तथा स्वतन्त्रतापूर्वक बाँच्ने अधिकारको समेत जनताले प्रत्याभूति गरिरहेको अवस्था छैन । युवाहरू रोजगार नपाएर विदेशिनु पर्ने अवस्था छ भने विदेशमा गएर पनि श्रम अनुसारको पारिश्रमिक नपाई अनेक प्रकारका दुःख यातना पाउनुका साथै नेपाली चेलीहरू कष्टकर जीवन जिउन बाध्य भएका छन् । युवाहरू बेरोजगारीको कारणले चन्दा आतङ्क, लुटपाट, बलात्कार तथा लागु औषध दुर्व्यसनीजस्ता कुलतमा फस्ने क्रम जारी छ। यस्तै विदेशिने क्रम जारी रहयो भन्ने मुलुकमा वृद्ध र नबालकबाहेक सबै युवा बाहिरिन बरे छैन।

नेपाली जनताले देशमा सरकार र सुशासन भएको अनुभूति गर्न पाएका छैनन् । कञ्चनपुर महेन्द्रनगरकी निर्मला पन्तको बलात्कारपछि हत्या तथा महोत्तरी औरहीकी ८ वर्षीय बालिकाको बलात्कार लगायतका दर्जनौँ घटनाको राजनीतिक विश्लेषक तथा मानव अधिकार कर्मीसमेतले बिरोध गरे। चेलीबेटी घरबाट बाहिर निस्किँदा सकुशल घर फर्किन्छे कि फर्किन्न हरेक बुवाआमालाई चिन्ता र चासोको विषय रहिरहन्छ।

मानव अधिकारको दृष्टिकोणले सन् २०१८ लाई सन्तोषजनक मान्न नसके तापनि मानव अधिकारको प्रत्याभूतिको लागि प्रशस्त संरचनाहरू तयार भइरहेको अवस्था चाहिँ पक्कै हो। यो वर्ष सङ्घ, प्रदेश र स्थानीय तहको निर्माण भएको छ । जसमा महिलाहरूको उल्लेखनीय उपस्थिति छ। प्रदेश तहमा समेत कैयौँ कानुनहरूको निर्माण भएका छन्। यो एउटा सकारात्मक पक्ष हो। आम जनसमुदाय खास गरी मधेशी, दलित, आदिवासी, जनजाति, पिछडावर्ग, महिला, अल्पसङ्ख्यकलगायतकाले मानव अधिकारको प्रत्याभूति गर्न सकेको अवस्था देखिएन। प्रदेशलाई निर्वाध रूपमा उपयोग गर्न सकिने अधिकारहरू सङ्घीय सरकारले कुण्ठित गरी सदुपयोग गर्न सक्ने वातावरण बन्न दिएको छैन। जुनसुकै देशको शासन र प्रशासन विधि र विधानले चल्नुपर्नेमा शासन र प्रशासन २०१८ मा सत्ताको पक्षपोषक भई जनताले महसुस गरिराखेका छैनन्। भ्रष्टाचार, कमिसन र घुसखोरीको अवस्था विद्यमान छ। राजपा नेपालको दृष्टिकोणमा समग्रमा वर्ष २०१८ मानव अधिकारको क्षेत्रमा नेपाली जनताले सुशासन र कानुनी राज्यको अवस्था महसुस गरेको देखिएन। अतः स्वतन्त्रताको अधिकार उपयोग गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रियरूपमा प्रचलित ऐन, कानुन र मानव अधिकारको लागि गरिएको कानुनी व्यवस्था अक्षरशः पालना गर्न र नेपालको संविधानको धारा १७ (१) नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धिको धारा ९ (१), नागरिक अधिकार ऐन, २०१२ को दफा १२, मुलुकी देवानी (संहिता ऐन, २०७४ को दफा २०(१), २०(२) र २१(१), नेपालको संविधानको धारा २८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धिको धारा १७, सरकारी मुद्दासम्बन्धी ऐन २०४९ को दफा १०(१) को पूर्णरूपमा पालना गरी नागरिक स्वतन्त्रताको अधिकार सुनिश्चित गर्न हाम्रो पार्टीको माग रहेको छ।इन्सेकले हरेक वर्ष प्रकासन गर्ने "नेपाल मानव अधिकार वर्ष पुस्तक २०१९" मानव अधिकारको क्षेत्रमा कोसेढुङ्गाको रूपमा सावित होस् भने शुभकामना व्यक्त गर्दछौँ।

**मा. महेन्द्र राय यादव**
संयोजक, राष्ट्रिय जनता पार्टी नेपाल

## अनुसूची ४

# सन् २०१८ को मानव अधिकार स्थितिबारे विभिन्न क्षेत्रको धारणा

### राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकारको क्षेत्रमा क्रियाशील अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले प्रत्येक वर्ष नेपाल मानव अधिकार वर्ष पुस्तक सार्वजनिक गर्दै आएको छ। मानव अधिकार उल्लङ्घनका घटना समावेश गरी प्रकाशन गरिनु सराहनीय कार्य हो। यसपटक पनि प्रकाशित हुन लागेको मानव अधिकार वर्ष पुस्तकको म सफलताको कामना गर्छु।

मानव अधिकारको सम्मानमा नै व्यक्ति वा समुदायको विकास सम्भव छ। बिनासीमा, बिनाभेदभाव, सबैका लागि, सधैँका लागि लागु हुने भएकाले यो सबैको चासो र सरोकारको विषय हो। जहाँ मानव अधिकारको सम्मान हुँदैन, त्यहाँ अराजकताको स्थिति सिर्जना हुन्छ। मानव अधिकार संस्कृतिको विकासबिना सभ्य समाजको परिकल्पना गर्न सकिँदैन। मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाको हैसियतमा आयोग मानव अधिकारको सम्मान, संरक्षण, संवर्द्धन र संस्कृति विकासका लागि निरन्तर क्रियाशील रहिआएको छ। संविधानको धारा २४९ (१) (२) (३) र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ मा आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गरिएको छ।

नेपाल मानव अधिकारसँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय महासन्धिको पक्ष राष्ट्र बनिसकेको छ। महासन्धिका प्रावधानहरूलाई सम्बोधन गर्नेगरी नेपालको संविधान तथा कानुनमा मानव अधिकारका विषयलाई विशेष स्थान दिएको छ। कार्यान्वयनमा लैजान विभिन्न संयन्त्रहरू कार्यरत छन्। राजनीतिक दलहरूको सहभागितामा स्थानीय तह, प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन र सरकार निर्माण भइसकेको छ। राष्ट्रपति र उपराष्ट्रपति, सभामुख र उपसभामुख, राष्ट्रिय सभाका अध्यक्ष र उपाध्यक्षको पनि निर्वाचन सम्पन्न हुनुले संविधान कार्यान्वयनको आरम्भ भएको सङ्केत गरेको छ। आवश्यक ऐनहरू निर्माण र संशोधन गर्ने कार्यहरू चलिरहेको छ। मानव अधिकारको दृष्टिकोणबाट यी सकारात्मक प्रयत्न हुन्।

यसका बाबजुद पनि समग्र मानव अधिकारको अवस्था सन्तोषजनक देखिएको छैन। शान्ति–प्रक्रिया सुरु भएको दशक नाघिसक्दा पनि अझै पीडितले न्याय पाउन नसक्नु अत्यन्त दुखद पक्ष हो। संविधानमा उल्लिखित मौलिक हकको कार्यान्वयन पक्ष उत्तिकै चुनौतीपूर्ण छ। संविधानतः गठन गरिएका विषयगत आयोग र मानव अधिकार आयोगबीचको क्षेत्राधिकारबारे प्रश्न उठेका छन्। संविधानप्रदत तीन तहबीचको साझा अधिकारबीच स्पष्टता हुन बाँकी नै देखिन्छ।

नागरिकको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको कार्यान्वयन अवस्थामा पनि उत्तिकै व्यवधान छन्। समाजमा जातीय भेदभाव अहिले पनि विद्यमान छ। स्वास्थ्य सेवामा सबैको पहुँच पुग्न नसकेको स्थिति छ। वैदेशिक रोजगारमा कार्यरत आप्रवासी कामदारहरूको अधिकार सुरक्षित हुन सकेको छैन। उनीहरूमाथि हुने श्रम शोषण, घरेलु हिंसा आदि कारण जनजीवनमा असहज अवस्थामा छ। बाढी र भूकम्पबाट प्रभावितहरूको अवस्था अहिले पनि दयनीय छ। सीमान्तकृत समुदाय, अपाङ्गता भएका व्यक्ति, दलित, महिला, ज्येष्ठ नागरिकहरूको विषयमा राज्यले विशेष ध्यान दिनुपर्नेमा सो हुन सकेको छैन। फलतः ती वर्ग एवं समुदायका अधिकारहरू पूर्णतः सुरक्षित हुन सकेका छैनन्।

यस आवमा पनि आयोगबाट मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि उजुरी ग्रहण, अनुगमन र अनुसन्धानलगायतका कार्य सम्पन्न भएका छन्। संवर्द्धनसम्बन्धी तालिम, गोष्ठी, अन्तरक्रिया, छलफल आदि कार्यक्रम भएका छन्। मानव अधिकारसँग बाझिएका कानुनहरूको पुनरावलोकन भएको छ। विषयगत प्रतिवेदन, पुस्तिका र जर्नल प्रकाशन, प्रेस नोट र प्रेस विज्ञप्ति जारी हुँदै आएको छ। सञ्चारमाध्यममार्फत मानव अधिकारसम्बन्धी सार्वजनिक सरोकारका सन्देशमूलक सामग्रीहरू प्रकाशन र प्रसारण भइरहेका छन्।

आयोगबाट आवश्यकता र औचित्यका आधारमा राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा सरोकारवालाहरूसँग सहकार्य र समन्वयमा कार्य हुँदै आएको छ। जसमा राष्ट्रपतिको कार्यालय, नेपाल सरकार, अन्य संवैधानिक निकाय, राजनीतिक दल, नागरिक समाज, राष्ट्रिय र अन्तर्राष्ट्रिय गैसस एवं मानव

अधिकारसम्बन्धी राष्ट्रिय संस्था र दातृ निकायहरू रहेका छन्।

यस आवमा आयोगले गरेको मानव अधिकारको संरक्षण र संवर्द्धनात्मकलगायतका कार्यबाट विभिन्न उपलब्धि हासिल गरेको छ। यस आवमा आयोगमा जम्मा १ सय ५२ उजुरी दर्ता भएका छन्। पुराना र नयाँ गरी ३ सय ५० उजुरीमाथि अनुसन्धान सम्पन्न भएको छ भने ४ सय ६३ पटक अनुगमन भएको छ। आयोगबाट सबैका लागि घर–घरमा मानव अधिकारः शान्ति र विकासको आधार भन्ने आह्वानलाई साकार पार्न मानव अधिकार प्रवर्द्धन कार्यलाई विशेष प्राथमिकतामा राखी ३२४ वटा संवर्द्धनसम्बन्धी कार्यहरू भएकामा सहकार्य र समन्वयमा ३७ कार्यक्रम रहेका छन्।

यस्तै मानव अधिकारसँग आबद्ध सङ्घ/संस्थाद्वारा आयोजित २ सय ६९ वटा कार्यक्रममा स्रोत व्यक्ति/विषयविज्ञ, प्रमुख अतिथि/अतिथि र सहभागीका रूपमा उपस्थिति जनाएको छ। दक्षिण एसियामा दण्डहीनताको चुनौती र मानव अधिकार अवस्थाको समीक्षा साथै आगामी रणनीतिका सम्बन्धमा तीन दिने छलफल सम्पन्न भएको थियो। यस्तै मानव अधिकारसम्बन्धी विभिन्न सामग्री तथा वृत्तचित्र निर्माण, प्रकाशनको काम पनि आयोगबाट निरन्तर भइरहेको छ। आयोगबाट आन्तरिकरूपमा तालिम, गोष्ठी, अन्तर्क्रिया आदि ५९ कार्यक्रम सम्पन्न भएका छन्।

यस अविधमा आयोगबाट १४ वटा प्रकाशन, ५० प्रेस विज्ञप्ति र १६ वटा प्रेस नोट जारी भएको छन् भने तीन पटक पत्रकार सम्मेलन भएको छ। यसको साथै कानुन निर्माणमा सरकार एवं सरोकारवाला निकायहरूलाई सहयोग पुऱ्याउन मानव अधिकारको दृष्टिकोणबाट कानुन पुनरावलोकन गरी सम्बद्ध निकायमा कार्यान्वयनका लागि पठाएको छ। आयोगमा कर्मचारी व्यवस्थापन कार्यले पनि गति लिएको छ। यी यस अवधिमा आयोगले गरेका प्रमुख उपलब्धि हुन्।

उल्लिखित यी प्राप्त उपलब्धिका बाबजुद पनि आयोग चुनौतीभन्दा बाहिर छैन। दण्डहीनताको अवस्था अहिले पनि विद्यमान छ। आयोगका सिफारिस कार्यान्वयन नहुनु, सरकारबाट अपेक्षित सहयोग प्राप्त नहुनु, कानुनी अपर्याप्तता, भूकम्पबाट क्षतिग्रस्त आयोगको भवन अझै बन्न नसक्नुबाट भौतिक पूर्वाधारको अभावमा समेत आयोगले काम गर्नुपरेको अवस्था छ। यी चुनौती सम्बोधन गर्न आयोगले सरकार एवं सरोकारवालाहरूलाई घच्घच्याइरहेको छ। यी उपलब्धि र चुनौतीबीच आयोग सविधान, ऐन र रणनीतिक योजनामा केन्द्रित भई विगतबाट अनुभव हासिल गर्दै आफ्ना काम/कारबाहीलाई समयानुकूल अगाडि बढाउने कटिबद्ध छ।

मुलुक सङ्घीय संरचनामा प्रवेश गरेसँगै सङ्घको अलवा प्रदेश र स्थानीय तहका सरकारबाट निर्माण हुने कानुन मानव अधिकारमैत्री हुन आवश्यक छ। यसरी निर्मित कानुन कार्यान्वयनका लागि संयन्त्रहरूको निर्माण गर्न जरुरी छ। यसका लागि राष्ट्रिय संस्थाका रूपमा आयोग, गैससका रूपमा इन्सेकलगायतका संस्थाहरू तीनवटै सरकारका लागि सहयोगी बन्न सक्छन्। फलतः यसबाट सहकार्य र समन्वयमा मानव अधिकारसम्बन्धी काम/कारबाही अगाडि बढाउने कार्य सहयोग पुग्न जान्छ। मानव अधिकारको सम्मान, संरक्षण र संस्कृति विकासका लागि सरोकारवालाहरू सबैसँग सहकार्य र समन्वयका लागि आयोग सदैव तत्पर छ। अन्त्यमा, म पुनः यस सराहनीय कार्यका लागि इन्सेकलाई शुभकामनासहित धन्यवाद व्यक्त गर्दछु।

**वेदप्रसाद भट्टराई**
सचिव/प्रवक्ता, मानव अधिकार आयोग

## राष्ट्रिय महिला आयोग

मानव अधिकारको विश्वव्यापी मान्यतालाई अङ्गीकार गरी नेपालमा यस कार्यलाई अगाडि लैजान राष्ट्रिय मानव अधिकारलगायत विभिन्न संस्था कार्यरत छन्। त्यसतर्फ अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को भूमिका महत्वपूर्ण र सराहनीय छ। यस केन्द्रबाट कतिपय पहुँच नभएका तथा सरकारको ध्यान नगएको क्षेत्रमा पनि पुगेर यसप्रतिको जनधारणा र सचेतना ल्याउने कार्य भएको छ।

सरकारी क्षेत्रमा रहेका कमी/कमजोरीलाई पनि उजागर गरेर इन्सेकले विगत वर्षदेखि नै सक्रिय र महत्वपूर्ण भूमिका खेल्दै आएको छ। नेपालको संविधान, २०७२ अनुसार निर्वाचन सम्पन्न भई तीनवटै तहमा सरकार गठन भइसकेको छ। यसका साथै सरकार सञ्चालन गर्न आवश्यक कानुन निर्माणको कार्य अगाडि बढेको छ। तीनवटै तह सङ्घीय, प्रदेश तथा स्थानीय तहलाई बजेट उपलब्ध गराइएको अवस्थामा त्यसको कार्यान्वयन हुन बाँकी छ। जनशक्तिको व्यवस्थापन तथा परिचालन, वृत्ति विकास र सेवा सर्त जस्ता विषयलाई समायोजन ऐनअनुसार व्यवस्थित गर्ने तथा कर्मचारीको न्यायसङ्गत मागलाई सम्बोधन गरिने सरकारबाट प्रतिक्रिया व्यक्त भएको छ। यसरी २०७५ सालको यस सङ्क्रमणकालीन प्रशासनिक व्यवस्थापन चुनौतीपूर्ण छ भने सर्वसाधारणलाई पाउनुपर्ने सेवा तथा सहयोगको प्रत्याभूति दिलाउन पर्नेछ। यसै क्रममा सन् २०१८ मा महिला तथा बालबालिकाविरुद्ध आपराधिक घटनाको

अधिकारसम्बन्धी राष्ट्रिय संस्था र दातृ निकायहरू रहेका छन्।

यस आवमा आयोगले गरेको मानव अधिकारको संरक्षण र संवर्द्धनात्मकलगायतका कार्यबाट विभिन्न उपलब्धि हासिल गरेको छ। यस आवमा आयोगमा जम्मा १ सय ५२ उजुरी दर्ता भएका छन्। पुराना र नयाँ गरी ३ सय ५० उजुरीमाथि अनुसन्धान सम्पन्न भएको छ भने ४ सय ६३ पटक अनुगमन भएको छ। आयोगबाट सबैका लागि घर–घरमा मानव अधिकारः शान्ति र विकासको आधार भन्ने आह्वानलाई साकार पार्न मानव अधिकार प्रवर्द्धन कार्यलाई विशेष प्राथमिकतामा राखी ३२४ वटा संवर्द्धनसम्बन्धी कार्यहरू भएकामा सहकार्य र समन्वयमा ३७ कार्यक्रम रहेका छन्।

यस्तै मानव अधिकारसँग आबद्ध सङ्घ/संस्थाद्वारा आयोजित २ सय ६९ वटा कार्यक्रममा स्रोत व्यक्ति/विषयविज्ञ, प्रमुख अतिथि/अतिथि र सहभागीका रूपमा उपस्थिति जनाएको छ। दक्षिण एसियामा दण्डहीनताको चुनौती र मानव अधिकार अवस्थाको समीक्षा साथै आगामी रणनीतिका सम्बन्धमा तीन दिने छलफल सम्पन्न भएको थियो। यस्तै मानव अधिकारसम्बन्धी विभिन्न सामग्री तथा वृत्तचित्र निर्माण, प्रकाशनको काम पनि आयोगबाट निरन्तर भइरहेको छ। आयोगबाट आन्तरिकरूपमा तालिम, गोष्ठी, अन्तर्क्रिया आदि ५९ कार्यक्रम सम्पन्न भएका छन्।

यस अविधमा आयोगबाट १४ वटा प्रकाशन, ५० प्रेस विज्ञप्ति र १६ वटा प्रेस नोट जारी भएको छन् भने तीन पटक पत्रकार सम्मेलन भएको छ। यसको साथै कानुन निर्माणमा सरकार एवं सरोकारवाला निकायहरूलाई सहयोग पुऱ्याउन मानव अधिकारको दृष्टिकोणबाट कानुन पुनरावलोकन गरी सम्बद्ध निकायमा कार्यान्वयनका लागि पठाएको छ। आयोगमा कर्मचारी व्यवस्थापन कार्यले पनि गति लिएको छ। यी यस अवधिमा आयोगले गरेका प्रमुख उपलब्धि हुन्।

उल्लिखित यी प्राप्त उपलब्धिका बाबजुद पनि आयोग चुनौतीभन्दा बाहिर छैन। दण्डहीनताको अवस्था अहिले पनि विद्यमान छ। आयोगका सिफारिस कार्यान्वयन नहुनु, सरकारबाट अपेक्षित सहयोग प्राप्त नहुनु, कानुनी अपर्याप्तता, भूकम्पबाट क्षतिग्रस्त आयोगको भवन अझै बन्न नसक्नुबाट भौतिक पूर्वाधारको अभावमा समेत आयोगले काम गर्नुपरेको अवस्था छ। यी चुनौती सम्बोधन गर्न आयोगले सरकार एवं सरोकारवालाहरूलाई घच्घच्याइरहेको छ। यी उपलब्धि र चुनौतीबीच आयोग सविधान, ऐन र रणनीतिक योजनामा केन्द्रित भई विगतबाट अनुभव हासिल गर्दै आफ्ना काम/कारबाहीलाई समयानुकूल अगाडि बढाउने कटिबद्ध छ।

मुलुक सङ्घीय संरचनामा प्रवेश गरेसँगै सङ्घको अलवा प्रदेश र स्थानीय तहका सरकारबाट निर्माण हुने कानुन मानव अधिकारमैत्री हुन आवश्यक छ। यसरी निर्मित कानुन कार्यान्वयनका लागि संयन्त्रहरूको निर्माण गर्न जरुरी छ। यसका लागि राष्ट्रिय संस्थाका रूपमा आयोग, गैससका रूपमा इन्सेकलगायतका संस्थाहरू तीनवटै सरकारका लागि सहयोगी बन्न सक्छन्। फलतः यसबाट सहकार्य र समन्वयमा मानव अधिकारसम्बन्धी काम/कारबाही अगाडि बढाउने कार्य सहयोग पुग्न जान्छ। मानव अधिकारको सम्मान, संरक्षण र संस्कृति विकासका लागि सरोकारवालाहरू सबैसँग सहकार्य र समन्वयका लागि आयोग सदैव तत्पर छ। अन्त्यमा, म पुनः यस सराहनीय कार्यका लागि इन्सेकलाई शुभकामनासहित धन्यवाद व्यक्त गर्दछु।

**वेदप्रसाद भट्टराई**
सचिव/प्रवक्ता, मानव अधिकार आयोग

## राष्ट्रिय महिला आयोग

मानव अधिकारको विश्वव्यापी मान्यतालाई अङ्गीकार गरी नेपालमा यस कार्यलाई अगाडि लैजान राष्ट्रिय मानव अधिकारलगायत विभिन्न संस्था कार्यरत छन्। त्यसतर्फ अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को भूमिका महत्वपूर्ण र सराहनीय छ। यस केन्द्रबाट कतिपय पहुँच नभएका तथा सरकारको ध्यान नगएको क्षेत्रमा पनि पुगेर यसप्रतिको जनधारणा र सचेतना ल्याउने कार्य भएको छ।

सरकारी क्षेत्रमा रहेका कमी/कमजोरीलाई पनि उजागर गरेर इन्सेकले विगत वर्षदेखि नै सक्रिय र महत्वपूर्ण भूमिका खेल्दै आएको छ। नेपालको संविधान, २०७२ अनुसार निर्वाचन सम्पन्न भई तीनवटै तहमा सरकार गठन भइसकेको छ। यसका साथै सरकार सञ्चालन गर्न आवश्यक कानुन निर्माणको कार्य अगाडि बढेको छ। तीनवटै तह सङ्घीय, प्रदेश तथा स्थानीय तहलाई बजेट उपलब्ध गराइएको अवस्थामा त्यसको कार्यान्वयन हुन बाँकी छ। जनशक्तिको व्यवस्थापन तथा परिचालन, वृत्ति विकास र सेवा सर्त जस्ता विषयलाई समायोजन ऐनअनुसार व्यवस्थित गर्ने तथा कर्मचारीको न्यायसङ्गत मागलाई सम्बोधन गरिने सरकारबाट प्रतिक्रिया व्यक्त भएको छ। यसरी २०७५ सालको यस सङ्क्रमणकालीन प्रशासनिक व्यवस्थापन चुनौतीपूर्ण छ भने सर्वसाधारणलाई पाउनुपर्ने सेवा तथा सहयोगको प्रत्याभूति दिलाउन पर्नेछ। यसै क्रममा सन् २०१८ मा महिला तथा बालबालिकाविरुद्ध आपराधिक घटनाको

बढ्दो सङ्ख्या र प्रकृतिले सबैलाई मर्माहत तुल्याएको छ । हाम्रो समाजमा देखापरेको यस्ता कुप्रवृत्तिलाई समयमै नियन्त्रण नगर्ने हो भने विकराल स्थिति बढ्दै जान्छ। तसर्थ यसतर्फ सबै सरोकारवालाको ध्यान जान जरुरी छ।

उक्त घटनाहरू नियन्त्रण गर्न सोही ठाउँमा सुरक्षा निकायको महत्त्वपूर्ण भूमिका रहन्छ । यसतर्फको जिम्मेवारीबाट सुरक्षा निकाय चुकेका छन् । त्यसले उसको विश्वसनीयता तथा क्षमतामाथि प्रश्न उठाउने अवस्था आएको छ । खास गरेर यस्ता घटनाप्रतिको संवेदनशीलता तथा अपराध नियन्त्रण गर्ने मानसिकताको नितान्त आवश्यकता नेपाल प्रहरीलगायत प्रशासनिक तहमा स्थापित गर्नुपर्नेछ। कञ्चनपुरकी निर्मला पन्तको बलात्कारपछि हत्याको घटनाले सभ्य समाजको आवरणमा हिंसा र अपराधको जालो कति गहिरो छ भन्ने दर्शाउँछ। यस्ता घटनाहरू बारम्बार दोहोरिँदा समस्याको जरो समाजको पतन र विघटनतर्फ उन्मुख हाम्रो सोच र व्यवहारमा परिवर्तन अपरिहार्य भएको छ।

मानव अधिकारको गम्भीर उल्लङ्घन भइरहँदा हामीले एकअर्कालाई दोषारोपण गर्नुभन्दा समस्याको जरो पहिचान गरी त्यसको उन्मूलनतर्फ लाग्दा बढी उपयुक्त हुन्छ । खास गरेर युवा पिँढीमा लागु पदार्थ र मादक पदार्थको प्रयोग, दक्षिणी सीमाका जिल्लाहरूदेखि देशका विभिन्न क्षेत्रमा पुगेको छ। अपराध नियन्त्रण गर्ने ठोस योजना र कारबाही अभावमा हाम्रो समाजमा वैदेशिक रोजगारीका कारणले पनि घरेलु र महिला हिंसाको बढ्दो अवस्था चिन्ताजनक छ।

उक्त सबै प्रकारका हिंसा नियन्त्रण गर्न राष्ट्रिय महिला आयोगलाई संविधानले प्रदान गरेको भूमिका मूलभूतरूपमा निम्नानुसार छ :

(क) नीतिगत सुझाव
(ख) कानुनी परिवर्तन संशोधनको आवश्यकता
(ग) अन्तर्राष्ट्रिय सन्धिको पालना
(घ) लैङ्गिक विकाससम्बन्धी तालिम र सशक्तीकरण

नेपालको संविधानको धारा २५३ ले देहायअनुसारको काम, कर्तव्य र अधिकार उल्लेख गरेको छ :

(क) महिलाको हक, हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकारसमक्ष पेश गर्ने।
(ख) महिलाको हक, हितसँग सम्बन्धित कानुनका नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि र सम्झौताअन्तर्गतको दायित्व कार्यान्वयन भए/नभएको विषयमा अनुगमन गरी त्यसको प्रभावकारी पालना वा कार्यान्वयनको उपायसहित नेपाल सरकारलाई सुझाव दिने।
(ग) महिलालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्नु तथा सबै निकायमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजुदा नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र त्यसको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने।
(घ) लैङ्गिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित कानुनी व्यवस्थाको अध्ययन/अनुसन्धान गरी त्यस्ता कानुनमा गर्नुपर्ने सुधार सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने र सोको अनुगमन गर्ने
(ङ) महिला अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि र सम्झौतामा भएको व्यवस्थाबमोजिम नेपालले पठाउनुपर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने।
(च) महिला हिंसा वा सामाजिक कुरीतिबाट भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा वञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्थाविरुद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानुनबमोजिम अदालतका मुद्दा दायर गर्न सम्बन्धित निकायसमक्ष सिफारिस गर्ने।

राष्ट्रिय महिला आयोगले आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष, कुनै सदस्य वा नेपाल सरकारको कुनै कर्मचारीलाई तोकिएको सर्तको अधीनमा रही प्रयोग तथा पालना गर्नेगरी प्रत्यायोजन गर्न सक्नेछ। सोहीअनुसार कानुन/नियमको कार्यान्वयन गर्दै जानुपर्छ।

उक्त कार्यहरू सम्पादन गर्न आयोगमा दक्ष जनशक्ति, विशेषज्ञसमेतको आवश्यकता छ । उक्त संवैधानिक जिम्मेवारी बहन गर्न नेपाल सरकारका तीनैवटा तहको सहयोग र सहकार्य अनिवार्य छ। त्यस्तै अन्य संवैधानिक निकायको सहकार्यसँगै सञ्चार माध्यम तथा अधिकारकर्मीको प्रयासको सराहना गर्दै उत्तरोत्तर प्रगतिको कामना गर्छु।

**अनिलकुमार ठाकुर**
सचिव

## राष्ट्रिय दलित आयोग

विगत वर्षहरूमा जस्तै अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सन् २०१८ मा देशमा भइरहेका मानव अधिकार उल्लङ्घनका घटनाहरूको स्थलगत अनुगमन गरी घटनाबारे सङ्कलित तथ्यसहितको वार्षिक विवरण

प्रकाशन गर्न लागेको जानकारी पाउँदा खुसी लागेको छ। मानव अधिकारको स्थिति आकलन गर्न योग्य पुस्तक प्रकाशन गर्न लागेकामा राष्ट्रिय दलित आयोगको तर्फबाट हार्दिक बधाई तथा शुभकामना दिन चाहन्छु।

राज्यको जनसङ्ख्याको ठूलो क्षेत्र ओगट्ने सामाजिक, शैक्षिक र आर्थिकरूपमा उत्पीडनको अवस्थाबाट गुज्रिरहेका दलित समुदाय जातीय विभेद तथा हिंसाको सिकार भएका छन्। मानव अधिकारको स्थिति दर्शाउने नेपाल मानव अधिकार वर्ष पुस्तक २०१९ मा दलितसम्बन्धी विभेद र हिंसाको घटनासमेत समेटिने आशा एवम् विश्वास यस आयोगले गरेको छ। अन्त्यमा मानव अधिकार वर्ष पुस्तक तयारीमा योगदान पुऱ्याउनुहुने सबैप्रति धन्यवाद व्यक्त गर्छु।

**पुरुषोत्तम नेपाल**
सचिव, राष्ट्रिय दलित आयोग

## परराष्ट्र मन्त्रालय

अनौपाचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को नियमित प्रकाशन नेपाल मानव अधिकार वर्ष पुस्तक २०१९ प्रकाशन हुन लागेकोमा परराष्ट्र मन्त्रालय खुशी व्यक्त गर्दछ। नेपालको मानव अधिकार अवस्थाको प्रलेख र प्रकाशन गर्ने इन्सेकको प्रयासको परराष्ट्र मन्त्रालय सराहना गर्दछ।

नेपालले मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि विस्तृत नीति तथा कानुनहरू ग्रहण गरेको छ। नेपालको संविधान (२०७२) ले मानव अधिकार रक्षाका सन्दर्भमा मैलिक हकहरूलाई व्यापक गरी नेपालमा मानव अधिकारको लागि ठोस संवैधानिक आधार तयार पारेको छ। नेपालको संविधानमा नागरिक, राजनीतिक तथा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सुनिश्चित गरिएको छ जुन नेपालले अन्तर्राष्ट्रिय मानव अधिकारका संयन्त्रमा जनाएको प्रतिबद्धता मुताबिक छ।

सन् २०१८ लाई मानव अधिकार कानुन बन्ने वर्षको रूपमा सम्झन सकिन्छ। सङ्घीय संसद्ले संविधानले तोकेकै समयभित्र मानव अधिकार संरक्षण र संवर्द्धनसम्बन्धी कानुनहरू निर्माण गर्ने कार्य सम्पन्न गऱ्यो। संविधान प्रदत्त मौलिक हक कार्यान्वनका लागि यस्ता कानुन निर्माण हुनु अत्यन्त महत्वपूर्ण हुन्छ।

संविधानप्रदत्त स्वायत्त अधिकारसहित मानव अधिकार आयोगले गरेको अभ्यासले यसलाई वर्षौंदेखि विश्वसनीय संस्थाको रूपमा स्थापित गरेको छ। राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, र राष्ट्रिय समावेश आयोगको गठन गरिएको छ। यी आयोगले आ नो कार्यक्षेत्र भित्रका जनताको अधिकार रक्षा र संवर्द्धनका लागि महत्वपूर्ण कार्य गर्ने विश्वास गर्न सकिन्छ। यसबाहेक सरकारले आदिवासी जनजाति आयोग, मधेशी आयोग थारु आयोग, मुस्लिम आयोग स्थापना गरेको छ।

नेपाल २४ ओटा मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि तथा महासन्धिको पक्ष राष्ट्र हो। मानव अधिकार का नौ ठूला महासन्धि मध्ये सात महासन्धि नेपालले अनुमोदन गरेको छ। मानव अधिकारका मूल्य मान्यताप्रति नेपालको प्रतिबद्धताका कारण मुलुकले आफ्नो पहिचान सुदृढ गरेको छ। संयुक्त राष्ट्रसङ्घ मानव अधिकार परिषद्मा २०१८–२०२० सम्मका लागि निर्वाचित हुनुले नेपालले त्यसमार्फत अन्तर्राष्ट्रिय जगतमा आफ्ना उपलब्धिको प्रचार गर्न र अन्तर्राष्ट्रिय स्तरमा मानव अधिकारको मूल्य स्थापनाका लागि योगदान पुऱ्याउन सक्नेछ। साथै आगामी कार्यकाल २०२१–२०२३ का लागि पनि आफ्नो उमेदवारी प्रस्तुत गरेको छ।

संयुक्त राष्ट्रसङ्घको एक सक्रिय सदस्य र मानव अधिकार परिषद्को सदस्य हुनुले समेत मानव अधिकार र आधारभूत स्वतन्त्रता प्रति नेपालको प्रतिबद्धता थप स्पस्ट भएको छ। मानव अधिकारसहित विकाशको अधिकारलाई नेपालले आधारभूत, सर्वव्यापी, अन्तरसम्बन्धित, पारस्परिक हकका रूपमा लिएको छ जसलाई राजनीतिकरण, छनौट र दोहोरो मापदण्डबाट प्रभावित गर्नु हुँदैन भन्ने हाम्रो ठहर छ।

सन् २०१८ सेप्टेम्बरमा सम्पन्न संयुक्त राष्ट्रसङ्घको ७३ औं महासभामा सम्माननीय प्रधान मन्त्री के पी शर्मा ओलीको सम्बोधन मार्फत नेपालको मानव अधिकारप्रतिको प्रतिबद्धता थप पुष्टि भएको छ। महासभालाई सम्बोधन गर्दै प्रधानमन्त्रीले नेपालले मानव अधिकार परिषद्को सदस्यसमेतको जिम्मेवारीलाई कुशलतापूर्वक निभाउने छ र विकाश, लोकतन्त्र र मानव अधिकारको संवर्द्धनलाई पारस्परिक महत्त्व प्रदान गरेको धारणा राख्नु भयो। मार्च २०१८ मा परराष्ट्र सचिव श्री शंकरदास बैरागीले संयुक्त राष्ट्रसङ्घको मानव अधिकार परिषद्को ३७ औं सभामा गरेको सम्बोधन समेतले मानव अधिकार प्रतिको नेपालको दृष्टिकोण प्रष्ट हुन्छ।

संयुक्त राष्ट्रसङ्घको शान्ति कायम गर्ने मिसनमा नेपालको सहभागिताले द्वन्द्वको समयमा मानव अधिकार संवर्द्धन र संरक्षणमा समेत अग्रणी स्थान कायम भएको छ।

ठूलो सङ्ख्याका नेपाली विदेशमा काम गरिरहेको सन्दर्भमा, सरकारले वैदेशिक रोजगारीमा गएका कामदारको वृत्ति विकाश र मानव अधिकारलाई उच्च प्राथमिकतामा राखेको छ। सुरक्षित, निर्देशित र कानुन सम्मत बसाइ सराइका लागि डिसेम्बर २०१८ मा

अधिकारसम्बन्धी राष्ट्रिय संस्था र दातृ निकायहरू रहेका छन्।

यस आवमा आयोगले गरेको मानव अधिकारको संरक्षण र संवर्द्धनात्मकलगायतका कार्यबाट विभिन्न उपलब्धि हासिल गरेको छ। यस आवमा आयोगमा जम्मा १ सय ५२ उजुरी दर्ता भएका छन्। पुराना र नयाँ गरी ३ सय ५० उजुरीमाथि अनुसन्धान सम्पन्न भएको छ भने ४ सय ६३ पटक अनुगमन भएको छ। आयोगबाट सबैका लागि घर–घरमा मानव अधिकारः शान्ति र विकासको आधार भन्ने आह्वानलाई साकार पार्न मानव अधिकार प्रवर्द्धन कार्यलाई विशेष प्राथमिकतामा राखी ३२४ वटा संवर्द्धनसम्बन्धी कार्यहरू भएकामा सहकार्य र समन्वयमा ३७ कार्यक्रम रहेका छन्।

यस्तै मानव अधिकारसँग आबद्ध सङ्घ/संस्थाद्वारा आयोजित २ सय ६९ वटा कार्यक्रममा स्रोत व्यक्ति/विषयविज्ञ, प्रमुख अतिथि/अतिथि र सहभागीका रूपमा उपस्थिति जनाएको छ। दक्षिण एसियामा दण्डहीनताको चुनौती र मानव अधिकार अवस्थाको समीक्षा साथै आगामी रणनीतिका सम्बन्धमा तीन दिने छलफल सम्पन्न भएको थियो। यस्तै मानव अधिकारसम्बन्धी विभिन्न सामग्री तथा वृत्तचित्र निर्माण, प्रकाशनको काम पनि आयोगबाट निरन्तर भइरहेको छ। आयोगबाट आन्तरिकरूपमा तालिम, गोष्ठी, अन्तर्क्रिया आदि ५९ कार्यक्रम सम्पन्न भएका छन्।

यस अविधमा आयोगबाट १४ वटा प्रकाशन, ५० प्रेस विज्ञप्ति र १६ वटा प्रेस नोट जारी भएको छन् भने तीन पटक पत्रकार सम्मेलन भएको छ। यसको साथै कानुन निर्माणमा सरकार एवं सरोकारवाला निकायहरूलाई सहयोग पुऱ्याउन मानव अधिकारको दृष्टिकोणबाट कानुन पुनरावलोकन गरी सम्बद्ध निकायमा कार्यान्वयनका लागि पठाएको छ। आयोगमा कर्मचारी व्यवस्थापन कार्यले पनि गति लिएको छ। यी यस अवधिमा आयोगले गरेका प्रमुख उपलब्धि हुन्।

उल्लिखित यी प्राप्त उपलब्धिका बाबजुद पनि आयोग चुनौतीभन्दा बाहिर छैन। दण्डहीनताको अवस्था अहिले पनि विद्यमान छ। आयोगका सिफारिस कार्यान्वयन नहुनु, सरकारबाट अपेक्षित सहयोग प्राप्त नहुनु, कानुनी अपर्याप्तता, भूकम्पबाट क्षतिग्रस्त आयोगको भवन अझै बन्न नसक्नुबाट भौतिक पूर्वाधारको अभावमा समेत आयोगले काम गर्नुपरेको अवस्था छ। यी चुनौती सम्बोधन गर्न आयोगले सरकार एवं सरोकारवालाहरूलाई घच्घच्याइरहेको छ। यी उपलब्धि र चुनौतीबीच आयोग सविधान, ऐन र रणनीतिक योजनामा केन्द्रित भई विगतबाट अनुभव हासिल गर्दै आफ्ना काम/कारबाहीलाई समयानुकूल अगाडि बढाउने कटिबद्ध छ।

मुलुक सङ्घीय संरचनामा प्रवेश गरेसँगै सङ्घको अलवा प्रदेश र स्थानीय तहका सरकारबाट निर्माण हुने कानुन मानव अधिकारमैत्री हुन आवश्यक छ। यसरी निर्मित कानुन कार्यान्वयनका लागि संयन्त्रहरूको निर्माण गर्न जरुरी छ। यसका लागि राष्ट्रिय संस्थाका रूपमा आयोग, गैससका रूपमा इन्सेकलगायतका संस्थाहरू तीनवटै सरकारका लागि सहयोगी बन्न सक्छन्। फलतः यसबाट सहकार्य र समन्वयमा मानव अधिकारसम्बन्धी काम/कारबाही अगाडि बढाउने कार्य सहयोग पुग्न जान्छ। मानव अधिकारको सम्मान, संरक्षण र संस्कृति विकासका लागि सरोकारवालाहरू सबैसँग सहकार्य र समन्वयका लागि आयोग सदैव तत्पर छ। अन्त्यमा, म पुनः यस सराहनीय कार्यका लागि इन्सेकलाई शुभकामनासहित धन्यवाद व्यक्त गर्दछु।

**वेदप्रसाद भट्टराई**
सचिव/प्रवक्ता, मानव अधिकार आयोग

## राष्ट्रिय महिला आयोग

मानव अधिकारको विश्वव्यापी मान्यतालाई अङ्गीकार गरी नेपालमा यस कार्यलाई अगाडि लैजान राष्ट्रिय मानव अधिकारलगायत विभिन्न संस्था कार्यरत छन्। त्यसतर्फ अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को भूमिका महत्वपूर्ण र सराहनीय छ। यस केन्द्रबाट कतिपय पहुँच नभएका तथा सरकारको ध्यान नगएको क्षेत्रमा पनि पुगेर यसप्रतिको जनधारणा र सचेतना ल्याउने कार्य भएको छ।

सरकारी क्षेत्रमा रहेका कमी/कमजोरीलाई पनि उजागर गरेर इन्सेकले विगत वर्षदेखि नै सक्रिय र महत्वपूर्ण भूमिका खेल्दै आएको छ। नेपालको संविधान, २०७२ अनुसार निर्वाचन सम्पन्न भई तीनवटै तहमा सरकार गठन भइसकेको छ। यसका साथै सरकार सञ्चालन गर्न आवश्यक कानुन निर्माणको कार्य अगाडि बढेको छ। तीनवटै तह सङ्घीय, प्रदेश तथा स्थानीय तहलाई बजेट उपलब्ध गराइएको अवस्थामा त्यसको कार्यान्वयन हुन बाँकी छ। जनशक्तिको व्यवस्थापन तथा परिचालन, वृत्ति विकास र सेवा सर्त जस्ता विषयलाई समायोजन ऐनअनुसार व्यवस्थित गर्ने तथा कर्मचारीको न्यायसङ्गत मागलाई सम्बोधन गरिने सरकारबाट प्रतिक्रिया व्यक्त भएको छ। यसरी २०७५ सालको यस सङ्क्रमणकालीन प्रशासनिक व्यवस्थापन चुनौतीपूर्ण छ भने सर्वसाधारणलाई पाउनुपर्ने सेवा तथा सहयोगको प्रत्याभूति दिलाउन पर्नेछ। यसै क्रममा सन् २०१८ मा महिला तथा बालबालिकाविरुद्ध आपराधिक घटनाको

सन् २०१७ देखि २०१८ सम्म गृह मन्त्रालयबाट ३१ उजुरी प्राप्त भएकामा १५ उजुरी अनुसन्धान पश्चात जाहेर गरिसकिएको छ भने १६ उजुरीमा अनुसन्धान भइरहेको छ। एउटा उजुरी सम्बन्धित बोधार्थपत्रको सम्बन्धमा सम्बन्धित कार्यालयबाट नै जाहेर गरेको छ। त्यसैगरी राष्ट्रिय मानव अधिकार आयोगबाट प्राप्त ७१ उजुरीमा ४० उजुरी अनुसन्धान पश्चात जाहेर गरिसकिएको छ भने ३१ ओटा उजुरीमा अनुसन्धान जारी छ। १३ ओटा उजुरी सम्बन्धित बोधार्थपत्रको सम्बन्धमा सम्बन्धित कार्यालयबाट नै जाहेर गरेको छ।

पत्रपत्रिकामा प्रकाशित सूचनालाई आधार मानी १६ उजुरी प्राप्त भएकामा १२ उजुरी अनुसन्धान पश्चात जाहेर गरिसकिएको छ भने चार उजुरीमा अनुसन्धान भइरहेको छ। इमेल तथा निवेदनबाट प्राप्त दुई उजुरीमा अनुसन्धान जारी छ।

**मानव अधिकार प्रवर्द्धनतर्फ**

**समन्वय र सहकार्य**

अन्य व्यक्तिद्वारा वा नेपाल प्रहरीले प्रहरी कर्मचारीहरूबाट हुन सक्ने मानव अधिकार हनन् रोक्नका लागि विविध सङ्घ/संस्थाहरूसँग समन्वय, सहकार्य गरिआएको छ।

१. समुदाय प्रहरी साझेदारी कार्यक्रमको माध्यमबाट देशभरमा ७ सय ५३ भन्दा बढी समितिहरूमार्फत विद्यालय, स्थानीय तहका निकाय तथा सङ्घ/संस्थाहरूसँग सहकार्य गर्दै मानव अधिकार प्रवर्द्धनमा क्रियाशील रहेको।
२. विभिन्न सङ्घ/संस्थासँग अन्तरक्रिया गरी प्राप्त रचनात्मक सुझावहरू कार्यान्वयन गरेको।
३. सङ्घ/संस्थाहरूको बैठकमा सहभागी भई प्रहरी सङ्गठन एवम् घटनाविशेषका सम्बन्धमा उठेका टिका/टिप्पणीलाई सङ्गठनको धारणा एवम् भएका सत्य/तथ्य उजागर गर्ने गरिएको।
४. मानव अधिकार आयोगबाट प्राप्त निर्देशन कार्यान्वयन गरिएको।
५. मानव अधिकार आयोग, विदेशी नियोगहरू र काठमाडौँ स्कूल अफ लसँगको सहकार्यमा कर्मचारीहरूलाई मानव अधिकार एवम् सम्बन्धित विविध विषयहरूमा प्रशिक्षण प्रदान गरिएको।
६. मानव अधिकार आयोगबाट गठित छाउ पडीसम्बन्धी राष्ट्रिय जाँचबुझ कार्यक्रममा दैलेख र अछाम जिल्लाहरूमा सहभागी भई मानव अधिकार प्रवर्द्धनतर्फ विशेष भूमिका रह्यो।

**मानव अधिकार परिपूर्ति**

**वैज्ञानिक स्रोत साधनको प्रयोग**

प्रहरी कार्य तथा अपराध अनुसन्धानमा वैज्ञानिक स्रोत साधनको प्रयोग एवम् भौतिक स्रोत साधनको व्यवस्थापन

१. नेपाल प्रहरीद्वारा नागरिकमैत्री कार्यालय निर्माण
२. हिरासत कक्षहरूमा सिसिटिभी क्यामेरा जडान
३. अन्तर्वार्ताका लागि उपकरणसहितको आधुनिक कक्ष
४. महिला तथा बालबालिकामाथि हुने हिंसा, अपराध अनुसन्धानका लागि तालिम प्राप्त प्रहरी (महिला) सहितको छुट्टै कक्ष एवम् भवनहरूको निर्माण
५. अनुसन्धानमा एएफआइएस, पोलिग्राफी, फरेन्सिक मोबाइलसमेत प्रयोगमा ल्याई दोषी व्यक्तिलाई कानुनी दायरामा ल्याउने कार्य गरियो।

**अपराध अनुसन्धानमा प्रभावकारिता**

१. प्रमाणमुखी अनुसन्धान पद्धतिलाई पूर्ण कार्यान्वयनमा ल्याउन र अनुसन्धानका विविध आयामहरूमा सुधार गरी दक्ष जनशक्ति तयार गर्नका लागि ३ वर्षे क्राइम एक्सन प्लान (क्याप) निरन्तर कार्यान्वयन भइरहेको छ। यसले प्रहरीको अनुसन्धानको पाटोलाई सुधार गरी पीडितको हक अधिकारको संरक्षण गरेको छ भने पुराना मुद्दाहरू एवम् भएका अपराधको सफल अनुसन्धानको दृष्टिकोणबाट पनि गत वर्ष नेपाल प्रहरीको लागि सुखद रह्यो।
२. त्यसैगरी लामो समयदेखि फरार रहेका अभियुक्तहरूलाई प्राथमिकतामा राखी उल्लेख्य सङ्ख्यामा पक्राउ गरिएको।
३. ठूलो मात्रामा लागु औषध एवम् अवैध सुन एवम् कारोबारी पक्राउ।
४. मानव बेचबिखन तथा वैदेशिक रोजगारीको नाममा हुने बेचबिखन तथा ठगी अवैध वन पैदावर एवम् वन्यजन्तुको ओसारपसार नियन्त्रणमा प्रहरीले ठूलो सफलता प्राप्त गरेको छ।

**अपराध रोकथाम**

१. अपराध नियन्त्रण तथा अनुसन्धानलगायत प्रहरीले प्रदान गर्ने सेवा, काम गर्ने तरिका र प्रक्रियाका सम्बन्धमा कानुनी जानकारी नभएका तथा सरकारी निकायमा कम पहुँच भएका नागरिकहरूलाई समेत केन्द्रित गरी यसै वर्षबाट सुरु गरिएको समुदाय–प्रहरी साझेदारी कार्यक्रममार्फत स्थानीय तहको समेत समन्वयमा विभिन्न कार्यक्रम सञ्चालन गरेको छ।

२. सामुदायिक प्रहरी सेवा, जिल्लास्थित महिला तथा बालबालिका सेवा केन्द्रहरू तथा अन्य प्रहरी कार्यालयहरूले मुस्कानसहितको सेवा, प्रहरी मेरो साथी, प्रहरी–नागरिक हातेमालो आदि कार्यक्रममार्फत विविध सामाजिक अपराधहरू, जस्तै– लागु पदार्थ दुर्व्यसन, लैङ्गिक हिंसा, घरेलु हिंसा, वैदेशिक रोजगारमा जाँदा हुने ठगी, जातका आधारमा हुने भेदभाव र छुवाछूत, मानव बेचबिखन तथा ओसारपसार आदि अपराधविरुद्ध सचेतना फैलाउँदै घटना र अपराधबारे प्रमाणको महत्व, सूचना र सुरक्षाबारे आमनागरिक एवम् सेवाग्राहीहरूसँगको सम्बन्धलाई सुदृढ पार्ने कार्य गरियो।

**मानव अधिकार परिपूर्ति**

१. प्रहरी महानिरीक्षकज्यूका प्राथमिकताहरूमा सूचीकृत गरी क्रियाशील रहेको।
२. मुस्कानसहितको प्रहरी सेवा, प्रहरी–नागरिक हातेमालो, ग्रामीण गस्ती, प्रहरी मेरो साथी, टोल/टोलमा प्रहरी, सामुदायिक प्रहरी सेवालगायत क्रियाकलापलाई निरन्तरता दिँदै सामुदायिक प्रहरी साझेदारी कार्यक्रमका माध्यमबाट एउटै छातामा सामाजिक क्रियाकलाप गर्दै ७ सय ५३ भन्दा बढी समितिहरू तथा विद्यालयहरूमा सम्पर्क समितिहरूका माध्यमबाट मानव अधिकार परिपूर्ति गर्ने उद्देश्यले क्रियाशील रहेको।
३. गत आ.व. मा ५१,९५८ अपराधमा व्यक्तिद्वारा नागरिकको मानव अधिकार हनन् भएकामा पीडितलाई आवश्यक क्षतिपूर्ति र पीडकलाई कानुनी दायित्व बहन गराउन कानुनको प्रक्रिया पूरा गरी अनुसन्धानपश्चात सम्बन्धित निकायमा पठाइएको छ।
४. प्रहरीले मुद्दा दर्ता हुनेसम्मका सबै प्रहरी कार्यालयहरूमा प्रवक्ता तोकी सर्वसाधारण एवम् जानकारी चाहने व्यक्तिका लागि सूचना उपलब्ध गराउने, कुनै पनि प्रहरी कार्यालय वा कर्मचारीबाट प्रदान हुनुपर्ने सेवा ठीक समयमा ठीकतवरबाट प्रदान नभएमा वा कुनै पनि प्रहरी कर्मचारीले कुनै पनि आमनागरिकलाई दुर्व्यवहार गरेमा, यातना दिएमा वा कुनै पनि प्रकारको मानव अधिकार हनन् हुने काम/कारबाही गरेमा दोषी कर्मचारीविरुद्ध लिखित, मौखिक वा कुनै पनि तवरबाट उजुरी गर्न सकिने व्यवस्था नेपाल प्रहरीमा रहेको छ।

समग्रमा गत वर्ष पनि चुस्तदुरुस्त सेवा प्रवाह, कानुनको सशक्त कार्यान्वयन, भएका अपराधको सफल अनुसन्धान गरी पीडितलाई न्याय र दोषीलाई कारबाहीको दायरामा ल्याउने, प्रहरी कर्मचारीहरूलाई तालिम प्रदान गरी सेवाग्राहीको हक अधिकारको सुनिश्चितता, विविध सचेतनामूलक कार्यक्रमहरूमार्फत आमनागरिकहरूलाई सुसूचित गर्ने कार्य र मानव अधिकार उल्लङ्घन गर्ने कर्मचारीहरूलाई कारबाहीको दायरामा ल्याई पीडितलाई न्याय दिलाइ नेपाल प्रहरी मानव अधिकारको संरक्षण, प्रवर्द्धन र परिपूर्तिमा सदैव संवेदनशील एवम् क्रियाशील रहिआएको छ र रहिरहनेछ। अनौपचारिक क्षेत्र सेवा केन्द्रले मानव अधिकारको संरक्षण एवम् प्रवर्द्धनमा पुऱ्याएको योगदानका लागि धन्यवादसहित आगामी दिनहरूमा नेपाल प्रहरीलाई रचनात्मक सुझावको अपेक्षा गर्दै सहकार्यको निरन्तरताका लागि अनुरोधसहित सदैव संस्थाको प्रगतिको कामना गर्छौं।

**उत्तमराज सुवेदी**
प्रहरी वरिष्ठ उपरीक्षक

## सशस्त्र प्रहरी बल

मानव अधिकारको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्ने उद्देश्यले सशस्त्र प्रहरी बल नेपालले मानव अधिकार हननका विषयमा शून्य सहनशीलताको नीति अवलम्बन गरेको छ। सशस्त्र प्रहरी बल, नेपालका कुनै पनि सदस्यहरूबाट मानव अधिकार उल्लङ्घन भएको भनी जुनसुकै माध्यमबाट प्राप्त उजुरी वा घटनाहरूउपर तत्काल अनुसन्धान गरी दोषी ठहरिएमा सङ्गठनले आवश्यकताअनुसार सशस्त्र प्रहरी कर्मचारीहरूलाई विभागीय कारबाही गर्दै आइरहेको छ। साथै सशस्त्र प्रहरी बलले कमान्ड जिम्मेवारीमा खटिएर जाने अधिकृतहरूलाई मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनका बारेमा ब्रिफिङ गरी आफू र आफ्नो मातहतमा रहेका फौजहरूलाई सदैव सचेत गराउने, मानव अधिकार हनन् गर्नेलाई दण्डित गरी मानव अधिकार प्रवर्द्धनमा टेवा पुऱ्याइरहेको छ। तसर्थ मानव अधिकारको संरक्षण कुनै पृथक विषय वा सन्दर्भ नभई सशस्त्र प्रहरी बल सङ्गठनको स्थापनाको मूल उद्देश्य नै हो।

नागरिकहरूको संविधानप्रदत्त मौलिक हक अधिकारको संरक्षण गर्दै मानव अधिकारलाई जनताको सेवा र आफ्नो व्यावसायिक दक्षताको मापदण्ड बनाइ समाजमा कानुन कार्यान्वयन गर्ने जस्तो अत्यन्तै महत्वपूर्ण एवम् संवेदनशील जिम्मेवारी बोकेको सशस्त्र प्रहरी बलले सीमा क्षेत्रमा हुने मानव बेचबिखन जस्ता जघन्य अपराध रोकथामका लागि सूक्ष्मरूपमा निगरानी गर्दै आएको साथै विपद्को समयमा मानव अधिकार

सरक्षणप्रति सचेत भई विषम परिस्थितिहरूमा कार्य सम्पादन गर्दै आइरहेको र आफ्नो स्थापना कालदेखि हालसम्म कुशलपूर्वक हरेक क्रियाकलापलाई परिष्कृत एवम् परिमार्जित गर्दै मानव अधिकार संरक्षण एवम् संवर्द्धन गर्न सदैव प्रतिबद्ध रहेको छ।

नेपाल सरकार प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयद्वारा तयार गरिएको चौथो पञ्चवर्षीय मानव अधिकार राष्ट्रिय कार्ययोजना (आ.व. २०७१/०७२–२०७५/०७६) को सशस्त्र प्रहरी बलले प्रभावकारीरूपमा कार्यान्वयन गर्दै आइरहेको छ। सशस्त्र प्रहरी बलका सकल दर्जाका राष्ट्रसेवकहरूलाई मानव अधिकारसम्बन्धी प्रशिक्षण दिने, मानव अधिकारको संरक्षण र संवर्द्धनमा सशस्त्र प्रहरी बलको भूमिका सम्बन्धमा स्थानीयस्तरसम्म सरोकार निकायहरूलाई सहभागी गराई कार्यशाला सञ्चालन गर्ने, मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी उन्नत तालिमहरूमा सशस्त्र प्रहरी कर्मचारीहरूलाई सहभागी गराउने, तालिम पाठ्यक्रमहरूलाई परिमार्जित गरी समयसापेक्ष बनाउँदै लैजाने, सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीहरूलाई लैङ्गिक विभेदसम्बन्धी ज्ञान दिलाउने एवम् प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरी कार्यरत जनशक्तिबाटै प्रशिक्षक उत्पादन गर्ने कार्य गर्दै आइरहेको छ।

अन्तमा, मानव अधिकार स्थितिका बारेमा सामाजिक न्यायको निम्ति स्थापित अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सत्य/तथ्यमा आधारित रही प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तक २०१९ को सफलताको कामना गर्दै आगामी दिनहरूमा नागरिकहरूको मानव अधिकार संरक्षण एवम् संवर्द्धन गर्ने कार्यमा महत्वपूर्ण योगदान पुऱ्याउन सफल हुनेछ भन्ने विश्वास व्यक्त गर्छौं।

**सुरजकुमार श्रेष्ठ**
सशस्त्र प्रहरी नायव महानिरीक्षक
मानव स्रोत विभाग, कानुन शाखा, मानव अधिकार सेल

## सन् २०१८ मा प्रेस स्वतन्त्रता

नेपाल पत्रकार महासङ्घ प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षाका साथै मानव अधिकारको क्षेत्रमा क्रियाशील संस्था हो। यस परिप्रेक्षमा मानव अधिकारको संरक्षण र वकालत गर्ने अन्य संस्थाको पहललाई महासङ्घ सम्मान गर्दछ। मानव अधिकारको उल्लङ्घन तथा ज्यादतीका तथ्य तथ्याङ्कहरू सङ्कलन गर्दै मानव अधिकार उल्लङ्घनकर्तालाई खबरदारी गर्ने कार्यमा सराहनीय भूमिका निर्वाह गर्दै आइरहेको इन्सेकले विगतझैँ यस वर्ष पनि मानव अधिकार उल्लङ्घनका तथ्याङ्कहरू समेटेर नेपाल मानव अधिकार वर्ष पुस्तक २०१९ प्रकाशन गर्न लागेकोमा शुभकामना दिन चाहान्छु।

यस सन्दर्भमा नेपाल पत्रकार महासङ्घले पनि नेपालको मानव अधिकारको अवस्थालाई नजिकबाट अध्ययन गरिरहेको छ। महासङ्घले मानव अधिकारका सम्बन्धमा अनुगमन डेस्कको स्थापना गरी सञ्चारकर्मीहरूमाथि हुने आक्रमण, धम्की, अपहरण लगायतका घटनाका बारेमा नियमित अनुगमन गर्दै आएको छ।

महासङ्घको तथ्याङ्कअनुसार सन् २०१८ पत्रकारहरूका लागि चुनौतीपूर्ण वर्ष रहेको छ। यो वर्ष ५८ ओटा प्रेस स्वतन्त्रता हनन्का घटनाहरू भएका छन्। जसमध्ये ६ जना पत्रकार गिरफ्तार भए। तीन जना पत्रकारलाई प्रहरीले समाचार लेखेकै आधारमा गिरफ्तार गरी आफ्नो अधिकार क्षेत्र भन्दा बाहिर गई विद्युतीय कारोबार ऐन, २०६३ अर्न्तगत मुद्दा चलाएको थियो। समाचारको विषयमा परेको उजुरी हेर्ने र कारबाही गर्ने प्रेस काउन्सिल नेपालको अधिकारलाई बिर्सेर प्रहरीले पत्रकारमाथि मुद्दा चलाउनुले मुलुकमा प्रेस स्वतन्त्रताको अवस्था कमजोर रहेको प्रष्ट्याएको छ।

यस्तै यो अवधिमा १५ जना पत्रकारमाथि आक्रमण भएको छ भने १३ जना पत्रकारलाई धम्की दिइएको छ। महासङ्घको अभिलेख अनुसार समाचारको विषयलाई लिएर पत्रकारमाथि आक्रमण र धम्की दिने काम प्रहरी, राजनीतिक दल, जनप्रतिनिधि तथा सार्वजनिक निकायका जिम्मेवार व्यक्तिबाट हुने गरेको छ। यस्तै यो अवधिमा १२ जना पत्रकारलाई समाचार सङ्कलनका क्रममा वा समाचार छापेको निहुँमा दुर्व्यवहार गरिएको छ भने ६ जना पत्रकारलाई समाचार सङ्कलनका क्रममा अवरोध पुऱ्याउनुका साथै पत्रकारको संस्था तथा पत्रपत्रिका कब्जा गरिएका चार ओटा घटना भएका छन्।

यी केही प्रतिनिधिमूलक घटनाहरूले देशको समग्र मानव अधिकारको अवस्था बुझ्न सघाउ पुऱ्याउँछ। यस्ता मानव अधिकार विरोधी कार्यमा राज्यका जिम्मेवार निकाय तथा राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूको संलग्नता देखिनु दुर्भाग्यपूर्ण कुरा हो।

**गोविन्द आचार्य**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ

## अनुसूची ५

# क्रिया-प्रतिक्रिया

मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धनमा क्रियाशील संस्था इन्सेकद्वारा प्रकाशित हुने मानव अधिकार वर्ष पुस्तक नेपालमा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाका साथै मानव अधिकार अवस्था छर्लङ्ग पार्ने दस्तावेज हो । पुस्तकले मानव अधिकार उल्लङ्घनकर्तालाई हतोत्साही र राज्यका निकायलाई मानव अधिकारको संरक्षण, संवर्द्धन र सम्मानमा सचेत तुल्याइ कमीकमजोरी समेत उजागर गराउँदै तथ्यपरक र यथार्थपरक घटनाको विश्लेषण गर्दै आएको छ । मानव अधिकारको संरक्षणमा समाज र राष्ट्रलाई अझ सशक्त बनाउन पुस्तकले महत्त्वपूर्ण भूमिका खेल्ने छ।

**सुमन शाक्य**
प्रमुख, जिल्ला समन्वय समिति, सङ्खुवासभा


वर्ष पुस्तकले नेपालको मानव अधिकारको अवस्था प्रस्तुत गर्ने काम गरेको छ । नागरिकका अधिकार तथा राजनीतिक,आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका विषयमा समेत पुस्तकमा उल्लेख गरिएकोले बनेका कानुन कार्यन्वयनमा सरोकारवालालाई घचघच्याउन इन्सेकलाई आग्रह गर्छु। पहुँच नभएका पछाडि पारिएका नागरिकहरूको आवाज पनि मानव अधिकारकर्मीले उठाउनुपर्ने भएकोले वर्ष पुस्तक आवाज विहीनको सारथी होस्।

**गणेशबहादुर अधिकारी**
प्रमुख जिल्ला अधिकारी, सङ्खुवासभा

वर्ष पुस्तकले मुलुकको मानव अधिकारको वार्षिक रूपमा समीक्षा गरी यसको अवस्थाको तस्वीर विश्वमाझ राख्ने गरेको छ। साथै यस पुस्तकले मुलुकमा अपराध कति भयो र अपराधीलाई कानुनको दायरामा ल्याउन राज्य कति सफल भयो भन्ने समेत जानकारी दिन्छ। जसले सम्बद्ध पक्षहरूमा जवाफदेहिता बढाएको छ।

**श्यामकुमार सारु मगर**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, सङ्खुवासभा

मानव अधिकार वर्ष पुस्तक मानव अधिकार अवस्थाको राज्य र समाजका लागि दर्पण बन्दै आएको




छ। नेपालमा मानव अधिकारको क्षेत्रमा अग्रणी भूमिका खेल्दै आएको संस्था इन्सेकले मानव अधिकारका क्षेत्रमा मात्र होइन, लोकतन्त्रको पक्षमा बहस छलफल र थप सुदृढिकरण गर्न विगतको द्वन्द्वकालीन अवस्थाको सही व्यवस्थापनदेखि हाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रान्त्रिक राज्यव्यवस्थाको सफल कार्यान्वायन गर्ने महान अभियानमा सामेल भइरहेको छ।

**खड्गबहादुर राई**
नेता, नेकपा , सङ्खुवासभा

मानव अधिकारको विषयवस्तु गहन भएकाले सबै नागरिक सम्मानित, स्वतन्त्र र मर्यादित रूपमा बाँच्न पाउनु मात्रै नभई स्वच्छ वातावारणमा बस्न पाउनु, विकासको अधिकार अनुभूति गर्नु पनि मानव अधिकार भएकाले द्वन्द्वकालमा मानव अधिकारको अवस्थाका बारे जोखिम मोलेर भए पनि इन्सेकले वर्ष पुस्तक प्रकाशन गरेकोले वर्ष पुस्तक मानव अधिकारको दस्तावेज हो।

**ईन्द्र गिरी**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, सङ्खुवासभा

नेपालको मानव अधिकार संरक्षण र संबर्द्धनमा इन्सेकको भूमिका अग्रस्थानमा छ। मानव अधिकार उपभोगबाट वञ्चित नागरिकलाई न्याय दिलाउन इन्सेकले विशेष योगदान दिँदै आएको हामीले अनुभूत गरेका छौँ। मानव अधिकार उल्लङ्घनसम्बन्धी घटनाको दस्तावेजका रूपमा रहेको नेपाल मानव अधिकार वर्ष पुस्तक आपराधिक मनोवृत्ति बोकेका व्यक्तिलाई हतोत्साहित गर्ने हतियार र पीडित नागरिकका लागि कानुनी लडाइँका क्रममा महत्त्वपूर्ण प्रमाणका रूपमा स्थापित होस्। कानुनी पहुँच नभएका र पछाडि परेको क्षेत्र र समुदायका नागरिकको सारथि बन्न सकोस्। शुभकामना।

**दमन राई**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, खोटाङ

मानव अधिकार उल्लङ्घन र अपराधका घटना समावेश गरी इन्सेकले प्रत्येक वर्ष नेपाल मानव अधिकार वर्ष पुस्तक सार्वजनिक गर्दै आएको छ। मानव अधिकार संस्कृतिको विकासबिना सभ्य मुलुकको परिकल्पना गर्न सकिँदैन। सरोकारवालाहरू यस सम्बन्धमा निरन्तर सचेत एवम् क्रियाशील हुन जरुरी छ। मानव अधिकारको सम्मान, संरक्षण एवम् परिपूरणको पहिलो दायित्व राज्यको हुन्छ। आफूले गरेका प्रतिबद्धता राज्य पक्षले पूरा गर्नुपर्ने हुन्छ। राज्यले आफ्नो दायित्व पूरा गरे/नगरेको सम्बन्धमा निगरानी गर्ने प्रमुख भूमिका मानव अधिकारको क्षेत्रमा काम गर्ने क्रियाशील सङ्घ/संस्थाको रहन्छ। यस विषयमा इन्सेकले आफ्नो भूमिका विगतदेखि नै राम्ररी निर्वाह गर्दै आएको छ।

**सुमित्रादेवी राई**
मानव अधिकार अधिकृत
राष्ट्रिय मानव अधिकार आयोग, प्रदेश १ शाखा कार्यालय, खोटाङ

नेपाल मानव अधिकार वर्ष पुस्तकमार्फत् इन्सेकले समाजमा भएका मानव अधिकार हननका घटनालाई दस्तावेजीकरण गर्दै प्रकाशन गरी पीडितलाई न्याय र पीडकलाई कानुनी दायरामा ल्याउन अग्रणी भूमिका खेलेको छ। मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई विगतमा झैँ चुस्त र दुरुस्तरूपमा दस्तावेजीकरण गर्दै यो पुस्तक निरन्तर प्रकाशित होस्। शुभकामना।

**विमलकाजी श्रेष्ठ**
अध्यक्ष, गैरसरकारी संस्था महासङ्घ, खोटाङ

सामाजिक न्याय र मानव अधिकार रक्षाका लागि प्रतिबद्ध इन्सेकले बर्सेनि प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तकले राज्य र गैरराज्य पक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनालाई यथार्थपरक तथा निष्पक्ष ढङ्गले उल्लेख गर्दै त्यस्ता घटना न्यूनीकरणमा भूमिका खेली सरोकारवाला पक्षलाई सजग गराउँदै आएको छ।

**बबी चाम्लिङ**
प्रमुख, जिल्ला समन्वय समिति, खोटाङ

मानव अधिकार वर्ष पुस्तक मूलतः मानव अधिकार उल्लङ्घनका घटनाहरूको गहिरो अध्ययन सहितको दस्तावेज हो। केही अन्य निकाय वा संघ संस्थाहरूबाट आ–आफ्नो उद्देश्यअनुसार घटना विवरण राख्ने र सार्वजनिक गर्ने भएको पाइए पनि इन्सेकबाट प्रकाशित यस पुस्तकलाई गहन र विश्वसनीय मानिएको छ। यस पुस्तकमा मानव अधिकारसँग सम्बन्धित धेरै क्षेत्रको अध्ययन र विश्लेषण गरिएकोले सम्बन्धित सबैमा आफ्नो कर्तव्य र भूमिका निर्वाह गर्न तथा दायित्व बोध गर्न सकारात्मक दवाव सृजना गरेको छ। पुस्तकले मानव अधिकारको संरक्षणमा सहयोग पुग्ने अपेक्षा गरेको छु।

**कमलबहादुर चेम्जोङ्ग**
अध्यक्ष, नेपाल बार एसोशिएशन, पाँचथर

नेपाल मानव अधिकार वर्ष पुस्तकले जिल्लामा भएका मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई प्रस्तुत गर्ने कार्य गरिरहेको छ। महिला, बालबालिकामाथि भएका अधिकार हनन्, मानव हत्या जस्ता घटना साथै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका विषयमा जिल्ला तहमा पनि बहस गर्ने थलो सृजना गरेको छ। मानव अधिकारको समग्र विषयमा राज्य र नागरिकमा दायित्व बोध गराउने काम पनि भएको छ। इन्सेकले गरेको घटना अभिलेखीकरण, छलफल आदिले सरोकारवालाको ध्यानाकर्षण भएको छ।

**गणेशप्रसाद बराल**
प्रमुख जिल्ला समन्वय समिति, इलाम

नेपाल मानव अधिकार वर्ष पुस्तक मार्फत इन्सेकले मानव अधिकार प्राप्तीमा गरेको योगदानप्रति खुसी व्यक्त गर्न चाहान्छु। आफ्नो अधिकारप्रतिको सजगता र अरुको अधिकारको सम्मान गर्ने संस्कृतिको विकास गर्दै विश्व बन्धुत्व, भाइचारा, सहकार्य र सहअस्तित्वको निर्माणमा सबै नागरिकहरूलाई ऐक्यबद्ध बनाउनु हामी सबैको कर्तव्य एवम् दायित्व ठानेको छु। करिब साढे दुई दशकदेखि राज्य एवम् यसका निकायहरूलाई मानव अधिकार संरक्षणमा सहयोग एवम्

खबरदारी गर्ने अग्रणी सामाजिक संस्था इन्सेकलाई आगामी दिनमा मानव अधिकार संरक्षण तथा प्रवर्धन अभियानमा सफलता मिलोस्।

**श्रवण कुमार तिमिल्सिना**
प्रमुख जिल्ला अधिकारी, इलाम

मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको दस्तावेजका रूपमा नेपाल मानव अधिकार वर्ष पुस्तक भन्दा भरपर्दो अभिलेख कहीँ पाइँदैन। आफ्ना प्रतिनिधिहरू मार्फत घटनाहरूको सङ्कलन मात्र नभएर जिल्ला र केन्द्र तहमा पनि पर्याप्त छलफलपछि प्रकाशन हुने यस वर्ष पुस्तकले मानव अधिकारको संरक्षणमा ठूलो भूमिका निर्वाह गर्दै आएको छ। पछिल्लो समय यस पुस्तकमा सरकारी निकायले दिएका जानकारीहरू मात्र समावेश गरिएको पाइन्छ। कतिपय मानव अधिकार उल्लङ्घनका घटनाहरू सरकारी निकायसम्म नपुगेको पनि हुन सक्छ। पुगेका घटनाहरू पनि कतिपय सत्यताभन्दा बाहिर पनि हुन सक्छ। यसैले सबै घटनाहरूलाई समेट्न सकियो भने यस पुस्तकको उपादेयता अझ बढेर जाने देखिन्छ।

**सटेन्द्र जबेगु**
केन्द्रीय सदस्य, नेपाल पत्रकार महासङ्घ, झापा

नेपालमा मानव अधिकारको विद्यमान अवस्था उजागर गर्ने तथा मानव अधिकारका सम्बन्धमा सम्बन्धित पक्षलाई सचेत एवम् जागरूक गराउन इन्सेकबाट प्रकाशन हुने मानव अधिकार वर्ष पुस्तकको महत्त्वपूर्ण भूमिका छ। मानव अधिकार उल्लङ्घनका घटनालाई प्रकाश गर्ने तथा विभिन्न निकाय क्षेत्रबाट हुने मानव अधिकारको क्षेत्रलाई थप संवेदनशील,जवाफदेही र उत्तरदायी बनाउनुका साथै आमनागरिकमा मानव अधिकारको अवस्थाको बारेमा जानकारी दिने भएकोले यस पुस्तकले निर्वाह गरेको भूमिका महत्त्वपूर्ण छ।

**खिलनाथ रेग्मी**
न्यायाधीश, जिल्ला अदालत झापा

मानव अधिकार वर्ष पुस्तकको माध्यमबाट नेपालमा के कस्ता मानव अधिकार उल्लङ्घनका घटना भएका छन् ? मानव अधिकार उल्लङ्घनको कस्तो छ ? भन्ने सूचना प्राप्त हुन्छ। यसले मानव अधिकारको रक्षाका लागि राज्यलाई आवश्यक नीति तय गर्न सघाउ पुऱ्याएको छ। मानव अधिकार रक्षा गर्न राज्यलाई खबरदारी गर्ने इन्सेकको यो अभियानको निरन्तर सफलताको शुभकामना व्यक्त गर्दछु।

**सोमनाथ पोर्तेल**
प्रमुख, जिल्ला समन्वय समिति झापा

कानुनी राज्यको सवलताको महत्त्वपूर्ण सूचक मानव अधिकारको संरक्षण हो। यो विषय राज्यको जुनसुकै कार्यप्रणालीसँग जोडिएको छ। इन्सेकले नेपालको मानव अधिकारका क्षेत्रमा भएका कार्यहरूको दस्तावेजीकरण गरिरहेको छ। यो राज्यका लागि पनि गर्वको विषय हो। आगामी दिनमा मानव अधिकार र सामाजिक न्यायको क्षेत्रमा इन्सेकले सशक्त भूमिका खेल्न सकोस्।

**भीमप्रसाद ढकाल**
एसपी, जिल्ला प्रहरी कार्यालय, झापा

इन्सेकले मानव अधिकारका घटना सङ्कलन गरी सन् १९९२ देखि २६ वटा वर्ष पुस्तक प्रकाशन गर्नु सामान्य कुरा होइन। नेपालको संविधान २०७२, मा आदिवासी, जनजाति, महिला, दलित, मधेसी, मुस्लिम, पिछडिएको जाति, वर्ग, लिङ्ग र समुदायका अधिकारलाई लिपिबद्ध गरिएको छ। उनीहरूका आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका विषय संविधानमा लिपिबद्ध अधिकारको प्रभाव इन्सेकको वर्ष पुस्तकमा पनि देख्न सकिन्छ। प्रत्यक्ष रूपले मानव अधिकार उल्लङ्घनका घटना र राजनीतिक अधिकारका मुद्दा मात्र होइन, नागरिकका आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका मुद्दा पनि इन्सेकले वर्ष पुस्तकमा समेटेको छ। मानिसका आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार जस्ता विषय अब मानव अधिकारका मुल मुद्दा बन्न सक्नु पर्दछ। इन्सेकले यी मुद्दा उठान गरेकै छ तर अब यसलाई मूल मुद्दा बनाउनु सान्दर्भिक हुन्छ।

**तारामणि सापकोटा**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ झापा, शाखा

मानव अधिकार र सामाजिक न्यायका निम्ति क्रियाशील अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सन् १९९२ देखि नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्दै आएको छ। नेपालमा मानव अधिकारको अवस्था, यसको विकासक्रम र राज्यले मानव अधिकारप्रति निर्वाह गरेको जवाफदेहिता र भूमिकाका बारेमा अध्यन गर्ने जो कोहीका लागि पनि महत्त्वपूर्ण दस्तावेजका रूपमा रहेको छ। वर्ष पुस्तक, घटनाहरूको सिसिलेवार संकलन मात्र होइन। यसले राज्यको जवाफदेहितालाई तिख्खर बनाउन पेचिलो दवाब पनि सृजना गरेको छ। घटना, घटनाका प्रकृति र अपराधका स्वरूपहरूको वृस्तत अध्ययन गर्नसमेत वर्ष पुस्तक सफल छ।

**विष्णुप्रसाद खरेल**
उपाध्यक्ष, मानव अधिकार रक्षक परिषद, प्रदेश १

मानव अधिकार वर्ष पुस्तकले नेपालको मानव अधिकार अवस्थाको तथ्यपरक विश्लेषण गर्दै आएको छ । मानव अधिकार अवस्था तथा घटनाको अभिलेखीकरण हुने, सूचीकरण हुने र सार्वजनिकीकरण गर्ने कामले नेपालको मानव अधिकार अवस्था अन्तर्राष्ट्रिय क्षेत्रमा पुऱ्याउन पुस्तकको महत्त्व रहेको छ। त्यसैले यो पुस्तक नेपालको मानव अधिकारको दस्तावेजकारूपमा रहँदै आएको छ।

**जीवन घिमिरे**
मन्त्री, सामाजिक विकास मन्त्रालय, प्रदेश १

नेपालको सन्दर्भमा मानव अधिकार वर्ष पुस्तकको महत्त्व धेरै छ। मानव अधिकारका हरेक घटनालाई दस्तावेजका रूपमा राखेको छ। पुस्तकले मानव अधिकारका क्षेत्रमा समस्या, चुनौती र समाधानका उपायहरू पनि जानकारी गराउँछ । महिलामाथि हुने हिंसाका घटनाको ग्रामीण क्षेत्रसम्म पुगेर उजागर गर्न पुस्तक सफल भएको छ। यो पुस्तकले तिनै तहका सरकारका लागि आगामी दिनमा मानव अधिकार संरक्षण र संवर्द्धनमा सहयोगीको हुने छ। विगत २६ वर्षदेखि निरन्तर पुस्तक प्रकाशन हुनु सामान्य होइन। यो निरन्तरताले नै पुस्तकको महत्त्व दर्शाएको छ।

**भीम पराजुली**
प्रमुख, विराटनगर महानगरपालिका

महिलामाथि हुने हिंसा, बलात्कार जस्ता घटना धेरै हुने र केही घटना हेर्दा न्याय पाउन नसकेको अवस्था देखिन्छ। घटनाको गहिराइसम्म पुगेर बाहिर ल्याउन र न्याय दिलाउन इन्सकले भूमिका निर्वाह गरेको देखिन्छ । यो पुस्तकका कारण मानव अधिकार उल्लङ्घनका घटना न्यूनीकरण गर्न मद्दत पुगेको छ।

**सरस्वती पोखरेल**
उपसभामुख, प्रदेश सभा, प्रदेश १

इन्सेकले प्रकाशन गरेको नेपाल मानव अधिकार वर्ष पुस्तक नेपालको मानव अधिकार संरक्षण र संवर्द्धनका लागि महत्त्वपूर्ण छ। मानव अधिकारको रक्षाका लागि राज्यको भूमिका सदैव रहन्छ। राज्यको भूमिकालाई सशक्त बनाउन वर्ष पुस्तकले महत्त्वपूर्ण कार्य गरेको छ।

**राजन अधिकारी**
एसपी, जिल्ला प्रहरी कार्यालय, सुनसरी

वर्ष पुस्तकमा अधिकारको कुरा भन्दा अहिले अपराधका पनि घटनाहरू बढी समावेज भएको जस्तो छ। देशका गरीब, विपन्न, सिमान्तकृत समुदायको गाँस,बास र कपासका कुराहरूको विषय वर्ष पुस्तकमा उठान गर्न आवश्यक छ।

**रघुनाथ मेहता**
राजपा, सुनसरी

इन्सेकको वर्ष पुस्तक पत्रकारका लागि स्रोत बनेको छ । पुस्तकले सत्यतथ्य र वास्तविकतामा आधारित रहेर मानव अधिकारका क्षेत्रमा गरेको पैरवी अमूल्य छ।

**अमर खड्का**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ सुनसरी शाखा

राज्य वा गैरराज्यका तर्फबाट भएका मानवप्रतिको दुर्व्यवहार तथा अधिकार हनन् र उल्लङ्घनका घटनाहरूको अभिलेखिकरण गरेर निकालिएको नेपाल मानव अधिकार वर्ष पुस्तक– २०१९ निकै उपयोगी हुने अपेक्षा गरेको छु। वर्ष पुस्तक नयाँ अङ्क प्रकाशन गर्ने तयारी गरेको सूचनाले म हर्षित छु।

**गोपाल राजभण्डारी**
प्रमुख, जिल्ला समन्वय समिति, सुनसरी

इन्सेकले नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गरेर देशलाई नै गुन लगाएको छ। देशभरका आफ्नै प्रतिनिधिमार्फत स्थानीयस्तरमै सुक्ष्म रूपले घटनाको अभिलेखिकरण गरी अर्धवार्षिक र वार्षिक रूपमा जिल्ला स्थित सरोकारवाला निकायहरूसँग समीक्षा गरी मात्रै प्रकाशन गर्ने गरिएको वर्ष पुस्तक नेपालको नमुना पुस्तक र उपयोग स्रोत सामग्री समेत बनेको छ।

**देवकृष्ण यादव**
शिक्षक, सुनसरी

मानव अधिकार मानिसको गाँस, बास र कपाससँग सम्बन्धित जन्मसिद्ध अधिकार हो । यो शासकको अधिकार होइन। यो विश्वव्यापी चासोको विषय हो। सामाजिक अन्धविश्वास, परम्परागत संस्कार र हिंसा मानव अधिकारका क्षेत्रमा देखिएका समस्या हुन्। यससँग सम्बन्धित घटनालाई इन्सेकले उजागर गरिदिएर राज्यका संयन्त्रहरूलाई मानव अधिकार प्रत्याभूतिका लागि संवेदनशील हुन तथा मानव अधिकार प्रवर्धनमा थप योगदान दिइरहेको छ।

**दिलकुमार वर्देवा**
स्रेस्तेदार, जिल्ला अदालत, सप्तरी

इन्सेकले प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घनका घटनाहरूको वस्तुनिष्ठ अध्ययन र विश्लेषण गरी मानव अधिकारको यथार्थता झल्काउने गरेको छ ।

लोकतन्त्रात्मक शासन व्यवस्थाको मेरुदण्डका रूपमा मानव अधिकारलाई आत्मसात गरिनुपर्छ । मानव अधिकारको यथार्थ धरातल चित्रण गर्ने कार्यमा यस पुस्तकले खेलेको भूमिका सराहनीय छ । कतिपय घटनालाई मानव अधिकारसँग जोडर नागरिक दायित्वबोध नगरी सस्तो लोकप्रियताका लागि अतिरञ्जित बनाउने गरिन्छ। त्यसतर्फ सचेत हुन जरुरी छ।

**राजेन्द्र बिष्ट**

एसपी, जिल्ला प्रहरी कार्यालय, सप्तरी

मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घनका घटनाको सत्यतथ्यबारे सरोकारवालाबीच छलफल गराइ सार्वजनिक गर्ने हुँदा राज्य र सरोकारवालालाई मानव अधिकारबारे सचेत र जिम्मेवार बन्न उल्लेखनीय भूमिका खेलेको महसुस गरेको छु। यसले अनुसन्धानका क्रममा प्रहरी हिरासतमा रहेका थुनुवा र कारागारका कैदी/बन्दीको मानव अधिकारका विषय पनि समेट्न सकेमा अझै राम्रो हुने थियो।

**रामप्रसाद गौतम**

कानुनी सहायता अधिकृत, जिल्ला कानुनी सहायता समितिको कार्यालय, सप्तरी

इन्सेकद्वारा नियमितरूपले प्रकाशित मानव अधिकार वर्ष पुस्तकले विभिन्न घटना समेटेको हुँदा आवश्यक परेको बेला घटनाबारे पूर्णरूपले जानकारी लिन सजिलो बनाएको छ। आउँदा दिनमा पनि यस्तै किसिमले पूर्णरूपमा चित्रण गर्नेखालका घटनाविशेषलाई लिएर अगाडि बढाउँदै थप सफलता र निरन्तरता पाओस्।

**मनीषा सिम्खडा**

फोकल पर्सन, अस्पतालमा आधारित लैङ्गिक हिंसासम्बन्धी एकद्वार सङ्कट व्यवस्थापन केन्द्र गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पताल

देशभर भएका मानव अधिकारसँग सम्बन्धित घटना सङ्कलन गरी प्रकाशित हुने नेपाल मानव अधिकार वर्ष पुस्तक एक महत्त्वपूर्ण दस्तावेज हुनुका साथै देशको मानव अधिकार अवस्थाको सूचक पनि हो। तर कतिपय घटनालाई मानव अधिकारसँग जोडेर दायित्वभन्दा बाहिर रहेर अतिरञ्जित बन्ने अवस्था नआओस् भन्नेमा सचेत हुनु जरुरी छ। समग्रमा यस्ता महत्त्वपूर्ण दस्तावेजले सम्बन्धित सबै पक्षलाई मानव अधिकारका क्षेत्रमा अझ बढी जिम्मेवार र सचेत बनाउने विश्वास लिएको छु।

**जीवनकुमार श्रेष्ठ**

एसपी, जिल्ला प्रहरी कार्यालय, सिरहा

इन्सेकले लामो समयदेखि प्रकाशन गर्दै आएको वर्ष पुस्तकले सार्वजनिक पदमा रहेका व्यक्तिहरूलाई जवाफदेही र उत्तरदायी तुल्याउन मद्दत पुग्नेछ। प्रकाशित पुस्तकमा उल्लिखित घटनाले समग्र मानव अधिकारको स्थिति आकलन गर्नसमेत सहयोग पुग्नेछ। यसबाट मानव अधिकार संरक्षण संवर्द्धनका लागि आगामी योजना बनाउन योगदान हुनेछ। भएका घटनाका अतिरिक्त संवेदनशील विषयमा भए/गरेका सकारात्मक उपलब्धिहरू पनि समावेश हुन सके कानुन कार्यान्वयन तहमा थप प्रेरणा पुग्नेछ।

**प्रदीपराज कँडेल**

प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, धनुषा

इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तकले नेपालको मानव अधिकारको अवस्था झल्काउँछ। जिल्लामा मानव अधिकार रक्षाका लागि इन्सेकले खेलेको भूमिका महत्त्वपूर्ण छ। नेपाल प्रहरी जनताको शान्ति, सुरक्षा र अपराध अनुसन्धान गरी आधारभूत मानव अधिकारको संरक्षण एवम् संवर्द्धनतर्फ लक्षित एवम् निर्देशित हुँदै आएको छ। यसरी नै मानव अधिकारका घटनाहरू अभिलेखीकरण गरी जनताको अधिकार सुनिश्चित गर्न आउने वर्षमा पनि यो वर्ष पुस्तक प्रकाशन भइरहोस् भन्ने शुभकामना व्यक्त गर्छु।

**गोविन्द थपलिया**

एसपी, जिल्ला प्रहरी कार्यालय, धनुषा

इन्सेकको प्रत्येक वर्ष मानव अधिकार उल्लङ्नका घटनाहरू अभिलेखीकरण गर्ने कार्य सराहनीय छ। अहिले समाजमा देखिएका धेरैजसो घटनामा मानवीय संवेदनशीलतामा समेत कमी आएको देखिएको हुँदा मानव अधिकारसम्बन्धी प्रवर्द्धनात्मक क्रियाकलाप र जनचेतनामूलक कार्यक्रमहरू इन्सेकले ग्रामीण क्षेत्रहरूमा गर्नुपर्छ।

**सुरेशप्रसाद सिंह**

सभापति, जिल्ला समन्वय समिति, महोत्तरी

मानव अधिकार हनन्का घटना सङ्कलन, विश्लेषण र समय समयमा सार्वजनिक गर्ने कार्यले हामी सरोकारवाला निकायलाई अझ बढी जिम्मेवार बनाएको छ। मानव अधिकारको थप प्रत्याभूति गराउन प्रहरीलाई मानव अधिकारसम्बन्धी तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम पनि इन्सेकले सञ्चालन गर्नुपर्ने आवश्यकता देखिन्छ।

**खगेन्द्रप्रसाद खड्का**

डिएसपी, जिल्ला प्रहरी कार्यालय, महोत्तरी

इन्सेकले प्रकाशन गर्ने गरेको वर्ष पुस्तक मानव अधिकारका हिसाबले एकदम उपयोगी छ । मानव अधिकारको चेतना, ग्रामीण भेगका सीमान्तकृत वर्गसम्म पुऱ्याउन सके पुस्तक प्रकाशनले राम्रो प्रभाव पार्न सक्थ्यो । मानव अधिकार संरक्षण र संवर्द्धनका लागि वर्ष पुस्तकमा समेटिएका तथ्याङ्कले समस्त पाठक वर्गमा मानव अधिकारका घटना र तिनको समाधानका लागि सरोकारवाला निकायले पनि आफूलाई सच्याउने मौका पाउने छन् ।

**उमेशकुमार ढकाल**

प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, महोत्तरी

मानव अधिकारको रक्षालाई जोड दिने पत्रकारिता क्षेत्रलाई समेत सहयोग पुग्नेगरी इन्सेकले काम गरिरहेको छ । घटना सङ्कलनमात्र नभई नागरिकलाई आफ्नो अधिकार, नीति तथा नियम जानकारी दिन सक्नेगरी काम गर्न आवश्यक छ ।

**कमलेश मण्डल**

अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, महोत्तरी

मानव अधिकार अन्तर्राष्ट्रिय कानुन, देशको मूल कानुन, समाज र संस्कृतिसापेक्ष हुन्छ। यो अधिकार प्राथमिकताका आधारमा निरन्तर चल्ने प्रक्रिया हो । मानव अधिकार व्यक्तिको अस्मिता, प्रतिष्ठा र महत्त्वसँग जोडिएको हुन्छ। समाजका हरेक व्यक्तिमा अन्तरनिहित नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सुनिश्चितता गर्ने दायित्व राज्यको हो । कहिलेकाहीँ यी अधिकारमध्ये कुनै अधिकारको संरक्षण गर्दा प्राथमिकता प्राप्त अधिकारको संरक्षण गर्ने क्रममा अन्य अधिकारको पूर्ण प्रत्याभूति नहुन सक्छ। यसलाई प्राथमिकतामा आधारमा संरक्षण र संवर्द्धन गरिनुपर्छ । नागरिकको मानव अधिकार संरक्षणमा राज्यको मुख्य दायित्व रहे पनि समाजका सबै वर्ग राजनीतिक दल, उद्योगी, व्यापारी, पत्रकार र नागरिक समाजलगायत सबैको दायित्व रहने भएको हुँदा राज्यका तर्फबाट मानव अधिकारको संरक्षण गर्न आफ्नो तर्फबाट सदैव तत्पर रहेको र सबै क्षेत्रबाट सहयोगको अपेक्षा गरेको छु।

**लोकनाथ पौडयाल**

प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, रौतहट

हरेक वर्ष इन्सेकले प्रकाशन गर्दै आएको मानव अधिकार वर्ष पुस्तक प्रशंसनीय छ । यस पुस्तकले सरोकारवाला निकायलाई मानव अधिकारप्रति सजग र सतर्क तुल्याउँछ । घटना हुनु आफैँमा मानव अधिकार उल्लङ्घन होइन तर त्यस घटनाको उचित न्याय भएन भने त्योचाहिँ मानव अधिकार उल्लङ्घन हो । आगामी दिनमा इन्सेकको शिक्षा, स्वास्थ्य र आवास जस्ता विषयवस्तु वर्ष पुस्तकमा समावेश गर्नुका साथै कर्तव्यको पालना गर्नुपर्ने कुराहरू पनि समावेश होस् भन्ने लाग्छ।

**केदार ढकाल**

एसपी, जिल्ला प्रहरी कार्यालय, रौतहट

देशभरका मानव अधिकारसँग सम्बन्धित घटना समेटेर नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्नु आफैँमा चुनौतीपूर्ण र सराहनीय कार्य हो। नेपाल मानव अधिकार वर्ष पुस्तक आफैँमा महत्त्वपूर्ण दस्तावेजका रूपमा रहेको छ । मानव अधिकारप्रति प्रतिबद्ध सबै पक्षलाई मानव अधिकार संरक्षणको अभियानमा समेत यस पुस्तकले गर्दा थप सहयोग प्राप्त भएको छ।

**रञ्जितसिंह राठौर**

डिएसपी, जिल्ला प्रहरी कार्यालय, बारा

इन्सेकले हरेक वर्ष नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गरी घटनाको अभिलेख राख्ने कार्यको निरन्तरता दिएकाले खुसी लागेको छ। प्रकाशित पुस्तक इन्सेक तथा समाजका लागि गहना हुन् भन्ने विश्वास लिएको छु । मानव अधिकार वर्ष पुस्तक महत्त्वपूर्ण दस्तावेज हो । मानव अधिकारसँग जोडिएका घटनाले स्थानीय तह, प्रदेश र नेपालको मानव अधिकारको वर्तमान अवस्थाक चित्रण गर्ने प्रयास गर्ने गरेको छ। मानव अधिकारको क्षेत्र गम्भीर विषय भएकाले सरोकारवालाले अझै बढी परिश्रम गर्न जरुरी छ । स्थानीय नागरिक, सुरक्षा निकाय, सरकारी तथा गैरसरकारी सङ्घ/संस्थाहरूसँग सहकार्य गर्दै कानुनी राज्य स्थापना गर्न इन्सेकको भूमिका महत्त्वपूर्ण हुनेछ भन्ने आशा गरेको छु। अन्तमा, मानव अधिकारसम्बन्धी जिल्लागत विवरण प्रकाशनले जिल्लास्तरीय संयन्त्रलाई सचेत बनाउन सहयोग पुग्ने अपेक्षा राख्दै पूर्ण सफलताको कामना गर्छु।

**गणेशप्रसाद भट्टराई**

प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, बारा

नेपाल मानव अधिकार वर्ष पुस्तक समग्र मानव अधिकारका घटनाको संगालो हो भन्ने मेरो बुझाइ छ। देशभर विभिन्न पक्षबाट भएकका मानव अधिकारका घटना, ज्यादतीको जानकारी दिने उपयोगी पुस्तक हो यो।

**डवल पाण्डे**

प्रमुख, जिल्ला समन्वय समिति, दोलखा

गाउँ बस्तीसम्मका मानव अधिकार उल्लङ्घनका घटनाका विषय अध्ययन र सत्यतथ्य उजागर गरी इन्सेकले ऐनाको काम गरेको छ। मेहनतका साथ सन् १९९२ देखि वर्ष पुस्तक तयार गरी प्रकाशन गरिने भएकोले घटना यथार्थ लाग्छन्।

**सरोज उप्रेती**
अध्यक्ष, नेपाल बार एशोसियशन, दोलखा

अझैसम्म पनि गाउँबस्तीका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना समावेश गर्न सकिएको छैन। गाउँका कुनाकुनाका घटनालाई समावेश गर्ने काम आगामी दिनमा हुने नै छ। सूचनाको हकको बारेमा समेत यस पुस्तकले स्थान दिन सक्नु पर्दछ। मानव अधिकारका सबै पक्षलाई समेट्न सकोस्।

**जीवन लामा**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, दोलखा

इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तक देशमा वर्षभर भएका मानव अधिकार उल्लङ्घन् एवम् ज्यादतीका घटनाको समग्र चित्रण गर्ने एउटा निष्पक्ष दस्तावेज हो। यसले राज्य पक्षलाई सजग बनाई पीडित पक्षलाई राहत र पीडकलाई निरुत्साहित बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। नेपाल मानव अधिकार वर्ष पुस्तक एउटा किताब मात्रै होइन नेपालको मानव अधिकारको अवस्थाको जीवित इतिहास हो। पुस्तक प्रकाशन इन्सेकले गरेको भए पनि यो सबै साझा दस्तावेज हो।

**रामहरि घिमिरे**
अध्यक्ष, गैरसरकारी संस्था महासङ्घ, ललितपुर

नेपाल मानव अधिकार वर्ष पुस्तक २०१८ पढ्ने अवसर मिल्यो। पुस्तक अध्ययन गर्दा नेपाललले मानव विकासका दृष्टिकोणले केही क्षेत्रमा प्रशंसनीय उपलब्धि हासिल गरेको पाइयो। सरकारले दिगो विकासको लक्ष्य हासिल गर्ने मामलामा प्रतिबद्धता व्यक्त गरेको छ। मानव अधिकार वर्ष पुस्तकमार्फत इन्सेकले सरकारलाई सही बाटोमा लैजान मार्गदर्शन गरिरहेको छ।

नेपालको नयाँ संरचनालाई आत्मसाथ गरी सात प्रादेशिक खण्डमा पुस्तक रूपान्तरित गरेको छ। स्थानीय सरकारको संवैधानिक अवधारणाले मुर्त रूप पाएको नेपालमा इन्सेकले ७७ ओटै जिल्लाका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाका बारेमा सत्यतथ्य सहित जिल्ला प्रतिनिधिमार्फत सङ्कलन गरी वार्षिक रूपमा पुस्तक प्रकाशन गर्दै आएको छ।

**खड्गबहादुर खत्री**
प्रमुख, कमलामाइ नगरपालिका, सिन्धुली

नेपाल मानव अधिकार वर्ष पुस्तक २०१८ अध्ययन गर्न पाउँदा मलाई खुशी लागेको छ। मानव अधिकारको क्षेत्रमा क्रियाशील संस्था इन्सेकले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाको अभिलेख तयार पारी पुस्तकका रूपमा घटना र तथ्याङ्क सार्वजनिक गर्ने गरेको छ। पुस्तकले सामाजिक न्याय र मानव अधिकार प्राप्तिका लागि योगदान पुऱ्याउने अपेक्षा गरेको छु। मानव अधिकार वर्ष पुस्तकहरु द्वन्द्वपीडितको न्याय र परिपूरणका लागि प्रमाणको रूपमा उपयोग भएको पाएको छु। प्रकाशित पुस्तक सङ्ग्रहणीय मात्रै छैन पठनीय पनि छ।

**रूद्रबहादुर खडका, सिन्धुली**
केन्द्रीय सदस्य, मानव अधिकार एलाइन्स
केन्द्रीय समिति

वर्ष पुस्तकमा यौन हिंसा र बहुविवाहका कुरा समेटिए पनि घरेलु हिंसाका विषयमा विस्तृतरूपमा आउन सकेको छैन। घरेलु हिंसामा परेका महिला आफ्ना कुरा बाहिर ल्याउन पनि नसक्ने अवस्थामा छन्। यसलाई विस्तृतरूपमा वर्ष पुस्तकमा समेट्न सके यस्ता घटना न्यूनीकरण हुन्थे। सूचनाको हकको विषयमा पनि नागरिकलाई जानकारी छैन। नागरिकले पर्याप्तरूपमा कानुनी विषयमा जानकारी प्राप्त गर्न सके अधिकार उल्लङ्घनको क्रम पनि घट्ने थियो। समग्रमा वर्ष पुस्तक मानव अधिकार उल्लङ्घनका घटना अभिलेखीकरणको महत्त्वपूर्ण दस्तावेज बनेको छ।

**सावित्री भट्ट**
महिला मानव अधिकार रक्षक सञ्जाल, गोरखा

वर्ष पुस्तक यस्तो दस्तावेज हो जसले मानव अधिकार हननका घटना चित्रित गरिदिन्छ। विशेषतः भूकम्पको केन्द्रविन्दु गोरखामा अझै पनि वास्तविक भूकम्पपीडितहरूले अनुदान प्राप्त गर्न नसकेका थुप्रै उदाहरण छन्। त्यस्तै भूमिहीन सुकुमबासीको अवस्था उस्तै दर्दनाक छ। राज्यले जोखिमपूर्ण भनेका ठाउँका भूकम्पपीडितहरू जोखिम मोलेर बस्न बाध्य छन्। यस्ता घटनालाई इन्सेकले वर्ष पुस्तकमार्फत प्रकाशन गर्न जरुरी छ। यस्ता विषयवस्तुलाई वर्ष पुस्तकमा समावेश गर्दा पुस्तकको महत्त्व झनै बढ्ने लाग्छ।

**महेन्द्र नेपाल**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, गोरखा

मानव अधिकारका क्षेत्रमा क्रियाशील सङ्घ/संस्था सदरमुकाममा केन्द्रित हुनुभन्दा पनि गाउँगाउँमा गई नागरिकलाई मानव अधिकारका विषयमा प्रशिक्षित गर्नुपर्छ। समग्रमा वर्ष पुस्तक अभिलेखीकरणको महत्त्वपूर्ण दस्तावेज बनेको छ।

मानव अधिकार वर्ष पुस्तक २०१९ का लागि अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेकलाई शुभकामना। यस प्रदेशमा मानव अधिकारका क्षेत्रमा निम्न विषयलाई वर्ष पुस्तकमार्फत् सम्बोधन गर्न सकिएमा मात्रै मानव अधिकारमैत्री समाज निर्माण हुन सक्छ। मानव अधिकार उल्लङ्घनका घटनामा पीडितमार्फत उजुरी कम आउने हुँदा सोतर्फ स्थानीय स्तरसम्म मानव अधिकारसम्बन्धी अनुशिक्षण तालिम सञ्चालन गर्न आवश्यक देखिन्छ। मानव अधिकार वर्ष पुस्तकमा घटनाहरूको सत्यता उजागर गर्नुका साथै पीडितसँगको पहुँच अझै बढाउनुपर्ने देखिन्छ। मानव अधिकार वर्ष पुस्तकमा पीडितलाई सहानुभूति नभई समानुभूति महसुस गराउन आवश्यक छ। मानवको नैसर्गिक अधिकार र जीवनसँग सम्बन्धित घटनाक्रमलाई उजागर गरी घटना प्रेषित गर्नु सान्दर्भिक हो तर घटनाको वास्तविक तथ्यलाई किताबमा विश्लेषण गर्नु पनि आवश्यक हुन्छ।

**कृष्णकुमार कार्की**
डिएसपी, मानव अधिकार शाखा, गण्डकी प्रदेश प्रहरी कार्यालय

सबै प्रकारका विभेद अन्त्य गरी सामाजिक न्याय सुनिश्चित गर्ने क्रममा राज्यतर्फ एवम् अन्यतर्फबाट मानव अधिकार उल्लङ्घनमा भएका गतिविधि उजागर गर्दै लोककल्याणकारी राज्य स्थापना गर्न कानुन र न्यायका मान्य सिद्धान्तहरूको पालना गरी दण्डहीनता अन्त्य गर्न यो मानव अधिकार वर्ष पुस्तकको भूमिका प्रभावकारी रहोस् भन्ने कामना गर्छु।

**नन्दप्रसाद आचार्य**
स्रेस्तेदार, जिल्ला अदालत, स्याङ्जा

वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घनका घटनाको यथार्थ चित्रण गरेको पाइन्छ। यस पुस्तकमा उल्लिखित सामग्री र सन्दर्भहरू समयसापेक्ष सदुपयोग तथा मानव अधिकारका क्षेत्रमा काम गर्ने सरोकारवालालाई अत्यन्त उपयोगी रहेकाले खोजकर्ताहरूका लागि यो पुस्तक अत्यन्त महत्त्वपूर्ण छ। इन्सेकले मानव अधिकारको क्षेत्रमा चलाएको अभियानले सफलता पाउँदै जाओस् भन ने शुभकामना व्यक्त गर्न चाहन्छु।

**यादव ढकाल**
एसपी, जिल्ला प्रहरी कार्यालय, लमजुङ

नेपाल मानव अधिकार वर्ष पुस्तकमा दिइएका सूचना मानव अधिकारको संरक्षण र प्रबर्द्धन गर्ने सन्दर्भमा राज्यका निकायहरूले गरेका काम कारबाही के/कति प्रभावकारी छन् ? पीडितले न्यायको अनुभूति गर्न पाए वा पाएनन् ? कस्ता/कस्ता किसिमका उजुरी नेपाल मानव अधिकार वर्ष पुस्तक २०१९ का लागि इन्सेकलाई शुभकामना।

**दीपक श्रेष्ठ**
उपाध्यक्ष, नेपाल पत्रकार महासङ्घ जिल्ला शाखा, गोरखा

वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनालाई उजागर गर्दै दण्डहीनता अन्त्य गर्न सहयोग पुऱ्याइरहेको छ। यो पुस्तकले घटनालाई सरोकारवालासमक्ष पुऱ्याई दोषीलाई कानुनी कारबाही र पीडितलाई न्याय दिलाउने कार्यमा समेत योगदान पुऱ्याउँदै आएको छ। मानव अधिकार उल्लङ्घनका घटनाहरू उजागर गर्दा राज्य पक्षबाट भएका घटना मात्रै नभई गैरराज्य पक्ष वा समूह र व्यक्तिबाट हुने अन्य प्रकारका घटना पनि पुस्तकमा समेट्न आग्रह गर्छु।

**वीरबहादुर बुढा मगर**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, म्याग्दी

इन्सेकले प्रत्येक वर्ष मानव अधिकार वर्ष पुस्तक प्रकाशन गरेर देशको समग्र मानव अधिकारबारे यथार्थ जानकारी गराउने प्रयास गरेको छ। त्यो निकै सराहनीय छ। नेपालको सबै जिल्लामा भएका वर्षभरका मानव अधिकारसँग सम्बन्धित घटना एकै पुस्तकबाट हेर्न पाउनु निकै राम्रो हो तर पनि यसमा सबै क्षेत्रका अधिकार अनि कर्तव्यबारे पनि विस्तृतरूपमा समावेश गर्न सकेको खण्डमा सुनमा सुगन्ध हुने थियो।

**लीलाधर अधिकारी**
प्रमुख जिल्ला अधिकारी, म्याग्दी

वर्षभरका मानव अधिकार उल्लङ्घनका घटना समेटेर इन्सेकले प्रकाशन गर्दै आएको मानव अधिकार वर्ष पुस्तक अध्ययन गर्दा यसलाई मानव अधिकारको वार्षिक अवस्थाबारे जानकारी लिनका लागि एउटा महत्त्वपूर्ण सूचक प्रदान गर्ने व्यवस्थित दस्तावेजका रूपमा लिन सकिन्छ। पुस्तकका माध्यमबाट उजागर हुने मानव अधिकार उल्लङ्घनका घटनाहरूको अध्ययन तथा जानकारीपश्चात मानव अधिकारबारे सचेतना आउनुका साथै यस्ता घटना न्यूनीकरणमा सकारात्मक टेवा पुगेको पाइन्छ।

वर्ष पुस्तकले सरोकारवाला निकायहरूलाई अझ जिम्मेवार बनाउँदै मानव अधिकारको सम्मान, संरक्षण र प्रबर्धनमा अझ महत्त्वपूर्ण योगदान पुग्ने विश्वासका साथ मानव अधिकारको क्षेत्रमा निरन्तर क्रियाशील संस्था अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को अझै उत्तरोत्तर प्रगतिको शुभकामना प्रकट गर्छु।

**गोविन्दबहादुर नेपाली**
राजनीतिक सल्लाहकार, मुख्य मन्त्री तथा
मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश पोखरा

मानव अधिकार उल्लङ्  घन भएका उजुरीका रूपमा राज्यका निकायहरूमा दर्ता हुन पुगे ? त्यस्ता उजुरीहरूमा राज्यको निकायले के/कस्तो काम कारबाही गरे ? भन्ने सन्दर्भमा दिएका सूचना अत्यन्तै खोजमूलक र अनुसन्धानमूलक भएको मैले पाएको छु। सूचनाका आधारमा राज्यका निकायहरूलाई मानव अधिकारको संरक्षण र प्रबर्द्धन गर्ने सन्दर्भमा अझ बढी झक्झकाउने, अझ बढी क्रियाशीलता ल्याउने कार्यमा पुस्तकमा भएका विषयवस्तुले अझ बढी जिम्मेवार बनाउँछन् भन्ने लाग्छ।

**कोमलप्रसाद आचार्य**
न्यायाधीश, जिल्ला अदालत, लमजुङ

इन्सेकद्वारा प्रकाशन गरिन लागेको नेपाल मानव अधिकार वर्ष पुस्तक २०१९ मा मानव अधिकार उल्लङ्  घनका कुनै पनि घटना नछुटुन् र मानव अधिकार उल्लङ्घनकर्ता कुनै व्यक्तिले समाजमा शीर ठाडो पारेर हिँड्न नसक्ने वातावरण सिर्जना होस्। साथै यस पुस्तकमा समेटिएका कुनै पनि घटनाले कुनै पनि व्यक्तिको मान, प्रतिष्ठा र इज्जतमा आँच पुऱ्याउने काम नगरोस् र मानव अधिकार वर्ष पुस्तकको आकार क्रमशः घट्दै जाओस्। यसको अर्थ यो हो कि मानव अधिकार उल्लङ्घनका घटना समाजमा क्रमशः कम हुँदै जाउन्।

**कृष्णप्रसाद अधिकारी**
अध्यक्ष, जिल्ला बार एकाइ, लमजुङ

राज्य मानव अधिकारको संरक्षक हो। मानव अधिकारको संरक्षण गर्ने क्रममा राज्यबाट पनि कहिलेकाहीँ मानव अधिकार हननका घटना हुन सक्छन्। त्यसैकारण इन्सेकले प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तकको माध्यमबाट राज्यलाई खबरदारी गरिरहनुपर्छ। वर्ष पुस्तक अझै प्रभावकारी बनोस् र अधिकारका थप विषयलाई पनि यसले उठान गर्न सकोस्। अहिले देशमा तीन तहको सरकारका कारण सेवा प्रवाहमा केही अन्योल उत्पन्न भएको छ। यस्तो अवस्था धेरै समयसम्म रहनुहुन्न। सबै राजनीतिक दल, सङ्घ/संस्था र नागरिक समाजसँग हातेमालो गरेर कार्य सम्पादन गर्नुपर्छ। यस कार्यमा इन्सेक जस्ता राष्ट्रिय स्तरका सङ्घ/संस्थाले राज्यलाई सहयोग गर्नुपर्छ।

**भरतकुमार शर्मा**
प्रमुख जिल्ला अधिकारी, तनहुँ

इन्सेकले नागरिकलाई अधिकारको कुरामात्र नभई कर्तव्यबारे पनि सिकाउनुपर्छ। मानव अधिकार वर्ष पुस्तकमा अधिकार उल्लङ्घन भएको विषयमात्र नभई नागरिकका कतर्व्यबारे पनि जानकारी दिइनुपर्छ। मानव अधिकारको विषय अहिले निकै फराकिलो भएको छ। नागरिक तथा राजनीतिक अधिकार भन्दा अन्य अधिकारहरू अहिले महत्त्वपूर्ण बनेका छन्। राजमार्गमा हुने अवरोध र चक्काजामको घटनाले हजारौँ नागरिकको मानव अधिकार एकैपटक उल्लङ्घन हुने हुँदा त्यसलाई पनि वर्ष पुस्तकमा मानव अधिकार उल्लङ्घनका रूपमा उल्लेख गरिनुपर्छ। वर्ष पुस्तक सङ्ग्रहणीय मात्र नभई पठनीय र उपयोगी पनि बन्नुपर्छ। शुभकामना।

**सिद्धिविक्रम शाह**
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, तनहुँ

मानव अधिकार आन्दोलनमा अग्रणी संस्था इन्सेकले प्रकाशन गर्ने मानव अधिकार वर्ष पुस्तक नेपालको मानव अधिकारको जीवन्त दस्तावेज हो। यसमा प्रकाशन हुने घटनाकै कारण कोही व्यक्ति मानव अधिकार उल्लङ्घनकर्ताका रूपमा परिचित हुने हुँदा घटना प्रकाशन गर्दा अलि बढी जिम्मेवार र यथार्थपरक बन्नुपर्छ। मानव अधिकार वर्ष पुस्तकमा प्रकाशित हुने घटना पत्रिकामा प्रकाशित हुने समाचार जस्तो हुनुहुँदैन। जुन पछि भुल सुधारको माध्यमबाट क्षमा माग्न सकियोस्। वर्ष पुस्तकको सहयोगले धेरै राजनीतिक कार्यकर्ताले राज्यबाट राहत र सुविधासमेत पाएको हुँदा यसमा प्रकाशन हुने घटनाको गम्भीरता बढी हुनुपर्छ। वर्ष पुस्तक वर्षौंवर्ष प्रकाशन होस्। शुभकामना छ।

**श्रीप्रसाद श्रेष्ठ**
जिल्ला संयन्त्र सदस्य, नेकपा, तनहुँ

मानव अधिकार वर्ष पुस्तक एउटा यस्तो पुस्तक हो जसको माध्यमबाट देशको मानव अधिकारको अवस्था प्रष्ट हुन्छ। देशभरका मानव अधिकार उल्लङ्घनका घटनाहरूको सङ्गालोका रूपमा पुस्तक प्रकाशन गर्नु निकै चुनौतीपूर्ण कार्य हो। यो चुनौतीपूर्ण कार्य इन्सेकले सम्भव तुल्याएको छ। वर्ष पुस्तक इन्सेकको मात्र सम्पत्ति हैन, यो हामी समग्र मानव अधिकारकर्मीहरूको पनि सम्पत्ति हो। हामीले वर्ष पुस्तकबाट नेपालको मानव अधिकारबारे जानकारी लिई भविष्यको नीति, कार्यक्रम र योजना निर्माणमा लगाउनुपर्छ। विशेषतः स्थानीय तहले मानव अधिकार वर्ष पुस्तककै सहयोगबाट आफ्नो क्षेत्रमा मानव अधिकारमैत्री योजना बनाउन लाग्नुपर्छ। पुस्तकको निरन्तर प्रकाशनका लागि हार्दिक शुभकामना।

**रामलीला सुवर्णकार**
संयोजक, मानव अधिकार निगरानी समूह, तनहुँ

मानव अधिकार वर्ष पुस्तक नेपालको मानव अधिकारको दस्तावेज हो। यसले हामी सञ्चारको क्षेत्रमा

काम गर्नेहरूलाई निकै सहयोग पुगेको छ। विशेषतः द्वन्द्वकालदेखि हालसम्मका कुनै मानव अधिकार हननका घटनाबारे समाचार लेख्नुपर्दा अधिकांश पत्रकारले वर्ष पुस्तकलाई नै सहयोगी मान्छन्। साथै राज्यका निकायले पनि मानव अधिकार वर्ष पुस्तकको स्रोतलाई वैधानिकता दिएका छन्। तर वर्ष पुस्तकमा उल्लेख हुने घटना हामी सञ्चारकर्मीले लेख्ने समाचार जस्तो हुनुहुँदैन। यसको महत्त्व बढी भएको हुँदा अझ बढी गम्भीर र जिम्मेवार भएर र साथै बिनापूर्वाग्रह समावेश गरिनुपर्छ। यसको निरन्तर प्रकाशनका लागि हार्दिक शुभकामना।

**ओमकार आचार्य**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, तनहुँ

वर्ष पुस्तकले जिम्मेवार निकायलाई जवाफदेही बनाउन दबाब सिर्जनासँगै सहयोग गरेको छ। पछिल्लो संरचनागत परिवर्तनसँगै स्थानीय तह र गाउँ/बस्तीहरूमा उठेका सवाल, स्थानीय स्तरमै दबाइएका मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई मूल प्रवाहीकरणमा ल्याउने र वर्ष पुस्तकको माध्यमबाट पस्कने थप चुनौती अनि जिम्मेवारी पनि इन्सेकलाई बढेको छ। अबका इन्सेकका क्रियाकलाप गाउँ/बस्ती केन्द्रित हुन अझ जरूरी छ।

**होमराज रानाभाट**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, नवलपरासी

नेपाल मानव अधिकार वर्ष पुस्तकलाई मानव अधिकारको वास्तविक अवस्था झल्काउने अभिलेख पुस्तकका रूपमा मैले लिएको छु। वर्ष पुस्तकले समुदायमा हुने मानव अधिकार उल्लङ्घनका घटनाहरू उजागर गर्न मद्दत गरेको छ। भविष्यमा दण्डहीनता अन्त्यका लागि अभिलेखीकरणको प्रक्रियालाई यो पुस्तकले प्रमाणका रूपमा काम गरेको हुँदा यसले मानव अधिकारमैत्री समाज निर्माणमा सहयोग पुग्छ भन्ने अपेक्षा राखेको छु।

**भुपेन्द्र खनाल**
अध्यक्ष, मानव अधिकार सञ्जाल, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

वर्ष पुस्तकमा घटना अभिलेखिकरण आफैँमा महत्त्वपूर्ण विषय हो। अभिलेखिकरणका सवालमा इन्सेकले खेलेको भूमिका निकै उदाहरणीय छ। वर्ष पुस्तकको माध्यमबाट घटना न्यूनीकरणको लागि दबाब सृजना भएको अनुभुति मैले गरेको छु। इन्सेकले आगामी दिनमा अभिलेखिकरणसंगै पीडितको न्यायमा सहज पहुँच र उनीहरूको आर्थिक, सामाजिक पक्षको विकासमा पनि कार्यमा सहयोग पुऱ्याउन सफल होस् भन्ने शुभकामना व्यक्त गर्दछु।

**रमेश थापा**
एसपी, जिल्ला प्रहरी कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

वर्ष पुस्तकले सरकारलाई अधिकारको प्रत्याभूत गर्न र जवाफदेही बनाउन सहयोग गरेको छ। मानव अधिकार उल्लङ्घनका घटनाको तथ्य र तथ्याङ्कगत विवरणको प्रस्तुति वर्ष पुस्तकको उत्कृष्ट पक्ष हो। अबको विषय भनेको तथ्याङ्कगत विवरणसँगै अबको घटनामा कमी कसरी ल्याउने भन्नेतर्फ पनि अझै बढी केन्द्रित हुन जरुरी छ।

**बाबुराम पाण्डे**
सचिव, गैरसरकारी संस्था महासङ्घ
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

देशभित्र भएका हरेक घटनालाई सूक्ष्मरूपमा विश्लेषण गरी आउने हुँदा यसबाट तथ्य प्राप्त गरी विश्लेषण र आगामी दिनमा निर्वाह गर्नुपर्ने भूमिकामा सहजता मिल्नेछ भन्ने लागेको छ। राज्य पक्षबाट मानव अधिकारको गम्भीर उल्लङ्घनका घटना नदेखिए पनि राज्यले मानव अधिकारको पालना र कार्यान्वयनका लागि अझै बढी जिम्मेवार हुनुपर्ने अवस्था भने सधैँ रहन्छ नै। संविधानले परिकल्पना गरेको लोककल्याणकारी राज्यको स्थापना, समानुपातिक र समावेशी विकास, आर्थिक तथा सामाजिक उन्नतिका लागि मानव अधिकारको परिपालना पहिलो सर्त हो। संविधानको कार्यान्वयन र प्रजातान्त्रिक पद्धति उपयोगका लागि मौलिक हकहरूको प्रभावकारी प्रयोग जरुरी छ। वर्ष पुस्तक जस्ता प्रकाशनहरूबाट यस्तै प्रतिफल प्राप्त हुने अपेक्षा व्यक्त गर्छु।

**कोशहरि निरौला**
प्रमुख जिल्ला अधिकारी, स्याङ्जा

अधिकारको क्षेत्रमा लामो समयदेखि काम गर्दै आएको इन्सेकले नेपालमा सन् २०१८ भरिमा नेपालमा मानव अधिकार हननसम्बन्धी गतिविधिको सङ्गालो मानव अधिकार वर्ष पुस्तक २०१९ प्रकाशन गर्न लागेको थाहा पाउँदा अति खुसी लागेको छ। पुस्तकले सन् २०१८ मा नेपालमा मानव अधिकारको क्षेत्रमा भए/गरेका घटना, मानव अधिकार हनन्, नेपालमा मानव अधिकारसम्बन्धी कानुनको परिपालनालगायतका विषय समेट्दा किताबले समग्र मानव अधिकारको स्थितिको जानकारी लिन सजिलो हुनेछ। यसबाट पाठकले मानव अधिकारका क्षेत्रमा राज्यले अपनाउनुपर्ने सजगता र निर्वाह गर्नुपर्ने भूमिकालाई समेत समेट्ने अपेक्षा छ। यस

पुस्तक प्रकाशनबाट मानव अधिकार हननका घटनामा कमी आउनुका साथै घरेलु हिंसामा परेका महिला, बालबालिकालगायत व्यक्तिका स्थिति उजागार भई जनतामा मानव अधिकारसम्बन्धी कानुनको पालना गर्न र राज्यलाई कानुन पालना तथा कानुन परिमार्जन तथा परिवर्तन गर्न यो पुस्तकले महत्त्वपूर्ण भूमिका खेल्नेछ भन्ने विश्वास लागेको छ। अन्तमा, यस प्रकाशनले आगामी वर्षहरूमा अझ बढी परिष्कृत र परिमार्जित हुँदै निरन्तरता पाउने अपेक्षा लिएकी छु।

**सीताकुमारी सुन्दास**
प्रमुख, जिल्ला समन्वय समिति, स्याङ्जा

नेपाल मानव अधिकार वर्ष पुस्तक २०१९ प्रकाशन हुन लागेकामा अत्यन्त खुसी लागेको छ। यस पुस्तक मानव अधिकारको अवस्थाको प्रष्ट चित्रण गर्ने एउटा महत्त्वपूर्ण सङ्ग्रह पनि भएकाले मानव अधिकार उल्लङ्घनका घटना कम गर्न दबाब सिर्जना गर्छ। यसलाई विश्वसनीय बनाउन मानव अधिकार उल्लङ्घनका घटनाहरूको बारेमा सम्बद्ध पक्ष एवम् प्रहरीसँग सत्य/तथ्य निक्यौल गरी प्रकाशन गर्दा उपयुक्त हुने र घटनाको वास्तविकता नबुझी प्रकाशन गर्दा अपूरो हुने भएकाले तथ्यमा आधारित बनेर नेपालको मानव अधिकारको अवस्थामा सुधार ल्याउन सघाउने कार्यमा इन्सेकलाई पूर्ण सफलता मिलोस् भन्ने कामना गर्छु।

**राजकुमार लम्साल**
एसपी, जिल्ला प्रहरी कार्यालय, स्याङ्जा

मानव अधिकार मानवको नैसर्गिक अधिकार हो। मानवलाई मानवका रूपमा नै हेर्ने र गरिने व्यवहारले मानव अधिकारलाई इङ्गित गर्छ। मानवको स्वतन्त्रततापूर्वक बाँच्न र जीवनयापन गर्ने व्यवसाय गर्न पाउने प्राकृतिक तथा नैसर्गिक अधिकार संरक्षण र संवर्द्धन गर्न तथा अतिक्रमण रोक्न यस पुस्तकमा समावेश भएका सामग्रीहरू महत्त्वपूर्ण छन्। मानव अधिकारका क्षेत्रमा थप ऊर्जा प्राप्त मिलोस् भन्ने शुभकामना व्यक्त गर्छु।

**गुरुदत्त ढकाल**
प्रमुख जिल्ला अधिकारी, पर्वत

राज्यलाई मानव अधिकारसम्बन्धी जवाफदेही बनाउने कार्यमा इन्सेकले प्रकाशन गरेको वर्ष पुस्तकले केही हदसम्म भए पनि सहयोग पुगेको छ। हामी मानव अधिकारकर्मीहरू पनि यही चाहन्छौँ कि हामीले गरेको कुनै पनि कार्यले राज्य सचेत बन्न सकोस् र मानव अधिकार उल्लङ्घनका घटनाहरू न्यूनीकरणमा सहयोग पुगोस्। इन्सेकले प्रकाशन गर्दै आएको वर्ष पुस्तकमा मानव अधिकार सम्बद्ध घटनाहरूलाई प्राथमिकता दिनुभन्दा पनि राज्य पक्षबाट हुने गरेका मानव अधिकार उल्लङ्घनका कार्यहरूले प्राथमिकता पाउनुपर्छ।

**भोलानाथ शर्मा**
अध्यक्ष, जिल्ला बार एकाइ, पर्वत

मानव अधिकारको क्षेत्रमा लामो समयदेखि क्रियाशील संस्था इन्सेकद्वारा प्रकाशित मानव अधिकार वर्ष पुस्तकबाट नेपालको मानव अधिकारप्रतिको अन्तर्राष्ट्रिय प्रतिबद्धता र मानव अधिकारको वर्तमान स्थितिबारे बृहत् जानकारी प्राप्त भएको महसुस हुन्छ। आगामी दिनमा अझै परिस्कृत ढङ्गले नेपालको मानव अधिकारको अवस्था चित्रण गर्न सकोस् भन्ने कामना व्यक्त गर्छु।

**दयाराम पोखेल**
स्रेस्तेदार, जिल्ला अदालत, पर्वत

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले देशभर भएका मानव अधिकार उल्लङ्घनका घटनाको तथ्याङ्क समेटेर बर्सेनि प्रकाशन गर्ने इन्सेक वर्ष पुस्तक उपयोगी छ। यसले वर्षभरिका मानव अधिकार उल्लङ्घनका घटनालाई दस्तावेजीकरण गरेर भविष्यमा मानव अधिकारको अवस्था बुझ्न खोज्नेहरूका लागि एउटा पुस्तकालयकै रूपमा ठूलो भण्डार सिर्जना गरिदिएको छ भने अर्कोतर्फ मानव अधिकारको अवस्था कस्तो छ भनेर हेर्न चाहने र मानव अधिकारको संरक्षण र प्रबर्द्धन गर्न चाहनेहरूका लागि बाटो सजिलो बनाइदिएको छ। इन्सेकले प्रकाशन गर्ने वर्ष पुस्तकहरूका तथ्याङ्क हेर्दा केही सुधार गर्नुपर्ने पक्ष भने छ। प्रहरी र अदालतमा भएका तथ्याङ्क मात्रै पुस्तकमा अटाउँछन् र यसो हेर्दा त्यसमा प्रयोग हुने भाषा र विवरण पनि प्रहरी र अदालतले दिएको आधारमा राखेजस्तो देखिन्छ। तर समाजमा भएका र प्रहरीसँग आएका मानव अधिकार उल्लङ्घनका घटनाहरूमा मानव अधिकारवादीका आँखाले हेरेर प्रतिवेदन बनाउने कुरा भने कमी भएजस्तो लाग्छ। यसमा सुधार गर्नसके सुनमा सुगन्ध थपिने थियो।

**दुर्गाप्रसाद शर्मा**
निवर्तमान अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, पर्वत शाखा

इन्सेकले देशका सबै जिल्लामा आफ्ना प्रतिनिधि राखेर मानव अधिकारको अनुगमन गर्ने काम गरेको छ, यो एकदमै प्रशंसनीय कार्य हो। इन्सेकका जिल्ला प्रतिनिधिहरूले जिल्लामा भएका मानव अधिकारका घटनाहरूको प्रलेखनको काममात्र नभएर मानव अधिकार उल्लङ्घन र ज्यादती रोक्न खबरदारी

गर्ने काम पनि गरेको मैले महसुस गरेको छु, यो सकारात्मक पक्ष हो । मानव अधिकार वर्ष पुस्तक प्रकाशन गरेर देशमा भएका मानव अधिकार उल्लङ्घन, ज्यादती, हिंसा र पीडाका घटना अभिलेख गर्नु इन्सेकको अर्को उदाहरणीय कार्य हो तर मानव अधिकार वर्ष पुस्तक वर्षैपिच्छे ठूलो हुँदै जानु राज्यका लागि चुनौतीको विषय हो।

**वेदप्रसाद खरेल**
प्रमुख जिल्ला अधिकारी, बागलुङ

हरेक वर्ष देशकै मानव अधिकारको अवस्था समावेश गरेर प्रोफाइलका रूपमा सार्वजनिक गर्दै आएको वर्ष पुस्तक निकै उपयोगी हुने ठानेको छु। अध्ययन, अनुसन्धान, विश्लेषण र कुनै लेख रचना लेख्नका लागि यसले सबैलाई मद्दत पुऱ्याउँछ। मैले पनि इन्सेकको मानव अधिकार वर्ष पुस्तकलाई सन्दर्भ सामग्रीका रूपमा प्रयोग गरेर धेरैपटक लेख लेखेको छु। आगामी दिनमा इन्सेकले अझै राम्रो गर्दै जाओस्।

**काजी गाउँले श्रेष्ठ**
संयोजक, नागरिक समाज, बागलुङ

वर्ष पुस्तक प्रकाशन गर्नुका साथै मानव अधिकार वर्ष पुस्तकको आकार सानो बनाउनेतर्फ पनि इन्सेक लाग्नुपर्छ। वर्ष पुस्तक जति ठूलो हुँदै गयो त्यति नै अन्तर्राष्ट्रिय स्तरमा नेपालको मानव अधिकारको छवि खराब हुँदै जान्छ। इन्सेकले पनि तथ्याङ्क सङ्कलन र प्रकाशनमात्र नभएर यस्ता घटना रोक्नका लागि सचेतनामूलक कार्यक्रम गर्नुपर्ने हुन्छ।

**दीपक रेग्मी**
एसपी, जिल्ला प्रहरी कार्यालय, बागलुङ

इन्सेकले हरेक वर्ष मानव अधिकार उल्लङ्घनका घटना सङ्कलन गरी प्रकाशन गर्दै आइरहेको नेपाल मानव अधिकार वर्ष पुस्तकले देशैभरका घटना अध्ययन गर्न सहज बनाएको छ। तर पुस्तकमा प्रहरीमा आएको घटनालाई मात्र समावेश नगरी समाजमा लुकेका र लुकाइएका घटना पनि समावेश गर्न सुझाव दिन्छु।

**गञ्जबहादुर एमसी**
प्रमुख जिल्ला अधिकारी, रोल्पा

वर्ष पुस्तकले गाउँ/गाउँमा भएका मानव अधिकार उल्लङ्घनका घटनालाई पुस्तकमार्फत सार्वजनिक गर्ने भएकाले घटना न्यूनीकरणमा सघाउ पुऱ्याएको छ । वर्षभरिका घटना पुस्तकमार्फत सार्वजनिक हुन्छ भन्ने सबैलाई थाहा भएपछि सबै पक्षलाई सजग बनाउन यो पुस्तकले महत्त्वपूर्ण भूमिका खेलेको छ। त्यसैले इन्सेकले प्रकाशन गर्दै आइरहेको नेपाल मानव अधिकार वर्ष पुस्तक राम्रो छ र यसको प्रभाव पनि सकारात्मक नै छ।

**दीपक खड्का**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, रोल्पा

मानव अधिकार उल्लङ्घनका घटना समेटेर इन्सेकद्वारा प्रत्येक वर्ष प्रकाशन हुने मानव अधिकार वर्ष पुस्तक मानव अधिकार उल्लङ्घनका घटनाहरूको प्रकृति तथा अवस्थाबारे जानकारी हासिल गर्ने महत्त्वपूर्ण दस्तावेजका रूपमा रहेको छ। यसबाट सरोकारवाला सबैलाई थप जिम्मेवार हुन प्रेरित गरेको छ। कुनै पनि आग्रह, पूर्वाग्रहबाट मुक्त भई प्रकाशन हुँदै आइरहेको वर्ष पुस्तक आगामी दिनमा थप परिष्कृत तथा आकारमा केही सानो भएमा अझै प्रभावकारी हुनेछ।

**निर्मल बुढाथोकी**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, प्यूठान

मानव अधिकार वर्ष पुस्तकमा प्रकाशित घटनाहरू देशका सबै जिल्लामा सङ्कलन गरिएका र जिल्लास्थित सरोकारवालाहरूबीच समीक्षा भई आवश्यक सुझावहरूसमेत समेटेर सत्य/तथ्यमा आधारित भई आउने भएकाले यो पुस्तक सूचना एवम् तथ्याङ्कमा आधारित महत्त्वपूर्ण दस्तावेज पनि मानिन्छ । मानव अधिकार हनन् र उल्लङ्घनका घटनाहरू समेटेर हरेक वर्ष प्रकाशन गर्ने यस पुस्तकले देशको मानव अधिकारको यथार्थ चित्रण गर्ने गरेको छ। यस पुस्तकले पछिल्लो समयमा लैङ्गिक हिंसाका घटना पनि समेट्ने प्रयास गरेकामा आभार व्यक्त गर्दै राज्यको परिवर्तित संरचनामा नागरिकका अधिकारहरू सुनिश्चित गर्नका लागि राज्यलाई ध्यानाकर्षण गर्न यस पुस्तकको अझै महत्त्व बढ्नेछ भन्ने अपेक्षा राख्छु।

**पार्वता आचार्य**
संयोजक, मानव अधिकार सञ्जाल, प्यूठान

वर्ष पुस्तक अत्यन्तै राम्रो छ। पुस्तकको शैली पुरानो भएकाले समयानुकूल बनाउनुपर्छ। वर्ष पुस्तकमा समेटिने घटनाको दायरा फराकिलो बनाउनु जरुरी छ। इन्सेकले जिल्ला प्रतिनिधिलाई पूर्णकालीन बनाएर घटना अद्यावधिक गराउनमा अझ सक्रिय बनाउनुपर्छ।

**यदुनाथ पौडेल**
प्रमुख जिल्ला अधिकारी, गुल्मी

इन्सेक वर्ष पुस्तकले मुलुकमा वर्षभरि भएका मानव अधिकार उल्लङ्घनका घटना प्रकाशमा ल्याएर अत्यन्त महत्त्वपूर्ण काम गरेको छ। यसले मुलुकको

मानव अधिकारको अवस्थालाई ऐनाले झैँ छर्लङ्ग बनाइदिएको छ । लामो समयदेखिको निरन्तरता भविष्यमा पनि अविरल रहिरहोस् । साथै घटना र विषयवस्तुको गहिराइमा पुगेर सत्य/तथ्य घटना सङ्कलन गर्नुपर्छ।

**सीता भण्डारी**
उपमेयर, रेसुङ्गा नगरपालिका, गुल्मी

मानव अधिकार रक्षाको क्षेत्रमा इन्सेकले काम गर्न अपनाएको शैली र तरिका विश्वसनीय तथा भरपर्दो छ । यसले दूरदराजका पीडितलाई न्यायको बाटोमा डोऱ्याउने काम गरेको छ । इन्सेकको काम कारबाही सहरकेन्द्रित भन्दा गाउँकेन्द्रित बनाउनुपर्छ । सूचना र घटना सङ्कलनको माध्यम प्रहरी र प्रशासनभन्दा स्थलगत हुनुपर्छ । जसले इन्सेकप्रतिको विश्वास टुट्ने छैन् ।

**पद्मप्रसाद पाण्डेय**
अध्यक्ष, नागरिक समाज, गुल्मी

वर्ष पुस्तक देशको मानव अधिकारको ऐना हो । यसमा समेटिने हरेक घटना यथार्थ र सत्य छन् । जिल्ला प्रतिनिधिको कार्यक्षेत्र फराकिलो बनाउँदै मानव अधिकारसम्बन्धी थप कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ। वर्ष पुस्तक प्रकाशन भएपछि धेरैभन्दा धेरै व्यक्तिसम्म पुऱ्याउने कोसिस गर्नुपर्छ जसले देशको मानव अधिकारको अवस्था जान्न सबैलाई प्रेरित गर्नेछ।

**गणेश श्रेष्ठ**
मानव अधिकार अधिकृत, सिर्जनशील सामुदायिक विकास केन्द्र, गुल्मी

इन्सेकले मानव अधिकार प्रवर्द्धन र संरक्षणका क्षेत्रमा गर्दै आएको कार्य निकै राम्रो छ। साथै आगामी दिनमा स्थानीय निकाय र जनप्रतिनिधिलाई खबरदारी गर्ने कार्यक्रम सञ्चालन गर्नुपर्छ। यससँगै सुशासनका सन्दर्भमा पनि सहरदेखि गाउँसम्मका घटना वर्ष पुस्तकमा समेट्नुपर्छ।

**श्यामकुमार पाण्डेय**
अध्यक्ष, सुशासन समिति, गुल्मी

इन्सेकले प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा नेपालको मानव अधिकार अवस्थाको झल्को दिने एक महत्त्वपूर्ण दस्तावेज हो । इन्सेकका जिल्ला प्रतिनिधिहरूले जिल्लामा बसेर गर्ने मानव अधिकार अवस्थाको अभिलेखीकरण, वकालतले राज्यका निकायहरूलाई समेत खबरदारी गर्छ । राज्यको पुनर्संरचनासँगै अब इन्सेकले स्थानीय तहमा पनि मानव अधिकारको विषयमा आवाज उठाइ वर्ष पुस्तकमा समेट्न सके वर्ष पुस्तक अझै प्रभावकारी हुन्छ। यो पुस्तकले हामीलाई समेत नीति निर्माण गर्न धेरै ठूलो सहयोग पुगेको छ। यो पुस्तक निरन्तर प्रकाशन होस्। शुभकामना।

**विष्णुराज बेल्वासे**
सहायक प्रमुख जिल्ला अधिकारी, अर्घाखाँची

गैरसरकारी क्षेत्रमा मानव अधिकारको संरक्षण र संवर्द्धन तथा वकालत र बहस गर्ने संस्थाका रूपमा इन्सेकको भूमिका महत्त्वपूर्ण पाएको छु । इन्सकको जिल्ला स्तरको काम सराहनीय छ । वर्ष पुस्तक वास्तवमा पठनीय छ । यसभित्रको कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाका साथै मुख्य घटनाक्रमहरू निकै पठनीय छन्। वर्ष पुस्तकले राज्यका कमजोरीहरूलाई खबरदारी गर्ने, सचेत बनाउने काम पनि गरेको छ। साथै पुस्तकले मानव अधिकारको विषयमा सबैलाई संवेदनशील बनाएको छ।

**हरिप्रसाद घिमिरे**
निमित्त जिल्ला न्यायाधिवक्ता, अर्घाखाँची

नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको दृष्टिकोणले एक विश्वसनीय दस्तावेज हो। मानव अधिकारमा सरोकार राख्ने निकायले मानव अधिकारको विषयमा कुरा गर्दा इन्सेकको वर्ष पुस्तकले के भन्छ ? भनी चासो व्यक्त गर्छन्। वर्ष पुस्तकमा अब आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका सवाल महत्त्वका साथ समावेश गर्नुपर्छ। इन्सेक र पत्रकारको काम उस्तै उस्तै भएको हुँदा पत्रकार महासङ्घ इन्सेकसँग सहकार्यका लागि सधैँ तयार छ। आगामी दिनमा इन्सेकले स्थानीय तहको न्याय सम्पादन, आर्थिक र सामाजिक अधिकारका विषयमा पनि सारांशमा प्रस्तुत गर्न सक्नुपर्छ।

**हिमबहादुर जिसी लेकाली**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, अर्घाखाँची

इन्सेकले हरेक वर्ष प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तक देशको मानव अधिकार अवस्थाको ऐना हो। मानव अधिकार र सोसँग सम्बन्धित विषयहरू आउनेबित्तिकै हामी इन्सेकलाई नै सम्झन्छौँ। इन्सेकले प्रकाशन गर्ने वर्ष पुस्तक निकै उपयोगी भएको मैले पाएको छु । वर्ष पुस्तकको निरन्तरताको कामनासमेत गर्छु।

**दयाराज बस्याल**
प्रमुख, जिल्ला समन्वय समिति, पाल्पा

जिल्ला वा देशकै मानव अधिकारको अवस्था कस्तो छ ? भन्नेबारे जानकारी चाहिएमा हामी सबैभन्दा पहिले मानव अधिकार वर्ष पुस्तक नै हेर्ने गर्छौं। यसमा

सबै जिल्लाको मानव अधिकारसम्बन्धी विषय समेटिएको हुन्छ । यसकारण पनि यो पुस्तक बढी उपयोगी छ। यो पुस्तकलाई समयसापेक्षरूपमा विषय थप/घटसहित सम्पादन गर्न सक्ने हो भने अझ बढी प्रभावकारी हुन सक्छ।

**भेषराज तिमिल्सना**
अध्यक्ष, गैरसरकारी संस्था महासङ्घ, पाल्पा

इन्सेक भन्नेबित्तिकै मानव अधिकार भन्ने आइहाल्छ र योसँगै इन्सेकले प्रकाशन गर्ने वर्ष पुस्तकको सन्दर्भ पनि आइहाल्छ। जिल्लामा हरेक ६ महिनामा वर्ष पुस्तक समीक्षा कार्यक्रमसमेत आयोजना गरी यसले जिल्लाको मानव अधिकार अवस्थाबारे थप छलफल हुने र गराउने वातावरण बनाएको छ । यसका लागि इन्सेकलाई धन्यवाद दिन चाहन्छु।

**मेघराज शर्मा**
पत्रकार, पाल्पा

इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तक २०१८ समयमै प्राप्त भयो । पुस्तकमा देशभरका मानव अधिकार उल्लङ्घनका घटना समावेश भएको पाइयो। दूरदराजका बस्तीहरूमा पनि मानव अधिकारसम्बन्धी जनचेतनामूलक कार्यक्रम लैजानका लागि अनुरोध गर्दै पुस्तकले निरन्तरता पाओस् भनी शुभकामना व्यक्त गर्छु।

**शिवशङ्कर राय**
प्रमुख, जिल्ला समन्वय समिति, नवलपरासी पश्चिम

इन्सेकमात्र यस्तो संस्था हो जसले मानव अधिकारका सवालमा घटना सङ्कलन गर्ने, घटनाको अनुगमन गर्ने र अभिलेख गर्ने गर्छ। र, वार्षिक समीक्षा गरी वर्ष पुस्तक प्रकाशन हुने हुँदा सबै विषयवस्तु समेटेर पुस्तक प्रकाशन हुनुपर्छ। कुनै पनि समुदायको असन्तुष्टि नहुनेगरी वर्ष पुस्तक प्रकाशन हुनु आवश्यक छ । आर्थिक, सामाजिकरूपमा पछाडि परेका समुदायको समेत आवाज समेट्न पुस्तक सफल होस्।

**पार्वती पाण्डे**
सञ्चारिका समूह, प्रदेश नम्बर ५ अध्यक्ष

नेपाल मानव अधिकार वर्ष पुस्तकमा मानव अधिकार उल्लङ्घनका विषयदेखि लिएर मानव अधिकार संरक्षण र संवर्द्धनका विषयमा जुन कुरा उल्लेख भएका छन् त्यो अत्यन्त्यै प्रशंसनीय छ। मानव अधिकारको प्रत्याभूति, सम्मान र कानुनी राज्य स्थापना गर्ने कार्यमा इन्सेकको भूमिका रहिआएको छ । मूलभूतरूपमा शान्ति सुरक्षा, अमनचयन कायम राखी अपराधबिहीन समाजको परिकल्पना गर्न आवश्यक छ। वर्ष पुस्तकले जिल्लामा मानव अधिकारको संस्कृति निर्माणका लागि सबैलाई जवाफदेही बनाउन सकोस्। शुभकामना छ।

**उदय राना मगर**
प्रमुख जिल्ला अधिकारी, रूपन्देही

मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको संरक्षण तथा संवर्द्धनका लागि उपयोगी पुस्तक हो । यसले एकातर्फ देशमा विद्यमान मानव अधिकारको अवस्थालाई प्रतिविम्बित गर्छ भने अर्कोतर्फ कानुनी राज्यको अवधारणाअनुरूप सम्बन्धित पक्षहरूलाई कानुनबमोजिम कार्य गर्न दबाब सिर्जना गर्छ। मानव अधिकार हननका घटनालाई निष्पक्ष तथा वस्तुनिष्ठरूपमा अध्ययन तथा विश्लेषणमार्फत पुस्तकलाई थप तथ्यपरक बनाउन सकिन्छ।

**हृदय थापा**
एसपी, जिल्ला प्रहरी कार्यालय, रूपन्देही

इन्सेक मानव अधिकारको क्षेत्रमा काम गर्ने महत्त्वपूर्ण संस्था हो। इन्सेकको मानव अधिकारप्रतिको कार्यलाई सम्मान गर्न चाहन्छु। इन्सेकले गरेका हरेक कार्य सूचना र जानकारीमूलक छन् । यसले गर्ने अभिलेखीकरणले राज्यलाई नै सहयोग गरेको छ । यसलाई कार्यान्वयन गर्न प्रशासनले तदारूकता देखाउन जरुरी छ। यस प्रकारका कामबाट लोकतन्त्रको जग बलियो हुन्छ। यस संस्थालाई सहयोग गर्नका लागि नेपाली कांग्रेस सधैँ अग्रणी भूमिका निर्वाह गर्ने प्रतिबद्धतासहित उत्तरोत्तर प्रगतिको कामना गर्न चाहन्छु।

**खेलराज पाण्डे**
नगर सभापति, नेपाली कांग्रेस, बुटवल उपमहानगरपालिका

इन्सेकले प्रकाशन गर्दै आएको वर्ष पुस्तकमा नागरिक तथा राजनीतिक अधिकारका घटनालाई बढी समेट्ने र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका घटनालाई अलि कम महत्त्व दिने गरेको मानव अधिकार उल्लङ्घनका घटनाको तथ्याङ्कले देखाउँछ।

पुस्तकमा मानव अधिकारमुखी पद्धति वा स्थानीय तहले काम गराइका दौरानमा विकासको अधिकारलाई कत्तिको महत्त्व दिए वा मनपरि तरिकाले बिनायोजना मानव बस्तीमा डोजर लगाउँदा बिचल्लीमा परेका वा उठिबास भएका नागरिकका आवाजलाई पनि सम्बोधन गर्न सकियो भने स्थानीय तह/सरकार मानव अधिकारको संरक्षण र संवर्द्धनप्रति कति गम्भीर छ भन्ने कुरा तथा विकासको अधिकारमा आमनागरिकको

सहभागिता र प्रभावकारी तथा अर्थपूर्ण सहभागिताबारे पनि आमनागरिकलाई जानकारी हुने थियो।

**पवनकुमार भट्ट**
निर्देशक, राष्ट्रिय मानव अधिकार आयोग, प्रदेश नं. ५ कार्यालय, बुटवल

मानव अधिकारसँग सम्बन्धित संस्थाहरूले पनि मानव अधिकारको गतिविधि गरिरहेका र राज्यलाई खबरदारी गरिरहेका छन्। इन्सेक राज्यलाई खबरदारी गर्ने र मानव अधिकारको सम्मान र रक्षा गर्न सघाउने नेपालको सबैभन्दा ठूलो मानव अधिकार संस्था हो भन्ने मलाई लाग्छ।

इन्सेकबाट प्रकाशित मानव अधिकार वर्ष पुस्तकले नेपालको मानव अधिकारको अवस्था दर्शाउने ऐनाको रूपमा काम गरिरहेको छ। मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको सम्मान र संरक्षणको वातावरण बनाउन र कानुनी राज्य स्थापना गर्न मद्दत गरेको मैले अनुभूत गरेको छु। दण्डहीनता अन्त्य गर्न र राज्यको जवाफदेहिता सिर्जना गर्न पनि वर्ष पुस्तकको महत्त्वपूर्ण भूमिका छ। यसमा प्रकाशित सामग्री मानव अधिकार विषयबारे अध्ययन गर्नेलाई निकै लाभप्रद् हुने र स्वदेशी तथा विदेशी अध्येताहरूका लागिसमेत वर्ष पुस्तक विश्वसनीय स्रोत तथा सामग्री बन्न पुगेको छ। मानव अधिकार वर्ष पुस्तकले सदाकाल निरन्तरता पाओस्। यसका सामग्रीहरू आधिकारिक, प्रामाणिक, पाठकमैत्री, उपयोगी र अझै परिष्कृत बन्दै जाउन् भन्ने शुभकामना दिन चाहन्छु।

**डा. कुमार शर्मा आचार्य**
अध्यक्ष, कानुन मस्यौदा तथा सुझाव आयोग, प्रदेश नम्बर ५, बुटवल

इन्सेकद्वारा प्रकाशित वर्ष पुस्तक वर्षभरि भएका मानव अधिकारको अवस्था विश्लेषण, खोज/अनुसन्धानमा सहयोगी र सरकारलाई मानव अधिकार परिपालना गर्न/गराउन पीडितलाई न्याय र पीडकलाई कानुनको दायरामा ल्याउन भरपर्दो स्रोतका रूपमा रहँदै आएको छ। पुस्तक मानव अधिकारको क्षेत्रमा कोशेढुङ्गा र ऐनाका रूपमा रहँदै आएको छ। पुस्तक थप परिमार्जन र परिष्कृत भई तथ्यगत, निष्पक्ष र यथार्थपरकरूपमा आइरहोस्। इन्सेकलाई यही शुभकामना दिन चाहन्छु।

**शिवप्रसाद गौडेल**
संयोजक, एड्भोकेसी फोरम नेपाल, रूपन्देही

इन्सेकले मानव अधिकारका क्षेत्रमा पुऱ्याएको योगदान अत्यन्तै सराहनीय छ। मानव अधिकार उल्लङ्घन र अपराधसँग जोडिएका मानव अधिकारसम्बन्धी घटना उजागर गरेर पीडित पक्षलाई न्याय दिलाउने विषयमा पुस्तकले राम्रो भूमिका खेलेको छ। इन्सेकले निरन्तररूपमा मानव अधिकारको दृष्टिले नियमन गर्ने निकायलाई मानव अधिकारको क्षेत्रमा अगाडि बढ्नका लागि नीति योजना बनाउन र बनाएका योजनाहरू कार्यान्वयन गरी अगाडि बढ्नका लागि सरकारलाई सहयोग पुऱ्याएको छ। बदलिँदो समाज, नयाँ प्रविधि र वैज्ञानिक युगमा नियमनकारी निकायले मानव अधिकार उल्लङ्घनका घटनाहरू न्यूनीकरण गर्दै सभ्य र मानव अधिकारमैत्री समाज निर्माण गर्नका लागि थप ऊर्जा मिल्नेछ। इन्सेकको रफ्तार अझै सक्रिय हुँदै जाओस्। शुभकामना दिन चाहन्छु।

**शिवराज सुवेदी**
मेयर, बुटवल उपमहानगरपालिका

इन्सेकले लामो समयदेखि मानव अधिकार उल्लङ्घनका घटना सङ्कलन गरी नेपाल मानव अधिकार वर्ष पुस्तकमार्फत नेपालको मानव अधिकारको अवस्था झल्काउने काम गरेको छ। नागरिकका राजनीतिक, आर्थिक सामाजिक र सांस्कृतिक अधिकारका विषय वर्ष पुस्तकमा समावेश भएको भए पनि पहुँच नभएका, पछाडि पारिएका नागरिकहरूको आवाज पनि विस्तृतमा समावेश गर्नु आवश्यक छ।

**सहसराम यादव**
सभासद्, प्रदेश नम्बर ५, कपिलवस्तु

इन्सेकले मानव अधिकारका घटना सङ्कलन प्रकाशनदेखि मानवीय कार्य गर्दै आएको जनजाहेर छ। वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घन गर्नेहरूका लागि खबरदारी गर्दै आएको छ भने जिल्लामा जिम्मेवार निकायलाई जवाफदेही बनाउनमा महत्त्वपूर्ण भूमिका छ। राज्यले प्रकाशन गर्नुपर्ने पुस्तक इन्सेकले प्रकाशन गरेर महत्त्वपूर्ण योगदान दिएको छ। यस पुस्तकको निरन्तरताले मानव अधिकारको अवस्था बुझ्न सहज हुने र नेपालमा के भइरहेको छ ? भन्नेबारे अन्तर्राष्ट्रिय जगतले पनि थाहा पाउन सक्ने हुँदा पुस्तक निरन्तर प्रकाशनको शुभकामना।

**रामेश्वर अर्याल**
सहायक प्रमुख जिल्ला अधिकारी, कपिलवस्तु

द्वन्द्वकालमा समेत मानव अधिकारको अवस्थाबारे जोखिम मोलेर भए पनि वर्ष पुस्तक प्रकाशन हुने गरेको र अहिले पनि यसको निरन्तरता रहनु महत्त्वपूर्ण छ। पुस्तकमा सबैखाले अधिकार समावेश गरिनुपर्छ। यसैगरी मौलिक हकसम्बन्धी सबै कानुन नबनिसकेकाले कानुन बनाउन यस पुस्तकले दबाब

सिर्जना गर्ने अपेक्षासहित पुस्तकमा प्रकाशन हुने घटना सत्यताका आधारमा प्रकाशन होस्। शुभकामना।

**कमल पन्थी**
जिल्ला न्यायाधिवक्ता, कपिलवस्तु

इन्सेकद्वारा निरन्तर प्रकाशन भइरहेको नेपाल मानव अधिकार वर्ष पुस्तक देशको मानव अधिकार अवस्थाको ऐना हो। वर्ष पुस्तकको महत्त्व देशमा मात्रै होइन, अन्तर्राष्ट्रियस्तरमा पनि उत्तिकै छ। यसमा समेटिएका सूचना सत्य/तथ्य हुनुले नै यसको महत्त्व बढाएको हो। त्यसैले पुस्तकको विश्वसनीयता गुम्न नदिनेगरी यसमा सामग्री आउनुपर्छ। वर्ष पुस्तकलाई थप प्रभावकारी बनाउन यसलाई परिमार्जन गर्दै लैजानुपर्छ।

**हेमन्त रावल**
न्यायाधीश, जिल्ला अदालत, दाङ

नेपाल मानव अधिकार वर्ष पुस्तक साझा दस्तावेज हो। पीडितलाई न्याय र पीडकलाई प्रायश्चित गर्नका लागि यसमा प्रकाशित सामग्रीले समाजलाई शिक्षा प्रदान गरिरहेको महसुस गरेको छु। वर्ष पुस्तकमा प्रकाशित सामग्री हेर्ने हो भने तीनवटै तहका सरकारलाई समाज विकासका लागि कस्ता कार्यक्रम र योजना बनाउने भन्ने कुराको मार्गदर्शन गर्न सक्छ। यसको सत्य/तथ्यतालाई निरन्तर कायम राख्न मेरो सुझाव छ।

**मनोहर बुढाथोकी**
नेता, नेकपा, दाङ

पुस्तक नागरिक अधिकारको आवाज समेटिएको साझा सङ्गालो हो। मैले केही वर्षदेखि निरन्तर पढिरहेको छु। खासगरी यसमा समेटिएका सामग्रीले अहिले समाज कता गइरहेको छ भन्ने देखाउँछ। जसले मानव अधिकारका सवालप्रति नागरिकलाई सचेत पार्ने काम गरिरहेको मैले महसुस गरिरहेको छु। यसर्थ यसमा प्रकाशन हुने सामग्रीले नागरिकले मानव अधिकार शिक्षा लिन पाइरहने अपेक्षा गर्छु।

**चन्द्रराज पन्त**
संयोजक, नागरिक समाज, दाङ

मानव अधिकारको संरक्षण र संवर्द्धनमा लामो समयदेखि क्रियाशील संस्था इन्सेकद्वारा बर्सेनि प्रकाशित हुने नेपाल मानव अधिकार वर्ष पुस्तकमार्फत नेपालमा मानव अधिकार उल्लङ्घन एवम् ज्यादतिका घटना मात्रै होइन, मानव अधिकार संरक्षणमा राज्यबाट गरिएका प्रयासहरूसमेतको समग्र अवस्था चित्रण हुन आउँछ। मानव अधिकार हननका घटनाहरूको अभिलेखीकरण गर्दा सम्बन्धित निकायका जिम्मेवार पदाधिकारी व्यक्तिसँग समन्वय गर्दै घटनाहरूको सम्वेदनशीलतामा विचार पुऱ्याइ अभिलेखीकरण गर्दा अझ बढी प्रभावकारी हुन्छ जस्तो लाग्छ।

**अरुण पौडेल**
एसपी, जिल्ला प्रहरी कार्यालय, बाँके

इन्सेकले मानव अधिकार वर्ष पुस्तक २०१९ प्रकाशन गर्न लागेको जानकारी पाउँदा खुसी लागेको छ। विषयवस्तु सामान्य अध्ययन गरियो। जिल्लामा भएका अपराधका मुख्य मुख्य घटनाको विवरणका साथै जनताको शिक्षा, स्वास्थ्य, पिउने पानीलगायतका आधारभूत आवश्यकता जस्ता विषयवस्तु र समाजमा भएका छुवाछूत, भेदभावका घटना र भएका कारबाहीका विषय पनि समेट्न सकिएमा पुस्तकले अझ पूर्णता पाउने सुझाव पनि दिन चाहन्छु। पुस्तक बढी ज्ञानबर्द्धक र मानव अधिकार प्रबर्द्धनमा उपयोगी हुन सकोस् भन्ने कामना व्यक्त गर्छु।

**मदन भुजेल**
प्रमुख जिल्ला अधिकारी, बाँके

मानव अधिकारको क्षेत्रमा क्रियाशील इन्सेकले प्रत्येक वर्ष मुलुकको मानव अधिकार अवस्था झल्किने गरी नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्दै आइरहेको कार्य अत्यन्तै सराहनीय छ। मानव अधिकारसम्बन्धी घटनालाई अभिलेखीकरण गरी प्रकाशित हुने यो पुस्तकले मानव अधिकार उल्लङ्घनकर्ताको गतिविधिलाई निरुत्साहित बनाउन सहयोग पुग्नुका साथै सबै नागरिकलाई सुसूचित गराउने कार्यमा टेवा पुगेको छ। इन्सेकले मानव अधिकार उल्लङ्घनका घटनाहरूको अभिलेखीकरण गर्ने क्रममा तथ्यपरकरूपमा विश्लेषण गर्दै उल्लङ्घनका घटना न्यूनीकरण हुनुका साथै पीडितले न्याय प्राप्तिका निम्ति सफलताको चुरो चुम्न सकोस् र आगामी दिनमा अझै परिष्कृतरूपमा पुस्तक प्रकाशन गर्ने सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्छु।

**चन्द्रकान्त चापागाईं**
प्रमुख, राष्ट्रिय मानव अधिकार आयोग
प्रदेश नम्बर ५ शाखा कार्यालय, नेपालगन्ज

इन्सेकले मानव अधिकार उल्लङ्घन र तथ्य सङ्कलन गरी नेपाल मानव अधिकार वर्ष पुस्तकको प्रतिवेदन प्रकाशन गर्दै आइरहेको कार्य अति राम्रो छ। समाजमा भइरहेका घटनामा बालिका र महिला सबैभन्दा बढी पीडित भएको देखिएको छ। यसलाई न्यूनीकरण गर्न मानव अधिकारवादी राजनीतिक दल, समाजसेवी, बुद्धिजीवी सबै एक हुनुपर्छ।

**महेन्द्रजङ्ग शाही**
सूचना अधिकारी, जिल्ला प्रशासन कार्यालय, बर्दिया

इन्सेकले मानव अधिकार उल्लङ्घन र तथ्य सङ्कलन गरी निकाल्ने नेपाल मानव अधिकार वर्ष पुस्तक पत्रकारहरूका लागि समाचार लेखनमा सूचनाको आधार बन्दै आएको छ। सामान्य लाग्ने तर मानवलाई मानव अधिकार उपभोग गर्न बाधा गरिरहेको पक्षलाई पनि समयसापेक्ष समेट्नुपर्ने देखिन्छ।

**राजेन्द्रप्रसाद धिताल**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, बर्दिया

इन्सेकले मानव अधिकार उल्लङ्घन र तथ्य सङ्कलन गरी नेपाल मानव अधिकार वर्ष पुस्तकको प्रकाशन गर्दै आइरहेको कार्य सराहनीय छ। मानव अधिकार उल्लङ्घन नेपाल मानव अधिकार वर्ष पुस्तकका रूपमा प्रकाशन गर्दा आउँदा दिनहरूमा अझै सत्यता र वस्तुनिष्ठ तवरले बुझी प्रकाशन गरेमा यसको प्रभावकारिता र विश्वसनीयता बढ्नेमा दुई मत छैन। आगामी दिनमा अझै सत्य/तथ्य सूचना सम्प्रेषणमा उच्च सफलता पाओस् भनी सफलताको कामना गर्छु।

**बोधराज ओझा**
इन्स्पेक्टर, जिल्ला प्रहरी कार्यालय, बर्दिया

इन्सेकद्वारा प्रकाशन गरिने वर्ष पुस्तकबाट मानव अधिकारका सवालमा कार्य गर्ने सबै संस्था तथा व्यक्तिलाई स्रोतका रूपमा अध्ययन गर्न उल्लेखनीयरूपले सहयोग पुगेको छ। मानव अधिकार हननका घटना सङ्कलन, सम्पादन तथा प्रकाशन आफैँमा चुनौतीपूर्ण विषय हो। इन्सेकको यस कार्यले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमै विश्वसनीयता हासिल गरेको छ।

**विष्णुप्रसाद तिमिल्सिना**
अध्यक्ष, गैसस महासङ्घ नेपाल, बर्दिया

नेपाल मानव अधिकार वर्ष पुस्तक नेपालकै मानव अधिकारको उत्कृष्ट सङ्गालो हो। यसले नेपालको मानव अधिकारको घटना/परिघटना सबै ऐनाजस्तै छर्लङ्ग पार्ने गर्छ। यो पुस्तक मानव अधिकारकै एउटा बलियो र विश्वसनीय दस्तावेज पनि हो। यसको महत्त्व नेपालमा मात्रै हैन, अन्तर्राष्ट्रिय जगतमा पनि छ। यसलाई समयसापेक्ष परिमार्जित र परिष्कृत गर्दै लान आवश्यक छ।

**बालकृष्ण वली**
संयोजक, नागरिक समाज सञ्जाल, बर्दिया

इन्सेकले मानव अधिकार उल्लङ्घन र तथ्य सङ्कलन गरी नेपाल मानव अधिकार वर्ष पुस्तकको प्रतिवेदन प्रकाशन गर्दै आइरहेको कार्य राम्रो छ। समाजमा भइरहेका घटनामा बालिका र महिला सबैभन्दा बढी पीडित भएका घटना उजागर गर्दै आएको छ। मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटना न्यूनीकरण गर्नेतर्फ सबै सरोकारवालाबीच सहकार्य गरी काम गर्नुपर्ने देखिन्छ।

**टीका सम्सेली**
उपाध्यक्ष, महिला मानव अधिकार सञ्जाल, बर्दिया

दण्डहीनताको अन्त्य तथा मानव अधिकारको संरक्षण र प्रवर्धनमा इन्सेकले खेलेको भूमिका सराहनीय छ। समाजमा हुने विभिन्न घटनामा पीडितलाई न्याय दिलाउन तथा पीडकलाई कानुनी दायरामा ल्याउन यसले महत्त्वपूर्ण योगदान गर्दै आएको छ। आगामी दिनहरूमा यस पुस्तकमार्फत समाजमा लुकेर/छिपेर रहेका मानव अधिकार उल्लङ्घनसम्बन्धी घटना यथार्थरूपमा उजागर होस् भन्ने अपेक्षासमेत गर्छु।

**रवीन श्रेष्ठ**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, हुम्ला

मानव अधिकार उल्लङ्घनका घटनालाई पुस्तकमार्फत सार्वजनिक गरी नागरिकलाई सचेत गराउने कार्यमा इन्सेकको भूमिका सराहनीय छ। आगामी दिनमा यस पुस्तकमार्फत् समाजमा लुकेर छिपेर रहेका मानव अधिकार उल्लङ्घनसँग सम्बन्धित घटनालाई जस्ताको तस्तै उजागर गरेर मानव अधिकारको सन्दर्भमा महत्त्वपूर्ण दस्तावेज बन्न सकोस् भनी अपेक्षा राख्छु।

**माधवप्रसाद ढुङ्गाना**
प्रमुख जिल्ला अधिकारी, हुम्ला

इन्सेकले हरेक वर्ष मानव अधिकार उल्लङ्घनका घटना सङ्कलन गरी प्रकाशनमा ल्याउने गरेको छ। यो एक सकारात्मक कार्य हो। इन्सेकको यो कार्यले मानव अधिकार संरक्षण र संवर्द्धनका लागि राज्यलाई सहयोग पुगेको छ। घटना सङ्कलन गर्नुका साथै घटना हुनुका कारण पनि पत्ता लगाउनुपर्छ।

**विष्णु पौडेल**
प्रमुख जिल्ला अधिकारी, जुम्ला

मानव अधिकारको प्रत्याभूति दिलाउन तथा शान्ति सुरक्षा महसुस गराउनका लागि राज्यलाई दबाबस्वरूप इन्सेकले काम गरेको छ। यो सबल पक्ष हो। समाजमा मानव अधिकार उल्लङ्घनका घटना भइरहेका छन्। यसमा प्रहरी प्रशासनले देखाएको मौनताले नागरिकमा नैराश्यता उत्पन्न भएको छ।

**विष्णुमाया बुढा**
उपप्रमुख, तिला गाउँपालिका, जुम्ला

यो वर्ष मानव अधिकार उल्लङ्घनका घटनाहरू राज्य पक्षभन्दा गैरराज्य पक्षबाट धेरै भएका छन् । गैरराज्य पक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनामा राज्य पक्षबाट फितलो अनुसन्धान भएकाले पीडित न्याय प्राप्तिबाट वञ्चित हुने सम्भावना देखिएको छ। हामी मानव अधिकारकर्मीले पीडितलाई न्याय दिलाउनका लागि काम गर्नुपर्ने हुन्छ।

**धनराज शाही**
मानव अधिकार अधिकृत, राष्ट्रिय मानव अधिकार आयोग, शाखा कार्यालय, जुम्ला

इन्सेकले लगातार २५ वर्षदेखि नियमितरूपमा प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तकले देशको मानव अधिकारको अवस्था चित्रण गरेको छ। राज्यले गर्नुपर्ने यो काम इन्सेकको जनशक्ति र साधनस्रोतले निरन्तर प्रकाशन गरिएकामा इन्सेक धन्यवादको पात्र छ । महिला, बालबालिका र पिछडिएका जातजातिहरूले भोग्नुपरेका हिंसा र उत्पीडन विषयमा ग्रामीण बस्ती र दूरदराजका घटना पनि प्रकाशन गर्नुपर्नेतर्फ ध्यान केन्द्रित गर्न मेरो सुझाव छ।

**नगेन्द्रबहादुर मल्ल**
अध्यक्ष, डुङ्गेश्वर गाउँपालिका, दैलेख

इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तकले देशको कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकामा देखिएका कमी/कमजोरी औंल्याएर मानव अधिकारको अवस्थाप्रति सचेत गराएको रूपमा मैले बुझेकी छु। मानव अधिकारको अवस्था झल्काउन घटना सङ्कलन, प्रतिवेदन सार्वजनिकीकरण गर्ने प्रक्रियाले घटनाहरूको विश्वसनीयता अनुमोदन गर्ने अभ्यास साह्रै राम्रो पक्ष हो । प्रहरी र अदालतमा आएका घटनामात्र नभएर समाजमा भइरहेका सबै घटना समेट्न सके लुकेर रहेका घटना पनि सबैमा जानकारी हुन सक्थ्यो।

**रमा श्रेष्ठ**
कार्यक्रम संयोजक, महिला तथा बालबालिका सेवा केन्द्र, दैलेख

देशभरका मानव अधिकार उल्लङ्घनका घटना सार्वजनिक गर्ने इन्सेकको कार्य राम्रो हो। यो कार्यले धेरै घटनामा पीडकहरू निरुत्साहित हुने गरेको र पीडितले राहत महसुस गरेका थुप्रै उदाहरण छन्। वर्ष पुस्तकको अभियानले निरन्तरता पाओस्।

**सविना बिक**
उपाध्यक्ष, महिला सशक्तीकरण मञ्च, दैलेख

नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशनले समेत कसैप्रति अन्याय, थिचोमिचो, हेला वा अनुचित कार्य गर्नुहुँदैन भन्ने सचेतना पुऱ्याउन सहयोग गरेको पाइन्छ। मानव अधिकारको अवस्थाबारे यथार्थ राखेर प्रकाशित हुँदै आएको नेपाल मानव अधिकार वर्ष पुस्तक सीमित सङ्ख्यामा संस्थागत प्रतिमात्र वितरण भइरहेकाले सरोकारवालालाई समेत सहजै उपलब्ध हुन नसकेको अवस्था छ। यसलाई पाठकले किनेर पढ्न पाउनेगरी सर्वसुलभ बनाइनुपर्छ।

**हरिबहादुर खत्री**
कानुनी सल्लाहकार, नारायण नगरपालिका कार्यालय, दैलेख

इन्सेकले हरेक वर्ष प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तक ऐतिहासिक अभिलेखीकरण भएको छ। सशस्त्र द्वन्द्वताका भन्दा अहिले घटनाहरू कम हुँदै गएजस्तो देखिएको छ। व्यक्तिको ज्यान जाने स्थिति कमी आए पनि कुरीति, कुसंस्कार र कुचलनले महिला हिंसा, जातीय विभेद, छाउपडी प्रथा, बोक्सीको आरोप लगाउने जस्ता दुर्व्यवहार अझै पनि कायम छ। यस्ता सबै घटनाको अभिलेखीकरण गर्न छुटाउनु हुँदैन।

**पदमकुमारी बिष्ट**
उपाध्यक्ष, भैरवी गाउँपालिका, दैलेख

इन्सेकले मानव अधिकार उल्लङ्घनका घटना सङ्कलन गरी वर्ष पुस्तकका रूपमा प्रत्येक वर्ष प्रकाशन गरिरहेकाले नेपालको मानव अधिकारको अवस्थाबारे निकै सराहनीय कार्य गरेको छ। पुस्तकमा मानव अधिकार उल्लङ्घनका घटना सँगसँगै सरकारी तथा गैरसरकारी निकायबाट मानव अधिकारका क्षेत्रमा भए/गरेका राम्रा कार्यलाई समेत पुस्तकमा समावेश गर्न सके राम्रो हुने देखिन्छ।

**ललितकुमार बस्नेत**
प्रमुख जिल्ला अधिकारी, जाजरकोट

इन्सेकको प्रयास सराहनीय छ। यसले राज्यका हरेक निकायलाई मानव अधिकारको पालना र संवर्द्धनमा समेत सचेत बनाएको छ। घटनाहरू उल्लेख गरिँदा भौगोलिक विकटता, सूचना प्राप्तिको समय र स्रोत/साधनको अवस्थाका बाबजुद प्रहरीको प्रयाससमेत उल्लेख हुन जरुरी देख्छु। नेपाल प्रहरी र यसमा आवद्ध सदस्यहरू नेपालको संविधानद्वारा प्रदत्त हक/अधिकार संवर्द्धनमा ज्यादै सजग, सचेत र प्रतिबद्र छन्।

**रविन्द्रबहादुर सिंह**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, जाजरकोट

इन्सेकद्वारा प्रत्येक वर्ष प्रकाशन हुने मानव अधिकार वर्ष पुस्तकबाट नेपालमा मानव अधिकारको

अवस्था र चुनौती झल्कने भएको हुँदा यो निकै सराहनीय कार्य रहेको र अझै यसमा टुहुरा र सडक बालबालिकाको अवस्थासमेत समावेश गरी प्रकाशन गर्न सके झनै उत्तम रहने देखिन्छ।

**भीमबहादुर सिंह**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, जाजरकोट

बदलिँदो परिवेशमा समाजको दूरदराजमा पुगी समाजमा हुने अपराध, मानव अधिकारविरुद्धका घटनाका सम्बन्धमा वास्तविक पीडितसमक्ष पुग्दै सत्य/तथ्य खोजी गरी आमनागरिकसमक्ष परिष्कृत गरिने हुँदा यो पुस्तक अनुसन्धान सहायकसमेत भइसकेको छ। आगामी दिनहरूमा समेत यस पुस्तकले समाजमा शान्ति, सुव्यवस्था कायम गर्ने कार्यमा समेत सहयोग पुऱ्याउनेछ भन्ने विश्वास छ।

**सुमित खड्का**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, रुकुम पश्चिम

वर्ष पुस्तकमा जिल्लामा हुने सबै मानव अधिकारसम्बन्धी घटना समेटिने हुँदा यसलाई समाजको ऐनाका रूपमा लिइएको छ। यस पुस्तकमा समाजमा भएका यथार्थ घटनाहरू समेटिने भएकाले वकालतका लागिसमेत किताब सहयोगी बनेको छ।

**एक्कबहादुर पाण्डे**
अध्यक्ष, जिल्ला बार एकाइ, रुकुम पश्चिम

इन्सेकले हरेक वर्ष मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्ने कार्य प्रशंसनीय छ। यस पुस्तकमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना समेटेर प्रकाशन गर्दै आएको छ। जुन निकै सराहनीय कार्य हो जस्तो मलाई लाग्छ। यस पुस्तकले मानिस भएर जन्म लिएपश्चात् मानवका नाताले उपभोग गर्न पाउने मानवका विभिन्न अधिकारहरू नेपालमा कुन कुन पक्षबाट कसरी हनन भएको अवस्था छ भन्ने कुरा उजागर गरी सरोकारवाला पक्षलाई मानव अधिकारको सम्मान गर्न अभिप्रेरित गरेको महसुस गरेको छु। सभ्य समाजको परिकल्पना मानव अधिकारको पालना नभई सम्भव हुँदैन भन्ने मेरो विश्वास छ। इन्सेकले निष्पक्ष ढङ्गबाट मानव अधिकार उल्लङ्घनका घटनाहरू उजागर गर्दै आगामी वर्ष पुस्तकमा समेत समावेश हुँदै जाउन् भन्दै सफलताको शुभकामना दिन चाहन्छु।

**कमलराज ढकाल**
प्रमुख जिल्ला अधिकारी, सल्यान

नेपालमा मानव अधिकारको संरक्षण एवम् प्रबर्द्धनका लागि अग्रणी भूमिका निर्वाह गर्दै आएको इन्सेकले विगत लामो समयदेखि मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्दै आएको छ। मानव अधिकार वर्ष पुस्तकमा नेपालको मानव अधिकारको अवस्था तथ्यगतरूपमा प्रस्तुत हुने हुँदा आमनागरिक र सरोकारवालाहरूमा मानव अधिकारका विषयमा सरोकार तथा चासो बढ्दै गएको छ र राज्यका निकाय र अधिकारीहरूमा पनि मानव अधिकार संरक्षणको कर्तव्य बोध हुन थालेको देखिएको छ।

**मदनबहादुर धामी**
न्यायाधीश, जिल्ला अदालत, सल्यान

मानव अधिकारको संरक्षण र संवर्द्धनको क्षेत्रमा सक्रियरूपमा क्रियाशील इन्सेकले मानव अधिकार उल्लङ्घनका घटना अभिलेखीकरण गर्न सन् १९९२ देखि नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्दै आइरहेको सर्वविदित नै छ। यसै सन्दर्भमा यस्ता प्रकारका घटना उल्लेख गर्दै सदाझैँ यसपटक पनि पुस्तकको २७ औँ संस्करण प्रकाशन हुन लागेकामा साह्रै खुसी लागेको छ। मानव अधिकारको क्षेत्रमा इन्सेकको अथक प्रयासको उच्च प्रशंसा गर्दै सदाझैँ यहाँहरूको अथक प्रयास एवम् प्रकाशनका लागि हार्दिक बधाई तथा आगामी दिनहरूका लागि सफलताको कामना गर्छु।

**वीरेन्द्रबहादुर शाही**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, सल्यान

नेपालभरि विभिन्न क्षेत्रमा भएका मानव अधिकार उल्लङ्घनका घटनाहरूको मूल्याङ्कन तथा प्रगतिको समीक्षा गर्दै प्रत्येक वर्ष इन्सेकद्वारा प्रकाशन गरिने वर्ष पुस्तक महत्त्वपूर्ण दस्तावेजको रूपमा रहेको छ। मानव अधिकारका सम्बन्धमा चेतना फैलाउने मात्र नभएर पीडितहरूलाई क्षमतावान बनाउन यसको भूमिका छ। रुकुमजस्तो भौगोलिक, आर्थिक तथा सामाजिकरूपमा विकट जिल्लाको सबै क्षेत्रमा स्थलगतरूपमा अध्ययन गरी तयार पारिएको यस पुस्तकमा उल्लिखित यस जिल्लाको वस्तुस्थितिको विवरणले प्रशासन, प्रहरीलगायत सरोकारवाला निकायलाई महत्त्वपूर्ण सन्दर्भ सामग्रीका रूपमा रहनेछ। आगामी दिनमा इन्सेकले स्थानीय तहसँग समन्वय र सहकार्य गरेमा अझ सान्दर्भिक र प्रभावकारी हुने देखिन्छ।

**शम्भुप्रसाद रेग्मी**
प्रमुख जिल्ला अधिकारी, रुकुम पश्चिम

मुलुकभित्र भएका मानव अधिकार उल्लङ्घनका समग्र घटना समेटेर मानव अधिकार वर्ष पुस्तक २०१९ प्रकाशन गर्न लागेकामा प्रथमतः

इन्सेकलाई हार्दिक बधाई र शुभकामना। आजको युग मानव अधिकारको युग हो। जन्मजातरूपमा मानिसले प्राप्त गरेका मानव अधिकार उल्लङ्घनका घटनालाई विश्वव्यापीरूपमा नै स्वीकार गर्न नसकिने निन्दनीय गम्भीर कसुरका रूपमा हेरिने गरिन्छ। यस्ता घटना उजागर गरी वर्ष पुस्तकका रूपमा समेटेर इन्सेकले नागरिकसमक्ष सालसालै पस्किने गरेको काम निश्चय नै सराहनीय छ। व्यक्तिबाट हुने मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामात्र होइन, समाजमा परापूर्वदेखि चलिआएका कतिपय प्रथा/परम्पराले समेत विशेषतः महिला र बालबालिकाका मानव अधिकार उल्लङ्घन भएका छन्। यसतर्फ पनि राज्यका संयन्त्रहरू क्रियाशील बनून् भन्ने जनअपेक्षा रहन्छ।

**हरिकुमार पोखरेल**
मुख्य न्यायाधीश, उच्च अदालत, सुर्खेत

मानव अधिकार वर्ष पुस्तकले साविकमा झैँ मानव अधिकारको यथार्थ अवस्था चित्रण गर्ने प्रयास गरेको छ। पुस्तकमा प्रस्तुत विचार तथा विश्लेषणउपर बहस तथा विश्लेषण गर्न सकिएला तथापि यसले चित्रण गरेको हाम्रो मानव अधिकारको अवस्था कस्तो, कहाँ छ र हामी कहाँ सफल, कहाँ चुक्यौँ भन्ने विषय छर्लङ्गै चित्रित गरेको छ। वर्ष पुस्तकले हाम्रो भावी कार्यदिशा र मानव अधिकारको प्रत्याभूति, संरक्षण र संवर्द्धनका लागि चाल्नुपर्ने रणनीतिहरूको स्पष्ट पृष्ठपोषणका रूपमा ग्रहण गर्नु नै श्रेयकर हुनेछ।

**रामप्रसाद थपलिया**
प्रमुख सचिव, मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश

नेपाल मानव अधिकार वर्ष पुस्तक एकदमै राम्रो छ। पुस्तकमा मानव अधिकारका विषयमा घटनाको विवरण सही किसिमले आएको पाइन्छ। यसरी नै मानव अधिकार वर्ष पुस्तकले सबै घटना ल्याएको छ साथै कतै लुकेका घटना खोजी गर्न गाउँस्तरमा इन्सेक जाने अपेक्षासहित शुभकामना।

**नरेन्द्रकुमार रोकाया**
प्रमुख, जिल्ला समन्वय समिति, बाजुरा

इन्सेकले एक जिल्लाको नभएर देशभरको मानव अधिकारसम्बन्धी घटनाहरू समेटेको पुस्तक प्रकाशन गर्दै आएकामा खुसी लागेको छ। मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि वर्ष पुस्तकमा समेटिएका तथ्याङ्कले समस्त पाठक वर्गमा मानव अधिकारबारे भए/गरेका त्रुटि र समाधानका लागि सरोकारवाला निकायले पनि आफूलाई सच्याउने मौका पाउने छन्। इन्सेकले प्रकाशन गर्ने गरेको वर्ष पुस्तकमा समेटिने विषय राम्रो छ। मानव अधिकारको चेतना ग्रामीण भेगका सीमान्तकृत वर्गसम्म पुऱ्याउन सके पुस्तक प्रकाशनले राम्रो अवस्था सिर्जना हुन्थ्यो।

**चेतराज बराल**
प्रमुख जिल्ला अधिकारी, बाजुरा

इन्सेकले हरेक वर्ष प्रकाशन गर्ने मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारसँग सम्बन्धित समग्र विषयवस्तु समेटेको पाइन्छ। मानव अधिकारका सम्बन्धमा संयुक्त राष्ट्र सङ्घको बडापत्रले गरेका व्यवस्था, मानव अधिकारको विश्वव्यापी घोषणापत्रलगायत सम्पूर्ण स्थापित ऐन/कानुनहरूबमोजिम मानव अधिकारको सम्मान र संरक्षण गर्ने प्रयास मानव अधिकार वर्ष पुस्तकमार्फत इन्सेकले गरेको पाइन्छ। विषयका ज्ञाताहरूद्वारा यो पुस्तक तयार पारिने भएकाले पुस्तकले कुनै संस्था वा व्यक्तिविशेषको मनोबल गिराउने काम गरेको पाइँदैन।

**उद्धवसिंह भाट**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, बाजुरा

नेपाल मानव अधिकार वर्ष पुस्तकले लोकतन्त्र बिस्तार, संविधान प्रदत्त मौलिक हक तथा मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धनका साथै राज्य पक्ष र गैरराज्य पक्षलाई सजग र सचेत रहन प्रेरित गर्छ। यो पुस्तकले महिला तथा बालबालिकाविरुद्ध हुने मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना उजागर गरी राज्यलाई जिम्मेवार बनाउने कार्य गर्दै आएको छ भने पुस्तक मानव अधिकार र महिला अधिकारसम्बन्धी दस्तावेजका रूपमा रहेको छ।

**कविता विष्ट**
उपमेयर, बडिमालिका नगरपालिका, बाजुरा

मानव अधिकारको क्षेत्रमा बहस र पैरवी चलाइरहेको मानव अधिकार हनन्का घटनाहरूलाई दस्तावेजीकरण गरी सम्बन्धित सबैमा मानव अधिकारको संरक्षण र संवर्द्धन र कार्यान्वयनका लागि कार्यकारिणी भूमिका खेलिरहेको नेपाल मानव अधिकार वर्ष पुस्तक प्रशंसनीय छ। अवसरबाट वञ्चित गरिनु, राज्यको दृष्टिकोणमा समानता नहुनु, मानव अधिकारका आधारभूत मान्यताहरूमा राज्य नै उदासीन भएको अवस्था हामीमाझ छ।

**भरत थापा**
नेता, नेकपा, बाजुरा

नेपाल मानव अधिकार वर्ष पुस्तकले प्रत्येक वर्ष मानव अधिकारका सवालका बारेमा दस्तावेजीकरण

गरेर घटना प्रकाशित गर्दै आएको छ। जसमा मानव अधिकारको अवस्था र सवाल के हो ? जसरी इन्सेकले सवाललाई दस्तावेजका रूपमा ल्याउँछ, त्यसरी न्यायका लागि पैरवी र वकालत गर्न पनि आवश्यक छ। साथै राज्यलाई उत्तरदायी र जवाफदेही बनाउन पनि निकै जरुरी छ।

**प्रकाशबहादुर सिंह**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, बाजुरा

मानव अधिकार वर्ष पुस्तक पीडितको पक्षमा रही प्रकाशनमात्र भइरहेको छैन्, उनीहरूको मानव अधिकार सुनिश्चितताका लागि पनि विशेष बहस र पैरवी गर्दै न्याय दिनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ। प्रहरी प्रशासनमा दर्ता भएका घटनासँगै समाजभित्र छिपाइ राखिएका, लुकाइएका घटनाको सचित्र प्रकाशन गर्नसके सामाजिक न्याय र मानव अधिकारको संरक्षण हुनेमा शङ्का छैन।

**प्रेमबहादुर बिक**
संवाददाता, राष्ट्रिय समाचार समिति, बाजुरा

इन्सेकले निकाल्दै आएको मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार घटनाबारे सत्यतथ्य बाहिर ल्याउँदै आएको छ। यसले देशकै मानव अधिकार घटना बाहिर ल्याउनेमात्र नभई मानव अधिकार प्रत्याभूत गर्नमा निकै सहयोग पुयाउँदै आएको छ। बाजुराका मानव अधिकारका सवाल पनि इन्सेकले मानव अधिकार वर्ष पुस्तकमार्फत सार्वजनिक गर्दै आएको छ। घटना सार्वजनिकसँगै अधिकारका बारेमा दुर्गम तथा स्थानीय तहमा थप जानकारी उपलब्ध गराउन पनि आवश्यक देखिन्छ।

**विनीता धामी**
महिला अधिकारकर्मी, बाजुरा

मानव अधिकार संरक्षणमा इन्सेकले गरेको पहलबाट मानव अधिकार उल्लङ्घनका पीडितलाई राहत पुऱ्याएको छ। भर्खरै जारी भएको अपराधपीडितको संरक्षणसम्बन्धी ऐन २०७५ ले गरेको व्यवस्था पालना गराउनेतर्फ पनि सरोकारवाला निकायहरूलाई आत्मबोध गराउन सकिएमा मानव अधिकारको संरक्षण र प्रवर्द्धनमा अझै टेवा पुग्ने देखिन्छ। मानव अधिकार उल्लङ्घनका घटनाहरूको सत्य/तथ्य रिपोर्टिङले पीडितलाई न्याय र पीडकलाई सजाय हुने हुनाले मानव अधिकारकर्मीहरूले यसमा विशेष चनाखो हुन जरुरी छ।

**ईश्वरीप्रसाद भण्डारी**
न्यायाधीश, जिल्ला अदालत, बैतडी

संवर्द्धन आफ्नो अधिकारका साथसाथै अरुको अधिकारबारे पनि सोच्ने हो भने मानव अधिकार उल्लङ्घनका घटना धेरै हुँदैनथे होला। मानव अधिकार जन्मसिद्ध अधिकार भएकाले कसैले दिने अधिकार होइन तर यसको संरक्षणका लागि सदैव चनाखो भने रहनुपर्छ। मानव अधिकारको सम्मान र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न संविधानले राष्ट्रिय मानव अधिकार आयोगको संवैधानिक व्यवस्था गरेको भए तापनि अझै मानव अधिकार उल्लङ्घनका घटना बढी नै रहेका तथ्याङ्कले देखाउँछ। यसतर्फ आमनागरिक र विशेषगरी न्यायिक निकाय र अधिकारकर्मीहरू जागरुक हुन जरुरी छ।

**सिद्धराज भट्ट**
प्रमुख, जिल्ला समन्वय समिति, बैतडी

सबै नागरिक आफ्नो अधिकार उपभोग गर्नुका साथसाथै अर्काको अधिकारबारे पनि जिम्मेवार हुन त्यत्तिकै जरुरी छ। मानवता र मानव अधिकार पनि जोडिएका विषय हुन्। जुन मुलुकमा मानव अधिकारको संरक्षण हुँदैन त्यहाँका नागरिकले अनेक किसिमका शोषण र ज्यादती भोग्नुपरेको हुन्छ। देशमा विभिन्न गैरसरकारी संस्थाले पनि मानव अधिकार संरक्षणका लागि वकालत गरिरहेका छन् तर अझै पनि देशमा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाले प्रश्रय पाइरहेको छ। तसर्थ यसलाई रोक्न सबै पक्ष क्रियाशील भई लाग्न जरुरी ठान्छु। इन्सेकले मानव अधिकार उल्लङ्घनका घटनाको तथ्याङ्क सङ्कलन गर्नुका साथै नागरिकलाई अधिकारबारे पनि जानकारी गराउन उत्तिकै आवश्यक छ।

**चन्द्रप्रसाद गैरे**
प्रमुख जिल्ला अधिकारी, बैतडी

मानव अधिकारको विश्वव्यापी घोषणापत्रले समावेश गरेका मानव अधिकारका आधारभूत मान्यताहरूको संरक्षण, संवर्द्धन र प्रचलनका लागि मानव अधिकार वर्ष पुस्तक एक प्रमुख सन्दर्भ सामग्रीका रूपमा रहने मैले पाएको छु। वर्षभरि भए/गरेका मानव अधिकार गतिविधिको सङ्कलन र प्रकाशनले तुलनात्मक अध्ययनको मौका पनि दिने र तद्नुसार सबै निकायलाई आफ्ना भावी कार्यक्रम तय गरी यसलाई अझ जीवन्तता प्रदान गर्न अग्रसर गराउने गरेको छ।

**नेत्रमणि गिरी**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, बैतडी

इन्सेकले प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तकले घटना अभिलेखीकरणमा सहयोग पुग्नुका साथै र मानव अधिकार उल्लङ्घन गर्नुहुँदैन भन्ने कुराको

पनि बोध गराएको छ । वर्ष पुस्तक हेर्दा सरकारी तथ्याङ्कमा आधारित घटनाहरू बढी पाइएकाले विकटमा लुकेका मानव अधिकार उल्लङ्घनका घटनालाई पनि इन्सेकले वकालत गर्नुका साथै वर्ष पुस्तकमा समावेश गर्नसकेमा अझै प्रभावकारी हुने थियो।

**प्रेम भाट**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, बैतडी

इन्सेकले मानव अधिकार संरक्षणका क्षेत्रमा पुऱ्याएको योगदान अतुलनीय छ। यस संस्थाले लामो समयदेखि समाजमा हुने र भएका मानव अधिकार सम्बद्ध महत्त्वपूर्ण घटना सङ्कलन गरिआएको छ र समाजमा दण्डहीनता अन्त्य गरी सबै पक्षलाई जवाफदेही बनाउन योगदान गरेको छ। घटनाहरूको दस्तावेजीकरण मात्र नगरी स्थानीय स्तरमा मानव अधिकारबारे सचेतना अभिवृद्धि हुने कार्यक्रम अगाडि बढाउन सके पुस्तक अझ प्रभावकारी हुने देखिन्छ।

**कृष्णप्रसाद आचार्य**
प्रमुख जिल्ला अधिकारी, अछाम

इन्सेकले हरेक वर्ष प्रकाशन गर्ने मानव अधिकार वर्ष पुस्तक व्यक्ति र कानुनी तथा प्रशासनिक क्षेत्रलाई मानव अधिकारको आत्मानुभूति गर्नका लागि सहयोगी भएको छ । राजनीतिक उद्देश्य प्राप्तिको लडाइँबाट हुन सक्ने घटनामा कमी आइसकेको छ। पुस्तक प्रकाशनले मात्र मानव अधिकार हनन अन्त्य गर्न सकिँदैन । त्यसका लागि ग्रामीणस्तरमा सचेतना आवश्यक छ। मानव अधिकार प्रत्याभूत गर्न यस क्षेत्रमा काम गरिरहेका सङ्घ/संस्थाले दबाब, खबरदारीसँगै पीडितको पक्षमा वकालत गर्न आवश्यक देखिन्छ।

**चन्द्र बोहरा**
नेता, नेकपा, अछाम

इन्सेकले नेपालको सशस्त्र द्वन्द्व, राजनीतिक, सामाजिक आर्थिक, सांस्कृतिक अधिकारका क्षेत्रमा महत्त्वपूर्ण काम गरेको छ। राज्य र अरु पक्षलाई मानव अधिकारविरुद्धका घटनाप्रति सजग गराइ मानव अधिकार प्रत्याभूत गर्ने काम गरेको छ। राज्य पक्षबाट गैरकानुनी पक्राउ, थुना, बन्दी यातनाका साथै गैरराज्य पक्षबाट हुने घटनाको अभिलेखीकरण र सार्वजनिकीकरणले सम्बन्धित पक्षलाई जिम्मेवार बनाएको छ।

**वेदप्रकाश तिमिल्सैना**
सहसचिव तथा प्रवक्ता, नेपाली कांग्रेस, अछाम

इन्सेकले प्रत्येक वर्ष मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटना न्यूनीकरण गर्न मानव अधिकार वर्ष पुस्तकका माध्यमबाट अथक प्रयास गरेको कुरामा दुई मत छैन। मानव अधिकार उल्लङ्घन जस्तो अति संवेदनशील विषयवस्तुसँग सम्बन्धित सत्य/तथ्य घटनाहरू समावेश गरी यस पुस्तकको माध्यमबाट मानव अधिकार संरक्षणमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै सम्पूर्ण सरोकारवाला निकायलाई अझै सजग, उत्तरदायी र कर्तव्यनिष्ठ बनाउने कुरामा म विश्वस्त छु।

**जनकबहादुर शाही**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, अछाम

राज्यले नागरिकलाई मौलिक हक प्रदान गरेको छ। इन्सेकद्वारा हरेक वर्ष प्रकाशन हुँदै आइरहेको नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार हनन् हुन नदिन अहम् भूमिका खेलेको छ । राज्यलाई मानव अधिकार संरक्षणमा सचेत बनाउने काम पुस्तकले गर्छ। हरेक वर्ग, समुदायले आफ्नो अधिकार सुनिश्चित गर्न इन्सेकको कामले सघाएको छ।

**जयप्रसाद धिताल**
निमित्त न्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, अछाम

इन्सेकले विगतदेखि नै हरेक नागरिकको अधिकार स्थापित गर्नमा अग्रणी भूमिका खेलेको छ। सशस्त्र द्वन्द्वपछि नेपालमा मानव अधिकारसम्बन्धी घटनाको स्वरूप फेरिएकाले यतातिर ध्यान दिन आवश्यक छ। इन्सेक घटना सङ्कलनसहित मानव अधिकारप्रति सम्बद्ध निकायलाई उत्तरदायी, जवाफदेही र नागरिकलाई मानव अधिकारका बारेमा जानकारी दिन हरेक गाउँमा पुग्नुपर्छ।

**ललित केसी**
पत्रकार, अछाम

मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा उल्लेख भएका मान्यताहरूलाई सबैले व्यवहारमा लागु गर्नुपर्छ । हरेक व्यक्ति मानव अधिकार संरक्षण र संवर्द्धनका लागि जिम्मेवार बन्न जरुरी छ । मानव अधिकारको रक्षा भएमा मात्रै व्यक्ति, समाज, राष्ट्र र अन्तर्राष्ट्रिय स्तरमा शान्ति, विकास र अमनचयन स्थापना हुने भएकाले मानव अधिकारको रक्षा अग्रपङ्तिमा स्थापित हुन जरुरी छ।

**माया भट्ट**
मन्त्री– उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, सुदूरपश्चिम प्रदेश

अनुसूची ६

# नेपाल मानव अधिकार वर्ष पुस्तक २०१९ तयारीका क्रममा संलग्न व्यक्तिहरू

## परिच्छेद लेखनमा संलग्न व्यक्तिहरू

**परिच्छेद १** : **सन् २०१८ को मानव अधिकार स्थिति : समग्र मूल्याङ्कन**
**लेखक** : विजयराज गौतम
कार्यकारी निर्देशक, इन्सेक

**सन् २०१८ : मानव अधिकार प्रतिविम्ब**
**संयोजन** : विमलचन्द्र शर्मा

**परिच्छेद २**
२.१ **न्यायपालिका**
**लेखक** : तेजमान श्रेष्ठ
२.२ **कार्यपालिका**
**लेखक** : यज्ञप्रसाद अधिकारी
२.३ **व्यवस्थापिका**
**लेखक** : गणेश भण्डारी

**परिच्छेद ३**
**३.१ आर्थिक, सामाजिक तथा सांस्कृतिक मापनमा : सङ्खुवासभाका सीमान्तकृत कुमाल**
**लेखक** : बाबुराम बास्तोला

**३.२ जातैजातको एउटा जात : सरबरियाको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्था**
**लेखक** : विनोदकुमार रविदास

**३.३ हात्तीपाइले : न निको हुन्छ न त सहज उपचार**
**लेखक** : सीताराम अधिकारी

**३.४ बालविवाह : बागलुङ्गे देहातको पीडा**
**लेखक** : सिर्जना पन्त

**३.५ राज्यले नदेखेका समुदाय : कपिलवस्तुका अल्पसङ्ख्यक पत्थरकट्टा र नटुवा**
**लेखक** : नन्दराम पौडेल

**३.६ लोपोन्मुख राउटे समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्था**
**लेखक** : अमर सुनार

**३.७ जारी छ तुइन साम्राज्य : ताङ्लोको शरणमा जिन्दगी**
**लेखक** : नरेन्द्रसिंह कार्की

## जिल्ला प्रतिनिधिहरू

| | | |
|---|---|---|
| | **प्रदेश १** | |
| १.१ | ताप्लेजुङ | - देवराज गुरुङ |
| १.२ | सङ्खुवासभा | - बाबुराम बास्तोला |
| १.३ | सोलुखुम्बु | - पासाङ बम्जन तामाङ |
| १.४ | ओखलढुङ्गा | - शिवप्रसाद ढुङ्गाना |
| १.५ | खोटाङ | - सुनिता मगर/रामधन राई |
| १.६ | भोजपुर | - किरण राई/गणेश बिष्ट |
| १.७ | धनकुटा | - सन्तोष रुचाल/निलबहादुर थापा |
| १.८ | तेह्रथुम | - भगिश्वर लिम्बू |
| १.९ | पाँचथर | - मङ्गल बेघा |
| १.१० | इलाम | - कोकिला ढकाल |
| १.११ | झापा | - अर्जुनकुमार बस्नेत/नरेश खाती |
| १.१२ | मोरङ | - इन्दिरा भट्टराई |
| १.१३ | सुनसरी | - शेखर ढकाल/जयकृष्ण यादव |
| १.१४ | उदयपुर | - भरत खड्का |
| | **प्रदेश २** | |
| २.१ | सप्तरी | - मनोहरकुमार पोखरेल |
| २.२ | सिरहा | - दुर्गा परियार |
| २.३ | धनुषा | - विनोदकुमार रविदास |
| २.४ | महोत्तरी | - अजय साह |
| २.५ | सर्लाही | - सन्तोष सिंह/पचुलाल माझी |
| २.६ | रौतहट | - विपीन गौतम/कोपिला तिमल्सिना |
| २.७ | बारा | - लक्ष्मी साह सोनार/भोलानाथ पौडेल |
| २.८ | पर्सा | - कृष्णचन्द्र लामिछाने |
| | **प्रदेश ३** | |
| ३.१ | दोलखा | - उद्धवप्रसाद पोखरेल |
| ३.२ | सिन्धुपाल्चोक | - नातिबाबु धिताल |
| ३.३ | रसुवा | - हेमनाथ खतिवडा |
| ३.४ | धादिङ | - सीताराम अधिकारी |
| ३.५ | नुवाकोट | - नवदीप श्रेष्ठ |
| ३.६ | काठमाडौं | - सुभाष साह/दिपेन्द्र खड्का |
| ३.७ | भक्तपुर | - सविना केसी |
| ३.८ | ललितपुर | - केशव भट्ट/दीपकप्रसाद घिमिरे |
| ३.९ | काभ्रेपलान्चोक | - भोजराज तिमल्सिना |
| ३.१० | रामेछाप | - नवराज पथिक |
| ३.११ | सिन्धुली | - विमला पाण्डे |
| ३.१२ | मकवानपुर | - प्रताप विष्ट |
| ३.१३ | चितवन | - दीपेन्द्र अधिकारी |
| | **गण्डकी प्रदेश** | |
| ४.१ | गोरखा | - हरिराम उप्रेती |
| ४.२ | मनाङ | - |

| | | |
|---|---|---|
| ४.३ | मुस्ताङ | - |
| ४.४ | म्याग्दी | - अमृतकुमार पौडेल |
| ४.५ | कास्की | - संगीता भाट/सुसन घिमिरे |
| ४.६ | लमजुङ | - दलबहादुर मजाकोटी |
| ४.७ | तनहुँ | - प्रकाशचन्द्र भट्टराई |
| ४.८ | नवलपरासी पूर्व | - तिर्थराज डुम्रे |
| ४.९ | स्याङ्जा | - हिमलाल पराजुली |
| ४.१० | पर्वत | - सन्तोष थापा |
| ४.११ | बागलुङ | - सिर्जना पन्त |
| | **प्रदेश ५** | |
| ५.१ | रुकुम पूर्व | - प्रचण्ड मल्ल |
| ५.२ | रोल्पा | - माधवकुमार ओली |
| ५.३ | प्यूठान | - रवीन्द्र पाण्डे |
| ५.४ | गुल्मी | - टोपलाल अर्याल |
| ५.५ | अर्घाखाँची | - नारायणप्रसाद भुसाल |
| ५.६ | पाल्पा | - यज्ञमूर्ति तिमिल्सिना |
| ५.७ | नवलपरासी पश्चिम | - नारायण पराजुली |
| ५.८ | रुपन्देही | - रीमा बीसी |
| ५.९ | कपिलवस्तु | - नन्दराम पौडेल |
| ५.१० | दाङ | - जयनारायण पुन |
| ५.११ | बाँके | - रामसोहन सोनकर |
| ५.१२ | बर्दिया | - मानबहादुर चौधरी |
| | **कर्णाली प्रदेश** | |
| ६.१ | डोल्पा | - विष्णुप्रसाद देवकोटा |
| ६.२ | मुगु | - जीवन सेजुवाल |
| ६.३ | हुम्ला | - नन्द सिंह |
| ६.४ | जुम्ला | - मानदत्त रावल |
| ६.५ | कालीकोट | - कालीबहादुर मल्ल |
| ६.६ | दैलेख | - अमर सुनार |
| ६.७ | जाजरकोट | - दिनेशकुमार श्रेष्ठ |
| ६.८ | रुकुम पश्चिम | - मनिषा केसी |
| ६.९ | सल्यान | - मीना बुढाथोकी |
| ६.१० | सुर्खेत | - दुर्गा थापा |
| | **सुदूरपश्चिम प्रदेश** | |
| ७.१ | बाजुरा | - पदमबहादुर सिंह |
| ७.२ | बझाङ | - रमेश केसी |
| ७.३ | दार्चुला | - नरेन्द्रसिंह कार्की |
| ७.४ | बैतडी | - नरीदत्त बडु |
| ७.५ | डडेल्धुरा | - भुपेन्द्र विष्ट |
| ७.६ | डोटी | - वासुदेव जोशी |
| ७.७ | अछाम | - शिवराज ढुङ्गाना |
| ७.८ | कैलाली | - रविना चौधरी |
| ७.९ | कञ्चनपुर | - कोमलनिरञ्जन भाट |

### प्रदेश कार्यालयमा संलग्न

**प्रदेश १** : सोमराज थापा, पुण्यप्रसाद अधिकारी

**प्रदेश २** : राजु पासवान

**प्रदेश ३** : कृष्ण गौतम, ज्योति शर्मा

**गण्डकी प्रदेश** : शिव खकुरेल, सुमित्रा भट्टराई

**प्रदेश ५** : भोला महत, विनोद पाण्डे

**कर्णाली प्रदेश** : नारायण सुवेदी

**सुदूरपश्चिम प्रदेश** : खडकराज जोशी, कृष्णबहादुर विक

### फोटो स्रोत

इन्सेक जिल्ला प्रतिनिधिहरू

## पुरस्कृत जिल्ला प्रतिनिधिहरू

यस वर्ष पत्येक प्रदेशबाट एक/एक जनालाई 'उत्कृष्ट जिल्ला प्रतिनिधि' पुरस्कारले पुरस्कृत गर्ने निर्णय भएअनुरूप निम्नानुसारका जिल्ला प्रतिनिधि छानिनुभएको छ। 'उत्कृष्ट जिल्ला प्रतिनिधि'लाई प्रशंसापत्र र ७ हजार रुपियाँ प्रदान गरिन्छ।

**प्रदेश १** : मङ्गल बेघा, पाँचथर

**प्रदेश २** : मनोहरकुमार पोखरेल, सप्तरी

**प्रदेश ३** : उद्धवप्रसाद पोखरेल, दोलखा

**गण्डकी प्रदेश**: सन्तोष थापा, पर्वत

**प्रदेश ५**: रीमा बीसी, रुपन्देही

**कर्णाली प्रदेश** : मीना बुढाथोकी, सल्यान

**सुदूरपश्चिम प्रदेश** : पदमबहादुर सिंह, बाजुरा

इन्सेक पुस्तक १९०/२०७५




"समृद्ध नेपालः सुखी नेपाली" भन्ने सरकारी नारा तथा कार्यक्रमलाई आमनागरिकले आशाको नजरले हेरे । सरकारले केही गर्दैछ भन्ने भाव जनतामा पैदा गराउन सरकार केही हदसम्म सफल भयो । नौलो अभ्यासका रुपमा सञ्चालनमा आएको सङ्घीयता र यसको अङ्ग सङ्घ, प्रदेश र स्थानीय तहले विकास तथा समृद्धिको जनचाहनालाई पूरा गर्ने खालका नीति तथा कार्यक्रम तयार गरी लागु गरिएको बताए । यी सबै सरकारले भौतिक पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, रोजगारलाई प्राथमिकता दिई आय/व्ययको विवरण प्रस्तुत गरे । संविधानतः तोकिएका जिम्मेवारी पूरा गर्न सबै सरकारहरू क्रियाशील भएको आभास भयो ।

मौलिक हक कार्यान्वयनका लागि मौलिक हकसम्बन्धी कानुनको निर्माण गरिनु सुखद पक्षका रुपमा लिन सकिन्छ । तर, निर्मला पन्तको बलात्कारपछि हत्या घटनाका आरोपितलाई कानुनी दायरामा ल्याउन नसक्नु, अदालतले रिहा गर्ने आदेश दिइसकेका व्यक्तिलाई पुनः गिरफ्तार गर्नु, इन्काउण्टरका नाममा मानिसहरूको हत्या गरिनु जस्ता घटनाले सरकारको कार्यमा प्रश्न चिन्ह खडा गर्‍यो ।

इन्सेक
insec
मानव अधिकार र सामाजिक न्यायका निम्ति
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
नागार्जुन नपा-१०, स्यूचाटार, काठमाडौं
पत्र मञ्जुषाः २७२६, काठमाडौं
फोनः ५२१८७७०, फ्याक्सः ५२१८२५१
इमेलः insec@insec.org.np
वेबसाइटः www.insec.org.np, www.inseconline.org

ISBN 978-9937-9239-1-0
9 789937 923910